५२१

OLLECTION OF HISTORICAL DOCUMENTS

ऐतिहासिक दस्तावेज सङ्ग्रह

-Rishi Kumar Pandey

पूर्वरथी श्री ऋषिकुमार पाण्डेद्वारा - रा० ५३०
वाल्मीकि विद्यापीठलाई उपहार स्वरूप प्रदत्त
उप प्रा॰ हरिप्रसाद पौडेल मार्फत

०६५२आF

शोध ५३०

A COLLECTION OF HISTORICAL DOCUMENTS
ऐतिहासिक दस्तावेज सङ्ग्रह

Written & Published by

Rishi Kumar Pandey

(K.C.V.O.)

Ex. Principal Military Secretary
to Late H.M. The King of Nepal

House No.: 103/60
Kathmandu Metropolitan City-17
Chhetrapati (Dhalko), Kathmandu, Nepal
☎ 01-4252701, 4252750

Edited by

Madhusudan Pandeya

०३५ ऐति

पुस्तकालय

Acc. 2289/2261

Book	:	**A Collection of Historical Documents**
Writer/Publisher	:	Rishi Kumar Pandey
Editor	:	Madhusudan Pandeya
Copyright	:	© Author
Edition	:	First, 2074 Ashwin
Price	:	**Rs.** 10,051/- US **$**151 INR. ₹ 700

ऐतिहासिक दस्तावेज सङ्ग्रह

About the Writer

First war broke between India and Pakistan is September 1965. I was then a second year medical student in Glancy Medical-College, Amritsar, which was close to the "Wada border". I witnessed war mostly in the sky. I had the narrow escape from that area of bombardment, when I was travelling to the military cantonment to attend the lunch party hosted y Major Khatri (Nepali origin) from Kerosang. Next moment a Pakistani saber jet was brought down with anti aircraft gun. Ultimately peace deal was signed with U.N. Mediation. One evening we Nepalese students were invited to attend the dinner party in the cantonment in honour of the leader of the U.N. peace keeping mission. It was again Major Khatri who informed us that the leader is a Nepali Colonel Rishi Kumar Pandey. We (Pathar Lal Shrestha, who joined army and qualified as a radiologist and Murari Pratap Dhungana who also retired from the health service), were all excited that a Nepali person is in charge of the such an important task. It was the chilly night (most like late November) by the side of the camp we were introduced the Col. Rishi Kumar Pandey by Major Khatri. We were all impressed by his personality. He spoke fluent English in British accent He was typical army officer with mustache something we see in the Hollywood or Bollywood movie. We were also introduced to Captain Dhillon, Who was assigned to look after the Col. Pandey's comfort. It was Captain Dhillon, Who remarked that he has never met such an intellectual Nepali soldier. He as he was always dealing with ordinaty Gorkha soldier. He was even more impressed with Col. Pandey than us. We came to know that Col. Pandey was an army engineer and joinged the infantry later.

It was several years later may be 38 years I met Gen. R.K.Pandey in a reception. By now I was aware of his several appointments in the Nepalese army. I instantly recognized him and introduced my self and narrated the incidence in Amritsar. Naturally he had vageu recollection of us. Since then we are intouch frenquently and he even invited me in his house last year. His house was like small museum. He had preserved several documents and had an impressive collections of rare photographs. During that visit I also realized that he was a true nationalist and a historian. I came to know that he is publishing a book highlighting his past experience. I wish a great success.

Mahesh Khakurel FRCS,FCPS
Professor of Surgery
Tribhuban University Teaching Hospital
Kathmandu.

2003 AD.

Shiva B. Nepali Pradhan

2003 JULY, LET. GEN PANDAY

Lieutenant Brigadier General Rishi Kumar Panday, retired now, is actively engaged in writing his memoir. In a party, when we met in July 2003, Brig. Rishi has asked me to write about our meeting and continued contact thereafter. I know he had been the most powerful military officer during his active days and so also now to some extent even after his retirement. I am afraid, my writing will be just a cursory of what I remember and will be of little help to project his magnanimous position he had held in his lifetime. He is a great man with large heart.

I met Rishi Kumar Panday in 1954 in Khadagbasala, near Pune for the first time. It was so nice to find Nepalese brethren even when out of Nepal. It was like families get together.

I was in Pune then to study agriculture under Colombo Plan scholarship. I left Kathmandu to Patna in the year 1954. That was the year Nepal had the most devastating flood and landslides due to heavy down pour of rain. Valley was flooded. The Tukucha river, thought small and insignificant in other seasons, caused colossal damages. The river Bagmati was swollen. It was said, the part of Terai was flooded and submerged and made many homeless. When in air to Patan, after crossing the hills, the flood situation was apparent with submerged huts, flooded roads and railway lines. Miles and miles of Kathmandu, and then was apparent in front of my own eyes. From Patna, me with another member of scholarship recipient boarded to train to change at Mugalsarai, then at Akola just to arrive Pune in the late afternoon next day.

There was two senior members at the Agriculture College, Pune and couple of Nepalese scholars with them to be with us. They received us at the Pune railway station, a few kilometers from the Agriculture College.

Among the seniors, one was Sri Jaga Bahadur Burathoki. At that time, his nephew Captain Shree Prasad Burathoki was in Indian Army posted at Khadagbasala, now retired Colonel and former Minister for Defense, Nepal. Through him, Sri Jag was in contact with the Nepalese Military Officers that had come to CME for training. In fact, there were two Nepalese Military Officers in training. Major Rishi Kumar Panday and Lieutenant Naradevananda Vaidhya. Major Rishi, then was a young man of good physic, tall, handsome and smart. He was trainee at the CME - College of Military Engineering from Nepal.

During his training time, most of the Nepalese student studying in Agriculture College, Wadia College and Decan College were in contact in one time or the other, specially during the celebration of National Day and during national festivals Dansai. As a student of agriculture, I was mostly engrossed in my own study as the rest of us with deep sense of urge to return home after completion.

CME Khadagbasala is a Military Training Center. Well established since the time of British Raj to train military officers. It used to have an elegant Military Officers Mess well attended by the attendants. Good food and good drinks. Khadagbasala is in Maharastra, a dry zone then. But CME Khadagabasala had no such restriction, being a Military Officers Training Center. Thus that was the place for refreshment for most our seniors. But for me, that was the start of drink - the taste of beer, the whisky, the gin and the brandy in a beginning way.

Major Rishi returned to Nepal much earlier than me. When I joined the services in 1958, he was already promoted to higher ranks. Being in different fields of profession, I lost contact with Brig. Rishi.

In the year 1971, I received the newly drafted 'Educational Plan' for comment from the Investigation Center (Janchaboojha Kendra), Narayanhity Royal Palace. My comment was: "Educational plan may produce qualified educated persons but in the absence of economic plan, the educated persons may not have employment and may bring educated unemployment. This demands the economic plan. The economic plan for Nepal is Agriculture Plan." Then, I was asked to bring an agriculturist to work together to formulate the Ten Year Agriculture Plan at the Investigation Center, Narayanhity Royal Palace. Immediately after that we were asked to bring the third person to work together.

When I started working at the Investigation Center, Narayanhity Royal Palace, I once again came in contact with the Brig. Rishi. Then he was already attached with the Royal Palace. He was a very prominent person in the military affairs and influential in most of the military and other decision makings. He was one of the most trusted military officer in the Palace. My eighteen months of assignment at the Investigation Center, Narayanhity Royal Palace brought number of opportunities to meet at different occasions, though being in different professions, but as family member with respect.

As a Director General of Agriculture, Ministry of Agriculture and Irrigation, His Majesty's Government, between 1977-1979 December, I had a chance to meet Brig. Rishi specially at the Campus in different regions of the Country visited by His Majesty King Birendra Bir Bikram Shah Dev.

I had to leave the country in 1980 October and went to Reading University, UK for some time. I joined FAO in the year 1981. I remember in 1986, that time, I was going to Delhi. Brig. Rishi was also at the airport to see his daughter off to Delhi, who was studying then. We met him like brothers. He asked about my where about, and talked about the national situation then until we were called for boarding. He was in helm of power then. Any body talking to hi in public would be taken as another important man, which I was not. I was just his known person and a well-wisher.

Next time I remember in 1994-95, we met at Nepal Agriculture Research Council, Khumaltar when I was appointed as the Executive Director, Then Brig. Rishi was retired. Brig. Rishi was retired. Brig. Rishi has been a horticulturist and also very much interested in the development of sites for the tourism. But in this country, people are envious of others progress and prosperity. He was given unnecessary trouble in one of his orchard where he also planted some forest species that would complement of the horticultural industry for the packing and providing wind brakes. Local Government and/or the Government in decision making should realize and known that development of horticulture need to be integrated with the grading, packing, processing, transportation, storage, does require to produce not just fruits but also a number of supporting accessories and materials and should not have created fuss without technical understandings of the subject. Nepal, often, suffers from such unnecessary over understanding and restricts the growth economically and socially. Hope, Brig. Rishi has not been made to suffer much that way.

I have a deep respect to Brig. Rishi, as a known person from the time we met at Pune. He is fine gentlemen. Gentlemanliness comes not just from education alone. It comes from the family, and the hereditary he owns. He comes from the family of historical Panday who had contributed to the nation and remembered by the nation up to this day. He is a true nationalist. He is well remembered by his friends, will be remembered for the time to come- a fine military officer dedicated to the country, the King and the People.

◆

ऐतिहासिक दस्तावेज सङ्ग्रहका सन्दर्भमा

आफ्नो बारेमा आफैले बखान गर्नुलाई त्यति उचित त ठानिँदैन तर पनि कतिपय कुरा यस्ता छन् जसलाई मैले नलेखे कसले लेख्ने ? राजदरबार हत्याकाण्डको लगत्तै तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भनेका थिए, यस विषयमा समय आएपछि म बोल्छु। उनको निधन भयो, तर त्यो समय आएन, इतिहासको गर्भमै हरायो। न समय आयो, न कुरो बाहिर आयो।

म त्यस्तो परिवारको सदस्य हुँ जसका पुर्खाले द्रव्यशाहलाई राजगद्दीमा बसाउन ज्यानको बाजी लगाएका थिए, ती हुन् गणेश पाण्डे। त्यसैगरी मेरा पुर्खा तुलाराम पाण्डे, जसले पृथ्वीनारायण शाहलाई ठूलो विश्वास तथा हिम्मतका साथ नेपाल एकीकरण अभियानमा आफूलाई अर्पण गरे। कालु पाँडे, जसले आफ्नो जीवन नै गुमाए। त्यही सहयोगवापत् पृथ्वीनारायण शाहले नुवाकोट जिल्लाको हाल सूर्यमति गा.वि.स वडा नं ५/६ मा पर्ने २०औँ हजार रोपनी जग्गा बकस स्वरुप पाई भोग चलन गर्दै आएका थिए। म त्यही परिवारको सदस्य हुँ, जसलाई श्री ३ जङ्गबहादुर राणाले कोतपर्वपछि देश निकाला गरी सो जग्गासमेत जफत गरे। ती जङ्गवीर पाण्डे मेरा बाजे हुन्। १९०३ मा जफत गरिएको उक्त जग्गा वि.सं १९६४ मा कर्णेल विष्णुकुमार पाण्डेले फिर्ता पाए। ती कर्णेल विष्णुकुमार पाण्डे मेरा बाजे हुन्। बाजे विष्णुकुमार पाण्डेको निधनपछि मेरा बुवा बेलायतकुमार पाण्डे र बेलायतकुमार पाण्डेको निधनपछि वि.सं. १९९६ मा दस वर्षको उमेरको म ऋषिकुमार पाण्डे र भाइ पुरुषोत्तम पाण्डेको नाममा उक्त जग्गा नामसरी हुन आयो। भाइ पुरुषोत्तम पाण्डेको निधनपछि बुहारी शोभादेवी पाण्डेले आफ्नो अंशको सो जग्गा मेरो नाममा एकलौटी हुनेगरी दिएबाट मेरा नाममा सरेको हो। त्यस बेलादेखि वर्तमानसम्म उक्त जग्गाको भोगचलन तथा तिरोभरो मबाटै हुँदै आएको छ।

२०३४ सालमा मेरो जग्गा आसपासका केही मानिसहरुले मेरो उक्त जग्गामा न्याल चुहाउँदै मुद्दा मामिला गरेमा केही पाइहालिन्छ कि भनी बामती विशेष अदालतमा मुद्दा दिए, तर तिनको दाबी उजुरीमा कुनै दम नभएकोले विशेष अदालतले उनीहरूको मुद्दा खारेज गरिदियो। त्यसबेलादेखि मेरो उक्त जग्गा मुद्दा मामिलाको चक्रब्युहमा फस्यो। उनीहरु पुनः मध्यमाञ्चल क्षेत्रीय अदालत पुगे। त्यहाँबाट पनि मैले न्याय पाएँ। उनीहरुको दाबी विरोध असत्य साबित भयो। उनीहरूको नियत मलाई दुःख दिनु मात्र थियो। त्यसपछि उनीहरु सर्वोच्च अदालतमा पुगे। सर्वोच्चले पनि विशेष अदालत र क्षेत्रीय अदालतकै निर्णयलाई सदर गरिदियो। यसरी मैले सुरु अदालतदेखि सर्वोच्चसम्मबाट न्याय पाएँ।

मुद्दा मामिलाको यो एउटा टण्टा भर्खरै सकिएको मात्र के थियो, त्यस आसपासका तस्कर तथा बदमास प्रवृत्तिका मान्छेहरूले मलाई अझै पनि चयनसँग बस्न नदिने निधो गरी त्यहाँका सिदासादा दलितहरूलाई उचालेर ऋषिकुमारले वनजङ्गलसमेत आफ्नो नाममा दर्ता गर्‍यो भनेर अख्तियारमा मुद्दा दिए त्यहाँबाट पनि मैले सफाइ पाएँ। त्यसपछि पनि उनीहरू चुपचाप बसेनन् र मुद्दाका नौ सिँगमध्ये अर्को नयाँ सिँग निकाली पहिले मुद्दा

हारिसकेका वादीतर्फका स्वास्नी तथा छोराहरूलाई उचाले । उनीहरूले हाम्रा पति र पिताले प्रतिवादी ऋषिकुमार पाण्डेसँग मिली हाम्रो हकसमेत नासी दिएछन् । आफ्नो भाग पाउँ भन्दै पुनः सुरु अदालत नुवाकोट जिल्ला अदालतमा २०५२ सालमा मुद्दा दिए । त्यसैबेलादेखि सुरु भयो मुद्दा मामिलाको कहिल्यै नसकिने अनन्त शृङ्खला । सर्वोच्चसम्म पुगेर टुङ्गिसकेको मुद्दालाई तत्कालीन जिल्ला न्यायाधीश आत्माराम भट्टराईले मेरा विरोधी ती तस्करहरूको लोभ लालचमा परी मुद्दा जिताई दिए । आत्माराम भट्टराई त्यस्ता न्यायाधिश थिए, जसलाई हरेक दिन एक क्वाटर रक्सी र मासु नभई हुँदैनथ्यो । नामी जँड्याहा थिए उनी । उनले एकपटक सर्वोच्चसम्म पुगेर किनारा लागिसकेको मुद्दालाई पुनः दोहोऱ्याउने स्वीकृति दिई उनीहरूलाई नै जिताएको देखेर मेरा वकिल (जो पछि मानव अधिकार आयोगका सदस्य तथा सर्वोच्चका न्यायाधीशसमेत भए) अचम्ममा परेका थिए ।

त्यो निर्णयका विरुद्ध म पुनरावेदन अदालत पाटन पुगेँ । पाटनले त्यो मुद्दा नै खारेज गरिदियो । त्यसपछि मेरा विपक्षीहरू सर्वोच्च अदालत गए । सर्वोच्च अदालतका तत्कालीन प्रधान न्यायाधीश केदारप्रसाद गिरी र न्यायाधीश रामप्रसाद श्रेष्ठको बेन्चले उक्त मुद्दालाई प्रमाण बुझी इन्साफ गर्ने आदेश गर्दै पुनरावेदनमै फिर्ता पठाइदियो । पुनरावेदनले प्रमाण बुझ्ने नाममा दशौँ आदेश दियो । सर्वोच्चसम्मका मिसिल झिकाउने आदेश पनि गऱ्यो तर सर्वोच्चले मिसिलै गायब गऱ्यो कि के गऱ्यो मिसिलै भेटाएन । हामीले आफूसँग सुरक्षित मिसिल अदालतमा पेस गऱ्यौँ भने विपक्षीहरूले मिसिल हराएको मौका छोपेर अन्यत्रै किर्ते जग्गा खडा गरी कागजात पेस गरे । ती कागजात पनि नबुझिने खालका थिए । उनीहरूसँग कुनै ठोस प्रमाणै थिएन, तैपनि मुद्दा फैसला गर्नुको साटो मिलापत्रका नाममा मेलमिलाप केन्द्रमा पठाइयो । मेलमिलाप केन्द्रबाट केही हुन नसकेपछि न्यायाधीश टीकाबहादुर हमालको बेन्चले पुनः नक्साङ्कन गर्ने आदेश दियो । पहिले पनि नक्साङ्कन हुन नसकेको उक्त जग्गाको यसपटक पनि नक्साङ्कन हुन सकेन । मेरा विपक्षीहरूले म लगायत मेरा वकिललाई समेत त्यहाँ जान दिएनन् । अनावश्यक मानिसको भीड जम्मा गरी दबाबमा अदालतका कर्मचारीलाई भए नभएको कुरा लेख्न लगाए । विपक्षीहरूले खेती गर्दै आएको भनेर दाबी गरेझैँ अदालतका कर्मचारीले फिल्डमै गएर बुझ्दा त्यस्तो स्थिति भने देखेनन् । बाँझो जमिन मात्रै देखेर एक दुईवटा जग्गामा भने मैले कमाएर खान दिएको थिएँ । त्यो बाहेक भोगाधिकार पुष्टि हुन सकेन । त्यही प्रतिवेदन अदालतका कर्मचारीले अदालतमा पेस गरे । त्यति हुँदाहुँदै पनि न्यायाधीश टीकाबहादुर हमालले जिल्लाका जँड्याहा न्यायाधीशले गरेको निर्णयलाई सदर गरिदिए । मुद्दाको नौसिँग टड्कारो देखियो । यसरी हाम्रो कम्पनी (गीता फलोद्यान)लाई सुनियोजित तरिकाद्वारा हराइयो । सर्वोच्च अदालतको फैसलालाई जिल्ला तथा पुनरावेदन अदालतले उल्टाइदिएको नजिर पनि हाम्रै मुद्दामा स्थापित भयो । यो मुद्दाले सबैलाई आश्चर्य चकित बनाइदियो । मेरा वकिलहरू आश्चर्यमा पर्नु त स्वाभाविकै हो, विपक्षी तर्फका वकिल हीरा रेग्मीसमेत आश्चर्यमा परेका थिए । उनले त सोच्दासमेत नसोचेको उपलब्धि हात पारे । यस मुद्दालाई मैले अहिले सर्वोच्चमा पुऱ्याएको छु । सर्वोच्चले पनि मिसिल झिकाउने आदेश गरिसकेको छ ।

मेरो जग्गामाथि नुवाकोटका भ्रष्ट र तस्करहरूका मात्रै आँखा परेनन् । २०४६ सालको जनआन्दोलनपछि गठित सरकारको समेत आँखा लाग्यो । तत्कालीन सरकारले सांसद रुद्रमणि भण्डारीको अध्यक्षतामा एउटा आयोग गठन गरेको थियो । त्यसले मेरो यो जग्गा जफत गर्ने निर्णय गऱ्यो । त्यसका विरुद्धमा पनि मैले लडाइँ लड्नुपऱ्यो । भण्डारी आयोगको त्यो अविवेकी निर्णयका विरुद्ध कम्पनीको तर्फबाट मेरी श्रीमती गीतादेवी पाण्डे उत्प्रेषणको रिट लिएर सर्वोच्च अदालत पुगिन् । सर्वोच्चले भण्डारी आयोगको निर्णय बदर गरिदियो । त्यस्तै अविवेकी निर्णय भण्डारी आयोगले पूर्व प्रधानमन्त्रीद्वय सूर्यबहादुर थापाका भाइ चक्रेन्द्रबहादुर थापा र नगेन्द्रप्रसाद

रिजाल तथा तत्कालीन अधिराजकुमार ज्ञानेन्द्रवीर विक्रम शाहमाथि पनि गरेको रहेछ । मेरै फैसलालाई नजिरका रूपमा लिँदै सबैको जग्गा फुकुवा भएको थियो । यसरी १८०१ मा पृथ्वीनारायण शाहबाट नाला निसानासहित बक्सिसमा मेरा पुर्खा तुलाराम पाण्डेलाई प्राप्त जग्गामाथि सबैको आँखा लाग्दै आएको छ । वातावरणप्रतिको सानैदेखिको मेरो लगावका कारण मैले उक्त जग्गामा १ लाख जति फलफूलका बोटबिरुवा लगाई तिनको रेखदेखका लागि १५० आधुनिक पक्की भवन, २ वटा पालेघर समेत निर्माण गरी व्यवस्थित गरेको थिएँ । बहुदल आएपछि २०४७ सालमा विपक्षी भगवान् बानियाँसमेतले त्यसमाथि धावा बोलेर लुटपाट गरे । भवनहरू भत्काइदिए । बोटबिरुवा उखेलेर, काटेर फ्याँकिदिए । बाटोसमेत बिगारी दिए । त्यहाँ रहेका मेरा कर्मचारीलाई कुटपिट गरे । त्यहाँ भएको क्षतिसमेतको विवरण उल्लेख गरी हामीले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियौँ । हाम्रो जिउधनको सुरक्षाको माँग गर्दै निवेदन समेत दियौँ । त्यस्ता निवेदन हामीले प्रधानमन्त्री, गृहमन्त्री, सि.डि.ओ., प्रहरी जतातते दियौँ तर कतैबाट पनि न्याय निसाफ पाएनौँ । नुवाकोटको भालुडाँडा अवस्थित मेरो जग्गाको फेहरिस्त विस्तार पूर्वक लेख्ने हो भने एउटा सिङ्गो किताब नै तयार हुन्छ । त्यसँग सम्बन्धित सम्पूर्ण काजगपत्रहरू यसै कृतिभित्र समाविष्ट छन् । अन्वेषकहरूका लागि सहयोग हुने आशा गर्दछु ।

हाल म बस्दै आएको क्षेत्रपाटीमा समेत ममाथि छिमेकीहरूबाट थिचोमिचो हुँदै आएको छ । २०४६ सालको परिवर्तनपछि न्याय, निसाफ हरायो र छाडावाद तथा गुण्डागिरी मौलायो । कुनै एक पार्टीको आडमा जसले जे पनि गर्न सक्ने भयो । कुनै पनि पार्टीमा आबद्ध नभएका हामी जस्ताले हेपिएर, तिरस्कृत भएर बस्नुपर्ने अवस्था सिर्जना भयो ।

क्षेत्रपाटीस्थित मेरो एउटा पुरानो घरलाई मैले प्रेमकुमार श्रेष्ठलाई बिक्री गरेको थिएँ । उसले घर निर्माण गर्दा मेरो सहयोगमै गरेको थियो । नक्सा पास गर्दा उसले जसरी पास गर्‍यो घर निर्माण गर्दा त्यसको पालना गरेन । उसले आफूले मसँग लिनुपर्ने जति लिइसकेपछि आफूले छाड्नु पर्ने नछाडी निर्माण गर्‍यो । नक्सा विपरीत झ्याल, ढोका राख्यो । त्यसका विरुद्धमा मैले काठमाडौँ महानगरपालिकामा उजुरी दिएँ । निर्माण रोक्न र सच्याउन माँग गरेँ तर उसले जबरजस्ती गरी संरचना ठड्यायो । उसमा त्यो घमण्ड ऊ काङ्ग्रेसको कार्यकर्ता भएको र ने.का. कि सांसद मैयादेवी श्रेष्ठको भतिजो भएका कारण आएको रहेछ । उसले मैयादेवी श्रेष्ठकै आडमा मैले लगाएको पर्खाल तीन चार सय गुण्डाहरू ल्याई भत्काइदियो । झण्डै ५ घण्टासम्म मेरो घरमा तनाव सिर्जना गर्दासमेत सुरक्षा निकायले सहयोग गरेन । मेरो अनुरोधलाई सुरक्षा निकायले पूर्णतया बेवास्ता गर्‍यो । त्यतिमात्र हैन, मेरो निजी गेट, कम्पाउन्ड, ढल, बिजुलीको पोल, कङ्क्रिट ढलान गरिएको बाटोलाई समेत विपक्षी प्रेमकुमार श्रेष्ठको दादागिरी र न्यायालयको साँठगाँठमा सार्वजनिक तुल्याइएको छ । मेरो निवास अगाडि २५/३० वटा गाडी र १०/२० वटा मोटर साइकल रातदिन पार्किङ् गरिन्छ, जबकि त्यो मेरो निजी बाटो हो । मेरो कतै सुनुवाइ नै हुँदैन । यससँग सम्बन्धित सम्पूर्ण कागजपत्र पनि यसै कृतिको 'प्रेमसँगको मुद्दा' शीर्षकभित्र समाविष्ट छन् । अन्वेषकहरूका लागि ती कागजात पनि महत्त्वपूर्ण साबित हुनेमा दुईमत छैन ।

यसैगरी मेरो छिमेकी बसुन्धरा श्रेष्ठसँग पनि मेरो किचलो लामो समयदेखि चल्दै आएको छ । वसुन्धरा श्रेष्ठले का.म.पा. १७ को कि.नं. १७१५ को मेरो घर जग्गा भित्र पर्ने गरी पश्चिम २५ फिट र उत्तर दक्षिण २ फिट टप निकाली नक्सा पास विपरीत घर निर्माण गरेकी छिन् । नक्सा पास विपरीतको उक्त संरचना भत्काउन म र मेरी श्रीमती गीतादेवी पाण्डेले निवेदन दिएको लामो समय हुँदा पनि सुनुवाइ भएको छैन । उनको पारित नक्सामा

टप कतै छैन र ४५ फिट उँचाइ हुनुपर्नेमा ६५ फिट उचाइसम्म निर्माण गरिएको छ । का.म.पा.ले मापदण्ड विपरीतको संरचना भत्काइदिने र मापदण्ड विपरीत निर्माण गरेकोमा रु.५,०००/- जरिमाना गर्ने २०५८ मै निर्णय गरे पनि कार्यान्वियन भएको छैन । विपक्षी त्यसका विरुद्ध पुनरावेदनमा गए पनि पुनरावेदनले पनि का.म.पा. कै निर्णयलाई सदर गरेको अवस्था छ । अदालतको निर्णयसमेत कार्यान्वियन नहुने कस्तो देश हो ? मेरो प्रश्न छ ।

राष्ट्रसेवकको पीडा कति सुनाउनु र खै ! मेरा बाजे विष्णुकुमार पाण्डेका नाउँमा सन्तान दर सन्तानले खान पाउने गरी ५७-१३-३-२ क्षेत्रफल जग्गालाई तत्कालीन श्री ५ को सरकारले गल्फुटार आवास योजना सञ्चालन गर्ने गरी अधिग्रहण गर्ने निर्णय गर्‍यो र २०३७/०७/०८ मा गोरखापत्रमा ३५ दिने सूचना प्रकाशित गरी आफ्नो स-प्रमाण दावी गर्न आह्वान गर्‍यो । त्यो जग्गाको लालपुर्जामा मोहीको नाम उल्लेखै थिएन तर पनि हर्षबहादुर तामाङ्गले मोही दावी गर्दै निवेदन दियो । जिल्ला प्रशासन कार्यालयले मालपोत कार्यालयलाई बुझ्दा मोही लगतमा नाम खाली रहेकोले जग्गा धनी र मोहीको भाग लिन मलाई बोलायो । त्यो बेला प्रत्येक ४ आनाको मूल्य (क्षतिपूर्ति) १८,०००/- कायम गरी जग्गा वा पैसा लिन जग्गा धनी र मोहीलाई सूचित गरियो । विपक्षी रामबहादुर तामाङको दावीलाई प्रमाणविहीन भन्दै हाम्रै कायम गरिएकोले सर्वोच्च अदालतको फैसलापछि बण्डापत्रबाट मेरो छोरो विजयकुमारले मुआब्जा पाउने भई बुझिलिई २०३८ सालमै लगत कट्टा भएको थियो । नगर विकासको निर्णयका विरुद्ध रामबहादुर तामाङ सर्वोच्च अदालतमा रिट दायर गर्न गएपछि सर्वोच्चले नगरविकासको निर्णयलाई उल्टाउँदै ३ महिनाभित्र मालको मूल्याङ्कन अनुसारको रकम वा घडेरी दिनु भन्ने आदेश अनुसार ५३,७५,०००/- मैले उसलाई दिनुपर्ने भयो र दिएँ पनि तर मैले तिरेको रकमबाट रामबहादुर तामाङले त १३ लाख मात्रै पाएछ । बाँकी पैसा न्यायाधीशले खाए वा बिचौलियाले भन्न सकिँदैन ।

यसैगरी संवत् १८९५ सालमा गोकर्णमा सरदार बलभज्जन पाँडेले देवल बनाई स्थापना गरेका विभिन्न देवदेवीका मूर्ति र त्यसका लागि पूजा चलाउनका लागि राखेको थुप्रै खेत जग्गाहरू गुठी राख्ने तुलाराम पाँडेका छोरा सरदार भोटु पाँडे हुँदै म ऋषिकुमार पाण्डेको निजी गुठी जग्गा हो । त्यही पुर्खाको चिनो जग्गा मध्ये काठमाडौँ जिल्ला गोकर्णेश्वर गा.वि.स. वडा न. ६ ग (हाल न.पा.) कि.नं. ६५ को ४-४-०-० जग्गामा मोही मङ्गलदास श्रेष्ठ थिए । उनको २०३० सालमा कालगतिले निधन भएको थियो । हाल आएर त्यो जग्गामा समेत किर्ते मोही खडा भएर मलाई दुःख दिने काम भइरहेको छ । मङ्गलदासको निधन पछि कृष्णमाया श्रेष्ठले सो जग्गा मलाई मङ्गलदासले कमाउन दिएको हो भनी किर्ते मोही बनेकी छिन् । मङ्गगलदासका कोही पनि सम्बन्धित व्यक्ति हालसम्म सम्पर्कमा आएका छैनन् । यसैबीच पञ्चमाया श्रेष्ठ नामकी महिलाले मङ्गलदासकी श्रीमती भन्दै भूमिसुधार कार्यालयमा निवेदन दिएकीले मलाई तारेखमा राखिएको छ । जबकि उनी हकवाला नै होइनन् ।

त्यसैगरी मेरी मुमाले २०१७ सालमा टीका भैरवमा किनेको जग्गामा पनि विभिन्न व्यक्ति तथा तस्करले उचाली दाबी गर्ने क्रममा एमालेका सांसद मीठाराम बजगाईं समेतले हडप्ने काम गरे । त्यसका विरुद्ध म अदालतको शरणमा पुगेपछि अदालतले मलाई न्याय दिएको थियो तर भोगचलन चलाउन जाने क्रममा भोग चलन गर्न नदिएपछि मैले सो जग्गा कौडीको मूल्यमा बेचेको थिएँ ।

यसरी नै म माथि हेटौडाको घरजग्गामा पनि त्यही रोग लाग्यो । उनै तस्करहरू लागे । प्रहरी प्रशासन कसैले साथ दिएन । मैले त्यहाँ गाडेका बिजुलीका पोल, निर्माण खर्च समेतको हिसाब गर्दा पनि त्यति पैसा समेत नउठ्ने गरी बिक्री गर्न बाध्य भएँ । यसरी शृङ्खलाबद्ध रूपमा ममाथि अन्याय, अत्याचार हुँदै गयो । मलाई मुद्दा

मामिलामा धकेलियो । भोटु पाँडेको नासो सोह्रखुट्टे पाटी त अहिले अस्तित्वमै छैन । सखापै पारे ।

क, ख, रा पढ्दा ज पछि झ आएझैँ जग्गासँगै झगडा पनि स्वतः आउँदा रहेछ । मलाई जग्गासम्बन्धी झगडाले ८७ वर्षको उमेरमा पनि छाडेको छैन । सम्पत्तिसम्बन्धी अधिकार (Property Right) कमजोर भएको देश । न्यायालयमा भागबण्डा भएको देश । राजनीतिमा अपराधीकरण र अपराधमा राजनीतिकरण हुने देशमा राष्ट्रसेवकहरूको अवस्था कति निरिह हुँदो रहेछ । राजतन्त्रको समाप्तिसँगै गणतन्त्र त आएको छ तर त्यो दलहरूलाई मात्र आएको छ । आम जनतालाई आएको छैन । आमजनताले अनुभूत गर्न नपाउने जुनसुकै तन्त्र पनि दिगो रहँदैन ।

यस कृतिभित्र मैले मेरा पुर्खा को हुन् ? म को हुँ ? यस राष्ट्रको सम्बर्द्धनमा मेरा पुर्खा र मैले कति योगदान दिएका रहेछौँ भन्ने जानकारी आजको पुस्ता र आउने पुस्ताले जान्न पाऊन् भन्ने उद्देश्यले मेरो सङ्कलनमा रहेका ऐतिहासिक दस्तावेजहरूलाई स्क्यान् गरेर जस्ताको तस्तै राखेको छु । मेरो घर एक सङ्ग्रहालय समान छ, जो अध्ययन गर्न चाहनेहरूका लागि खुला छ भन्ने कुरा डा. महेश खकुरलेको छोरो मन्तव्यमा समेत परेको छ ।

म एक कानुनको विद्यार्थी पनि हुँ । नेपालकै प्रथम एक्सप्लोसिभ इन्जिनियर हुँ । नेपाल इन्जिनियरिङ्ग एसोसिएसनमा नेपाली सेनाबाट उपाध्यक्षमा निर्वाचित हुने प्रथम व्यक्ति हुँ । नेपाली सेनाको एक इमानदार सेवानिवृत्त जर्नेल हुँ । राष्ट्र र राजसंस्थाप्रति समर्पित नागरिक हुँ । मैले ४० वर्षे सैनिक जीवनभरि जे गरेँ, राष्ट्रको भलाइ सम्झेर गरेँ । राजदरबार सेवामा १९ वर्षसम्म रहँदा सँधै राष्ट्रको शिर ठाडो पार्ने काम गरेँ । राजदरबार सेवामा छँदा मेरा सबै साथीहरूले राजासँग बकस माग्थे । कैयौँले थुप्रै जमिन बकस पाएर मालामाल पनि भए । तर मैले कहिल्यै पनि बकस मागिनँ । राजाले बकस मागे हुन्थ्यो भन्ने सङ्केत दिँदासमेत मैले बकस मागिनँ, किनकि मेरी बज्यै सधैँ भन्ने गर्नु हुन्थ्यो, "खबरदार ! कसैसँग हात नथाप्नू । कसैसँग बकस नमाग्नू ।" मेरी बज्यैको त्यो आदेशलाई मैले सँधै पालन गरेँ । आज मलाई त्यसप्रति गर्व नै लागेको छ ।

मैले नेपाली सेनाको लामो अवधिमा के के गरेँ, मेरा पुर्खाले राष्ट्र र राजसंस्थाको उन्नयनमा के के गरे, त्यो सबैको फेहरिस्त हो यो किताब । लगातार झण्डै १४ पुस्ता लामो राष्ट्रसेवा गरेको पाण्डे वंशको ऐतिहासिक दस्तावेज पनि हो यो । जति लेखे पनि यस पुस्तकमा अटाउन सम्भवै छैन । कैयौ विषय यसमा समावेश हुन सकेनन्, तैपनि इतिहासका अध्येताहरूका लागि यसले निकै मद्दत दिनेछ भन्ने मैले आशा लिएको छु । यसमा मैले मलाई ठग्ने, दु:खकष्ट दिनेहरूका फोटोसमेत राखेको छु भने मैले अत्यन्तै श्रद्धा गर्ने शिवपुरी बाबादेखि योगी नरहरीनाथसमेतका फोटो पनि समावेश गरेको छु । ती आत्माहरूलाई म हृदयदेखि नै नमन गर्दछु । यस पुस्तकको प्रकाशनमा अथक परिश्रम गर्नु भएकोमा यसका सम्पादक मधुसूदन पाण्डेय तथा आवश्यक कागजातहरू खोजेको समयमा उपलब्ध गराउने मेरा सहयोगी सुभाषप्रति पनि आभारी छु । अस्तु !

अवकाशप्राप्त रथी ऋषिकुमार पाण्डे
के.सि.भि.ओ.
क्षेत्रपाटी, काठमाडौँ
२०७४ भाद्र ३०

सम्पादकको मन्तव्य

कृतिको शीर्षक 'ऐतिहासिक दस्तावेज सङ्ग्रह राखिए पनि यथार्थमा यो पूर्व सैनिक सचिव रथी ऋषिकुमार पाण्डेमाथि गरिएका अन्यायै अन्यायको दस्तावेज हो। यसभित्र निजमाथि न्यायालयले गरेको अन्याय, प्रशासनिक निकायबाट गरिएको अन्याय, अख्तियारबाट भएको अन्याय, राजनीतिक दलका कार्यकर्ताबाट गरिएका अन्याय, महानगरपालिकाबाट गरिएका अन्याय, टोल-छिमेकीहरूबाट भएका अन्यायका पुलिन्दाहरू समाविष्ट छन्।

मानिसले कतिपय कुराहरूमा आफूमाथि जतिसुकै चोट परे पनि सहँदै बस्छन् भने कतिपयको बानी अन्यायलाई नसहने हुन्छ। यसका लेखक यही दोस्रो श्रेणी भित्र पर्नु हुन्छ। यस कृतिको प्रकाशनको कुरा उठ्दा मैले यसलाई केही तर्कका साथ प्रकाशन नगरौं भनी प्रस्ताव समेत गरेको थिएँ तर लेखकको चाहना जसरी भएपनि प्रकाशननै गर्ने देखेपछि सम्पादनको चाँजोपाँजोतिर लागें। मैले त बरु राष्ट्रिय अभिलेखालयमा लगेर दिनुस भनेको थिएँ तर उहाँ मान्न तयार हुनुभएन र यसको जन्म हुन गएको हो।

यसलाई खासै सम्पादन गरिएको छैन। फोटोकपी तथा स्क्यान गरेका सामग्रीहरू मात्रै छन्। यसभित्र लेखकका जग्गा जमिन सम्बन्धी मुद्दा मामिलाका दस्तावेज मात्र छन्। यसले पनि पाठक वर्गमा केही नयाँ कुराको जानकारी अवश्य देला। पाठकवर्गको उपयुक्त केही सल्लाह सुझाव भए आगामी प्रकाशनमा त्यसलाई अवश्य समावेश गर्नेनै छौं। अस्तु।

मधुसूदन पाण्डेय
मधुसूदन पाण्डेय
का म पा ६ बौद्ध महाङ्काल
वज्रमार्ग-४६८, सिर्जनाकुटी

सम्पादकको मन्तव्य

कृतिको शीर्षक 'ऐतिहासिक दस्तावेज सङ्ग्रह राखिए पनि यथार्थमा यो पूर्व सैनिक सचिव रथी ऋषिकुमार पाण्डेमाथि गरिएका अन्यायै अन्यायको दस्तावेज हो। यसभित्र निजमाथि न्यायालयले गरेको अन्याय, प्रशासनिक निकायबाट गरिएको अन्याय, अख्तियारबाट भएको अन्याय, राजनीतिक दलका कार्यकर्ताबाट गरिएका अन्याय, महानगरपालिकाबाट गरिएका अन्याय, टोल-छिमेकीहरूबाट भएका अन्यायका पुलिन्दाहरू समाविष्ट छन।

मानिसले कतिपय कुराहरूमा आफूमाथि जतिसुकै चोट परे पनि सहेरै बस्छन् भने कतिपयको बानी अन्यायलाई नसहने हुन्छ। यसका लेखक मही दोस्रो श्रेणी भित्र पर्नु हुन्छ। यस कृतिको प्रकाशनको कुरा उठ्दा मैले यसलाई केही तर्कका साथ प्रकाशन नगरौं भनी प्रस्ताव समेत गरेको थिएँ तर लेखकको चाहना जसरी भएपनि प्रकाशननै गर्ने भएपछि सम्पादनको चाँजोपाँजो तिर लागें। मैले त बरु राष्ट्रिय अभिलेखालयमा लगेर दिनुस भनेको थिएँ तर उहाँ मान्न तयार हुनुभएन र यसको जन्म हुन गएको हो।

यसलाई खासै सम्पादन गरिएको छैन। फोटोकपी तथा स्क्यान गरेका सामग्रीहरू मात्रै छन। यसभित्र लेखकका जग्गा जमिन सम्बन्धी मुद्दा मामिलाका दस्तावेज मात्र छन। यसले पनि पाठक वर्गमा केही नयाँ कुराको जानकारी अवश्य देला। पाठकवर्गको उपयुक्त केही सल्लाह सुझाव भए आगामी प्रकाशनमा त्यसलाई अवश्य समावेश गर्नेनै छौं। अस्तु।

मधुसूदन पाण्डेय
मधुसूदन पाण्डेय
का म पा ६ बौद्ध महाङ्काल
वज्रमार्ग-४९८, सिर्जनाकुटी

विषय-सूचि

१. भालुडाँडाको मुद्दा १

२. प्रेमसँगको मुद्दा ११७

३. बसुन्धराको नयाँ फाइल २१९

४. गल्फुटारको मुद्दा २७३

५. गोरखा हस्पिटलको मुद्दा ३५७

६. विविध सामग्री तथा तस्वीरहरू ३९७

७. लेखकका बारेमा पत्रकार तथा यस पुस्तकका सम्पादक मधुसूदन पाण्डेयद्वारा लिखित लेखहरू ५८१

८. तस्वीर सङ्ग्रह ९८७

९. शताब्दीका तस्वीरहरू ११३९

भालुडाँडाको मुद्दा

भालुडाँडाको मुद्दाका सन्दर्भमा मेरो भनाई

अत्याचारको फेहरिस्त

नेपाल एकिकरणका बखत साथ दिने मेरा पुर्खा काजी तुलाराम पाँडेलाई श्री ५ बहामहाराजधिराज पृथ्वी नारायण शाहले ठूलो विश्वास, साहस र हिम्मतका साथ सहयोग गरे वापत नुवाकोट जिल्ला हाल सूर्यमती गा.वि.स. वडा नं. ५ र ६ भित्र पर्ने गरी वि.सं. १८०१ मा नाल निशाना सहित कर २०औं हजार रोपनी जग्गामा बकस भएको थियो। त्यसरी प्राप्त जग्गा उहाँको शेषपछि उहाँका नाती जंगबीर पाँडेले पाँच तले झिंगटीको छानो भएको घर निर्माण गरी बगैचा बनाई भोग चलन गर्दै आउनु भएकोमा वि.सं. १९०३ को कोतपर्व पछि श्री ३ जंगबहादुर राणाले काजी जङ्गबीरलाई देश निकाला गरी सो जग्गा जफत गरेका थिए। उक्त कुरा इतिहासकार बाबुराम आचार्यको "फेरि यस्तो कहिल्यै नहोस्" भन्ने पुस्तकको संलग्न फोटोकपीबाट पनि पुष्टी हुन्छ।

वि.सं. १९६४ मा कर्णेल बिष्णुकुमार पाँडेले पुन सो जग्गा फिर्ता पाउनु भयो। उहाँको निधन पछि कप बेलायत कुमार पाण्डेलाई प्राप्त जग्गा उहाँको स्वार्गारोहण पछि मेरी मुमाको निवेदन परेपछि छानविन गरी १० वर्षको नाबालक म र मेरो भाई पुरुषोत्तम कुमार पाण्डेलाई सन्तान दरसन्तानले खान पाउने गरी वि.सं. १९९८।४।१६।५ का मितिमा सनद प्राप्त भई कमश रोलक्रम संगै कानूनसम्मत रुपमा नै प्राप्त जग्गाका अर्का जग्गाधनि मेरा भाई पुरुषोत्तम कुमार पाण्डेको स्वर्गवास पछि उनकी श्रीमती शोभादेवी पाण्डेले म ऋषिकुमार पाण्डेलाई नै एकलौटी हुने गरी बिक्री गरी दिएबाट मेरा नाउँमा एकलौटी हुन आएको थियो। तत्पश्चात मैले नै घर बगैँचा बनाई तारबार गरी निर्वाध भोग चलन गरी तिरो तिरी आएको थिएं र अहिले सम्म पनि तिरो तिरी आई रहेकै छु।

नुवाकोट जिल्लामा नापी हुँदाका बखत मेरो एकलौटी हकभोगमा रहेको जग्गालाई आफ्नो जग्गा हो भनि ७ नं. नापी गोश्वारामा निवेदन गरेपछि ७ नं. नापी गोश्वाराले दुवै थरीका प्रमाण बुझ्ने र सुन्ने कार्य गरी अन्त्यमा मेरो नै प्रमाण सही र बलियो भएको उल्लेख गरी अन्य धेरै थरका मानिसको जालसाजी पूर्ण लिखत र दावीलाई अस्वीकार गरी मिति २०३४ सालमा मेरा नाउँमा अस्थायी दर्ता गरिदिने निर्णय गर्‍यो। त्यस निर्णय उपर नापीमा दावी गर्ने मध्येका केहि मानिसहरु तत्कालिन कानून बमोजिम विशेष अदालतमा अपिल गर्नु पर्ने भएकोले बागमती विशेष अदालतमा मुद्दा गर्न पुगे। प्रमाण बुझ्ने क्रममा अदालतले जग्गाको नक्शा गरिदिने भनि आदेश गर्‍यो। नक्शामा उपस्थित हुन्छौं भनी तारेखमा सहिछाप गर्ने मानिसहरु उक्त दिन अदालतका कर्मचारीहरु दिनभर कुर्दा पनि कोही आएनन्। कोही नआएपछि अदालतले उक्त मुद्दा नै खारेज गरिदियो। खारेज गरी सकेपछि त्यस उपर विपक्षीहरु मध्यमाञ्चल क्षेत्रीय अदालतमा गए। क्षेत्रीय अदालतले पनि बागमती विशेष अदालतले सम्पूर्ण प्रमाण बुझी जाँची गरी सकेको कुरालाई नकार्न नमिल्ने भनी सदर गरिदियो। त्यस पश्चात जग्गालाई दाबी गर्नेहरु सर्वोच्च अदालत पुगे। सर्वोच्च अदालतले पनि मिति २०६९।१।२९।४ को विशेष र क्षेत्रीय अदालतकै सदर गरी दिने गरी फैसला गर्‍यो। यसरी तह तह मुद्दा गर्दै हार्दै गएपछि मेरो परिवारमा उक्त जग्गा बण्डापत्र गरी छुट्टी भिन्न गर्ने कार्य भयो।

तत्पश्चात २०४० सालमा कृषि मन्त्रालय कृषि विभागबाट फलफूल खेती गर्नका लागि हदवन्दी छुट हुने कानुनी व्यवस्थाका कारण गीता फलोद्यान कम्पनी प्रा.लि. दर्ता गरी कृषि विकास वैकबाट करोडौं ऋृण लिई फलफूलका लाखौ बोट बिरुवा लगाउने काम गरें। यसै बिच हाम्रो भोग चलनको बाँकी छुट जग्गा दर्ता गर्न म ऋषिकुमार पाण्डे, श्रीमती र छोरा समेतको निवेदन मालपोत कार्यालय नुवाकोटमा दर्ता गर्‍यौं। मालपोतले वन, नापी, गा.वि.स., भूमिसुधार आदिको राय प्रमाण बुझी स्थलगत निरीक्षण, सर्जमिन, स्थानिय पञ्चभलाद्मीको राय लगायतका सम्पूर्ण कानुनी प्रक्रिया पुरा गर्दै उक्त जग्गामा हदबन्दीका कारण व्यक्तिगत

प्रयोजनका लागि राख्न नपाईने भई फलफूल खेतीका लागि मात्र राख्न पाउने गरी मिति २०४४।१०।४ को मन्त्री परिषदको निर्णय बमोजिम राजपत्रमा सूचना प्रकाशित गरी हदवन्दी छुट दिने निर्णय भयो । हालसम्म पनि उक्त जग्गा कम्पनीकै नाउँमा छ । कम्पनीका नाउँमा दर्ता श्रेस्ता र भोगचलनमा रहेको प्रस्तुत जग्गामा थुप्रै आधुनिक पक्कीभवन फलफूलका लाखौं बोट बिरुवा देश विदेशबाट ल्याई महँगा नगदेबाली हुने खालका सुगन्ध कोकिला, आँप, कटहर, लिची लगायतका बिरुवा रोपी विपक्षीकै बाबु, छोरा, श्रीमती समेतलाई रोजगारी दिई तलबी कर्मचारीकै रुपमा जिम्मा दिइयो । बगैंचाबाट व्यवसायिक उत्पादन हुनै लाग्दा मैंले दरबारमा जागिर गर्दा गलत काम गर्ने स्मग्लर र तस्करलाई कारबाही गरेबाट चिढीएका व्यक्ति डिवी लामा, भरत गुरुङ्, रामप्रसाद लगायतका तस्करहरुले उनीहरुकै आर्थिक सहयोग र लोभ लालचमा परी मेरो पैतृक जग्गामा दुःख दिने र बिगार्ने काम गरे ।

न्यायाधिसको स्वेच्छाचारी फैसला

त्यसपछि तस्कर र स्मग्लरहरुको टिमले मलाई दुःख दिन त्यहाँका सिधा साधा गरीब दलितलाई उठाई अख्तियार मा मुद्दा गरे । अख्तियारले बयान लिई धरौटीमा छाड्यो र पछि पुरै अनुसन्धान तहकिकातपछि सफाई दिई धरौटी पनि फिर्ता दियो । जग्गा रोक्का रहेका बखत १२/१५ वर्ष पहिले तह-तह गै हार खाई सकेको मुद्दाका पक्षका श्रीमती र छोराहरुले आफ्ना पति र पिताले हाम्रो हक समेतमा मसँग मिली हारी दिएछन् । त्यसकारण आफ्नो भाग पाउँ भनी जिल्ला अदालत नुवाकोटमा पुन २०५२ सालमा विपक्षका छोरा, श्रीमतीले मुद्दा गरे । सर्वोच्चसम्म पुगेर भएको फैसलालाई वेवास्ता गरी थाहा नपाए जस्तो गरी तत्कालिन जिल्ला न्यायाधीश आत्माराम भट्टराईले (जो दिनहूँ एक क्वाटर रक्सी र मासु खानु पर्थ्यो) मेरा विरोधी तस्करको लोभ लालचमा परी मुद्दा जिताई दिए । कस्तो अचम्म ! एकपटक सर्वोच्च अदालतबाट टुङ्गो लागि सकेको कुरामा कसरी मुद्दा दर्ता भयो अनि जित्यो । मेरा वकिल सर्वोच्चको अस्थायी न्यायाधीश हुँदै हाल मानवअधिकार आयोगमा सदस्य भएका प्रकाश वस्तीले उक्त मुद्दा हेरेका थिए । उनीसमेत बडो अचम्ममा परेका थिए । त्यस उपर मैले पुनरावेदन अदालत पाटनमा मुद्दा गरेँ । पाटनले प्रमाण बुझी सकेपछि खारेज गरिदियो । खारेज उपर विपक्षीहरु सर्वोच्च अदालतमा गए । सर्वोच्च अदालतले मेरा बरिष्ठ वकिल वरिष्ठ अधिवक्ता कृष्ण प्रसाद भण्डारी, हरीहर दाहाल, यज्ञमूर्ति वञ्जाडे र तत्कालिन बारका अध्यक्षले बहश गरे । गीता फलोद्यान कम्पनी प्रा.लि.का कानूनी सल्लाहकार कृष्ण शर्माले पनि बहश गरे । तत्कालिन प्रधान न्यायाधीश केदार प्रसाद गिरी र रामप्रसाद श्रेष्ठको वेञ्चले उक्त मुद्दा प्रमाण बुझि इन्साफ गर्ने भन्ने आदेश गरी पुनरावेदन अदालत पाटन मै पठाए ।

त्यसपछि पुनरावेदन अदालत पाटनले प्रमाण बुझ्ने नाममा दशौं आदेश दियो । सर्वोच्चसम्म विपक्षहरुले हारेको मिसिल देखिका कागजपत्र झिकाउने आदेश गर्‍यो । अरु कुरामा पनि २/४ पटकसम्म आदेश भयो । तर पनि मिसिल भेटाउन सकेन । हामीसँग प्रमाण मिसिल मागियो । मैले मेरो वकिल मार्फत पेश गरें । विपक्षहरुले पनि अन्यत्रैको जग्गाका नबुझिने कागजात पेश गरे । उनीहरुसँग भएको भए पो पेश गर्थे । त्यसरी मुद्दा बुझ्ने, प्रमाण बुझ्ने नाममा आदेश भै सकेपछि मिलापत्रकालागि प्रयास गर्ने भन्दै दुई दुई पटक मिलापत्र केन्द्रमा पठाइयो । त्यसपछि पुन बेञ्चले अर्थात टिका बहादुर हमालको बेञ्चबाट नक्शामा जान नसकि खारेज भएर ०३९ सालमा नै सर्वोच्चबाट सदर भएको विषयमा पुन नक्शा गर्ने भन्ने आदेश गर्‍यो । नक्शा गर्ने क्रममा म र मेरो परिवारलाई त्यहाँ जान नदिई एकलौटी गर्ने विपक्षहरुको योजना भएपनि मैले मेरो कानूनी सल्लाहकार कृष्ण शर्मालाई नक्सामा पठाएँ । नक्सा गर्ने क्रममा त्यहाँका अनावश्यक मानिसका दवावमा अदालतका कर्मचारीले पनि भए नभएका कुराहरु लेख्न लागे । तैपनि कहींकतै पनि कुनै विपक्षीले खेती नगरी बाँझै भएको भेटियो । एउटा दुईटा गह्रामा मैले कमाउन दिएको भनि नाम मात्रको भोगचलन देखिएको नक्साबाट

पनि पुष्टी हुन्छ । विपक्षहरुले मुद्दामा दावी गरे जस्तै घर गोठ भोग चलन खेतीपाती केही नभई जग्गा बाँझै मात्र रहेको कुरा नक्शा गर्ने कर्मचारीबाट अदालतमा प्रतिवेदन पेश भयो । त्यति हुँदा हुँदै पनि टीकाबहादुर हमाल भन्ने न्यायाधिशको बेञ्चमा परी जिल्लाका जड्याहा न्यायाधिशले गरेकै कुरालाई सदर गरिदिए । अर्थात हामीलाई (कम्पनीलाई) हराइदिए । शुरु देखि नै मेरो मुद्दा हेर्ने कृष्णप्रसाद भण्डारी जस्ता वकिलले मैले गरेका विकास र जनतालाई अनकन्टार ठाउँमा निजी खर्चमा पानी लगेको, बाटो बनाएको आफै गई हेरेको भनि गरेको बहसलालई पनि बेवास्ता गर्दै हराईदिए । विपक्षी मध्येका एक जनाको छोराको परिवर्तन नामक जिल्लाबाट निस्कने पत्रीकामा अदालतलाई प्रभावमा पर्ने गरी लेखेको समाचारलाई आधार मानी हो वा अन्य कसैको दवावमा मलाई सुनियोजित तवरबाट हराईयो । त्यो फैसलाबाट मेरा वकिल पूर्व महान्याधिवक्ता यज्ञमूर्ति बञ्जाडे समेतका मानिस नै चकित परे । त्यति मात्र नभई विपक्षीका वकिल हिरा रेग्मी पनि आश्चर्यमा परेको भन्ने कुरा मेरा वकिलबाटपछि थाहा पाएँ । मलाई यस कुराले झन् मर्माहत पारेपनि पुन सर्वोच्चमा दोहोऱ्याई पाउन निवेदन गरेको छु । सर्वोच्च अदालदले पनि सम्पूर्ण मिसिल झिकाउने आदेश गरी सकेको छ । नेपालमा पहिलो पटक चर्चित र निडर स्वभावकी महिला प्रधान न्यायाधिश भएकीले कसैको दवाव र प्रभावमा नपरेमा न्याय पाउँछु कि भन्ने आशामा भएपनि मेरा वास्तविकता, जीवनमा परेका अन्याय, अन्याचारको कथा व्यथा किताब मार्फत व्यक्त गरेमा अदालत, वकिल, मानवअधिकारवादी, पत्रकार समेतलाई बुझाउन र प्रकाश पार्न सक्छु की भन्ने आशाले ८६ वर्षको उमेर मा यो किताब लेखी प्रकाशन गरेको हुँ ।

भण्डारी आयोगको अविवेकी निर्णय :

मिति २०४६ सालको जन आन्दोलनपछि सांसद रुद्रमणि भण्डारीको अध्यक्षतामा गठित आयोगले हाम्रो गीता फलोद्यान कम्पनी प्रा.लि. समेतको जग्गा जफत गर्ने निर्णय गऱ्यो । त्यसउपर कम्पनीको तर्फवाट गीतादेवी पाण्डे र पूर्व प्र.म. सूर्यबहादुर थापाका भाइ चक्रेन्द्रबहादुर थापाका नाउँमा रोक्का जमिन फुकुवा गर्न एकैदिन सर्वोच्च अदालतमा उत्प्रेषणको रिट दायर गरियो र एकैदिनमा भण्डारी आयोगको निर्णय बदर भयो । मेरा वकिल हरिहर दाहालले त हाम्रै उक्त फैसलाका आधारमा नै पूर्व प्र.म. नगेन्द्र प्रसाद रिजालको कम्पनीको जफत जमिनलाई पनि बदर गरेको भनेर मलाई भन्नु भएको थियो । त्यसैगरी तत्कालिन राजा ज्ञानेन्द्र लगायतका कम्पनी पनि मेरै फैसलालाई आधार मानि मुद्दा बिना नै बदर गरिएछन् मन्त्री परिषद्को निर्णयबाट ।

यसरी न्याय र कानूनका न्यूनतम सिद्धान्तलाई आत्मसात गर्दै १८०१ को पृथ्वीनारायण शाहबाट मेरा पुर्खा तुलाराम पाण्डेदेखि नै प्राप्त गरी छोरा नाती हुँदै सर्दै आइरहेको जग्गा जफत भैसकेकोमा पुनः मेरी हजुरमुमाको निवेदनबाट १९९८ सालमा १० बर्षको नावालक अवस्थाको मलाई प्राप्त जग्गाको सनद, २००६ सालको नम्बरी लगत, २००५ साल देखि तिरो तिरको रसिद, वि.सं. २००५ सालको लालमोहर, २००३ सालको खड्ग निशाना, त्यसैका आधारमा २०३२ माघमा रैकर परिणत गरी पाउँ भन्ने निवदेन, उक्त बमोजिम नुवाकोट मालले रैकरमा परिणत गरी दिएको प्रमाण, ७ नं नापी गोश्वाराका प्रमुख प्रेमबहादुर प्रधानले मेरै प्रमाण बलियो भएको उल्लेख गरी मिति २०३४।१०।१९ मा गरि दिएको निर्णय पर्चा, विपक्षका पति पिता समेतले तह तह हुँदै मुद्दा गर्दै विशेष, क्षेत्रीय, सर्वोच्च सम्मबाट भएका मेरा पक्षका फैसला, तथा हदवन्दी छुट दिएका राजपत्रमा प्रकाशित २०४४।१० को सूचना, अख्तियारमा वन जंगल पनि दर्ता गरियो भनी परेका उजुरी, सफाई दिएको अख्तियारको क्लिन चिट अर्थात सफाई लगायतका अनगिन्ती तथा महत्वपूर्ण प्रमाण मैले पुनरावेदन अदालतमा पेश गरेको थिएँ तर ती कुनै पनि हेरिएन अर्थात् थाहा नभए जस्तो गरियो । किन हो थाहा भएन ।

वातावरणप्रतिको मेरो लगाव :

वातावरण स्वच्छ भए मानव जीवन पनि स्वस्थ

हुन्छ भन्ने कुरामा सँधै विश्वास राख्ने मानिस म भएको र मैले पढ्ने स्कूल, सिक्किम दार्जिलिङ्ग मा पनि थुप्रै रुखहरु भएकाले मलाई यसप्रति लगाव र रुचि थियो। मैले आफू बस्ने घर अगाडी पछाडी पनि थुप्रै रुख रोपि रहेको हालसम्म पनि देखिन्छ। त्यसै गरी मैले आफ्नो वातावरणीय रुचि र पहिरो नियन्त्रणका लागि समेत अनगिन्ती रुख रोपेँ। लाखौं लगानी गरेँ। त्यसबाट विपक्षीहरु लगायतका त्यहीका मानिसलाई नै फाईदा पुग्ने हो तर तिनले किन बुझेनन् अचम्म छ। भर्खरै मात्र विश्व वातावरण दिवस मनाउने क्रममा काठमाडौंको वातावरण ५ गुणा बढी प्रदुषित भई श्वास प्रश्वास र छाला, मुटुसम्ममा असर गर्ने प्रतिवेदन सुनेँ। पत्रिका, टि.भी. मार्फत थाहा पाएँ। मैले त बच्चैदेखि नै त्यसलाई ध्यान दिएर काम गरेको थिएँ। फलफूलका बोटका लागि पनि रुख चाहिने र पहिरो नियन्त्रणका लागि पनि कृषि मन्त्रालयकै समर्थनमा रुख लगाइयो। यसरी लगाएको रुखलाई सरकारी वनजङ्गल दर्ता गर्‍यो भनी उजुर पारी आजसम्म पनि अख्तियारको आदेशले मेरो केही जग्गा रोक्का पनि राखेको छ। वातावरणप्रतिको मेरो लगावका लागि फ्रान्सका राजकुमार विस्मार्कले पठाएको पत्रले नै वातावरणका लागि मैले के गरेँ भन्ने प्रष्ट हुन्छ।

२०४७ सालमा कम्पनीमा रेखदेख गर्ने कामदार रत्न बहादुर खड्काले १ लाख जति फलफूलका बोट, १५० आधुनिक पक्की भवन तथा २ वटा पालेघरलाई विपक्षी भगवान बानियाँ समेतले लुटपाट गरी बाटो बिगारी कर्मचारीलाई कुटपिट गरेको उजुरी दिए। कपनका अर्का पाले हर्कबहादुर राईले पनि विपक्षी भगवान बाँनिया, राधे सार्की भन्ने रत्न बहादुर सार्की, ढ्याके सार्की समेतले नोक्सान पारेको बारे जि.प्र.का.मा दिएको निवेदन तथा अर्का कर्मचारी पदम बहादुर मिजारले मच्छेन्द्र थापा, भगवान बानियाँ भरतराज सिलवालले गरेको नोक्सानीको जानकारी, विपक्षहरुको करतूतका बारेमा कम्पनीका पाले बाबुराम तामाङ्गले प्रहरीमा गरेको बयान, मिति ०६१।११।३ मा पदम बहादुर मिजारले कम्पनीका नाउँका घर जग्गाको बारेमा स्पष्ट पार्ने गरी गरिदिएको सत्य तथ्य उल्लेख गरेको, अर्का पाले डिलबहादुर तामाङ्गले कम्पनी मेनेजरलाई विपक्षी सीतादेवी सिलवालका पति भरतराज सिलवालले १३ वर्षसम्मको बाली धान लुटेको बारेमा दिएको निवेदन, २०५४ सालमा कार्यकारी निर्देशक गीता पाण्डेले गृहमन्त्री कहाँ सुरक्षाको माग गर्दै चढाएको निवेदन, मिति ०६४।१।२३ मा कम्पनी मेनेजर गोवर्द्धन घर्ती मगरले शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा क्षती पूर्तिका लागि दिएको निवेदन, विभिन्न मितिमा सुरक्षा व्यवस्था मिलाउन गृह मन्त्रालयबाट नुवाकोट प्रहरीलाई सुरक्षा कायम गर्न दिई जानकारी गराउन दिएका आदेश फोटोकपीहरु, जग्गा धनी प्रमाण पूर्जा, तिरो तिरेका रसिद, विपक्ष मध्येका ढ्याके सार्की, गोरे सार्की समेतले कम्पनीबाट सहायता लिएको पत्रका फोटोकपी, तत्कालीन अवस्थाका घर, फलफूलका बोट लगायत हालसम्मको अवस्था देखिने फोटोहरु बाहेकका पुराना प्रमाण पुनरावेदन अदालतमा पेश गरिएका छन्। उक्त बमोजिम प्रधानमन्त्री, मन्त्री, सि.डि.ओ., प्रहरीसम्म आदेश भएपनि प्रहरीले केही गरेन। नक्शामा जाँदा का बखत मेरो कानून व्यवसायीले भत्केको घरको अवशेष मात्र रहेको रुखहरु काटिएको र काट्न मानिस खोजि राखेको मलाई जानकारी गराएका थिए। बढ्दै गरेका साना साना रुखलाई पनि काटी बेचबिखन गर्दै आइरहेका छन्। मैले मेरो सिपाहीलाई हेर्न बुझ्न पठाई प्रतिवेदन पेश गरेको थिएँ। बामदेव गौतम गृहमन्त्री हुँदा पनि मैले गृहमा फाइल पेश गरी कारवाहीको माँग गरेको थिएँ। तर पनि प्रहरीमा जाँदा कामै हुँदैन, कारवाही नै गर्दैन। यसरी निरन्तर अन्यायमा पर्दा पर्दै आज मेरो जीवनको अन्तिम क्षणतिर आई पुग्दा आफूले पाएको अन्याय अत्याचारका बारेमा संसारलाई थाहा होस् भनी लेख्न बाध्य भएको हुँ। जागिर खाने क्रममा पढाई, तालिम र सवारी गरी विश्वका धेरै मुलुकको अध्ययन भ्रमण गर्ने अवसर पाएको थिएँ। म जहाँ गएपनि कसरी आफ्नो देशको विकास गर्न सकिन्छ भन्ने बारेमा खोजिनीति गर्ने गर्थे। त्यसै कारण मैले धेरै काम गर्न खोजे। सिंहदरबार आगलागी हुँदा मेरो इन्जिनियरिङ ज्ञानका आधारमा मैँले सिंहदरबार बचाई दिने काम गरेँ। आर्मी

अस्पताल बनाइदिएँ । रसुवाको बाटो धेरै कम खर्चमा बनाई दिएँ । नेपालमा सार्क सम्मेलन हुँदा मैले साह्रै थोरै खर्चमा आफै दिनरात खटी सम्पन्न गराइदिएँ । यसरी देशका लागि धेरै काम गरेपनि मलाई अहिले मेरो पैतृक सम्पत्तिमा मेरा बिरोधीहरुले दिएको दुःख सम्झँदा उल्टो गरेको जस्तो लाग्न थालिराखेको छ । अर्थात सच्चा काम गर्ने राष्ट्रवादी मानिसलाई सहि काम गरे वापत सम्मान गर्नुको साटो उल्टो दुःख पिडा भोग्दै थुप्रै खर्च गर्नु परिराखेको छ । मानसिक रोगी बनाइराखेको छ ।

विपक्षीहरुका हुँदै नभएका प्रमाण, नबुझिने अस्पष्ट र अन्तकै प्रमाण कागजका आधारमा सर्वोच्च अदालतले बुझ्नु र व्याख्या गर्नु भन्ने विषयलाई उपेक्षा गरी प्रमाण कागज तथा हक भोगका कारण उल्लेख गरी नभएको मिति नै नदेखिने विषयलाई प्रमाणमा लिएबाट म अन्यायमा परी पुनः सर्वोच्च अदालतको ढोका ढक्ढकाएको छु । एक पटक हारी सकेकोलाई अनुमति नदिने सर्वोच्चले यसमा पनि प्रमाणको भोगाधिकारको स्पष्ट देखिने कुरालाई व्याख्या गर्नु भन्ने आदेश दिने सर्वोच्च अदालतले यस बिनीतको पुनरावेदन अदालतको गैर कानूनी फैसलालाई बदर गरिदिनेछ भन्ने पूर्ण आशा एवम् विश्वासमा छु ।

पुरस्कृत हुनुपर्ने समयमा दण्डित :

म ८७ वर्षको उमेरको व्यावसायिक सैनिक चरित्रको मानिसलाई पुरस्कृत होइन, अन्याय गरियो । सिंहदरबार ग्यालरी बैठक जोगाउने, छाउनी हस्पिटल बनाउने र रसुवा-धुञ्चे सडक बनाउने कामदेखि राष्ट्रका लागि मैले गरेका कामको मूल्याङ्कन यही नै हो ? मैले कानूनी शिक्षा पनि हासिल गरेको हुं । २००९ सालमा नै मैले मिलिटरी ल गरेको हुँ । नेपालका प्रथम प्रधान न्यायाधीश हरीप्रसाद प्रधानको न्यायनिसाफको शैलीबाट म पनि अत्यन्तै प्रभावित थिएँ । म शिवपुरी बाबाको भक्त हुँ र उहाँ पनि बाबासँगको उहाँको संवाद र जिज्ञासाबाट मलाई उनी प्रति अत्यन्त विश्वास जागेको थियो । मैले बद्‌मासी गरेको, ठगेको, सित्तैमा लिएको, केही नभेटेपछि मेरा पैतृक जग्गामा हमला गर्ने दुःख दिने मुद्दा गर्ने कार्य ५० बर्ष देखि आजसम्म रोकिएको छैन । मैले न्याय नपाए म आफ्नो मानव अधिकार रक्षाको लागि यु.एन. मानवाधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अदालत, राजदुतावास कहाँ मेरो आवाज पुऱ्याउनु पर्ने हो म त्यहाँ त्यहाँ जाने बिचारमा छु ।

अन्त्यमा, म र मेरो परिवारबाट कम्पनीमा गईसकेको जग्गालाई व्यक्तिका नाउँमा गरिएको नालेश तथा त्यस अगाडी मेरी श्रीमती गीतादेवी पाण्डेका नाउँमा लालपूर्जा भएको विपक्षीका दावीका जग्गाहरु अनाहकमा तथा रिसईवीबस मलाई समेत मुछिएको कुरा मिसिलबाट प्रष्ट देखिन्छ । त्यस बाहेक कम्पनीका नाउँको जग्गा अख्तियारको वा मालपोत विभागको पत्रबाट समेत रोक्का राखिएको छ । किन राखियो भन्ने बुझ्न खोज्दा कहिं कतैबाट समेत पत्ता लाग्दैन । यी सबै कुराहरुमा गम्भीर ध्यानाकर्षण होस भन्दै बुझ्न र सहयोग गर्न चाहनेहरुका लागि सबै प्रमाण दिई सहयोग गर्ने नै छु । मैले व्यक्त गरेका कुराहरु कुनै कथा, उपन्यास होइनन् । हरेकका प्रमाणित लिखत र दस्तावेज छन् । उपलब्ध गराउन परेको खण्डमा तुरुन्त उपलब्ध गराउने छु ।

-ऋषिकुमार पाण्डे
क्षेत्रपाटी, काठमाडौँ
मितिः २०७४ असार



श्री

१

१

श्री पुनरावेदन अदालत पाटनमा चढाएको

निवेदन-पत्र

विषय :- प्रमाण पेश गरेको सम्बन्धमा ।

का.जि.का.म.न.पा.वडा नं.१७ क्षेत्रपाटी बस्ने बर्ष ७८ को ऋषि कुमार पाण्डे-१,
ऐ.ऐ.बस्ने गीतादेवी पाण्डे समेतको हकमा तारेखमा रही निवेदन गर्ने कानून
व्यवसायी कृष्णनाथ शर्मा-- निवेदक
पुनरावेदक

विरुद्ध

नुवाकोट जिल्ला, सूर्यमती गा.वि.स.वडा नं.   बस्ने सीतादेवी सिलवाल समेत-- विपक्षी
प्रत्यर्थी

मुद्दा : दर्ता बदर हक कायम ।

म रु.५।- नगदी रसिद साथ निम्न व्यहोरा अनुरोध गर्दछु ।

क प्रस्तुत मुद्दामा सम्मानित यस अदालतबाट मिति २०६७।१०।१७ गतेका दिन विवादित जग्गामा हक भोगको स्रोत, सोका प्रमाणहरु र नापी हुंदा भएका कारवाही निर्णयको प्रतिलिपि भए सो समेत दाखिल गर्न ल्याउनु भन्ने आदेश भए बमोजिम हाम्रा जग्गाहरुका स्रोत प्रमाण लगायतका कागजहरु निम्न बमोजिम प्रस्तुत छन्:-

१. नुवाकोट जिल्ला हाल सूर्यमती गा.वि.स.वडा नं.५ र ६ भित्र राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको एकीकरणका अभियानमा साथ दिने काजी तुलाराम पाण्डेले १८०१ मा नाल निसाना समेत भालडांडा नुवाकोटको जग्गा प्राप्त गर्नु भएको थियो । त्यसपछि उहांका नाति काजी जंगवीर पाण्डेका नाउंमा प्राप्त भै पांचतले झिंगटीको छाना भएको घर र बगैंचा समेत बनाई भोग चलन गर्दै आएको सो जग्गा वि.स १९०३ को कोतपर्व पश्चात् जगबहादुर राणाले काजी जंगवीर पाण्डेलाइं देश निकाला गरी जफत गरेको थियो । वि.स १९६४ सालमा कर्णेल हिरण्यकुमार पाण्डेले सो जग्गा पुन फिर्ता पाउनु भयो । उहांको



स्वर्गारोहण पछि स्व. बेलायत कुमार पाण्डेलाई प्राप्त उक्त जग्गा उहाँको मृत्युपछि १९९८ सालमा छोरा १० वर्षका नावालक रर्या ऋषिकुमार पाण्डे र पुरुषोत्तम कुमार पाण्डेलाई सन्तान् दरसन्तानले खान पाउने गरी प्राप्त भएको मिति १९९८।४।१६।५ को सनदको फोटोकपी-----------------------------------१

(२) उक्त कुराको पुष्टी हुने गरी इतिहासकार बाबुराम आचार्यले "अब यस्तो कहिल्यै नहोस्" भन्ने पुस्तकको पाना १०७ मा उल्लेख गरेको निकालिनेको विवरणको सत्य तथ्यको फोटोकपी-------------------------------------१

(३) सनदद्वारा प्राप्त जग्गाधनी मध्येका पुरुषोत्तम कुमार पाण्डेको श्रीमती शोभादेवी पाण्डेले म ऋषि कुमार पाण्डेलाई एकलौटी खान पाउने गरी दिएको मिति २०४३।२।७ को हक छाडेको लिखतको फोटोकपी --------------------१

(४) २००६ सालको नम्बरी लगतको फोटोकपी----------------------------------१

(५) २००५ सालदेखि तिरो तिरेको रसिदको फोटोकपी -------------------------१

(६) २०१६ सालदेखि २०३२ सालसम्म तिरो तिरेको रसिदको कपी--------------१

(७) बि.सं.२००५ सालमा लालमोहर र २००६ सालमा प्राप्त खड्ग निशाना समेतका प्रमाणको आधारले रैकरमा परिणत गरी पाउँ भनी २०३२ साल माघमा चढाएको निवेदन ~~निर्देशन~~को फोटोकपी--१

(८) उक्त बमोजिम क.ख.बिर्ता जग्गाको रैकर परिणत नेपाल सरकार नुवाकोट माल कार्यालयले गरिदिएको प्रमाणको फोटोकपी -----------------------------१

(९) ७ नं.नापी गोश्वाराका प्रमुख का.मु.नापी अधिकृत प्रेम बहादुर प्रधानले दुवै थरीका प्रमाण बुझी हाम्रा तर्फको प्रमाण बलियो भएको उल्लेख गरी म ऋषि कुमारका नाउँमा दर्ता गरी दिने गरी भएको मिति २०३४।१०।१९।४ को निर्णय पर्चाको फोटोकपी ---१

(१०) उक्त बमोजिमको उक्त घर जग्गाको चौकिल्लाको विवरण ----------------१

(११) यसै विषयमा यी विपक्षीहरु समेतका श्रीमान, पिताहरुले विवाद गरी मुद्दा पर्दा तत्कालीन अञ्चल अदालत, क्षेत्रीय हुँदै सर्वोच्च अदालतसम्म मुद्दा गरी हारी हार स्वीकारी टुङ्गो लागी सकेको मिसिल झिकाइएकोले त्यसैबाट प्रष्ट हुन्छ। विपक्षी मध्येका भगवान नारायण बानियाँ समेतका दाजु तेज बहादुर बानियाँको हकमा निवेदन गर्ने नारायण बानिया समेतको सर्वोच्च अदालतमा निवेदन पर्दा २०३९।१।२९।४ मा सयुक्त इजलासबाट अञ्चल क्षेत्रीयके सदर हुने गरी भएका फैसला र निवेदनका कपीहरु ---१

(१२) यसरी सर्वोच्च अदालत समेतबाट फैसला भै अन्तिम घरजग्गाको हाम्रो परिवारमा अंशवण्डा भै सकी छोरा विजयकुमार पाण्डेले आफ्नो हक भोगको जग्गा गीता फलोद्यान कम्पनीलाई मिति २०४०।३।२६ मा राजिनामा गरी दिएको लिखतको फोटाकपी---१

(१३) २०४०।३।२१।३ मा गीता फलोद्यान प्रा.लि.का नाउँमा कृषि मन्त्रालय कृषि विभागमा दर्ता भै प्राप्त प्रमाणको फोटोकपी ---------------------------१

(१४) उक्त कम्पनीमा फलफूल समेतका बोट विरुवा तथा भवन लगायतको संरचना निर्माण गर्नका लागि केही कृषि विकास बैंकबाट रु.८,००,०००।- ऋण लिएको कागज र अन्तिम पल्ट रु.१०,२५,२३०।- तिरी चुक्ता गरेको मिति २०५१।११।६ को लिखतको फोटोकपी---१

(१५) बागवानी फार्म त्रिशुलीले फलफूल बोट विरुवाको लगत जिम्मा दिएको लिखतको फोटोकपी--१

(१६) पुनरावेदक ऋषि कुमार, गीतादेवी पाण्डे समेतले २०४४।६।६।३ मा आफ्ना अंश भागका जग्गाको हक छाडी कम्पनीलाइ राजिनामा लिखत गरिदिएको पारित लिखतको फोटोकपी--१

(१७) कम्पनीका नाउँमा हदबन्दी छुट दिने निर्णय गरी २०४४।१०।४ को सरकारको निर्णयले प्रकाशित राजपत्रको फोटोकपी----------------------------------१

(१८) उक्त बमोजिम कम्पनीका नाउँमा हदवन्दी छुट दिने गरी भूमिसुधार विभगाले कम्पनीलाई गराएको जानकारीको फोटोकपी----------------------------१

(१९) सांसद रुद्रमणी शर्माको अध्यक्षतामा गठित आयोगले हाम्रो कम्पनी समेत जफत गर्ने गरी गरेको निर्णयको फोटोकपी------------------------------१

(२०) त्यस उपर श्री सर्वोच्च अदालतमा म गितादेवी पाण्डेले जफत गरिएको कम्पनीको घरजग्गा वदर गर्न उत्प्रेषणको रिट गरेकोमा उक्त वमोजिम वदर गरेको फैसलाको फोटोकपी--१

(२१) यसै गरी उक्त आयोगले जफत गरेको पूर्व प्रधानमन्त्री सूर्य वहादुर थापाका भाईहरूका नाउँमा दर्ता उत्तर पानी फर्मको तर्फबाट पनि रिट परी वदर भएको फैसलाको फोटोकपी---१

(२२) हाम्रै फैसलालाई आधारमानी रिजाल क्यारिङ्ग एण्ड कम्पनीको पनि रिट परी जफत वदर गरेको सर्वोच्चको फैसलाको फोटोकपी--------------------१

(२३) यसै गरी गिजरा खाँडसारी मिल्स प्रा.लि.बाँकेको मुद्दा नै नगरी मन्त्रीपरिषद्‌बाट निर्णय गराई आयोगबाट जफत जग्गा फिर्ता गरेको पत्र, निर्णयको जानकारीको भुमिसुधार विभागको पत्र, सरकारको निर्णय, प्रस्ताव समेतको फोटोकपी-----१

(२४) कृषि विभागले बाढी पहिरोको रोकथामका लागी बोट विरुद्ध लगाउन सक्ने भनी गरिदिएको स्वीकृति पत्रको फोटोकपी-----------------------------१

(२५) २०५२।४।२४ मा त्यसरी नै रुख विरुवा लगाउन दिएको समर्थन पत्रको कृषि मन्त्रालयको पत्रको फोटोकपी---------------------------------------१

(२६) मिति २०४७ सालमा कम्पनीमा रेखदेख गर्ने कामदार रत्न बहादुर खड्कांले १ लाख जति फलफूलका बोट र ५ वटा आधुनिक घर र २ वटा पालेघर समेत रहेको र बिपक्षी भगवान वानियाँ समेतले लुटपाट गरी घरमा बसी कर्मचारीलाई कुटपीट गरेको वारे प्रहरी, कम्पनीलाई दिएको वयानका फोटोकपी---१

(२७) कम्पनीका पालेको रुपमा २०६२ सालमा बस्ने हर्क वहादुर राईले प्रत्यर्थी भगवान वानियाँ, साधे सार्की समेतले नोक्सानी पारेको र डरका कारण आफूले पनि उनकै साथ दिनु परेको भनी जि.प्र.कार्यालयमा बुझाएको विभिन्न मितिको जानकारी वयान समेतका फोटोकपीहरु ---------------------------१

४. अर्को तर्फ हेर्ने हो भने उक्त कि.नं. ८४८ को जग्गा कहिल्यै पनि विपक्षीको निजी हक भोग चलनको नभई शुरु दर्ता देखि सबैको सार्वजनिक /साझा बाटोको रुपमा रहेको स्थिति छ । जुन कुरा फिल्डबुक झिकाई हेरिएमा समेत स्पष्ट हुन्छ । विपक्षीहरुबाट घर तथा जग्गाहरु बिक्री वितरण गरिंदा सबै घरजग्गाको लागि आवत जावत गर्ने बाटो लगायत सम्पूर्ण निकासको लागि सोही कि.नं ८४८ नै साविकदेखि प्रयोग हुँदै आईरहेको भन्ने देखाईएको अवस्था छ । जुन कुरा पारित लिखतहरु तथा अदालतको फैसला, अदालतबाट भएको नक्सा समेतबाट छर्लङ्ग हुन्छ । यसरी सदा सर्वदा बाटो निकासको अस्तित्वमा रहेको कित्ता नं ८४८ विपक्षीको नाममा दर्ता रहेको भन्ने सम्म आधारबाट विपक्षीको निजी सम्पत्ति भन्ने अर्थ गर्न र विपक्षीको निगाहमा सधैंभरी म लगायतका प्रत्यर्थीहरुले बाच्नुपर्दछ भन्ने अर्थ गर्न हरहालतमा मिल्ने हुने सक्दैन । विपक्षीको खुशि अनुसार निजको निजी बाटो भनेर हामीहरुले सधैंभरी भन्नु पर्ने हाइन भने घर निर्माण गर्न पनि नपाइने त्यसतर्फ कुनै झ्यालढोका, सटर पसल निकाल्न पनि नपाईने कदापी हुने सक्दैन । उहाँहरुबाट घर जग्गा बिक्री गरी दिईएका प्रत्यर्थी हामीहरुले बाटोमा चाहीं उहाँको खुशी अनुसार सधैंभरी अड्कलेर प्रयोग गर्न पर्छ भन्ने अर्थ गरी हामीहरुको सम्पत्तिको अवमूल्यन गर्न मिल्दै मिल्दैन । यसो गरिंदा हामीमाथि ठाडै अन्याय पर्न जान्छ । तसर्थ विपक्षीको निजी भन्ने कुनै पनि अस्तित्वमा नै नरहेको सानिक देखि नै विपक्षी तथा हामी प्रत्यर्थीहरु समेतको साझा भोग चलनमा रहेको कि.नं ८४८ को निकास बाटो नेपाल सरकारको नाममा कायम गरिंदा विपक्षीको कुनै पनि सम्पत्ति सम्बन्धी मौलिक तथा कानूनी हकमा आघात पुगेको अवस्था छैन । विपक्षीको निवेदन माग बमोजिम आदेश जारी हुनु पर्ने अवस्था छैन, खारेजै गरी पाउँ ।

५. त्यसै गरी प्रत्यर्थी मध्येका पंचनारायण समेत वादी र विपक्षीहरु प्रतिवादी भएको मुद्दाको अन्तिम फैसलाले समेत उक्त कि.नं. ८४८ बाटो निकास भन्ने स्पष्ट पारेको छ । सो मुद्दामा भएको स्थलगत नक्सा तथा चलन पूर्जीबाट समेत बाटो निकासको कुरा अकाट्य रुपमा स्थापित भएर बसेको छ । सो मुद्दामा विपक्षीको नामको दर्ता बदर नभएको भन्ने आधारबाट विपक्षीको निजी भन्ने ठहरेको होइन । वस्तुत बाटोको रुपमा प्रयोग भएको दर्ता जग्गाको दर्ता लगत कट्टा गरी बाटोको रुपमा नै प्रयोग गरिने हुन्छ भनि दर्ता बदर गरे पनि नगरे पनि बाटो बाटो नै हुन्छ भनि शुरु का.जि.अ. ले ठहर गरेको फैसलालाई पु.अ. पाटनले सदर गरेको हो । साथै सोही फैसलामा त्यसै कारणले वादीको नाममा दर्ता गरी रहनु पर्ने औचित्य नभएको भनि बोलिएको हो । जुन कुरा सोही फैसलामा स्पष्टसंग वादीहरुलाई निजहरुको घरजग्गाबाट साझा बाटोमा आउने जाने निकास राख्ने ठाउँका बारेमा प्रतिवादीहरुले बाध्य गर्ने अवस्था हुँदैन भनी बोलिएबाट स्पष्ट हुन्छ । तसर्थ सो अन्तिम फैसलाले

विपक्षीलाई कुनै मद्दत गर्न सक्ने अवस्था छैन । गलत अर्थ गरी विपक्षीले केही फाईदा लिई हाल्न सक्छु कि भनी निवेदनमा सो फैसलालाई उल्लेख गर्नु भएको सम्म हो । तथापी सो मुद्दाको अन्तिम फैसला पुनरावेदन अदालत पाटनवाट मिति २०६२/४/१८ मा हुनुभन्दा पछि मात्र मिति २०६२/१०/१३ मा भएको सरकारको निर्णय अनुसार साझा भोग चलनमा रहेको उक्त कि.न.८४८ को निकास बाटो मिति २०६४/९/२९ को निर्णयले नेपाल सरकारको नाममा रहने गरी वाटो निकास कायम भएको हो । सोही अदालतको फैसला, स्थलगत नक्सा, हस्तान्तरणका पारित लिखत, घर वनाउने स्वीकृत नक्शा वाटोको शर्तनामा लगायतवाट उक्त कि.नं.८४८ को अस्तित्व साझा हक भोग चलनको निकास वाटोको रुपमा रहेको छर्लङ्ग देखिन्छ । यस अवस्थामा विपक्षीको निजी भन्ने अर्थ गरी पछि फर्कन मिल्ने हुनै सक्दैन । सोलाई नेपाल सरकारको नाममा कायम गर्ने गरेको निर्णय विलकुलै जायज कानून तथा न्याय संगत छ । सार्वजनिक रुपमा प्रयोग भै रहेको वाटो निकास विपक्षीको नाममा हुनै पर्ने भन्ने हुदैन । विपक्षीको निजी हुनै सक्दैन । निजी भन्ने वनाई जीवन्तसम्म हाम्रो प्रत्यर्थीहरुलाई तल पारी दवाउने र आफूले भने जस्तो गर्ने कुचेष्टावाट ग्रसित भई विपक्षीले यो मुद्दा गर्नु भएको हो । विपक्षीको मुराद कदापी पुरा हुन सक्दैन । विपक्षीको निवेदन खारेजै हुनु पर्दछ, सोही अनुसार गरी पाउँ ।

६. त्यसै गरी सार्वजनिक भोग चलनको अस्तित्वमा रहेको निकास वाटोलाई विद्यमान अस्तित्व अनुसार नै सरकारले गरेको निर्णय मुताविक नेपाल सरकारको नाममा कायम गर्दा कुनै पनि गैर-कानूनी कार्य भएको छैन । यसो गर्दा विपक्षीलाई नवुझिएको भन्ने आधारमा प्राकृतिक न्याय सिद्धान्तको विपरित भयो भन्न मिल्दैन । जहां जहिले सुकै पनि प्राकृतिक न्याय सिद्धान्तको विषयले प्रवेश पाउने हुन सक्दैन । त्यसै गरी प्रस्तुत विषयमा पनि प्राकृतिक न्याय सिद्धान्तको प्रश्नै छैन । विपक्षीको निवेदनमा उल्लेखित नजिर यहां आकर्षित हुने होईन । विपक्षीको कुनै पनि सम्पत्ति माथि यहां आघात पुगेको अवस्था छैन । कि.नं. ८४८ विशुद्ध निकास वाटो हो । सोलाई विपक्षीले आफ्नो निजी सम्पत्ति जस्तो गरी वाटो वाहेक अन्यथा भोग चलन वेचविखन गर्न सक्ने अवस्था नै यहां विद्यमान छैन । सो कि.नं. ८४८ विशुद्ध वाटो निकास हो । वाटो सिवाय अरु केही होइन । वाटोलाई वाटो कै रुपमा अझ स्थापित गरेर राख्ने काम सोही मिति २०६४/९/२९ को निर्णयले गरेको छ । यस स्थितिमा विपक्षीलाई नवुझेको भन्ने सम्म आधारले प्राकृतिक न्याय सिद्धान्तको विपरित भएको छ भनी मान्न मिल्ने अवस्था छैन, वदर गर्नु पर्ने होईन, सदरै कायम राखी विपक्षीको झुठ्ठा निवेदन खारेज गरी पाउं ।

७. त्यसै गरी म समेतका प्रत्यर्थीहरुले आवश्यक प्रमाण कागज समेत संलग्न गरी गराई सोको आधारमा सरकारको निर्णय अनुसार कि.नं. ८४८ को निजी वाटोको लगत

कट्टा गरी नेपाल सरकारको नाममा मिति २०६४/९/२९ को निर्णयले कायम भएको हो । सरकारको निर्णय अनुसार लगतकट्टा दा.खा. दर्ता गर्ने अधिकार प्राप्त मालपोत कार्यालयले कानून सम्मत तवरवाट गरेको दा.खा. तथा निर्णय अ.वं ३५ नं विपरित हुन्छ भन्न मिल्दैन । सरकारको निर्णय कार्यान्वयन गर्दा कानूनको श्रोतको कुरा आउँदैन । सरकारको निर्णय राज्यमा लागू हुन्छ , सोलाई मान्दिन भन्न पाईने हुँदैन । यहाँ परिपत्रको कुरा समेत छैन, होइन । विपक्षीले यस सम्वन्धमा पेश गर्नु भएको नजिर समेत याहाँ आकर्षित हुने होइन । सरकारको सोही मिति २०६२/१०/१३ को निर्णय अनुसार पुनः तथा नयाँ सर्भे नापी नक्सा भएका स्थानमा (अधिकांश काठमाडौं उपत्यका क्षेत्र भित्र) प्रयोग भएका तथा पुरानो वाटो शर्तनामा लिखत अनुसारका सम्पूर्ण वाटो निकासका निजी लगत कट्टा भई सैयौं कित्ता जग्गा नेपाल सरकारको नाममा दर्ता कायम भएको छन । समाजलाई सुव्यवस्थित वनाई सद्भावको मार्गमा डोऱ्याउने उद्देश्यवाट वर्गी अधिकांश भए गरिएका ती सम्पूर्ण काम कारवाहीलाई समाजले सहज रुपमा स्वीकार गरी हालसम्म कहिं कतै कोही कसैवाट कुनै पनि किसिमको दावी विरोध उजुर परेको छैन । हाल तीन वर्षपछि आएर भए गरिएका ती सम्पूर्ण काम कारवाहीलाई असर पार्ने पराउने गरी पछाडि फर्किएर समाजलाई अव्यवस्थित र अशान्ति वनाउने गरी विपक्षीको रिट जारी गर्न हर हालतमा मिल्ने हुनै सक्दैन । अदालत त्यसतर्फ हरहालतमा अग्रसर हुनै सक्दैन । उक्त निर्णयले विपक्षीको कुनै पनि घर जग्गा सम्पत्तिमाथि आघात पुऱ्याउने कार्य कहीं कतैबाट पनि गरेको छैन । यसवाट उल्टै वर्षौंदेखि विपक्षीले टोलवासीलाई दिंदै आउनु भएको दुःख, शास्ती र हैरानीवाट मुक्ति मिलेको अवस्था छ । तसर्थ विपक्षीको रिट निवेदन खारेज भागी छ खारेजै गरी पाउँ ।

८. विपक्षी [illegible]कुमार पाण्डे पञ्चायत कालदेखिका ज्यादै नै शक्तिशाली पदमा वस्नु भएका ठूला मानिस हुनुहुन्छ । उहाँलाई कसैले केही भन्न र गर्न सक्ने नै हदैन । उहाँले सबैलाई आफ्नो घरको चारै तर्फ घरजग्गा विक्री गरी दिनु भएको छ । उहाँसँग कतै तर्फवाट पनि साँध जोडिएका तथा नजोडिई निकट रहेका सवै टोलवासी छरछिमेकीलाई आफ्नो हैकम, रवाफ तथा शक्ति देखाई शान्ति सँग बस्न तथा घर वनाउन नदिई विभिन्न मुद्दा मामिलामा अल्झाई यसरी नै दुःख दिंदै आईरहनु भएको छ । सार्वजनिक प्रयोगको सम्पूर्ण निकास रहेको वाटोलाई समेत आफ्नो निजी भनेर दुःख दिई रहनु भएको छ । उहाँले भनेको सवैले मान्नुपर्दछ, अन्यथा जीवनभर यसरी नै दुःख दिई रहने उहाँको प्रवृति रहँदै आईरहेको छ । अन्तिम फैसलाले समेत कुनै रोक लगाउन नमिल्ने भनी वोलेको कुरामा समेत विपक्षीले भनेकै ठाउँमा मात्र घरको गेट, झ्याल ढोका हाल्नु पर्ने अन्यथा नपाउने गरी जवर्जस्त विपक्षीले रोक लगाउनु हुन्छ । उल्टै उहाँले सोही सार्वजनिक प्रयोगको

वाटोलाई साँगुरो वनाउने पर्खाल लगाउने काँडेतार राख्ने जस्ता ज्यादै नै अमानवीय र अधर्मी कार्य गर्नु भएको छ । विपक्षीले नवसा पासै नगरी घर निर्माण गरी सार्वजनिक वाटोमाथि घरको पाँचौं तल्लामा दुई ओटा घरलाई जोड्ने ओभरहेड व्रिज (आकासे पुल) निर्माण गर्नु भएको छ, जुन सरासर प्रचलित कानूनको विपरित छ । तसर्थ विपक्षीको सम्पूर्णमा झुट्ठा निवेदन पर्न आएको हुँदा खारेज भागी छ, खारेजै गरी पाउँ ।

९. अतः माथिका प्रकरणहरुमा लेखिए अनुसार सम्पूर्ण वस्तुस्थिति, प्रमाण कागज, वडाको सर्जमिन सिफारिश पारित वाटो शर्तनामा लिखत, अदालतको फैसला समेतकाधारमा अधिकार प्राप्त मालपोत कार्यालयले विपक्षीको नाममा दर्ता रहेको सार्वजनिक उपभोगको निकास वाटोको लगत कट्टा गरी वाटो नेपाल सरकारको नाममा कायम गर्ने गरी गरेको मिति २०६४/९/२९ को निर्णय न्याय तथा कानूनसम्मत हुँदा विपक्षीको रिट निवदेनमा माग दावी अनुसारको आदेश जारी हुन नसक्ने हुँदा खारेजै गरी न्याय पाउँ ।

१०. यो लिखितजवाफ दर्ता गर्न लाग्ने दस्तुर यसै साथ पेश गरेको छु ।

११. यो लिखितजवाफ दर्ता गर्न हाल कानून व्यवसायी मुकरर गरेको छैन ।

१२. संलग्न कागजातको नक्कल ।

(क) धनीपुर्जा ।

(ख) पारित लिखत ।

१३. यसमा माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्ठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

लिखितजवाफ प्रस्तुतकर्ता
वा. गुमन कुमार के.सी.....१

इति सम्वत् २०६५ साल असोज महिना२९ गते रोज ४ शुभम्..



श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

मार्फत : श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय .... लिखित जवाफ प्रस्तुनकर्ता /-प्रत्यर्थी

विरुद्ध

का.जि.का.म. न.पा .वडा नं.१७
बस्ने वर्ष ७७ को ऋषिकुमार पाण्डे समेत...............................विपक्षी / रिट निवेदक

विषय ;-उत्प्रेषणयुक्त परमादेश (०६५ सालको रिट नं ००२१)

यस मन्त्रालय समेतलाई प्रत्यर्थी बनाई दायर भएको उक्त रिट निवेदन सम्बन्धमा लिखित जवाफ पठाउन सम्मानित सर्वोच्च अदालतबाट जारी भएको आदेश सहितको सूचना मिति २०६५।४।२६ मा यस मन्त्रालयमा प्राप्त भएकोले थाम्न पाउने म्याद भित्र यो लिखित जवाफ प्रस्तुत गरिएको छ ।

१. रिट निवेदक ऋषिकुमार पाण्डे र विजयकुमार पाण्डे समेतको संयुक्त दर्ता कायम रहेको कि.नं.८४८ को ०-७-२-१ जग्गालाई निवेदकहरु एवं पंञ्चनारायण महर्जन, नानी भैया महर्जन,किशोर महर्जन, हरिओम महर्जन, नारायण महर्जन सबैले साझा बाटोको रुपमा प्रयोग गरि आएको बाटोको जग्गालाई मालपोत कार्यालय डिल्लीबजारले मिति ०६४।९।२९ मा नेपाल सरकारका नाममा कायम हुने गरी गरिएको निर्णयबाट आफुलाई अन्याय परेको र सो निर्णय बदर गरी न्याय दिलाई पाउं भन्ने मुख्य दावी लिई रिट निवेदन दिएको देखिन्छ । विपक्षीको बांकी सम्पूर्ण व्यहोरा रिट निवेदन बाटै अवगत हुने हुँदा यहां पुनरावृत्ति गरिएको छैन ।



१४

२. उक्त जग्गा साविक देखि आवतजावत गर्ने, ढल निकास, पानी, विजुली, टेलिफोन लगायत सम्पूर्ण निकासाको रुपमा प्रयोग भई रहेकोले सार्वजनिक गरी दिन का.म.न.पा.वडा नं.१७ वाट मालपोत कार्यालय डिल्लीवजारलाई लेखि आएको र उक्त जग्गा हाल वाटोको रुपमा प्रयोग भई रहेको भन्ने व्यहोराको नापी शाखा डिल्लीवजारवाट प्राप्त फिल्ड प्रतिवेदन समेतको आधार, प्रयोग गरी उल्लेखित निवेदक समेतको हक लाग्ने शिट नं १०६४-१७ कि.नं.८४८ को वाटोमा पर्ने जग्गालाई नेपाल सरकारका नाउँमा कायम गरिदिने गरी मा.पो.का. डिल्लीवजारले ०६४।७।२९ मा निर्णय गरेको व्यहोरा अनुरोध छ ।

३. प्रचलित कानून वमोजिम जग्गा प्रशासन गर्ने र जग्गा नाप जांच गर्ने सम्वन्धमा मालपोत ऐन,२०३४ र जग्गा (नाप-जांच) ऐन, २०१९ ले निश्चित प्रकृया सहित काम, कर्तव्य, अधिकार एवं दायित्व तत् तत् व्यक्ति र पदाधिकारीलाई तोकेको छ । तसर्थ प्रचलित कानून वमोजिम जिल्ला स्थित सरकारी निकायवाट भए गरेको काम कार्यवाहीका सम्वन्धमा विपक्षीले यस मन्त्रालयलाई प्रतिवादी वनाएको उचित छैन । अतः प्रस्तुत मुद्दा खारेज गरि पाउँ ।

४. प्रस्तुत रिट निवेदन सम्वन्धमा सरकारी वकीलवाट हुने वहस पैरवीलाई यसै लिखित जवाफको अभिन्न अंग मानी पाउं ।

५. यसमा लेखिएको व्यहोरा ठीक सांचो हो, झुट्टा ठहरे कानून वमोजिम सहुंला वुझाउंला ।

लिखित जवाफ प्रस्तुतकर्ता

(वावुराम आचार्य)
सचिव
भूमि सुधार तथा व्यवस्था मन्त्रालय

इति सम्वत् २०६५ साल आश्विन ३ गते रोज ६ शुभम् - - - - - - - - - - - - - - - ।



श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

मार्फत : श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं
सम्वत २०६५ सालको रिट नं. ००२१

विषय : लिखित जवाफ प्रस्तुत गरिएको ।

नेपाल सरकार, नापी कार्यालय, डिल्लीबजार.........................१ पक्ष
लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

का.जि.का.म.न.पा वडा नं. १७ बस्ने ऋषिकुमार पाण्डे समेत... विपक्षी
रिट निवेदक

मुद्दा : उत्प्रेषणयुक्त परमादेश ।

तहाँ सम्मानित अदालतबाट यस कार्यालयका नाममा जारी भएको उपरोक्त मुद्दाको म्याद २०६५।४।२३ मा तामेल भएकोमा कार्यालयको अन्य कार्यव्यस्तताको कारणले म्यादै भित्र लिखित जवाफ पेश गर्न नसकिएको हुंदा म्याद थप सम्बन्धमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(क) अनुसार गुज्रेको म्याद थाम्भी थमाई पाउने निवेदन समेत पेश गरी यस सम्बन्धमा भएको सत्य तथ्य व्यहोरा तपसिल बमोजिम भएकोले विपक्षीको माग निवेदन खारेज गरी पाउन सादर अनुरोध गर्दछु ।

यो लिखित जवाफका मस्यौदाकार
नापी अधिकृत भगवती प्रसाद देव

१. विपक्षीको माग दाबी सम्बन्धी व्यहोरा रिट निवेदनमा नै उल्लेख भएको हुंदा सो सम्बन्धमा थप विवेचना नगरी विपक्षीहरुको मागदाबीको का.म.न.पा. १७ सिट न. १०६४-१७ कि.नं. ८४८ मा दुई वा सो भन्दा बढी सरोकारवालाहरुले प्रयोग गरिरहेको, [illegible] कितानयुक्त मोटरबाटो रहेको हुंदा सार्वजनिक रुपमा प्रयोग भइरहेको

सार्वजनिक सरोकारको वाटो जग्गालाई लगत कट्टा गरी नेपाल सरकारका नाममा क़ायम गरिएको कार्यवाट विपक्षीलाई कुनै असर नपर्ने हुँदा विपक्षीको रिट निवेदन खारेज भागी छ ।

२ उक्त जग्गा साविकदेखि आवत जावत गर्ने, ढल निकास, पानी, विजुली, टेलिफोन लगायत सम्पूर्ण निकासको रुपमा प्रयोग भइरहेकोले सार्वजनिक गरी दिन का.म.न.पा. वडा नं. १७ को च.नं. ५९५ मिति २०६४।९।२२ को पत्रवाट लेखि आएको र उक्त जग्गा हाल वाटोको रुपमा प्रयोग भइरहेको, पक्की (ढलान) मोटरेवल बाटो भएकोले सार्वजनिक रुपमा प्रयोग भइरहेको भन्ने फिल्ड निरीक्षण प्रतिवेदनबाट देखिएको साथै वादी पल्लवनारायण महर्जन समेत र प्रतिवादी यिनै रिट निवेदक ऋषि कुमार पाण्डे समेत भएको खिचोला समेत मुद्दामा उक्त कि.नं. ८४८ को साझा बाटो वादीहरुले समेत भोगचलन गर्न पाउने प्रतिवादी सरहको भोगाधिकार रहेको बाटो देखिएकोले सो वाटोमा प्रतिवादीहरुले गरेको अवरोध खिचोला हटाई साविक बमोजिम वादीहरुले भोग चलन गर्न पाउने ठहर्छ । वस्तुत: बाटोको रुपमा प्रयोग भएको दर्ता जग्गाको दर्ता लगत कट्टा गरी वाटोको रुपमा नै प्रयोग गरिने हुन्छ भन्ने का.जि.अ. को मिति २०६०।१०।२१ को फैसला पुनरावेदन अदालत पाटनवाट मिति २०६२।४।१८ मा सदर भई का.जि.अ. को च.नं. २८४ मिति २०६३।५।१३ को पत्रवाट चलन समेत चलाएको हुँदा उक्त जग्गा सार्वजनिक प्रकृतिको जग्गा भएकोले सोको संरक्षण हेतु नेपाल सरकारका नाममा दर्ता गरिएको हुँदा विपक्षीको माग बमोजिम रीट जारी हुनु पर्ने होइन । झुठ्ठा रीट निवेदन खारेज गरी अलग फुर्सद पाउँ ।

३ यस मुद्दासँग सम्वन्धित रायकल कागजात (मिसिल) यस कार्यालयमा नभएको व्यहोरा अनुरोध छ ।

४ यसमा महान्यायाधिवक्ताको कार्यालयवाट हुने वहस पैरवीलाई मुद्दाको अभिन्न अंग मानी पाउँ ।

५ उल्लेखित व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून वमोजिम सहुँला, बुझाउँला ।

लिखितजवाफ प्रस्तुतकर्ता

ना.अ. भगवती प्रसाद देव
नापी कार्यालय, डिल्लीबजार
भगवती प्रसाद
नापी अधिकृत

इति सम्वत २०६५ साल आश्विन महिना ८ गते रोज ४ शुभम्.................................



श्री सर्वोच्च अदालतमा चढाएको

लिखीत जवाफ

विषय : विपक्षीको झुट्टा निवेदन खारेज गरी पाउँ।

श्री काठमाडौं महानगरपालिका १७ वडा कार्यालयको तर्फबाट ऐ.का सचिव सत्यदेव पण्डितको

वा. वडा नं ४ बस्ने नरेन्द्र थापा .... १ लिखितजवाफ प्रेषक

प्रेशक

विरुद्ध

का.जि.का.म.पा. वडा नं. १७ बस्ने ऋषिकुमार पाण्डे १

ऐ.ऐ. वडा बस्ने विजय कुमार पाण्डे ....१ विपक्षी

मुद्दा : उत्प्रेषण

उपरोक्त विपक्षीले यस का.म.पा. १७ वडा कार्यालय समेतलाई विपक्षी बनाई दिएको उत्प्रेषणको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो बाटाको म्याद बाहेक १५ दिन भित्र लिखीत जवाफ सहित उपस्थित हुनहोला भनि पठाएको सूचना म्याद गत मिति २०६५/५/३ मा प्राप्त भएको हुँदा सो म्याद पाएको मितिले १५ दिन अर्थात २०६५/५/१७ गते सम्ममा लिखीत जवाफ पेश गर्न पर्नेमा उक्त म्यादमा कार्यालयको कामको व्यस्तताले गर्दा उक्त म्याद गुज्रन गएको हुँदा उक्त गुज्रेको म्याद सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४२(क) बमोजिम म्याद थामी लिखीत जवाफ लिई उपस्थित भएको छु। विपक्षीको झुट्टा आधारहीन निवेदन खारेज गरी पाउँ।

प्रस्तुत निवेदनको व्यहोराको सम्बन्धमा सक्कल निवेदन सहितको मिसिलबाट अवगत हुनेनै हुँदा त्यस विषयमा यहाँ पुनरावृत्ति गरिएको छैन। विपक्षीको निवेदन खारेज हुनुपर्दछ भन्ने समर्थनमा निम्न व्यहोराको लिखीत जवाफ प्रस्तुत गर्दछु।

सर्वप्रथमतः उक्त विवादित कि.नं. ४४८ को जग्गा सार्वजनिक गरी मालपोत कार्यालयबाट मिति २०६३/१०/१३ भएको निर्णय उपर हाल करिब १९ महिना पछि मात्र आएर उक्त निर्णय बदर माग गरी आउनु भएको छ। किन के कारणले यति धेरै विलम्ब हुनगयो। सो समेत रिटमा केही खुलाउन सक्नुभएको छैन। तसर्थ प्रस्तुत रिट निवेदन विलम्बको सिद्धान्तको आधारमा खारेज हुनुपर्दछ।

त्यस्तै समयमा सचेत नभै सुतेर बस्ने विपक्षीलाई अदालतले मद्दत गर्न सक्ने अवस्था छैन। समयमै उपचार नखोज्ने, हाल आएर मलाई मर्का पर्‍यो भन्नेमा विपक्षीले उपचार प्राप्त गर्न सक्ने अवस्था नहुँदा प्रस्तुत निवेदन खारेज भागी छ।

३. त्यस्तै विपक्षीले यस १७ नं वडा कार्यालयलाई के कति कारणले विपक्षी वनाउन परेको हो सो सम्म खुलाउन सक्नुभएको छैन । तसर्थ यस वडा कर्यालयको हकमा प्रस्तुत निवेदन खारेज भागी छ । खारेज होस् ।

४. त्यस्तै उक्त विवादीत वाटो अन्य प्रत्यार्थीहरु लगायतले साविक देखिनै भोग चलन गरी आएको हुंदा त्यसरी सार्वजनिक रुपमा भाग चलन गरी आएको वाटो मुलुकी ऐन घर वनाउनेको ४ नं. अनुसार पनि थुन्न छेक्न नमिल्ने हुंदा प्रस्तुत निवेदन खारेज भागी छ ।

५. उक्त विवादीत जग्गाको विषयमा विपक्षी र अन्य प्रत्यार्थीहरुका विचमा तह तह मुद्दा परी सार्वजनिक वाटो कायम हुने गरी सर्वोच्च अदालतवाटै फैसला कार्यान्वयनको शिलशिलामा चलन समेत चलाई दिई सकेको अवस्थामा उक्त अन्तिम फैसला विपरीत हुने गरी रिट जारी गर्न मिल्ने अवस्था नहुदा प्रस्तुत निवेदन खारेज भागी छ ।

६. उक्त जग्गाको विषयमा हालसम्म निर्णय भएको मिति २०६२/१०/१३ मा नै मन्त्रीस्तरबाट निर्णय भएको र उक्त निर्णय कायम रहे सम्म उक्त निर्णय अनुसार भएको काम कारवाही वदर हुन सक्ने होईन ।

७ जहा सम्म लागत कट्टा समीतीमा वडा कार्यालयको प्रतिनिधी रहने प्रावधान मालपोत नियमावली २०५६ को नियम ५(ग) ले व्यवस्था गरे अनुसार गठन समिती हो । उक्त कानून अनुसार वनेको समितीले प्रकृयागत ढंगमा गरेको काम वाहेक यस वडा कार्यालयको छुट्टै भूमीका नभएको हुंदा यस वडा कार्यालयको हकमा प्रस्तुत निवेदन खारेज भागी छ ।

तसर्थ माथि उल्लेखित तथ्य एवं कानूनी आधारका अलावा पछि यस का.म.पा. १७ वडा कार्यालयको तर्फवाट रहनुहुने कानून व्यवसायीको तर्फवाट वहस हुंदालाई पनि प्रस्तुत लिखीत जवाफको अभिन्न अंग मानी प्रमाण लगाई विपक्षीको निवेदन खारेज गरी पाउं ।

यसमा लेखिएको व्यहोरा ठिक सांचो हो । झुट्टा ठहरे कानुन वमोजिम सहुला वुझाउंला ।

लिखित जवाफ प्रेशक
वा. नरेन्द्र थापा

इति सम्वत् २०६५ साल असोज ३ गते रोज २ शुभम् ....

सर्वोच्च अदालतमा चढाएको

सार-संक्षेपिकरण

विषय : सम्वत २०६५ सालको रिट नं ००२१ को विपक्षीको रिट निवेदन खारेज गरी पाउँ ।

का.जि.का.म.पा. वडा नं १७, क्षेत्रपाटी वस्ने वर्ष, ६४ को प्रेम कुमार श्रेष्ठको वारिस ल.पु.जि. ईमाडोल गा.वि.स. वडा नं ८ वस्ने वर्ष ३३ को सुमन कुमार के.सी. ....१ **लिखितजवाफ प्रस्तुतकर्ता**

विरुद्ध

का.जि.का.म.पा. वडा नं १७ वस्ने ऋषि कुमार पाण्डे १

ऐ.ऐ. वस्ने विजय कुमार पाण्डे ....१ **विपक्षी**

गुद्दा :- उत्प्रेषणयुक्त परमादेश !

मस्यौदाकर्ता : अधिवक्ता सुमन कुमार के.सी.
प्र.प.स. ८३६१

१. लिखित जवाफको संक्षिप्त व्होरा :

का.जि.का.म.पा. वडा नं १७ क्षेत्रपाटी स्थित कि.नं १६०८ को घर जग्गा म लिखितजवाफवालाको हो । उक्त कि.नं. १६०८ को पश्चिम तर्फ कि.नं ८४८ साविकदेखिकै प्रयोगमा रहेको मोटरेवल वाटो हो । उक्त वाटो म लगायत अन्य प्रत्यर्थीहरु समेतको सम्पूर्ण निकासको एक मात्र विकल्पको रुपमा रहेको छ । उक्त कि.नं. साविकवाटै वाटो भएको कुरा मिति २०३१/४/१५ र.नं २५३ को वाटो शर्तनामा तथा अदालतको फैसला, पारित हक हस्तान्तरणका लिखत समेतवाटै स्पष्ट हुन्छ । वाटोको दर्ता व्यक्ति वा नेपाल सरकार जसको नाममा रहेपनि वाटो वाटो नै हो र यसको प्रयोग गर्न कसैले रोक्न सक्दैन । कि.नं. ८४८ विपक्षीको निजी संम्पत्ति होइन । यसलाई विपक्षीले वाटोदेखि वाहेक अन्यथा प्रयोग गर्ने तथा हक हस्तान्तरण गर्ने व्यवस्था कहीं कतैवाट छैन । जुन कुरा उल्लेखित वाटो शर्तनामा तथा अदालतवाट अन्तिम भएको फैसला समेतवाट छर्लङ्ग हुन्छ । तसर्थ यस स्थितिमा विपक्षीको कुनै पनि निजी सम्पत्ति भन्ने अवस्था नहुँदा सम्पत्ति सम्वन्धी विपक्षीको



मौलिक तथा कानूनी हकमा कुनै पनि आघात पुगेको छैन । मा.पो.का. ले सरकारको मिति २०६२/१०/१३ को निर्णयको आधारमा विपक्षीको नामभासम्म रहेको कि.नं. ८४८ वाटोलाई मिति २०६४/९/२९ मा कानून वमोजिम नेपाल सरकारको नाममा कायम गरेको अवस्था हुँदा विपक्षीको गैरकानूनी निवेदन दावी खारेज गरी पाउँ । ८०

२. कानूनी प्रश्न :

(क) कि.नं. ८४८ को अस्तित्व वाटो हो वा आफूखुशी जुनसुकै स्वरुपमा प्रयोग गर्न पाईने विपक्षीको निजी सम्पत्ति जग्गा ?

(ख) वाटोको रुपमा साविक नापीदेखि नै श्रेस्ता पूर्जामा जनिएर प्रयोग गरिदै आएको अवस्थामा सरकारको निर्णय अनुसार वाटो नेपाल सरकारको नाममा दा.खा. गर्न मिल्छ वा मिल्दैन ?

(ग) सरकारको निर्णय अनुसार साविक नापी दर्ता देखिको सार्वजनिक प्रयोगको वाटोलाई नेपाल सरकारको नाममा दा.खा. दर्ता गर्दा विपक्षीको मौलिक तथा कानुनी हकमा आघात पर्छ पर्दैन ?

३. माग गरिएको उपचार :

कानून सम्मत तवरबाट सरकारको निर्णय अनुसार साविक नापी दर्तादेखि सार्वजनिक प्रयोगको रुपमा रहेको वाटो नेपाल सरकारको नाममा कायम गरिएको हुँदा विपक्षीको रिट नं००२१ खारेज गरी पाउँ ।

४. माथि लेखिएको व्यहोरा ठिक साँचो छ, झुट्टा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

सारसंक्षेप प्रस्तुतकर्ता
वा . गगन कुमार के.सी.

ईति सम्वत् २०६५ साल आश्विन महिना १३ गते रोज २ शुभम्..................................



29

सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ -पत्र

विषय : सम्वत् २०६५ सालको रिट नं ००२१ को विपक्षीको रिट निवेदन खारेज गरी पाउँ ।

का.जि.का.म.पा. वडा नं १७, क्षेत्रपाटी बस्ने वर्ष ६४ को प्रेम कुमार
श्रेष्ठको वारिस ल.पु.जि. इंमाडोल गा.वि.स. वडा नं ८ बस्ने वर्ष ३३
को सुमन कुमार के.सी. ....१ लिखितजवाफ प्रस्तुतकर्ता

विरुद्ध

का.जि.का.म.पा. वडा नं १७ बस्ने ऋषि कुमार पाण्डे १
ऐ.ऐ. बस्ने विजय कुमार पाण्डे ....१ विपक्षी

मुद्दा :- उत्प्रेषणयुक्त परमादेश ।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ लिई आउनु भनी जारी गरिएको यस अदालतको सूचना म्याद मेरा नाउँमा मिति २०६५/५/१० मा तामेल भएकोमा म्यादै भित्र लिखित जवाफ दर्ता गर्न मेरो कार्य-व्यस्तता समेतले असमर्थ भई गुज्रन गएको म्याद छुट्टै निवेदनद्वारा थमाई थामी पाउने म्यादै भित्र मेरो भएको सत्य साँचो व्यहोराको यो लिखित जवाफ दर्ता गर्न उपस्थित भएको छु । प्रचलित कानूनले लाग्दै नसक्ने विपक्षीको निवेदन खारेज गरी पाउँ भनी निम्न लिखित जिकिर लिएको छु । मेरो निम्न अनुसार लिखित जवाफ जिकिर रहेको छ ।

१. अन्य प्रत्यर्थीहरुले लिखित जवाफ नै नलगाएमा वा जुनसुकै व्यहोराको लगाएमा समेत मेरो हकमा कुनै असर पर्ने होइन भन्ने प्रथम जिकिर लिएको छु ।

२. विपक्षीको रिट निवेदन कथन सम्पूर्ण झुट्ठा तथा बनावटी छ । का.जि.का.म.पा. वडा नं १७, क्षेत्रपाटी ढल्को स्थित कि.नं. १६०८ को घर जग्गा म लिखितजवाफवालाको हो । सो घरजग्गा २०३८ सालमा विपक्षीमध्येका ऋषिकुमार पाण्डेसँग मैले खरिद गरी लिई मेरो हकभोग हुन आएको हो । मेरो उक्त कित्ता घर जग्गाको पश्चिमतर्फ कि.नं

अधिवक्ता सुमन कुमार के.सी.
प्र.प.प्र. नं ३३६१

८४८ को साविकदेखि प्रयोग गर्दै आईरहेको मोटरेवल वाटो रहेको अवस्था छ । उक्त वाटोतर्फ मैले विपक्षीसँग खरिद गर्दाको साविकको पुरानो घरको तथा हाल निर्माण गरेको नयाँ घरको समेत प्रवेशद्वार गेट तथा झ्याल ढोका रहेको अवस्था छ । त्यसै गरी प्रत्यर्थी मध्येका नानीमैया, पंचनारायण, किशोर, हरिऊँ , नारायण महर्जन ले विपक्षी ऋषि कुमारको वुहारी शोभादेवी पाण्डे तथा गोरखा हस्पिटल एण्ड रिसर्ज ईन्स्टिच्यूट प्रा.लि. ले विपक्षी ऋषिकुमार तथा विजय कुमार पाण्डेवाट २०३१ साल तथा २०६२ सालमा घर जग्गा खरिद गरी लिनु भएको अवस्था हो । अर्थात म लगायत उल्लेखित सवै प्रत्यर्थीहरुको सम्पत्तिको श्रोत विपक्षीकै एकै घरपरिवार (वावु, छोरा, वुहारी) हो । हामी सवै प्रत्यर्थीहरुको सम्पूर्ण निकास, आवत् जावतको साविक देखिकै वाटो सोही कि.नं. ८४८ नै हो । सोको विकल्प अरु कुनै पनि छैन । जुन कुरा विपक्षी समेतको सम्लग्नतामा भएको मिति २०३१/४/१५ र.नं २५३ को बाटो शर्तनाभा तथा पारित हकहस्तान्तरणका लिखतहरुवाट छर्लङ्ग हुन्छ ।

३. त्यसै गरी विपक्षीमध्येका विजय कुमार पाण्डेले आफ्नो हक भोगको उक्त स्थानको घर जग्गा जति सम्पूर्ण २०६२/११/२१ मा प्रत्यर्थी मध्येका गोरखा हस्पिटल एण्ड रिसर्च ईन्स्टिच्यूट प्रा.लि. लाई विक्री वितरण गरी दिई सक्नु भएको अवस्था छ । यस स्थितिमा विपक्षीले रिट निवेदनको प्रकरण नं. १ मा पुनः विभिन्न कित्ता घर जग्गा संयुक्त नाममा रहेको भनी उल्लेख गरिएको व्यहोरा विलकुलै झुठ्ठा तथा वनावटी हो । झुठ्ठा व्यहोरा लेखि अदालतलाई गुमराहमा पार्न खोजिएको हो भन्ने कुरा सोलाई पुष्टि गर्ने कुनै पनि प्रमाण निवेदनसाथ पेश गर्न नसकिएवाटै स्पष्ट हुन्छ । मलाई जानकारी भएसम्म उक्त स्थानमा विपक्षी मध्येका विजयकुमार पाण्डेको नाममा कुनै पनि घर जग्गा रहे भएको अवस्था छैन । यस स्थितिमा विपक्षीले आफ्नो हकदैया नै समाप्त भैसकेकोमा यो निवेदन गर्न कानूनले मिल्ने हुन सक्दैन । आफ्नो सम्पर्ण घर जग्गा विक्री गरी दिई सकेपछि कुनै केही वाँकी नै नभए नरहेको विपक्षीको तर्फवाट के कसरी वारिसनामा मार्फत प्रस्तुत निवेदन पर्न आएको हो शंकास्पद छ । सम्पूर्ण घर जग्गा विक्री गरी दिई सकेपछि वाटो चाहीं मेरो हो, त्यसमा मैले भनेजस्तो हुनुपर्दछ भनी मुद्दा गर्दै हिड्न मिल्ने छुट कानूनले विपक्षीलाई दिएको छैन । नैतिक तथा कानुनी दुवै आधारवाट विपक्षी वाधित् भएको छ । यसर्थ विपक्षीको हकदैया विहिन गैरकानूनी निवेदन खारेज भागी छ, खारेज गरी पाउं ।

४. अर्को तर्फ हेर्ने हो भने उक्त कि.नं. ८४८ को जग्गा कहिल्यै पनि विपक्षीको निजी हक भोग चलनको नभई शुरु देखि देखि सवैको सार्वजनिक /साझा वाटोको रुपमा रहेको स्थिति छ । जुन कुरा फिल्डवुक भिडाई हेरिएमा समेत स्पष्ट हुन्छ । विपक्षीहरुवाट घर तथा जग्गाहरु विक्री वितरण गरिंदा गर्दै घरजग्गाको लागि आवत जावत गर्ने वाटो लगायत सम्पूर्ण निकासको लागि सोही कि.नं ८४८ नै साविकदेखि प्रयोग हुँदै आईरहेको अवस्था छ । जुन कुरा पारित लिखतहरु तथा अदालतको फैसला, अदालतवाट भएको नक्सा समेतवाट छर्लङ्ग हुन्छ । घर वनाउने नक्सा



2

स्वीकृतवाट समेत सो कुरा अझ पुष्टि हुन्छ । यसरी सदा सर्वदा बाटो निकासको अस्तित्वमा रहेको कित्ता नं ८४८ विपक्षीको नाममा दर्ता रहेको भन्ने सम्म आधारवाट विपक्षीको निजी सम्पत्ति भन्ने अर्थ गर्न र विपक्षीको निगाहमा सधैंभरी म लगायतका प्रत्यर्थीहरुले वाच्नुपर्दछ भन्ने अर्थ गर्न हरहालतमा मिल्ने हुनै सक्दैन । विपक्षीको खुशि अनुसार निजको निजी वाटो भनेर हामीहरुले सधैंभरी भन्नु पर्ने हाईन भने घर निर्माण गर्न पनि नपाईने त्यसतर्फ कुनै झ्यालढोका, सटर पसल निकाल्न पनि नपाईने कदापी हुनै सक्दैन । उहाँहरुवाट घर जग्गा विक्री गरी दिईएका प्रत्यर्थी हामीहरुले वाटोमा चाही उहाँको खुशी अनुसार सधैंभरी अड्कलेर प्रयोग गर्न पर्छ भन्ने अर्थ गरी हामीहरुको सम्पत्तिको अवमूल्यन गर्न मिल्दै मिल्दैन । यसो गरिंदा हामीमाथि ठाडै अन्याय पर्न जान्छ । तसर्थ विपक्षीको निजी भन्ने कुनै पनि अस्तित्वमा नै नरहेको साविक देखि नै विपक्षी तथा हामी प्रत्यर्थीहरु समेतको साझा भोग चलनमा रहेको कि.नं ८४८ को निकास वाटो नेपाल सरकारको नाममा कायम गरिंदा विपक्षीको कुनै पनि सम्पत्ति सम्बन्धी मौलिक तथा कानूनी हकमा आघात पुगेको अवस्था छैन । विपक्षीको निवेदन माग वमोजिम आदेश जारी हुनु पर्ने अवस्था छैन, खारेजै गरी पाउं ।

५. त्यसै गरी प्रत्यर्थी मध्येका पंचनारायण समेत वादी र विपक्षीहरु प्रतिवादी भएको मुद्दाको अन्तिम फैसलाले समेत उक्त कि.नं. ८४८ वाटो निकास भन्ने स्पष्ट पारेको छ । सो मुद्दामा भएको स्थलगत नक्सा तथा चलन पूर्जीवाट समेत वाटो निकासको कुरा अकाट्य रुपमा स्थापित भएर रहेको छ । सो मुद्दामा विपक्षीको नामको दर्ता बदर नभएको भन्ने आधारवाट विपक्षीको निजी भन्ने ठहरेको होईन । वस्तुत वाटोको रुपमा प्रयोग भएको दर्ता जग्गाको दर्ता समेत कट्टा गरी वाटोको रुपमा नै प्रयोग गरिने हुन्छ भनि दर्ता वदर गरे पनि नगरे पनि वाटो वाटो नै हुन्छ भनि शुरु का.जि.अ. ले ठहर गरेको फैसलालाई पु.अ. पाटनले सदर गरेको हो । साथै सोही फैसलामा त्यसै कारणले वादीको नाममा दर्ता गरी रहनु पर्ने औचित्य नभएको भनि बोलिएको हो । जुन कुरा सोही फैसलामा स्पष्टसंग वादीहरुलाई निजहरुको घरजग्गावाट साझा वाटोमा आउने जाने निकास राख्ने ठाउंका वारेमा प्रतिवादीहरुले वाध्य गर्ने अवस्था हुदैन भनी बोलिएवाट स्पष्ट हुन्छ । तसर्थ सो अन्तिम फैसलाले विपक्षीलाई कुनै मद्दत गर्न सक्ने अवस्था छैन । गलत अर्थ गरी विपक्षीले केही फाईदा लिई हाल्न सक्छु कि भनी निवेदनमा सो फैसलालाई उल्लेख गर्नु भएको सम्म हो । तथापि सो मुद्दाको अन्तिम फैसला पुनरावेदन अदालत पाटनवाट मिति २०६१/४/१८ मा हुनुभन्दा पछि मात्र मिति २०६२/१०/१३ मा भएको सरकारको निर्णय अनुसार साझा भोग चलनमा रहेको उक्त कि.न.. ८४८ को निकास वाटो मिति २०६४/९/२९ को निर्णयले नेपाल सरकारको नाममा रहने गरी वाटो निकास कायम भएको हो । सोही अदालतको फैसला, स्थलगत नक्सा, हस्तान्तरणका पारित लिखत, घर वनाउने स्वीकृत नक्सा नक्साको शर्तनामा लगायतवाट उक्त कि.नं. ८४८

को अस्तित्व साझा हक भोग चलनको निकास बाटोको रुपमा रहेको छर्लङ्ग देखिन्छ। यस अवस्थामा विपक्षीको निजी भन्ने अर्थ गरी पछि फर्कन मिल्ने हुनै सक्दैन । सोलाई नेपाल सरकारको नाममा कायम गर्ने गरेको निर्णय विलकुलै जायज कानून तथा न्याय संगत छ । सार्वजनिक रुपमा प्रयोग भै रहेको वाटो निकास विपक्षीको नाममा हुनै पर्ने भन्ने हुदैन । विपक्षीको निजी हुनै सक्दैन । निजी भन्ने वनाई जीवन्तसम्म हामी प्रत्यर्थीहरुलाई तल पारी दवाउने र आफूले भने जस्तो गर्ने कुचेष्टावाट ग्रसित भई विपक्षीले यो मुद्दा गर्नु भएको हो । विपक्षीको मुराद कदापी पुरा हुन सक्दैन । विपक्षीको निवेदन खारेजै हुनु पर्दछ, सोही अनुसार गरी पाउँ ।

६. त्यसै गरी सार्वजनिक भोग चलनको अस्तित्वमा रहेको निकास वाटोलाई विद्यमान अस्तित्व अनुसार नै सरकारले गरेको निर्णय मुताविक नेपाल सरकारको नाममा कायम गर्दा कुनै पनि गैर-कानूनी कार्य भएको छैन । यसो गर्दा विपक्षीलाई नवुझिएको भन्ने आधारमा प्राकृतिक न्याय सिद्धान्तको विपरित भयो भन्न मिल्दैन । जहाँ जहिले सुकै पनि प्राकृतिक न्याय सिद्धान्तको विषयले प्रवेश पाउने हुन सक्दैन । त्यसै गरी प्रस्तुत विषयमा पनि प्राकृतिक न्याय सिद्धान्तको प्रश्नै छैन । विपक्षीको निवेदनमा उल्लेखित नजिर यहाँ आकर्षित हुने होइन । विपक्षीको कुनै पनि सम्पत्ति माथि यहाँ आघात पुगेको अवस्था छैन । कि.नं. ८४८ विशुद्ध निकास वाटो हो । सोलाई विपक्षीले आफ्नो निजी सम्पत्ति जस्तो गरी वाटो वाहेक अन्यथा भोग चलन वेचविखन गर्न सक्ने अवस्था नै यहाँ विद्यमान छैन । सो कि.नं. ८४८ विशुद्ध वाटो निकास हो । वाटो सिवाय अरु केही होइन । वाटोलाई वाटो कै रुपमा अझ स्थापित गरेर राख्ने काम सोही मिति २०६४/९/२९ को निर्णयले गरेको छ । यस स्थितिमा विपक्षीलाई नवुझेको भन्ने सम्म आधारले प्राकृतिक न्याय सिद्धान्तको विपरित भएको छ भनी मान्न मिल्ने अवस्था छैन, वदर गर्नु पर्ने होइन, सदरै कायम राखी विपक्षीको झुठ्ठा निवेदन खारेज गरी पाउँ ।

७. त्यसै गरी म समेतका प्रत्यर्थीहरुले आवश्यक प्रमाण कागज समेत संलग्न गरी गराई सोको आधारमा सरकारको निर्णय अनुसार कि.नं. ८४८ को निजी वाटोको लगत कट्टा गरी नेपाल सरकारको नाममा मिति २०६४/९/२९ को निर्णयले कायम भएको हो । सरकारको निर्णय अनुसार लगतकट्टा दा.खा. दर्ता गर्ने अधिकार प्राप्त मालपोत कार्यालयले कानून सम्मत तवरवाट गरेको दा.खा. तथा निर्णय अ.वं ३५ नं विपरित हुन्छ भन्न मिल्दैन । सरकारको निर्णय कार्यान्वयन गर्दा कानूनको श्रोतको कुरा आउँदैन । सरकारको निर्णय राज्यमा लागू हुन्छ , सोलाई मान्दिन भन्न पाईने हुँदैन । यहाँ परिपत्रको कुरा समेत छैन, होईन । विपक्षीले यस सम्बन्धमा पेश गर्नु भएको नजिर समेत याहाँ आकर्षित हुने होइन । सरकारको सोही मिति २०६२/१०/१३ को निर्णय अनुसार पुनः तथा नयाँ सर्भे नापी नवरा भएका स्थानमा (अधिकांश काठमाडौं उपत्यका क्षेत्र भित्र) प्रयोग भएका तथा पुरानो वाटो शर्तनामा लिखत अनुसारका सम्पूर्ण वाटो निकासको निजी लगत कट्टा गरी सोलाई सैयौं कित्ता जग्गा नेपाल सरकारको

नाममा दर्ता कायम भएको छन् । समाजलाई सुव्यवस्थित वनाई सद्भावको मार्गमा डोऱ्याउने उद्देश्यवाट वर्षौं अघिदेखि भए गरिएका ती सम्पूर्ण काम कारवाहीलाई समाजले सहज रुपमा स्वीकार गरी हालसम्म कहिं कतै कोही कसैवाट कुनै पनि किसिमको दावी विरोध उजुर परेको छैन । हाल तीन वर्षपछि आएर भए गरिएका ती सम्पूर्ण काम कारवाहीलाई असर पार्ने पराउने गरी पछाडि फर्किएर समाजलाई अव्यवस्थित र अशान्ति वनाउने गरी विपक्षीको रिट जारी गर्न हर हालतमा मिल्ने हुनै सक्दैन । अदालत त्यसतर्फ हरहालतमा अग्रसर हुने सक्दैन । उक्त निर्णयले विपक्षीको कुनै पनि घर जग्गा सम्पत्तिमाथि आघात पुऱ्याउने कार्य कहीं कतैवाट पनि गरेको छैन । यसवाट उल्टै वर्षौंदेखि विपक्षीले-टोलवासीलाई दिंदै आउनु भएको दुःख, शास्ती र हैरानीवाट मुक्ति मिलेको अवस्था छ । तसर्थ विपक्षीको रिट निवेदन खारेज भागी छ खारेजै गरी पाउँ ।

८. त्यसै गरी विपक्षी ऋषिकुमार पाण्डे स्वयं मेरो दाता हुनुभएको र मैले विपक्षीसँग कि.नं. १६०८ को घरजग्गा खरिद गरी लिंदाकै अवस्थामा उक्त कि.नं ८४८ को वाटोतर्फ मेरो घरको आवत जावतको ढोका भ्याल रहेको अवस्था छ । जुन कुरा तत्कालीन फोटोवाट समेत देखिन्छ । मैले सोही पुरानो घर भत्काई हाल निर्माण गरेको घरमा समेत काठमाडौं महानगरपालिकावाट नक्सा पास स्वीकृति लिई सो तर्फ ढोका तथा झ्याल राखेको छु । यसरी वाटो भएको तर्फलाई वाटो भनि देखाईएको हो । वाटो भनी देखाईएको व्यहोराले विपक्षीलाई कुनै मद्दत गर्न सक्ने अवस्था छैन । नक्सापास स्वीकृत गरी निर्माण गरेको घरको विषयमा समेत विपक्षी ऋषिकुमारले कहिले आफ्नो नामवाट र कहिले आफ्नी श्रीमती गीतादेवी पाण्डेको तर्फवाट विभिन्न उजुर गरी मैले घर निर्माण गर्न थालेदेखि अनवरत रुपमा कहिले प्रहरी ल्याउने, धम्काउने, पक्राउ गर्ने प्रयास गर्ने सम्मका विभिन्न हतकण्डा अपनाईरहनु भएको छ । मेरो नक्सापास उपरमा विपक्षीले म्यादभित्र कुनै पनि उजुर नगरी स्वीकार गरी वस्नु भएको छ । विपक्षी ऋषिकुमार पाण्डे पञ्चायत कालदेखिका ज्यादै नै शक्तिशाली पदमा वस्नु भएका ठूलो मानिस हुनुहुन्छ । उहाँलाई कसैले केही भन्न र गर्न सक्ने नै हुदैन । उहाँले सबैलाई आफ्नो घरको चारै तर्फ घरजग्गा विक्री गरी दिनु भएको छ । उहाँसँग कुनै तर्फवाट पनि सांध जोडिएका तथा नजोडिई निकट रहेका सवै टोलवासी छरछिमेकीलाई आफ्नो हैकम, रवाफ तथा शक्ति देखाई शान्ति संग वस्न तथा घर वनाउन नदिई विभिन्न मुद्दा मामिलामा अल्झाई यसरी नै दुःख दिंदै आइरहनु भएको छ । सार्वजनिक प्रयोगको सम्पूर्ण निकास रहेको वाटोलाई समेत आफ्नो निजी भनेर दुःख दिई रहनु भएको छ । उहाँले भनेको सबैले मान्नुपर्छ, अन्यथा जीवनभर यसरी नै दुःख दिई रहने उहाँको प्रवृति रहंदै आईरहेको छ । अन्तिम फैसलाले समेत कुनै रोक लगाउन नमिल्ने भनी वोलेको कुरामा समेत विपक्षीले भनेकै ठाउँमा मात्र घरको गेट, झ्याल ढोका हाल्नु पर्ने अन्यथा नपाउने गरी जबर्जस्त विपक्षीले रोक लगाउनु हुन्छ । उल्टै उहाँले सोही सार्वजनिक प्रयोगको

वाटोलाई सांगुरो वनाउने पर्खाल लगाउने ~~काँडेतार~~ राख्ने जस्ता ज्यादै नै अमानवीय र अधर्मी कार्य गर्नु भएको छ । विपक्षीले नक्सा पासै नगरी घर निर्माण गरी सार्वजनिक वाटोमाथि घरको पाँचौं तल्लामा दुई ओटा घरलाई जोड्ने ओभरहेड व्रिज (आकासे पुल) निर्माण गर्नु भएको छ, जुन सरासर प्रचलित कानूनको विपरित छ । तसर्थ विपक्षीको सम्पूर्णमा झुट्ठा निवेदन पर्न आएको हुँदा खारेज भागी छ, खारेजै गरी पाउँ ।

९. अतः माथिका प्रकरणहरुमा लेखिए अनुसार सम्पूर्ण वस्तुस्थिति, प्रमाण कागज वडाको सर्जमिन सिफारिश पारित वाटो शर्तनामा लिखत, अदालतको फैसला समेतकाधारमा अधिकार प्राप्त मालपोत कार्यालयले विपक्षीको नाममा दर्ता रहेको सार्वजनिक उपभोगको निकास वाटोको लगत कट्टा गरी वाटो नेपाल सरकारको नाममा कायम गर्नु गरी गरेको मिति २०६४/९/२९ को निर्णय न्याय तथा कानूनसम्मत हुँदा विपक्षीको रिट निवेदनमा माग दावी अनुसारको आदेश जारी हुन नसक्ने हुँदा खारेजै गरी न्याय पाउँ ।

१०. यो लिखितजवाफ दर्ता गर्न लाग्ने दस्तुर यसै साथ पेश गरेको छु ।

११. यो लिखितजवाफ दर्ता गर्न हाल कानून व्यवसायी मुकरर गरेको छैन ।

१२. संलग्न कागजातको नक्कल ।
   - (क) धनिपुर्जा ।
   - ~~(ख) पारित लिखत~~
   - (ग) साविक घरको फोटो थान -३ ।
   - (घ) का.म.पा. को मिति २०६५/२/३० को पत्र ।
   - (ङ) नक्सापास प्रमाण-पत्र-~~१~~

१३. यसमा माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्ठा ठहरे कानून वमोजिम सहुँला वुझाउँला ।

लिखितजवाफ प्रस्तुतकर्ता
वा. सुमन कुमार के.सी.....१

ईति सम्वत २०६५ साल असोज महिना १६ गते रोज ८ शुभम्……………………………



सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ -पत्र

विषय : सम्वत २०६५ सालको रिट नं ००२१ को विपक्षीको रिट निवेदन खारेज गरी पाउँ ।

का.जि.का.म.पा. वडा नं १७, क्षेत्रपाटी वस्ने वर्ष ७७ को पञ्चनारायण महर्जन-१, ऐ.ऐ. वस्ने वर्ष ७२ की नानीमैयाँ महर्जन-१,ऐ.ऐ. वस्ने वर्ष ५३ को किशोर महर्जन-१, ऐ.ऐ.वस्ने वर्ष ४७ को हरीऊँ महर्जन -१ र ऐ.ऐ. वस्ने वर्ष ४५ को नारायण महर्जन -१ समेत जना ५ को वारिस ल.पु.जि. ईमाडोल गा.वि.स. वडा नं ८ वस्ने वर्ष ३३ को सुमन कुमार के.सी. ....१ **लिखितजवाफ प्रस्तुतकर्ता**

विरुद्ध

का.जि.का.म.पा. वडा नं १७ वस्ने ऋषि कुमार पाण्डे १

ऐ.ऐ. वस्ने विजय कुमार पाण्डे ....१ **विपक्षी**

मुद्दा :- **उत्प्रेषणयुक्त परमादेश ।**

यसमा के कसो भएको हो ? निवेदकको माग वमोजिमको आदेश किन जारी हुन नपर्ने हो? यो आदेश प्राप्त भएको मितिले वाटाका म्याद वाहेक १५ दिन भित्र लिखित जवाफ लिई आउनु भनी जारी गरिएको यस अदालतको सूचना म्याद हाम्रा नाउँमा मिति २०६५/५/१० मा अलग-अलग तामेल भएकोमा म्यादै भित्र लिखित जवाफ दर्ता गर्न हाम्रो कार्य-व्यस्तता समेतले असमर्थ भई गुज्रन गएको म्याद छुट्टै निवेदनद्वारा थमाई थामी पाउने म्यादै भित्र हामीहरुको भएको सत्य साँचो व्यहोराको यो लिखित जवाफ दर्ता गर्न उपस्थित भएका छौं । प्रचलित कानूनले लाग्ने नसक्ने विपक्षीको निवेदन खारेज गरी पाउँ भनी निम्न लिखित जिकिर लिएका छौं । हाम्रो निम्न अनुसार लिखित जवाफ जिकिर रहेको छ ।

अन्य प्रत्यर्थीहरुले लिखित जवाफ नै नलगाएमा वा जुनसुकै व्यहोराको लगाएमा समेत हाम्रो हकमा कुनै असर पर्ने होइन भन्ने प्रथम जिकिर लिएका छौं ।

प्रयोगकर्ता : अधिवक्ता सुमन कुमार के.सी.
प्र.प.स. ८३६१



२. विपक्षीको रिट निवेदन कथन सम्पूर्ण झुठ्ठा तथा बनावटी छ । का.जि.का.म.पा. वडा नं १७, क्षेत्रपाटी ढल्को स्थित कि.नं. २१०२ र २१०१ को घरजग्गा हामी लिखितजवाफवालाको हो । सो जग्गा (साविक कि.नं. ८५०) २०३१ सालमा विपक्षीमध्येको ऋषिकुमार पाण्डेकी वुहारी शोभादेवीसँग खरिद गरी लिई हकभोग हुन आएको हो । सोमा विपक्षी साक्षी वस्नु भएको छ । हाम्रो उक्त कित्ता घर जग्गाको पश्चिमतर्फ कि.नं ८४८ को साविकदेखि प्रयोग गर्दै आईरहेको मोटरेवल बाटो रहेको अवस्था छ । उक्त वाटोतर्फ हाम्रो कम्पाण्डवाल र गेट रहेको अवस्था छ । त्यसै गरी प्रत्यर्थी मध्येका प्रेम कुमार श्रेष्ठले विपक्षी ऋषि कुमार तथा गोरखा हस्पिटल एण्ड रिसर्च ईन्स्टिच्यूट प्रा.लि.ले विपक्षी ऋषिकुमार तथा विजय कुमार पाण्डेवाट २०३८ साल तथा २०६२ सालमा घर जग्गा खरिद गरी लिनु भएको अवस्था हो । अर्थात हामी लगायत उल्लेखित सवै प्रत्यर्थीहरुको सम्पत्तिको श्रोत विपक्षीकै एकै घरपरिवार (वावु, छोरा, वुहारी) हो । हामी सवै प्रत्यर्थीहरुको सम्पूर्ण निकास, आवत् जावतको साविकदेखिकै वाटो यही कि.नं. ८४८ नै हो । सोको विकल्प अरु कुनै पनि छैन । जुन कुरा विपक्षी तथा हाम्रा दाता परदाता शोभादेवी पाण्डे समेतको सम्लग्नतामा भएको मिति २०३१/४/१५ र.नं २५३ को वाटो शर्तनामा तथा पारित हकहस्तान्तरणका लिखतहरुवाट छर्लङ्ग हुन्छ ।

३. त्यसै गरी विपक्षीमध्येका विजय कुमार पाण्डेले आफ्नो हक भोगको उक्त स्थानको घर जग्गा जति सम्पूर्ण २०६२/११/२१ मा प्रत्यर्थी मध्येका गोरखा हस्पिटल एण्ड रिसर्च ईन्स्टिच्यूट प्रा.लि. लाई विक्री वितरण गरी दिई सक्नु भएको अवस्था छ । यस स्थितिमा विपक्षीले रिट निवेदनको प्रकरण नं.१ मा पुनः विभिन्न कित्ता घर जग्गा संयुक्त नाममा रहेको भनी उल्लेख गरिएको व्यहोरा विलकुलै झुठ्ठा तथा वनावटी हो । झुठ्ठा व्यहोरा लेखि अदालतलाई गुमराहमा पार्न खोजिएको हो भन्ने कुरा सोलाई पुष्टि गर्ने कुनै पनि प्रमाण निवेदनसाथ विपक्षीवाट पेश गर्न नसकिएवाटै स्पष्ट हुन्छ । हामीलाई जानकारी भएसम्म उक्त स्थानमा विपक्षी मध्येको विजयकुमार पाण्डेको नाममा कुनै पनि घर जग्गा रहे भएको अवस्था छैन । यस स्थितिमा विपक्षीले आफ्नो हकदैया नै समाप्त भैसकेकोमा यो निवेदन गर्न कानूनले मिल्ने हुन सक्दैन । आफ्नो सम्पर्ण घर जग्गा विक्री गरी दिई सकेपछि कुनै केही वांकी नै नभए नरहेको विपक्षीको तर्फवाट के कसरी वारिसनामा मार्फत प्रस्तुत निवेदन पर्न आएको हो शंकास्पद छ । सम्पूर्ण घर जग्गा विक्री गरी दिई सकेपछि वाटो चाही मेरो हो, त्यसमा मैले भनेजस्तो हुनुपर्दछ भनी मुद्दा गर्दै हिड्न मिल्ने छुट कानूनले विपक्षीलाई दिएको छैन । नैतिक तथा कानुनी दुवै आधारवाट विपक्षी वाँधिनु भएको छ । तसर्थ विपक्षीको हकदैया विहिन गैरकानूनी निवेदन खारेज भागी छ, खारेजै गरी पाउँ ।

४. अर्को तर्फ हेर्ने हो भने उक्त कि.नं. ८४८ को जग्गा कहिल्यै पनि विपक्षीको निजी हक भोग चलनको नभई शुरु दर्ता देखि सबैको सार्वजनिक /साझा बाटोको रुपमा रहेको स्थिति छ । जुन कुरा फिल्डबुक झिकाई हेरिएमा समेत स्पष्ट हुन्छ । विपक्षीहरुवाट घर तथा जग्गाहरु विक्री वितरण गरिंदा सबै घरजग्गाको लागि आवत जावत गर्ने बाटो लगायत सम्पूर्ण निकासको लागि सोही कि.नं ८४८ नै साविकदेखि प्रयोग हुँदै आईरहेको अवस्था छ । जुन कुरा पारित लिखतहरु बाटो शर्तनामा तथा अदालतको फैसला, अदालतवाट भएको नक्सा समेतवाट छर्लङ्ग हुन्छ । घर बनाउने नक्सा स्वीकृतवाट समेत सो कुरा अझ पुष्टि हुन्छ । यसरी सदा सर्वदा बाटो निकासको अस्तित्वमा रहेको कित्ता नं ८४८ विपक्षीको नाममा दर्ता रहेको भन्ने सम्म आधारवाट विपक्षीको निजी सम्पत्ति भन्ने अर्थ गर्ने र विपक्षीको निगाहमा सधैंभरी म. लगायतका प्रत्यर्थीहरुले बाच्नुपर्दछ भन्ने अर्थ गर्न हरहालतमा मिल्ने हुनै सक्दैन । विपक्षीको खुशि अनुसार निजको निजी बाटो भनेर हामीहरुले सधैंभरी भन्नु पर्ने हाईन भने घर निर्माण गर्न पनि नपाइने त्यसतर्फ कुने झ्यालढोका, सटर पसल निकाल्न पनि नपाईने कदापी हुनै सक्दैन । उहाँहरुवाट घर जग्गा विक्री गरी दिइएका प्रत्यर्थी हामीहरुले बाटोमा चाही उहाँको खुशी अनुसार सधैंभरी अड्कलेर प्रयोग गर्न पर्छ भन्ने अर्थ गरी हामीहरुको सम्पत्तिको अवमूल्यन गर्न मिल्दै मिल्दैन । यसो गरिंदा हामीमाथि ठाडै अन्याय पर्न जान्छ । तसर्थ विपक्षीको निजी भन्ने कुनै पनि अस्तित्वमा नै नरहेको साविक देखि नै विपक्षी तथा हामी प्रत्यर्थीहरु समेतको साझा भोग चलनमा रहेको कि.नं ८४८ को निकास बाटो नेपाल सरकारको नाममा कायम गरिंदा विपक्षीको कुनै पनि सम्पत्ति सम्वन्धी मौलिक तथा कानूनी हकमा आघात पुगेको अवस्था छैन । विपक्षीको निवेदन माग बमोजिम आदेश जारी हुनु पर्ने अवस्था छैन, खारेजै गरी पाउँ ।

५. त्यसै गरी हामीहरु वादी र विपक्षीहरु प्रतिवादी भएको मुद्दाको अन्तिम फैसलाले समेत उक्त कि.नं. ८४८ बाटो निकास भन्ने स्पष्ट पारेको छ । सो मुद्दामा भएको स्थलगत नक्सा तथा चलन पूर्जीवाट समेत बाटो निकासको कुरा अकाट्य रुपमा स्थापित भएर बसेको छ । सो मुद्दामा विपक्षीले अड्कलेर प्रयोग गर्न दिने, विपक्षीले भनेको ठाउँमा मात्र झ्याल, ढोका, गेट, सटर हाल्नु पर्ने भन्ने कुरालाई अदालतले अस्वीकार गरी " वादीहरुलाई निजहरुको घर जग्गावाट साझा बाटोमा आउने जाने निकास राख्ने ठाउँका बारेमा प्रतिवादीहरुले बाध्य गर्ने अवस्था हुँदैन" भनि स्पष्ट बोलेको छ । सोही अन्तिम फैसलावाटै विपक्षीको निजी बाटो भनि देखाईरहनु पर्ने अवस्था पूर्णतः समाप्त भएको छ । सो मुद्दामा विपक्षीको नामको दर्ता बदर नभएको भन्ने आधारवाट विपक्षीको निजी भन्ने ठहरेको होईन । बाटो दर्ता लगत कट्टा गरे पनि नगरे पनि बाटो बाटोको रुपमा नै प्रयोग गरिने हुन्छ भनी बोलिएको

हो । विपक्षीको निजी आफू खुशी गर्न पाउने सम्पत्ति हो भनी फैसलाले बोलेको होईन । तसर्थ सो अन्तिम फैसलाले विपक्षीलाई कुनै मद्दत गर्न सक्ने अवस्था छैन । गलत अर्थ गरी विपक्षीले केही फाईदा लिई हाल्न सक्छु कि भनी निवेदनमा सो फैसलालाई उल्लेख गर्नु भएको सम्म हो । तथापी सो मुद्दाको अन्तिम फैसला पुनरावेदन अदालत पाटनवाट मिति २०६२/४/१८ मा हुनुभन्दा पछि मात्र मिति २०६२/१०/१३ मा भएको सरकारको निर्णय अनुसार साझा भोग चलनमा रहेको उक्त कि.न.८४८ को निकास वाटो मिति २०६४/९/२९ को निर्णयले नेपाल सरकारको नाममा रहने गरी बाटो निकास कायम भएको हो । सोही अदालतको फैसला, स्थलगत नक्सा, हस्तान्तरणका पारित लिखत, घर वनाउने स्वीकृत नक्सा वाटोको शर्तनामा लगायतवाट उक्त कि.नं. ८४८ को अस्तित्व साझा हक भोग चलनको निकास वाटोको रुपमा रहेको छर्लङ्ग देखिन्छ । यस अवस्थामा विपक्षीको निजी भन्ने अर्थ गरी पछि फर्कन मिल्ने हुनै सक्दैन । सोलाई नेपाल सरकारको नाममा कायम गर्ने गरेको निर्णय विलकुलै जायज कानून तथा न्याय संगत छ । सार्वजनिक रुपमा प्रयोग भै रहेको वाटो निकास विपक्षीको नाममा हुनै पर्ने भन्ने हुदैन । विपक्षीको निजी हुनै सक्दैन । निजी भन्ने वनाई जीवन्तसम्म हामी प्रत्यर्थीहरुलाई तल पारी दवाउने र आफूले भने जस्तो गर्ने कुचेष्टावाट ग्रसित भई विपक्षीले यो मुद्दा गर्नु भएको हो । विपक्षीको मुराद कदापी पुरा हुन सक्दैन । विपक्षीको निवेदन खारेजै हुनु पर्दछ, सोही अनुसार गरी पाउँ ।

६. त्यसै गरी सार्वजनिक भोग चलनको अस्तित्वमा रहेको निकास वाटोलाई विद्यमान अस्तित्व अनुसार नै सरकारले गरेको निर्णय मुताविक नेपाल सरकारको नाममा कायम गर्दा कुनै पनि गैर-कानूनी कार्य भएको छैन । यसो गर्दा विपक्षीलाई नवुझिएको भन्ने आधारमा प्राकृतिक न्याय सिद्धान्तको विपरित भयो भन्न मिल्दैन । विपक्षीले प्रश गर्नु भएको नजिर समेत यहाँ आकर्षित छैन । जहाँ जहिले सुकै पनि प्राकृतिक न्याय सिद्धान्तको विषयले प्रवेश पाउने हुन सक्दैन । त्यसै गरी प्रस्तुत विषयमा पनि प्राकृतिक न्याय सिद्धान्तको प्रश्नै छैन । विपक्षीको निवेदनमा उल्लेखित नजिर यहाँ आकर्षित हुने होइन । विपक्षीको कुनै पनि सम्पत्ति माथि यहाँ आघात पुगेको अवस्था छैन । कि.नं. ८४८ विशुद्ध निकास वाटो हो । सोलाई विपक्षीले आफ्नो निजी सम्पत्ति जस्तो गरी वाटो वाहेक अन्यथा भोग चलन वेचविखन गर्न सक्ने अवस्था नै यहाँ विद्यमान छैन । सो कि.नं. ८४८ विशुद्ध वाटो निकास हो । वाटो सिवाय अरु केही होइन । वाटोलाई वाटो कै रुपमा अझ स्थापित गरेर राख्ने काम सोही मिति २०६४/९/२९ को निर्णयले गरेको छ । यस स्थितिमा विपक्षीलाई नवुझेको भन्ने सम्म आधारले प्राकृतिक न्याय सिद्धान्तको विपरित भएको छ भनी

अन्यथा जीवनभर यसरी नै दुःख दिई रहने उहाँको प्रवृति रहँदै आईरहेको छ । अन्तिम फैसलाले समेत कुनै रोक लगाउन नमिल्ने भनी बोलेको कुरामा समेत विपक्षीले भनेकै ठाउँमा मात्र घरको गेट, झ्याल ढोका हाल्नु 'पर्ने अन्यथा नपाउने' गरी जवर्जस्त विपक्षीले रोक लगाउनु हुन्छ । उल्टै उहाँले सोही सार्वजनिक प्रयोगको बाटोलाई साँगुरो बनाउने पर्खाल लगाउने काँडेतार राख्ने जस्ता ज्यादै नै अमानवीय र अधर्मी कार्य गर्नु भएको छ । विपक्षीले नक्सा पासै नगरी घर निर्माण गरी सार्वजनिक बाटोमाथि घरको पाँचौं तल्लामा दुई वटा घरलाई जोड्ने ओभरहेड ब्रिज (आकासे पुल) निर्माण गर्नु भएको छ, जुन सरासर प्रचलित कानूनको विपरित छ । तसर्थ विपक्षीको सम्पूर्णमा झुठ्ठा निवेदन पर्न आएको हुँदा खारेज भागी छ, खारेजै गरी पाउँ ।

९. अतः माथिका प्रकरणहरुमा लेखिए अनुसार सम्पूर्ण वस्तुस्थिति, प्रमाण कागज वडाको सर्जमिन सिफारिश पारित बाटो शर्तनामा लिखत, अदालतको फैसला समेतकाधारमा अधिकार प्राप्त मालपोत कार्यालयले विपक्षीको नाममा दर्ता रहेको सार्वजनिक उपभोगको निकास बाटोको लगत कट्टा गरी बाटो नेपाल सरकारको नाममा कायम गर्ने गरी गरेको मिति २०६४/९/२९ को निर्णय न्याय तथा कानूनसम्मत हुँदा विपक्षीको रिट निवेदनमा माग दावी अनुसारको आदेश जारी हुन नसक्ने हुँदा खारेजै गरी न्याय पाउँ ।

१०. यो लिखितजवाफ दर्ता गर्न लाग्ने दस्तुर यसै साथ पेश गरेका छौ ।

११. यो लिखितजवाफ दर्ता गर्न हाल कानून व्यवसायी मुकरर गरेका छैनौ ।

१२. संलग्न कागजातको नक्कल ।
   - (क) धनिपुर्जा ।
   - (ख) २०३१ को पारित बाटो शर्तनामा लिखत ।
   - (ग) २०३१ को हक हस्तान्तरणको लिखत ।
   - (घ) फिल्डबुक उतार ।
   - (ङ) अदालतको फैसला तथा स्थलगत नक्सा थान -३ ।
   - (च) चलन पुर्जी ।

१३. यसमा माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहौंला बुझाऔंला ।

लिखितजवाफ प्रस्तुतकर्ता
वा. सुमन कुमार के.सी.....१

ईति सम्वत् २०६५ साल असोज १२ गते रोज २ शुभम्.......................................



श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

मार्फत : श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।
सम्बत् २०६५ सालको रिट नं. ००२१

विषय : लिखित जवाफ प्रस्तुत गरिएको ।

नेपाल सरकार, मालपोत कार्यालय, डिल्लीबजार. .... पक्ष
लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

का.जि.का.म.न.पा. वडा नं. १७ बस्ने रूपकुमार पाण्डेसमेत .... विपक्षी
रिट निवेदक

मुद्दा : उत्प्रेषणयुक्त परमादेश ।

यो लिखित जवाफको मस्यौदाकार
प्र.[illegible] ( ) [illegible]

तहां सम्मानित अदालतबाट यस कार्यालयका नाउंमा जारी भएको उपरोक्त मुद्दाको म्याद ०६५।४।२३ मा तामेल भएकोमा कार्यालयको अन्य कार्यव्यस्तताको कारणले म्यादभित्र लिखित जवाफ पेश गर्न नसकिएको हुंदा म्याद थप सम्वन्धमा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४२क अनुसार गुज्रेको म्याद थामी थमाइपाउन निवेदन समेत पेश गरी यस सम्वन्धमा भएको सत्य तथ्य व्यहोरा तपसिलबमोजिम भएकोले विपक्षीको माग निवेदन खारेज गरिपाउन सादर अनुरोध गर्दछु ।

1. विपक्षीको भागदावी सम्वन्धी व्यहोरा रीट निवेदनमा नै उल्लेख भएको हुंदा सो सम्बन्धमा थप विवेचना नगरी विपक्षीहरुको भागदावीको का.म.न.पा.१७ सिट नं. १०६४-१७ कि.नं. ८४८ मा दुई वा सो भन्दा बढी सरोकारवालाहरुले प्रयोग गरिरहेको, पक्की, ढलानयुक्त मोटरबाटो रहेको हुंदा सार्वजनिक रुपमा प्रयोग भइरहेको सार्वजनिक सरोकारको बाटो जग्गालाई लगतकट्टा गरी नेपाल सरकारका नाममा कायम गरिएको कार्यबाट विपक्षीलाई कुनै असर नपर्ने हुंदा विपक्षीको रीट निवेदन खारेज भागी छ ।
2. उक्त जग्गा शुरुदेखि आवतजावत गर्ने, ढल निकास, पानी, विजुली, टेलिफोन लगायत सम्पूर्ण निकासको रुपमा प्रयोग भइरहेकोले सार्वजनिक गरी दिन का.म.न.पा.

[illegible]

जग्गा हाल बाटोको रुपमा प्रयोग भइरहेको, पक्की (ढलान) मोटरेबल बाटो भएकोले सार्वजनिक रुपमा प्रयोग भइरहेको भन्ने व्यहोराको ,नापी शाखा डिल्लीबजारको च.नं. २५६५ मिति २०६४।०९।२७ को पत्रसाथ फिल्ड निरीक्षण प्रतिवेदन प्राप्त भएको साथै वादी पञ्चनारायण महर्जनसमेत र प्रतिवादी यिनै रिट निवेदक ऋषिकुमार पाण्डेसमेत भएको खिचोला समेत मुद्दामा उक्त कि.नं.८४८ को साझा बाटो वादीहरूले समेत भोगचलन गर्नपाउने प्रतिवादीसरहको भोगाधिकार रहेको बाटो देखिएकोले सो बाटोमा प्रतिवादीहरुले गरेको अवरोध खिचोला, हटाई साविक बमोजिम वादीहरुले भोगचलन गर्नपाउने ठहर्छ । वस्तुतः बाटोको रुपमा प्रयोग भएको दर्ता जग्गाको दर्ता लगत कट्टा गरी बाटोको रुपमा नै प्रयोग गरिने हुन्छ भन्ने का.जि.अ.को मिति ०६०।१०।२१ को फैसला पुनरावेदन अदालत पाटनबाट मिति ०६२।४।१८ मा सदर भई का.जि.अ.को च.नं. २८४ मिति ०६३।५।१३ को पत्रबाट चलन समेत चलाएको हुंदा उक्त जग्गा सार्वजनिक प्रकृतिको जग्गा भएकोले सो को संरक्षण हेतु नेपाल सरकारका नाममा दर्ता गरिएको हुंदा विपक्षीको मागबमोजिम रीट जारी हुनुपर्ने होइन । झुठ्ठा रीट निवेदन खारेज गरी अलग फुर्सद पाउं ।

३. यसमा महान्यायाधिवक्ताको कार्यालयबाट हुने बहस पैरवीलाई मुद्दाको अभिन्न अंग मानीपाउं ।

४. उल्लेखित व्यहोरा सांचो हो । झुठ्ठा ठहरे कानुन बमोजिम सहुंला बुझाउंला ।

लिखित जवाफ प्रस्तुतकर्ता

(चन्द्रमान श्रेष्ठ)
प्रमुख मालपोत अधिकृत
मा.पो.का. डिल्लीबजार

इति सम्वत् २०६५ साल भाद्र २४ गते रोज ३ शुभम् ।......................



श्री सर्वोच्च अदालतमा चढाएको
लिखित जवाफ

मार्फत: श्री महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाडौं ।

नेपाल सरकार भूमिसुधार तथा व्यवस्थापन विभाग बबरमहल,काठमाण्डौ..............................लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं.१७ वस्ने ऋषिकुमार पाण्डेसमेत.... ....विपक्षी निवेदक

विषय:- उत्प्रेषण समेत (सम्वत २०६५ सालको रिट नं. ००३१) ।

श्री सम्मानित सर्वोच्च अदालतवाट यस विभागको नाममा जारी भएको १५ दिनको म्याद मिति ०६५।४।२२ मा प्राप्त हुन आएकोमा म्याद भित्र लिखित जवाफ प्रस्तुत गरेको छु । निवेदन पत्रमा उल्लेखित व्यहोरालाई पुनरावृत्ति नगरी देहाय वमोजीम प्रकरणहरुमा तथ्य व्यहोरा निवेदन गर्दछु ।

१. मालपोत ऐन २०३४ को दफा २४ को उपदफा १,२,३ मा सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता वा आवाद भर्ना गराउन हुदैन भन्ने कानुनी व्यवस्था भएको ।

२. मालपोत नियमावली २०३६को नियम २२ क उपनियम१,२,३ मा मालपोत कार्यालयले आफ्नो क्षेत्र भित्रको सरकारी र सार्वजनिकजग्गा दर्ता गरी क्रमश अनुसूची २(क) र अनुसूची २(ख) बमोजिमको अभिलेखमा अध्यावधिक गरी राख्नु पर्ने छ । उप नियम (१) बमोजिम सरकारी सार्वजनिक जग्गा दर्ता अध्यावधिक गर्दा मालपोत कार्यालयले क्षेत्रिय...र आवश्यक भएका अन्य प्रमाणहरु समेत बुझ्न सक्ने छ । उपनियम (१) बमोजिम दर्ता गरिएको सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व सम्बन्धित मालपोत कार्यालयको हुने छ भनी मालपोत नियमावलीमा व्यवस्था भएको ।

३. मालपोत ऐन २०३४को दफा २४, मालपोत नियमावली २०३६को नियम २२(क) बमोजीम नेपाल सरकारको नाममा दर्ता कायम भएको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गराउन हुदैन । दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वत: बदर हुने छ भन्ने कानूनी व्यवस्था भएको र सोही व्यवस्था बमोजिम काम कारवाही भएको हुदां यस विभागलाई विपक्षी बनाउनु पर्ने कुनै कारण आधार नभएकोले निवेदकको माग दावी झुठ्ठा छ ।तसर्थ यस विभागलाई विपक्षी बनाइ दिएको रिट निवेदन खारेज भागी छ । खारेज गरी पाऊं ।

४. यस विभागका तर्फवाट श्री महान्यायाधिवक्तको कार्यालयवाट हुने वहस पैरवीलाई समेत अभिन्न अंग मानी प्रमाण लगाई पाउं ।

५. यसमा लेखिएको व्यहोरा ठीक सांचो छ । झुठ्ठा ठहरे कानून वमोजिम सहुंला बुझाउंला ।

बबरमहल, काठमाडौं

लिखित जवाफ प्रस्तुतकर्ता
(जीवकुमार थापा)
महानिर्देशक
भूमिसुधारतथाव्यवस्थापन विभाग
बबरमहल,काठमाण्डौ

इति सम्वत २०६५ साल साउन गते २३ रोज ५ शुभम्



सर्वोच्च अदातल एक न्यायाधीशको इजलाश
माननीय न्यायाधीश श्री मीन बहादुर रायमाझी
आदेश

संवत् २०६५ सालको रिट नं. ००२१

विषय: उत्प्रेषणयुक्त परमादेश ।

गोपी कुमार पाण्डे समेत ....निवेदक
विरुद्ध
नेपाल सरकार भूमि सुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौं समेत ....विपक्षी

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षी नेपाल सरकार भूमि सुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौं समेतलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई पठाई दिनु । निवेदन माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ लिई आफू वा आफ्नो प्रतिनिधि मार्फत उपस्थित हुनु भनी रिट निवेदनको एक प्रति नक्कल साथै राखी अन्य विपक्षी समेतलाई सम्बन्धित जिल्ला अदालत मार्फत सूचना म्याद पठाई लिखित जवाफ आए वा अवधि नाघेपछि नियम बमोजिम पेश गर्नु ।

न्यायाधीश

इति संवत् २०६५ साल श्रावण २० गते रोज २ शुभम ....।



……ला राज भन्ने मोहनराज उपाध्याय विरुद्ध श्री ५ को सरकार, मन्त्रीपरिषद् सचिवालय समेत

अवस्थामा त्रुटिपूर्ण कार्य भयो भनी निवेदन जिकिर लिएकोमा अदालतमा निवेदक बन्दीलाई उपस्थित गराई अदालतको आदेशद्वारा थुनामा राखिएकोमा विवाद देखिएन । सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ को दफा ७(४) को व्यवस्था अनुसन्धानको सिलसिलामा संबन्धित अधिकारीले अदालतका आदेशानुसार म्याद थप पाई हिरासतमा राख्न सक्ने व्यवस्था हो । उक्त ऐनको उल्लेखित दफामा भएको समयावधि नघाई अदालतमा मुद्दा दायर हुन नसक्ने भन्ने होइन । प्रहरी प्रतिवेदन साथ उपस्थित गराइएका अभियुक्तलाई पूर्पक्षको लागि कानून बमोजिम थुनामा राख्न अदालतले सक्ने नै हुन्छ । साथै प्रारम्भिक अवस्थामा भएको त्रुटीको निरन्तरता अदालती थुनामा रहेको अवस्थासम्म जारी नरहने प्रहरी हिरासतबाट अदालती हिरासतमा रही अवस्था परिवर्तन भैसकेको अवस्थामा रिट जारी हुन नसक्ने भन्ने व्यहोराको निवेदक अम्बर बहादुर गुरुङ वि. जिल्ला प्रहरीकार्यालय हनुमान ढोका समेत भएको रि. पु. इ. नं. ५४ को मुद्दामा यस अदालत पूर्ण इजलासबाट मिति २०४८।१२।२४ मा सिद्धान्त प्रतिपादन भई रहेको पाइन्छ । प्रस्तुत मुद्दामा पनि बन्दी अम्बर बहादुरलाई प्रहरी हिरासतबाट अदालती हिरासतमा रही अवस्था परिवर्तन भइसकेको देखिदा उल्लेखित सिद्धान्त समेतका आधारमा रिट निवेदकको माग बमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था देखिएन । यो रिट निवेदन खारेज हुने ठहर्छ । फाईल नियम बमोजिम गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. कृष्णजंग रायमाझी

इति सम्वत् २०४९ साल भाद्र १४ गते रोज १ शुभम्

(५७४)

निर्णय नं. ४५६३ २०४९, ने.

संयुक्त इजलास

माननीय न्यायाधीश श्री केशव प्रसाद उपाध्याय
माननीय न्यायाधीश श्री गोविन्द बहादुर श्रेष्ठ

सम्वत् २०४६ सालको रिट नं.
आदेश मिति:– २०४९–५–

विषय:– उत्प्रेषण ।

रिट निवेदक:– झापा जि. सुरंगा गा. पि. स. वडा १ बस्ने मोहिनीराज भन्ने मोहनराज उपाध्याय ।

विरुद्ध

विपक्षी:– श्री ५ को सरकार, मंत्री परिषद् सचिवालय, मालपोत विभाग, बबर महल ।
झापा जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग ।
मालपोत कार्यालय झापा

मुलुकी ऐन जग्गा पजनीको ८ नं. जग्गा मिच्नेको २ नं. को कानूनी व्यवस्था र भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६ (२) को व्यवस्थालाई समष्टीगत रूपमा हेर्दा नदी उकासको जग्गा साविक दर्तावालाकै नाउँमा कायम रहने व्यवस्था रहे भएको देखिने ।

(प्र. नं. १०)

विवादको जग्गा सार्वजनिक जग्गा वा सरकारी वन क्षेत्रको जग्गा भन्ने विपक्षीहरूको लिखित जवाफ समेतबाट नदेखिई यी निवेदकको साविक दर्ताको नदी उकास

(५७४)

36 ने. का. प., २०४९, अङ्क ९, (प्र. नं. १ दे. ३)

जग्गा भन्ने दावी भएको हुँदा प्रस्तुत विवादको जग्गा दर्ता गर्ने सन्दर्भमा मालपोत ऐनको दफा २४ आकृष्ट हुन सक्ने अवस्था समेत नदेखिने ।

(प्र. नं. १०)

श्री ५ को सरकार (मन्त्री परिषद्)को निर्णय तथा विभागको परिपत्र अनुसार दर्ता गर्न नमिल्ने हो कि भन्नलाई त्यस्तो निर्णय एवम् परिपत्रले कानूनको रूप धारण गर्न नसक्ने र स्पष्ट कानूनी व्यवस्था विद्यमान रहेको अवस्थामा त्यस्तो परिपत्र एवम् निर्णय अनुसार गर्न नमिल्ने ।

(प्र. नं. १०)

रिट निवेदकको तर्फबाट:– विद्वान अधिवक्ता श्री पवन कुमार ओझा

विपक्षी तर्फबाट:– विद्वान सह न्यायाधिवक्ता श्री बलि बहादुर सिकरानी

अवलम्बित नजीर:– बुद्धिरत्न तुलाधर वि. मा. पो. का. काठमाडौं (ने. का. प. २०४३, अंक ४, पृष्ठ ३२६), गणेश बहादुर श्रेष्ठ विरुद्ध मालपोत कार्यालय काठमाडौं भएको उत्प्रेषण (ने. का. प. २०४४, अंक २, पृष्ठ २३६) मा प्रतिपादित सिद्धान्त ।)

आदेश

न्या. केशव प्रसाद उपाध्याय– नेपालको संविधान, २०१९ को धारा १६।७१ अन्तर्गत पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार छ:–

२. निवेदकले सम्वत् २०२२ सालमा गंगा गिरीसंग राजिनामा गरी लिएको सम्वत् १९९४ सालको नापीमा झापा जिल्ला प्रगन्ना नजरपुर मौजे घैलाडुबाको रै.नं. २६३, ३३१ को १४-७-१८¾ मध्येको ६-१८-३ जग्गा अगाडि नै नदी काटमा परी झापा मालबाट जाँचबुझ गरी मदीकाट बुर्जा पुर्जा ठहराई पोत मिन्हा भै रहेको जग्गा सर्भे नापी हुँदा झापा जिल्लाको सुरंगा गा. पं. वडा नं. १ को कि नं. २८१ मा गलकमा नदी भनी नापी भएको थियो । सो जग्गा २०३३ साल देखि नदी उकास भएकोले मिति २०३३।५।२८ गते मै तत्कालीन मु. प्र. का मा नदी उकास दर्ता गर्न निवेदन दिएकोमा कुनै प्रकारको जग्गा दर्ता नगर्नु भनी श्री ५ को सरकारबाट परिपत्र भएको भनी कारवाही नगरी राखिएको र पछि उक्त कारवाही मिसिल मालपोत कार्यालयमा प्राप्त भएपछि जग्गा नाप जाँच ऐनको म्याद भित्र नपरेको भनि मालपोत कार्यालय झापाबाट निवेदन तामेलीमा राखी दिने गरी मिति २०३७।३।३२ मा निर्णय आदेश भएकोले सो उपर मेची अंचलाधीश समक्ष उजुर गर्दा तामेलीमा राखेको मिलेन कानून बमोजिम निर्णय गर्नु, निर्णय गर्न नमिले वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिमा पेश गरी दिने भनी अंचलाधीश कार्यालयबाट तामेली निर्णय उल्टाई मिति २०४२।५।१५।१ मा मालपोत कार्यालयको नाउँमा आदेश भयो ।

३. उक्त आदेश पश्चात उक्त दर्ता सम्बन्धी मिसिल कारवाहीको लागि वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिमा पठाइएकोमा उक्त समितिबाट पुनः कारवाई मिसिल मालपोत कार्यालयमा फिर्ता पठाए पछि मालपोत कार्यालयबाट फिल्डबुकमा नदि लेखिएको हुँदा यस्तो जग्गा दर्ता गर्नलाई मालपोत ऐन, २०३४ को दफा २४ र श्री ५ को सरकार मन्त्री परिषद्को निर्णय तथा मालपोत विभागको प. सं. ज. प्र. प. नं. १, ०४४।०४५ च. नं. १३३५ मिति ०४५।२।१३ को परिपत्रको दफा (क) अनुसार नमिल्ने हुँदा मिसिन तामेलीमा राखी दिने र यस निर्णयमा चित्त नबुझेमा कानूनका म्याद ३५ दिन भित्र सम्बन्धित निकायमा उजुर गर्न जानु भनी निवेदकलाई सनाउ दिने भनी निर्णय गरियो ।

(५७५)



४. यसरी मालपोत कार्यालयले कानूनद्वारा आफूलाई प्राप्त अधिकारको प्रयोग नगरी अधिकारको दुरुपयोग एवम् गलत कानूनको प्रयोग गरी गरेको उक्त निर्णयमा स्पष्टत: न्यायिक मनको अभाव भै सो निर्णयले निवेदकको नदी उकास जग्गा दर्ता गर्न पाउने हकमा आघात पुग्न गएको हुँदा र यस्तो निर्णय कायम नरहने गरी सम्मानित अदालतबाट ने. का. प. २०४५, पृ. ४० र ने. का. प. २०४५, पृ. ४०२ मा सिद्धान्त समेत प्रतिपादन भै रहेको हुँदा उक्त निर्णय बदर गरी कानून बमोजिम प्रमाण हेरी जग्गा दर्ता गरी दिनु भनि परमादेश समेत जारी गरिपाउँ भन्ने रिट निवेदकको मुख्य निवेदन जिकिर ।

५. यस्मा विपक्षीबाट लिखित जवाफ मगाई आए पछि वा अवधि नाघेपछि पेश गर्नु भन्ने यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०४७।१।१६ मा भएको आदेश ।

६. निवेदकले रिट निवेदनमा उल्लेख गरेको जग्गा नापी हुँदा नक्सा तथा फिल्डबुकमा नदि भनी जनिएको त्यस्तो नदी जनिएको जग्गा दर्ता नगर्ने भनी मन्त्री परिषद्बाट निर्णय भएको र नदि कसैको व्यक्तिगत सम्पत्ति हुन नसक्ने साथै मालपोत ऐन, २०३४ को दफा ७ (२) बमोजिम मालपोत कार्यालयले निवेदकको नाउँमा दर्ता गर्न पर्ने बाध्यता पनि नभएकोले मालपोत कार्यालयको निर्णय कानून सगत नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत व्यहोराको प्रत्यर्थी मन्त्री परिषद् सचिवालयको लिखित जवाफ ।

७. रिट निवेदकको दर्ता हक भोगको साबिक नम्बरी जग्गा नदिकाट भएको भए प्रचलित कानून बमोजिम साल सालको मालपोत तिरेको वा मिन्हा गराएको र कानूनी म्याद भित्र नापी उजुरी गरेको भन्ने प्रमाण पेश गर्नु पर्नेमा सो बमोजिम गरेको नदेखिएको, साबिक नम्बरी दर्ता भएको स्थितिमा पनि नापीमा नदी, खोलो जनिएकोमा कुनै उजुरी नगरी त्यसैलाई सहमति जनाई चुपलागी बसेको आधारमा समेत निजको हक स्वामित्वको भनि भन्न सकिने अवस्था छैन । जग्गा नाप जाँचको व्यव... अनुसार नदि जनिएको जग्गा व्यक्ति विशेषको नाउँ... दर्ता हुन नसक्ने भए अनुरूप यस्तो सार्वजनिक जग्गा ... व्यक्तिको नाउँमा दर्ता नगर्ने श्री ५ को सरकारको नीति ... अनुरूप यस विभागबाट दिइएको निर्देशन र माल... कार्यालयबाट भएको तामेली आदेश समेत कानून अनु... हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत प्रत्य... मालपोत विभागको लिखित जवाफ ।

८ रिट निवेदकले दर्ता गरी पाउन निवेदन दिएको कि. नं. २८१ मध्येको ज. बि. ६-०-० को फिल्डबुक उतार मगाउँदा नदी भन्ने देखिएकोले यस्तो जग्गा द... गरी दिनलाई मालपोत ऐनको दफा २४ र श्री ५ को सरकारको निर्णय र मालपोत विभागको निर्देशन अनुसा... नमिल्ने हुँदा तामेलीमा राख्ने गरी भएको यस कार्यालयको निर्णयबाट रिट निवेदकको कुनै किसिमको हक अधिकार हनन् नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत प्रत्यर्थी मालपोत कार्यालयको लिखित जवाफ ।

९. नियम बमोजिम पेश भएको प्रस्तुत रिट निवे... दनमा रिट निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री पवन कुमार ओझाले गर्नु भएको बहस तथा विपक्षी तर्फबाट उपस्थित हुनु भएका विद्वान सह–न्यायाधिवक्ता श्री अलि अकबर मिकरानीले गर्नु भएको बहस समेत सुनियो । यस्मा रिट निवेदकको माग बमोजिम आदेश जारी हुनुपर्ने हो होइन सो मा नै निर्णय दिनु परेको छ ।

१०. यस सन्दर्भमा विचार गर्दा २०२२ सालमा गंगा गिरीसँग राजिनामा गरिलिएको जग्गा मध्ये ६- ... जग्गा अगाडिनै नदी काटमा परी आषाढ मासबाट ... गरी नदिकाट बालुवुर्जा ठहराई पोत मिन्हा भै ... जग्गा मिति २०३३ साल देखि नदी उकास भ... मिति २०३३।५।२८ मा नै तत्कालीन मु. मु. का... नदी उकास जग्गा दर्ता गर्न कारवाही चलाई आफ्नो जग्गा आबाद गरी उब्जाई सोही साल देखि हक भोग ...तन गरी आएको जग्गा मेरा नाममा दर्ता गरिपाउँ भनी ...वेदन दिएकोमा दर्ता गर्न नमिल्ने हुँदा तामेलीमा राखी ...ने भनी गरेको निर्णय आदेश बदर गरिपाउँ भन्ने रिट ...वेदकको मुख्य निवेदन जिकिर र मालपोत ऐनको दफा ...२४ र श्री ५ को सरकार (मन्त्री परिषद्) को निर्णय र विभागको परिपत्र अनुसार फिल्डबुकमा नदि कनि जनि-...एको विवादको जग्गा दर्ता गर्न नमिल्ने भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिन्छ । मुलुकी ऐन जग्गा पजनीको ... नं., जग्गा मिचोमो २ नं को कानूनी व्यवस्था र भूमि सम्बन्धी ऐन, २०२१ को दफा २६(२) को व्यवस्थालाई समष्टीगत रूपमा हेर्दा नदी उकासको जग्गा साविक दर्तावालाकै नाउँमा कायम रहने व्यवस्था रहे भएको देखिन्छ, प्रस्तुत विवादको जग्गा यी निवेदकले आफ्नो साविक दर्ताको जग्गा भन्दै २०३३ सालमा नदी उकास भएपछि आफैंले उक्त जग्गामा हक भोग चलन गरी आएको भन्ने कुराको दावी जिकिर लिएको पाईन्छ । उक्त जग्गामा केहि वर्ष अघि देखिनै बाँधो लगाएको र वन सिमाना र ...तलाधार क्षेत्र समेत नपर्ने भनी जिल्ला वन कार्यालय झापाले मालपोत कार्यालय झापालाई लेखेको मिति २०४२।३।३ को पत्रबाट देखिन्छ र उक्त जग्गाको २०३४ सालको विकास तथा जग्गा कर यी निवेदकले नै बुझाएको व्यहोरा प्रमाण मिसिलबाट देखिन्छ । यी निवेदक बाहेक अन्य कसैले उक्त नदी उकास भएको विवादको जग्गामा दावी गर्न वा सकार गर्न आएको भन्ने समेत देखिदैन । मालपोत ऐनको दफा २४ ले सार्वजनिक जग्गा वा सरकारी वन क्षेत्रको जग्गा दर्ता वा आवाद गर्नमा प्रतिबन्ध लगाएको तर प्रस्तुत विवादको जग्गा सार्वजनिक जग्गा वा सरकारी वन क्षेत्रको जग्गा भन्ने विपक्षीहरूको लिखित जवाफ समेतबाट नदेखिई यी निवेदकको साबिक दर्ताको नदी उकास जग्गा भन्ने दावी भएको हुँदा प्रस्तुत विवादको जग्गा दर्ता गर्ने सन्दर्भमा मालपोत ऐनको दफा २४ आकृष्ट हुन सक्ने अवस्था समेत देखिदैन । श्री ५ को सरकार (मन्त्री परिषद्) को निर्णय तथा विभागको परिपत्र अनुसार दर्ता गर्न नमिल्ने हो कि भन्नेलाई त्यस्तो निर्णय एवम् परिपत्रले कानूनको रूपधारण गर्न नसक्ने र स्पष्ट कानूनी व्यवस्था विद्यमान रहेको अवस्थामा त्यस्तो परिपत्र एवम् निर्णय अनुसार गर्न मिल्ने समेत होइन । यस अदालतको संयुक्त इजलासबाट निवेदक बुद्धिरत्न तुलाधर विरुद्ध मालपोत कार्यालय काठमाडौं भएको रिट निवेदनमा "स्पष्ट कानूनी व्यवस्थाको विद्यमानतामा विभागीय परिपत्रलाई सिरान हाली नदी उकास भएको जग्गा दर्ता गर्न नमिल्ने" भनी मालपोत कार्यालयबाट भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने भनी निर्णय भएको (ने. का. प. २०४३, अंक ४, पृ. ३२६) र यसै सिद्धान्तलाई यस अदालतबाट गणेश बहादुर श्रेष्ठ विरुद्ध मालपोत कार्यालय काठमाडौं भएको उत्प्रेषण (ने. का प. २०४४ अंक २, पृ. २३६) लगायतका अन्य कतिपय रिट निवेदनमा स्वीकार गरी निर्णय गरेको समेत पाइन्छ ।

११. अतः माथि उल्लेखित आधार प्रमाणबाट श्री ५ को सरकारको निर्णय, विभागको परिपत्र र मालपोत ऐन, २०३४ को दफा २४ लाई आधार बनाई विवादको जग्गा यी रिट निवेदकको नाउँमा दर्ता गर्न नमिल्ने भन्दै निवेदन तामेली राखी दिने गरी भएको मालपोत कार्यालय झापाको मिति २०४६।११।२२ को निर्णय त्रुटिपूर्ण देखिँदा उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब जे जो बुझ्नु पर्ने सबूद प्रमाण बुझी सबुद प्रमाणको मूल्यांकन गरी कानून बमोजिम निर्णय गर्नु भनी मालपोत कार्यालय झापाको नाउँमा परमादेश समेत जारी हुने ठहर्छ । विपक्षीहरूको जानकारीको लागि आदेशको प्रतिलिपी महान्यायाधिवक्ताको कार्यालय मार्फत पठाई फाइल नियम बमोजिम गरी बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

न्या. गोविन्द बहादुर श्रेष्ठ

इति सम्वत २०४९ साल आश्विन ७ गते रोज ४ शुभम्

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदनपत्र

विषय :- उत्प्रेषणयुक्त परमादेशको आदेश वा अन्य उपयुक्त आदेश जारी गरी पाउँ ।

का.जि.का.म.न.पा. वड़ा नं. १७ बस्ने विलायत कुमारको छोरा वर्ष ७७ को ऋृषी कुमार पाण्डे -१, ऐ.ऐ. बस्ने ऐ. को छोरा वर्ष ४९ को विजय कुमार पाण्डे-१ समेत २ जना को वारिस का.जि.का.म.न.पा. वडा नं. २८ बस्ने वर्ष ३३ को कृष्णनाथ शर्मा ----------१ निवेदक

विरुद्ध

१) नेपाल सरकार भुमिसुधार तथा व्यवस्था मंन्त्रालय,सिंहदरबार काठमाण्डौं---------१
२) भुमिसुधार तथा व्यवस्थापन विभाग काठमाण्डौं----------------------------------१
३) मालपोत कार्यालय, डिल्लीबजार काठमाण्डौं--------------------------------------१ प्रत्यर्थी
४) नापी शाखा डिल्लीबजार, काठमाडौं --१
५) काठमाडौं महानगरपालिका १७ नं. वडा कार्यालय ------------------------------१
६) मालपोत नियमावली २०३६ को नियम ५ग बमोजिम गठित लगत कट्टा समिति मार्फत मालपोत कार्यालय, डिल्लीबजार --१
७) का.जि.का.म.न.पा. वडा नं. १७ क्षेत्रपाटी ढल्को बस्ने वर्ष ६४ को प्रेमकुमार श्रेष्ठ-१
८) ऐ.ऐ. बस्ने पंचयनारायण महर्जन --१
९) ऐ.ऐ. बस्ने नानीमैया महर्जन --१
१०) ऐ.ऐ. वस्ने किशोर कुमार महर्जन ---१
११) ऐ.ऐ. बस्ने हरिओम महर्जन --१
१२) ऐ.ऐ. बस्ने नारायण महर्जन ---१
१३) ऐ.स्थित गोरखा हस्पिटल एण्ड रिसर्च ईन्स्टीच्यूट -----------------------------१

हामी निवेदक रु. ५००।- दस्तूर यसैसाथ संलग्न राखी निम्नानुसार निवेदन पत्र प्रस्तुत गर्दछौं :-

१) का.जि.का.म.न.पा. वडा नं. १७ ढल्को स्थित हामी निवेदकको नाउँमा दर्ता कायम रहेको ऐ. कि.नं.१७१६ को क्षेत्रफल ०-०-०-२; ऐ.ऐ. कि.नं. १८९९ को क्षेत्रफल १-१०-३-२, ऐ.ऐ. कि.नं १७१५ को क्षेत्रफल ०-५-३-३, ऐ.ऐ. कि.नं. १८९७ को क्षेत्रफल ०-५-०-३ र ऐ.ऐ. कि.नं. १८९८ को क्षेत्रफल ०-४-०-० समेत जम्मा २-१०-०-२ समेतको जग्गामा वनेको घर र सो जग्गामा जान आउनका लागी म ऋृषि कुमार पाण्डे र विजय कुमार पाण्डे को संयूक्त नाउँमा दर्ता कायम रहेको कि.नं. ८४८ को ०-७-२-१ जग्गालाई बाटोको रुपमा प्रयोग गर्दै आएका

छौं । उक्त बाटो हामी निवेदकको नाममा दर्ता भएतापनि विपक्षी पंचनारायण समेतले चलन गरी आएका छन् । तर प्रत्यर्थी प्रेमकुमार श्रेष्ठले भने निजको घर उत्तर तर्फको मूलबाटो संग जोडिने भएकोले सो कि.नं. ८४८ को बाटोवाट निजको आवत जावत गर्नुपर्ने अवस्था छैन् ।

२) यसैबीच का.जि.का.म.न.पा. वडा नं. १७ बस्ने पंचनारायण मर्हजन, नानी मैया महंजन, किशोर मर्हजन, हरिओँम मर्हजन, नारायण महर्जन समेतका मानिसहरुले काठमाण्डौ जिल्ला अदालत समक्ष उक्त कि.नं. ८४८ क्षे.फ. ०-७-२-१ साझा बाटो कायम भई निर्विवाद रुपमा हामी समेतले भोगचलन गर्दै आईरहेको साझा हक भोगको हुदा निवेदक समेतले मिति २०३८।७।२६ मा आफनो नांममा गराएको दर्ता दुषित गैरकानुनी हुदा बदर गरी उक्त बाटो जग्गा समेत हामी समेतको साझा दर्ता हक कायम गरी पाउ भनी फिराद दायर गरेका थिए ।

३) उपर्युक्त मुद्धामा काठमाण्डौ जिल्ला अदालतबाट विवादमा आएको कि.नं.८४८ को साझा बाटो पंचनारायणं मर्हजन लगायतका (प्रत्यर्थी) वादीले भोग चलन गर्न पाउने तर निवेदकका नाउमा भएको दर्ता बदर र दर्ता तर्फको दावी पुग्न नसक्ने ठर्हछ भनी मिति २०६०।१०।२१ मा फैसला भएको र सोही फैसलालाई सदर हुने ठह्याई पु.वे.अ. पाटन बाट पनि मिति २०६२।४।१८ मा फैसला भई सम्मानित सर्वोच्च अदालतबाट समेत उक्त मुद्धामा मिति २०६४।१०।१२ गते निस्सा प्रदान नगर्ने आदेश भई अन्तिमं भएर रहेको छ । उक्त फैसला बमोजिम विपक्षी पंचनारायण समेतले कि.नं. ८४८ को बाटो चलन गरी आएका छन्, कुनै बाधा अवरोध छैन । तर सो बाटोको दर्ता भने हामी निवेदकको हो भन्ने कुरा अकाट्य रहेको छ । यसैगरी कि.नं. ८४८ कि.नं. ८४५ र ८४६ को बाटोमा जोडिन्छ, जुन बाटो पहिले हामीहरुको नाममा दर्ता रहेकोमा हामीले सो कि.नं ८४५ र ८४६ प्रत्यर्थी मध्येको गोरखा हंस्पीटल एण्ड रिसर्च इन्स्टिच्यूटलाई हस्तान्तरण गरी दर्ता भएको छ ।

४) तथापी प्रत्यर्थी प्रेम कुमार श्रेष्ठ समेतले का.जि.का.म.न.पा. वार्ड नं. १७ कि.नं.८४८ को साझा बाटो भै व्यक्तिहरुंका नाउमा नाप नक्सा भएको र साझा रुपमा प्रयोग गरी आएको बाटोलाई र.नं. २५१।०३१।४।१५ को सर्तनामा, अदालतको फैसला समेतको आधारमा वाटो नेपाल सरकारका नाउमा कायम गरी पाउं भनी निवेदन परेको आधार प्रयोग गर्दै भुमिसुधार तथा व्यवस्था विभागको च.नं. २०३५ मिति २०६४।९।१९ को पत्र साथ प्राप्त भएको र फाईल संलग्न अदालतको फैसला का.म.पा. वडा नं. १७ कार्यालयको च.नं. ५९५ मिति ०६४।९।१९ को पत्र साथ प्राप्त भएको र फाईल संलग्न अदालतको फैसला का.म.पा. वडा न.१६ कार्यालयको मिति २०६४।९।२२ च.नं.५९५ को सिफारिस नापी शाखाको च.नं. २५६५ मिति २०६४।९।२७ को पत्र साथ प्राप्त फिल्ड प्रतिवेदन संमेतको आधार प्रयांग गरी उल्लेखित निवेदक समेतको हक लाग्ने सिट नं.१०६४-१७ कि.नं. ८४८ को वाटोलाई वाटो नेपाल सरकारका नाउमा कायम गरिदिने गरि प्रत्यर्शी नं. ३ वाट मिति २०६४।९।२९ मा निर्णय गरिएको रहेछ । यसरी निवेदकलाई उक्त



निर्णयको बारेमा कुनै जानकारी नगराई गुमराहमा राखेको कारण टोल छिमेकमा हल्ला चलि सो को जानकारी मिति २०६५।३।१५ गते मा.पो.का. डिल्लीबजार बाट मिसिल संलग्न कागजातको नक्कल प्राप्त गरि हेर्दा प्रत्यर्थी नं. १ को मिति २०६३।१०।१३ को निर्णय एवं प्रत्यर्थी नं. २ को परिपत्र समेतको आधारमा गैरकानूनी निर्णय भएको थाहा जानकारी हुन आएकोले अन्यायमा परी यो निवेदन गर्न आएका छौं।

५) यसरी प्रत्यर्थीहरुको गैरकानुनी निर्णयबाट निवेदकलाई अन्याय पर्न गएको र सोको उपचारका लागी अन्य कानूनी उपचारको मार्ग विद्यमान नभएकोले प्रत्यर्थीहरुको उल्लेखित निर्णय समेत बदर गराउनु पर्ने भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(१), तथा धारा १९ द्वारा प्रत्याभूत मौलिक हकको प्रचलन गरी पाउन धारा ३२ ले निर्देश गरे अनुसार धारा १०७(२) अन्तर्गत सम्मानित अदालत समक्ष निम्नानुसार यो रिट निवेदन प्रस्तुत गर्न उपस्थित भएका छौं :-

(क) प्रत्यर्थी नं. ३ बाट मिति २०६४।९।२९ गते भएको उल्लेखित निर्णयलाई हेर्ने हो भने विवादित कि.नं. ८४८ को बाटो नेपाल सरकारको नाउँमा दर्ता गर्ने निर्णय गर्दा दर्तावाला निवेदक र छोरा विजय कुमार पाण्डेलाई झिकी बुझी न्यायिक निरुपण गरिएको छैन। यसरी प्राकृतिक न्यायको मान्य सिद्धान्त विपरित निवेदकको भनाई के छ भन्ने सम्बन्धमा सुनुवाईको मौका समेत प्रदान नगरी प्रत्यर्थी नं. ३,४ र ५ सम्मिलित भएको प्रत्यर्थी नं. ६ लगत कट्टा समितिबाट निर्णय भएको हुँदा सो निर्णय सर्वमान्य प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल भएको वदर भागी रहेको छ।

(ख) यसरी प्रत्यर्थी नं. ३,४,५ सम्मिलित भएको प्रत्यर्थी नं. ६ लगत कट्टा समितिले निर्णय गर्दा मालपोत नियमावली, २०३६ को दफा ५(ग) को उपदफा १ बमोजिम बैठक बसी कि.नं. ८४८ को बाटो नेपाल सरकारको नाउँमा कायम गरिदिने निर्णय गरेको देखिन्छ। जबकी ऐ. नियमावलीको नियम ५(ग) लाई हेर्ने हो भने उक्त नियममा "व्यक्ति विशेषको जग्गा सार्वजनिक प्रयोजनको लागि दर्ता गर्ने सम्बन्धीत जग्गावालाको निवेदन परेमा त्यस्तो जग्गाबाट सो व्यक्तिको नाम कट्टा गर्ने सिफारिश गर्न प्रत्येक मालपोत क्षेत्रमा प्रमुख मालपोत अधिकृत, प्रमुख नापी शाखा प्रमुख र न.पा.वडा सदस्यको ३ सदस्यीय कमिटी रहने कुरा उल्लेख छ। तर प्रस्तुत विवादमा उक्त वाटोलाई नेपाल सरकारको कायम गरी पाउं भनी निवेदकको निवेदन नपरेको स्थितीमा उनाउ व्यक्तिहरुको निवेदनको आधारमा दर्ता वदर गर्ने अधिकार ऐ. नियमावलीको नियम ५(ग) ले प्रदान गरेको छैन। यसरी कानून प्रतिकूल प्रत्यर्थी नं. ३,४,५ को लगतकट्टा समितिले प्रत्यर्थी नं. २ को मिति २०६४।९।१९ को पत्रलाई समेत आधार वनाई गरेको निर्णय गैरकानूनी रहेको प्रष्ट छ।

(ग) काठमाडौं जिल्ला अदालत समक्ष चलेको खिचोला समेत मुद्दा पन्चनारायण महर्जन समेतका व्यक्तिहरुले दायर गरेकोमा उक्त मुद्दामा निवेदक समेतको नाउँमा रहेको दर्ता वदर नहुने ठहऱ्याई अन्तिम फ्रैसला भएकोमा सोही मुद्दाका फिरादी पंचनारायण महर्जन, नानीमैया महर्जन, किशोर कुमार महर्जन, हरिओम महर्जन, नारायण महर्जन तथा प्रेमकुमार श्रेष्ठ र गोरखा हस्पिटल एण्ड रिसर्च इन्टिच्यूट लगायतका व्यक्तिहरुले पुनः सोही वाटोको दर्ता वदर सम्वन्धी विषयमा २०६४ साल पौष महिनामा प्रत्यर्थी नं. १ समक्ष निवेदन दिईएको आधारमा निवेदकको नाम दर्ता गरी नेपाल सरकारको नाममा निर्णय भएको देखिन्छ । यसरी यिनै व्यक्तिहरुको फिराददावी वमोजिम निवेदक समेतको कि.नं. ८४८ को बाटोको दर्ता वदर नहुने फैसला भएकोमा सोही उजुरवालाको निवेदनको आधारमा अदालतबाट अन्तिम भएर रहेको फैसलाको विपरित हुने गरी भएको निर्णय सम्मानित सर्वोच्च अदालतबाट नें.का.प. २०५८ अंक १/२ पृष्ठ २२ लक्ष्मीनारायण महर्जन विरुद्ध म.प.स. भएंको मुद्दामा प्रतिपादित नजीर सिद्धान्त समेतको विपरित रहेको छ ।

(घ) नेपालको अन्तरिम संविधान २०६३ को धारा १९(१) मा सवै नगरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पति आर्चनगर्ने ,भोग गर्ने, वेचबिखन गर्ने र सम्पतिको अन्य कारोवार गर्ने हक हुने छ भन्ने व्यवस्था गरिएको छ । सो व्यवस्था विपरित हुने गरि उक्त कि.नं ८४८ को मेरो समेत नाउँमा रहेको दर्ता बदर गर्ने गरेको सर्म्पुण काम कारवाँही एवम निर्णयहरु कानुन विपरित भएको हुदा उक्त धारा १९(१) ले निवेदकलाई प्रदान गरेको सम्पति सम्बन्धि मौलिक हकको हनन भएको छ ।

(ङ) कुनैपनि व्यक्तिको हक हितमा असर पर्ने जुनसुकै निर्णय गर्नुपूर्व असर पर्ने व्यक्तिलाई झिकाई निजको भनाई राख्ने मौका प्रदान गरी निर्णय गर्नुपर्ने न्यायिक मान्यता हो । तर प्रस्तुत विवादको सन्दर्भमा हेर्ने हो भने प्रत्यर्थी नं. १ को मिति २०६२।१०।१३ को निर्णय के -कुन कानुनको आधारमा गरिएको हो भन्ने कुरा स्पष्ट छैन भने अर्को तर्फ प्रत्यर्थी नं.२ द्धारा मिति २०६२।१०।१७ मा जारी गरिएको परिपत्रमा पनि कानुन द्धारा प्राप्त अधिकार को वारेमा कुनै कुरा उल्लेख नगरि प्रतिवेदनको बुदा नं.(ख) मा नक्सामा वाटो नदेखाई शर्तनामाको आधारमा जग्गामा वाटो खोली प्रयोग गरि आएको वा नक्सामा वाटो को कित्ताकाट गरी व्यक्तिको स्वमित्वमा रहेको निजि वाटो लाई हाल सार्वजनिक प्रयोजनका कारण सार्वजनिक कायम गरि पाउ भनी कसैको निवेदन पर्न आएमा मालपोत कार्यालयले त्यस्तो वाटोको श्रेष्ता खारेज गरि सार्वजनिक वाटो कायम गर्ने भन्ने भूमि सुधार तथा व्यवस्था मन्त्रालयको च.नं. २१७५ मिति २०६२।१०।१४ को निर्देशन प्राप्त भएकोले यसै निर्देशन अनुसार गर्नु भन्ने परिपत्र जारी भएको पाइंन्छ ।

नेपाल सरकारको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको निर्णयको कुन कानूनी आधार वा स्रोत हो भन्ने कुरालाई मिति २०६२।१०।१७ मा जारी भएको परिपत्रबाट वोध हुँदैन। कानूनको अख्तियारी वेगर व्यक्तिको निजी स्वामित्वको बाटोलाई सार्वजनिक कायम गर्न मिल्दैन। फलतः प्रत्यर्थीको निर्णय्र अ.वं. ३५ नं. बमोजिम अधिकार क्षेत्रविहिन भएकोले बदर भागी रहेको छ।

(च) प्रत्यर्थी नं.२ को उक्त परिपत्रलाई नै हेर्ने हो भने पनि बाटो सार्वजनिक कायम हुने निर्णय गर्नु भने पनि निवेदक समेतको दर्ता बदर गर्नु भनि परिपत्रमा अभिव्यक्त भएको छैन भने अर्कोतर्फ कुनै पनि निर्णय एवं बिभागीय परिपत्रले कानुनको रुप धारण गर्न नसक्ने स्पष्ट कानुनी व्यवस्था बिद्यमान रहेको अवस्थामा त्यस्तो परिप्रत्रले कानुनी रुप धारण गर्न सक्दैन। तसर्थ प्रत्यर्थीहरुबाट निवेदकका बिरुद्धमा भएको काम कार्वाही कानून प्रतिकूल रहेको छ। परिणामतः सम्मानित सर्वोच्च अदालतबाट ने.का.प.२०४९ अंक ६ पृष्ठ ५७४मा प्रतिपादित नजिर सिद्धान्त समेतबाट गैरकानूनी भई प्रत्यर्थीहरुको काम कारवाई एवं निर्णय समेत बदरभागी रहेको छ।

(छ) प्रत्यर्थी मध्येको प्रेमकुमार श्रेष्ठले पहिले आफ्नो कित्तामा घर बनाउने नक्सापास गराउँदा पश्चिम तर्फ कि.नं ८४८ लाई हाम्रो नामको निजी वाटो भन्ने उल्लेख गरेकोमा अहिले आएर सो बाटो नेपाल सरकारको नाममा गरिएको दर्ताको आधारमा सो [illegible] निजि वाटोमा प्रतिकूल प्रभाव पारी विपक्षी प्रेमकुमारले नक्सा विपरीत ~~बाटो निकाली~~ निर्माण कार्य गरेको सम्वन्धमा हाम्रो काठमाडौं महानगरपालिकामा उजुरी परी कारवाई चलिरहेको छ। सो विषयमा सो नगरपालिकाबाट निर्णय हुने नै छ।

६) अतएव उपर्युक्तानुसार प्रत्यर्थीहरुको गैरकानुनी निर्णयबाट निवेदकको नेपालको अन्तरिम संविधान २०६३ को धारा १३(१), धारा १९ द्वारा प्रत्याभुत संवैधानिक हकमा कुण्ठा उत्पन्न भएकोले प्रत्यर्थी नं.१ को मिति २०६२।१०।१३ को निर्णय सो निर्णयको आधारमा प्रत्यर्थी नं. २ द्वारा मिति २०६२।१०।१७ मा जारी गरिएको परिपत्र र सो परिपत्र समेतको आधारमा प्रत्यर्थी नं. ३,४,५ सम्मिलित भएको प्रत्यर्थी नं. ६ लगतकट्टा समितिद्वारा गरिएको मिति २०६४।९।२९ को निर्णय लगायतका सम्पूर्ण काम कार्वाही एवं नेपाल सरकारको नाममा दर्ता समेत गैरकानूनी भएकोले त्रुटीपुर्ण रहेकोले सम्मानित अदालत समक्ष धारा ३२ र १०७(२) अन्तर्गत यो निवेदन गर्न उपस्थित भएको छु।

७) तसर्थ संविधानको धारा १०७(२) अन्तर्गत प्रत्यर्थीहरुको प्रकरण (६) मा उल्लेखित काम कार्वाही परिपत्र एवं निर्णय तथा नेपाल सरकारको नाममा भएको दर्ता समेत उत्प्रेषण को आदेशद्वारा वदर गरी निवेदकहरुको नाउमा दर्ता रहेको कि.नं. ८४८ को दर्ता यथावत कायम राख्नु भन्ने परमादेशको आदेश समेत जारी गरि कुंठित हकको संरक्षण एवं प्रचलन गरी न्याय पाउं।



४४

८) प्रस्तुत रिट निवेदनको टुंगो नलागेसम्म स.अ. नियमावली, २०४१ को नियम ४१ अन्तर्गत प्रत्यर्थीहरुको माथि उल्लेखित निर्णय काम कारवाई एवं परिपत्र समेतको कार्यान्वयन नगर्नु नगराउनु भन्ने अन्तरिम आदेश प्रत्यर्थीहरुको नाममा जारी गरी पाउँ ।

९) कानून व्यवसायीको बहस बुँदालाई प्रस्तुत निवेदनपत्रको अभिन्न अंग मानी पाउँ ।

१०) संलग्न :-

- (क) मिति २०६४।९।२९ को निर्णयको फोटोकपी थान ---------------------------------१
- (ख) मिति २०६२।१०।१७ को भूमिसुधार तथा व्यवस्थापन विभागको परिपत्रको ऐ. थान ---१
- (ग) कि.नं. ८४८ को बाटोको जग्गाधनी प्रमाण पुर्जाको फोटोकपी थान ---------------१
- (घ) मिति २०६२।४।१८ को पु.वे.अ.पाटनको फैसलाको फोटोकपी थान -----------------१
- (ङ) स.अ.बाट निस्सा प्रदान नगर्ने गरी भएको आदेशको फोटोकपी थान ----------------१
- (च) प्रत्यर्थी प्रेमकुमार श्रेष्ठ समेतले माननिय भूमिसुधार तथा व्यवस्था मन्त्रीलाई संवोधन गरी लेखेको पत्रको फोटोकपी थान ---१
- (छ) मिति २०६२।१०।१३ को भूमिसुधार तथा व्यवस्था मन्त्रालयको निर्णय निवेदकले प्राप्त गर्न नसकेको हुँदा सम्मानित अदालतवाटै झिकी बुझी हेरी पाउँ ।
- (ज) नगरपालिकावाट जारी गरिएको सूचनाको फोटोकपी थान -------------------------१
- (झ) मिति २०३९।८।२३ मा प्रेम कुमार श्रेष्ठले प्राप्त गरेको हा.व. लिखतको फोटोकपी थान --१

यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

निवेदक

निज वा. कृष्णनाथ शर्मा

ईतिसम्वत् २०६५ साल श्रावण १६ गते रोज ५ शुभम ------------------------------------

श्री सर्वोच्च अदालतमा चढाएको

सारसंक्षेपीकरण

ऋषी कुमार पाण्डे समेतको वारिस कृष्णनाथ शर्मा -----------------------------१ निवेदक

विरुद्ध

श्री नेपाल सरकार भुमिसुधार तथा व्यवस्था मन्त्रालय,सिंहदरबार काठमाण्डौ समेत --१ विपक्षी

मुद्दाको विषय :- उत्प्रेषण समेत ।

१) संक्षिप्त तथ्य :

प्रत्यर्थी प्रेम कुमार श्रेष्ठ समेतले का.जि.का.म.न.पा. वार्ड नं. १७ कि.नं.८४८ को साझा बाटो भै व्यक्तिहरुका नाउमा नाप नक्सा भएको र साझा रुपमा प्रयोग गरी आएको बाटोलाई र.नं. २५१।०३१।४।१५ को सर्तनामा, अदालतको फैसला समेतको आधारमा बाटो नेपाल सरकारका नाउमा कायम गरी पाउँ भनी निवेदन परेको आधार प्रयोग गर्दै भुमिसुधार तथा व्यवस्था विभागको च.नं. २०३५ मिति २०६४।९।१९ को पत्र साथ प्राप्त भएको र फाईल संलग्न अदालतको फैसला का.मं.पा. वडा नं. १७ कार्यालयको च.नं. ५९५ मिति ०६४।९।१९ को पत्र साथ प्राप्त भएको र फाईल संलग्न अदालतको फैसला का.म.पा. वडा नं.१६ कार्यालयको मिति २०६४।९।२२ च.नं.५९५ को सिफारिस नापी शाखाको च.नं. २५६५ मिति २०६४।९।२७ को पत्र साथ प्राप्त फिल्ड प्रतिवेदन समेतको आधार प्रयोग गरी उल्लेखित निवेदक समेतको हक लाग्ने सिट नं.१०६४-१७ कि.नं. ८४८ को बाटोलाई बाटो नेपाल सरकारका नाउमा कायम गरिदिने गरि प्रत्यर्थी नं. ३ बाट मिति २०६४।९।२९ मा निर्णय गरिएको रहेछ । यसरी निवेदकलाई उक्त निर्णयको बारेमा कुनै जानकारी नगराई गुमराहमा राखेको कारण टोल छिमेकमा हल्ला चलि सो को जानकारी मिति २०६५।३।१५ गते मा.पो.का. डिल्लीबजार बाट मिसिल संलग्न कागजातको नक्कल प्राप्त गरि हेर्दा प्रत्यर्थी नं. १ को मिति २०६३।१०।१३ को निर्णय एवं प्रत्यर्थी नं. २ को परिपत्र समेतको आधारमा गैरकानूनी निंर्णय भएको थाहा जानकारी हुन आएकोले अन्यायमा परी यो निवेदन गर्न आएका छौं ।

२) रिट निवेदनमा अन्तर्निहित कानूनी प्रश्नहरु :

(क) व्यक्तिको नाउँमा दर्ता भएको वाटो सुनुवाईको मौका प्रदान नगरी नेपाल सरकारको नाउँमा दर्ता गर्ने निर्णय गर्न मिल्छ वा मिल्दैन ?

४६

(ख) निवेदकको उजुरी बेगर मालपोत नियमावली, २०३६ को ५ग(१) बमोजिम गठन भएको समितिले निवेदकको नाउँमा भएको दर्ता बदर गर्ने अधिकार छ वा छैन ?

३) माँग गरिएको उपचार :

प्रत्यर्थीहरुको गैरकानुनी निर्णयबाट निवेदकको नेपालको अन्तरिम संविधान २०६३ को धारा १३(१), धारा १९ द्वारा प्रत्याभुत संवैधानिक हकमा कुण्ठा उत्पन्न भएकोले प्रत्यर्थी नं.१ को मिति २०६२।१०।१३ को निर्णय सो निर्णयको आधारमा प्रत्यर्थी नं. २ द्वारा मिति २०६२।१०।१७ मा जारी गरिएको परिपत्र र सो परिपत्र समेतको आधारमा प्रत्यर्थी नं. ३,४,५ सम्मिलित भएको प्रत्यर्थी नं. ६ लगतकट्टा समितिद्वारा गरिएको मिति २०६४।९।२९ को निर्णय लगायतका सम्पूर्ण काम कार्वाही एवं नेपाल सरकारको नाममा दर्ता समेत गैरकानूनी भएकोले त्रुटीपुर्ण रहेकोले सम्मानित अदालत समक्ष धारा ३२ र १०७(२) अन्तर्गत यो निवेदन गर्न उपस्थित भएको छु। तसर्थ संविधानको धारा १०७(२) अन्तर्गत प्रत्यर्थीहरुको प्रकरण (६) मा उल्लेखित काम कार्वाही परिपत्र एवं निर्णय तथा नेपाल सरकारको नाममा भएको दर्ता समेत उत्प्रेषण को आदेशद्वारा बदर गरीं निवेदकहरुको नाउमा दर्ता रहेको कि.नं. ८४८ को दर्ता यथावत कायम राख्नु भन्ने परमादेशको आदेश समेत जारी गरि कुंठित हकको संरक्षण एवं प्रचलन गरी न्याय पाउँ। प्रस्तुत रिट निवेदनको टुंगो नलागेसम्म स.अ. नियमावली, २०४१ को नियम ४१ अन्तर्गत प्रत्यर्थीहरुको माथि उल्लेखित निर्णय काम कारवाई एवं परिपत्र समेतको कार्यान्वयन नगर्नु नगराउनु भन्ने अन्तरिम आदेश प्रत्यर्थीहरुको नाममा जारी गरी पाउँ।

यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

सारसंक्षेपीकरण प्रस्तुतकर्ता

निज वा. कृष्णनाथ शर्मा

ईतिसम्वत् २०६५ साल श्रावण१६ गतेरोज ५ शुभम ---------------------------------------



[illegible] कार्यालय
(का.म.)

[illegible] [illegible]

२०६४/०६/१४

४७.

श्री काठमाण्डौं महानगरपालिका मा चढाएको

निवेदनपत्र

विषय:- नक्सा विपरीतको पुनर्निर्माण रोकी अवैध घोषित गरी पाऊँ।

का.जि. का. म. न.पा. वडा नं. १७ बस्ने वर्ष ८८ को कमल कुमार पाण्डे १, ऐ. ऐ. बस्ने वर्ष की गीता देवी पाण्डे १ समेत जना-२ ——— निवेदक

विरुद्ध

ऐ. ऐ. बस्ने वर्ष ६४ को प्रेम कुमार श्रेष्ठ ——— विपक्ष

को लागि राजस्व दस्तुर बापतको रसिद साथ निम्न व्यहोरा को संयुक्त निवेदन गर्दछौं।

१- म निवेदकले पहिले नै म कमल कुमार समेतको निजि बारी जग्गा उल्लेख गरी मेरा हक भएको कि.नं. १६०८ को [illegible] बकस प्राप्त गरेको हुँदा। घर बनाउने बेलामा विपक्षले पुन नक्सा पास गर्दा नयाँ बनाउने जस्तो गरी निवेदन गरी वडाले अधिकार को प्रयोग तुलना गर्दा पहिलेनै म कमल कुमारको निजि बारी जग्गा माथि विवाद गरेको थियो। यसै मा बकस पाएदा पूर्व तर्फ म कमल कुमार बाट गीता देवीलाई प्राप्त जग्गा को [illegible] [illegible] जग्गा छाडी विपक्षले [illegible] गर्दा समेत पहिलेनै पश्चिम [illegible] [illegible] रहेको हुन। [illegible] नक्सा पास पूर्व [illegible]। विवादको [illegible] जग्गा धनि प्रमाण पुर्जा समेतको आधार रुपमा [illegible] निजी भोग भएको जग्गालाई विपक्षले घर निर्माण

गीता



४८

जाने बाटोमा ब्लक ढोका बनाई. जाँदा गैल पनि उजुर गर्दै आई यस कार्यालयलाई समेत. जानकारी दिई आएको थियो। बनाजित नगरपालिकाले पनि मिति ०६५।८।२ र ०६५।४।१३ का निर्माण रोक्का गर्न पत्र समेत लेखेको थियो।

२- यसरी निर्माण नक्सा ४ तलासम्म निर्माण गर्न लाग्दा रोक्ने तला मा ब्लक थप्न लाग्दा मिति ०६५।१।१८।३ मा निर्माण रोक्का गरी अवैध घोषित गरी पाउँ भनि पुन निवेदन गरेको थिएँ। त्यसरी पुन मिति ०६५।३।२० मा यस कार्यालयले पत्र लेखेको मा त्यसमा नजुक्ति फुकाउँदिन गरी जबर्जस्ती रोग निर्माण गर्दै जाने गरिएको यथार्थ त पढिसाने हुनुहुन्छ। यसरी यसको जग्गा लाई निजि सम्पत्ति मानि गल्तीको कानुन बमोजिम नेपाल सरकार को तर्फबाट श्री सर्वोच्च अदालतमा विचाराधिन रिट लाई दृष्टिगत गरी मुलुकी ऐन भत्काउने गरी मिति ०६५।५।२९ मा यस कार्यालयले उजुरी समेत गरेको छु।

३- यसरी मुलुकी ऐन मा रहेको नक्सापास पनि सम्पूर्ण डिजिटल गरी नक्सापास मानि थप तल ब्लाक थप्ने काम अगाडि बढ्दै जाने क्रममा मिति ०६५।६।१४ गते का दिन पहिलो तलाको आफ्नो निजि जग्गा सडक को जग्गा मा पर्ने गरी डिजिटल संयोजन का नक्साको पाल फोडी ब्लाक थप्न थालेको ले यो निवेदन गरेको छु।

४- यसरी आफ्नो स्वार्थ पूरा गर्न तर्फ यस कार्यालयमा विचाराधिन मुद्दामा मुद्दा समेत तथा रहलगा गर्दा समेत जबरजस्ती गरीएको निर्माण र अझ थप तल तर्फ बढाइएको ब्लाक र श्री सर्वोच्च अदालतमा समेत रिट पनि विचाराधिन रहेको मुद्दा लाई समेत विचार नगरी म ७८ वर्षको वृद्ध तथा महिला लाई मानसिक यातना दिनका लागी गरीएको सब काम रोकी अवैध घोषित गरी पाउन यो निवेदन मार्फत अनुरोध गरेको छु।

जाने बलम्पा स्लाब ठोक्का बनाउँदै जोडा सेल पनि उक्त गाउँ भाई यस कार्यालयलाई समेत जानकारी दिई कामको विधिवत अनाजिन नगरपालिकाले पनि मिति ०६६/८/२८ र ०६५/३/१३ मा निर्माण रोक्का कारण पत्र समेत लेखेको थियो।

२- यसरी निर्माण नरोकी ४ तलासम्म निर्माण गर्न लाग्दा चौथो तल्ला मा स्लाब ढलान लाग्दा मिति ०६५/३/१६/३ मा निर्माणरोक्का बाबी अवैध घोषित गरी पाउँ भनि पुन: निवेदन गरेको थियौं। त्यसरी पुन मिति ०६५/३/२० मा यस कार्यालयले पत्र लेखेको मा तल्ला निर्माण नगर्न रोक्का दिन गरी जानकारी दिंदा निर्माण गर्न जाने गरीरहेको यथार्थ त पढिलाने देखिंदा छ। यसरी यस जग्गा लाई निजि सम्पत्ति भनि नक्साको आवेदन बाट नेपाल सरकार को बनाएको श्री सर्वोच्च अदालतमा विचाराधीन रिट लाई नै इजाजत गरी मुलतवी मा राख्ने गरी मिति ०६५/५/२६ मा यस कार्यालयले निर्णय समेत गरेको छ।

३- यसरी मुलतवी मा राखी सकेपछि पनि सम्पूर्ण डिजाइन गरी सकेपछि भनि बाट तल स्लाब खोल्ने काम अनाधिकृत रूपमा जाने क्रममा मिति ०६५/६/४ गते का दिन पाँचौं तल्लाको छाना निजि जग्गा तर्फ को जग्गा मा पर्ने गरी जिनिसहरु रंगरोगन को टुक्रा खसाल्न छाडी स्लाब खसाल्न थालेकोले यो निवेदन गरेका छौं।

४- यसरी आफ्नो कैफियत डुकु कार्य तर्फ यस कार्यालयमा विचाराधीन मुद्दामा छुट्टा समेत, तथा स्थलगत गरी समेत हेरेकोगरी गरीरहेको निर्माण र भनि बाट तल तर्फ बाजीरहेको स्लाब र श्री सर्वोच्च अदालतमा समेत रिट परी विचाराधीन रहेको मुद्दा लाई समेत विचार नगरी यो ५८ अवस्थाको कुरालाई तथा सबै मानवको आतंक सिर्जना लागी; गरीरहेको सबै काम रोकी अवैध घोषित गरी पाउन यो निवेदन मार्फत अनुरोध गरेका छौं।



का०म०न०पा०
कानून तथा मुद्दा शाखा बाट

श्री काठमाडौं महानगरपालिकामा चढाएको

निवेदन पत्र

विषय :- नक्शा विपरित तथा नगरपालिक्राको आदेश विपरीत निर्माण रोक्का गरी अवैध घोषित गरी पाउँ।

का. जि. का. म. न. पा. वडा नं. १७ बस्ने वर्ष ७८ का ऋषिकुमार पाण्डेका हकमा कानून व्यवसायी कृष्णनाथ शर्मा -- १ } निवेदक

विरुद्ध

ऐ. ऐ. बस्ने वर्ष ६४ को प्रेम कुमार श्रेष्ठ -- १ } विपक्षी

मुद्दा :- नक्शा विपरीतको निर्माण भत्काई पाऊँ।

निवेदन वापतको लाग्ने राजस्वको नगदी रसिद साथ निम्न व्यहोराको निवेदन गर्दछु।

१. यि विपक्षले पश्चिममा म समेतको निजि बाटो जग्गा भनि उल्लेख गरी नक्शा पास गरी सकेपछि कि. नं. १६०८ को जग्गामा घर निर्माण गर्दै जाने क्रममा झ्याल, ढोका भेन्टीलेशन राख्दै गर्दा किन मेरो जग्गा तर्फ झ्यालढोका राख्नुभो भनि राम्रोसंग सोध्दा मलाई जे चाहिन्छ त्यो गर्छु तपाईले पनि सकेको गर्नुस भनि धाक धम्की दिएकाले अर्काको जग्गा तर्फ कसरी ढोका, झ्याल राख्न मिल्दछ भनि बुझ्दा नक्शामा नै नभएको विपक्षको सो कार्य विरुद्ध त्यस कार्यालयमा मिति २०६४।७।११ गते निवेदन दिई नगर प्रहरी आई रोक्का गरी रहेको थियो।

२. त्यसवेलासम्म विपक्षको साढे १ तलासम्म मात्र घर निर्माण भएको थियो। नक्शामा दक्षिण मेरो श्रीमतीको घरसंग जोड्ने गरी नक्शा पास रहेछ। त्यसमा पनि तीन फिट ग्याप राखी ढोका समेत राखी क्यान्टोलिभर टप समेतको निर्माण गर्दै गएकाले यस कार्यालयमा जानकारी गराउँदा मिति २०६४।९।१२ मा स्थलगत निरीक्षण गर्दा नक्शा विपरीतको निर्माण भत्काउन र बाँकी निर्माण नक्शा बमोजिम गर्नुहुन भनि यस कार्यालले पत्र पठाएको थियो।

३. यसरी उक्त पत्र अनुसारको कार्य नगरी अटेर गरेकाले पुन मिति २०६४।९।१३ मा यस कार्यालयले लेखेको पत्र अनुसारको निर्माण कार्य नभत्काएकोले पुन पत्र लेख्ने कार्य भएको छ। उक्त नक्शा

१

विपरीतका सम्पूर्ण निर्माण ७ दिन [illegible] उन नक्शामा नभएका झ्याल ढोका वन्द गर्न एवं उक्त कार्य नगर्दा सम्म अन्य निर्माण [illegible] रोक्का गर्न आदेशानुसार जानकारी गराइन्छ भनि पत्र पठाएकोमा निर्माण नरोकी अवहेलना गरी हालसम्म ४ तला निर्माण फिनिसिङ सम्पन्न गर्दैछन् ।

४. यस्तैमा विपक्षले २०६४।११।२८ गते ४ वजे देखी ९ वजेसम्मको समयमा ३।४ सयको संख्यामा गुण्डाहरु ल्याई अशान्ती गरी सर्भे नापी पूर्व निर्मित पर्खाल तथा २०६४।९।१६ मा आफ्नै सहमतीको शर्तनामा अर्थात म संगवाट विपक्षले २०३९ सालमा मेरो हक भोगको घर जग्गा वकस पाउंदा पूर्व पुड्के दमाईको घर र खाली जग्गामा वकस दिने कै पर्खाल भनि वाहेक जनाई हक भोगको व्यहोरामा लम्वाई २७ '६" चौडाई २४', ९" भनि उल्लेख भएको नक्सा पासमा वढी जग्गा विपक्षको वढी जग्गा देखीन्छ । त्यसमा वढी जग्गा कसरी आयो थाहा पाएका वखत उजुर गर्ने नै छु । त्यही पर्खाल विपक्षलाई दिई त्यसको झण्डै आधा भाग पर्खाल जग्गा मात्र गीता देवीले लिई सट्टा पट्टा गरेको पर्खाल माथि आफूले ४$\frac{१}{२}$ तला घर निर्माण गरी सकेपछि आफूले छाडेको अर्थात गीतादेवीले प्राप्त गरेको जग्गामा पर्खाल निर्माण गरेकोलाई जबरजस्तीसंग भत्काई पार्क होटलको कम्पाउण्डमा फ्यांकी दिएको इट्टा समेतको फोहर हालसम्म पनि छरीएका र त्यसको अवशेष निरीक्षण गरीएमा समेत देखिने नै छ ।

५. यसरी नक्शा विपरीत एकपछि अर्को नियम कानून मिच्दै जाँदा समेत कारवाई नभएपछी विपक्षको हौसला वढ्दै गै कांग्रेसको नेतृको आडमा सत्ताको दुरुपयोग गरी एकपछी अर्को कार्य गर्दै गएकोवाट राज्य सन्यन्त्रलाई नै गलत वनाउंदै लगेको देखिन्छ । त्यसैले नगरपालीकाले यसमा ध्यान दिनु आवश्यक छ ।

६. यसरी माथिका आधारहरुका अतिरीक्त विपक्षले कानून उल्लंघन गरेका अन्य आधारमा नक्शामा नभएको तेश्रो र चौथो तलामा १०/८ को ३।३ वटाको दरले झ्याल राख्न लागेकोमा मिति २०६४।३।२ मा नगरप्रमुख ज्यूलाई मौखिक जानकारी गराएको थिएँ । यसरी कानून उल्लंघन गर्ने विपक्षलाई अन्य निर्माण कार्य रोक्न तथा मेरो निवेदन एवं यस कार्यालयको मिति २०६४।९।१३ को पत्र विरुद्धको निर्माण अवैध घोषित गरी नियमित गराई भत्काई न्याय पाउं ।

७. म समेतका नाउंमा नापि दर्ता श्रेस्ता भै तिरो तीरी भोगी आएको र मचाकाजी महर्जनसंग यसै विषयमा विवाद पर्दा मेरो दर्ता कायम गरेको पुनरावेदन अदालत पाटनको मिति २०६२।४।१८।३

को फैसला र त्यसैलाई सदर [illegible] सर्वोच्च अदालत डिभिजन वेन्चको मिति २०६४।१०।२ मा गरेको फैसला समेतका प्रमाण हुँदा हुँदै हाल यस्तो जग्गा के कसरी नेपाल सरकारको नाउँमा भयो भन्ने सुनेकाले आफ्नो अकाट्य हक हनन तर्फ जो जे गर्नु पर्दछ गर्ने नै छु र कि. नं. ८४८ को वाटो जग्गामा मेरो अकाट्य हक भएको निम्न प्रमाण छन् :-

(क) म समेतका नाउँमा रहेको जग्गाधनि प्रमाण पूर्जाको फोटोकपि थान ------------- १

(ख) तिरो तिरेका रसिदको फोटोकपि थान --------------------------------------- १

(ग) सर्भे नापिको नक्शाको फोटोकपि थान --------------------------------------- १

(घ) विपक्षले नक्सा पास पूर्व १७ वडाले पश्चिम ऋषिकुमार र विजयकुमारको निजि वाटो सितादेवी पाण्डेको निजि जग्गा दक्षिण ऋषिकुमार र गीतादेवी पाण्डे भनि मिति
र ०४३।११।१० मा तीन पुस्तेको [illegible] प्रमाण
२०६४।१।३१ मा संधियारका नाउँको सूचनाको फोटोकपी थान १ सेट ------------- २

(ङ) नक्शा विपरीतको निर्माण रोक्न मिति २०६४।७।११ मा गरेको उजुरीको फोटोकपि थान- १

(च) उजुरी गर्दाका अवस्थासम्म निर्माण भएको १$\frac{१}{२}$ तला घरको फोटोको फोटाकपी थान - १

(छ) यस कार्यालयको स्थलगत निरीक्षण पछी मिति २०६४।९।२ मा निर्माण सच्याउन लेखेको पत्रको फोटोकपि थान --- १

(ज) मिति २०६४।९।१३ मा अटेर गरेकाले निर्माण रोक्का राख्न समेत भनि नगरपालिकाले लेखेको पत्रको फोटोकपि थान --- १

(झ) विपक्षले म संग जग्गा वकस पाउँदा पूर्व पुड्के दमाईको घर र खाली जग्गा वकस दिने कै पर्खार पश्चीम वकस दिने कै निजि वाटो भनि जनाई मिति २०३९ सालमा पारीत वकसपत्रको फोटोकपी थान --- १

(ञ) मेरी श्रीमती गीतादेवीसंग सट्टापट्टा गरी मेरो पर्खाल जग्गा लिने र त्यस वापत विपक्षले झण्डै आधा जग्गा पर्खाल दिने गरी गरेको मिति २०६४।४।२३ को सट्टा पट्टाको लिखतको फोटोकपी थान --- १

(ट) मचाकाजी महर्जन समेतसंग कि. नं. ८४८ को विवादीत वाटो जग्गामा मुद्दा पर्दा हाम्रो दर्ता नै कायम गरी मिति २०६२।४।१८ मा पुनरावेदन अदालतले गरेको फैसलाको फोटोकपि थान --- १

३



(ठ) सर्वोच्च अदालत डिभिजन वेन्चले समेत पुनरावेदन अदालतको फैसलालाई सदर गरेको फैसलाको फोटोकपि थान -- १

(ड) विपक्षले सहमति विपरीत मिति २०६४।११।२८ गते भत्काएको पर्खालको वारेमा विभिन्न पत्रपत्रीकामा प्रकाशीत समाचार पाना ४ को थान ------------------------------ १

(ढ) २०६४ साल कार्तिक ८ गतेसम्म वनाएको घर र नक्सा विपरीत निर्मित भ्यालको फोटोकपी थान -- १

(ण) ऐ. ऐ. मितिमा खिचेको फोटो जसमा पेटीहरु स्पष्ट देखीन्छन् पाना ------------------१

(त) सट्टा पट्टावाट प्राप्त गरेको पेटी माथी निर्मित पर्खालको फोटोकपीहरु पाना -----------६

(थ) २०६४।११।२८ मा विपक्षले गुण्डागर्दी गरी भत्काएको पेटीको अवशेषको फोटोको फोटोकपी --१

(द) पार्क होटेलमा गेटको ताला फोडी भत्काएको पेटीको अवशेष फालीएको देखिने फोटोको फोटोकपी थान -- १

(ध) यि विपक्षले २०६५।३।२ मा भ्याल राख्नका लागी पालले छोपी काम गर्न खोजेको देखिने फोटो र भत्काएको पेटीको डाव हालसम्म समेत देखीने फोटोको फोटोकपि थान ---- २

(न) यि विपक्षले गरेको नक्शा पासमा ~~West~~ South Elevation मा भ्याल भेन्टीलेशन केही छैन । उक्त देखिने नक्साको फोटोकपी थान -- २

(प) २०३३।८।२४ को पुरानो घरको पास नक्साको फोटोकपि ---------- १

८. यसरी माथिका आधार प्रमाणहरु समतवाट विपक्षले नक्शा पास विपरित तथा नगरपालिकाको आदेश पत्र र ताकेता रोक्का समेतको आदेशलाई चुनौती दिई गरेको निर्माण र हाल आएर राखेको भ्याल, ढोका तथा प्लाष्टर गर्नका लागी वा के का लागी हो मेरो निजि वाटो जग्गा तर्फ गाडेको वाँस लगायतका सम्पूर्ण कार्यलाई गैह्र कानूनी घोषित गरी कडा भन्दा कडा कारवाई तथा जरीवाना गरी पाउन विपक्षले भत्काएको पेटी जस्ताको त्यस्तै पुन: निर्माण गराई पाउन विनम्र निवेदन गर्दछु ।

काठमाडौं महानगरपालिकाको कार्यालय
काठमाडौं

निवेदक

ऋषिकुमार पाण्डेको का. बा.
कृष्णनाथ शर्मा

ईति सम्वत २०६५ साल आषाढ १८ गते रोज २ शुभम् ------------------------------------।

४



नक्सामा प्लेन देखिए पनि पछि फोडी ८४८ को निजी तर्फ (बाटो) तेस्रो तलादेखि माथि चौथो र पाँचौसमेतमा राखेको नियम कानुन नक्सा विपरितका झ्यालहरू



नक्सा पासमा नभएको, पछि फोडी बनाएको हाम्रो कि.नं. ८४५ तर्फको निजी बाटोमा निर्मित गरे


GURKHA
HOSPI
& Research
Jaya

कि.नं. ८४८ को हाम्रो निजी बाटोमा निर्मित परम्परा देखिको निजी गेट, भित्र प्रवेश गर्ने मूल गेट

कि.नं. ८४८ को बाटोसँगै पुरानो घर तर्फ जाने कि.नं. ८४५ को बाटो





हाम्रो कि.नं. ८४८ को निजी बाटो मा जोडिने कि.नं. ८४६ र ८४५ को बाटो

कि.नं. ८४८ को बाटोबाट जोडिदै ८४५, ८४६ हुँदै (जुन गोरखा हस्पिटलको नाममा दर्ता बाटो) बाट गर्दै हाम्रो पुरानो घरतर्फको परम्पर ादेखिको गेट





कि.नं. ८४६ को बाटो देखिने फोटो



गोरखा हस्पिटलको नाममा विजयकुमार बाट प्राप्त भइ गएको कि.नं. ८४५ को परम्परादेखिको बाटोबाट जाने पुरानो घर गोठ देखिने नक्सा फोटो



कि.नं. ८४८ हुँदै ८४६, ८४५ बाट भित्र पस्ने पुरानो घर






POINT





लेखकको निजी बाटोमा प्रेमले टब हालेर घर निर्माण











८४८ रोड





लेखकको निजी बाटो तर हाल सार्वजनिक भएको

कि.नं. १८८ मा
प्रस्तावित बाटो

कि.नं. १८८
बाटो
25 11:20AM



HOUSE



बाटोको दुवैतर्फ लेखकका घर



मूल प्रवेशद्वार

लेखकको घर





लेखकको घर प्रवेश गर्ने उत्तरी मोहडा



लेखकको घर प्रवेश गर्ने मूल गेट

बसुन्धराको नयाँ फाइल

विधिको शासन नभएको देश

का.म.पा.वडा नं.१७ बस्ने बसुन्धरा श्रेष्ठले कि.नं.१७१५ को मेरो घरजग्गाभित्र पर्ने गरी पश्चिम २५ फिट, उत्तर-दक्षिण २ फिट टप निकाली नक्सा पास विपरीत घर निर्माण गरेकाले भत्काई पाउँ भन्ने गीतादेवीको निवेदन तथा नक्सा पास बिना नै मेरो कि.नं.१७१६ समेत को जग्गाभित्र पर्ने गरी पूर्व-पश्चिम २ फिट उत्तर दक्षिण ३० फिट टप निकाली निर्माण गरेकाले भत्काई पाउँ भन्ने म ऋषिकुमारको निवेदन।

का.म.पा.का प्राविधिकले नक्सामा कहीँ टप नभएको, ४५ फिट उचाई हुनुपर्नेमा मापदण्ड विपरीत ६४ फिट उचाईसम्म निर्माण गरेको, दक्षिण कि.नं. १७१५ तर्फ जमिन तलामा १ फिट, पहिलो तलामा १ फिट ३ इन्च, दोस्रो तलामा १ फिट ६ इन्च, तेस्रो तलामा ३ फिट नक्सा मै नभएको टप बनाएको, चौथो र पाँचौमा अर्काको जग्गामा पर्ने गरी १ फिट २ इन्च टप बनाएकोले नगरपालिका ऐन, २०४८ को दफा ६२ (२) बमोजिम भत्काई दिने र मापदण्ड विपरीतको निर्माणका लागि रु. ५,०००।- जरिवाना गरी प्रतिवादीले नियमित गर्नुपर्ने भन्ने ०५६।८।२१ को फैसला । त्यसैउपर विपक्षी पुनरावेदन अदालतमा गएकोमा पुनरावेदनले पनि का.म.न.पा.कै फैसला सदर गरी अन्तिम भएको । कार्यान्वयन गर्नका लागि मैले निवेदन गरी ०६५।१।११ गते कार्यान्वयनका क्रममा १० दिने म्याद सूचना जारी गरी अन्तिम भै उपस्थित नभएको ।

मिति २० गते दिनको १२:०० बजे फैसला कार्यान्वयनका लागी नगर प्रहरी सहित नगरपालिकाका कर्मचारी समेत आएकोमा त्यसलाई रोक्न लामो कपाल पालेका मुन्द्रे, ट्यापे, गुण्डाहरु भाडामा ल्याई मेरा प्रतिनिधिलाइ अभद्र व्यवहार गरी हातपात समेत गर्न तयार थिए । उनीहरुले मलाई आक्रमण गर्न मेरो घर कम्पाउण्डतर्फ आतंक फैलाएको कुरा तत्कालीन पत्रपत्रिकाका खबरबाट पनि देखिन्छ । यसरी कार्यान्वयन गर्न नदिने नक्सा पास विपरीत घर निर्माण गर्ने प्रेमकुमार श्रेष्ठ र मुद्दा गरी हारी सकेको पञ्चनारायणका छोराहरुको पूरा सक्रियता देखिन्थ्यो ।

यसरी मैले आफ्नो सुरक्षाका लागी प्रहरी गुहार्दा, प्रहरी पनि आएन । ती सबै कुराको प्रमाण समेतका मिसिल, फैसला मिसिल लगायतका सम्पूर्ण कुरा प्रष्ट देखिने फोटोहरु मसँग छन् । उपलब्ध गराउन सक्छु । त्यसपछि नगरपालिकामा म गएर सोध्दा हामीसँग जनशक्ति छैन । यसरी हुल हुज्जत गरेकोमा हामीले केही गर्न सक्दैनौँ भने । तत्कालीन प्रमुख दिनेश थपलियाले समेत यस्ता ९० प्रतिशत संरचना भत्काउन पर्ने छन् । स्रोत साधन जनशक्ति छैन के गर्ने भन्ने लाचारी कुरा गरे । त्यसपछि मैले गृहदेखि सम्पूर्ण निकाय धाएँ, मेरो केही सीप लागेन । त्यसपछि विपक्षीको मनोबल बढ्दै गई मेरो पार्क होटेलको घरतर्फ अझ थुप्रै टप बनाई कोठै बनाउने गर्दै गए । अझ केके गरेका छन मैले देख्न पनि गाह्रो छ । मेरो घरमा पानी पसी भत्कने पो हो कि भनी चिन्तामा छु । मैले के गर्ने ? मौकैदेखि उजुर बाजुर गर्दा र सोही बमोजिमको फैसला हुँदा समेत केही अर्थ रहेन । म जस्तो समयमै निवेदन गर्ने, सचेत गराउने मानिसले त न्याय नपाउने देशमा अरुले के न्याय पाउलान् यो गम्भीर प्रश्न छ ।

-ऋषिकुमार पाण्डे
क्षेत्रपाटी, काठमाडौँ
२०७४ असार

२०५६ [illegible] मंसिर २४ [illegible]

कांग्रेसका काजीको उन्मादले सिन्धु आतंकित

बाह्रबिसे । काठमाडौंमा एमाले र कांग्रेसबीच सहमतिको प्रयास भइरहेको छ । लोकतान्त्रिक शक्ति भएका कारण पनि एकता प्रयासमा नेताहरू लागिपरेका छन् । तर काठमाडौं नजिकै रहेको जिल्ला सिन्धुपाल्चोकमा भने नेपाली कांग्रेसका कार्यकर्ता नेकपा एमालेका कार्यकर्तालाई बाटा घाटा र घर घरमा गएर थुत्दै आक्रमण गरिरहेको समाचार छ । सिन्धुपाल्चोक, स्याङ्जा लगायतका जिल्लामा एमालेका कार्यकर्तामाथि नेपाली कांग्रेसका कार्यकर्ताहरूले आक्रमण गर्न थालेका छन् ।

दुई तिहाई बहुमत ल्याएजसरी कांग्रेसले २०४८ कै जस्तो राज्यआतंकको पुनरावृत्ति सुरु गरेको छ ।

चुनावी रिस साँधेर कांग्रेस कार्यकर्ताले एमालेका कार्यकर्ताको टाउको फुटाइरहेको खबरले सभापति सुशील कोइरालाको समेत टाउको दुखाएको समाचार छ । तर सभापति सुशील पनि निरीह सावित भएका छन् । सिन्धुपाल्चोक क्षेत्र नम्बर १ मा ३२ मतले चुनाव जितेका जिल्ला सभापति मोहनबहादुर बस्नेतको निर्देशनमा आक्रमणमा परेका एमाले कार्यकर्ताहरू यतिवेला अस्पतालको सैय्यामा उपचाररत छन् । आफूलाई भोट नहाल्नेलाई गोदेरै तह लगाउने योजनामा लागेका बस्नेतले जिल्लाको तातोपानी, थुम्पाखर, ठूलोपाखर लगायतका गाविसमा एमाले कार्याकर्तालाई आक्रमणको निर्देशन दिएका छन् । 'मोहन दाइले जितेपछि हाम्रै राज चल्छ भन्दै तातोपानी गाविसका एमाले कार्यार्ता सानु शेर्पालाई स्थानीय नेविसंघका कार्यकर्ताले सांघातिक आक्रमण गरेका छन् । शेर्पालाई आक्रमण गर्ने तातोपानीका कांग्रेसका सक्रिय कार्यकर्ता कामी शेर्पाका छोरा राकेश शेर्पा, दावाछिरिङ शेर्पा तथा जाङ्मु शेर्पालाई प्रहरीले पक्राउ गरे पनि बस्नेतले प्रहरीलाई धम्की दिएपछि उनीहरू रिहा भएका छन् । यसबाहेक बस्नेतले आफूलाई भोट नहालेको भन्दै विभिन्न निर्माण व्यवसायीको सामान लटपाट समेत गर्न लगाएका छन् । राम्चे गाविसमा रहेको बालुवाखानीबाट स्थानीय ठेकेदारले झिकेको बालुवा पनि बस्नेतकै निर्देशनमा नेपाल विद्यार्थी संघका कार्याकर्ता हुँ भन्नेहरूले माओवादीकै शैलीमा लुटेर लगेका छन् । यस विरुद्ध इलाका प्रहरी कार्यालयमा उजुरी परेपनि कुनै करवाही भएको छैन । बस्नेतकै निर्देशनमा बाह्रबिसे इलाका प्रहरीका इन्स्पेक्टरले आक्रमणकारीलाई पक्राउ नगरेको बताइएको छ । मेरा विरोधीहरूलाई कुटेर आऊ भनेर आफ्ना कार्यकर्तालाई उनले खर्चका साथै निर्देशन नै दिन थालेका छन् । चुनावमा धेरै पैसा खर्च भएको कारण पनि त्यसलाई उठाउन अहिले नै लागिपरेका बस्नेतले आहिले रुपैयाँ उठाउने विभिन्न बहाना बनाउन थालेको कुरा कांग्रेसकै इमानदार कार्यकर्ताहरू बताउछन् । अन्य दलं समर्थक व्यवसायी र ठेकादारहरूले पैसा नदिएका कारण पनि उनी तिनीहरूप्रति बढी आक्रमक देखिएका छन् । त्यसो त नेपाल ट्रक कन्टेनर सहकारी माफंत् तीन करोड रुपैयाँ झिकेर निर्वाचनमा बाँडेको चर्चामा रहेका बस्नेतले सो पैसा चुक्ता गर्ने अनेक उपायका रुपमा आतंककारी र गुण्डागर्दी शैली अपनाएको आरोप पीडितहरूको रहेको छ ।

चुनावमा एमालेका कार्यकर्ताले लामोसाँघु बजारमा बस्नेतलाई कुटेपछि पनि उनी एमालेप्रति बढी आक्रामक भएका हुन् । त्यसैगरी बस्नेतले काठमाडौंमा बसेका अन्य दलका कार्यकर्तालाई समेत धम्क्याउन थालेको गुनासो छ । विभिन्न आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिलाई प्रयोग गरेर बस्नेतले एमालेका कार्यकर्तालाई आक्रमण गर्ने धम्की दिएको उनीहरू बताउँछन् । ९८०१०८९८१५ को नम्बर प्रयोग गरेर प्रमोद नामका व्यक्तिले एमालेका कार्यकर्ता तथा व्यवसायीसंग नगद माग गर्न थालेका छन् । आफूले भनेको नमाने ज्यान नै खत्तम पर्नेसम्मका धम्की आउन थालेपछि एमाले कार्यकर्ताहरू प्रहरी प्रशासनमा उजुरी गर्न पुगेका छन् । ज्यान जोगाई पाउँ भन्दै प्रहरी प्रशासनमा पुगेको उनीहरूलाई प्रहरी प्रशानले पनि उचित सहयोग नगरेको एमालेका पीडित कार्यकर्ताहरूको आरोप छ । चुनावको अघिल्लो दिनमा थुम्पाखर गाविसमा स्थानीय शिक्षकलाई खुकुरी प्रहार गरेका मोहन बस्नेतका मान्छेहरूलाई सशस्त्र प्रहरीले पक्राउ गरेर पनि तुरुन्त छोडेपछि उनीहरूको मनोवल बढेको हो ।

मोहनबहादुर बस्नेत

प्रमुख जिल्ला अधिकारी डिल्लीराज पोखरेल तथा प्रहरी प्रमुख डीएसपी भरत बोहराले नै निर्देशन दिएपछि ती आक्रमणकारी छुटेपछि थप शंका पैदा भएको छ । सिन्धुपाल्चोकको एक नम्बर क्षेत्र व्यापारिक नाका पनि भएका कारण भन्सार छली गर्ने तस्कर व्यापारीहरूलाई बस्नेतको संरक्षण रहेको छ । त्यस्ता अवैध धन्दा गर्नेहरूबाट प्रहरी र प्रशासनलाई प्रभावमा पारेर बस्नेतले अन्य दलका कार्यकर्तामाथि आक्रमण गर्ने गरेका छन् । त्यसो त काठमाडौंमा थन्किएको रक्तचन्दन खासा लैजान सहयोग गर्ने बचन दिएका कारण पनि यस नाकामा तस्करीको उपमा पाएका व्यपारीहरू बस्नेतलाई जिताउने मरिमेटेर लागेका थिए । जस अनुसार, परीक्षणको रुपमा मंसिर २० गते विहीवार खासा लैजान लागेको रक्तचन्दन कोटेश्वरमा पक्राउ परेको छ ।

त्यसो त चुनाव जितेसंगै बस्नेतका कार्यकर्ताले नेकपा(एमाले), राप्रपा तथा एकीकृत माओवादीका कार्याकर्तालाई दु:ख दिन थालेपछि पार्टी च्यानल अनुरुप सुशील कोइरालालाई उजुरी गरेका छन् । त्यस विषयमा नेपाली कांग्रेसभित्र पनि छलफल भइरहेको नेपाली कांग्रेस स्रोतले जनाएको छ । विवादित पात्रका रुपमा चिनिएका बस्नेतले अहिलेसम्म पनि कोइरालालाई सम्पर्क नगरेको सभापतिको सचिवालयले जनाकारी दियो । चुनाव जितेपछि आफू मन्त्री हुने धाक धम्की दिंदै उनले प्रहरी प्रशासनलाई आफ्नो पक्षमा पारेको बुझिएको छ ।

वसुन्धरा प्रधानले मसँग उसले सद्भावना गरेको भन्यो। वसुन्धरा प्रधानको बाउ (भोगुको) २०१६ सालमा तिब्बतियन हो र वसुन्धरा चौडी पत्तोको तामिनी हो र यसको विवाह सुद्ध Tibetian Campसँग भएको थियो। केम्पा भएकोले उसले युरोपमा पढाइ लेखाइ तालिम पायो। पर नेपाली नागरिक नभए पनि वसुन्धराले उसलाई नेपाली नागरिक बनाइ। पहिले PM कृष्णप्रसाद भट्टराईको मन्त्रीमण्डलमा यसले ७०५ दिनको रहँदै र वसुन्धरा प्रधानको व्यापार Tibetबाट ३ नम्बर पाएर भनेर गर्थी र त्यहाँ पुरानो मूर्तिहरू रसुतपति व्यापार गर्थी। त्यसैलागि नेपाली कांग्रेसको कार्यको कोषी सभापति (सिल्ला) बन्ने भनेको थियो ओ पहिले देउवाको मन्त्रीमण्डलमा प्रत्यक्ष मन्त्री नै भएको थियो। यो सभापति हुँदा र वसुन्धराको लोग्ने बार. दासमेत वसुन्धराको घरमा आएर जाने सुत्ने गर्थ्यो। वसुन्धराले बासोदेवी नै हमजालिम गर्दा भनसार पुलिस प्रहरीबाट रोजगार नहुनगर्दो आर्थिक लाभ लिई यसैले मिलाइदियो। लोग्ने केम्पा शुद्ध थियो। श्रीमतीको ०५वर्ष। दुवैले इतलीले उमेरमा Heart felt भएर मऱ्यो। सद्भावना गरेको भन्नामा उसले आफ्नो नाममा नभएको टपसमेत निकाली, म Engineer भएकोले उत्तर पनि गर्दें र पछि नगरपालिकाले कुमन पठायो। Report दियो। नगरपालिकालाई पनि पैसा खुवाई घरमा कांग्रेसी झण्डा लगाई PM कृष्ण भट्टराईलाई आफ्नो घरमा visit गराई कांग्रेसी Mayor P.L. सिंह हुन जेलसम्म रहेको हुन सक्छ पनि एमालेको सरकार हुँदा Mayor केशव स्थापित हुँदा उसले दक्षिणतिर बनाएको र मेरो जग्गामा पर्ने पूर्वतिरको सबै टप भत्काउनु भन्ने निर्णय भयो। त्यसबेला ४५ फुटको घर ६६ फुटको बनाई मेरो घरभन्दा पनि अग्लो बनाएको थियो। मैले भन्दाखेरि सिमा बनाएको मा केशव स्थापितले जम्मा ५००० लिएर जरीवानाको नामगर्दो बनाउन दियो। मिती उठाई थियो पैसा जोतुन। भत्काउने डाक्टर आए। रपक्ड़ी यसले इन्गर्देर स्थानीय विकास मन्त्रालयका सहसचिव दिनेशजीले भत्काउने आदेश दिनुभयो। भत्काउन Inspector धनपति सापकोटा र गुप आए तर के कारणले वा मुलाहिजामा पऱ्यो वा Political दबाब पऱ्यो फेरी रफादफा भै गयो, लक्ष्मण अर्यालको समयमा फेरी बेपत्ता भयो। मेरो एउटा आँखा पठाएर बुझ्दा, मलाई अहिले प्रतिबन्धित गरेको छ पछि म पुनः मिलाएर आउँछु भन्यो। उ कसको दबाब वा प्रलोभनमा पऱ्यो मलाई थाहा भएन। श्रीमान ले बुझीदिनु भएको छ देश यसरी चलेको छ। पहिले देश चलाउन पहिले त संविधान बनाएर Election गर्ने हो। मेरो बारेमा बुझ्नुपर्दा श्रीमानकै Advisor हुन सकछ High Commission गठन गरी बुझ्दा हुन्छ। मैले अहिलेसम्म बोल्न सकीन अहिले बोलेको छु यस्ता मनस्ता अन्यायपालेका देशमा कसो होलान।



१७

र कांग्रेस सिन्धुपाल्चोक सभापति (जिल्ला) मोहन बहादुर बस्नेतको बारेमा ~~[illegible]~~ साँघु साप्ताहिकले मंसिर २४ गतेको लेख दृष्टी साप्ताहिकले मंसिर २८मा लेखेको लेख र जनआस्था साप्ताहिकमा २६ मंसिरमा प्रकाशित लेख पढ्दा कोको बारेमा मलाई पनि केही कुरा लेख्नमन लाग्यो। मंसिर ४को दोस्रो संविधानसभाको चुनाव जितेपछि उहाँले गर्नथाल्नु भएको गैरकानुनी काम, अशान्ति फैलाउने र सामाजिक विकृति ल्याउन खोजिएको बारेमा लेखीएकोलेख पढ्दा केही यसभन्दा अघिको [illegible] कर्तुतको बारेमा लेख्न मनलाग्यो। हिजोआज मात्र होईन मोहनबहादुर बस्नेतले यस्ता गैरकानुनी, अमानवीय, सामाजीक विकृति मच्चाउने खालका गतिविधी र हिंसात्मक क्रमबाट बनाई आक्रान्त समाजमा अमनचयनमा प्रतिकूल असर पार्नथालेको। उहाँ जिल्ला सभापति हुनेबित्तिकै देखी २०५० साल तिरदेखीनै हो उहाँ [illegible] स्थीत वसुन्धरा श्रेष्ठको घरमा आई घण्टौ बस्ने, त्यहीबाटनै तथा विभिन्न पत्रिकामा यस इलाकामा चलखेल गर्ने गर्नथालेको र यो क्रम अहिलेपनि जारीनै छ। [illegible] पतिको पहिलेजस्तो वास्तो उपस्थिती केही घटेको छ। वसुन्धरा श्रेष्ठ आफै ठूला गुण्डा ग्याङको नाईके हो र उसले ~~[illegible]~~ ल्हासा, तिब्बत आदीबाट बाट उनको नाममा व्यापार गर्ने गरेको र उन लोड गरेको स्थानमा सुन, रक्तचन्दन तथा अन्य गैरकानुनी सामान ~~चलाउको~~ चलाउने गरेको छ। वसुन्धराको श्रीमान प्रभु राय भलाद्मी सोझो तथा समाज हिजोका राम्रो छवीको मान्छे हो र उ तिब्बत तिरकै ठूला [illegible] हो। २०५०/५१ सालतिर यसरी मोहनबहादुर बस्नेतको [illegible] आफ्नो घरमा बारम्बार हुने, व्यापारको नाउमा तस्करी गरेको थाहापाई आफ्नो इज्जत प्रतिष्ठा समाजमा धमिलो हुन सक्ने र श्रीमती र मोहन बस्नेतबिच [illegible] निहुमा घण्टौ सम्म दिन तथा रातमा बैठक को बहानामा बस्ने गरेकोले उ प्रभु अत्याधिक तनाव भई Heart फेल भई मृत्यु भयो र वसुन्धरा श्रेष्ठ र मोहन बस्नेतको भेटघाट अरु बाक्लो हुँदैगयो र तस्करी अरु मौलाउँदै गयो। आफु पार्टीमा रहँदा शक्तिकेन्द्र रिझाएर बसेको उनले

नियम बमोजिम दैनिक मुद्दा पेशी सुचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन सहितको मिसिल अध्ययनगरि प्रत्यर्थी तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कृष्ण प्रसाद भण्डारी र सविता भण्डारीले नक्सापास विपरीत पुनरावेदक प्रतिवादीले बनाएको घरको टप समेत भत्काउने गरि



।।२।।

भएको काठमाण्डौं महानगरपालिकाको निर्णय मुनासिब हुँदा सदर कायम गरि पाउँ भन्ने भएको तथा समेत[illegible] महानगरपालिकाले मिति ०५६।८।२१ को फैसला मिलेको छ भन्ने निर्णय दिनु परेको छ ।

निर्णय तर्फ विचार गर्दा पुनरावेदक, जग्गाधनीले गरि टप सहितको घर निर्माण गरेको सं ०५१ सालदेखि आफ्नै जग्गामा पर्ने गरि घर निर्माण गरेकोमा ८ वर्ष पछि पर्न आएको उजुरी निराधार हुँदा काठमाण्डौं महानगरपालिकाले मेरो घरको टप भत्काउने गरेको निर्णय त्रुटीपूर्ण छ उल्टी गरि पाउँभन्ने नै मुख्य पुनरावेदन जिकिर रहेको देखियो । यस अदालतको मिति २०६१।११।१८ को आदेश बमोजिम मै आएको नक्शा सहितको मुचुल्का तथा प्राविधिक ज्ञान कुमार सुवेदीले तयार पारेको काठमाण्डौं महानगरपालिकामा प्रस्तुत गरेको प्राविधिक प्रतिवेदन समेतबाट यी पुनरावेदक प्रतिवादी वसुन्धरा श्रेष्ठले सम्बन्धित निकायबाट स्वीकृत नलिई आफ्नो घरको पास भएको नक्साको मापदण्ड भन्दा विपरित गई टप निर्माण गरेको देखिन आएकोहुँदा, नगरपालिका ऐन २०४८ को दफा ६२(२)बमोजिम उल्लेखित विवादित टपहरू भत्काई दिने र यी पुनरावेदीका प्रतिवादी वसुन्धरा श्रेष्ठलाई रु.५०००।(पाँच हजार रूपैया) जरिवाना समेत गरि नियम विपरित निर्माण गरेको घरलाई नियमित गराउनु पर्ने समेत ठहर गरेको शुरु काठमाण्डौं महानगरपालिकाबाट मिति २०५६।८।२१मा भएको फैसलामा कुनै परिवर्तन गर्नु नपर्ने हुँदा सदर हुनेठहर्छ । पुनरावेदीका प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार गरि बुझाई दिनु ।

उक्त रायमा म सहमत छु ।

(कृष्ण प्रसाद श्रेष्ठ)
न्यायाधीश

(केशरनाथ पति)
न्यायाधीश

इतिसम्वत २०६२ साल कार्तिक २८ गते रोज २शुभम्- - - - - - - - - - - - - - - - - -



श्रीमान् वडा प्रमुख ज्यू,
१७ नं. वडा कार्यालय
ललितपुर

विषय:- प्राविधिक प्रतिवेदन बारे।

महोदय,

ल.न.पा. वा.नं. १७ छत्रपाटी टोलमा नरसिंह श्रेष्ठले गरेको निर्माण सम्बन्धमा स्थलगत गई जाँच गर्दा तपसिल बमोजिम देखिएको व्यहोरा अनुरोध गर्दछु।

१ नक्सा पास बमोजिम निजको जग्गा २५'१०" x १७'८" भएकोमा हाल नापजाँच २८'५" x '१७'२" भएको।

२) निजले नक्सा पास पाँच तल्ला गरेको (जमीन तल्ला समेत) मा हाल निजले सात तल्ला (भऱ्याङ ~~[illegible]~~ दोहोरो भागसमेत) बनाएको देखिन्छ।

३) निजले नक्सा पास भन्दा बढी उत्तर मोहडा सडक पट्टी पहिलो तलाको फ्लोर देखि २' क्यान्टिलिभर बनाई चौथो तला सम्म [illegible] से क्यान्टिलिभरमा कोठा निर्माण गरेको।

४) निजले नक्सा पास भन्दा पाँचौं तलामा १७'६" x १७'२" कोठा र छैटौं तलामा ५'८" x १७'६" भाग [illegible] लिफ्टि भाग निर्माण गरेको।

५) नक्सा पास भन्दा बढी पूर्व तर्फ तेस्रो तलाको फ्लोरमा ४" टप, चौथो तलामा १'०" र पाँचौं तलामा १'३" टप निर्माण गरेको।

६) दक्षिण तर्फ निजले नक्सा पास भन्दा बढी [illegible] जमिन तलाको फ्लोरमा १'०" पहिलोमा ६'३" [illegible]
[illegible] चौथो तला [illegible]

पुनरावेदन अदालत
पाटन, ललितपुर
२०४८



पनि १'८" हप राखेको / चौथो र पाँचौ तलाको १'८"को हप भाग अहिले नक्सामा पनि /

५) नि तले नक्सा ~~पास~~ पास गर्दा हप भनी उल्लेख गरी [illegible] बनाएको र नक्सा पास गर्दा नभई पाँचौं तलामा १३'६" x १७'२" भाग छैटौं तलामा ४'०" x १७'२" भाग निर्माण गरेको / नि तले घरको उचाई ४४'०" गज बनाउन पाइनेमा नापदा विपरीत ६४'६" (छैटौं तला समेत) उचाई राखी घर निर्माण गरी सकेकोले आवश्यक [illegible] ज्ञान - कारोही लागी पेश गरेको छु /

ज्ञान कुमार सुवेदी
ओ.सी.


17'6"
मापदण्ड निर्धारित बनेको घर
23'3"
३'०"
४ फिट पर्खाल बाटो

चौथो तल्लामा ४" टप निकालेको (मापदण्ड विपरित अर्कोको जग्गामा)।

पाँचौं तल्ला ५" टप निकालेको।

छैठौं तल्लामा पासभन्दा ४½" बढी निकालेको।

पहिलो, दोस्रो, र तेस्रो तल्लामा ५" ताल (गाह्रो) बाहिर नियमविपरित बनाएको।

चौथो तल्लामा सोही २ ठाउँमा (३'०" छैठौं ठाउँमा) ३'०" नै टप निकालेको

पाँचौं तल्लामा सोही ठाउँमा ४'०" टप निकालेको तथा अनुसार दक्षिण तर्फको घर माथि ओभर ल्याप गरि घर निर्माण गरेको

टिप्पणी,

माथिको स्केल र नक्शा अनुसारको घर गरेको र श्री ५ घर नक्सा भन्दा बढी एवं मापदण्डविपरित बनेको देखिन्छ।

(ज.इ.)



लिनेको ७ नं. जोडपारी

मेरो र मेरो परिवारको नाममा ... ... मेरो जिम्मामा रहेको जग्गा ... ... उल्लेखित घर/जग्गा/घ. धुरी लिएको छु भनी सहीछाप गर्ने ... ...

दिनेको ७ नं. जोडपारी

... ... उल्लेखित विवरणको जग्गा/घर ... ... बिक्री गरेको छु भनी सहीछाप गर्ने ... ...

श्री मसुन्धरा श्रेष्ठ

श्री मखन्न रौल

वासी चोक

कुमारी चोक वडा नं. १७

कित्ताकाट भए हालको कित्ताकाट नं.

घर व.द भएको भए घरेरा र घर, वारीको विवरण	जोहीको नाम, घर, बस्ने	कुलको कि. नं.	क्षेत्रफल	कैफियत
मेरो नाठंमा मालपोत कार्यालय काठमाडौंमा दर्ता भएको सो कार्यालय नि लाको लिलो निर्णयले जग्गा मिला		१६१४	०-०-१-१ जग्गा मात्र बसुन्धरा	
		१६१५	०-४-३-२ बाँकी जग्गा	

कित्ताकाट गर्नेको नाम

०६१ मिति ... ...

प्रतिलिपिहरू :

लिने

दिने

उल्लेखित दर्ता/जग्गाको मल्याङ्कन कार्यालयको दर्ता बमोजिम भनी उल्लेख गर्ने.

१. उल्लेखित कि. नं. ...६... २०१५

(अंक र अक्षरमा) को धरना रोक्का छैन भनी ... ।९०१५

गर्नेको दस्तखत ... ...

नाम ... ... पद ... ...

२. उक्त कि.नं. ... ६० ... ... (अंक र अक्षरमा)

को मोठ श्रेस्ता नं. ...१०१५ ... ... (अंक र अक्षरमा)

... ... (अंक र अक्षरमा) को ... ...

भनी प्रमाणित गरी सही गर्नेको दस्तखत ... ...

नाम ... ... पद ... ...

३. रजिष्ट्रेशन दस्तुर रु. ... ... बुझेको सहीछाप ... ...

४. इति ... ...

... शुभम्



तथा व्यवस्थापन

मालपोत कार्यालय

रु. १०/-

विषय:- हालैको बकसपत्र

लिनेको तीन पुस्ते

वर्ष ४६ को कवि कुमार पौडेल

ठेगाना:- का.जि. का. म.न.पा. वडा नं १६

बाजेको नाम - चेतनाथ कुमार

बाबुको नाम:- मिठु कुमार

		सिट नं.	कित्ता नं.	क्षेत्रफल	चार किल्ला
काठमाडौं	का.म.न.पा. १६		१०४०	३०	पूर्व :- यसै ... बाँकी पश्चिम :- यसैको बाँकी उत्तर - १६६, १६७, १६६२ दक्षिण : यसै ... को बाँकी

प्रमाणित प्रतिलिपिहरू

१. ... को लिखत रजिष्ट्रेशन नं ... को ...
२. बाबु बाजेको भएमा-पुर्जा वा अन्य हकभोगको प्रमाण
३. लिनेको हात लिने बाबुको पक्ष ... गा.वि.स.मा बस ...
पुर्जा ... ...
४. लिनेको नागरिकता नं... ... ...नागरिकता लिने ...
... ... मिति ... ...
५. दिनेको नागरिकता नं... ... ...नागरिकता लिने ...
... ... मिति ... ...
६. घरबाटो खुलेको ... ...न.पा./गा.वि.स. ... ...
मिति ... ... को पत्र

इति सम्वत् २०५ ... साल ... गते ...

कार्यालयमा भएको सहीछाप

लिनेको		दिनेको	
दायाँ	बायाँ	दायाँ	बायाँ

लिने दिने मध्ये दिनेको नेपाली नागरिकता
नाम, थर, वतन ...

साक्षी

१. जिल्ला ... ... गा.वि.स.

२. जिल्ला ... ... गा.वि.स.

३. जिल्ला ... ... गा.वि.स.

मिति:-

दिनेको सहीछाप

	दायाँ	बायाँ



आर्जीतवाला ... सहीछाप

बिक्रेको सहीछाप













बसुन्धराको नयाँ फाइल













गल्फुटारको मुद्दा

नखाएको विष लाग्यो

मेरो बाजे विष्णुकुमार पाण्डेका नाउँमा सन्तान दरसन्तानले खान पाउने गरी क्षेत्रफल ५७-१३-३.२ को जग्गा काजि टोखा गल्फुटार जनाई तोक लालमोहर भै हक भएको जग्गामा श्री ५ को सरकारले गल्फुटार आवास योजना सञ्चालन गर्न अधिग्रहण गरेको सुचना निकाली ०३८/७/८ मा ३५ दिने आ-आफ्ना प्रमाण राखी आउनु भन्ने सुचना गोरखापत्र प्रकाशित भएको ।

विपक्षीका बाबु हर्ष ब. तामाङ्गले दाबी गरेकोमा जिल्ला प्रशासन कार्यालयले मालपोतलाई बुझ्दा मोहि लगतमा नाम खाली रहेकोले जग्गाधनी र मोहीको भाग लिन बोलायो । प्रत्येक ४ आनाको रु. १८००० कायम गरी जग्गा वा पैसा लिन जग्गा धनी र मोहिलाई पुनः सुचित गरियो । विपक्षी रामबहादुर तामाङ्गले दर्ता गराएकोमा प्रमाण बिहिन भई हाम्रै कायम गरिदिएको ०६५/१/२७ /४ मा सर्वोच्च अदालतको फैसला पछि वण्डापत्रवाट छोरा विजयकुमारका नाउमा परेकोले मुआब्जा पनि छोरोले नै बुझी लिएको र ०३८ सालमा नै लगत कट्टा भई सकेको ।

नगर विकासको निर्णय उपर रामवहादुर तामाङ्गले श्री सर्वोच्च अदालतमा रिट गरेकोमा नगर विकासको निर्णय बदर गरी ३ महिनाभित्र मालको मूल्याङकन अनुसारको रकम वा घडेरी जग्गा जो दिन सकिन्छ दिनु भनि नगर विकासका नाउँमा ०६२/१/२७ मा परमादेशको आदेश जारी गरेको

सर्वोच्च अदालतको फैसला विपरीत म ऋषिकुमार र छोरा विजय कुमारले गई कानूनी ढङ्गले मोहि समेतको मुआब्जा प्राप्त गरेकोले कूल ६-११-२-० को जग्गा मध्ये ४ भागको १ भाग १-१०-६-२ का जग्गा वापत रु ५३, ७५,०००/- बुझाउन भनी निर्णय गरी सुचना जारी गरी उक्त रकम फिर्ता नगरे हाम्रो नाउँको अधिराज्यको अचल जग्गा रोक्का राखी सरकारी बाँकी सरह असुलगर्ने भनि ०६४/१/१६ मा पत्र पठाएकोमा त्यस उपर सर्वोच्च अदालतमा रिट गरेको ।

यसरी नगर विकासले निकालेको सुचनाको म्याद भित्रै निवेदन गरेको । उसैले छानविन गरी जिल्ला प्रशासन कार्यालयबाट मालपोतलाई बुझी सर्वोच्च अदालतको फैसला बमोजिम नै निर्णय गरेको । उक्त जग्गामा विपक्षले दाबी गरे पनि प्रमाण बुझ्दा हाम्रो नै लालमोहर समेतबाट प्राप्त पुर्ख्यौली जग्गा भएको भनी हामीलाई नै दिएको थियो । २१ वर्षपछि आएर आफ्नो सम्पूर्ण कार्य गरी मौकामा नै चित्त बुझाई बसी सकेपछि रिटगरी अदालतले गरि दिएको फैसला अन्यायपूर्ण थियो ।

म ऋषिकुमारको नाममा नपरी छोरो विजयकुमारको नाउँमा अंश भागमा परी लगत कट्टा भएकोमा म बेसरोकारको मानिसलाई नगर विकासले पठाएको पत्र र रोक्का राख्ने निर्णय गैर कानुनी थियो । प्रमुख कुरा त मैले अंशबण्डा भै छोराको भागमा परेको छोराले नै बुझिलिएकोमा म बेसरोकारको मनिसलाई नलिएको नखाएको रकम लियो भनि मेरो अधिराज्यका सम्पत्ति रोक्का गरि लिने कार्य बडो अचम्मको राणाशासन कालमा समेत हुन नसक्ने निर्णय थियो । त्यस उपर मैले कहिँबाट न्याय नपाई अनाहकमा पैसा तिर्नु पर्यो । यो कस्तो बिडम्बना ? नखाएको विष लाग्यो । हरेक ठाउमा मलाई मात्र किन यस्तो भयो ? मैले जवाफ पाउन सकेको छैन । मैंले तिरको रु. ५३,००,०००/- मध्ये रामबहादुर तामाङले रु. १३,००,००० मात्र पायो भन्ने सुनेँ । बाँकी पैसा न्यायाधिस वा बिचौलिया कसले खायो ? अझ अचम्मको विषय त त्यो छ ।

www.nayapatrika.com
पृष्ठ १५ मूल्य रु. ५

रामबहादुर तामाङ

-ऋषिकुमार पाण्डे
क्षेत्रपाटी, काठमाडौँ
२०७४ असार

संक्षिप्त परिचय

१) काठमाडौँ जिल्ला नगरविकास योजना अन्तर्गत गल्फुटार आवास योजना सञ्चालन गर्ने श्री ५ को सरकारको निर्णय भएकोले साविक चपली गा.पं.वडा नं. ९ (क) हाल महाङ्काल गा.पं. गल्फुटारको जग्गालाई जग्गा प्राप्ति ऐन २०३८ को दफा ९ (१) बमोजिम अधिग्रहण गरिएकोले उक्त जग्गा हकमा हक हुने जग्गाधनी, मोहीले आ-आफ्नो प्रमाण राखी निवेदन गर्नु भनी गोरखापत्रमा मिति २०३८/०७/०९ मा ३५ दिने सूचना प्रकाशित ।

२) विपक्षका बाबुसमेतले मोहीयानी हक दाबी गरी निवेदन गरेकोमा जिल्ला प्रशासन कार्यालय काठमाडौँले मालपोतलाई बुझ्दा मोही लगतमा कसैको नाम नजिनिई खाली रहेकोले जग्गाधनी र मोहीको भाग लिन हामीलाई नै बोलाएको ।

३) प्रत्येक ४ आनाको १ प्लट कायम गरी रु.१८,०००/- कायम गरी जग्गा वा नगद लिन पुनः जग्गाधनी र मोहीलाई सूचना ।

४) विपक्षका बाबु समेतले उक्त हाम्रा लालमोहर को जग्गा आफ्ना नाउँमा दर्ता गराएकोमा म ऋषिकुमारले मुद्दा गर्दा एउटै जग्गा दुई जनाको दर्ता पूर्जा हुन नसक्ने भनी मेरो प्रमाण जाँचीबुझी विपक्षीहरुले गराएको दर्ता बदर गर्ने भनी मिति २०३५/०१/२७/०४ मा स.अ. डिभिजन बेञ्चको फैसला ।

५) गल्फुटार आवास योजना सञ्चालन गरी बिक्री .... को कोही मोही नभएकाले र ऋषिकुमार र विजयकुमार पाण्डेका बिच मिति २०३२/१०/२५ र २०३५/०८/२८ मा भएको बडापत्रबाट विजयकुमारको अंशभागमा उक्त जग्गा परेकाले विजयकुमारले बुझी लिई २०३८ सालमा नै लगत कट्टा भइसकेको थियो ।

६) विपक्षी रामबहादुर तामाङले २०३८ सालमा नै मुआब्जा दाबी गरी निवेदन दिएको भनी ....

७) २०३८ सालमा अधिग्रहण भई लगत कट्टा भइसके पछि जग्गामा दाबी हुँदै नहुने विजयकुमारसँग मिलापत्र गर्दैमा नगर विकासले घडेरी दिन नपर्ने भनी मिति २०५८/१०/२३ मा पुनः मुआब्जा दिन नसक्ने निर्णय गरेको ।

८) नगरविकासको निर्णय उपर विपक्षले सर्वोचचमा रिट गरेकोमा नगर विकासको निर्णय बदरमै ३ महिनाभित्र मालको मूल्याङ्कन अनुसारको रकम वा घडेरी जो दिन सकिन्छ दिनु भनी नगरविकासका नाममा मिति २०३२/०१/२७ मा परमादेशको आदेश जारी गरेको ।

९) स.अ. को फैसला विपरित म ऋषिकुमार र विजयकुमारले गैरकानुनी ढङ्गबाट मोही समेतको मुआब्जा प्राप्त गरी आफूसँग हुँदै नभएको जग्गाधनीको हैसियत प्रयोग गरी मिलापत्र गरेकाले कुल ६-११-२-० को जग्गामध्ये ४ भागको १ भाग १-१०-३-२ को जग्गा वापत ५३,७५,०००/- बुझाउनु भनी निर्णय गरी सूचना जारी गरी उक्त रकम नबुझाएमा सम्पूर्ण हाम्रा नाउँको अधिराज्यभरको अचल जग्गा रोक्का राखी सरकारी बाँकी सरह असुल गर्ने भनी ०६४/१/१६ मा पत्र पठाएकोमा त्यसउपर स.अ.मा म ऋषिकुमारको रिट पनि रहेको ।

रिट निवेदक ऋषिकुमारको प्रमाण र भनाई

१) मेरा बाजे विष्णुकुमार पाँडेका नाउँमा १९६९ साल पौष ७ गते सन्तान दरसन्तानले खान पाउने गरी क्षेत्रफल ५७-१३-६-२ को जग्गा टोखा गल्फुटार जनाई तोक सदर लालमोहर भई हक कायम भएको ।

२) नगरविकास आयोजनाले निकालेको सूचना बमोजिम म्यादभित्रै दाबी गरी प्रमाण पेस गरी त्यसबखत विपक्षीसमेतको दाबी पर्दा आयोजना र जिल्ला प्रशासन कार्यालयसमेतले प्रमाण मालपोत बुझी हामीहरुलाई जग्गाधनीको मोहीको हक दिएको ।

३) विपक्षका बाबु समेतले हाम्रो हकको जग्गामा गराएको दुषित दर्तातर्फ मुद्दा पर्दा सर्वोच्च अदालतले हाम्रो प्रमाण बुझ्दा हाम्रै हकभोगको भनी मिति ०३५/१/२७/४ मा फैसला गरी विपक्षहरुका बाबुसमेतको दर्ता खारेज गरेको ।

४) विपक्षका बाबुले ०३८/८/११ मा मुआब्जा दाबी गरी निवेदन दिएको भने पनि त्यसपछि अगाडि नबढाई चुपलागी बसेको देखिन्छ ।

५) जग्गा प्राप्ति ऐन ०३४ को दफा ११ बमोजिम उजुरी गर्ने व्यवस्था र दफा १८ (३) बमोजिम मुआब्जा नामावलीमा चित्त नबुझ्ने व्यक्तिले १५ दिनभित्र उजुर गर्नुपर्ने गरी गरिएको किटानी व्यवस्थातर्फ नगएबाट चित्त बुझाई बसेको मान्नुपर्ने हुन्छ ।

६) त्यस्तै आफ्नो मोही भाग जग्गाधनीले बुझी उपर ऐनका म्यादभित्रै कोर्ट फि राखी नालेश गर्नुपर्नेमा त्यसतर्फ पनि नगएको देखिन्छ ।

७) एक्कासी ०४६ सालमा भूमिसुधारमा जग्गाको साविक जग्गाधनी जसको तत्कालिन अवस्थामा हक नै पुग्दैन त्यस्तो व्यक्ति विजयकुमारसँग मिलापत्र गरेकोबाट हकदैया प्राप्त गर्नसक्ने हुँदैन ।

८) ०३८ सालमा अधिग्रहण भई कानुन बमोजिम लगत कट्टासमेत भइसकेपछि जग्गाको हक नै नभएको व्यक्तिसँग ०४६/६/५ मा भूमिसुधारमा मिलापत्र गर्दैमा चार विकासले घडेरी दिन नपर्ने भनी मिति ०५८/१०/२६ मा एकपटक विपरित मुआब्जा पुनः दिन नसक्ने भनी नगर विकासले निर्णय गरेको । विकसित घडेरी वा मुआब्जा दिन नसक्ने स्पष्ट निर्णय ।

९) उक्त नगर विकासले विकसित घडेरी वा मुआब्जा दिन नसक्ने निर्णयउपर विपक्ष रामबहादुर तामाङले सर्वोच्च अदालतमा रिट गरेकोमा सर्वोच्च आलतको संयुक्त इजलासले नगर विकासको निर्णय बदर गरी ३ महिनाभित्र घडेरी वा मालपोतको मूल्याङ्कन अनुसारको रकम जे दिन सकिन्छ दिनु भनी नगरविकासका नाममा आदेश जारी गरेको ।

१०) उक्त स.अ.को आदेश बमोजिम भनी नगर विकासले हामीबाट असुल गर्ने भनी हामीलाई ०६४/१/१६ मा पत्र पठाएको र नबुझाएमा अधिराज्यभरका अचल सम्पत्ति रोक्का राख्ने भनी निर्णय गरेको ।

खण्डन

१) नगर विकासले निकालेको सूचनाको म्यादभित्रै निवेदन गरी उसैले छानबिन गरी जिल्ला प्रशासन कार्यालयसमेतबाट मालपोतलाई बुझी सर्वोच्च अदालतको फैसलाबमोजिम नै निर्णय गरेको हो ।

२) उक्त जग्गामा विपक्षले दाबी गरे पनि प्रमाण बुझ्दा हाम्रो लालमोहरसमेतबाट प्राप्त पुर्ख्यौली जग्गा भएको भनी हामीलाई नै दिएको ।

३) २१ वर्षपछि आएर आफ्नो सम्पूर्ण कार्य गरी मौकामा नै चित्त बुझाई बसिसकेपछि रिट गरी अदालतबाट भएको फैसला अन्यायपूर्ण छ ।

४) म ऋषिकुमारको भागमा नपरी मेरा छोरा विजयकुमारको अंश भागमा परी लगतकट्टा समेत भएकोमा म बेसरोकारको मानिसलाई नगर विकासले पठाएको पत्र र रोक्का राख्ने गरेको निर्णय गैरकानुनी छ ।

५) म ऋषिकुमार अंशबण्डा गरी छुट्टी भिन्न भएको बेसरोकार व्यक्तिलाई नलिई नखाएको रकम लियो खायो भनी एबाट मेरो कानुनी हक हनन भएको छ ।



नेपाल सरकार

भौतिक योजना तथा निर्माण मन्त्रालय

काठमाडौं उपत्यका नगर विकास समिति

का.जि. क्षेत्रपाटी ढल्को बस्ने ऋषिकुमार पाण्डे र ऐ.ऐ. बस्ने निजका छोरा विजयकुमार पाण्डेका नामको सम्पूर्ण अचल सम्पत्ती रोक्कासम्बन्धी

अत्यन्त जरुरी सूचना

यस समितिअन्तर्गत सञ्चालित गल्फुटार आवास आयोजना क्षेत्रको का.जि. चपली भद्रकाली गा.वि.स. वडा नं. ९। कि.नं. १०९ क्षेत्रफल ३-७-२-० को कित्ता १, ऐ.ऐ. कि.नं. ११० क्षेत्रफल ०-७-२-० को कित्ता १, ऐ.ऐ. कि.नं. १२२ को क्षेत्रफल ०-५-३-०, ऐ.ऐ. कि.नं. १५८ को क्षेत्रफल ३-९-२-०, ऐ.ऐ. कि.नं. १११ को क्षेत्रफल १-०-०-० जग्गाको जम्मा क्षेत्रफल ६-११-२-० मा मुआव्जा बुझ्ने क्रममा मोहीयानी हकसमेतको मुआव्जा जग्गाधनीले मात्र लगिसकेकोले मुआव्जा तथा विकसित घडेरी दिन नमिल्ने भनी यस समितिबाट निर्णय भएकोमा सो निर्णय उपर उत्प्रेषण युक्त परमादेश जारी गरी पाउँ भनी सम्मानित सर्वोच्च अदालतमा निज मोही रामबहादुर तामाङले निवेदन दायर गरेकोमा अदालतबाट निवेदक मोही रामबहादुरले निजले पाउनसक्ने मोही भागको जग्गाको मुआव्जा मालपोत कार्यालय, काठमाडौंले कायम गरेको हालको न्यूनतम मूल्यको आधारमा ३ महिनाभित्र मुआव्जा दिनु वा मुआव्जाको सट्टा विकसित घडेरी दिन सकिने अवस्था भएमा निवेदकले मोहीयानी हकवापत पाउने जग्गा बराबरको विकसित घडेरी दिनु भन्ने मिति ०६३।१।२७ मा परमादेशको आदेश जारी हुने ठहरी फैसला भएकोले उक्त जग्गा समेतको जग्गाधनी तथा मोहीवापतको मुआव्जा रकम ऋषिकुमार पाण्डे तथा निजबाट अंश प्राप्तगर्ने निजका छोरा विजयकुमार पाण्डेले मुआव्जा रकम बुझी लगिसकेकोले सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयनका सन्दर्भमा मूल समितिको बैठकमा पेस हुँदा मिति ०६३।११।२७ गते बसेको मूल समितिको ११४औं बैठकबाट मोहीयानी हक कायम भएको जग्गाको मुआव्जावापतको रकम जग्गाधनी ऋषिकुमार पाण्डे र निजका छोरा विजयकुमार पाण्डेले एकलौटीरूपमा लगेको देखिदा सर्वोच्च अदालतको मिति ०६३।१।२७ को आदेशानुसार मोही रामबहादुर तामाङलाई भराउनुपर्ने मुआव्जा वापतको रकम एकिन गरी सोबमोजिमको रकम ऋषिकुमार पाण्डे र निजका छोरा विजयकुमार पाण्डेबाट असुलउपर गर्ने क्रममा आवश्यक भए अचल सम्पत्ति रोक्का राखी सरकारी बाँकी सरह असुलउपर गर्ने भन्ने भएको निर्णयानुसार उल्लिखित आयोजना क्षेत्रभित्र मोही रामबहादुर तामाङको मोहीयानी हक कायम भएको माथि उल्लिखित जग्गामध्ये मुआव्जा वितरण वा बुझेको समयमा विद्यमान रहेको भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ बमोजिम मोहीको भागवापतको १/४ भागले हुने जम्मा क्षेत्रफल १-१०-३-२ को मालपोत कार्यालय, चाबहिल, काठमाडौंले तोकेको हालको न्यूनतम मूल्याङ्कनबमोजिम प्रति आना रु. दुई लाखका दरले हुने जम्मा रकम रु. ५३,७५,०००।- (त्रिपन्न लाख पचहत्तर हजार रुपैयाँ) मुआव्जा बुझ्दाका बखत एकलौटीरूपमा बुझिलिने काठमाडौं, क्षेत्रपाटी निवासी जग्गाधनी ऋषिकुमार पाण्डे र निजका छोरा विजयकुमार पाण्डे दुवैबाट असुलउपर गर्ने प्रयोजनार्थ पत्र प्राप्त भएको मितिले ३५ दिनभित्र उल्लिखित रकम यस समितिमा दाखिला गर्न ल्याउन भनी यस समितिबाट निजहरूलाई च.नं. ८३१ मिति ०६४।१।१६ को पत्र लेखी पठाइएकोमा निजहरूमध्ये विजयकुमार पाण्डेले आफैंले र ऋषिकुमार पाण्डेले निजका पहरेदार (आर्मी) युवराज दाहाललाई मिति ०६४।१।१७ मा बुझी लिन लगाएको मितिले तोकिएको म्यादभित्र यस समितिमा रकम दाखिला गर्न नल्याएको हुँदा यस समितिको अर्को सूचना प्राप्त नभएसम्म निज ऋषिकुमार पाण्डे र विजयकुमार पाण्डेका नाउँमा रहेको सम्पूर्ण अचल सम्पत्ति (जाय जेथा) रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाई सकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । ✓



गोरखापत्र आइतबार कात्तिक ९ गते २०३८ साल (३)

जिल्ला कार्यालय काठमाडौंको सूचना

काठमाडौं उपत्यका नगर बिकास योजना अन्तर्गत गल्फुटार आवास योजना संचालन गर्न श्री ५ को सरकारको निर्णयानुसार बागमती अञ्चल, काठमाडौं जिल्ला साविक चपली भद्रकाली गा. पं. वडा नं. ९ क र ९ ख हाल महाकाल गा.उ. पञ्चायत गल्फुटारका निम्न बमोजिमको कित्ता नं. र क्षेत्रफलको जग्गा अधिग्रहण गरिएकोले उक्त जग्गाहरूमा हकदैया पुग्ने जग्गा धनी तथा जोताहाहरूले आफूसंग भएको प्रमाण समेत राखी गोरखापत्रमा पहिलो पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र उजूरी निवेदन दिन जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ (१) बमोजिम यो सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

(१) वडा नं. ९ क गल्फुटारको पूरै जग्गा प्राप्त गर्ने कित्ताहरू–

कि. नं. १ को ०–११–३ कि. नं. २ को ५–३–२ कि. नं. ३ को ०–१४–२ कि नं ५ को ०–२–२ कि. नं. ६ को २–३–२ कि. नं. ९ को १–३–० कि. नं. १८ को १–२–० कि. नं. २१ को ०–५–० कि. नं २३ को ५–३–२ कि. नं. २८ को ४–५–२ कि. नं. २९ को ०–५–० कि. नं. ३० को ०–३–१ कि. नं. ३५ को ०–५–२ कि. नं. ३६ को ०–१३–२ कि. नं. ४१ को ०–११–२ कि. नं. ४२ को ०–२–३ कि. नं. ६० को १–३–० कि. नं. ८९ को ०–१०–२ कि. नं ९० को २–६–२ कि. नं. ९१ को १–५–२ कि. नं. ९२ का १–७–२ कि. नं. ९४ को ०–१४–२ कि. नं. ९८ को ०–४–२ कि. नं. ९९ को ०–३–३ कि. नं. १०० को ०–४–१ कि. नं. १०१ को ०–१५–२ कि. नं. १०२ को ०–१३–२ कि. नं. १०५ को ०–६– ~~कि. नं. १०६ को २–२–२ कि. नं.~~ १०८ को ३–३–० कि. नं ११० को १–२–० कि. नं १११ को १–६–४–० कि. नं. ११२ को ०–८–० कि. नं. ११४ को ०–१–२ कि. नं. ११६ को ०–७–२ कि. नं. १३१ को १–११–३ कि. नं. १३२ को २–१–० कि नं. १४६ को १–६–२ कि नं. १४७ को १–१–३ कि. नं. १४८ का १–२–२ कि. नं. १५० को ४–१३–२ कि. नं १५१ का २–१४–२ कि. नं. १५३ को २–२–१ कि नं. १५७ को १–०–० कि. नं. २२३ को ०–१३–२ कि. नं. २२५ को १–१२–१ कि नं. २२६ का ४–११–२ कि. नं. २२७ को १–८–२ कि. नं. २२८ का ३–१४–२ कि. नं २४२ को ३–६–२ कि. नं. २४३ को २–१४–२ कि नं. २४४ को १–६–२ कि नं. ३०४ को ०–२–३ कि. नं. ४०५ का ०–३–० कि. नं. ४०६ को ०–८–० कि. नं. ४१३ को १–५–० कि. नं. ४२४ को ०–८–० कि. नं. ४३० को ५–०–० कि. नं. ४३१ को ०–६–३ कि. न. ४३२ को २–८–१ कि. नं. ४३३ को २–८–० कि नं. ४३७ को ३–६–० कि नं. ४३९ को १–१४–० कि. नं. ४४० को ०–१४–२ कि. नं. ४४१ को २–२–० कि. नं. ४४२ को २–०–० कि. नं. ४४३ को ४–१२–३ कि. नं. ४४४ को ०–७–० कि. नं. ४४५ को ०–७–० कि. नं. ४४६ को १–४–३ कि. नं. ४४७ को १–९–० कि. नं. ४४८ को ०–११–२ कि. नं. ४४९ को ०–११–२ कि.नं ४५० को ०–९–२ कि. नं. ४५१ को ०–९–२ कि. नं. ४५३ को ४–१–० जम्मा कित्ता ७६ को जम्मा जग्गा रोपनी ११८–१४–१ ।

(२) निम्न कित्ताहरू मध्ये निम्न क्षेत्रफल जग्गा मात्र प्राप्त गर्ने–

कि. नं. ८२ को २–८–१ कि. नं. ११८ को ०–१२–०–२ कि. नं. १२९ को २–१–०–० कि. नं. १३३ को २–१४–०–२ कि. नं. १४२ को ०–२–३–० कि. नं. १४३ को ०–८–०–० कि. नं. १४५ को ०–८–०–२ कि. नं १५४ को ४–६–१–२ कि. नं. १५५ को १–५–१–२ कि. नं. १५६ को ०–८–३–२ कि. नं १५८ का २–१–०–० कि. नं. २२२ को ०–८–०–२ कि. नं को २२९ को ३–५–०–२ कि. नं. २३० को ०–०–३–० कि. नं. २३५ को ४–१२–३–० कि. नं २३९ को ०–१०–२–० कि. नं. २४० को ५–६–१–० कि. नं. २४१ को १–७–२–० कि. नं. २४५ को २–०–३–२ कि. नं. २४६ को ०–१०–१–२ कि. नं. २४८ का ०–७–२–३ कि. नं. २५० को ०–१३–०–२ कि. नं. ३०९ को ०–६–०–० कि. नं. ३९६ को १–७–०–२ कि.नं ३९७ को १–०–३–२ कि. नं. ४१२ को ०–७–१–० जम्मा कित्ता २१ को जम्मा जग्गा रोपनी ४१–१३–१–० ।

(३) वडा नं. ९ क को

कि. नं १९ को ०–१०–२–० कि. नं. २० को ०–१४–१–० कि. नं ३१ को १–२–०–० कि. नं. ३४ को १–१–२–० कि. नं. ३८ को ०–४–२–० कि. नं. ३९ को ०–५–१–० कि. नं. ४३ को २–१–१–० कि. नं. ५८ को १–४–०–० कि. नं. ५९ को १–१–२–० कि. नं. ६१ को ०–५–०–० कि. नं. ६२ को ०–४–३–० कि. नं. ६३ को ०–३–२–० कि. नं. ६४ का ०–३–०–० कि. नं. १०३ को ३–११–३–२ कि. नं. १०४ को २–१–३–० कि. नं. १०७ को ०–७–२–० कि. नं. १०९ को ३–३०––० कि. नं. ११३ को ०–९–२–० कि. नं. ११५ को १–१०–३–० कि. नं. ११७ को १–१३–१–२ कि. नं. १३० को ०–७–२–० कि. नं. २२४ को ८–९–३–० कि. नं. ४०३ को ०–०–३–३ कि. नं. ४०४ को ०–८–३–३ कि. नं. ४२५ को ०–२–३–० कि. नं. ४५२ को १–४–३–० कि. नं. ११९ को ०–१४–१–२ को जम्मा जग्गा रोपनी ३५–७––३–० ।

(४) वडा नं. ९ ख को पूरै जग्गा प्राप्त गर्ने कित्ताहरू–

कि. नं. १४ को रोपनी ०–१४–३–० कि. नं. १२९ को ०–८–०–० कि. नं १४३ को ०–१–१–० कि. नं. १५६ को १–१–३–० कि नं. १५७ को १–१–३–० जम्मा कित्ता ५ को जम्मा जग्गा रोपनी ३–११–२–० ।

(५) निम्न कित्ताहरू मध्ये निम्न क्षेत्रफल अनुसारको जग्गा मात्र प्राप्त गर्ने–

कि. नं. ५ को ३–६–३–२ कि. नं. १४१ को ०–१४–०–० कि. नं. १४२ को ०–१३–२–२ कि. नं. १७५ को ०–६–२–० कि. नं. १७६ को ०–०–२–० प्राप्त गर्ने जम्मा जग्गा रोपनी ५–९–२–० ।

(६) वडा नं ९ ख का– कि. नं ६ को १–६–२–० कि. नं ९ को ३–१३–१–३ कि. नं. १५ को ०–१०–२–० कि. नं. १७ को १–१०–०–२ को प्राप्त गरिने जम्मा जग्गा रोनीप ७–८–२–१ ।



घडेरी बिक्री वितरणको सूचना

श्री ५ को सरकार
काठमाडौं उपत्यका नगर विकास समिति
टंगाल दरवार

यस समितिबाट गल्फुटारमा संचालित आवास आयोजना क्षेत्रमा उपलब्ध घडेरीहरू यथाशीघ्र बिक्री वितरण गरिने हुँदा घडेरी खरीद गरी बसोवास गर्न चाहने निम्न बमोजिमका २१ वर्ष पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना गोरखापत्रमा पहिलो पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र यस समितिको कार्यालय टंगाल दरवारमा प्राप्त हुने गरी रीतपूर्वकको दरखास्त दिन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको र रीत नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

१. काठमाडौं उपत्यकाको नगर पञ्चायत क्षेत्र भित्र अनियमितरूपमा बसोवास गरी सरकारी कार्यालयबाट हटाइएका सुकुम्वासी व्यक्ति वा परिवार ।
२. उक्त आवास योजनामा जग्गा अधिकरणमा परेका व्यक्ति वा परिवार ।

घडेरी सम्बन्धी विवरण:–

१. घडेरीको क्षेत्रफल चार आना (१३६९ वर्ग फीट) हुनेछ ।
२. प्रत्येक ४ आनाको घडेरीको मूल्य रू. १८,०००।– पर्नेछ ।
३. घडेरीका लागि आवश्यक सुविधाहरू जस्तै बाटो, खानेपानी, बिजुली र ढल निकास, सार्वजनिक पार्क, खेलकूद मैदान आदिको व्यवस्था यस समितिबाटै गरिने छ ।

घडेरी सम्बन्धी शर्त :–

१. घडेरीको लागि दरखास्त दिने व्यक्तिहरूले दरखास्त साथै घडेरीको पूरै मूल्य अग्रिम दाखिल गर्नु पर्नेछ ।
२. अधिकरणमा परेको जग्गाको मुआब्जाको सट्टा घडेरी लिन चाहनेले उपरोक्त बमोजिम म्याद भित्र दरखास्त दिएमा मुआब्जाको सट्टा घडेरी नै दिइने छ ।
३. घडेरीका लागि आवश्यकता अनुसारका दरखास्त प्राप्त भएमा दरखास्त दिने म्याद नसकिएता पनि दरखास्त लिन बन्द गरिनेछ ।
४. काठमाडौं उपत्यकाको नगर पञ्चायत क्षेत्रमा अनियमितरूपमा बसोबास गरी सरकारी कार्यालयबाट हटाइएका सुकुम्वासी परिवार हो भनी सम्बन्धित नगर पञ्चायतका प्रधानपञ्चबाट प्रमाणित भएको हुनुपर्छ ।

घडेरी सम्बन्धी अन्य विवरण:–

१. रकम जम्मा गरेको भौचर सहित रीतपूर्वकको दरखास्त दिनु पर्नेछ ।
२. रकम जम्मा गर्ने खाता नं. बैं. अ. ४२४।०३४ काठमाडौं उपत्यका नगर विकास समिति, नेपाल राष्ट्र बैंक, थापाथली ।
३. दरखास्त फाराम यस समितिबाट उपलब्ध गर्न सकिने छ । प्रत्येक दरखास्त फारामको मूल्य रू. ५।– पर्ने छ । दरखास्त दस्तूर लाग्ने छैन ।

दरखास्तसाथ संलग्न रहनु पर्ने कागजात:–

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. सुकुम्वासी भए सुकुम्वासी हो भनी प्रमाणित गरी दिएको सक्कल प्रमाण ।
३. रकम बुझाएको बैंक भौचर ।
४. जग्गावाला भए जग्गा धनी प्रमाण पूर्जाको प्रमाणित प्रतिलिपि ।

घडेरी सम्बन्धी अन्य जानकारी आवश्यक परेमा यस समितिको आवास योजना महाशाखामा सम्पर्क राख्न सकिने छ ।

फोन नं. १३१२०, १२६१०



भौतिक योजना तथा निर्माण मन्त्रालय
काठमाडौं उपत्यका नगर विकास समिति
अनामनगर, काठमाडौं

फोन नं. : ४७७०२१९
४७७०२५८
फ्याक्स : ४७७१४८४
E-mail: ktmvtdc@ntc.net.np

पत्र संख्या :- ज.प्र.०६३।६४

चलानी नं. :- ८२९

प्राप्त पत्र संख्या र मिति :-

मिति:-२०६४।१।१६

विषय:- मुआब्जाको रकम दाखिला गर्न ल्याउने.।

श्री ऋषिकुमार पाण्डे,
का.जि., क्षेत्रपाटी ढल्को ।
श्री विजयकुमार पाण्डे,
का.जि., क्षेत्रपाटी ढल्को ।

उपरोक्त विषयमा का.जि. चपली भद्रकाली गा.वि.स. वडा नं ९ कि.नं १०९ क्षेत्रफल ३-७-२-० मध्ये ३-३-०-० को कित्ता १, ऐ ऐ कि.नं. ११० क्षेत्रफल ०-७-२-० को कित्ता १, ऐ ऐ कि.नं. १२२ को क्षेत्रफल ०-५-३-०, ऐ ऐ कि.नं १५८ को क्षेत्रफल ३-९-२-०, ऐ ऐ कि.नं १११ को क्षेत्रफल १-०-०-० जग्गाको क्षेत्रफल ६-११-२-० मध्ये निवेदक मोहीको जोताहा भाग ३-५-३-० जग्गा नगर विकास समितिबाट अधिग्रहण गरि नगर विकासबाट कायमी प्लट नं.४११,४१२,४१३,४१४,४१५, ४१६,२४८,२५५,२६० र २६२ का प्लटहरु कायम भएको जग्गाको मोही म निवेदक हुँ उक्त जग्गाको मुआब्जा तथा विकशित घडेरी पाउँ भनि का.जि. चपली भद्रकाली गा.वि.स. ३ को हाल महाँकाल वडा नं. ५ बस्ने रामवहादुर तामाङ्गले यस समितिमा निवदेन गरेकोमा यस समितिको मिति ०५८।१०।२३ को निर्णयबाट मुआब्जा तथा विकशित घडेरी दिन नमिल्ने भनि निर्णय भएकोमा सो निर्णय उपर उत्प्रेषणयुक्त परामादेश जारी गरि पाउँ भनि सम्मानित सर्वोच्च अदालतमा निज रामवहादुर तामाङ्गले निवेदन दायर गरि सम्मानित सर्वोच्च अदालतबाट यस समितिबाट भएको ०५८।१०।२३ को निर्णय उत्प्रेषणको आदेशद्वारा वंदर गरि तत्कालिन ऐन बमोजिम मोहीले पाउने मुआब्जा सोही दरमा दिने भन्दा पनि २१ वर्षको अन्तरालमा तत्कालिन मुआब्जा दर कायम गर्दा न्यायका दृष्टिले समेत न्यायोचित हुने देखिदैंन । यस्तो अवस्थामा निवेदक मोही रामवहादुरले निजले पाउन सक्ने मोही भागको जग्गाको मुआब्जा मालपोत कार्यालय काठमाण्डौले कायम गरेको हालको न्यूनतम भूल्यको आधारमा ३ महिनाभित्र मुआब्जा दिनु वा मुआब्जाको सट्टा विकशित घडेरी दिन सकिने अवस्था भएमा निवेदकले मोहीयानी हक वापत पाउने जग्गा वरावरको विकशित घडेरी दिनु भन्ने मिति ०६२।१।२७ मा परामादेशको आदेश जारी हुने ठहरी फैसला भएकोले निवदेकले मोहीले पाउने भू.सु. ऐन,२०२१ को २०५३।९।२४ को संसोधित ऐन बमोजिम आधा जग्गाको मुआब्जा तथा विक्शित घडेरी पाउने

सदस्य सचि

Jagga Prashasan

भौतिक योजना तथा निर्माण मन्त्रालय
काठमाडौं उपत्यका नगर विकास समिति
फोन नं. : ४७७०२१९
४७७०२५८
फ्याक्स : ४७७१४८४
E-mail: ktmvtdc@ntc.net.np

(२)

भएकोले मुआब्जा तथा विकशित घडेरी पाउँ भनी यस समितिमा निवेदन दिएको ।

उक्त जग्गा समेतको जग्गाधनी तथा मोही वापत दुवैको मुआब्जा रकम ऋषिकुमार पाण्डे तथा निजबाट अंश प्राप्त गर्ने निजका छोरा विजय कुमार पाण्डेले यस समितिबाट मुआब्जा रकम बुझि लगि सकेकोले निवेदक रामवहादुर तामाङ्गले सर्वोच्च आदालतको प्रस्तुत आदेश सहित यस समितिमा पेश गरेको निवेदन समेत मूल समितिको बैठकमा पेश हुँदा मिति ०६३।११।२७ गते बसेको मूल समितिको ११४औं बैठकबाट मोहीयानी हक कायम भएको जग्गाको मुआब्जा बापतको रकम जग्गाधनी ऋषिकुमार पाण्डे र निजका छोरा विजयकुमार पाण्डेले एकलौटी रुपमा लगेको देखिँदा सर्वोच्च अदालतको मिति ०६२।१।२७ को आदेशानुसार मोही रामवहादुर तामाङ्गलाई भराउनु पर्ने मुआब्जा वापतको रकम एकिन गरी सो बमोजिमको रकम ऋषिकुमार पाण्डे र निजका छोरा विजयकुमार पाण्डेबाट असूल उपर गर्ने भन्ने भएको निर्णयानुसार उल्लिखित आयोजना क्षेत्र भित्र मोही रामवहादुर तामाङ्गको मोहियानी हक कायम भएको माथि उल्लिखित जग्गा मध्ये मुआब्जा वितरण वा बुझेको समयमा विद्यमान रहेको भूमि सम्बन्धी ऐन,२०२१ को दफा २७ बमोजिम कि.नं. १०९ को क्षेत्रफल मध्ये ३-३-०-०, ऐ कि.नं. १५८ को जग्गा मध्ये २-१-०-०, ऐ कि.नं. १११ को क्षेत्रफल १-०-०-० र ऐ कि.नं.११६ को ०-७-३ समेत जम्मा क्षेत्रफल ६-११-२-० को मोहीको भाग बापतको १/४ भागले हुने जम्मा क्षेत्रफल १-१०-३-२ को मालपोत कार्यालय चाबहिल, काठमाण्डौले तोकेको हालको न्यूनतम मूल्याँकन बमोजिम प्रति आना दुई लाख रुपैंयाका दरले हुने जम्मा रकम रु.५३,७५,०००।- (त्रिपन्न लाख पचहत्तर हजार रुपैँया). मुआब्जा बुझदाका वखत एकलौटी रुपमा बुझिलिने काठमाण्डौ क्षेत्रपाटी निवासी जग्गाधनी ऋषिकुमार पाण्डे र निजका छोरा विजयकुमार पाण्डे दुबैबाट असूल उपर गर्ने प्रयोजनार्थ पत्र प्राप्त भएको मितिले ३५ दिन भित्र उल्लिखित रकम समितिमा दाखिला गर्न निज जग्गाधनीहरुलाई पत्राचार गर्ने, पत्राचार गर्दा पत्र बुझ्न नमानेमा ३५ दिनको म्याद दिई सार्वजनिक सूचना मार्फत दाखिला गर्न लगाउने, उल्लिखित म्याद भित्र दाखिला गर्न नल्याएमा निजहरुका नाममा रहेको अचल सम्पत्ति रोक्का राखि सरकारी बाँकी सरह असूल उपर गर्ने गरी मिति ०६३।११।२७ गते बसेको मूल समितिको ११४औं बैठकबाट निर्णय भएकोले सो निर्णय बमोजिम सम्मानीत सर्वोच्च अदालतबाट भएको फैसला बमोजिम मोही रामवहादुर तामाङ्गलाई भराई दिनु पर्ने हुँदा माथी उल्लेख भए बमोजिमको रु.५३,७५,०००।- (त्रिपन्न लाख पचहत्तर हजार) पत्र प्राप्त भएको ३५ (पैतिस) दिन भित्र यस समितिमा दाखिला गर्न ल्याउनु हुन, अन्यथा माथि उल्लेख भए बमोजिमको कार्यवाही अगाडि बढाइने व्यहोरा समेत जानकारी गराईन्छ ।

सदस्य सचिव

(पुरुषोत्तम [illegible])
सदस्य सचिव



श्री सर्वोच्च अदालत काठमाडौंमा चढाएको
लिखित जवाफ

मार्फत : – महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।
विषय : – सम्वत् २०५९ सालको रिट नं ३४४६ को निवेदन खारेज गरी पाउँ ।

प्रमुख जिल्ला अधिकारी श्री कीर्ति बहादुर चन्द, जिल्ला प्रशासन
कार्यालय, काठमाडौं – – – – लिखित जवाफ प्रस्तुतकर्ता
पक्ष

विरुद्ध :
का.जि. चपली भद्रकाली गा.वि.स. वडा नं ५ घर भै हाल परिवर्तित
ऐ. ऐ. महांकाल गा.वि.स. वडा नं. २ बस्ने हर्ष बहादुर तामाङको
छोरा वर्ष ७१ को राम बहादुर तामाङ – – – – रिट निवेदक
विपक्षी

मुद्दा :– उत्प्रेषणयुक्त परमादेश ।

का.जि. चपली भद्रकाली गा.वि.स. वडा नं. ५ घर भै हाल परिवर्तित ऐ,ऐ महांकाल गा.वि.स. वडा नं. २ बस्ने हर्ष बहादुर तामाङको छोरा वर्ष ७१ को राम बहादुर तामाङले यस कार्यालय समेतलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा दिएको उत्प्रेषणयुक्त परमादेशको रिट नं. ३४४६ को नक्कल सहित १५ दिने म्याद पूर्जी यस कार्यालयमा ०५९।१।२३ मा प्राप्त भएकोमा कार्यालयको कार्य व्यस्तताको कारणले प्राप्त म्याद भित्र सोको जवाफ प्रस्तुत गर्न नभ्याइएको हुँदा ऐनले थामी पाउने म्याद भित्र गुज्रेको म्याद थामी पाउँ भन्ने निवेदन सहित जो भएको लिखित प्रतिवेदन सम्मानित अदालत समक्ष सादर प्रस्तुत गरेको छु ।

रिट निवेदकको सम्पूर्ण व्यहोरा रिट निवेदनबाट अवगत हुने नै हुँदा यस कार्यालयको हकमा रिट निवेदन खारेज हुनु पर्ने व्यहोरा मात्र उल्लेख गरेको छु ।

रिट निवेदकले उल्लेख गरेको कि.नं. को जग्गा मिति २०३८ कार्तिक ९ गतेको गोरखापत्रमा प्रकाशित सूचना अनुसार अधिग्रहणमा परेको र सो जग्गाको मुआब्जा वापत पाउने रकमको बदला जग्गा धनीले विकसित घडेरी बुझि लिएको हुँदा निवेदकले उल्लेख गरे अनुसार निजको हक हिस्सा सम्बन्धमा यस कार्यालयबाट कुनै काम कारबाही नभएको नगरिएको हुँदा रिट निवेदन खारेज गरी पाउन सादर अनुरोध छ ।

यस सम्बन्धमा विस्तृत जवाफ अन्य सम्बन्धित निकायबाट पनि प्राप्त हुने नै भएकोले सरकारी पक्षबाट गरिने बहसै जिकिरलाई यसैको अभिन्न अंग मानी पाउँ ।

वेहोरा साँचो छ झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

लिखित जवाफ प्रस्तुतकर्ता
कीर्ति बहादुर चन्द
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय,काठमाडौं

ईति सम्वत् २०५९ साल जेठ २२ गते रोज ४ शुभम् – –

श्री सर्वोच्च अदालतमा चढाएको
लिखित जवाफ

मार्फत : श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ

सम्वत २०५९ मालको रिट नं. ३४४६ उपर गुज्रेको म्याद
थमाई लिखित जवाफ दर्ता गरी पाउं ।

श्री ५ को सरकार भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरवार
लिखित जवाफ प्रस्नूतकर्ता
प्रत्यर्थी

विरूद्ध

का.जि., चपली भद्रंकाली गा.वि.स. वडा नं. २ वस्ने ~~हर्ष~~ राम बहादुर तामाङ्ग
रिट निवेदक
विपक्षी

मूद्दा : उत्प्रेषणयुक्त परमादेश

विपक्षीसंगको उपरोक्त मुद्दामा सम्मानित संर्वोच्च अदालतवाट जारी भएको यस मन्त्रालयको नाउको १५ दिने आदेश सहितको म्याद मिति २०५९।१।२३ मा प्राप्त भएकोमा मन्त्रालयको कार्य व्यस्तताको कारणले गर्दा आदेशमा उल्लेखित म्याद भित्र लिखित जवाफ प्रस्तुत गर्न नभ्याइएको हुंदा सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४२, क वमोजिम गुज्रेको ३५ दिनको म्याद थामी थमाई लिखित जवाफ दर्ता गरी पाउन सादर अनुरोध गर्दछु ।

१. विपक्षीको रिट निवेदकले लिनु भएको मूख्य मूख्य माग दावी एवं जिकीरको व्यहोरा सक्कल निवेदनवाटै अवगत हुने हुदा यंहा पुनः उल्लेख गरिएको छैन ।



२. रिट निवेदकले विपक्षी वनाइएका अन्य निकायवाट लिखित जवाफ प्रस्तुत हूने नै हुंदा यम मन्त्रालयको तर्फवाट मात्र यो लिखित जवाफ पेश गरेको छु ।

३. विपक्षीको रिट निवेदन निम्न लिखित जवाफको आधारमा खारेज गरी पाउं ।

(क) बढ्दो जनसंख्या तथा सहरीकरणको परिप्रेक्षमा भैरहेको नगरहरूको पुनः निमार्ण, विस्तार र विकासकामाथै नयां नगरहरूको निर्माण गरी नगरवासीहरूलाई आवश्यक सेवा र सुविधा पुऱ्याउन र सर्व साधारण जनताको स्वास्थ्य सुविधा एवं आर्थिक हित कायम राख्ने उद्देश्य अनुरूप नै श्री ५ को सरकारले नगर विकास ऐन, २०४५ जारी गरेको हो. सोही ऐनको दफा ४. बमोजिम नगर योजना कार्यान्वयन गर्न आवश्यकता अनुसार कुनै इलाका, बजार, ग्रामीण क्षेत्र, नगर क्षेत्र वा क्षेत्रीय विकास केन्द्रहरूमा नगर विकास समितिहरूको गठन गर्न सक्ने व्यवस्था गरेको छ । सो समितिलाई नगर विकास ऐन, २०४५ अनुरूप नगर योजनाको तर्जुमा एकिकृत रूपमा नगरको भौतिक विकास, नयां नगर हरूको निर्माणका साथै दफा १२ बमोजिम सो समितिले जग्गा विकास कार्यक्रम संचालनं गर्न पाउने व्यवस्था गरेको छ ।नगर विकास समितिवाट तर्जुमा गरिएका योजनाहरूको स्वीकृति श्री ५ को सरकारले गर्नु पर्ने कानुनी व्यवस्था भएको र त्यसैको आधारमा हुने काम कारवहीलाई अन्यथा भयो भन्न नमिल्ने हुंदा रिट निवेदकको रिट दावी न्यायसंगत नदेखिंदा खारेज भागी छ ।

(ख) नगर विकास ऐन, २०४५ को दफा १२ बमोजिम जग्गा विकास कार्यक्रम संचालन गर्न सोहीं ऐनको दफा १६ अनुसार नगर योजना कार्यान्वयनको लागि आवश्यक पर्ने जग्गाहरू श्री ५ को सरकारले जग्गा प्राप्ती ऐन, २०३४ बमोजिम प्राप्त गरी समितिलाई उपलब्ध गराईदिन सक्ने व्यवस्था भएकोले सोही बमोजिम गरेको कामको कारवाहीलाई गैर कानूनी काम भयो भन्ने दावी निरर्थक तथा निराधार छ ।

(ग) रिट निवेदकले उल्लेख गरेको किता जग्गाहरूको जोत र पोतको हिसावले पाउने मुआब्जा रिट निवेदनकले विपक्षि बनाईएका नम्वार ३ र ४ का व्यक्तिहरूले तत्काले ज.ध. र मोहीको हिसाववाट बुझिसकेको र सो जग्गाहरू विभिन्न व्यक्तिहरूलाई सो आयोजनाबाट बिक्री गरिसकेपछि मात्र रिट निवेदकका नाउंमा सम्बन्धित कार्यालयबाट मोही कायम गरेको देखिंदा सो जग्गाको साविक उल्लेखित मोहिले मुआब्जा बुझिसकेको हुदा पुनः कायम गरिएको मोहीलाई मुआब्जा दिन सकिने अवस्था विद्यमान नरहेको छ ।

Chandra/Law Question And Answer

(घ) यस मन्त्रालयको के कस्तो निर्णयले विपक्षीको कानुनी हक र नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(१) १२(२(२) ८ बमोजिम को हक हनन भयो सो कुरा कहिं कतै उल्लेख सम्म गर्न नसकेको र यस मन्त्रालयबाट पनि रिट निवेदकलाई आघात पुग्ने गरी कुनै काम कारवाही समेत नगरिएको हुंदा विपक्षीको रिट निवेदन तर्कपुर्ण नहुंदा खारेज गरिपाउं ।

(ङ) सरकारी पक्षबाट गरिने बहस जिकीरलाई यसैको अभिन्न अंग मानि पाउं ।

(दिनेशचन्द्र प्याकुर्‍याल)
सचिव

इति सम्वत २०५९ साल आषाढ १० गते गेज २

Chandra/Law Question And Answer



श्री सर्वोच्च अदालतमा चढाएको
लिखित जवाफ

विषयः- उत्प्रेषण लगायत उपयुक्त आज्ञा, आदेश
जारी गरी पाउं।

काठमाण्डौ उपत्यका नगर विकास समितिका वारेस का.उ.न.वि.स.का म काठमाण्डौका ना.सु. वर्ष ४५ का चन्द्र प्रसाद दाहाल .... लिखित जवाफ प्रस्तुत कर्ता।

विरुद्ध

का.जि.चपली भद्रकाली गा.वि.स. वडा नं ५ घर भै हाल परिवर्तित ऐ. ऐ. महाकाल गा.वि.स. वडा नं. २ बस्ने हर्ष बहादुर नामाङको छोरा वर्ष ७१ को राम बहादुर नामाङ.. रिट निवेदक विपक्षी

२०५९ सालको रिट नं. ३४४६

उल्लेखित विषयको रिट निवेदनमा सम्मानीत सर्वोच्च अदालतबाट भएको आदेशको प्रतिलिपि सहित निवेदकको मांग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश प्राप्त भएका मितिले बाटाको म्याद बाहेक १५ दिन भित्र लिखित जवाफ पेश गर्नु भन्ने आदेश पत्र मिति २०५९।८।४ का दिन यस समितिमा प्राप्त भएकोमा कार्यालयको कार्य व्यस्तताले गर्दा तथा बाहिरको परिस्थिति परी तोकिएको म्याद गुज्रन गएकोले सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४२ क. बमोजिम थाम्न पाउने म्याद भित्रै थामी थमाई निम्न व्यहोराको लिखित जवाफ दर्ता गरी पाउन सम्मानीत अदालत समक्ष अनुरोध छ।

१। रिट निवेदकले आफ्नो रिटको प्रकरण १ मा संविधानको धारा ८८ को उपधारा २ बमोजिम र ऐ. को धारा ११ को उपधारा १ समेतले प्रत्याभूत गरेको वैधानिक हक तथा सम्पत्ति सम्बन्धी हकको अपहरण भएकोले संविधानद्वारा प्रदत्त सम्पत्ति सम्बन्धी हकको प्रचलनका लागि अन्य उपचारको विकल्प नभएको कुरा उल्लेख गरी उपयुक्त आदेश जारी गरी पाउन अनुरोध गर्नु भएको छ।

२। रिट निवेदनको प्रकरण २, ३ र ४ मा आफु मोही भएको कुरा उल्लेख गरी सो सम्बन्धमा जि.प्र.का. मा निवेदन गरेको जग्गाधनी ऋषि कुमार पाण्डेको नाममा जग्गा दर्ता गर्दा मो

यस लिखित जवाफ म आफैले मस्यौदा गरी प्रमाण गर्न लगाएको ठीक साँचो छ भनी सही गर्ने ना.सु. चन्द्रप्रसाद दाहाल - - - - - - - - - १

दाखिला मिति २०६०/३/१२

[illegible] विजय कुमार

महलवाट' मोहीको नाम काट्ने समेतको कार्य भै सो कार्य सम्मानीन अदालतवाट बदर भएको समेत कुरा उल्लेख गर्नु भएको छ।

३। यसरी नै जग्गाधनी विजय कुमार पाण्डेसंग ०४६।६।५ मा विभिन्न कित्ताका जग्गाहरुमा मोही नामसारी गर्नेगरी मिलापत्र भएको कुरा रिट निवेदनको प्रकरण ५ मा गरिएको छ।

४। जग्गाधनी विजय कुमार पाण्डे र रिट निवेदक विच भएको ०४६।६।५ को मिलापत्रमा उल्लेख भएको कित्ता जग्गावाट नगर विकास समितिले कायम गरेको विभिन्न प्लट नं का विकसित घडेरी पाउन निवेदन गर्दा निवेदकलाई घडेरी पनि नदिएको र सो को नक्कल पनि नदिएको भनी नक्कल पाउन पुनरावेदन अदालत पाटनमा निवेदन दिई पुनरावेदन अदालतवाट पौष ३ गते २०५३ मा परमादेशको आदेश भएको कुरा प्रकरण ६ मा उल्लेख गरेका छन्।

यिनै कुराहरुको आधार वनाई निवेदकले सम्मानीन अदालत समक्ष दिएको निवेदन सम्वन्धमा निम्न कुराहरु भए गरेको देखिन्छ।

(क) निवेदकको वावु हर्ष वहादुर तामाङ र जग्गाधनी ऋषि कुमार पाण्डे विच नगर समिति अर्न्तगत आयोजना शुरु हुनु पूर्वअर्थात २०३८।३।१२ मा श्री ५ को सरकारवाट प्राप्त गर्नु अघिनै विवाद भै मुद्दा चलेको देखिन्छ।

(ख) यस सम्वन्धमा सम्मानीन सर्वोच्च अदालतवाट मिति ०३५।१।२७ मा निर्णय भएको भनी मालपोत कार्यालयले मोही लगत कट्टा गरी जग्गाधनी र मोही दुवै ऋषि कुमार पाण्डेलाई कायम गरेको।

(ग) श्री सर्वोच्च अदालतमा पुन मुद्दा परी मिति ०३७।९।१८ मा फैसला हुँदा निज हर्ष वहादुर तामाङलाई मोही कायम हुने भनी आदेश भएको सो मुद्दा मालपोत कार्यालय र सो कार्यालयका कर्मचारीहरु समेत विपक्षी रहेको।

(घ) मिति २०३८।३।१२ को श्री ५ को सरकारको निर्णयवाट आयोजनाको लागि जग्गा अधिग्रहण भएपछि श्री सर्वोच्च अदालतको मिति ०३७।९।१८ को निर्णय वमोजिम मालपोत कार्यालयले निज हर्ष वहादुर तामाङलाई मोही कायम गरि दिनु पर्नेमा नगरी जग्गाधनी र मोही दुवै ऋषि कुमार पाण्डे नै कायम भएकोले अंश प्राप्त गर्ने विजय कुमार पाण्डेले ज.ध. र मोही दुवैको भाग मुआव्जा बुझी लगेको।

(ङ) सर्वोच्च अदालतको उक्त फैसला निर्णय समेत उल्लेख गरी निज तामाङले जिल्ला ~~अञ्चल~~ काठमाण्डौमा निवेदन दिंदा दिंदै सो उपर कार्यवाही भएको नदेखिएको।

(च) ऋषि कुमार पाण्डेवाट अंश प्राप्त गर्ने विजय कुमार पाण्डेले साविकको जग्गाको मुआव्जा वापत नयां विकसित घडेरी प्राप्त गरी सकेपछि नगर विकासवाट आफुले प्राप्त गरेको विकसित घडेरी वा निजको आफ्नो हक भोगको जग्गामा भूमिसुधार कार्यालयमा मिलापत्र गर्नु पर्ने मा आफ्नो हक नै नभएको श्री ५ को सरकारले आयोजनाको लागि प्राप्त गरी सकेको जग्गाको वदर भै सकेको साविकको कि न उल्लेख गरी मिलापत्र गरेको।

(छ) उपरोक्त वमोजिम सम्मानित श्री सर्वोच्च अदालतको निर्णय वमोजिम मोही कायम गर्नु पर्ने निकाय। मालपोत कार्यालय र भूमि सुधार कार्यालय। ले निज ऋषि कुमार पाण्डेको साविकको जग्गामा हर्ष वहादुर तामाङलाई मोही लगत कायम गर्नुपर्नेमा सो वमोजिम कायम नगरेकोले समस्या सृजना भएको देखिन्छ। त्यसरी नै निज ऋषि कुमार पाण्डेले आफुले प्राप्त गरेको (साविक मोही कायम हुनु पर्ने) जग्गा वण्डा गरी छोरा विजय कुमार पाण्डेलाई दिई छोराले समेत अन्य व्यक्तिहरुलाई विक्रि गरी सकेपछि साविकको श्रेस्ता वदर भैसकेको जग्गामा अर्थात आफ्नो हक नै नभएको श्री ५ को सरकारको स्वामित्वको जग्गामा मिलापत्र गरेको देखिन्छ।

(ज) नगर विकास समितिले कसैलाई कुनै विकसित घडेरी दिंदा, जग्गा फिर्ता गर्दा प्रचलित कानून वमोजिम जग्गाको श्रेस्ता पूर्जा दिने निकाय। मालपोत कार्यालय सु

दिएको श्रेस्तापुर्जामा भएको अभिलेख अनुसार जग्गाको मुआब्जा दिनु पर्ने हुन्छ । मोहीयानी हक बेहक वा कुनै प्रकारको हक बेहकमा नगर विकास समितिले निर्णय गर्न वा विचार गर्न सक्ने हुँदैन ।

उपरोक्त कारणहरूबाट श्रेस्तामा उल्लेख भएको जग्गाधनीले लगि सकेको र निजबाट आफ्नो छोरा र छोराबाट अन्य व्यक्ति समेतलाई बिक्रि गरी सकेको जग्गाको साविकको बदर भइसकेको श्रेस्ताको कि.नं. उल्लेख गरी समितिलाई कुनै जानकारी नदिएको र नभएको अवस्थामा गरिएको मिलापत्र अनुसार समितिले कुनै जग्गा दिन नमिल्ने कुरा निवेदकलाई समयमै सूचना दिइएको कानून सम्मत हुँदा समितिको हकमा रिट निवेदकले उठाएको कुरा कानून विपरित भएकोले खारेज गरी पाउन सम्मानीत अदालत समक्ष अनुरोध छ ।

५. समितिको तर्फबाट गरिने कानून व्यवसायीको बहस जिकिर लाई यसैको अभिन्न अंग मानी पाउं ।

६। लेखिएको व्यहोरा सांचो छ, झुठा ठहरे कानून बमोजिम सहुंला बुझाउंला ।

लिखित जवाफ प्रस्तुत कर्ता :-
वा. चन्द्र प्रसाद दाहाल
का.उ न वि.सं का.स.

इति सम्वत २०५९ साल पौष ...२... गते रोज...४.... शुभम ।



15

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

विषय:- २०५९ सालको रिट नं ३४४६ खारेज गरि पाउँ ।

का.जि.का.म.न.पा.वडा नं [illegible] बस्ने वर्ष [illegible] को विजय कुमार पाण्डे.
को वा भ.पु.जि.म.थि.न.पा.वडा नं १५ बस्ने वर्ष २८ को मोहन
कृष्ण श्रेष्ठ । .... लिखितजवाफकर्ता

विरुद्ध

का.जि. चपलि भद्रकालि गा.वि.स. वडा नं ५ हाल परिवर्तित महाँकाल
गा.वि.स वडा नं २ बस्ने राम बहादुर तामाङ ....विपक्षी

मुद्दा:- उत्प्रेषण युक्त परमादेश ।

उपरोक्त विपक्षी संगको उक्त उल्लेखित मुद्दामा यस अदालतबाट मेरो नाममा जारि भएको १५ दिने म्याद मिति २०६०।३।२मा तामेल भएकोमा सो मितिले १५ दिन अर्थात मिति २०६०।३।१७ सम्ममा लिखित जवाफ दर्ता गरि सक्नु पर्नेमा घरायसि कामको व्यस्तताले गर्दा उक्त निर्देशित म्याद गुज्रन गएकोले गुज्रेको म्याद सर्वोच्च अदालत नियमावलि २०४९ को नियम ४२(क) बमोजिम थमाई थामि पाएको म्याद भित्र निम्न लिखित व्यहोराको लिखित जवाफ पेश गरीएको छु । मेरो हकमा रिट निवेदन खारेज गरि न्याय इन्साफ गरी पाऊँ ।



१) प्रस्तुत मुद्दामा विपक्षी बनाइएका अन्य प्रतिवादीहरुले आफ्नो हकमा छुट्टै प्रतिवाद गरे वा नगरेमा पनि मेरो हकमा कुनै प्रतिकुल असर नपरोस भनि सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु।

२) विपक्षी रिट निवेदकको निवेदन व्यहोरा अध्ययन गर्दा का.जि. चपली भद्रकाली गा.वि.स. वडा नं ९(क) कि.नं १०९,११०,१२२,१५८ को मोहि निवेदकको पिता हर्ष बहादुर तामाङ्ग मोहि भएको जग्गा मिति २०३८।७।९गते नगर विकासको लागि अधिकरणमा परेकोमा मिति २०३८।८।११मा नगर विकासमा दावि गरेको मिति २०३५।६।१६मा मोहि समेत कट्टा हुने गरि मा.पो.का. काठमण्डौको निर्णय गरेकोमा सो उपर सर्वोच्च अदालतमा रिट परेकोमा मोहि हक यथावत कायम हुने गरि मिति २०३७।९।१८ मा फैसला भई मोहि नामसारी गर्ने गरि म लिखितजवाफकर्ता संग मिति २०४६।६।५ मा मिलापत्र भई रहेकोमा उक्त जग्गाको मुआब्जा पाउँ भनि काठमाण्डौ उपत्यका नगर विकास समितिमा कारवाहि चलाएकोमा मिति २०५८।१०।२३को निर्णयले ऋषि कुमार पाण्डे र निजका छोरा विजय कुमार पाण्डेले मालपोत कार्यालयको श्रेस्तामा रहेको जोताहा मोहि हर्ष बहादुर तामाङ्गको जोताहा नगत मालपोत कार्यालय काठमाण्डौ बाट कट्टा गराई आयोजनाको लागि प्राप्त गरिएको जग्गाको ज.ध.ले दुवैको मुआब्जा बापत जग्गानै बुझिलिई सके पछि एक पटक मुआब्जा लिई सकेको जग्गाको पुन: मुआब्जा दिन नमिल्ने भन्ने निर्णय बदर गरि मुआब्जा बापत निवेदकलाई विकसित घडेरी दिनु भन्ने परमादेशको आदेश जारि गरि पाऊँ भन्ने विपक्षीको मुख्य निवेदन जिकिर रहेछ। सो सम्बन्धमा निम्नानुसार लि.ज. व्यहोरा रहेको अनुरोध छ।

क) विपक्षीले दर्ता गरेको सम्पूर्ण निवेदन जिकिर झुट्ठा एवं आधारहिन हो। रिट निवेदनमा विपक्षीले विपक्षी बनाएका ऋषि कुमार पाण्डे र म विजय कुमार पाण्डे मिति २०३२।१०।२५र मिति २०३५।८।२८ को पारित बण्डापत्र बाट अलग भई बसि आएका छौ। मिति २०३८।७।९मा जिल्ला प्रशासन कार्यालय काठमाण्डौले गोरखापत्रमा प्रकाशित गरेको सुचना बमोजिम गल्फुटार आवास योजना संचालनका लागि रिट निवेदनमा उल्लेख गरेका जग्गाहरु मिति २०३२ र २०३५ सालको बण्डाबाट म लि.ज.को अंश भागमा परेका थिए। अधिकरणको समयमा उक्त जग्गामा विपक्षीले आफ्नो श्रेस्तामा मोहि नजनाएको कारण एकलौटी म लि.ज. ले मुआब्जाको रुपमा प्लटहरु बुझेको थिएँ। हालको अवस्थामा ती सबै प्लटहरु मेरो स्वामित्वमा छैनन सबै बिक्री भै सकेका छन।

ख) विपक्षीले आफ्नो निवेदनमा पटक पटक उठाउनु भएको सर्वोच्च अदालतको रीट नं १२०३को मुद्दामा भएको फैसला मेरो हकमा लागु हुने होईन ।उक्त मुद्दा भनेको लि.ज.का पिता र विपक्षीका पिता बिचको मुद्दा हो । सो मुद्दामा म लि.ज.लाई विपक्षी बनाएको छैन । उक्त मुद्दा दायर हुनु अगाडी नै अर्थात २०३५ सालमै खण्डाबाट विपक्षीले दाखिल गरेका कि.नं हरु म लि.ज.का नाममा आईसकेको अवस्था छ । बुबाको स्वामित्वमा नभै म लि.ज को स्वामित्वमा आईसकेका जग्गामा म विपक्षी नभएको अवस्थामा उक्त मुद्दाको निर्णय अनुसार म लि.ज.वालाले कुनै दायित्व निर्वाह गर्नु पर्ने होइन ।

ग) काठमाण्डौ उपत्यका नगर विकास समितिले मेरो स्वामित्वमा रहेका जग्गाहरुमा म लि.ज.लाईअधिकरण गरि सके पश्चात प्रतिरोपनि रु१७००० का दरले मुआब्जा लिने हो वा प्रतिरोपनि रु१०००। थप गरि एउटा प्लट लिनेहो ,दुई मध्य कुनै एक रोज्न सक्ने अवसर प्रदान गरेको थियो । जग्गा प्लट दिंदाको अवस्थामा आफ्नो जग्गा रहेको क्षेत्रलाई भन्दा एक अर्को प्लट संगसंगै लिन सक्ने अवस्था पनि रहेको थियो । सोहि मुताबिक मैले प्रतिरोपनि बापतको मुआब्जा स्वरुप रु १००० थप गरि एउटा विकसित घडेरीको प्लट मुआब्जा बापत प्राप्त गरेको थिएँ । यसरी उक्त जग्गाको अधिकरण बापत मुआब्जा स्वरुप तत्कालिन अवस्थामा रु१७०००। का दरले प्रतिरोपनी मुआब्जा प्राप्त भएको थियो ।

घ) प्रकरण नं (ग) मा उल्लेख भए बमोजिम अधिकरणमा परेको जग्गाको वास्तविक ज.ध. र मोहिको हक स्वतः अधिकरण गर्ने निकायमा गएको अवस्थामा अधिकरण गर्ने निकायले हक स्वामित्व लिए बापत यति रकम मुआब्जा पाउछौ वा प्लट पाउछौ भनि निर्धारण गरेपछि म लि.ज कर्ता एवं विपक्षीको त्यति समयको हकलाई मात्र आफ्नो हक भएको मान्नु पर्ने हुन्छ । सो कुराको पुस्टि नगर विकास समितिले घडेरी बिक्रीको सुचना भनि निकालेको सुचनाबाट समेत स्पस्ट छ । सो अनुसार पनि विपक्षीको हक भनेको प्रतिरोपनि रु१७०००। का दरले हुने मुआब्जामा तत्कालिन भुमि सम्बन्धि ऐन २०२१ को प्रावधान अनुसार ४ खण्डको १ खण्ड मात्रको हक हुने अवस्था थियो । तथापि विपक्षीले आफ्नो हकको खोजि तत्काल गर्न नसकेको कारण नगर विकासले मोहि तथा ज.ध. दुबैको हक मिसिन [illegible] कर्ता लाई दिएको ब्यहोरा सम्मानित अदालत समक्ष अनुरोध छ।



ङ) विपक्षीले आफ्नो निवेदनमा मुआब्जा पनि नदिएको र विकसित घडेरीको प्लट पनि नदिएको भन्ने विपक्षीको कथन आफैमा अजमायसि छ। २०३८ सालमा मुआब्जा प्राप्त गर्दा विपक्षी उक्त जग्गाको मोहि कायम हुनु भएको थिएन। भू.सु का.को २०४६।६।७ को निर्णय अनुसार विपक्षी उक्त जग्गामा मोहि कायम भएको अवस्था छ। उक्त मिलापत्र पनि मेरो हकमा रहेका जग्गाको हकमा मात्र भएको हो। नगर विकासले अधिकरण गरेका जग्गामा मेरो हक स्वत: समाप्त भै सकेको हुनाले उक्त मिलापत्रमा अधिकरणमा परेका जग्गा नामसारी गर्ने गरी मिलापत्र हुँदैमा कार्यान्वयन हुन सको होईन। उक्त मिलापत्र भनेको अधिकरण भै बाकि रहेको कि नं १०९ को ०-४-२-० को विपक्षीको घर रहेको जग्गाको स्वांमित्व निज लाई र कि नं १५८ को अधिकरण भै बाँकि रहेको १-८-० र कि.नं १२२को जग्गा ज.ध को एकलौटि हुने र मोहि लगत कट्टा गर्ने सम्ममा सिमित रहि भएको अवस्था हो। अधिकरणमा परेका जग्गाको ज.भ, लिखित जवाफ कर्ता एवं मोहि निवेदक कायम गर्ने कुरा सरकारी लगत श्रेस्तामा रहेको व्यहोरा लाई मिलापत्रमा यथोचित सुचना नभएको कारण बाट मात्र पर्न गएको हो जुन कुरा विपक्षी लाई पनि जगजाहेर रहेको अवस्था मा आफ्नो हकै नभएको तेस्रो पक्षको हक भै सकेको कुरा लाई हक हो भनि दाबि गर्नु आत्मनिष्ट दावि हो।यस्तो आत्मनिस्ट व्यहोरा उल्लेख गरि भएको माग दाबि खारेज भागी छ। खारेज गरी पाउँ।

च) विपक्षीले दर्ता गरेको रिट निवेदन विलम्बको कारणले पनि खारेज भागि छ। जग्गा अधिकरण भएको समय २०३८ सालमा मिति २०३८।८।११मा मुआब्जाको दाबि सहित नगर विकासमा उजुरी गरेको कुरा रिट निवेदनको प्रकरण ३मा उल्लेख भएको छ। त्यस पछि नगर विकास समितिमा नगई २१ वर्ष पछि रिट दर्ता गर्नु भएको छ। अधिकरणमा परेको जग्गामा विपक्षी निवेदकको हक भएको भए मुआब्जा बापतको रकम नदिए जग्गा प्राप्ति ऐन २०३४ ले तोकेको प्रकृया बमोजिम दाबि गर्नु पर्नेमा सो बमोजिम दाबि गर्नु भएको छैन जग्गा प्राप्ति ऐन २०३४ को १८(३)ले मुआब्जा पाउने नामावलिमा चित्त नबुझ्ने व्यक्तिले सुचना जारि भएको मितिले १५ दिन भित्र उजुर गर्नु पर्ने, त्यस्तो उजुरीमा हक बेहक गर्न या मुआब्जा रोक्का गरी हक बेहकमा पठाउनु पर्ने र हक बेहक भएको २ वर्ष भित्र मुआब्जा रकम बुझि नलिए सर्व संचित कोषमा दाखिल गर्ने कानुनी व्यवस्था छ। जग्गा प्राप्ति ऐन बमोजिम प्राप्त भएको जग्गाको मुआब्जा दाबि गर्दा सोहि ऐनले तोकेको प्रक्रिया बमोजिम दाबि गर्नु पर्नेमा सो कानुनी बाटो



अवलम्बन नगरि बिलम्ब गरि दर्ता भएको रिट निवेदन अन्य उपचार भएको र बिलम्बको कारणले खारेज भागी छ।

छ) अधिकरणमा परेको जग्गामा विपक्षी निवेदक वास्तविक मोहि भएको भए अधिकरण गर्दा मोहिको भाग बापतको रकम मैले बुझे उपरमा विपक्षीले जग्गा प्राप्ति ऐन २०३४ को साबिक दफा २० बमोजिमको कानुनी व्यवस्था बमोजिम मैले पाउने रकम ज.ध.ले बुझि लगेकोले यो रकम दिलाई भराई पाउँ भनि कोर्ट फी राखि देवानि दावि गर्नु पर्नेमा। रिट क्षेत्रबाट पाउनु पर्ने मुआब्जा रकम पाउँ भनि दावि गर्ने र कुनै आदेश जारी गर्न मिल्ने होईन।

[illegible] उल्लेखभए अनुरुप

३) अत: माथि उल्लेखित तथ्य तथा कानुन समेतको आधारमा प्रकरणमा विपक्षीले दर्ता गरेको रिट निवेदन हकदैया, अन्य उपचार, बिलम्बको कारणले खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु।

४) निम्न कागजको फोटोकपी पेश गरेको छु।

क) घडेरी बिक्री वितरणको सुचना।
ख) मिति २०३८।७।९को गो.प.को जग्गा प्राप्ति ऐन २०३४ बमोजिमको सुचना।

५) लेखिएको ब्यहोरा ठिक छ फरक परे कानुन बमोजिम सहुँला बुझाउँला।

लिखितजवाफवाला
का.जि.का.म.न.पा.वडा नं १७ बस्ने
बर्ष ४४ को विजय कुमार पाण्डे.
कोवा.भ.पु.जि.म.थि न.पा वडानं १५
बस्ने बर्ष २८ को मोहनकृष्ण श्रेष्ठ।

ईति सम्बत २०६० साल श्रावण १२ गते रोज २ शुभम..................... ....



श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

मार्फत:- श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।

विषय:- उत्प्रेषणको आदेश वा अन्य जो चाहिने आज्ञा, आदेश वा पुर्जी जारी गरी पाऊँ ।

श्री मालपोत कार्यालय, [illegible], काठमाडौं ------- लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

का. जि. का.म.न.पा. वडा नं. १७ [illegible]

बस्ने श्री [illegible] कुमार पाण्डे ------------- निवेदक

रिट निवेदक



For Copy.

पूर्वमन्त्री बस्नेत तस्करीमा

०६५ साउन १४ गते

सेतालाई किन उपेक्षा ?



21

॥ २ ॥

कानूनसंगत ढंगले रोक्का राख्न लेखि पठाएको त्यसरीलाई नगर विकास ऐन, २०४५ विपरीत छैन । मालपोत ऐन,२०३४ को दफा ८ (क(२) ले कुनै घर जग्गा रोक्का राख्न वा त्यस्तो रोक्का राखिएको घर जग्गा फुकुवा गर्ने लेखि आएमा मालपोत कार्यालयले लेखि आए बमोजिम त्यस्तो घर जग्गा रोक्का वा फुकुवा गरि दिनु पर्ने भन्ने व्यवस्था गरिएको पाइन्छ । अधिकार प्राप्त निकायबाट रोक्का राखि दिन लेखि पठाए पछि मालपोत कार्यालयले रोक्का राखि दिनु पर्ने स्पष्ट कानूनी व्यवस्था भएकोमा कानून संगत रुपमा भए गरिएको कामकारवाहीलाई अन्यथा अर्थ लगाउने गरी प्रस्तुत गरिएको विपक्षीको प्रस्तुत रीट निवेदन जोकीर तथ्यहीन र गैरकानूनी हुँदा स्वतः खारेजभागी छ ।

३. रोक्का राख्नु पर्ने विपक्षीको कुनै पनि जग्गा रोक्का राखेको कारण नेपाल अधिराज्यको संविधान,२०४७ को धारा १७ को विपरीत भएको भन्ने अर्थ लगाउन मिल्दैन । त्यसैले मालपोत कार्यालयले रोक्का राखेको विषयलाई अन्यथा भन्न नमिल्नेकोले निवेदकको रिट निवेदन खारेजभागी छ । खारेज गरिपाऊँ ।

२०४८।१०।२८

रुद्र प्रसाद शर्मा
प्रमुख मालपोत अधिकृत
लिखित जवाफ प्रस्तुतकर्ता

इति संवत् २०४८ साल माघ महिना २८ गते रोज ६ शुभम् ------------------

१०।२८



श्री सर्वोच्च अदालतमा चढाएको
लिखित जवाफ

विपय:- उत्प्रेषण लगायत उपयुक्त आज्ञा,
आदेश जारी गरी पाउं ।

काठमाण्डौ उपत्यका नगर विकास समितिका वारेस का.उ.न.वि.यो.का.स का ना.सु का चन्द्र प्रसाद दाहाल .... लिखित जवाफ प्रस्तुत कर्ता

विरूद्ध:-

काठमाण्डौ जिल्ला का.म..न.पा. वडा नं. १७ क्षेत्रपाटी वस्ने वर्ष ६९ को ऋषि कुमार पाण्डेको वारेस ऐं. ऐ वडा नं. ३१ वागवजार वस्ने वर्ष ३३ को गोवर्धन घर्तिमगर .... रिट निवेदक विपक्षी

२०५९ सालको रिट नं. ३७६८

उल्लेखित विपयको रिट निवेदनमा सम्मानीत सर्वोच्च अदालतवाट भएको आदेशको प्रतिलिपि सहित निवेदकको मांग वमोजिमको आदेश किन जारी हुन नपर्ने हो । आदेश प्राप्त भएको मितिले वाटाको म्याद वाहेक १५ दिन भित्र लिखित जवाफ पेश गर्नु भन्ने आदेश पत्र २०६०।१।३० का दिन यस समितिमा प्राप्त भएकोमा कार्यालयको कार्यव्यस्तताले गर्दा कावु वाहिरको परिस्थिति परी तोकिएको म्याद गुज्रन गएकोले सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४२ क वमोजिम थाम्न पाउने म्याद भित्रै थामी थमाई निम्न व्यहोराको लिखित जवाफ दर्ता गरी पाउन सम्मानीत अदालत समक्ष अनुरोध छ ।

रिट निवेदकले मुख्य रुपमा समितिद्वारा निजको घर जग्गा रोक्का गर्ने गरेको निर्णयले आफ्नो संवैधानिक र कानूनी हक हनन भएको हुंदा सो वदर गरी पाउन सम्मानीत अदालतको



सरणमा थाएको कुरा उल्लेख गर्नु भएको छ। यसको लागि नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ र ८८(२) वमोजिम उत्प्रेषणको आदेश जारी गरी पाउन अनुरोध गर्नु भएको छ। रिट निवेदकले उल्लेख गर्नु भएको रोक्का गर्नु पर्ने कारण र आधार अनुरोध गर्दछु।

(१) तत्कालीन गल्फुटार आवास आयोजना संचालनको लागि मिति २०३८।३।१२ मा श्री ५ को सरकारको निर्णय भै जग्गा प्राप्त हुनु पूर्व नै जग्गाधनी ऋषी कुमार पाण्डे र मोही राम वहादुर तामाङ्ग को विचमा विवाद भै मुद्दा चलेको।

(२) सो सम्वन्धमा सम्मानीत सर्वोच्च अदालतवाट मिति २०३५।१।२७ मा निर्णय भएको भनी मालपोत कार्यालयले मोहीलगत कट्टागरी जग्गाधनीर मोही दुवै ऋषीकुमार पाण्डेलाई कायम गरेको।

(३) यसै विच श्री सर्वोच्च अदालतमा पुन : मुद्दा परि मिति २०३७।९।१८ मा फैसला हुंदा निज हर्ष वहादुर तामाङ्गलाई मोही कायम गराउने निर्णय भएको र सो मुद्दामा मालपोत कार्यालय र सो कार्यालयका कर्मचारी सहित विपक्षी रहेको।

(४) ०३८।३।१२ को श्री५ को सरकारका निर्णयवाट आयोजनाको लागि जग्गा प्राप्त गर्दा श्री सर्वोच्च अदालतको मिति२०३७।९।१८ को निर्णय वमोजिम मालपोत कार्यालयले निज हर्ष वहादुर तामाङ्ग लाई मोही कायम गरी दिनु पर्नेमा नगरी जग्गाधनी र मोहीदुवै ऋषीकुमार पाण्डेलाई कायम गरी दिएको छ। निजले आफ्नो छोरा र मोही दुवै ऋषी कुमार पाण्डेलाई कायम गरी दिएको छ। निजले आफ्नो छोरा विजयकुमार पाण्डेलाई अंश छुट्याई ज.ध. र मोही दुवैको भाग (मुआव्जा वापतको घडेरी) वुझी लगेको।

(५) सर्वोच्च अदालतको उक्त फैसला निर्णय (समेत उल्लेख गरी निज तामाङ्गले जिल्ला कार्यालय काठमाण्डौमा निवेदन दिएको गरिएका नदेखिएका)।

(६) ऋषि कुमार पाण्डेवाट अंश प्राप्त गर्ने विजय कुमार पाण्डेले साविकको जग्गाको मुआब्जा समेत नयाँ विकसित घडेरी प्राप्त गरी सकेपछि जग्गाको साविक कि.नं. को श्रेस्ता वदर भई नयाँ विकसित घडेरी प्राप्त गरी सकेपछि आफुले प्राप्त गरेको विकसित घडेरी वा निजको हकभोगको जग्गामा भूमिसुधार कार्यालयमा मिलापत्र गर्नु पर्नेमा आफ्नो हक नैरहेको श्री ५ को सरकारले आयोजनाको लागि प्राप्त गरी सकेको जग्गा उल्लेख गरी मिलापत्र गरेको।

(७) उपरोक्त वमोजिम सम्मानीत श्री सर्वोच्च अदालतको निर्णय वमोजिम मोही कायम गर्नु पर्ने निकाय (मालपोत कार्यालय र भूमिसुधार कार्यालय) ले निज ऋषि कुमार पाण्डेको साविकको जग्गामा हर्ष वहादुर तामाङ्गलाई मोही कायम गर्नु पर्नेमा सो वमोजिम कायम नगरेकोले समस्या सृजना भएको देखिन्छ। त्यसरी नै निज ऋषिकुमार पाण्डेले आफुले प्राप्त गरेको (साविक मोही कायम हुनु पर्ने) जग्गा वण्डा गरी छोरा विजय कुमारलाई दिई छोराले समेत अन्य व्यक्तिहरुलाई विक्रि गरि सकेपछि साविकको श्रेस्ता वदर भई सकेको जग्गामा अर्थात आफ्नो हक नैरहेको श्री ५ को सरकारको स्वामित्वको जग्गामा मिलापत्र गरेको देखिन्छ।

(८) नगर विकास समितिले कसैलाई कुनै विकसित घडेरी दिंदा, जग्गा फिर्ता गर्दा प्रचलित कानून वमोजिमको श्रेस्ता पुर्जा दिने निकाय (मालपोत कार्यालय) ले दिएको श्रेस्ता पुर्जामा भएको अभिलेख अनुसार जग्गाको मुआव्जा दिनु पर्ने हुन्छ। मोहीयानी हक, वेहक वा कुनै प्रकारको हकवेहकमा नगर विकास समितिले निर्णय गर्न वा विचार गर्न सक्ने हुदैन।

(९) यसै विषयमा राम वहादुर तामाङ्गले समेत श्री सर्वोच्च अदालतमा उत्प्रेषणयुक्त परमादेशका लागि रीट निवेदन (२०५९ को रीट नं. ३४४६) दिएको र सो रिट निवेदनको लिखित जवाफ



समेत सम्मानीत अदालतं संमक्ष पेश भई अदालतमा विचाराधिन रहेको व्यहोरा पनि सम्मानीत अदालत समक्ष अनुसरोध छ।

उपरोक्त कारणहरुवाट रिट निवेदक ऋषि कुमार पाण्डेले मोहीलाई दिनुपर्ने मुआव्जा वापतको घडेरी अदालतका फैसलाको जानकारी हुंदा हुँदै छोरालाई अंश छुट्याई चलाखीपूर्वक लागेको देखिंदा र मोहीको हकवाला राम वहादुर तामाङ्गले मुआव्जाको माग गरी समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोजनामा समेत निवेदन दिएको हुंदा मुद्दाको अन्तिम किनारा नभएसम्म ऋषि कुमार पाण्डे र निजको छोरा विजय कुमार पाण्डेको घर जग्गा रोक्का राखीएको व्यहोरा अनुरोध गर्दै निवेदकले उल्लेख गरे अनुसार रिट जागी गर्न नपर्ने हुंदा खारेज गरी पाउन अनुरोध छ।

(१०) समितिको तर्फवाट गरिने कानून व्यवसायीको वहस जिकिरलाई यसैको अभिन्न अंगमानी पाउं।

(११) लेखिएको व्यहोरा सांचो छ, भुठा ठहरे कानून वमोजिम सहुंला वुभाउंला।

लिखित जवाफ प्रस्तुत कर्ता
वा. चन्द प्रमाद दाहाल

इति सम्वत् २०६० साल आषाढ ..५...गते रोज ..५..शुभम

श्री सर्वोच्च अदालतमा चढाएको

लिखित जवाफ

का.जि. चपली भद्रकाली गा.वि.स.वडा नं.५ भै हाल परिवर्तित महांकाल गा.वि.स वडा नं.२ बस्ने स्व. हर्ष बहादुर तामाङको छोरा वर्ष ८२ को राम बहादुर तामाङको वारेस का.जि.का.म.न.पा वडा नं.३ बस्ने अमर दिप गोतमान ------------------------------ } लिखित जवाफ प्रस्तुतकर्ता

विरुद्ध

का.जि.का.म.न.पा.वडा नं.१७ बस्ने अ.वर्ष ६९ को ऋषि कुमार पाण्डे--- विपक्षी रिट निवेदक

मुद्दा:- उत्प्रेषण ।

उपरोक्त सम्बन्धमा उक्त विपक्षीसंगको उक्त मुद्दामा यस सम्मानित सर्वोच्च अदालतबाट यसमा के कसो भएको हो निवेदकको माग बमोजिम आदेश किन जारी हुनु नपर्ने हो आदेश प्राप्त भएका मितिले १५ दिन भित्र लिखित जवाफ पेश गर्नु भन्ने मेरा नाममा जारी भै आएको आदेश सहितको म्याद मिति २०६०।३।११ गते तामेल भएकाले सो म्याद तामेल भएका मितिले १५ दिन भित्रै अर्थात मिति २०६०।३।२८ गते सम्ममा लिखित जवाफ प्रस्तुत गर्नु पर्नेमा उक्त मितिमा बिरामी परी उक्त म्याद गुज्रन गएकाले गुज्रेका म्याद सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४२(क) बमोजिम छुट्टै निवेदनद्वारा थामी थमाई यो लिखित जवाफ प्रस्तुत गरेको छु। अतः मेरा तपसिलमा उल्लेख भएका सबुद प्रमाण युक्ति विपक्षी रिट निवेदकको झुठ्ठा दाबी ख्यारेज गरी विपक्षीका झुठ्ठा दाबीबाट अलग फुर्सद गरी पाउँ।

१. रिट निवेदकले का.जि. चपली वडा नं ९क कि.नं.४६६, ४७०, ५५७ समेतका कित्ता जग्गाहरु उपत्यका नगर विकास समितिले रोक्का राखेकोमा मिति २०३२।१०।२५,

26

२०३५।८।२८ को पारित वण्डावाँट अधिकरण परेको जग्गा विजय कुमार पाण्डेको भागमा परेको निजले नै विकसित घडेरी मुआव्जा बुझेको मेरो सम्पत्ति रोक्का राख्ने गरेको निर्णयले आफ्नो संवैधानिक तथा कानूनी हक हनन भएकाले नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ र ८८(२) बमोजिम रोक्का राख्ने निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ भन्ने मुख्य रिट निवेदन दावी रहेछ।

२. सर्व प्रथम यो निवेदन गर्दछुकी यस मुद्दामा विपक्षी बनाएका अन्य प्रतिवादीले निवेदकको मिलान लिखित जवाफ दिए वा नदिएमा समेत मेरो हकमा असर नपरोस भनि विनम्र अनुरोध गर्दछु। साथै म रिट निवेदक र विपक्षीहरु प्रतिवादी तथा यस मुद्दाका रिट निवेदक समेत भएको रिट नं.२४८६ को उत्प्रेषणयुक्त परमादेश लगायत अन्य उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ भनि दिएको मुद्दा यस सम्मानित अदालतको विचाराधिन अवस्थामा रहेको हुँदा सो मुद्दा समेत साथै राखी प्रमाण लगाई पाउँ।

३. रिट निवेदक म भै यस मुद्दाका रिट निवेदक समेत विपक्षी भएको मुद्दामा रिट निवेदकले सम्पूर्ण तथ्ययुक्त सवुद प्रमाण समेत उल्लेख गरी रिट निवेदन गरेको हुँदा यस मुद्दामा संक्षेपमा उल्लेख गरी निवेदकको रिट निवेदन जिकिर सम्पूर्ण झुठ्ठा फरेवी एवं आधारहिन भएको हुँदा सोहि व्यहोराको जिकिर गर्दछु। विपक्षी निवेदकले छोरा विजय कुमार पाण्डे र निवेदक ऋषि कुमार पाण्डे विच नगरपालिका भित्रको जग्गा वण्डा हुने गरी मिति २०३२ सालमा अंशवण्डा भएको पुन: २०३५।८।२८ मा विवादित जग्गा वण्डा हुने गरी वण्डा भएको हुँदा रिट निवेदकको अन्य जग्गा रोक्का राख्न पाउने होइन भन्ने जुन जिकिर छ सो सरासर गलत छ। सम्मानित स.अ.बाट भएको मिति २०३७।९।१७ को फैसलामा रिट निवेदकले (२०३५ सालमा अंशवण्डा भै सकेको विवादित जग्गा) लिखित जवाफ प्रस्तुत गर्दा उक्त जग्गाको ज.ध. रहे भएको कुरा उल्लेख गर्नु भएको छ। यदि विपक्षीले जाल प्रपन्च नरचेको भए सोहि समयमा जग्गा धनी नभएको कुरा उल्लेख नगरी सम्मानित अदालतलाई नै गुमराहमा राखिएको कुरा प्रष्ट छ। उपत्यका नगर विकास समितिबाट विपक्षीलाई झिकाए पछि तत्काले मिति २०५८।६।२९ र.नं.१९३७ बाट छोरीहरु अनिता बस्नेतको र विनिता बस्नेतको नाममा हा.व. लिखत पारित गरी दिनु भएको छ। यसबाट पनि के प्रष्ट हुन्छ विपक्षी जालप्रपन्च रची [illegible] ~~[illegible]~~ व्यक्ति हुनुहुन्छ।



४. विपक्षी रिट निवेदकले २०३५ सालको अंशतण्डेवाट विवादित जग्गा विजय कुगारको शागमा परी निजका नाममा दर्ता भएको कुरा यस मुद्दाको रिट निवेदनमा उल्लेख गर्नु शएको छ भन्ने सम्गानित स.अ.वाट शएको गिति २०३७।९।१८ को फैसलामा लिसित जवाफ प्रस्तुत गर्दा विवादित जग्गाको ज.ध. शएको कुरा दर्शाई लिखत जवाफ एकातिर पेश गर्नु भएको छ भने सोहि विवादित जग्गा पुन: विजय कुमार पाण्डेवाट तिपक्षी रिट निवेदकले हा.व.को लिखत र.नं.४४१ मिति २०५३।३।२६ मा पारित गरी लिनु दिनु शएको छ भने तावु छोरा गिली छोरा विजय कुमार पाण्डेले मोहि नामसारी लगायत मोहि वाडफाँड हुने गरी भु.सु.का. काठगाडौंमा मिलापत्र गर्नु शएको छ। सो नाट समेत रिट निनेदकको नियत के हो शन्ने कुरा छर्लङ्ग हुन्छ। सम्गानित सर्वोच्च थदालतको मिति २०३७।९।१८ को फैसलालाई एकातिर पन्छाई तिपक्षी निवेदकले पदिय प्रलोभनमा पारी फैरालालाई नै निष्कृय वनाउन लगाई गैह्र कानूनी तवरवाट निवेदक गोहिले पाउने अधिकरण परेको विकसित घडेरी वुझेको कुरा श्रेस्ता प्रगाणवाट देखिदा देखिदै मेरो अन्य जग्गा रोक्का राखेको गिलेन शनि गरिएको झुठ्ठा व्यहोराको निनेदन खारेजशागी नै भएकाले खारेज गरी पाउँ।

५. का.जि. चपली शद्रकाली गा.वि.स.वडा नं.९क कि.नं.१०९, १११, ११६, १५८ वाट कायम भएका प्लटहरु ४११, ४१२, ४१३, ४१४, ४१५, ४१६, २४८, २५५, २६० र २६२ का प्लटहरु गध्येवाट रिट निवेदकले विकसित घडेरी वुझ्नु भएको छ सो कुरा श्रेस्ता वुझि हेरिएगा प्रष्ट हुन्छ।

६. गाथिका दफा दफागा उल्लेख भए अनुसार पिताजी हर्ष वहादुर तामाङ्ग समेत रिट निवेदक विपक्षी ऋृषि कुमार पाण्डे शएको उत्प्रेषण मुद्दागा सम्गानित स.अ.वाट २०३७।९।१८ को फैरालालो उल्लेखित कित्ता जग्गाको मोहि हर्ष वहादुर तामाङ्ग हो भन्ने कुरा प्रष्ट छ। माथि उल्लेखित जग्गा तत्कालिन गोल्फुटार आवाश आयोजनावाट अधिकरण भै उक्त जग्गामा हकदैया पुग्ने जग्गा धनी जोताहाले आफ्नो प्रमाण सहित पिता हर्षवहादुर तामाङ्गले प्रकाशित सूचनामा हक दावी उजुरी कार्यवाही रहेकै अवस्थामा हर्षवहादुर तामाङ्गको २०४० सालमा परलोक भै लिखित जवाफवाला निरन्तर कार्यवाहिगा रही रहेको छु। अधिकरण परेको प्लट जग्गा ज.ध. मोहिले पाउने दुवैको विजयकुमार पाण्डले वुझेको कुरा नगरे विकास तथा ज.ध.ले स्वीकार गर्नु भएको छ। सो कुरालाई अन्यथा भन्न सक्ने अवस्था समेत छैन। अधिकरणमा परेका जग्गा त विपक्षीहरु वावु छोरा मिली खानु शयो भने उक्त कित्तावाट कित्ताकाट गै



अधिकरण भन्दा वाहिर शएको जग्गा समेत ग लिखित जवाफवालालाई शुक्याई मिलापत्र गराई अधिकरण भित्रको जग्गा लिखत जवाफवालालाई दिर्ने र वाहिरको जग्गा ज.ध.ले लिने गरी सो जग्गा सगेत ज.ध.ले लिनु खानु शएको छ । उपत्यका नगर विकास सभितिले तिपक्षीकोजग्गा रोक्का नराखेगा लिखित जवाफवालालाई अदालत दिलाएको फैसलामा गात्र सिभित रहनु सिवाय अरु केहि हुदैन । विपक्षी बाबु छोरा आपस मिलेमतो गरी लिखित जवाफवालाको सम्पूर्ण सम्पत्ति जवरजस्ती पचाई खाँदा संवैधानिक हक अपहरण शएको नदेख्ने तिपक्षीले रोक्का राख्ने कार्यले तिपक्षीको कुनै हक हनन शएको छैन । अतः तिपक्षीको निवेदन खारेजभागी नै भएकाले खारेज गरी पाउँ ।

७. यो लिखित जवाफ दर्ता गर्नलाग्ने दस्तुर यसै साथ छ ।

८. यो लिखित जवाफ दर्ता गर्न हाल कानून व्यवसायी नियुक्त गरेको छैन । पछि गेरो तर्फवाट नियुक्त कानून व्यवसायीको वहस वुँदालाई यस गुद्दागा अभिन्न अंग गानि प्रमाण लगाई पाउं ।

९. यसमा लेखिएको व्यहोरा ठिक छ झुठ्ठा ठहरे कानून वमोजिम सहुँला वुझाउँला ।

लिखित जवाफ प्रस्तुतकर्ता

राग वहादुर तामाङ्को वा. अगर दिप गोत्तान ।

ईति सम्वत् २०६० साल श्रावण 22 गतो रोज ८ शुभम् -----------------------------------



श्री ५ को सरकार
काठमाडौं उपत्यका नगर विकास समिति
फोन: ४-१२२५८
फ्याक्स: ९७७-१-४२१२१०
अनामनगर, काठमाडौं ।

मिति : २०५८।११।८

च.नं. ५४२/०५८।५९

विषय: जानकारी ।

श्री रामबहादुर तामाङ
का.जि.चपलीभद्रकाली गा.वि.स.
वडा नं. ३ भै हाल ऐ ऐ वडा नं. ५ ।

उपरोक्त विषयमा तपाईले यस समितिमा तत्कालिन गल्फुटार आवास आयोजनाको लागि अधिग्रहणमा परेको साविक चपली भद्रकाली गा.वि.स. वडा नं. ९/क कि.नं. १०९,१११,११६ र १५८ को मोही बापतको जग्गाको चलन चल्तीको दर अनुसार मुआब्जा वा विकसित घडेरी पाउँ भन्ने बारे यस समितिमा द.नं. ७६ मिति २०५७।१२।२८ मा दिनु भएको निवेदन सम्बन्धमा कार्वाही हुंदा का.जि. ढल्को बस्ने ऋषिकुमार पाण्डे र निजको छोरा विजयकुमार पाण्डेले मालपोत कार्यालयको श्रेस्तामा रहेको जोताहा मोही हर्षबहादुर तामाङको जोत लगत मालपोत कार्यालय काठमाण्डौंबाट कट्टा गराई निज ऋषिकुमार पाण्डेले आफ्नो नाउँबाट छोरा विजयकुमार पाण्डेको नाउँमा बण्डापत्र पारित गराई आयोजनाको लागि प्राप्त गरिएको जग्गाको ज.ध. र मोही दुवैको मुआब्जा बापत जग्गा नै बुझिलिई सकेपछि आफ्नो हकभोग र अधिकार नै नभएको यस समितिले आयोजना संचालन गर्नको लागि प्राप्त गरि सकेको जग्गा सम्बन्धमा विजयकुमार पाण्डेले भू.सु.का काठमाडौंमा मिलापत्र गरेको देखिन आएको छ ।

भूमिसुधार कार्यालय काठमाण्डौंबाट कार्वाही हुंदा यस समितिले अधिग्रहण गरि मुआब्जा समेत कानूनबमोजिम वितरण गरि प्राप्त गरिसकेको जग्गा विभिन्न व्यक्तिहरुलाई बिक्रि गरिसकेको जग्गामा मोही कायम गर्ने निर्णय भएको देखिएकोले सो बमोजिम मुआब्जा पुनः दिनसक्ने अवस्था नभएको र तपाईले आफ्नो मोही भाग आफ्नो जग्गाधनीको हकमा कायम भएको जग्गामा प्राप्त गर्न सक्ने भएकोले मोही अनुसार प्रचलित कानून बमोजिम गर्नुपर्ने देखिएको व्यहोरा तपाईलाई जानकारी दिन समेत गरि मिति २०५८।१०।२३ मा निर्णय भएको व्यहोरा निर्णयानुसार जानकारी गराइन्छ ।

११।६

मा. स. सदस्य-सचिव



(8)

30

फोटोकपी उतार

२०६४/१/२८

का.उ.वि. समितिबाट

निवेदक/विपक्षी [illegible]

[illegible] ११ [illegible]

२०६४/१/२८ मा [illegible]

निवेदन दर्ता [illegible]

[illegible] २०६४/१/२८ [illegible]

मिति २०६३ साल फाल्गुण २८ गते का दिन बसेको काठमाडौं उपत्यका नगर विकास समितिको ११४ औं बैठक को निर्णय को दफा उतार को फोटोकपी ।

एजेण्डा २. सर्वोच्च अदालतको निर्णय कार्यान्वयन गर्ने विषय ।

विस्तृत विवरण :-

यस समितिद्वारा गल्फुटार आवास आयोजना सञ्चालन गर्ने सन्दर्भमा काठमाडौं
जिल्ला चपली भद्रकाली गा.वि.स. वडा नं. ९क, कि.नं. ११६ को क्षे.फ. ०-७-२ कि.नं.
१११ को १-०-० कि.नं. १०९ को क्षेत्रफल ३-७-२ मध्ये १-३-०, कि.नं. १५८ को
क्षेत्रफल ३-९-३ मध्ये २-१-०-० समेतका जग्गाहरु अधिग्रहण गर्न २०३८ साल कार्तिक
९ गते गोरखापत्रमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको सूचना प्रकाशित भएको र
सो जग्गाको जग्गाधनी एवम् मोही दुवै भागको मुआब्जा बापतको रकम काठमाडौं
महानगरपालिका वडा नं. १७ क्षेत्रपाटी बस्ने ऋषि कुमार पाण्डे र निजका छोरा

विजयकुमार पाण्डेले यस समितिबाट मिति २०३९।३।३० मा प्रति रोपनी रु. १७,०००।- (सत्र हजार) का दरले बुझिलिई सो रकममा विकसित घडेरीको क्षेत्रफल ०-४-० (चार आना) को लागि आयोजनाले तोकेको रु. १८,०००।- (अठार हजार) मा नपुग रु. १,०००।- थप गरी ०-४-० (चार आना) को घडेरी १२ (बाह्र) वटा, ०-८-० (आठ आना) को ३ (तीन) वटा विजय कुमारले र सोही बमोजिम ०-४-० (चार आना) को विकसित घडेरी ७ (सात) वटा ऋषि कुमार पाण्डेले मालपोत कार्यालयको मिति २०४४।२।२५ को निर्णयबाट बुझि लिईसकेको देखिएको । तत्पश्चात राम बहादुर तामाङले उक्त जग्गाको मोहीभाग बापतको मुआब्जा तथा विकसित घडेरी पाउन यस समितिमा निवेदन दिएकोमा यस समितिबाट मिति २०५२।१०।२३ को निर्णयले मुआब्जा तथा विकसित घडेरी दिन नमिल्ने निर्णय भएको ।

उपरोक्त सम्बन्धमा सर्वोच्च अदालतबाट मिति ०३५।१।२७ मा जग्गाको हकको सम्बन्धमा भएको फैसलालाई आधार लिई मालपोत कार्यालयबाट जग्गाधनि दर्ता श्रेस्तामा रहेको निवेदकका बाबु हर्ष बहादुर तामाङ्गका नाउंको *मोहीयानी हकको जोतहा लगत कटिने निर्णय त्रूटिपूर्ण भएकोले निवेदकका बाबु हर्ष बहादुरले रिट दिंदा निवेदकहरुको मोहीयानी हक पूर्ववत यथावत रहने गरी सर्वोच्च अदालतबाट ०३५।९।८ मा फैसला भई* विपक्षीहरुका नाममा उत्प्रेषणयुक्त परामादेश जारी भएको देखिएको ।

२०४० सालमा पिताको मृत्यु पश्चात निवेदक राम बहादुर तामाङ्गले मोही नामसारी गरी पाउन भूमि सुधार कार्यालय, काठमाडौंमा निवेदन दिएकोमा कि.नं. १०९, १११, ११६, १५८ र १२२ मध्ये कि.नं. १०९ को क्षेत्रफल ३-७-२ मध्ये मध्ये ३-३-० जग्गा अधिग्रहणमा परी बाँकी क्षेत्रफल ०-४-२ घर जग्गा मोहीलाई मोहीयानी क्षतिपूर्ति बापत दिने, कि.नं. १५८ को क्षेत्रफल ३-९-३ जग्गा मध्ये २-१-० जग्गा अधिग्रहणमा परी बाँकी १-८-३ जग्गाधनीको नाममा मोही छाड्ने, कि.नं. १२२ को क्षेत्रफल ०-५-३ जग्गा समेत मोही छाडी दिने र अधिग्रहणमा परेको कि.नं. १०९ को क्षेत्रफल ३-३-०, कि.नं. १११ को क्षेत्रफल १-०-०, कि.नं. ११६ को क्षेत्रफल ०-७-२ र कि.नं. १५८ को क्षेत्रफल ३-९-३ मध्ये २-१-० जग्गामा मोही नामसारी गर्न जग्गाधनी विजयकुमार पाण्डे र राम बहादुर तामाङ समेतले २०४६।६।५ मा भूमिसुधार कार्यालयमा मिलापत्र गरेको देखिएको ।

मिलापत्र भएका जग्गाहरु गल्फुटार आवास आयोजनाका प्लटमा ४११, ४१२, ४१३, ४१४, ४१५, ४१६, २४८, २५५, २६०, कायम भएको र उक्त प्लट बापतको विकसित घडेरी माग गरी रामबहादुरले पुनः निवेदन दिएकोमा नगर विकास समितिको मिति २०५८।१०।३० मा मुआब्जा नपाउने गरी निर्णय गरेकोले उक्त गैरकानूनी निर्णय बदर गरी पाउन सर्वोच्च अदालतमा उत्प्रेषणयुक्त परामादेशको रीट दिएकोमा सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०६२।१।२७ मा *"कानून बमोजिम मोही हक*

शाखा अधिकृत

फोटोकपी उतार
शाखा अधिकृत

स्थापित भएको मोहीको जग्गा अधिग्रहण भई अधिग्रहण हुदाको समय मै मोहीले दावी गरेको देखिएको अवस्थामा जग्गा धनीलाई मात्र अधिग्रहणमा परेको जग्गाको मुआव्जा स्वरुप विकसित घडेरी दिई मोहीलाई निजले पाउने मुआव्जा वा विकसित घडेरी दिएको वारेमा कुनै तथ्ययुक्त प्रमाण समेत पेश हुन सकेको नपाइएकोवाट काठमाडौं उपत्यका नगर विकास समितिको मिति २०५८।१०।२३ को निर्णय न्यायोचित भन्न नमिलि गैरकानूनी देखिंदा वदर गरी दिएको छ । यस अवस्थामा निवेदक मोही राम वहादुर तामाङ्लाई निजले पाउन सक्ने मोहीको भागको जग्गाको मुआव्जा मालपोत कार्यालय काठमाडौंले कायम गरेको मूल्यको आधरमा ३ महिना भित्र दिनु वा मुआव्जाको सट्टा विकसित घडेरी दिन सकिने अवस्था भएमा निवेदकले मोहीयानी हक वापत पाउने जग्गा वापतको विकसित घडेरी निवेदकका नाममा ३ महिना भित्र व्यवस्था गरिदिनु भनी विपक्षी काठमाडौं उपत्यका नगर विकास समितिका नाममा परामादेश जारी हुने ठर्हछ" भन्ने आदेश भएको ।

उक्त आदेश कार्यान्वयनको लागि निवेदक रामवहादुर तामाङले *अदालतको फैसला अनुसार विकसित घडेरी तथा मूआव्जा पाउँ* भनि मिति २०६२।६।१४ मा यस समितिमा र *आवश्यक कारवाही गरिपाउँ* भनि मिति २०६२।८।९ मा माननीय सहायक मन्त्रीज्यू समक्ष निवेदन दिएको तथा सर्वोच्च अदालतवाट मिति २०६२।७।३ मा फैसलाको जनाउ लेखि आएको ।

यस समितिवाट सर्वोच्च अदालतवाट भएको उक्त आदेश उपर पुनरावलोकन गरी पाउन यस समितिले विपक्षी उपर सम्मानित श्री सर्वोच्च अदालतमा मिति २०६२।८।१७ मा पुनरावलोकनको लागि निवेदन दिएको र उक्त पुनरावलोकनको निवेदन टुङ्गोलागि नसकेको अवस्था रहेको साथै आवश्यक कारवाही गरि पाउँ भनि निवेदकले माननीय भौतिक योजना तथा निर्माण सहायक मन्त्रीज्यू समक्ष दिएको निवेदनका सम्वन्धमा कारवाही हुंदा भौतिक योजना तथा निर्माण मन्त्रालयवाट समितिको आसन्न बैठकमा एजेण्डामा राख्न निर्देशन प्राप्त भई समितिको ११० औं बैठकमा पेश भएकोमा यस समितिले उक्त आदेश उपर पुनरावलोकनको निवेदन दिएको र सो टुङ्गो लागिसकेको नदेखिँदा उक्त पुनरावलोकनको निवदेन उपर टुङ्गो लागे पछि पूनः पेश गर्ने निर्णय भएको ।

पुनरावलोकनको विषय अधिकार नभई सुविधासम्म भएको सन्दर्भमा उक्त पुनरावलोकनको निवेदन टुङ्गो नलागेसम्म फैसला कार्यान्वयन गर्न रोक्नु पर्ने नहुँदा र उल्लेखित विवरणलाई आधार मान्दा ऋषि कुमार र निजका छोरा विजय कुमार पाण्डेले गैर कानूनी ढंगवाट सर्वोच्च अदालतबाट भएको फैसला विपरित मोही समेतको मुआव्जा प्राप्त गरिसकेको र आफूमा हुँदै नभएको जग्गाधनीको हैसियत प्रयोग गरी निवेदक राम बहादुर तामाङ्गसंग भूमि सुधार कार्यालयमा मिलापत्र समेत गरेबाट निजले



प्रतिलिपि उतार

शाखा अधिकृत

यसरी गैर कानूनी ढंगबाट यस समितिबाट मोहीयानी हकको समेतको जग्गाको मुआब्जा बुझिराकेको प्रस्तुत सन्दर्भमा सर्वोच्च अदालतबाट मिति २०६२।१।२७ मा भएको फैसला कार्यान्वयन गर्न बाधा परेकोले आवश्यक निर्णयका लागि पेश गरेको छु।

निर्णय :-

मोहीयानी हक कायम भएको जग्गाको मुआब्जा मोही तथा जग्गाधनी दुवैको भाग जग्गाधनीले मात्रै लगिसकेको देखिंदा सर्वोच्च अदालतको २०६२।१।२७ को आदेशानुसार मोही राम बहादुर तामाङ्गलाई भराउनु पर्ने मुआब्जा बापतको रकम एकिन गरी सो बमोजिमको रकम जग्गाधनी ऋषि कुमार पाण्डे र निजका छोरा विजय कुमार पाण्डेबाट असुल उपर गर्नु पर्ने हुंदा असुल उपर गर्ने क्रममा निजहरुको जायजेथा रोक्का राख्नु पर्ने भए सो समेत राखी प्रचलित कानून बमोजिम असुल उपर गरी निज मोही राम बहादुर तामाङ्गलाई उपलब्ध गराउने ।



34

श्री ५ को सरकार
भौतिक योजना तथा निर्माण मन्त्रालय
काठमाडौं उपत्यका नगर विकास समिति

फोन: ४-२१२१९
फ्याक्स: ९७७-१-४१२२५८

पत्र संख्या:- ०५९।६०
चलानी संख्या:- 220
प्राप्त पत्र संख्या र मितिः-

अनामनगर, काठमाडौं ।

मिति : २०५९।६।२५

विषय:- जानकारी गराईएको ।

श्री ऋषि कुमार पाण्डे
का.म.न.पा. वडा नं. १७,
क्षेत्रपाटी ।

उपरोक्त विपयमा तपाईलें चपली भद्रकाली गा.वि.स. वडा नं. ९ अन्तरगतका विभिन्न कि.नं.४६६,४७०,५५७ र १५०६ लाई रोक्का राख्ने गरीएको यस कार्यालयको निर्णय र मा.पो.का. चावहिललाई जग्गाहरु रोक्का राख्नको लागि लेखिएको पत्रको नक्कल माग गरि निवेदन दिनु भएको ।

उपरोक्त विपयमा तत्कालिन गल्फुटार आयोजनाको लागि अधिग्रहण गरिएको जग्गाहरु मध्ये साविक चपली भद्रकाली गा.वि.स.वडा नं. ९ । क कि.नं. १०९, १११, ११६, र १५८ को जग्गा क्रमशः क्षेत्रफल ३-७-२-० जग्गा मध्ये ०-४-२-० जग्गामा घर रहेकोले घडेरी वापत छोडी ३-३-०-० आयोजनावाट अधिग्रहणमा परेको र कि.नं. १५८ क्षेत्रफल ३-९-३-० मध्ये १-८-० जग्गा भूमिसुधार कार्यालय काठमाडौंमा भएको मिलापत्र वमोजिम सो जग्गाका ज.ध. कै नाममा जोतपोत कायम भएको वांकी २-१-० जग्गा अधिग्रहणमा परेको र कि.नं. १११ को क्षेत्रफल १-०-० कि.नं. ११६ को क्षे. फ. ०-७-२ जग्गा अधिग्रहण भै कि.नं. १२२ को जग्गा जोत पोत नै सो जग्गाका ज.ध. कायम हुने गरी मिलापत्र भएको र उक्त कित्ताहरुको जम्मा क्षेफल मध्येको ६-५१-२ मध्ये जोताहा भाग आधा क्षेत्रफल ३-५-३ जग्गाको मूआब्जा अथवा विकसित घडेरी पाउं भन्ने समेत व्यहोराको मिति २०५७।१२।२८।३ को का.जि. चपली भद्रकाली गा.वि.स.वडा नं. ३ को हाल वडा नं. ५ वस्ने रामवहादुर तामाङको यस समितिमा निवेदन दर्ता हुन आएको ।

सो सम्बन्धमा माथि उल्लेखित कित्ता जग्गाहरु तत्कालिन आयोजनाले कानून वमोजिम अधिग्रहण गरि विकशित घडेरीको रुपमा विभिन्न व्यक्तिहरुलाई विक्रि वितरण भै सकेको अवस्थामा भूमिसुधार कार्यालय काठमाडौंको निर्णयानुसार अन्य व्यक्तिहरुको नाउंमा कायम भै सकेको कित्ता जग्गामा निवेदकको नाउंमा मोही जनाउनु पर्ने भन्ने व्यहोरा समेत उल्लेख गरि प सं. ०५७।०५८ च.नं.१३२७ मिति २०५८।१।१२ को त्यस कार्यालयको पत्र तथा भूमिसुधार कार्यालय काठमाडौंका च.नं. ४४०९ मिति २०५७।१२।२२ तथा मोही ०५८।०५९ च.नं. १०० मिति २०५८।४।४ को पत्र समेतको आधारमा कार्वाही हुंदा का.जि. ढल्को वस्ने ऋषिकुमार पाण्डे र निजको छोरा विजय कुमार पाण्डेले माथी उल्लेख भए अनुसारको साविक चपली भद्रकाली गा.वि.स. वडानं. ९ । क कि.नं. १०९, १११, ११६ र १५८ समेतका जग्गाहरु सम्मानित श्री सर्वोच्च अदालतको मिति २०३५।९।१८ को फैसला विपरित मालपोत कार्यालयवाट जोत लगतकट्टा गराई ज.ध. तथा मोही दुवै आपनो नाउंमा कायम गरी यस समिति समेतलाई भ्रममा पारी गल्फुटार आवास आयोजनाको लागि प्राप्त गरेको जग्गाको वण्डापत्र पारित गराई मूआब्जा वापत ज.ध. र मोहीले पाउने दुवैको मूआब्जा वापत जग्गा नै प्राप्त गरी सकेको जग्गा सम्वन्धमा मिलापत्र वुझिलिई सकेपछी आपनो हक भोग र अधिकार नै नभएको यस समितिले प्राप्त गरी सकेको जग्गा सम्वन्धमा मिलापत्र गरी कार्यालय समेतलाई भ्रममा पारेको देखिन आएकोले यस समितिवाट फुकुवा नभएसम्म त्यस कार्यालयमा रहेको साविक चपली भद्रकाली गा.वि स. भित्रको निज ऋषिकुमार पाण्डे र विजयकुमार पाण्डेका नाउंमा रहेको सम्पूर्ण जाय, जेथा, घर जग्गा रोक्का राखी दिन गरी यस समितिका मिति २०५८।१०।२३ को निर्णयानुसार जायजेथा रोक्का राख्नको लागि मालपोत कार्यालय चावहिललाई मिति २०५८।११।६ मा पत्र लेखि सो को बोधार्थ भूमिसुधार कार्यालय काठमाडौंलाई दिइएको व्यहोरा जानकारी गराइन्छ ।

६/२५

प्र. प्रशासन-अधिकृत



श्री ५ को सरकार

काठमाडौं उपत्यका नगर विकास समिति

मिसिल संख्या:-

विषय:-

टिप्पणी र आदेश

सर्वोच्च अदालत
काठमाडौं

श्रीमान्,

यस्मा मालपोत कार्यालय चाबहिल बाट मिति २०५८/१/१२ मा लेखिएको पत्रमा उल्लेख भएका लाहोरा बाट साबिक चपली कोल्डा नं. ९छ कि.नं. १०९ को क्षेत्रफल मध्ये ३-३-०-० ले कि.नं. १५८ को २-१-०-० कि.नं. १११ को क्षेत्रफल १-०-०-० कि.नं. ११६ को क्षेत्रफल ०-८-२-० जग्गा मा भू.सु.का. काठमाडौंबाट मोही राम बहादुर तामाङ कायम हुने गरी मिति भै पत्र प्राप्त हुन आएको हुँदा मोठ श्रेस्ता भिडाई, नापी शाखा बुझ्दा खेत जग्गा प्लानिङ हुँदा कि.नं. ६२१, ६२२, ६२३, ११६१, ८५४, ६१२, ६२८, ६२६, ६२६, ६२५, ६२४, ६३२, ६३४, ६३५, ६३३, ६३०, ६३६, ९९१, ९६९, ९६०, ९६१, ९६२, ९६५, ९६४, ९६१, ९६८, ९६३, ९५९, ९६० र १००० मा पर्ने भन्ने व्यहोरा नापी शाखाबाट उल्लेख भै आएको देखिन्छ। अत: नापीशाखाबाट उल्लेखित कित्ता जग्गाहरुमा मोही रामबहादुर तामाङ जनाई श्रेस्ता अद्यावधि मिलान गर्नु पर्ने अवस्था हुन आएकोले भू.सु.का. काठमाडौंको मिति ०५[illegible] को निर्णयानुसार मोही कायम भएको जग्गाको तहाँको नियमानुसार मोहीले पाउनु पर्ने मुआब्जा निजलाई उपलब्ध गराई दिनु भै समस्या सुल्झाउन हुन अनुरोध छ भनि मालपोत कार्यालय चाबहिलको मिति २०५८/१/१२ को पत्र प्राप्त हुन आएको।

सो सम्बन्धमा मिति २०३० साल पौष १८ गते निवेदक नातु हर्ष बहादुर समेत को मोहियानी हक कायम रहने गरी सम्मानित श्री सर्वोच्च अदालत बाट भएको फैसला समेतको प्रतिलिपि निवेदक राम बहादुरले मिति २०५८/१/२८ गते निवेदन साथ पेश गरेको।

माथि उल्लेखित कित्ता जग्गाको मुआब्जा मिति २०३१/३/२० मा विजय कुमार पाण्डेले बुझि लगेको भन्ने जिल्ला कार्यालय काठमाडौं बाट प्राप्त रेकर्डबाट देखिन आएकोले जग्गा धनी दर्ता श्रेस्ताको प्रतिलिपि मा.पो.का. चाबहिल बाट माग गर्दा प्राप्त हुन



श्री ५ को सरकार

काठमाडौं उपत्यका नगर विकास समिति

मिसिल संख्याः–

विषयः–

टिप्पणी र आदेश

आएको प्रतिलिपिबाट उल्लेखित जग्गाको [illegible] उल्लेख भएका जग्गाधनि ऋषि
कुमार पाण्डे ले आफ्ना छोरा विजय कुमार पाण्डेलाई र.नं. २८८१ मिति
२०३४/८/२८ को लिखत पारित गरि दिई विजय कुमार पाण्डेका नाउँमा
दाखिल खारेज हुन गएको देखिन्छ।

नापी शाखा बालाजुबाट प्राप्त हुन आएको उक्त कि.नं. १०६, १११,
११६ र १५८ समेत जग्गाको फिल्डबुक उतार बाट नापीका समयमा
जग्गाधनि तथा जोताहा मोहीमा निवेदक कै बाबु हर्क बहादुर तामाङ
का नाउँमा नाप नक्सा भएको देखिन्छ।

माथी उल्लेखित कित्ता जग्गाहरु समेतका जग्गाहरु तत्कालिन
गल्फुटार आवास योजनाका लागि अधिग्रहण भै सो जग्गा को
मुआब्जा बापत ऋषि कुमार विजय कुमार पाण्डे समेतले लिखित
छाडेको जग्गा नै फिर्ता [illegible] लिएका गएको। विजय कुमार पाण्डेले
प्राप्त गरेको लालपुर्जा [illegible] कागजहरु लाई र ऋषि कुमार पाण्डेसँग
लाई फिर्ता वितरण गरिसकेको [illegible] मालपोत कार्यालय चाबहिल
को च.नं. ३, च.नं. ४ मिति २०४८/४/२ च.नं. ६४ मिति २०४८/४/१०
समेतका पत्र साथ प्राप्त हुन आएका जग्गाधनि दर्ता श्रेस्ता का
प्रतिलिपीहरु बाट देखिन आउँछ।

वादी निवेदक का बाबु हर्क बहादुर तामाङ समेत र विपक्षी
ऋषि कुमार पाण्डे प्रतिवादी भै सम्मानित श्री सर्वोच्च अदालत मा मुद्दा
चलि भएको ०३५/६/१८ को फैसला को विपरित हर्क बहादुर को
नाउँको ज.ध. र जोताहा लगत कट्टा गरि ऋषि कुमार पाण्डे को
नाउँमा [illegible] को ०३५/१/२८ को फैसला र यस कार्यालय को मिति
२०३५/६/१८ को निर्णयानुसार [illegible] मा.पो.का. काठमाडौं लाई
ऋषि कुमार पाण्डे का नाउँमा [illegible] गरी लगत जोही कायम
गरि दिएको देखिन्छ।



श्री ५ को सरकार

काठमाडौं उपत्यका नगर विकास समिति

मिसिल संख्याः–

मिति –

टिप्पणी र आदेश

सम्मानित श्री सर्वोच्च अदालत बाट मिति २०३५/७/२०को फैसला को मन्सायलाई स्वाफ गर्दै पुनः मिति २०३५/६/१८ मा निवेदक का बाबु हर्ष बहादुर नागाइत को मोहियानी हक कायम रहेको शक्को स.अ. बाट भएको फैसला अनुसार मोहियानी हक निवेदक कै बाबु हर्ष बहादुर का नाउँमा कायम रहनु पर्नेमा निवेदक को निवेदन दावीका जग्गाको ज.धि. र मोही साबिक का हर्ष बहादुर कै नाउँ कट्टा गरी ऋषि कुमार पाण्डेका नाउँमा राख्नेगरी मालपोत कार्यालय काठमाण्डौंले मिति २०३५/६/८/१ को निर्णयले दर्ता कायम गरेको प्राप्त फाइल श्रेस्ता को प्रतिलिपी बाट देखिन्छ।

उल्लेखित कित्ता जग्गाहरु सम्मानित श्री सर्वोच्च अदालतको फैसला अनुसार मोहियानी निवेदक का बाबु हर्ष बहादुर का नाउँमा कायम हुनु पर्नेमा आफ्नो नाउँमा कायम गराई निज ऋषि कुमार पाण्डे ले निजको छोरा विजय कुमार पाण्डे लाई बण्डापत्र लिखत गरि दिई विजय कुमार पाण्डेको नाउँमा कायम हुन आएको अवस्था मा तत्कालिन गल्फुटार आवास आयोजना मा उक्त कि.नं. १०९, १११, ११६ १५८ का जग्गाहरु अधिग्रहण भै सो बापत निजहरुले मुआब्जा बापत जग्गानै फिर्ता प्राप्त गरि विजय कुमार पाण्डेले प्राप्त गरेको विकाशित घडेरी समेत ऋषि कुमार पाण्डे सहित विभिन्न व्यक्ति लाई विभिन्न लिखत बाट बिक्रीसके पछि पुनः यीनै निवेदक संग भूमिसुधार कार्यालय मा २०४६/६/५ मा मिलापत्र गरेको देखिन आएको छ।

सो सम्बन्धमा ऋषि कुमार पाण्डे र विजय कुमार पाण्डेलाई लिखित प्रतिकृया सहित उपस्थित हुन मिति २०४८/२/१ मा र पुनः



श्री ५ को सरकार

काठमाडौं उपत्यका नगर विकास समिति

मिसिल संख्याः–

विषयः–

टिप्पणी र आदेश

२०४८।५।११ मा पत्र लेखि पठाउँदा कृषिकुमार पाण्डेले उल्लेखित किता जग्गा २०३४ सालमा अधिग्रहण गरी [illegible]को खण्डमा परेको हुँदा मेरो स्वामित्व त्यति बेलै समाप्त भएको भन्ने समेत व्यहोराको लिखित जवाफ पेश गरेको र विजयकुमार पाण्डेको नाउँको पत्र बुझाउन नसकेको भन्ने का.म.पा. १८ वडा कार्यालयको मिति २०४८।८।१३ को पत्रसाथ मुचुल्का प्राप्त हुन आएकोले सो पत्र साथको कागजात राखी आवश्यक निर्णयको लागि पेश गरेको छु।

कानून अधिकृत

उपरोक्त विषयमा राय दिने

श्रीमान्;

यसमा मूल प्रश्न मिलापत्र भएकोले [illegible] [illegible] [illegible] मिलापत्र भएकोले [illegible] प्रचलित कानून बमोजिम आफ्नो र मिलापत्र [illegible] [illegible] मिलापत्रको [illegible] उल्लेख [illegible] गर्न सक्ने [illegible] हुँदा [illegible] सोही बमोजिम गर्ने लागि [illegible] [illegible] [illegible] [illegible] ~~[illegible] [illegible] निवेदकलाई जानकारी [illegible]~~ ~~[illegible] [illegible]~~ ~~[illegible] [illegible] [illegible] [illegible]~~ ~~[illegible] [illegible] [illegible]~~ ~~[illegible] [illegible] निवेदकलाई [illegible]~~ ~~[illegible] [illegible]~~ निर्णय गराई [illegible] [illegible] ~~निवेदकलाई जानकारी दिन [illegible]~~



श्री ५ को सरकार

काठमाडौं उपत्यका नगर विकास समिति

मिसिल संख्याः–

विषयः–

टिप्पणी र आदेश

प्रमाण संलग्न कागजातबाट साबिक ज.ध. ले आफ्नो नाममा रहेको जग्गा हक छाडी दिएपछि मोहीसंग अंशबण्डाबाट हक प्राप्त गर्ने व्यक्तिले मिलापत्र गरेको देखिन्छ। उक्त मिलापत्र पछि ति. अ. परमादेश (रिट नं. [illegible] ८ सो पछि २०४८।१२।२१ को सु.प्र.का.को निर्णयले मोही कायम भएको देखिन्छ भन्ने मोही बापत भएको जग्गा का.उ.न.वि.स. ले अन्य व्यक्तिहरुको नाममा बिक्री गरिसकेको र ती जग्गाको साबिक जग्गाधनीलाई सो जग्गा बापत मोही हिस्सा बाहेकबाट अन्य जग्गाहरु मुआब्जाको रुपमा हस्तान्तरण गरिसकेको संकेत देखिन्छ। तसर्थ, असमा का.उ.न.वि.स. आइन्दा [illegible] [illegible] जग्गामा उक्त व्यक्तिलाई मोही स्वीकार गरी सो बापत मुआब्जा दिन पर्ने ठहर्‍या रहेको र हुन जग्गाध~~नीको~~ घडेरी जग्गामा मोही कायम भएको हो सोही जग्गाधनीको हक भागबाट मोही भाग पाउनु पर्नेमा सो ज.ध.ले अर्को जग्गा लगाएको उक्त दोविधाले परेमा जटिल कानूनी उलझन उत्पन्न भएको देखिन्छ। तसर्थ, असमा मोहीले उक्त जग्गाबाट बेग्लै मोही भाग पाउनेछ। सो कुराको मात्र पक्का गर्दै सु.प्र.का.ले निर्णय गरे बमोजिम ना का.उ.न.वि.स. बाट [illegible] गर्न साबिकको जग्गामा मोही कायम गर्न मिल्ने पनि देखिएन। निजले आफ्नो साबिकको जग्गाधनीसँग बाट मोही भाग पाउनु पर्ने हो। सो बमोजिम साबिकको ज.ध.को हकमै जग्गामा मोही अपर्याप्त भएमा सो,को क्षतिपूर्ति स्वरुप हुन देखिन्छ भन्ने यस समितिबाट बिक्री भइसकेको जग्गामा नै सही मोही बापत भयो भने सम्बन्धमा सु.प्र.का.बाट स्पष्ट जवाफ प्राप्त भएको देखिन्न। तसर्थ, यसमा का.उ.न.वि.स. ले अधिग्रहण गरी बिक्री गरिसकेको जग्गामा मोही बापत भएको दोविधाले सो बमोजिम मोहियानी बापत मुआब्जा दिन सक्ने। अन्यथा निर्णय हुन मनासिब देखिन्छ, गरेको यहाँ निवेदकलाई जानकारी दिन

मोहीलाई जानकारी दिने सम्बन्धमा कानून आयोगको राय अनुसार गर्ने
र मोहीले मोही भागबापत मुआब्जा माग गरेको हकमा उक्त जग्गाको
मुआब्जा ज.ध. र मोही समेतको दुवैपक्ष लाग्ने श्री [illegible] कुमार पाण्डे समेत
विजय कुमार पाण्डेले लगि सकेको हुँदा यस समिति समेतलाई अर्थ



(२१)

श्री ५ को सरकार

काठमाडौं उपत्यका नगर विकास समिति

मिसिल संख्याः–

मिति:-

टिप्पणी र आदेश

सर्वोच्च अदालतको फैसला विपरीत मुआब्जा बापत विकसित घडेरी जग्गा दिने देखि आरुकोले अयोजना संचालन भएको चपलि भद्रकालि गा.वि.स. हाल महाँकाल गाविस अन्तरगत श्री निजहरुका नाममा रहेको सम्पूर्ण जग्गा यस समिति को आदेश नभए [illegible] मालपोत कार्यालय चाबहिललाई लेखि पठाउने गरी।

सद्‌र सूर्य [illegible]
२०५८।१०।२३

सर्वोच्च अदालत काठमाडौं

श्री सर्वोच्च अदालत
पा.कि. प्रा. गो... ...
र... ... ... स... ... आधान ... ...
पाना १ को रु. २।– ... पा
थप जम्मा पाना ... ८ ... को
रु. १६।– ...
संगीता



श्री ५ को सरकार

काठमाडौं उपत्यका नगर विकास समिति

मिसिल संख्या:-

विषय:- अधिग्रहणमा परेको जग्गाको मुआब्जा सम्बन्धमा।

टिप्पणी र आदेश

का.जि. चपली भद्रकाली गा.वि.स. वडा नं. ३।क कि.नं. १०३,१११,११६ र १५८ को क्रमश: क्षेत्रफल ३-६-२-० जग्गा मध्ये ०-४-२-० जग्गामा घर रहेकाले घडेरी बापत छोडी ३-२-० जग्गा यस आयोजनावाट अधिग्रहण परेको र कि.नं. १५८ क्षेत्रफल २-३-३-० मध्ये १-८-० जग्गा भूमि सुधार कार्यालय काठमाडौंमा भएको सो जग्गा का.ज.ध. बिच मिलापत्र भै मिलापत्र अनुसार १-८-० जग्गा ज.ध.कै नाममा जोतपोत कायम भएको बाँकी २-१-० जग्गा अधिग्रहणमा परेको र कि.नं. १११ को क्षेत्रफल १-०-० र कि.नं. ११६ को क्रमश: क्षे.फ. ०-६-२, जम्मा अधिग्रहण भै कि.नं. १२२ को जग्गा जोतपोत नै सो जग्गाका ज.ध. कायम हुने गरी मिलापत्र भएको र यस आयोजनावाट उक्त कित्ताहरु जग्गाको क्षेत्रफल जम्मा मध्येवाट ६-११-२ मध्ये उक्त जग्गा को खास जोताहा मोही म निवेदकको जोताहा भाग आधा जग्गाको अर्थात आधा क्षे.फ. ३-५-३-० जग्गाको मुआब्जा अथवा विकासित घडेरी पाउने भन्ने कुरामा विवा नभएको कुरा प्रष्ट छ।

साथैको दफा ६ मा उल्लेखित भए अनुसार यस आयोजनामा द.नं. २ मिति २०६५।८।१४ मा निवेदन दावी समेत गरेको थिए। उक्त कित्ताका ज.ध.ले म निवेदक मोही भएको कुरा स्वीकार गरी अदालतको फैसला समेतका आधारबाट म निवेदक को पिताका नामबाट म निवेदकका नाममा मोही नामसारी हुने गरी मिलापत्र गरि य समेत भू.सु.का. काठमाडौंवाट नै उक्त कित्ता जग्गाको जोताहा दर्ता प्राप्त गरेको छु। अत: उक्त साविक कित्तावाट हाल प्लटमा परिणत कित्ता जग्गाको चलन चलेको मुआब्जा अथवा विकासित रुपको घडेरी अर्थात यस आयोजनावाट विकासित रुपमा रहेको घडेरी अर्थात यस आयोजनावाट विकासित रुपमा रहेको घडेरी बिक्रि भ सकेको भए सोही अनुसारको रुपैयाँ पाउन भनी निवेदन अर्जी यसै साथ जोताहा पुर्जीको फोटोकपि, नागरिकताको फोटोकपि पेश गरेको छु भनि का.जि. चपली भद्रकाली गा.वि.स. वडा नं. ३ मै हाल वडा नं. ५ बस्ने हर्ष बहादुरको छोरा रामबहादुर तामाङले दिनु भएको निवेदन आदेशानुसार पेश गरेको छु।

२०६५।८।१८

८।१५

श्रीमान्

यसमा उक्त जग्गा बापत जग्गाधनी। मोही दुबैले विकासित घडेरी पु-
लेको उल्लेख तथा यस [illegible] [illegible] आयोजनावाट [illegible]



श्री ५ को सरकार

काठमाडौं उपत्यका नगर विकास समिति

सिसिल संख्याः–

विषय –

टिप्पणी र आदेश

सर्वोच्च अदालत काठमाडौं

उक्त निर्णय गरेको भए सो समेत, [illegible] हुने [illegible] देखिएको

प्रशासन

महाशाखा — कानुन शाखाबाट ले स्पष्ट हुनु पर्ने भनेर विषयमा सम्बन्धित ९।२६

फायल — र कागजात हरु अध्ययन गरी स्पष्ट गरी राय सहित

सहित — पेश गर्नु हुन / पूर्व [illegible]

२०४९।९।२६



श्री ५ को सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग

मालपोत कार्यालय, काठमाडौं

चावहिल, काठमाडौं
मिति २०६३।८।२९

च० नं०

टिप्पणी र आदेश

विषय :-

श्रीमान्,

का० जि० म० न० पा० वार्ड १८ बस्ने ऋषि कुमार पाँडे का श्री गोवर्धन घर्तीमगर ले गरेको एकलौटि हकभोग गरेको चपली ९क कि.नं. ४६६ क्षे. १-०-०-० कि.नं. ४६० क्षे. ४-१-०-०, कि.नं. ५५८ क्षे. ०-१-०-१ र, कि.नं. १२०६ क्षे. २-१२-१-० समेत जग्गाहरु काठमाडौं उपत्यका नगर विकास समितिले गैर कानुनी रुपमा मालपोत कार्यालय चाबहिलमा रोक्का राखेको हुँदा सो उपर श्री सर्वोच्च अदालत उत्प्रेषणको रिट गरी मिति ०६२ साल वैशाख २८ गते रोक्का राखेको कार्य लगायत जो जति गरेका छन् उत्प्रेषणको आदेश द्वारा बदर गरी दिएकोले उक्त चपली गा.वि.स.का कि.नं.का जग्गाहरु फुकुवा गरी पाउँ भनी निवेदन दिएको ।

यसमा चपली ९क कि.नं. ४६६, ४६०, ५५८, १२०६ ज.ध. ऋषि कुमार पाँडे का नाममा मोठ कायम, नगर विकास समिति अनामनगरको च.नं. ५५४ मिति ०५८/११/६ को पत्रले रोक्का राखिएको भनी मोठ पोत बार उल्लेख भएको र सर्वोच्च अदालत रिट कुरा फैसलामा पार निवेदकको उल्लेखित जग्गा रोक्का राख्न गरेको काठमाडौं उपत्यका नगर विकास समितिको ०५८/१०/२३ को निर्णय एवं सो निर्णयका आधारमा मालपोत कार्यालयलाई ०५८/११/६ मा लेखेको पत्र र काठमाडौं उपत्यका नगर विकास समितिको ०५९/३/२८ को पत्र तथा सो बमोजिम निवेदकको उल्लेखित जग्गा रोक्का गरिएको कार्य समेत कानुन सम्मत नदेखिंदा उत्प्रेषणको आदेश द्वारा बदर गरी दिएको भनी [illegible] फैसला गरेकोले सोही बमोजिम निवेदकको उल्लेखित कि.नं. का जग्गा रोक्का फुकुवा गर्न निर्णयार्थ पेश गरेको छु ।

श्रीमान पेश भए बमोजिम हुने निर्णयार्थ पेश
गरेको छु । [illegible] आदेश ।

२०६३।८।२९

माथि उल्लेखित कुराहरुका साथै स. अ. को मिति २०६२/१/२८ को फैसला बमोजिम फुकुवा हुन आएको तोक लगाउन गरेको छु ।

२०६३/८/२९



सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनूप राज शर्मा
माननीय न्यायाधीश श्री बलराम के.सी.
आदेश
संवत २०५९ सालको रिट नम्बर २७६८

मुद्दा:- उत्प्रेषणयुक्त परमादेश ।

का.जि.का.म.न.पा.वडा नं.१७ क्षेत्रपाटी बस्ने ऋषि कुमार पाण्डे-----------------१ निवेदक
विरुद्ध
मालपोत कार्यालय, चावहिल, काठमाडौं---------------------------------------१
काठमाडौं उपत्यका नगर विकास समिति अनामनगर, काठमाडौं-------------------१ विपक्षी
का.जि.चपली भद्रकाली गा.बि.स.वडा नं.५ भै हाल परिवर्तित ऐ.ऐ.महाकाल गा.बि.स.
वडा नं.२ बस्ने हर्क बहादुर तामाङ्गको छोरा राम बहादुर तामाङ-------------------१

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३,८८(२) अनुसार यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ।

म निवेदकका नाममा का.जि.चपली भद्रकाली गा.वि.स.वडा नं.९ कि.नं.४६६ को क्षेत्रफल १-०-० कि.नं.४७० को ४-१-० कि.नं.५५७ को ०-१-० कि.नं.१५०६ को २-१०-० जग्गा दर्ता छ। बिपक्षी काठमाडौं उपत्यका नगर विकास समितिको मिति २०५९।६।२५ को म निवेदकलाई पठाएको जानकारी गराएको भन्ने पत्रमा तत्कालीन गल्फुटार आयोजनाको लागि अधिकरण गरिएको जग्गाहरु मध्ये साविक चपली भद्रकाली गा.वि.स.वडा नं.९(क) कि.नं.१०९, १११, ११६, १५८ को जग्गा क्रमश: ३-७-२-०. मध्ये ०-४-२ जग्गामा घर रहेकोले घडेरी वापत छोडी ३-३-० आयोजनाबाट अधिग्रहणमा परेको र कि.नं.१५८ क्षेत्रफल ३-९-३ मध्ये १-८-० जग्गा भुमि सुधार कार्यालय, काठमाडौंमा भएको मिलापत्र बमोजिम सो जग्गाको ज.ध.कै नाममा जोतपोत कायम भएको बाँकी २-१-० जग्गा अधिकरणमा परेको र कि.नं.१११ को १-०-० कि.नं.११६ को ०-७-२ जग्गा अधिकरण भई कि.नं.१२२ को जग्गा जोतपोत नै सो जग्गाको जग्गा धनि कायम हुने गरि मिलापत्र भएको र उक्त कित्ताहरुको जम्मा ६-११-२ मध्ये जोताहा भोग आधा क्षेत्रफल ३-५-३ जग्गाको मुआब्जा अथवा विकसित घडेरी पाउँ भन्ने समेत व्यहोराको मिति २०५७।१२।२८ को राम बहादुर तामाङ्गको निवेदन सो सम्बन्धमा माथि उल्लेखित जग्गाहरु तत्कालीन आयोजनाले

१



(२)

कानून बमोजिम अधिकरण गरि विकसित घडेरकिो रुपमा विभिन्न व्यक्तिलाई विक्रि वितरण भई सकेको अवस्थामा भुमि सुधार कार्यालयको निर्णय अनुसार अन्य व्यक्तिका नाममा कायम भई सकेको कित्ता जग्गा निवेदकको नाममा मोही जनाउनु पर्ने भन्ने व्यहोरा समेत उल्लेख गरी भुमि सुधार कार्यालय, काठमाडौंबाट मिति २०५८।१।१२, मिति २०५७।१२।२२, मिति २०५८।४।४ को पत्र समेतको आधारमा कारवाही हुँदा का.जि.ढल्को बस्ने ऋषि कुमार पाण्डे र निजको छोरा विजय कुमार पाण्डेले माथि उल्लेख भए अनुसार साविक चपली भद्रकाली गा.वि.स वडा नं.९ (क) कि.नं.१०९, १११, ११६, १५८ समेतका जग्गाहरु सर्वोच्च अदालतको मिति २०३५।९।१८ को फैसला विपरीत मालपोत कार्यालयबाट जोत लगत कट्टा गराई जग्गा धनि तथा मोही दुवै आफ्ना नाममा कायम गरी यसै समिति समेतलाई भ्रममा पारी गल्फुटार आवास आयोजनाका लागि प्राप्त गरेको जग्गाको वण्डापत्र पारित गराई मुआव्जा वापत ज.ध.र मोहीले पाउने दुवैको मुआव्जा वापत जग्गा नै बुझि लिई सके पछि आफ्नो हक भोग र भोगाधिकार नै नभएको यस समितिले प्राप्त गरि सकेको जग्गा सम्बन्धमा मिलापत्र गरी कार्यालयलाई समेत भ्रममा पारेको देखिन आएकाले यस समितिबाट फुकुवा नभए सम्म त्यस कार्यालयमा रहेको साविक पली भद्रकाली गा.वि.स.भित्रको निज ऋषि कुमार र विजय कुमार पाण्डेको नाममा रहेको सम्पूर्ण जायजेथा घर जग्गा रोक्का राखि दिने गरी यस समितिको मिति २०५८।१०।२३ को निर्णय अनुसार जायजेथा रोक्का राख्नको लागि मालपोत कार्यालय, चावहिलमा मिति २०५८।११।६ मा पत्र लेखि बोधार्थ भुमि सुधार कार्यालय, काठमाडौंलाई दिएको व्यहोरा जानकारी गराइन्छ भन्ने उल्लेख रहेछ । २०३८ सालमा जग्गा प्राप्ती ऐन वमोजिम अधिकरण भएको जग्गा ०३३।१०।२५ र मिति २०३५।८।२८ को पारित बण्डाबाट म निवेदक ऋषि कुमार पाण्डेर विजय कुमार पाण्डे अंश वण्डा भई अधिकरण परेको जग्गा छोरा विजय कुमार पाण्डेको भागमा परेको र मुआब्जा समेत निजैले वुझेका छन । अंश बण्डा भई अलग भएको छोराले मुआब्जा वुझेकोमा म निवेदकको सम्पति रोक्का राख्ने कुनै अधिकार बिपक्षी काठमाडौं उपत्यका नगर बिकास समितिलाई छैन । काठमाडौं उपत्यका नगर विकास समितिले मिति २०५८।१०।२३ मा अधिकरणमा गरेको जग्गाको मोही कायम गर्ने गरी मिलापत्र गर्दैमा मोही कायम हुन नसक्ने मुआब्जा पुन: दिन नमिल्ने भनी निर्णय गरेको छ । एउटै कार्यालयले मुआब्जा दिन नमिल्ने भनी निर्णय पनि गर्ने अर्को तर्फ म निवेदकको जग्गा रोक्का राख्न मिल्दैन । अधिकरणमा परेको जग्गाको कसैको हक लाग्ने भए दावी गर्ने मिति २०३८।७।९ मा गोरखापत्रमा जग्गा प्राप्ती ऐन, २०३४ को दफा ९(१) वमोजिम सूचना प्रकाशित भएकोमा विपक्षी राम बहादुर तामाङ्गको हक भएको भए मौकामा दावी गर्नु पर्ने दावी गर्दा गर्दै मोही हक वापतको मुआब्जा नदिएको भए मौकामा नै सो कार्य बदर गराउन अदालत प्रवेश गर्नु पर्नेमा २०३९ सालमा बितरण भएको मुआब्जाको विषयमा अधिकार नै नभएको काठमाडौं उपत्यका नगर विकास समितिमा उजुरी दिई यस्तो गैरकानूनी उजुरीको आधारमा म निवेदकको

२



जग्गा रोक्का राख्न मिल्दैन । विपक्षी राम वहादुर तामाङ्गको जग्गामा हक भएको भए जग्गा प्राप्ती ऐन, २०३४ को दफा ९(३), ११र दफा १८ वमोजिम उजुर गरी हक वेहक ठहर गरी मुआव्जा लिन सक्नु पर्नेमा सो वमोजिम गर्न सकेको छैनन । जग्गा धनि विजय कुमार पाण्डेलाई मुआव्जा दिने निर्णय जव सम्म वदर हुदैन त्यो निर्णय कायम रहे सम्म बिपक्षी उपत्यका नगर विकास समितिले राम वहादुरलाई मुआव्जा दिन सक्दैन । विपक्षी राम वहादुर तामाङ्गले पाउने पर्ने मुआव्जा जग्गा धनि विजय कुमार पाण्डेले बुझि लिएको भए विजय कुमार पाडे उपर कोर्ट फि राखि रकम दिलाई पाउं भन्ने मुद्दा गर्नु पर्नेमा सो नगरी अधिकार नभएको नगर विकास समितिमा उजुर गर्ने र अधिकार नभएको नगर विकास समितिले म बेसरोकारको मानिसको जग्गा रोक्का राख्नमिल्दैन । अत: माथि उल्लेखित तथ्य तथा कानूनका आधारमा विपक्षी निकायका उल्लेखित काम कारवाही र निर्णयले म निवेदकको माथि उल्लेखित कानूनी हक र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ (१), १२ (२) (ङ), धारा १७ को हक हनन भएकोले धारा २३ र ८८ (२) वमोजिम उत्प्रेषणको आदेश जारी गरी काठमाडौं उपत्यका नगर विकास समितिको मिति २०५९।६।२५ को पत्र सो पत्रमा उल्लेख भएको मिति २०५८।१०।२३ को निर्णय मिति २०५८।११।६ को जग्गा रोक्का राख्ने पत्र सो सम्वन्धी सम्पूर्ण काम कारवाही र म निवेदकको जग्गा रोक्का राख्ने मालपोत कार्यालय, चावहिलको कार्य समेत वदर गरी अन्य जो चाहिने आज्ञा आदेश वा पुजि जारी गरी पाउँ भन्ने निवेदन दावी ।

यसमा के कसो भएको हो, निवेदकको माग वमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले वाटाका म्याद वाहेक १५ दिन भित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई सूचना पठाई लिखित जवाफ आए पछि वा अवधि नाघे पछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको आदेश ।

विपक्षीको प्रकरण नं.२ (घ) र ३ नं.लिइएको रोक्का राख्ने कुराको जिकिर दावी पूर्णतया तथ्यहिन र गैरकानूनी छ किनभने उपत्यका नगर विकास समितिले कानून संगत ढंगले रोक्का राख्ने लेखि पठाएको व्यहोरालाई नगर विकास नि.२०४५ विपरीत छैन ।मालपोत ऐन, २०३४ को दफा ८ (ख) (२) ले कुनै घर जग्गा रोक्का राख्न वा त्यस्तो रोक्का राखिएको घर जग्गा फुकुवा गर्ने लेखि आएमा मालपोत कार्यालयले लेखि आए वमोजिम त्यस्तो घर जग्गा रोक्का वा फुकुवा गरी दिनु पर्छ भन्ने व्यवस्था गरिएको पाईन्छ । अधिकार प्राप्त निकायवाट रोक्का राखि दिन लेखि पठाए पछि मालपोत कार्यालयले रोकका राखि दिनु पर्ने स्पष्ट कानूनी व्ययवस्था भएकोमा कानून संगत रुपमा भए गरिएको काम कारवाहीलाई अन्यथा अर्थ लगाउने गरी प्रस्तुत गरिएको विपक्षीको प्रस्तुत रिट निवेदन जिकिर तथ्यहिन र गैरकानूनी हुंदा स्वत: खारेज भागी छ र खारेज गरी पाउँ भन्ने मालपोत कार्यालय, चावहिल, काठमाडौंको लिखित जवाफ ।



गल्फुटार आवास आयोजना संचालन पूर्व निवेदक र मोही हर्ष बहादुर विच मुद्दा चलेको ०३५।१।२७ मा फैसला भएको भनी मालपोत कार्यालयले मोही लगत कट्टा गरी जोतपोत ऋषि कुमारलाई कायम गरेको सर्वोच्च अदालतमा पुन: मुद्दा पर्दा मिति २०३७।९।१८ मा हर्ष बहादुर मोही कायम भई सो मुद्दामा मालपोत कार्यालय र सो कार्यालयका कर्मचारी सहित विपक्षी भएको अवस्थामा मालपोत कार्यालयले हर्ष बहादुर तामाङलाई मोही कायम नगरी निवेदकका बाबु छोरा कायम गरी मुआब्जा दिए पछि हर्ष बहादुर तामाङ्गको जिल्ला प्रशासन कार्यालयमा निवेदन पर्दा समेत सो उपर कारवाही भएन । विजय कुमारले आफ्नो हक नभएको श्री ५ को सरकारले अधिकरण गरेको साविक श्रेस्तामा मिलापत्र गरेका छन । नगर विकास समितिले कुनै विकसित घडेरी दिंदा जग्गा फिर्ता गर्दा मालपोत कार्यालयले दिएको श्रेस्ता पुर्जा अभिलेख अनुसारको मुआब्जा दिनु पर्ने र मोहीयानी हक बेहकमा निर्णय विचार गर्न नसकने अवस्थामा मुआब्जा दिन नसकिएको हो । रिट निवेदक ऋषि कुमार पाण्डेले मोहीलाई दिनु पर्ने मुआब्जा वापतको घडेरी अदालतका फैसलाको जानकारी हुँदा हुँदै छोरालाई अंश छुटयाई चलाखीपूर्वक लागेको देखिंदा र मोहीको हकवाला राम बहादुर तामाङ्गले मुआब्जाको माग गरी समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत निवेदन दिएको हुँदा मुद्दाको अन्तिम टुंगो नलागे सम्म ऋषि कुमार पाण्डे र निजको छोरा विजय कुमार पाडेको घर जग्गा रोक्का राखिएको व्यहोरा अनुरोध गर्दै निवेदकले उल्लेख गरे अनुसार रिट जारी गर्न नपर्ने हुँदा खारेज गरी पाउँ भन्ने काठमाडौं उपत्यका नगर विकास समितिको लिखित जवाफ ।

रिट निवेदकले का.जि.चपली वडा नं.९(क) कि.नं.४६६,४७०,५५७ समेतका कित्ता जग्गाहरु उपत्यका नगर विकास समितिले रोका राखेकोमा बिपक्षी निवेदकले छोरा विजय कुमार पाण्डे र निवेदक ऋषि कुमार पाण्डे विच नगरपालिका भित्रको जग्गा वण्डा हुने गरी मिति २०३२ सालमा अंश वण्डा भएको पुन: २०३५।८।२८ मा बिवादित जग्गा वण्डा हुने गरी बण्डा भएको हुँदा रिट निवेदनकोअन्य जग्गा रोक्का राख्न पाउने होइन भन्ने जुन जिकिर छ सो सरासर गलत छ । सम्मानित सर्वोच्च अदालतबाट भएको मिति २०३७।९।१८ को फैसलामा रिट निवेदकले ०३५ सालमा अंश बण्डा भै सकेको विवादित जग्गा लिखित जवाफ प्रस्तुत गर्दा उक्त जग्गाको ज.ध.रहे भएको कुरा उल्लेख गर्नु भएको छ । यदि बिपक्षीले जाल प्रपन्च नरचेको भए सोही समयमा जग्गा धनी नभएको कुरा उल्लेख नगरी सम्मानित अदालतलाई नै गुमराहमा राखिएको कुरा प्रष्ट छ । उपत्यका नगर विकास समितिबाट बिपक्षीलाई भिकाए पछि तत्काले मिति २०५८।६।२९ र.नं.१०,३७ बाट छोरीहरु अनिता वस्नेतको र विनिता वस्नेतको नाममा हा.व.लिखत पारित गरी दिनु भएको छ । पिताजी हर्ष बहादुर तामाङ्ग समेत रिट निवेदक बिपक्षी ऋषि कुमार पाण्डे भएको उत्प्रेषण मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट २०३७।९।१८ को फैसलाले उल्लेखित कित्ता जग्गाको मोही हर्ष बहादुर तामाङ्ग हो भन्ने कुरा प्रष्ट छ । तत्कालीन गोल्फुटार आवास



ांयोंजनाबाट अधिकरण भै उक्त जग्गामा हकदैया पुग्ने जग्गा धनि जोताहाले आफ्नो प्रमाण सहित प्रकाशित· सूचनामा हक दावी गर्नु भन्ने भए वमोजिम गरेको उजुरी कारवाही रहेकै थवस्थामा हर्ष वहादुर तामाङ्गको २०४० सालमा पग्लांक भै लिखित जवाफवाला निरन्तर कारवाहीमा रही रहेको छ । अधिकरण परेको प्लट जग्गा जग्गा धनि मोहीले पाउने दुवैको त्रिजय कुमार पाण्डेले बुझेको कुरा नगर विकास तथा जग्गा धनिले स्वीकार गर्नु भएको छ । सो कुरालाई अन्यथा भन्न सक्ने अवस्था समेत छैन । अधिकरणमा परेका जग्गा त विपक्षीहरु वाबु छोरा मिलि खानु भयोभ ने उक्त कित्तावाट कित्ताकाट भै अधिकरण भन्दा वाहिर भएको जग्गा समेत म लिखित जवाफवालालाई झुक्याई मिलापत्र गराई अधिकरण भित्रको जग्गा लिखित जवाफवालालाई दिने र वाहिरको जग्गा जग्गा धनिले लिने गरी सो जग्गा समेत जग्गा धनिले लिनु खानु भएको छ । उपत्यका नगर विकास समितिले विपक्षीको जग्गा रोक्का नराखेमा लिखित जवाफवालालाई अदालत दिलाएको फैसलामा मात्र सिमित रहनु सिवाय अरु केही हुँदैन । विपक्षी वाबु छोरा आपस मिलेमतो गरी लिखित जवाफवालाको सम्पूर्ण सम्पति जवरजस्ती पचाई खाँदा संवैधानिक हक अपहरण भएको नदेख्ने विपक्षीले रोक्का राख्ने कार्यले विपक्षीको कुनै हक हनन भएको छैन । अत: बिपक्षीको निवेदन खारेज भागी नै भएकोले खारेज गरी पाउँ भन्ने राम वहादुर तामाङको लिखित जवाफ ।

नियम वमोजिम पेशी सुचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदक तर्फका विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद भण्डारी तथा अधिवक्ता श्री बालकृष नेउपानेले काठमाडौं उपत्यका नगर विकास समितिलाई निवेदकको सम्पूर्ण घर जग्गा रोक्का राख्ने भनी निर्णय गर्ने अधिकार नगर विकास समिति ऐन, २०४५ समेतले दिएको छैन । निवेदकका रोक्का राख्ने भनी निर्णय गरिएका जग्गा नगर विकास समितिको कार्य क्षेत्र बाहिरका भएका र त्यस्ता जग्गा रोक्का गर्ने निर्णय गरी मालपोत कार्यालयलाई लेखेको पत्र र सो पत्रको आधारमा गरिएको रोक्का समेतका कार्य अधिकार क्षेत्र विहिनताको आधारमा अ.बं.३५ नं.समेतले वदर भागी रहेको हुँदा वदर हुनु पर्दछ भन्ने र विपक्षी राम बहादुर तामाङ तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मानुवाबु पोखरेलले निवेदक ऋषि कुमार पाण्डेले २०३७ सालको फैसला देखाई छोरा विजय कुमारको मिलेमतोमा जग्गा धनि मोही दुवै छोरालाई देखाई २०३८ सालको सर्वोच्च अदालतको फैसलाको अस्तित्व लोप हुने गरी जग्गाको मुआब्जा एवं विकसित घडेरी जग्गा धनि मोहीको दुवै भाग बुझेका र निजको अचल सम्पति रोक्का नहुने होभ ने मोही राम वहादुर तामाङले २०३७ सालमा कायम गराएको मोही हक निरर्थक हुन जान्छ, त्यस अर्थमा पनि मालपोत कार्यालयले निवेदकको जग्गा रोक्का राख्ने गरेको निर्णय कानुन सम्मत भएको हुँदा रिट निवेदन खारेज हुनु पर्दछ भन्ने र विपक्षी मध्येका काठमाडौं उपत्यका नगर विकास समिति

५

तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री बद्रिनाथ शर्माले पनि सोही व्यहोराको प्रस्तुत गर्नु भएको बहस समेत सुनियो।

उपरोक्त बमोजिम विद्वान अधिवक्ताहरुको बहस समेत सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा निवेदन माग दावी अनुसारको आदेश जारी हुनु पर्ने हो होइन सो सम्बन्धमा निर्णय गर्नु पर्ने हुन आयो।

निर्णय तर्फ विचार गर्दा म निवेदकका नाममा का.जि.चपली भद्रकाली गा.वि.स.वडा नं.९ कि.नं.४६६, कि.नं.४७०, कि.नं.५५७ कि.नं.१५०६ का जग्गाहरु दर्ता रहेका छन। सो जग्गाहरु काठमाडौं उपत्यका नगर विकास समितिको ०५८।१०।२३ को निर्णय अनुसार भनी मालपोत कार्यालय, चावहिलमा ०५८।११।६ मा पत्र लेखि ०५९।६।२५ मा मेरा जग्गा रोक्का राखेको पत्र जानकारी भयो। मेरो जग्गा रोक्ने सम्बन्धमा मलाई दिएको जानकारीमा म निवेदक र छोरा विजय कुमार पाण्डे भै २०३५ सालमा सर्वोच्च अदालतको फैसला देखाई चपली भद्रकाली गा.वि.स.वडा नं.९(क) कि.नं.१०९,११०, ११६, १५८ समेतका जग्गाको तत्कालीन गल्फुटार आवास आयोजनामा अधिग्रहणमा पर्दा मालपोत कार्यालय, भुमि सुधार कार्यालय समेतलाई भ्रममा पारी जग्गा धनि मोही दुवैको मुआव्जा बुझेको र सो सम्बन्धमा राम बहादुरको ०४६।६।५ को मिलापत्र बमोजिम मोही भाग पाउँ भन्ने निवेदन परी सो उपर कारवाही हुँदा मेरो जग्गा रोक्ने जानकारी दिइयो। मेरो उल्लेखित नगर विकास समितिका कार्य क्षेत्र बाहिरका जायजेथा रोक्का राख्ने गरेको बिपक्षीको निर्णय गैरकानूनी हुँदा बदर गरी पाउँ भन्ने निवेदन दावी र निवेदन दावी झुठ्ठा हो निवेदकका बाबु छोराको मिलेमतोमा राम बहादुर तामाङ मोही भएका जग्गा समेत गल्फुटार आवास आयोजनामा पर्दा मोही भागका मुआव्जा समेत २०३५ सालको सर्वोच्च अदालतको फैसला देखाई २०३७ सालको मोही राम बहादुर कायम भएको फैसलालाई गुमराहमा पारी जग्गा धनि मोही दुवैको मुआव्जा बुझि लगेको अवस्थामा काठमाडौं उपत्यका नगर विकास समितिले कानूनतः निवेदकको जग्गा रोक्का राख्ने निर्णय गरी मालपोत कार्यालयमा पत्राचार गरी जग्गा रोक्का राखिएको हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्ने लिखित जवाफ रहेको देखिन्छ।

तत्कालीन गल्फुटार आवास आयोजनाको लागि अधिग्रहण गरिएका जग्गाहरु मध्ये साविक चपली भद्रकाली गा.वि.स.वडा नं.९ (क) कि.नं.१०९,१११,११६,१५८ समेतका जग्गाहरु सम्बन्धमा निवेदक र निजको छोरा विजय कुमार पाण्डे समेत भै जग्गाको जग्गा धनि एवं मोहीको दुवै भागको मुआव्जा वापत पाउने रुपैया काठमाडौं उपत्यका नगर विकास समितिलाई भ्रममा पारी बुझि लगेको र सो जग्गाको मोहि राम बहादुर तामाङसंग निवेदक र निजको छोरा समेत भै मिलापत्र गरी भ्रममा पारी श्री ५ को सरकारका नाममा गएका जग्गाको सम्बन्धमा मिलापत्र गरी मोहीलाई निजको मोही वापत पाउने मुआव्जा लिनबाट बन्चितगराएको हुँदा निवेदकको नाममा रहेको अचल जायजेथा रोक्का राख्ने काठमाडौं उपत्यका नगर विकास समितिको ०५८।१०।२३ गा



निर्णय भै मालपोत कार्यालय, चावहिललाई काठमाडौं उपत्यका नगर विकास समितिबाट जग्गा फुकुवाको लागि नलेखे सम्म रोक्का राख्न ०५८।११।६ मा पत्र लेखिएको आधारमा निवेदकको जग्गा रोक्का रहेको र सोही व्यहोराको जानकारी निवेदकलाई ०५९।६।२५ मा दिएको देखिन्छ। निवेदकका रोक्का राखिएका जग्गाहरु काठमाडौं उपत्यका नगर विकास समितिका कार्य क्षेत्र भन्दा बाहिरका जग्गा भएकाले सो क्षेत्र भन्दा बाहिरका जग्गाको विषयमा काठमाडौं उपत्यका नगर विकास समितिलाई रोक्का राख्न नगर विकास समिति ऐन, २०४५ को दफा ८,९,१० समेतले नदिएको भन्ने निवेदन दावी बमोजिम निवेदकको नाममा रहेका उल्लेखित जग्गा कुन कानूनको आधारमा रोक्का गरिएको हो, सो सम्बन्धमा काठमाडौं उपत्यका नगर विकास समितिले रोक्का राख्न गरेको निर्णय एवं सो बमोजिम गर्न मालपोत कार्यालय, चावहिल र निवेदकलाई दिएको जानकारीका अतिरिक्त लिखित जवाफमा समेत उल्लेख गरेको पाइदैन। कुनै विषयमा बिवाद परी जायजेथा रोक्का राख्दा सक्षम निकायले निश्चित कानूनको आधारमा तोकिएको प्रकृया पुरा गरी रोक्का राख्नु पर्ने हुन्छ। कुन कानूनले निवेदकको जग्गा रोक्का राख्ने अख्तियारी प्रदान गरेको बारेमा मौन रही, रोक्का नराखेमा मोही राम बहादुर तामाडले मुआव्जा प्राप्त गर्न नसक्ने भन्ने आधार देखाई विना कानूनको अख्तियारीमा निवेदकको उल्लेखित जग्गा रोक्का राख्न गरेको काठमाडौं उपत्यका नगर विकास समितिको ०५८।१०।२३ को निर्णय एवं सो निर्णयका आधारमा मालपोत कार्यालयलाई ०५८।११।६ मा लेखेको पत्र र काठमाडौं उपत्यका नगर विकास समितिको ०५९।६।२५ को पत्र तथा सो बमोजिम निवेदकको उल्लेखित जग्गा रोक्का गरिएको कार्य समेत कानून सम्मत नदेखिंदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ। मिसिल नियमानुसार गरी बुझाई दिनु।

उक्त रायमा सहमत छ।

न्यायाधीश

न्यायाधीश

ईजलास अधिकृत (रा.प.द्वितिय) रुवि प्रसाद न्यौपाने
ईति सम्वत २०६२ साल वैशाख २७ गते रोज शुभम्---------------------------------------

७



सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनुप राज शर्मा
माननीय न्यायाधीश श्री बलराम के.सी.

आदेश

संवत २०५१ सालको रिट नम्बर ३४४६

मुद्दा:- उत्प्रेषणयुक्त परमादेश ।

का.जि.चपली भद्रकाली गा.वि.स.वडा नं.५ भै हाल परिवर्तित ऐ.ऐ.महाङ्काल गा.वि.स. वडा नं.२ बस्ने हर्ष बहादुर तामाङ्गको छोरा राम बहादुर तामाङ्गको वारेस का.जि.का. म.न.पा.वडा नं.३ बस्ने वर्ष ४१ को अमरदिप गोर्खान------------------------१ निवेदक

विरुद्ध

काठमाडौं उपत्यका नगर विकास समिति कुलेश्वर गोल्फुटार आवास आयोजना अनामनगर, काठमाडौं------------------------१ विपक्षी
श्री ५ को सरकार आवास तथा भौतिक योजना मन्त्रालय सिंहदरबार, काठमाडौं----१
जिल्ला प्रशासन कार्यालय काठमाडौं------------------------१
का.जि.का.म.न.पा.वडा नं.१७ क्षेत्रपाटी बस्ने ऋषि कुमार पाण्डे------------------१
ऐ.ऐ.बस्ने विजय कुमार पाण्डे------------------------१

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३,८८(२) अनुसार यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ ।

का.जि.चपली भद्रकाली गा.वि.स.वडा नं.१ कि.नं.१०१ क्षेत्रफल ३-७-२ को कित्ता-१, ऐ.ऐ.कि.नं.११० क्षेत्रफल ०-७-२, ऐ.ऐ.कि.नं.१२२ क्षेत्रफल ०-५-३, ऐ.ऐ.कि.नं.१५८ क्षेत्रफल ३-१-२ जग्गाको खास जोताहा मोही म निवेदकको पिताजी हर्ष बहादुर तामाङ्ग भएको कुरा जग्गा नाप जाँच ऐन, २०१९ बमोजिम नाप जाँच हुँदा फिल्डबुकको मोही महलमा पिताजीको नाममा दर्ता भै मु.मु.का काठमाडौंबाट २ नं.अनुसूची प्रकाशित भै कि.नं.१०१ मा घरबास गरी अद्यावधिक जग्गा जोत भोग गरी विपक्षी ज.ध लाई बाली तिर्दै बुझाउँदै आएबाट प्रष्ट छ । माथि

१



राजा महेन्द्रका पालामा केही उत्साही युवक मिलेर नेपाल जेसिस स्थापना गरे । ती संस्थापकहरूको नाम उल्लेख गर्दा आजका युवालाई पनि ज्ञान र प्रेरणा हुन सक्छ । नेपाल जेसिसका संस्थापकहरू थिए, शंकरबहादुर केसी, प्रभाकरशमशेर, ऋषिकुमार पाँडे, पशुपतिशमशेर, मोहमद मोहसिन, शंकरमणि पौडेल, गेहेन्द्रबहादुर राजभण्डारी, कुबेर शर्मा, कृष्णप्रसाद भण्डारी, योगेन्द्रपुरूष ढकाल, मकबुल शाह, गणेशबहादुर थापा, मधुप्रसाद शर्मा, शंकरनाथ रिमाल,मणिन्द्र श्रेष्ठ, शिवशमशेर, गिरिधारीलाल मित्तल, पूर्णरत्न धाख्वा, सोली मानेकशा, जनार्दन शर्मा, जोगेन्द्र बहादुर विष्ट, प्रसिद्धशमशेर, गोविन्दमान मास्के, युधीरशमशेर थापा, मधुप्रसाद शर्मा, विश्नाथ जाजोदिया, नन्दराम भगत, एचबी बरूवा आदि । राजा वीरेन्द्रले जेसिसको संरक्षकको हैसियतमा निकै प्रेरणा बक्सियो । सामाजिक सेवाको क्षेत्रमा जेसिसले गरेका कामबाट अरूले पनि प्रेरणा लिए । नेपाल जेसिसका संस्थापकहरूमध्ये कोही मन्त्री र राजदूत भए भने कोही प्राध्यापक । ती मध्येका एक जना राजदरवारमा प्रमुख सैनिक सचिव भएर गए ।

योग्य मान्छेको खोजी गरेर राष्ट्रहितमा लगाउन २०२७ सालमा नारायणहिटी राजदरवारमा जाँचबुझ केन्द्र नामको अनुसन्धान केन्द्र स्थापना गरियो ।

इतिहास भूगोल, विकास, राजनीति, सञ्चार, कूटनीति, वातावरण लगायतका विषयमा अध्ययन गर्नु प्रोत्साहन दिएर शेष गर्न लगाइथ्यो । राजा महेन्द्रले स्थापना गरेको नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान जस्तै जाँचबुझ केन्द्र पनि प्राज्ञिक थलो थियो । नेपालको समग्र इतिहास अध्ययन नगर्नेहरूले दरवारको छेउटुप्पो कोही बुझ्न सक्दैन । इतिहाकार बालचन्द शर्मा नेपालको ऐतिहासिक रूपरेखा नामक पुस्तकमा दरवारभित्रको षडयन्त्रबारे विशद व्यख्या गरेका छन्

भने इतिहासशिरोमणि बाबुराम आचार्यले निर्भीकतापूर्वक दरवारभित्रक सबै षड्यन्त्रको पोल खोलेका छन् ओल्डफिल्ड नामका अंग्रेज इतिहासलेस्केचेज नेपाल को भोल्युम १ पृष्ठ ३१० मा लेखेका छन् - नेपालको इतिहास भनेझै षडयन्त्रको इतिहास हो । राजा महेन्द्र वीरन्द्रले खोजी गरेका योग्य मानिस मध्ये थोरेले मात्र नुनको सोझो गरे । दरवारबाट प्रशस्त बकस र फाइदा लिनेहरूमध्ये अधिकांशले राजा महेन्द्र र वीरेन्द्रको अहित चिताए ।

इतिहास भन्छ, कतिपय राजाले त चाप्लुसहरूको कुरा सुनेर आफूबाट जघन्य अपराध भएकोमा पश्चात गरेका छन् । राजा रणबहादुर शाहको आदेशमा प्रधानमन्त्री दामोदार पाँडे काटिएपछि दामोदरका छोरा रणजंगलाई प्रधानमन्त्री बनाएर उनका दामोदरले पाए सरह राजकीय सम्मान दिइएको थियो । दरवारले गल्ती गरेपछि प्रायशिचत पनि गर्छ भन्ने यो एउटा प्रमाण हो । सन् १८३८ मा राज राजेन्द्र विक्रम शाहले रणजंग पाँडेलाई प्रधानमन्त्री र प्रधानसेनापति बनाए । योग्य मानिसको खोजी गर्ने क्रममा राजा राजेन्द्रविक्रमले रणजंजलाई रोजे, द्रव्य शाहका पालादेखि दरवारका सच्चा सेवक मानिएको पाँडे खलक जाओस् , वचन नजाओस भन्ने संस्कार र आदर्शबाट अनुप्रेरित भएकोले राजेन्द्रविक्रमले रणजंगलाई पूर्ण विश्वास गरेको इतिहासकारहरूको तर्क छ ।

राजेन्द्रविक्रम शाहका पालामा उनका सन्काहा छोरा सुरेन्द्र तथा कान्छी महारानी लक्ष्मीदेवीको संकीर्ण स्वार्थ र जथाभावी दिने हुकुमले योग्य मानिसहरू पनि दिक्क भए । सन् १८४२ को डिसेम्बर ६ तारिखका सुरेन्द्रको उच्छङखल व्यवहार रोकिनुपर्ने माग गर्दै राजालाई सुनको थालमा राखेर बिन्तीपत्र दिए । तर राजेन्द्रले दरबारिया षड्यन्त्रकै कारण रानीलाई सबै अधिकार सुम्पे पनि युवराज सुरेन्द्रलाई कारवाही गर्न सकेनन् । पुत्रमोहकै कारण राजाहरू कतिसम्म लाचार हुन्छन् भन्ने यो एउटा उदाहरण पनि हो ।

म पनि उनको -महारानी) रायबेगर कुनै काम गर्ने छैन भन्दै राजाले लाचारी व्यक्त गरे । लक्ष्मीदेवीकी अवतार मानिने महारानी ऐश्वर्यका कारण राजा वीरन्दले पनि योग्य मानेका धेरै व्यक्तिले मानसिक चोट सहनुपर्‍यो । सन् १८४३ को डिसेम्बर २५ मा माथवरसिंह थापालाई प्रधानमन्त्री र प्रधानपति बनाएर महारानीले स्वार्थ पूरा गर्न खोजिन् । बीस लाखको हीराको हार बहुमूल्य उपहारहरू लिएर राणाका प्रियपत्र सूर्यबहादुर थापालाई महारानी ऐश्वर्यले त्यसरी नै २०३६ सालमा प्रधानमन्त्री बनाइन् । माथवरले भीमसेनको मुद्दा हेर्न कनमसिंह महत जस्त निर्दष र निर्दो र दामोदर र रणजंग पाँडेका प्रियपात्रहरूलाई निर्मूल गरे । हेर्नुहोस ब्रिटिस इतिहासकार ओल्डफिल्डद्वारा लिखित निपोल भोल्युम १ पृष्ठ ३३७ ।

राणा र थापाहरूबीच घनिष्ठ सम्बन्ध रहेकाले ऐतिहासिक कालदेखि नै उनीहरूमा ज्वाई ससुरा, मामा भान्जा , सम्धि आदिको साइनो थियो ।

आफ्नै भान्जा जंगबहादुरको हातबाट माथवरसिंह मारिए भने निकट भएर पनि राम्रो नराम्रो सम्बन्धबीच थापा र राणाहरू एक अर्कोप्रति आश्रित जस्ता थिए । राजालाई असत्यको अँध्यारोमा राख्न सूर्यबहादुर थापा, चिरन थापा, सुरजशमशेर रणा, दामोदरशमशेर राणा, महारानीका प्रियपात्र ताराबहादुर थापा , शान्तकुमार मल्ल, रञ्जनराज खनाल, नारायणप्रसाद श्रेष्ठ, रेवतीरमण खनाल आदिले गलत सुझाव दिएर स्वार्थ पूरा गरे. । भीमशमशेर लालमोहर लगाएर आफ्नी कान्छी रानी सीता तामाङबाट जन्मेकी छोरी राजा त्रिभुवनलाई विवाह गराउने षड्यन्त्र गरेझै राणा र थापाको स्वार्थका लागि दरवारका शारदाप्रसाद प्रधान, दुरूपयोग गरे । महारानी ऐश्वर्य र मुमाबडामहारानी रत्नको सम्पत्ति स्वदेशी तथा विदेश बैंकमा राखिदिने मधुसुदन राजभण्डारी र शारदाप्रसाद प्रधान अर्बपति भए । त्यसै गरी राजपरिवारका अन्य सदस्यहरूको सम्पत्ति हेरचाह गर्ने केही व्यक्तिहरू करोडौका मालिक भए । युवराज दीपेन्द्रलाई बुढानीलकण्ड र बेलायतमा लगेन भर्ना खटिएका तारा बहादुरलगातका केही व्यक्तिले दरबारबाट ठूलो फाइदा लिए ।

कुनै निष्पक्ष र साहसी इतिहास जन्मेछ ती सबै व्यक्तिको पोल खोल्नेछ तर सन् १९७० पछि १९९०-९५ सम्म लागूपदार्थ सुन तस्करी र गनपरीमा संलग्न व्यक्तिहरूका बारेमा प्रेस जगतले गहिरो अनुन्सान गर्ने साहस देखाउनुपर्छ । ट्रान्सपरेन्सी इन्टरनेश्नल जस्ता निकायले नेपालमा भ्रष्टाचार र तस्कारको वशवृक्ष अध्ययन गर्नेपर्छ । डा. प्रकाशचन्द लोहनी र सूर्यबहादुर थापाहरूले मुद्रा अवमूल्यनको नाममा करोडौ रुपैया कमाएको कथा, पञ्चायतदेखि बहुदलीय र गणतन्त्रको समयसम्मका विकृतिको जिम्मेवार छन् भनेर खोज्ने सच्चा अन्वेषकलाई भावी पुस्ताले पनि अभिनन्दन गर्नेछ ।



अन्तरजिल्ला Antarjilla Weekly विचार
सोमवार ९ फाल्गुण २०७३
Monday, 20 February 2017

○ बी.एस.लामा

रहस्यमय प्रश्नको उत्तर खोज्दैछु

पश्चिम पहाडमा जन्मेको लेकाली गुरुङको छोरा म । सत्र वर्षको उमेरदेखि काठमाडौंमा पसें । बीस वर्ष दरबारमा सेवा गर्दा राजारानी, अधिराजकुमारहरु, अधिराजकुमारीहरु, दरबारका सचिव र सैनिक सचिवहरु, शाही पार्श्ववर्तीदेखि सयकडौं व्यक्तिको आनीबानी थाहा भयो । 'जाने दरबार, नजाने तरबार' भन्थे बुढाबुढीहरु । पाइला पाइलामा होस पुऱ्याउनु पर्थ्यो । त्यसैले अहिले पनि दरबारका बारेमा केही लेख्न बस्दा आफ्नो जीउधन नै असुरक्षित हुने हो कि भन्ने डर लाग्छ । किनभने एउटा गिरोहको स्वार्थसँग गाँसिएका कयौं व्यक्तिहरु दरबार कमजोर भए पनि आफू बलियो बनेका छन् ।

महारानी ऐश्वर्यको छवि गीतकार चाँदनी शाह र समाजसेवी भनेर बाहिर राम्रो देखिए पनि उहाँले सोझो राजालाई वशमा राखेर शासन चलाउन खोजिबक्सको थियो । तर, दरबार हत्याकाण्डबारे खोज्ने, लेख्ने र चाँसो राख्नेहरुले दरबारको सुरक्षा प्रबन्धमा महारानीकै कारण कमजोरी देखिएको विश्लेषण गरेनन् । प्रायोजित हल्लाका पछि पछि दगुरेर वास्तविकता लुकाउन प्रत्यक्ष र परोक्ष ढंगले सञ्चारमाध्यमहरुले पनि मद्दत गरे । खोजी पत्रकारिता निकम्मा ठहरियो । महारानी ऐश्वर्यबाट राजा वीरेन्द्र एवं उहाँका निकटतम सहयोगीहरुलाई निस्तेज बनाउन गरिएका षड्यन्त्रबारे पत्रकारहरुले आज पनि एक शब्द लेखेका छैनन् । महारानी ऐश्वर्यबाट राजा वीरेन्द्रको मात्र होइन, तत्कालीन शाही नेपाली सेना, राजा वीरेन्द्रका निकटम सचिवहरु आदिका गतिविधिको अनुगमन र चियो गर्न दरबारभित्र गुप्तचरहरु खटाएको कुरा धेरैले सायद पत्याउँदैनन् ।

राजा वीरेन्द्रका शाही चिकित्सक डा. सच्चेकुमार पहाडी, जर्नेल भरतकेशर सिंह, जर्नेल रविशमशेर जबरा, रानीका स्वकीय सचिव गेहेन्द्रमान सिंह, जर्नेल शान्तकुमार मल्ल लगायतका धेरै व्यक्ति रानीको गुटमा थिए भने जर्नेल ऋषिकुमार पाँडे लगायतका सीमित व्यक्ति राजाका भक्त थिए । राजालाई कमजोर पार्ने षड्यन्त्रमा लागेका मानिसहरु राजदूत, मन्त्री, अञ्चलाधीश, प्रहरीका उच्च अधिकृत र सेनाको सरुवा बढुवामा पनि हस्तक्षेप गराएर फाइदा लिन्थे । रानी कडकिएपछि राजा निरीह बन्थे । राजा वीरेन्द्रको हत्यापछि उनका निकटम सहयोगीहरु राजा ज्ञानेन्द्रको दरबार समारोहमा समेत निम्तो गर्न छाडिदिए । सेना र प्रहरीमा हुने करोडौंको ठेक्कापट्टा, नियुक्ती, विदेश भ्रमण, तालिम आदिमा महारानी ऐश्वर्यकै हुकुम चल्थ्यो । डीबी लामा, भरत गुरुङ कान्छी अधिराजकुमारी [illegible]

महारानीकी आमा राज्यलक्ष्मी आदिले राजाको सोझोपनबाट ठूलो फाइदा उठाए ।

२०३१ साल असोज २३ गते राती नक्खुजेल बाहिर लगेर नेपाली कांग्रेसका कार्यकर्ता लीलानाथ दाहाल, खगेन्द्र दाहाल, ठगीराज दाहाल र गोकर्णबहादुर कार्कीलगायतका कलिला युवकहरुलाई तत्कालीन एसपी दिलबहादुर (डी.बी.) लामाले गोली ठोकेर मारे । जेल तोडेर भाग्दा उनीहरु मारिएको झुटो मुचुल्का बनाएर राजालाई समेत ढाँटे । शान्तकुमार मल्लजस्ता व्यक्तिको सल्लाहमा प्रहरीले जघन्य अपराध गऱ्यो । दरबारभित्र रोयल इन्टेलिजेन्स ब्युरोमा कार्यरत रहेकाले मैले भोलिपल्ट फाइल पढ्ने मौका पाएँ । २०४४ असार २ गते राजा वीरेन्द्रलाई लेखेको विन्तीपत्रमा डी.बी. लामाले नक्खुकाण्ड, छिन्ताङ (धनकुटा) काण्ड, बम काण्ड (२०४२ साल) आफैले गराएको बताएका छन् । पत्रपत्रिकाले लामाको विन्तीपत्र सार्वजनिक गरिसकेपछि लामा कति प्रजातन्त्रवादी र स्वच्छ हुन् भन्ने कुरा जनताले राम्ररी चाल पाएका छन् ।

राजा वीरेन्द्रका जेठान सुरजशमशेर मार्फत राजाकी समधिनी अम्बिका राणाले डी.बी. लामा पक्राउ पर्नु अगाडि उनको पन्ध्र-बिस बाकस दौलत लुकाइदिएको कुरा सार्वजनिक भएको छ । आफ्नै छोरी अन्नपूर्णा राणासँग अंश मुद्दा चलेपछि छोरीको योनी परीक्षण गराईपाउँ भनी अदालतमा मुद्दा दिने अम्बिका राणा निकै विवादास्पद व्यक्ति हुन् । अन्नपूर्णाले आफ्नी आमा अम्बिका राणा र सुरजशमशेरबीच यौन सम्बन्धसमेत रहेको आरोप लगाएकी थिइन् । रानीकै गुटले महेन्द्रका फुपुका छोरा साम्राज्यशमशेरको नक्शालस्थित हदबन्दी बढीको जमिन भूमिसुधारमन्त्री बुद्धिमान लामासँग मिलेर फुकुवा गराएबापत पाँच करोड रुपैयाँ फाइदा लियो । शान्तकुमार मल्ल, ताराबहादुर थापालगायतका व्यक्ति मिलेर अख्तियार गर्दा पनि सम्बन्धित निकायहरु मौन बसे । राजकाजमा प्रजातान्त्रिक, तटस्थ र न्यायपूर्ण ढंगले शासन गर्न चाहने राजा विरेन्द्रलाई सजिलो थिएन । २००७ सालमा राणा शासन समाप्त भए पनि दरबारभित्र महारानीहरुको प्रभावले जताततै राणाहरुको आतंक कायम रह्यो । नेपाली सेनाका उच्च पदमा राणाहरु नै थिए ।

किरणशमशेर, नीरशमशेर, प्रज्वलशमशेर लगायतका राणाहरु प्रधानसेनापति हुँदा उनीहरुले राजालाई भन्दा बढी महारानीको आदेशलाई महत्व दिएका धेरै उदाहरणहरु छन् । प्रधानसेनापति हुनुपर्ने पद्मबहादुर खत्रीलाई त्यो पद नदिएर राणाका भक्त सिंहबहादुर बस्नेतलाई प्रधानसेनापति

४ रोपनी जग्गा बकस दिए । सिंहबहादुर प्रधानसेनापति बनाउने सूचीमा मीनशमशेर, रविशमशेर, भरतशमशेर र गहुलशमशेरलाई राखिएको थियो । तर कतिपय प्रसंग र सन्दर्भ नमिल्दा गहुलबाहेक अरुले मौका पाउन सकेनन् । करोडौंको भ्रष्टाचारमा डुबेपछि महारानी ऐश्वर्यका प्रियपात्र गहुलशमशेरलाई राजा विरेन्द्रले प्रधानसेनापतिबाट राजिनामा गर्न बाध्य गराए । नेपाली सेनामा बहाल छँदै प्रधानसेनापतिबाट राजीनामा गर्ने उनी पहिलो व्यक्ति हुन् । तर भ्रष्टाचारको अभियोग लागेका ती व्यक्तिले सफाइ नपाउँदै महारानीकै दबाबमा राजा वीरेन्द्रले राजपरिषद्को सदस्य बनाउनुपऱ्यो ।

सेनाको एउटा सेक्सन समेत नहाँकेका शान्तकुमार मल्ललाई जर्नेल बनाइयो । प्रज्ज्वलशमशेर जस्ता योग्यताहीन मांसेन प्रधानसेनापति भए । यी सबै कारणले दरबारको सुरक्षा व्यवस्था कमजोर हुँदै गयो । राजा वीरेन्द्र प्रजातन्त्रमा विश्वास गर्ने, शान्त र शालिन भएकाले लोभी, पापीहरुको घेराबन्दीमा परेर बस्नु पर्दा मौसुफलाई निकै पीडा भइरहेको हामी अनुभव गर्न सक्थ्यौं । राणा भए पनि सत्चितशमशेर जबराले रानीको गुटमा लागेर काम गरेनन् । दरबारमा प्रमुख सैनिक सचिव रहेका ऋषिकुमार पाँडे पनि राजा विरेन्द्रका अनन्य भक्त थिए । सत्चितझैं उनी पनि रानीको गुटमा थिएनन् । २०४६ सालको कुरा हो । जनआन्दोलन चरमोत्कर्षमा थियो । पोखराको रत्न मन्दिरमा धुनी तापेर वरिपरि बसेका देशका प्रमुख व्यक्तिहरुका बीचमा राजा वीरेन्द्रले राजनीतिक आन्दोलनलाई कसरी शान्त बनाउने भन्ने राय मागिबक्स्यो । सत्चितशमशेरले 'ठोक्नुपर्छ सरकार' भन्ने प्रस्ताव अघि सारे । ऋषिकुमारले 'राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितीको अध्ययन गरेर प्रजातन्त्रको सम्मान गर्नुपर्छ तर, राजतन्त्र र प्रजातन्त्र दुवैलाई कसरी जोगाउने हो त्यसबारेमा परामर्श गरेर अगाडी बढ्दा उचित होला सरकार' भन्ने राय पेश गरे । राजनीतिक दलहरुमाथि बल प्रयोग गरेर समस्याको समाधान हुँदैन भन्ने पाँडेको राय थियो । त्यसपछि राजाले गणेशमान सिंहलाई राजदरबारमा बोलाएर वार्ता गरिबक्स्यो । वामपन्थी र कांग्रेसका नेताहरुसँग वार्ता गरेपछि आन्दोलन शान्त भयो । सहज रुपमा राजनीतिक परिवर्तन सम्भव भयो ।

राजा वीरेन्द्र पनि राजनीतिक परिस्थितीअनुसार अगाडी बढ्नुपर्ने र संवैधानिक राजतन्त्र एवं प्रजातन्त्र दुवैलाई सम्मानजनक स्थानमा राख्नुपर्ने पक्षमा होइबक्सन्थ्यो । तर रानीको गुटलाई यो मन परेको थिएन । दरबारमा आयोजना हुने

प्रजातन्त्रवादी भनेर व्यङ्ग्य हानिबक्सन्थ्यो । रानीका नातेदारहरु समेत देशमा विकृति र विसंगति बढ्नुमा राजा वीरेन्द्र नै दोषी भएको आरोप लगाउँथे ।

राजा वीरेन्द्रलाई ठूलो दबाब थियो भन्ने कुरा यी सबै घटनाक्रमबाट प्रष्ट बुझ्न सकिन्छ । दरबारभित्र आफ्नै पत्नी, भाइ, नातेदारलगायतका अधिकांश सचिवहरुले आफूलाई राम्रोसँग सहयोग नगरे पनि राजा वीरेन्द्र प्रजातन्त्रको रक्षा गर्न खोजिबक्सेको थियो । राजालाई सहयोग गर्ने ऋषिकुमार जस्ता जर्नेललाई रानीका मानिसहरु कांग्रेसी जर्नेल भन्ने गर्थे । देशका विभिन्न भागमा रहेका ऋषिकुमारका घरजग्गा कब्जा गर्न लगाएर उनका विरोधीहरुले निकै ठूलो मानसिक यातना दिए । राजाको विदेश भ्रमणका बेला कतिपय ठाउँमा मैले पनि घुम्ने अवसर पाएँ । भरतकेशरी बेलायतमा राजदूत छँदा राजाको भ्रमण भएको थियो । नियमित बजेटबाहेक महारानीको किनमेलका लागि ५० हजार अमेरिकी डलर छुट्टै रकम भरतकेशरीलाई पठाइएको थियो । त्यस्तै भेषबहादुर थापा अमेरिकामा राजदूत छँदा महारानी ऐश्वर्यको किनमेलका लागि ५० हजार अमेरिकी डलर पठाइयो । तर त्यसबारेमा राजा वीरेन्द्रलाई पुनै जानकारी दिइएको थिएन । रानी विदेश जाने चाल पाएपछि डीबी लामा र भरत गुरुङले १५-२० हजार डलर लगेर रानीलाई टक्र्याउँथे । यसरी दरबारभित्र एउटा असंवैधानिक शक्तिकेन्द्र प्रबल भएको थियो । सोही कारणले संवैधानिक तरिकाले काम गर्न चाहने राजालाई अप्ठ्यारो थियो । महारानी ऐश्वर्यका प्रियपात्र सूर्यबहादुर थापाले २० लाख रुपैयाँ पर्ने हिराको हार महारानीलाई चढाएको भनेर पत्रपत्रिका तथा पुस्तकहरुमा आएको कुरा सत्य हो । उनै रानीको दबाबमा राजा वीरेन्द्रले प्रधानमन्त्री बनाइएका व्यक्ति हुन् । तर उनैले भूमिगत गिरोह सक्रिय रहेको प्रचार गरे । मलाई लाग्छ-भूमिगत गिरोहको एउटा प्रमुख सदस्य सूर्यबहादुर थापा पनि हुन् । दरबारभित्र राजाभन्दा रानी प्रबल होइबक्सन्थ्यो भन्ने कुरा मैले माथि पनि निवेदन गरिसकेको छु । सोही कारणले २०५८ साल १९ गतेसम्म राजा वीरेन्द्रको भन्दा रानी ऐश्वर्यकै हालीमुहाली चल्यो । दीपेन्द्रको विवाहका बारेमा राजा वीरेन्द्रलाई भन्दा महारानी ऐश्वर्यलाई बढी चासो थियो । युवराज दीपेन्द्रका बारेमा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट दुष्प्रचार गराएर हत्याकाण्डको दोष उहाँलाई थोपर्ने र दरबार

हत्याकाण्डका वास्तविक अपराधिलाई बचाउने प्रपञ्चमा महारानी ऐश्वर्यको व्यवहारले कालान्तरमा सहयोगीको भूमिका खेल्यो। महारानीले भनाए गरेका एडीसीहरु अयोग्य भएको, शान्तकुमार मल्लजस्ता व्यक्तिहरुले सुरक्षामा भन्दा कमिशनमा जोड दिएको र विदेशी गुप्तचरहरुसार पनि उहाँहरुको हिमचिम बढेका कारण दरबार हत्याकाण्ड भएको हो।

शान्तकुमार मल्लले आफ्नो घर भाडामा दिएर केही रहस्यमय व्यक्तिहरुलाई राख्नुभएको थियो । उनीहरु प्रचलित घरभाडाभन्दा झण्डै २० गुणा बढी रकम प्रत्येक महिना बुझाउँथे । दरबारको इन्टेलिजेन्स रिपोर्टमा ती व्यक्तिहरु अमेरिकी गुप्तचर संस्था सीआईका मानिस भएको उल्लेख छ। भारतीय गुप्तचर संस्था 'रअ' सँग मिलेर उनीहरुले काम गरिरहेका थिए । हाल मेघा बैंकका महाप्रबन्धक रहेका अनिल शाह (ऋषिकेश शाहका भतिजा तथा वृन्दा शाहका छोरा) का घरमा दीपेन्द्र र देवयानीलाई भेट गराएर शारीरिक सम्पर्क समेत गराउने प्रवन्ध गरिएको थियो । यो सबै कुरा भारतीय गुप्तचरहरुलाई थाहा थियो । गरिमा राणा (अधिवक्त लोकभक्त राणाको छोरी) सँग छोराको विवाह गराउन राजा वीरेन्द्र इच्छुक होइवक्सन्थ्यो भने मुमावडामहारानी रत्न सुप्रीया शाहसँग दीपेन्द्रको विवाह गराउन इच्छुक होइवक्सन्थ्यो । दरबारभित्रकै गुटबन्दीकै कारण दीपेन्द्रको विवाह निशिच्त हुन सकेन । देवयानीसँग आमाबाबुले विवाह गर्न नदिएको झोकमा दीपेन्द्रले रक्सी खाएर नारायणहिटी काण्ड भएको प्रचार गराएर विदेशी गुप्तचरहरुले एकै तिरले दुई-तीन वटा सिकार गरे।

महारानी ऐश्वयएले काखी च्यापेका व्यक्तिहरु शान्तकुमार मल्ल, डिबी लामा, भरत गुरुङ, भरतकेशर सिंहलगायतका व्यक्तिहरु नै कालान्तरमा दरबारका लागि विष ठहरिए । राजदल र कालीबहादुर गणबीच धेरै वर्षअघि भएको झगडामा जागिरबाट हटाइएका र काठमाण्डौबाट डाँडा कटाइएका केही व्यक्तिहरुले राजा वीरेन्द्रलाई रिस फेर्ने मौका पाए। नुवाकोटको गेर्खु गाउँमा ४ रोपनी जग्गा अंशमा पाएका डीबी लामाले महारानीकै आर्शिवाद पाएर अरबौं रुपैयाँ माए भने भरत गुरुङले पनि अरबौं रुपैयाँ कमाए । तर काठमाण्डौमा करोडौंको पैतृक सम्पत्ति भएका ऋषिकुमार जस्ता केही व्यक्तिलाई भ्रष्टचारी भन्ने आरोप लगाएर उनीहरुले आफ्नो कुकृत्य ढाकछोप गर्ने प्रयास गरिरहँदा पनि कतैबाट कुनै छानबीन भएन । इतिहासकार बाबुराम आचार्य 'अब यस्तो कहिले नहोस्' भन्ने पुस्तकमा नेपालको षड्यन्त्रपूर्ण इतिहासको चिरफार गरेका छन् । जघन्य अपराध गर्नेहरु शक्तिशाली भएको र सोझासाझा व्यक्तिहरु काटिनु परेको नेपालको इतिहास छ । भोटको युद्धमा विजय हासिल गरेर स्वदेश फर्केका भीम मल्ललाई जोरीपारीको कुरा सुनेर तत्कालीन राजाले काट्न लगाएका थिए भने देशभक्त सेनापति दामोदर पाँडे षड्यन्त्रकै सिकार बनेर काटिनु पर्‍यो । दरबार हत्याकाण्डको इतिवृतान्त लेख्ने हो भने इतिहासको गम्भीर अध्ययन गर्नुपर्छ । नारायणहिटी हत्याकाण्ड पनि नेपाली इतिहासको एउटा सिलसिला मात्रै ठहरियो । वस्तुपरक ढगले त्यसको राम्रो छानबीन भएन । त्यसैले केही उडन्ते नेताहरुले सस्तो लोकप्रीयताका लागि राजा वीरेन्द्रप्रति गोहीको आँसु चुहाए पनि सो घटनाको वास्तविकता बुझ्न सकिरहेका छैनन्।

अंग्रेजहरुसँग पराजित हुने परेसँगै सुगौली सन्धिमा नेपालले धेरै ठूलो भूभाग गुमाउनुपर्‍यो । दरबारभित्रकै षड्यन्त्रले त्यो अवस्था आएको थियो । आज सयौं वर्षपछि नेपाल त्यस्तै विदेशी घेराबन्दीमा परेको छ। राष्ट्रिय अस्तित्व खतरामा छ। तर यो परिस्थिती अकस्मात आएको हाइन । इमान्दार, स्वाभिमानी र कर्तव्यपरायण व्यक्तिहरुलाई पाखा लगाएर क्षुद्र स्वार्थका लागि जे पनि गर्न सक्ने प्रवृत्तिका कारण नेपालको यो दुर्दशा भएको हो । प्रधानसेनापति भइसकेका धर्मपालवरसिंह थापा अहिले दिल्लीमा दरबार बनाएर बसेका छन् । पूर्व प्रधानसेनापति प्यारजंग थापा र रुक्मांगद कटवालले भारतीयहरुलाई कन्यादान गरेर दिल्लीमा दरबार बनाएका छन् । अर्को पूर्वसेनापति प्रज्जलशमशेरले अरबौंको सम्पत्ति सिंगापुरमा राखेका छन् । के यो संयोगमात्रै हो त ? अमेरिकी र भारतीय गुप्तचर निकायसँग निकट सम्बन्ध भएका सेना र प्रहरीका उच्च पदस्थ अधिकृतहरु करोडौंका मालिक कसरी भए भनेर किन कसैले खोजि गर्दैन ? राजा वीरेन्द्रको सम्पत्ति खोज्नेहरुले डीवि गुरुङ र भरत गुरुङको रोक्का भएको सम्पत्ति किन फुकुवा गरे ? के त्यसको छानबीन हुन आवश्यक थिएन ?

राजनीतिक तहमा पनि विदेशीको ठूलो प्रभाव छ । विभिन्न दलमा विदेशीका लागि काम गर्ने व्यक्तिहरु प्रशस्त छन् । जंगी, निजामती, राष्ट्रिय अनुसन्धान विभाग, प्रहरी, राजनीतिक नेतृत्व सबैतिर विदेशीका एजेन्टहरु छापछाप्ती भएपछि त्यो देश कसरी सुरक्षित हुन्छ ? दरबार हत्याकाण्डलाई ग्यान्डडिजाइनसँग तुलना गर्ने पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नै कार्यकालमा भएको नारायणहिटी हत्याकाण्डबारे धेरै कुरा बुझ्नुभएको छ। मुमावडामहारानी रत्नको आदेशमा केही घण्टासम्म उहाँलाई २०५८ जेठ १९ गते राति सेनाले थुनेर राखेको थियो। दिल्लीबाट भारतीय सेना आएर गिरिजाको उद्धार गर्ने धम्की सार्वजनिक भएपछि सेनाले बिहानीपख उहाँलाई छाडेको हो । विदेशी गुप्तचरहरुकै प्रभावका कारण दरबारको सुरक्षा व्यवस्था फितलो भएको, नेपाली सेनाका गोप्य कागजपत्रहरु हराउने गरेको र सुरक्षाका अन्य अंगहरु प्रभावहीन हुँदै गएको चाल-पाएपछि राजा वीरेन्द्रले ठूलो सुधार गर्न चाहेको हामीले सुनेका थियौं । पटकपटक चीनको यात्रा गरेर राजा वीरेन्द्रले ठूलो अनुभव हासिल गरिबक्सेको थियो । भारतीय विस्तारवादबाट कसरी नेपाललाई मुक्त राख्ने भनेर चीनका नेताहरुले राजा वीरेन्द्रसँग सल्लाह गरिरहेका थिए । प्रवल राष्ट्रवादी राजा वीरेन्द्र नेपाललाई सधैं स्वतन्त्र, विकसित र शान्त बनाउन चाहिवक्सन्थ्यो । तर दलहरुले उहाँलाई सहयोग गरेनन्।

सत्ताका लागि बिन्तीपत्र हाल्ने र पद पाएपछि दाम राखेर दर्शन गर्ने नेताहरु पनि कालान्तरमा प्रवल गणतन्त्रवादी भएर निस्के । माओवादीले अघि सारेको एजेन्डामा उनीहरु सती गए । माओवादी आज अन्य दलहरुको अस्तित्व समाप्त पार्न खाजेको थाहा पाएपछि उनीहरुले जसरी राजा वीरेन्द्रलाई सम्झेका छन् त्यसैगरी माओवादीका नेताहरुले पनि विदेशीले आफ्नो घाँटी निमोठ्न थालेको चाल पाएपछि राजा वीरेन्द्रको सम्झना गर्न थालेका छन्।



६ अन्तरजिल्ला Antarjilla Weekly
विचित्र विश्व
सोमबार, २ फाल्गुण २०७३
Monday, 13 February 2017

यसरी मक्किदैं गयो दरबार

○ पीपी सुवेदी

विश्वको इतिहास आद्योपान्त अध्ययन गर्दा षड्यन्त्र, घातप्रतिघात तथा चक्रव्यूहले घेरिएको पाइन्छ। पादरी तथा राजाहरूका बीचमा चलेको द्वन्द्वका कारण युरोपको इतिहास प्रभावित भएको पाइन्छ भने अमेरिकी स्वतन्त्रता संग्रामको इतिहास पनि कम रोचक छैन। मुगल तथा अंग्रेजहरूको दासत्वबाट मुक्ति पाउन भारतीयहरुले झन्डै ३ सय वर्ष लगातार संघर्ष गर्नुपर्‍यो भने हामी नेपालीहरूले विदेशीको दासत्व स्वीकार गर्नु नपरे पनि दरबारभित्रको घातप्रतिघातले राजनीतिमा सधैं प्रभाव पारिरह्यो। त्यही षड्यन्त्र सिकेर २००७ सालपछि राजनीतिक दलहरुले आफ्नो चरित्र देखाउन थाले। आज पनि त्यसको दुष्प्रभावबाट नेपाली राजनीति मुक्त छैन।

राजकुमार बहादुर शाहको प्रभाव बढ्दै गएपछि श्री ५ रणबहादुर शाहले विभिन्न आरोप लगाएर उनको तेजोवध गर्न खोजेको इतिहासमा पाइन्छ। कान्छा चौतारा दलमर्दन शाहसँग मिलेर महाराज प्रताप सिंह शाहको हत्या गरी टाउको लुकाउने र झ्यालबाट ढाड सेकाउने योजना गरेको आरोप बहादुर शाहमाथि लगाइयो। मधुरा भन्ने केटीलाई प्रयोग गरेर मुमालाई विष खुवाउन खोजेको आरोप पनि उनीमाथि लगाइएको थियो। बिहे गर्न भनेर बहादुर शाह गोर्खा जाँदा गोर्लाङ्घाटमा वास परेको दिन रणबहादुर शाहलाई मारेर बहादुर शाह राजा बन्न खोजेको आरोप पनि लगाइयो। मसान प्रयोग गरेर रणबहादुर शाहलाई बहादुर शाहले मार्न खोजेकाले दक्षिणकालीबाट फर्किंदा आफूलाई झाडापखाला र बमन भएको भन्ने शंका गर्दै रणबहादुर शाहले बहादुर शाहमाथि अत्यन्त शूक्ष्म दृष्टि राख्न थालेका थिए। आफूलाई तीन सलाम नगरेको आफ्नो मनखुसीमा आफ्नै हातले लालमोहरमा छाप लगाउने गरेको जस्ता निकृष्ट आरोप लगाएर रणबहादुर शाहले बहादुर शाहलाई फसाउन खोजे। मुख्तियारका रुपमा पहिलो प्रधानमन्त्री पद सम्हालेका दामोदर पाण्डेको दुर्दन्त दमनमा पनि त्यस्तै षड्यन्त्रका कथाहरु जोडिएका छन्। ६० सालको पर्व भनेर इतिहासमा यसको बेग्लै चित्रण गरिएको छ।

त्यस्तै ६२ सालको पर्व, १८९६ सालको पर्व, १९०२ सालको पर्व, कोतपर्व, भण्डारखाल पर्व, ३८ सालको पर्व, ४२ सालको पर्व (रणोद्दिप शाहको अमानुषिक हत्या) आदि घटनाले नेपालको इतिहासमा ठूलो महत्व राख्छन्। आफ्ना मान्छेलाई काखी च्यापेर मन नपरेका मान्छेलाई दुःख दिने र मार्ने चलन पहिलेदेखि नै थियो। दामोदर पाण्डे खोसिएपछि काजी वंशराज पाण्डे निर्वासित भएको घटना १८४२ वैशाख १२ गते वंशराज पाण्डे काटिएको घटना त्यसको १ वर्षपछि बहादुर शाह थुनिएको घटना, इमान्दार अधिकृत र राजभक्तहरूलाई बिनाकारण मारिएका घटनाहरु र १८५४ असार १४ गते बहादुर शाहको हत्या जस्ता घटनाले नेपालमा योग्य मानिसको भन्दा अयोग्य, भ्रष्ट र चाकरीबाजहरुको बोलवाला भएको पाइन्छ। राजदरबारमा धेरै वर्ष काम गरेको अनुभव संगालेका हुँदा यो पंक्तिकार दावीका साथ भन्न चाहन्छ - त्यहाँ योग्य र सक्षमभन्दा पनि घुपौरेहरु बलिया थिए। राजसंस्था ढल्नुमा यस्ता धेरै कारणहरूले काम गरेका छन्। जसरी रणबहादुर शाहलाई केही मूर्खहरूले प्रयोग गरे, त्यसैगरी त्यसपछिका राजाहरुलाई घेरामा पारेर सज्जन व्यक्तिहरुलाई यातना दिने काम गरियो। दामोदर पाण्डेका छोरा रणकेशर पाण्डेलाई नेल ठोक्नु, दामोदरलाई मृत्युदण्ड दिनु, श्रीकृष्ण शाहको घर खोसेर भीमसेन थापा बलियो हुनु, स्वामी महाराज रणबहादुरको हत्या गरेर चाकडीबाजहरुले शासन गर्न थाल्नु आदि घटनाबाट के दृष्टान्त मिल्छ भने दरबारमा पहिलेदेखि नै ठूलो श्राप परेको रहेछ।

सामान्य सिपाहीका रुपमा दरबारमा पसेका भीमसेन थापाले विभिन्न घातप्रतिघात गरेर जसरी प्रधानमन्त्री वा कमान्डर इन चिफ पद पाए त्यस्तै गरेर रंगनाथ पौडेल र गजराज मिश्रलगायतका चाकडीबाजहरुले राजालाई घेरामा पारेर फाइदा लिइरहे। इतिहासबाट शिक्षा लिन नसकेका राजाहरुले पछिल्लो चरणमा आफु गलत व्यक्तिहरुको घेरामा परेको छु भन्ने कुरा पत्तै पाएनन्। राजा वीरेन्द्रको हत्यापछि राजा बनेका ज्ञानेन्द्र पनि शरदचन्द्र शाह, शान्तकुमार मल्ल, रमेशनाथ पाण्डे, ताराबहादुर थापा, प्यारजंग थापा आदिको घेरामा परे। युवराज पारसले पछिल्लो अन्तर्वार्ताहरुमा केही ठगहरूले बुवालाई अँध्यारोमा राखेर आफू बलियो बन्न खोजेको बताएका छन्।

इतिहास भनेको जित्नेहरूको नालीबेली हो। पराजित र पराधीन भएकाहरूलाई इतिहासले कहिले पनि इन्साफ गरेको छैन। चौतरिया फत्तेजंग शाह, रंगनाथ पण्डित, प्रभु शाह आदिले गरेका क्रियाकलाप मात्र होइन पछिल्लोपल्ट दरबारमा प्रभावशाली भएर बसेका व्यक्तिहरुका बारेमा पनि नयाँ पुस्ताले केही चाल पाउन सकेनन्। इन्टरनेट, विज्ञान प्रविधि, आम सञ्चारका माध्यम आदिको विकास भइसकेको आजको अवस्थामा पनि दरबार हत्याकाण्डको रहस्य नौ वर्षसम्म छोपिएकै अवस्थामा छ भने वि.सं. १९४२ सालमा मारिएका रणोद्दिप सिंहको हत्या इतिहासका निम्ति चाँसोको विषय हुनु स्वभाविकै हो। श्री ५ सुरेन्द्रबाट राणाजीको पदवी पाएर रजपुतहरुसँग विवाहको अधिकार प्राप्त गरेका जंगबहादुर कुँवरले जसरी हुकुमी शासनका बलमा १०४ वर्षसम्म आफ्ना सन्ततिलाई नेपालका हर्ताकर्ता बनाए त्यसै गरेर पछिल्लो राजनीतिक परिवर्तनपछि दलका नेताहरुले हुकुमी शासनकै भरमा संविधानसभाको म्याद थपेर शासन चलाउन खोजेको सबैले देखेका छन्। विरोधीलाई समाप्त पार्दै जाने र आफ्नो स्वार्थ पूरा गरेर प्रभावशाली बन्न खोज्ने प्रवृत्ति हरेक देश, समाज र राजनीतिक पद्धतिमा चल्दोरहेछ भन्ने कुरा हामीले प्रष्ट देखिरहेका छौं।

पछिल्लो पुस्ताका इतिहासकार दिनेशराज पन्त र ज्ञानमणि नेपालदेखि लिएर इतिहास शिरोमणी बाबुराम आचार्य समेतले नेपालको साँचो इतिहास झल्काउन खोजेको पाइन्छ। तर, २०/२५ वर्षयताको सत्यतथ्य समेत ढाकछोप गर्न खोज्ने र सञ्चारमाध्यमलाई प्रभावमा पारेर मन नपरेका मासिनको चरित्र हत्या गर्न खोज्ने प्रवृत्तिले नयाँ पुस्ताहरुलाई गुमराहमा पारेको छ। राजनीतिक दलहरूसँग मिलेर अघि बढ्न चाहने राजा वीरेन्द्रले 'म बाघको सवारी गर्न चाहन्न' भन्ने अभिव्यक्ति दिंदै राजनीतिक दलहरुलाई स्वतन्त्रता दिएको सबैलाई थाहा छ। तर दरबारभित्रको अनुदारवादी गुटले महारानी ऐश्वर्य, शान्तकुमार मल्ल, ताराबहादुर थापा, रञ्जनराज खनाल, चिरनशमशेर थापा, रेवतीरमण खनाल, नारायण प्रसाद

श्रेष्ठ आदिको दवाव र प्रभावमा राजा वीरेन्द्रलाई कमजोर देखाएर शासन गर्न चाहेको सवैले अनुभव गरिरहेका थिए।

कलेजमा पढ्दा सहपाठी रहेका रञ्जनराज, कल्याणविक्रम अधिकार र दानगम्भीरसिंह रायमाझीमध्ये रञ्जनको चरित्र वेग्लै थियो। कल्याण र दानगम्भीर सिधासादा प्रकृतिका थिए भने रञ्जनराजहरुको समुह राजालाई गुमराहमा पारेर फाइदा लिन चाहन्थ्यो। यी सवै कुरा बुझे पनि राजा वीरेन्द्र 'वोल्ड' भएर आफ्नो निर्णयमा अडिक रहन नसक्ने चरित्रको होइवक्सन्थ्यो। महारानी ऐश्वर्यको गुटले दरवारलाई निकै कमजोर वनाएको थियो भन्ने कुरा विगतमा लेखहरुमा मैले प्रकाश पारिसकेको छु। हालै एक साप्ताहिक पत्रिकामा चिरनशमशेर थापाले दरवार हत्याकाडको मुख्य अभियुक्त दीपेन्द्र नै हुन् भन्ने पुष्टि गर्न खोजेका छन्। तर, उनको भनाइमा कुनै सत्यता देखिदैन। दरवार हत्याकाण्डवारे छानविन गर्न गठित आयोगको प्रतिवेदनमा ३/४ जना नक्कली दीपेन्द्रले मुखुण्डो लगाएर हमला गरेको कुरा उल्लेख छ। अन्तराष्ट्रिय विशेषज्ञहरुको टोलीले हत्याकाण्डको राम्रो छानविन नगरेसम्म त्यसको रहस्य पर्दाभित्रै रहनेछ। रानीले छानेका एडीसीहरुले ड्युटी गर्नुको साटो पारस र राजीव शाहीको मात्रै रक्षा गर्न खोज्नु तथा वीरेन्द्रको सपरिवार मारिनु आफैंमा रहस्यको विषय् बनेको छ।

दरवार हत्याकाण्डवारे छानविन गर्ने हो भने कोतपर्वदेखिका घटनाकहरुको पृष्ठभूमि वुझ्नैपर्छ। जहिले पनि महारानीहरुले आफ्नो प्रभावमा राजालाई पारेर शक्तिशाली बन्न खोजेको पाइएको छ। २०२८ सालमा राजा वीरेन्द्रले शासनको वागडोर सम्हालेपछि महारानीको माइती पक्ष, केही स्वार्थी एडीसीहरु, राणा परिवारका केही लोभी पापीहरु तथा महारानीको चाकडी गर्नेहरुले राजा वीरेन्द्रलाई अँध्यारोमा राखेका थिए। २०३८ सालपछि दरवारको सुरक्षा व्यवस्था निकै वलियो वनाउन सक्षम भएका तत्कालीन प्रमुख सैनिक सचिवले दरवारभित्र भइरहेका सम्पूर्ण गतिविधिहरुका वारेमा राजालाई प्रत्येक दिन जाहेर गर्ने गर्थे। तर, त्यस्तो अवस्थामा पनि राजनीतिक फाइदाका लागि षड्यन्त्रको तानावाना वुन्नेहरुको अनेकौं उपाय निकाल्ने गरेको मैले अनुभव गरें।

राजाले मन पराएका मानिसहरु भन्दा पनि महारानीका गुटका मानिसहरुले तक्मा र विभूषण पाउने गर्थे। महारानी आफैं पृथुलाधीश भएकाले विभूषण पाउनेहरुको अन्तिम नामावली उहाँले हेर्ने चलन थियो। योग्य मानिसहरुको नाम काटेर तस्कर, फटाहा र चाकडीवाजहरुको नाम थप्न महारानीका मानिसहरु सक्रिय देखिन्थे। हसमानको भाई गेहेन्द्रमान सिंह मार्फत सूर्यवहादुर थापाले २० लाखको हिराको हार महारानी ऐश्वर्यलाई चढाएपछि दरबारभित्र निकै ठूलो खैलाबैला मच्चियो। महारानीले काखी च्यापेका डा. सच्चेकुमार पहाडीले २०४६ सालपछि नेपाल चिकित्सक संघको अध्यक्ष पदबाट राजसंस्था विरोधी वक्तव्य दिएका थिए। दरवारको सेवाबाट उनलाई खोसेर त्यसपछि डा. खगेन्द्रबहादुर श्रेष्ठलाई राखिएको थियो। राजाका पाइलट भनेर जिल्ला जिल्लाका मासिनलाई थर्काउने, आरपी प्रधान जस्ता मानिसहरु पनि वास्तवमा महारानीका मानिस थिए। मुक्तिनाथमा उनले ५ तारे होटल चलाएका थिए। त्यस्तै महारानीको चाकडी गरेर ११ वाहिनीका ब्रिगेडियर लामाले ४२ ठाउँमा घरजग्गा जोडेका थिए। सेनाको पोसाल लगाएर तस्करी गर्ने नारायणसिंह पुनले डीबी लामा र भरत गुरुङको काण्डमा ठूलो सजाय पाउने सम्भावना थियो तर के कारणले हो सच्चितशमशेर राणाले उनलाई बचाइदिए। उक्त काण्डमा धुव्रबहादुर प्रधानलगायतका धेरै भ्रष्ट प्रहरी अधिकृतहरु जेल जान सक्थे तर तिनलाई पनि वचाइयो।

दरवार र सरकारको आडमा वसेर अर्वौं रुपैयाँ कमाउनेहरुको लेखाजोखा राख्ने हो भने १० वर्षसम्म नेपाललाई चलाउने रकम प्राप्त हुनसक्छ तर जो आए पनि लुट्ने र ठग्ने प्रवृत्ति रहेका कारण पनि नेपालको अवस्थामा कुनै सुधार आउन सकेको छैन। अन्तराष्ट्रिय तस्कर, जघन्य अपराधी र फटाहाहरुले ठूलठूला नेताहरुलाई प्रभावमा पारेर फाइदा लिइरहेको अवस्था अहिले पनि देखिन्छ। केही वर्षअघि अफगानिस्तानका कुख्यात तस्कर नुरआलम नेपालमा पक्राउ परे। मोष्ट वान्टेड सूचीमा अमेरिकाले उनीविरुद्ध दर्जनौं मुद्दा दायर गरेको थियो। अन्तर्राष्ट्रिय लागू पदार्थ तस्करी गिरोहका नाइके नुरआलम र शरदचन्द्र शाहहरुबीच गहिरो सम्वन्ध थियो। उनी शान्तकुमार मल्लको घरमा केही दिन बसेका थिए। नुरआलम पक्राउ परेपछि उनलाई छुटाउन सुवास नेम्वाङलाई वकिल छानेर ६ लाख रुपैयाँ पेश्वीवापत दिइएको थियो। तत्कालीन गृहमन्त्री शेरवहादुर देउवामाथि पनि उनलाई छुटाउन दवाव परेको थियो। नुरआलमलाई पक्राउ गर्न साह्रै मेहनत गर्ने प्रहरी अधिकृत यादव अधिकारी लगायतका युवकहरुले राजनीतिक दवावविरुद्ध निकै संघर्ष गरे। पछि अमेरिकी राजदूत जुलिया चाङले अमेरिकी प्रहरीको टोली बोलाएर इन्टरपोलमार्फत नुरआलमलाई अमेरिका पठाइन्। यसरी अन्तराष्ट्रिय अपराधीहरुसँग पनि साइनो जोड्न सफल भएका व्यक्तिहरु दरवारभित्रै भएकाले तस्करी र जघन्य अपराधका कारणले समेत नेपाल दरवारको छवि धमिलो वन्दै थियो।

भरत गुरुङ, दिलवहादुर लामा, कालु मनाङे, रामप्रसाद श्रेष्ठ, शान्तकुमार मल्ल, सूर्यप्रसाद श्रेष्ठ आदि लगायत थुप्रै स्वार्थी व्यक्तिहरुको घेरामा परेर दरवारको एउटा गुटले गैरकानूनी धन्दा गर्नेहरुलाई संरक्षण दिएको मैले अनुभव गरिरहेको थिएँ। सञ्चारमाध्यमहरुमा फाट्टफुट्ट त्यस्ता चर्चा परिचर्चा आए पनि दरवारले गम्भीरतापूर्वक छानविन गरेन। धमिरा लागेर भित्रभित्रै मक्किएको दरवार कुन बेला ढल्ने हो भन्ने कुराले म भयभीत हुने गर्थें। नेपालमा राजतन्त्र र प्रजातन्त्र दुवै एकैसाथ अघि वढ्नुपर्छ भन्ने मान्यतामा हुर्केकोले यी दुवैप्रति मेरो गहिरो आस्था रहेको छ। राजसंस्था कमजोर हुनासाथ देश धराशायी हुन सक्छ भन्ने चिन्तन बोकेका वीपी कोइरालाले राजा र प्रजावीच गहिरो सम्वन्ध हुनुपर्छ भन्ने सन्देश दिंदा दरवारभित्रको अनुदारवादी गुटले त्यसलाई रुचाएनन्। वीपी कोइरालालाई औषधि उपचारका निम्ति राजा वीरेन्द्रले ३० लाख रुपैयाँ दिंदा दरवारभित्रका केही व्यक्तिहरुले निकै विरोध गरे। प्रजातन्त्रवादी र राजतन्त्रवादीहरुवीच समन्वय भए मात्र राष्ट्रियता बलियो हुन्छ भन्ने चाहना राख्ने वीपी र उदारता एवं प्रजातन्त्रमा विश्वास राख्ने राजा वीरेन्द्रवीच सुमधुर सम्वन्ध हुन नदिन लोभी पापीहरुले निकै षड्यन्त्र गरेका थिए। गणेशमान सिंह परिवारसँग पुरै सम्वन्ध भएका दरवारका पौडे जर्नेलता, काँग्रेशी कार्यकर्ता भन्दै दरवारका केही सचिवहरुले राजा वीरेन्द्रलाई पोल लगाएको घटना र प्रजातन्त्रवादीहरुवीच सुमधुर सम्वन्ध राख्नुपर्छ भन्नेहरुलाई विभिन्न आरोप लगाएर दुःख दिएका घटनाले दरवारभित्रका प्रजातन्त्रवादीहरु निकै चिन्तित थिए। राजनीतिक दलहरुसँग सुमधुर सम्वन्ध राखेर अघि वढेको भए राजसंस्थाको पतन हुने थिएन। त्यस्तै कम्युनिष्टहरुलाई काखी च्यापेर राजसंस्थालाई टाढा राख्न खोज्दा नेपाली काँग्रेश जस्ता प्रजातान्त्रिक शक्तिहरु अहिले जसरी कमजोर बनेका छन् त्यसबाट पनि उनीहरुले शिक्षा लिनैपर्छ।

यो लेख इतिहासले नखोजेको इतिहास नामक पुस्तकबाट साभार गरिएको हो।

५ अन्तरजिल्ला Antarjilla Weekly विविध/समाचार
सोमबार, २४ माघ २०७३
Monday, 6 February 2017

दरबारभित्रका नयाँ राणाहरु

○ वीएस लामा

धेरैले भन्छन्-वि.सं. २००७ सालमा राणा शासन समाप्त भयो । वास्तवमा प्राविधिक रुपमा मात्र त्यो शासन टुंगिएको थियो। २००७ सालपछि २०६३ सालसम्म सेनापति, जर्नेल आदि मात्र होइन, सल्लाहकार, राजदुत, मन्त्री, सचिव आदि पदमा राणाहरूले पुर्खाको बिंडो थाम्न खोजे । राजा महेन्द्र र वीरेन्द्रका रानी राणावंशकै भएकाले राजाहरुले राणामुक्त शासन गर्न सकेनन् । राणाको छोरी, भान्जी विहे गरेपछि 'राजासाहेव' वा 'वावुसाहेब' हुनेहरु पनि राणा हुन थाले । आफ्नै मामा किरण शमशेर (पूर्व प्रधानसेनापति) की छोरी चेरी (टीक राज्यलक्ष्मी) विहे गरेका: भरतकेशर सिंह नयाँ राणाका रुपमा उदाउनुभयो । राजा ज्ञानेन्द्रका जेठान सुरजशमशेरसँग सेनाको तालिम गरेकाले महारानी ऐश्वर्यसँग निकट बनेर भरत जर्सावले ठूलो फाइदा लिनु भयो । बेलायतमा 'दिप्पी' भनेर बोलाइने दीपेन्द्रलाई त्यहाँको स्कुलमा पढ्न पठाउँदा हेरचाह गर्ने व्यक्तिका रुपमा भरतकेशरीलाई राजदूत बनाएर पठाइयो । महारानी ऐश्वर्यलाई दूतावासको बजेट मिलाएर उहाँ करोडौं पर्ने गहना र लाखौंका अत्तरहरु पठाउनुहुन्थ्यो । त्यही बेला बेलायतको सन् पत्रिकाले 'युवराज दीपेन्द्रले रक्सी खाएर कक्षामै वान्ता गरेको र ठिटीहरुसँग सल्केको खबर छाप्यो । राजा वीरेन्द्रलाई हरतरहले असफल बनाउने, युवराजलाई 'ड्रग एडिक्ट' बनाउने र कालान्तरमा महारानी ऐश्वर्यले शासन हातमा लिने डिजाइन अनुसार भरतकेशरी, शान्तकुमार, ताराबहादुर, डीबी लामा आदिको गिरोहले गरेको षड्यन्त्रमा अबोध युवराज दीपेन्द्रलाई सिकार बनाइयो । यसमा युवराजकै मामा सुरज पनि सामेल थिए । नेपालमा पटकपटक इतिहास दोहोरिएको छ । गोर्खा बोर्लाङ्मा जन्मिएका वीरनरसिंह कुँवर क्षेत्री १४ वर्षको उमेरमा दरवारमा सुवेदार भएर पसेपछि महारानीलाई खुसी पारेर जंगवहादुर भए झैं सामान्य बुद्धि र विवेक नभएका धेरै भारदारहरु दरवारमा शक्तिशाली वन्दै गए । रानीलाई खुसी पारेर जंगवहादुर शक्तिशाली भएझैं उनीहरुले पनि राजा वीरेन्द्रलाई कमजोर वनाउँदै शासन गर्न खोजे । राजालाई सहयोग गर्ने व्यक्तिहरु भने षड्यन्त्रको सिकार वन्दै गए । उनीहरु आज पनि सिकार वनिरहेका छन् भन्ने कुरा ऋषिकुमार पाँडेमाथि बीसौं वर्षदेखि भइरहेको षडयन्त्र र उनीजस्ता राजा वीरेन्द्रका निकट व्यक्तिहरुको जीवन अध्ययन गर्दा थाहा हुन्छ ।

दरवार स्कुलमा भूगोल पढाउने नेत्रवहादुर थापाका छोरा अत्यन्त सज्जन व्यक्ति हुनुहुन्थ्यो । धर्मपालवरसिंह थापा पनि नयाँ राणा वन्नुभयो । सेनापति छँदा शाही नेपाली सेनाको करोडौं रुपैयाँ हिमालय शमशेरको हिमालय वैंक र हिमालयका ज्वाईं पृथ्वीबहादुर पाँडेको इन्भेष्टमेन्ट वैंकमा राखिदिए वापत धर्मपाल साहेवले करोडौं रुपैयाँ कमिशन र शेयर प्राप्त गरेको वैंकका कर्मचारी वताउँछन् । सूर्यवहादुर थापाका सम्धी हिमालयलाई राजा महेन्द्रले काखी च्यापेर उठाइवक्स्यो । तिनै राजालाई हिमालयले तानाशाह र अपराधीका रुपमा चित्रण गरेर राणा चरित्र देखाउनु भयो । कृतघ्न र पाखण्डीको संग्राहालय काठमाडौंमा यस्ता व्यक्ति हजारौं छन् ।

दरवारले हुर्काउका प्यारजंग थापाले सेनापति छँदा अर्वौंको सम्पत्ति जोड्नुभएछ । माओवादी विद्रोहको दमन र सेनाको आधुनिकीकरणका नाममा उहाँलगायत केही जसार्वले अकुत धन कमाए । जब परिस्थिति जटिल बन्दै गयो, प्यारजंगले राजा ज्ञानेन्द्रलाई धम्की सेमत दिन थाले -'सरकार, अब सेनाले सक्दैन । सरकारबाट अप्रिय कदम चाल्दा सेनामा समेत विद्रोह हुन सक्छ ।' टंक ढकाल, दुर्गादेवी श्रेष्ठ, खड्गवहादुर जीसी, जगत गौचन, सिनेट श्रेष्ठ आदि निकृष्ट मानिसलाई अघि सार्दा लडाइँ जितिन्छ भन्ने भ्रममा रहिवक्सेका राजा ज्ञानेन्द्रले सेनापति थापा र फोर्स कमाण्डर रुक्मांगतको कुरा सुनेपछि गद्दी त्याग्नु उचित ठानिवक्स्यो । प्लासीको युद्धमा मीर जाफर नामक सेनापतिले राजा सिराज उद्दौलालाई धोका दिएझैं सीआईए तथा भारतको करोडौं रुपैयाँ खाएर सेनाका भ्रष्ट जर्नेलहरूले धोका दिए । राष्ट्रियता जोगाउन खोज्दा राजा एक्लो परेको देखियो । गलत, पंगु र क्षमताहीन मान्छेहरु च्यापेपछि राजा ज्ञानेन्द्रको मात्र पतन भएन, राजतन्त्र समेत समाप्त भयो ।

राजा वीरेन्द्रलाई दुःख दिने, ढाँट्ने र सताउने गिरोहका व्यक्तिलाई नै राजा ज्ञानेन्द्रले दरबारमा काखी च्याप्नु भूल थियो । नेपाल टेलिकमलाई सौता हाल्न भारतसँग मिलेर राजाका ज्वाईं राजदरवार सिंह र लोकमानसिंह काकी आदिले 'युटीएल' कम्पनी ल्याए । 'चमडी जाय पर दमडी न जाय' भनेको सही आयोगको परीक्षा नै नदेखेका लोकमानलाई दरवारले मुख्यसचिव बनायो । जो कालान्तरमा नयाँ राणा बनेर निस्के । एमाले, कांग्रेश, दरवार वा जुन शक्ति आए पनि विदेशी षडयन्त्र तथा भ्रष्टाचारकै घेरामा परिरहे । नेपाल र नेपालीको दुर्भाग्य भनेकै यही हो । केही दिनअघि मैले इन्टरनेटमा 'कन्फ्लिक्ट स्टडी सेन्टर' लगायतका आठ-दशवटा वेभसाइट हेरें । नयाँ राणाका वारेमा त्यहाँ थुप्रै तथ्य पाइयो । पञ्चायतकालका प्रहरी महानिरीषक डीवी लामा, भरत गुरुङ, शान्तकुमार, तारावहादुर, रञ्जनराज खनाल, रेवतीमरण, पशुपति महर्जन, चिरन थापा, गडुल शमशेर, सिंहवहादुर वस्नेत, आदित्य शमशेर, सुरज शमशेर आदिका विषयमा धेरै कुरा रहेछ । मैले डीवी लामको पुस्तक 'मेरो जीवनका उकाली ओरालीहरु' आद्योपान्त पढेको हुँदा उहाँको दावी कति झुटो रहेछ, त्यो पनि थाहा पाएँ । आफुलाई मन नपरेका र आफ्ना कर्तुतहरु भण्डाफोर गरिदिनेहरूलाई लामाले भ्रष्ट भन्नुभएको छ । राणा शासन छँदै करोडौंको पैतृक सम्पत्ति भएका व्यक्तिलाई लामाले 'पञ्चायतकालमा कमाएका मान्छे' भन्नुभएको छ । 'ढाँटेको कुरा काटे मिल्दैन' भनेको यही हो । राजा महेन्द्रको शासनमा भ्रष्टाचार अत्यन्त सीमित थियो । मानिसहरु डराउँथे । राजा वीरेन्द्रका पालामा रानीको निकट बनेर धेरैले फाइदा लिए । तर, राजा वीरेन्द्रका निकट रहेका मानिसहरुले अवाञ्छित तरिकाले कमाउन पाएनन् । काठमाडौं, विराटनगर, वीरगन्ज र नेपालगन्जका केही धनी व्यापारीले त शान्तकुमार, तारावहादुर, पशुपति महर्जन लगायतका व्यक्तिलाई मोटो धन दिएर विभूषण खरिद गरे । मरिचमान सिंहले एकपल्ट मसँग भन्नुभएको थियो -'दरवारका भारदार, रानी आदिले डुवाए । साझो राजा वीरेन्द्रलाई कसैले टेरेनन् । मैले पोल लगाउँदा पनि राजा लाचार भएर 'के गर्ने' हुकुम हुन्थ्यो । खरो स्वभावका प्रमुख सैनिक सचिव ऋषिकुमार पाँडे जस्ता सीमित व्यक्ति राजा वीरेन्द्रलाई बलियो बनाउन चाहन्थे । तर, रानी रिसाएपछि राजाको सातो जान्थ्यो ।

दरवारभित्रका नयाँ राणाले २००७ साल पहिले झैं 'डी फ्याक्टो' शासन गरिरहयौं । ऐन, नियम, कानून र संविधानमा नमिल्ने कुरा पनि मिलाइयो । इन्टरपोल लगायत विदेश गुप्तचरले दरवारभित्रैबाट लागूपदार्थ तस्कर आदि र भ्रष्टाचार संरक्षित भएको खवर दिंदा पनि राजा वीरेन्द्रले कठोर वन्न सकिवक्सेन । पनि तिनै व्यक्तिले गलत सल्लाह दिएर फाइदा लिए । एमाले र कांग्रेशका नेता सत्तामा पुगेपछि वीरेन्द्रविरोधी गुटका तस्कर, अपराधी नै अघि बढे । राजाले जगत गौचनलाई र कांग्रेसले डीबी

लामालाई मन्त्री बनाउनु उस्तै कुरा थियो।

पञ्चायतकालमा पनि सबै भ्रष्ट थिएनन्। व्यक्तिगत सम्पत्ति बेचेर स्कुल, क्याम्पस बनाइदिने मानिस पनि थिए। जिल्लामा सभापति, सांसद र राजपरिषद् स्थायी समितिका सदस्य भएका बाग्लुङका कुलराज शर्मा, अर्घाखाँचीका काशीनाथ गौतम, कञ्चनपूरका लवरु राना थारु, मकवानपूरका रुपचन्द विष्ट र मुगुका तेजबहादुर भाम जस्ता केही व्यक्ति इमान्दारी र स्वाभिमानका उदाहरण हुन्। जिल्लामा सयकडौं झोलुंगे पुल बनाइदिने कुलराज शर्मालाई बाग्लुङवासीले आज पनि सम्झिन्छन्। छरछिमेकका जिल्लाहरुमा मात्र होइन, टाढाटाढासम्म पनि उहाँलाई समाजसेवी भनेर चिनिन्छ। असल मान्छेहरुलाई मानिसक यातना दिने र नयाँ राणाहरुलाई सम्मान गर्ने दास मनोवृत्तिबाट सर्वोच्च अदालत, कार्यपालिका र व्यवस्थापिका मात्र होइन प्रेसजगत पनि मुक्त छैन। तसर्थ, नयाँ ढंगले काम गर्ने र सोच्ने शैली आज आवश्यक देखिएको छ। स-साना कुरालाई पनि ठूलो मुद्दा बनाउन खोज्ने नेपाली प्रेस जगतले अड्डा, अदालत, महानगरपालिका, प्रशासन, सरकार आदिबाट भएका गम्भीर अपराध र त्रुटिहरुलाई गहिराइमा गएर खोज्ने परम्परा विकास गर्न सके पनि धेरै कुरा बाहिर आउनेछन्। टेलिभिजन च्यानलहरुले पनि यस्ता कुरामा गहिरो उत्खनन् गर्नु आवश्यक देखिएको छ। पञ्चायतकालमा समेत नदेखिएका गुटबन्दी, भ्रष्टाचार र अपराध मौलाइरहँदा पनि आज सरकार मौन देखिएको छ। सरकारमा पुग्ने र प्रतिपक्षमा बस्ने दुवैले नयाँ राणा हुन खोजिरहेको देखिन्छ। के यो नेपाल र नेपालीको दुर्भाग्य होइन ?

यो लेख इतिहासले नखोजेको इतिहासबाट साभार गरिएको हो।



सोमवार, ११ पौंष २०७३
Monday, 26 December 2016

साँचो कुरा —

डिल्लीबजारका बुद्धिजीविहरुले भनेको

आ.ई.एम.ई एकेडेमि मा सन् १९३२ मा त्यसवेलाको व्रिटिस कमाण्डर इन चिफले च चेटवर्ड ले लेखेको यस्तो हो। यस्तो किसिमले उनिहरुको राज्यमा कुनै सुर्य अस्ताएन, जुन चाही मार्मीक सन्देशमा छ।

पछि वहुहल आउन अगाडी यि वहुहलमा नेताहरुले यो पन्चायत कालमा को को दोसी भनेर एउटा मालिक कमिसनले तयार गरेको रिपोर्ट थियो। त्यो रिर्पोटले पन्चायत कालमा को कोले भ्रष्टचार गरे भन्ने थियो तर फेरी वहुहल आएपछि यही मालिक कमिसनको रिर्पोटवाट पहिलो वहुदल सरकार भएपछि उही कृष्णप्रसाद भट्टराईको सरकार त्यसमा भएको काँग्रेस र एमालेका मन्त्रीहरुले जो कुरो चाहिँ पन्चायत र दरवारको व्यक्तिहरुले जे भ्रष्टचार गरेको थियो त्यही कुरो जो उनीहरुको गल्ति थियो र त्यही मिलेर खाँए। त्यसै कारणले गर्दा त्यसवेला देखि अहिलेको सरकारसम्म त्यही नितिलाई अँगाल्दै आए र अबकोले पनि सुधार गरेन भने भावी पुस्ताले पनि र यो हाउसले त्यही गर्नेछ।

त्यही विषयको अर्को सर्वोच्च अदालतको न्यायधिस कृष्ण जेगराई माझीको पनि कमिसनले यो त पि.एम. एस ऋषिकुमार पन्डितको पालामा ड्रग वेच्नेहरुदेखिको भरत राई र उसको श्रीमती कसाईनी जो एउटा अमेरिकामाहा कुर र आयाको काम गर्थे ति व्यक्ति समेत र ईन्टरपोलको रिर्पोट अनुसारले करिव अरु २०० जना ड्रगको काम गर्नेहरुलाई विशेष अदालतबाट न्यायधिस गोपालबहादुर के.सी को इजालसले थुनेकाम र जेल विस लाख जारीमना र भव्य घर पनि जफत भएको थियो। पछि बहुदलको (प्रवासी) गृहमन्त्री योग प्रसाद उपाध्यय थियो।

उसले दुई करोण पैसा खाएर यि सबैलाई छोडिदियो। त्यसै गरि गिरिजाप्रसाद प्रधानमन्त्री भएको बेलामा उसले भरत गुरुङ जो तेत्तिस वर्ष जेल र सवेस्व हरण भएको थियो र आ.ई.जी.पी, डिविलामा जो आर्मिको मास्टरबाट दस वर्ष जेल सम्पति हरण र तथा कृष्ण जेगराई माझीको कमीसनबाट पनि छ वर्ष जेल गरेकोलाई गिरिजाले जम्मा आठ करोण पैसा खाएर छोडे भन्ने पत्रकार पदम ठगुराहीले लेखेका थिए। जुन कुरोचाँही पदम ठगुराहीले लेखेकोवाट जबकी भरत गरुङ र डिवि लामाले आफ्नो बयानमा यो मेरो सम्पती होईन यो कान्छा प्रभुको हो भनेर आर्मी कोर्टमा भन्नुभयो। अन यी सबैकुरा सम्पुर्ण जनताले थाहा पाउनुपर्छ अब भुपु प्रधानमन्त्री केपि शर्मा ओलिको फिलिम भन्देछ भनिन्छ र यसरी बहुदल देखिको सम्पुर्ण फिलिम बन्नुपर्छ।

राजा ज्ञानेन्द्रले आफ्नो दाजुको वंस खपत पारेपछि राज्य लियो र उहाँले पनि आफ्नो दाजुको वंस खपत हुँदा पनि कुनै किसिमका प्रतिक्रिया जनाएनन्। आखिरि पछि माओवादी काँग्रेस एमाले मिलेर राजा ज्ञानेन्द्रको पनि पछि राजसंस्था पनि तथा जुद्धशमशेर राणा परिवार समेतको ०६२,६३ मा अन्त्य भयो र यो देश नेपाल पृथ्वीनारायण शाहले एकिकरण गरेको उहाँको भाइ भारदारहरु गरेका थिए र त्यसपछि राजसंस्थाले पनि बिगार्दै गए, र अहिले पनि त्यहि हालत छ। सगियताको कुरामा झन किचलो भएको छ।



अन्तरजिल्ला
Antarjilla Weekly

विविध/समाचार

Mo

दरबारमै पेलिए योग्य र इमान्दारहरु

○ पी.पी. सुवेदी

डा. सानुभाई डंगोलद्धारा लिखित 'द प्यालेस इन नेप्लिज पोलिटिक्स' नामक ग्रन्थका लागि उहाँलाई विद्यावारिधि प्रदान गरियो तर सो पुस्तक पढेर सबै कुरा स्पष्ट हुँदैन । सानुभाई र मैले सँगै काम गरेर दरवारभित्रको कथाव्यथा बुझेका छौं । उहाँले पुस्तकमा उल्लेख गरेका कुरा सबै सत्य र सबै असत्य छैनन् । त्योभन्दा धेरै पुस्तकका वारेमा चर्चा नगरौ । दरबारका धेरैजसो योग्य, इमान्दार र स्वाभिमानीहरुलाई पेल्ने र राणाकालमा झैं चाकडीवाजलाई पदोन्नति, वकस र पुरस्कार दिने चलन भएकाले यस लेखमा त्यसवारे केही चर्चा गर्ने अनुमति चाहन्छु।

वेलायत, नर्वे, जापान, स्वीडेन, थाइल्यान्ड, वेल्जियम आदि अठ्ठाइस राष्ट्रमा आज पनि संवैधानिक राजतन्त्र चलेकै छ । न्याय, इमान, समानता, प्रजातन्त्र एंव मानव अधिकारलाई उनीहरुले सम्मान गरेको हुँदा त्यहाँको राजसंस्था र दलहरुको प्रतिष्ठा वढेकै छ । तर नेपालको राजसंस्थाले चाकडीप्रथालाई नै प्राथमिकता दिएको हुँदा कर्मचारीहरुमा गुणात्मक सुधार आउन सकेन । राजनीति गर्नेहरुलाई पनि योग्यता र क्षमतालाई भन्दा चाकडीलाई प्राथमिकता दिएर पुरस्कृत गरियो । दरवारका सचिवहरुले योग्यहरुलाई भन्दा चाकडीवाजलाई धेरै महत्व दिए ।

नेपालमा भने २०४७ सालपछि अराजकता, भ्रष्टाचार र हिंसा वढ्यो । राजनीतिक कारणतिर नजाऊँ तर इमान्दार, योग्य र सच्चा व्यक्तिहरुको सम्मान गर्ने काम न दलहरुले गरे न दरवारले गर्यो ।

शक्तिमा वस्नेलाई खुसी पारेर फाइदा लिन खोज्ने चलन नयाँ होइन । शिव-पार्वतीलाई खुसी पार्न कुमारले संसार प्रदक्षिणा गरे तर गणेशजीले मेरो संसार भनेको मातापिता नै हुनुहुन्छ भनेर शिवलाई खुसी पारे । कहिल्यै एउटा पल्टन नहाँकेका जर्नेलहरु प्रमुख सैनिक सचिव र प्रधानसेनापति [illegible]

फुटवल प्रशिक्षक 'ढुंगा' दाजुलाई उनको राष्ट्रले देश डुवाउन खोज्नेलाई प्रधानमन्त्रीले नै पुरस्कृत गरेका धेरै उदाहरण पाइएको छ । राजा ज्ञानेन्द्रले आफ्नो शासनकालमा भ्रष्ट सचिव लोकमानसिंह कार्की, ठकुराठी काण्डका योजनाकार जगत गौचन, हुल्याहाका नाइके सिनेट श्रेष्ठ, गफाडी चाकडीवाज टंक ढकाल, रक्सीमा डुवेका श्रीश राणा र खड्गवहादुर जिसी जस्ता नालायकहरुलाई उच्च आसनमा राखेर ठुलो भुल गरे । भरतकेशर महर्जन, फणीराज पाठक र सागरप्रसाद तिमल्सिनाजस्ता पुराना षड्यन्त्रकारीले आज पनि निर्मल निवासमा जागिर खाइरहेको सुन्दा मलाई अचम्म लागेको छ।

दरवारका शक्तिशाली सचिव नारायणप्रसाद श्रेष्ठले आफ्ना ससुरा इन्द्रभक्त र साला रविभक्त श्रेष्ठलाई करोडपतिवाट अर्वपति वनाए भने टिनको वाकस वोकेर तानसेनवाट काठमाडौं आएका नारायणप्रसाद पनि अर्वपति वने । दरवारमा बसेर राजा वीरेन्द्रको सोझोपन र विश्वासको फाइदा उठाउँदै धेरैले कंगालवाट करोडपति वन्ने मौका पाए भने अर्वौं रुपैयाँको पैतृक सम्पत्ति भएका व्यत्तिहरुलाई भ्रष्टहरुले नै लोभी र भ्रष्टाचार भन्दै वदनाम गर्न खोजे।

पदम ठकुराठीलाई मार्न खोजिएपछि सो काण्डका केही अभियुक्तले धेरैलाई उदाँगो पारिदिए। तहकीकात, अनुसन्धान र लामो प्रयत्नपछि पक्राउ परेर जेल भोगेका अपराधी र तिनका मतियारले आफुलाई पक्राउ गराइएको भन्दै पूर्वाग्रह राखेर इमान्दार व्यक्तिहरुलाई वदनाम गरिरहे । राजा विरेन्द्रले सच्चितशमशेर (तत्कालीन कमाण्डर इनचिफ) र प्रमुख सैनिक सचिव ऋषिकुमार पाण्डेसँग परामर्श गरेर तत्कालीन परिस्थितिमा तस्कर, लागुपदार्थ कारोवार गर्ने व्यक्तिहरु, हत्यारा, अराजकतावादी एव राष्ट्रघातीहरुलाई कसरी तह लगाउने भन्ने योजना वनाइवक्सेको थियो । वीरेन्द्रवाट प्रधानसेनापति सच्चितलाई 'सच्चित तिमीले भरत गुरुङ्लाई थुन्नु' भन्ने हुकुम वक्सेको कुरा दरवारमा चर्चा भएको थियो । राजा वीरेन्द्र ऐन कानुन र संविधानमाथि कोही हुँदैनन् भन्ने मान्यता राखिवक्सन्थ्यो भने महारानी ऐश्वर्य र उहाँका केही निकटतम व्यक्तिहरु राजकीय सत्ताका आडमा व्यक्तिगत फाइदा लिएर करोडौं रुपैयाँ कमाइरहेका थिए।

डीवी लामा र भरत गुरुङ पक्राउ परेपछि ठुलो हल्लीखल्ली मच्चियो । आफुलाई शक्तिशाली भन्ने धेरै व्यक्तिहरु भाग्न थाले । पञ्चायतमा पनि विधिको शासन देखिन थाल्यो। सो घटनाको केही महिनापछि अधिराजकुमार धिरेन्द्रलाई राजीनामा गर्न वाध्य तुल्याइयो । भरत गुरुङ काण्डमा मुछिएको हुँदा अधिराजकुमार पदवाट राजीनामा दिएर उनी वेलायत पलायन भए।

वाल्यकालका धेरै घटनाहरु सम्झेर ल्याउँदा मलाई इतिहासको समीक्षा गर्न र नेपालमा भएका घटनाक्रमहरुको अध्ययन गर्न सजिलो भएको छ। मेरा पिताजी आज यो लोकमा हुनुहुन्न तर म साने छँदा वि.सं. २०१० सालतिर उहाँले क्षेत्रपाटीमा जुद्धशमशेरको नातिको भव्य दरवार र चौध पन्ध्र रोपनीको कम्पाउन्ड देखाउँदै भन्नुभएको थियो -'२००७ सालपछि राणाहरुले यस्ता धेरै दरवार र वहुमुल्य सम्पत्तिहरु वेचे । एक्काइस वर्षको युवक ऋषिकुमार पाँडेले यो दरवार किनेका हुन् । राणाको सम्पत्ति किन्न सक्ने उनी पहिलो नागरिक हुन् । ऋषिका बाजे विष्णुकुमार पाँडे श्री ३ चन्द्रशमशेरका पालामा कर्णेल थिए । गोर्खाका राजा द्रव्य शाहका पालादेखि यी पाँडेहरु राष्ट्र र राजाका सेवक रहँदै आएका छन् ।'

मैले दरवारमा प्रवेश गरेपछि, ऋषिकुमारसँग परिचय भयो । असी वर्ष पुगेका लेफ्टिनेन्ट जर्नेल अझै तगडा नै छन् भन्ने सुन्छु।

काजी कालु पाँडे, वंशराज पाँडे, तलारम [illegible]

र राष्ट्रिय विभुतिहरुप्रति गौरव गर्न ऋषिकुमारसँग दरवारको क्यान्टिनमा भेट हुँदा उनी भन्थ्यो -'सुवेदीजको घुस खानु आमाको रगत खानु जस्तै हो । पुर्खाले देखाएको न्याय र इमानको वाटो कहिल्यै त्याग्नु हुन्न ।'

डीवी लामा र भरत गुरुङ जस्ता कुख्यात व्यक्तिहरुले जेलको यातना भोग्नुअघि र पछि ऋषिकुमार जस्ता व्यक्तिलाई समेत भ्रष्ट भनेर प्रचार गर्दा प्रेस जगतले मेहनेत गरेर सत्य असत्य छुट्याउन सकेन । पाँच सय वर्ष पुरानो भारदार परिवार ऋषिकुमारको भन्दा पाँच गुणा सम्पत्ति आठ दश वर्षमै जोड्न सक्ने दरवारका सचिव, मन्त्री र शाही नातेदारहरुको कस्तो अपराध गरेर सम्पत्ती कमाए भन्ने कुरा प्रेसले पत्तो पाउन सकेन । आर्थिक प्रलोभनको वलमा रामलाई हराम र हरामलाई राम भन्ने नेपाली प्रेसले कहिलेदेखि सत्य मात्र देख्न सिक्छ, म त्यो दिनको प्रतीक्षामा छु।

यो लेखको उद्देश्य ऋषिकुमार वा केही व्यक्तिको तारिफ गर्ने होइन । मेरो तर्क हो, जोसँग अर्वौं रुपैयाँको पैतृक सम्पत्ति छ, उसलाई भ्रष्ट नवकुवेरहरुले विना प्रमाण वात कसुर लगाउन मिल्दैन । भ्रष्टाचार गरेको भए सप्रमाण मुद्दा दायर गरेर कारवाही गर्न सकिन्छ ।

महारानी ऐश्वर्यले काखी च्यापेका भ्रष्टहरुको पोल खुल्ने डरले २०४० सालदेखि नै राजा वीरेन्द्रको स्वदेश भ्रमणमा इमान्दार भनेर परिचित सचिवहरुलाई सामेल गरिएन । राजा वीरेन्द्रका हजारौ गुण थिए तर महारानी ऐश्वर्यको कुरा काट्न सक्ने सामर्थ्य थिएन । स्पष्ट, निडर, इमान्दार र देखेका कुरा प्याक्क बोल्ने ऋषिमात्र होइन, जलस्रोतविद भनेर दरवारमा परिचित गोविन्द श्रेष्ठ, नगेन्द्रप्रसाद श्रेष्ठ, पुरुषोत्तमप्रसाद सुवेदी, सानुभाई डंगोल लगायतका कर्मचारीलाई पनि राजाको छेउमा पुग्नबाट रोक्न थालियो । धेरैलाई आश्चर्य लाग्न सक्छ, २०२८ सालमा [illegible]

सोमबार, १० माघ २०७३
nday, 23 January 2017

ऋषिकुमार पाँडेलाई राजा वीरेन्द्रले दरबारमा लगेर बाहिनीपतिदेखि प्रमुख सैनिनक सचिवसम्म बनाए पनि उनी रिटायर्ड भएपछि रानी ऐश्वर्यको दबावमा दरबारको ढोका बन्द गरियो । जबकि राजा महेन्द्रले नाति दीपेन्द्रको छैटी लगायतका पारिवारिक भोजमा समेत पाँडेलाई बोलाएको मलाई सम्झना छ।

दार्जिलिङ, देहरादुन; पुना, बेलायत र अमेरिकामा गएर गुणस्तरीय शिक्षा एंव तालिम पाएका पाँडेजस्ता व्यक्ति दरबारमा कमै थिए। राष्ट्रिय स्तरमा मात्र होइन, विदेशमा पनि उनको चर्चा हुन्थ्यो । भारतका फिल्ड मार्सल मानेकशा जस्तो आकर्षक व्यक्तित्व भएका पाँडे हुक्के वैठके र चाकडीप्रथाका विरोधी थिए भने म पनि स्वाभिमानपूर्वक काम गर्नुपर्छ भन्ने पक्षमा थिए । ठकुराठी काण्डमा समेत राजा वीरेन्द्रलाई एक वर्षसम्म अन्धकारमा राख्ने कतिपय सचिव र सहयोगीहरुले वर्षौंसम्म लुटिरहे । दरबार हत्याकाण्डका वैज्ञानिक ढंगले छानविन गर्ने हो भने महारानी ऐश्वर्यको गुटमा लागेर राजा वीरेन्द्रलाई दिनरात मानसिक यातना दिनेहरुलाई पाता कसेर अनुसन्धान गर्नुपर्छ।

दरबार हत्याकाण्डपछि पनि अपराधीहरु पक्राउ नपर्नु, दीपेन्द्रलाई दोष थोपरेर 'दीपेन्द्र जस्तै देखिनेहरु पनि नारायणहिटीमा थिए' भनेर प्रतिवेदनमा लेखिनु आफैंमा रहस्यमय कुरा हुन् । हिटलरले जुद्धशमशेरलाई दुर्विन उपहार दिएर गोर्खाली पल्टनलाई आफ्नो पषमा पार्न खोजे झैं दरबार हत्याकाण्डपछि विदेशीहरुले धेरैलाई पैसाले किनेको देखियो । शास्त्रले भन्छ -'ठुला मान्छे जता हिंडछन् बाटो भनेको त्यहि हो ।' महाजनो येन गत : स पथा : । आजका भ्रष्ट नेता हिजोका षड्यन्त्रकारीकै पथमा हिँडिरहेका छन् । के यस्तो भए राष्ट्रको बाटा त्यही हो ? प्रश्नको उत्तर खोज्दाखोज्दै आजको पुस्ता पनि अलमलिएको छ । दिशाविहिन बनेको छ।

विचार/विविध

अन्तराजिल्ला साप्ताहिक

सोमबार, १८ पौष २०७३
Monday, 2 January 2017

मेरो बाल्यकाल

पूर्व सैनिक सचिव ऋषिकुमार पाण्डेको बाल्यकाल

मेरो जन्म वि.सं. १९८८ भदौ ६ गते न्हैकन्तलाको उग्रताराको मन्दिर पछाडीको पुख्यौली कलात्मक तीनचोकको घरको एउटा कोठामा भएको हो । पिछि मेरी मुमा र परिवारको सदस्यहरुको भनाइमा म जन्म हुनुअघि नै मेरी मुमाले दुईओटा सूर्य उदाएको सपनादेखिवक्सेको थियो । यसले घरमा उत्साह मङ्गल पैदा हुनुका साथै मेरो परिवारले टोलका आफन्तहरुलाई भोजभतेर गर्‍यो । किनकी मभन्दा अगाडी दुई दिदीको जन्म भएको थियो । मेरा बुबा पनि रन बाजेका एक्लो पुत्र होइवक्सिन्थ्यो । म बुवा र मुमाभन्दा हेमकुमारी पाण्डे(अधिकारी) को झन बढी प्यारो भएँ ।

एक डेढ वर्षको हुँदा मलाई हर्निया भएको थाहा थियो । त्यसवेला नेपालमा डाक्टरको कमी थियो । नेपालमा हुने मामुली अप्रेसन गर्ने त्यसवेला एकजना बङ्गाली डाक्टर सुरेश बुवा भन्ने मात्र हुनुहुन्थ्यो । मेरो आफ्नो घरमै बसेर डाक्टर सुरेश बुवाबाट हर्नियाको अप्रेशन भयो । त्यसवेला मेरो घरमा भुजा खाने व्यक्तिहरु करिव ४०/४५ जना थिए । दिदीहरु भन्नुहुन्थ्यो-हामीहरु त्यसबेलाको जर्नेल बबर समशेरको दरबारमा पुग्यौं । त्यहाँ ४/६ बच्चाहरु थिए । तीमध्येमा एउटा स्वयं जर्साबको नाति आदित्य समशेर जबरा लगभग मेरैं उमेरका थिए । त्यसवेला भयाक्सिन कलकत्ताबाट ल्याउनुपर्ने र डाक्टर साथमा ल्याउनुपर्ने थियो । मलाई दिदीहरु जिस्क्याउँथे-'खोप लगाउँदा तँ जति अरु कोही पनि चिच्याएन ।' सबैभन्दा कम चिच्याउने जर्साबकै नाति आदित्य समशेर थियो । सम वित्दै थियो ३/४ वर्षको उमेरसम्म केटाकेटीहरुले खेल्ने चीज मैले पनि खेलें । मलाई मेरी बज्यै 'बुबा भगत !' भनेर बोलाउनुहन्थ्यो । ऋषि नाम मेरो बज्यैले राख्नुभएको हो । जुन अहिलेसम्म पनि छ । इन्द्रचोक जहाँ हाम्रो घर थियो त्यसलाई पाण्डे कर्नेल चोक पनि भन्दथे । त्यस घरमा ७/१० कोठा भएको भुइँतले लङ्गामा एउटा नामी हल्वाई पसल थियो । मलाई मेरी बज्यैले जुनसुकै परिकार मागे पनि खानलाई दिनु भनिदिनुभएको थियो । माघ १०९० मा भुइँचालो गएको दिन म त्यो पसलमा केही छिटै मात्र पुगेको थिएँ । यदि साविक समयमा म पुगेको भए सायद म खत्तम हुन सक्थें होला । इन्द्रचोकका घर निकै भत्किए तर न्हैकन्तलाको घरमा कुनै हानि भएन । म सानै उमेरदेखि भुजा खान रुचाउँदिनथें । वि.सं. १९९४ सम्म यो वानी हटेन तर पछि स्कुल पुगेपछि खाना खान पाए पनि हुन्थ्यो जस्तो लाग्न थाल्यो ।

वि.स १९९४ सालमा हाम्रो परिवार सबै काठमाण्डौंबाट भीमफेदीको वाटो गरी कलकत्तातिर प्रस्थान भयो। त्यसबेला मेरा बुबाको पाखुरामा मुग्दल चलाउने बेला समस्या भएको थियो । समयसमयमा उपचारको लागि कलकत्ता गइरहनुहुन्थ्यो । हामीहरु कलकत्तामा गएर माधवभवनमा एउटा अपार्टमेन्टमा बस्यौं करिब ९ महिना । बुवाको हात र मुमाको ढाडको अप्रेसनको लागि करिब २/३ महिना नै लाग्यो । त्यस दौरानमा कलकत्ताको कालिमन्दिर र अन्य प्रख्यात मनदिर गयौं । म सम्झन्छु ,जगन्नाथ रथयात्रा दर्शनार्थ (पुरी) मा हामी सपरिवार पुग्यौं । श्री भगवान् जगनाथको पनि दर्शन पाइयो । त्यहाँ बाँडिएको प्रसाद -खिचडी) पनि खाइयो । पुरीको समुद्रमा नुहाउने काम भयो । मलाई २ मुस्तादले पाखुरामा समातेर छाल आएको पानीभित्र लगे । मैले समुद्रको पानी खाएँ । त्यसपछि ९ महिनापछि पहिलेकै वाटो हुँदै हामी नेपाल फर्कियौं । म सम्झन्छु १९९५ सालतिर पुनः बुवाले हाम्रो परिवारलाई सबैभन्दा राम्रो हावापानी भएको स्थानमा क्षयरोग गृह - हस्पिटल.) खोल्नुभएको थियो । त्यो क्षयरोग हस्पिटल पुग्न १ कि.मि. जति लाग्थ्यो र काठमाडौं, ललितपुर , भक्तपुर देखिने स्थानमा कमान्डर इन चिफ रुद्र समशेरको ब्याङ्लोमा हामीहरु बसेका थियौं ।

म सम्झन्छु टि.बी हस्पिटलको विदेशी डाक्टर आफ्नो परीवारसँग निकै वर्षदेखि बस्दै आउनुभएको थियो । मलाई उहाँले निकै माया गर्नुहुन्थ्यो । हामी बसेको बङ्लोमा औंसी पूर्णिमामा तर्साउँदथ्यो । माथि टिनको छानामा ढुङ्गा हानेको आवाज आउँथ्यो । बन्द झ्यालढोका भित्र ढुङ्गा हुन्थ्यो । मेरा बुवाले भतिजा रुद्रबहादुरलाई बाहिर गएर बन्दुक पड्काउन लगाउनुहुन्थ्यो र आवाज बन्द हुन्थ्यो । केही महिनाको बसाइपछि हामीहरु घर फर्क्यौं ।

शाभार : ऋषिकुमार पाण्डेको जीवनी।

दरबारभित्रको अँध्यारो पक्ष

○ पी.पी. सुवेदी

नेपाल दरबारको इतिहास जति रोचक छ, त्यति नै पीडादायक पनि छ ।असल काम गर्न खोज्ने राजाहरूले पनि ठूलठूला समस्याहरु झेल्दै बाँच्नु परेको थियो । श्री ५ पृथ्वीनारायण शाह र राजा ज्ञानेन्द्रबाहेक अरु राजाहरूले स्वविवेकले काम गर्न पाएनन् । २४० वर्ष लामो शाहवंशीय शासन भनिए पनि वास्तवमा अधिकांश राजाहरु राणाशासन र आफ्नै पत्नी तथा भाइदारहरुको घेरामा बसेर खुम्चिन बाध्य थिए । उनीहरूलाई कठपुतली जस्तो बनाइएको थियो ।

राणा शासन र त्योभन्दा पहिलेको कालखण्ड अध्ययन गर्दा तत्कालीन परिस्थितिको बाध्यता बुझ्न सकिन्छ । राजाहरूलाई खोपीमा राखेर उनीहरुको नाममा शासन गर्ने परम्परा भएको इतिहासले दर्शाउँछ ।तर प्रजातान्त्रिक शासनमा पनि राजाहरु कमजोर बन्नु भनेको दुर्भाग्यकै कुरा हो । हालै पूर्वयुवराज पारस वीरविक्रम शाहले विभिन्न पत्रपत्रिकामार्फत दिएका अन्तर्वार्तामा आफूहरूलाई गलत सूचना दिएर जनभावना सुन्न र बुझ्नबाट वन्चित गरिएको गुनासो गर्नुभएको छ ।

केही भ्रष्टाचारी, स्वार्थी र निरंकुश प्रवृतिका व्यक्तिहरूले राजा विरेन्द्रलाई मात्र होइन राजा ज्ञानेन्द्रलाई समेत अँध्यारो पर्दाभित्र राखेर फाईदा लिईरहेका थिए भन्ने कुरा पारसको अन्तर्वार्ता पढ्दा थाह हुन्छ । २०४६ सालको आन्दोलनपछि बनेको मल्लिक आयोगको प्रतिवेदन कार्यान्वयन नहुनुमा राजा वीरेन्द्र होइन, महारानी ऐश्वर्यको हात थियो भन्ने कुरा मैले अध्ययन गर्न पाएँ । मल्लिक आयोगले दोषी ठहयाएका ८० प्रतिशतभन्दा बढी व्यक्तिहरु महारानी ऐश्वर्य, शान्तकुमार मल्ल, तारबहादुर थापा ,महारानीको दाजु सुरज र तत्कालीन राजवहादुरका प्रभावशाली व्यक्तिहरुका प्रियपात्र थिए । सेना र प्रहरीमा रहेका उच्च पदस्थ अधिकृतमा पनि माहारानीकै मानिसहरु धेरै थिए । त्यसैले आयोगको प्रतिवेदन कार्यान्वयन गर्दा उनीहरु संकटमा पर्न सक्थे । राजा वीरेन्द्रले आफू युवराज भएको बेला आफ्ना समकालीन चिरनशमसेर थापालाई राजदरबारमा प्रवेश गराउन खोज्दा राजा महेन्द्रले चेतावनी दिँदै सम्झाइबक्सेको थियो तिमिले चिरनलाई माया गरेर दरबारमा ल्याउन खोजेका छौ तर राणाहरुसँग रगतको सम्बन्ध भएका थापाहरुको कहिल्यै विश्वास नगर्नु, कुनै पनि बेला धोका दिन सक्छन् ।

परिचयमा शिक्षादीक्षा हासिल गरेका चिरनलाई राजा वीरेन्द्रले निकै पुलपुल्याइबक्स्यो । तर नारायणहिटी हत्याकाण्ड हुँदा चिरनलेद दुई थोपा आँसु झरेनन् । थापाहरु दरबारप्रति विश्वासपात्र हुन सक्दैनन् भन्ने ठहर गरेर नै षड्यन्त्र थापालाई राजा महेन्द्रले दरबारमा प्रवेश निषेध गरेका थिए । गाउँबाट आएका सोझा व्यक्तिहरु दरबारप्रति जति इमानदार हुन्थे, सुविधा सम्पन्न र षड्यन्त्रको पृष्ठभूमिमा हुर्केका व्यक्तिहरु त्यति नै खतरनाक हुन सक्छन् भन्ने बझेर राजा महेन्द्रले निकै सतर्कता अपनाएको देखिन्छ ।

राजदरबारमा राजाको भन्दा प्रभाव रानीको बढी थियो भन्ने कुरा मैले विगतका लेखहरुमा समेत पाठकहरूलाई निवेदन गर्दै आएको छु । प्रत्येक हप्ता एक दिन राजदरबारमा महारानीको आयोजनामा भोज हुने गर्थ्यो । त्यसमा रानीका माइती पक्ष, चाकरीबाज र राणा परिवारका व्यक्तिहरु आउने गर्थे । उनीहरुको विभिन्न व्यक्तिसँग लाखौं रुपैया खाएर मन्त्री, अन्चलाधीस, राजदूत, प्रजिअ, महाप्रबन्धक आदि बनाउने र सेना तथा प्रहरीमा पदोन्नति एवं सरुवा गराउने वचन दिएर आएका हुँदा रहेछन् । महारानी ऐश्वर्यमार्फत त्यस्तो काम गराएर अयोग्य र भ्रष्टचारीलाई सेना, प्रहरी र प्रशासनमा बलियो बनाइन्थ्यो । त्यसले राजाको बदनामी मात्र हुने थिएन, राज्य नै कमजोर हुने खतरा थियो ।

नारायणहिटी हत्याकाण्डपछि राजसंस्था नै गर्ल्यामगुर्लुम ढलेको सबैले देखे । तर त्यो भित्रभित्रै मक्किइसकेको धेरैले मात्र देखेका थिए । रणबहादुर शाहदेखि चल्दै आएको विकृति र विसंगती दरबारमा व्याप्त थियो । योग्य मानिसभन्दा चाकडीबाजीलाई प्राथमिकता दिनु नातागोता र पैसाको बलमा काम गर्नु अनि स्वाभिमानलाई [illegible] दरबारको नियति नै बनेको थियो ।मैले दरबारमा काम गर्दा पीएचडी गरिसकेको थिएँ । तर मेरा हाकिम नारायणप्रसाद श्रेष्ठले मलाई दुःख दिन स-साना र स्तरहीन काम लगाएर हैरान गरिरहन्थे । मधुसुदन राजभण्डारी जस्ता राजापरस्तीको सम्पत्ति हेरचाह गर्ने व्यक्ति अर्बपति भए भने तत्कालीन अधिराजकुमार धीरेन्द्रकी छोरी अहिले पनि दरबारमार्गमा साडी बेचेर बसेकी छन् ।

दरबारभित्रको अन्तर्कथा हत्तपत्ति बाहिर नआउने हुँदा धेरैलाई त्यहाँको षड्यन्त्र, जालझेल, छक्कापन्जा थाहा हुँदैन । दक्षिण भारतको बेंगलोरमा सार्क सम्मेलन हुँदा राजा वीरेन्द्र र रानी ऐश्वर्यले तिरुपति बालाजी मन्दिरको दर्शन गरिबक्सेको थियो । एक दिन करोडौं रुपैयाँ भेटीका रुपमा चढाइने सो मन्दिरलाई व्यवस्थित गर्न बनेको तिरुपति गुठी विश्वप्रसिद्ध छ । सोही गुठीको नक्कल गर्दै महारानी ऐश्वर्यले पशुपति सेवा विकास कोष गठन गरेर त्यसको अध्यक्ष भएपछि हिन्दुहरुको आराध्यदेव पशुपतिनाथ पनि विवादमा परे । पशुपतिनाथकै मूल भट्ट वा हिन्दु धर्मको आद्योपान्त बुझेको विद्वानलाई सो पद जिम्मा दिएको भए राम्रो हुन्थ्यो तर महारानी आफैले समाज कल्याण परिषद र पशुपति क्षेत्र विकास कोषको नेतृत्व हातमा लिएपछि करोडौं रुपैयाँ उठाएर त्यसको दुरुपयोग गरिए ।

भरतकेशर सिंह जस्ता अहोरात्र जँडमा डुबेका व्यक्तिहरु विश्व हिन्दु महासंघमा अध्यक्ष भए भने राजालाई भारतका चण्डाल हिन्दू पण्डाहरूले आफ्ना अनुयायी बनाएर नेपालीहरुमा व्याप्त धार्मिक सद्भावलाई संकुचित बनाउन खोजेको देखियो । राजा सबैका साझा भन्ने मान्यतालाई कमजोर बनाउँदै विभिन स्वार्थी तत्वले राजसंस्थाका नाममा मनपरी गरिरहे । महारानी र उनका हजुरियाहरूले समानान्तर सरकार चलाउन खोजे । राजा विरेन्द्रलाई पूर्णत सहयोग गर्ने दरबारभित्रका व्यक्तिहरु अन्तराष्ट्रिय तत्व जस्ता ठहरिन थाले । २०२८ सालदेखि राजदरबारमा निरन्तर सेवा गरेर प्रमुख सैनिक सचिवबाट रिटायर्ड भएका ऋषिकुमार पाण्डेजस्ता व्यक्तिहरूलाई [illegible] दिन थालियो । राजा विरेन्द्रको सहानुभूति र माया भए पनि उनीहरु त्यहीं धेरै वर्ष टिक्न सकेनन् । राम्रो शिक्षा दिक्षा र तालिम पाएका पाण्डे जस्ता व्यक्ति राजदूत हुन सक्थे तर रानीले नरुचाएपछि राजाको केही लागेन । सच्चितशमशेर जबरा, ऋषिकुमार पाण्डे, डा. चेतबहादुर कुँवर आदि राजा वीरेन्द्र प्रति मात्रै इमान्दार व्यक्तिहरूलाई महारानीले एउटा आँखाले पनि हेर्न नचाहेको हामी बुझ्न सक्थ्यौं ।

पदम ठकुराठी माथि भएको आक्रमणको चर्चा गर्दा तत्तिबेला डीबी लामा आइजीपी थिए भने अर्जुननरसिंह राणा कमाण्डर इन चिफ थिए । भरतकेशरी लगायतका स्वार्थी गुटले डीबी लामा र भरत गुरुङ जस्ता व्यक्तिहरूलाई प्रोत्साहन दिइरहेको मैले पाएँ । बुढानीलकण्ठको पढाइ सकेर युवराज दीपेन्द्रलाई बेलायत पठाउँदा उनको हेरचाह गर्न भरतकेशरीलाई राजदुत बनाएर पठाइएको थियो । कुटनीतिक मर्यादा र शिष्टाचारको उल्लंघन गर्दै उनले त्यहीं बसेर करोडौं रुपैयाँको पासपोर्ट बेचे । राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा उनले सेनाको मेजर जनरलको धाक लगाएर सुन तस्करी गरेको कुरा सैनिक गुप्तचरहरु बताउँछन् । नाताले मेरो भाई पर्ने एकजना सैनिक गुप्तचर त्रिभुवन विमानस्थलमा काम गर्थे । उनी भन्छन् - भरतकेशर लगायतका धेरै कथाकथित राजभक्तहरूले राजाका नाममा बदमासी गरे ।

पञ्चायतकालमा तराईमा गाजा बेच्ने एउटा ठूलो गिरोह राजदरबारसम्म पहुँच बनाउन सफल भएको थियो । राजा विरेन्द्र र उनका सच्चा सहयोगीहरु लागुपदार्थ, चेलीबेटी बेचबिखन, मूर्ति चोरी आदि रोकेर नेपालको छवि स्वच्छ बनाउन चाहन्थे भने दरबारभित्रको एउटा गुटले त्यस्तै अवैध पेशाबाट हरेक महिना करोडौं रुपैयाँ कमाइरहेको थियो । रानीका माइतीपक्ष, भाइभारदार, केही एडीसीहरु र आजीवन शाही पार्श्ववर्ती हुने सौभाग्य पाएका भरतकेशरी लगायतका मानिसहरूले राजा विरेन्द्रलाई बदनाम गरिरहेका थिए । माथिल्लो दर्जाका कतिपय सचिवहरु बदनाम भए पनि तल्लो तहका कर्मचारीहरु इमान्दार थिए चियाखाजा खाँदा उनीहरु त्यहाँको विकृति विसंगतिबारे खासखुस गर्ने गर्थे । राजालाई इमान्दारीतापूर्वक सहयोग गर्ने ऋषिकुमार लगायतको गुटलाई कांग्रेस समर्थक भन्ने आरोप लगाएर शान्तकुमार, तारबहादुर थापा, रविशमशेर आदि र तिनका समर्थकहरूले महारानीको पक्षमा काम गरिहेको मैले देखें ।

एकपटक राजा विरेन्द्रले प्रधानमन्त्री मरिचमान सिंहलाई निर्देशन दिइबक्सेको कुरा निकै चर्चामा आयो । 'प्रधानमन्त्री तिमीले नियम, कानून र संविधान अनुसार मात्रै गर्नु महारानी र मेरा भाइहरूले भने पनि कुनै कुरा नमान्नु । समस्या परे मलाई सोध्नु ।' एकपटक विवाहको भोजमा मैले पूर्व प्रम मरिचमान सिंहलाई यसबारेमा चर्चा गर्दा रक्सी खाएको सुरमा उहाँले धेरै कुरा खोल्नुभयो । दरबारमा राजा विरेन्द्र एक्लो परेको र उहाँलाई दरबारभित्रकै व्यक्तिहरूले सताइरहेको मरिचमानको भनाई थियो । उहाँले भन्नुभयो - वास्तवमा राजा विरेन्द्र साह्रै सरल, प्रजातन्त्रवादी र उदार होइबक्सन्थ्यो तर महारानी लगायत दरबार भित्रको गुटले उहाँलाई दुःख दिइरह्यो । मानसिक यातना सहन नसकेर होला राजालाई मुटुको रोग लाग्यो ।

विकृति, विसंगति र व्यक्तिगत स्वार्थबाट दरबार मात्र होइन, राजनीतिक दलहरु पनि मुक्त रहेनन् । जो शक्तिशाली भए पनि आफ्ना मानिसहरूलाई मात्र काखी च्याप्ने प्रवृत्ति बढ्दै जाँदा प्रजातन्त्र बदनाम भयो । क्रान्तिको पृष्ठभूमिबाट आएका माओवादी नेताले पनि प्रधानमन्त्री भएपछि कार्यालय र निवासमा आफ्ना परिवारका ३०-४० जनालाई जागिर खुवाए भने हिजो भोकभोकै लड्ने छापामारहरु उपेक्षित भए । नेपालमा राष्ट्र जनतको हितलाई शिरोधार्य गर्ने सही नेता नपाउँदा जनताले अहिले पनि राजा विरेन्द्रलाई नै सम्झन थालेका छन् । इतिहासले पाठ सिकाउँदा सिकाउँदै पनि दलहरूले आफ्ना कमी कमजोरी सुधार्न सकेनन् भने उनीहरु ठूलो दुर्घटनामा पर्न सक्ने देखिन थालेको छ । - यो लेख इतिहासले नखोजेको इतिहासबाट साभार गरिएको हो ।

Antarjilla Weekly राष्ट्रिय साप्ताहिक
वर्ष : ८ अङ्क : २६ सोमबार, २५ पौष २०७३ Monday, 9 January 2017 पृष्ठ : ८

लोकमान अयोग्य ठहर

लोकमान पदमुक्तपछि के होला भ्रष्टचारीहरुको फाइल ?

काठमाडौं/ सर्वोच्च अदालतले आइतवार अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीलाई पदमुक्त गऱ्यो । कार्की अख्तियारका लागि अयोग्य भएको पुष्टी गर्दै अदालतले पदमुक्त गरिदियो । कार्कीको वर्खास्तगीसँगै उनले गरेका काम कारवाही अव के हुने भन्ने प्रश्न धेरैले उठाएका छन् । सर्वोच्च अदालतको यो फैसलाले कार्की त पदमुक्त भए नै, यसले अव के हुन्छ भन्ने तरङ्ग पैदा गरेको छ। यो फैसलाले एकखालको वहसको थालनी गरेको छ । जसबाट अयोग्य ठहरिएका लोकमानसिंह कार्कीमाथिमात्रै होईन समग्र नेपालको संवैधानिक र राजनीतिक क्षेत्रमाथि नै प्रश्न खडा गरेको छ।

विषयको गाम्भीर्यतालाई हेर्ने हो भने अधिवक्ता ओमप्रकाश अर्यालले २०७१ असोज ८ गते अख्तियार प्रमुखका रुपमा कार्की अयोग्य रहेको भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । तर उनको रिट सर्वोच्चले खारेज गरेको थियो । सर्वोच्चको फैसला विरुद्ध प्राप्त पुनरावलोकनको निस्सा प्रयोग गर्दै २०७२ मंसिर ९ गते अधिवक्ता ओमप्रकाश अर्यालले पुनरावलोकन दर्ता गरेका थिए । सोही पुनरावलोकनले सर्वोच्चकै फैसला उल्टाएर लोकमानसिंह कार्कीलाई अयोग्य ठहर गऱ्यो।

सर्वोच्चको फैसलाअनुसार लोकमानको नियुक्ति सेवा अवधि नपुगेको र उच्च नैतिक चरित्र नभएको भन्ने उल्लेख छ । त्यसमध्ये उनको सेवा अवधि हेर्दा २०४१ साउन ९ मा राजप्रासाद सेवा अन्तर्गत राजसभाको उपसचिव पदमा नियुक्त भई र २०४७ असोज १८ गतेसम्म काम गरेका थिए । तर नेपालको अन्तरिम संविधानको धारा ११९ ९५० ग मा उल्लेख भए अनुसार लेखा, राजस्व, इन्जिनियरिङ, कानुन, विकास वा अनुसन्धानको क्षेत्रमा २० वर्ष हुनुपर्ने भएकाले उनको सेवा अवधी नपुगेको फैसलामा उल्लेख छ । यसैगरि दोस्रो रायमाझी आयोगको प्रतिवेदनले लोकमानसिंह कार्कीलाई पदबाट बर्खास्त गर्न स्पष्टिकरण सोध्ने लगायतका कारवाही प्रक्रिया अघि बढाईसकेकाले निजलाई उच्च नैतिक चरित्र नभएको फैसला गरेको छ।



यो फैसलाले लोकमानसिंह कार्कीको नियुक्ति बदरसँगै उनले गरेको कारवाही के हुन्छ भन्ने जिज्ञासा आम मानिसमा यतिबेला छ । यो फैसलाले स्वभाविक रुपमा अन्तरिम संविधान २०६३ को धारा ११९ को उपधारा ५ को ग र ङ अनुसार मिति २०७० वैशाख २२ को संवैधानिक परिषद्को निर्णय रद्द हुनेछ भने अन्तरिम संविधान २०६३ को धारा ११९ को उपधारा ५ को देहाय ग र ङ बमोजिमको २०७० वैशाख २५ मा सम्माननीय राष्ट्रपतिबाट गरिएको नियुक्ति बदर भएको छ । लोकमानसिंह कार्कीलाई गराइएको प्रमुख आयुक्त पदको सपथ निजलाई नियुक्ति गर्दाका सन्दर्भमा भएका काम कारवाहीहरु समेत सर्वोच्चका फैसलाले खारेज गरेको छ।

तर यो फैसलाले स्पष्ट नगरेको र जनमानसमा जिज्ञासा रहेको अहिलेको महत्वपूर्ण विषय अहिलेसम्म लोकमानको तलब सुविधा

बाँकी पृष्ठ ४ मा

भ्रष्टचारीहरुको फाईल ....

उनले थालेका मुद्दा र कारवाही साथै अयोग्य व्यक्तिको नियुक्ति के होला भन्ने जिज्ञासा छन् । यसवाहेक अख्तियारमा अब के हुन्छ भन्ने विषयले पनि छलफलको विषय पाएको छ यतिबेला !

स्वाभाविक रुपमा [illegible] व्यवस्थाले लोकमानलाई नियुक्ति गर्ने निकाय अर्को भएकाले उनी यो अवधिमा काम गरे बापतको तलब सुविधाको विषयमा पुनर्विचार गर्ने [illegible] या अरु सोच्ने ठाउँ नै नरहने [illegible], अधिवक्ता [illegible] घिमिरे [illegible] सवैधानिक [illegible] कार्कीको नियुक्ति गरेको र [illegible] नियुक्ति बदर गरेकाले [illegible] परिभाषित गरेको खण्डमा अख्तियारमा अब आउने नेतृत्वले फिर्ता लिने, उल्टाउने वा खारेज गर्ने सम्भावाना भने निकै छ । यस अर्थमा अब आउने अख्तियार प्रमुखको योग्यता चरित्र र भूमिकाले महत्वपूर्ण अर्थ राख्ने अनुमान छ।

लोकमानसिंह कार्की पुरै पदमुक्त भइसकेको अवस्थामा अब उनी अख्तियारमा फर्कने भन्ने सवाल नै उठ्दैन । मिडिया, सामाजिक सञ्जाल वा विभिन्न फोरममार्फत समयसमयमा भ्रष्टाचारीको [illegible] घोषणा गरेका लोकमानले यो विषयलाई भने अब उठाउँछन् कि दबाउँदैनन् भन्ने आम [illegible] छ । [illegible] कार्यकालको [illegible] फुकाल्ने छन् यो भने अनुमान लगाउन बाँकी छ।

सर्वोच्च अदालतले परमादेश दिँदै संविधान बमोजिम योग्यता पुगेका व्यक्तिलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त पदमा सिफारिस र नियुक्ति गर्न संवैधानिक परिषद् र सम्माननीय राष्ट्रपतिको कार्यालयको नाममा आदेश जारी गरेको छ । अब लोकमानको समग्र अख्तियारका [illegible] । सर्वोच्च अदालतले गरेको पुनरावलोकन नै अन्तिम हुने भएकाले अब उनले पुनः पुनरावलोकन माग गर्न पाउने छैनन् । उनी अयोग्य ठहर भई अख्तियारबाट निकालिएका छन् । अब [illegible]



अन्तर्जिल्ला
Antarjilla Weekly

विविध/समाचार

सोमबार, २५ पौष २०७३
Monday, 9 January 2017

दरबार हत्याकाण्डबारे केही प्रश्न

○ वी.एस. लामा

एनेकपा माओवादीका अध्यक्ष प्रचण्डले व्यक्त गरेका विचारमा राजा विरेन्द्रको निकै प्रशंसा गरेको पाइएको छ। राजा विरेन्द्रको हत्याकांण्ड विदेशी षडयन्त्रका कारण भएको र राष्ट्रियताको प्रश्नमा अडिग रहेका कारण उनी मारिएको प्रचण्डले बताएका छन्।

कतिपय चिनियाँ विश्लेषकहरुले पनि त्यस्तै अभिव्यक्ति दिएका थिए। वि.सं. २०५८ साल जेठ १९ गते साँझ नारायणहिटी राजदरबारमा भएको विभत्स र हृदयविदारक घटनामा तत्कालिन राजा वीरेन्द्र, महारानी ऐश्वर्य र राजपरिवारका ११ जना सदस्य तथा नातेदारहरु मारिएका थिए। तर, सो घटना कसरी भयो भन्ने कुरा अहिलेसम्म रहस्यकै पर्दाभित्र लुकेको छ।

मैले झण्डै दुई दशकसम्म राजदरबारभित्र अधिकृतका रुपमा काम गर्ने मौका पाएँ। त्यसैले हत्याकाण्डका बारेमा आफुलाई लागेका र देखेका कुराहरु यस लेखमा उल्लेख गर्न चाहान्छु। धेरैलाई दरबारभित्रको सुरक्षाबारे थाहा नहुँदा निराधार हल्लालाई समेत समाचार बनाइएको देखियो। राजदरबारभित्र सुरक्षाका तीन वटा घेरा हुन्थे। पहिलो घेरामा तत्कालिन शाही नेपाली सेनाका जिम्मेवार अधिकृत र जवानहरु रहन्थे भने दोस्रो घेरामा सैनिक प्रहरी हुने गर्थे। राजा र, राजपरिवारका सदस्यहरुका अंगरक्षक तेस्रो घेरामा रहन्थे। त्यसको सञ्चालन राजाका प्रमुख सैनिक सचिवले गर्ने गर्थे। प्रमुख सैनिक सचिव रहेका विवेक शाह त्यतिबेला राजाका प्रमुख सुरक्षा सल्लाहकार नै थिए। यस्तै आजीवन शाही पार्श्ववर्तीको सम्मान पाएका शान्त कुमार मल्ल पनि सुरक्षाका प्रमुख जिम्मेवार व्यक्ति थिए। तर, नारायणहिटी हत्याकाण्ड भएपछि उठेका प्रमुख प्रश्नहरुको सही उत्तर दिने काम ती सुरक्षा प्रमुखहरुले पनि गर्न सकेनन्।

राजदरबारभित्र एउटा गोली चल्दा पनि त्यहाँ भित्रका सैनिकहरु [illegible] बस्ने गर्थे। सैनिक प्रहरी सतर्क हुने गर्थे। एउटा एडीसीहरु बीच छलफल हुन्थ्यो। मलाई सम्झना छ छलफल भएको थियो। दरबार भित्र कुनै विस्फोटको आवाज आयो भने चारै ढोकाहरु बन्द हुन्थ्ये। कोही ओहोर दोहोर गर्न पाउँदैनथे। सेनाको भाषामा भन्नुपर्दा 'स्ट्यान्ड टु' आदेश लागु हुन्थ्यो। सुरक्षा सम्बन्धी लापरवाही भएका सम्बन्धित अधिकृतहरुले कडा दण्ड भोग्नु पर्थ्यो।

सुरक्षासँग सम्बन्धित व्यक्तिहरुको लिष्ट र दरबारमा आउने जानेहरुको नामावली प्रमुख सैनिक सचिवालय लगायत महत्वपूर्ण ठाउँमा पुग्ने गर्दथ्यो। नारायणहिटी हत्याकाण्ड हुँदा काठमाडौंको पाँचतारे होटलबाट खाना मगाइएको भएपनि सो खाना लिएर कति मानिस त्यहाँ आए र कति मानिस फिर्ता गए भन्ने कुरा कतै रेकर्डमा देखिएन। राजाको वंश नै समाप्त हुने गरी दरबारभित्र हत्याकाण्ड भइसक्दा पनि चारै दिशाका ढोकाहरु खुला थिए। तर हत्या काण्ड हुनुभन्दा केही मिनेटसम्म बन्द रहेका ती ढोका कसको आदेशमा खुल्यो राजा, रानी लगायत धेरैको ज्यान गइसक्दा मुमा बडामहारानी रत्नराज्य र अधिराजकुमारी हेलेन जस्ता केही वरिष्ठ सदस्य मात्र जीवित रहेको थाहा भयो।

बाहिरबाट आएका पाहुनाहरु अधिकांश मारिएका थिए। अधिराजकुमार विरेन्द्रका ज्वाइँ राजीव शाहीले डाक्टरलाई फोन गरेर यथार्थ जानकारी गराएको कुरा दरबार हत्याकाण्ड सम्बन्धी आयोगलाई दिएको बयानमा उल्लेख गरेका छन्। तर राजाका प्रमुख चिकित्सक डा. खगेन्द्रबहादुर श्रेष्ठ किन समयमा आइपुगेनन्? के उनलाई खबर गरिएन? गोलीले क्षतविक्षत भएका राजारानीलाई दरबार नजिकैको वीर अस्पताल नलगेर झण्डै आठ किलो मिटर टाढा पर्ने छाउनीको सैनिक अस्पताल किन लगियो? बाहिनीका अधिकृतहरुले बाहिनीपतिलाई किन खबर गरेनन्? अवारका ड्युटी अफिसरहरु कहाँ गएका थिए? प्रमुख सैनिक अधिकृतहरु कहाँ थिए? नेपाल टेलिभिजनबाट सञ्चालित [illegible] सिरियल आइरहेका बेला सामान्य भन्दा ठुलो आवाजमा टेलिभिजन खोलेर दरबारका सुरक्षाकर्मीहरुले गोलीको आवाज [illegible] राख्नु पर्थ्यो वा पर्दैनथ्यो? यस्ता धेरै प्रश्नको उत्तर अझै पनि रहस्य भित्रै छ। त्यसैले नारायणहिटी हत्याकाण्डबारे नेताहरुले प्याच्च बोल्नुभन्दा अगाडि सो घटनाको पृष्ठभूमि र त्यससँग सम्बन्धित सबै षडयन्त्रको विश्लेषण गर्नु आवश्यक छ।

मुम्बइको एउटा पाँचतारे होटेलमा विदेशी आतंकवादीले प्रवेश गरेर केही व्यक्तिको हत्या गर्दा सो घटनाबारे छानविन गर्न भारतीय गुप्तचर संस्था 'र' ले अमेरिकी गुप्तचर संस्था सिआईए' सँग सहकार्य गरेको थियो। राजदरबार हत्याकाण्डमा नेपालका विशिष्ट व्यक्तिहरुले किन त्यस्तो प्रस्ताव ल्याएनन्? सुरक्षा सम्बन्धी [illegible] ज्ञान नै नभएकान पूर्वप्रधानन्यायाधिश र पूर्व सभामुखलाई जाँचबुझ आयोगमा राखेर कानूनी ढगले मात्र त्यसको विश्लेषण गरियो। तर सुरक्षाका बारेमा गहिराईसम्म पुगेर छानविन गर्न त्यसबारे राम्रो जानकारी भएका व्यक्तिहरु त्यसमा परेनन्।

दरबार हत्याकाण्ड हुँदा सैनिक प्रहरीका कमाण्डरहरु कहाँ थिए? शाही रक्षकहरु कहाँ थिए? ड्युटिमै बस्ने पर्ने मानिसहरुको समयमै किन सो घटना रोक्न सकेनन्? खडा आदेशका पालना किन भएन? जस्ता प्रश्नहरुको थप प्रश्न जन्माउँछन्।

पूर्व प्रहरी महानिरीक्षक डीबी लामाले घटना र विचार पत्रिकामा दिएको अन्तर्वार्तामा एक पटक भनेका थिए - 'मेरो अहित चिताउनेहरुको नारायणहिटी हत्याकाण्डमा सर्वनाश नै भयो।' संसारले नै चिन्ता र त्रासो व्यक्त गरेको सो घटनाबारे कुनै पनि नेपालीले खुशी व्यक्त गरेका छैनन्। राजतन्त्रका कट्टर विरोधी माओवादी नेताहरुले समेत राजा विरेन्द्रको हत्या हुँदा चिन्ता र दुःख व्यक्त गरे। अब प्रश्न उठ्छ - राजदरबार हत्या काण्ड हुँदा खुसी व्यक्त गर्नेहरु को थिए र [illegible] सो घटनामा संलग्न थिए कि थिएनन्?

राजदरबार भित्र राजा विरेन्द्रलाई [illegible] गर्न खोज्ने [illegible] शक्तिशाली थियो। [illegible] भ्रष्टाचारको [illegible] नाम पुस्तकमा राजदरबार भित्र राजा [illegible] आरोप लगाएका छन्। अरबौंको भ्रष्टाचार, तस्करी, अख्तियार दुरुपयोग र सुनकाण्ड लगायतका अपराधमा मात्र होइन, पत्रकार पद्म ठकुराठीको हत्या गर्न खोजेको अभियोग प्रमाणित भएपछि पक्राउ परेका डीबी लामाले आफ्नो बयानमा शान्त कुमार मल्ललाई भाकुले १० लाख रुपैयाँ घुस दिएको र महारानीकी आमालाई पाँच लाख रुपैयाँ दिएको उल्लेख गरेका छन्। राजा विरेन्द्रलाई कमजोर बनाएर फाइदा लुट्ने समुहको प्रमुख व्यक्ति भनेर चिनिएका शान्तकुमारसँग डीबी लामाको घनिष्ट सम्बन्ध रहेको र नारायणहिटी हत्याकाण्डपछि डीबी लामाले मेरो अहित चिताउनेहरुको नारायणहिटीमा सर्वनाश भयो भनेर खुशी व्यक्त गर्नुका पछाडी केही रहस्य र तालमेल अवश्य छ कि भन्ने प्रश्न उत्पन्न हुन्छ।

इतिहासको खोजी र विश्लेषण गर्ने काम पत्रकार, इतिहासकार र अनुसन्धानकर्ताहरुको हो। राजदरबारमा खटिएका अधिकांश एडीसीहरु महारानी ऐश्वर्यका प्रियपात्र थिए र महारानीले नै छानेका मानिसहरु थिए भन्ने कुरा जगजाहेर छ। त्यसैले उनीहरु राजा विरेन्द्र भन्दा पनि महारानी ऐश्वर्यप्रति बढी बफादार थिए। राजा विरेन्द्रका मानार्थ एडीसी भरतकेशर सिंहका छोरा अनन्तकेशर सिंह, मोतिलाल बोहोराका छोरा गजेन्द्र बोहोरा, सुन्दरप्रताप रानामगर लगायतका व्यक्ति मात्र होइन, प्रमुख सैनिक सचिव विवेक शाह पनि महारानी ऐश्वर्यले छानेका व्यक्ति हुन्। त्यसैले दरबारका प्रमुख सुरक्षा अधिकृत र तिनका सहायकहरु महारानीको गुटप्रति बफादार भएको मैले पाएँ।

दरबारमा रहेका कतिपय सचिवहरु भ्रष्टचारी, तस्कर, उद्योगपति व्यापारी लगायत धनीमानीहरुसँग लाखौं रुपैयाँ लिएका गोरखादक्षिण बाहु लगायतका धनीमानीहरुसँग लाखौं रुपैयाँ लिएर गोरखादक्षिण बाहुलगायतका विभुषणका सिफारिस गर्थे। राणा परिवारसँग नजिकै रहेका व्यक्तिहरु र तिनका प्रभावशाली नातागोताले पटक पटक विभुषण, ठेक्कापट्टा र बकस पाउने गरेको मैले देखे। शान्तकुमार मल्लले नेपाल प्रहरीको सम्पूर्ण गतिविधि हेर्न गर्दा ठूलो भ्रष्टाचार र पक्षपात भएको गुनासो आएपछि राजा विरेन्द्रले उनको ठाउँमा दरबारका जिम्मा दिएका थिए। सरल स्वभावका राजा विरेन्द्र कसैलाई अन्याय नहोस् र प्रजातान्त्रिक ढंगले विधिको शासन चलोस् भन्ने चाहन्थे। डीबी लामाले कैयन् व्यक्तिहरुलाई प्रहरीको उच्च पदबाट खोसेर विचलित गराउँदा दरबारका सैनिक सचिव रहेका ऋषिकुमार पाँडेले राजा विरेन्द्र समक्ष यथार्थ कुरा जाहेर गरेर पुनः ती इमान्दार अधिकृतहरुलाई [illegible] गराएको अहिले पनि मलाई सम्झना छ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन सार्कको काठमाडौंमा हुने सम्मेलन आयोजना गर्ने क्रममा तत्कालिन मन्त्रिपरिषद्ले ४० करोड रुपैयाँ सुरक्षा खर्च लाग्ने सिफारिस गर्यो। त्यसबापत करोडौं रुपैयाँ कमिशन खान दरबारभित्रको एउटा गिरोह तयार भइसकेको थियो। तत्कालिन प्रधानसेनापति सच्चितशमशेर जबरा र प्रमुख सैनिक सचिव ऋषिकुमार पाँडेले गृहकार्य गरेर त्यति धेरै खर्च नचाहिने र चार पाँच करोड भए पुग्ने कुरा राजा विरेन्द्रलाई अवगत गराए। उनीहरुको योजनाअनुसार त्यहीँ बजेटभित्र सार्क सम्मेलनको सुरक्षा व्यवस्था मिलाइयो। सुरक्षाका नाममा ४० करोडसम्म छुट्याएर फाइदा लिन खोज्ने गिरोहले पाँडे र राजाका विरुद्ध दुष्प्रचार शुरु गर्यो। राज्यकोषबाट करोडौं खर्च हुन नदिँदा ती अधिकृतहरुलाई पुरस्कृत गर्नुपर्नेमा उल्टो दुष्प्रचार हुँदा पनि त्यसबारे कुनै छानविन भएन। राजदरबार भित्र भएका विकृतिका यस्ता धेरै उदाहरणहरु छन्, जुन कुरा स्थान अभावले गर्दा यहाँ उल्लेख गर्न असम्भव छ।

नारायणहिटी राजदरबार हत्याकाण्डको यथार्थ छानविन गरेर [illegible] कुरा बाहिर ल्याउन सक्ने हो भने अहिले पनि समय बाँकी नै छ। इतिहासले पटकपटक कोट्याइ रहने प्रश्नहरुका उत्तर खोज्ने हो भने संयुक्त राष्ट्रसंघको पहलमा अन्तर्राष्ट्रिय गुप्तचर संस्थालाई समेत सामेल गराएर दरबार हत्याकाण्डको रहस्य खोतल्न सकिन्छ भन्ने मलाई लाग्छ। सो घटनाका दोषीहरु पत्ता लगाउन सकेमा नेपाल विरुद्ध षडयन्त्र गर्ने र राष्ट्रियतालाई कमजोर बनाउन खोज्ने व्यक्ति र प्रवृत्ति दुवैको वास्तविक अनुहार बाहिर ल्याउन सकिन्छ। के त्यसमा [illegible] राजनीतिक दलका नेताहरु, नागरिक समाज र [illegible]

५ अन्तरजिल्ला Antarjilla Weekly विविध/समाचार सोमबार, १८ पौष २०७३ Monday, 2 January 2017

म्झनामा राजा विरेन्द्र : अझैसम्म रहस्यमय दरबार हत्याकाण्ड

○ कृष्ण सिंह धामी

स्वर्गीय राजा विरेन्द्रको वंश नाश हुनेगरी वीभत्स हत्या भएको १५ वर्ष पुगेको छ । जेष्ठ १९ गते ०५८ साल जेठ १९ गते शुक्रबार साँझ राजदरबारमा भएको वीभत्स हत्या अहिले पनि रहस्यमय नै बनेको छ । राजपरिवारका सदस्यहरु एकै ठाउँमा भेला भएको बेलामा भएको हत्याकाण्डमा तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, निराजन, राजकुमारी श्रुतीसहित १० जनाको मृत्यु भएको थियो । हत्याकाण्ड कसले गराएको हो, त्यसको रहस्य भने अझै खुल्न सकेको छैन । वीरेन्द्र शाहकै जेठा छोरा दीपेन्द्र शाहले घरायसी बेमेलका कारण गोली चलाएको भन्ने प्रतिवेदन सार्वजनिक गरिएपनि धेरैले यसलाई विश्वास गर्न सकेका छैनन् ।

नेपालको दशौं शाहवंशीय राजा विरेन्द्रको हत्या काण्डको विषयमा छानविन गर्नुपर्छ भनेर वर्तमान गृहमन्त्री विमलेन्द्र निधीले बताईरहेका छन् । केही दिन पहिले बसेको मन्त्रीपरिषद बैठकमा गृहमन्त्री निधीले दरबारहत्या काण्डको विषयमा छानविन गर्नुपर्छ भनेर कुरा राखे । उनको कुरामा केही समय प्रधानमन्त्री तथा मन्त्रीपरिषद्का सदस्यहरुबीच छलफल मात्र भयो । तर त्यसले केही निष्कर्ष गर्न सकेन ।

राजा वीरेन्द्र र उनका परिवारको त्यो कहालिलाग्दो घटना आज पनि रहस्यमय बन्नुको विभिन्न कारण रहेको छ । जानकारहरुका अनुसार दरबार हत्याकाण्डको भारतीय गुप्तचर निकायको हात रहेको बताउँछन् भने कोही अन्य विदेशी शक्तिको हात रहेको भन्छन् ।

दिवंगत राजा वीरेन्द्र र उनका परीवारको वीभत्स हत्या कसरी भयो त त्यो हृदयविदारक घटना ? समयको अन्तरालमा दरबार हत्याकाण्डलाई लिएर अनेकौं कोणबाट चर्चा-परिचर्चा एवम् मिथ्या आरोप थुपार्ने अनावश्यक विवाद उब्जाउँदै राजदरबार हत्याकाण्डलाई आ-आफ्नै ढंगले व्याख्या गर्ने गरिएको पनि छ । हत्याको घटनालाई दलका तत्कालिक प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा एमाले नेता माधव नेपालले देशलाई संक्रमणकाल र अस्थिरताबाट जोगाउन राजा ज्ञानेन्द्रलाई २०४७ सालको संविधानअनुसार राजाको रूपमा स्थापित गरी राजसंस्थालाई निरन्तरता दिए । राजदरबार हत्याकाण्ड भएको सात दिन नपुग्दै नयाँ शक्ति नेपालका संयोजक तथा तत्कालिन माओवादी नेता डा. बाबुराम भट्टराईले जेठ २४ गते कान्तिपुरमा एक लेख छपाएर दरबार हत्याकाण्डमा राजा ज्ञानेन्द्रको हात छ भनेर प्रकाशित गराए । त्यो लेखले नेपाली समाजमा ठूलो भ्रम खडा गर्‍यो । वास्तवमा भारतीय दूतावासस्थित भारतीय गुप्तचर संस्था 'रअ' का प्रमुख र बाबुराम भट्टराईको सुमधुर सम्बन्ध कायम रहेकाले यिनै 'रअ' प्रमुखको सल्लाहमा बाबुराम भट्टराईले राजा ज्ञानेन्द्रलाई आरोप गरेर उक्त लेख लेखेका थिए । किनकि 'रअ' प्रमुख हर्मिज र बाबुराम भट्टराई दुवै क्याथोलिक भएकाले यी दुईबीचमा राम्रो सम्बन्ध थियो ।

त्यसपछि कस्तो हंगामा मच्चियो भने दरबार हत्याकाण्डमा राजा ज्ञानेन्द्र र पारसलाई दोष थोपरेर अरूले पनि आफूखुसी लेख्न थाले । यसरी राजा ज्ञानेन्द्रप्रति आरोप लगाएर भारतीय सञ्चारमाध्यमले पनि लेख्न थाले । यसले व्यापकता पाएपछि नेपाल हेर्ने 'रअ' प्रमुख बढुवा भएर भारतीय गुप्तचर संस्था 'रअ' को प्रमुखमा नियुक्त भए भने आलोक जोशी 'रअ' को नेपाल हेर्ने गुप्तचर प्रमुख बने ।

त्यसपछि योजनाबद्ध रूपले माओवादीलगायत कांग्रेस, एमालेका नेताहरू 'रअ' को माध्यमबाट दिल्ली दरबार धाएर बाह्रबुँदे सहमतिमा हस्ताक्षर गरेर प्रायोजित जनआन्दोलनमा सहभागी बने । जनआन्दोलनले रक्तपातपूर्ण स्थिति खडा गर्न थालेकाले राजा ज्ञानेन्द्रसँग सम्झौता गरेर जनआन्दोलन विसर्जन भएको थियो । तर जनआन्दोलनपछि राजासँगको सम्झौतालाई धोका दिएर मुलुकलाई धर्म निरपेक्ष, गणतन्त्र बनाउने रणनीतिमा दलहरू लाग्न थाले । नेपालमा अहिलेको संकटको कारक नै यही हो ।

राजा वीरेन्द्र देशप्रेमी र प्रजातन्त्रवादी थिए । उनलाई पाँचै विकास क्षेत्रका १४ अञ्चल ७५ जिल्लाको बारेमा गहिरो ज्ञान थियो । नेपालको आर्थिक विकासका निमित्त शान्ति क्षेत्रको माध्यमबाट मुलुकलाई समुन्नत बनाउन सकिन्छ भन्नेमा उनी विश्वस्त थिए । नेपालको भौगोलिक बनावट र सामरिक दृष्टिकोणले दुवै छिमेकी राष्ट्रसँग सुमधुर सम्बन्ध राख्नमै उनी अघि बढिरहेका थिए । उनले नेपाली सेनालाई तालिमका निमित्त आवश्यक पर्ने केही हातहतियार चीनसँग खरिद गरेपछि भारत सशंकित भयो । राजीव गान्धीसँग राजा वीरेन्द्र र रानी ऐश्वर्यको सम्बन्ध चिसिन गएको थियो ।

त्यहीं मौकाको फाइदा उठाएर नेपालमाथि भारतले आर्थिक नाकाबन्दी नै गर्‍यो । नाकाबन्दीबाट नेपालीलाई झुकाउन नसकेपछि नेपालमा २०४६ सालमा आन्दोलन उचाले । आन्दोलनकारीको सहयोगको लागि भारतबाट चन्द्रशेखर नेपाल आए । पञ्चायती व्यवस्था फाल्ने मात्र भारतको चाहना थिएन, राजतन्त्रप्रति असहमति जनाउने कांग्रेस (आई) को नीतिसँग राजा वीरेन्द्र नझुकेपछि भारत नेपालसँग चिढिएको थियो ।

नेपालको शान्ति क्षेत्र प्रस्तावलाई भारतले अस्वीकार गरिरहेको थियो भने सार्क राष्ट्रको संगठनमा राजा वीरेन्द्रको भूमिकाप्रति भारत खुसी थिएन । कलकत्ताका कम्युनिष्ट नेता ज्योति वसुका घरमा गरिएको बैठकबाट नेपालका राजारानीविरुद्ध जथाभावी नारा सुरु भएको थियो । नेपालका केही राजनीतिक दलका नेताहरू भारतमै बसेर राजतन्त्र कसरी हटाउन सकिन्छ भन्ने षड्यन्त्रमा लागिरहेका बेला राजदरबार हत्याकाण्ड भएपछि सो घटना भारतले गराएको आशंका गरियो । वास्तवमा यस घटनामा 'रअ' को गहिरो सम्बन्ध थियो भन्ने हर्मिज र बाबुराम भट्टराईको उठबसबाट स्पष्ट हुन्छ ।

दीपेन्द्रसँग दिव्यानी राणाको विवाह गर्न रानी ऐश्वर्यको असहमति भएपछि भारतीय गुप्तचर संस्था 'रअ' का प्रमुख पी हर्मिजले अनेकौं षड्यन्त्रमा संलग्न भएको आधारमा भारत यसमा संलग्न थियो भन्ने पुष्ट्याउँछ । शाही पारिवारिक भेटघाटको क्रममा भएको यो घटनामा युवराज दीपेन्द्रको उन्माद नै यस हत्याकाण्डसँग जोडिएको छ । प्रेममा पागल भएका दीपेन्द्रलाई त्यो घटनाले अझ उत्तेजित बनाएपछि आफ्ना बाबु र आमालाई हत्या गरे भनिएको छ । तर हत्याकाण्डलाई ज्ञानेन्द्रले गराएको भन्ने अतिरञ्जित ढंगबाट प्रचार गरी राजसंस्थाको संवेदनशीलतामाथि प्रश्न उठाइयो ।

दरबार हत्याकाण्डको दोष ज्ञानेन्द्रमाथि लगाउन संसदवादी दलहरूसमेत माओवादीहरूको जालमा भुले । नेपालीहरूले आफ्नो अभिभावकको रूपमा मानेका वीरेन्द्रको हत्या हुँदा देश शोकाकूल भयो । चारैतिर रोदन र क्रन्दनको चीत्कार मात्र सुनिन्थ्यो । रहस्यमय ढंगबाट हत्या भएको त्यो कहालीलाग्दो क्षण सम्झँदा अहिले पनि मन खिन्न हुन्छ । सारा अनुसन्धान तथा प्रधानन्यायधीशको समितिको प्रतिवेदनअनुसार दुःखान्त घटनाको खलनायक दीपेन्द्र नै थिए । राजा वीरेन्द्रको वंश विनाश भएपछि राजसंस्थाका विरोधीहरूलाई थप हौसला मिल्न पुग्यो । नेपाल स्वतन्त्र र सार्वभौम राष्ट्रको रूपमा अक्षुण्ण राख्न राजसंस्थाको महत्वपूर्ण योगदान रहिआएको थियो

। राजा वीरेन्द्र लोकप्रिय र राष्ट्रवादी भएकोमा केही देशी-विदेशी शक्तिहरू सहनै सक्दैनथे । वीरेन्द्रको हत्यापछि संसदीय प्रजातन्त्र नै धरापमा पर्न गयो । राजा वीरेन्द्रले माओवादीमाथि सैनिक बल प्रयोग गर्न नदिएकोमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला रुष्ट भएका थिए। राजा वीरेन्द्र चाहन्थे, नेपाली नागरिकको हत्या सेना लगाएर गराउनु हुन्न।

माओवादी विद्रोहको कारण खोजेर समाधानको बाटो लिनुपर्छ भन्ने राजा वीरेन्द्रको भनाइ थियो अनि पालमा कसैको पनि रगत बग्नु हुँदैन भन्ने वीरेन्द्र चाहन्थे । यस घटनाक्रममा जेजस्ता विचार प्रस्तुत गरे पनि राजा वीरेन्द्र अब यो संसारमा छैनन्। राष्ट्रिय राजनीतिमा राजा वीरेन्द्रको सोच थियो कि नेपालको राष्ट्रियता, प्रजातन्त्र र राजसंस्थाबीचमा सधैं समन्वय र सन्तुलन रहिरहनुपर्छ । अतः प्रजातान्त्रिक मूल्य र मान्यतालाई सबैले आत्मसात गर्ने हो भने अब नेपालको राष्ट्रियता, प्रजातन्त्रको सदृढीकरणको लागि हामी विभिन्न विचारधारामा विभाजित राजनीतिक तथा गैरराजनीतिक क्षेत्रबाट सोचौं र संकटग्रस्त देशलाई संकटबाट मुक्त गराउन सक्नुपर्छ।

वीरेन्द्रबाट राजतन्त्र अन्त्यको सुरुवात:

२०४६ सालमा नेपालमा वीरेन्द्रकै पालामा प्रजातन्त्रको पुनर्वहाली भएको थियो। नेपाली जनताबीच प्रिय राजाको छवि बनाएका वीरेन्द्रको वंश विनाश हुने गरी जेठ १९ मा नारायणहिटी दरबारभित्रै हत्याकाण्ड मच्चाइएपछि नेपालबाट राजतन्त्रको अन्त्य प्रक्रिया शुरु भएको मानिन्छ। वीरेन्द्रले २०३४ साल मंसिर २० गते कोलम्बो योजनाको परामर्श दातृ समितिको पूर्ण बैठकको समुद्घाटन अवसरमा यस क्षेत्रका सबै मुलुकहरूको हितका लागि नेपालले आफ्नो जलसम्पदा उपयोग गर्ने प्रस्ताव राखेका थिए। २०४६ सालमा राजसत्ता तथा मुलुकको स्थायित्वका लागि आफूमा निहित सार्वभौमसत्ता दलहरुलाई सुम्पने निर्णय गरेका उनले नेपाललाई शान्ति क्षेत्र बनाउने प्रस्ताव विश्व सामु राखेर शान्तिवादी राजाको छवि बनाएका थिए।

सोमबार २८ असार २०६८ आजा(मिल्ला। साप्ताहिक

गफाडीका गफ

हिजोको नोकर आजको मालिक मालिक बेपत्ता

लक्ष्मीप्रसाद देवकोटाको भाई मधुसुधन देवकोटा जस्तो ज्ञान भएको हामी डिल्लीबजारको हांमीमा विधाज्ञान सर्व भएको र २००७ सालमा प्रजातन्त्र आएपछि हामीहरुले त्यसबेलाको वुद्दिजिवी सबै राजनिक ज्ञान भएको सबै डिल्लीबजारमा भएका व्यक्तिहरु त्यसबेला खेलकुद पनि विकास भएका हुनाले हामीहरुबाट सैनिकको पनि ज्ञानभएको हामीहरुले सर्वप्रथम कमलपोखरीको त्यसबेलाको भव्यघर कर्णेल दलवहादुर बस्नेतको घरमा हामीले सर्वप्रथम (कल्चरल एसोसियन भनेर कल्व खोल्यौ) जसमा डिल्लीबजारको र हरेक ठाउँको व्यक्तिहरु आउँथे (मुख्य व्याडमेन्टेन, टेवल टेनिस,भलिवल इत्यादी थिए।

हाम्रो डिल्लीबजारका खेलाडीहरु थिए। डिल्लीबजारकोमा विशेषगरी पछि प्रधानमन्त्री पनि वन्नुभयो किर्तिनिधि. विष्ट. हुनुहुन्थ्यो र त्यहाँ खेल्न आउने व्यक्तिहरु लोहनी परिवार र नरेन्द्र वहादुर बस्नेत (काजी) तर उहाको भाई सिहंवहादुर वस्नेत पछि आइ.जि.पी. भएको दिराज ......) इत्यादी धेरै थिए र यो नेपालको पहिलो कल्वं रुपमा स्थापित भयो ।त्यसबेला हामीहरु देख्थ्यौ यो जहाँ अहिले कुमारीहल भएको ३०.३५ रोपनीमा भव्यघर श्री कर्णेल गजराजंग थापाको थियो र उहाँको दुई जनाछोराहरु थिए (एस.) पदमजगं थापा र ललित जंग थापा थिए र हामी देख्थ्यौ त्यसबेला उहाको काम गर्ने सुर्यबहादुर थापा पछि प्रधानमन्त्री भएको थियो ।उहाचाही पनी त्यताबाट नै कमलपोखरीमा बस्ने व्यक्ति एकजना वेद बहादुर खड्कालाई भेटनुहुन्थ्यो। जुन पछि उनै प्रधानमन्त्री भएको बेलामा कृषीमन्त्री हुनुभयो र पछि गजराजंगको छोरीको विवाह(धुर्व शमशेरसँग भयो) र त्यसबेला राणाहरु र थापाहरुको डोलीमा जाने चलन थियो। त्यो डोलीमा सुर्यवहादुर जानुभयो. (आएको थियो) पछि यहि सुर्य बहादुर थापा उहाँचाही धुर्वसमसेरको एउटा वुहारीसँग पनि धेरै मेलमिलाप राख्नुभयो र महेन्द्र राजाको पालामा पनि प्रधानमन्त्री हुनुभयो र आफ्नो प्रधानमन्त्रीको कार्यकालमा आफना कयौ भाइहरु र आफन्त नातेदारहरुलाई धेरै ठाउमा जागिर पनि लगाइदिनुभयो र आफ्नो भाईको लागि धेरै धेरै धन सम्पत्ति आर्ज़न गर्नुभयो । र, पछि महेन्द्रको पालामा राष्टवादी नेता किर्तिनिधि विष्ट पनि प्रधानमन्त्री हुनुभयो र उहाको समयमा नेपालको चेकपोष्टमा चाइनाको सिमानामा उहाले नै इनडियन आर्मिको त्यसबेला राखिएको व्यक्तिहरुलाई फिर्ता गराए र इनडियन मिलटीं मिसन झै नेपालमा आएका थिए।

उनीहरुलाई फिर्ता फर्काइ दिए र उहाँले राष्ट्वादी काम गरेको हुनाले महेन्द्र सरकारलाई साथ दिनुभयो र त्यसपछि बहुदल आएपछि (एलएक्सन हुदा करिव १५० भोट पाउनुभयो र त्यतातिर स्यम सूर्य बहादुर थापा पनि प्रधानमन्त्री हुदा उहाको अर्थ मन्त्री (डा. प्रकाशचन्द्र लोहनी) हुनुहुन्थ्यो र २०२४ साल तिर २ जना मिली एकदिनको फरकमा (एस.टी.सी.को डिभालीयसन र रिमालिएसन गर्दै अकुत सम्पत्ती कमाए र उहापछि विरेन्द्रको समयपनि प्रधानमन्त्री हुनुभयो विशेषगरि २०३६ सालमा रिफडेन भएको थियो। उहाले नेपालको हरियो वन मासेर आफुले र आफ्ना नातेदारलाई आफनो मान्छेहरुले पन्चायतलाई जिताए पछिपनि राजा विरेन्द्रले उहालाई हटाई अरुलाई प्रधानमन्त्री बनाउनुभयो । जस्तोकी लोकेन्द्र बहादुर चन्द प्रधानमन्त्री हुनुभयो र पछि बहुदल आउन अगाडी मरिचमानलाई प्रधानमन्त्री बनाउनुभएको थियो । विरेन्द्रराजालाई आफ्नो रानी एश्वर्यले अकुत सम्पति कमाएको राखेको थियो । र विरेन्द्रचाही र आफ्नो भाइहरुले पनि हरेक किसिमबाट दुरुप्रयोग गरिराखेको थियो । जस्तोकी भरत गुरुङ डि वि लामालाई प्रयोगगरे राजा विरेन्द्र एक्लो भएपछि मरिचमानलाई यो हुकुम भएकी मेरो भाईहरु र रानीले भनेको कुरा नमान्नू र मान्नु पर्दैन र पछि बहुदल आइसकेपछि यो सबै कुरा जानेको मान्छेहरुलाई सोधे कि तपाईलाई हुकुम हुँदा पनि किन मलाई दरबारको कसैले सोधेन र मैले सकिन भन्ने जवाफ गरे र बहुदल आउन अगाडी उहाँको मन्त्रीमन्डलमा पनि उहाले जो चाहि मरिचमानलाई गालि गर्दा भटीपुगे भन्थ्यो।

सुशिल कोइराला प्रधानमन्त्री भएको बेलामा आफ्नो छोरालाई समेत मन्त्री बनाए सुनिल थापा) र पछि सूर्य बहादुर थापाको निधन भयो (मेदान्त अस्पातलमा दिल्लीमा) अस्पतालमा भरतको परराष्ट्रमन्त्री सुस्मास्वराज गएर त्यहाँको पत्रकारले पनि लेखेका थिए,हामीले हाम्रो भारतको राम्रो मित्र गुमायौ। र यस्तो मानिसलाई सुशिल कोइरालाको समयमा राष्ट्रिय सम्मानको रुपमा सलामी सहित तेह्र तोप पट्कायो र नेपालको चलन अहिले गिरिजा प्रसाद कोइरालाकोपछि देखी सम्मान सहित दिन थाले (जतिपनि यी अहिलेका प्रधानमन्त्रीहरुले असाधि खर्च बाफत अर्बौं खर्च समेत गरे र गरिराखेका छन्; जो सच्चा राष्ट्वादी कि्र्तिनिधी विष्ट जस्तालाई औषधी समेत पाइएनन्,सम्मान त दिने कुरै भएन। र राष्ट् शेवकको नाम निशानै राखिएन।



५ अन्तरजिल्ला
Antarjilla Weekly
सोमबार, ५ पौष २०७३
Monday, 19 December 2016

साँचो कुरा —

डिल्लीबजारका बुद्धिजीविहरुले भनेको

कान्ति राजपथ बन्दाका समयमा क्षेत्र बहादुर थापा हेटौडा देखि बागमति सम्मको शेर बटालियनको काम थियो । बागमती देखि चापागाउँ (ललितपुर) सम्म श्री नाथ बटालियन शैलेन्द्र बहादुर महतको थियो । पछि क्षेत्र बहादुर थापाले श्री ५ महेन्द्र राजालाई विन्ति चढाएर हेटौडाको मूल चोकमा भएको कान्ति राजपथको स्टोर एरिया पाँच बिगाहार सोहि कान्ति राजपथ मकवानपुर गडीनिर १७ रोपनी बहुमूल्य जग्गा पनि बकस मागेर लिए । रिटायर्ड भएपछि हेटौडामा पाएको जग्गामा बसी राजपरिवारको निगाहबाट सोही हेटौडा एरियाको पन्च भई बस्यो ।

यही क्षेत्र बहादुरले पागको नक्सबाट त्यहाँ ठूलो पेरजिसन पनि भयो । पछि रथि नेत्र बहादुर थापा पनि दरवारबाट रथि हुने मौका पायो । पछि वागमति क्षेत्र उहाँले एउटा सरिफ पुण्य विक्रम शाह आउनुभयो । कुनै लोभ लालच नभएको व्यक्ति हुनुहुन्थ्यो । उहाँको नाम चक्र बहादुर विष्ट हुनुहुन्थ्यो । उहाँ राणाहरुको एकदम चाकरीवाल हो । पछि निर शमसेर कमाण्डिङ चिफलाई खुशी तुल्याउन ११२ ठूलो जुटको बोरामा राखिएको गोल पारेर राखिएको हस्तलिपीमा लेखेको दामोदर पाण्डेको नेपाल एकीकरण गर्दाको तिब्बतको सिगात्सेसम्म हमला हुदा पछि चिनबाट पठाएको जर्नेलका अन्तर्गतको फौज र तिब्बेतियन फौजले हमला गर्दा दामोदर पाडे, कार्जी जगदिश पाण्डे, भांडु पाण्डेले नेत्रावतीमा एउटा सैनिक ग्रुप बनाई चाइनीज फौजलाई हराएको इतिहास नै साँचो नै छ । यो धेरै हस्तलिपीहरु जलाई दिने काम भयो । यसको अर्ध इतितहास नै खतम पार्यो ।

पछि राजा ज्ञानेन्द्रको समयमा सिलखानामा राखेको यी तमाम ऐतिहासिक नेपाली फौजको र वडामहाधिराज एकिकरण देखिको दुर्लभ हतियारहरु र नेपाली फौजले दुवै महायुद्धमा भारतमा गएको फौजहरुले प्रयोग गरेको हतियार विदेशीलाई बेच्ने काम भयो । र दामोदर पाण्डेले नेपाली फौजको नेतृत्व गरी पूर्वमा तिष्टा (सिक्किम) देखि पश्चिम कुमाउसम्म नेपाली राज्य बनाएको थियो । सोहो एकीकरणमा मुख्य फौजहरु चाहिं मगर नै थिए । कोही कमाण्डरहरु मगरहरु पनि थिए । त्यसकारणले अहिले सम्म नेपालको पूर्वदेखि पश्चिमसम्म हरेक जिल्लामा उहाँले छोडेको मगरहरु ठूलो वस्ती नै बनाए ।

गाउँ नै मगर वस्ती बनाएका छन् । हरेक जिल्लामा पनि गोर्खाबाट लगेको व्यक्तीहरु उच्च पदस्थ व्यक्तिहरु छन् । त्यस्तै गरी यता कान्ती राजपथको हिसाव राख्ने वद्रि प्रसाद थपलिया ललितपुरको मुख्य थियो । काठमाडौंको सुन्धारामा उहाँले आफ्नै दर्जा सुब्बा भनेर प्रेम प्रसाद वलीलाई राखेको थियो । यी दुवै जनाले कान्तीराजपथको हिसाब राखेकोमा जुन योजना जम्मा तीस लाखमा पूरा भएको भनि देखाइएको थियो । त्यसमध्येबाट वद्री प्रसाद थपलिया र उसको भान्जा प्रेम प्रसादले पाँच छ लाख रुपैयाँ आफैले कमाए । सोही कमाएको रकमबाट वद्री प्रसाद थपलियाले पदम मिल ग्यानेश्वरमा खोले । उसको भानिज प्रेम प्रसाद वली र छोराहरु पनि एउटा सशस्त्र प्रहरीको आईजी भएको थियो भने अरु भाई छोराहरु पनि राम्रै काम गर्ने भएका थिए ।

त्यस्तै गरी भुपालमान सिंह कार्की जो पहिला धनकुटाबाट दोस्रो महायुद्धदेखि नै धरानमा उत्रेका थिए । उहाँका अन्य भाइहरु पनि धरानमा उत्रेका थिए । जुन बेला मलेरियाले मान्छे मार्ने गर्थे । पछि दोस्रो महायुद्धले गर्दा ल्युतेनन्टले अलि सप्रेर कयौं बिगाहा जग्गा लिए र बसे । यहीं झापाको अतरमणीमा पि.एम. मोहन शमशेरको ४० [illegible] रोपनी जग्गा [illegible] भुपालमान सिंहलाई उहाँको मुख्य [illegible] राखेका थिए । पछि प्रजातन्त्र आएपछि यस्ता जग्गा हरण भयो । हरण हुँदा भुपालमान सिंहले आफ्नै नाउँ, आफ्नै छोरा छोरी र आफ्ना मान्छेलाई हुने गरी दुई तीन हजार रोपनी नै उहाँको छ । यो मध्येका जेठी श्रीमती झापामा बसे । अहिलेका लोकमान कार्की कान्छी श्रीमती पट्टीको छोरा हो । यस्ता जिल्लाका नोकरहरु आजका मालिक भए । उनीहरुका सन्ततीहरुले नै अहिले [illegible] रहेका छन् । काही [illegible] छन् जसले सम्पत्ती [illegible] भएका छन् । यस्तै किसिमले लुटेको क्षेत्रबहादुर थापा शेरबटालीयन सिंहदरबारमा बसेका थिए । सिटि सिओ आई श्री बहादुर थापा प्राप्ति पोखराको महेन्द्र दलको सिटि सिओ आई गुप्त बहादुर गुरुङले राजा महेन्द्रलाई उस्काएर उनीहरुले बिन्ती चढाएको थियो, सरकार आई बक्सीयोस् ! हामी [illegible] सरकारलाई उचाली त्यसबेलाको काँग्रेस सरकारलाई पल्टाउन खोजेको थियो ।

सिटि सिओ आई गुप्त बहादुर गुरुङलाई पोखराको ब्यारेक ठुलो १२/१५ रोपनी जग्गा समेत बकस दिएको थियो । गुप्त बहादुरको जेठी श्रीमतीबाट जन्मेको कृष्ण बहादुर गुरुङ पनि यहि दरबारको निगाहाबाट सिटि जर्नेल सम्म हुने अवसर पायो । सिटि सिओ आई श्री बहादुरको हकमा पछि पनि पञ्चायत कालमा उहाँको छोरा धादिङको पञ्चायतबाट छानिएर मन्त्रि पनि भएको थियो ।

यस्ता महेन्द्र सरकारले बनाएका [illegible] हाकिमका नोकरहरु अहिले मालिक भए । उनिहरुको सन्ततीहरुको मालामाल यति सम्म की महेन्द्र सरकारको आफुले राखेको युवराज महेन्द्र भएकोमा विरेन्द्र राज परिवारको वंस हत्या हुँदा यि महेन्द्रबाट बकस पाएकाहरुले के नै सेवा पुऱ्याएका छन् । के यिनीहरुले नैतिकता निभाउन जानेका छैनन् ? के यिनीहरुको मिलेभत्तो नै छ ? आफ्नै भाई ज्ञानेन्द्रले पनि किन पूर्ण रुपमा आफ्नो दाजुको हत्याकाण्ड खुलाउन सकेनन् ?



वर्ष ५, अंक ३२, २०५६ साल कार्तिक १७ गते बुधवार

यो फटाहालाई तपाईं चिन्नुहुन्छ ?

द्वारिकाबहादुर श्रेष्ठ

वर्तमान प्रहरी नायब महानिरीक्षक भुवनचन भट्ट, प्र.नि. केशव घरेल र बाबुकृष्ण विष्ट (सो बेला उहाँको कृपाले अवकाशप्राप्त) एवं डीएसपी खड्गप्रसाद गिरी, पूर्व प्र.नि. पृथ्वीराजसमशेर जबरा, एवं एसएसपी नरेन्द्रराज शर्मा र पूर्व प्र.नि. प्रेमचन प्रधानलगायत धेरैलाई मानसिक र शारीरिक यातना दिएको सम्झना छ–कि छैन ? केशव घरेल र बाबुकृष्ण विष्टलाई शान्ति-सुरक्षामा अनावश्यक धुनाएको याद होला।

- विराटनगर- १२, पूर्व डीआईजी

२०७२ साल चैत्र ८ गते सोमबार सम्म ।

साँघु

सिके राउतबारे सेनाले बोल्दा मधेसमा तरंग

सेनापति र मधेसी नेताबीच वाकयुद्धः कमजोरी कसको ?

काठमाडौं । राष्ट्रिय मधेस समाजवादी पार्टीका अध्यक्ष शरतसिंह भण्डारी पूर्वरक्षामन्त्री हुन् । भण्डारी २४ गते फागुन सोमवार गृहजिल्ला महोत्तरीमा पत्रकार सम्मेलन गर्दै थिए, जहाँ उनले प्रधानसेनापति राजेन्द्र क्षेत्रीको विरोध गरे । भण्डारीले सेनापतिको अभिव्यक्ति आपत्तिजनक रहेको बताए । पूर्वमन्त्री भण्डारी मात्रै होइन, यतिबेला मधेसी मोर्चाका अन्य नेताहरू पनि नेपाली सेना र विशेषतः प्रधानसेनापति क्षेत्रीमाथि आक्रोश पोखिरहेका छन् । कतिपयले त फेसबुकमा लामो स्टाटस लेख्दै प्रधान्सेनापतिलाई फुली खोलेर मैदानमा आउन चुनौतीसमेत दिन भ्याइसकेका छन् ।

मधेसवादी दलका नेता कार्यकर्ताले यसरी सेनापतिलाई सार्वजनिकरुपमै आलोचना गर्नुले सेना र मधेसी मोर्चाबीच 'वाक्युद्ध' सुरु भएको संकेत गरेको छ ।

सेनासंग किन रिसाए मधेसबादी नेता ?

कुरो २०७२ फागुन २३ गतेको हो, जुन दिन सैनिक मुख्यालयमा देशभरिका पृतनापतिहरूको समन्वयात्मक बैठक आयोजना गरिएको थियो । सो बैठकमा सेनाले विगतका वर्षहरूमा जस्तै देशको सुरक्षा चुनौतीका विषयमा विश्लेषण गरेको थियो । र, त्यहाँ विशेषगरी मधेस र भारतीय सीमामा बढ्दो सुरक्षा चुनौतीबारे विश्लेषण भएको थियो ।

समीक्षा बैठकमा पृतनापतिहरूले आ-आफ्नो कमाण्ड अन्तरगतको सुरक्षास्थितिबारे रिपोर्टिङ गरेका थिए । त्यसपछि प्रधानसेनापति राजेन्द्र क्षेत्रीले समापन मन्तव्य व्यक्त गर्दै देश नै टुक्र्याउने खालका तथा राष्ट्रिय एकता र भौगोलिक अखण्डतालाई खतरा पुऱ्याउने प्रवृत्तिका सुरक्षा चुनौतीहरू सिर्जना भएमा नेपाल सरकारको निर्देशानुसार विधिसम्मत् तरिकाले नेपाली सेना परिचालन हुने बताएका थिए ।

प्रधानसेनापतिको यो भनाइ मधेसमा विखण्डनको गतिविधि गरिरहेका सिके राउतप्रति लक्षित थियो । तर, सेनापतिको यही भनाइप्रति पूर्वरक्षामन्त्री भण्डारी विरोधमा उत्रिए । सिके राउत शरतसिंहका कार्यकर्ता होइनन्, तर राउतप्रति लक्षित गरेर सेनापतिको भनाइ आउनासाथ भण्डारीले तरंगित हुँदै सेनापतिको भनाइलाई आपत्तिजनक बताए ।

यस्तो छ सेनाको विश्लेषण

तराई मधेसमा चलेको लामो आन्दोलनपछि मुलुकमा राष्ट्रिय चुनौती देखा परेको नेपाली सेनाको विश्लेषण छ । पृतनापतिहरूसंगको समन्वयात्मक बैठकमा प्रधानसेनापति क्षेत्रीले सबैलाई राष्ट्रिय सुरक्षामा आउन सक्ने चुनौतीप्रति सचेत रहन निर्देशनसमेत दिएका छन् । प्रधानसेनापति क्षेत्रीले यस्तो निर्देशन दिएपछि मधेसी मोर्चाका नेताहरूले यसलाई राजनीतिक 'इस्यु' बनाउने प्रयास सुरु गरेका हुन् । सेना र मधेसी मोर्चाका नेताहरूबीच चिसोपन त्यसबेला सुरु भएको छ, जतिबेला नेपाली सेनामा मधेसी समुदायको समावेशी प्रतिनिधित्व हुनुपर्ने आवाज मोर्चाका तर्फबाट उठिरहेको छ ।

पत्रकारसंग यसरी प्रस्तुत भए सेनापति

सैनिक दिवसका अवसरमा सैनिक मुख्यालयमा अयोजित कार्यक्रममा सेनापति क्षेत्रीले पत्रकारहरूसंग अनौपचारिक कुराकानी गरेका थिए । सो क्रममा सेनापति क्षेत्रीले तराईका जिल्लाहरूमा क्रिजोका भूमिगत समूहदेखि सिके राउतहरूसम्मले आफ्नो उपस्थिति देखाउने प्रयास गरिरहेकाले सेना अब चुप लागेर बस्न नसक्ने अवस्थामा पुगेको बताए ।

समाचार टिप्पणी

नेपाली सेना

सेनापति क्षेत्रीले त्यहाँ भनेका थिए कि सिके राउतजस्ताले विभिन्न देशका सञ्चार माध्यमहरूमा देश टुक्र्याउने खालका अभिव्यक्ति दिंदै हिंडेका छन् । भूमिगत समूहदेखि अन्य गलत तत्वहरूसम्मले राजनीतिको नाममा देशलाई विखण्डन गर्ने गतिविधिहरू गरिरहेका छन्, यस्तो अवस्थामा सेनाले हेरेर बस्न मिल्दैन ।'

नयाँ राष्ट्रिय सुरक्षा नीतिको तयारी

पत्रकारहरूसंगको अनौपचारिक कुराकानीमा प्रधानसेनापति क्षेत्रीले भने-'अब राष्ट्रिय सुरक्षा नीति ल्याउन ढीला गर्नुहुँदैन, देशको सुरक्षा अवस्था निकै जटिल अवस्थामा पुगिसकेको छ ।' रक्षा मन्त्रालयले अहिले राष्ट्रिय सुरक्षा नीति तयार पारिरहेको र देशमा गतिलो राष्ट्रिय सुरक्षा नीति नभएकै कारण कतिपय अवस्थामा सुरक्षा कमजोरीहरू हुने गरेको सेनापतिको भनाइ थियो । रक्षा मन्त्रालयले तयार पारिरहेको सुरक्षा नीतिमा सेनाले पनि आफ्नो सुझाव दिएको उनले पत्रकारहरूलाई बताए ।

प्रधानसेनापति क्षेत्रीको बुझाइमा तराईका सीमाक्षेत्रमा पछिल्लो समय सुरक्षा चुनौती बढिरहेको छ । सीमा सुरक्षा कमजोर हुँदा राष्ट्रिय सुरक्षामा खतरा आउने संकेतहरू देखा परिरहेको भन्दै उनले त्यसका लागि राजनीतिक समस्या पहिलो सर्त भए पनि राष्ट्रिय अखण्डता जोगाउन सेनाले भूमिका खेल्ने बताए ।

सेनापतिले पत्रकारहरूसंग भने, 'छिमेकी मुलुकमा खानेपानीमा नाकाबन्दी

लगाउँदा सेना परिचालन भयो, हामी राष्ट्रिय अखण्डता जोगाउन पछि हट्न मिल्दैन, यस्तो अवस्थामा संविधानअनुसार सेना परिचालन हुन सक्छ ।'

सीमा सुरक्षाको चिन्ता

दक्षिणी सीमानाको सुरक्षामा खटिएको सशस्त्र प्रहरी बलले मन्सार तथा राजस्व जस्ता कुरामा ध्यान दिन छोडेर सीमा सुरक्षामा उपस्थिति देखाउन सके समग्र सुरक्षा व्यवस्था बलियो बनाउन सकिने नेपाली सेनाको निश्कर्ष छ ।

सशस्त्र प्रहरी अर्ध सैन्य बल भएकाले उसको गतिलो उपस्थिति भयो भने सीमा सुरक्षा बलियो हुने र त्यसले हतियार नियन्त्रणदेखि गलत समूहलाई समेत निस्तेज पार्न सकिने सेनाको बुझाइ छ ।

प्रहरी र सशस्त्रको समन्वय बलियो बनाउन सुझाव

पछिल्लो समय मधेसमा उठेको आन्दोलनमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको उपस्थिति कहीं बलियो देखिए पनि कतिपय स्थानमा फितलो भएको सेनाको विश्लेषण छ । विशेष गरेर कैलाली घटनापछि दुईवटै सुरक्षा संगठनहरूको समन्वय अभावका कारण निम्तिन सक्ने समस्यालाई सेनाले निकै गम्भीरताकासाथ अध्ययन गरिरहेको पृतनापतिको बैठकपछि सेनाका अधिकारीले बताएका छन् ।

यसबारे थप स्पष्ट पार्दै सेनापति क्षेत्रीले पत्रकारसंगको कुराकानीमा भने 'कैलालीमा इन्टेलिजेन्सको कमजोरीका कारण घटना भयो, तर नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच कसरी काम गर्ने भन्ने तयारी हुन जरुरी छ । कुनै घटनामा सबैभन्दा पहिले नेपाल प्रहरी पुग्छ, यदि उसले नसकेको अवस्थामा सशस्त्र पुग्छ । तर, जनपथ प्रहरीले सशस्त्रलाई कसरी ह्याण्डओभर गर्ने भन्ने विषयमा संयुक्त अभ्यासहरू हुन जरुरी छ । सेनापति क्षेत्रीका अनुसार नेपाली सेना देशको अन्तिम शक्ति हो, त्यसैले सबै घटनाहरूमा सकेसम्म कठोर उपस्थिति समाधान नहुन सक्छ, त्योभन्दा पहिले दुईवटा सुरक्षा संगठनको समन्वय बलियो हुन जरुरी छ ।

सिके राउतको छायाँ

मधेसी मोर्चा लगायत संसदमा प्रतिनिधित्व गर्ने मधेसकेन्द्रित दलहरूले आफूहरू विखण्डनको पक्षमा नरहेको स्पष्ट पार्दै आइरहेका छन् । तर, नेपाली सेनाले सिके राउत एवं भूमिगत सशस्त्र समूहहरूको गतिविधि राष्ट्रिय एकताको पक्षमा नरहेको अभिव्यक्ति दिनासाथ केही मधेसवादी नेताहरू राउतको बचाउमा लागेका छन् ।

कमजोरी कसको ?

नेपाली सेनाले राष्ट्रिय सुरक्षाका बारेमा विश्लेषणहरू गर्नु अस्वाभाविक होइन । प्रधानसेनापति क्षेत्रीले नेपाली सेना आफै अगाडि सर्ने बताएका छैनन्, उनले सरकारको निर्देशन मान्ने र संविधान अनुसार नै काम गर्ने स्पष्ट बताएका छन् ।

तर, सीमा क्षेत्रको सुरक्षामा नेपाली सेनाले चासो दिनासाथ केही मधेसवादी नेताहरूले तीव्र प्रतिक्रिया जनाउँदै सेनालाई राजनीतिक विवादमा तान्न खोजेका छन् ।

तथापि राजनीतिबाट अलग्गै रहनुपर्ने नेपाली सेनाले आन्तरिक सुरक्षाका विषयहरूलाई उदांगो एवं राजनीतिक प्रकारले प्रस्तुत गरिदिंदा मधेसी मोर्चाका नेताहरूमा चिसो पसेको छ । र, यसलाई सेनामाथि अनावश्यक अविश्वास प्रकट गर्ने मसलाका रुपमा प्रयोग गर्ने प्रयासको थालनी भएको छ ।

के नेपाली सेनाले सिके राउतको नामै लिंदै गरेको प्रचारबाजी सही थियो ? यो पनि बहसको विषय बनेको छ । किनभने नेपाली सेना त्यस्तो साझा संस्था हो, जसले राजनीतिक विवादमा मुछिनु सुखद विषय होइन । मुलुकमा सेना परिचालन हुनुपर्ने स्थिति नै आयो भने पनि त्यो प्रधान सेनापतिले सार्वजनिकरुपमा पूर्वघोषणा गर्ने विषय होइन, यो राजनीतिक तहबाटै निर्णय हुने विषय हो । (साभार:अनलाइन खबर, २०७२ फागुन २६ गते)

जनआस्था २०६९-९-३१

दरबारका पूर्वसचिव र दिज्यूको दुःख

काठमाडौं। पैसाको मुख कालो हुन्छ। १० रुपैयाँ सापटी मागेर भोलिपल्टै फिर्ता गर्ने, सय रुपैयाँ लिएर हप्ता दिनपछि फिर्ता गर्ने र हजार रुपैयाँ लिएर भूमिगत हुने। पैसा र सम्बन्धको मामला नै यस्तै। यही पैसाको कारण गत शुक्रबार हनुमानढोकामा एक जना भिआइपी ठगी कसुरमा उभ्याइए। लफडा हजार/लाखको होइन झन्डै आधा करोड रुपैयाँ बराबरको।

यसरी प्रहरीमा पुऱ्याइएका व्यक्ति हुन्, दरबारका पूर्वसचिव चिरनसमशेर थापा। न्यायपरिषद्को सचिवसम्म भएकी इन्दिरा राणासँग चिनजान श्रीमती मीना थापामार्फत भयो। मीना हिमालयसमशेरकी बहिनी। इन्दिराको घरमा राखै आउजाउ हुन थाल्यो।

> Dear Indira Dijju, Let's not get our hopes too high, because in Nepal, it hasn't happend until it happens. We have electricity outage for serven hours from five pm, but if 1) comes thru, I'll e-mail you even after midnight, when load-shedding ends for the day. Hoping for the best I fear can be disappointing, but because of our relationship, I'll keep you informed anyway.

हरेक शनिबार इन्दिराको घरमा पुगेर एक बोतल वाइन सकाउने। सँगै रहँदा इन्दिराको बान्दाभुँडी थाल पाए। उनको कमजोरी थियो, छिट्टै अरूलाई विश्वास गर्ने। यही कमजोरीमाथि टेकेर ४० वर्षको अवधिसम्म जागिर खाई कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषमा बचत राखेको पैसा १० प्रतिशत ब्याज दिन्छु भन्दै

बाँकी ८ पेजमा

दरबारका.....

मागे। ६० लाख उम्काए। पैसा लिएकै दिन भनेका थिए, 'दिदी, तपाईंको यो पैसा त पिनट्स (बदाम) हो मेरो याक एन्ड यतीमा ६ करोडको सेयर छ। नेपाल इन्भेस्टमेन्ट बैंकमा ४० लाखको सेयर छ।' सर्त थियो, पैसा लिएको विषयमा श्रीमती मीनालगायत कुनै पनि आफन्तलाई थाहा दिन नहुने। ८ वर्षपछाडि इन्दिराले पैसा फिर्ता मागिन्। इन्भेस्टमेन्ट बैंकमा रहेको ४० लाख सेयर बेचेर आएको २० लाखमध्ये तपाईं २० लाख मलाई भन्ने जवाफ फर्काए। इन्दिराले पैसा पाइनन्। पैसाको आसमा पटक-पटक फोन गरिन्। पहिलोपटक गर्दा नउठ्ने, दोस्रोपटक फोन गर्दा मोबाइल नै स्विच अफ हुने। 'दिदी, नक्साल भगवतीबहालस्थित घर बेचेर आएको पैसा दिन्छु भन्दै रातको एक बजे इमेल पठाए इन्दिरालाई। घर बिक्यो। पैसा माग्दा फोनै नउठाउने। किचलो जारी रह्यो। एक दिन कुपण्डोलस्थित समिट होटलमा बोलाए। त्यहाँ चर्को भनाभन पऱ्यो। पटक-पटक गरी लिएको असी लाख। चिरनले पचासी लाख लगिसकेको भन्दै उल्टै थर्काए। गत माघ १७ मा फेरि थापाथली जेसिसमा पैसा दिन्छु भन्दै बोलाए। त्यहाँबाट सारेर न्युरोड गेटस्थित पूर्वपरराष्ट्रसचिव भगीरथ बस्नेतको घरमा डाके। इन्दिरा त्यहीँ पुगिन्। त्यहाँ नामै नसुनिएका कमलपोखरीतिर बस्ने पुरुषोत्तम खकुरेल अधिवक्ता हुँ भन्दै आइपुगेका थिए। चिरनकी श्रीमती मीनासँग उनी क्षण-क्षणमा बाहिर निस्कन्थे। उनीहरूले हिसाब निकाले अब ३० लाख तिर्न बाँकी छ, चिरनले। इन्दिराले हिसाब गरिएको कागज मागिन्, पुरुषोत्तमले जवाफ फर्काए, 'म चिरनको मान्छे हुँ। उसकै भलो गर्न आएको हुँ। मीना दिज्यूले जसो भनिसिन्छ उसै गर्छु, तर कागज देखाएनन्।' एनसिसी बैंकको चेक नम्बर ७८८८६९६ मार्फत अहिलेसम्म इन्दिराले बुझेको रकम ३० लाख मात्रै हो, ०६३ सालमा। त्यस पछाडि पैसा नपाएको बरु उल्टै हातखुट्टा भाँच्ने धम्की आएको बताउँछिन्। इन्दिरा जिल्ला प्रशासन कार्यालय बबरमहल पुगिन्, ज्यान सुरक्षाको माग गर्दै। प्रजिअ बसन्त गौतमले हनुमानढोका पठाइदिए।' त्यहाँ पुग्दा चिरनकी श्रीमती मीनाले 'अब तँलाई म के गर्छु हेर्दै जा, हातखुट्टा कसरी भाँच्छु' भनी उल्टै कस्सिएकी थिइन्। चिरनले पैसा तिर्ने कुरा गरेनन् पटक-पटक गरी ९८ लाख रूपैयाँ लगिसकेको बयान दिए। इन्दिराले प्रमाण मागिन्। 'प्रमाण चाहिए अदालतमा लिएर आउँछु।'

बुझिएअनुसार चिरनको छाउनी, लाजिम्पाट, महाराजगन्जलगायत स्थानमा महल छ। भिवोर, एनसिसी, इन्भेस्टमेन्ट बैंक र याक एन्ड यती होटलमा सेयर छ। राजविराज, वीरगन्ज, कलैया, विराटनगरमा अथाह जग्गा छ। स्वदेशमा मात्रै होइन, विदेशी बैंकमा समेत पैसा थुपारेका छन्। पूर्वराजाको भन्दा अथाह सम्पत्ति यी सचिवले कसरी थुपारे होलान् ? पूर्वराजाको हुकुमप्रमांगी बेचेर वीरगन्जतिर मिश्र थरका एक व्यक्तिलाई राजदूत बनाइदिन्छु भन्दै १५ बिघा जग्गा खाइदिए। अञ्चलाधीश बनाइदिन्छु भन्दै यसैगरी जग्गा उछिट्याउन भ्याए। अहिले पीडित मानसिक तनावमा छन्। यस विषयमा जनआस्थाले जिज्ञासा राख्दा चिरनले बाहफको नाता पर्ने इन्दिरासँग भएको लेनदेनको केस दुवैतर्फका मानिस राखी मिलाइसकिएको र यसको लिखित कागत पनि गरिएको बताए।

२०७४।४।२३ सोमवार

झलां र खाउँला

जनभावना

जीवनको उत्तरार्द्धसम्म पनि कांग्रेसमा पहिलो हुन नसकेपछि एक व्यक्ति दुई पद पाइँदैन भन्दै प्रस्ताव राख्दा जितेका जिल्लिएका रामचन्द्र स्थानीय निर्वाचनमा कांग्रेस दोस्रो भएपछि नेतृत्व कमजोर भयो भन्दै सभापति माग्न पुगेका पौडेललाई ४ मन्त्रालयमा चित्त बुझाएर पठाएको बुढानीलकण्ठ धोतीले नारदलाई भन्दै थियो।

यता राप्रपा उता राजपा



संविधान संशोधन प्रस्तावको विपक्षमा जाने राप्रपा संकेतको सुइँको पाएको राजपाले संशोधनविना चुनावमा जान्न भन्दै धुर्की देखाएपछि अनोज र पछि देउवा सरकार ढल्ने पक्का पक्की छ भन्दै राजपा र राप्रपाका केही नेताहरू नयाँ बन्ने सरकारको मन्त्रिमण्डलमा आफ्नो पार्टीको सिट सङ्ख्याको जोड घटाउमा लागेको बबरमहलको नयाँ अड्डामा हल्ला चल्दै थियो।

जनभावनाः २०७२ फागुन १० गते सोमबार

पन्छिएर पनि नेपाल र नेपालीको हित हुन सकेन : पूर्वराजा ज्ञानेन्द्र

काठमाडौं । पूर्वराजा ज्ञानेन्द्र शाहले राष्ट्र, राष्ट्रियता र राष्ट्रिय गतिशिलताका लागि आर्फै पन्छिएर मार्गप्रशस्त गरेपनि अपेक्षित नतिजा नआएको भन्दै निराशा व्यक्त गगर्नुभएको छ । अहिले नेपाली जनता ज्यादै मर्माहत बनेको आफूले अनुभूति गरेको पूर्वराजा ज्ञानेन्द्र शाहले बताउनुभएको छ । पूर्वराजा शाहले नेपाल राष्ट्रको एकीकरण, प्रजातान्त्रिकरण, आधुनिकीकरण एवं मुलुकको अखण्डताको संरक्षण गरि प्रजातान्त्रिक राज्य प्रणाली स्थापनाका निम्ति हामीकहाँ भएको ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन सफल बनाउन राजसंस्था र प्रजातन्त्रका निम्ति समर्पित नेपाली जनता सबैको संयुक्त प्रयत्न रहेको पनि बताउनुभएको छ ।

पूर्वराजाले ६६ औं राष्ट्रिय प्रजातन्त्र दिवसका अवसरमा एक शुभकामना सन्देश जारी गरी यस्तो अभिव्यक्ति सार्वजनिक गर्नुभएको हो । 'राष्ट्र, राष्ट्रियता र राष्ट्रिय गतिशिलताका लागि मैले आफू पन्छिएर पनि मार्ग प्रशस्त गरिदिएको हुँ । तर राष्ट्रको सर्वोत्तम समुन्नतिको आकाक्षाबाट म पृथक छैन', पूर्व राजा ज्ञानेन्द्रको शुभकामना सन्देशमा उल्लेख छ । सन्देशमा भनिएको छ-'दूर्भाग्यवश नेपालको राष्ट्रियता, अखण्डता र राज्य व्यवस्थाको नयाँ विधि एवम् प्रकृया नेपाल र नेपालीको हित एवम् अग्रगतिका निम्ति साधक सिद्ध हुन नसक्नु सबैका लागि दुःखद कुरा हो ।'

पूर्वराजा ज्ञानेन्द्र शाहको शुभकामना सन्देशको पूर्णपाठ :

प्यारा नेपाली दिदीबहिनी तथा दाजुभाइ, प्रजातन्त्र दिवसको *बाँकी ७ पेजमा*

र पन्छिएर ..

यो सुखद अवसरमा हाम्रा जिज्युबुवा राष्ट्रपिता श्री ५ त्रिभुवनको स्मरण गर्दै ज्ञात अज्ञात शहिद र प्रजातन्त्र प्राप्तिका निम्ति कृयाशिल सबै एतिहासिक व्यक्तित्व प्रति म हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछु । नेपाल राष्ट्रको एकीकरण, प्रजातान्त्रिकरण, आधुनिकीकरण एवं मुलुकको अखण्डताको संरक्षण गरि प्रजातान्त्रिक राज्य प्रणाली स्थापनाका निम्ति हामीकहाँ भएको ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन सफल बनाउन राजसंस्था र प्रजातन्त्रका निम्ति समर्पित नेपाली जनता सबैको संयुक्त प्रयत्न रहेको हो । राष्ट्र, राष्ट्रियता र राष्ट्रिय गतिशिलताका लागि मैले आफु पन्छिएर पनि मार्ग प्रशस्त गरिदिएको हुँ, तर राष्ट्रको सर्वोत्तम समुन्नतीको आकाक्षांबाट म पृथक छैन ।

दुर्भाग्यवस, नेपालको राष्ट्रियता, अखण्डता र राज्य व्यवस्थाको नयाँ विधि एवं प्रकृया नेपाल र नेपालीको हित एवं अग्रगतिका निम्ति साधक सिद्ध हुन नसक्नु सबैका लागि दुःखद् कुरा हो । अहिले देशमा गतिहिनता, संवेदनहिनता, अनेकता तथा विग्रहको अवस्था देखिएको छ । भविष्यको सुन्दर सपना, शान्ति तथा स्थिरताको चाहना राख्ने नेपाली जनता ज्यादै मर्माहत बनेको अनुभूति मैले गरेको छु । हामी नअर्ल्मालई राष्ट्रको भू-बनोट, सामाजिक स्वरुप, धर्म, संस्कृति र परम्परालाई स्पर्श गरेर सही दिग्दर्शनतर्फ उद्दत हुन म सबैसँग हार्दिक आह्वान गर्दछु ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् । जय नेपाल ।

साधुः २०७२ चैत्र १५ गते सोमबार

दिल्लीमा रहस्यमय भीआइपी जमघट

नयाँदिल्ली । प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणबाट स्वदेश फर्किनुअघि नै भारतले तीन दर्जन भीआइपीहरूलाई आश्चर्यजनक रुपमा नयाँदिल्ली उतारेको छ । चीन भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले गरेका सम्झौताले छिमेकी मित्रराष्ट्र भारत सशंकित बनिरहेका बेला उसले भारत निकट भनिएका दर्जनौं भीआइपीहरूलाई नयाँदिल्लीमा उतारेको हो । उसले दर्जनौं भीआइपीहरूलाई नयाँ दिल्लीमा बोलाएर भीआइपी खातिरदारी गर्दै दुई दिन विशेष छलफल गरेपछि यसलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

खिलराज रेग्मी

रुक्मांगत कटवाल

स्रोतका अनुसार, नाकाबन्दीपछि विग्रिएको नेपाल-भारत सम्बन्ध कसरी सुमधुर बनाउन सकिन्छ भन्ने छलफलका भन्दै नयाँदिल्लीले गुप्त रुपमा भीआइपीहरूलाई बोलाएको हो । नयाँदिल्ली बोलाइएका भीआइपीहरूले नयाँदिल्लीमा २०७२ चैत १३ र १४ गते जनस्तरमा छलफल समेत गरिसकेका छन् । यद्यपि, नेपाल-भारत सम्बन्ध सुधारका लागि भन्दै भीआइपीहरूलाई बोलाइए पनि यसलाई रहस्यमय *(बाँकी पृष्ठ ८ मा)*

दिल्लीमा...

मानिएको छ ।

'ओली चीन भ्रमणमा रहेकै बेला दर्जनौं भीआआइपीहरूलाई भारतले नयाँदिल्लीमा उतारेर रहस्यम छलफल गरेको छ,' दिल्लीस्थित साँधु स्रोतले भन्यो, 'नेपाल-भारत सम्बन्ध कसरी सुमधुर बनाउन सकिन्छ भनेर छलफल भएको बताइए पनि भ्रमण गुपचुप हुनुले रहस्यमय बनेको छ ।' स्रोतका अनुसार, यो छलफलका लागि भन्दै नयाँदिल्ली आउनेहरूमा मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, पूर्व प्रधानसेनापति रुक्मांगत कटवाल, नेपाली सेनाका पूर्वरथीवृन्द सीबी गुरुङ, नरबहादुर कँडेल छन् । त्यसैगरी, नेपाल प्रहरीका पूर्वएआइजी कल्याण तिमिल्सिना, संविधान तथा कानूनविद भीमार्जुन आचार्य, नागरिक दैनिकका सम्पादक गुणराज लुइंटेललगायत पनि विशेष राजनीतिक छलफलकै लागि आइपुगेको बुझिएको छ । दिल्लीले यो गुपचुप छलफलका लागि कानून, पत्रकारिता, उद्योगी-व्यवसायी र सुरक्षा निकायका महत्वपूर्ण व्यक्तिहरू छानेको बताइन्छ । उनीहरू २०७२ चैत १२ गते दिउँसो जेट एयरबाट उक्त कार्यक्रममा सहभागी हुन दिल्ली आएका हुन् । उनीहरू २०७२ चैत १५ गते नेपाल फर्किंदै छन् ।

गगनका प्रियले यसरी गरे नगद खेती

काठमाडौं । मन्त्रीको साथ पाएपछि र पैसामा खेल्न सक्ने भएपछि सिंगो मन्त्रालयकै बजेट बाँडफाँड र घटनपटनमा विज्ञता र दक्षता नचाहिने रहेछ । गगन थापा स्वास्थ्यमन्त्री भएका बेला मन्त्रालयमा आएको बजेट बाँडफाँड गर्ने र चलाउने मामलामा स्वास्थ्य सचिवभन्दा कम भूमिका लेखाअधिकृत सुरेश शर्माको रहेन । मन्त्रालयका पाका, डाक्टर, स्वास्थ्य विज्ञ र अनुभवी कर्मचारीहरूको भन्दा बढी आफ्नै अघकल्चाहरूको टिमको विश्वास गर्ने र उनीहरूकै सूचना र सुझावका आधारमा सञ्चालित हुने मन्त्री थापाको किचन क्याबिनेटमा लेखाअधिकृत शर्मा पनि थिए । शर्माले नै मन्त्री थापालाई अत्यावश्यक औषधिका सट्टा स्वास्थ्यसम्बन्धी उपकरण खरिद गर्दा लाभ लिन सकिने उपाय सिकाएको मन्त्रालय स्रोत बताउँछ । त्यसैले मन्त्रीको कार्यकालको पछिल्लो चरणमा पूर्व निर्धारित अत्यावश्यक औषधि र औषधिजन्य सामानहरू खरिद गर्नुको सट्टा करोडौंका उपकरण किन्ने कार्यमा सिंगो मन्त्रालय नै अग्रसर रहेको रहस्य विस्तारै खुल्दैछ । २०७३ चैतको अन्तदेखि २०७४ वैशाखको शुरुमा मन्त्रालयले बजेट सुनिश्चितता भनी मातहतका विभाग, निर्देशनालय, अस्पताल र आयोजनाहरूमा एक पत्र पठायो । त्यसमा औषधि, उपकरण खरिद तथा मर्मतसम्भार र निर्माणका कार्य आफैंले शुरुगर्नु र योजना सहितको सम्पूर्ण विवरण उपलब्ध गराउनु भनी उल्लेख गरिएको थियो । मन्त्रालयको यही पत्रलाई

(बाँकी पृष्ठ ८ मा)

गगनका...

आधार बनाई मातहतका सबैजसो कार्यालयहरूले औषधि, उपकरण खरिददेखि मर्मतसम्भार र निर्माणका कार्य अघि बढाए । कतिपय कार्यालयले मर्मतसम्भारको काम नै जिम्मा पनि लगाए । तर पछि बजेट आउँदा भने सुरेश शर्मासंग पहिले नै सेटिंग मिलाएर कमिशनमा लाभ दिने हाकिम र कार्यालयलाई मागेजति पुग्यो । जसले सोही पत्रलाई मात्र आधार मानी शर्मासंग सम्पर्क नगरी काम शुरु गरे त्यहाँ बजेट गएन र खरिद सम्बन्धी काम अलपत्र पर्‍यो ।

मन्त्री गगन थापाको मन्त्रालयको किचन. क्याबिनेटका अर्थविज्ञका रुपमा काम गरेका उनले सो अवधिमा २ करोड कुनै सामुदायिक अस्पताललाई दिंदा २० लाखसम्म कमिशन हात पारेको मन्त्रालयको लेखा स्रोत बताउँछ । अहिले पनि यिनै व्यक्ति मन्त्रालयको बजेट विनियोजन शाखामा कार्यरत रहेका छन् ।

निजामती सेवा नियमावली विपरीत तीन वर्षभन्दा बढीदेखि सोही स्थानमा हालिमुहाली चलाउँदै आएका उनको यो पारिवारिक खान्दानी अड्डा भन्दा पनि हुन्छ । उनका दाजु यम शर्मा पनि यसरी नै वर्षौं स्वास्थ्य मन्त्रालयमा बसी राम्रा अतिरिक्त लाभ हासिल गरेका मानिसका रुपमा चर्चित छन् । दाजु शर्मा भने अहिले सरकारी रकम अनियमितता गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियारको निलम्बनमा रहेको बताइन्छ । लामोसमय स्वास्थ्य मन्त्रालयमा बसी काठमाडौं जिल्ला विकास समितिमा सरेका दाजु शर्माले भूकम्प पीडितका नाममा आएका उद्धारका सामग्रीहरूमा लाखौं भ्रष्टाचार गरेको अभियोग प्रमाणित गरी मुद्दा दायर गरिएको बताइन्छ ।

दाजुको पालादेखि नै स्वास्थ्य मन्त्रालयका भ्रष्टाचार गर्न सकिने ठाउँ पहिल्याएका भाइ शर्माले नकभर मन्त्री नभए सचिवलाई रिझाएर उनीहरूकै निकट रही राज्य, सेवाग्राहीलाई घाटा पुर्‍याई कमाउधन्दा चलाउँदै आएका छन् । अघिल्लो सचिवको पालामा त गलत काममा संलग्न रहेको पाइएपछि सचिवैले कार्यकक्षमै बोलाएर भाई शर्मालाई सचेत गराएका थिए । स्वास्थ्य मन्त्रालयको अधिकांश बजेट सरकारी अस्पताल, सामुदायिक अस्पताल, जिल्ला अस्पताल, निर्देशनालयहरूलाई वितरण गरेरै सकिन्छ । तर यो बजेट बाँडफाँड गर्ने विनियोजन शाखामा बसेका शर्माले उनलाई लाभ पुर्‍याउने अस्पतालहरूलाई मागेजति रकम अनेक तर्क र कारण पेश गरी भनेकै समयमा उपलब्ध गराउँदै आएका छन् । उनका माग पूरा गर्न नचाहने अस्पताल तथा सामुदायिक स्वास्थ्य संस्थाहरूले मागेजति बजेट नपाउनु त छँदैछ, साथै उनीहरूका टिप्पणी उठेका फाइलहरू हप्तौंसम्म हराउने र कतिपय त भेटिंदै नभेटिने घटना घटिरहन्छन् । यस्ता काममा यी शर्मा मन्त्रालयमै कहलिएका छन् । मन्त्री गगनका समयमा त शर्माले प्रस्तावित कुनैपनि संस्थामा सजिलै बजेट पठाइदिन्थ्यो र कतिपय यस्ता मामलामा स्वास्थ्य सचिव समेत हेरबोकेरै हुन्थे ।

सेनाको सिफारिसमा सरकारले केही जर्नेलहरूको सरुवा संशोधन गरेसँगै अन्य तीनजना नवनियुक्त उपरथीहरूको पनि दरबन्दी तोकेको छ ।

उपरथीमा बढुवा हुनेहरूमा वरिष्ठ सहायकरथीहरूमा ईश्वर हमाल, शिवराम खरेल र कर्मेन्द्र लिम्बु रहेका छन् । उपरथी हमाललाई सरकारले प्रदेश नम्बर दुईमा रहने पृतनाको मुख्यालय धनुषामा सरुवा पदस्थापना गरेको भएतापनि उनी हाल एक हप्ते सैनिक कोर्षका लागि बेलायतमा रहेका छन् । त्यसैगरी खरेललाई प्रदेश नम्बर पाँचको मुख्यालय बुटवलस्थित पृतनामा सरुवा गरिएको भएतापनि उनी यूएन मिशन लेबनानको डिपुटी फोर्स कमाण्डरका लागि चयन भएकाले लेबनान प्रस्थान गर्ने तयारीमा रहेको बताइन्छ । एकतारे जर्नेलको पोष्टमा खरेल लेबनान जाने भएकाले उनले उपरथीको फूली लगाउन पाएका छैनन् । लिम्बुलाई २०७४ श्रावण २ गते जंगी अड्डामा आयोजित एक विशेष समारोहमा प्रधान सेनापति महारथी राजेन्द्र क्षत्रीले उपरथी दर्जाको दर्ज्यानी चिन्ह प्रदान गरेको सेनाले जनाएको छ । लिम्बुलाई मध्यपश्चिम पृतनापतिमा पदस्थापना गरिएको खबर छ ।

साथै सोही मितिबाट उपरथी दर्जामा पदोन्नति भएका सहायक रथी शिवराम खरेल विशेष कारणले उपस्थित हुन नसकेको र सहायक ईश्वर हमाल हाल विदेशमा रहेको हुँदा उनीहरूलाई उपरथी दर्जाको दर्ज्यानी चिन्ह पछि प्रदान गर्ने व्यवस्था मिलाइएको कुरा पनि सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

अदालत र बिचौलियाका कारण सेना भोकभोकै

अदालतकै कारण राज्यलाई सवा-अर्ब नोक्सान ?

काठमाडौं । नेपालमा मुलुकलाई आर्थिक रुपमा करोडौं करोड फाइदा हुने काम गर्नुभन्दा चुपचाप हात बाँधेर जे जति कमिशन, घुस पाइन्छ, त्यसैमा रमाउनुपर्ने अनौठो संस्कृति स्थापित भएको पाइन्छ । कसैले पनि भइरहेको बेथितीबाट अलग रहेर स्थापित नकारात्मक प्रवृत्तिलाई हटाउछु भनेर लाग्यो भने सम्झनुस् त्यसले विभिन्न बाधा, व्यवधान र अपजसको भारी बोक्यो । त्यतिमात्रै होइन नेपालको शासन पद्धति परिवर्तन गर्दै सुधार गर्छु भनेर क्रान्तिमा होमिएकाहरू पनि अन्ततः आफै प्रतिगामी बनेर पुरानै ढर्रा र पद्धतिको अनुयायी भएका कैयौं उदाहरणहरू छन् । सरकार, संसद, अदालत, प्रशासनको गोलचक्करमै फस्नुपरेपछि सकारात्मक परिवर्तन गर्न चाहनेहरूको मनोबल आफै गिरेर जाने गरेको भुक्तभोगीहरू बताउने गर्छन् । त्यस्ता भुक्तभोगीहरूले यस्ता कुरा त्यसै गरेका होइनन् भन्ने तथ्य सहित फेरि एकपटक पुष्टि भएको छ ।

प्रधानसेनापतिको पदभार ग्रहण गरेसँगै प्रधानसेनापति राजेन्द्र क्षेत्रीले राज्यलाई र नेपाली सेनालाई करोडौं फाइदा हुने केही कामहरू अगाडि बढाएका थिए । त्यसमध्येको एउटा काम थियो, सेनालाई आवश्यक पर्ने खाद्य सामग्री खरिदमा विचौलियालाई प्रवेश निषेध गर्दै सस्तो दरमा उत्पादक कम्पनीसँगै खरिद गरेर आर्थिक मारको चपेटामा परेको राज्यको ढुकुटीको करोडौं रुपैयाँ जोगाउने । यसको सुरुवात रक्षा मन्त्रालयको समेत स्वीकृति लिई २०७२ माघ १ देखि लागु हुनेगरी नेपाली सेनाको सकल दर्जाले खाने हाइ इनर्जी बिस्कुट र दूध अगामी तीन वर्षका लागि एउटै दररेटमा सीधै उत्पादक कम्पनीबाट खरिद गर्ने निर्णय सेनाले गरेको थियो । जुन निर्णयबाट वार्षिक ४० करोड रुपैयाँ दरले तीन वर्षका एक अर्ब २० करोड रुपैयाँ बचत सेनालाई हुन्थ्यो । अर्थात् हाल विचौलियामार्फत तिनै कम्पनीहरूले उत्पादन गरेको आवश्यक परिमाणको बिस्कुट र दूध खरिद गर्दा सेनाले वार्षिक रुपमा

(बाँकी पृष्ठ ८ मा)

अदालत....

४० करोड रुपैयाँ बढी खर्च गर्नुपरिरहेको छ । विचौलियाहरूले घुस खाएर बीचमा बसेर वार्षिक पचासौं करोड लुटिरहेका छन् । तर, 'नेपालको कानून दैवले मात्र जानुन भन्ने' उक्तिसँग मिल्नेगरी पुनरावेदन अदालत पाटनले उक्त निर्णय कार्यान्वयन नगर्न/नगराउन भन्दै २०७२ पुस २९ गते बिस्कुट खरीद नगर्न अन्तरिम आदेश जारी गरेपछि सेनाको सकलदर्जा भोकभोकै त हुने नै भए, राज्य र सेनाले दैनिक दुई लाख ७५ हजार रुपैयाँको अनावश्यक आर्थिक व्ययभारबाट तत्काल छुटकारा नपाउने भएको छ । त्यतिमात्रै होइन स्वच्छ छवि बनाएका प्रधानन्यायाधीश कल्याण श्रेष्ठ मातहतको न्यायपालिका भित्रको विकृति र विसंगति अझै हटिनसकेको पनि यसले संकेत गरेको छ । जबकि आफूले पदभार ग्रहण गरेसँगै श्रेष्ठले न्यायिक प्रक्रियामा देखिने गरेका भ्रष्टाचारजन्य विकृति निर्मूल पार्ने उद्‌घोष गरेका थिए ।

विश्व खाद्य संगठनको गुणस्तर र मापदण्ड बमोजिमको एउटा मात्र हाई इनर्जी बिस्कुट उत्पादक नेपालमा रहेको र विगत केही वर्षदेखि एक मात्र सोही उत्पादनलाई विभिन्न आपूर्तिकर्ताहरूले आफूलाई आपूर्ति गरिरहेको सन्दर्भमा नेपाली सेनाले सार्वजनिक खरीद ऐनको रीत पुऱ्याई उत्पादकसँग नै सस्तो दर रेटमा बिस्कुट खरिद गर्ने निर्णय गरेको जंगी अड्डाले जनाउदै आएको थियो । तर, नेपाली सेनाको उक्त खरिद कार्यकाविरुद्ध मार्क सप्लायर्स प्रालिका सञ्चालक पेम्बा शेर्पाले पुनरावेदन अदालत पाटनमा हालेको उत्प्रेषण मुद्दामा पुनरावेदन अदालतमा केही अनौठो अभ्यासहरू भएपछि न्यायपालिकाको निष्पक्षताप्रति फेरि एकपटक प्रश्न उठेको छ ।

स्रोतका अनुसार, पटकपटक अन्तरिम आदेशको लागि सो मुद्दा न्यायाधीश तिलप्रसाद श्रेष्ठसमेतको इजलासमा तोकियो । जुन संयोगमात्र हो भनेर पत्याउन सकिने आधार नरहेको कानूनविद्‌हरू बताउछन् । त्यसैगरी उक्त मुद्दाको पहिलो सुनुवाइमा प्रत्यर्थी पशुपति बिस्कुट इन्डस्ट्रिज, सुनसरी दुहबीलाई जनाउ गएको प्रतिवेदन प्राप्त नभएको भन्ने आधारमा सुनुवाइ रोकिएको थियो । तर, अर्को पटकको सुनुवाइमा पनि म्याद तामेल भएको विवरण नआएको अवस्थामा पुनरावेदन बार एसोसिएसन पाटनका अध्यक्ष रुद्र पोखरेलले मोबाइल फोनमा खिची पेस गरेको भन्ने आधारमा पुनरावेदन अदालतले आफ्नो अभिलेख नहेरी मुद्दाको सुनुवाइ अगाडि बढाई खरिद प्रक्रिया रोक्ने अन्तरिम आदेश जारी गरेको थाहा भएको छ । मिसिलमा तामेली प्रतिवेदन प्राप्त नै नभएको अवस्थामा पक्षको कानून व्यवसायीको मोबाइलमा रहेको तस्विरको आधारमा अदालत म्याद तामेली भइसकेको निष्कर्षमा पुगेको र सुनुवाइ अघि बढाएको सम्भवतः यो पहिलो पटक भएको कानून व्यवसायीहरू बताउछन् ।

स्रोत भन्छ, अझ आश्चर्यजनक त के भयो भने अधिवक्ता रुद्र पोखरेलले पेस गरेको मिति गत पुस २८ मा भएको भनिएको म्याद तामेली प्रतिवेदनलाई पुनरावेदन अदालत पाटनले आदेश गरी सकेपछि पुस २९ गतेको दिन के कस्तो हो भनी बुझ्नका लागि सुनसरी जिल्ला अदाललाई सोधिएकोमा सो म्याद रीतपूर्वक तामेल नै नभएको र तामेली प्रयोजनका लागि तयार गरेको कागजको फोटो कसैले खिचेको हुन सक्ने जवाफ उक्त अदालतबाट प्राप्त भएको छ । हुँदै नभएको झुट्टा प्रतिवेदन पेस गर्ने पुनरावेदन बार एसोसियसन पाटनका अध्यक्ष रुद्र पोखरेललाई बार काउन्सिलले के कारबाही गर्ने हो र तामेली म्याद नै प्राप्त नभै सुनुवाइ अघि बढाउने न्यायाधीश द्वयले न्यायपरिषद् समक्ष के कसरी आफू निष्पक्ष रहेको पुष्टि गर्ने हुन् हेर्न भने बाँकी नै छ । योसँगै न्यायपालिकाको निष्पक्षता र शुद्धताका लागि कटिबद्ध भएको दावी गर्ने प्रधानन्यायाधीश श्रेष्ठले अब के गर्ने हुन भन्ने कुरा पनि सम्बन्धित क्षेत्रका व्यक्तिहरूको लागि उत्सुकताको विषय बनेको छ ।

स अगाडि), काठमाडौं, **फोन** : ४२३

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

यस्तो दाग बोकेर विदा हुँदैछन् गौरव

काठमाडौं । अवकाश हुनुभन्दा एक महिनाअघिदेखि विदामा बस्ने परम्परालाई प्रधानसेनापति गौरवशमशेर राणाले निरन्तरता दिन नखोजेपछि रक्षा मन्त्रालयले उनको विदाइ र राजेन्द्र क्षेत्रीलाई कामु प्रधानसेनापति बनाउने तयारी गरेको छ । कानुनमा उल्लेख नभए पनि अहिलेसम्मको परम्पराअनुसार एक महिनाअघिदेखि विदामा बस्नु अनिवार्यता जस्तै छ ।

अवकाश हुनुभन्दा एक महिनाअघि नेपाली सेनाका उपरथीभन्दा माथिका अधिकृतहरू विदामा नबसेको नजिर यसअघि एउटा पनि थिएन । तर राणा प्रधानसेनापति भइसकेपछि रथी प्रदीपविक्रम राणा, उपरथी भिक्टर राणा, नरेश बस्नेतलाई अवकाश हुनुभन्दा एक महिनाअघिदेखि विदामा बस्न लगाएनन् । आफू पनि त्यसै गर्ने बाटो खोल्न प्रधानसेनापति राणाले रथी र उपरथीहरूलाई यो छुट दिएका थिए ।

रथी र उपरथीका लागि आफैंले कायम गरिदिएको नजिर आफ्ना लागि पनि कायम गर्ने दौडधूपमा प्रधानसेनापति राणा लागिरहेका छन्, तर रक्षा मन्त्रालयले भने मानेको छैन । प्रधानसेनापति राणाको पदावधि आगामी भदौ २४ गतेदेखि समाप्त हुने भएका कारण त्यसको एक महिनाअघि अर्थात् साउन २४ गतेदेखि उनी विदामा बस्नुपर्ने हुन्छ । तर विदामा नबसी आफ्नो कार्यकाल बढाउने थप चलखेलमा उनी लागेका छन् । प्रधानसेनापति राणाको यो चलखेलबाट रक्षा मन्त्रालय खुसी छैन । रक्षा मन्त्रालयका सचिव ईश्वरी पौडेल प्रधानसेनापति राणाको यो योजनालाई जसरी पनि तुहाइदिने रणनीतिमा छन् । उनले रक्षा मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका प्रधानमन्त्री सुशील (बाँकी पृष्ठ ८ मा)

यस्तो दाग....

कोइरालालाई भेटेर यसबारे अवगत गराइसकेका छन् । प्रधानमन्त्री निवास बालुवाटार स्रोतका अनुसार साउनको तेस्रो सातादेखि रथी राजेन्द्र क्षेत्रीलाई कामु प्रधानसेनापति बनाउने र राणालाई विदामा बस्न लगाउने गरी रक्षा मन्त्रालयले फाइल तयार गरिसकेको छ । यो फाइल मन्त्रिपरिषद्को आगामी बैठकमा सदर हुने समाचार स्रोतले जनाएको छ ।

प्रधानसेनापतिको कार्यकाल तीन वर्षबाट बढाएर चार वर्ष पुऱ्याउने राणाको चलखेललाई अर्थमन्त्री रामशरण महतबाहेक क्याबिनेटमा कसैले साथ दिएका थिएनन् । अलि टाढाको नाताले सम्धी पर्ने भएकै कारण अर्थमन्त्री महत भने एक वर्ष कार्यकाल बढाउने प्रधानसेनापति राणाको अभियानका सहयोगी थिए । यही डिजाइनअन्तर्गत नै अर्थमन्त्री महतले निजामती कर्मचारीहरूको सेवा गर्ने उमेर ५८ वर्षबाट ६० पुऱ्याउने घोषणा चालू आर्थिक वर्षको बजेट प्रस्तुत गर्ने क्रममा गरेका हुन् । निजामती कर्मचारीहरूको सेवा अवधि दुई वर्ष थपिएपछि सेनाको हकमा पनि त्यही नजिर देखाएर दबाव दिने रणनीतिमा राणा थिए, त्यो रणनीति पदमै बसेर कार्यान्वयन गराउन सजिलो हुने भएका कारण उनी बिदामा नबस्ने निचोडमा पुगेका हुन् ।

हुन त अर्थमन्त्री महतसँग नाता जोडिएका आफ्ना दाजुका सम्धी रथी पवनजंग पाँडेको कार्यकाल एक वर्ष थप्ने रणनीतिमा असफल भएपछि प्रधानसेनापति राणाले हरेस खाएका थिए । यो निर्णय गराउन अर्थमन्त्री महतको सुझावअनुसार नै पवनजंग शशांक कोइरालालाई लिएर धेरैचोटि प्रधानमन्त्री कोइराला र राष्ट्रपति डा.रामवरण यादवकहाँ पुगेका पनि हुन् । तर अचानक यस्तो निर्णय गर्दा सेनाभित्रको रोलक्रम नै बिथोलिने भएका कारण राष्ट्रपति र प्रधानमन्त्रीले त्यो आँट गरेनन् । यदि यस्तो निर्णय गरिएको भए राणापछि उनका दाजुका सम्धी पवनजंगलाई प्रधानसेनापति बन्ने बाटो खुल्ने थियो । रथी राजेन्द्र क्षेत्री मात्रै होइन, सम्भावना बोकेका एउटा पंक्ति नै सिकार हुने थियो । पवनजंग पाँडे प्रकरणमा असफलता हात लागेपछि प्रधानसेनापति राणाले भन्ने गरेका थिए- 'यो पाँडेले सारा योजना बिथोल्यो ।' पछिल्लो समयमा पाँडेसँग पनि उनको सम्बन्ध बिग्रेको थियो ।

सैनिक स्रोतका अनुसार राणा आफैमा क्षमतावान अधिकृत होइनन्, तर उनको टिम राम्रो भएका कारण सुरुका दिनमा सकारात्मक वातावरण बनेको थियो । तर कार्यकाल एक वर्ष बित्न नपाउँदै राणाको कार्यशैलीबाट उनकै टिमका सबैजसो रुष्ट भए । यो क्रम बढ्दै जादा यतिबेला प्रधानसेनापति राणा करिब करिब तत्कालीन रथी कुलबहादुर खड्काकै अवस्थामा पुग्न लागेका छन् । प्रधानसेनापति राणको विदाइ हार्दिकतापूर्वक नहुने भएको छ । औपचारिकताका लागि बिदाइ समारोहको आयोजना गरिए पनि समारोहमा सहभागी हुने सैनिक अधिकृतको मन अमिलो बन्ने छाँटकाँट देखिएको छ । त्यसको अर्को कारण हो- भ्रष्टाचार । पञ्चायतकालदेखि नै व्यक्तिका लागि पदको सिर्जना गर्दै उपरथीसम्म बनाइएका इन्जिनियर नरेश बस्नेतले सेवा अवधिका कारण अवकाश पाउने समयताका राणा प्रधानसेनापति बनेका थिए । तर उनले बस्नेतलाई बिदा गर्नुको साटो रथी पदमा करारमा बढुवा गरिदिए ।

भ्रष्टाचारकै लागि प्रधानसेनापति राणाले यस्तो हर्कत गरेका हुन् भन्ने कुरा सेनाभित्र छताछुल्ल भयो । करार अवधि सकिएपछि नरेश बस्नेतलाई अहिले मासिक डेढ लाख रुपैयाँ तलब पाउनेगरी प्रधानसेनापति राणाले अर्को जिम्मेवारी दिएका छन् । दुई अर्ब रुपैयाँको लागतमा सेनाद्वारा महाकाल मन्दिर नजिकै निर्माणाधीन भेट्रान हस्पिटल निर्माण सम्पन्न गर्ने जिम्मेवारी बस्नेतलाई दिइएको छ । दुई अर्ब रुपैयाँको लागतमा निर्माण हुने संरचनाको जिम्मेवारी पाएबापत बस्नेतले प्रधानसेनापति राणालाई बबरमहल नजिकै एउटा घर बनाइदिएको स्रोतले बतायो ।

यसैगरी, प्रधानसेनापति राणाले बढुवाका लागि ल्याएको फास्ट ट्र्याक नीति पनि आफूप्रति भक्तिभाव प्रकट नगर्नेहरूलाई तह लगाउने डिजाइनअन्तर्गत नै रहेको रहस्य खुलेको छ । जब उनले २७ बेसिकका क्षमतावान अधिकृतहरूलाई विदाइ गरे, तब मात्रै यो रहस्य खुलेको हो । हाले इजरायलबाट ३५ करोड रुपैयाँ खर्च गरी खरिद गरिएको हतियार प्रकरणमा पनि प्रधानसेनापति राणाको छवि बिग्रेको छ । ती हतियारको तौल र मूल्य नमिलेको तथा उपयोगिता नभएको सैनिक स्रोतले जनाएको छ ।

२०७२ पुष २७ गते सांघु साप्ताहिक

'भावी प्रधानसेनापति' छानविनको घेरामा ?

काठमाडौं । नेपाली सेनाका भावी सेनापति भनेर चर्चामा रहेका उपरथी विनोज बस्नेतमाथि अप्रत्यक्ष रुपमा भ्रष्टाचारको विषयमा छानविन भएको छ । बस्नेत नेपाली सेनाको स्टाफ कलेज शिवपुरीको कमाण्डडेण्ट रहेको बखत निर्माण गरिएका संरचनाहरूमा भ्रष्टाचार भएको उजुरीको आधारमा सैनिक हेडक्वार्टरको एउटा टोलीले छानविन गरेको हो । यद्यपि छानविन भने निकै पछि भएको छ ।

यो छानविन प्रकरणले हेडक्वार्टरमा खैलाबैला मच्चिएको छ ।

जर्नेलहरू शरद गिरी, भुवन अधिकारी लगायत भण्डै एकदर्जन सेनाको टोलीले

उपरथी विनोज बस्नेत

शिवपुरीस्थित स्टाफ कलेजको निर्माण सम्बन्धमा २०७२ मंसिर ६ गते निरीक्षण, सोधपुछ मात्र होइन, स्टाफहरूलाई हप्कीदप्की समेत गरेको स्रोतको दावी छ । रु. दश करोड खर्च गरेर निर्माण गरिएका संरचनाहरू, स्वदेशी-विदेशी प्रशिक्षार्थी आवास भवन, अडिटोरियम, कमाण्डड्याण्ट आवास निर्माण सम्पन्न गरी ६/७ महिना अघि नै विनोज बस्नेतकै पालामा हस्तान्तरण भएका हुन् । तर, सेनाको हेडक्वार्टरको निरीक्षण टोलीले ६ महिनापछि खोजीनीति गरेकोमा सैन्य हेडक्वार्टरमा चर्चाको विषय बनेको छ । सेनाको डीएमओ नीति व्यवस्था प्रमुख शरद गिरीले भावि प्रधानसेनापतिको चर्चामा रहेका विनोज बस्नेतको नेतृत्वमा भए/गरेका काम कारवाहीका बारेमा निरीक्षण र छानविन गर्नुको पछाडि कुनै ठूलै रहस्य लुकेको हुन सक्छ भन्ने चर्चा छ । यो प्रकरणलाई पवनबहादुर पाण्डे छायाँ प्रधानसेनापति भएका बखतमा गरिएको स्टाफ कलेजको निर्माणको निहुँ पारेपनि रिस देखाउन गरिएको हो कि भन्ने आशंका पनि गरिदैछ । टोपी खरीद काण्ड लगायतको उजुरीमा सहायक रथी शरद गिरीले नै हेलिकप्टरमा पूर्वी पृतना हेडक्वार्टर र त्यस अन्तर्गतका विभिन्न स्थानहरूमा गएर विनोज बस्नेत बारेमा छानविन गरेका थिए । सैनिक प्रतिष्ठान खरिपाटीमा पनि जाँचबुझ र छानविन गरेको भएपनि भविष्यमा प्रधानसेनापति भनी तत्कालीन प्रधानसेनापति गौरव शम्सेर राणाले उपरथी विनोज बस्नेतका

(बाँकी पृष्ठ ८ मा)

भावी....

बारेमा कुनै पनि कारवाही प्रक्रिया अगाडि बढाएका थिएनन् । उपरथी विनोज बस्नेतले जहाँ जहाँ कमाण्ड गर्छन् त्यहाँ त्यहाँ छानविनका लागि खटिँदै आएका सहायक रथी शरद गिरी हालका प्रधानसेनापति क्षेत्रीकै राजदल मदर युनिट हुन् । गिरी महासेनानी हुँदा २ वर्ष र सहायक रथी भएपछि ३ वर्षदेखि डीएमओ मै रमाउँदै आएका छन् ।

५ महिनापछि फाइल खुले

लामो समयदेखि रोकिएका सेनाका फाइला मन्त्रिपरिषदबाट पारित हुन थालेका छन् । राजेन्द्र क्षेत्रीले नेपाली सेनाको कमाण्ड सम्हालेपछि सिफारिस भएका सेनाका रथीवृन्द र महारथी, प्रमुख सेनानीको पदोन्नतिको फाइल केपी ओलीको नेतृत्वको संयुक्त सरकारले पाँच महिनापछि २०७२ पुस २१ गते स्वीकृत गरेको छ । रक्षा मन्त्रालयमा लामो समय रोकिएका सेनाका अधिकृतहरूको पदोन्नति भएपछि प्रधानसेनापति राजेन्द्र क्षेत्रीलाई सांगठनिक काम गर्न सहज भएको बताइन्छ ।

बढुवा सिफारिस भएका सैन्य अधिकृत र रथीवृन्दहरू मध्ये सबभन्दा पहिला बढुवा सिफारिस भएका सहायक रथी ज्ञानेन्द्र रायमाझीको भने बढुवा भएन । रायमाझीभन्दा जुनियर सहायक रथी देवकुमार सुवेदीको लामो समयपछि बल्लतल्ल उपरथीमा बढुवा भएको छ भने अर्का सहायक रथी जगदीशचन्द्र पोखरेलको पनि उपरथीमा बढुवा भएको छ । बढुवा भएका उपरथी सुवेदीलाई २०७२ पुस २४ गते प्रधानसेनापति राजेन्द्र क्षेत्रीले दर्ज्यानी चिन्ह प्रदान गरेका छन् । उपरथी जगदीशचन्द्र पोखरेल भने पाकिस्तान भ्रमणमा रहेकाले माघ १ गते स्वदेश फर्केपछि दर्ज्यानी चिन्ह पाउने छन् ।

पुस २१ गतेकै मन्त्रिपरिषद्ले महासेनानीबाट सहायक रथीमा बढुवा गरिएका चारजनाले भने दर्ज्यानी चिन्ह कहिले पाउने भन्ने निश्चित छैन । सहायक रथीमा बढुवा भएका चारैजना हाल विदेशमा रहेको बताइन्छ । सहायकरथीमा बढुवा हुनेहरूमा सूर्य खनाल, शैलेन्द्र शम्सेर थापा (नयाँ दिल्लीमा एनडी कोर्ष गर्दै) सुदर्शन विक्रम राणा-साउथ सुडानको राजधानी जुबामा कार्यरत, बालकृष्ण कार्की (चीनमा एनडीसी)गर्दै छन् ।

सोही मितिमा प्रमुख सेनानीबाट महासेनानी(कर्णेल)मा पदोन्नति हुनेहरूमा ६ जना रहेको रक्षा स्रोत बताउछ । महासेनानीमा पदोन्नति हुनेहरूमा नारायण सिलवाल, ध्रुवविक्रम शाह, कृष्णराज आचार्य, यमबहादुर सापकोटा दिनेशकुमार केसी र हरेन्द्र पाठक रहेका छन् ।

सेनाभित्र पनि जर्नेलहरूको गुटैगुट

२०७२ माघ ५ गते

श्रीमान सम्पादकज्यू,

हामी नेपाली सेनामा कार्यरत निरीह अधिकृत पदिक र सिपाहीहरूका केही गुनासा पठाएको छौ । कृपया स्थान दिएर सम्बन्धित निकायको पटक पटक ध्यानाकर्षण गराउन सहयोग गरिदिनु भएकोमा साँघु परिवारप्रति हार्दिक कृतज्ञता जाहेर गर्दछौं । हामी साँघु साप्ताहिक मार्फत प्रधानसेनापति समक्ष कुरा पुऱ्याउदा समेत कुनै ध्यानाकर्षण भएको जस्तो महसुस भएन । त्योभन्दा माथिल्लो निकाय रक्षा मन्त्रालय, रक्षा मन्त्री, प्रधानमन्त्रीको समेत ध्यानाकर्षण गराइ दिनुहुने छ भन्ने अपेक्षा गरेका छौं । सहयोगका लागि साँघु परिवार र सम्पादकज्यूप्रति विशेष हार्दिक कृतज्ञता जाहेर गर्दछौं ।

नेपाली सेनाको इन्जिनियर विभागमा पूर्व जर्नेल नरेशबहादुर बस्नेतको पालामा आफ्ना नजिककालाई हात-साथ लिने, आफ्नो चाकडी नगर्नेलाई खेद्ने आफ्ना नजिकलाई करोडौं रुपैयाँको प्रोजेक्टको जिम्मेवारी दिने, नेपाली सेनाको कल्याणकारीलगायतको रकममा मनपरी खर्च गरी कसैलाई काखा कसैलाई पाखा लगाउने र धनार्जन गर्ने चलन थियो । जर्नेल बस्नेतको अवकाशपछि योगेन्द्रबहादुर खाँण विभागीय प्रमुख भएपछि विभाग अब त सुध्रिन्छ होला भन्ने ठूलो अपेक्षा गरेका थियौ । तर, हाम्रो अपेक्षा विपरीत नरेश जर्सा'बभन्दा पनि बढी स्वार्थी र काखापाखा गर्ने कामभमा अग्रपंक्तिमा देखिएका छन् जर्नेल योगेन्द्रबहादुर खाँण । अहिले इन्जिनियर विभाग अन्तर्गत चारवटा समूह नै को भन्दा को कमको रुपमा देखिएका छन् । अधिकृतबीचमा एक ग्रुप योगेन्द्र खाँण, एक ग्रुप जर्नेल कमाल सिंह प्रधान, एक ग्रुप जर्नेल उद्धव विष्ट, अर्को ग्रुप कर्णेल रामधर सिंहका सबै प्यानल छुट्टाछुट्टै छन् । इन्जिनियररिङ 'विभागको अफिस त विद्यार्थीहरूको संगठन स्वबियुको कलेजको प्यानल जस्तो भएको छ । एकले अर्कालाई खेद्ने, पेल्ने, अनि कतिपय हाकिमहरू भ्रष्टाचार गर्नमै लिप्त रहेका छन् । अनि कसरी आफ्नो प्यानलको मान्छेलाई करोडौको प्रोजेक्ट साइड दिने भन्ने चिन्तनमा जर्नेल, कर्णेलहरू रहेका छन् । शक्ति, सोर्स केही नहुनेलाई न काम न दाम ? केही छैन ! नेपाली सेनाको निर्माण, ठेक्का पट्टा चल्ने अफिसमा प्रत्येक अधिकृतलाई करोडौको साइडमा साइड दिए बापत कमिसन तोकेर बुझाउने सर्तमा करोडौको छैन । त्यस अलवा आफ्ना अधिकृत, पदिकहरू खटाउने परम्परा तोडिएको छैन । त्यस अलवा शान्तिसेना हालेको, प्रमोशन बापत भेटीघाटी बुझाउन छुट्टाछुट्टै अधिकृत खटाएर कामगर्ने गरिएको छ । यसंतर्फ आर्मी हेडक्वार्टर र प्रधानसेनापतिज्यूको ध्यान पगोस् भन्ने अनुरोध गरेका छौ । -*नेपाली सेनाका पीडित अधिकृतहरू*

साप्ताहिक

गौरवको गुनासो

पाँडे र पूर्णचन्द्रले फसाए

काठमाडौं । प्रधानसेनापति गौरवशमशेर राणा एक सातापछि बिदा वस्दै गर्दा उनको कार्यकालमा भएको एउटा ठूलो भूलले उनलाई यतिवेलादेखि नै पिरोल्न थालेको छ । कार्यकाल समाप्त हुने वेलामा प्रधानसेनापति राणाका लागि महसुस मात्रै भएको छ, तर उनी र उनको पूर्वकोटरीको निर्णयका कारण वहालवाला उपरथीको जागिर र क्यारिअर समाप्त मात्रै भएको छैन, राणाको इज्जतमाथि दाग लागेको छ । अहिले त्यही घटनाले पारिवारिक रूपमा पनि राणाले ठूलो क्षति वेहोर्नुपरेको छ । पछिल्ला केही भोजहरूमा प्रधानसेनापतिले आफ्नो त्यो पाप भएको पटक-पटक वहालवाला जर्नेलहरूसँग दुखेसो गरिरहेका छन् ।

राणा प्रधानसेनापति भएपछि उनको सिकार भएका व्यक्ति हुन् उपरथी प्रेमप्रकाश थापा । अवधिका हिसावले गत वैशाखमा थापाको पदावधि सकिएको छ, तर सेनाको पुनरावेदन अदालतले मुद्दा अझै फैसला नगरेको हुनाले थापाको जागिर गएको नै भन्न सकिने अवस्था भने छैन । पूर्वसेनापति छत्रमानसिंह गुरुङका सैनिक सचिव रहेका थापाले राणाको कार्यकालको आरम्भमै जागिरबाट हात धुनुपरेको थियो । महासेनानी हेम खत्रीको नक्कली भारतीय सर्टिफिकेट पेस गरेको आधारमा थापाको जागिर खोसिएको थियो, तर त्यो सर्टिफिकेट सही छ भनेर अन्तिम निर्णय गर्ने बोर्डका अध्यक्ष स्वयं प्रधानसेनापति राणा थिए । त्यो प्रकरणमा कारवाहीको भागीदार थापासँगै प्रधानसेनापति राणा पनि थिए, तर शक्तिशाली राणालाई कारवाही कसले गर्ने ? राणाको कोटरीले यसमा राणालाई नराम्ररी फसाइदिएको छ । यसमा केही जर्नेलको चिफ बन्ने महत्वाकांक्षाले पनि काम गरेको खुल्न आएको छ ।

सेनाका वहालवाला जर्नेलका अनुसार प्रेमप्रकाश थापालाई कारबाही गर्नुको पछाडि तत्कालीन रथी पवनबहादुर पाँडे, उपरथी पूर्णचन्द्र थापा, पवनविलास

(बाँकी पृष्ठ ८ मा)

गौरव...

कार्कीहरूको सुनियोजित खेल थियो । यदि थापामाथि कारवाही नभएको भए बलदेवराज महत रथी भएको ठाउँमा थापा हुन्थे र त्यसपछि भदौमा थापा चिफ हुन्थे । त्यस अवस्थामा बलदेवराज महतको अवधि भदौमा सकिनेवाला थियो भने पूर्णचन्द्र थापा उपरथीमै घर जानुपर्ने थियो । तर पवन पाँडेलाई चिफ बनाउने र आफू चिफ हुने प्रपञ्चसहित पूर्णचन्द्र थापा र उनका केही टिम पनि प्रेमप्रकाशलाई समाप्त पार्ने खेलमा सक्रिय भए । पवनबहादुर पाँडेलाई चिफ बनाउने खेलमा खर्च गर्न पूर्णचन्द्रलाई सम्भाररथी बनाइयो भने पदमविलास कार्कीलाई पोखरामा पृतनापति । पहिलो लटमा पवन पाँडे र त्यसपछि पूर्णचन्द्र चिफ बन्न भएको सबै खेल अहिले तुहिएको छ । पाँडे बदनाम भएर बाहिरिसकेका छन् भने उनको राणासँग सम्बन्ध बिग्रिएको छ ।

गत आइतबार साँझ प्रधानसेनापतिले शशीभवनमा पिएसओज जर्नेल, पूर्वचिफ र पूर्वरथीहरूलाई बोलाएर दिएको भोजमा पाँडे थिएनन् । प्रधानसेनापतिले जर्नेलहरूलाई कानेखुसी गर्दै भनेका थिए, 'मैले पाँडेलाई बोलाइनँ । त्यसले मलाई डुबायो । प्रेमप्रकाशको केसमा ठूलो गल्ती भयो । मलाई यी फटाहाहरूले फसाइदिए ।' तर प्रेमप्रकाशले पुनरावेदनबाट मुद्दा जित्ने सम्भावना रहेको बुझिएको छ । अदालतको अध्यक्षमा पुनरावेदन अदालत पाटनका मुख्य न्यायाधीश हुन्छन् भने सदस्यमा रक्षासचिव ईश्वरी पौडेल र सेनाको कानुन हेर्ने उपरथी होम लावती छन् । प्रेमप्रकाशलाई अन्याय भएको भन्ने पक्षमा पुनरावेदनका न्यायाधीश र रक्षासचिव पुगेका छन् । प्रेमप्रकाश दोषी नपाइएको फैसला हुनासाथ उनले अहिलेसम्मको सेवासुविधा पाउनेछन् । बहाल हुन समय सकिएका कारण त्यो सम्भव छैन । साउन २१ गतेका लागि उनको मुद्दा पेसी तोकिएकाले फैसला के हुन्छ भन्ने कुरा प्रतीक्षाकै घडी भएको छ । तर रोचक कुरा पवन पाँडेलाई गाली गरिरहेका प्रधानसेनापति राणाले अन्तिम समयमा पनि नरेश बस्नेतलाई भने काखी च्यापिरहेका छन् । पछिल्ला भोजहरूमा बस्नेत राणाको दाहिने साइडमा बसेर गफ चुटिरहेको बुझिएको छ ।

२०५४ साल–चैत्र ७ [illegible]

चीफ सा'ब लप्टनको मनपरी छानविन होस्

श्रीमान सम्पादकज्यू,

श्री नं. १ ग्यारिजन गण अन्तर्गत विजेश्वरी पोष्टमा भएका सिपाहीको दश महिनाको रासनको पैसा सिपाहीले तरकारी बोकेको टीएडीए सहित उ.से.राम ब.तामाङले आफूखुसी खाएका छन् । त्यति मात्र नभएर स्कूलमा नेपाली सेनाले डिउटी खटाएमा, कुनै स्कूल क्षेत्रमा हतियार प्रवेश गर्न नपाउने नेपाली सेनाको नियम छ । यी लप्टनले आफूखुसी स्कूलहरूमा हतियार पठाउने गरेका छन् । के यी लप्टनले नेपाली सेनाको नियम विपरीत आफूखुसी नियम लगाउन पाउछन् ?

सिपाहीको दशमहिनाको रासनको पैसा त विना नियम नै खाए, तर तरकारी बोकेको पैसा सहित गणका अइटन क्याप्टन र उनी एउटै गाउँका हुन् । अइटन क्याप्टन सहदेव थापा विजेश्वरी पोष्टमा उ.से.राम ब.तामाङ थापाथली राष्ट्र बैंकमा, उ.से.भरत थापा भैसेपाटीमा । उ.से.युवकलाल श्रेष्ठ भएको पोष्टमा स्केल भन्दा बढी मट्टितेल झारेर पैसा लिने गरेका छन् । यस्तो मनपरी गर्ने सेनाका अधिकृतलाई कारवाही हुँदैन ? किन गणपति चुप लागेर वसेका छन् ? थापाथलीको राष्ट्र बैंक भनेको सिंगो देशको सवेदनशील ठाउँ हो । यस बैंकमा मेजर राख्ने नियम छ । तर, यहाँको जिम्मेवारी भने सेकेन्ड लप्टनलाई दिइएको छ । के ग्यारिजन गणमा लप्टनभन्दा सिनियर अधिकृत छैनन् र राष्ट्र बैंक जस्तो संवदेनशील ठाउँमा लप्टनलाई जिम्मेवारी दिएर राखेका छन् । पोष्टमा सिपाहीको रासन लापरवाही गर्ने अधिकृतलाई कारवाही किन हुँदैन ? सिपाहीको रासन र टीएडी.ए.को पैसा लापरवाही गरी खाने अधिकृतले गर्दा सिंगो नेपाली सेनाको संस्थालाई आँच पुग्दैन र ? यी कुरामा गणपति र चिफसा'बको ध्यान तत्काल पुगोस् । कि त सशस्त्र प्रहरीमा अख्तियार लागेजस्तो सेनाका सिपाहीले पनि अख्तियार गुहार्नु परो । बन्दुक बोकेर रातदिन डिउटीमा खटिने सिपाहीको व्यथा आर्मी हेडक्वार्टरले सुन्नोस् भन्ने कुरा नेपाली सेनाका सकल दर्जाको प्रिय पत्रिका साँघु साप्ताहिक मार्फत अनुरोध गर्दछौं ।

-पीडित सिपाहीहरू, नेपाली सेना

प्रधानसेनापति क्षेत्रीले तोडे रेकर्ड

काठमाडौं । का.मु. प्रधानसेनापति राजेन्द्र क्षेत्रीले नेपाली सेनाको ४२ औं प्रधानसेनापतिको सपथ राष्ट्रपति भवनमा भदौ २४ गते अपरान्ह औपचारिक कार्यक्रमका बीचमा लिने भएका छन् ।

राजेन्द्र क्षेत्रीकी आमा स्व. प्रमिला खत्रीको वार्षिक तिथि पनि भदौ २४ गते नै परेकाले सो दिन विहानभरी का.मु. प्रधानसेनापतिसहितका परिवार आफ्नो निजी निवासमै माता प्रमिलाको वार्षिक कार्यक्रममा व्यस्त हुनेछन् । सो दिउँसोदेखि वेलुकासम्मको प्रधानसेनापति राजेन्द्र क्षेत्रीको औपचारिक कार्यक्रमहरू यसअघिका प्रधानसेनापतिको बहालीभन्दा अलि भिन्न र फरक किसिमको तय गरिएको थाहा भएको छ । सैनिक स्रोतका अनुसार, शीतल निवासको सपथपछि टुँडिखेलस्थित सैनिक मञ्चमा रहेको अमर सैनिकहरूको प्रतिमामा माल्यार्पण, त्यसपछि सैनिक सलामी, आर्मी हेडक्वार्टरमा बनेको प्रधानसेनापतिको नयाँ भवनमा सम्पूर्ण रुपमा सजावट गरिएको प्रधानसेनापतिको कार्यालयमा पद वहाली । पद वहालीपछि प्रधानसेनापति क्षेत्रीको ललितपुरको नखीपोटस्थित निजी निवासमा झण्डोत्तोलन गर्ने कार्यक्रम रहेको छ । यसअघिका

(बाँकी पृष्ठ ८ मा)

कुर्सीमा नबस्दै सेनापति समक्ष पुकार

काठमाडौं । राजेन्द्र क्षेत्रीले प्रधानसेनापतिको जिम्मेवारी सम्हाल्न नपाउँदै सकल दर्जाले आफ्ना गुम्सिएका आवाजहरू विभिन्न च्यानलमार्फत् पुऱ्याउन थालेका छन् । गौरव शमशेर राणाको पालामा निराश बनेका तल्लो तहका सैनिकले राजेन्द्र क्षेत्रीका पालामा सुधार हुनुपर्ने विषयलाई सूत्रबद्ध गर्दै सार्वजनिक गर्न थालेका छन् । विभिन्न बुँदामा समेटिएका उनीहरूका अपेक्षा क्षेत्रीले आफ्नो कार्यकालमा कति पूरा गर्छन् त्यो भविष्यमा थाहा होला, तर सकल दर्जाले उठाएका विषय भने सैनिक संगठनकै लागि उपयोगी देखिएका छन् ।

सेनाको नियम अनुसार नाम र पद गोप्य राखेर पठाइएका सुझावमा शैक्षिक योग्यता र नागरिकताको प्रमाणपत्रमा उमेर फरक पारी पद प्राप्त गर्ने कर्णेल, जर्नेलहरूलाई कारवाही गरी हटाएमात्र सेनामा शुद्धिकरण आउने र सेनाको मर्यादा कायम हुने दावी उनीहरूले गरेका छन् ।

त्यस्तै सेनाको उच्च पदमा पुग्ने व्यक्तिको नैतिक चरित्र पनि राम्रो हुनुपर्ने भन्दै वहुविवाहको आरोप लागेका र अदालतमा मुद्दा चलिरहेका सैनिक अधिकृतको बढुवा रोक्ने परिपाटी बसाउन पनि उनीहरूले का.मु. प्रधानसेनापति क्षेत्रीलाई सुझाव पठाएका छन् । त्यस्तै नेपालीबाट स्टाफ कलेज पास गर्ने जर्नेललाई प्रधानसेनापति बन्ने मौका नदिइयोस् भन्ने

(बाँकी पृष्ठ ८ मा)

२०७२ भदौ २७ गते शनिबार

सेनामा केही–केहीको सपना सखाप

सैन्य जवान र सकल दर्जाका सैनिकको रगत-पसिनाबाट सञ्चित धनलाई पूर्वप्रधानसेनापति गौरवसमशेर राणाले जातेजाते मनपरि बाँडेकोमा माओवादी जनयुद्ध दिवसकै दिन पारेर फागुन १ गतेदेखि त्यसमा व्यापक कटौती गरिएको छ ।

पूर्वलेफ्टिनेन्ट जनरल सिबी गुरुङलाई एक लाख २४ हजार ४० रुपैयाँ मासिक बुझ्ने गरी कल्याणकारी बोर्डको प्रमुख कार्यकारी अधिकृत बनाइएको थियो । अहिले त्यसलाई घटाएर ९७ हजार चार सय ४० मा झारिएको छ । प्रमुख सञ्चालन अधिकृत तोकिएका देवबहादुर घले ४५ हजार तीन सय २१ मा खुम्चिएका छन् । उनलाई ८१ हजार दुई सय ५८ रुपैयाँ दिने गरिएको थियो । रतुवा जर्नेलको नामले चिनिने दिलीपसमशेर भने सुविधा घट्ने सुईंको पाएर राजीनामा दिई बाटो लागेका छन् । कार्यकारी अधिकृतको दर्जा पाएका उनलाई मासिक ८१ हजार दुई सय ४८ रुपैयाँ पारिश्रमिक तोकिएको थियो । उनी पनि ४५ हजार तीन सय २१ मा सिमित भएका थिए । कार्यकारी निर्देशक बनाइएका पूर्वप्रवक्ता दीपक गुरुङको सुविधा भने एक लाख ६ सयबाट स्वाट्टै ९३ हजार नौ सय ४० मा झारिएको छ । वीर अस्पतालनजिकै बन्दै गरेको त्रिचन्द्र भेट्रान्स सिभिल हस्पिटलको विज्ञ सल्लाहकार तथा परियोजना संयोजक रहेका पूर्वसैनिक अपरेशन चिफ भिक्टर राणा पनि सुविधा घटाइनेमा परेका छन् । एक लाख १० हजार एक सय ७३ बाट उनलाई ५८ हजार ६ सय ४३ मा झारिएको छ । अब काशी पाउनुभन्दा २४ दिनअघि भदौ १

बाँकी ८ [illegible]

आस्था २०७२ फागुन १५

प्रधानसेनापति....

प्रधानसेनापतिहरूले सपथ ग्रहणपछि ललितपुरको झम्सिखेलस्थित शशी भवनमा प्रवेश गर्ने गर्दथे भने २०७२ वैशाख १२ गतेको महाभूकम्पले प्रधानसेनापति निवास शशी भवन ध्वस्त भएकाले क्षेत्रीले आफ्नै घरमा प्रधानसेनापतिको निवास कायम गरेका छन् । भदौ २४ गते निजी निवासको कार्यक्रमपछि प्रधानसेनापति क्षेत्री आफ्नो स्वागतमा जंगी अड्डामा आयोजना हुने साँझको जलपान समारोहमा सहभागी हुने कार्यक्रम रहेको छ । सैनिक स्रोतका अनुसार,

यो पटकको प्रधानसेनापतिको पद वहालीको अवसरमा आयोजना गरिने जलपान समारोह मदिरा(मापसे)रहित हुनेछ । सामान्य अवस्थामा प्रधानसेनापतिको बहालीको अवसरमा सैनिक हेडक्वार्टरले आयोजना गर्ने रात्रिभोज मदिरा रहित हुन लागेको यो पहिलो घटना हो । यसलाई सकल दर्जाले राम्रो संदेशका रुपमा लिएको स्रोत बताउँछ । प्रधानसेनापति क्षेत्रीले सपथ ग्रहणकै दिनबाट थालनी गरेको मदिरारहित भोजले सेनाका पृतना, वाहिनी, गण, गुल्मलगायतका युनिट(सकल दर्जा)मा सकारात्मक सन्देश जाने र मितव्ययी बन्न सन्देश दिने विश्वास गरिएको छ ।

भदौ २१ गते प्रधानसेनापति महारथी गौरवशमशेर राणा तथा श्रीमती रोहिणी राणाको सम्मानार्थ नेपाली सेनाद्वारा आयोजना गरिने विदाइ कार्यक्रम भने कक्टेल सहितको रंगीन हुने स्रोतले बताएको छ ।

सेनामा...

गते गौरवसमशेरले उक्त पदमा उनलाई तीन वर्ष करार नियुक्ति दिएका थिए । सेनामा हुँदा तलब ४० हजार थियो । सोही अस्पतालका प्रशासनिक निर्देशक धनीदास कार्कीको सुविधा ५२ हजार सात सय १९ मा झरेको छ । उनको निम्ति ९३ हजार ६ सय ६६ रुपैयाँ मासिक छुट्याइएको थियो । सुविधा कटौतीमा मेडिकल डाइरेक्टर भैरव हमाल पनि परेका छन् ।

महानगरपालिका भित्रको लुट मौलाउन पालेको खबर छ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले एक मात्र महानगरपालिकाको नेतृत्व गर्न पठाएको युवा सहसचिव रुद्रसिंह तामाङको मति भ्रष्ट भएपछि महानगरपालिकाका केही भ्रष्ट अधिकृत र कर्मचारी नगरवासीको करमा लूट मच्चाउन पाएर दङ्गदास देखिन्छन्। यतिबेर काठमाडौं महानगरपालिकाको तालुक मन्त्रालयका रुपमा रहेको संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव केदारबहादुर अधिकारी काठमाडौं महानगरपालिकाका कार्यकारी प्रमुखको जिम्मेवारी सम्हालिसकेको व्यक्ति भएकाले महानगरपालिकामा हुने अनियमितताका बारेमा उनी जानकार त छन्। तर, आफू महानगरपालिकामा कार्यकारी प्रमुख हुँदा कर्मचारीहरूको घेराबन्दीमा परेपछि त्यसबाट जोगिनका लागि उनले आफै सरुवा माग गरेर गएका थिए। पछि उनी सचिवमा बढुवा भएर अहिले सो मन्त्रालयमा पुगेका छन्। अब के सचिव अधिकारीले महानगरपालिका भित्र हुने भ्रष्टाचारको जरो उखेल्नेतर्फ प्रयास गर्लान् ? त्यो भने हेर्न बाँकी नै छ।

महानगरपालिकामा कार्यकारी प्रमुख भएर गएदेखि आफूलाई मेयर भन्दा पनि ठूलो मान्दै आइरहेका रुद्रसिंह तामाङले यस बीचमा करोडौं भ्रष्टाचार समेत गरेको आरोप छ। प्रकाशमान सिंह मन्त्री हुँदा कांग्रेसी बनेर महानगरपालिकामा मोजमस्ती गरेका रुद्रसिंह तामाङ अहिले कट्टर माओवादी कित्तामा उभिएको चर्चा छ। यतिबेर उनी कृषि राज्यमन्त्री राधिका तामाङ आफ्नो बहिनी भएको र आफू पनि माओवादी भएको बताउँदै हिड्न थालेका छन्। उनी महानगरमा आएदेखि उनी र उनका परिवारका नाममा जोडेका सम्पत्ति हेर्ने हो भने त्यसबाट नै प्रष्ट हुन्छ उनी कति भ्रष्ट सोचका छन्। सम्पत्ति शुद्धीकरण गर्ने हो भने उनीसँगै उनका मतियारहरूको पनि सम्पत्ति छानविन गर्नु माग कर्मचारीहरूले गरेका छन्।

काठमाडौं महानगरपालिकाका कार्यकारी प्रमुख रुद्रसिंह तामाङ र उनका मतियारहरूको संलग्नतामा काठमाडौं महानगरपालिका काम कारवाही, विकास निर्माण, पुनर्निमाण किन हुन सकेन र त्यहाँ भित्र के के कर्तुत हुँदैछन् र भए/गरिएका छन् भन्ने कुरा साँघु प्रतिनिधिलाई प्राप्त २५ बुँदाबाट छर्लङ्ग हुन्छ।

१) राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा

आर्थिक सहायत जस्ता क्षेत्रमा मनलाग्दी किसिमले बाँडेको र जसबाट तीन करोड रकम कमिशन खाएर अनियमितता काम गरेका छन्।

४) तैनचौर जमिनमुनि सवारीसाधन पार्किङ व्यवस्था गरी ठमेललगायतका क्षेत्रको सवारी चापलाई व्यवस्थित गर्ने भनिएको महत्वाकांक्षी योजना गोप्य रुपमा साझेदारी व्यापारी छनौट गरी व्यापारी कै योजना अन्तर्गत डिजाईन गरेको।

५) खुल्लामञ्च जमिनमुनि सवारी साधन पार्किङको व्यवस्था गरी न्यूरोडलगायत क्षेत्रको चापलाई व्यवस्थित गर्ने महत्वाकांक्षी योजना पस्केर करोडौं करोड खाने दाउ गर्दै गोप्य रुपमा साझेदार छनौट गरिसकेको स्रोतको दावी छ। तर, सो क्षेत्रमा सवारी साधन पार्किङ, सपिङ मल बढी भएका कारण सो कार्य सम्भव नभएको प्राविधिकले जनाएपछि सो कार्य निर्णय भएको अवस्थामा रहेको ।

६) काठमाडौं महानगरपालिकाको कार्यालय रहेको बागदरबार पुनर्निर्माण तथा मर्मत सुधार गरी सञ्चालनमा ल्याउन सकिने पर्याप्त सम्भावना छ। जसको पुष्टि त्यही भवनबाट सञ्चालन भएका आधा दर्जन कार्यालयहरूले नै गर्दछन्। त्यति हुँदाहुँदै पनि महानगर सो.कार्यालयमा नवसी कमिशनको खेलमा भाडाको घरमा कार्यालय स्थापना गरेर करोडौं बजेट सकेको। यदि सो भवनमा बस्न नमिल्ने हो भने भवन निर्माणको स्वीकृत दिने भवन निर्माण तथा इजाजत विभाग महाभूकम्प पछि पनि सोही भवनबाट हालसम्म सञ्चालन किन भइरहेको छ ? भन्ने प्रश्नको जवाफ महानगरपालिका प्रमुख तामाङसँग छैन।

७) टेकुमा रहेको महानगरपालिकाको जग्गामा स्टील स्ट्रक्चर भवन निर्माण गर्ने योजना अगाडि ल्याएको तर निर्माणतर्फ सम्भाव्यता अध्ययनसम्म नगरी निरन्तर बहालमा बसी हरेक वर्ष ७५ लाख रुपैयाँ बहाल खर्च हुँदा पूर्वाधार विकास तर्फको बजेटमा नकारात्मक प्रभाव पारेको छ।

८) महानगरपालिकाका कार्यकारी प्रमुख रुद्रसिंह तामाङ र उनका हनुमानहरू के कारण न्यूनतम शर्त तथा कार्य सम्पादन (एमसीपीएम) मा असफल भई १६ करोड भन्दा बढी अनुदान महानगरपालिकाले यो वर्ष गुमाएको छ।

९) काठमाडौं महानगरपालिकाका ३५ वडा कार्यालयहरू अधिकांश बहालमा रहेको, केन्द्रीय कार्यालय बहालमा रहेको अवस्थामा नेपाल प्रहरीका लागि हरेक

पत्रकार एवं कार्यक्रम सञ्चालकहरूलाई विशेष सुविधा दिएर घर पठाउने वा स्थायी गरी रेडियोलाई व्यवस्थित गर्नेतर्फ ध्यान नदिई वार्षिक करोडौं घाटा व्यहोरिरहेको छ। त्यसैगरी नेपाल टेलिभिजनमा वार्षिक ५० लाख भन्दा बढी खर्च गरी आफूसँग २२ जना पत्रकार कामविहीन अवस्थामा हुँदाहुँदै पनि निजी साझेदारीका नाममा कमिशनकै कारण निजी क्षेत्रबाट कार्यक्रम उत्पादन गरी करोडौं घाटा व्यहोरिरहेको छ।

१२) उप राष्ट्रपतिद्वारा शिलान्यास गरिएको वडा नम्बर ३१ स्थित पुरानो बसपार्क, सिटी सेण्टरको बस पार्क सहित निर्माण हुने भनिएको बहुतलीय भवन निर्माण हालसम्म नै अन्यौलमा रहेको छ। सो भवन निर्माणको जिम्मा लिएको ठेकेदार मनोज भेटवाल रत्नपार्कमा बसपार्क सार्न लगाई रत्नपार्क वरिपरि अनियमित ढंगले पसल कवल मासिक ४० लाख उठाउने गरेका छन्। जसको जिम्मेवारी विष्णु जोशीले लिएको बताइन्छ।

१३) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले नेपाल सरकार महानगरको कुनै पनि आर्थिक व्ययभार नपर्ने गरी दिएको सहमति विपरीत भ्रमण खर्च उपलब्ध गराई आर्थिक लाभ लिने गरिएको स्रोतको दावी छ। साथै महानगरसँग भगिनी सम्बन्ध भएका र अन्य नगरबाट विभिन्न कार्यक्रमका लागि प्राप्त निमन्त्रणामा आफू वा निकटका व्यक्ति वा आर्थिक रुपमा लाभ दिने कर्मचारीलाई कार्यालय कै काममा असर पार्ने गरी विदेश भ्रमण पठाउने गरिएको छ।

१४) तीनकुने (कोटेश्वर) मा बुद्धको मूर्ति सहित उद्यान निर्माण गर्ने भनि डिजाइन तयार गरी प्रचार प्रसारमा ल्याइएको कार्यक्रम तौलिने र जोख्ने मै सीमित रहेको छ भने उक्त क्षेत्र सवारी सिकाउने केन्द्रका रुपमा विकसित भइरहेको छ। साथै नगर प्रहरी महाशाखाले मोटो रकम लिएर सवारी सिकाउने स्थलका रुपमा प्रयोग गर्न दिएको देखिन्छ।

१५) अभियानका रुपमा सञ्चालन भईरहेको सडक विस्तार कार्य विगत एकवर्षदेखि ठप्प बनाइएको छ।

१६) भवन निर्माण इजाजत दिने विभागमा कार्यरत तीनभन्दा बढी भ्रष्टाचार गरेको आरोपमा कारवाही तथा अनुसन्धानको घेरामा परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको

निर्णय र पुस्तिका प्रकाशन गरी बाँडिन्थ्यो। तामाङ कार्यकारी अधिकृत नियुक्त भए पश्चात न त २०७२ पौष महिनाको न त २०७३ असार वा विशेष परिषद्को निर्णय तथा बजेट नीति तथा कार्यक्रम पुस्तिका नै सार्वजनिक गरिएको छ। यत्तिको अपारदर्शी कार्य यस अघि कहिल्यै नभएको जानकारहरू बताउँछन्। ज्ञानेन्द्र कार्की, उत्तर रेग्मी, हरिबहादुर कुँवर, सुमन अधिकारीलगायत केही कर्मचारी बाहेक अन्यलाई महानगरको वार्षिक कार्यक्रम के हो ? निर्णय के हो भन्ने समेत थाहा नभएको गुनासो गर्छन्।

२२) महानगरभित्रका चोक, गल्ली, फुटपाथ, आकाशे पुललगायतका सार्वजनिक स्थलहरूबाट हप्तावारी तथा महिनावारीमा थाप्नेले घटाएका नगरप्रहरीले खुलेआम बेच्छन् र त्यस्ती बेच्नेलाई अझ बढी प्रश्रय दिई आफू निकट व्यक्तिलाई राखिएको छ। बालाजुको नापतौल विभाग, कोटेश्वर, गौशालाको पेरिफेरीबाट मासिक रकम असुल गरेर भ्रष्टहरूले व्यक्तिगत रुपमा मस्ती गरिरहेका छन्।

२३) सडकमा रहेका यातायात प्रतिक्षालय, चोक चोकका रहेको ट्राफिक प्रहरी पोष्ट, सडक बीचका आइल्याण्ड, सडकको किनारामा राखिएका डस्टबिन, फुटपाथमा राखिएका टी गार्ड, मोबाईल शौचालय जस्ता संरचनामा विज्ञापन प्रचार सामग्री राखिएको छ। जब कि सडक बत्ति जस्तो महत्वपूर्ण कार्य नै आर्थिक लाभ नहुने कारणले प्रतिस्पर्धाको माध्यमद्वारा दिइएको छ। जसले सोलार बत्ति सहित निर्माण गर्ने, प्रतिपोल वार्षिक रु. ८७०० रोयल्टी र विज्ञापन कर तिर्ने गरी सम्झौता भएको छ। माथि उल्लेखित क्षेत्रमा विना प्रतिस्पर्धा साझेदार छनौट गरी मोटो रकम हात पार्ने काम भएको छ।

२४) कामपा ४ वडामा रहेको शंखपार्कको आम्दानी हिनामिना गर्ने, ३१ वडामा बहाल कर नै खल्तीमा हाल्ने तत्कालीन वडा सचिव, कार्यालयले तोकेको जिम्मेवारी पूरा नगर्ने तथा समय पालन र नियमितता पालना नगर्ने १८ वडाका र यस्तै यस्तै कर्मचारीहरूलाई कारवाही गर्नु सट्टा उन्मुक्ति दिनुलाई भ्रष्टसँगको मिलेमतो भने के भन्ने ? कर्मचारीहरूके प्रश्न रहेको छ।

२५) आठौं तहका अधिकृतस्तर लाल निर्देशक बनाइएको व्यक्ति हुँदाहुँदै वातावरण व्यवस्थापन विभागमा सातौं तहको उप निर्देशक कर्मचारीलाई सबैभन्दा बढी जिम्मेवारी र अधिकार दिएर काम गर्नुको पछाडिको रहस्य के हो रुद्र सिंह तामाङ महोदय ?

माथि उल्लेखित बुँदाहरूका बारेमा रुद्र सिंह तामाङसँग जानकारी लिने प्रयास गर्दा उनी सम्पर्कमा आउन चाहेनन्।



साँघु बेथिती

काठमाडौं महानगरपालिका ध्वस्त बनाउने खेल

रुद्रसिंहका १५ महिना र २५ कुकृत्यहरू !

काठमाडौं। मुलुकको एक मात्र महानगरपालिकाका रुपमा रहेको काठमाडौं महानगरपालिकाका कार्यकारी प्रमुख एवं महानगरपालिकाका कर्मचारीहरूले नगरवासीहरूले तिरेको राजश्वलाई कसरी दोहन गरिरहेका छन् भन्ने समाचार **साँघु** साप्ताहिकले पटक पटक संप्रेषण गर्दै आईरहेको छ। **साँघु** साप्ताहिकले महानगरमा भएका भ्रष्टाचार, अनियमिततालगायतका समाचार संप्रेषण गरेयता महानगरपालिका इमान्दारी कर्मचारीले खुसी व्यक्त गरेको बताइन्छ। बाहिर निष्कलंक देखाउने भित्रभित्रै ब्रम्हलुटमा लिप्त रहेको आरोप खेपिरेहका कार्यकारी प्रमुख रुद्रसिंह तामाङले महानगरपालिका भित्र गरेका थप अनियमित काम **साँघु** प्रतिनिधिले फेला पारेका छन्।

काठमाडौं महानगरपालिकोको संस्थागत संरचनालाई समते भत्काउँदै यतिखेर रुद्रसिंह तामाङले महानगरपालिकालाई प्राईभेट कम्पनी जस्तै गरी कर्मचारीहरूको संरचना निर्माण गरेर अनावश्यक सुविधा कर्मचारीहरूलाई उपलब्ध गराउँदै आइरहेका छन्। महानगरपालिका स्थापना भएदेखि नै रहेको विभागीय प्रमुख, महाशाखा प्रमुखको हैसियतमा काम गरिरहेका कर्मचारहरूको पद नै विवादित बनाएका छन्। विभार्गाय प्रमुखलाई निर्देशक र मशाशाखा प्रमुखलाई उपनिर्देशक जस्ता पद निर्माण गरी महानगरलाई अझ ध्वस्त बनाउने काममा रुद्रसिंह तामाङ सक्रिय देखिएका छन्। महानगरपालिकालाई ध्वस्त बनाउने रुद्रसिंह तामाङका मतियार कर्मचारीमा अहिले दाहिना भएका प्रशासन प्रमुख हाल निर्देशक बनाइएका ज्ञानेन्द्र कार्की, प्रशासन महाशाखामा रहेका उपनिर्देशक भनिएका हरिबहादुर कुंवर, उत्तर रेग्मी, जिन्सी शाखाका शाखा अधिकृत सुमन अधिकारीकै सेरोफेरोमा महानगरपालिकाको करोडौं करोडको कार्यक्रम तय हुने गरेको देखिन्छ।

भर्खरै सम्पन्न भारतीय राष्ट्रपति प्रणव मुखर्जीलाई अभिनन्दन गर्ने कार्यका लागि पनि महानगरले करोडौं खर्च गरेको महानगर स्रोतले बताएको छ। सार्क शिखर सम्मेलनमा २२ करोड लगानी गरेर बनाइएको राष्ट्रिय सभागृहलाई मर्मत, सम्भार र रंगरोगन गर्ने भन्दै करीब तीन करोड रुपैयां अनियमित खर्च गरी झ्वाम पार्न सफल भएका छन्। अख्तियार प्रमुख लोकमान सिंह कार्की निलम्बनमा परेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग यतिखेर सुस्त रहेको मौकामा चौका हान्दै

शिलान्यास गरिएको रानीपोखरी २०७३ को माइटीकासम्ममा पुनर्निर्माण गर्नेगरी सक्ने भनिएको भएपनि हालसम्म टसमस हुन सकेको छैन। पुरातत्व विभाग र महानगरपालिका बीचको अकर्मण्यताका कारण रानीपोखरी पुनर्निर्माण हुन सकेको छैन।

२) काष्ठमण्डपलगायतका महत्वपूर्ण ऐतिहासिक तथा पूरातात्विक सम्पदाहरू डेढ वर्ष वितिसक्दा पनि रकम खर्च भइरहेको तर निर्माण गर्न नसकेको।

३) काठमाडौं महानगर क्षेत्रभित्रको महत्वपूर्ण क्षेत्रका रुपमा रहेको हनुमानढोकाबाट वर्षेनी १२ करोड रुपैयांभन्दा बढी राजश्व संकलन हुने भएको भएपनि वडा नं २३, २५ लगायत सो क्षेत्रसंग जोडिएका अन्य दुई वडा क्षेत्रको विकास तथा व्यवस्थापनमा त्यस क्षेत्रको आय प्रयोग गर्नेगरी सञ्चालन ल्याएको कार्यक्रमबाट विकास तथा व्यवस्थापन र पुनर्निर्माणमा गर्नुपर्ने खर्चलाई सो प्रयोजनमा नगरी शुल्क, दान, चन्दा, उपहार, सवारी खरीद, गोष्ठी, सेमिनार

वर्ष दुईवटा भवन निर्माण गरिदिने सम्झौता नेपाल प्रहरीसंग महानगरपालिकाका कार्यकारी प्रमुख रुद्रसिंह तामाङले गरेका छन्।

१०) भूकम्प पश्चात विना योजना ७० लाख खर्च गरेर राष्ट्रिय सभागृहको वरिपरि बनाएका टहरा प्रयोगविहीन भई सो टहराहरूमा अहिले घांस उम्रिरहेको छ। सो टहरा बनाउनु पर्ने भएपनि सभागृहको सट्टा बागदरबार भित्रै बनाउन सकिन्थ्यो किन त्यहां बनाइयो ?

११) सूचना विभाग अन्तर्गत १७ वर्षदेखि सञ्चालनमा रहेको मेट्रो एफ.एममा २२ जना पत्रकार एवं कार्यक्रम सञ्चालकहरूलाई व्यवस्थित गर्न नसक्दा मेट्रो एफएमको गुणस्तर दिनप्रतिदिन खस्कँदै गईरहेको र वार्षिक करोडौं रुपैयां सो बापत बजेट विनियोजित गरी कोटेशनका आधारमा कागजी काम गरेर रकम कुम्ल्याउने कार्य भइरहेको छ। अव्यवस्थित रुपमा रेडियो सञ्चालन गर्नु भन्दा श्रमजीवी पत्रकार ऐन अनुरुप स्थापनाकालदेखि नै काम गरिरहेका

टोली एक हप्ता सोही विभागमा कार्यालय खोली अनुसन्धान गरी फाइल समेत लगेको थियो। तर अहिले निर्माण सम्पन्न प्रमाणपत्र दिंदा समेत ठूलो रकम चलखेलबाट अनियमित किसिमले मापदण्ड विपरीत बनेका भवनहरूको पनि निर्माण सम्पन्न गो शाखाका राम थापा र सन्तु श्रेष्ठले मोटो रकम असुलेर मात्र दिने गरेको आरोप कर्मचारीहरूकै छ।

१७) महानगरपालिकाको आम्दानी कोषमा रहेको ८१ करोड रुपैयां पूर्वाधार विकास तथा सामाजिक विकास गर्न सकेको छैन।

१८) ३० जना सवारी चालकलाई नियमानुसार प्राप्त गर्न नसक्ने तलब सुविधा आर्थिक लाभ लिई वर्षेनी महानगरलाई ६० लाख भन्दा बढी व्ययभार पर्ने गरी उपलब्ध गराएको ती सवारी चालकले कार्यकारी प्रमुखलाई नौ लाख बुझाएका कारण जसरी भएपनि खाने बताइरहेका छन्।

१९) मन्त्रिपरिषद्द्वारा स्वीकृत गरेको निर्देशिका अनुसार सञ्चालन हुनु पर्ने राष्ट्रिय सभागृहको प्रमुख न्यूनतम विभागीय प्रमुख सरहको हुनु पर्ने व्यवस्था विपरीत नायब सुब्बाले कार्य गर्नेगरी विशेष बढुवाद्वारा छैठौं तहको विशेष दरबन्दीमा कार्यरत रहेको व्यक्तिलाई सभागृहको प्रमुख बनाउनुको नियत के हो ?

२०) स्थानीय विकास मन्त्रालय समेत संलग्न रहेका नगरपालिकाको सेवा प्रवाहमा स्तरोन्नति ल्याउन सक्ने भनिएको दातृ निकायको सहयोगमा निर्माण भएको [illegible] कार्यक्रम कार्यान्वयन गर्न चाख नदिई यथाअवस्थामा नै कार्यालय सञ्चालन गरेर अतिरिक्त लाभ मै महानगरपालिकाका प्रमुख तामाङ रमाईरहेका छन्।

२१) काठमाडौं महानगरपालिका जनप्रतिनिधिले सञ्चालन गर्दा समेत समय मै बजेट नीति तथा कार्यक्रम कार्यक्रमको

काठमाडौं महानगरपालिका कार्यालय
KATHMANDU METROPOLITAN CITY OFFICE

कार्यकारी प्रमुख रुद्रसिंह तामाङ उपनिर्देशक उत्तर रेग्मी उपनिर्देशक हरिबहादुर कुँवर

सोमबार १८ वैशाख २०७४ MONDAY, MAY 1, 2017 विशेष अन्नपूर्ण ८

नेपाली सेनालाई काउकुती

युवराज
गौतम

आन्तरिक मामिलामा प्रत्यक्ष रूपमा वाह्य शक्तिले हस्तक्षेप गर्दा राजनीतिक दलका नेताहरू किन बोल्दैनन् ? किन मौन छन् सञ्चारमाध्यम र बुद्धिजीवीहरू ? किन चुपचाप बसेको छ राष्ट्रिय सुरक्षाका पहरेदार शक्तिहरू ?



राणाकालअघि जमाना कस्तो थियो होला ? पाँडे र थापालगायतका भारदारहरूको झगडाका कारण नेपालले अंग्रेजसँग युद्ध हारेपछि सुगौली सन्धि गर्नुपर्‍यो। प्रधानमन्त्री भीमसेन थापालाई धेरैले 'हामीले युद्ध गर्नै हुन्न' भनेर सम्झाएका थिए। केही स्वार्थतत्त्वले उनलाई उकासेका कारण युद्ध भयो। सुगौली सन्धिमा एकतिहाइभन्दा धेरै भाग (आजको दार्जिलिङ, नैनीताल, केदारनाथ, बद्रीनाथदेखि पश्चिममा काँगडा र सतलज नदीसम्म) नेपालले गुमायो। इतिहास पढ्दा कहिले शरीर रोमाञ्चित बन्छ त कहिले आँसु छचल्किन्छ। हामी आधुनिक युगमा छौं तर राष्ट्रको चिन्ता झन् थपिएको छ। कुन दिन राष्ट्रको सार्वभौमसत्ता समाप्त हुने हो भन्ने पीरले धेरैलाई आज पिरोलेको पाइन्छ।

सुगौली सन्धिपछि नेपालीको शिर झन् निहुरियो। कैयन् वर्षसम्म सेनाको मनोबल उठ्न सकेन। जघन्य अपराधीहरूलाई सलाम ठोक्नुपर्दा आज प्रहरी र सेनाको मनोविज्ञान कस्तो होला, हामी अनुमान गर्न सक्छौं। त्यसरी नै लज्जित अपमानित, अपहेलित र तिरस्कृत बन्यो तत्कालीन सेना। १८०१ देखि १८६९ सालसम्म नेपाल एकीकरणको निम्ति ७८ वटा लडाइँ गरेको सेनालाई सुगौली सन्धिले कमजोर र निरीह बनायो। सुगौली सन्धिभन्दा पहिले भारतका विभिन्न राजाहरूले नेपालको सेनासँग सहयोग माग्थे, तर अंग्रेजसँग हारेपछि त्यो प्रसिद्धिमा धक्का लाग्यो। सुगौली सन्धिको पीडा खप्न नसकेर सेनाका प्रसिद्ध कमान्डर अमरसिंह थापाले रसुवाको गोसाइँकुण्डमा गएर आत्महत्या गरे भनेर इतिहासकारहरूले लेखेका छन्। अन्तस्करणमा देशको गहिरो माया हुने मान्छे जागिर मात्र खाएर बस्न सक्दैन, देशको जय-पराजयमा उसको हृदय जोडिएको हुन्छ। राष्ट्र नै हारेपछि आफू बाँच्नु बेकार ठानेर अमरसिंहले आत्महत्या गरेको हुन सक्छ।

देशको माया हुने मान्छे देशप्रति बेखबर भएर पशु झैं टन्न खाँदै मस्त निदाउन पनि सक्दैन। देशको पीरले ऊ बेचैन भइरहन्छ। आफूलाई राजनीतिज्ञ र उच्चतहका राष्ट्रसेवक भन्नेहरूमध्ये धेरैजसो आज भ्रष्टसेवक बनेको पाइन्छ। करोडौं रुपैयाँको चलअचल सम्पत्ति थुपारेर मर्ने उनीहरूको प्रबल इच्छा देखिन्छ। हामीले अनपढ र अशिक्षित भनेर हेला गरेका हाम्रा पुर्खाहरूले राष्ट्रको इज्जत बचाउन जुन योगदान गरे, हामीले त्यसको लेखाजोखासमेत गरेका छैनौं। हामी संवेदनशील हुनुको साटो दिमागमै 'हाइड्रोसील' भए झैं लम्पसार परिरहेका छौं। दिनप्रतिदिन आत्मसमर्पण गरिरहेका छौं। यही अवस्था रहने हो भने नेपालको अस्तित्व विलय हुन सक्छ।

सुगौली सन्धिको १०७ वर्षपछि एकजना प्रधानमन्त्रीले नेपाल र ब्रिटेन समान हैसियतका स्वतन्त्र राष्ट्र हुन् भन्न बाध्य तुल्याएर नेपाल-ब्रिटेन सन्धि गरे। त्यसपछि बल्ल हाम्रो शिर उठ्यो। ती प्रधानमन्त्री थिए, चन्द्रशमशेर। इतिहासकारहरूले उनका बारेमा अनेक चर्चा गरेका छन्, तर सत्यको अन्वेषण गर्दा नेपाली कूटनीतिमा उनको विशिष्ट योगदान रहेको पाइन्छ। उनीप्रति श्रद्धा जागेर आउँछ।

शासक भनेको मालिक होइन, अभिभावक हो। त्यसैले नेपालका धेरै असल शासकहरूले जनतालाई छोराछोरीसरह माया गर्थे भन्ने कुरा इतिहासमा पाइन्छ। आफ्नो तलब भत्ता र सुविधा बढाउन मात्र सर्वाधिक बल गर्ने तर जनताका दुःखकष्ट र असुविधाप्रति आँखा चिम्लिने आजको शासक सांसद, मन्त्री, नेता र राजनीतिक अगुवाहरूलाई यस्ता उदाहरण वाहियात लाग्न सक्छ। राजनीति भनेको जनताको सेवा हो भन्ने धेरैले बुझेकै छैनन् र बुझ्नेहरूले पनि बुझ पचाएको पाइन्छ। त्रिवि नेपाल तथा एसियाली अनुसन्धान केन्द्र (सिनास) सँग आबद्ध र वैचारिक रूपमा नेपाली कांग्रेस निकट एकजना अन्वेषकले त अन्तर्वार्तामै भने, 'कांग्रेसीहरू पार्टीको चार ताराको अर्थ बुझ्दैनन्। उनीहरूले चार तारा भन्या सत्ता, सम्पत्ति, सुरा र सुन्दरी मात्र बुझेका छन्।'

संयुक्त राष्ट्रसंघको सदस्य बनेपछि नेपाललाई अरू राष्ट्रले पनि इज्जत गर्छन् भन्ने सदासयले २००६ सालमै मोहनशमशेरले सदस्यताको लागि पत्राचार गरेको पाइन्छ। निजामती र अरू क्षेत्रमा भन्दा सेनालाई धेरै विश्वास गर्ने प्रधानमन्त्री श्री ३ मोहनशम्शेरले लन्डनस्थित नेपाली राजदूतावासमा कार्यरत सैनिक सहचारी पद्मबहादुर खत्रीलाई न्युयोर्कस्थित राष्ट्रसंघको प्रधान कार्यालयमा पठाए। मोहनका छोरा विजयशमशेरले यसमा धेरै गृहकार्य गरेका पाइन्छ। त्यसबेला सदस्यता नपाए पनि राजा महेन्द्रका पालामा नेपाल राष्ट्रसंघको सदस्य भयो। त्यसपछि राष्ट्रको इज्जत बढ्न थाल्यो।

कूटनीति राष्ट्रको सर्वाधिक शक्तिशाली मन्त्र हो। गरिबको उत्थान शिक्षा र इलमले मात्र सम्भव छ, त्यस्तै गरिब राष्ट्रको उत्थान सुमधुर कूटनीतिले मात्र गर्छ। एउटा देशसँग घाँटाघाट र अर्कोसँग काटाकाट गर्ने खोज्ने आजका राजनीतिज्ञहरूको चालामाला हेर्दा पचासेक वर्ष पहिलेको नेपाली कूटनीति धेरै सन्तुलित, दूरदर्शी र परिपक्व रहेको पाइन्छ। उदाहरणका निम्ति, २०४५ सालमा जापानले नेपाललाई पाँच अर्ब ७० करोड रुपैयाँ ऋण माफी गर्‍यो। टोकियो विश्वविद्यालयमा आफूलाई पढाउने जापानी गुरुआमा नेपाल भ्रमणमा आएका बेला राजा वीरेन्द्रले भनेछन्, 'पुराने ऋण तिर्न बाँकी छ। जापानसँग केही माग्न पनि अप्ठ्यारो भयो।' गुरुआमाले कुरा बुझिन् र आफूले पढाएको विद्यार्थी तत्कालीन जापानी प्रधानमन्त्रीलाई नेपालको ऋण माफी गरिदिन आग्रह गरिन्। राष्ट्रनायकको विश्वसनीयता, इज्जत र प्रसिद्धिका कारण देश-बाहिर वर्षौं पहिलेसम्म नेपाललाई धेरैले पत्याउँथे। आज त्यो अवस्था रहेन।

विदेशीले राजा, प्रधानमन्त्री वा सेनापतिहरूलाई हेपे भने त्यसबाट राष्ट्रको शिर निहुरिन्छ भन्ने बुझेका शासकहरूले राष्ट्र सर्वोच्च हुन्छ भन्ने मान्यता राखेको पाइन्छ। २००६ साल फागुनमा श्री ३ मोहनशमशेर दिल्ली जाँदा त्यहाँका धनाढ्य वर्ग र बुद्धिजीवीले 'नेपाल दरिद्र देश हो' भन्ने हल्ला चलाएका रहेछन्। मोहनशमशेरले त्यसको उपयुक्त जवाफ दिने विचार गरे। छोरा विजय शमशेरमार्फत भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूकी छोरी इन्दिरा गान्धीलाई पचास हजार भारतीय रुपैयाँ पर्ने पन्नाको हार उपहार दिइयो। त्यति पैसाले त्यसबखत डकोटा विमान किन्न सकिन्थ्यो। काठमाडौंमा चौध-पन्ध्र रोपनी जमिनसहित महल किनबेच हुन्थ्यो। पचास हजार भारूको पन्नाको हार कसैले उपहार देलान् भनेर तरुनी इन्दिराले सोचेकी पनि थिइनन् होला। नेपाल गरिब छैन भन्ने सन्देश दिन त्यो 'उपहार कूटनीति' पर्याप्त थियो। यत्ते श्री ३ मोहनले भारतीय प्रधानमन्त्रीको उद्धार कोषमा एक लाख रुपैयाँ चन्दा दिए। पहिल्यै राणा प्रधानमन्त्रीहरूको इज्जतबारे राम्ररी बुझिसकेका भारतीय प्रधानमन्त्री नेहरू दिल्लीको रेल्वे स्टेसनमा नेपालका प्रधानमन्त्रीको स्वागत गर्न पुगेका थिए। भारतका प्रधानसेनापतिदेखि मन्त्रीहरू सबै हाजिर भए। भ्रमण टोलीमा रहेका केशरशमशेर, अर्जुनशमशेर, विजयशमशेर, बडागुरु भोगेन्द्रराज पाण्डे, डा. सिंहमान आदिको पोसाक र कूटनीतिक शैली देखेर भारतीयहरू छक्क परेको कुरा ती भ्रमणका सहभागीले लेखेका छन्।

राष्ट्रको हित बिर्सेर दरबारले हुर्काएका कतिपय व्यक्तिसमेत आज नेपालमा लेन्डुप दोर्जे र मीर जाफरको चरित्र प्रदर्शन गरिरहेका छन्। विदेशीका प्रत्येक एजेन्डामा सहमत हुँदै सांसद र मन्त्रीको सुखसुविधा भोग गर्न चाहने त्यस्ता व्यक्ति सिद्धान्त, नैतिकता र सदाचार त्याग्न तयार भए पनि सरकार त्याग्न तयार छैनन्। सबैले घोर अवसरवादी, अनैतिक

र सिद्धान्तहीन भने पनि उनीहरूलाई कुनै मतलब छैन। इतिहासले के भन्ला भन्ने भय छैन। लज्जा पनि छैन। आफूलाई संसद् र सरकारमा 'गणतन्त्रवादी' भन्ने र कार्यकर्तालाई भुक्याउन 'राजतन्त्रवादी' भएको प्रचार गर्ने प्रवृत्ति गाउँ र वडातहका कार्यकर्ताले समेत चाल पाइसकेका छन्। त्यसैले हजारौं कार्यकर्ता विदेशीका कठपुतली बनेका नेताको पुत्ला जलाउन सक्ने अवस्थामा पुगेका छन्। त्यस्तो अवस्थामा जुम्राजस्ता केही परजीवीबाहेक धेरैजसो व्यक्ति राष्ट्रघातविरुद्ध उभिने अवस्था देखिन्छ।

राष्ट्रलाई कमजोर बनाउने वा राष्ट्रघात गर्ने कुकृत्य गर्छ भने ऊ राष्ट्रघाती नै हो, चाहे आफ्नै बाबु किन नहोस्। 'कहाँ जाने ? पार्टीमा लागियो। पार्टीको आदेश मान्नै पर्‍यो' भन्ने दासहरूले राष्ट्रघातको समर्थन गरेर बस्छन् भने ती पनि देशद्रोही हुन्। त्यस्तालाई सलाम ठोकेर जोगाउन खोज्नेहरूलाई पनि इतिहासले प्रश्न गर्न सक्छ।

अहिलेको तरल अवस्था राष्ट्रको सुरक्षाको दृष्टिले संवेदनशील देखिएको छ। निर्वाचनको सम्भावना दिनप्रतिदिन कमजोर बन्दै गएको अवस्थामा राष्ट्रिय हितको रक्षार्थ अधिकांश दलहरू उभिन खोजेको देखिँदैन, बरु ठूला दलहरूले नै सेनालाई काउकुती लगाएर उत्तेजित तुल्याउन खोजेको देखिन्छ। दलहरू राष्ट्रको रक्षा गर्न असमर्थ भइरहेको, कर्मचारीतन्त्रमा व्यापक निराशा छाएको, प्रहरी, सशस्त्र प्रहरीलगायतका सुरक्षा अंगको मनोबल घट्दै गएको, विदेशीको खटनपटनमा सरकार चलेको र जनताको पनि शिर निहुरिएको बेला सेनाले केही वर्षको लागि सिंहदरबारको बागडोर हातमा लिने साहस गर्‍यो भने जनता घरघरमा दीपावली गर्न तयार देखिन्छन्। सुन्दा कटु र अप्रिय लाग्ला तर सत्य यही हो।

नेपाली कांग्रेसका नेता तथा वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीले हालै एउटा लेखमा नेपाली राजनीतिले ठूलो झड्का सहनुपर्ने विश्लेषण गरेका छन्। उनको तर्क छ, 'संविधानसभाबाट बनाएको भनेर गर्व गरिएको संविधान नै परीक्षणमा परेको अवस्था छ। कथंकदाचित् स्थानीय तहको निर्वाचन तोकिएको मितिमा भएन भने जटिलता थपिँदै जानेछ। अनिर्वाचित सरकार बनाउने बाटोमा हामी जाने हो ? ' अधिकारीले आशंका गरे झैं भोलि जे पनि हुन सक्छ। किनभने राष्ट्रको बागडोर सम्हाल्नेहरू नै राष्ट्र, राष्ट्रियता, राष्ट्रिय सार्वभौमसत्ता, राष्ट्रिय एकता र अखण्डताप्रति पटक्कै इमानदार देखिएनन्। सरकार राष्ट्रवादी, स्वाभिमानी र विश्वासिलो हुँदो हो त विदेशीको आदेशमा हिँड्ने थिएन। यति निर्वस्त्र बन्ने थिएन।

सिक्किमलाई यस्तै राष्ट्रघाती नेताले पराधीन बनाएका थिए। बिहारदेखि हालको पश्चिम बंगाल र बंगलादेशको चट्गाउँभन्दा टाढासम्म फैलिएको विशाल राज्यका शासक सिराज उद्दौलाले सेनापति मीर जाफरको गद्दारीका कारण पराजित हुनुपर्‍यो। राजाके प्रेमिकाका नातेदार पोलपोटले कम्बोडियाको राजतन्त्र र राज्य व्यवस्था तहसनहस बनाए। अमेरिकी गुप्तचर संस्थाले पोलपोट जस्ता कम्युनिस्टहरूलाई प्रयोग गर्‍यो भने पश्चिमा र भारतीय गुप्तचरले नेपालमा माओवादी नामको क्रिस्चियन फौज बनाएको जगजाहेर छ। सोही फौजमार्फत गणतन्त्र, धर्मनिरपेक्षता र संघीयता जस्ता नेपाललाई क्षतवक्षत् बनाउने परियोजना ल्याइयो। आज त्यही कारणले राष्ट्र विभाजनको सँघारमा पुगेको छ।

विदेशीको योजनाअनुसार चरणबद्ध रूपमा संविधान संशोधन गर्दै राष्ट्रको सार्वभौमसत्ता कमजोर बनाउने खेल भइरहेको देखिन्छ। नेपालस्थित पश्चिमा दूतहरू, यूएनडीपीका आवासीय प्रतिनिधि आदिको काम संविधान संशोधन गराउने हो ? यसरी आन्तरिक मामिलामा प्रत्यक्ष हस्तक्षेप गर्दा दलहरू किन बोल्दैनन् ? किन मौन छन् सञ्चारमाध्यम र बुद्धिजीवीहरू ? किन चुपचाप बसेको छ राष्ट्रिय सुरक्षाको पहरेदार शक्ति ? के यो देश रेडलाइट एरिया हो ? राष्ट्र तहसनहस बनाउन खोज्दा पनि जिम्मेवारहरू मौन बस्छन् भने राष्ट्रिय सुरक्षाको अर्थ र परिभाषा खोजेर कहाँ जाने ? राष्ट्रको संरक्षण कसले गरिरहेको छ भनेर ढुक्क हुने ? राष्ट्रवादी र राष्ट्रघातीको मनोवैज्ञानिक युद्धमा जब सरकार नै राष्ट्रघातका पक्षमा उभिन्छ, त्यसबेला सेना कुन कित्तामा उभिन्छ ? आजको मूल प्रश्न यही हो ? यही प्रश्नको उत्तरले हाम्रो भविष्य निर्धारण गर्छ।

कांग्रेस सभासदले निकाले भ्रष्ट मन्त्रीको लिष्ट

काठमाडौं। कांग्रेस संसदीय दलको असोज २५ गतेको बैठकमा नेतृ सुजाता कोइरालाले सुशील कोइराला नेतृत्वको सरकार इतिहासकै सबैभन्दा भ्रष्ट मन्त्रीहरूको सरकार हो भनिन्। सुजाताले यो कुरा भन्नुमा कांग्रेसका धेरै सभासदहरूको दबाव पनि थियो। स्रोतका अनुसार कांग्रेस सभासदहरूले भ्रष्ट कांग्रेसी मन्त्रीहरूको नामलिष्ट समेत उतारेका थिए। सुजाताले सुशील कोइराला नेतृत्वको सरकारलाई इतिहासकै सबैभन्दा भ्रष्ट सरकार भनेपछि कांग्रेस वृत्तमा खैलाबैला मच्चिएको छ। स्रोतका अनुसार सुजाताको आरोपले कोइराला अप्ठेरोमा परेका छन्। कांग्रेस सभासदहरूले जनता र कार्यकर्ताको काम नगर्ने र करोडौं भ्रष्टाचार गर्ने मन्त्रीहरूको नामलिष्ट उतारेको बताउँदै आवश्यक परे प्रधानमन्त्री र अन्य नेताहरूलाई पनि बुझाउने बताएका थिए। कांग्रेस सभासदहरूले भ्रष्टाचारी मन्त्रीको एक नम्बरमा अर्थमन्त्री डा. रामशरण महतलाई राखेका छन्। महतले मन्त्रालयका सरुवा तथा पदस्थापनमा समेत कर्मचारीहरूको सेटिङ मिलाएर करोडौं रुपैयाँ असूलेको आरोप लगाएका छन्। भ्रष्टाचारी मन्त्रीको दोस्रो नम्बरमा भौतिक पुर्वाधार मन्त्री बिमलेन्द्र निधी रहेको कांग्रेस सभासदहरूको लिष्टमा उल्लेख छ। एक सभासदले *साँघु*लाई उपलब्ध गराएको लिष्टमा निधीले मन्त्री भएपछिको यो अवधिमा एक अर्बभन्दा बढी नगद नै कमाइसकेको दावी गरिएको छ। त्यस्तै स्थानीय विकास मन्त्री प्रकाशमान सिंह र सूचना तथा सन्चारमन्त्री मिनेन्द्र रिजाल पनि भ्रष्टमन्त्रीको माथिल्लो नम्बरमा रहेको कांग्रेस सभासदहरूले बताएका छन्। यी मन्त्रीले ठेक्कापट्टा,

(बाँकी पृष्ठ ८ मा)

कांग्रेस....

नियुक्ति, सरुवा लगायतका काममा पैसा असूल गरेका प्रमाणसमेत कतिपय सभासदले संकलन गरेका छन्।

त्यस्तै शिक्षामन्त्री चित्रलेखा यादवका श्रीमानले पैसा उठाएको आरोप लागेको छ भने शान्ति तथा पुननिर्माण र कानुनमन्त्री नरहरि आचार्यकी श्रीमतीले न्यायाधीस नियुक्तिमा ४ करोड गोज्याएको आरोप समेत लागेको छ। वनमन्त्री महेश आचार्य, सिंचाई मन्त्री एनपी साउद पनि भ्रष्ट मन्त्रीको सूचीमा परेका छन्। कांग्रेस सभासदहरूले भ्रष्टाचारी मन्त्रीहरूलाई सरकारबाट हटाएर नयाँ टिम पठाउन सभापति एवम् प्रधानमन्त्री सुशील कोइरालामाथि दबाव बढाएका छन्। त्यसो त कोटाका शेरबहादुर देउवामाथि पनि उनको कोटाका मन्त्रीहरूले भ्रष्टाचार गरेको भन्दै फिर्ता बोलाउन दवाव परेको छ।

प्रधानमन्त्री कोइराला पनि कांग्रेसका बदनाम मन्त्रीहरू फिर्ता बोलाउन चाहन्छन्। तर मन्त्रीहरूले कुर्सी हल्लिएपछि बाह्य शक्ति प्रयोग गरेको स्रोतले जनाएको छ। अर्थमन्त्री रामशरण महत र सन्चारमन्त्री मिनेन्द्र रिजाललाई नहटाउन बाह्य शक्तिको दबाब आएको कोइरालाले आफू निकटहरूलाई बताउने गरेका छन्। भ्रष्टाचार गरेका

चिट्ठी-पत्र

E-mail : sanghuweekly@gmail.com, gopaldai1@gmail.com

साँघु, २०७२ चैत १५ गते सोमबार

सेनापतिज्यू ! सेनाका जाली, फटाहाहरूको चिरफारहोस्

श्रीमान सम्पादकज्यू

२०७२ चैत ८ गते साँघु साप्ताहिकमार्फत सैनिक अधिकृतहरूले सेनापतिज्यूलाई दिनुभएको सुझावहरू एकदमै मन पर्‍यो । यस विषयमा हामी पनि चिफलाई केही सुझाव दिन चाहन्छौं । भर्खरै घर जाने पत्र पाउनु भएका हाम्रा विनोज बस्नेत जर्सा'बले पल्टनहरूमा गरेको आर्थिक घोटाला, तालिमको रिजल्टहरूमा धाँधली, जाली सर्टिफिकेट आदिको आरोपमा चिफले म्याद थप्न सरकार समक्ष सिफारिस नगरेको सुन्दा हामीहरूलाई खुशी लागेको छ । हामीले यस विषयमा समाचारहरू पनि पढ्यौं, यसका लागि साँघु साप्ताहिकलाई धन्यवाद । जर्सा'ब धन्न बेलैमा घर जानु भयो, नत्र उहाले त भविष्यमा हाम्रो कल्याणकारी कोषको रकम त सखाप पार्नु हुन्थ्यो होला । सेनामा यस्ता कुकृत्य गर्ने व्यक्तिहरू अझै पनि छन कि, पत्तो लगाई बेलैमा अनुसन्धान र कार्वाही गर्नुपर्छ चिफले । चिफको यो शुभकार्यलाई शुरुवातमात्र हो भन्ठानेका छौं । यस्तै कार्यले पक्कै पनि भविष्यमा निरन्तरता पाउनेछ भन्ने हामीले आश गरेका छौं ।

बस्नेत जर्सा'बको कर्तुतहरू पढ्दा यदि ती आरोपहरू सत्य हुन् भने त उहालाई सैनिक ऐन बमोजिम अयोग्य हुनेगरी जागिरै चट बनाउनु पर्ने होइन र ? अनि हिनामिना गरिएको भनिएको अहिलेसम्मको सरकारी रकम सबै तिराउनु पर्ने होइन ? हुन त म्याद नथप्नु पनि एक किसिमको कार्वाही त हो नि । सेनामा अहिले निकै चर्चा छ, चिफको स्टाफ साउदर फिरोद मेजरसा'बले हाम्रो बस्नेत जर्सा'ब अन्यायमा परेको हुदा मुद्दा लड्नुहुन्छ भन्दै हिड्नु भा'को छ रे । भू.पू. जर्साब प्रकाशबहादुर बस्नेत र दलाल अर्जुन शर्माहरूमार्फत नेताहरूका घरदैलो गर्न जानुभाको छ रे । तर जर्साब, व्यक्तिभन्दा संस्था नै ठूलो हो जस्तो लाग्छ, हामीतल्लो दर्जाको व्यक्तिहरूलाई । प्रमाण नभईकन पक्कै पनि हजूरलाई चिफसाबले यस्तो गरेको होइन होला । संस्था विरुद्ध लाग्दा फेरि झन बद्नाम हुनु पर्ला । बरु, चिफसाबको उदारता र सैनिकको भावनालाई सम्मान गर्दै संस्थाको विरुद्धमा नलाग्दा राम्रो होला कि ? प्रकाश जर्सा'ब र अर्जुन शर्मालाई पनि हामी खबरदारी गर्छौं, नजाने गाउँको बाटो तपाईंहरू किन सोध्नुहुन्छ ? प्रकाश जर्साब हजूरलाई देशको सुरक्षा सम्बन्धि सल्लाह दिन प्रधानमन्त्रीज्यूले राख्नुभएको हो कि, संस्थाको निर्णय विरुद्ध कुनै व्यक्तिको वकालत गर्न ? जुन थालमा खायो त्यही थालमा चुठ्ने ? संस्था विरुद्ध लाग्ने जो कोहीलाई पनि इतिहासले लखेट्ने छ, होसियार ।

विनोज जर्साब घर २०७२ चैत १६ गतेबाट अवकास हुने भएपछि त अहिले अफिसर क्लबमा खाजाखाने समयमा उहाको पालामा भएका र गरेका रकम कलम, जाली, छलकपट आदिको ठूलो कर्साब र मेजरसाबहरूबीच चर्चा चलेको निक्कै सुन्न पाइन्छ । पवन घिमिरे कर्साबको पनि उहासंगै निक्कै चर्चा हुन्छ । उहा त विनोज जर्साबको एकदम विश्वासिलो मान्छे रे, अनि उहा र जर्साब मिलेर शिवपुरीमा २१ ब्याजको स्टाफ कलेज तालिममा आफ्नो नातेदार, नजिकका मेजर साबहरूलाई ह्वात्तै अगाडि तान्नु भएको रे । त्यस्तो पनि गर्न पाईन्छ त ? अझ पवन कर्साब त सैनिक सचिवमा बस्दा आफ्नो नेकीबेदीको नम्बर आफैले बढाएर प्रोमोशन पनि हुनुभाको रे । बाफरे, के सुन्नु परेको हो यो ? अरुको चेक गर्नुपर्ने त्यति सिनियर सरले आफै त्यस्तो गरेपछि कसलाई विश्वास गर्ने सेनामा अब । दोश्रो ब्याजको हाईयर कमाण्ड तालिमको रिजल्टमा पनि त्यस्तै के के भयो रे । विनोज र प्रल्हाद जर्साबले गौरव चिफसाब र पवन पाण्डे जर्साबको नजिकको कर्साबहरूलाई अगाडि तानेको, अनि आफूखुसी धेरै नम्बर दिएर गौरव चिफसाबको प्यारो सल्लाहकार लिगलको महेन्द्र कर्साब समेतले आई पाउनु भएछ, कहीं नभएको जात्रा हाँडी गाउँमा ? गर्नेलाई भन्दा, हामी सुन्नेलाई लाज । तालिमै नगराईकन दिएको भएहुन्थ्यो नि यत । महेन्द्र कर्साब, अलि होशियार हुनुपर्‍यो है, समय सधैं साथमा हुदैन । गौरव जर्साब चिफसाब बन्दा देखि पाण्डे जर्साबको चिफहुने रेसमा समेत लाग्नु भा'को भन्ने हामीले सुनेका छौं । अहिले पनि विनोज जर्साबको कानूनी सल्लाहकार भएर दलालहरूसंग साँठगाँठ गर्दै हिड्नु भा'को छ रे । फेरि जागिरै चट होला नि । चिफसाब, यस्ता विषयहरूमा सत्यतथ्य छानबिन होस, र संस्था विरुद्ध लाग्ने धमिराहरू माथि निगरानी गर्नुपर्‍यो । यदि बदमासी भएको रहेछ भने चिरफार गर्नु पर्दछ । बाँकी राख्नु हुन्न यस्ता धमीराहरूलाई, हामी सबै जवानहरूको साथ छ । हाम्रो संस्थालाई कसैको पेवा बनाउन दिनु हुदैन, जसलाई जे मन लाग्यो त्यही गर्न पाउने । सबै नेपालीले सम्मान गर्ने, हाम्रो साझा पवित्र संस्था हो यो हजूर । हामी सबै मिलेर यसलाई राम्रो बनाउन पर्दछ ।

-पीडित सैनिकहरू, जंगी अड्डा

जर्सा'ब भ्रममा नपर्दै राम्रो होला है !

श्रीमान सम्पादकज्यू

केही समय अघि साँघु सम्पादकलाई जनरल हिमालय थापाद्वारा प्रेषित 'जर्नेलद्वारा कारवाहीको माग' शीर्षकको चिठ्ठी पढ्न पाइयो । हिमालय जर्साब तपाई साँघु सम्पादक र पत्रिकाको बारे कुनै टिप्पणी नगर्नुस् । साँघु पत्रिकाको आफ्नैमा यसको मौलिकता, महत्व र गरिमा छ । हामी जस्ता पीडितहरूको बेदना र पीडा पोख्ने साहारा साँघु साप्ताहिक बनेको छ र तपाई जस्ता जर्नेलहरूबाट पवित्र संस्था नेपाली सेनामा भएको वा हुन लागेको भ्रष्ट कामबारे सेनाका सम्बन्धित जिम्मेवारी वर्ग लगायत चिफसाबलाई समेतलाई समयमै खबर पुर्‍याई राम्रो कामका लागि बाटो देखाउने हो, साँघु पत्रिका, यसमा कुनै दुईमत छैन ।

मार्गनिर्देशकको लागि साँघु सम्पादक र पत्रिकालाई धेरै धेरै धन्यवाद र भविष्यमा समेत उन्नति र प्रगतिको शुभकामना छ । अर्को कुरा तपाईले सेनालाई मर्यादित र व्यवस्थित छ भनि लेखिरहनु पर्दैन । सेना नेपाल राष्ट्रको गहना र हाम्रो प्राण र पवित्र संस्था हो हामी यसका सेवकजन हौं । तपाईले आफ्नो चरित्र सुधार्नुस् र सुधिनुस् नेपाली सेनाको चिन्ता नलिनुस्, सेनाका व्यक्ति र संस्थालाई तपाईंको व्यक्तिगत स्वार्थपूर्तिमा नगलगाउनुस् । यसैमा तपाई र हाम्रो संस्थाको कल्याण हुनेछ । तपाई त ४ महिनापछि रिटायर्ड हुँदैहुनुहुन्छ फेरि पदमा रहँदा तपाईले गरेका मनपरी र अनैतिक काम साँघु साप्ताहिकमार्फत प्रमाण सहित प्रकाशमा ल्याउन कसले रोक्न सक्ला र ? तपाईले मार्न जान्नु भएको जीवनजली शब्द साँघु सम्पादकलाई लेखी तपाईंका कुकार्यको निर्मलीकरण हुन्छ भन्ने भ्रममा नपर्दा राम्रो होला कि ? के सेनाका अधिकृतहरू त्यति लाटा छन् ? तपाईले के सोच्नु भएको छ हिमालय जर्साब ? २०७३ असार धेरै टाढा छैन । भण्डाफोर गर्ने समय आउदैछ ।

-पीडित अधिकृतहरू, नेपाली सेना

कालोसूचीमा रमाउँदै डीजी र जर्नेल !

साँघु, २०७१ असोज २८ सोमबार

काठमाडौं । रतिसचन्द्रलाल सुमन महानिर्देशक रहेको नागरिक उड्डयन प्राधिकरण भ्रष्टाचारीको अखाडामा परिणत भएको छ । हवाई उड्डयन प्राधिकरणलाई हवाई सुरक्षामा लापर्वाही गरेको आरोप सहित युरोपियन युनियनले कालोसूचीमा राखेको लगभग एक वर्षको अवधि पूरा हुँदा पनि प्राधिकरणलाई कालोसूचीबाट हटाउन सफल भएका छैनन् । यसले गर्दा एकातिर देशको बद्नाम भइरहेको छ भने अर्कोतिर नेपाली हवाइजहाजमा चढ्ने युरोपेली नागरिकहरूको कमीले गर्दा नेपालको पर्यटन विकासमा नोक्सान नागरिक उड्डयन प्राधिकरणले हवाई उडानको सुरक्षामा लापर्वाही गरेको र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको सुरक्षा अपनाउन असफल भएका महानिर्देशक सुमनले नागरिक उड्डयन प्राधिकरणको सल्लाहकार भ्रष्ट र बद्नाम व्यक्तिलाई मनोनयन गरेकाले अन्तर्राष्ट्रिय हवाई संस्था अरु बढी सशंकित बनेको कुरा नागरिक उड्डयन प्राधिकरण स्रोतले बतायो । स्रोतका अनुसार, द्वन्द्वकालमा सेनाको ११ नम्बर बाहिनीमा रहेर भ्रष्टाचारमा बद्नामी कमाएका पूर्व जर्नेल गुञ्जमान लामालाई सल्लाहकारमा नियुक्त गरेपछि नागरिक उड्डयन प्राधिकरण अहिले अरु बद्नाम हुन पुगेको छ । ११ नम्बर बाहिनीमा हुँदा हरेक काममा घुस र कमिसन खाएर अमेरिकामा समेत फ्ल्याट जोड्न (बाँकी पृष्ठ ८ मा)

रतिसचन्द्रलाल सुमन

सफल पूर्व जर्नेल लामा अहिले पनि लागेको बानीमा लिप्त रहेकाले नागरिक उड्डयन प्राधिकरणका कर्मचारीहरू छक्क पर्न थालेको खबर छ । सेनाको ११ नम्बर बाहिनीमा रहँदा अकूत सम्पत्ति कमाउन सफल गुञ्जमान लामा रतिस सुमनको खास मान्छे भएको र कमिसन र घुस खाने खुवाउने मामिलामा दुबैको चरित्र मिल्ने हुँदा सुमनले निज लामालाई हेलिकोप्टर सेवाको सल्लाहकारमा नियुक्त गरेर लुट्ने मौका दिएको कुरा नागरिक उड्डयन प्राधिकरणका एकजना प्राविधिक अधिकृतले साँघुलाई बताए ।

रतिस सुमनको निस्क्रियताले गर्दा नागरिक उड्डयन प्राधिकरण कालोसूचीको लपेटामा परेर यता परेको छ भने नेपालका हवाई कम्पनीहरूका विमानहरूको बीमा शुल्क बढेको छ, नेपालमा रहेका दर्जनौं युरोपेली राजदूतहरू, कर्मचारी र कूटनीतिज्ञहरूले नेपाली जहाज र हेलिकोप्टरहरू चढ्न र प्रयोग गर्न पाएका छैनन् । यसले गर्दा नेपालमा पर्यटकको संख्या बढ्नेभन्दा घट्ने स्थिति रहेको छ । नागरिक उड्डयन प्राधिकरणको लापर्वाहीको सिकार अहिले नेपाली जनता र राष्ट्रले भोग्नु परिरहेको छ । यसतर्फ सरकार, पर्यटन मन्त्रालय, परराष्ट्र मन्त्रालय, युरोपस्थित हाम्रा राजदूतावासहरू कसैले पनि मतलब राखेका छैनन् ।

नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक रतिसको नालायकीका कारण राष्ट्र कालोसूचीमा परेको एक वर्षको समय व्यतित हुन लाग्दा पनि सरकार कानमा तेल हालेर बसेकोमा हवाई क्षेत्र पीडित हुन पुगेको छ ।

भारत-चीन द्वन्द्व : नेपालले चलाउनुपर्ने हतियार

भारत र चीन अहिले शीतयुद्धमा मात्र होइन, लगभग हतियारवन्द युद्धमा होमिने तरखरमा छन्। दुवैका सेना आमने सामने छन्। युद्ध होला नै भन्न सकिन्न, युद्ध हुनेभन्दा नहुने आधार धेरै छन्। तर, विश्वमा युद्ध तयारी गरेर मात्र भएका छैनन्, अचानक पनि भएका छन्। युद्ध भनेको एउटा पक्षले नचाहेर मात्र नहुने होइन, दुईटै पक्षले नचाहँदा पनि युद्ध हुनसक्छन्।

यो बेला

-गोपाल बुढाथोकी

किनभने विश्वमा धेरै शक्तिराष्ट्र यस्ता छन् जो अरुको युद्ध होस् र हतियार बेच्न पाइयोस्, दुवैलाइं जुधाएर फाइदा लिन सकियोस् भन्ने ध्येय राख्छन्।

भारत र चीन नेपालको प्रत्यक्ष सरोकारका देश हुन्। सांध जोडिएका हाम्रा छिमेकी यिनै दुइं हुन्। सांध मात्र जोडिएको छैन, यी दुइंको बीचमा हामी छौं। त्यसैले यिनले लिने हरेक नीति हाम्रो सरोकारको विषय वन्छ। यिनका हरेक गतिविधि हाम्रो चासोको विषय वन्छ। मिलेका भए केही थिएन, लडाइं नै गर्न खोज्दैछन्। यसमा हाम्रो चासो र सरोकार नरहने भन्ने कुरै आउँदैन।

नेपालले कसैको पक्ष लिन हुँदैन। पक्ष लिनुपर्ने भए समस्या हुन्थ्यो, पक्ष नै नलिने नेपालको इतिहास रहिआएको छ। असंलग्न हुने अनुभव पनि छ। त्यस्तो अनुभव भारत र चीनकै हकमा पनि छ।

चिनियां जनताको मनोविज्ञान बुझ्न सजिलो छैन तर भारतीय जनताको मनोविज्ञान हामी बुझ्न सक्छौं। भारत खुला राजनीति भएको लोकतान्त्रिक देश हो। चीनसंग भन्दा भारतसंग हामी अनेक कारणले अति नै नजिक छौं। भारत र नेपालको भाषामा समानतां छ, भारतीयहरूको भाषा हामी राम्रैसंग बुझ्न सक्छौं। भारतीय मिडिया हामी चिन्छौं पनि र बुझ्छौं पनि। चीनको भन्दा भारतको इतिहास हामीलाई धेरै थाहा छ। नेपालको तीनतिर खुला सीमा छ र त्यो सीमा भारतसंग छ। नेपाल र भारत बीच खुला आवतजावत छ, त्यसकारण पनि भारतलाइं हामी अलि धेरै नै बुझ्छौं।

हामीले देख्दै जान्दै आएको भारतसंग अलि हीन भावना छ चीनको मामिलामा। भारतभन्दा चीन धेरै शक्तिशाली, प्रभुत्वशाली र सम्पन्न छ। सम्पन्नका अगाडि विपन्न, शक्तिशालीका अगाडि कमजोरले जुन भावना लिन्छ, त्यही भावना भारतमा देखिन्छ। भारतमा जब पाकिस्तानको कुरा आउंछ, तव भारतीयहरू अहिले नै युद्ध गरौं, अहिले नै पाकिस्तानको नाम निशाना मेटाइदिउं भन्छन्। तर, चीनको प्रसंगमा भारतीयहरू त्यसो भन्दैनन्। किनभने चीन बलियो छ। अर्को कुरा, चीन र भारतको विगतको युद्धमा भारत पराजित भएको थियो। विगतको पराजय भारतका लागि अगुल्टोले हानेको कुकुर विजुली चम्कंदा तर्सन्छ भने झैं

(बाँकी पृष्ठ ८ मा)

भारत...

भएको देखिन्छ। अहिले चीन र भारत दुवै आक्रामक देखिन्छन्। भारतीय जनता पार्टी तथा यसका नेता नरेन्द्र मोदी सत्ताको शिखरमा पुगेपछि भारतले आक्रामक विदेश नीति अपनाएको प्रष्टै देखिन्छ। उसको आक्रामक विदेश नीतिमा उग्रराष्ट्रवादको गन्ध आएको पनि छर्लङ्गै छ। आधुनिक उग्रराष्ट्रवादको विशेषता के भने यसले कमजोरलाई इयाक्ने र वलियोसंग निहुं खोज्ने काम गर्छ। भारतले नेपाललाइं नाकावन्दी गरेर कसरी गर्दन कसेको थियो भन्ने जगजाहेर विषय हो। तर, चीनलाई भारतले त्यसो गर्न सक्दैन, निहुं खोज्न मात्र सक्छ। भारतीय उग्रराष्ट्रवादले कुनै न कुनै रुपमा छिमेकीहरूसंग जोरी खोज्नु नै थियो। चीनसंग पनि भारतले कुनै न कुनै जोरी खोज्नु नै थियो। भारतको राष्ट्रवादको जग नै चीनसंगको हीन भावना र पाकिस्तानसंगको दम्भमा अडेको देखिन्छ। चीनप्रति भारत सदैव सशंकित रहंदै आएको हो। अहिले टक्कर हुनुमा भारतीय शंकाको ठूलै भूमिका रहेको छ।

भारतको शंका र अविश्वास विना कारण भने होइन। पछिल्ला केही वर्ष यता दक्षिण एसियामा चीनले प्रभाव र प्रभुत्व बढाउंदै लगेको छ। दक्षिण एसिया राजनीतिक रुपमा विभिन्न राजनीतिक इकाई (देश) का रुपमा रहे पनि एउटै भौगोलिक वृत्तभित्र रहेको छ। यो वृत्तको अगुवा या नायक भारतले आफूलाई ठान्छ। यो क्षेत्रमा चीनको जबर्जस्त प्रवेश भारतको स्वार्थमा सीधा टक्कर पक्कै पनि हो। अर्थात्, सिक्किमको दोक्लम क्षेत्रमा देखिएको टक्कर तत्कालीन घटनाको उपज मात्र होइन। भारत र चीनको अविश्वासपूर्ण सम्वन्ध, भारतीय उग्रराष्ट्रवाद र चीनको दक्षिण एसियामा प्रभाव वढाउने नीतिको परिणाम हो दोक्लमको टक्कर।

भारत र चीनको टक्करले तेस्रो पक्ष कुनैलाई सर्वैभन्दा धेरै क्षति गर्छ भने त्यो नेपाल हो। किनभने दुइं देशवीच रहेको देश नेपाल हो। नेपाल सामरिक रुपमा सामर्थ्यवान छैन। यी दुइं मुलुकको सामर्थ्यका अगाडि त झन तुलना हुने कुरै भएन। तर, सार्वभौमिकता र सामर्थ्य फरक विषय हो। आजको विषयमा सामर्थ्य छैन भन्दैमा सार्वभौमिकता गुमाउन सकिंदैन। छिमेकको भारत र चीनवीच तनाव चर्किंदै जांदा नेपाल निश्चय पनि समस्यामा फस्नेछ। तर, समस्यावाट निस्कन पनि सामर्थ्य चाहिन्छ। दुवै देशसंग अपार हतियार छ तर नेपालले मात्र एउटा हतियारका भरतमा यी दुइं शक्तिराष्ट्रको तनाववाट जोगिन सक्छ। त्यो हतियार हो, असंलग्नता। विश्वमा असीको दशका असंलग्नताको अभियान चलेको थियो। रुस र अमेरिकाको शीत युद्धको चेपुवावाट वच्न असंलग्न आन्दोलन सुरु भएको थियो। शिखर राष्ट्रका रुपमा रुसको भूमिका नरहेपछि असंलग्न आन्दोलनको सान्दर्भिकता पनि सकिंदै गयो। तर, क्षेत्रीय रुपमा असंलग्नताको औचित्य अझै छ। खासगरी नेपालका लागि। नेपालले असंलग्नताको नीति भारत र चीनको हकमा प्रयोग गर्न सक्छ।

विगतमा पनि भारत र चीनवीच युद्ध भएको थियो, नेपालले कसैको पक्ष लिएन। युद्ध नभएको अवस्थामा पनि दुइं मुलुकवीच कैयनपटक गम्भीर तनाव भयो। त्यस्तो वेला पनि नेपालले कहिल्यै पक्ष लिएन। अहिले पनि दुइं मुलुक तनावमा छन्। नेपालले कसैको पक्ष लिन हुंदैन। पक्ष लिनुपर्ने भए समस्या हुन्थ्यो, पक्ष नै नलिने नेपालको इतिहास रहिआएको छ। असंलग्न हुने अनुभव पनि छ। त्यस्तो अनुभव भारत र चीनकै हकमा पनि छ। त्यसैले नेपालको भूमिका के हुने भन्ने वारेमा धेरै अन्योलमा रहनु जरुरी छैन। इतिहासदेखि अहिलेसम्म लिइआएको नीतिलाई निरन्तरता दिन्छौं भन्ने हिम्मत गर्दा भारत र चीनले धेरै दवाव दिने ठाउं पनि रहंदैन। यसका लागि चाहिन्छ राजनीतिक नेतृत्वमा इच्छाशक्ति। विगतमा पनि हामीले अनुभव गरिआएकै हो, असंलग्न रहन पनि आंट चाहिन्छ। तर, त्यस्तो आंट अहिलेको राजनीतिक नेतृत्वसंग छ त ?

[illegible] १६

नागरिक लगानीको साढे पाँच अर्ब गायब

कोष अर्बौंको आर्थिक अपराधमा चुर्लुम्म

भविष्यको चिन्ता गर्दै नागरिक लगानी कोषमा रकम बचत गर्ने कर्मचारी तथा सर्वसाधारणहरू धेरै छन्। तर, कर्मचारी तथा सर्वसाधारणले आफ्नो गाँस काटेर बचत गरेको रकमको सदुपयोग के कति भइरहेको छ, धेरैलाई थाहा छैन। आफ्नो पैसा राखेका लगानीकर्ताहरूले यसतर्फ चासो र चिन्ता नराख्दा नागरिक लगानी कोषमा एकपछि अर्को आर्थिक अपराध बढेको पाइएको छ। एक रिपोर्टः

अध्यक्ष महाश्रम शर्मा

कार्यकारी निर्देशक रामकृष्ण पोखरेल

३ अर्बको बैंक हिसाव-किताव गोलमाल

सरकारी कार्यालयले आफ्नो आर्थिक कारोबारको हिसाव-किताव मासिक रुपमा अद्यावधिक गर्नुपर्ने नियम छ। अन्य सरकारी निकायहरूको हकमा यस्तो नियम लागू भए पनि नागरिक लगानी कोषमा भने यो नियम लागू हुँदैन। कोषले हिसाव अद्यावधिक गर्नेतिर चासो नराख्दा कोषको करोडौं रुपैयाँ गोलमाल भएको भेटिएको छ। सुन्दा धेरैलाई अपत्यारिलो लाग्न सक्छ, तर नागरिक लगानी कोषको बैंक हिसाव किताव मिलान (रिकन्सिलेसन) नै लामो समयदेखि नमिलेको पाइएको छ। आर्थिक वर्ष २०७२/०७३ सम्ममा ३ अर्बको बैंक हिसाव किताव मिलेको छैन। यो रकम वर्षौंदेखिको हो। महालेखा परीक्षकको कार्यालयको प्रारम्भिक प्रतिवेदनमा नागरिक लगानी कोषले वर्षौंदेखि बैंक हिसाव किताव (रिकन्सिलेसन) नमिलेको भन्दै आर्थिक अनियमितताको जरोकिलो समातेको छ।

'कोषले सञ्चालन गरेका कार्यक्रमहरूको देशभरि छरिएका सहभागीहरूबाट रकम संकलन गर्न राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक लिमिटेड, नेपाल राष्ट्र बैंकका सम्बन्धित शाखा कार्यालयहरू तथा काठमाडौंका अन्य वाणिज्य बैंकहरूमार्फत बैंकिङ कारोबार हुँदै आएको छ' बैंक हिसावकिताव मिलानमा गम्भीर आर्थिक अपराध भएको ठम्याउँदै महालेखाको प्रतिवेदनमा भनिएको छ, 'आ.व. ०६४/६५ को लेखापरीक्षण प्रतिवेदनमा बैंक हिसाव अद्यावधिक नभई रिकन्सिलेसनमा फरक परेको रकम रु. १४ करोड ८८ लाख देखिएको थियो। कोषको कारोबारमा क्रमशः भइरहेको वृद्धि तथा आ.व ०६४/६५ बाट नेपाल सरकार निजामती कर्मचारी तथा शिक्षकहरूको सावधिक जीवन बीमा कोष कार्यक्रम सञ्चालन भएपश्चात् बैकिङ

(बाँकी पृष्ठ ८ मा)

स्वास्थ्यको भ्रमणमा पनि कमिसन !

काठमाडौं। स्वास्थ्य मन्त्रालयमा विदेश भ्रमणमा मनोनयन गर्दा पनि घुस लेनदेन हुने गरेको गुनासो छ। मन्त्रालयको नीति योजना तथा अन्तर्राष्ट्रिय सहयोग महाशाखाका प्रमुख भोगेन्द्र डोटेलले विदेश मनोनयन गर्दा घुस माग्ने गरेको आरोप छ। स्रोतका अनुसार, उनले विदेश भ्रमणमा जानेहरूसँग पाउने सुविधाको २० प्रतिशतसम्म रकम दिनुपर्ने दररेट नै कायम गरेका छन्। महाशाखा प्रमुख डोटेलले यूरोप, अमेरिका लगायतका देशमा पठाउँदा दररेट भन्दा बढी घुस माग्ने गरेको स्रोतले बताएको छ।

स्रोतका अनुसार, डोटेलले तालिममा पठाउँदा समेत कमिशन माग्ने गरेको आरोप छ। चीनबाट प्राप्त भएको २७ जना नर्सिङ स्टाफको छात्रवृत्तिमा छनोटका लागि पनि घुस मागिएको गुनासो प्राप्त भएको छ। स्रोतका अनुसार, विभिन्न जिल्ला जनस्वास्थ्य कार्यालयका कर्मचारीमार्फत् चीनको छात्रवृत्तिमा जान चाहनेहरूसँग प्रतिव्यक्ति २ देखि ३ लाख रुपैयाँ घुस संकलन गरिएको छ। महाशाखा प्रमुख डोटेलले चीन सरकारले दिएको २७ जना स्टाफ नर्स तालिममा छनोटको

(बाँकी पृष्ठ ८ मा)

नागरिक...

कारोवार वृद्धि हुँदै जाँदा बैंक रिकन्सिलेसन हिसाव कार्य व्यवस्थापनमा कठिन भई बैंक हिसावको रिकन्सिलेसनका फरक क्रमशः वृद्धि हुँदै गएको छ।' प्रतिवेदनका अनुसार आ.व. ०७०/७१ र आ.व. ०७१/७२ को लेखापरीक्षण प्रतिवेदनमा बैंक हिसाव रिकन्सिलेसनको फरक रकम क्रमशः रु. २ अर्ब २४ करोड र रु ३ अर्ब पुगेको छ। बैंक हिसाव रिकन्सिलेसनको फरक रकम क्रमशः वृद्धि हुँदै जाँदा कोषको कारोवारमा जोखिम बढेको भन्दै महालेखाले चिन्ता प्रकट गरेको छ।

कमिसन खान जताततै बैंक खाता

बचतकर्ताको रकममा मनोमानी गर्न पल्केका कोषका पदाधिकारीहरूले कमिसनको लोभमा धेरैतिर बैंकमा खाता सञ्चालनमा ल्याएका छन्। कोषका लागि ६ वटाभन्दा बढी बैंक खाता आवश्यक नभए पनि ५० भन्दा बढी वित्तीय संस्थामा कोषले खाता खोलेको पाइको छ। महालेखाले १० गुणा बढी बैंक खाता खोलिएको भन्दै तत्काल अनावश्यक बैंक खाता बन्द गर्न कोषलाई सुझाव दिएको छ।

हरायो ५ अर्ब ४० करोड

बैंक हिसाव मिलान नगरेर आर्थिक अपराधको नमूना पेश गरेका कोषका पदाधिकारीहरूले त्योभन्दा ठूलो काण्ड गुपचुप लुकाउँदै आइरहेका छन्। कोषले लगानी गरेको ५ अर्ब ४० करोड रुपैयाँको हिसाब-किताव नखोजेर कोषका पदाधिकारीहरूले आर्थिक अनियमितता र गैरजिम्मेवारीको कीर्तिमान खडा गरेका हुन्। यद्यपि, यतिधेरै आर्थिक अपराध कोषमा मौलाइरहेको भएपनि यसतर्फ कसैले चासो देखाएका छैनन्। सुन्दा धेरैलाई पत्यार नलाग्न सक्छ तर कोषले लगानी गरेको ५ अर्ब ४० करोड रुपैयाँमध्ये कतिपय रकम कसलाई र कहिले दिइएको हो, त्यसको रेकर्ड समेत नागरिक लगानी कोषसंग छैन। यसले कोषका पदाधिकारीहरूको इमान्दारितामाथि प्रश्न उब्जाएको छ।

वार्षिक करोडौंको नोक्सानी

सञ्चयकर्ता र बचतकर्ताको ५ अर्ब ४० करोड रकम ब्याज आर्जन नहुने गरी यसरी लगानी गर्दा लगानीकर्तालाई करोडौंको नोक्सानी पर्दै आइरहेको देखिन्छ। मुद्दती खातामा ५ अर्ब ४० करोड वार्षिक न्यूनतम १० प्रतिशत ब्याजदरमा राख्ने हो भने पनि ५४ करोड ब्याज आउने ठोकुवा गर्न सकिन्छ। तर, उक्त रकम नउठ्दा कोष, सञ्चयकर्ता र बचतकर्ताले वर्षौंदेखि नोक्सानी व्यहोर्दै आइरहेका छन्।

अपराध लुकाउन आउट सोर्सबाट कर्मचारी

कोषमा आर्थिक अपचलन गर्दै आइरहेका यसका पदाधिकारीहरूले आफ्नो अपराध कर्म रोक्न अनेक हत्कण्डा अपनाउने गरेका छन्। उनीहरूले अपनाउने गरेको अनेक हत्कण्डामध्ये एक हो-कर्मचारी नियुक्ति। आफ्ना अपराध कर्म बाहिर आउने डरले कोषका पदाधिकारीहरूले माथिल्लो तहका कर्मचारीहरू आउट सोर्सबाट ल्याउने गरेका छन्। आउट सोर्सबाट ल्याइएका कर्मचारीलाई परिचालन गरेर मनपरी गर्दै अवैध आम्दानी गर्न सकिने र निश्चित समयपछि त्यस्ता कर्मचारी बाहिरिंदा अवगालको भारी उसैको थाप्लोमा हाल्न पाइने भएकाले आउट सोर्सबाट कर्मचारी भर्ती गर्ने गरिएको स्रोत बताउँछ। महालेखाले समेत माथिल्लो तहका कर्मचारी नियुक्ति नगरेको भन्दै कोषलाई गम्भीर बन्न निर्देशन दिएको छ। कोषले ११ औं तहको मुख्य व्यवस्थापक १ जना, १० औं तहको २ जना व्यवस्थापक र ९ औं तहका विभिन्न पद रिक्त राखेर बाहिरबाट कर्मचारी ल्याउँदै काम गरिरहेको छ। महालेखाले आगामी दिनहरूमा सक्सेसन प्लान तयार पारी रिक्त पदपूर्ति गर्न दिएको सुझावमा कोषले प्रक्रिया सुरु गरिएको जवाफ दिएको भए पनि कार्यान्वयन गर्नेतर्फ चासो देखाएको देखिन्न।

कोषमा यतिधेरै आर्थिक अपराध कर्म मौलाउनुको जड यसका 'असक्षम' अध्यक्ष महाश्रम शर्मा र कार्यकारी निर्देशक रामकृष्ण पोखेललाई मानिन्छ। स्रोतका अनुसार, शर्मा र पोखेलले कोषका आर्थिक कारोबारलाई पारदर्शी बनाउनेतिर कुनै चासो देखाउने गरेका छैनन्। बरु उनीहरूले कार्यभार सम्हालेपछि आर्थिक बेथितीले सीमा नाघ्न थालेको स्वयं कोषका कर्मचारीहरू बताउछन्। पोखेल तिनै व्यक्ति हुन्, जो तत्कालीन कांग्रेस सभापति सुशील कोइरालाको प्रधानमन्त्रीत्वकालमा सार्वजनिक संस्थान बोर्ड छल्दै कोषको कार्यकारी निर्देशक बन्न सफल भएका थिए। पोखेल मात्रै होइन, कोषका सञ्चालक समिति अध्यक्षदेखि सदस्यहरू सम्म पोखेलको आर्थिक अपराध कर्मको साक्षी बस्दै आइरहेका छन्। कोषका विगतमा असक्षम अध्यक्ष मानिएका चन्द्रमणि अधिकारीभन्दा पनि 'असक्षम' महाश्रम शर्मा अध्यक्ष छन् भने मधुकुमार मरासिनी, सीताराम थपलिया, मणिदेव भट्टराई, भरत बस्नेत, सुरेन्द्र थापा, गोविन्दमानसिंह कार्की सदस्य छन्।

गत आर्थिक वर्षको चैत मसान्तसम्म ७४ अर्ब ५७ करोड ५६ लाख रुपैयाँ कोषमा रहेको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रलगायतका निकायले यसतर्फ समयमै चासो नदिने हो भने यही रकमसमेत थप जोखिममा पर्ने देखिन्छ।

२०७४ ४ [illegible]

युवराजले किन त्यागे अन्नपूर्ण ?

काठमाडौं । अन्नपूर्ण पोष्टको प्रधान सम्पादक पदवाट युवराज घिमिरेले एक्कासी राजिनामा दिएपछि पत्रकारिता क्षेत्रमा निकै चासो र चर्चा उत्पन्न भएको छ । सो प्रकाशनमा कार्यरत पत्रकारहरूका अनुसार, नेपाल न्यूज नेटवर्क इन्टरनेशनलका मालिकहरू, खासगरी अध्यक्ष तथा प्रवन्ध निर्देशक रामेश्वर थापाले पत्रकारिताको विश्वव्यापी सिद्धान्तलाई कुल्चिएर सम्पादकीय स्वतन्त्रतामा हस्तक्षेप गर्ने खालका शैली प्रदर्शन गर्न थालेपछि प्रधान सम्पादक घिमिरेले राजिनामा दिन वाध्य भएको थाहा भएको छ । राज्यका अन्य अंगहरूका विसंगति र गलत प्रवृत्ति खुट्याएर सच्याउन औंला ठड्याउने भूमिका निर्वाह गर्नुपर्ने चौथो अंगका रुपमा रहेको पत्रकारिताका आचारसंहिताभन्दा वाहिर जानु हुन्न भन्ने प्रधान सम्पादक घिमिरेलगायतका पत्रकारहरूको अडानलाई प्रकाशन गृहले केही समयदेखि कर्के नजरले हेर्दै आएको वुझिएको छ । तर, पाका र खारिएका तथा पत्रकारिता मात्र नभई समाज, राजनीति, कूटनीति र इतिहासलगायत विधाहरूको राम्रो अध्ययन भएका वरिष्ठ पत्रकार घिमिरेमाथि स्थापित पत्रकारिताका सामान्य आचारसंहिताका विपरीत लगातारका दवाव आउन थालेको र सो पचाउन नसकेपछि वाध्यात्मक वहिर्गमनको वाटो रोजेको अन्नपूर्ण पोष्ट स्रोतले वताएको छ । अन्नपूर्ण पोष्टको प्रधान सम्पादकवाट युवराज घिमिरेले २०७४ साउन ५ गते राजिनामा दिएका हुन् ।

नेपाल न्यूज नेटवर्क

(वाँकी पृष्ठ ८ मा)

युवराजले...

इन्टरनेशनलका अध्यक्ष रामेश्वर थापाको नेतृत्वमा रहेको अन्नपूर्ण-पोष्ट दैनिक र अन्नपूर्ण टुडेके सम्पादकीय नीति ठ्याक्कै उल्टो रहेको देखेपछि सो प्रकाशनमा कार्यरत पत्रकारहरूले असजिलो मान्दै आएका थिए । राजाराम गौतम सम्पादक रहेको अन्नपूर्ण टुडेले सर्वोच्च अदालतका वारेमा सुशिला कार्की र कल्याण श्रेष्ठ समूहलाई खुलेर समर्थन गरेका समाचार र टिप्पणी पढ्न पाइन्थ्यो भने अन्नपूर्ण पोष्ट दैनिकले चाहिं सर्वोच्च अदालत आइएनजीओ र दलीयकरणवाट मुक्त रहनु पर्छ भन्ने पक्षमा वकालत गर्दै आएको थियो ।

यसैगरी कर फछ्र्योट आयोगको ३१ अर्व काण्डका वारेमा अन्नपूर्ण टुडेले चुडामणि शर्माहरूको विरोधमा लेख्ने गर्दथ्यो भने अन्नपूर्ण पोष्ट दैनिकमा कर फछ्र्योट आयोग र चुडामणि शर्माहरूको विरोधमा लेख्न रामेश्वर थापाले वन्देज लगाएको आर्थिक व्युरो स्रोतले वताएको छ ।

रामेश्वर थापाहरूले स्वतन्त्र पत्रकारितालाई भन्दा पनि व्यापारिक कारोवार, शुभलाभ र निजी स्वार्थलाई वढी चासो र प्राथमिकता दिएको चर्चा त पहिलेदेखि नै चल्दै आएको हो । जलस्रोत, नेपाल आयल निगमभित्रका जग्गा खरिद काण्डलगायतका घोटालाहरू, हवाई क्षेत्रका विकृतिहरू भण्डाफोर गर्नवाट रोक्ने र यस्ता सवालमा पत्रकारिताका सामान्य मान्यता विपरीत गई हस्तक्षेप गर्ने नीति अख्तियार गर्ने गरेको स्रोतले जनाएको छ । व्यवस्थापनका यस्ता व्यवहार एकपछि अर्को गर्दै भोग्नु परेपछि त्यहां कार्यरत पत्रकारहरू हतोत्साहित वन्न थालेका थिए । यसैको नतिजा प्रधान सम्पादक पदवाट युवराज घिमिरेको राजिनामा हो भन्छन् पत्रकारहरू ।

प्रधान सम्पादक पदवाट युवराज घिमिरेले राजिनामा गरेपछि सामाजिक सञ्जालमा भाइरल भएका केही टिप्पणीहरू-

युवराज घिमिरे, अन्नपूर्ण पोस्ट र म !

अखवारको आत्मा भनेको त्यसको सम्पादकीय नीति हो ।

अर्को सम्पादकले लेखकहरूलाई दिने लेखकीय स्वतन्त्रता !.

युवराज घिमिरे अब्बल लेख्छन्, गम्भीर विश्लेषण गर्दछन् र आफ्ना कुरा निर्धक्क राख्दछन् ! भनिरहँकियो, सम्पादकीय नीति र सम्पादकहरूले लेखकहरूलाई दिने स्वतन्त्रतासंग लेखकहरू जोडिएका हुन्छन् । युवराज घिमिरेको सम्पादनका पत्रिकाहरूले मलाई निर्धक्क भएर लेख्न दिए ।

गनमा प्रश्न छ

असार २६ सोमवार २०७४

जर्नेलहरू को कहाँ सरुवा

काठमाडौं । नेपाली सेनाका केही उपरथी र सहायकरथीहरूको सरुवा सिफारिस भएको खवर छ । सरुवा भएका दुई तारे र एक तारे जर्नेलहरू जो नेतृत्वका नजिक मानिन्छन्, उनीहरूले सैनिक सहचारीका साथै वाहिनीको कमाण्ड गर्ने अवसर समेत पाएका छन् । दुई तारे जर्नेल केहीलाई घर जाने केही महिना अघि मालदार अड्डाको कमाण्ड गर्ने अवसर पनि सेनाको नेतृत्वले दिएको छ । त्यस्ता भाग्यमानी दुई तारे जर्नेल मध्येका एक हुन्, मध्यपश्चिम प्रितनापति शम्सेर ठकुराठी । जर्नेल ठकुराठीको स्थानमा देवेन्द्र मेघासीलाई पठाउने तयारी गरिएको थियो । तर, जर्नेल मेघासी ढाडको समस्याले ग्रस्त भएकाले उनकै अनुरोधमा त्यहाँ सरुवा नगरिएको वताइन्छ । नेपाली सेनाभित्र मालदार अड्डा मानिने प्रवन्ध रथी विभागको कमाण्ड गर्ने अवसर पाएका ठकुराठी केही महिनापछि अवकासको लाइनमा रहेको सैनिक स्रोत वताउछ । राशन, पेट्रोलियम पदार्थ र कल्याणकारी वजेट अन्तरगत सेनाका विभिन्न निर्माण कार्यमा संलग्न रहेको स्थपति विभाग समेत हाल प्रवन्धरथी विभागमा पारिएको छ । स्थपति विभाग यस अघि इन्जिनियर विभागको कमाण्डमा रहेको थियो । इन्जिनियर विभागका प्रमुख योगेन्द्र खांडको नेतृत्वमा स्थपति निर्देशनालय रहन नचाहेपछि प्रवन्धरथीमा हालिएको चर्चा सेनामा हुने गरेको छ । सरुवा हुने दुई तारे जर्नेलहरू प्रल्हाद थापा डीएमआई, समीर शाही सुरक्षा परिषद्, हेमन्त कुँवर अप्रेशन, पूर्वी प्रितना इटहरिमा गौरव टण्डुल, रहेका छन् । प्रधानसेनापति अमेरिका र वेलायतको भ्रमण सकेर फर्केपछि अवधि पुगेका अन्य जर्नेलहरूको सरुवा हुने गरिने तयारी गरिएको छ ।

एक तारे जर्नेलहरू को कहाँ ?

अवधि पुगेका केही एकतारे जर्नेलहरूको पनि सरुवा सिफारिस भएको छ । सो सरुवा सिफारिस रक्षा मन्त्रालय हुँदै

(वाँकी पृष्ठ ८ मा)

जर्नेलहरू...

मन्त्रिपरिषद्मा पुगेपछि सरुवा सदर हुनेछ । सैन्य स्रोतका अनुसार, २१ नम्वर वाहिनीपतिमा खरिपाटीमा कार्यरत वालकृष्ण कार्कीको सरुवा हुने भएको छ । १८ वाहिनी गाईघाटमा भरत पाठक र त्यहां कार्यरत सुवर्ण शाह व्यवस्था तथा नीतिमा आउने भएका छन् । नीति तथा व्यवस्थालाई एकतारे जर्नेलहरूले राम्रो अड्डाका रुपमा लिने गरेका छन् । नौ नम्वर वाहिनी सिन्धुलीमा सुरेशकुमार कार्की र त्यहां कार्यरत जीत गुरुङ हेडक्वार्टर आउने भएका छन् । जर्नेल अजीत थापाले ३ नम्वर वाहिनी खैरेनीटारको कमाण्ड पाएका छन् । त्यहां कार्यरत काजीवहादुर खत्रीले अप्रेशनको जिम्मा पाउने छन् । वाग्लुङमा कृष्णमुरारी नेउपानेले कमाण्ड गर्नेछन् भने त्यहां कार्यरत कृष्ण गुरुङ हेडक्वार्टरमा सरुवा हुने भएका छन् । १३ नम्वर वाहिनीका शैलेन्द्र शम्सेर थापाले २२ वाहिनी वुटवलको

कमाण्ड गर्ने मौका पाएका छन् । १३ वाहिनीको कमाण्ड अव कमलेशवहादुर सिहले सम्हाल्ने छन् । ४ नम्वर वाहिनी नेपालगञ्जको कमाण्ड अनन्त कार्कीले गर्दैछन् । हाल शक्तिशाली मानिएका इश्वरकान्त मैनालीले २५ नम्वर वाहिनीको कमाण्ड सम्हाले लगत्तै नयाँ दिल्लीको सैनिक सहचारीमा जाने छन् । सहायक रथी पदम आङ्वुको नगरकोटका लागि सिफारिस भएको खवर छ ।

देउवाविरुद्ध सिङ्गै कांग्रेस खनियो

काठमाडौं । शेरबहादुर देउवा नेपाली कांग्रेसका सभापति भएपछि झन् रफ्तारमा अघि बढ्ने अपेक्षा गरिएको कांग्रेस ओरालो लाग्ने क्रम रोकिने सम्भावना अझै देखिएन । २०७४ साउन ७ गतेबाट चालु केन्द्रीय कार्यसमितिको बैठकमा उठेका प्रश्न र यसप्रति सभापति देउवाले लिने नीतिले पार्टीको भावी अवस्था तय हुने भएपनि हालसम्म उनी वर्तमान कार्यशैली र जिम्मेवारीमा कुनै परिवर्तन गर्ने मुडमा देखिएका छैनन् ।

कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले बैठकमा पार्टी र कार्यर्ताका भविष्यप्रति चिन्ता व्यक्त गर्दै प्रष्ट विचारहरू राखेपनि यसको सुनुवाई हुने लक्षण देउवाले प्रस्तुत गरेका छैनन् । बैठकमा पौडेलले खुलेरै भने नेपाली कांग्रेस (देउवा)को जिम्मामा रहेको सिंहदरबार र उनकै नेतृत्वमा रहेको सानेपा दुवै अलपत्र दिशाविहीन छन् । एउटै जिम्मेवारी पनि राम्ररी सम्हाल्न नसक्ने देउवाले दुवै जिम्मेवारीको डुंगा कसरी पार लगाउलान् ?

यसको सटिक जवाफ पनि पौडेलले नै बैठकमा दिए हामी ७० कटिसक्यौं, अब हामीले नेतृत्व छाड्नुपर्छ र सक्षम अर्को पुस्तालाई जिम्मेवारी दिनुपर्छ, यसो गरे मात्र कांग्रेस पार्टी बच्नेछ । पौडेलले मात्र नभएर बैठकका अधिकांश वक्ताले देउवाको कार्यशैली र गैरजिम्मेवारपनको खुलेरै विरोध गरे । तर जवाफमा सभापतिले सबै केन्द्रीय नेताले देखेका उनका कमजोरी सच्याउन लाग्नुको सट्टा स्थानीय निर्वाचनमा सबैको कमजोरी भएको र अब सच्याएर एकताबद्ध भई अघि बढ्नुपर्ने बताए । यसपश्चात पनि वरिष्ठ नेता पौडेलले प्रष्ट रुपमा फेरि भने शेरबहादुर देउवा पार्टी सभापति र प्रधानमन्त्री दुवै जिम्मेवारीमा

असफल भइसक्नुभएको छ ।

पौडेलगायतका बैठकमा बोल्ने अधिकांश नेताहरूले देउवाले सभापति भएपछि केन्द्रीय समितिलाई पूर्णता दिन नसकेको, विभागहरू गठन गरी नेतालाई जिम्मेवारी दिएर कार्यक्षेत्रमा खटाउन असक्षम भएको, पदाधिकारीहरू अझै नियुक्त नगरी भिंगो केन्द्रीय समितिलाई अपात्र बनाइरहेको र पार्टीलाई प्रजातान्त्रिक शैलीमा चुस्त बनाउनुको सट्टा झन् अस्तव्यस्त बनाएको आरोप पनि लगाएका थिए । पौडेलले त खुलेरै भने यदि युवापुस्तामा नेतृत्व हस्तान्तरण नगर्ने हो भने दुवै जिम्मेवारी आफैले लिएर पार्टी र मुलुकलाई अधोगतितर्फ लगिरहनुको सट्टा जिम्मेवारी बाँडफाँड गरी अघि बढ्नु पर्छ । जिम्मेवारी निर्वाह गर्न पनि नसक्ने र पद पनि ओगटीरहने प्रवृत्तिले पार्टीलाई झन् अधोगतितर्फ लग्ने उनको ठहर थियो । पौडेलको यो मनाईप्रति दुई तिहाई केन्द्रीय सदस्यको समर्थन रहेको पनि एक केन्द्रीय सदस्यले सांघुलाई बताए ।

केन्द्रीय समितिमा बोल्ने क्रममा नेताहरूले देउवाले तेश्रो वरियताका मानिसलाई प्रहरी प्रमुखमा बालहठ नै गरी नियुक्ति दिलाउन खोजेका र यस गल्तीलाई सच्याउनुको सट्टा प्रधान न्यायाधीसमाथि

(बाँकी पृष्ठ ८ मा)

देउवाविरुद्ध...

महाअभियोग प्रस्ताव दर्ता गरी झन् गल्तीमाथि अर्को महागल्ती गरेका प्रसंग पनि उठाए । विश्वभरकै प्रचलन हो कि प्रधान न्यायालयको संरक्षण सरकारले गर्छ र विपक्षीले यसको विरोध गर्छ । तर यहां त सत्ताधारी दल स्वय नै प्रधान न्यायाधीशको विरुद्ध महाभियोगको प्रस्ताव दर्ता गर्छ, त्यो पनि आफैले गरेको अर्को गलत नियुक्तिलाई कायमा राख्न ।

यी विविध कारण पनि कांग्रेसप्रतिको जनविश्वास खस्किएको उनीहरूको विश्वास थियो । अझ राजदूत नियुक्ति गर्दा पार्टीमा छलफल गरी कूटनीति बुझेको र मुलुकको प्रतिनिधित्व गर्नसक्ने व्यक्तित्वको सट्टा व्यक्तिगत स्वार्थका आधारमा वैदेशिक रोजगारमा मानिसलाई पठाउने बिचौलियालाई रोजेका जस्ता घटनाले पनि देउवाको नेतृत्व र कांग्रेसप्रति मानिसको विश्वास चकनाचूर भयो । एमालेबाट जम्मा ४ जना प्रधानमन्त्री मुलुकले पाउंदा चारैजना फरकफरक नेताले अवसर पाए । तर नेकामा भने पद र लाभ पाउनासाथ आफै लिउं भन्ने लोभीपापी, एकलकाटे, अधिनायकवादी स्वभाव भएका नेताहरूका कारणले समेत कार्यकर्तामा उत्साह र उर्जा नथपेको हुनसक्ने नर्फ कसले सोच्ने ?

ज्वाइँ–ससुरा गुट

कांग्रेसमा रामचन्द्र गुट, सिटौला गुट, खुमबहादुर गुटले धमाधम मन्त्री पद पाएपछि अबको केही हप्तामा गगन-अर्जुन गुट खडा हुने प्रबल सम्भावना रहेको केही कांग्रेसी बालाजुतिर हल्ला गर्दै थिए ।

ती दिन

बेलायतमा पाँडे कर्णेलको बहादुरी

देवशमशेर भारत निर्वासनपछि सन् १९०१ मा पाँचौं राणा प्रधानमन्त्रीका रूपमा चन्द्रशमशेरको उदय भयो। पहिलो विश्वयुद्धको तयारी भइरहेका बेला चन्द्रशमशेरले पनि आफ्ना अग्रज जंगबहादुर राणाझैं विसं १९६४ मा बेलायत भ्रमणको निम्तो पाए।

उनी त्यतिबेला रुद्रशमशेर, मोहनशमशेर, बबरशमशेर, हिरण्यशमशेर, जुद्धशमशेर, केशरशमशेर र [illegible] गरी २२ सदस्यीय दलको नेतृत्व गर्दै बेलायत पुगेका थिए। चन्द्रशमशेर बेलायत गएको त्यो दलमा उनका एक विश्वासपात्र कर्णेल पनि समावेश थिए। उनको नाम थियो, विष्णुकुमार पाँडे।

वास्तवमा पाँडे राणा शासनकालकै तेस्रो प्रधानमन्त्री वीरशमशेरको पालामा आफ्नो बहादुरीका कारण चर्चामा आइसकेका थिए। उनी धर्मात्मा स्वभावका थिए। एकाबिहानै हर..हर महादेव जप गर्दै पशुपति पुग्ने र लगौटी लगाएर बागमतीमा नुहाउने उनको नित्यकर्म नै थियो। यसै क्रममा एकदिन उनी बसोबास गर्ने नैकन्तलाबाट पशुपति जाँदै गर्दा चारजना बदमासले बाटो छेकेर उनलाई लुट्ने प्रयास गरेछन्।

तर, बिचारा ती बदमास। उनीहरूलाई के थाहा पाँडे कर्णेलको बहादुरी। उनले बाटोमै दुईवटै [illegible] च्याप्दै ती चारै बदमासलाई बागमतीको पानीमा चोपिदिएछन्।

सन् १९०८ अप्रिल १७ तारिखमा भारतको मुम्बईबाट 'सिटी अफ भियना' नामको पानीजहाजबाट बेलायतको पोर्टस्माउथ उत्रिने क्रममा पाँडेले बहादुरीका थुप्रै नमुना प्रदर्शन गरेका थिए। जंगबहादुरपछि बेलायत पुगेका श्री ३ चन्द्रशमशेरको टोली भिक्टोरिया स्टेसनमा उत्रिँदा सबैको भव्य स्वागत भएको थियो। चन्द्रशमशेर बेलायतका तत्कालीन राजा एडवर्ड सातौंको निमन्त्रणामा लन्डन पुगेका थिए।

चन्द्रशमशेरले मेरो बाजेलाई पारिवारिक माहोलमा देवानदाइ भनेर बोलाउनुहुन्थ्यो

- ऋषिकुमार पाँडे

यो टोली लन्डन पुग्दा पाँडे कर्णेलको बहादुरीबाट पूरै बेलायत परिचित भइसकेको रहेछ। पानीजहाजबाट बेलायत पुग्ने क्रममा पाँडे कर्णेलले लगौटीमात्र लगाएर समुद्रमा स्नान गरेका रहेछन्। त्यस्तो चिसो पानीमा पनि नुहाएको भन्दै ठूलो चर्चा पाएको थियो त्यो घटनाले। यस विषयमा बेलायतको लन्डन पर्सिभलले एउटा लेख प्रकाशित गरेको थियो; चिसो पानीमा हाम्फाल्ने साहसी नेपाली पर्यटक भन्दै।

यही विषयलाई लिएर चन्द्रशमशेर र पाँडे कर्णेलबीच सम्बन्ध बिगार्ने प्रयास नभएको होइन। भएपछि चन्द्रशमशेरले पाँडे कर्णेललाई सोधेका थिए, 'किन नुहाएको देवानदाइ।'

पाँडे कर्णेलको उत्तर थियो, 'सात समुन्द्र पार गरेर आएपछि नुहाउनैपर्‍यो नि महाराज। यो भाग्यको कुरा हो।' चन्द्रशमशेरसँगै बेलायत भ्रमणमा रहँदा काठमाडौंमा पाँडे कर्णेलको छोरा जन्मिएछ। त्यसैले उनले आफ्नो छोराको नामै बेलायतकुमार पाँडे राखिदिएछन्।

'धर्मात्मा र आफ्नो अडानमा बस्ने भएकाले चन्द्रशमशेरले मेरो बाजेलाई पारिवारिक माहोलमा देवानदाइ भनेर बोलाउनुहुन्थ्यो। तर, बाहिर उहाँको नाम पाँडे कर्णेल नै थियो। उहाँ चन्द्रशमशेरकै पालामा बेलायत जाँदा छोराको जन्म भएको हुँदा मेरो बुबाको नाम बेलायत राखिएको थियो,' आफ्नो हजुरबुबाको विषयमा नेपाली सेनाका पूर्वरथी ऋषिकुमार पाँडे भन्छन्।

विसं १९६५ को बेलायत भ्रमणको क्रममा विष्णुकुमार पाँडेले बेलायती कुस्तीबाजसँग कुस्ती खेलेका थिए। उनी जंगबहादुर राणाको बेलायत भ्रमणमा बेलायती कुस्तीबाजसँग कुस्ती खेल्ने धीरशमशेरपछि दोस्रो नेपाली हुन्। त्यतिबेला पाँडे कर्णेलसँग कुस्ती खेल्ने क्रममा आफ्नो कौसल देखाउन बेलायती कुस्तीबाज उनको खुट्टामुनि छिरेकोमात्र के थियो, उनले दुवै खुट्टाले बेलायती कुस्तीबाजको घाँटी अँठ्याइदिएछन्।

एकछिनको प्रतिस्पर्धापछि त्यो बेलायती कुस्तीबाजले पाँडे कर्णेलसँग हार स्वीकार गरेको थियो।

उनको बहादुरीकै कारण चन्द्रशमशेरले हात्तीसारमा सबै हात्ती हेर्न लगाएका थिए। त्यतिबेला भारत बिहारको सोमपुरमा वर्षको एकपल्ट हात्ती र घोडा किन्न ठूलो मेला लाग्थ्यो। सन् १९१४ मा यस्तै मेलामा हात्ती किन्न जाँदा पाँडे कर्णेलको भेट बनारसका सांस्कृतिक राजासँग भएको रहेछ। बनारसी राजा उनको सरलताबाट यति प्रभावित [illegible] उपहार दिएछन्।

'कस्ताआँटी [illegible] मेरो हजुरबुबाले महाराज चन्द्रशमशेरलाई टक्र्याउनुभएको थियो। तर, चन्द्रशमशेरले [illegible] राखेर एउटा आफ्नोतर्फबाट [illegible] मेरो बुबालाई [illegible] चन्द्रशमशेरलाई [illegible]

हजुरबुबाले [illegible] त्यतिबेला बुबा र [illegible] ऋषिकुमार भन्छन्।

विसं १९२२ मा [illegible] जन्मिएका पाँडे कर्णेलको [illegible] वर्षको उमेर १९८१ मा [illegible]

हाल टुँडिखेलमा रहेको आर्मी मुख्यालयको पुरानो पेन्टिङ। त्यतिबेला बाँसघारी [illegible]एको टुँडिखेलमा चन्द्रशमशेरको पालामा सेनाहरूलाई अभ्यास गराउँदै [illegible]ष्णुकुमार पाँडे।

२०६५ ५।३१ ग [illegible]

किन बिच्किए पूर्वराजा कमलसँग

काटमाडौं । पूर्वराजपरिवार र राप्रपा नेपालका अध्यक्ष कमल थापाबीचको सम्वन्ध बिग्रेको छ । समाचार स्रोतका अनुसार संविधान निर्माण प्रक्रियामा राप्रपा नेपालले राजसंस्था पुनर्बहालीको एजेन्डामा अडान नलिएका कारण पूर्वराजपरिवारसँग उनको सम्वन्ध बिग्रेको हो ।

संविधान निर्माणका क्रममा राप्रपा नेपालले हिन्दु राज्य पुनस्थापनाको एजेन्डालाई सशक्त रूपमा उठाएको छ । धर्म परिवर्तनको प्रावधानलाई संविधानको मस्यौदाबाट हटाउन राप्रपा नेपालले संविधानसभाको बैठकसमेत अवरुद्ध गरेको थियो । तर गणतन्त्रको प्रावधानमा भने संविधान निर्माणमा राप्रपा नेपालले साथ दिँदै आएको छ । सिद्धान्तमा राजतन्त्र अंगाले पनि व्यवहारमा भने राप्रपा नेपालले गणतन्त्र स्वीकार

(बाँकी पृष्ठ ८ मा)

गरेको देखिएको छ ।

धर्मको मामिलामा फरकमत राखे पनि गणतन्त्रको मामिलालाई स्वीकार गर्ने ढंगले राप्रपा नेपाल अघि बढेका कारण पूर्वराजपरिवार सशंकित बनेको छ । गणतन्त्रलाई संस्थागत गर्ने संविधान निर्माणमा राप्रपा नेपालको समेत सहभागिता देखियो भने राजतन्त्र बहालीको सम्भावना तथा मुद्दा समाप्त भएर जाने बुझाई राजावादीहरूको छ । तर यसबीचमा पूर्वराजा ज्ञानेन्द्र शाह र राप्रपा नेपालका अध्यक्ष थापाबीच भेटवार्ता हुन पाएको छैन । बरु पूर्वराजा शाहले राप्रपा नेपाललाई आर्थिक सहयोग जुटाइदिने योगी आदित्यनाथसँग भेटेका छन् ।

अघिल्लो आइतवार एक कार्यक्रमको आयोजना गरी भारतीय सभासद्समेत रहेका गोरखनाथपीठका पीठाधीश योगी आदित्यनाथलाई नेपाल बोलाइएको थियो । त्यस अवसरमा योगी र पूर्वराजा शाहबीच निर्मल निवासमै करिब डेढ घन्टा भेटवार्ता भएको थियो । राजासँगको भेटवार्ताअघि सार्वजनिक कार्यक्रममा बोल्दै उनले हिन्दु अधिराज्य कायम गर्न विश्वका सबै मुलुकका हिन्दुहरूलाई सडकमा उतार्ने उद्घोष गरेका थिए । तर राजावादी हिन्दु संस्थाहरूले आयोजना गरेको उक्त कार्यक्रममा कमल थापालाई आमन्त्रण गरिएको थिएन । बरु कांग्रेसका खुमबहादुर खड्का, राप्रपाका दीपक बोहोरालगायतलाई आमन्त्रण गरिएको थियो ।

एक वर्षअघि राप्रपा नेपालले हि॰ अधिराज्यको माग गर्दै आयोजना गरेको मेची-महाकाली रथयात्रामा मुख्य आर्थिक सहयोग आदित्यनाथले नै गरेका थिए । आदित्यनाथ र राप्रपा नेपालबीचको संयन्त्रको सूत्राधार रवीन्द्रनाथ शर्मा हुन् । पछिल्लो समयमा शर्मा र कमल थापाबीच सम्बन्ध राम्रो नभए पनि पूर्वराजपरिवारको आदित्यनाथले राप्रपा नेपाललाई आर्थिक सहयोग गर्ने गरेका थिए । तर त्यो सहयोग अहिले टुटेको छ । यता, कमल थापा भने आदित्यनाथ 'रअ' को एजेन्ट भएको थाहा पाएपछि उनीसँग आर्थिक सहयोग लिन' छाडेको दावी गर्दै आएका छन् ।

त्यसो त खुमबहादुर नेतृत्वको हिन्दु -राष्ट्र स्थापना महाअभियानलाई पनि आदित्यनाथको निकै ठूलो साथ सहयोग रहेको बताइन्छ । खड्का बेलामौकामा आदित्यनाथलाई भेट्न गोरखपुर गइरहन्छन् । खड्का र आदित्यनाथबीचको सम्बन्धका सूत्राधार भने नवलपरासीका कांग्रेस नेता देवेन्द्रराज कँडेल हुन् ।

उनी स्वयं गोरखनाथपीठसँग पुर्ख्यौली रूपमा आबद्ध छन् । गोरखनाथको गुठी जग्गामध्ये एक तिहाइ जग्गा देवेन्द्रराज कँडेलका पुर्खाहरूले उपलब्ध गराइदिएको अभिलेख पाइन्छ । उनी स्वयं गोरखनाथपीठमा बसेर पढेका हुन् । उनका बाबु पृथ्वीबहादुर कँडेल र फुपू राधादेवी कँडेलले गोरखनाथपीठमार्फत २००७ सालको जनक्रान्तिमा निकै ठूलो योगदान पुऱ्याएको पाइन्छ । त्यही कँडेल परिवारको आडमा खुमबहादुरले हिन्दुवादी राजनीति सुरु गरेको समाचार स्रोतको दावी छ ।



नयाँ सरकारः नयाँ आकांक्षा-मन्त्री पदका लागि ताँती...

जबजब सरकार बदलिन्छ अर्थात् नयाँ प्रधानमन्त्रीको सत्तारोहण हुन्छ, त्यहीबेला मौका यही हो-मौका आउँछ पर्खदैन, बगेको खोलो फर्कदैन भनेर मन्त्रीपदका आकांक्षीहरूको लामो ताँती लाग्दछ। मौकामा चौका हान्न सके मात्र फलिफाप हुन्छ। अब नयाँ प्रधानमन्त्री आए, यही मौका छोपेर मन्त्री बन्नुपर्छ-पाँचै दिन मन्त्री बने पनि तीन पुस्ताको दिन फर्कन्छ। दुईटा स्यादिला फाइल तोक लगाउन सके के चाहियो र लामो समयको पद। त्यसो त अब बन्ने सरकारको आयु नै ८ महिना। त्यतिभित्र जे जे गर्नुपर्ने हो- गर्न पछि पर्नु हुन्न। राज्यमन्त्रीले पाता पाए धर्याद हुन्छ भनेर पूरा मन्त्री उनी कतै गएको मौका पारेर सदर गर्दछन्, सदर सँगै राम्रो ब्रिफकेश। ब्रिफकेश ल्याउँदा थाहा पायन्छ भनेर प्लास्टिक झोलामा पुऱ्याउन आउँछन्। आफूलाई मन्त्री हुने रहर पलाएको बेला कतै फुत्त अर्कैले दाउ पार्ने हो कि। सदरका कत्रोभाउ-ट्याक्स घटाउन मात्र पाए अथवा कसैलाई राम्रो कमाइ हुने ठाउँमा पदस्थापन गर्न पाए यो लोक पनि सप्रिने, परलोक पनि सप्रने। भन्नुहोला-यो मन्त्रिपरिषद् कति दिनको हो र? पुराको आधा दिनसम्म न हो। तर खाने मुखलाई जुंगाले छेक्दैन भनेझैं दाउ हेर्नेले पाँचै दिनमा पनि भाउ र भेउ पाइहाल्छ। त्यसैले चाटो मन्त्रीले ८ महिनामा त राम्रो कमाई गरिसकेको हुन्छ।

प्रतिबेर काँग्रेसका भाइ नेताहरूको मनमा खुलदुली छ-काजीले कस्ता कस्तालाई आफ्नो टोलीमा राख्ने हुन् भन्ने कुरामा। उनको लागि यसअघि डोली बोकेर पनि हिँडेको हो, त्यो गुन कुनै दिन तिर्लान् कि न तिर्लान्-भन्न सकिदैन। यसभन्दा पहिलेदेखि मन्त्री भइसकेकाहरूलाई स्वाद बसेको छ, स्वाद छाड्न कसले सक्छ। आफ्नै पदमा बसिरहन निकै प्रयास गर्दैछन् हालका मन्त्रीहरू। तर भन्ने कुरा-सधैं एकैजनालाई कहाँ राख्ने ?। पालो फेरो गर्नुपर्‍यो नि। प्रधान बनिरहेका नेताले लसक्क राजीनामा दिएर पन्छे भने पिछुवा मन्त्रीहरूले सधैं ठाउँ पाइन्छ भनिरहनु भएन नि। मन्त्रीपद लोकसेवा आयोग पास गरेर खाएको जागिर हो र ५८ वर्ष उमेर वा पेन्सन पाकेसम्म खाइरहन पाइने। एउटा पछि अर्काको पालो पुऱ्याउन पर्ने मन्त्री पदमा सधैं टाँसिन खोजेर पाइन्छ र ?। त्यसैले नयाँ मन्त्री बन्न छुचुन्द्रे ताँती लागेको छ। कसले बाजी मार्ने हो भन्न सकिदैन।

भाउजुकोमा जानोस्

प्रधानमन्त्रीलाई कसलाई मन्त्री बनाउने, कसलाई न बनाउने भनेर छिनोफानो गर्ने मौका नै कहाँ छ र ?। त्यसैले मन्त्रीपद सुरक्षित गराउने हो भने भाउजुलाई रिझाउनपर्छ। बुढी भैसकेकी आमालाई जापानको राजदूत बनाउने ताकत बोकेकी भाउजुलाई रिझाउनोस्-मन्त्रीपद पक्कै। असार यता टापटिप संख्यामा मात्र मन्त्री बने, जन्ती बनाउने ताल पछि हो; तर आफ्नो पद सुरक्षित गर्ने आँटबेदेखि नै हो। भाउजुलाई चित्त नदुखाउने, जहिले पनि भाउजुको मान्ने र जेला लोचाना यसो [illegible] फर्कदा नजराना ल्याउन नभुल्नेहरू पहिलो लहरमा पर्दछन्। तपाईलाई मन्त्री बन्नु नै छ भने आफू कुन लहरमा पर्छु भन्ने कुराको निर्क्यौल गर्नुपर्छ। [illegible] पक्का। आफूलाई पक्काको लहरमा लाग्न बैना बुझाइहाल्नोस्, बैना मारिसके पनि कसो नपाइएला मन्त्रीपद।

एकथरि सानातिनाका नेताहरू यो मौका [illegible] दाईलाई दिलोज्यानले सहयोग गर्दै आएका छौं र भविष्यमा पनि यही क्रम रहने छ भनेर किरिया खान पुगेका छन्। अर्को चुनाव पछि त प्रत्यक्षमा एकसीटसहित [illegible] पक्कै छ। भन्न त ठूला दलले एकाधिकार जमाए भनेर गुनासो गर्न पाइन्छ, तर संसदमा सीट पाईदैन, संसदको सदस्य नभएकोले मन्त्री पद पाईदैन भन्ने पक्का [illegible] मन्त्रिपरिषद् हो, चिन्ता केलाउनोस् र भन्न जानुहोस्-अहिले नपाए हामीले कहिले पाउने। बाहिर बसेर रोएर कराएर मात्र हुँदैन, भाउजूको मन पगाल्नुपर्छ रिझाउन [illegible] आगरातिन्त गर्नुपर्‍यो, आगरातिन्ना पक्कै पाइन्छ भन्ने छैन। तर पनि प्रयास छाड्न हुन्न, अरूले फलानो यस्तो भनेर कुरा लाउन नपाउँदै मन्त्रीपद पक्का गर्नुपर्छ-भाउजुलाई रिझाएर।

रामचन्द्रको त्याग

बिचरा रामचन्द्र त्याग गर्दागर्दै दधिचि ऋषिजस्ता हुने भए। १७ पल्ट चुनाव लडेर देखाए प्रत्येकपल्ट त्याग गरे। उनले त्याग नगरेको भए अर्को कुनै प्रधानमन्त्री हुन पाउने थियो कि थिएन। अनि कांग्रेसको सभापति पदको निर्वाचन भयो-देउवाले धेरै भोट पाए, उनले त्याग गरे, आफू सभापति बन्न पुग्ने भोट नबटुलेर अनि संसदीय दलको नेता पदको चुनाव भयो, उनी हारिदिए। पाहेको भए आफैं हुन्थे होलान्, सांसदहरूलाई आफ्नो पक्षमा पारेनन्। अहिलेको प्रधानमन्त्री पदको निर्वाचनमा पनि उनले त्याग गरेकाले-तुल्नेहरू सबै हाँसे। त्यागी बने कि हाँस्यको पात्र बने, त्यो उनैले भन्ने कुरा हो। रामचन्द्रको त्यागलाई अंगुर खुर्के अमिलो [illegible] कहिल्यै चुनाव जित्न जानेन उसलाई त्यागी भन्नुपर्ने रे। सक्ने भए उहिल्यै प्रधानमन्त्री पड्काइसक्थे। धन्न उपप्रधानमन्त्री र सभामुखसम्म हुन पाए। कानुनले नै चुनाव [illegible] गोविन्दराज जोशीले तिनहुको निर्वाचनमा रामचन्द्रको नाममा त्याग गरे भन्न सुहाउँछ कि सुहाउँदैन। न त जोशीले पौडेललाई मद्दत गरून् न त त्याग गरेको नै मानिपोस्। त्यसैले रामचन्द्र पौडेलको त्यागलाई [illegible] लाग्ला-उमेरले ७० काटिसकेका नेताहरूबाट जनताले के अपेक्षा गर्ने अनि बेत बसेको गाई पालेर दुग्ध व्यवसाय गर्छु भने जस्तै हो। नेपाली कांग्रेसका युवा [illegible] ओगटनुभन्दा युवा पुस्तालाई सुम्पिनु राम्रो होइन र ?

कांग्रेसमा काँक्राको चिरा

[illegible] मलाई ४० प्रतिशत भाग चाहिन्छ भनेर कहिले घुर्क्याउने, कहिले धम्क्याउने देउवा अब त्यही आरोप खेप्दै छन् अर्को गुटबाट। आफ्नो हात जगन्नाथ गरेर मन्त्रीहरू जति आफ्नै भित्रिया भर्ना गरेपछि पार्टी धुजाधुजा हुने हो कि भन्ने डर पलाएको छ। पहिलो [illegible] शपथ ग्रहण नै बहिष्कार गरेनन् पौडेल-कोइराला गुटले। कसो बामपुते बनाएर शपथ [illegible] आउने बनाए। तर भित्रभित्रै कांग्रेसमा चिरा पर्दै गएको छ काँक्रो चिरे सरह। पाउने जति सबै प्रसन्न नपाउने जति सबै अप्रसन्न। [illegible] हो भने अप्रसन्नकै संख्या बढी हुने। देउवालाई प्रधानमन्त्री भएपछि मेरो पालो पक्का भनेर जुंगा मुसारेर बस्नेहरू मन्त्री नपाउँदा हिस्स बुढी हरियो दाँत बनाएर बसेका छन्। सुखले रामराम बाजीमा छुरा-[illegible] समेटेर राजनीति गर्छु भन्ने स्याखोले [illegible] भनेझैं सिटौलालाई समेत कुनातिर पन्छाएर देउवाकाजी एक्लकाँटे ढंगले बढेका छन्।

महिलाको प्रतिनिधित्व पक्का, त्यसमा पनि [illegible] नदेखनासाथ निलमित्ताइन्। तर अर्कै पर्खनुपर्छ भने पनि कतै इन्द्र बानियाँले जादू चलाएर पल्लाभित्तो पुऱ्याइदिने हुन् कि भन्ने डर। [illegible] आफ्नो भाग अर्कैले भोग गर्ने हो कि भनेर चिन्तित छन्। सबै काम गर्दै आयौं-हामीलाई कसो पन्छाउलान् भन्ने गगन थापा र नवीन्द्रराज [illegible] दिउँसै रात परेको अनुभव गर्न थालेका छन्। [illegible] छन्। आँधी [illegible] अवस्था के हुने हो, कता बग्ने हो ठुगो छैन। तर ढोका थुनेर कुदन थालेपछि बिरालो पनि [illegible] भाग्दैन केर छैन। बिचरा ७१ वर्षको बुढौतीमा पुगेका देउवालाई आनन्दसँग निदाउन पनि नदिने भए। [illegible] काजीको छोरो पो हो त-[illegible] डराउने-जे हुन्छ भइहालोस्।

अन्त्यमा-

[illegible] चिरेका हालिदिएछन्!

२०७२ [illegible] चैत्र 15 गते सोमवार [illegible]

प्रधानमन्त्रीको चीन भ्रमण: हामीले के पायौं ?

प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणमा गएपछि दुई देशमाझ कुनै संयुक्त विज्ञप्ति जारी भएन । मैले लगते यसै साँघु साप्ताहिकमा लेखेको थिएँ कि नयाँदिल्लीबाट प्रत्यक्ष प्रसारित संयुक्त मिडिया भेटमा जस्तो कुरो नरेन्द्र मोदीले भने त्यो हेर्दा बरु संयुक्त विज्ञप्ति नआएकै राम्रो । नेपाल र भारतका जनतामाझ सद्भाव र सम्बन्ध बिगार्ने काम नेपालका जनता र सरकारले होइन भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारद्वारा गरिएको थियो ।

यो बेला

कमल कोइराला

यी बन्दरगाहहरू ३ हजार किलोमिटर टाढा छन् तर विकल्पहीन एक्लौटी पारवहनको पीरबाट तत्काल मनोवैज्ञानिक मुक्ति नेपालका जनताले अवश्य महसुस गर्नेछन् ।

त्यसैले सम्बन्ध सपार्ने काम सम्बन्ध बिगार्नेले नै थाल्नुपर्ने थियो । नाकाबन्दी लगाएका बखत प्रधानमन्त्री केपी शर्मा ओलीले नाकाबन्दी नखोली म भारत भ्रमणमा जान्न भन्नु एकदमै जायज थियो । हामीले नाकाबन्दी गरेका होइनौं । नेपालकै मधेशवादीहरूले सीमाना अवरोध गरेका हुन् भन्दैं आएको भारत सरकारले अन्तिमसम्म चलाइराखिएको रक्सौल र वीरगंजमाझको मितेरी पुलबाट नाकाबन्दी हटायो । ट्रक र मालवाहकहरू नियमित वीरगंज काठमाडौं आउन थाले ।

तर, प्रधानमन्त्री ओलीजी नयाँ दिल्ली जाने भएपछि म र अरुहरू बुद्धिजीवीको मनमा एउटा चिन्ता जाग्न थालेको थियो कि बल्लबल्ल भारतपरस्तबाट भर्खर केही वर्षयता मात्र राष्ट्रवादी, राष्ट्रिय हित र राष्ट्रिय सम्मान बनाइरहेका एमालेका अध्यक्ष ओलीको छवि नयाँ दिल्ली भ्रमणमा भुलचुक हुन पुगे, राष्ट्रवादी स्याबात ओलीबाट धुलिसात ओली हुने हो कि ? तर, प्रधानमन्त्री केपी शर्मा ओली आत्मसम्मान राखेरै नयाँ दिल्लीबाट काठमाडौं फर्किए । तैपनि पछि हेर्दै जाँदा एउटा ठगाइ भन्ने कि के भन्ने ५ महिना बिजुली पाउने तर १२ महिनाकै भाडा भारतलाई बुझाउनुपर्ने राष्ट्रहित विरोधी सम्झौता चाहिं हाम्रो कर्मचारीतन्त्रको भन्ने कि कसको भन्ने फुत्किसालेछ ।

प्रधानमन्त्री ओलीको नेपाल र चीनमाझ गर्नुपर्ने द्विपक्षीय सम्झौता भएपछि १५ बुँदाको संयुक्त विज्ञप्ति आयो जो राम्रो छ । अझ राम्रो हुन सक्ने थियो होला नेपालका जनताले हालका समयहरूमा ठूलो आशा गर्दै आएको पेट्रोलियम पदार्थको आयात सम्बन्धी सम्झौता भएको भए ।

तैपनि संयुक्त विज्ञप्तिका १५ बुँदा जुन पढेपनि राम्रा छन् । त्यसैले हाल सन्तोष गरौं र सान्त्वना लिउँ । अनि नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र चीनका प्रधानमन्त्री ली खछ्याङ र अन्य नेताहरूलाई पनि धन्यवाद दिउँ ।

चीनसँग पारवहन र बन्दरगाहसम्मको पहुँच दिने सम्झौताले भारतसँग मात्र पारवहन सन्धि रहेको स्थितिको अन्त्य गरेको छ । यी बन्दरगाहहरू ३ हजार किलोमिटर

(बाँकी पृष्ठ ८ मा)

प्रधानमन्त्रीको...

टाढा छन् तर विकल्पहीन एक्लौटी पारवहनको पीरबाट तत्काल मनोवैज्ञानिक मुक्ति नेपालका जनताले अवश्य महसुस गर्नेछन् ।

आगामी दिनहरूमा तीन/चार वर्षभित्रै केरुङमा चीनको रेल स्टेशन पुग्नेछ । नेपालको स्याफ्रुबेसी रसुवासँग केरुङ अहिले नै जोडिसकिएको छ । रेल यातायात, माल ढुवानी मोटर र ट्रकहरू भन्दा सस्तो, सुगम र शीघ्र हुन्छ । केरुङबाट लुम्बिनी ३५९ किलोमिटर वा २२० माइल मात्र पर छ । केरुङबाट रसुवा ३५ किलोमिटर र काठमाडौं १२४ किलोमिटर अर्थात ७७ माइल मात्रै टाढा छ ।

चिनियाँ रेललाई काठमाडौं-पोखरा-लुम्बिनीसम्म विस्तारको अध्ययन गर्ने कुरा पनि भएको छ । ४३४ मेगावाटको अरुण-किमाथांका जलविद्युत बनाउन आर्थिक लगानीको सहयोगको कुरा पनि भएको छ । नेपालका लागि तात्कालिक र दीर्घकालिक रूपमा फाइदा हुनसक्ने सम्झौताहरू भएको पाइन्छ । चीन नेपालको भरपर्दो मित्रका रूपमा सधैंभरि आएको देखिएको छ । चीनले सधैं नेपालका सबै सरकारहरूलाई साथ र सहयोग दिँदै आएको छ । यो चीन र नेपाल सम्बन्धको अर्को राम्रो कूटनीतिक पक्ष मानिएको छ । यसपटक झन घनिष्टता बढ्न सक्ने र हित हुनसक्ने गरी दुई देशबीचको सम्बन्ध अगाडि बढेको छ ।

यसपटक ओलीको चीन यात्रामा पुराना सम्बन्धहरू र पुराना कुराहरू मात्र छैनन् नयाँ आयाम र सम्भावनाहरू पनि थपिएका छन् । अन्तमा भनौं नेपालका प्रधानमन्त्री केपी शर्मा ओली चीन भ्रमणमा सफल रहेका छन् ।

सोमवार 15 चैत्र २०७२ अन्नपूर्ण पोष्ट

प्रधानसेनापति क्षेत्री बेइजिङमा

अन्नपूर्ण

चीन भ्रमणका लागि प्रस्थान गर्नुअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रधानसेनापति राजेन्द्र क्षेत्री ।

अन्नपूर्ण

काठमाडौं

प्रधानसेनापति राजेन्द्र क्षेत्री साताव्यापी औपचारिक भ्रमणका लागि चीनको राजधानी बेइजिङ पुगेका छन् । चीनको जनमुक्ति सेनाका प्रमुख जनरल फाङ फेङ्गुईको निमन्त्रणामा आठ सदस्यीय टोलीको नेतृत्व गर्दै प्रधानसेनापति क्षेत्री आइतवार चीन प्रस्थान गरेका हुन् ।

प्रधानसेनापति क्षेत्रीलाई बलाधिकृत रथी बलदेव महतले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदाइ गरेका थिए । प्रधानसेनापतिको अनुपस्थितिमा बलाधिकृत रथी महताले कायममुकायम प्रधानसेनापतिको कार्यभार समाल्ने सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ ।

प्रधानसेनापतिको चीन भ्रमणले नेपाली सेना र चिनियाँ सेनाबीच रहँदै आएको आपसी सौहार्दपूर्ण सम्बन्ध र द्विपक्षीय आपसी हितलाई थप प्रगाढ बनाउन मद्दत पुग्ने नेपाली सेनाले जनाएको छ ।

प्रचण्डको चीनभ्रम !

प्रधानमन्त्री दाहालको चीन भ्रमणभित्र लुकेका

- चन्द्रमणि गौतम -

वास्तवमा प्रधानमन्त्री प्रचण्डको चीन भ्रमण चैते गाईजात्राको झाँकी थियो. जुन गाईजात्रामा नेपालको कुटनीतिक नालायकी प्रदर्शन मात्र भएन, मन्त्रिमण्डलको लयालिङ्ग चालालाई पनि चीनले राम्रोसंग देख्ने मौका पायो । मन्त्रिमण्डलभित्रको बरियता विवाद मिलाउन नसकेर उनी कार्यवाहक प्रधानमन्त्रीको जिम्मेवारी नै कसैलाई दिन नसकी भ्रमणमा निस्केको घटनालाई चीनले उनी कति पानीमा छन् नाप्ने तौलने आधार पायो । मन्त्रिमण्डलभित्रको सामान्य विवाद त मिलाउन नसक्नेले भारतको दवाब झेलेर महत्वपूर्ण निर्णय लिन सक्ला भन्ने कुरामा पनि चीन आश्वस्त हुन सकेको देखिएन । यो भ्रमणबारे उनले संसदलाई विधिवत जानकारी दिन चाहेनन् । बेइजिङ्को दुई पक्षीय बैठकमा कुनै लिखित एजेण्डा प्रस्तुत भएन । त्यसैले सम्झौताका लागि एक थोपा मसी पनि खर्च गरिएन ।

काठमाडौं ।३५ मिनेटको कुराकानीमा प्रधानमन्त्री पुष्पकमल दाहाललाई चीनका राष्ट्रपति सि जिन फिङ्ले भने, "देशभित्र पनि विश्वास जित्नुहोस्" । यसो भन्नुको निहितार्थ प्रचण्डले विश्वास जितेका छैनन् वा विश्वास गुमाएका छन् भन्ने बुझिन्छ ।"बंहुत कुछ बोल लिया, मगर कुछ न कहा" भने झैं औपचारिक भेटमा औपचारिक कुरा मात्र भए, 'औपचारिक मुखहरू' खास सन्देशका सन्दर्भमा प्रायः मौन थिए । प्रचण्डलाई दिइएको चीनको सन्देश 'अनौपचारिक मुख'बाट आएको थियो । त्यो सन्देशको निहितार्थ थियो, चीनसंगको सम्बन्धलाई निर्धारित गर्ने तात्कालिक कडी ओबीओआर हो । नेपालले ओबिओआरप्रति देखाएको उदासिनता र भारतको छाँया र प्रभावबारे उ राम्रैसँग जानकार छ । तर यसो भनेर चीन ओबीओआरको प्रभावकारितालाई भारतको मोलाहिजामा फिका बनाउन चाहँदैन ।.....सक्छौ भने सम्पूर्ण वामपन्थी एकताको सरकार बनाएर देखाऊ ।

प्रधानमन्त्री प्रचण्डले ओबिओआर बारेको सम्झौतालाई अघि बढाउन नेपाल तयार रहेको मौखिक आश्वासन दिएर स्वदेश फर्किए । प्रचण्डले आफ्नो बोलीको स्तर कति सस्तो र अविश्वसनीय भइसकेको छ भन्ने हेक्का राखेकै होलान् । चीनका बारेमा प्रचण्डमा अझै केही भ्रमहरू विद्यमान छन् । त्यही भ्रमद्वारा निर्देशित भएर उनी चीन भ्रमणमा गएका हुन् । भ्रमणका बेला चीनले नेपालको स्थानीय निर्वाचनका लागि करिब १४ करोड रुपैयाँको 'पकेट खर्च' दिएर पठायो, मानौं गाउँको एउटा गरिब सहरमा आफ्नो गाउँले मालिकको घरमा भेट्न आएर फर्किने बेलामा बेखर्ची भएको अवस्थामा मालिकले बाटो खर्च हालिदिए जस्तो ।

गत चैत ७ गते चिनियाँ अन्तर्राष्ट्रिय सरकारी पत्र 'ग्लोबल टाइम्स' मा नेपाल विज्ञ मानिएका निकै प्रबुद्ध एक चिनिया थिङ्क ट्याङ्क, झाङ् शुविनले 'के नेपालका प्रधानमन्त्रीले चीनसँगको सम्बन्ध सुधार्लान्' शीर्षकमा लेखेका छन्, "....प्रचण्डले नयाँ दिल्लीको तिकडममा चीनपरस्त मानिएको ओली नेतृत्वको सरकार अपदस्थ गरे र भविष्यमा नेपाली कांग्रेसकै नेतृत्वमा भारतपरस्त सरकार गठन गर्ने बाटो खोलिदिए । भन्नलाई त प्रचण्ड र देउवा दुवैले पोहोर चैत्रमा ओलीको चीन भ्रमणका अवसरमा बेइजिङसँग भएगरिएका सम्झौता कार्यान्वयन गर्ने कबुल गरेका छन्, तर कथनीभन्दा करनी टड्कारै देखिन्छ । आजसम्म यस दिशामा कुनै उल्लेखनीय प्रगति भएको छैन ।..... प्रचण्डले स्थानीय तहको निर्वाचन गरेलगत्तै,आउँदो जेठतिर देउवालाई सत्ता हस्तान्तरण गर्ने छन् । यस्तो बेला प्रचण्डले बेइजिङ्सँग कुनै लिखत गरिहाले पनि तिनलाई देउबाले लट्काइदिएर ओलीको चीन भ्रमणका बेला गरिएका सम्झौताकै नियतिको अवस्थामा थन्काइदिने छन् ।"

वास्तवमा प्रधानमन्त्री प्रचण्डको चीन भ्रमण चैते गाईजात्राको झाँकी थियो, जुन गाईजात्रामा नेपालको कुटनीतिक नालायकी प्रदर्शन मात्र भएन, मन्त्रिमण्डलको लथालिङ्गे चालालाई पनि चीनले राम्रोसंग देख्ने मौका पायो । मन्त्रिमण्डलभित्रको बरियता विवाद

सोमबार ८ चैत्र २०७२ अन्नपूर्ण पोष्ट

प्रधानमन्त्री बेइजिङमा

अन्नपूर्ण
काठमाडौं

Himalaya Airlines

रासस

सातावृयापी चीन भ्रमणका क्रममा आइतबार बेइजिङस्थित विमानस्थलमा प्रधानमन्त्री केपी ओली।

प्रधानमन्त्री केपी ओली उत्तरी छिमेकी चीनको साताव्यापी भ्रमणका लागि आइतबार अपराह्न बेइजिङ पुगेका छन्। हिमालय एयरलाइन्सको चार्टर्ड विमानबाट प्रधानमन्त्री ओली स्थानीय समयअनुसार ६:१५ बजे बेइजिङ विमानस्थलमा अवतरण गरेका थिए।

विमानस्थलमा प्रधानमन्त्री ओली नेतृत्वको ९०.सदस्यीय नेपाली टोलीलाई चीनका लागि नेपाली राजदूत डा. महेशकुमार मास्के, चिनियाँ विदेश मन्त्रालयका उपमन्त्री लिउ चेनमिन, चिनियाँ विदेश मन्त्रालयका वरिष्ठ कूटनीतिज्ञ, नेपाली दूतावासका उपप्रमुख निर्मलराज काफ्लेलगायतले स्वागत गरे।

प्रधानमन्त्री ओलीलगायत मन्त्री एवं भ्रमणका दलका केही अन्य सदस्यलाई बेइजिङस्थित सरकारी गेस्ट हाउस डियायुताईमा राखिएको छ। त्यस्तै विभिन्न दलका सभासद, उद्योगी व्यावसायी एवं भ्रमण दलका अन्य सदस्यलाई भिन्नै होटलमा राखिएको छ।

ओलीले स्थानीय समयअनुसार सोमबार बिहान १०:३० मा चिनियाँ प्रधानमन्त्री ली खछ्याङ्सँग ग्रेट हल अफ दि पिपुलमा भेटवार्ता गर्ने कार्यक्रम छ। त्यसलगत्तै ओली चिनियाँ प्रधानमन्त्री लीले दिने दिवाभोजमा सहभागी हुनेछन्। सोमबार नै नेपाल र चीनबीच पारवहन तथा यातायात सम्झौतालगायत दर्जन समझदारी तथा सम्झौतामा हस्ताक्षर हुँदैछ। परराष्ट्र मन्त्रालयका अधिकारीका अनुसार भेटपछि सोमबार नै नेपाल र चीनबीच संयुक्त वक्तव्य जारी हुने सम्भावना छ।

प्रधानमन्त्री ओली बिहान ११ बजे हिमालय एयरलाइन्सको विशेष चार्टर्ड विमानबाट चीन प्रस्थान गरेका थिए। त्रिभुवन विमानस्थलमा प्रधानमन्त्रीलाई उपप्रधानमन्त्री विजय गच्छदारलगायत मन्त्री र सरकारी कर्मचारीले बिदाइ गरे। प्रधानमन्त्री भएयता ओली पहिलो चीन भ्रमणमा गएका हुन्।

टोलीमा ओली पत्नी राधिका शाक्य, उपप्रधान तथा परराष्ट्रमन्त्री कमल थापा, अर्थमन्त्री विष्णुप्रसाद पौडेल, वाणिज्यमन्त्री दीपक बोहरा, शिक्षामन्त्री गिरिराजमणि पोखरेल, प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार विष्णु रिमाल, विभिन्न दलका सांसद, मुख्यसचिवलगायत छन्।

संविधान जारी भएपछि नेपाल आर्थिक विकासको पथमा अघि बढेकाले त्यसका लागि चीनको महत्त्वपूर्ण सहयोगको अपेक्षा प्रधानमन्त्रीले चिनियाँ राजनीतिक नेतृत्वसँग व्यक्त गर्नेछन्। नेपालको नयाँ संविधानलाई पूर्ण रूपमा स्वागत गरेको चीनलाई प्रधानमन्त्रीले भौतिक पूर्वाधार विकासमा सहयोग गरिदिन आग्रह गर्नेछन्।

बेइजिङ भ्रमण सकेर प्रधानमन्त्री ओली मार्च २४ मा चीनको हाइनान प्रान्तमा आयोजना हुने बोआओ फोरम फर एसिया सम्मेलनमा सहभागी हुनेछन्। उनले सोही दिन सान्यास्थित नान्सन पार्कमा रहेको नेपाल पेभिलियनको पनि भ्रमण गर्नेछन्। उनी चिनियाँ राष्ट्रपति सी जिन पिङको गृहनगर सियान पुग्नेछन्। सिचुवानको छेङ्दु पुगी प्रधानमन्त्रीले भूकम्पपछिको पुनर्निर्माणका परियोजना एवं जलविद्युत् परियोजनाको पनि अवलोकन गर्नेछन्।

प्रधानमन्त्रीले सोमबार बिहान चिनियाँ प्रधानमन्त्री ली खछ्याङ्सँग भेट गर्ने कार्यक्रम छ।

चियोचर्यो — बासु क्षितिज



बिदा हैन, सबैजना चीन भ्रमणमा जानुभा'छ प्रधानमन्त्रीसँग !

'चीनसँग दीर्घकालीन सहयात्राको खाका'

रजेंन्द्र केसी

चीन भ्रमणबाट आइतबार फर्किएका प्रधानमन्त्री केपी ओली त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अभिवादन गर्दै।

सन्तोष घिमिरे
काठमाडौं

प्रधानमन्त्री केपी ओलीले आफ्नो चीन भ्रमणबाट दुई देशबीच दीर्घकालीन आर्थिक सहयोगको खाका तयार भएको बताएका छन्। उनले पारवहनलगायत चीनसँग भएका सम्झौताबाट दुई देशबीच विद्यमान आर्थिक सहयोगको दायरा फराकिलो बनाउन मद्दत पुग्ने विश्वास पनि व्यक्त गरे।

चीनको साताव्यापी औपचारिक भ्रमण सकेर स्वदेश फर्किएका प्रधानमन्त्री ओलीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा आइतबार पत्रकारसँग भने, 'भ्रमणका अवसरमा भएका उच्चस्तरीय भेटघाट र छलफलबाट दुई देशबीच आपसी विश्वास एवं समझदारीमा अभिवृद्धि हुन गई राजनीतिक सम्बन्ध थप सुदृढ भएको छ।'

प्रमणमा क्रममा पारवहन, यातायात, भौतिक पूर्वाधार, लगानी, ऊर्जा, पर्यटनजस्ता विषयमा भएका छलफल, सम्झौता र समझदारीबाट दुई देशबीचको विद्यमान आर्थिक सहयोग अझै बढ्ने पनि उनले बताए। प्रधानमन्त्रीको चीन भ्रमणका क्रममा हिल्सास्थित सीमा नाकामा पुल निर्माणसम्बन्धी सम्झौता, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि ऋण तथा सहुलियत ऋणसम्बन्धी विभिन्न तीन सम्झौता, चिनियाँ सहयोगमा नेपालमा तेल तथा ग्यासको अन्वेषणसम्बन्धी लेटर्स अफ एक्सचेन्ज सम्पन्न भएका थिए।

> दुई देशबीच आपसी विश्वास एवं समझदारीमा अभिवृद्धि हुन गई राजनीतिक सम्बन्ध थप सुदृढ भएको छ।
>
> **केपी शर्मा ओली**
> **प्रधानमन्त्री**

भ्रमणका क्रममा नेपाल र चीनबीच स्वतन्त्र व्यापार सम्झौताको वार्ता आरम्भ गर्नेबारे संयुक्त सम्भाव्यता अध्ययनसम्बन्धी समझदारीपत्र, चिनियाँ सहयोगमा ३२ हजार थान सोलार उपलब्ध गराउने समझदारीपत्र, चिनियाँ ट्रेडमार्क दर्ता संरक्षण गर्ने समझदारीपत्र र वित्तीय तथा बैंकिङ क्षेत्रमा सहयोग आदानप्रदान गर्ने समझदारीपत्रमा पनि हस्ताक्षर भएको थियो।

भ्रमणका अवसरमा सम्पन्न पारवहन यातायात सम्झौताले भूपरिवेष्टित मुलुकका रूपमा नेपालको समुद्रसम्म पुग्ने अधिकार र चिनियाँ भूभागबाट निर्बाध रूपमा पारवहन स्वतन्त्रता पाउने कुरालाई प्रत्याभूत गरेको प्रधानमन्त्रीले बताए। 'पारवहन सम्झौता यस भ्रमणको महत्त्वपूर्ण उपलब्धि हो,' उनले भने। चीनमा रहँदा प्राज्ञिक तथा व्यापारिक समुदायसँगको अन्तरक्रिया र छलफलबाट जनस्तरको सम्बन्धको आधारशिला मजबुत भएको उनको भनाइ थियो।

परापूर्वकालदेखि हार्दिकता, सद्भाव एवं मित्रतामा आधारित नेपाल–चीन सम्बन्ध अझ सुदृढ गर्दै नयाँ गति र उचाइ प्रदान गर्नु एवं मुलुकको आर्थिक विकास र समुन्नतिका लागि नेपाल–चीन आर्थिक सहयोगको खाका तयार गर्नु आफ्नो भ्रमणको मुख्य उद्देश्य रहेको प्रधानमन्त्रीले बताए। नेपालको पूर्वाधार विकासमा चिनियाँ सहयोग जुटाउने विषयमा महत्त्वपूर्ण कुरा भएको जानकारी पनि ओलीले दिए।

›› बाँकी पृष्ठ २

विद्या पाण्डेसँगको मेरो पहिलो भेट

२०७२ साल कार्तिक १६ गते सोमवार, [illegible]

विद्या भण्डारी नेपालको पहिलो महिला राष्ट्रपति हुनुभयो । समानता र समावेशिताको सबैभन्दा ठूलो प्रतिकका रुपमा उहाँ स्थापित हुन पुग्नुभयो । नेपालका महिलाहरूमा प्रशन्नता छ, पुरुषहरूमा पनि प्रशन्नतां छ। पदको हिसाबले सर्वोच्च भएपनि यो संवैधानिक पद हो । तर, संवैधानिक पद पनि कुनै कुनै बेला कार्यकारी बन्न पुग्छ। र, कार्यपालिकाको निर्णयलाई प्रभावित पार्न सक्छ ।

यो बेला

कमल कोइराला

म त्यस समय माले पार्टी समर्थक ध्रुवनारायण श्रेष्ठको घरमा विद्या पाण्डे र अरूहरु आउने प्रतिक्षा गरेर बसिरहेको थिएँ ।

जनरल कुलबहादुर खड्कालाई प्रधानसेनापति बनाउनका लागि प्रधानसेनापति रुक्मांगत कटवालमाथि एमाओवादी लडाकाहरूको खेलाडी टिमसँग सैनिक खेलाडी टिमले नखेलेको एउटा खेडा झिकियो ।

प्रधानमन्त्री प्रचण्ड र क्याबिनेटले कटवाललाई हटाएर खड्कालाई का.मु. प्रधानसेनापति दिइसकेको थियो । तर, राष्ट्रपति रामवरण यादवले रुक्मांगत कटवाललाई मध्ये रातमा पत्र लेखेर थामिराख्नुभयो र कुलबहादुर खड्कालाई हुन दिनुभएन । त्यससमय एनेकपा माओवादी, नेकपा एमाले र मधेशी फोरम सामेल सरकार थियो । दिनभर, रातभर शीतलनिवास भित्रको षडयन्त्र र असंवैधानिक खेलमा दक्षिणी छिमेकी देशका प्रणव मुखर्जीको राष्ट्रपति यादवलाई फोन आयो भन्ने कुरा पनि आयो । तर, जे भएपनि, जसरी भएपनि त्यो निर्णय असवैधानिक रुपमा राष्ट्रपति रमवरण यादवबाट भएको इतिहास नेपालमा रहेको छ।

यसरी के देखिन्छ भने, नेपालमा संवैधानिक भनिएपनि यस्ता असवैधानिक घटना पनि भएका छन् । अर्कोतिर प्रधानमन्त्रीहरू घुम्ने ढोकाबाट एउटा पस्ने र अर्को निस्कने रिभोल्भिङ डोर जस्तो सरकारहरू देखिन्छन् । राष्ट्रपति, उपराष्ट्रपति र सभामुख पदहरूमा पुगेकाहरूले भने कार्यकालको अवधि पूरा गरेको देखिन्छ।

संविधान पनि नेताहरूले यस्तो बनाएका छन् जसले नेपालमा स्थिर सरकार दिन गाह्रो पर्छ। अन्तरिम संविधान बनेदेखि र नयाँ संविधान बनेदेखि पनि भागवण्डा, भ्रष्टाचार र अस्थायी चरित्रको सरकार देखिन्छ । २०६३ वैशाख यता सातवटा प्रधानमन्त्री र सातवटा सरकारहरू चले । यस्तो स्थितिमा पाँचवर्ष कार्यकाल तोकिएको व्यक्तिको अधिकार संविधानमा जे लेखिए पनि परिस्थितिले फरक पार्‍यो/पार्न सक्छ ।

म विद्या भण्डारीलाई महेन्द्र मोरङ क्याम्पसमा पढ्दाको विद्या पाण्डेदेखि नै चिन्दछु। त्यस समयमा विद्या पाण्डे क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनकी कोषाध्यक्ष निर्वाचित हुनुभएको थियो । अर्को

(बाँकी पृष्ठ ८ मा)

विद्या....

मार्क्सवादी पार्टीको भएपनि नेकपा माले समर्थक अनेरास्ववियुले विराटनगर, धरान, रंगेली इत्यादिमा आयोजित सभाहरूमा मलाई सम्बोधन गर्न बोलाउँथे । किनभने त्यससमय नाम चलिसकेका मालेका नेताहरू कोही जेलमा कोही भूमिगत थिए । स्वयम् मदन भण्डारी पनि भूमिगत हुनुहुन्थ्यो । माले निकट अखिल पाँचौद्वारा एकपटक गाउँगाउँमा प्रचार गरेर विराटनगरको शहीद मैदानमा सभा गर्ने कार्यक्रम बन्यो । अचानक प्रमुख जिल्ला अधिकारीले त्यससमयको पञ्चायती कानून अनुसार निषेधाज्ञा जारी गरिदिए । टाढाटाढा गाउँहरूबाट मान्छेहरू आउन थाले । म त्यस समय माले पार्टी समर्थक ध्रुवनारायण श्रेष्ठको घरमा विद्या पाण्डे र अरूहरू आउने प्रतिक्षा गरेर बसिरहेको थिएँ । केहीबेरपछि विद्या आउनुभयो । भितर हेर्दै भन्नुभयो-'सभा हुँदैछ भन्ने माइकिङ नै विराटनगरमा भएको रहेनछ ।' मैले भने-'सभा गर्न सिडिओले प्रतिबन्ध जारी गरेको छ ।' विद्या पाण्डेले भन्नुभयो-'तपाई आफैले माइकिङ गरेर हेर्नुपर्दथ्यो ।'

मैले ध्रुव नारायणको 'घरमा त्यससमय अरुहरूका साथ रहेका हाम्रो मार्क्सवादी पार्टीका माधवजीबहादुर थापालाई 'जानुस् त एउटा माइक लिंदै आउनुस्' भने । माधवजी गइहाल्नुभयो । तर, उहाँले माइक लिएर फर्कंदा रिक्सामा आफैले सभा हुने माइकिङ गर्दै आउनुभयो । रिक्साको पछिपछि चारपाँच पुलिस आउँदै गरेको मैले देखे । तर, प्रहरीहरू पैदल हिंड्दै थिए, माधवजी रिक्साबाट माइकिङ गर्दै आइपुग्नु भयो । माधवजीको खल्तीमा हाम्रो पार्टी सम्बन्धी कागजहरू थिए । मैले उहाँलाई भने-'तपाई भित्र गएर कागजहरू अर्को साथीको जिम्मामा दिइहाल्नुस् । तपाईलाई पक्रन पुलिस आइपुग्ने लागे ।' प्रतिबन्धित पार्टीको सदस्यको कागजहरू प्रहरीले फेला पारेमा त्यस समयको संघ/संस्था नियन्त्रण ऐन विरुद्ध भएको मुद्दा लाग्ने थियो । मैले माइक हातमा लिनासाथ पुलिसले सो माइक कब्जा गर्‍यो । माधवजी पनि बाहिर आउंदा उहाँलाई पनि 'निषेधाज्ञा जारी भएको बखत किन माइकिङ गरेको' भनि साथै लिएर हिंड्यो । तर, मलाई भने प्रहरीले केही गरेन ।

त्यसपछि मैले भने 'जाउँ अब शहीद मैदानतिर ।' मुखले भएपनि म शहीद मैदाननिरको सडकमा बोल्छु । शहीद मैदानको मञ्चमा पनि पुलिस बसिसकेको थियो । मैले केहीबेर सडकमै चर्कोस्वरले कराई कराईकन बोले । माइक र मान्छे पक्रेको र निषेधाज्ञा लगाएको कुरा जनतालाई बताएं । सरकारलाई एकछिन खुब-गाली गरे । गाउँगाउँबाट आएका मानिसहरू पनि सभा धेरै अबेर सुरु भएको हुनाले फर्कन थालेका थिए । माइक त भएन, तर सभा गरेरै छाडियो भन्न त पाइयो । माधवजी पनि साँझ छुटेर आउनुभयो । मदन भण्डारी त्यसताका पूर्वाञ्चलमा मालेका इन्चार्ज हुनुहुन्थ्यो र मोरङ सुनसरीतिरै भूमिगत काम गर्दै हुनुहुन्थ्यो । त्यसैबखत मेरो उहाँसंग मेरो पनि परिचय भएको थियो ।

एक दुईवर्ष पछि होला एकदिन मैले विराटनगरमा विद्या पाण्डेको विवाह कमरेड 'सागर' (मदन भण्डारी)सँग भएको हल्ला सुनें । त्यसपछि नेकपा(माले) र नेकपा(मार्क्सवादी)को आपसमा विलय भएर नेकपा एमाले बनेपछि मदन भण्डारी, विद्या भण्डारी उहाँका छोरीहरू उषाकिरण, निषाकुसुम बस्ने नक्सालको भगवती मन्दिर नजिकको घरमा म पुगें । त्यसदिन मदन भण्डारीले म सबेरै पुगेको हुँदा 'आज यहीं खाना खाऔं' भन्नुभयो । त्यसदिन मैले त्यहीं खाना खाएं । त्यसबखत म पार्टीको मुखपत्रको रूपमा रहेको **'दृष्टि'** साप्ताहिको प्रधानसम्पादकमा मदन भण्डारीद्वारा राखिइसकेको थिएं ।

विद्या भण्डारी राष्ट्रपतिमा निर्वाचित भएको भोलिपल्ट २०७२ कात्तिक १२ गते मोरङका गजेन्द्र बस्नेतले भन्नुभयो-'विद्यालाई बधाई दिन जांदा मलाई पनि संगै लिएर जानुहोला ।' मैले भने-'अहिले केही दिन ठूलो भीड हुन्छ। त्यसैले केही दिन पछि जाउंला ।' बधाई छ नेपालको गरिमामय र राजकीय तामझाम र शान भएको पदमा विद्या भण्डारी पुग्नु भएकोमा ।

(राष्ट्र २०७२ साल चैत्र १५ सोमवार)

हिँड्ने बेलामा सर्वोच्चमा अनौठो निर्णय

प्रधानन्यायाधीशमाथि नै सशंकित नजर

काठमाडौं । नैतिकता, न्यायिक मूल्यमान्यता र परम्परालाई अनुशरण गर्ने हो भने सेवा निवृत्त हुनुभन्दा एक महिना अघिदेखि प्रधानन्यायाधीश विदा बस्नुपर्ने हुन्छ । विदा हुने बेलामा गरिने निर्णय शंकाको घेरामा नपरुन्, निर्णयहरूसंग स्वार्थको द्वन्द्व नजोडियोस् भनेर नैतिकवान कतिपय पूर्व प्रधानन्यायाधीशहरूले सेवा निवृत्त हुनुभन्दा एक महिना अघि नै विदा बसेका उदाहरणहरू पनि छन् । तर, भाषणहरूमा आदर्शका मीठामीठा गफ गर्ने र व्यवहार चाहिं ठीक उल्टो गर्दै आएका हालका प्रधानन्यायाधीश कल्याण श्रेष्ठले चाहिं जग हँसाउने खालका मात्र होइन न्यायलयको इतिहासमै कालो धब्बा लाग्ने खालका कदम चालिरहेको आरोप छ ।

२०७२ चैत मसान्तमा सेवा निवृत्त हुन लागेका प्रधानन्यायाधीश श्रेष्ठले अहिलेसम्म चलि आएका कैयौं न्यायिक मूल्य, मान्यता, परम्परा र नजिरहरूको धज्जी मात्र उडाएका छैनन्, सिंगो न्यायलय नै विवादमा पर्ने कदम र गतिविधि देखाएको आरोप न्यायिक क्षेत्रबाट लागेको छ । त्यस्को पछिल्लो उदाहरण हो, २०७२ चैत १३ गते शुक्रवारको एउटा निर्णय ।

१३ गते शुक्रवार सर्वोच्च अदालतभित्रै रहेको संवैधानिक इजलास बस्न सकेन । न्यायाधीश गोपाल पराजुली विदामा बसेका कारण संवैधानिक इजलास बस्न नसकेको थियो । स्रोतका अनुसार, न्यायाधीश पराजुलीको निर्णय अकस्मात पनि थिएन किन कि उनले केही समयपहिलेदेखि नै आफू विदामा बस्न लागेको जानकारी गराएका थिए । संवैधानिक इजलास बिहिवार र शुक्रवार मात्र बस्ने परम्परा छ । यस अघि पूर्ण इजलास र विशेष इजलास पनि हप्ताको निश्चित दिनमा मात्र बस्दै आएको परम्परा छ । खासगरी एकीकृत माओवादी र एमालले नयाँ संविधानमा संवैधानिक अदालत गठनको व्यवस्था हुनुपर्ने आवाज उठाइ रहेपनि अन्ततः दलहरू संवैधानिक अदालत होइन इजलास मात्र राख्न सहमत भए । संविधानमा संवैधानिक इजलासको व्यवस्था भएसँगै अहिलेकै प्रधानन्यायाधीश श्रेष्ठले हप्ताको दुइ दिन बिहिवार र शुक्रवार मात्र संवैधानिक इजलास बस्ने निर्णय गरे ।

नियमति बाहेक विशेष प्रकृतिका इजलासहरू हप्ताको

(बाँकी पृष्ठ ८ मा)

निवासमा दिनदिनै भोज

विश्वस्त स्रोतका अनुसार, प्रधानन्यायाधीश श्रेष्ठले यस अघि चलि आएका कैयौं मूल्य मान्यतालाई कुल्चदै प्रधानन्यायाधीशको निवासमा आजकल दिनहुँजसो राजनीतिक दलका नेता, व्यापारी, उनी निकट केही पत्रकार, केही सुरक्षा अंगका अधिकारी र आफू निकट न्यायाधीश एवं वकिलहरूलाई रात्री भोज गराउने गरेका छन् । स्रोतका अनुसार उक्त भोजमा एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड, नेपाली कांग्रेसका नव निर्वाचती सभापछि शेरबहादुर देउवादेखि अन्य नेता, विगतमा र अहिले पनि कानून बिट हेर्ने केही पत्रकार, आफू निकटका वकिल र न्यायाधीशलाई उनले रक्सी, मासु सहितका परिकारको रात्रि भोज खुवाउने गरेका छन् । न्यायाधीश आचार संहिताले प्रधानन्यायाधीशको निवासभित्र दलका नेता, पत्रकार, वकिल र न्यायाधीशलाई त्यसरी भोज खुवाउन प्रतिवन्ध लगाएको छ ।

आफ्नै ल फर्म पार्टनरलाई सिफारिस

यसैबीच कानून मन्त्री अग्नि खरेलले हालै सर्वोच्च अदालतमा ११ जना न्यायाधीश सिफारिस गर्दा आफूसंग आफ्नै ल फर्ममा काम गर्ने पूर्व पार्टनर हरिकृष्ण कार्कीको नाम सिफारिस गरेको भनेर न्यायिकवृत्तमा खरेलको तिव्र आलोचना भएको छ । न्यायाधीशको घरमा कुनै पनि कानून व्यवसायीलाई ल फर्म राख्न नदिने, न्यायाधीशले नातागोताको मुद्दा हेर्न नपाइने र न्यायपरिषद्का सदस्यले पनि आफ्नो व्यवसायिक पार्टनर, नातागोतालाई न्यायाधीशमा सिफारिस गर्न नहुने आचार संहितामा उल्लेख छ । तर, उक्त व्यवस्था कुल्चदै कानून मन्त्री खरेलले न्यायपरिषद् सदस्यको हैसियतमा न्यायपरिषद्को बैठकमा उपस्थित भएर आफ्नै पूर्व पार्टननरलाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेका छन् । जानेबेलामा यस्ता विवादास्पद निर्णय गर्दा पनि सर्वोच्चकी वरिष्ठतम् न्यायाधीश एवं अब हुनेवाला प्रधानन्यायाधीश सुशीला कार्कीले के हेरेर बसेकी छिन् भनेर कतिपयले उनको भूमिकामाथि समेत प्रश्न उठाउन शुरु गरेका छन् ।

प्रधानन्यायाधीशमाथि...

निश्चित दिन मात्र बस्ने परम्परा न्यायलयभित्र वर्षौंदेखि चलिआएको छ । जस्तो कि पूर्ण इजलास र विशेष इजलास पनि संवैधानिक इजलासको व्यवस्था हुनु अघि हप्ताको दुइ दिन मात्र बस्दै आएका थिए । सुन्दा सामान्य लागेपनि यसको अर्थ गहिरो हुन्छ । किनभने मुद्दाका पक्ष, विपक्ष, कानून व्यवसायी र सरकारी वकिलहरू पनि विशेष प्रकृतिका इजलासहरू हप्ताको दुइ दिन मात्र चल्छ भनेर त्यहीं किसिमको तयारीमा हुन्छन् । मुद्दाका पक्ष विपक्ष र वकिलहरूले हप्ताको दुइ दिन मात्र समय दिनुपर्ने हो भन्दै अन्य दिन अरु नै काममा आफूलाई व्यस्त राख्छन् । अझै खासगरी टाढा टाढाबाट संवैधानिक इजेलासमा मुद्दा लिएर आउनेहरू त झन् त्यही किसिमको तयारीमा हुन्छन् । यस्ता विशेष प्रकृतिका इजलासहरू हप्ताको दुइ दिन मात्र होइन अरु दिन पनि सञ्चालन गर्ने हो भने लामो समय दिएर, पूर्व सूचना दिएर मात्र त्यस्तो निर्णय गर्नुपर्ने मान्यता राखिन्छ । तर, चैत १३ गते शुक्रवार प्रधानन्यायाधीश श्रेष्ठले हालको संवैधानिक इजलास हप्ताको दुइ दिन मात्र होइन, प्रधानन्यायाधीशले चाहेमा हप्ताको जुनसुकै दिन पनि बस्न सक्छ भनेर निर्णय गराए ।

हठात् त्यस्तो निर्णय गरेपछि देशभरका न्यायाधीशहरू मात्र होइन, न्यायलयभित्रका कैयौं कर्मचारी पनि तीन छक्क परे । अहिले सर्वोच्च अदालतभित्र चर्चा हुन थालेको छ, आखिर कुन उद्देश्यले प्रधानन्यायाधीशले जाने बेलामा यस्तो निर्णय गरे । कतै उनले कुनै बाहिर चर्चामै नआएको कुनै संवैधानिक विवादको मुद्दामाथि हिँड्ने बेलामा सुनुवाइ गरेर आफ्नो स्वार्थसिद्ध हुने खालको निर्णय गराउन पो त्यस्तो कदम चालेका त होइनन् भनेर न्यायलयभित्र चर्चा परिचर्चा शुरु भएको छ । हप्ताको दुइ दिन मात्र संवैधानिक इजलास बस्दा आफू सेवा निवृत्त हुनु अघि सुनुवाइ हुन नसक्ने देखेर प्रधानन्यायाधीशले चाहेको जुनसुकै दिन पनि बस्न सक्छ भन्ने निर्णय गराएका त होइनन् भनेर धेरैले अहिले प्रधानन्यायाधीशप्रति शसंकित आँखा लगाएका छन् । यदि उनले कुनै निहीतस्वार्थ राखेर जुनसुकै बेला संवैधानिक इजलास बस्न सक्छ भन्ने निर्णय गराएका हुन् र उक्त इजलासबाट हिँड्ने बेलामा कुनै फैशला गर्न लागेका हुन् भने अबको केही दिनमै त्यस्को छनक देखिने छ र उनले गर्ने निर्णय विवादास्पद बन्ने पक्का छ । तर उनले हिँड्ने बेलामा कुन संवैधानिक मुद्दालाई ताकेर यस्तो निर्णय गराएका हुन् भन्नेमा चाहिं न्यायलयभित्रै अन्योलता देखिएको छ ।

गो.हु.का.द.नं. ८/०५८/०५९ ८

०७४८, पो.व.नं. २९८४, मुद्रणः ॐ

२०६२ साल कार्तिक १६ गते सांध्य साप्ताहिक

सर्वोच्च अदालतमा विदेश सयरको लर्को

काठमाडौं। न्यायालयमा सुधार ल्याउँछु भन्दै ठूलठूला गफ हाँक्दै आएका प्रधानन्यायाधीश कल्याण श्रेष्ठकै अनुमतिमा न्याय क्षेत्रको २२ जनाको जम्बो टोली आगामी मंसिर १३ गते तीन साताका लागि जापान जाने भएको छ। जसमा आधा न्यायाधीश र बाँकी न्याय क्षेत्रका कर्मचारी रहने छन्। यति ठूलो संख्यामा न्यायाधीश र कर्मचारी एकै पटक विदेश जाँदा न्याय सम्पादन प्रभावित हुने भन्दै अदालतभित्रै यसको विरोध शुरु भएको कुरा कर्मचारी स्रोतले बताएको छ।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग । जाइकाको। आयोजनामा उनीहरू त्यता उड्न लागेका हुन्। २० दिन सम्म जापानको राजधानी टोकियोमा सञ्चालन हुने अदालती मुद्दा व्यवस्थापन सम्बन्धि तालिममा उनीहरू सहभागी हुनेछन्। मुद्दा व्यवस्थापनको काम अदालतहरूमा कर्मचारीले गर्ने गर्छन्। तर सर्वोच्च, पुनरावेदन र जिल्लाका न्यायाधीश समेत निवेदन हालेर उक्त तालिममा जान लागेपछि न्याय क्षेत्रका इमान्दार न्यायाधीश र कर्मचारी आश्चर्यमा परेका छन्।

सर्वोच्च अदालत स्रोतका अनुसार, शुरुमा सर्वोच्च अदालत र जाइकाबीच मुद्दा व्यवस्थापन सम्बन्धि तालिमका विषयमा एक दुई चरणका बैठक र छलफल भएका थिए। छलफलका क्रममा जाइकाले तालिममा सहभागी हुन इच्छुक न्यायाधीश र कर्मचारीले लामो फम भर्नुपर्ने र लिखित निवेदन दिनुपर्ने सर्त राखेको थियो। फम र लिखित निवेदन पेश गर्दै जापान जान न्यायाधीश समेत तयार भएपछि शुरुदेखि नै सर्वोच्च भित्र टिकाटिप्पणी चलेको थियो। कर्मचारीसम्मले त्यस्तो तालिममा सहभागी हुन मिल्ने भएपनि यसरी निवेदन हालेर सर्वोच्च, पुनरावेदन र जिल्लाका न्यायाधीश चाहिँ कुनै पनि तालिममा जान नहुने तर्क एकथरी न्यायाधीश र कर्मचारीले गरेका छन्।

"सर्वोच्चको न्यायाधीश भनेको निकै उच्च ओहोदाको पद हो। यो त्यस्तो चानचुने पद होइन, जो विदेश जाने भन्ने बित्तिकै जेमा पनि निवेदन दिने र सहजै तयार हुने," त्यस्तो तालिममा न्यायाधीश सहभागी हुन नहुने पक्षमा रहेका सर्वोच्चका एक न्यायाधीशले सांधुसित भने,- "विदेशीको पैसामा तीन सातासम्म फ्रेस हुन पाइन्छ भनेर न्यायाधीशहरूले नै यस्ता गलत कदम चाल्दै जाने हो भने हाम्रो स्वाभिमान र इज्जत कहाँ पुग्ला?"

जापान जाने जम्बो टोलीमा छनौटमा परेका न्यायाधीश र कर्मचारीले भने आफूहरू विदेश जाँदा देशलाई कुनै आर्थिक व्यभार नपर्ने र सबै खर्च जाइकाले व्यहोर्ने भन्दै जस्तोसुकै विरोधका बावजुत पनि तालिममा सहभागी हुन पाउनुपर्ने दलिल पेश गरिरहेको स्रोत बताउँछ। जापान जाने जम्बो टोलीमा सर्वोच्चका

(बाँकी पृष्ठ ८ मा)

सर्वोच्च....

न्यायाधीशद्वय दिपकराज जोशी र चोलेन्द्र शमशेर जबरा छन्। त्यस्तै पुनरावेदन अदालत हेटौंडाका मुख्य न्यायाधीश विश्वम्भर श्रेष्ठ र दाङ जिल्ला अदालतका न्यायाधीश बनभद्र बाँस्तोला लगायतको १० जना न्यायाधीशको टोली पनि तालिममा सहभागी हुनेछ। हेटौंडाका मुख्य न्यायाधीश श्रेष्ठ प्रधानन्यायाधीश कल्याण श्रेष्ठ निकट मानिन्छन्।

त्यस्तै सर्वोच्च अदालतका सह-रजिष्ट्रार नृपध्वज निरौला, उप-रजिष्ट्रार प्रल्हाद योगी, प्रधानन्यायाधीशको सचिवालयमा काम गर्ने अधिकृत दिक्षा प्रधानांग लगायत पनि जम्बो टोलीमा जापान जाँदैछन्। सह-रजिष्ट्रार निरौला यस अघि पुनरावेदन अदालत पाटनको रजिष्ट्रार थिए। सरुवा भएर सर्वोच्च अदालत आएको केही समयभित्रै उनी न्याय क्षेत्रका कर्मचारीको नेतृत्व गर्दै तीन साता लामो विदेश यात्रामा निस्कन लागेका हुन्। तालिममा सहभागी हुनेमा कर्मचारीका तर्फबाट निरौला नै सबैभन्दा उच्च तहका अधिकारी हुनेछन्।

न्यायालयभित्र उक्त तालिममा भाग लिन जाने विषयमा विरोधका स्वरहरू चाहिँ फम र निवेदन भर्न थालेदेखि नै शुरु भएको स्रोतले जनाएको छ। फम र निवेदनको व्यहोरा निकै लामो र हेपाहा खालको रहेको बताइन्छ। "पढ्नका लागि विदेश जान खोज्ने विद्यार्थीलाई भराइने भन्दा लामो, झन्झटिलो र तल्लोस्तरको फम भर्न न्यायाधीश, सह-रजिष्ट्रार र अदालतका कर्मचारी तयार हुनु भनेको निकै लज्जास्पद हो," एक न्यायाधीशले भने।

फम र निवेदनमा सोधिएका प्रश्नहरू निकै तल्लोस्तरका छन्। "तिमी किन यो तालिममा सहभागी हुन चाहन्छौ? यो तालिमबाट कस्तो उपलब्धी हासिल गर्ने अपेक्षा राख्छौ? यो तालिममा सहभागी भएर फर्केपछि कुनै परिवर्तन ल्याउन सक्छौ?" जस्ता प्रश्नहरू सोधिएका छन्। "यस्ता सामान्य र अति हलुका प्रश्नको उत्तर दिँदै फम र लिखित निवेदन पेश गरेर सर्वोच्चकै न्यायाधीश विदेश जान खोज्नुले नेपालका अदालतका न्यायाधीशको हैसियत कुन स्तरको रहेछ भनेर प्रश्न उठ्न सक्छ," तुलनात्मक रुपमा इमान्दार मानिने सर्वोच्चकै एक न्यायाधीशले सांधुसित भने।

यो प्रकरणमा अर्को रोचक पक्ष पनि जोडिएको छ। आफ्नो परसंग मिल्दा जुल्दा न्यायाधीश/कर्मचारी, नातागोता र निकटलाई मात्र बढुवा र विभिन्न अवसरहरूमा प्राथमिकता दिने आरोप लाग्दै आएका र कतिपय सन्दर्भमा त्यसको पुष्टी समेत आफैले गर्दै आएका प्रधानन्यायाधीश कल्याण श्रेष्ठले यो तालिममा सहभागी हुने न्यायाधीश र कर्मचारीको छनौट यस पटक पनि त्यस्तै चरित्र देखाएका छन्। तालिममा भाग लिन जाने जम्बो टोलीमा परेका न्यायाधीश र कर्मचारीमध्ये आधाजसो नेवार समुदायका छन्। श्रेष्ठ प्रधानन्यायाधीश हुने बित्तिकै भएको न्यायाधीशहरूको नियुक्तिमा पनि वरिष्ठलाई पन्छाएर आफ्नो समुदायका र निकटका व्यक्तिलाई च्यापेको आरोप उनीमाथि लागेको थियो।

"न्यायालयमा सुधार ल्याउँछु भनेर निकै ठूला ठूला कुरा गर्नुहुन्छ। उहाँले सुधार गर्छु भन्दै न्यायमा पहुँच आयोग पनि गठन गर्नुभयो," प्रधानन्यायाधीश श्रेष्ठको व्यवहारबाट असन्तुष्ट बनेका एक पूर्व प्रधानन्यायाधीशले सांधुसित भने, "तर उहाँ प्रधानन्याधीश भएदेखि न्याय क्षेत्रमा कुन चाहिँ विषयमा उल्लेख्य सुधार र प्रगति भयो? उहाँले गठन गरेको आयोगले के चाहिँ राम्रो काम गर्‍यो? कति पटक बैठक बस्यो? कुरा गर्न त जसले पनि सक्छ। तर ठोस सुधार गरेर देखाउन पर्‍यो नि।" ती पूर्व प्रधानन्यायाधीशले हालका प्रधानन्यायाधीश श्रेष्ठमा काममा भन्दा पत्रकारलाई बोलाएर पब्लिसिटी गर्न बढी रुचाउने प्रवृत्ति देखा परेको आरोप लगाए। एकै पटक यति ठूलो जम्बो टोलीलाई विदेश पठाउने काम यस अघिका कुनै पनि प्रधानन्यायाधीशको पालामा नभएको उनले टिप्पणी गरे। यसो हुन थाले सर्वोच्चबाट मेलमिलाप अध्ययन भ्रमणका नाममा श्रीलंका जानुको औचित्यको बारेमा छलफल हुनेछ।

एउटा टोली श्रीलंका मै मस्त

सर्वोच्च, पुनरावेदन र जिल्ला अदालतका न्यायाधीश र कर्मचारीहरू विदेश भ्रमणमा लिप्त हुने प्रवृत्ति पुरानै हो। अदालतभित्र कहिलेकहीं त यस्तो समेत हुन्छ जहाँ एउटा टोली विदेश नजाँदै अर्को टोली तयार भइहाल्छ। को जाने भनेर कहिलेकहीं त प्रतिस्पर्धा गरेजस्तो देखिन्छ। एउटा जम्बो टोली जापान उड्ने तयारीमा रहँदा अर्को एउटा टोली चाहिँ श्रीलंकामै रमाइरहेको छ। सर्वोच्च अदालतका न्यायाधीश गिरिशचन्द्र लालको नेतृत्वमा यतिबेला त्यता गएको पाँच जनाको एउटा टोली आउँदो कात्तिक १९ गते बिहीबार मात्र नेपाल फर्किने कार्यक्रम छ। उक्त टोलीमा सर्वोच्चका उपसचिवद्वय अशोक कुमार बस्नेत र विश्वनाथ भट्टराई छन् भने वरिष्ठ अधिवक्ता कुमार आचार्य र महिला वकिल सुजन लामाछाने पनि त्यही टोलीमा छन्। उनीहरू मुद्दा मेलमिलाप सम्बन्धि कार्यक्रममा भाग लिन त्यता गएका हुन्।

सुन तस्करीमा सघाउने एसएसपी पक्राउ

शम्भु कट्टेल
काठमाडौं

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले सुन तस्करीमा संलग्न भएको आरोपमा विमानस्थलका तत्कालीन वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) श्याम खत्रीलाई पक्राउ गरेको छ।

पुस २१ गते भन्सार कार्यालयका कर्मचारीसँगको संलग्नतामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ३३ किलो सुन बाहिर लैजान सघाएको पुष्टि भएपछि सीआईबीले खत्रीलाई आइतबार प्रहरी मुख्यालयबाट पक्राउ गरेको हो। ब्युरोले यसअघि पक्राउ गरेका विमानस्थल भन्सार कार्यालयका अधिकृतद्वय श्रीनारायण यादव र राजकुमार ढकालको बयानका आधारमा खत्रीलाई पक्राउ गरेको स्रोतले बताएको छ।

भन्सार अधिकृत यादव र खत्रीबीच लामो समयदेखि दुबईबाट आउने सुन कसरी बाहिर लैजाने भन्नेबारे दिनहुँजसो कुराकानी हुने गरेको थियो। दुबईबाट सुन आउनेबारे खत्री र यादवलाई पहिल्यै जानकारी भएको स्रोतले बताएको छ। विमानस्थलमा आएको सुन विनाअवरोध बाहिर ल्याउनेबारे उनीहरूबीच पटकपटक छलफल हुने गरेको अनुसन्धानले देखाएको छ। उनीहरूले आफ्नो मोबाइलबाट हत्पती कसैसँग कुरा नगर्ने भन्दै धेरैजसो 'भाइबर' बाट कुरा गर्थे। तस्करले गराएको सेटिङअनुसार नै दुवैजनाले काम गर्दै आएका थिए।

पुस २० गते बेलुका आएको सुन विमानस्थलमै रहेपछि खत्री र यादवले गोप्य ढंगले सुन भएको सुटकेसको निगरानी गरेको स्रोतले बताएको छ। यादवले भन्सार कार्यालयका अन्य कर्मचारीलाई सेटिङ गराएका थिए। ब्युरोका प्रहरी नायब महानिरीक्षक (डीआईजी) नवराज सिलवालले सुन प्रकरणमा एसएसपी खत्रीलाई पक्राउ गरी थप अनुसन्धान थालिएको बताए। सिलवालले अन्नपूर्णसँग भने, 'उनीहरूको थप कनेक्सनबारे अनुसन्धान भइरहेको छ। छिट्टै टुंगोमा पुग्छौं।'

श्याम खत्री

> भन्सार अधिकृत श्रीनारायण यादव र एसएसपी खत्रीबीच लामो समयदेखि ३३ किलो सुन बाहिर लैजाने विषयमा दिनहुँजसो कुराकानी।

खत्री विमानस्थल गएदेखि नै प्रहरी मुख्यालयको निगरानीमा थिए। उनको शंकास्पद गतिविधि बढेपछि सीआईबीले निगरानी बढाएको थियो तर यथेष्ट प्रमाण भेटिसकेको थिएन। पुस २१ को सुन तस्करी प्रकरणमा खत्रीको संलग्नता देखिएपछि सीआईबीलाई उनीमाथि अनुसन्धान गर्न सहज भएको स्रोतले बताएको छ। त्यही घटनाले खत्री सुन तस्करीमा संलग्न हुँदै आएको पुष्टि गरेको छ। सुन तस्करको समूहले नै भन्सारका कर्मचारी र खत्रीबीच चिनजान र सेटिङ गराइदिएको स्रोतले बताएको छ।

विमानस्थलबाट सुन बाहिरिएको दिन पुस २१ गते खत्री विमानस्थलमै थिए। एसएसपी खत्री विमानस्थलको दोस्रो वरियताका प्रहरी अधिकृत हुन्। विमानस्थल सुरक्षा प्रमुखमा डीआईजी गोविन्द निरोला छन्। खत्री सुन तस्करीमा संलग्न भएको भन्दै यसअघि नै पटकपटक उजुरीसमेत परेपछि मुख्यालयले उनीमाथि छानबिन गर्न सीआईबीलाई निर्देशन दिएको थियो। सीआईबीले त्यसबेला यथेष्ट प्रमाण नपाएपछि तत्कालका लागि अनुसन्धान रोकेको थियो। पुस २१ मा विमानस्थलबाट ३३ किलो सुन बाहिरिएको घटनामा छानबिन गर्दा खत्रीको संलग्नता देखिएपछि ब्युरोले उनीमाथि पुनः अनुसन्धान थालेको थियो।

सुन तस्करलाई सहयोग गरेको आशंकामा माघ ३ गते खत्रीलाई प्रहरी मुख्यालयले विमानस्थलबाट फिर्ता बोलाएको थियो। प्रहरी प्रधान कार्यालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ३३ किलो सुन बाहिरिनुलाई गम्भीर 'सुरक्षा कमजोरी' (सेक्युरिटिज ल्याप्सेज) भएको भन्दै खत्रीलाई प्रहरी मुख्यालयमा फिर्ता बोलाएको थियो।

» बाँकी पृष्ठ ११

शैली अन्नपूर्ण पोष्ट बुधबार परिशिष्टांक सम्पदा ८ वैशाख, २०६७ ७

भोटुको नासो

सोह्रखुट्टे पाटी

रंगीविरंगी कमलको फूलले ढकमक्किएको पानीको तरंगसँगै माछाहरू रंगीन विहार पोखरी, नजिकै देवालय, ढुंगेधारा, सुन्दर कलात्मक प्राचीन शैलीको पाटी, सत्तल र त्यसमा [illegible] हरियालीपूर्ण पर्यावरण कुनै कल्पनाको स्वर्गभन्दा कम सुन्दर र आनन्दमय लाग्दैन। यस्तो ६८ वर्षीय ज्येष्ठ नागरिक कृष्णकुमार दकालले आफ्नो बाल्यकालको वातावरण वर्णन गरिरहँदा मनमनै त्यस स्वर्गको कल्पना गरिरहेको थिएँ। त्यो वर्णन धेरै टाढाको नभई ५० वर्षअगाडि हाल पनि बस्ती रहेको सोह्रखुट्टे पाटी वरिपरिको वातावरण थियो।

सोह्रवटा खम्बा बज्जरको झिंगटीवाला टुँडाल र गजुर भएको सोह्रखुट्टे ओरालोमा रहेको उक्त पाटीबाट नै सोह्रखुट्टे क्षेत्रको नामकरण भएको हो। पहिले पाटी, पौवा, मठ, मन्दिरको निर्माण सामाजिक प्रतिष्ठा, धर्मकर्म र समाजसेवाको माध्यम मानिन्थ्यो र हुनेखानेहरू पाटीपौवा निर्माण गर्थे। चलनचल्तीअनुसार काठमाडौं उपत्यका र बाहिर पनि पाटीपौवा र सोह्रखुट्टा भएको विभिन्न आकार र कलात्मक शैलीमा कीर्तिपुर, पाटन, भक्तपुर, पनौतीजस्ता ठाउँमा पाइन्छन्। तर, यही सोह्रखुट्टे पाटीले निकै चर्चा पाएको छ।

तत्कालीन युवराज त्रैलोक्यवीरविक्रम शाहदेवको उपत्यकाका कर्मचारी (दरबारभित्रको भण्डारको रेखदेख गर्ने, विश्वासिलो, भाँडाकुँडा र भरदार पद) भोटु पाण्डेद्वारा निर्मित उक्त पाटीसँग सम्बन्धित प्रसिद्ध किंवदन्तीहरू पाइन्छन्। भोटु पाण्डेका पनाति जर्नल [illegible] पाण्डेका अनुसार भोटु पाण्डे नेपाल-तिब्बत युद्धमा बन्दी भएको बेलामा [illegible] भतालाई संकटबाट प्राण बचाइदिएअनुसार दान गर्ने भाकल गरे, फलस्वरूप एक रातमा नै तान्त्रिक शक्तिका माध्यमबाट उनीहरू बासस्थान आइपुगे। [illegible] भतालाई [illegible] विभिन्न मठमन्दिर, पाटीपौवा स्थापना गराए।

त्यसो त यो भनाइसँग बाझिने अर्को भनाइ पनि छ। ज्येष्ठ नागरिक पुरुषोत्तम अर्यालका अनुसार त्यस बखतमा तान्त्रिक शक्तिको प्रभाव नभएको र बेहोशीको अवस्थामा व्यापारीले उनलाई यहाँसम्म ल्याइदिए र तिनै व्यापारीको गुन तिर्न र भाकल पूर्ण गर्न पाटीको निर्माण गरे। जे जस्तो मत रहे पनि सोह्रखुट्टे पाटीको निर्माणमा भोटु पाण्डेको देनमा कुनै दुईमत छैन। विभिन्न इतिहासकार र अनुसन्धानकर्ताका अनुसार १८४५ को नेपाल-तिब्बत युद्धपश्चात् भोटु पाण्डे धार्मिक कीर्तिहरू बनाउने कार्यमा लागे। उनको यही क्रियाशीलताको फलस्वरूप विभिन्न पाटीपौवा, ढुंगेधारा, सत्तल, मठमन्दिरको निर्माणमा लागे र पकनाजोललाई आफ्नो धर्मकीर्ति विकास गर्ने थलोका रूपमा प्रयोग गरे। सोह्रखुट्टे पाटीसँगै २०० देखि ३०० मानिसका लागि हुने तोरणले सत्तलको हाल पकनाजोलको आँगनमा रहेको पहिलो [illegible] भवनदेखि पुलिसचौकीसम्मको क्षेत्रफलमा निर्माण गराए।

कलात्मक स्वरूपमा रहेको उक्त पाटीको प्रयोजन र महत्त्व समयको परिवर्तनसँगै परिवर्तित भइरहेको छ। व्यापार वृद्धि, समाजसेवा र धर्मकीर्ति वृद्धिको उद्देश्यले निर्माण गरिएको अनुमान गरिएको उक्त पाटी केही वर्षअगिसम्म बटुवाको बासस्थानको प्रयोजनमा आउँथ्यो। आफ्नो बाल्यकाल र यौवनकालको उकाली र ओरालो पाटीको छहारीमा काटेका ज्येष्ठ नागरिक शारदाप्रसाद भट्टराई भन्छन्, 'मैले थाहा पाउँदासम्म पकनाजोल, असन, क्षेत्रपाटी, भोटाहिटी मुख्य व्यापारिक केन्द्र हुने गर्थ्यो। पश्चिमका जिल्लाहरू जस्तै नुवाकोट, धादिङ, गोरखा, लमजुङ, स्याङ्जाका मानिसका लागि सोह्रखुट्टे ट्रान्जिट प्वाइन्ट थियो।' व्यापारिक प्रयोजनका सामान खरिदबिक्रीका लागि आउने मानिसहरू हालको जस्तो होटल, गेस्ट हाउस नभएको अवस्थामा उक्त पाटीमा खानपिन गर्ने र बास बस्ने गर्थे। पश्चिमका व्यक्तिका लागि यो पाटी धेरै महत्त्वपूर्ण थियो रे। त्यसैले त्यतिबेला यो भनाइ प्रसिद्ध नै थियो- पकनाजोलमा सोह्रखुट्टे पाटी देखिनस् त के नेपाल खाल्डो देखिस्?

आफ्नो बाल्यकालको सुनौलो क्षण गुमाएका [illegible] ज्येष्ठ नागरिकहरू युवाकालमा यहाँको कथा बेग्लै रहेको बताउँछन्। वैशाख पूर्णिमा एकादशीमा पाटीपरिसरमा पाण्डेद्वारा आयोजना गरिने पूजा र प्रसादका रूपमा पाउने [illegible] र [illegible] हुने गर्दाको रौनक, [illegible] खेल्दाको मजा, पाठशालाको मनोरम वातावरणमा कथा सिक्दाको क्षण सबै एकादेशको कथा बनेकोमा दुःखित छन् यस वरपरका ज्येष्ठ नागरिक। केही वर्ष अगाडिसम्म [illegible] ल्याउँदा [illegible], [illegible] ढाकेको टोल कंक्रिटको जङ्गलमा बनेकोमा अब तो [illegible] विगत [illegible] भन्दै विरक्तिएका छन्।

समयसँग काँचुली फेरेको सोह्रखुट्टे पाटीको अगाडि पोखरी पुरिएर ठूलो छ तलको कालोपत्रे रोड बनिसकेको छ। नजिकको ढुंगेधारा पोखरी पुरिसकेको छ। [illegible] ठूलाठूला भवन निर्माण भएका छन् र निजीकरण भइसकेको छ। वरिपरि रहेका देवालयहरू जीर्ण अवस्थामा छन्। विभिन्न प्रहर [illegible] स्थापना गरेको कालखण्ड र घटनाको द्रष्टा, जीर्ण अवस्थामा पनि घाम र पानीबाट बचाउने ओत बनेको कर्तव्यपरायण सोह्रखुट्टे पाटी आफ्नो पहिचान गुमाएर महत्त्वहीन बन्दै गइरहेको छ।

आजका दिनसम्म आइपुग्दा पाटीको प्रयोजन [illegible] छ, प्रयोजनविहीन सडकमा जीवन निर्वाह गर्ने व्यक्तिहरू कहिलेकाहीँ बास बस्ने गर्छन्। त्यसको उपस्थितिको महत्त्व सर्वसाधारणलाई [illegible] लाग्दैन। जीर्ण अवस्थामा मृत्युतिर धर्दै गरेको उक्त पाटीको मर्मतसम्भार : संरक्षणको दायित्व लिएको गुठी संस्थान, महानगरपालिका र सरकारी निकायहरू पन्छिने प्रतीक्षामा छन्। आफूसँग भएका [illegible] ताम्रपत्र, आलेखहरू [illegible] सुधार [illegible] अवस्थामा विभिन्न [illegible] होर्डिङ बोर्ड बनेको छ, कुरूप अवस्थामा पुगेको छ। राष्ट्रको सम्पदा पाटीपौवा जीर्ण अवस्थामा पुगेकोमा सबैको ध्यानाकर्षण हुनुपर्ने हो तर [illegible] संरक्षणको पहल हुनुपर्ने हो तर [illegible]।

— [illegible]



राणा कार्यकालको दोस्रो वर्षमा सिन्धुपाल्चोकको जुरेमा ठूलो पहिरोले जनधनमा ठूलो क्षति पुऱ्यायो। चीनसँगको सीधा सडक सम्पर्कलाई पनि केही हप्तासम्म अवरुद्ध पाऱ्यो त्यसले। यहीबेला बर्दियामा अविरल वर्षाले डुबानको खतरा बढायो। उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले तत्काले भारतीय सेनाको हेलिकोप्टर मगाएर उद्धार गर्न लागेको सार्वजनिक गरे। तर, राणाले यो कुरा स्वीकार गरेनन्। उता, सिन्धुपाल्चोकसँग सिमाना जोडिएको चीन पनि जहाज र विशेषज्ञ सैनिक ल्याएर जुरेमा उद्धार गर्न चाहन्थ्यो र प्रस्ताव पनि पठाएको थियो। एउटा पहिरोको उद्दारमा बाहिरी सेनाको उपस्थितिले के सन्देश देला ? भन्ने प्रश्न राणाले उठाएका थिए भारतबाट उडिसकेको हेलिकोप्टर र सेना बाटोबाटै फर्काउन सम्भव थिएन, तर त्यसले जुरेको भूमि टेक्न भने पाएन। हवाई निरीक्षण गर्ने मात्र सीमित राखियो त्यसलाई। सेनाले त्यसलाई फर्काइदिएको थियो। चीनलाई पनि भारतले जस्तै हवाई निरीक्षण गर्ने भए मात्र आऊ भन्ने उत्तर दिइयो। भारतीय र चिनियाँ सेनाको वास्तविक चाहना नियन्त्रण गर्नु र दुवैसँगको सम्बन्ध विग्रन नदिनु राणाको सफलता थियो।

नेपाली सेनालाई दुइटा एमआई– १७ हेलिकोप्टर खरिदमा होस् वा नेपाली सेनाको पुनर्ढाँचा प्रसंगमा तीनवर्षे कार्यकालभरि राणा कुनै न कुनै विषयमा चर्चा र विवादमै रहे। संगठनभित्र मध्यमस्तरका अधिकृतको बढुवामा लागू गरिएको फास्ट ट्र्याक नीतिले उनलाई बढी विवादमा तान्यो। यस प्रकरणमा कतिपय उम्दा अधिकृतहरू बढुवाबाट बञ्चित भएर अवकाश लिनुपरेको थियो। त्यसैले अदालतमा समेत मुद्दा खेप्नुपरेको थियो सैनिक नेतृत्वले। सामान्य सिद्धान्तले होइन, सैनिक नियमावलीले मात्र सेना चल्न सक्छ भन्ने उनको मान्यताअनुसार नै आएको नियमावली लागू गर्ने क्रममा उनका केही विश्वासपात्रले आफ्ना निकटस्थहरूलाई च्याप्दा सेनाले केही उम्दा अधिकृतहरू गुमाउनुपरेको आरोप उनीमाथि लागेको छ। त्यसो त नातामा सम्धी पर्ने पवनबहादुर पाँडेले डिफ्याक्टो सेनापति चलाएको आरोप लगाउनेहरू पनि सेनाभित्र कम छैनन्। तर, उनी तत्कालीन रथी पाँडेलाई एक वर्ष म्याद थप गरी भावी सेनापतिको लाइन क्लियर गर्ने झन्झटमा गएनन्। सेनालाई स्वाभाविक नेतृत्व हस्तान्तरण प्रक्रियालाई नै निरन्तरता दिए उनले।

उनलाई सबैभन्दा बढी आलोचना गरिएको विषय उपरथी नरेश बस्नेतको पदोन्नतिको प्रयास थियो। सेनाभित्रको अधिकांश बजेट सञ्चालन गर्न पाउने विकास निर्माण महानिर्देशनालयका प्रमुख बस्नेतले पदावधि सकेर पनि अवकाश जानुपरेन। उनलाई विशेष पद सिर्जना गरेर फेरि उपरथीमै काम गर्न दिइयो र उनी रहुन्जेल उनीभन्दा मुनिका व्यक्तिले सो पदमा बढुवा हुन नसक्ने निर्णय गराइयो, जसबाट विकास निर्माणतर्फ काम गर्ने माथिल्ला पदका सैनिकहरूको वृत्ति विकासलाई त्यसले असर पाऱ्यो नै। एउटा व्यक्ति सेवानिवृत्त हुँदा पूरै संगठन नेतृत्वविहीन बन्छ भन्ने कुरा सत्य थिएन, तर राणाले बस्नेतले अवकाश पाए विकास निर्माणको काममा सेनाले प्रगति गर्न नसक्ने र उनको क्षमतालाई आफ्नो कार्यकालभरि प्रयोग गरिरहने अड्डी लिए। प्रधानमन्त्री तथा रक्षामन्त्री सुशील कोइरालाले बस्नेतलाई पदोन्नति गर्न र म्याद थप गर्न अस्वीकार गरे पनि विज्ञका हिसाबले कन्सल्ट्यान्ट बनाएर पनि राणाले बस्नेतलाई पुरानै काममा निरन्तरता दिएका छन्, जुन अबका प्रधानसेनापतिका लागिसमेत समस्याको विषय भएको छ। कार्यकालको अन्तिम समयमा आएर गोलीका लागि प्लान्ट खरिदको प्रस्ताव गरेकाले उनी विवादमा तानिए।

तथापि, माओवादी लडाकु समायोजनको अन्तिम जस उनले नै पाए। सानो संख्यामा सीमित भइसकेका लडाकुहरू तालिमका क्रममा झन् घटेका थिए, तर यिनलाई हीनताबोध हुन नदिनु र सेनाभित्र स्वीकार्य बनाउनु चुनौती थियो। राणाको कार्यकालमा सैनिक रणनीतिहरू निर्माण गरी लागू गरिनुका साथै सुरक्षा परिषद् सदस्यमा प्रधानसेनापतिलाई सदस्य बनाउनेपर्ने लबिङ गरेर चार दलकै एजेन्डा बनाउन सफलता मिलेको छ। माल्दिभ्ससम्म पुगेर नेपाली सेनालाई गोताखोर तालिम दिन दुई सेनाबीचको सम्झौता गरी त्यसको कार्यान्वयन गरिनु पनि सकारात्मक काम थिए। अत्यधिक विदेश भ्रमण खासगरी धेरै भारत यात्रा गरेकोमा विवादमा पनि परे। पटकपटक भारत भ्रमण, चीन, अमेरिका, श्रीलंका, बेलायत आदिको भ्रमण गरिरहँदा स्वदेशको राजनीतिक नेतृत्व थर्कमान भइरह्यो। भूकम्प नआएको भए उनी त्यसै दिन पाकिस्तान भ्रमणमा पनि निस्कन्थे, जहाँ सेनाले पटकपटक 'कू' गर्दै राज्यसत्ता हत्याएको छ। विदेशीको समर्थन लिएर कतै यहाँ पनि सत्ता लिने त होइन भन्ने शंकाले उनको कार्यकालभरि उनलाई छोडेन।

बिदा लिनुभन्दा दुई साताअघिको एक भेटमा उनले आफ्नो हातमा भएको आईफोन ६ मा आफ्नो भावी कार्यक्रम सेट गरेको देखाउँदै भने, 'लौ हेर्नुहोस् मेरो भविष्यको योजना।' जसमा भदौ २४ गतेको दिनलाई अंग्रेजीमा लेखिएको थियो, 'फ्री फ्रम बन्डेज।'

= The Annapurna Post Monday Sep 7, 2015

फ्री फ्रम बन्डेज

चूडामणि
भट्टराई

भूकम्पको प्रकोपलगत्तै उद्धारमा सेना परिचालन भइसकेको थियो, तर राहतका कार्यक्रमबारे सरकार स्पष्ट थिएन। एक हिसाबले सरकारविहीनजस्तै थियो अवस्था। केही दिनपछि प्रमुख राजनीतिक दलका नेताले मुख खोले– सरकार नै त हो नि सेना भनेको पनि, सेना गएपछि सरकार पुगेको भएन?'

जताततै खाद्यान्न संकट त्यसमाथि राज्यको निरीहता र प्राप्त वैदेशिक सहयोगको व्यवस्थापनमा समस्या। ओइरो लागेका विदेशी सेनाको व्यवस्थापन चुनौतीपूर्ण थियो। गौरवशमशेर राणा यसै पनि भारतसँग कतै न कतै जोडिएका मानिन्छन्। उनको ससुराली र छोरी-ज्वाईं त्यहाँको राजनीतिमा पहुँच राख्ने भएकाले उनलाई त्यताको बलियो समर्थन छ भन्ने बुझाइ छ यहाँ।

प्रधानमन्त्री कोइराला पनि सेनापतिबारेको यो विवरणले भित्रभित्रै डराएका रहेछन्। विधि प्रक्रियाबारेको अस्पष्टता अनि सेना सडकमा। विदेशी सेना आएको त्यसमा पनि भारतीय वायुसेनाका एकैपटक १३ वटा जहाज काठमाडौंको विमानास्थल भरेको अवस्था थियो। अर्को छिमेकी चीनको सेनाले उपस्थिति देखाउन खोजे तापनि पार्किङ स्पेस पाउन सकेको थिएन। विवादयुक्त परिस्थितिमा प्रधानसेनापति राणाले सम्पादकहरूसँग एउटा छोटो भेटघाट गरेका थिए। त्यही मौकामा उद्धार र राहतमा आएका विदेशी सेना आफ्नो कमान्डभित्रै रहेको र यथासमयमा फर्किने जानकारी दिए उनले। र, विदेशी सेनाको सहयोगमा आफूले सत्ता लिने हल्लालाई निराधार भनी त्यो प्रसंगलाई टुंग्याउने कोसिस गरे उनले। तैपनि सत्ताधारीहरूको डर र अविश्वास यथावत् थियो। कुनै पनि बेला सेना सत्तारुढहरूकै लागि तरबार हुने हो कि भन्ने त्रास मन्त्रिपरिषद्मै पनि व्याप्त थियो। त्यो भयलाई सम्बोधन गर्न पहिले रक्षामन्त्री रहिसकेका वनमन्त्री महेश आचार्यले सुरक्षा परिषद्को बैठक राखेर वैधानिक सेना परिचालनको बाटो तय गर्दै एक महिनाभित्र सेनालाई ब्यारेकमा फर्काउने कार्ययोजना पारित गराएका थिए। सेना परिचालनको महिनौंपछि आधिकारिक निर्णय गरेर सेनालाई नियन्त्रणमा राख्ने प्रयास गर्नुको पछाडि गौरवशमशेर राणाबाट आतंकित सत्ताधारी मनोविज्ञान थियो।

बिदा लिनु दुई साताअघि एक भेटमा सेनापति राणाले आफ्नो हातमा भएको आईफोन ६ मा आफ्नो भावी कार्यक्रम सेट गरेको देखाउँदै भने, 'लौ हेर्नुहोस् मेरो भविष्यको योजना।' जसमा भदौ २४ गतेको दिनलाई अंग्रेजीमा लेखिएको थियो, 'फ्री फ्रम बन्डेज।'

एक दिन उनको एसएमएस आयो, 'भोलि बिहान तपाईलाई फुर्सद छ भने एकछिन भेटौं न शशिभवनमा।' यसबीचमा अन्नपूर्ण पोस्टमा भारतीय जहाजबाट भएका उडान र त्यसबारे चिनियाँ पक्षको आपत्तिबारे समाचार प्रकाशितपछि भारतीय दूतावासका प्रथम सचिव अभयकुमारका धम्कीहरूले कूटनीतिक आतंकको माहोलमा हामी काम गरिरहेका थियौं। सामान्य भलाकुसारीलगत्तै राणाले मित्रसेनाका बारेमा भएका आलोचनाबारे चासो प्रकट गरे। भारतीय राजदूतले नै यसबारे चिन्ता जनाएको भन्दै उनले वास्तविकता जान्न चाहेको बताएका थिए। मलाई चाहिँ जान्नु थियो, के गौरवशमशेर सत्ता लिन खोज्दैछन् भन्ने बाहिर चलेको चर्चाको वास्तविक उत्तर। भारतको प्रसंग आउनासाथ उनलाई सोधेँ, 'के सेना अहिले सरकार र दलको उपस्थितिशून्य भएको अवस्थामा सत्ता पनि हात पार्ने सोच्दै छ र?' उनले जवाफ दिए, 'हल्ला हो यो, विपत्मा राज्यको कर्तव्य पूरा गरेको हो, शासनलाई स्वदेशी-विदेशी वातावरण आवश्यक हुन्छ, तर त्यस्तो सोचाइ पनि छैन।' तर, उनले ढाँटेनन्। उनले भने, 'उचाल्नेहरू भने धेरै छन्।'

सेनापति नियुक्तिदेखि दलहरू र सत्तासीनलाई उनको सैनिक कमान्ड टाउकोमाथिको तरबार भएको थियो। सैनिकले सत्ता लिनसक्ने कथित सम्भावनाका भरमा नेताले धेरैपटक सहमति गर्दै आन्दोलन छोड्दै गरेका छन्। भूकम्पको डेढ महिनापछिको राष्ट्रिय सुरक्षा परिषद्को बैठक यसको पछिल्लो उदाहरण हो।



65



आस्था २०७२ फागन ५ गते बुधवार

आरजुलाई आइलागेको आपत

कोइराला विरासतको मूल अखडा विराटनगर (मोरङ) र स्वर्गीय सभापति सुशील कोइरालाको गृहजिल्ला बाँकेलाई प्रतिष्ठाको विषय बनाउँदा यसचोटि शेरबहादुर देउवा पक्षधरले त्यहाँ सफलता पाएको छ। तर, बूढानीलकण्ठमा अझै हुटहुटी चल्दै छ, तान्ने र हान्ने कुराको।

यस्तो खबर पाएर शोकमग्न कांग्रेस संस्थापन पक्षले हिसाब निकाल्यो, बालाजु हाइटमा। कृष्णप्रसाद सिटौला, शेखर, सशाङ्क कोइरालाहरू पनि जुटे। निस्कियो ६०-३० को आँकडा। अर्थात्, संस्थापनको विरासत ढाल्ने कुरामा केन्द्रित हुँदा देउवा पक्षले आफ्ना पुराना ठाउँ र मान्छे गुमाउनु परेको साझा विश्लेषण भयो, बालाजु हाइटस्थित रामचन्द्र पौडेलको घरमा। कुरा निस्कियो देउवाको गृहजिल्ला डडेल्धुराको। त्यहाँ आफू-आफूबीच चलेको रडाकोलाई बालाजु हाइटले 'क्यास गर्ने' सल्लाह छ। नेपाल महिला संघको जिल्ला अधिवेशनमा मानकुमारी थापालाई सर्वसम्मत सभापति बनाउनुपर्ने डा.आरजु देउवाको प्रस्ताव नमानी कर्ण मल्लले कमला विष्टलाई सभापति बनाएको रिस पोख्दा महाधिवेशनको मुखमा देउवाबारे यस्तो चर्चा चलेको हो। कर्ण मल्ल जिल्ला सभापतिमा खडा हुँदा डा.आरजु आफैं निर्वाचन प्रक्रियामा सामेल भइन् र रघुवीर भट्टलाई दावेदार बनाइन्। शेरबहादुर र आरजुलाई निर्वाचन क्षेत्रबाट प्रतिनिधि आइरहनुपर्ने थिएन, यदि त्यहाँको निर्वाचन प्रक्रियामा सामेल नभएको भए। आफ्नाविरुद्ध देउवादम्पत्ति नै खडा हुँदा पनि कर्णले दुवैलाई सर्वसम्मत महाधिवेशन प्रतिनिधि निर्वाचित गराए। तर, आरजुको मन फर्किएन। अन्ततः ३१० जनाले गरेको *बाँकी ८ पेजमा*

८.. जुलाई...

मतदानमा कर्णले १५६ र रघुवीरले १५४ मत पाए। दुई मतले कर्णले जिते। संस्थापनले खबर राखेको छ, चुनाव जित्लासाथ उनले देउवादम्पतिको आशीर्वाद लिएनन्। बरु, साइराम भक्तका रुपमा भारतका पुट्टपर्ती पुगेका छन्। भारतीय नेता भगतसिंह कोस्यारीसँग फोटो खिचेर फेसबुकमा हालिसकेका छन्।

तर, देउवाको गृहजिल्लाको किचलो सम्झँदै खुशी हुने बालाजु हाइटलाई आफ्नै किचलो मिलाउन अर्को हम्मे परिरहेको छ। ९ गते सुशील कोइरालाको तेह्रौं पुण्यतिथि हो। १५ गतेतिर कृष्ण सिटौलाले सभापति पदमा आफ्नो उम्मेदवारी घोषणाको कार्यक्रम राख्ने भएका छन्। उपयुक्त ठाउँ (कुनै सुविधाजनक पार्टी प्यालेस) को व्यवस्था गर्न झापाली निकटस्थलाई अह्राइसकेका छन्। तर, कार्यवाहक सभापति रामचन्द्र पौडेललाई अनुमोदनमात्रै गर्ने गरी महाधिवेशनको तयारीमा जुट्नुपर्नेमा छन्, सशाङ्कहरू। सिटौलाले पाँच दिनको 'मार्जिन' राख्नुको कारण हो, रामचन्द्रलाई पक्कापक्की प्रधानमन्त्री बनाउने गरी पछाडि हटाउने। यसमा रामचंन्द्रको तर्क हो, 'इतिहास र पार्टीमा खेलेको भूमिकाको कारण म सभापति बन्ने कुरा स्वभाविक हो। उपसभापति हुँ। पटक-पटक कार्यवाहक, प्रधानमन्त्रीको निर्वाचनमा सरिक भएर १७ पटक हार्न तयार भएँ। यति भएपछि मबाहेक अर्को सभापति हुन्छ भन्नु नै बेकार हो। त्यसमाथि कोइराला परिवारको ९० प्रतिशत लिगेसी मसँग छ।' सिटौलाको तर्क छ, 'सिनियरमा रामचन्द्र दाइ नै हो भन्नेमा कुनै शंका भएन। तर, नेपाली कांग्रेसलाई यतिबेला सिनियरका नाममा अनुहार देखाउने होइन, क्रियाशीलतापूर्वक काम देखाउने नेतृत्वको खाँचो छ। म कोइराला नभएको कारण मसँग कोइरालाको लिगेसी छैन। तर, शाही शासनविरुद्धको आन्दोलनमा मैले खेलेको भूमिका, माओवादीलाई शान्ति प्रक्रियामा ल्याउनका लागि गिरिजाबाबुको दूतका रुपमा मैले पाएको लिगेसी र अहिले पार्टीलाई नयाँ जीवन दिनुपर्ने चुनौतिका कारण म उपयुक्त हुँ।' अहिले सशाङ्क, डा.रामशरण महत, महेश आचार्यहरू मध्यस्थकर्ताका रुपमा दौडधुपमा छन्। उता,

बूढानीलकण्ठस्थित शेरबहादुर निवासले अर्जुननरसिंह केसीलाई महामन्त्री टुङ्गो लगाएको कुरा आइतवार भेट्न गएका काठमाडौंका पाँच जना क्षेत्रीय सभापतिसँग देउवाले भनेबाट पनि पुष्टि हुन्छ। देउवा त्यस्तो कुरा गर्दा काठमाडौंका क्षेत्रीय सभापतिमध्ये २ का उपेन्द्र कार्की, ३ का सन्तोष चालिसे, ४ का राजु श्रेष्ठ, ५ का रमेश खड्का र ९ का जयकृष्ण श्रेष्ठ थिए। र, नुवाकोटको चुनावी तालमेलले पनि त्यसै भन्छ। अर्जुनका भाइ जगदिश्वरनरसिंह केसीले रामशरण महतका पिए रमेश महतलाई जिल्ला सभापतिमा हराउनका लागि देउवापक्षीय सांसद बहादुरसिंह लामासँग तालमेल गरे। देउवाको हिसाब छ, अर्जुननरसिंह आउँदा संस्थापनको एउटा हिस्सा सलक्कै आफूतिर आएको छ। काठमाडौंमा आज जिल्ला सभापति छान्ने चुनाव हुँदै छ। देउवाले प्रकाशमान सिंहले भनेबमोजिम सबुज बानियाँलाई समर्थन गरी भीमसेनदास प्रधान र नरोत्तम वैद्यलाई उम्मेदवारी फिर्ता लिन भनिसकेका छन्। उनी ललितपुरमा दोहोरिएको वर्चस्वबाट उत्साहित छन्। तर, सिन्धुपाल्चोकबाट ३६ जना महाधिवेशन प्रतिनिधि छानिँदा आफ्नो पक्षका तीन जनामात्रै आएको कारण मोहन बस्नेतसँग रुष्ट छन्। प्रकाशमान सिंहले अन्तिमसम्म देउवाको पक्ष लिएमा उनलाई उपसभापति बनाउने योजना छ।

२०७२ साल [illegible]

सिफारिसमा नाता र व्यक्तिगत सम्बन्ध हावी प्रधानन्यायाधीशबाटै भयंकर अन्याय

काठमाडौं । सर्वोच्च अदालतमा लामो समयदेखि रिक्त एघार न्यायाधीश पदमा नियुक्तिका लागि हालै भएको सिफारिसप्रति पुनरावेदन अदालतहरूमा कार्यरत थुप्रै वहालवाला न्यायाधीशहरूले गम्भीर असन्तुष्टी व्यक्त गरेका छन् । लामो समयदेखिको रिक्ततालाई पूर्ति गर्न चालिएको प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र कानून मन्त्री अग्नि खरेलको कदम ठीक भएतापनि वरिष्ठ न्यायाधीशहरूलाई पन्छाउँदै प्रधानन्यायाधीश कल्याण श्रेष्ठले आफू निकटका कनिष्ठ न्यायाधीशलाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेको भन्दै पीडित न्यायाधीशहरू आक्रोशित वनेका छन् । केही दिन अघि वसेको न्यायपरिषद्को वैठकले न्यायाधीश र वकिल समूहवाट गरी ११ जनाको नाम सर्वोच्च अदालतको न्यायाधीशका लागि सिफारिस गरेको थियो ।

सञ्चार माध्ययम, विभिन्न सभा सम्मेलन र कार्यक्रमहरूमा न्यायलयलाई राजनीतिवाट मुक्त राख्ने, पारदर्शिता कायम गर्ने, प्रक्रिया मिचेर कुनै काम नगर्ने लगायतका आदर्शका मीठामीठा भाषण गर्ने प्रधानन्यायाधीश श्रेष्ठ न्यायाधीश नियुक्तिको प्रक्रियामा व्यापक रुपमा दलीय राजनीतिवाट प्रभावित हुन पुगेको भन्दै

वहालवाला न्यायाधीशहरू रुष्ट वनेको समाचार साँघुलाई प्राप्त भएको छ ।

२०७२ चैत ३० गतेवाट घर वस्ने प्रधानन्यायाधीश कल्याण श्रेष्ठले हिंड्ने वेलामा न्यायिक क्षेत्रमा ठूलो अन्याय गर्दै रोलक्रममा दशौं नम्वरमा रहेका आफ्ना नातेदार विश्वम्भरप्रसाद श्रेष्ठलाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरिएको घटनाले सबैभन्दा बढी आलोचना निम्त्याएको हो । पुनरावेदन अदालत हेटौंडामा कार्यरत न्यायाधीश श्रेष्ठलाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गर्दा वरिष्ठ न्यायाधीशहरू वमकुमार श्रेष्ठ, पुरुषोत्तम भण्डारी, तेजवहादुर केसी, पोषनाथ शर्मा लगायतमाथि गम्भीर अन्याय भएको हो । उनीहरू विश्वम्भरप्रसाद श्रेष्ठभन्दा वरिष्ठ न्यायाधीश हुन् र यदि विधि, प्रक्रिया वा वरिष्ठतालाई आधार मानेको भए विश्वम्भर श्रेष्ठ उनीहरूभन्दा पछि मात्र सर्वोच्चको न्यायाधीश हुन पाउने थिए । कार्यानुभव, क्षमता, इमान्दारिता अनुसार पनि पीडित न्यायाधीशहरू विश्वम्भरभन्दा कम मानिदैनन् ।

हुन त विश्वम्भरप्रसाद श्रेष्ठ आफ्नो रोलक्रम अनुसारै पनि सर्वोच्चमा नियुक्ति पाउने न्यायाधीश मध्येमा पर्छन् । तर आफ्ना भान्जा समेत पर्ने उनलाई प्रधानन्यायीधश श्रेष्ठले आफ्नै पालामा सर्वोच्चमा ल्याउने र..

(बाँकी पृष्ठ ८ मा)

प्रधानन्यायाधीशबाटै....

लामो समय प्रधानयायाधीश वनाउने अप्रिय कदम चालेर आलोचनाको पात्र वन्दै घर वस्ने भएका छन् ।

प्रधानन्यायाधीश श्रेष्ठले यसरी नियम मिचेर भान्जालाई अगाडि नतानेको भए वरिष्ठहरूलाई पनि न्याय हुन्थ्यो किन कि उनीहरू सरासर सर्वोच्चमा आउन पाउँथे । तर, अव अन्यायमा परेका न्यायाधीशहरू आफूभन्दा कनिष्ठालाई वरिष्ठ मानेर सर्वोच्चमा आउने कुरा हुँदैन किनभने यस अघि पनि आफूभन्दा कनिष्ठालाई सर्वोच्चमा सिफारिस गरिएकोमा अन्यायमा परेका न्यायाधीशले राजीनामा गरेका घटना छन् । जस्तो कि आफूभन्दा जुनियरलाई नियुक्त गरिएकोमा विरोध जनाउँदै यस अघि न्यायाधीश एकराज आचार्यले राजीनामा दिएका थिए । यस पटकको सिफारिसपछि अन्यायमा परेका न्यायाधीशहरूले राजीनामा त गरिसकेका छैनन् तर उनीहरू आफूभन्दा कनिष्ठलाई वरिष्ठ मानेर सर्वोच्चमा न्यायाधीश हुन आउने सम्भावना लगभग सकिएको एकजना पीडित न्यायाधीशले साँघु समक्ष गुनासो व्यक्त गरे ।

प्रधानन्यायाधीशको मनपरी कदमबाट आफूहरू जति मर्माहत भएपनि र जतिसुकै अभिलो मन बनाए पनि प्रधानन्यायाधीशको कदम विरुद्ध जान नसक्ने हुनाले आफूहरू असन्तुष्टीको स्वर लुकाउन वाध्य भएको अन्यायमा परेका अर्का वहालवाला न्यायाधीशले पनि साँघुसित गुनासो गरे ।

'सर्वोच्च अदालतका लागि भएको न्यायाधीश नियुक्तिको सिफारिसले हाम्रो करियर, सपना र अधिकारमाथि गम्भीर प्रहार गरेको छ' साँघुको सम्पर्कमा आएका वहालवाला न्यायाधीशले भने, 'तर दुर्भाग्य हामीहरू न्याय दिनका लागि वोल्न सक्छौं तर, आफै अन्यायमा पर्दा आफ्ना विरोधका स्वरहरू वाहिर ल्याउन सक्दैनौ ।'

दुइजना सदस्य रिक्त रहेको न्यायपरिषद्ले गरेको सिफारिस राजनीतिक पूर्वाग्रहबाट समेत प्रेरित रहेको आरोप छ । प्रधानन्यायाधीश श्रेष्ठले अदालतमा राजनीति घुस्न दिन्न भनेर कैयौं पटक भाषण गर्दै हिंडेपनि उनले राजनीतिक रुपमा प्रत्यक्ष संलग्न भएकालाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेका हुन् । जस्तो कि पहिलो संविधानसभामा नेकपा एमालेको कोटावाट मनोनित संविधानसभा सदस्य बन्न पुगेकी अधिवक्ता सपना प्रधान मल्ल र वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले नियुक्त गरेका महान्यायाधिवक्ता हरिकृष्ण कार्कीलाई समेत सर्वोच्चको न्यायाधीशका रुपमा सिफारिस गरिएको छ ।

यो निर्णय एकातर्फ राजीतिक रुपले विवादमा परेको छ भने अर्कोतर्फ न्यायसेवामा अधिकृत हुँदै जिल्ला न्यायाधीश, पुनरावेदन अदालतको न्यायाधीश, सर्वोच्चको न्यायाधीश र प्रधानन्यायाधीश समेत हुन सक्ने सम्भावना रहेका न्याय सेवाका अधिकारीहरूका लागि ठूलो टाउको दुखाइको विषय बनेको छ । जस्तो कि सपना प्रधान मल्ललाई विक्रम सम्वंत २०८५ सालतिर प्रधानन्यायाधीश हुन वाटो खुला राख्ने गरी सर्वोच्चको न्यायाधीशमा सिफारिस गर्दा प्रधानन्यायाधीश हुन उमेर पुग्ने अवसर पर्खेर वसेका थुप्रै क्याडर न्यायाधीशहरू त्यो अवसरवाट वञ्चित हुने भएका छन् । प्रधानन्यायीधश श्रेष्ठसंग नजिकको साथीको सम्वन्ध वनाएकी सपना प्रधानमल्लको सिफारिसले सर्वोच्चमा न्यायाधीशका रुपमा पुग्ने र विस्तारै प्रधानन्यायाधीश समेत भेटाउने धेरै न्यायाधीश वाहिरिने छन् । मल्लको सिफारिसले त्यस्तो अवसर गुमाउने केही न्यायाधीशहरूमा तीलप्रसाद श्रेष्ठ, विनोद शर्मा, कुमार चुँडाल, प्रकाश ढुगाना पर्छन् । यी सवै न्यायाधीशहरू रोलक्रममा विश्वम्भर श्रेष्ठपछि प्रधानन्यायाधीश हुनेमा पर्छन् । तर, अव मल्लको सर्वोच्च प्रवेशले उनीहरू प्रधानन्याधीश हुने अवसरवाट वञ्चित हुनेछन् ।



नरेन्द्र मोदी र गृहमन्त्री राजनाथ सिंहले उनलाई हिंसा र चरमपन्थी आक्रमण भइरहेको अवस्थामा कुनै पनि विभेदकारी वक्तव्य दिन नसकिने बताएका थिए । यो उपत्यकाको समस्या सुझबुझपूर्ण तरिकाले पार लगाउनका लागि पनि उनीहरूले आग्रह गरेका थिए । यद्यपि यो समस्या समाधान हुनुभन्दा पनि बढ्दै गएको देखिएको हो ।

यसअघि नै पूर्वमुख्यमन्त्री तथा क्षेत्रीय पार्टी नेसनल कन्फेरेन्स पार्टीका नेता फारुक अब्दुल्लाहले भारतलाई कास्मिर आफ्नो हातबाट गुमिरहेको भन्दै चेतावनी दिएका थिए । उनले अहिलेको समस्याबाट पार पाउनका लागि भारत सरकारले पाकिस्तान, कास्मिरमा विरोध गरिरहेका समूहहरू, प्रमुख पार्टीहरू र काश्मिरमा अल्पसंख्यक हिन्दूहरूको बीचमा बैठक गरी त्यसबाट उचित निष्कर्ष निकाल्नु जरूरी रहेको बताएका थिए भने सैन्य शक्तिको माध्यमबाट नभई राजनीतिक हिसाबले समस्या समाधान गर्नेतर्फ अघि बढ्नुपर्नेमा जोड दिएका थिए तर भारतको जोड अझै पनि आन्दोलन दबाई समाधान निकाल्नेमा रहेको देखिन्छ ।

त्यसो त केही समयअघि भएको मतदानमा सात प्रतिशत मानिसहरूले मात्र मतदान गर्नुले पनि कास्मिरका जनता तिम्रो पक्षमा छैनन् भन्न सन्देश भारतले पाएको हुनुपर्ने हो तर काश्मिर आर्थिक पर्यटन तथा खानेपानीको हिसाबले भारतको लागि निकै महत्वपूर्ण रहेको कारण उक्त भूमि नगुमाउनका लागि सक्दो प्रयास गरिरहेको छ ।

अहिले कास्मिरका युवा पुस्ता पनि अहिले खुलेरै भारतविरूद्धको आन्दोलनमा लागेका छन् । यो उपत्यकामा ६० प्रतिशतभन्दा बढी मानिसहरू ३० वर्षमुनिका रहेका छन् । त्यसमध्ये धेरै मानिसहरू क्रोध तथा अन्योलमा रहेका छन् । बुड्गमका एक १९ वर्षीय विद्यार्थीले मलाई आफू भारतको काम गर्ने शैलीबाट दिक्क भइसकेको बताएका छन् । उनले आफ्नो पुस्ता भारतविरूद्ध लागेको र आफूलाई मृत्युको कुनै भय नरहेको बताएका छन् । उनको जीवनको लक्ष्यको विषयमा सोध्दा उनले आफू ठूलो भएर सरकारी कर्मचारी भएर कास्मिरमा सेवा प्रदान गर्न चाहेको बताए । यसरी हेर्दा उनीहरूलाई निडर भन्नु उचित भने होइन । उनीहरू पनि समान्य मानिसहरूजस्तै हुन् तर उनीहरू आफूलाई भारतले अपमान गरेको महसुस गरिरहेका छन् । जसको कारण उनीहरू भारतविरूद्धमा उभिएका हुन् ।

कास्मिरका नयाँ चरमपन्थी लडाकुहरू शिक्षित छन् भने उनीहरू सम्पन्न परिवारबाट आएका छन् । त्यसैले उनीहरूले नबुझी भारतविरूद्ध आरोप लगाएका भन्ने पनि होइन । विद्रोही समुहका धेरै मानिसहरूले उच्च शिक्षा हासिल गरेका छन् भने यो समूहका धेरै सदस्यहरू सम्पन्न परिवारबाट आएका छन् ।

भारतका केही स्थानहरूमा मुस्लिमहरूविरूद्ध आन्दोलन बढिरहेको छ । जसको कारण जनावरहरूको व्यापार गर्ने मुस्लिमहरूमाथि आक्रमण भएको कारण पनि मुस्लिमहरूको बाहुल्य रहेको स्थानमा भारत सरकारको विरूद्धमा आक्रमण बढेको हो । सुरक्षा बलहरू भने केही भिन्न किसिमका रहका छन् । उनीहरू पछिल्लो समय बढेको धार्मिक असहिष्णुताको कारण चिन्तित रहेको बताएका छन् । विशेषगरी युवाहरूमा यो समस्या रहेको देखिएको छ ।

अप्रिलको सुरुवातमा कास्मिरमा भएकघो निर्वाचनमा निकै कम मानिसहरू सहभागी हुनु अर्को महत्वपूर्ण मुद्दा हो । यदि राजनीतिक दलहरू निर्वाचनमा आउने तर मानिसहरूलजे उनीहरुलाई मतदान गर्न अस्वीकार गर्छन् भने कुनै संगठनविना नै निर्माण हुने संविधान लागू हुने खतरा कास्मिरमा दखिएको छ । यसले थप अशान्ति मच्चाउन सक्दे देखिन्छ । यदि मानिसहरूले आफ्नो प्रतिनिधि चयन गर्न नसकेको खण्डमा उनीहरूको आवाज माथिल्लो तहमा पुग्ने सम्भावना निकै कम हुन्छ । जसले कास्मिरको आन्दोलन बढ्नका लागि सहयोग पुऱ्याउँछ । यो हिसाबले हेर्ने हो भने भारतको लागि अहिले तत्काल कास्मिरको समस्या समाधान गरी अगाडि बढ्नु जरुरी रहेको देखिन्छ ।

-चिरञ्जीवी आचार्य

विश्वमञ्च

२० 17 अ० 16 - 2074 चै 02

भारतलाई नफापेको कास्मिर

कुनै पनि मुलुक तबसम्म शान्त हुन्छ, जबसम्म त्यस मुलुकका अधिकांश मानिसहरूलाई सरकारले ठीक काम गरिरहेको छ भन्ने लाग्छ । यदि सरकारले आफ्ना लागि काम गरेको छैन भन्ने भान मुलुकका जनतामा पर्न गयो भने त्यो मुलुकको लागि घातकसिद्ध हुन सक्छ । यस्तो मुलुकमा राज्य गर्नु पनि शासकको लागि कुनै लाभदायक हुँदैन । साथै जनताको माग पूरा गर्न नसक्ने शासक कुशल शासक पनि हुन सक्दैन ।

भारतको कास्मिरमा पनि अहिले भारतको विरूद्धमा आन्दोलन भइरहेको छ । यस किसिमको आन्दोलनले भारतको लागि कास्मिर नफापेको देखिन्छ । भारतको कास्मिरमा शनिबारमा पनि ठूलो संख्यामा उत्रिएका मानिसहरूले आन्दोलन गरेका थिए । यसले भारतको लागि कास्मिरमा आफ्नो अधिकार कायम राख्नु कठिन भइरहेको देखिएको छ । भारतीय नियन्त्रणमा रहेको भए पनि त्यहाँका मानिसहरूको लागि भारत मन परेको छैन । उनीहरू भारतीय भन्न पनि रूचाउँदैनन् । यसले पनि भारतको कास्मिर आगामी दिनमा पनि भारतको नियन्त्रणमा रहन्छ भन्ने छैन ।

शनिबार भएको आक्रमणले मात्र भारतको लागि कास्मिर समस्या बन्न पुगेको भने होइन । भरतमा विगत सात/आठ महिनादेखि भारतविरोधी आन्दोलनहरू भइरहेका छन् । जसको कारण यढो भारतको लागि टाउको दुखाइको विषय बन्न पुगेको हो । यसअघि कास्मिरमा एक विद्रोही भन्दै एक व्यक्ति भारतीय प्रहरीद्वारा मारिएपछि भारतले यस किसिमको समस्याको सामना गर्न पुगेको थियो । यद्यपि पाकिस्तानले भने भारतीय पक्षले मारेको व्यक्ति कास्मिरको एक युवा नेता रहेको बताएको थियो । सन् २०१६ को जुलाई महिनामा भारतीय सेनाले बुर्हान वानीलाई मारेपछि यो क्षेत्रमा अशान्ति फैलिएको थियो । त्यसपछि चार महिनासम्म लगातार चलेको प्रदर्शनको क्रममा एक सयभन्दा बढी मानिसहरूको ज्यान गएको थियो । पछिल्लो समग्र पनि एक विद्रोही मारिएपछि शनिबार आन्दोलन पुनः चर्किएको हो ।

अहिलेको अवस्थालाई हेर्ने हो भने यो समस्या त्यति छिटै समाधान हुन्छ जस्तो भने देखिँदैन । कास्मिरको आन्दोलन हिंसक बन्नुमा भारतीय पक्षको नै दोष रहेको देखिन्छ । शान्तिपूर्णरूपमा भइरहेको आन्दोलनमा प्रहरीले अधिकारको दुरूपयोग गर्दै दमन गरेपछि आन्दोलन उग्र बनेको हो । केही समयअघि भएको कास्मिरको मतदानमा काश्मिरमा निकै कम मात्र मत खस्यो भने कास्मिरका बच्चादेखि बूढासम्म पनि भारतीय सरकारको विरूद्धमा ढुंगामुढा गर्न अघि सर्ने गरेका छन् ।

भारतीय जनता पार्टीकी मुख्यमन्त्री मेहबुबा मुफ्ती अहिले त्यस क्षेत्रमा शासन गरिरहेकी छिन् । गएको सोमबार उनी राजधानी दिल्ली गई केन्द्रीय सरकारलाई कास्मिरको विषयमा केही भाषणहरू दिई उनीहरूलाई शान्त गराउनको लागि आग्रह गरेकी थिइन् । विवरणहरूमा बताइएअनुसार प्रधानमन्त्री



आस्था २०७१ भाद्र. ११ बुधवार

कटवाल प्रकरण हुँदाको भित्री कुरा

जनयुद्धको अन्तिम समर्पतिर सरकारी सेना ब्यारेकबाहिर घुमेको आधार प्राप्त ग चाहन्थ्यो भने जनसेना कांडेनार तोड्न चाहन्थ्यो ।

प्रचण्ड-बाबुरामले क्रान्तिको गफ गर्न छाडेका थिएनन् । विश्व बैंकको पैसा र जनवादी सत्ता साट्दा पनि 'क्रान्तिकारी' नेता रनभुल्ल थिए । बाबुराम भट्टराईको मध्यस्ततामा एकातिर १२ बुँदेमार्फत प्रचण्ड दिल्लीको चौघेरामा तम्सार भइसकेका थिए । प्रचण्डलाई 'भण्डाफोर कर देंगे' भन्दै तर्साउँथे । अर्कोतिर दिल्लीले प्रचण्डलाई होइन, बाबुरामलाई अघि सार्न चाहन्छ भन्ने सबैलाई थाहा थियो । यस्तो अवस्थामा क्रान्तिकारी नारासहित सत्तामा बनिरहने पकड र दिल्लीविरोधी मोर्चा (पार्टीभित्र र बाहिर) प्रचण्डलाई चाहिएको थियो । पार्टीभित्र रक्षा मन्त्रीसहित वैद्य-विप्लव पक्ष, शाही सेनामा कटवाल र दिल्लीविरोधी अन्तर्राष्ट्रिय शक्तिकेन्द्रबीच उठबस हुन थालेको थियो । मरिचमान सिंहलाई 'तपाईंले सेभ द नेसन किन विघटन गर्नुभयो ?' भन्दा 'तीनजना मान्छे ल्यायो भने दुईजना दिल्लीकै आइपुग्छ के गर्नु त' भनेका थिए रे ! प्रचण्ड, कटवाल र बलियो शक्ति केन्द्रको समर्थनमा नेपालमा लामो समयसम्म दिल्लीविरोधी गठबन्धन सत्ता निर्माण गर्ने खिचडी पाक्दै थियो । त्यो खिचडी पकाउन थालेपछि दाहाल परिवार र कटवालबीचको सम्बन्ध पारिवारिक बन्दै गयो । दाहाल-कटवाल परिवारको अस्वाभाविक निकटता र अन्तर्राष्ट्रिय शक्ति केन्द्रसंग विशेष सम्बन्ध भारतीय गुप्तचर एजेन्सीले थाहा नपाउने कुरै भएन । माओवादी पार्टीको सबै सूचना जस्ताको तस्तै दिल्ली पुग्थ्यो । नयाँ गठबन्धनको खिचडी पाक्न र त्यसलाई स्थायित्व दिनका लागि दक्षिण अफ्रिकी सेना समायोजनको नजिर लागू र पासाङलाई रोलक्रममा स्थापित गर्नुपर्थ्यो । तर, यो कुरा दिल्लीलाई स्वीकार्य थिएन । बाँकी ८ पेजमा

कटवाल...

दिल्लीलाई नियमित रिपोर्टिङ गरिरहेको आशंका भइरहेको थियो । जब सेना समायोजनको माओवादी प्रस्ताव अघि सारियो, तब कटवाललाई बीचमा बस्ने ठाउँ भएन । कटवाल र माओवादी नेताको सम्बन्ध बिग्रँदै गयो । कटवालबाट आफ्नो रणनीति पूरा नहुने देखेपछि नयाँ जनरलको खोजी हुन थाल्यो । त्यही क्रममा कुलबहादुर खड्का आइपुगे । त्यो सूचना दिल्ली पुगेपछि भारतीय दूतावास र कटवाल दुवै उत्तेजित हुन थाले । कटवाललाई कारवाही गर्ने कि नगर्ने भन्ने बहस पेचिलो बन्यो । आफ्नो आन्तरिक स्वभाव र प्रवृत्तिअनुसार प्रचण्ड अकर्मण्यतामा फसे । हाल वैद्यपक्षमा रहेका एकजना नेताले कटवाललाई कारवाही गर्न आलटाल गरेकोमा प्रचण्डलाई 'गद्दार' सम्म भनेका थिए । उता दिल्लीपरस्त एकथरीले कटवाललाई कारवाही गर्न उचाल्ने र अर्को पक्षले धम्की दिने खेल चलिरहेको थियो । झलनाथले समेत कारवाहीका लागि सहमति जनाएपछि प्रचण्ड कारवाही गर्ने निष्कर्षमा पुगे । अवकाशपत्र दिन बोलाइएका कटवाल दलबलसहित बालुवाटार पुगे । तर, अवकाशपत्र बुझ्न मानेनन् । खड्कालाई प्रधानसेनापति घोषणा गरियो । सेनामा तटस्थ स्थिति देखापर्‍यो । त्यसपछि राष्ट्रपति महोदयमार्फत १२ बुँदेमा गरिएको प्रतिक्रान्तिलाई स्थायित्व प्रदान गरियो । झलनाथदेखि कटवालसम्म सबै मिलेर प्रचण्डलाई थाङ्नामा सुताए । सर्वहारा सत्ता विघटन गरेर पुरानो सत्ता, गुप्तचर एजेन्सी र संसदीय फोहोरी खेलको दाउपेचमा क्रान्ति देख्ने चुरिफुरी समाप्त भयो । 'राज्यसत्ताबाहेक अरु सबै भ्रम हो' भन्ने भनाइलाई त्यो घटनाले फेरि एकपटक पुष्टि गर्‍यो ।

प्रचण्ड सरकारको राजीनामा र कटवालको अवकाशपछि घटनाको समीक्षा हुन थाल्यो । एकदिन प्रचण्ड वैद्य समूहका नेताहरू समेत लिएर कटवाल निवासमा पुगे । कटवालले शुरुमै 'आज रमाइलो लाग्यो, धेरै समयपछि यस्तो भेट भयो' भनेपछि हाल वैद्य समूहमा रहेका एक नेताले 'सधैं यस्तै होस् भनेको त हो नि, तपाईंले बिगार्नुभयो' भन्दा कटवाल गम्भीर मुद्रासहित 'ए नानु !' भनेर कराए । बैठक कक्षामा सानी बच्ची आइपुगिन् । कटवालले प्रचण्डलाई देखाएर त्यो को हो भन्ने प्रश्न गरे । त्यो सानी फुच्चीले 'प्रचण्ड अंकल' भनेपछि बच्चीलाई अन्यत्र पठाए । त्यसपछि कटवालले 'बुझ्नुभो, यो घरका बच्चाले पनि प्रचण्डलाई चिन्छन्, यो भेट १९ औं पटकको हो, धोका मैले होइन, तपाईंहरूले दिएको हो' भनेका थिए ।

यी घटना र परिवेशले के स्पष्ट हुन्छ भने कटवाल र प्रचण्ड दुवै दिल्लीबाटै परिचालित थिए । देशभक्तिको नारा दिएर एकले अर्कालाई प्रयोग गर्न चाहन्थे तर एउटै भियोमा नारिएर दाईं गरिरहेका गोरुहरू दुईतिर घुम्न सम्भव थिएन । कटवाललाई आफ्नो भौतिक शक्ति नै थियो । जसको नुन खाएको छ, उसैका विरुद्ध लड्न सम्भव थिएन । दिल्लीको आडमा पुनर्स्थापित भएका कटवाललाई भारतीय दलाल, नेपाली सेनामा भारतीय प्रभाव बढाउने राष्ट्रघाती जनरल भन्ने गम्भीर दाग लागेको छ । त्यो अपराध छोप्नका लागि उनले कलाविहीन नाटक मञ्चन गरिरहेका छन् तर अनुभव र क्षमता नभएको साहित्यको विधामा प्रवेश गर्दा जसाँप झनै नाँगिएका छन् ।

निषेधको राजनीति कसले गऱ्यो पूर्वराजा !

पूर्वराजा ज्ञानेन्द्र शाहले विहीबार पशुपति वनकालीमा आयोजित अन्तर्राष्ट्रिय विराट् हिन्दू सम्मेलन उद्घाटन समारोहमा सम्बोधन गर्दै भने, 'देशमा निषेधको राजनीति भयो र यस्तै कायम रहे विद्रोह हुन्छ ।' यसले अब पूर्वराजाले विद्रोह गर्ने मूड बनाएछन् । यो भनाइले बुझाउने कुरा त्यही हो । यहाँनेर एउटा अचम्मको कुरा भयो जनता विद्रोह गर्छन्, स्वतन्त्रता प्राप्तिका लागि भने राजा स्वतन्त्रता खोस्न । कसैको राजा भएर बस्न पाउनुपर्छ भन्ने मागले बुझाउने कुरा त्यही नै हो ।

विवरणअनुसार सम्मेलनलाई सम्बोधन गर्दै पूर्वराजा शाहले निषेधको राजनीतिबाट मुलुकमा राजनीतिक तथा सामाजिक असन्तुलन आउने र त्यसले जन्माउने उपेक्षाबाट विद्रोह जन्मिनसक्ने चेतावनी राजनीतिक दललाई दिए । कार्यक्रममा पूर्वराजा शाहले भने, 'हाम्रो दर्शनले हामीलाई सधै अगाडि बढ्न निर्देशत गर्छ तर व्यवहारमा निषेधको राजनीति अगाडि बढाइन्छ भने त्यसले राष्ट्रमा असन्तुलन निम्त्याउँछ । असन्तुलनले उपेक्षा जन्माउँछ र उपेक्षितहरूमा विद्रोह जन्मिन सक्छ । आजको यो स्थिति र हाम्रो दर्शनबीच हामीले आफूलाई राखेर हेर्न सक्यौ भने यथार्थलाई स्वीकार्न र परिस्थितिलाई सुधार्न सहज हुनेछ ।' पूर्वराजा शाहले आफ्नो सम्बोधनमार्फत राजनीतिक अस्थिरताका कारण देशमा बाह्य हस्तक्षेप बढेको र जनतामा चरम निराशा छाएको बताउँदै भने, 'यस्तो परिस्थिति कसरी सिर्जना भयो भनेर जनताले प्रश्न गर्ने बेला आएको छ । कहिल्यै पराजित नभएको नेपाल कुनै बेला विश्व शान्ति, अध्यात्म, संचेतना र सहिष्णुताको उपमा थियो भने आज हामी कुन अवस्थामा छौ भनेर सोच्नैपर्ने' बेला आएको छ । राष्ट्रको समग्र परिस्थिति र विगत केही वर्षका राजनीतिक गतिविधिसमेतलाई दृष्टिगत गर्दा चरम बाह्य हस्तक्षेप, जनतामा देखिएको निराशा, गन्तव्यहीन यात्रा हाम्रानिम्ति अभिशाप सिद्ध भएका छन् । मुलुकमा विषम जटिल र क्लिष्ट परिस्थिति किन र कसरी सिर्जना भयो, यसका कारक तत्व केके हुन् भन्ने कुरा अब नेपाली जनताले नै प्रश्न गर्नुपर्ने बेला भएको पूर्वराजाले बताए । उनले भने, 'सनातन धर्म, संस्कृति र सभ्यताको प्राचीन भूमि नेपालले आफ्नै मौलिक चिनारी हजारौ वर्षको पुरानो सभ्यता, परम्परागत धर्म, संस्कृति तथा राष्ट्रियताप्रतिको संवेदनशीलतालाई हृदयंगम गरेर सबै मिली अघि बढ्ने हो भने हामी पुनः दिगो शान्ति, स्थिरता र स्वाभिमानको रक्षा गर्न सक्छौ । राजर्षि जनकका आदर्श, बुद्धका वाणी, स्वामी विवेकानन्दका विचार तथा अनेक विद्वान(विदुषीहरूले देखाएको बाटो र हजारौ वर्षदेखि हाम्रा पूर्वराजाबाट विरासतमा प्राप्त सद्गुण र सद्विचार अनुसर गर्दै अगाडि बढ्न सके ज्ञान र विज्ञानका बीच सन्तुल कायम हुनसक्ने धारणा उन राखे । गाई, गंगा, गुरू, गायत्री

बाँकी ३ पेजमा


भारत र चीन, दुई शक्तिसँग दुर्लभ भक्ति,
मेरो जीवनको ठूलो उपलब्धि !
z z z z z z z
यो हप्ताको कार्टुन
आन्तरिक समस्या

पनि षड्यन्त्रकै भाग देखिन्छ, जसको कारणले बाँच्ने सम्भावनाहरूलाई पनि जानी-जानी मृत्युको मुखमा धकेल्न सकियोस् । राजाजस्तो महत्वपूर्ण व्यक्तिको लासलाई पोष्टमार्टम नै नगरी जलाइयो, ताकि सबुतलाई पनि लाससँगै जलाउन सकियोस् । त्यत्रो घटनामा राजा वीरेन्द्रपट्टिको मात्र किन वंशनाश भयो जब कि अरूलाई सामान्य चोटपटक पनि लागेन । अरू सकुशल रहन सफल हुनु पक्कै पनि खुशीको कुरा हो तर यसमा पनि चलखेलको गन्ध आउँछ ।

घटना भएको केही घण्टाभित्रै रगतका टाटाहरूलगायत सम्पूर्ण कुराहरू पखालियो र केही दिनभित्रै घटना भएको भवन त्रिभुवन सदन पनि भत्काइयो । विना अनुसन्धान किन हतार गरेर सम्भावित प्रमाणहरू नष्ट गरियो ? यति सफाइसँग दरबारजस्तो अति सुरक्षित स्थानमा त्यति ठूलो घटना गराउने हिम्मत र योजना जसोतसो व्यक्तिले गर्न सक्दैन । कतै यो अरूले भने जस्तै विदेशी ग्राण्ड डिजाइन त होइन ? हुन पनि अरूको देशमा रातारात सेना झारेर छापामार शैलीमा त्यहाँको सरकारप्रमुखको हत्या गराउने कार्य विभिन्न राष्ट्र र आतङ्कवादीहरूले नगरेका होइनन् । स्मरण रहोस् उक्त हत्याको मात्र केही वर्ष पहिले जनप्रिय कम्युनिष्ट नेता मदन भण्डारीको पनि रहस्यमय रूपमा हत्या गरिएको थियो । दरबार हत्याकाण्डभन्दा केही समय पहिले मात्र राजा र माओवादीबीच वार्ता हुने तय भएको थियो । के कुनै शक्ति राजा र माओवादीबीच वार्ता नहोस् भन्ने चाहन्थ्यो ? अथवा कुनै शक्ति नेपालमा कम्युनिष्टवादको उदय भएको हेर्न चाहन्न ? अथवा सेनाको निम्ति हतियार खरिद गर्ने विषयमा उत्पन्न भएको राजा र युवराजबीचको मनमुटाव नै हत्याकाण्डको कारण बन्यो ? कतै यसमा कमिशनको खेल त छैन ? फेरि बेलाबेला दीपेन्द्र जस्तै मुखौटा लगाएकाहरूले हत्या गरेको भन्ने कुरा चर्चामा नआएको पनि होइन । त्यसकै केही समयपछि दरबार हत्याकाण्ड आफूले गराएको हुँ भनेर विवादास्पद अभिव्यक्ति आएको थियो ।

यसरी हत्यारा हुँ भनेर खुलेआम अपराध स्वीकार्दा पनि प्रहरीले अनुसन्धानमा कुनै चासो देखाएन । न त सत्यतथ्यको खोज गर्ने जमर्को नै गर्‍यो । राजाका रक्षा गर्ने कसम खाएको सेना पनि मौन छ । दरबारका निकट मानिएका पूर्वप्रधानसेनापति रूक्माङ्गद कटुवालको हालै प्रकाशित आत्मकथामा पनि केही विशेष उल्लेख गरिएको छैन । त्यसबेला दरबारमा कार्यरत सर्वोच्चदेखि सबैभन्दा निम्नस्तरका कर्मचारीहरूले यस विषयमा केही बोल्न चाहँदैनन् ।

के सम्पूर्ण जिम्मेवार निकाय यस घटनालाई रहस्यको रूपमा लुकाएर राख्न चाहन्छन् ? अथवा के नेपाल सरकार सही तथ्य बाहिर ल्याउन चाहँदैन अथवा यसो गर्न बाध्य छ ? के यो हत्या युवराज आफैले रोजेको केटीसँग विवाह गर्न नपाएर गरेका थिए ? अथवा सत्ता प्राप्तिको निम्ति राजाकै दाजुभाइले मिलेर षड्यन्त्र गरेका थिए ? त्यहाँ उपस्थित कसैले पनि किन दीपेन्द्रको हतियार खोस्ने प्रयास गरेन ? के वीरेन्द्रभन्दा बढी उक्त गद्दीमा अरूको हक छ ? राजा महेन्द्रका अरू लुकाइएका सन्तानहरूको यससँग केही सम्बन्ध छ अथवा छैन ? के यो विदेशीले गराएको हो ? के हत्या गर्नेहरू दीपेन्द्रको मुखौटो लगाएर आएका थिए ? के छानबिन समितिले पनि झूठो प्रतिवेदन सार्वजनिक गर्‍यो ? यस्ता थुप्रै प्रश्नहरू छन्, यस घटनासँग सम्बन्धित हरेक प्रश्नको जवाफ जान्न चाहन्छन् जनताहरू । आशा गरौं नेपाल सरकारले चाँडोभन्दा चाँडो यसको छानबिन गरेर सत्यतथ्य कुरा बाहिर ल्याउँछ अनि दोषीले उचित सजाय पाउँछ ।

जनमञ्च

जनमञ्च

राजा वीरेन्द्रको सम्झनामा

-सुविन अधिकारी

सबैभन्दा जनप्रिय राजा वीरेन्द्र र उनको वंशनाश भएको पनि डेढ दशक बित्यो । तर आजसम्म नेपाली जनताहरूले त्यसको सत्यतथ्य जानकारी पाएका छैनन् । नेपाली जनताहरू अझै त्यस घटनालाई एक डरलाग्दो सपना जस्तो सम्झना गरिरहेका छन् । त्यस घटनामा नेपाली जनताहरूले आफ्नो अभिभावक गुमाए, आफ्नो आस्थाको केन्द्र गुमाए । आफ्नै परिवारको हत्या गरेको आरोप तत्कालीन युवराज दीपेन्द्रलाई लगाइयो । यो आरोप कति सत्य थियो कति झूठो त्यो त इतिहासको गर्भमा नै गुम्सेर रहेको छ । तर त्यो घटना छानबिन आयोगको प्रतिवेदन र विभिन्न रिपोर्टमा उल्लेख गरिए जस्तो सरल भने पक्कै छैन । म कुनै पनि तरिकाले राजदरबारसँग सम्बन्ध राख्ने व्यक्ति हैन । तापनि इतिहासमा विशेष रूचि र जिज्ञासु प्रवृत्तिको हुनाले के भन्न सक्छु भने घटना बाहिर आए जस्तो पक्कै होइन् । यसगा विभिन्न सत्यतथ्यहरू भेट्टाइएका छन् ।

यस्ता घटनाहरू हाम्रो देशमा र अन्तर्राष्ट्रिय जगत्‌मा बारम्बार घटेको कुरा इतिहासको सामान्य जानकारी हुने जोसुकैलाई पनि थाहा छ । सत्ता र धनको निम्ति परापूर्वकालदेखि नै यस्ता घटनाहरू बारम्बार दोहोरिएका छन् । यहाँ विभिन्न, जालझेल र षड्यन्त्र रचेर आफ्नै बाबु र दाजुभाइलाई हत्या गर्ने, कैद गर्ने कुरा नौला होइनन् । यस अर्थमा त्यो हत्याकाण्ड तत्कालीन युवराजले नै गराएका हुन् भन्ने होइन ।

उक्त रातको पार्टीमा तत्कालीन युवराजले अति नै बढी रक्सीको सेवन गरेको र आफ्नो कोठामा जान समेत अरूको सहारा लिनुपरेको धेरै प्रत्यक्षदर्शीहरूले बताएका छन् । फेरि त्यही व्यक्ति केही समयपछि अत्याधुनिक हतियारहरू बोकेर सबैलाई लखेटी-लखेटी संवेदनशील अङ्गमा ताकेर हाने भने बच्चाले पनि नपत्याउने कुरा धेरै पटक बाहिर आए । युवराज आफैं पनि सैन्य तालिम प्राप्त र हतियारका सौखिन भएकाले उनको निशाना अचूक हुनु नौला विषय होइन, तर त्यस्तो मातेको अवस्थामा त्यस्तो कार्य गरे भन्ने कुरा पचाउनचाहिँ अलि गाह्रै पर्छ । फेरि परिवारका सबैलाई मारेपछि आफैंले आफ्नो कन्चटमा गोली हानेर आत्महत्या गरे रे भन्ने आधारहीन कुरा पनि सुनिन्छ । जब कि त्यो घटनामा प्रयोग भएका हतियारहरू कञ्चटमा गोली हान्नै नसकिने साइजका छन् । घटनास्थलमा एउटा मात्र होइन, अनेकौं हतियारका गोलीहरू भेटिएका थिए । एउटै मान्छेले नशाको अवस्थामा त्यत्तिका हतियारहरू चलाउन हम्मेहम्मे नै पर्छ । उक्त घटनापछि तत्कालीन अधिराजकुमारले स्वचालित हतियार 'ब्रस्ट' भएर मृत्यु भयो भन्ने हास्यास्पद कुरा गरे । यो त सरासर सत्यलाई लुकाउने प्रयास देखिन्छ । अनि त्यत्तिका मानिसहरूको हत्या हुँदासम्म दरबार परिसरमा खटिएका सुरक्षाकर्मीहरू कहाँ थिए ? माथिको आदेशविना चरोसमेत उड्न नपाउने स्थानमा त्यत्रो घटना भयो भन्नु निकै रहस्यमय कुरा हो । कतै यो घटनामा रक्षकहरू नै भक्षक भएका त हैनन् ? उक्त घटनापछि सम्पूर्ण जिम्मेवारी पाएका निकायहरू एकअर्कालाई दोष थुपार्दै पन्छिन चाहे । घटनापछिको उद्धार कार्यमा पनि चरम लापरबाही गरेको पाइन्छ । घाइतेलाई नजिकैको सुविधासम्पन्न वीर र टिचिङ अस्पताल नलगेर टाढाको छाउनी अस्पताल पुऱ्याउनु



२०७१ भदौ १६ गते सोमवार "तरुण"

कटवालको सवालमा लामबद्ध जवाफ

काठमाडौं । विवादास्पद पूर्वप्रधानसेनापति रुक्मांगद कटवालको पुस्तकले जुन हलचल मच्चाउला भन्ने कल्पना गरिएको थियो, त्यो नभएपछि पाइपलाइनमा रहेका पूर्वजर्नेलहरूका किताव निस्कन केही ढिलाइ हुने भएको छ ।

पूर्वप्रधानसेनापति छत्रमानसिंह गुरुङ र कटवाल प्रकरणका अर्का नायक कुलवहादुर खड्काका पुस्तक दसैंअघि नै बजारमा आउने भनिएको थियो । तर कटवालको किताबले खासै वजार नलिएका कारण गुरुङ र खड्काको उत्साह सेलाएको छ। समाचार स्रोतका अनुसार एक लाखभन्दा बढी किताब विक्री हुने अनुमानका साथ प्रकाशकले कटवालको पुस्तक तयार गर्न निकै खर्च गरेको थियो, तर अहिलेसम्म पुस्तकको विक्री १० हजार पनि ननाघेका कारण प्रकाशक निकै मर्कामा परेको बताइन्छ । जसको प्रभाव गुरुङ र खड्काको पुस्तक वजारमा ल्याउने तयारी गरिरहेका प्रकाशकमा समेत परेको छ । आत्मप्रशंसा र परनिन्दामा मात्रै केन्द्रीत रहेको यथार्यता वाहिर आएका कारण कटवालको पुंस्तक पढ्न समय खेर फाल्न पाठकहरूले चाहेनन् । त्यसैकारण गुरुङ र खड्काको पुस्तकको पनि त्यही हालत हुने त होइन भन्ने प्रकाशकहरूलाई लागेको हो ।

कटवालले आफ्नो सल्लाह मान्ने जति सबै सफल भएको, नमान्ने जति सबै असफल भएको, आफू चाहिँ सर्वगुण सम्पन्न भएको, तत्कालीन राजा ज्ञानेन्द्रलाई कु गर्ने सल्लाह (बाँकी पृष्ठ ७ मा)



कटवालको....

आफूले नदिएको, तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई आफ्नो सल्लाहमा चलाउने गरेको जस्ता यथार्थभन्दा धेरै परका कुरा पुस्तकमा उल्लेख गरेका छन् । जसका कारण पुस्तक भन्ने पवित्र नामको समेत अवमूल्यन भएको टिप्पणी पुस्तक पढ्नेहरूले गरेका छन् । तर उनले ९० हजार सेनाका लागि के के रचनात्मक काम गरे भन्ने कुरा पुस्तकमा छैन । आफू पावरमा हुँदा धेरैलाई जागिर लगाइदिएको, सिपाहीको मेसमा समेत गएर भात खाइदिएको कुरा ज्यादै उपलब्धिका साथ कटवालले आफ्नो पुस्तकमा वर्णन गरेका छन्। आफूले कु गर्न गरेको तयारी वारे एक शव्द उल्लेख नगरेका उनले खड्काले नियुक्ति पाएको दिन रुँदै वसेकी उनकी श्रीमति उमालाई सम्झाउन पुगेकी कमला गुरुङलाई होस् गुमाएकी पात्रका रुपमा प्रशतुत गरेका छन्। जसको प्रशंग पूर्व सेनापति छत्रमान गुरुङको पुस्तकमा आयो भने कटवालले कसरी जवाफ दिन्छन्, हेर्नै पर्ने हुन्छ ।

कटवालले आफ्नो पुस्तकमा सवैभन्दा वढी उल्लेख गरेका पात्र एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले पागल प्रलापको संज्ञा दिएका छन् भने गिरिजाप्रसाद कोइरालाको निधन भइसकेको छ। तत्कालीन राजा ज्ञानेन्द्रले उक्त पुस्तक पढे कि पढेनन् ? वाहिर आएको छैन। पूर्वप्रधानमन्त्री शेरवहादुर देउवाले उक्त पुस्तकवारे टिप्पणी गरिरहनुपर्ने आवश्यकता ठानेका छैनन् । तर कटवाल प्रकरणका मुख्य पात्र खड्काले भने आफ्नो प्रकाशोन्मुख पुस्तकमा धेरै कुरा उल्लेख गरेको वुझिएको छ ।

[illegible]

ट्रम्प, मोदी र नेपाल

मणि शर्मा

औषधोपचारको लागि पतिक्कार गएको थियो, भारु पाँच सयका तीनवटा नोट थिए, साट्न खोज्दा कतै साटिएन। प्राइभेट अस्पतालमामा पनि ठूलो नोट नचल्ने रहेछ। औषधोपचारको लागि लखनउ गएका अन्य नेपालीको पनि समस्या त्यही थियो। बैंकमा जाँदा नेपाली परिचयपत्रलाई मान्यता दिएन। बाहिर फर्मोमा हजारमा दुई सय रुपैयाँ कमिसन दिएपछि ठूला नोट साटिने रहेछ।

यस्तै एकजना नेपाली पसलमा सामान किनेर ठूला नोट दिन खोज्दा पसलेले लिन मानेनन्। उनले आफ्नो बाध्यता देखाउँदा पनि उनको मन पग्लेन, पछि उनले भने हाम्रो नेपालमा त ठूला नोट सजिलै चल्छ। उनको यो कुरा सुनेर पसलेले भन्यो–अब हम लोग भी नेपाल जायेंगे। अपना व्यापार उधर ही करेंगे। अब तो नेपाल भी इन्डिया बन जानेवाला है।

उसको भनाइले मेरो मनमा नरमरी बिझ्यो। उससँग तर्क गर्न खोजिनँ। मैले आफूसँग भएको पाँच सयका नोट एउटा चिनेको पसलेसँग करकापले साटें। घर फर्केर समाचारमा आँखा दगुराएँ। त्यो भारतीय पसलेको भविष्यवाणीलाई सम्झें। कतै उसले सोचीविचारी त भनेको थिएन ? दाहाल सरकारले फेरि २५ लाख भारतीयलाई टोली गठन गरेर नागरिकता बाँड्ने तयारी गरिरहेको खबरले भारतीय पसलेको भविष्यवाणीलाई सत्यको निकट पुर्‍याएको पाएँ। ०६३ सालमा धेरै भारतीयलाई नेपाली नागरिकता बाँडेर पुगेको रहेनछ। भारतमा विलय गर्न सायद अझै धेरैलाई नागरिकता दिएर त्यो अभीष्ट पूरा गर्न दाहाल सरकार चाहन्छ। संविधान संशोधनको तयारीमा पनि नेपाललाई भारतमा विलय गराउने उद्देश्यले नै गरिएको अब कुनै प्रमाण खोज्नुपर्ने अवस्था छैन। ०६२/६३ को परिवर्तन नेपाली जनताले के नेपाललाई भारतमा विलय गराउन चाहेका थिए ?

अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्पको विजयले नरेन्द्र मोदी र पूरै भाजपाई जति उत्साहित भएका छन्, त्यति नै साधारण भारतीयहरू पनि भएका छन्। उनीहरूमा एउटा विश्वास जागेको छ। ट्रम्पको विजयले पाकिस्तान कमजोर हुनुका साथै चीनविरोधी गतिविधि बढ्नेछ र भारतको दादागिरी दक्षिण एसियाली मुलुकमा चल्नेछ। ट्रम्प मोदीका प्रशंसक हुन् र उनी हिन्दु धर्मलाई विश्वकै उत्कृष्ट धर्म मान्दछन्। हिन्दु धर्म र मोदीप्रतिको ट्रम्पको मायाले भारत सरकार मात्र होइन, विस्तारवादी मनोविज्ञान भएका भारतीयमा खुसी छाएको छ।

भारतीय अभीष्ट पूरा गर्न ओली सरकार ढालेर दाहाल नेतृत्वको माओ काँग्रेस सरकार भारतले बनाइदिएकोमा अब कुनै नेपाली दुईमत छैनन्। राष्ट्रियताको सन्दर्भमा एमालेको चरित्र पनि स्थिर छैन। आफ्नो अनुकूल हुने गरी संविधान संशोधन हुन दिन ऊ बाधक बन्ने छैन। नागरिकताको मुद्दामा पनि उसले आफ्नो चुनावी नाफा-नोक्सान हेरेर आलोचनासम्म गर्न सक्छ। विरोधमा आउने सम्भावना कमै छ। संसद् बाहिरका दलहरू नारामा मात्र सीमित छन्, राष्ट्रियताको रक्षाको सन्दर्भमा क्रान्तिकारी भाषणबाहेक कार्यान्वयन पक्ष शून्य छ।

संविधानमा उल्लिखित खाद्य सम्प्रभुताको माग राखेर बन्द गर्नु ठीक-बेठीक जे भए पनि यो बेमौसमको राग हो। खाद्य सम्प्रभुताको प्रत्याभूति आवश्यक हो। सिक्किम र गोवाका जनताले भारतको अरू प्रान्तको जनताभन्दा बढी सुविधा पाएका छन्। भारतको अरू प्रान्त हेरी त्यहाँका जनताको जीवन स्तर उन्नत नै छ। के त्यो भन्दा उनीहरूले स्वतन्त्र र सार्वभौम जनता हुने अधिकार पाए ? कश्मीरी जनता कश्मीर भारतमा विलय भएको आज ६८ वर्ष हुँदा पनि स्वतन्त्रताको लागि संघर्षरत छन्। के पाइरहेका छन् तिनीहरूले ? लाखौंजति त सेना र प्रहरीको गोली खाएर सहिद भइसकेका छन्, हजारौं कश्मिरी कानुनी रूपमा प्रतिबन्धित प्यालेट गनको गोली खाएर अपाङ्ग भइरहेका छन्। यो क्रम जारी छ।

भारतीय सर्तअनुसार संविधान संशोधन र पुनः नागरिकताको भण्डारा लगाएर नेपाललाई सिक्किमीकरण गरेर सिक्किम र गोवाको जनता जस्तो खाद्य सम्प्रभुता र विकासमा नेपाली जनताले सन्तोष गर्ने कि कश्मिरी जनता झैं स्वतन्त्रताको लडाइँ गर्दै भारतीय फौजको गोली खाँदै सहिद हुने तथा प्यालेट गनको गोली खाएर अपाङ्ग हुने नियति रोज्ने ? बेलैमा नेपाली जनता माओ काँग्रेस सरकारविरुद्ध र उसले गर्न लागेको संविधान संशोधन र नागरिकताको भण्डाराविरुद्ध कडारूपमा आन्दोलित हुन आवश्यक छ।

ट्रम्पको विजयले मोदी सरकार उत्साहित भएको छ। ऊ अब दक्षिण एसियाको एकछत्र सम्राट् बन्ने सपना देखिरहेको छ। विश्वमा फेरि फ्यासीवादको उदय भएको छ। अमेरिकी जनताले ट्रम्पलाई विजय गराए पनि उनलाई आफ्नो राष्ट्रपतिको रूपमा स्वीकार गर्न सकेका छैनन्। सडकमा ट्रम्प हाम्रो राष्ट्रपति होइन भन्ने प्लेकार्ड बोकेर सडकमा निस्कन सुरु गरेका छन्। ट्रम्पको जित अमेरिकी लोकतन्त्रको उपहास भएको छ।

अलकायदा संगठनले ट्रम्पको विजयमा खुसी व्यक्त गर्दै आफ्नो वेबसाइटमा लेखेको छ 'अब हामीले अमेरिकालाई बर्बाद गर्न धेरै केही गर्नुपर्ने छैन, किनकि यो काम अर्बपति बिजनेसम्यान ट्रम्प आफैले गर्नेछन्। सेप्टेम्बर ११ मा अमेरिकाले अलकायदाको हातबाट विनाश भोग्नुपर्‍यो, अब नोभेम्बर ९ मा अमेरिकी जनताले स्वयं आफ्नो विनाश आफैं रोजेका छन्।' ट्रम्पको जितमा पुटिन, खुसी हुनु र पुटिन, मोदी र ट्रम्पको त्रिभुजले फ्यासीवादलाई मलजल दिनेछ। विश्व दुई ध्रुवमा बाँडिन बाध्य हुनेछन्। चीनलाई एक्लो पार्ने मोदी र ट्रम्पको घोषित लक्ष्यले नेपाल चेपुवामा पर्नेछ।

फासीवादउन्मुख विश्वको वर्तमान अवस्थाबाट नेपाल अछुतो रहन सक्दैन। भारत स्वतन्त्र भएदेखि नै सरदार बल्लभ भाइ पटेलको नेपाललाई भारतमा गाभ्ने लक्ष्यलाई त्यही गुजरातका नरेन्द्र मोदीले कार्यान्वयन गर्नेतर्फ चालेको षड्यन्त्रको उपज हो वर्तमान माओ-काँग्रेस सरकार। संविधान संशोधन र टोली बनाई देशभरि विशेषगरी तराईका गाउँगाउँमा गएर नागरिकता प्रमाणपत्र वितरण गर्ने सरकारको योजना कार्यान्वयन हुनबाट रोक्न सक्नुपर्छ देशभक्त नागरिकले। अहिलेको प्रमुख मुद्दा खाद्य सम्प्रभुता र कालापानी होइन कि सिंगो नेपालको स्वतन्त्रता र सार्वभौमसत्ता रक्षाको कडा आन्दोलनको आवश्यकता छ। नेपाल बन्द र भारतीय दूतावासमा ज्ञापनपत्र दिँदैमा नेपाललाई सिक्किमीकरण हुनबाट रोक्न सकिँदैन। संसदभित्र र बाहिरका राष्ट्रवादी शक्तिहरू राष्ट्रियताको सवालमा एक ठाउँमा आएर मोर्चाबन्दी गर्दै आन्दोलनमा जानुको विकल्प छैन।

सीमना [illegible] २०७२ आवरण पे ५२

लिपुलेक कब्जा कसको गल्तीले ?

२०७२ जेठ १ गते हिन्दुस्तानका प्रधानमन्त्री नरेन्द्र भाइ मोदीको चीनयात्राका क्रममा भएको व्यापार सम्झौतामा नेपालको लिपुलेक नाकाबाट दुई देशले व्यापार गर्ने भनी उल्लेख गरेपछि हाम्रो प्रादेशिक अखण्डतामाथिकै अतिक्रमण भयो भन्ने सबैजसो नेपाली पत्रकार तथा बुद्धिजीवीहरू खडा भए र यस सम्बन्धमा [illegible] मौन भए पनि बेइजिङले पहिले त्यसबारे गम्भीर ध्यानाकर्षण गर्ने भनिसकेको छ।

लिपुलेकबारे अहिले जे-जस्तो अवस्था रहे पनि यथार्थ के हो भने हालको नेपाल हिन्दुस्तान सीमा भनेको सन् १८१५ मा इस्ट-इन्डिया कम्पनीले नेपालमाथि लादेको सुगौली सन्धि नै हो। उक्त सन्धिको दफा ५ मा राजा नेपालले कालीदेखि पश्चिमको मुलुक आफ्ना तर्फबाट या आफ्ना वारिस या कायममुकामका तर्फबाट सन्तान दरसन्तान छोडिदिने छन् भनेअनुसार हुने स्पष्ट छ।

प्रेम केदी

महाकाली अर्थात् महाकाली नदी पश्चिम भन्ने व्याख्या छ। त्यसलाई अंग्रेजहरूले षड्यन्त्रपूर्ण चलखेल गरेको उनीहरू स्वयम्ले प्रकाशित गरेको हिमालयन गजेटियर (एटीएट किन्सन् १८८४) हेर्दा स्पष्ट हुन्छ र उक्त ठेली २ को पाना ६६७ मा गभर्नर जनरल लर्ड हेस्टिङ्सका कार्यालयले आफ्ना कमिश्नर ई. गार्डनरलाई कालीनदीलाई सीमा मानेर नेपालसँग सम्झौता गर्दा भविष्यमा तिब्बतसँग हुने व्यापारमा के कति असर पर्छ र त्यसलाई कसरी आफ्नो हितमा पार्ने, सो गर्न-गराउन आदेश दिएको भनिएको छ। यस पुस्तकलाई आधार मानेर कुमाउँका इतिहासमा बद्रीदत्त पाण्डेले पाना ४३२ मा ब्यासका दुई गाउँ टिंकर र छाङ्रु जो कालीपारि छन् सन् १८१७ मा चौतरिया बम शाहले माग्ने र जाँच गर्दा तो नेपालकै निस्क्यो। पछि ती दुई गाउँ नेपाललाई दिइयो र श्री शाह त्यहीबेला [illegible]

द थ्रोन अफ द गड्सका लेखकद्वय स्विस भूगर्भविद् आर्नोल्ड हाइम र अगस्त गान्सेरले ६ देखि आठ गुणा बढी पानी भएको कुटी नै महाकाली भनिनुपर्नेमा सानो काली खोलालाई महाकालीको मुहान भनिएकोमा आश्चर्य व्यक्त गरेका छन्। द थ्रोन अफ द गड्स १९३९ पाना ७४० मा यथार्थमा कुटी नै कालीको मुहान हो तर अंग्रेजहरूले जबर्जस्ती लिपुगाडलाई काली खोला बनाएर महाकाली (कुटी) पूर्वको लगभग ५६ [illegible] भूमिमात्र कब्जा नगरी त्यहाँ नक्कली काली खोलाबाट टिंकर उत्तरको पूरै छाडो लिपुलेकसम्मै लगभग १६ किलोमिटर भूमि (परिक्रमा कुमाउँ भन्ने प्र. गिरिराज शाह/डा. सरिता शाहको पुस्तकको पाना ३५०) कब्जा गर्न पुगेको स्पष्ट देखिन्छ।

[illegible] सर्वप्रथम जागृति साप्ताहिकमा २०२९ फागुन १८ गते पत्रकार दिल्लीप्रसाद आचार्यले राष्ट्रिय अखण्डतामाथि भयंकर प्रहार। नेपालमा भारतीय सेनाको छाउनी निर्माण भनी लेखेको समाचार पढ्न

> काठमाडौंले हेर्ने र डोटी, जुम्ला, बझाङ, बैतडी र दार्चुलाबाट व्यास चौदास दार्मा क्षेत्रलाई हेर्ने भाव नै धेरै फरक छ। मलाई लाग्छ, हाम्रो सभ्यता, संस्कृति, इतिहास नजानेका व्यक्तिहरूका हातमा राज्य व्यवस्था गएकाले पनि आज

लिपु क्षेत्रमा भइरहेको अतिक्रमणको पटकपटक भण्डाफोर गरेको र विसं २०४८ पछि सांसद प्रेमसिंह धामीले यस विषयमा [illegible] चर्को विरोध गरे, उनका मित्र पत्रकार ऋषिराज लुम्सालीलगायत अन्य धेरै राजनीतिज्ञहरूले यो विषय उठाए। त्यसपछि दुइटा कुरा अगाडि आयो। एक चन्द्रप्रकाश मैनाली र वामदेव गौतमको नेतृत्वको नेकपा (माले) भन्ने एमाले फुटेर नयाँ दल बन्यो, जसले युवाहरूको नेतृत्वमा खुकुरी प्रदर्शन गर्दै कालापानी मुक्त गर्ने भनी हिँड्यो। त्यस्तै अर्को पक्षमा राष्ट्रिय जनमोर्चाको टोली जसमा चित्रबहादुर केसी, डा. बाबुराम भट्टराई, लीलामणि पोखरेल आदि अग्रभागमा थिए। तिनीहरूले कुटीयाङ्दी महाकाली हो भन्दै लिम्पियाधुरा नै पश्चिमी सीमा भएको कुरा सार्वजनिक गरे। समग्र राष्ट्र नै महाकालीको मुहानमा भएको अतिक्रमणमा केन्द्रित हुँदा मनसा यस अतिक्रमणविरुद्ध पढ्दै-लेख्दै आएको र महान् देशभक्त योगी नरहरिनाथ जस्ता विद्वान् संस्कृतिविद्को

बझाङ, बैतडी र दार्चुलाबाट व्यास चौदास दार्मा क्षेत्रलाई हेर्ने भाव नै धेरै फरक छ। मलाई लाग्छ, हाम्रो सभ्यता, संस्कृति, इतिहास नजानेका व्यक्तिहरूका हातमा राज्य व्यवस्था गएकाले पनि आज अंग्रेज र उनीहरूपछि भारतीयहरूले नेपाली अखण्डतालाई धुना-धुना पार्न भ्याएका छन्। जुन भूमि पछिल्लो नेपाल एकीकरणमा गोर्खा साम्राज्यमातहत गयो, त्यो यथार्थमा कहिले जुम्ला त कहिले डोटी अनि बझाङ राज्यअन्तर्गत थियो। त्यति मात्रै नभएर त्यो भूमि सन् १४०२ तिर विश्व विजेता भई दिल्लीमा क्रूर हमला गर्ने समरकन्दका लुटेरा शासक तैमुर लंगलाई मार्नुअघि सम्पूर्ण हिमालय जगाउन जुम्ला साम्राज्यका अधिपति महाराज बलिराज शाहीले जुम्ला खलंगा बजारपूर्व रहेको दान सोंपुमा आफ्ना परिवारजनहरूलाई दान दिएको भूमि हो। बलिराजबाट दान पाएको दार्मा, चौदास र व्यासको भूमि वास्तवमा जुम्ला साम्राज्यको अविभाज्य अंग हो र त्यहाँका सबै बासिन्दालाई आज उत्तराखण्डका इन्डियनहरूले 'भुटिया' भन्छन्, ती भुटिया नभएर जुम्लाका ठकुरी या क्षेत्री हुन् र यस कुराको अध्ययन-अनुसन्धान हुन बाँकी छ। गोर्खा साम्राज्यमा यो जुम्ला साम्राज्यसँगै अधीनस्थ गरिएको भूमि र त्यहाँका बासिन्दाको इतिहास लेख्ने काम राज्यले नगरेको परिणाम आज हाम्रो भूमि विदेशीहरूले जथाभावी खोस्ने मौका पाएका छन्। राज्यले आजसम्म पनि नेपालका विविध राज्य र जातिहरूको इतिहास नलेखेको परिणाम दार्चुला जिल्लाको चौथाइ भूमि दिनदहाडै लुटिएको छ। अर्को यो भूमि लुटिनुका पछाडि जसले जे भने पनि इन्डियाबाट नेपालमाथि लादिएको संसदीय राजनीतिको परिणाम हो भन्नो राजा महेन्द्रले २०१७ सालमा आरोप लगाएर काँग्रेसको सरकार हटाएका थिए। विदेशी हात्ती घिउ चुवाउने त्यस बेलाको सरकारले चीनले तिब्बत लिएको र नेपाल पनि लिन सक्ने भनाइ मात्र नगरी [illegible] जबर्जस्ती चिनियाँहरूसँग [illegible] खोज्ने जस्ता काम गरी नेपालमा विदेशी सेना डुलेर उत्तरी चेकपोस्ट बनायो र त्यसै क्रममा कालापानी भनिने नेपाली भूमिमा ब्यारेक र बंकर बनाएर। पछि प्रधानमन्त्री कीर्तिनिधि बिष्टले राजा महेन्द्रको इशारामा विदेशी सैनिक चेकपोस्टहरू हटाउँदै र तर कालापानीमा भने उनीहरूले छोड्न मानेनन्। सायद काँग्रेसकै कारण त्यो क्षेत्र



लिपुलेक बारे २०३८ मा बनाइएको एक गोप्य सरकारी स्केच

The Kathmandu Post, Wed, July 10, 2013

Parties 'most corrupt' institutions in Nepal

BHADRA SHARMA

KATHMANDU, JULY 9

A WORLD-WIDE corruption survey carried out by Transparency International (TI), an international corruption watchdog, has shown Nepal's political parties as the most corrupt institutions in the country.

TRANSPARENCY INTERNATIONAL

Seventy percent respondents surveyed in Nepal said political parties are the most corrupt. In 2011 report, only 53 percent respondents had blamed political parties for corruption.

The global survey called Global Corruption Barometer ranked public officials in second position and police in third followed by the parliament, judiciary, private sector, educational institution, NGO, health sector and religious institutions.

The report has listed the media the least corrupt institution in the country. The report says 34 percent of the respondents blamed self-centric power centres run the government.

Releasing the report in the Capital on Tuesday, TI-Nepal Chairman Bishnu Bahadur KC said: "Corruption is so rampant in the country that no one can contest the findings of the report."

The international corruption watchdog has been conducting the survey every two years since 2003. Nepal started taking part since 2011.

The survey was based on interviews with 114,000 people in 105 countries. In Nepal, 1,000 households of 58 municipalities were surveyed.

The report says 57 percent respondents perceived that the level of corruption has increased significantly in the past two years, while 34 percent said that international power centres were behind government operation. Sixty-nine percent of the respondents have pointed out corruption at public service as major problems.

KC argued that national sovereignty was under threat due to growing corruption in the country. "Public should unite to fight corruption and save the country," said KC.

CORRUPT CONTD ON PG 4

'Political parties acted whimsically'

CORRUPT FROM PG 1

Former Chief Commissioner of the Commission for Investigation of Abuse of Authority Surya Nath Upadhyay pointed out the irresponsible activities of political parties and prolonged transition as reasons behind the parties being pushed to the top of the corruption list.

"Political parties acted whimsically and there was no mechanism in place to oversee them, while the constitutional anti-corruption body remained ineffective for years," Upadhyay said.

Minister for Labour and Employment Kumar Belbase was removed from the post after he was caught on camera demanding Rs 250,000 from 59 overseas employment agencies for office registration. Belbase's predecessor Sarita Giri was also sacked from the post on charge of corruption.

Senior leaders of the UCPN (Maoist), including the party Chairman Pushpa Kamal Dahal and his deputy Baburam Bhattarai, have been accused of misusing around Rs 4 billion from the state coffers while allocating salary and allowances to the then Maoist combatants.

Over 400 complaints filed against top politicians, security officials, bureaucrats, among others have been filed at the CIAA on charge of accumulating properties without legal means.

गौरव शम्सेरको गन्ध खेलः जर्नेलमाथि झेल !

श्रीमान सम्पादकज्यू,

तपाईंको साँघु साप्ताहिक पत्रिकामा नेपाली सेनाका वर्तमान र पूर्व अधिकृतहरूका बारेको गुनासोहरू बारम्बार प्रकाशित भइरहेका हुन्छन्। यसले नेपाली सेनाका जवान, अधिकृत र रथीवृन्दहरूलाई सतर्क गराउने काम पनि गर्दै आएको छ। यसै सन्दर्भमा हामीले यहाँ सहायक रथी दर्जाबाट अवकाश भएका अशोक नर्सिंह राणाको बारेमा केही पत्रपत्रिका र अनलाइनहरूमा प्रकाशित झुठो खबरले दुःखी तुल्याएको हुँदा उहाँलाई नजिकबाट बुझ्ने हामी अधिकृतले सत्यतथ्य कुरा प्रकाशित गरी सेनाका सकल दर्जा र आम मानिसमा पर्न गएको भ्रम हटोस् भन्ने चाहेर यो पत्र लेखेका छौं।

तत्कालीन ९ बाहिनीपति अशोक जर्साब काम विशेषले नयाँ दिल्ली जाँदा जनकपुरमा राष्ट्र बैंक भएको कारणले मात्र आफ्नो बाहिनीको मेजरलाई गणपति प्रमुख सेनानी ढिजन थियासँग सहयोग लिई आई सी साट्नु भएको हो। यही कुराको मौकालाई ढिजन थियाले उपहार रकम मागेको जस्तो घटिया कुराको इस्यू बनाई जंगी अड्डाका जर्नेललाई कुरा लगाए। त्यही बेलाका चिफ गौरव शमशेरले एकोहोरो कुरा मात्र सुनी एनडीसी समेत गरेका बाहिनीपति अशोकको भविष्य उज्ज्वल हुँदाहुँदै पनि आफू चिफबाट अवकाश भएपछि मात्र थाहा हुने निर्णय ७ महिना अगाडि नै गरी अति गोप्य राखेछन्। सैनिकमा परेको बेला एक अर्कालाई सहयोग गर्ने चलन नै छ। बाहिनीपति जर्नेल जस्तो व्यक्ति आफ्नो पैसा साट्न बैंकमा लाइन बस्नु कति व्यवहारिक हुन्छ होला ? आफ्नै जुनियर अधिकृतलाई व्यक्तिगत पैसा साट्न लगाउनु कसरी गलत काम हुन सक्छ ? ९ बाहिनी अड्डा अन्तर्गत अन्य ५ वटा गणका तत्कालीन गणपतिहरूसँग अशोक राणाले व्यक्तिगत रुपमा र बाहिनीलाई भनि के कति उपहार र रकम लिएका थिए र ढिजन थियाले जनकपुरको गणमा गरेको कामको सोध खोज गरेको भए सत्यतथ्य थाहा भई दोषीलाई कारबाही भएको भए न्याय हुनथियो र अझै पनि सहायकरथी अशोकका बारेमा छानबिन गरेमा कुनै आपत्ति छैन।

शक्तिशाली व्यक्तिको आशीर्वादको आडमा संस्थागत नीति विपरीत कार्य गर्ने अधिकृतलाई जुनै पनि बाहिनीपतिको धर्मले जागिर गएपनि आँखा चिम्लिन मिल्दैन ? प्र.से. ढिजन थियाले बाहिनीपतिको कुरा लगाउने र अपहेलना गर्ने, बाहिनीको स्टाफलाई पर्काइ झगडा गर्ने गरेकाले बाहीनीपतिले सम्झाउदा, बुझाउदा नसुधिएपछि सो कुरा नेकेबेदीमा दर्साई अफिसमै ढिजन थियाले सही गरेको र पृतनापतिले सदरगरी आर्मी हेडक्वाटरमा फाइल पठाएकोमा सोर्सफोर्समा कारवाही रोक्न सफल भइ टर्म धपाएर सैनिक अड्जर्भरमा गए। गणपतिले बाहिनीपति र पृतनापतिलाई कमाण्ड गरे।



स.र. अशोकले गौरवलाई भेटी सो कुरा भन्दा उहाँले 'त्यस्तो गल्ती तिमीबाट भएको भए, तिमीलाई कारबाही हुनथियो नि' भन्नु, यो घटनापछि पनि डेढ वर्षसम्म बाहिनीपतिको जिम्मेवारीमा राखिराख्नुले हामीले हल्ला भएपनि नखाएको विष लाग्दैन सर भनेर त्यो बेला अशोक जर्साबलाई भनेका थियौं। गल्ती गर्ने जनरललाई सनिटइ र २४ घण्टे पोष्टिङ गरेको पनि नेपाली सेनामा इतिहास छ। गौरव सर ! मान, पद आफ्नो ठाउँमा छ, सबैले सबै ओहोदा पाउँदैनन्। अशोकको टर्म नथप्नु चिफको ईच्छा हो तर लान्छना लगाउनु सेनापतिको धर्म होइन र आफू अवकाश भएपछि मात्र पीडितले थाहा पाउने काम गर्नु आफू चोखो हुन खोजेको होईन र ? तपाई गौरव सरले यो कुरा नगरेको भए हाल चिफ राजेन्द्र छेत्रीले सोचिसम्झी सही निर्णय गर्ने समय थियो र गर्नु हुन्थ्यो होला। पदोन्नति सोचे अनुसारको नहुँदाको पीडा चाडै बिर्सिनु भए छ, गौरव सरले। - शुभचिन्तक अधिकृतहरू, नेपाली सेना

सबैका मनमा राजा बीरेन्द्र

टिका धमला



जब-जब देशमा राजनैतिक, सामाजिक, आर्थिक इत्यादी कुराहरूको अन्योलले गर्दा राष्ट्र निर्माणको बाटोमा अवरोधहरू देखिन्छन् तब तब जनमानसमा आफ्ना पुराना इतिहासको सम्झना हुँदोरहेछ। त्यस्तै राष्ट्र र राष्ट्रियताको सवालमा विभिन्न चुनौतीहरूको सामना गर्दै देशलाई सही बाटोमा डोऱ्याउने नेतृत्वहरूको पनि सम्झना गरिँदोरहेछ। नेपालको सन्दर्भमा बडामहाराजा पृथ्वी नारायण शाह, राजा महेन्द्र, राजा वीरेन्द्र नेपालले बिर्सने नसक्ने नेतृत्व हुन भन्नु कुनै अत्युक्ति नहोला।

"अनेकतामा एकता नेपालको राष्ट्रियता" भन्ने मूलमन्त्रलाई आत्मसात गरी ढिलो गतिमा भए पनी सहि बाटोमा अघि बढिरहेको नेपाल २०५८ साल जेठ १९ गते दरबारमा भएको अकल्पनीय घटनामा राजा वीरेन्द्रलाई गुमाएपछि आज धागो हराएको माहुरीको गोलो जस्तो भएको छ। त्यस दिनबाट आजसम्म नेपालले सहि नेतृत्व पाउन नसकेको हामी सबै नेपालीले महसुस गरेका छौं। क्षेत्रीय र अन्तर्राष्ट्रिय जगतमा पनि यसको असर परेको टड्कारो रुपमा देखिएकै छ। यो पङ्क्तिकारलाई त नेपालको आजको अवस्था देख्दा झन् झनै राजा वीरेन्द्रकै झझल्को आईरहन्छ। यो पङ्क्तिकारसँग बेलाबखत भेट हुने नेपाली वा विदेशी मित्रहरूसँग गरिएका अन्योलको स्थितिको नेपालको सेवामा गर्दा राजा वीरेन्द्रलाई सम्झने स्थिति भएको महसुस भएको छ र सबैका मुखबाट राजा वीरेन्द्र भएका भए आज हामीले यस्तो अवस्था बेहोर्नु पर्ने थिएन भन्ने व्यक्त भएको पाइन्छ।

विश्वमा र जनतामा पनि राजा वीरेन्द्र

राष्ट्र र राष्ट्रियताको सवालमा आज नेपालले बाटो बिराएको देखिएको छ। छिमेकीहरूसँग भएको सम्बन्ध केही खलबलिएको छ। अन्तर्राष्ट्रिय जगतमा नेपालको छवि धमिलो भएको छ। हामी आपसमा क्षेत्रीयताको आधारमा, जातियताको आधारमा, भाषाभाषी र अन्य कैयौं माध्यमबाट सृजना भएको फुट र फटको राजनीतिले नेपाल बिरामी परेको छ। यस्ता कैयौं आजको नेपालको तस्बिर हेर्दा फेरि राजा वीरेन्द्र जस्तै नेतृत्वको अभाव भएको महसुस हुन्छ। राजा वीरेन्द्र सबै दल जातजाति, भाषाभाषी, लिङ्ग वर्गका साझा राजा थिए र नै हामी सबै एक थियौं। उहाँको शासनकालमा भएका केहि राजनीतिक उतार चढावमा उहाँकै सबल नेतृत्वमै हामी आपसमै छलफल गरेर आफ्ना समस्याहरु आफैं समाधान गरेका थियौं।

———— बाँकी ४ पेजमा

२०७१ कार्तिक २० गते विदेश१ नागरिक

पारस शाहको अर्को नाम 'ब्ल्याक ज्याक'

काठमाडौं/ पूर्वयुवराज पारस शाह पछिल्लोपटक लागूऔषधसहित पक्राउ परेपछि चिन्तित रहेका उनका परिवार र शुभेच्छुकहरूलाई सान्त्वना दिँदै आफूसँग मुद्दा लड्ने आँट रहेको र परिवार र राष्ट्रको लागि आफ्नो जीवन दाउमा लगाउन सक्ने साहस आफूसंग अझै रहेको जनाएका छन् । परिवार र शुभेच्छुकहरूलाई सम्बोधन गर्दै पारस शाहले तपाईहरूकै 'ब्ल्याक ज्याक' भनेर आफ्नो नयाँ नाम जोडेका छन् । पूर्वयुवराज पारसले पछिल्लोपटक

ज्याकका नामबाट पूर्वयुवराज पारस शाहले आफ्नो फेसबुकमा लेखेका शब्दहरू 'फेसबुकमा मैले पछिल्लोपटक १४ सेप्टेम्बर, २०११ मा पोस्ट गरेको थिएँ जस्तो लाग्छ । त्यसपछि र अझ भन्नुपर्दा खासगरी दुई महिनायता घटनाक्रमले अर्कै मोड लियो । लागूऔषधसँग सम्बन्धित घटना, त्यसपछिका शृंखलाबद्ध पक्राउ, जेलचलानलगायत योजनाबद्ध रूपमा गराइएका घटनाका कारण मेरो परिवार र मेरा साथीलाई पनि यी घटना साँच्चिकै देखिएकै रूपमा घटेको हो कि भन्ने परेको छ।

भन्नेबारे जनाएको थिएँ । त्यसवेला मैले त्यस्तैखालको मुद्दा दोस्रोपटक खेपेको थिएँ । पछिल्लोपटक त्यो मुद्दा हार्न पुगेँ र यसबापत मैले ठूलो मूल्य चुकाउनुपर्‍यो ।

फेसबुकमा मैले के लेखेको थिएँ भन्ने तपाईहरूले सायद सम्झनुभएको होला । यदि म गलत छैन भने त्यो ११ सेप्टेम्बर २०१४ को दिन थियो । त्यस दिन मैले मेरा साथीलाई ६ अक्टोबरसम्म मेरो विश्वास गर्न र मसँग रहन भनेको थिएँ । ६ अक्टोबरको दिन अदालतमा मेरो तारेख थियो । समयले सबै कुरा

पारस शाहको...

मैले यसो भनेपछि सेप्टेम्बरको मध्यदेखि अन्त्यसम्म बैंककमा रहेका मेरी बहिनी र मेरा बेस्ट फ्रेन्डहरू घर फर्किए । उनीहरूसँगै थाइल्यान्डमा बस्ने नेपाली पनि हाम्रो महान् चाड दशैं मान्न घर फर्किए ।

सबैजना घर गए भनेर मैले गुनासो गरेको होइन । दशामा सबैले आफ्नो घर जानैपर्थ्यो । त्यतिबेलै मैले मेरा बुबाज्यूलाई हृदयाघात भएको खबर पाएँ । त्यसपछि मैले मेरी बहिनीलाई बैंककमा थप एक दिन रहन अनुरोध गरें । त्यसपछि मैले बुबाज्यूलाई कतिको गम्भीर हृदयाघात भएको रहेछ भन्ने बुझें । बुझिहेर्दा माइनर आघात परेको र अवस्था गम्भीर नरहेको थाहा पाएँ । त्सकको भोलिपल्ट बहिनी र मेरा बेस्ट फ्रेन्डहरू काठमाडौंका लागि मबाट विदा भए । जाने बेलामा उनीहरूले भाइटीकामा पुनः बैंकक आउँछौं भनेका थिए । भाइटीका २५ अक्टोबरमा थियो ।

६ अक्टोबर आयो । मुद्दा लड्न भनेर म बैंककतिर लागें । म बैंकक पुग्दा नेपालीसँग बिहे गरेकी मेरी थाइ बहिनी आङ मलाई रिसिभ गर्न विमानस्थल पुगेकी थिइन् । त्यहाँबाट हामी सीधै अदालत गयौं ।

अदालतमा मबाहेक अरु कोही पनि नेपाली थिएन । मसँग दुईजना थाई वकिल थिए । म एक्लो परुँला भन्ने सोचेर मेरी थाई बहिनी पनि मसँगै आएकी थिइन् । उनलाई अदालतमा चलिरहेको मुद्दाबारे कुनै आइडिया थिएन । ती दुई थाई वकिललाई अंग्रेजी बोल्न आउँदैनथ्यो । म थाई बोल्दिनथेँ । यस्तोमा विचरा मेरी थाई बहिनी म्येपुवामा परिन्, जसलाई मेरो केसबारे केही थाहा थिएन । म उनीसँग वकिलहरूसँग भन्दा बढी कुरा गर्ने भएकाले न्यायाधीशले उनैलाई बोलाए र 'तिम्रो दाजुले यो मुद्दा लड्यो भने ठूलो समस्यामा फस्न सक्छ, त्यसैले सबै आरोपहरू स्वीकार गर्न लगाउ' भने । अदालतको सुझावअनुसार मैले सबै आरोप स्वीकार गरें । गह्रौ मन लिएर असन्तुष्ट हुँदै मैले त्यसो गरें । त्यो ६ अक्टोबरको दिन थियो ।

त्यो बेलुका बैंककको एउटा होटलबाट मैले अदालतको निर्णयसम्बन्धी कुरा फेसबुकमा पोस्ट गरें । ७ अक्टोबरमा उनको (मेरी महिलाको) जन्मदिन थियो । अदालतको निर्णयप्रति असन्तुष्ट रहँदै गर्दा पनि म त्यो दिन पार्टीमा सरिक भएँ । अदालतको फैसलाबाट आफ्नो, परिवारको र देशको प्रतिष्ठामा आँच आउनेछैन भन्ने सोचेको थिएँ । मलाई फसाउन खोजिएको छ भन्ने पुष्टि गर्न सक्ने प्रमाण मसँग छ भन्ने सोचेको थिएँ ।

मैले ती महिला र थाइल्यान्डको कानुन बुझेको चार वर्ष भएको थियो । ७ अक्टोबरको रातिदेखि भोलिपल्ट बिहानसम्म ती महिलासँग मेरो झगडा पर्‍यो । बिहान १२ बजेतिर मलाई उनकै नगरमा उनका भाइले पक्राउ गराए । यसबारे मैले धेरै भन्न मिल्दैन । अदालतमा मुद्दा अझै चलिरहेको छ ।

थाइल्यान्डको कानुनमा कसैलाई पक्राउ गराउन प्रहरीलाई सुराकी गर्नेले पक्राउ परेका व्यक्तिले तिर्ने जरिवानाको ३० प्रतिशत पाउने प्रावधान छ । त्यसैले मेरो परिवार र मेरा साथीसँग मेरो विनम्र अनुरोध छ, म बेवकुफ होइन । मसँग यो मुद्दा लड्ने आँट अझै छ । परिवार र राष्ट्रका लागि आफ्नो जीवनलाई दाउमा लगाउन सक्ने साहस मसँग अझै छ ।

तपाईहरूकै ब्ल्याक ज्याक

२०७१.कार्तिक २० गते नागरिक (प)

पूर्वराजा ज्ञानेन्द्र भोलि भारत जाँदै

काठमाडौं/ पूर्वराजा ज्ञानेन्द्र शाह साताव्यापी भ्रमणका लागि भोलि शुक्रबार भारत जाँदैछन् । नयाँ बन्ने संविधानमा नेपाललाई हिन्दूराज्य बनाउनुपर्ने माग राख्दै राप्रपा नेपाल र नेपाली कांग्रेसका नेता खुमबहादुर खड्काको समूहले आन्दोलन चर्काउन खोजिरहेका बेला पूर्वराजाको भारत भ्रमणलाई अर्थपूर्ण मानिएको छ । निर्मल निवासले पूर्वराजाको भ्रमणलाई गोप्य राखेको छ । (बाँकी ७ पेजमा)

पूर्वराजा...

सार्क सम्मेलन नजिकिँदै गरेको र भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउन लागेका बेला पूर्वराजा एक्कासी भारत जान लागेका छन् । पूर्वराजा शाहको टोलीमा उनका निजी सचिव सागर तिमल्सिना, संवादसचिव डा.फणिराज पाठक, निजी अंगरक्षक सशस्त्र प्रहरीका डिएसपी उद्धव रावल र शाही अर्दली हरिशरण थापा रहेका छन् । सार्क सम्मेलन नजिकिँदै जाँदा पूर्वराजाको टोली भारत भ्रमणमा जानुको उद्देश्यबारे कुनै जानकारी दिइएको छैन । संविधानमा हिन्दूराज्य र राजतन्त्रको विषयमा बहस अघि बढाउन पूर्वराजाको टोली भारत भ्रमणमा जान लागेको ठहर छ । करिब दुई महिनाअघि हृदयाघात भएर अचानक नर्भिक अस्पतालमा उपचार गराई फर्केपछि निर्मल निवासमै आराम गरिरहेका पूर्वराजाको टोली भारत भ्रमण गर्न लागेको भन्ने विषयमा निर्मल निवासले कुनै जवाफ दिन चाहेको छैन ।

पूर्वराजाको टोली भोलि शुक्रबार २ बजे इण्डियन एयरलाइन्सको विमानबाट भारतको राजधानी नयाँ दिल्ली जाने कार्यक्रम तय भएको छ । निर्मल निवासले पूर्वराजा ज्ञानेन्द्रको टोली दिल्लीमै बस्ने वा अन्यत्र जाने भन्ने विषयमा पनि कुनै जानकारी गराएको छैन । पूर्वराजाले मुलुकको पछिल्लो अवस्थालगायतको विषयमा भारतमा उच्च राजनीतिक भेटघाट गर्न सक्ने अनुमान गरिएको छ ।

पुस्तकालय

Acc. ४४६९
2261

यता जाऊँ कि उता जाऊँ : कम्रेड प्रचण्ड दोधारमा...

२०७४-५१-८३ गोरखापत्र

यताउताका कुरा

- घुमन्ते

केही दिनयता आएर कम्रेड प्रचण्डले आफूलाई बाङ्गो बनाउँदै लगेको देखिन थालेको छ। नेपाली उखान छ-को गर्छ लोकमा सोझो ग्रहको पूजन्तादिक अर्थात बाँगिन जानेन भने काम हुँदैन। सोझो औंलाले घ्यू आउँदैन, अलिकति बाङ्गो बनायो भने मात्र घ्यू आउँछ। ओली कम्रेडले जब प्रधानमन्त्री पद प्रचण्डलाई सुम्पन ढिलोढालो गरे, बाङ्गो बनेरै देउवासँग मिलेर सजिलैसँग सत्ताको जिम्मा पाएका हुन्। सोझो व्यवहार गरेको भए अहिलेसम्म ओलीलाई प्रधानमन्त्री भनेर दर्शन टक्र्याइरहनु पर्दथ्यो। अहिले देउवाकाजी प्रधानमन्त्री भएका छन्, प्रचण्डलाई यसमा कुनै आपत्ति छैन, आपत्ति छ भने काममा ढिलोढालो गरेकोमा। मन्त्रिपरिषद्को पूर्णताको कुरा छाडौं आफ्नै सचिवालयलाई भरिभराउ गर्न सकेका छन्। उनको प्रशासन सिकर्मीको भरेङ भत्केजस्तो छ। त्यसैले देउवाको डुंगामा आफू पनि सयर गर्ने हो भने कताको खाल्डोमा खसिन्छ भन्ने लाग्न थालेको छ। माधव कम्रेडले घरैमा गएर भने रे आउनोस् मिलेर जाऊँ, तपाईंलाई प्रधानमन्त्री बनाउन कुनै आपत्ति छैन। ओली कम्रेडले मुख फोरेरै भने अब हामी मिलेर जानुपर्छ।

चितुवा कराउनु र बाख्रो हराउनु एकैपल्ट परे जस्तै प्रचण्डको बैंकक भ्रमण केको लागि हो भन्ने चर्चा चल्न थालेको छ। सीता भाउजुको ब्लडप्रेसर जाँच्न मात्र बैंकक जानु पर्दैनथ्यो। नेपाली नेताले विदेशी नेतालाई सुटुक्क भेट गर्ने ठाउँमा बैंकक र सिंगापुर परेका छन्। विचरा देउवालाई के थाहा बैंककमा कस्तो नाटकको अभिनय गरियो भन्ने कुरा। कस्ता कस्ता रोग लागेका नेता नेपालमै उपचार गराउँछन्, ब्लडप्रेसर जँचाउने एउटा निहुँ पारेको पो हो त? कम्रेडलाई कति दिनसँगै यस्तो त्यस्ता जुम्से नेतासँग भनेर कान भरेर पठाए कि कसो? यता आऊँ कि उता जाऊँ भनेर बाङ्गोबाङ्गो कुरा गर्न थालेका छन्। एमालेको जादूले काम गर्‍यो कि कसो-कम्रेड प्रचण्ड यता लागौं कि उता गर्न लागेको थाहा पाएर देउवाको होसहवास उड्न थालेको छ। उस्तै परे उत्तरतिरका दाइको रायमा नयाँ सरकार नबन्ला भन्न सकिँदैन। नयाँ सरकारको अगुवाई गर्न पाए कम्रेड प्रचण्ड मख्ख, नेपाली कांग्रेस छक्क।

पुरियो त खाल्डो

काठमाडौं उपत्यका नै खाल्डो छ भने यहाँका सडकमा खाल्डो पर्‍यो भनेर कसो चित्त दुखाई गर्नु। कसैले खाल्डो पुर्नु पर्‍यो भने पूरै उपत्यका पुर्न सबैतिरबाट माटो ल्याए पनि पुग्दैन। खाल्डो माने भोक। यहाँ सबै भोका छन्। कोही पैसाका भोका, कोही सत्ताका भोका। यी भोको पेट भर्न.



जति भए पनि पुग्दैन। आगोमा घ्यू हालेजस्तो, जति हाले पनि भो पुग्यो न भन्ने। पैसा देखेपछि महादेवका तीन नेत्र। कुबेरलाई नपुगेको धनले हाम्रा नेता कसरी चित्त बुझाउन्। दलाल बडा गरेर ठेकेदारसँग, उद्योगपतिसँग, व्यापारीसँग धमाधम पैसा न बटुल्ने हो भने नातपुस्ताको व्यवस्था कसरी गर्ने। पेटको खाल्डो भर्न नेताहरूले अपनाएको उपाय मान्नैपर्छ, यो कुरा सबै नेताले जान्नैपर्छ। अरु कुरामा ढंग पुगे पुगोस् नपुगे न पुगोस्, कमाइ गर्ने पक्षमा भने राम्रै ढंग पुर्‍याउनु पर्छ। आमाको पेटदेखि नै सिकेर आएको कुरा नै यही होला।

प्रधानमन्त्रीले १५ दिनभित्र उपत्यकाका सबै खाल्डो पुरिसक्नु भनेर निर्देशन दिए। एककानले सुनेर अर्को कानले उडाउन सक्ने हाम्रा प्रशासकहरूले थपिदिए दबदबे हिलो। प्रधानमन्त्रीलाई चिन्ता-यो खाल्डोमा कतै आफ्नो सत्ता नै पर्ने हो कि !! यहाँ ३५।३५ वर्षसम्म बिनारोकटोक प्रधानमन्त्री पद थामेर बसेकाहरू पनि थिए। त्यही बसेकी चेली थिति गरेका देउवाकाजी कसरी हुन्छ आफ्नो पद लम्ब्याउनेमा छन्। अरु खाल्डो पुर्न १५ दिनको म्याद तोक्ने प्रधानमन्त्रीले मन्त्री पदका खाल्डाखुल्डी भर्ने झण्डै दुई महिना लगाए, पार्टी अध्यक्ष भएपछि दुई महिनामा भर्नुपर्ने पदका खाल्डा अझै पुर्न सकेका छैनन्। काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर गर्दै जिम्मेदारी टार्दै आएका प्रधानमन्त्री निर्देशन दिनमा माहिर छन्। निर्देशन पालना होस् नहोस्-केको चिन्ता। नेपालीहरू जति नै अन्याय भए पनि सहेर बस्छन्, कानमा तेल हालेर केही पुरै सुन्दैनन्। तर साह्रै रिस उठेपछि आँखा देख्दैनन्। रिसमा कसले वेद पढ्छ र? कुन दिन भएभरका रिस निकाले काठमाडौंका खाल्डा पुर्न नेताहरूलाई खलाती दिने हुन् कि? नेताहरूको तातीहाल्दा खाल्डा पक्कै पुरिन्छन्।

तीन त्रिपट महाविकट

कोइराला परिवारमा डाहा चल्यो, कतै अब कोइरालाको दिन राजनीतिबाट सधैंका लागि समाप्त हुने हो कि भनेर। देउवाले लट्याउन्ट्याउ पारेर अर्को चार वर्ष पार्टीको अध्यक्ष पदमा कब्जा जमाए भने अरु सबै हेर्‍याहेर्‍यै। यो कुरा फोहोर गरिसक्यो, दैलो देख्यो भने भो कोइरालाहरूले यत्ति बुझे। त्यसैले अब त

भएन है भनेर मिलापत्रका कुरा गर्न पुगे। राजनीतिमा उत्तराधिकारको परम्परा अझसम्म कायम रहेको एसियाली मुलुकमा ४।४ जना प्रधानमन्त्री जन्माएको कोइराला परिवारको नयाँ पुस्ता हिस्स बुढी लरिया दाँत लिएर बस्नुपर्ने हो कि भन्ने चिन्ताले सतायो। अनि थानाथाने निहुँ झिकेर भविष्यमा प्रधानमन्त्री पद खाने तयारीमा लागेका हुन्। सिद्धान्त, सहमति र समझदारीको कुरामा ज्ञान नभए पनि हिड् नभए पनि हिड् बाबुको टालो छ भनेर फाइँफुइँ गर्न थालेका छन्। छोराछोरी हुँदैमा बाबुबाउको ज्ञान र गुन सार्ने होइन स्यार-त्यसका लागि त्यस्तै साधना पो चाहिन्छ। सोझ पर्न नपाउँदै घाँटी खसखसाउने रोगले धेरै नेताका छोराछोरीलाई पिरोलेको छ-कोइरालाबन्धुहरू त्यसभन्दा छुट्टै छन् भन्ने जिम्मा लिने कसले। शेखर, शशांक र सुजाता साँच्चै मिलेर राजनीतिमा उत्रने हो भने पुस्ताको साउँबाट ब्याज खान सक्ने। यसो हेर्दा अब मिल्ने नै लक्षण देखाएका हुन् कि !!

तर राजनीतिमा कोभन्दा को कम !। सुजाता उपप्रधानमन्त्रीसम्म भैसकेकी। बाबुको प्रतापमा माधव नेपालले उपप्रधानमन्त्री बनाएका हुन्। बोकेको कुकुरले मृग मर्दैन, बोकेर राजनीतिमा राखेकी सुजाताबाट नेतृत्व होला भन्ने न सोचे हुन्छ। विश्वेश्वरले भनेका थिए-यदि मेरा छोराहरूमध्ये कसैले राजनीति गर्न सक्छ भने प्रकाश कोइराला हो-तर ऊ बीचैमा बिलाए। नपत्याइएका शशांकले त्यति सजिलै राजनीतिको रथ हाँक्लान् भनेर नसोचे हुन्छ। पार्टीका महामन्त्री उनको औकात र हैसियतले होइन बीपीका छोराको नाताले भएका हुन्। अब कुरा रह्यो शेखरको। नोना आमाको कुशल प्रशिक्षणमा रहे पनि झनक्क रिसाउने र सानो परिधिमा रमाउने स्वभावले व्यापक परिवेशको राजनीतिमा पीडी खेल्न सक्ने कुरामा अझै शंका छ। तीन मध्ये उमेरले पाका शेखर नै दौडमा अगाडि पर्लान् कि !! तर आपसमा बाझाबाझ गरेर तीन त्रिपट महाविकट न बनून्।

हिस्स पर्नेहरू

एकथरिलाई प्रधानमन्त्री देउवाले आश्वस्त पारेका थिए-तपाईं मेरो टिममा पर्नु हुन्छ-राम्रै सगाउनु होला। तर त्यस्तामध्ये केही हिस्स पर्नमा गए। मेडम डिनालाई लागेको थियो-मैले जति कसले सगाएको छ र? तर मन्त्रीको नाम निस्कँदा त खरायोको टाउकोबाट सिङ् हराएजस्तो भयो। आफ्नै जिल्लाका साथी शत्रु लागेपछि कसको के लाग्छ र !! यताउता सोचेपछि प्रधानमन्त्रीले च्वाट्टै नाम काटिदिए। अर्को मकवानपुरका उम्मेदवार परे अर्जुन जोशी। सबैले बधाइसमेत दिए, दौरासुरुवाल सिलाए, भविष्यका योजना बने-म मन्त्री भएपछि यसो गर्छु उसो गर्छु। मनको लड्डु घ्यूसँग खानु भनेझैं उनको रहर खहरेले बगायो। पर्वतका जोशीको भाग मधेशमा पुग्यो। कसैलाई चिट्ठा कसैलाई मार। विचरा जोशीप्रति समवेदना भन्नुबाहेक के नै गर्न सकिन्छ र !! पाटनका मदनमान अमात्य, आफूलाई मन्त्रीपद पक्कै आउँछ भन्नेमा ढुक्क थिए। काठमाडौंबाट भीमसेनदास, अम्बिका बस्नेत र राजकुमारी केसी परे ललितपुर चिप्लै। त्यसो त कांग्रेसका यादी पाण्डे, कमला पन्ताहरू पनि कतै प्याट्ट आफ्नो नाम परिहाल्छ कि भन्ने आशमा थिए तर हात लाग्यो निराशा।

राप्रपाका एकथरी नेता कुरा मिल्नासाथ मन्त्रीको सुविधायुक्त मोटर चढेर घरगाउँ गएँला भन्दै थिए-प्रधानमन्त्रीले वास्ता टेरेनन्। केरा खाएपछिको बोक्राजस्तो बाहिर फालिदिए। अब राप्रपाका दिन सधैंका लागि अस्ताए जस्तो छ। उत्ताउलो गाई सर्सौंले बाधले, बाई जस्तो भयो। यता माओवादी केन्द्रका अनि सापकोटादेखि रामनारायण बिडारीसम्म मन्त्री पद नपाएपछि तालुमा पानी ठोकेर बसेका छन्। अरुलाई रोकेर आफू अगाडि बढौंला भनेको त आफैंलाई छिर्की लाग्यो। नारायणकाजीले छिर्के लिकै कडा परेछ-माओवादी केन्द्रका मै हुँ भन्ने नेताहरू बाहिरिनेमा परे। यस्तै हो, मै हुँ भन्ने नेताहरू पनि पाखामा परेको माछा जस्तो हुने रहेछन्।

अन्त्यमा-

भरतपुर-१९ को पेसी सर्दासर्दा अर्को स्थानीय निर्वाचनको मिति भेट्ने हो कि भन्ने चिन्ता लागेको छ।



निधिको नाटकमण्डलीमा आरजु छम्छम्

काठमाडौं । प्रधानमन्त्रीको सपथ खाएको ४९ दिनपछिमात्र शेरबहादुर देउवाले दोस्रो पटक मन्त्रिपरिषद विस्तार गरेका छन् । पहिलो चरणमा आठ जनालाई मन्त्री बनाएका उनले दोस्रो चरणमा १९ जना थपे । निकै समावेशी सरकार बनाउने रटान लिए पनि अहिलेसम्म जम्मा तीन जनामात्र महिला मन्त्री बनेका छन् ।

त्यसो त देउवा पत्नी एव कांग्रेस सासद डा आरजु राणा देउवाले ३३ प्रतिशत महिला सहभागिताको माग गर्दै पतिसमक्ष ज्ञापनपत्र बुझाएकी थिइन् । आरजुकै संयोजकत्वमा संसदमा महिला सांसदहरूको समूह 'ककस' गठन भएको थियो । तर ककसको गठनले नै अर्को ठूलो षडयन्त्र रचेको स्रोतको दावी छ । एकातिर ककसको नेतृत्व गर्ने अनि अर्कातिर आरजुले पूर्व गृहमन्त्री विमलेन्द्र निधिको नाटकमा छमछम नाच्ने भूमिका निभाएको देउवा निकटका एक नेताले रीस पोखे । कांग्रेसभित्रै पनि असन्तुष्टि मच्चिएको छ । समावेशी नहुनुमा आरजुकै भूमिका बढी भएको स्रोत बताउँछ । स्थानीय तहको निर्वाचनमा टिकट दिंदासमेत धनकुटुरो जम्मा गरेकी आरजुले महिलाबाट धन बटुल्न नसकिने भएकाले नै पुरूषलाईमात्र रोजेको बताइन्छ । प्रधानमन्त्रीसहित कांग्रेसबाट १४ जना मन्त्री नियुक्त हुँदा एक जना महिला अम्बिका बस्नेतले मन्त्रिपरिषदमा ठाउँ पाएकी छिन् ।

कांग्रेसमा प्रत्यक्ष निर्वाचित सात जना महिलामध्ये एक जनालाई पनि मन्त्रीमा नियुक्त नगरिनुले कांग्रेसले जनमतको कदर गर्दैन भन्ने आधार स्पष्ट भएको छ । देउवाले अहिले आफ्नो दादागिरी देखाइरहेका छन् । तर यो दादागिरीले उनलाई भन्दा बढी कांग्रेसलाई असर गर्नेछ । कांग्रेसी महिला सांसदहरू पनि रिसाएका छन् । नेतृत्वसंग जवाफ माग्ने धुर्की लगाइरहेका छन् । तर यो धुर्कीले कुनै विद्रोह गर्दैन भन्ने स्पष्ट हो । पार्टी नीति नै गतिलो नभएपछि त्यसले दिने परिणाम यही नै हो । नीतिअनुसार चल्ने पार्टी नहुनु नै कांग्रेसमा लाग्नेहरूको दुर्भाग्य हो । नीति अनुसार चल्ने भएको भए देउवाले यतिठूलो धृष्ठता गर्न सक्ने थिएनन् । देउवाको यो सनकले समग्र कांग्रेसको बेइज्जत भएको छ । आदिवासी, जनजाति पनि पछि परेका छन् । प्रदेश र प्रतिनिधिसभाको निर्वाचन हुन बाँकी नै छ । यदि त्यो सोचलाई केन्द्रीत गरी समावेशी सरकार गठन नगर्नु कांग्रेसका लागि सबैभन्दा ठूलो क्षति हो । अब महिला, दलीत र जनजातिले के आधारमा कांग्रेसलाई भोट दिने ? २७ सदस्यीय मन्त्रिपरिषमा मधेसी ५, थारू ३, महिला ३, जनजाति २, मुस्लिम १ र दलित १ जना मन्त्री छन् । कांग्रेस बाहेकका *बाँकी ७ पेजमा*

निधिको ...

अन्य सत्ता साझेदार दलहरू पनि त्यही लयबाट गुज्रिएका छन् । तर सरकारको नेतृत्व कांग्रेसले गरेकाले त्यसको नाफाघाटाको हिसाबकिताब पनि उसले नै गर्नुपर्छ । मन्त्री छान्नका लागि शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने पक्का भएदेखि नै विमलेन्द्र निधिको बास देउवा निवास बुढानीलकण्ठमा थियो । हर क्षण उनी र आरजुले टाउको गन्थे । सेटिङ्ग मिलाउँथे । स्रोत भन्छ - अहिले कांग्रेसभित्र जे जति भइरहेको छ सबै निधिकै हात छ ।

निधि त्यस्ता मन्त्री हुन् जसले चीनकाजी श्रेष्ठ, अर्जुनप्रसाद जोशी, भीष्मराज आङ्देम्बे लगायतका एक दर्जन सांसदलाई पीढित बनाए । कांग्रेस प्रमुख सचेतक चीनकाजीलाई त गत बुधबार शपथका लागि राष्ट्रपति भवनमा बोलाइएको थियो । हतारले पोशाक लगाउँदै गर्दा उनलाई देउवाका पीएले 'यसपटक सकिएन, तपाईलाई अर्कोपटक' भनेपछि उनी छ्याँगाबाट खसेझैं भएका थिए ।

मन्त्री हुने भन्दै बुक्क भएका जोशीको नाम पनि अन्तिम समयमा काटिएको थियो । कतिपय सांसदहरूले त शुभेच्छुकबाट शुभकामना आदानप्रदानसमेत गरिसकेका थिए । प्रदेश नम्बर २ को स्थानीय निर्वाचनका लागि भन्दै चीनकाजीको नाम पञ्चायती शैलीमा हटाउँदै महेन्द्र यादवलाई मन्त्री बनाइएको स्रोतको दावी छ । यसपटक नुवाकोटेहरू भने छुटेका छन् । स्वार्थका लागि देउवा गुटमा लागे पनि उनीहरू सरकारमा नहुँदा पीडाबोध गरेका छन् । सबैभन्दा ठूलो कुरा कांग्रेसको शक्तिको हो । त्यो शक्ति क्षीण हुँदै गएको छ । कांग्रेसभित्रको कोइरा

स्याम्प, रामचन्द्र स्याम्प, सिटौला दरफ्स र खुमबहादुर स्याम्पसमेत रहेकाले पनि अबको चुनावमा अझ बढी आन्तरिक अन्तर्घात हुने निश्चित छ ।

आरजु-देउवा ठाकठुक

साझा सवाल कार्यक्रममा आरजुको आग्रहले भाग लिएर आलोचित भएपछि आरजुसंग रुष्ठ भएका देउवाले मन्त्रिमण्डल विस्तारमा ३३ प्रतिशत महिला पर्नुपर्ने आरजुको मागलाई लत्याएपछि आरजु-देउवा ठाकठूक सतहमा आएकै दिन मण्डिखाटारतिर सानोतिनो भोज नै चलेको केही मित्रियाहरूले नारदलाई सुनाउँदै थिए ।

अख्तियारको नातावाद

बोला र नगरको जग्गा सुनको भाउमा किनेर निगमका पदाधिकारीहरु जग्गा खरिदमा मुछिएपछि सांसदहरुको दवावले अख्तियारले छानविन थाले पनि खेलकुदका गणेश थापाको भ्रष्टाचार फाइल लोकमानको नातावादले तामेलीमा रहे जस्तै हुने हो कि । भनी ससदीय समितिमा चर्चा चलेको केही सांसद नारदलाई सुनाउँदै थिए ।

भूमाफियाले सेनाकै जग्गा पनि गरे भोज

▸ गाघव पौडेल

२०७२ भाद्र २२ सोमबार [illegible]

काठमाडौं । सरकारी जग्गा गैरकानूनी रुपमा व्यक्तिका नाममा दर्ता गर्ने क्रम दिनप्रतिदिन बढिरहेको छ। भूमाफिया र मालपोतका कर्मचारीको मिलेमतोमा सेनाको नाममा रहेको जग्गा पनि कित्ताकाट गरी टुक्राटुक्रा पारेर व्यक्तिको नाममा दर्ता गरिएको पाइएको छ। सेनाको सिंहदरबारस्थित क्याबलरी(घोडा) गणमा कार्यरत सैनिकहरूको निवासका लागि उपयोग गरिएको काठमाडौं महानगरपालिका वडा नम्बर १० को २ रोपनी ५ आना जग्गाको पूर्जा माग्न जाने क्रममा व्यक्तिका नाममा पाँच टुक्रा पारी दर्ता गरी कित्ता छुट्याइसकिएको खुलासा भएपछि सैनिक अधिकारी नै चकित परेको समाचार छ।

नेपाली सेना

नापी कार्यालयमा हालसाविक (अद्यावधिक)का लागि गएका सैनिक प्रतिनिधि मालपोतमा गएपछि जग्गा पाँच टुक्रा भएर व्यक्तिको नाममा दर्ता भएको जवाफपछि आश्चर्यमा परेका थिए। ती सैनिक प्रतिनिधिले मालपोतमा मोठ भिडाउने क्रममा मालपोतमात्र होइन, गुठी संस्थानसमेतको मिलेमतोमा सेनाको स्वामित्वमा रहेको जग्गा गैरकानूनी रुपमा व्यक्तिको नाममा दर्ता भएको खुलासा भएको फेलापरेको थियो।

साविक काठमाडौं जिल्ला महादेवस्थान वडा नम्बर ४ कित्ता नम्बर २५ को उक्त जग्गा कसरी व्यक्तिको नाममा दर्ता भयो ? मालपोत कार्यालयले सेनाको तीन तले भवन देख्दादेख्दै कसरी व्यक्तिका नाममा उक्त जग्गा दर्ता गर्‍यो ? सैनिकहरूका लागि निर्मित भवन देखेर पनि कसरी चारकिल्लाको सर्जमिन गरियो ? सेनाको भवन चालीसको दशकमै बनाइएको पुरानो रहेको छ। २०५८ मा उक्त जग्गा दर्ता गर्दा सेनाको भवन नै भएको अवस्थामा कसरी कित्ताकाट गरियो ? मध्यबानेश्वरको रत्नराज्य स्कूलबाट १ सयदेखि १ सय ५० मिटर दूरीमा रहेको नेपाली सेनाको नाममा रहेको उक्त जग्गा आनाकै न्यूनतम २५ देखि ३० लाख रुपैयाँ पर्छ। जसको मूल्य सामान्यतः दश करोडभन्दा पनि माथि हुन्छ।



सिंहदरबारस्थित नेपाली सेनाको क्याबलरी गणमा कार्यरत सैनिक निवास जुन पाँच टुक्रा बनाई व्यक्तिको नाममा दर्ता गरिएको छ।

तत्कालीन मालपोत प्रमुख श्रीवत्स घिमिरे लगायतका कर्मचारीहरूले सेनाको जग्गा गैरकानुनी रुपमा व्यक्तिका नाममा दर्ता गर्ने क्रममा ठूलै आर्थिक चलखेल गरेकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरी दोषीलाई कारवाहीको दायरामा ल्याउनपर्छ। र, गुठी संस्थानले ०२२ मा कसैको नाममा पनि नभएको उक्त जग्गा कुन आधारमा व्यक्तिको नाम राख्यो त्यसको पनि छानबिन गर्नुपर्ने सैनिक स्रोतको भनाइ छ।

नापीको फिल्डबुकमा सेनाकै नाम

नापी कार्यालयको फिल्डबुकमा 'नयाँ नापी भएर सेनाको नाममा पूर्जा तयार गर्ने निर्णय भएको' उल्लेख छ। फिल्डबुकको कैफियत महलमा प्रष्ट शब्दमा सेनाको नाममा पूर्जा बनाउने कुरा उल्लेख हुँदाहुँदै २०५८ मा तत्कालीन डिल्लीबजार मालपोत कार्यालयका प्रमुख श्रीवत्स घिमिरेको पालामा व्यक्तिका नाममा गैरकानूनी रुपमा दर्ता गरिएको पाइएको छ। २०२२ नापनक्सा हुँदा जग्गाधनी र मोही कोही पनि उल्लेख नभएको उक्त जग्गा भूमाफियाको डिजाइनमा गुठी संस्थानले व्यक्तिको नाममा जनाएर २०५८ मा दर्ता गरिएको मालपोत कार्यालय डिल्लीबजारका कर्मचारीहरूको भनाइ रहेको छ।

मालपोत कार्यालय डिल्लीबजारका प्रमुख ठाकुर निरौलासँग यसबारेमा बुझ्न खोज्दा उनीसँग सम्पर्क भएन। कार्यालयका सूचना अधिकारी परशुराम ढकालले मुद्राफाँटका प्रमोद घनालसँगबाट सूचना लिनू भने। घनालले सेनाको उक्त जग्गाको साविक स्रोत नै गलत भएको र फाइल सेनाले २०७२ साउन २१ गते नै लगेकाले एकीन बताउन नसक्ने प्रतिक्रिया दिए-कित्ता नम्बर ४३ र ७७ नै साविक कित्ताबाट भिड्दैन। नापी कार्यालयबाट टोली गएर नै यथार्थ पत्ता लगाउँछ। सेनाको निवास भएको जग्गाको साविक स्रोत र व्यक्तिको जग्गाको साविक जग्गाको कित्ता भिडाउँदा व्यक्तिको नाममा कायम गरिएको जग्गा साविक कित्ता नम्बर १६ बाट आएको देखिन्छ। सेनाको साविक कित्ता नम्बर २५ हो।

ओभरल्याप भएर यस्तो भएको भनिएको छ। सेनाको जग्गा दर्ता गर्ने व्यक्तिहरूको नाम माग्दा डिल्लीबजार मालपोतका कर्मचारीहरूले 'सेनाले फाइल लगेको भनेर यथार्थ ढाकछोप गर्न खोजे। स्रोतका अनुसार, मालपोतको फाइल सेनालाई किन मिल्छ ? मालपोतको बदमासी भएकाले पत्रिकालाई फाइल सेनाले लगेको भनेर भुक्याइएको होइन ? स्थानीय जनताको प्रश्न रहेको छ।

प्रधानसेनापति राजेन्द्र क्षेत्रीले के-के गर्लान् ?

२०७२ (भदौ ५ सोमबार

नया पत्रिका)

सरकारले नेपाली सेनाका बलाधिकृत रथी राजेन्द्र क्षेत्रीलाई कामु प्रधानसेनापतिमा सिफारिस गरेको छ। शुक्रबारको मन्त्रिपरिषद बैठकले क्षेत्रीलाई कायम मुकायम प्रधानसेनापति बनाउन सिफारिस गरेको हो। आगामी भदौ २३ गते हालका प्रधानसेनापति गौरव शमसेर राणाको पदावधि सकिँदैछ। उनले भदौ २३ गतेदेखि प्रधानसेनापतिको जिम्मेवारी सम्हाल्नेछन्। नेपाली सेनाका परमाधिपति राष्ट्रपति डा. रामवरण यादवले सरकारको सिफारिसमा प्रधानसेनापति नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

कमान्ड, क्षमता, तालिम तथा शिक्षा सबै हिसाबले सेनाभित्र एउटा असल र उत्कृष्ट जर्नेलको छवि बनाएका क्षेत्री अहिलेसम्म कुनै पनि

बाँकी ७ पेजमा

प्रधानसेनापति .....

विवादमा तानिएका छैनन्। क्षेत्रीभन्दा वरिष्ठ बलाध्यक्ष रथी प्रदीपविक्रम राणाले गत २५ जेठमा अवकाश पाएपछि उनलाई प्रधानसेनापति बन्ने बाटो खुलेको हो। क्षेत्री २०७५ भदौसम्म प्रधानसेनापति रहनेछन्। क्षेत्रीका दाजु उपरथी रमिन्द्र क्षेत्री सेनाको राष्ट्रिय सेवा दलका प्रमुख छन् भने भाइ रतिन्द्र क्षेत्रीले महासेनानीबाट अवकाश पाइसकेका छन्। क्षेत्रीको परिवार पाँच पुस्ताभन्दा अघिदेखि नेपाली सेनामा कार्यरत छ। नेपाली सेनाका अधिकृतहरूको महत्वपूर्ण कोर्सको प्रतिस्पर्धामा एक नम्बरमा उत्तीर्ण भएर अमेरिकाबाट स्टाफ कलेज गरेका क्षेत्री सेनाका वरिष्ठ अधिकृतहरूमा राम्रो व्यावसायिक मानिन्छन्। २०४२ सालमा जुनियर स्टाफ कोर्स गरेका क्षेत्री हरेक तालिममा पनि प्रथम भएका थिए।

२०७२ साल चैत्र ७ गते सोमवार साँझ

कालाबजारिया र माफियाको घेरा तोड्दै एसएसपी थापा

अभियान अझै सक्रिय बनाउन सर्वसाधारणको माग

काठमाडौं । कालोबजारी गरेर सतप्रतिशतसम्म महगोमा औषधि बेच्नेलाई पक्राउ गरेसगै महानगरीय प्रहरी परिसर काठमाडौंका एसएसपी विक्रम सिंह थापा जनताबीच एकाएक हिरो जस्तै ठहरिए । त्यतिमात्रै होइन, सार्वजनिक स्थानमा चुरोट सेवन (चुसे) गर्नेलाई कारवाही थालेपछि उनी अहिले जताततै स्यावासीका पात्र समेत बनेका छन् । आफ्ना छोराछोरीले चुरोट, खैनी खाएर दिक्क बनेका अभिभावकहरू एसएसपी थापाले सुरु गरेको अभियानमा निक्कै खुसी भएको पाइएको छ । औषधिमा व्यापक कालोबजारी र ठगी भइरहेको बेला प्रहरीले गरेको कामलाई अझै सशक्त रुपमा अघि बढाउनुपर्ने सुझाव समेत प्रहरीलाई सर्वसाधारणले दिएका छन् । सार्वजनिक स्थानमा जथाभावी चुसे गर्दा नखानेलाई समेत प्रत्यक्ष असर गरेको तथा आफ्ना छोराछोरीले पनि गलत बाटो अंगाल्ने भन्दै अभिभावकहरूले प्रहरीको यो कदमको स्वागत गरेका छन् । औषधि कालोबजारी गर्ने व्यक्तिहरूलाई जस्तोसुकै दबाव आएपनि नछाड्न समेत चौतर्फी आवाज उठेको पाइएको छ ।

यस्तो छ औषधि कालोबजारी काण्ड

प्रहरीले २०७२ फागुन २१ गते गैहीधारास्थित लोमस फर्मास्युटिकल र हात्तिसारस्थित जनता फर्मास्युटिकलमा छापा मार्दा सतप्रतिशत महगोमा समेत औषधि बिक्री गरिरहेको भेटेको थियो । नेपाल सरकार मन्त्रिपरिषदले २०७२ असार २१ गते औषधिहरूको अधिकतम खुद्रा मूल्य तोकेर नेपाल राजपत्रमा प्रकाशित गरेको मूल्यभन्दा दुबैले महगोमा बेचेको सूचना उपभोक्ता मञ्च र सर्वसाधारणले गरेपछि प्रहरीले छापा मारेको थियो । छापा मार्दा कालोबजारी भएको पाएपछि लोमस फर्मास्युटिकलबाट प्रज्वलजंग पाण्डे र प्रवलजंग पाण्डे तथा देउराली जनता फर्मास्युटिकलबाट निलराज आचार्य तथा निगम अधिकारी पक्राउ परे । पक्राउ पर्ने पाण्डेद्वय नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष प्रदिपजंग पाण्डेका छोराहरू भएकाले प्रहरीले निक्कै कडा दबाव खेप्नु समेत परेको थियो । उनीहरूलाई दुई दिन हिरासतमा राखेर प्रहरीले अनुसन्धान गऱ्यो भने अहिले हाजिरीमा उपस्थित हुने गरी छाडेर अनुसन्धान गरिरहेको छ ।

एसएसपी विक्रमसिंह थापा

प्रहरीले छापा मार्दा उनीहरूले २५। रुपैयाँ पर्ने सिफोडोसीमी ३५ रुपैयाँ, ३०। पर्ने एजिथ्रोमिसिन ४०। रुपैयाँ, २०। पर्ने सेफिक्सिम ३०। रुपैयाँ, ८। पर्ने ओफ्लोक्सीन १६। रुपैयाँ त्यस्तै ८। पर्ने ओमिप्रोजोल रु.११। मा बिक्री गरेको पाएको थियो । उनीहरूले कालोबजारी गरेको ठहरिएपछि प्रहरीले नियन्त्रणमा लिएको थियो । औषधिजस्तो संवेदनशील विषयमा कालोबजारी गर्नेलाई सर्वसाधारण तथा उपभोक्ता मञ्च लगायतले कडा कारवाहीको माग गरिरहेपनि जनता ठग्दै आएका औषधि उद्योगी व्यवसायीहरू भने आन्दोलनमा उत्रने चेतावनी समेत दिन पछि हटेनन् । प्रहरीले भने कानून सबैको हकमा समान हुने भन्दै अनुसन्धान भइरहेको र कालोबजारी गर्नेहरू कानूनभन्दा बाहिर नजाने बताएको छ ।

कसरी ठगिन्छन् औषधिमा उपभोक्ता

प्रहरीले यी दुई फर्मास्युटिकलमा भेटेको कालोबजारी त उदाहरण मात्रै हो । फार्मेसी तथा हस्पिटलबाट पनि उपभोक्ता झनै ठगिदै आएका छन् । फर्मास्युटिकलले दोब्बर महगोमा बेचेपछि फार्मेसी तथा हस्पिटलले त्यसबाट पनि अकुत नाफा खाएर बेच्ने गरेका छन् । यसको सीधै भार सर्वसाधारणले खेपिरहेका छन् । यसका साथै, फार्मेसी तथा हस्पिटलले बढी कमिशन आउने औषधिलाई प्राथमिकता दिने, डेट एक्सपायर तथा टेस्टका लागि दिएका औषधि सर्वसाधारणलाई बिक्री गरेर समेत रकम असुल्ने गरेको गुनासो छ । हस्पिटलले दिएको औषधिप्रति सबैको विश्वास हुने र कुन कम्पनी तथा डेट एक्स्पायर भए/नभएको उपभोक्ताले नहेरी किन्ने भएकाले फार्मेसी तथा हस्पिटलले बिरामीको जीवनमा खेलेर ठग्ने समेत गरेको बताइएको छ ।

प्रहरीको दोस्रो अभियानः चुसे

प्रहरीले मादकपदार्थ सेवन (मापसे) भने जस्तै हाल चुरोट सेवन (चुसे) कारवाही चलाइरहेको छ । नेपाल सरकारले सार्वजनिकस्थलमा सुर्तीजन्य पदार्थहरू खान रोक लगाउन २०६८ सालमा नियमावली ल्याएको थियो । त्यसयता उक्त कानूनको खासै वास्ता नभएपनि महानगरीय प्रहरी परिसरका एसएसपी विक्रम सिंह थापाले कानून बनेको चार वर्षपछि अभियानलाई कडाइ गरेका हुन् ।

महानगरीय प्रहरी परिसर काठमाडौंले तीनमहिना अघि सार्वजनिकस्थानमा सुर्तीजन्य पदार्थ सेवनमा रोक लगाउने उद्देश्यसहित जनचेतनामूलक अभियान चलाएसंगै अहिले भने अटेर गर्नेलाई कारवाही नै थालिएको हो । सार्वजनिक स्थानमा चुरोट सेवन गर्नेहरूलाई नियन्त्रणमा लिने र एक सय रुपैयाँ जरीवाना गर्ने गरिएको छ ।

विद्यालय तथा कलेजको एक एक सय मिटर वरिपरि, सडकका पेटी, चोक, पसलहरू, बसपार्क, बस बिसौनी, सवारी साधन लगायतका स्थानलाई सार्वजनिक स्थल मानिएको ठाउँमा चुरोट खानेलाई कारवाही हुने गरेको हो ।

२०७२ साल-चैत्र ७ गते सोमवार साँझ

वरिष्ठ इन्स्पेक्टरलाई लात, कनिष्ठ बने डीएसपी !

काठमाडौं । 'राम्रा होइन, हाम्रा'ले प्राथमिकता पाउँदा सक्षम वर्ग लामो समयदेखि निराश र आजित छ । राज्य नै लामो समयदेखि यो प्रवृत्तिको गोडमेलमा लाग्दा राज्यका विभिन्न अंगका सक्षम व्यक्तिहरुले ठगिएको अनुभूति गर्दै राज्यप्रति गुनासो गरिरहेका छन् । तर, एकपछि अर्को राजनीतिक व्यवस्था परिवर्तन भएपनि यस्ता प्रवृत्ति भने मासिएका छैनन्, बरु बेस्सरी जरा गाडेर बसिरहेका छन् ।

यस्तै वातावरणले राज्यका अंगहरू गन्हाइरहेका बेला नेपाल प्रहरीमा यस्तै प्रवृत्ति पुनरावृत्ति हुँदा केही प्रहरी अधिकारी निराश मात्र बनेका छैनन्, राज्यबाट ठगिएको अनुभूति गर्न पुगेका छन् ।

समानता र न्यायका पक्षपाती भन्न रुचाउने क्रान्तिकारी व्यक्ति शक्ति बस्नेत गृह मन्त्री भएको समयमा नेपाल प्रहरीका प्रहरी निरीक्षको बढुवा सिफारिसमा पहिलो पटक अहिलेसम्मकै अन्याय हुन गएको छ । सबैभन्दा बढी सोर्सफोर्स र पहुँचले काम गर्न मिल्ने नेपाल प्रहरीमा २०७२ फागुन २६ गतेमात्रै भएको बढुवामा प्रभावमा परेर काखापाखा गर्दा केही क्षमतावानहरू र समय पुगेकाहरू यसरी निराश बन्न पुगेका हुन् । २०७२ फागुन २६ गतेको निर्णयले ०६१ सालका पदोन्नति हुन बाँकी रहेका ३७ जना इन्स्पेक्टरहरू मध्ये एकजना इन्द्र थापा बाहेक ३६ जना र जुनियर लिस्टबाट १० जना गरी ४६ जना इन्स्पेक्टरहरू डीएसपीका लागि २०७२ फागुन २६ गते सिफारिस गरिएपछि केही प्रहरी अधिकृतहरूले यस्तो अनुभूति गरेका हुन् । दुःखको कुरा के छ भने फागुन २६ गते गरिएको बढुवा सिफारिसमा २०६१ सालका इन्द्र थापा एकजना र २०६२ साल साउनमा इन्स्पेक्टर भएका तर, सोर्सफोर्स नभएका निरीह



इन्स्पेक्टरहरू १०० जनालाई उछिनेर शक्तिशाली व्यक्तिहरूको सोर्सफोर्समा ४१ दिनपछि २०६२ भदौ २३ गते इन्स्पेक्टर भएका ४५ जनाको टोलीका जुनियर भएपनि १० जनालाई डीएसपीमा पदोन्नतिका लागि सिफारिस गरिएका छन् । यसरी काखापाखा गरेर पदोन्नति गराउन आइजीपी उपेन्द्रकान्त अर्याल, गृह मन्त्रालय प्रहरी प्रशासन शाखाका सबैभन्दा तन्नेरी सहसचिव धक बुढा र एआइजी वीरेन्द्रबाबु श्रेष्ठले नै चलखेल गरेको गृहमन्त्रालय स्रोत बताउँछ । सय जना सिनियर इन्स्पेक्टरहरूको टोलीलाई छुँदै नछोड जुनियरलाई पदोन्नतिका लागि सिफारिस गरिनुमा ठूलै चलखेल भएको स्रोतको दाबी छ ।

एकसय जना इन्स्पेक्टर सबैलाई कार्यसम्पादन मूल्यांकनमा समेत अयोग्य भएको झुटो ठहर गर्दै पाखा पारिएको छ । मास्टर्स गरेका १५ जना सिनियर इन्स्पेक्टरले कार्यसम्पादनमा मूल्यांकनमा २ नम्बर बढी पाउने प्राब्धानलाई समेत लत्याउनुले पनि घोर अन्याय गरेको प्रस्ट हुन्छ ।

उता, जुनियर इन्स्पेक्टरहरू एघार/एघार जनालाई पदोन्नतिका लागि सिफारिस गरेकाले प्रहरी फोर्सभित्र तीव्र असन्तोष छाएको छ । जुनियर इन्स्पेक्टर भएपनि सोर्स भिडाएर डीएसपीमा पदोन्नतिका लागि

(बाँकी पृष्ठ ८ मा)

खाँघु २०७२ साल फागुन २४ गते "सोमबार"

जुवाखालमा प्रहरी र सेनाबीच कुटाकुट

कर्नेलले नै प्रहरी इन्सपेक्टर कुटे ?

तुलसीपुर, २० फागुन। अञ्चल प्रहरी कार्यालय राप्तीले जुवाको अखडामा छापा हानेर २२ जना जुवाडेलाई पक्राउ गरेपछि तुलसीपुरमा तरंग पैदा भएको छ। इलाका प्रहरी कार्यालयमा डीएसपी कृष्ण प्रसाई प्रमुख भएर आएपछि उनले एउटा जुवा अखडामा छापा हानेर १९ जनालाई नियन्त्रणमा लिए। पक्राउ पर्नेमा तुलसीपुरमा 'पैसाकै आडमा' प्रतिष्ठित कहलिएका व्यक्ति पनि थिए। आफूलाई ठूलै शक्ति केन्द्र ठान्ने तुलसीपुरको गिरोह जुवाडे छुटाउन इप्रका धायो। डीएसपीसंग गोप्य बैठकमा बसे। अनि डीएसपीले कारवाही प्रक्रिया अघि नबढाएरै जुवाडेलाई छोडे। त्यसपछि प्रहरीको संरक्षणमा खुलेआम जुवा चल्ने तुलसीपुरमा इप्रकाले त्यसलाई नियन्त्रण गर्न खासै चासो देखाएन।

त्यसैले पनि जुवा अड्डा निर्धक्क साथ चलिडरहे। बजारमा दिनदहाडै जुवा चल्न थालेपछि धेरैले प्रहरीकै मिलेमतोमा जुवा चलिरहेको आशंका गरे। त्यही बीचमा बडा प्रहरी कार्यालय नेपालगन्जबाट इन्स्पेक्टर हेम शाही उर्फ 'सिंगम' काजमा इप्रका तुलसीपुर आए। उनले प्रहरीकै संरक्षणमा चल्ने भनिएको जुवा अड्डामा छापा हाने।

तर, विडम्बना जुवाडेलाई पक्राउ गर्न पुगेका इन्स्पेक्टर सिंगम जुवाकै खालमा निर्घात कुटिए। कुट्ने जुवाडे थिए, नेपाली सेनाको १९ नम्बर बाहिनीका कर्नेल मच्छेन्द्र थापा। कर्नेल थापाले इन्स्पेक्टरलाई आफैले मात्रै कुटेनन्। बाहिनी भित्रबाट सादा पोशाकमा सेना बोलाएर नराम्ररी भकुर्न लगाए। तर, कर्नेल थापाले उक्त आरोपको खण्डन गर्दै आएका छन्। थापाले त्यही घटना सेलाउन नपाउँदै केही पत्रकारलाई आफूले जानजान गल्ती नगरेको र रक्सी खाएको बेला उक्त घटना भएको भए आफूले नशाका कारण थाहा नपाएको प्रतिक्रिया दिएका थिए।

जुवा अड्डामा छापा हान्न गएका इन्सपेक्टर उल्टै नेपाली सेनाबाट कुटिएर युद्धमा हारेको सिपाही झैं लुरुलुरु फर्किए। इन्सपेक्टर जुवाको खालमा कुटिदा डीएसपी प्रसाई.रमिते बनेर बसे। आफू मातहतको इन्सपेक्टर कर्नेलबाट कुटिदा कुट्नेलाई कारवाही गर्नुको साटो डीएसपीले बिदामा बस्न उर्दी जारी गरे। चेन अफ कमान्डलाई शिरोपर गर्दै इन्सपेक्टर सिंगम बिदामा बसे। आफू कुटिदा पीडकलाई कारवाही नगर्ने डीएसपीसंग सँगै नबस्ने अठोट लिएका उनी त्यही बेला सरुवा मिलाएर अन्यत्रै गए।

जब सिंगम कर्नेलबाट कुटिएर सरुवा भए, तब तुलसीपुरमा जुवाडेको गुन्डाराज चल्यो। अनि सर्वसाधारणबीच प्रहरीकै मिलेमतोमा जुवा चलेको चर्चा चल्न थाल्यो। यहाँसम्म कि इप्रकाका डीएसपी प्रसाईंकै मिलेमतोमा जुवा चलेको उजुरी प्रहरी हेडक्वाटरसम्म पुग्यो। त्यसपछि डीएसपी हेडक्वाटरकै निगरानीमा परे। त्यति मात्रै होइन अञ्चल प्रहरी कार्यालय राप्तीका प्रमुख एसएसपी प्रेम चन्दले डीएसपी प्रसाईंलाई 'तपाईंको मिलेमतोमा जुवा अड्डा चलेको कुरा माथिसम्म पुगेको छ। यो गलत भयो। यसलाई नियन्त्रण गर्नुस्।' भन्दै सुझाए।

तर, डीएसपीले एसएसपीलाई तुलसीपुरमा जुवा अड्डा नै नभएको जवाफ फर्काए। डीएसपीले तुलसीपुरमा जुवा अड्डा नभएको जवाफ दिएको एक हप्ता नबित्दै फागुन १९ गते अञ्चल प्रहरी कार्यालय राप्तीले तुलसीपुरको वेलकम रेष्टुरेन्टमा छापा हान्यो र २२ जना जुवाडेलाई दुई लाख ५८ हजार रुपैयाँ सहित नियन्त्रणमा लियो। डीएसपी प्रसाईंले जुवा अड्डा नै छैनन् भनेको ठाउँमा अञ्चल प्रहरीले छापा मार्दा २२ जना जुवाडे पक्राउ परेको घटनाले जुवा चलाउनमा डीएसपी प्रसाईंकै हात थियो भन्ने आरोप लगाउनेलाई थप बल पुगेको छ। तर, डीएसपी प्रसाईंले आफ्नो बचाऊ गर्दै आफूले जुवाडे मात्रै नभई कुनै पनि प्रकारका अपराधीको संरक्षण नगरेका दाबी गरेका छन्।

अञ्चल प्रहरी कार्यालय राप्तीका डीएसपी तुलबहादुर कार्कीको नेतृत्वमा गएको ५ जना प्रहरीको टोलीले जुवा अड्डामा छापा हानेको थियो।

प्रहरी स्रोतका अनुसार, जुवाडेले जुवा यति निर्धक्क साथ खेलिरहेका थिए, मानौं, त्यहाँ जुवाडेले जुवा होइन, केटाकेटीले बाघचाल खेलिरहेका थिए। जुवा खेलिएको कोठाको ढोका समेत खुल्दै थियो भने, जुवाडेका जुत्ता चप्पल समेत बाहिरै यत्रतत्र छरिएका थिए। यसरी केटाकेटीले बाघचाल खेल्दा जस्तै निर्धक्क जुवा खेलेको घटनाले के पुष्टि गर्छ भने, जुवा सञ्चालन आउनुमा प्रहरीको मिलेमतो अवश्य छ। नत्र जुवा लुकेर खेलाइन्थ्यो।

अझ रोचक कुरा त के छ भने अञ्चल प्रहरीले इप्रकाको ध्यान खोलाएर जुवाडेलाई भ्यानमा हाल्दा पहिले त्यही जुवा अड्डामा इन्सपेक्टरलाई कुटेका कर्नेल मच्छेन्द्र थापा 'म बाहिनीको कर्नेल हुँ। एकपटकलाई छोड्नु पर्‍यो भन्दै प्रहरीसंग हारगुहार गर्न पुगेका थिए। तर, प्रहरीले कसैले भनेर नछोड्ने जवाफ दिँदै नियन्त्रणमा लिएर फागुन १९ बुधबार नै अदालत पुर्‍याई सात दिनका लागि म्याद थपेर कारवाही अघि बढाएको खबर छ।

कर्नेल थापाले भने आफ्नो कुनै जुवाडेसंग सम्बन्ध नभएको प्रतिक्रिया दिए। उनले आफूले जुवाडेलाई संरक्षण नगरेको दाबी गर्दै संरक्षण गरेको आरोप लगाउनेलाई नछोड्ने दाबी गरे। नेपाली सेनाका प्रवक्ता सहायक रथी ताराबहादुर कार्कीले कर्नेलमाथि लागेका आरोप बारेमा तत्काल छानबिनको प्रक्रिया अघि बढाउने र दोषी पाइए कारवाही गरिने प्रतिक्रिया दिए।

तुलसीपुरमा इप्रकाले जुवा अड्डा नै छैनन् भन्दा अञ्चल प्रहरीले छापा मारेर जुवाडे पक्राउ गरेको घटनाले जुवा अड्डा सञ्चालन हुनुमा इप्रका तुलसीपुरका डीएसपी प्रसाईंको कुनै न कुनै प्रकारको संलग्नता छ भन्ने कुरा पुष्टि भएको छ।

-गणेश आचार्य, दैनिक नेपाल डटकम

आस्था

२०६४ साल चैत ३० गते बुधवा।

मन्त्रीको अँगालोमा महारानी

राजकुमार दिक्पाल

जतिखेर राजा वीरेन्द्रले शासन गरिरहेका थिए, त्यसबेला दरबारमा उनीभन्दा रानी ऐश्वर्यको ठूलो हैकम थियो भनिन्छ। विभिन्न वंशले नेपालमा शासन गर्दा कहिलेकाहीँ राजाभन्दा रानी शक्तिशाली र विवादास्पद भएको इतिहास पाइन्छ। लिच्छविकालका रानीहरू रजल्लदेवी र नायकदेवी शक्तिमा थिए। मल्लकालमा राजा प्रताप मल्लकी बुहारी ऋद्धिलक्ष्मी राजमाता हुँदा चारित्रिक रूपमा विवादास्पद देखिइन्। पृथ्वीनारायण शाहकी बुहारी तथा राजा प्रतापसिंह शाहकी रानी राजेन्द्रलक्ष्मीमाथि पनि एकल अवस्थामा हुँदा परपुरुषसँग सम्बन्ध राखेको आरोप लाग्यो। राजा राजेन्द्रकी कान्छी रानी राज्यलक्ष्मी नेपालको इतिहासमा सबैभन्दा विवादास्पद रहिन्। उनकै महात्वाकांक्षाका कारण कोतपर्व र भण्डारखाल पर्व मच्चियो। उनीमाथि जनरल गगनसिंह र कप्तान दलबहादुर थापासँग अनुचित सम्बन्ध रहेको र बनारस निर्वासनको समय गर्भपतनसमेत गरेको आरोप लाग्यो।

मन्त्री मारिँदा रानीको विलाप

कान्तिपुरका प्रसिद्ध राजा थिए, प्रताप मल्ल। उनको मृत्युपछि गद्दीमा को बस्ने भन्ने विषयमा निकै विवाद भयो। प्रतापको चाहना थियो, मन परेकी रानीतिरको छोरा महिपतेन्द्र राजा होऊन्। तर नातेदारसमेत रहेका पाटनका राजा श्रीनिवास मल्लले भने महिपतेन्द्रका दाजु नृपेन्द्र मल्ल हुँदाहुँदै भाइलाई राजा बनाउन नहुने अभियान चलाए। दुई पक्षको संघर्षपछि अन्ततः महिपतेन्द्रका दाजु नृपेन्द्र राजा बनाइए। उनको विक्रम संवत् १७३७ मा १८ वर्षको उमेरमा मृत्यु भएपछि भाइ पार्थिवेन्द्र मल्ल राजगद्दीमा बसे। शक्तिशाली भारदार चिक्टीको पलायन र हत्यापछि कान्तिपुर राजदरबारमा चौतारा लक्ष्मीनारायण जोशी शक्तिशाली बने। उनी जति शक्तिशाली थिए उतिकै खतरनाक पनि। विक्रम संवत् १७४४ मा राजा पार्थिवेन्द्रको अचानक मृत्यु भयो। खानामा विष मिसाई पार्थिवेन्द्र र उनकी आमाहरूलाई सिध्याउने उद्देश्यले यो षड्यन्त्र रचिएको थियो। तर, पार्थिवेन्द्रकी आमाचाहिँ बचिन्। राजालाई खानामा विष मिलाई मारेको थाहा पाएर प्रजा कान्तिपुर दरबार घेर्न पुगे। यसैलाई अवसर बनाएर आफ्नो शत्रु नाश गर्न लक्ष्मीनारायण अघि सरे र विष काण्डको दोष पलायन भई बसेका पूर्वचौतारा चिक्टीमाथि लगाए। चिक्टीलाई कुटी कुटी मारियो। वास्तवमा खानामा विष प्रयोग गरेर राजा पार्थिवेन्द्रलाई मार्ने षड्यन्त्रको रचनाकारचाहिँ उनै थिए।

यसरी एकातिर चौतारा लक्ष्मीनारायण शक्तिशाली बनेर देखा परे भने आठ वर्षका बालक भूपालेन्द्र राजगद्दीमा राखिए। यही अवसरमा पार्थिवेन्द्रकी रानी तथा भूपालेन्द्रकी आमा राजमाता ऋद्धिलक्ष्मी र लक्ष्मीनारायणबीच हिमचिम बढ्दै गयो। त्यसबेला लक्ष्मीनारायणको शक्ति र प्रभाव निकै ठूलो थियो। कतिसम्म भने लक्ष्मीनारायण घर नगई दरबारमै खाने र सुत्ने गर्थे। राजाकै गहना र पहिरन लगाएर राजाको पलङमा सुत्ने गर्थे। हरबखत राजमाता ऋद्धिलक्ष्मीसँग रहने गर्थे भन्ने इतिहासमा उल्लेख छ। पुरातत्त्व विभागको मुखपत्र 'प्राचीन नेपाल'को संख्या १९ (वैशाख २०२९:२)मा राजमाता र चौतारा लक्ष्मीनारायणको सम्बन्धबारे यस्तो उल्लेख छ: मानिसको चरित्र पनि गजबको हुन्छ। कान्तिपुरका मुख्य काजी दरबारमा सुत्ने-खाने गर्दथे। राजाले पहिरने गहना, पोशाक लगाउँथे। राजाको पलङ ओछ्यानमा बस्दथे। रातदिन रानीसँग मात्र बसिरहन्थे। लडाइँमा पनि जाँदैनथे। यस प्रसंगबाट लक्ष्मीनारायणको अँगालोमा रानी ऋद्धिलक्ष्मी परेको सहजै अनुमान गर्न सकिन्छ। काठमाडौंको जैसीदेवल मन्दिर उनै लक्ष्मीनारायणले धर्मकर्मस्वरूप बनाउन लगाएका हुन्। यसरी शक्तिशाली भएर दरबारमा राजमातासँग हिमचिम मच्चाइरहेका लक्ष्मीनारायणको नेपाल संवत ८१० भदौमा खसद्वारा हत्या गरिएको 'प्राचीन नेपाल'को संख्या १९ (वैशाख २०२९:३)मा उल्लेख छ। पत्रिकाका अनुसार लक्ष्मीनारायणको हत्या भएको खबरले आकुल व्याकुल भएकी ऋद्धिलक्ष्मी राजकुलबाट बाहिर निस्केकी थिइन्। बेइज्जत हुने डरले सबैले सम्झाईबुझाई भित्र लगेका थिए। ऋद्धिलक्ष्मीले लक्ष्मीनारायणको रगत चाँदीको भाँडामा उठाउन लगाई मुर्दा पठाएर संस्कार गर्न लगाएकी थिइन्। एउटा मन्त्री मारिँदा राजमाता आकुल व्याकुल हुनुको अर्थ सहजै बुझ्न सकिन्छ।

अनि सर्वजित राना काटिए

विक्रम संवत् १८३४ मंसिर ४ गते राजा प्रतापसिंह शाह बिते। यसअघि नै राजकुमार बहादुर शाह दरबारबाट धपाइएका थिए। प्रतापसिंहको मृत्युपछि बहादुर शाह नेपाल बोलाइए। तत्कालीन बालक राजा रणबहादुर शाहको नायब भएर राजमाता राजेन्द्रलक्ष्मीले शासन सम्हालिरहेकी थिइन्। पछि देवर-भाउजू मिलेर शासन चलाए। तर तिनीहरूबीच बिस्तारै मनमुटाव शुरु भयो र ठूलो शक्ति संघर्ष चर्कन थाल्यो, दरबारमा। कहिले राजेन्द्रलक्ष्मीको हात माथि हुन्थ्यो, कहिले बहादुर शाहको।

शक्ति संघर्ष चलिरहेका बेला राजमाता राजेन्द्रलक्ष्मीमाथि निकै गम्भीर आरोप लाग्यो। काजी सर्वजित रानासँग अवैध प्रेमप्रसंग चलाएको गम्भीर आरोप थियो, उनीमाथि। इतिहास शिरोमणि बाबुराम आचार्यद्वारा लिखित 'नेपालको संक्षिप्त वृत्तान्त' (२०६३:२१४)मा उल्लेख भएअनुसार प्रतापसिंह शाहको एक वर्षको आसौच नसक्दै राजेन्द्रलक्ष्मीले तत्कालीन समाजले नपचाउने उत्ताउला हर्कत देखाउन थालेकी थिइन्। बिस्तारै काजी सर्वजित राना र उनका बीच प्रेमप्रसंगको गाइँगुइँ पनि सुनिन थाले। यस्तो हल्ला र उनका गतिविधि पृथ्वीनारायण शाहका विश्वासयोग्य भारदार श्रीहर्ष पन्तलगायतलाई सह्य भएन। राजेन्द्रलक्ष्मी र सर्वजीतबीचको अवैध सम्बन्धका बारेमा बोल्न लगाउन दरबारभित्रै चारजना सुसारे केटाहरूलाई पोलाहाको रूपमा खडा गरियो। भूतपूर्व चौतारा दलजीत शाहले यिनै आरोपमा काजी सर्वजीतलाई दरबारकै एउटा कोठामा कटाइदिए भने राजेन्द्रलक्ष्मी चाँदीको नेल ठोकिएर दरबारभित्रै कडाइका साथ नजरबन्दमा परिन्। त्यसपछि राजकुमार बहादुर शाह शक्तिमा आई राजा रणबहादुरको नायबीसहित शासनमा देखा परे।

कोतपर्व मच्चाउने सम्बन्ध

विक्रम संवत १९०३ असोज बदी ९ मा भएको कोतपर्वपछि नेपालको राजनीतिले अर्कै मोड लियो। त्यसपछि राणाहरूले एक सय चार वर्षसम्म एकछत्र जहानियाँ शासन चलाए। तत्कालिन महारानी राज्यलक्ष्मीले गगनसिंहको हत्यारा पत्ता लगाउन दिएको आदेश र त्यही पालना गर्ने जंगबहादुरले आफ्ना भाइहरूको सहयोग लिएर कोतपर्व मच्चाए। रानीका अति विश्वासपात्र तत्कालिन जनरल गगनसिंहको रातको ९/१० बजे उनकै निवासमा हत्या गरियो। विक्रम संवत १८९८ मा सीता साम्राज्यलक्ष्मीको देहान्त भएपछि राज्यलक्ष्मी शक्तिशाली बन्न पुगिन्। त्यसबेला २४ वर्षकी नौजवान उनी २८ वर्षको हुँदा राजा राजेन्द्रबाट राजपरिवारका सदस्यबाहेक अन्य सबैलाई सजाय, देश निश्कासन र पजनी गर्ने अधिकारसमेत प्राप्त गरेकी थिइन्। तर आफ्ना अति विश्वासपात्र जनरल गगनसिंहको हत्या र जंगबहादुरको उदयपछि शक्ति छिन्नभिन्न भयो र २९ वर्षको उमेरमा बनारस निर्वासित हुन पर्‍यो।

> **एउटा मन्त्री मारिँदा राजमाता आकुल व्याकुल हुनुको अर्थ सहजै बुझ्न सकिन्छ। बुढामहाराजले त राज्यलक्ष्मी गगनसिंह र दलबहादुरसँग बिग्रेको साल, महिना र दिनसमेत पत्ता लगाउन आदेश दिएका छन्।**

गगनसिंहको हत्यापछि महारानी राज्यलक्ष्मी उनको घर पट्खा पुगिन्। त्यतिखेर उनको हातमा नाङ्गो तरवार थियो। 'प्राचीन नेपाल'को संख्या २५ (कात्तिक २०३०:१६) अनुसार त्यहाँ पुगेर महारानीले आदेश दिइन्, यिनको लास उठाउन हुँदैन। मुण्डको मुण्ड नजोरी मान्दिनँ। बिनाकसुर, बिना हुकुमले भारदारको खलनं मार। अब श्री ५ महाराजलाई बस्साई निसाब गर्छौं।' त्यतिखेर दाउ छोपेर बसेका जंगबहादुरले 'मलाई हुकुम बक्सं दिए जनरल गगनसिंहलाई मार्ने भारदार पत्ता लगाई सजाय गर्दा हुँ' भनी आदेश मागे। रानीबाट आदेश भयो, 'हुन्छ लौ मार। तलाई हुकुम भयो।' अनि मच्चियो कोतपर्व। त्यसपछि नेपालको राजनीतिले अर्कै मोड लियो।

आफ्ना छोरा रणेन्द्रलाई युवराज बनाउने ठूलो सपना थियो, राज्यलक्ष्मीको। यसका लागि गगनसिंहलाई ठूलो विश्वासमा लिएकी थिइन्। 'प्राचीन नेपाल' को संख्या २५ (कात्तिक २०३०:१५)अनुसार माथवरसिंहको हत्यापछि १६ मध्ये गगनसिंहको हातमा मात्र सात पल्टन थियो। यसबाट पनि गगनसिंह महारानीको अति विश्वासपात्र भएको स्पष्ट हुन्छ।

महारानी राज्यलक्ष्मी र गगनसिंहबीच राजनीतिक सम्बन्ध मात्र थिएन, प्रेम सम्बन्धसमेत थियो भनी कतिपयले लेखेका छन्। तीमध्ये एक हुन्, अम्बर्स ओल्डफिल्ड। उनले आफ्नो पुस्तक 'स्केचेज फ्रम नीपाल' (सन् २००५:३४४)मा 'माथवरसिंहको हत्यापछि राज्यको सम्पूर्ण अधिकार महारानी र उनका प्रेमी गगनसिंहको हातमा आयो' भनी उल्लेख गरेका छन्।

'कोतपर्वकी महारानी' (२०६१:२४)अनुसार गगनसिंहको जन्म विक्रम संवत १८५३ मा र राज्यलक्ष्मीको जन्म १८७४ (अनुमानित) भएको यी दुईबीच उमेर २१ वर्षको फरक थियो। यस्तो हुँदा यी दुई बीच प्रेम र व्यभिचार थिएन कि भन्न ठाउँ त छ, तर राज्यलक्ष्मीको निर्वासनपछि उनका छोराहरू रणेन्द्र र वीरेन्द्रलाई तत्कालिन राजा सुरेन्द्र र बुढा महाराज राजेन्द्रले राजगुरु विजयराज पाण्डेलाई लेखेको पत्रमा राज्यलक्ष्मीको गगनसिंहसँग मात्र होइन, दलबहादुर थापा नामका सैन्य अधिकारीसँग पनि यौनसम्बन्ध भएको र बनारसमा राज्यलक्ष्मीले तीन महिनाको गर्भपतन गराएको आरोपसमेत लगाइएको छ।

इतिहासकार प्राध्यापक दिनेशराज पन्तले 'पूर्णिमा' को पूर्णांक ७० (असोज २०४३:३१-३७)मा रानी राज्यलक्ष्मीसँगसम्बन्धी ६ वटा अप्रकाशित पत्र प्रकाशमा ल्याएका छन्। तीमध्ये १९०६ आषाढ सुदी १० रोज ७ मा राजा सुरेन्द्रले आफ्ना साहिँला भाइ रणेन्द्र र काहिँला वीरेन्द्रका नाममा लेखेको पत्रमा दलबहादुर थापासँगको अवैध यौनसम्बन्धपछि उनकी आमा (राज्यलक्ष्मी)ले तीन महिनाको गर्भ तुहाएको र भाइहरूलाई पानी नै कटाउन पर्ने अवस्था आएकोले तुरुन्त पतिया लिन र पतिया नलिए भातभान्साबाट छुटाइनेसमेत उल्लेख गरिएको छ। पत्रको ब्यहोरा यस्तो छ:

साँहिला भाइ काहिँला भाइ

तिम्रो मुमालाई कालीदासका भाइले दलबहादुरसँगको व्यभिचार हुँदा तीन महिनाको गर्भ तुहाएको म थाहा पाउँछु भनी हाम्रा हजुरमा बिन्ति गर्दा तिम्री मुमालाई झिकाइएको हो। तिम्रा मुमाले ६ महिनासम्म नआउँदा र बनारसमा तिम्रा नोकरीमा रहेका अरूले पनि यही कुरा यत्रतत्रबाट भन्दा साँचो रहेछ भन्ने सबैका मनमा पर्‍यो। तसर्थ तिम्रा मुमालाई हाम्रा मुलुकमा रहन, हाम्रा आसा राख्न पर्वतेहरूले खानपान नगर्नु भनी हटाइबक्स्यौं। तिमीहरूले पनि भोरमा खानपान गरेको कुरामा धर्माधिकारको पतिया लिइहाल। पतिया नलिई मायामा काया हाल्यौ भने पछि तिमीहरूको बिग्रला। तिम्रो र हाम्रो भात भान्सा जात पिण्ड जुठो फरक भयो। पतिया लियौ भने भातभान्सा फरक भएनी। जस्तो अघि भाइ हौ, त्यस्तै छँदैछौ। राणा राजपुत हौं, गोरखाको पैदा हौ भने जमानाहिँ थामौला। माबली गोत्र गएछौ भने हामीदेखि फरक भयौ। पत्रमा उल्लेखित कालीदास वैद्य हुन् भने दलबहादुर थापाचाहिँ सेनाका कप्तान हुन्।

यस्तै बुढामहाराज राजेन्द्रविक्रम शाहले त दलबहादुरसँग मात्र होइन, राज्यलक्ष्मीको व्यभिचार गगनसिंहसँग पनि भएको उल्लेख गर्दै राजगुरु विजयराज पाण्डे बनारस जाँदा राज्यलक्ष्मी गगनसिंह र दलबहादुरसँग बिग्रेको साल, महिना र दिनसमेत पत्ता लगाउन आदेश दिएका छन्। पत्रमा राज्यलक्ष्मीलाई जैसिंहकी बहिनी भनी संबोधन गरिएकोले उनका दाजुको नाम जैसिंह रहेको स्पष्ट हुन्छ। १९०७ मार्ग सुदि ३ रोज ६मा लेखेको पत्रको ब्यहोरा यस्तो छ: श्री ६ गुरुराज पण्डित विजयराज पण्डितको पाउमा प्रणाम। यसपाला तपाईं काशी जानु हुँदा जैसिंका बहिनी गगनसिंह खवाससँग कुन साल कुन महिनाको कुन दिन बिग्रेकी रहिछिन्? दलबहादुर थापासँग कुन दिन कुन महिना कुन साल बिग्रेकी रहिछन्? जस्ताको तस्तै ठहर्‍याउनु भई जैसिंकी बहिनीको र दलबहादुरको कायलनामा लेखाई सही हाली दुवै कायलनामा लिइकन आउनु होला र म प्रायश्चित गरिबक्सुँला। यदि राजनीतिक रूपमा त्यतिखेर अबला बनेकी र निर्वासित अवस्थाकी उनीमाथि तत्कालिन राजा र बुढा महाराजबाट लगाइएको जघन्य आरोप मिथ्या होइन भने यी पत्रहरूबाट पनि तत्कालिन महारानी राज्यलक्ष्मी तत्कालिन जनरल अर्थात मन्त्रिमण्डलका सदस्य गगनसिंहको अँगालोमा बेरिएकी रहिछिन् भन्ने देखिन आउँछ।



प्रधानसेनापति समक्ष सैन्यका पाँच पोका गुनासो !

चिट्ठी-पत्र

E-mail : sanghuweekly@gmail.com, gopaldai1@gmail.com

२०७१ साल फागुन २४ गते सोमबार

श्रीमान सम्पादकज्यू

राजेन्द्र क्षेत्री प्रधान सेनापति भएपछि सिपाहीले सेवा सुविधामा सरलता पाउने र माग गरेको कुराहरू पूरा हुनेछ भन्ने आशा टुट्दैछ भन्ने सुनिन्छ त्यो कुरा सत्य नहोस् है प्रधान सेनापतिज्यू भन्ने अनुरोधका साथ नेपाली सेनाको प्रिय पत्रिका सांघु साप्ताहिक मार्फत केही गुनासो राख्ने जमर्को गरेका छौं, आशा छ आर्मी हेडक्वार्टरले सुनवाई गर्ने छ।

हाम्रो पहिलो कुरा : गौरव शम्शेर ज.ब.रा. चिफको पालामा २०६० साल वैशाख २८ गतेपछि नेपाली सेनामा भर्ना भएकाले २० वर्ष सेवा पूरा गरेपछि मात्र निवृत्तिभरण पाउने नीति लागू भयो। जसबाट हामी सबै पीडित भयौं र हजुर समक्ष विन्ती पत्र चढायौं कि यसलाई पुनरविचार गरियोस्। तर, सुनिन्छ यो यथास्थानमा रहने बरु सबैलाई २० वर्ष कायम गर्ने भन्ने हल्ला। के यो कुरा सत्य हो चिफ सा'ब ? हामी सिपाहीले अब जागिर छाड्ने हुने भयो त ? हामीलाई त आशा थियो कि हजुरले १६ वर्षमा निवृत्ति जान पाउने नियम ल्याउनु हुनेछ भन्ने अझै विश्वास गरिराखेका छौं। श्रीमान् प्रधान सेनापतिज्यू ! यदि हजुरले २० लाई १६ मा नल्याउने र यो यथास्थानमा कायम रहने र सबैको सोही अनुसार गर्नेतर्फ जानु भएको खण्डमा भोलिको दिन नेपाली सेना विदेश जानका लागि मात्र एउटा तालिम केन्द्र बन्न नसक्ला भन्न सकिन्न। तसर्थ यसमा रक्षा मन्त्रालय र आर्मी हेडक्वार्टरको बेलैमा ध्यान जानु जरुरी छ।

अब दोस्रो कुरा यस्तो हजुर : यूएन मिशनमा पाउने मासिक भत्ता यूएस १३३२। डलरमा हामी अन्य दर्जाको मात्र किन यति धेरै कटौती भएको ? पूर्व चिफ सा'ब रुक्माङ्गद कटवालको पालामा सबैले पाउने भत्तामा एकरूपता गर्नु भएको थियो र नि भएकै थियो। तर, अहिले फेरि दर्जा अनुसार किन गरियो ? के यो एकरूपता गर्न नमिल्ने नै हो र ? के यूएनले नि दर्जा अनुसार, दिएको छ र ? हैन भने किन यस्तो गरियो ? एकरूपतामा भत्ता पाउँदा नेपाली सेनाका अधिकृतहरू साना भएका होइनन् ? कि नेपाली सेनाको श्रीमती संघ चलाउन गाह्रो भयो कि कल्याणकारी कोषमा ३० अर्ब जम्मा हुँदा पनि अझै पुगेन ? कि अर्बौं रकम जम्मा गरेर भू.पू. जर्नेललाई एक/एक लाख तलब भत्ता दिएर पाल्न कठिनाई हुने भयो ? कि तल्लो दर्जाले परिवार पाल्ने, बच्चाको शिक्षादीक्षा र आर्थिक उपलब्धि गर्छ भन्ने सोचले हो ? हामीलाई लाग्दै छ कि नेपाली सेनामा कार्यरत अधिकृतदेखि माथि सबैले तलको दर्जाको आर्थिक स्थिति माथि जान दिन हुन्न भन्ने नियत पो राखेको हो कि ? यस्तो भान हामी तल्लो तहलाई लागेको छ। चिफ सा'ब एकजना अधिकृत कति पटक मिशन जान्छन् भन्ने कुरा हजुरलाई हामीले भन्नु पर्दैन। अब चिफ सा'ब आफै मूल्यांकन गर्नुस् जुन अधिकृतहरूले शा.से. तथा अब्जर्भरहरूको पटक पटक अवसर पांउछन् छौं। सेवा अवधि भरमा एक पटक यूएन जान पाउनेहरूको चाहिं धेरै डलर कटौती हुनु जायज कुरा हो त ? यसमा चिफ सा'बबाट पुनरविचार हुनेछ भन्नेमा हामी आशावादी रहेका छौं।

नेपाली सेना

हाम्रो तेस्रो गुनासो : नेपाली सेनाको लेखा जम.क.मा पहिले आन्तरिक प्रतिस्पर्धाबाट पदपूर्ति गरिन्थ्यो। तर, छत्रमानसिंह गुरुङ चिफको पालाबाट खुल्ला गरियो किन ? एउटा अ.क. हुनका लागि पनि त्यही मापदण्ड अनि लेखा. जम.क.का लागि पनि त्यही मापदण्ड पूरा भएको हुनुपर्ने ? तसर्थ यो खुल्ला प्रतिस्पर्धाको ठाउँमा आन्तरिकबाट पदपूर्ति गर्ने प्रावधान ल्याउदा के हुन्छ होला र ? जुन कि पहिले नि चलिआएको नियम हो। सोही नियमलाई यथावत गर्ने प्रावधान मात्र हो। तसर्थ यसमा पनि विचार गरियोस्।

चौथो तर, महत्वपूर्ण गुनासो : नेपाली सेनामा कार्यरत सैनिक कर्मचारीहरूका लागि माथि जाने अवसरहरू सबैमा बञ्चित छ। तसर्थ कुनै यस्तो नीति ल्याईयोस् जुन कि तल्लो तहको योग्यता पुगेको कर्मचारीले पनि अधिकृत हुने अवसर पाउन सकोस्। शैक्षिक योग्यता पनि सै.क. भर्ना हुदाको मापदण्ड अनुसार, कायम गरियोस्। नेपाली सेनाको अ.क. पदमा भर्ना हुनका लागि ८ कक्षा उत्तीर्ण गरेको हुनुपर्ने नीति अनुसार सै.क. भर्ना भएका थिए भने केही समय यता एसएलसी उत्तीर्ण गरेको भनि मागिने गरिएको छ। तसर्थ नेपाली सेनाको ईन्फेन्ट्रीतर्फका पदिकले एसएलसी पास र फष्ट ग्रेड गरेपछि पदिक क्याडेट दिन पाउने नीति भए जस्तै सै.क.ले पनि एसएलसी र फष्ट क्लास वा आई ए सम्मको योग्यता भएका व्यक्तिहरूलाई अधिकृत बन्न पाउने नीति कायम गरिएमा राजेन्द्र क्षेत्री चिफ सा'बकै कार्यकालमा एउटा ऐतिहासिक निर्णय भएर कर्मचारीको माथि जाने अवसर खुल्ने थियो। अर्को कुरा मानार्थ उ.से. र सह.से. दर्जा दिने नीतिलाई अन्त्य गरिएको खण्डमा लामो समयसम्म कुरेर बस्ने प्रवृत्तिको अन्त्य हुने र फ्रेस व्यक्तिहरू कार्यरत हुने हुँदा सैन्य कार्यमा चुस्तता, सबैलाई सहजता आउने देखिन्छ भने नेपाल सरकारलाई निवृत्तिभरणमा समेत आर्थिक भार कम हुनेछ। तसर्थ यो विषयमा समेत चासो देखाउन उपयुक्त छ।

अन्तिम पाँचौ गुनासो : सुनेकाछौं सै.क. को अन्तिम सेवा अवधि घटाईदै छ रे। ठीक छ, सै.क. को सेवा अवधि *सैनिक नियमावली २०६९* अनुसार, घटाईयोस् खुशीसाथ स्वीकार गरिएला। तर यो कुरा नि सुनेका छौं कि सै.क. को सेवा अवधि चाहि घटाउने रे अनि प्राडले प्राड पदिकको चाहिं बढाउने रे ! यदि त्यसो हो भने यसमा घोर आपत्ति छ। प्राडले किन यस्तो गर्दैछ ? हामीलाई आशा छ यो मिथ्या कुरा होस् र प्राडले यसो गर्दैन भन्नेमा समेत हामी विश्वस्त छौं। प्राडका पदिकको अधिकृत हुने अवसर हुन्छ। तर, सैनिक कर्मचारीको छैन। अर्को कुरा प्राडमा स्नातक गरेका व्यक्तिहरू प्राड अधिकृत हुने अवसर मिल्छ तर कर्मचारीको त्यस्तो अवसर छैन। किन भने कर्मचारी भर्ना हुदा नै शैक्षिक योग्यता पहिले ८ पास हुन्थ्यो भने केही समय यता एसएलसी भनिएको छ। तसर्थ, यसमा पनि ध्यान जाओस् कि आफ्नो स्तरको योग्यता भुलेर नि कर्मचारीका लागि नलागोस् जसबाट कर्मचारी पीडामा नपरुन् भन्ने धारणा प्राड विभागले लिई दियोस् भन्ने समेत अपिल गर्न चाहन्छौं। सेवाबाट निवृत्ति पाउने सम्बन्धमा सैनिक नियमावली २०६९ अनुसार नै कायम गरियोस् भन्ने सै.क. परिवार नेपाल **सरकार, रक्षा मन्त्रालयको समेत ध्यानाकर्षण गर्न चाहन्छौं।**

-नेपाली सेनाको सकल दर्जा

साँझ २०७२ फागुन १० गते सोमबार

अख्तियारको छानबिनमा साढे चौबीस हजार 'ठूला माछा' !

काठमाडौं। सार्वजनिक पदधारण गरेका २४ हजार व्यक्तिहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनको घेरामा परेको स्रोतले बताएको छ। पूर्व अर्थमन्त्री तथा कांग्रेस नेता डा. रामशरणसहित केही पूर्व तथा केही बहालवाला मन्त्री, ५५ जना सांसद निजामती कर्मचारी, नेपाली सेना, प्रहरी, शिक्षक लगायतका पदाधिकारी अख्तियारको छानबिनको घेरामा परेका हुन्।

आर्थिक वर्ष २०७१/०७२ को सम्पत्ति विवरण बुझाउन अटेर गर्ने र बुझाउँदै नबुझाउने २२,८६० जना र तोकिएको म्याद समाप्त भएपश्चात सम्पत्ति विवरण बुझाउने १,५१६ जना समेत गरी जम्मा २४,३७६ जना सार्वजनिक पदधारण गरेका पदाधिकारीहरू र राष्ट्रसेवक कर्मचारीहरूलाई अख्तियारले ५ हजार रुपैयाँ जरिवाना समेत तोकिसकेको छ।

अख्तियारले २०७२ साल मसिर २९ गते ३० दिनभित्र सम्पत्ति विवरण बुझाउन र जरिवाना बापतको पाँच हजार रुपैयाँ असुल गर्न सम्बन्धित मन्त्रालय तथा निकायलाई निर्देशन दिएको थियो।

केहीले पदाधिकारी तथा कर्मचारीहरूले भने जरिवाना र सम्पत्ति विवरण बुझाए पनि अझै केहीले नबुझाएको बताइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता कृष्णहरि पुष्करले धेरैले बुझाइ सकेको तर अन्तिमसम्मको नतिजा अपडेट गर्न बाँकी रहेको बताए।

समयमै सम्पत्ति विवरण नबुझाएर भ्रष्टाचार तथा अन्य गैरकानूनी तवरबाट सम्पत्ति लुकाउने, कमाउने वा अनियमितता गर्न खोजेको आशंकामा सम्पत्ति विवरण नबुझाउने कर्मचारीको बारेमा अख्तियारले छानबिन थालेको स्रोतले बताएको छ। प्रवक्ता पुष्करले उनीहरूमाथि निगरानी भइरहेको बताए।

सम्पत्ति नबुझाउनेहरूमा राष्ट्रपति तथा उपराष्ट्रपति कार्यालयका एकजना र प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका एकजना रहेका छन्। रक्षा मन्त्रालय अन्तर्गत सैनिक अभिलेखालयका २ हजार



२ सय ८८ जना, प्रहरी किताबखानाका १ सय ४९ जना, अर्थ मन्त्रालयका ८० जना, उद्योग मन्त्रालयका ४, कृषिका ७३, सूचना तथा सञ्चार मन्त्रालयका १५ जना, शिक्षाका १ सय १७ जनाले सम्पत्ति विवरण नबुझाएका बताइन्छ।

यस्तै, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका १ हजार ४ सय २२ जना, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका ३ सय २२ जना, उर्जा मन्त्रालयका १६१ जना, निजामती किताबखाना अन्तर्गतका ६ हजार ७ सय ४१ जना, विद्यालय शिक्षक किताबखानाका ११ हजार २ सय ६८ जनाले सम्पत्ति नबुझाएका हुन्। यता परराष्ट्र मन्त्रालयमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरू कसैले पनि सम्पत्ति विवरण नै नबुझाएको पाइएको छ।

अख्तियारले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. मा व्यवस्था भए बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ क. को उपदफा (२) बमोजिम पाँच हजार रुपैयाँ जरिवाना र ३० दिनभित्र सम्बन्धित निकायमा सम्पत्ति विवरण पेश गर्न लगाउन निर्देशन गरेको थियो।

डी.बी.लामाको मुद्दा फिर्ता !

विभिन्न अक्षम्य अपराध गरेको अभियोगमा वर्षौं थुनामा बसेर हाल धरौटीमा छुटेका भूतपूर्व प्रहरी महानिरीक्षक डी.बी. लामाको मुद्दा सरकारले फिर्ता लिने भएको छ। मन्त्रिपरिषदको हालैको बैठकले लामाको मुद्दा फिर्ता लिने निर्णय गरेको छ र सो सम्बन्धी कारबाही अघि बढाउने निर्देशन सहितको पत्र महान्यायाधिवक्ताको कार्यालयमा पुगी पनि सकेको छ।

डी.बी लामाको मुद्दा फिर्ता लिने प्रस्ताव मन्त्रिपरिषदको बैठकमा गृह मन्त्रालयको तर्फबाट पेश गरिएको थियो। निजमाथि लगाइएका मुद्दाहरु 'प्रतिशोधको भावनामा आधारित भएको' कारण देखाई गृह मन्त्रालयले पेश गरेको उक्त प्रस्तावलाई मन्त्री परिषदको बैठकले सहर्ष स्वीकार गरेको थियो। पंचायती सरकारले पनि "ठूलो अपराधी" ठानेर थुनामा राख्नु परेको व्यक्तिको वर्तमान प्रजातान्त्रिक सरकारले मुद्दा नै फिर्ता लिनुपर्ने अवस्था किन आइपर्‍यो, रहस्यको विषय भएको छ।

बाँकी ८ पेजमा



जनभावना साप्ताहिक

२०७२ साल जेठ २४ गते सोमबार

सबैका मनमा राजा बीरेन्द्र

प्रसंग सन्दर्भ

टिका धमला

२०३६ र २०४६ साल यसका ज्वलन्त उदाहरण हुन्। अहिले सम्झदा प्रजातान्त्रिक मूल्य मान्यता र आदर्शका पक्षधर राजा बीरेन्द्रले बोलाएजस्तो, केहि भन्न खोजेजस्तो, हरेक क्षेत्रमा नेपालले घाटो हराएको जस्तो अवस्थामा त्यो घाटो हैन यो घाटो हिड भन्ने गरेजस्तो उहाँको कहिल्यै नबिर्सिने र बिर्सी भने पनि नसकिने शालीन स्वर यो कानमा गुन्जिएजस्तो लाग्छ। बिपनामा आदि इत्यादि कुराहरूको झझल्को आईरहेजस्तै सपनामा पनि कहिलेकाहिं परिचित वा अपरिचित ठाउमा उहाँसंगै हुँदा फेरी नेपालकै बारेमा राजा बीरेन्द्रको नेपालप्रतिको माया र चिन्ता भएको देखेको छु। र झल्यास्स बिउँझदा उहाँ यतै भएजस्तो लाग्छ। राजा बीरेन्द्रको नेपाल र नेपालीप्रतिको यति त्याग र तपस्याका उदाहरणहरू छन् कि बीस वर्षसम्म उहाँसंग नजिकमा बसी जे जति सकियो ईमान्दारिताको साथ पुर्‍याएको सेवाका अवधिमा भए गरेका कुराहरू खोलेर र लेखेर कहिले सकिएला जस्तो लाग्छ।

सबै पक्षका कुरा सुन्ने र मनन गर्ने राजा

अहिलेको हाम्रो राजनैतिक अन्योलको वातावरण र विभिन्न दल, समूहबीचको आपसमा देखिएको निषेधको राजनीति, एक अर्काको कुरै सुन्न नचाहने शक्तिका पुजारीहरूको नेतृत्व देखेर राजा बीरेन्द्रको सालिन व्यक्तित्व र सबै पक्ष र समूहका कुराहरू धैर्य साथ सुन्ने र कार्यान्वयन पनि गर्ने कैयौं उदाहरणहरूको तुलना गर्दा असजिलो लाग्छ। रसुवाको धुन्चेमा एउटा तामाङसंग राजाको भलाकुसारी, हेटौंडामा रूपचन्द्र बिष्टसंग भएका नेपाली मजदुरहरूका समस्याका कुरा, भुटानका राजा र भारतका तत्कालिन राष्ट्रपति शंकर दयाल शर्मासंग भएका क्षेत्रीय राजनीतिका कुरा अमेरीकाका राष्ट्रपती रोनाल्ड रेगनसंग र नेपालको औपचारिक भ्रमणमा आएका फ्रान्सका राष्ट्रपति फा स्वां मितरासंग भएका विश्व राजनीतिका कुराहरूमा यो पङ्तीकारले केहि सुन्ने र बुझ्ने अवसर पाएको थियो। त्यस्तै नेपालको भलो चाहने र राजा बीरेन्द्रबारे बुझेका वा सुनेका स्वदेशी वा विदेशीहरूले पनि अहिले नेपालको अवस्थालाई हेरेर उहाँलाई नसम्झने को होला र भन्ने लाग्छ।

नेपाली नेपालीबीचमा एक अर्काको कुरै सुन्न नचाहने, बल र शक्ति हुनेले निर्धा र निम्नलाई निमिट्यान्न पार्न खोज्ने अहिलेको अवस्थामा फेरि राजा बीरेन्द्रकै याद आउँछ। २०४६ सालको पश्चिमाञ्चलको क्षेत्रीय भ्रमणमा पाल्पा तानसेन सवारीमा केहि मानिसहरूलाई राजाबाट दर्शनभेट भएको थियो। तत्कालिन नगरपञ्चायतका पदाधिकारी महेश रेग्मीसंगको राजाको कुराकानी निकै मार्मिक थियो। त्यतिबेला पञ्चायतईतर शक्ति भनेर पाल्पाजिल्लाका निर्वाचित सभापति र उपसभापतिलाई निलम्बन गरिएको थियो। यसै सम्बन्धमा महेश रेग्मीले पञ्चायतका विरोध गर्दै यसरी जन निर्वाचित पदाधिकारीहरूलाई जबरजस्त निलम्बन गर्ने प्रवृतिमा कहाँ खोज्ने प्रजातन्त्र सरकार भनेर राजा बीरेन्द्रमा जाहेर हुँदा सवारी साथ गएका एक उच्च ओहदाका व्यक्तिले सरकार यो व्यक्ति काङ्ग्रेश र कम्युनिष्ट खेमाकै मानिस हो यसको कुरा सुन्न हुन्न भन्दा राजाबाट त्यहि स्थानमा "बोल्न देउ ऊ पनि मेरै नेपाली हो" भन्ने उद्गार हुँदा त्यतिबेला महेश रेग्मी लगायत वरिपरी सबैको अनुहार हेर्न लायकको थियो। राजा बीरेन्द्रको कसैलाई पनि काखा वा पाखा नगर्ने यस्तै अर्को सन्दर्भमा नेपाल पत्रकार सघको होटल याक एण्ड यतिमा भएको एक कार्यक्रममा एकजना पत्रकारले राजा बीरेन्द्रको सामु सरकार नेपालको प्रेस कानुन अङ्ग्रेजिमा उल्था गरेर कुनै अङ्ग्रेजले पढ्यो भने नेपालमा तानाशाही व्यवस्था नै रहेछ भन्छन्, सरकार यसको उदाहरण लुम्बिनी अञ्चलमा अञ्चलाधिशले एक पत्रकारले परिचय पत्र लिनु नगरेकोमा जेल हालेको छ भन्दा राजाबाट त्यतिबेला कुनै कुरा नगरी सुन्ने काम मात्र भयो। तर भोलिपल्ट नै लुम्बिनीका पत्रकार जेलबाट छुटे। यसरी सबैका आधार थिए राजा बीरेन्द्र। अहिले यो पङ्तिकारलाई लाग्छ आजको दिनमा हामी सबैमा राजा बीरेन्द्रको झझल्को आईरहेको हुने गर्दछ।

नेपालको जनजाति र भाषा भाषीलाई सम्पति ठान्ने

राजा बिरेन्द्रमा एउटा यस्तो अनौठो गुण थियो कि नेपाल अधिराज्य भित्रको सबै भाषाभाषी, जातजाती, जलचर, थलचर, बोट बिरुवा सबै हामी नेपालीको सम्पति हो। सबैको संरक्षण र सम्वर्द्धन हुनु पर्दछ भन्ने उहाँको सोच थियो। सम्बन्धित निकायका पदाधिकारीहरु संगको कुराकानीमा नेपालमा भएका बनस्पति बोटबिरुवा लगायत अन्य कुराहरूको हामीसंग हुनसक्ने र पर्ने कुराहरूको प्याटेन्ट राइट सम्बन्धि आवश्यक कारवाही समयमै हुन पर्छ भन्ने कुरामा जहिले पनि जोड हुन्थ्यो।

"नेपाली भाषा र साहित्यको विकास गरी हाम्रा पाखा पर्वत, पहाड र तराईका फाँट मैदानमा राष्ट्रियताको नयाँ लहर चलाई नेपाल र नेपाली भाषाको अस्तित्वको जगेर्ना गर्न सकेको हेर्न चाहन्छु" भन्ने राजा बीरेन्द्रले नेपालको कुनाकुनामा पैदल भ्रमण गर्दा नेपालीहरूले बोलेका विभिन्न मातृभाषाहरू नेपालका सम्पत्ति हुन यसको राज्य पक्षबाट संरक्षण हुनुपर्छ भन्ने सोचबाट उहाँबाट नेपाललाई नौलो एउटा भाषिक मानचित्रको कल्पना गरिएको थियो। र नेपालको विभिन्न जनजातिका मातृभाषाहरूको संरक्षण र सम्वर्द्धनको लागि सुरुमा विभिन्न मातृभाषाहरूको शब्दकोष निर्माण गर्ने निर्णय गरियो। यसको लागि तत्कालिन राजकिय प्रज्ञा प्रतिष्ठानका सदस्य 'सत्यमोहन जोशीलाई संयोजक तोकियो। जोशीबाट राजा बीरेन्द्रकै निर्देशन बमोजिम पहिलो चरणमा मातृभाषा बोल्ने जनजातिको बाहुल्य भएको क्षेत्रहरू स्पष्ट हुनेगरी नेपालको नक्सा तयार गरियो। त्यसपछि शुरुमा ५३ मातृभाषाहरूको शब्दकोष तयार गर्ने र पछि चरणबद्ध रुपमा नेपालको सबै मातृभाषाहरूको शब्दकोष बनाउने निर्णय गरियो। त्यसपछि सबै मातृभाषाको रक्षा राज्यले गर्नै पर्ने निती बन्यो। त्यसको लागि राजाकै निर्देशन बमोजिम विभिन्न भाषा विशेषज्ञहरूलाई जिम्मा दिईयो। त्यसमध्यका केही विशेषज्ञहरूको नाम यस प्रकार छ।

नोबल किशोर राई-राई भाषा, सुन्दर झा-मैथली भाषा, दल बहादुर राई-दनुवार भाषा, खड्गमान मल्ल-नेवार भाषा, अर्जुनलाल चौधरी-थारु भाषा। त्यसै गुरुङ, चेपाङ, तामाङ, भोजपुरी, मगर, लिम्बु, लेप्चा र सुनुवार भाषाको लागि पनि विभिन्न भाषाविद्हरूको नियुक्ति गरिएको थियो। अहिले २०७२ को नयाँ संविधानले कल्पना गरेको संघीयतामा राजा बीरेन्द्रले सम्पत्ति ठानेका नेपालको मातृभाषाहरूको संरक्षण र सम्वर्द्धन अहिले देखिएका नेतृत्वहरूबाट होला त? हेर्न बाँकी नै छ। अहिलेको संसारलाई हेर्दा करिब छ हजार (६०००) भाषाहरू विश्वमा जीवित छन्। तर प्रत्येक हप्ता एक भाषा मर्ने अनुमान गरिएको छ। नेपालको अहिलेको परिवेशमा कुश-हान्न नसक्ने, सिंहदरबार घेर्न नसक्ने, ठूलाठूला स्वरले कराउन नसक्ने हाम्रा अल्पसंख्यक आदिवासी चेपाङ, राउटे, दराई, कुमाल लगायत अन्यको मातृभाषाको संरक्षण र विकास सम्भवकै होला न? यस्ता अन्य कैयौ कुराहरूको पनि सोच गर्दा र नेपाल र नेपालीको भविष्यको कल्पना गरिरहँदा हरेक नेपालीको मनैलोमा र क्षेत्रीय अन्तर्राष्ट्रिय जगतमा पनि नेपालको नेतृत्व राजा बीरेन्द्रको जस्तै हुनपर्ने महसुस गरी उहाँकै झझल्को भैरहेको हुनसक्छ।

(नेपाली सेनाका अवकाश प्राप्त उपरथी धमला राजा बीरेन्द्रका अंगरक्षक थिए)

साधुं 2072 वैशाख 28 सोमवार

महाविपत्तिः राहतमा राजदूत र 'रअ'

काठमाडौं । यहाँस्थित भारतीय राजदूतावासका राजदूत लगायतका विभिन्न विभागका पदाधिकारी, कूटनीतिज्ञहरूको कार्यकाल पूरा भएकाले २०१५ को जुन/जुलाई महिनाभित्र सबै कूटनीतिज्ञहरू नेपालबाट सरुवा हुनु दुई/तीन महिना बाँकी रहेको अवस्थामा २०७२ वैशाख १२ गते अर्थात् २५ अप्रिल २०१५ को नेपालमा आएको भूकम्पले उनीहरूलाई समेत आफ्नो कार्यकालको अन्तिम घडीमा पीडित बनायो । आफ्नो कार्यकालभर विवाद रहित र कुशलतापूर्वक कार्यसम्पादन गर्दै आएको नेपालका लागि भारतीय राजदूत रञ्जीत रे को टीम नेपालको महाविपत्तिको पीडामा मर्माहत भएको कुरा कूटनीतिक स्रोतबाट थाहा भएको छ । आफ्नो कार्यकालमा कमभन्दा कम विवादमा परेका र कसैलाई पनि चिढ्याउने काम नगरेका कूटनीतिक भूमिकामा सफल राजदूत रञ्जीत रे भारत सरकार सचिवमा *(बाँकी पृष्ठ ८ मा)*

भारतीय राजदूत रञ्जीत रे

महाविपत्ति....

पदोन्नति भएर नेपाल छोड्ने लागेको सुखद घडीमा नेपालले भोग्नु परेको प्राकृतिक महाविपद्ले तनाव ग्रस्त बन्न पुगे । नेपालमाथि आइपरेको महाविपत्ति र संकटको घडीमा राजदूतावासभित्रको आफ्नो कूटनीतिक भूमिकामा भन्दा पनि उनी र उनको टीम पीडित नेपालीहरूको उद्धारमा २४ सै घण्टा सक्रिय रहेर उद्धारमा खटिएका नेपाली सुरक्षाकर्मी र भारतीय उद्धार टोलीको राम्रो समन्वय गरेकोमा नयाँ दिल्लीस्थित साउथ ब्लकमा उनको प्रशंसा हुन थालेको समाचार छ । महाभूकम्पमा परेका नेपालीहरूको उद्धारमा नेपालमै आएपछि पदोन्नति भएर भारतीय राजदूतावासमा डीसीएममा कार्यरत मिलनसार, अर्का सफल कूटनीतिज्ञ पियुष श्रीवास्तवको सहयोगी र समन्वयकारी भूमिकाको पनि प्रशंसा नेपाल र भारतको कूटनीतिक वृत्तमा हुने गरेको छ । ३ वर्षे कार्यकाल पूरा भएर गत वर्ष नै सरुवा भएपनि चार वर्ष कार्यकाल सकेर आगामी जुन महिनाभित्रै नेपाल छाडेर जान लागेका डीसीएम श्रीवास्तव जीवनमा कहिल्यै नबिर्सिने नेपालीहरूको पीडा बोकेर नेपालबाट बिदा हुँदैछन् ।

भूकम्प पीडितहरूको सेवामा 'रअ'

नेपाल र नेपालीले भोग्नु परेको महाभूकम्पको पीडामा मलम पट्टी लगाउन उद्धार र राहत वितरण कार्यमा भारतीय राजदूतावास भित्र रहेको रिसर्च एण्ड एनालेसिस र अ विङ्गका प्रमुख प्रभातकुमार सिंहको टीमवर्कको नयाँ दिल्लीको साउथ ब्लक र नेपालको सुरक्षा अंग र कूटनीतिक वृत्तमा चर्चा हुने गरेको समाचार छ । नयाँ दिल्ली स्रोतका अनुसार, नेपालमा आफ्नो कार्यकाल २०१५ अगष्ट ३१ मा पूरा गरेर भारतीय जनता पार्टीकी नेतृ बसुन्धराराजे सिन्धिया चीफ मिनिस्टर भएको राज्यको डीजीपीमा सरुवा भएर जान लागेका प्रभातकुमार यस अघिका 'रअ' प्रमुख जस्तो विवादमा नफसेतापनि नेपालमा आइपरेको महाविपत्तिको त्रासदीको नमीठो छाप बोकेर नेपाल छोड्दैछन् । २५ अप्रिलपछिको नेपालको संकटको घडीमा उद्धार कार्यमा खटिएका नेपाली टीम र भारतीय टीमको व्यवस्थापनमा प्रभातकुमारले खेलेको समन्वयकारी र सकारात्मक भूमिकाको बारेमा नेपाली सुरक्षा निकाय र भारतीय उद्धार टोलीका बीच प्रशंसा हुने गरेको कुरा उद्धार र राहत वितरणमा रातदिन खटिएका नेपाली सेनाका एक अधिकृतले बताए । भूकम्पपीडितहरूको उद्धार र राहत वितरणमा सबैसग राम्रो समन्वय र सम्बन्ध बनाउन सफल मानिएका प्रभात र अरुण जैनलाई नेपाली सुरक्षा अधिकृत र कूटनीतिज्ञहरूले स्पष्ट विचारधारा भएका, सबैलाई आदार/सम्मान गर्ने व्यक्तिका रुपमा प्रशंसा र चर्चा गर्दैछन् । विश्वको राजनीतिको अध्ययन र विश्लेषण गर्ने अंगका रुपमा क्रियाशील चर्चित र आलोचित भारतीय जासूसी संस्था 'रअ' नेपालमाथि आइपरेको प्राकृतिक विपत्तिमा परेका नेपालीको उद्धार र राहत वितरणमा सहभागी भएर 'रअ' पनि ऐनमौकामा समाज सेवामा कोहीभन्दा कम छैन भन्ने दृष्टान्त यो महाविपत्तिमा उसले निभाएको सकारात्मक भूमिकाको नेपालका सामाजिक संस्थामा कार्यरत बुद्धिजीवी, सुरक्षा निकाय र राजनीतिक क्षेत्रले प्रशंसा गरेको छ । नेपालीहरूको उद्धार र राहत वितरणमा डीआईजी तहमा कार्यरत कन्सुलर सुमती रावको सक्रिय भूमिकाको पनि नेपालमा प्रशंसा हुने गरेको छ । उनी पनि महाभूकम्पको त्यो दर्दनाक दृश्य मानसपटमा बोकेर आफ्नो चार वर्षे कार्यकाल पूरा गरेर एक महिनापछि (जुन मा) नेपालबाट सरुवा भएर जाँदैछिन् ।

समग्रमा भन्नु पर्दा नेपालका लागि भारतीय राजदूत रञ्जीत रे को कूटनीतिक टीमले नेपालमा आफ्नो कार्यकाल सुखद र प्रशंसायोग्यका रुपमा बिताएतापनि प्राकृतिक महाविपत्तिले गर्दा मनभरी पीडा बोकेर दुखी हुँदै नेपालबाट निकट भविष्यमै बिदा हुने तयारीमा रहेका छन् ।

2068 साउन 23 सोमवार

रूद्रसिंह तामाङलाई टंगालको पत्र

काठमाडौं महानगरपालिका कार्यकारी प्रमुख हुँदा हुने नहुने सबैखाले कागज मिलाई करोडपति बनेका रूद्रसिंह तामाङ स्थानीय विकास मन्त्रालयको प्रवक्ता हुन पुगेपछि आदर्शवान, त्यागी, राम्रो कर्मचारी भनिदिउन् भनी विभिन्न हथकण्डा अपनाएका छन् । चाँडै नै अख्तियारले अकूत सम्पतिमा पत्र काटेर बयान गर्न डाकेपछि उनको हैसियत पर्दाफास हुनेछ भन्ने चर्चा छ ।

Jana Vawana 2072 जेठ 4 Monday.

(५)

नपत्याए पनि

- नारद

नेता हुनु त उपेन्द्र यादव जस्तो

नेपाल र नेपाली नै दुःखको घडीमा पर्दा सरकारले विवाह आदि शुभकार्यमा जनताहरु स्वफूर्त रुपमा टडकभडक विना शुभकार्य गर्ने उपेन्द्र यादव भने ट्राफिक जाम नै हुने गरी बसका बस जन्ती लगेर धुमधामका साथ आतशबाजी गर्दै आफ्नो छोराको विवाहमा करोडौं खर्चेर भोज गर्ने यस्तो विपत्तीको समयमा पनि मुट्टु भएका नेता उपेन्द्र नै रहेछन् । नेता हुनु त उपेन्द्र यादव जस्तो भन्दै केही माननीयहरु बानेश्वर भवन तिर हल्ला गर्दै थिए ।

कस्ले गर्ने हो कुन्नि ?



राहत वितरण गर्नुपर्छ, घर बनाइदिनु पर्छ, संस्कृति सम्पदाको जगेर्ना गर्नुपर्छ सबै काम गर्नुपर्छ भन्दै एकताको सन्देश दिदै हात उठाउने नेताहरु सरकारमा नै छन् । उनीहरुले नै यस्ता काम गर्ने हुन् भने गरिहाल्नु पर्यो नत्र कस्लाई गर्नुपर्छ भनेर सन्देश दिएका हुन् । चुनाव गर्न खिलराजलाई दिए जस्तै राहतको जिम्मा निष्पक्ष व्यक्तिलाई दिए पीडितले पाउँथे कि ? नत्र राहत वितरणमा तेरो-मेरो भन्दै भेदभाव गर्न थाल्ने पार्टी र सरकारले के बेला राहत नपाइकन हुने भो आहात भन्दै पीडितहरु नारदलाई सुनाउदै थिए ।

अहिले पनि योजना बाँड्दै प्रकाशमान

यत्रो संकट देशले व्यहोर्दा र जन-जनबाट खाईनखाई पीडितको लागि बटुलेको रकम सरकार समक्ष बुझाउने जनता र सरकारी खर्च मितव्ययिता गर्दै साधारण खर्च समेत कटौतीगर्ने हाकिम महान कि जनसहभागिता मुलक विकास भन्दै यस्तो विपत्ती पर्दा समेत आफ्ना कार्यकर्तालाई योजनाको नाममा विपत्तीको बेला खर्च जोहो गर्नुको साटो करोडौं रकम बाँड्ने प्रकाशमान महान भनी पूर्व सभापतिहरु जिविसतिर हल्ला गर्दै थिए ।

लाटो सरकार

विदेशीहरुको ड्रोनले नेपालको सम्वेदनशील क्षेत्रको ठाउ कुठाउको फोटो खिचेर आफ्नो स्वार्थसिद्धिको लागि बहुमूल्य कला-संस्कृति र मठमन्दिरको इट्टा, माटो सोरेर विदेश पुर्याए पनि विदेशी सञ्चारमाध्यमले नेपालको अस्तित्वमाथि धावा बोल्दासमेत लाटो बनेको सरकार विदेशी आफ्नो देश फर्केपछि नेपालीको सहानुभूति पाउन १० दिनपछि बोल्ने सुशील सरकारलाई नेपालीले के-कसरी मूल्याकन गरे त्यो त पछि थाहा हुन्छ भनी सस्कृतिविद्हरु पुरातत्त्व विभागमा हल्ला गर्दै थिए ।



वर्ष ३५ अंक १२, २०७४ साल असार २६ गते सोमबार (July 10, 2017) मूल्य रु. १०।-

देउवाविरुद्ध कांग्रेसभित्रै मोर्चाबन्दी

विशेष महाधिवेशन बोलाउने तयारी

काठमाडौं। स्थानीय तहको २०७४ वैशाख ३१ र असार १४ गते भएको निर्वाचनमा नेपाली कांग्रेसले आफ्नो विरासत धान्न सकेन। दुवै चरणको निर्वाचन परिणाम हेर्दा अब निर्वाचन हुन बाँकी रहेको २ नम्बर प्रदेशका ११७ स्थानीय तहबाट कांग्रेसले एमालेलाई पछि पार्ने सम्भावना देखिँदैन। ०६४ सालको पहिलो संविधानसभामा गुमेको साखलाई ०७० सालमा फर्काएको कांग्रेसले स्थानीय तहमा व्यहोरेको क्षतिबारे अनेक विश्लेषण भइरहेका बेला कांग्रेसभित्र भने यसले ठूलै तरंग ल्याउने संकेत देखिएको छ।

प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवालाई चुनौती दिँदै आइरहेको रामचन्द्र पौडेल समूहले स्थानीय तह निर्वाचनको परिणाममा देउवा सबैभन्दा जिम्मेवार रहेको भन्दै उनीमाथि अहिलेदेखि मोर्चाबन्दी कसेर नै खनिन थालेको छ। पौडेलले सार्वजनिक रुपमै पार्टी नेतृत्वमा प्रेरक व्यक्ति नहुँदा पार्टीको भागमा पराजय परेको अभिव्यक्ति दिएका छन्। देउवाका एकलकाँटे निर्णय र पैसाहा नीतिका कारण एक नम्बरको पार्टी नेपाली कांग्रेस राष्ट्रिय मुद्दा, स्थानीय तहको निर्वाचनलगायत हरेक मोर्चामा असफल रहेको निष्कर्ष पुरानो संस्थापन पक्षले निकाल्नुले कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाको आगामी यात्रा त्यति सहज नहुने देखिन्छ। विश्वस्त स्रोतका अनुसार, देउवाको विगतदेखिको कार्यशैलीले आजित बनेका रामचन्द्र पौडेलसमेतगायत समूहलाई देउवाबारे विशेष निर्णय लिने बारेमा सोच्न बाध्य बनाएको खबर छ।

पार्टीको १३ औं महाधिवेशन सम्पन्न भएको डेढ वर्षमा केन्द्रीय संगठनलाई गति प्रदान गर्नेदेखि पार्टीभित्रको आन्तरिक प्रजातन्त्रलाई सुदृढ गर्नेसम्मका काममा चुकेका देउवाको कार्यशैली यतिकै छाड्दा पार्टीले थप क्षति व्यहोर्नुपर्ने बुझेको पौडेल समूह नयाँ विशेष रणनीति तय गर्न जुटेको खबर छ। स्रोतका अनुसार, देउवालाई यतिकै छाडेमा देश, प्रजातन्त्र र सिंगो कांग्रेस पार्टी नै रसातलमा पुग्ने भन्दै देउवा इतरका गुटले देउवाविरुद्ध मोर्चाबन्दी गर्ने तयारी भित्रभित्रै अगाडि बढाएका छन्।

प्राप्त समाचार अनुसार, पौडेल समूहका साथै खुमबहादुर खड्कालगायत नेताले देउवा सानोतिनो कदमबाट पछि नहट्ने भन्दै कठोर निर्णय लिने तयारी गरेका छन्। कांग्रेसका एक नेताका अनुसार, देउवालाई संसदीय दलको नेताबाट मात्र हटाउने कि विशेष महाधिवेशन बोलाएर पदच्युत गर्ने भन्नेसम्मका छलफल भइरहेका छन्। 'देउवाकै कारण पार्टीलाई एकपछि अर्को क्षति पुगे पनि कांग्रेसभित्र रामचन्द्र

(बाँकी पृष्ठ ८ मा)

शशांक उम्किँदा पौडेल समूहमा भूकम्प

काठमाडौं। मुलुकको सबभन्दा ठूलो र सत्ताधारी पार्टीका महामन्त्री शशांक कोइरालाले गुट परिवर्तन गरे भन्दा कसले पो पत्याउला र? तर, कोइरालाको पुरानो संस्थापन पक्षले भने यस्तै निष्कर्ष निकालेको छ। रामचन्द्र पौडेल अर्थात् पुरानो संस्थापन पक्षका खम्बा मानिएका शशांक कोइरालाले पार्टी सभापति शेरबहादुर देउवाका पार्टी विरोधी र जनविरोधी निर्णयहरूमा लगातार साथ दिन थालेपछि पौडेल समूहले यस्तो निष्कर्ष निकालेको हो। पौडेल समूहले आफूलाई बीपी कोइरालाको विरासत थाम्ने पार्टीभित्रको संस्थापन पक्ष ठान्छ। तर उनकै पुत्र तथा पार्टी महामन्त्रीले आफ्नो भनिएको संस्थापन पक्षलाई बेवास्ता गर्न थालेपछि पौडेल समूहमा निकै ठूलो छटपटी शुरु भएको छ।

पौडेल समूहको निष्कर्ष छ कि राष्ट्रिय राजनीति, कार्यनीति, अर्को गुटको षडयन्त्र तथा आफू निकट नेता तथा कार्यकर्ताका भावना नबुझ्ने महामन्त्री कोइरालाको स्वभावका कारण पनि पौडेल समूहले हैरानी व्यहोरिरहेको छ। शशांकका यस्तै स्वभावसंग परिचित देउवा समूहले अनेक

(बाँकी पृष्ठ ८ मा)

देउवाविरुद्ध...

पौडेललगायत समूहले गम्भीर छलफल थालेका छन्,' स्रोतले भन्यो, 'छलफलले मूर्त रुप लिएमा देउवाको दम्भले कठोर मूल्य चुकाउनु पर्ने छ।'

विशेष महाधिवेशनको व्यवस्था

नेपाली कांग्रेसको विधान अनुसार, विशेष महाधिवेशन बोलाउन २५ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेर महाधिवेशन बोलाउने प्रावधान छ। कांग्रेसमा लगभग ३५ सय महाधिवेशन प्रतिनिधि छन्। विधान अनुसार, सभापतिलाई पदच्युतका लागि महाधिवेशन बोलाउन झन्डै ९ सय महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गर्नुपर्ने हुन्छ। त्यसरी बोलाइएको विशेष महाधिवेशनले सभापतिलाई पदच्युत गर्न सक्छ।

नेपाली कांग्रेसका लगभग ३५ सय महाधिवेशन प्रतिनिधि रहेकोमा उतिबेलै रामचन्द्र पौडेल पक्षमा १४ सय प्रतिनिधि देखिएका थिए। पौडेल १३ औं महाधिवेशनमा १४ सय मत ल्याएर पराजित भएका थिए। पछिल्लो समय देउवाको कार्यशैलीले उनको पक्षमा महाधिवेशनमा खुलेर लागेकाहरूले समेत यतिबेला देउवाको साथ छाडेकाले विगतको कांग्रेसलाई बचाउन त्योभन्दा धेरै प्रतिशतले सभापति देउवा विरुद्ध हस्ताक्षर गर्ने आकलन देउवा इतरको छ। कांग्रेसमा देउवाविरुद्ध पौडेललगायतको समूहले कठोर कदम चालेमा कांग्रेसको आन्तरिक राजनीतिमा मात्रै होइन, राष्ट्रिय राजनीतिमा समेत यसले असर गर्ने छ। तर, त्यसको असर कस्तो पर्नेछ भनेर अहिले नै खुट्याउन भने मुस्किल छ।

शशांक...

प्रलोभनमा फसाएर उनलाई उनीहरूकै पक्षमा पारेको पनि देखिएको छ। राम्रा र महँगा अन्तर्राष्ट्रिय ब्राण्डका मदिराहरू, कतिपय सन्दर्भमा सुन्दरी र नगदको समेत निकै सौखिन महामन्त्री कोइराला मोजमस्ती र भौतिक सुखसुविधामा मात्र लीन रहेर 'महामानव बीपीको बदनाम गरेको नकारात्मक सन्देश आम पार्टी नेता र कार्यकर्तातहसम्म पुगिसकेको छ। यति गरेर पनि कोइराला पार्टीका अभियानहरूमा अग्रपंक्तिमा देखापर्ने र आम कार्यकर्तासंग घुलमिल गरिरहने हो भने उनी सर्वैतिर स्वीकार्य हुनसक्ने। तर, नेपाली कांग्रेसको संगठन, राष्ट्रिय राजनीति भाँडमै जाओस्को नीति लिएर मोजमस्तीमै रम्ने गरेको आरोप शशांकमाथि लाग्दै आएको छ।

कोइराला स्थानीय तहको निर्वाचन जस्तो अति नै महत्वपूर्ण अवसर जतिबेला पार्टीलाई स्थापित गराउने र कार्यकर्तामा आफ्नो पहुँच पुऱ्याउन सक्ने अवसरलाई लत्याएर अमेरिका भ्रमणमा निस्किएकोमा पनि कार्यकर्ताहरूको आक्रोश उतिकै रहेको बताइन्छ। शशांकबाट पार्टी र कार्यकर्ताका चाहना समेटेर नेतृत्व गर्ने अवस्था नरहेको बुझेका रामचन्द्र पौडेल समूहका कतिपय नेताले संगठनका लागि मरिमेट्ने, कार्यकर्ताले पनि रुचाउने नेता शेखर कोइरालालाई नेपाली कांग्रेसको नेतृत्व लिएर अघि बढ्न दबाव दिइरहेका बताइन्छ।

बीपीका सन्तानमध्ये स्वच्छ छवि बनाउन सफल डा. शेखर कोइरालाकै ठूलो मिहिनेत र सक्रियताले विराटनगर महानगरपालिकामा नेपाली कांग्रेस मेयर र उपमेयर जित्न सफल भएको चर्चा पनि कांग्रेसभित्र शुरु भएको छ। विराटनगर महानगरपालिकाको निर्वाचन परिणामले शेखर कोइरालाको उचाइ बढाएको र निर्वाचन छाडेर अमेरिका हानिएका शशांक कोइरालाको उचाइ पुड्को बनाएको चर्चा पनि कांग्रेसभित्र व्यापक छ।

सन्तान दरसन्तान छोडिदिने छन् भनेअनुसार हुने स्पष्ट छ।

जहाँसम्म काली अर्थात् महाकाली नदी पश्चिम भन्ने व्याख्या छ। त्यसलाई अंग्रेजहरूले षड्यन्त्रपूर्ण चलखेल गरेको उनीहरू स्वयम्ले प्रकाशित गरेको हिमालयन गजेटियर (एटीएट किन्सन् १८८४) हेर्दा स्पष्ट हुन्छ र उक्त ठेली २ को पाना ६६७ मा गभर्नरस जनरल लर्ड हेस्टिङ्का कार्यालयले आफ्ना कमिस्नर ई. गार्डनरलाई कालीनदीलाई सीमा मानेर नेपालसँग सम्झौता गर्दा भविष्यमा तिब्बतसँग हुने व्यापारमा के-कति असर पर्छ र त्यसलाई कसरी आफ्नो हितमा पार्ने, सो गर्न-गराउन आदेश दिएको भनिएको छ। यसै पुस्तकलाई आधार मानेर कुमाउको इतिहासमा बद्रीदत्त पाण्डेले पाना ४३२ मा ब्यासका दुई गाउँ टिंकर र छांगु जो कालीसँगै छन् सन् १८१७ मा चौतरिया बम शाहले मागे र जाँच गर्दा ती नेपालकै निक्ले। यसैले ती दुई गाउँ नेपाललाई दिइयो र श्री शाह त्यतिबेला डोटीका बडाहाकिम थिए। यो कुरा इतिहास प्रकाशमा सन्धिपत्र संग्रहको पाना ९४ मा पनि प्रकाशित छ। त्यसपछि उनले कुटी र नाभी गाउँ पनि नेपालकै हुन् र दिनुपर्‍यो भनी मागे।

त्यस्तै पाना ४३० मा मिस्टर गार्डनरलाई सरकारले यो पनि लेख्यो कि यदि तिब्बतसँग व्यापारिक लाभ लिन कालीपूर्व अथवा कुनै भूभाग कब्जा गर्नु आवश्यक भए रिपोर्ट पठाऊ भन्ने पनि उल्लेख छ। हिमालयन गजेटियर र कुमाउको इतिहास दुवै पुस्तकहरूमा बडाहाकिम बम शाहलाई अंग्रेजहरूले किन्न खोजेको र डोटीको राजा दिएर नेपाल र ब्रिटिस इन्डियाबीच एक मित्रराष्ट्र (बफर स्टेट) बनाउन खोजेको तथा थप प्रलोभनहरूसमेत दिएको तर बम शाहले कुनै हालतमा राष्ट्रघात गर्न नमानेको समेत प्रस्ट लेखिएको छ। चौ. बम शाह पहिलो नायक हुन्, जसले ब्यास क्षेत्रमा उत्तरका ४ गाउँ नेपालका हुन् ती दिनुपर्‍यो मात्रै नभनी महाकालीको मुहान हाल जबर्जस्ती कुटीयांग्दी बनाइएको लिम्पियाधुराबाट आउने ठूलो नदीलाई मान्दै त्यो पूरै भूभागमाथि नेपालको दाबी प्रस्तुत गरेका थिए। त्यसैले गार्डनरले कालीको मुहानमा षड्यन्त्रपूर्ण चलखेल गर्न बाध्य हुनुपर्‍यो। लिपुनाला र पंखा खोलाबाट आएको सानो सोतोलाई काली नदी भनी त्यसको पूर्वपट्टि ब्यारेक र कालीको मन्दिर बनाएर लिपुनालाकै उत्तरको भूमि अतिक्रमण गरी उत्तरी लिपुसम्मकै सयौं हेक्टर नेपाली भूमि कब्जा गरेको देखिन्छ। एक नेपाली सुरक्षाविद्ले लिपु क्षेत्रको समस्या भनेकै नेपाली भूमिमा गाडी हिन्दुस्तानी ब्यारेक हो भनेका छन्। अंग्रेजहरूले गरेको यस अत्याचारविरुद्ध 'द थ्रोन अफ द गड्सका लेखकद्वय स्विस भूगर्भविद् आरनोल्ड हाइम र अगस्त गान्सेरले ६ देखि आठ गुणा बढी पानी भएको कुटी नै महाकाली भनिनुपर्नेमा सानो काली खोलालाई महाकालीको मुहान भनिएकोमा आश्चर्य व्यक्त गरेका छन्। द थ्रोन अफ द गड्स १९३९ पाना ७४० मा यथार्थमा कुटी नै कालीको मुहान हो तर अंग्रेजहरूले जबर्जस्ती लिपुनालालाई काली खोला बनाएर महाकाली (कुटी) पूर्वको लगभग ५६ किमि भूमिमात्र कब्जा नगरी त्यहाँ नक्कली काली खोलाबाट टिंकर उत्तरको पूरै डाडो लिपुलेकसम्मै लगभग १६ किलोमिटर भूमि (परिक्रमा कुमाउ भन्ने डा. गिरिराज शाह/डा. सरिता शाहको पुस्तकको पाना ३५०) कब्जा गर्न पुगेको स्पष्ट देखिन्छ।

पंक्तिकारले सर्वप्रथम जागृति साप्ताहिकमा २०२९ फागुन १८ गते पत्रकार डिल्लीप्रसाद आचार्यले राष्ट्रिय अखण्डतामाथि भयंकर प्रहार। नेपालमा भारतीय सेनाको छाउनी निर्माण भनी लेखेको समाचार पढ्ने अवसर पाएँ, जसमा महाकाली मुहानका लिम्पियाधुरादेखि पूर्वमा लिपुलेकसम्म ठूलो भूभाग कब्जा गरेको, नेपाली भूमिमा ६ वटा सैनिक बस्ने घर र एक मोर्चा (बंकर) बनाएको उल्लेख गरेका थिए। त्यसपछि दार्चुला क्षेत्रका कैयन् पीडित नेपालीसँग भेटघाटमा त्यस क्षेत्रबारे यदाकदा समाचार लेख्ने काम गरें भने २०३६ सालमा चर्चा साप्ताहिकमा देशका विविध समस्याबारे झन्डै तीन दर्जन लेखहरूमध्ये अतिक्रमित सीमाहरू मुक्त गर्न संघर्ष गरौं भनी जंगे पिलर हटाउने र जबर्जस्ती नेपाली भूमि अतिक्रमण गर्ने प्रवृत्तिको भण्डाफोर गरी लामै लेख प्रकाशित गरेको थिएँ। यसै सिलसिलामा २०३८ सालमा भैरहवाको खसोखास साप्ताहिकमा महाकालीको मुहान मात्र होइन, उत्तरमा लिपुलेकसम्म सयौं हेक्टर नेपाली भूमि खाएको सम्बन्धमा मैले एक लेख प्रकाशित गरें, त्यसपछि आफ्नो रुचिअनुसार मैले हिमालका अनेक जातीय समुदायहरूको अध्ययन गर्दै जाँदा ब्यास क्षेत्र मेरो नजरमा पर्‍यो। कर्णालीलाई आफ्नो मूल थलो मान्ने र जुम्ली राजा (मेरा पुर्ख्यौली) का सन्तान भएको दाबी गर्ने ब्यासी वा दार्चुलाका साहुकाहरू आफ्ने परिवारजनका रूपमा आत्मीय थिए र अहिले पनि छन्। खासगरी टिंकरका तत्कालीन प्रधानपञ्च सोभनसिंह टिंकरीलगायत धेरै साहुकाहरू मेरा मित्र हुन्। उहाँहरूकै सत्संगका कारण मैले पत्रपत्रिकामा त्यस क्षेत्रबारे केही न केही लेखिराखें, त्यसैले गर्दा नै २०४९ कात्तिकमा दृष्टि साप्ताहिकको सहप्रकाशन सूर्य मासिकको पाना २२, २३ मा एक लामो लेख प्रकाशित भयो, जसमा मैले ब्यासी शब्दको अर्थ र उक्त जातिबारे गरेको अनुसन्धान सार्वजनिक गरें र लेखें महाकाली वारिपारि ब्यास क्षेत्रका जनताको हिउँदे चरन क्षेत्र नेपालमा थियो, तर ती सबै बेदखल भएर अहिले किन्तडी मात्रै बाँकी छ। तल चरण क्षेत्रको यो गति छ भने माथि काली नदीलाई कुटी खोलामा परिणत गरी लिपुनालालाई महाकाली बनाई कुटी, गुंजी र नाभी तीनवटा गाउँसहित हजारौं हेक्टर नेपाली जंगलसहितको जमिन हिन्दुस्तानमा गाभिएको कुरा पटकपटक चर्चाको विषय भएको छ।

मैले लेखें १२ ब्यास १४ चौदांशलाई कथित सुगौली सन्धिपछि पनि नेपालकै मानिएको र हिउँदेयाममा गुन्जी, गर्ब्याङ र बुदीसमेतका ब्यासीहरूलाई नेपालमा चरण क्षेत्र दिई उनीहरूबाट कर लिने गरिएको थियो। तर ती प्रमाण र सनद लत्याई हिन्दुस्तानले गर्ब्याङ बुदी आदि सबै गाउँ मात्र अतिक्रमण नगरी लिपुलेकको तिब्बत जाने ऐतिहासिक पास पनि कब्जा गरेको छ (सन्धिपत्र संग्रह पाना ६४६/४७ हेर्नुहोस्)।

> काठमाडौंले हेर्ने र डोटी, जुम्ला, बझाङ, बैतडी र दार्चुलाबाट ब्यास चौदास दार्म क्षेत्रलाई हेर्ने भाव नै धेरै फरक छ। मलाई लाग्छ, हाम्रो सभ्यता, संस्कृति, इतिहास नजानेका व्यक्तिहरूका हातमा राज्य व्यवस्था गएकाले पनि आज अंग्रेज र उनीहरूपछि भारतीयहरूले नेपाली अखण्डतालाई धुजा-धुजा पार्न भ्याएका छन्।

त्यतिबेलाको संसद् अर्थात् राष्ट्रिय पञ्चायतमा माननीय बहादुर सिंह ऐतवालले लिपु क्षेत्रमा भइरहेको अतिक्रमणको पटकपटक भण्डाफोर गरेको र विसं २०४८ पछि सांसद प्रेमसिंह धामीले यस विषयमा जेजति चर्को विरोध गरे, उनका मित्र पत्रकार ऋषिराज लुम्सालीलगायत अन्य धेरै राजनीतिज्ञहरूले यो विषय उठाए। त्यसपछि दुइटा कुरा अगाडि आयो। एक चन्द्रप्रकाश मैनाली र वामदेव गौतमको नेतृत्वको नेकपा (माले) भन्ने एमाले फुटेर नयाँ दल बन्यो, जसले युवाहरूको नेतृत्वमा खुकुरी प्रदर्शन गर्दै कालापानी मुक्त गर्ने भनी हिंड्यो। त्यस्तै अर्को पक्षमा राष्ट्रिय जनमोर्चाको टोली जसमा चित्रबहादुर केसी, डा. बाबुराम भट्टराई, लीलामणि पोखरेल आदि अग्रभागमा थिए। तिनीहरूले कुटीयांग्दी महाकाली हो भन्दै लिम्पियाधुरा नै पश्चिमी सीमा भएको कुरा सार्वजनिक गरे। समग्र राष्ट्र नै महाकालीको मुहानमा भएको अतिक्रमणमा केन्द्रित हुँदा मजस्ता यस अतिक्रमणविरुद्ध पढ्दै-लेख्दै आएको र महान् देशभक्त योगी नरहरिनाथ जस्ता विद्वान् संस्कृतिविद्को सत्संग पाएको व्यक्तिको मन नाच्ने गर्थ्यो, तर मेरा परमप्रिय मित्र सांसद प्रेमसिंह धामीले जनआस्था साप्ताहिकमा कालापानीकै कारण आफ्नो हत्या हुँदै छ भनी लेखेको सात दिनपछि नुवाकोटमा मोटर दुर्घटनामा मरेको दर्दनाक पीडाले मेरो मन सधैं रुँदै आएको छ। यस क्रममा पंक्तिकारले महिमा साप्ताहिकमा २०५१ फागुन ४ गते माओवादीहरूलाई जनयुद्ध लड्न कालापानी क्षेत्रबाट मोर्चा बनाउन अपिल गरे र उनीहरूले कीर्तिनिधि विष्टको नेतृत्वमा व्यापक राष्ट्रिय मोर्चा बनाए, जसले नेपालीहरूको देशभक्तिलाई अति विस्तृत गरिमा प्रदान गर्‍यो।

आज हामी जति कराए पनि जेजस्ता सत्यतथ्य प्रस्तुत गरी लिपु, कालापानी, लिम्पियाधुरासम्मको महाकाली मुहानबारे अनेक तथ्यांक प्रस्तुत गरे पनि भारतले पटक्कै वास्ता नगर्ने र काठमाडौंको परराष्ट्र मन्त्रालय भनिएको मुन्सीखानाले पनि केही लछारपाटो नलगाउने हुतिहारापनका पछाडि ठूलो कारण छ, जो योगी नरहरिनाथ, प्रेमसिंह धामी, बहादुर सिंह ऐतवाल वा मलगायत अहिले त्यस क्षेत्रका युवा सांसदहरू कुनै न कुनै रूपमा जान्दछौं। काठमाडौंका लागि त्यो स्थान कता हो कता जस्तो छ र इन्डिया वा चाइना जसले लिए पनि खाँचो छैन तर मेरा लागि यो विषय अर्कै छ। दार्म, चौदास, ब्यास भनेका मेरा बाबाले समेत भेडा बाखा चराउने जोल्जिबी गएर व्यापार गर्ने भनी त्यहाँबाट तालिमप्राप्त भोटे घोडा, गलैंचा, राडीपाखी ल्याउने अनि त्यहाँका भद्रभलाद्मीहरूसँग मितेरी लगाउँदै मायाप्रेम साट्ने क्रम अहिले ज्यादै सीमित भएको छ। काठमाडौंले हेर्ने र डोटी, जुम्ला, राज्यले नगरेको परिणाम आज हाम्रो भूमि विदेशीहरूले जथाभावी खोस्ने मौका पाएका छन्। राज्यले आजसम्म पनि नेपालका विविध राज्य र जातिहरूको इतिहास नलेखेको परिणाम दार्चुला जिल्लाको चौबाइ भूमि दिनदहाडै लुटिएको छ। अर्को यो भूमि लुटिनुका पछाडि जसले जे भने पनि इन्डियाबाट नेपालमाथि लादिएको संसदीय राजनीतिकै परिणाम हो भनी राजा महेन्द्रले २०१७ सालमा आरोप लगाएर कांग्रेसको सरकार हटाएका थिए। विदेशी डाल्डा घिउ खुवाउने त्यस बेलाको सरकारले चीनले तिब्बत लिएको र नेपाल पनि लिन सक्ने बहाना मात्र नगरी खुर्सानीबारीमा जबर्जस्ती चिनियाँहरूसँग निहुँ खोज्ने जस्ता काम गरी नेपालमा विदेशी सेना हुलेर उत्तरी चेकपोस्ट बनायो र त्यसै क्रममा कालापानी भनिने नेपाली भूमिमा ब्यारेक र बंकर बनाइए। पछि प्रधानमन्त्री कीर्तिनिधि विष्टले राजा महेन्द्रको इसारामा विदेशी सैनिक चेकपोस्टहरू लखेटे र तर कालापानीमा भने उनीहरूले छोड्न मानेनन्। सायद कांग्रेसकै कारण त्यो क्षेत्र उनीहरूले कब्जा गरेकाले अहिले उक्त दलका नेता शेरबहादुर देउवाले नयाँदिल्लीमा लिपुलेक त्रिदेशीय बिन्दु हो भने।

यता हाल सम्पूर्ण राष्ट्र लिपुलेक कालापानी र लिम्पियाधुरा मात्र होइन, सम्पूर्ण ब्यास क्षेत्रकै भूमिका लागि जुरुक्क उठेपछि एकथरी लैनचौर दूतावासको खोपामा हात हालेर बाँचेकाहरू नेपाल, चीन र इन्डिया मिलेर लिपुलेकलाई त्रिदेशीय बिन्दु बनाउनुपर्छ, नेपाललाई यसैमा फाइदा हुनेजस्ता जस्केलाबाट राष्ट्रघात गर्न तम्सेको पाइन्छ। होसियार सबैखाले दलालहरू हो, समग्र ब्यास कुमाउको हैन जुम्ला साम्राज्यको अंग हो, साहूका समुदायका पुर्खा जुम्ली हुन्। त्यसैले यो हाम्रो अखण्डताकै अंग हो, यसलाई कुनै हालतमा पनि टुक्र्याउन पाईंदैन। अन्त्यमा म विश्वविख्यात सामाजिक सञ्जाल गुगललाई धन्यवाद दिन चाहन्छु किनकि उसले लिपुलेकदेखि लिम्पियाधुरासम्म कश्मीरमाथि झैं रातो घेरा हालेर विवादित क्षेत्र मानेको छ। तैपनि चिनियाँ मित्रहरूले नयाँदिल्लीसँग मिलेर रातो घेराभित्र हालिएको विवादित भनिएको लिपु नाकाबाट व्यापार नाका खोल्न किन राजी भए, त्यो ज्यादै अचम्मलाग्दो विषय बनेको छ। चीनका लागि आफ्नो वंशविनाश गर्न र राज्य छोड्न तयार राजाहरूको देश, सानो मित्रराष्ट्रप्रति बेइजिङको घातक कामले पृथ्वीनारायण शाहको दिव्योपदेशमा उत्तरको राजासँग धाहा राख्नू भनी दिएको आदेश मानेर आजसम्म चीन समर्थक नीति अपनाएर दुःख पाएको नेपालले अब आफ्नो उत्तर नीतिप्रति पनि पुनर्विचार गर्न थाल्ने हो कि?



बाबाको मस्ती भक्तको भक्ति,

याँदिल्ली, एजेन्सीहरू

रोग र कष्टबाट मुक्त गर्ने विश्वास दिलाएर ६३ वर्षे रामपालले हजारौं अनुयायी बनाए। उनले जीवनभर सबैलाई मोहमायाबाट मुक्त एर सरल जीवन बिताउने सन्देश ए। गरिब भक्तजन उनको प्रवचन न्न र दर्शन पाउन चिसो भुइँमा न्टौंसम्म पलेटी मारेर बसे। सक्दो सक्दो घरको अन्न र धन ल्याएर नलाई सुम्पे। अदालतमा चलिरहेको ाफूमाथिको हत्याको सुनुवाइबाट ान्न लुकीछिपी बसेका तिनै बाबाको ाश्रमभित्र प्रहरीले छापा मार्दा फेला रेका आरामदायी गृहहरू देखेर ाँखले सबै जिल्ल परेका छन्।

भारत हरियाणाको हिसार जिल्लास्थित बरवालाको सतलोक आश्रममा बाबाले प्रयोग गरिरहेको सुविधा सम्पन्न स्विमिङ पुल, अत्याधुनिक स्नानगृह, भव्य शयन कक्ष, उच्च प्रविधिको म्युजिक सिस्टम र आरामदायी पिङ फेला परे। धनाढ्यहरूको घरमा भएको भए यस्तो सुखसुविधालाई सामान्य मान्न सकिन्थ्यो। तर अरूलाई विलासी जीवन नबिताउन शिक्षा दिने बाबाको आश्रममा यो सब हुनुलाई सहज रूपमा लिन सकिएन।

१२ एकड जग्गामा रहेको यो भव्य भवन गरिबदेखि धनी भक्तजनको दानचन्दाबाट खडा गरिएको थियो। रूखमुनि बसेर ज्ञान आदानप्रदान हुने गुरुशिष्य परम्पराभन्दा यो आश्रम निकै फरक थियो। त्यहाँभित्रको गोप्य कोठाको रहस्य खुल्न बाँकी नै छ। उनको आश्रमको प्रवचन कक्ष सेड स्क्रिनले सुसज्जित छ।

उनको बदमासीको पोल खुल्दा पनि यो अन्धभक्तिमा कमी आएन। अनुयायीहरूले बाबालाई दूधको स्नान गराएर त्यही दूधको खीर पकाएर खाए। आश्रमभित्र बाबाले व्यक्तिगत रूपले चढ्ने बुलेट प्रुफ गाडीबाहेक आरामदायी वाहनको लस्कर देखेर सुरक्षाकर्मी पनि चकित परे। बाबाको सुरक्षामा खटिएका ४ हजार कमाण्डो एसीड, बम, बन्दुक र वाकी-ट्वाकीले युक्त थिए। उनीहरू बाबाका लागि ज्यान दिनसमेत तयार थिए। रामपालले कस्तो खाले सन्त मार्गलाई अघि बढाइरहेका थिए ? यो वास्तविक सन्त र चेतनशील समुदायले बुझ्न सकेका छैनन्।

सन्त रामपाल

राम रहिम सिंह

आसाराम बापू

स्वामी नित्यानन्द

चन्द्रा स्वामी

स्वामी जयेन्द्र सरस्वती

आश्रमको एयर कन्डिसन्ड कोठामा महत्त्वपूर्ण चेलाचेलीहरू मात्र बस्थे। गरिब तप्काका सोझासाझालाई यस बारेमा केही थाहा थिएन।

सन् १९५१ को ८ सेप्टेम्बरमा हरियाणाको किसान परिवारमा उनी जन्मेका थिए। इन्जिनियरिङमा डिप्लोमा डिग्री प्राप्त गरेका उनी हरियाणा सरकारको सिंचाइ विभागमा पनि केही समय जागिर खाए। काममा लापरवाहीका कारण सरकारले उनलाई जागिरबाट निकाल्यो। त्यसपछि सर्वसाधारणलाई मूर्ख बनाएर आरामको जीवन बिताउने सोचमा लागे। धर्म, ईश्वर र उपचारको प्रपञ्च रचेर सुस्तरी विशाल साम्राज्य खडा गरे।

उनले स्वयंले पत्रपत्रिका निकाल्न लगाएर र वेबसाइट खडा गराएर आफू बाल्यकालदेखि हनुमानको भक्त भएको र १ सय ७ वर्षका स्वामी रामानन्दजी महाराजलाई भेटेपछि मानसिक शान्तिको सूत्र फेला पारेको जस्ता प्रचारहरू गराए। विभिन्न खाले तनाव र व्यथाबाट पीडितहरू त्यसपछि उनीतिर आकर्षित हुन थाले। साँच्चैभन्दा आफै तनावमा रहेका बाबाले मज्जाले जीवन बिताउने मार्ग खोजेका थिए। तर, उनको पनि नौटंकीको अन्त भयो। अहिले उनी हत्या, राजद्रोह र अदालतको मानहानीको मुद्दामा प्रहरी हिरासतमा छन्। केही वर्ष उनको जीवन कारागारमा बित्ने लगभग निश्चित छ भने उनको विशाल आश्रम सरकारको नियन्त्रणमा छ।

यसरी विवादमा आएका उनी एक्ला बाबा वा गुरु होइनन्। भारतका डेरा सच्चा सौदा प्रमुख बाबा गुरमित राम रहिम सिंहमाथि पनि केन्द्रीय अन्वेषण ब्युरो (सीबीआई) ले बलात्कारको आरोपमा मुद्दा दर्ता गरेको छ। उनीमाथि महिला अनुयायीको यौनशोषण गरेको र केही पुरुष अनुयायीलाई शारीरिक यातना दिएर नपुंसक बनाएको आरोप छ। यो मुद्दा अदालतमा विचाराधीन छ। उनले हालै एक फिल्ममा अभिनय गर्नुका साथै रक स्टारको रूपमा गीत पनि गाइरहेका छन्। उनले हालै सत्तारूढ भारतीय जनता पार्टीको चुनावी प्रचार प्रसारमा खुलेर भाग लिएका थिए। यसलाई उनको सत्तामा पहुँच बनाएर अपराधबाट मुक्त हुने युक्ति पनि भनिएको छ।

कुलीन वर्गको निजी जीवन र व्यापारबारे राम्रो ज्ञान राख्ने धूर्तले अर्का बाबा चन्द्रा स्वामीलाई भारतको शीर्ष शक्तिको विचौलिया बनायो। उनी व्यापारदेखि राजनीतिसम्म चलखेल गर्ने खेलाडी भए। उनी १९८० को दशकमा नेता परिवर्तन गर्ने खेलाडीको रूपमा प्रकट भए। तर, सन् १९९८ मा एक सरकारी आयोगले उनको राजीव गान्धी हत्यामा संदिग्ध भूमिका देखायो। उनको आश्रममा भएको आयकर छापामा हतियार विक्रेतालाई १ करोड १० लाख डलर भुक्तानीको नक्कली ड्राफ्ट फेला पर्‍यो। त्यसपछि उनी ओझेलमा जीवन बिताइरहेका छन्।

भारतदेखि अन्य मुलुकसम्म लाखौंका गुरु बनेका आसाराम बापूमाथि आफ्नै गुरुकुलमा पढिरहेको दुई बालकको तन्त्रमन्त्रका लागि हत्या गरेको आरोप लाग्यो। उनकै आश्रम नजिकैको नदी किनारमा ती बालकहरूको शव भेटियो। यसको सीबीआई जाँचको माग गर्दै उनीविरुद्ध भारतभर विरोध प्रदर्शन भयो। उनको शक्ति र पहुँचको अगाडि निरीह

अभिभावकको केही चलेन। धर्मको आडमा भइरहेको पापको घैंटो त फुट्न नै थियो। उनी अन्ततः आफ्नै गुरुकुलमा अध्ययनरत अर्की एक छात्राको बलात्कार आरोपमा पक्राउ परेर कारागार पुगे। उनी र उनको परिवारद्वारा सञ्चालित गुरुकुल व्यापार सुस्तायो।

दक्षिण भारतका युवा धर्मगुरु नित्यानन्द स्वामीको अभिनेत्री रञ्जितासँग यौनलीला गरिरहेको भिडियो सार्वजनिक भयो। एक च्यानलले यसको खबर दिएपछि यो निकै सनसनीपूर्ण विषय बन्यो। एक मुद्दाको सुनुवाइका क्रममा अदालतले उनलाई केही दिनसम्म सार्वजनिक बैठकमा बोल्नबाट समेत प्रतिबन्ध लगायो। सन् २००४ को नोभेम्बरमा काँची कामकोटि पीठका ६९ औं शंकराचार्य श्री जयेन्द्र सरस्वती स्वामीलाई मन्दिरका प्रबन्धक शंकररामानको हत्याको षड्यन्त्र

१

गरेको अभियोगमा प्रहरीले समात्यो। उनीमाथि एक श्रीलंकाली पुरुषको हत्या गरेको समेत अभियोग लाग्यो। तर चिकित्सकीय जाँचमा उनले ती १२ युवतीलाई लगातार बलात्कार गरेको पुष्टि नै भयो। त्यसैगरी एसियाका धनी गुरु रहेका आनन्दचैतन्यले तीन हत्यामा दोषी ठहरिएर १४ वर्ष जेल बिताउनुपर्‍यो। एक विदेशी महिला अमान्डा विलियम्सले उनी पूर्वजन्ममा उनका श्रीमान् भएको र उनीहरू ६

६

सन्तानका अभिभावक रहेको बताएकी थिइन्। यहाँ पूर्वजन्म भनेको स्वामी बन्नु पूर्वको जीवनलाई भनिएको हो।

समाजका प्रभावशाली नागरिकदेखि प्रधानमन्त्रीसम्म पहुँच राख्ने स्वामी सदाचारीलाई यौन व्यवसाय सञ्चालन गरेको आरोपमा जेल भयो। धार्मिक अनुष्ठान गरेर धनीलाई पनि सत्तामा पुऱ्याउने र कायम राख्ने उनी दाबी गर्थे। भारतका एक प्रधानमन्त्रीका निकट

उनले यस्तै अन्य विधिहरू गरे, तर सत्तामा [illegible] उनले जोगाउन सकेनन्। महाराष्ट्रका विख्यात इच्छाधारी सन्त स्वामी भीमानन्दजी महाराजलाई सन् १९९७ मा यौन व्यवसायको सञ्जाल सञ्चालन गरेकोमा पहिलो पटक पक्राउ गरिएको थियो। कारागारबाट मुक्त भएपछि उनले नाम परिवर्तन गरेर आफूलाई साईं बाबाको चेला भन्न थाले। उनले १२ वर्षको अवधिमा करोडौं रुपैयाँको सम्पत्ति जोडे।

सोमवार ३० फागुन २०७३ MONDAY, MARCH 13, 2017 विशेष अन्नपूर्ण ७

प्रतिष्ठामा आघात

डा. प्रकाशचन्द्र लोहनी



विगत २५ वर्षदेखि काम गर्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी छोड्नुपर्दा मलाई दुःख लागेको छ। २०४७ सालमा अन्य दलहरूबाट विभिन्न भौतिक र साँघातिक आक्रमणसमेत सहेर पार्टी स्थापनामा सहभागी भएको हुँ। त्यस्तै यो पार्टीका धेरै दस्तावेजहरू विगतका वर्षहरूमा मैले तयार गरेको हुँ। हाले मात्र पनि पार्टी एकता अधिवेशनमा पेस भएको एउटा महत्त्वपूर्ण कार्यपत्र मैले नै तयार गरेको हुँ। तर पार्टीभित्र एकता महाधिवेशनपश्चात् पार्टी विधानलाई उपेक्षा गर्ने, महाधिवेशनका क्रममा भएका सम्झदारी लत्याउने र सम्पूर्ण पार्टीलाई आफ्नो राजनीतिक र अन्य स्वार्थपूर्तिको औजार मात्र बनाउने प्रवृत्ति हावी भएको छ। यस्ता हर्कत स्वीकार गरेर पार्टीभित्र बस्न सकिनँ।

एकता महाधिवेशनबाट पारित विधानमा पार्टीको नीति निर्माण गर्न र महत्त्वपूर्ण पदमा नियुक्ति गर्न निर्देशन समिति गठन हुनुपर्ने र सो समितिमा सल्लाह र सम्झदारी गर्नु अनिवार्य थियो। एकता महाधिवेशनअगाडि निर्देशन समितिको गठन नयाँ केन्द्रीय समितिको पहिलो बैठकबाटै हुने सम्झदारी भएको हो। तर निर्देशन समिति गठन गरिएन र पदाधिकारी चयनलगायत मन्त्रिपरिषद्मा जाने औचित्यबारे पनि कुनै छलफल गरिएन। यथार्थमा विधानको यो प्रावधानलाई जानीजानी उपेक्षा गरियो। पार्टीलाई एक व्यक्तिको या एउटा सानो झुन्डको स्वार्थपूर्ति गर्ने हतियारको रूपमा मात्र प्रयोग गर्न खोजेको स्पष्ट छ। यस्तो विधानविपरीतका अधिनायकवादी क्रियाकलापसँग मेरो पूर्ण असहमति छ।

पार्टी एकीकरणअगाडि नयाँ पार्टीको झन्डा राप्रपा (नेपाल) को हुनेछ र चुनाव चिन्ह 'हलो' हुने सम्झदारी भएको हो। यो प्रतिबद्धतालाई पनि ठाडै लत्याइएको छ।

पार्टीले प्रचण्ड सरकारले पेस गरेको संविधान संशोधन विधेयकप्रति असन्तोष व्यक्त गर्दै आएको हो, आवश्यक परे सरकारबाट बाहिरिने स्पष्ट गरेको थियो। राप्रपाका मन्त्रीहरूले समेत यही दृष्टिकोण जनतासमक्ष पेस गरेका हुन्। अचानक यी सबै मुद्दामा पार्टीभित्र छलफलै नगरी सरकारमा गएको समाचार टेलिभिजनबाट सुनियो। यसबाट के स्पष्ट हुन्छ भने पार्टी अध्यक्षले मधेस समस्यालाई आफू पदमा पुग्ने हतियारको रूपमा प्रयोग गरेका छन्।

हाम्रो देशको इतिहासमा नेपालको राष्ट्रियताको जगेर्ना गर्न, देशमा प्रजातान्त्रिक मूल्य र मान्यता स्थापित गर्न र नेपाली जनताको स्वाभिमान र आत्मसम्मान कायम राख्न नेपाली मधेसीहरूको ठूलो बलिदान र योगदान छ। तर मधेसकेन्द्रित दलहरूले आफ्नो मागको सन्दर्भमा सरकारलाई दिएको समर्थन फिर्ता लिने भनेपछि सरकार टिकाउन राजनीतिक सौदा गरी सत्तामा थपिन जानुलाई प्राथमिकता दिनु दुर्भाग्यपूर्ण छ।

> **अवसरवादी र अराजक प्रवृत्तिबाट पार्टी प्रतिष्ठा ध्वस्त हुँदै गइरहेको छ। एकता अधिवेशनपछिको राप्रपा अब एउटा सानो समूहको स्वार्थपूर्ति गर्ने एक भुण्डको रूपमा मात्र प्रयोग हुन थालेको छ। राजसंस्था र हिन्दु धर्मप्रतिको भावनात्मक समर्थन सत्ता स्वार्थको लागि मात्र प्रयोग हुँदैछ। भ्रष्टाचारप्रति आँखा चिम्लने संस्कारको जग बसाल्ने प्रयास भइरहेको छ।**

आज देश अशान्त छ। राजनीतिक भिडन्तमा सर्वसाधारण मरेका छन्। देशको सीमामा समेत नेपाली मारिएका छन्। यसबारे केन्द्रीय समितिको बैठक तत्काल बोलाई पार्टीमा व्यापक छलफल गर्नुको सट्टा संकटको फाइदा उठाई सरकारमा स्थान जमाउन र सरकार टिकाउन तयार हुन अवसरवादी चरित्र हो। देशमा संकट देखेपछि त्यसलाई सत्तामा हालीमुहाली गर्ने मौकाको रूपमा प्रयोग गर्न उद्धत संस्कार र प्रवृत्तिप्रति गम्भीर असहमति छ।

एकता अधिवेशनपछिको थोरै समयमा पनि देशमा महत्त्वपूर्ण मुद्दाहरू देखिएका छन्। एनसेल कम्पनीको कारोबारसँग गाँसिएको ३५ अर्ब राजस्व उठेको छैन। आज तामाकोसीको विद्युत् सालाखाला एक मेगावाटको लागि १६ करोड रुपैयाँ पर्छ। यसको अर्थ नेपालमा ३५ अर्बले दुई सय मेगावाटको विद्युत् उत्पादन हुन्छ र प्रचण्ड सरकार यो गुमाउन तयार देखिन्छ। यसबारे हाले क्याबिनेटमा अर्थमन्त्रीको मौखिक प्रस्तावबारे हाम्रो पार्टीको भनाइ के रह्यो (?) भन्ने हामीलाई थाहा छैन। के हामी यो नांगो भ्रष्टाचारको समर्थन गर्न सत्तामा जान खोजेका हौं ? कर अधिकृतस्तरले गर्ने निर्णय मन्त्रिपरिषद्बाट संसारमा कहीं नभएको मौखिक प्रस्ताव लगेर अख्तियारबाट बच्ने कामलाई समर्थन गर्न के हाम्रो पार्टी सरकारमा गएको हो ? हाम्रो पार्टीका मन्त्रीहरू यसबारे मौन छन् भने पार्टीभित्र यसबारे कुनै छलफल भएको छैन।

तर हालको नेतृत्व सत्तामा नयाँ पद पाउनेबित्तिकै हामफाल्न तयार भयो। जुन कारण र नियतले माओवादीका अर्थमन्त्रीले संसदीय समितिको निर्देशनसमेत नमानेर मौखिक ठाडो प्रस्ताव ल्याए त्यसमा हामी किन मतियार हुने र सत्तामा हामफाल्नेहरूको नियत के हो ? यस्ता प्रश्नलाई उपेक्षा गरेर सत्ता नै सबैथोक हो भन्ने मान्यतासँग मेरो सहमति छैन।

राजदूत नियुक्तिबारे पनि नेतृत्वको कार्यशैली निराशाजनक छ। परराष्ट्र मन्त्रालयलाई समेत थाहा नभई हाम्रो सहभागिता रहेको प्रचण्ड सरकारले राजदूत घोषणा गर्‍यो। भ्रष्टाचारको आरोप लागेकालाई फेरि फिर्ता लियो र त्यसपछि पनि परिवर्तन गर्‍यो। हाम्रो पार्टी सत्तामा छ, तर किन मौन भएर बस्छ ? के यो अराजकता र अनियमिततालाई हाम्रो पार्टीको समर्थन छ ?

हाम्रो पार्टीले तीन राजदूतको नाम पठायो, तर यसबारे पार्टीको कुनै निकायमा अध्यक्षले छलफल गरेका छैनन्। यसको मतलब राप्रपा के अध्यक्षको घरायसी अड्डा हो ? अचम्म के छ भने राष्ट्रिय छापामा आएअनुरूप हामीले राजदूत राख्ने भनेको देशले राजदूतावास राख्न स्वीकृति पनि दिएको छैन। बियाहको कुरो छिनिएको छैन, तर त्योभन्दा अगाडि जन्ती लिएर जाने ? यस्तो अवस्थामा हामीले पार्टीको तर्फबाट भनी राजदूत सिफारिस गर्नु हास्यास्पद र लज्जास्पद हो। अझ यसबारे पार्टीमा कुनै छलफलै भएको छैन। पार्टीलाई दासहरूको जमातजस्तो व्यवहार गर्ने वर्तमान नेतृत्वको शैली र संस्कार मान्य छैन। एकता अधिवेशनपछिको राप्रपा अब एउटा सानो समूहको स्वार्थपूर्ति गर्ने एक भुण्डको रूपमा मात्र प्रयोग हुन थालेको छ। राजसंस्था र हिन्दु धर्मप्रतिको भावनात्मक समर्थन सत्ता स्वार्थको लागि मात्र प्रयोग हुँदैछ। भ्रष्टाचारप्रति आँखा चिम्लने संस्कारको जग बसाल्ने प्रयास भइरहेको छ। यो प्रवृत्ति मान्य छैन। त्यसैले म आजबाट राप्रपाबाट अलग भएको हुँ।

राप्रपामा देखिएको नितान्त अवसरवादी र अराजक प्रवृत्तिबाट पार्टी प्रतिष्ठा ध्वस्त हुँदै गइरहेको छ। यो नेतृत्वबाट राष्ट्रियताको संवर्द्धन हुँदैन, भ्रष्टाचारमाथि नियन्त्रण हुँदैन र नेपाली जनताको समृद्धिको लागि कुनै योगदान हुँदैन। देश र जनताको हितको लागि कार्य गर्न नसक्ने नेतृत्व रहेको पार्टीमा आबद्ध भइरहनु देश र जनताप्रति विश्वासघात गर्नु हो।

यसर्थ राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अलग हुनुपरेको हो। भविष्यमा देशमा समावेशी राष्ट्रियता, बहुलवादी प्रजातन्त्र, प्रगतिशील उदारवाद, हिन्दु पहिचान र संसद द्वारा अनुमोदित राजसंस्थाप्रति प्रतिबद्ध रहेर देश र जनताको हकहित, अधिकार र स्वाभिमानको संरक्षण गर्दै देश विकासमा निरन्तर सक्रिय रहनेछु।

–डा. लोहनीले राप्रपाको साधारण सदस्यतासमेत नरहेको जानकारीसहित अध्यक्ष कमल थापालाई बुझाएको पत्रको सम्पादित अंश।

२०७४ साल माघ २८ गते सोमबार सांघु

काठमाडौं महानगरपालिका अस्तब्यस्त
कार्यकारी अधिकृत तामाङ घुस खानै ब्यस्त

▸ सांघु संवाददाता

काठमाडौं । विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई लोडसेडिङबाट मुक्त गरी उज्यालो नेपाल बनाएकोमा काठमाडौं महानगरबासीले दिइरहेका छन् । तर देशको एकमात्र काठमाडौं महानगरपालिकाका कार्यकारी अधिकृत खड्गसिंह तामाङले व्यक्तिगत स्वार्थपूर्तिका लागि महानगरपालिकालाई अस्तव्यस्त बनाएका छन् । उनीमाथि महानगरको कर्मचारी प्रशासन अस्तव्यस्त पारेको आरोप छ । महानगरपालिकामा तामाङ आएपछि प्रत्येक परिषद्बाट कर्मचारीको दरबन्दी बढाउने काम तामाङले गरेका छन् । माथिल्लो पदमा दरबन्दी बढाउने तर महानगरका लागि आवश्यक कुचिकार, माली, सवारी चालकहरूका पद कटौती गर्दैआएका छन् ।

कर्मचारी संरचना पिरामिड जस्तो हुनुपर्नेमा सोली जस्तो बनाउँदै लगेको महानगरपालिकाका अधिकारी बताउँछन् ।

महानगरपालिकाका अधिकारीका अनुसार, तामाङले प्रत्येक परिषदमा कर्मचारीको दरबन्दी हेरफेर गर्दैआएका छन् । आवश्यकता र औचित्यभन्दा पनि तामाङले व्यक्तिगत लाभका लागि कर्मचारी दरबन्दी थप्ने गरेको आरोप छ । कार्यकारी अधिकृत तामाङमाथि कर्मचारीको वृत्तिविकासमा असर पुऱ्याउने गरी चलखेल गरेको आरोप छ । नगर प्रहरी, प्रशासन, सवारी चालकदेखि सहायक कर्मचारीको बढुवामा भद्रगोल मच्चाएका तामाङले नक्सामा ठूला भवनहरूमा गरेको घुसको कारोबारबारे समाचारहरू आइरहेका छन् । तर, महानगरमा भएका चरम अनियमिततबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत कुनै छानबिन नगरेकोमा यो देशमा भ्रष्टाचार विरुद्ध कारवाही गर्ने निकाय पनि छ र भन्ने आशंका महानगरका कर्मचारीमा उत्पन्न हुन थालेको छ । जसका कारण काठमाडौं महानगरपालिका यो पटक पनि न्यूनतम सर्त तथा कार्यसम्पादन मापदण्ड (एमसीपीएम) मा पुनः फेल हुने निश्चित भएको कर्मचारी बताउँछन् । अघिल्लो वर्ष पनि काठमाडौं महानगरपालिका एमसीपीएममा फेल भएको थियो ।

पन्ध्र दिनमै सरुवा बदर

महानगरपालिकाका कार्यकारी अधिकृत तामाङले केही दिनअघि कर्मचारी सरुवा गरे । तर घुसमा कुरा मिलेपछि तुरुन्तातुरुन्तै धमौती गरेको खबर छ । नक्साका इन्जीनीयर हस्त गुरुङ र हिक्मत कठायतलाई उनले सुरुमा सरुवा गरे । तर सरुवा गरेको १५ दिनमै यथास्थानमै राखेका छन् । महानगरपालिका स्रोतका अनुसार, कार्यकारी अधिकृत तामाङले पहिला घुसमा कुरा नमिलेपछि सरुवा गरेका थिए, तर १५ दिनपछि गुरुङ र कठायतहरूले उनले मागेजति घुस दिएपछि धमौती गरेका छन् ।

महानगरका १५ वटा वडालाई कम्प्युटराइज्ड सिष्टममा लाने मार्स प्रोजेक्ट लागू गर्ने भनेर २०७३ पुस २५ गते संघीय मामिला तथा स्थानीय विकास मन्त्री हितराज पाण्डेलाई भाषण गर्न लगाए पनि तीनवटा वडामा समेत सुरु हुन सकेको छैन । २०७३ असारमा भएको महानगरको परिषद भएपनि अहिलेसम्म बजेटको पुस्तिका तयार गरी मन्त्रालय पठाइएको छैन । परिषदले पास गरेका बजेट काट्ने थप्ने गर्दै तामाङले आफ्नो घर चलाएजस्तो महानगरपालिका चलाउँदा पनि मन्त्रालयले चासो दिएको छैन । कार्यकारी अधिकृत तामाङ र ज्ञानेन्द्र कार्की बसेर गरेको निर्णयलाई बोर्डको निर्णय भन्दै सबैलाई उल्लु बनाउने काम गरिएको छ । जबकि बोर्ड भनेको महानगरका सबै विभागीय प्रमुखसहितको हुनुपर्छ । तर तामाङले भतियार कार्कीलाई राखेर निर्णय गर्ने र बोर्डको निर्णय भन्दैआएका छन् । कार्की तिनै हुन्, जो अख्तियारका पूर्वप्रमुख आयुक्त लोकमानसिंह कार्कीका आफन्त भन्दै उनको पालामा महानगरपालिकाका भ्रष्टाचार छानबिन नै रोक्दै आएका थिए । कार्की त गए तर महानगरपालिकाको भ्रष्टाचारमा अझै अख्तियारले छानबिन गर्न गरेको छैन । ज्ञानेन्द्र कार्कीले अहिलेका आयुक्त दीप बस्न्यातलाई पनि मिलाइसकेको भनेर महानगरमा कार्यकारी अधिकृत तामाङले मनपरी गर्दैआएको आरोप कर्मचारीहरूको रहेको छ ।

कार्यकारी अधिकृत खड्गसिंह तामाङ

प्रशासन प्रमुख ज्ञानेन्द्र कार्की

टाउको गन्दै दरबन्दी सिर्जना

कार्यकारी अधिकृत तामाङले महानगरपालिकाको कर्मचारी प्रशासन यति भद्रगोल बनाएका छन् कि अब आउने कार्यकारीलाई सम्हाल्ने मुस्किल पर्ने भएको छ । तामाङले महानगरमा जति कर्मचारी छन्, टाउका गन्दै दरबन्दी सिर्जना गर्दा भद्रगोल भएको हो । कर्मचारीबीच प्रतिस्पर्धा गराएर बढुवा गर्नुपर्ने हुन्छ । तर उनले टाउका गन्दै दरबन्दी सिर्जना गर्ने र शुभलाभ लिँदै बढुवा गर्दैआएका छन् । नगर प्रहरीमा छैटौं तह इन्स्पेक्टरमा पाँच जना थिए । उनले गतवर्ष पाँचै जनाको बढुवा हुनेगरी सातौं तह डीएसपीको विज्ञापन निकाले नियमित र स्वतः बढुवाको लागि । विज्ञापनको सूचना निस्केपछि बढुवाका आकांक्षी इन्स्पेक्टरहरूसँग मोलमोलाइ सुरु गरेका तामाङले तीनजनालाई लेनदेनमा कुरा मिलेपछि स्वतः बढुवा गरिदिए । नियमित बढुवाका आकांक्षीहरूसँग आर्थिक लेनदेनमा कुरा नमिलेपछि तामाङले विभिन्न बहाना बनाएर बढुवा रोक्ने काम गरे । पछि स्वतः बढुवामा परेका तीन डीएसपीले नियमित बढुवा गर्न नमिल्ने भन्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन् । सर्वोच्चमा मुद्दा परेका कारण धनपति सापकोटा र मनोज लामिछाने पीडित भएका छन् । एकै दिन सेवाप्रवेश गरेका तीन जना डीएसपी हुने र दुई जना नभएपछि अहिले नगर प्रहरी अस्तव्यस्त भएको छ । पाँचै जना बढुवा भएको कुनै समस्या आउने थिएन, महानगरका अधिकारीले भने, घुसमा कुरा नमिलेपछि दुई जनालाई बढुवा नगर्दा नगर प्रहरीमा एकअर्काबीच झगडा नै हुन थालेको छ । कसैले भनेको कोही नमान्ने अराजकता नगर प्रहरीमा देखिएको छ । जसका कारण नगर प्रहरीबाट हुनुपर्ने काम हुनसकेको छैन । कार्यकारी अधिकृत तामाङको निहीत स्वार्थपूर्ति हुन नसकेपछि उनले नगर प्रहरी नै तहसनहस पार्ने काम गरेका छन् ।

प्रशासनमा पनि भद्रगोल

महानगरपालिकाको प्रशासनमा पनि कार्यकारी अधिकृत तामाङले नगर प्रहरीमा जस्तै समस्या निम्त्याएका छन् । प्रशासनतर्फको सातौं तहका लागि २०७३ साउनमा भएको स्वतः बढुवाको विज्ञापनमा छैटौं तहका सुमन अधिकारी, विमला कोइराला, सरिता राई, सरस्वती पोखरेललगायत पाँच जनाले दरखास्त दिए । पुनः यसबीचमा सातौं तहको चार सिटका लागि नियमित बढुवाको सूचना पनि निकालियो । सातौं तहका लागि कार्यकारी अधिकृत तामाङले पाँच लाख रुपैयाँका दरले घुसको दररेट राखेका थिए । विशेष बढुवाको पहिला नतिजा प्रकाशित हुने र त्यसका लागि आवेदन दिएका अधिकारी, कोइराला र पोखरेल चार जना स्वतः बढुवामा पर्ने र हामीहरू पनि स्वतः प्रमोसन हुने स्पष्ट देखेपछिमात्रै तहको नियमित बढुवाका सम्भाव्य उम्मेदवार छैटौं तहका सुरेश दाहाल, निर्मला सुवेदी, अम्बिका खड्का लगायतले कार्यकारी अधिकृत तामाङलाई घुस दिन अस्वीकार गरे । सातौं तहका विशेष बढुवाका आकांक्षीहरूबाट घुस नआउने भएपछि तामाङले अर्को षडयन्त्र गरे । उनले स्वतः बढुवाका उम्मेदवार अधिकारी, कोइराला र पोखरेललाई दरखास्त फिर्ता लिन लगाए । एक जना सरिता राई मात्र स्वतः सातौं तहमा बढुवा भइन् । १० नम्बर वडाध्यक्ष हुँदा तत्कालीन अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरुद्धको सर्वोच्च अदालतले म्यादतामेलीमा असहयोग गर्ने राईलेमात्र तामाङले मागेअनुसारको घुस बुझाएर बढुवा भइन् ।

सर्वोच्च अदालतले उनलाई बढुवा रोक्न लगायतका कारवाही गर्न आदेश दिएकाले फैसला नआउँदै उनले तामाङलाई घुस बुझाएर बढुवा भइन् । अरु चार जनाले दरखास्त फिर्ता लिए । तामाङको डिजाइनमा परी स्वतः बढुवाको निवेदन फिर्ता लिएका उनीहरू लगायत छैटौं तहका अरुको पनि अब बढुवा नै अवरुद्ध हुन पुगेको छ । सरकारले सघीयता कार्यान्वयन नभएसम्म बढुवा रोक्ने निर्णय गरिसकेका कारण छैटौं तहका सुमन अधिकारीदेखि सरस्वती पोखरेलसम्मको बढुवा चार वर्ष ढिला हुने भएको छ । पाँच लाख रुपैयाँ घुस नदिएकै कारण तामाङले उनीहरूको बढुवा हुने बाटो नै अवरुद्ध गरेको आरोप छ । महानगरपालिकाले पदपूर्ति र बढुवामा गरेको यस्तो मनपरी काममा लोकसेवा आयोगको मध्यमाञ्चल क्षेत्रीय कार्यालयका प्रमुख महेन्द्र गुरागाईंले स्याल्दे ठोक्ने गरेका छन् । एउटा प्राइभेट कम्पनी पनि विधिविधान अनुसार चलाउनुपर्छ, तर कार्यकारी अधिकृत तामाङले महानगरपालिकामा बढुवाको सूचना निकाल्ने र आवेदन दिएकालाई फिर्ता गर्न लगाउने जस्ता क्रियाकलापमा लोकसेवाका प्रमुख गुरागाईंले समेत सदर गर्दैआएका छन् । जसका कारण महानगरका कर्मचारीले लोकसेवाको स्वच्छता र पारदर्शीतामा ठेस लाग्न पुगेको महसुस गर्न थालेका छन् ।

यसअघि भद्रगोल तरिकाले गरेको सईहरूको स्वतः बढुवामा नपरेका नगर प्रहरीका असईहरूले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा उजुरी दिएका छन् । मन्त्रालयले ती उजुरी हेरेर स्पष्ट जवाफ अहिलेसम्म दिएको छैन । स्वतः बढुवा हुन ९० प्रतिशत कार्यसम्पादन मूल्यांकनको नम्बर चाहिन्छ । ९० प्रतिशत कामकै नम्बर काम र मापदण्ड अनुसार दिनुपर्ने हुन्छ । तर सुनालगडा र काम नगर्ने सबैलाई कार्यकारी अधिकृत तामाङले ९० प्रतिशत का.स.मू.को नम्बर दिएर असईबाट सईमा स्वतः बढुवा गरेका थिए । तर नियमित बढुवामा भने काम गरेका सक्षम असईहरूलाई कासमूमा ४०-४५ नम्बर घटाएर दिइएको छ । मनपरी कार्यसम्पादन नम्बर दिने तामाङको निर्णयविरुद्ध मन्त्रालयमा असईहरूले उजुरी दिएका छन् । तर मन्त्रालयले यसमा निर्णय दिन सकेको छैन ।

छैटौं तहका लागि आन्तरिक विज्ञापन गरेकोमा स्थानीय स्वायत्त शासन ऐनअनुसार ३० प्रतिशत आन्तरिक प्रतियोगिता अन्तर्गत २४ सिटमा विज्ञापन गरेकोमा पाँचौं तहमा कार्यरतले लिखितमा नाम ननिस्केमा नपर्ने डरले त्यो दफा नै संशोधनका लागि सर्वोच्च अदालतमा मुद्दा दिएका छन् । सहायकस्तर पहिलो तहको कार्यालय सहयोगीबीचमा प्रतिस्पर्धा गराई चौथो तहको खरिदारका लागि परीक्षा लिएकोमा आठ सिटमा जम्मा २ जनामात्र उत्तीर्ण हुन गई ६ सिट खाली भएको देखेर अहिले विज्ञापन गरिसकेको छैटौं तहको अधिकृत तहको परीक्षा नै नलिई फाइल बढुवा गर्नका लागि अदालतमा रिट परेको छ । निजामतीतर्फ ३० प्रतिशत फाइल बढुवामा छुट्याएको तर स्थानीय स्वायत्त शासन नियमावलीमा ३० प्रतिशत आन्तरिक बढुवाका लागि व्यवस्था भएकाले निजामती र स्थानीय निकायमा फरक ढंगको व्यवस्थाले स्थानीय निकायमा पाँचौं तहका कर्मचारीले फाइल बढुवाको व्यवस्था नभएकाले विभेदकारी नीति खारेजको माग गर्दै रिट दिएको बताएका छन् ।

तामाङले विकृतिपूर्ण बढुवा गरेपछि महानगरपालिकामा एकपछि अर्को समस्या निम्तिएका छन् । महानगरपालिकाले अस्थायी, करार र ज्यालादारीसमेतको नोकरी अवधि जोडेर सहायकस्तर तेस्रो तहको सहायक स्तर चौथोमा जोडी पाँचौंमा बढुवा गरेका कारण पनि विकृति आएको छ । यही प्रवृत्तिको बढुवा गर्नका लागि नगर प्रहरीका असईहरूले पनि कार्यकारी अधिकृत तामाङलाई निवेदन दिएका छन् । यस्तो मनपरी बढुवा गर्ने दोषी कार्यकारी अधिकृत तामाङ नै भएकाले यस्ता निवेदन पर्दैआएको महानगर स्रोतले बताएको छ ।

माओवादीमा बहस

एकता कि विघटन

दाहाल-भट्टराई मिलनमा 'इगो' बाधक

रामकृष्ण अधिकारी | काठमाडौं

'माओवादी एउटा आन्दोलन थियो, पार्टी मात्रै थिएन। हामीले बनाउने भनेको माओवादी हिजोको जस्तो थिएन। पार्टीमा अहिले गुटबन्दी मौलाएको छ। जनतामा जाने गरी सामाजिकीकरण हुन सकेको छैन।

समाचार विश्लेषण

नेतामुखी भइयो, नीतिमुखी त हुनै सकिएन। हामी सच्चिने नसक्ने अवस्थामा पुगिसकेका हौं भने पार्टी विघटन गरिदिउँ, यतातिर पनि सोच्न सकिन्छ।'

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पार्टीका मित्ता इन्धार्नसहितका नेताहरूलाई पेरिसडाँडामा बोलाएर यही साउन ७ गते यसरी भनेका थिए। त्यहीं बैठकमा अध्यक्ष दाहालले माओवादी विचारधाराका पार्टीहरूलाई एकताका लागि आह्वानसमेत गरे। दाहालका यी दुई कदमले माओवादीवृत्तमा 'ध्रुवीकरण कि विघटन' भन्ने बहस चलेको छ।

शान्ति प्रक्रियामा आएपछिको छोटो अवधिमै माओवादीले उचाइ मात्र नापेन, साथमा अनपेक्षित धक्कासमेत व्यहोरेको छ। २०६४ साल साउनमा बालाजुमा सम्पन्न पाँचौं विस्तारित बैठकपछि देखिएको अन्तरविरोधको व्यवस्थापन गर्न नसक्नु नै 'यो हालत'को कारक मान्न सकिने विश्लेषक बताउँछन्। त्यहीँबाट कोरिएको थियो विभाजनको रेखा।

दाहालले त्यस बेला शान्ति प्रक्रिया अधि बढाउने, एकल कम्युनिस्ट पार्टीले सञ्चालन गर्ने गणतन्त्र सम्भव नभए पनि 'प्रगतिशील गणतन्त्र'को कार्यनीति अगाडि बढाउने, माओवादी लडाकुलाई नेपाली सेनामा समायोजन गर्नेसहितका प्रस्ताव गरेका थिए। त्यसलाई 'हार्डलाइनर' नेताले सहजै स्वीकार गरेनन्।

मोहन वैद्यको हार्डलाइनर र डा. बाबुराम भट्टराईको प्रगतिशील गणतन्त्र धारको चेपुवामा उनी फस्दै गए। कहिले वैद्य त कहिले भट्टराईको धारमा पुग्ने दाहालको प्रवृत्तिले माओवादीलाई विभाजनसम्मै पुर्‍याएको हो। ०६९ साउनदेखि वैद्यले अलग बाटो समातेका थिए।

त्यसपछि नै दाहालको राजनीतिक यात्रा ओरालो लागेको थियो। अहिले उनी चर्को दबाबमा देखिएका छन्। शान्ति प्रक्रियाको १० वर्षमा सधैं राजनीतिको केन्द्रविन्दु बनिरहेका दाहाल 'केन्द्रविन्दु'मै रहिरहन चाहन्छन्।

>> बाँकी पृष्ठ ३

एकता र विभाजनको पछिल्लो शृंखला

पुष्पकमल दाहाल
मोहन वैद्य
बाबुराम भट्टराई
नेत्रविक्रम चन्द

मूल पार्टी : नेकपा (माओवादी)

एकता	विभाजन
२०६४ नेकपा २००६ (केशव नेपाल)	२०६५ मातृका यादव विभाजनमा। नेकपा (माओवादी) नामकरण
२०६५ नेकपा एकताकेन्द्र मसाल (नारायणकाजी श्रेष्ठको पार्टीसँग)। पार्टीको नाम एकीकृत नेकपा माओवादी	२०६९ मोहन वैद्य अलग। नेकपा-माओवादी नामकरण
२०७३ जेठमा माओवादीका १० घटकबीच एकता। नेकपा (माओवादी केन्द्र) नामकरण	२०७१ मंसिरमा वैद्यसँग नेत्रविक्रम चन्दको विभाजन। नेकपा माओवादी नामकरण
	२०७२ मंसिरमा डा. बाबुराम भट्टराई अलग। नयाँ शक्ति पार्टी निर्माण

सत्ता 'दाउ

राप्रपा विभा

चिरञ्जीवी दुंगाना | काठमाडौं

पार्टी अध्यक्ष कमल थापा र वरिष्ठ नेता पशुपतिशमशेर राणाबीच सरकारमा सहभागी हुने आआफ्नै दाउले राप्रपा विभाजित भएको छ। आठ महिनाअघि मात्रै थापा नेतृत्वको राप्रपा नेपाल र राणा नेतृत्वको राप्रपा एकीकरण भएको थियो। फागुन ६ देखि ९ गतेसम्म राजधानीमा एकता महाधिवेशन गरेको राप्रपा विभाजन र एकताको यो १८ औं शृंखला हो।

कांग्रेस-माओवादी केन्द्र गठबन्धन सरकारमा कसले नेतृत्व गर्ने भन्ने विवाद साम्य पार्न नसक्दा राप्रपा विभाजन भएको नेताहरूले दाबी गरेका छन्।

अध्यक्ष थापाले शेरबहादुर देउवा नेतृत्वको सरकारमा उपप्रधानमन्त्रीसहित आफ्नो नेतृत्व गर्न खोज्दा राणा समूहले 'उपप्रधानमन्त्री पद नदिन सत्ता गठबन्धनलाई दबाब दिएको' र आफूले नेतृत्व नपाउने भएपछि 'सरकारबाट सम्मानजनक व्यवहार' नपाएको भन्दै थापाले राणा समूहका सांसदलाई सरकारमा जानबाट रोकेपछि विवाद चुलिएको थियो।

आफूलाई उपप्रधानसहित मुख्य मन्त्रालय दिएर मन्त्रिपरिषद् विस्तार नभएपछि थापा सरकारलाई दिएको समर्थन फिर्ता लिनेमा पुगेका थिए। थापालाई रोकेर मन्त्रीको सपना देखेका सांसदहरू पिल्सिएर पार्टी विभाजन गरेको थापानिकट नेताहरूले दाबी गरे।

वरिष्ठ नेता राणाको नेतृत्व आइतबार नै निर्वाचन आयोगमा 'राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिक'

> पार्टी विभाजनलाई दुर्भाग्यपूर्ण भन्दै त्यसका लागि भएका कतिपय हस्ताक्षर नक्कली भएको थापा पक्षको दाबी।

आइतबार, ५ भदौ, २०७३ (Sunday, August 21, 2016) | कान्तिपुर

पुस्तक लेख्दा ७० लाख डलर जरिवाना

न्युयोर्क (बीबीसी)- अल कायदा प्रमुख ओसामा बिन लादेनमाथि भएको कारवाहीलाई मुख्य विषय बनाएर अमेरिकी नेभी सिलका पूर्वसदस्य म्याट बिस्सोनेटले सन् २०१२ मा एक पुस्तक प्रकाशित गरे, 'नो इजी डे'। मार्क ओवेन नामक छद्म नाममा लेखिएको उक्त पुस्तक चर्चित पनि भयो। तर प्रकाशित गर्नुअघि अमेरिकी रक्षा मन्त्रालय पेन्टागनको अनुमति नलिएकोमा उनले ठूलो मूल्य चुकाउनुपरेको छ।

म्याटले पुस्तकबाट हुने ७० लाख डलरको कमाइ पेन्टागनलाई दिनुपर्ने भएको छ भने पुस्तक बिक्रीबाट हुने नाफा र रोयल्टी पनि गुमाउनुपर्नेछ। यसको बदलामा पेन्टागनले उनीविरुद्ध कुनै पनि किसिमको कारवाही गर्ने छैन। अदालतले उनलाई पुस्तक प्रकाशन गर्नुअघि पुनरावलोकनका लागि सम्बन्धित अधिकारीसमक्ष प्रस्तुत नगरेकोमा औपचारिक रूपमा माफी माग्न पनि आदेश दिएको छ। म्याटले नेभी सिलमा सेवाका दौरान गोपनीयताको सम्झौतामा हस्ताक्षर गरेका थिए। अमेरिकाको सैन्य नियमअनुसार कुनै पनि सैन्य अभियानमा सामेल सैनिक या कर्मचारीले सरकारको अनुमतिविना अभियानसँग सम्बन्धित कुनै पनि सूचना सार्वजनिक गर्ने अधिकार हुँदैन। पाकिस्तानको एबोटाबादमा सन् २०११ को २ मेका दिन अमेरिकी नेभी सिलको कारवाहीमा तालिवान प्रमुख लादेनको मृत्यु भएको थियो। सोही टिममा म्याट पनि थिए। म्याटले पुस्तक प्रकाशित गर्नुअघि स्वीकृतिका लागि पेन्टागन नपठाइएको स्वीकार गरेका छन्।


THE FIRSTHAND ACCOUNT OF THE MISSION THAT KILLED OSAMA BIN LADEN
NO EASY DAY

म्याटले आफ्नो वकिलको सल्लाहअनुसार नै सबै काम गरेको उल्लेख गर्दै भनेका छन्, 'तर अहिले थाहा पाएँ, उनको सल्लाह गलत रहेछ, यो गम्भीर गल्ती हो, म सबैलाई यस्तो गल्ती नदोहोर्‍याउन सल्लाह दिन्छु।'

उनले आफ्नो क्षमायाचनामा भनेका छन्, 'पूर्वसहकर्मीहरूमाथि संकट निम्त्याउने मेरो नियत नभए पनि मैले पुस्तक पुनरावलोकनका लागि प्रस्तुत नगर्दा उनीहरूका परिवारमाथि ठूलो खतरा निम्तन सक्छ, त्यसका लागि म क्षमा माग्छु।'



सोमबार २३ साउन २०७४ MONDAY, AUGUST 7, 2017

एकता...

तर, पार्टीभित्रको संगठनात्मक अवस्था र निर्वाचन परिणामका कारण चिन्तित छन्। त्यसकै संकेतका रूपमा उनले केन्द्रीय सचिवालयको विस्तारित बैठकमा विघटन र एकताको दुवै कार्ड एकैपटक फ्याँकेको चर्चा चलेको छ।

विश्लेषक सोमत घिमिरे सडकमा पार्टी बलियो नहुनु, संसदीय मोर्चामा पनि कमजोर देखिनुले दाहाल दबाबमा परेको टिप्पणी गर्छन्। यही कारण उनले माओवादी विचारधाराका शक्तिसँगको एकता आह्वान र पार्टी विघटनको धम्की 'पुनर्गठन'को सम्भावना खोज्न दिएका हुन्। स्थानीय तह निर्वाचन परिणामले माओवादीलाई अपेक्षित सफलतासमेत दिएन। अन्य विभाजित शक्तिको अवस्था पनि निराशाजनक देखिएको छ। यसले माओवादी पृष्ठभूमिका पार्टी/समूहलाई नयाँ ढंगले सोच्ने अवस्थामा पुर्‍याइदिएको छ।

होला त एकता ?

माओवादीमा मूलधारका नेता भएकाले दाहालले विभाजित शक्तिलाई एकताको आह्वान गर्नुलाई स्वाभाविक मान्न सकिन्छ। तर, प्रष्ट वैचारिक-राजनीतिक भिन्नता, 'इगो पोलिटिक्स' र 'अतीतको रोमान्टिजम'मा 'विकेन्द्रित' दाहाल, वैद्य, नेत्रविक्रम चन्द र भट्टराईबीच एकता भइहाल्ने सम्भावना न्यून छ। विश्लेषक झलक सुवेदी वैद्य, भट्टराई र चन्दमा लागेको कार्यकर्ताको एक तह माओवादी केन्द्रतिर आकर्षित भए पनि नेताकै तहमा भने एकता हुने सम्भावना देख्दैनन्। 'वैद्य, भट्टराई र चन्दको पार्टीमा लागेका कार्यकर्ता त्यहाँ संरक्षण नहुँदा, सामाजिक प्रतिष्ठा नपाउँदा माओवादी केन्द्रमा फर्किन सक्छन्', विश्लेषक सुवेदी भन्छन्, 'तर, अहिलेकै राजनीतिक परिदृश्यबाट हेर्दा तीनै नेता भने दाहाल कहाँ फर्किने सम्भावना देखिन्न।'

दाहाल, वैद्य, चन्द र भट्टराईलाई मिल्न नदिन वैचारिक भिन्नता र 'इगो पोलिटिक्स' मुख्य अवरोधका रूपमा रहने विश्लेषक नरेन्द्रजंग पिटरको बुझाइ छ। यद्यपि, उनी दाहाल-चन्द भने एकै ठाउँ आउन सक्ने सम्भावनालाई नकार्दैनन्। 'दुई-चार वर्षभित्र प्रचण्ड (दाहाल) र विप्लव (चन्द)का बीचमा एकता हुन सक्छ। तर वैद्य र भट्टराई प्रचण्डसँग एकतामा आउँछन् जस्तो लाग्दैन', उनी भन्छन्, 'भट्टराई-वैद्य प्रचण्डसँगको इगोको टसल र स्वत्वको लडाइँका कारण एकतामा आउँदैनन्।' दाहाल र चन्द दुवैजना महत्त्वाकांक्षी भएकाले पुनः प्रतिस्पर्धाबीच एकै ठाउँमा पुग्ने सम्भावना रहेको उनको ठम्याइ छ।

उनको भनाइमा भट्टराईसँग अहिले सबैभन्दा बढी 'इगो पोलिटिक्स' हावी छ। दाहाल कमजोर भएको हेर्न चाहन्छन् भट्टराई। वैद्य भने वैचारिक राजनीतिक दर्शन नमिल्दासम्म एकता चाहँदैनन्। दाहाल उनको परम्परावादी सोचभन्दा अगाडि बढिसकेका छन्। दाहाल अबको निर्वाचनलाई रूसमा लेनिनले 'दुमा प्रयोग'को अवधिमा लिन नहुने विश्लेषणसम्म पुगेका छन्। यो भनेको प्रस्ट संसदवादी धारमा माओवादी केन्द्रको अवतरण हो। खासगरी माओवादी स्कुलिङका चारै पार्टी अहिले कमजोर बनेका छन्। पार्टीमा आएको विभाजनपछि राष्ट्रिय राजनीतिमा यी शक्ति कमजोर बनेका हुन्। दाहाल केही हदसम्म सत्ता-राजनीतिको केन्द्रमा देखिए पनि पूर्वप्रधानमन्त्री भइसकेका डा. भट्टराई, वैद्य र चन्द कमजोर भूमिकामा छन्।

उनीहरू कसैले पनि सांगठनिक संरचनाको आधारसमेत निर्माण गर्न सकिरहेका छैनन्। 'नेता नमिले पनि कार्यकर्ता सहज हुन सक्छन्, त्यो सम्भावना देखिन्छ', उनी भन्छन्।

मिल्न सक्ने एउटै पक्ष

माओवादी विचारधाराका पार्टीहरूबीचको एकता एउटै मुद्दाका कारण मात्र सम्भव देखिने विश्लेषक बताउँछन्। विस्तारै सशस्त्र द्वन्द्वकालीन मुद्दा उठाउँदा नेता-कार्यकर्ता मुछिन सक्ने अवस्थामा एकता हुन सक्छ। यो एजेन्डामा उनीहरूबीच 'कार्यगत एकता' हुँदै पनि आएको छ। यो मुद्दा उठ्दै जाने अवस्थामा हेगमा पुग्न सक्ने भय नेताहरूमा देखिएको छ।

विकल्प विघटन नै हो त ?

माओवादी केन्द्र अहिले 'महासंघ' जस्तो देखिएको छ। वरिष्ठ नेता नारायणकाजी श्रेष्ठको समूह पार्टी एकता भएदेखि नै सक्रिय छ। दाहालभित्रै पनि कृष्णबहादुर महरा, वर्षमान पुन, जनार्दन शर्मालगायत नेताका आआफ्नै समूह छन्। रामबहादुर थापा गत वर्ष पार्टीमा फर्के पनि समूहकै रूपमा छ। पार्टीमा अहिले नेतृत्वको संकट देखिएको छ। एकता आह्वान गर्न सक्ने नेताको अभाव पनि छ। एकता भइहाल्दा पनि अहिलेजस्तै ठूला र भद्दा कमिटी बन्नेछ। यसले माओवादीलाई एकता होइन, विघटनले पुर्‍याउने विश्लेषक बताउँछन्। 'संगठन सानो बनाउने, पार्टी पुनर्गठन गर्ने कुरा माओवादीमा सुनिन्छ, तर त्यो भनेको के हो ? प्रस्ट छैन', विश्लेषक घिमिरे भन्छन्, 'संगठन भनेको विधिसंगत चल्ने, सामूहिक निर्णय गर्ने चल्ने हुन्छ, यो अवस्था माओवादीमा देखिन्न। एक्लो अवस्थाले पार्टी चलाउँदैनन्।'

एमाले-कांग्रेसको विकल्पका रूपमा पहिलो संविधानसभामा जनताले माओवादी रोजे पनि अहिले फरक नदेखिएको विश्लेषक सुवेदी बताउँछन्। अर्को तल्लो वर्गका जनताको प्रतिनिधित्व गर्ने ठाउँ खाली भए पनि माओवादीले त्यस्तो स्थान लिन नसकेको उनको ठम्याइ छ।

माओवादी केन्द्र अर्को विचारमा प्रष्ट हुन नसकेको विश्लेषक पिटरको बुझाइ छ। 'विचारमा स्थिर हुनुपर्छ। नत्र प्रात र साँझ दुई रहन्छ। यस्तो अवस्थामा पार्टी आन्दोलन बन्न सक्दैन। अहिले प्रचण्डपथ पछ्याउनुपर्छ भन्नेहरू देखिन थालेका छन्', उनी भन्छन्, 'यसले माओवादी माओवादी रहँदैन, बरु भद्रगोल भई विघटित बन्न सक्छ।'

माओवादी केन्द्रकी प्रवक्ता पम्फा भुसालले पार्टी विघटन सोच्दै नसोचेको प्रतिक्रिया दिएकी छन्। 'हामीले पार्टीको विघटन सोच्दै सोचेका छैनौं, त्यो सम्भव पनि छैन', प्रवक्ता भुसालले अन्नपूर्णसँग भनिन्, 'बरु पार्टी पुनर्गठनको सोचमा छौं। एकता अहिलेको आवश्यकता हो।' उनले माओवादी शक्तिबीचको एकताका लागि शीर्ष तहमा आह्वान भइसकेको उल्लेख गर्दै भनिन्, 'ढिलो-चाँडो एकता हुन्छ भन्नेमा विश्वस्त छौं।'

सडकमै...

ठेकेदारमाथि कारबाही, पीडित परिवारलाई राहतको व्यवस्था गर्न उनीहरूले माग गरेका छन्।

शनिवार दिउँसो गरुडा-४ का रामएकबाल साहका छोरी १२ वर्षीया सुनिता, ९ वर्षीया संगीता, योगेन्द्र साहकी छोरी ९ वर्षीया सुनैना र प्रेमनारायण साहकी छोरी ९ वर्षीया सुस्मिता सडकखण्डको खाल्डोमा मृत फेला परेका थिए। पीडित रामएकबालले सडक डिभिजन कार्यालय र ठेकेदारको लापरबाहीले छोरीहरूको ज्यान गएको बताए।

स्थानीय प्रशासनले आवश्यकतानुसार छानबिन गरी कारबाही गर्ने, पीडित परिवारलाई यथोचित राहत उपलब्ध गराउन पहल गर्ने प्रतिबद्धता जनाएपछि चारै बालिकाको [illegible]स्थित घाटमा सामूहिक दाहसंस्कार गरिएको छ। स्थानीय प्रशासनले मृतकका परिवारलाई जनही २५ हजार रुपैयाँका दरले राहत उपलब्ध गराएको छ।

प्रहरीले सडक निर्माण गर्ने ठेकेदार दुर्गा निर्माण सेवाका प्रमुख साहलाई आइतबार बिहान नियन्त्रणमा लिएको छ। साहलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको रौतहटका प्रहरी प्रमुख सशिबिनोद घिमिरेले जानकारी दिए। निर्माण व्यवसायी महासंघले भने साहलाई प्रहरीले बिनाआधार पक्राउ गरेको भन्दै आपत्ति जनाएको

बैठकमा अवरोध गर्ने चेतावनीपछि सभामुख घर्तीले यस विषयमा सरकारलाई निर्देश गरेकी हुन्। गरुडा-४ स्थित गौर-चन्द्रनिगाहपुर सडकखण्डको खाल्डोमा डुबेर शनिवार चार बालिकाको ज्यान गएको थियो। एमालेले सरकार र ठेकेदारको लापरबाहीले खाल्डोमा परी बालिकाको मृत्यु भएको भन्दै संसद्मा विरोध जनाएको हो।

बैठकको प्रारम्भमा एमाले प्रमुख सचेतक भानुभक्त ढकालले सडक निर्माणमा संलग्न ठेकेदारको लापरबाहीले गर्दा ती बालिकाको ज्यान गएको भन्दै ठेकेदारमाथि कारबाही र मृतकका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने माग गरे। विभिन्न ठाउँमा सडकका खाल्डा नपुरिँदा १२ बालबालिकाको मृत्यु भइसकेको

सभामुख घर्तीले अर्को बैठकमा सरकारबाट जवाफ आउने प्रतिबद्धता व्यक्त गर्दै सदनको कामकारबाही अघि बढाइन्। त्यसअघि बोल्ने सांसदले पनि सरकारलाई विभिन्न ठाउँमा बालबालिकाले ज्यान गुमाउनुपरेको भन्दै सरकारको ध्यानाकर्षण गरेका थिए।

काठमाडौंका सांसद रामहरि खतिवडाले प्रधानमन्त्री शेरबहादुर देउवाले १५ दिनभित्र काठमाडौंका सडकका खाल्डा पुर्ने भने पनि त्यो काम अघि नबढेको भन्दै आपत्ति जनाए। माओवादी केन्द्रका रामनारायण बिडारीले सडकमा खनिएका खाल्डाले बालिकाको ज्यान लिएको भन्दै मन्त्रीलाई जवाफदेही हुन माग गरे।

निकायको उदासीनताले जीवन नै गुमाउनुपर्ने अवस्था सिर्जना हुनु अत्यन्त दुःखद भएको उल्लेख गर्दै भविष्यमा यस्ता कार्य हुन नदिन सरकार जिम्मेवार रहनुपर्नेमा ध्यानाकर्षण गराएको छ।

गृहलाई निर्देशन

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले रौतहटको गरुडामा खाल्डोको पानीमा डुबेर चार बालिकाको ज्यान गएको घटनाको छानबिन गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ। उक्त घटनाको विषयमा स्थानीय भूमिका सहित संसद्ले सरकारलाई सचेत गराएको अवस्थामा यथार्थ प्रतिवेदन तीन दिनभित्र पेस गर्न गृहलाई निर्देशन दिइएको हो।

दल दर्ताको [illegible] गरेका छैनन्।

राप्रपाको विभाजनले संसद्को अंकगणितमा हेरफेर हुनेछ। एकीकृत राप्रपाको ३७ सिट थियो भने विभाजनले राणाको पक्षमा १९ र चन्दको पक्षमा १८ हुन पुगेको छ। राणा समूहले भने आफ्नो पक्षमा २२ र चन्दको पक्षमा १५ सांसद रहेको दाबी गरेको छ। एकताअघि राप्रपा नेपालका २५ र राप्रपाका १२ सांसद मिलेर ३७ सिट पुगेको थियो।

मधेसकेन्द्रित दलको संविधान संशोधनमा सहयोग गरे मात्र सरकारमा सहभागी गराउने भन्दै सत्ताधारीले राप्रपासँग 'बार्गेनिङ' गरेको थियो। अध्यक्ष थापाले संशोधनमा सघाउने वचन दिई सत्तारूढ संसद्मा विधेयक अघि बढाउन खोज्दा थापासँग असन्तुष्ट १२ सांसद गायब भएका थिए। थापानिकट सांसद रेशम लामाले समेत पक्ष परिवर्तन गरी थापाविरुद्ध अभियान सञ्चालन गरेका थिए। उनलाई थापानिकट र

चिह्न छाडेकाले पनि परिणाम आएको बताउँदै आएका थिए। एकता महाधिवेशनमा थापाले पार्टीको निर्वाचन चिह्न 'गाई' र राणा पक्ष हलको पक्षमा रहेका हुन्। वरिष्ठ नेता डा. प्रकाशचन्द्र लोहनीले एकता महाधिवेशनको १५ औं दिनमा अलग पार्टी गठन गरे।

चन्द निवासमा सहमति, राणा निवासमा उल्लंघन

पार्टी विभाजनअघि आइतबार पूर्वअध्यक्ष राणा र पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दबीच बिहानको अन्त्यमा सबै केन्द्रीय समितिका बीचको आठ सदस्यको मनोनयन र निर्देशक समितिको गठन राणाकै मागअनुसार गर्ने सहमति भएको थियो। त्यसको घोषणा सोमबार बिहान गर्ने प्रतिबद्धता चन्द निवासमा जनाएका थिए। 'लोकेन्द्रजीको सहमतिलाई दुई-चार घण्टामै भुलाउँदै राणा पार्टी र संसदीय दलको विभाजन गराउन

द्विपक्षीय विषयमा विज्ञ टोली गठन गरी व्यवस्थापन गराउने सहमति भएको थियो। उक्त सहमतिअनुसार नेपालका जलस्रोत ऊर्जा आयोगका सचिव र भारतीय जलस्रोत मन्त्रालयका सचिवको नेतृत्व गर्ने टोली गठन भएको छ। यो टोलीले आगामी नोभेम्बरसम्ममा धारणा बैठक गरी डीपीआरलाई अन्तिम रूप दिनका लागि गर्नुपर्ने सबै गृहकार्य र अध्ययन पूरा गरी स्पष्ट बोर्डलाई सिफारिस गर्नेछ। उक्त बोर्डले पारित गरी आवश्यक देखिए भेरिफिकेसनपछि पारित गरेपछि डीपीआरलाई स्वीकृत गर्ने सहमति छ।

विज्ञको टोली बैठकको तयारीस्वरूप जल तथा ऊर्जा आयोग, ऊर्जा मन्त्रालय, सिंचाइ, विद्युत प्राधिकरणका अधिकारी सम्मिलित आइतबार बसेको तयारी बैठकले भारतले पञ्चेश्वर डीपीआरको मस्यौदासम्बन्धी भारतीय प्रस्ताव, उक्त प्रस्तावप्रति नेपाल सरकारले दिएको



आस्था

कति धेरै खान सकेको !

काठमाडौं । पूर्व प्रहरी महानिरीक्षक डी.बी. लामाले आफू पदमा रहँदा भ्रष्टाचार गरेर कमाएका अकूत सम्पत्तिको फेहरिस्त जनआस्थालाई प्राप्त भएको छ।

उनले गरेका कसुरका सम्बन्धमा संनाले ०४४ असार १७ गते छापा मार्दा करिब ४ करोड ४१ लाख ३३ हजार ४ सय ३३ रुपैयाँ आम्दानी देखिएको डायरी फेलापरेको र दोस्रोपटक असार २७ गते गरिएको खानतलासीको क्रममा ठूलो परिणाममा लुकाई राखिएको सुन फेलापरेको थियो।

प्राप्त जानकारीअनुसार, उनी पदमा बहाल अवधि ०३९ आषाढदेखि ०४३ जेठ मसान्तसम्ममा २ करोड ७ लाख ६६ हजार ८२ रुपैयाँ बराबरको नगद सम्पत्ति जोड्न सफल भएको बयान उनी आफैले दिएका थिए। उनकै बयानअनुसार ठमेलमा २५ लाख रुपैयाँ बराबरको १-१-३ को जग्गा, जोरपाटीमा १-१० को १ लाख ६२ हजार रुपैयाँ बराबरको जग्गा, सिंगलेटारमा ३२ लाख ३७ हजार बराबरको मूल्य पर्ने घर-जग्गा, गोंगबुमा ५६ लाख २८ हजार ७ सय ७२ रुपैयाँ बराबरको कारखाना, आरुबारीमा ४ लाख ६२ हजार ५ सय मूल्य बराबरको ४-१० को जग्गा, सुगलटारमा ६ लाख २८ हजार ९ सय मूल्य

बाँकी ८ पेजमा

[illegible] घर.....

[illegible] बराबरको जग्गा, बौद्धमा १ लाख ८३ हजार ४ सय ९२ मूल्य बराबरको घर, ६ लाख ८२ हजार ८० रुपैयाँ मूल्य बराबरको ठमेलको घरमा पछि भित्रको ग्यारेज तथा पसल, १ लाख ६६ हजार मूल्य पर्ने कार्पेटको मेसिनरी सामान, अनुमानित ९ लाख मूल्य बराबरको कार्पेट, नगद रुपैयाँ ७ लाख ९२ हजार ६ सय, ३२ लाख मूल्य बराबरको १६ तोलाको ४० टुक्रा सुन, १ लाख ५० हजार मूल्य बराबरको २१ वटा असर्फी, २ लाख ८८ हजार मूल्य बराबरको गरगहना, ६ लाख मूल्य बराबरको टुपरजीप, १ लाख मूल्य बराबरको रि कन्डिसन कार, अनुमानित ८० लाख मूल्य पर्ने २ वटा मोटरसाइकल, ८० हजार मूल्य बराबरकै एउटा पुरानो लैण्डरोभर गाडी उनले आफू पदमा रहेको बेला किनेका थिए।

बयानमा उनले थप भनेका थिए- 'एकपटक भरत गुरुङले त्रि.वि. भन्सारको गोदाममा कालु मनाङेको करोडौं मूल्यको सुन छ, रातमा गोदाम फोडेर निकाल्नुपर्‍यो भन्दा न.ना.उ. प्रतापकुमार बान्तवालाई भरतकहाँ पठाइदिएको हुँ। यसबारे मैले प्रतिवेदन गर्नुपर्ने ठाउँमा प्रतिवेदन तथा जानकारीसम्म गराएको छैन।' उनकै अनुसार, भरत गुरुङको सिफारिशमा उनले भनेको व्यक्तिलाई कोडान आ.बा. सेट भरत गुरुङ र लामाले ५० हजार कमिशन लिएका थिए भने ०४३ को रापस चुनावमा लामाका भाइ शेरबहादुर घले नुवाकोटबाट उम्मेदवार बन्दा लामालाई डेढ लाख नगद रकम दिएका थिए।

सुनको थुप्रो लाग्न थाल्यो

काठमाडौं। वर्तमान सरकारले चुनाव लड्ने खर्च तस्करहरुबाट उठाउन सुन तस्करहरुलाई सुन ल्याउने लाइन दिएपछि सुन तस्करहरुले धमाधम ठूलो परिणाममा सुन भित्र्याउँदै छन्। जानकारीअनुसार, आजकल दैनिक १० देखि २० करोड रुपैयाँ बराबरको सुन नेपाल भित्रिने गरेको छ। यही माघ ८ गते, शुक्रबार मात्र कुख्यात सुन तस्करहरुमध्ये सुरेन्द्रको ३० केजी, राजुको ३० केजी, र सुशील धानुकाको ४० केजी सुन नेपाल भित्रियो। सो सुन आर.ए. ४०२ नम्बरको दुबई-लण्डन-काठमाडौं विमानबाट भित्रिएको हो। त्यसैगरी, हिजोमात्र अर्का सुन तस्कर हेमन्त स्वाँरको ५० केजी सुन टी.जी. ३०७ मार्फत् दिउँसो २ बजे नेपाल भित्रियो।

सरकार र प्रहरी महानिरीक्षकको प्रत्यक्ष निर्देशनमा सुन तस्करहरुलाई एयरपोर्टमा कार्यरत भन्सार, प्रहरी आदि सम्पूर्ण निकायले सहयोग गरिरहेको बुझिएको छ। माघ १० गते एयरपोर्टका सिनियर अफिसर प्रहरी उपरिक्षक छत्रमान राईले प्रनाउ तुलबहादुर केसी र प्रनाउ भीमबहादुर थापालाई समेत सामेल गराई गरेको बिफिङमा 'तिमीहरुलाई थाहा छ कि ! लाइन बेगरका मान्छेलाई सुन ल्याउन नसघाओ है, चुनावको बेला छ' भनी निर्देशन दिएका थिए। जानकारीअनुसार माघ १२ गते बेलुकी पनि सुशील, महेन्द्र र राजुलगायतका तस्करहरु अर्को पोका सुन छुटाउन एयरपोर्टमा लाइन लागेका थिए।

यसैबीच प्राप्त समाचारअनुसार, बेरोजगार नेपालीहरुलाई विदेशमा रोजगारी दिलाई दिने बहानामा ६५ लाख रुपैयाँ उठाई दिल्लीतर्फ भाग्न लागेका भारतीयहरुलाई प्रहरीले पक्राउ गरेको छ। सिंगापुरको पासपोर्ट बोकेका पासपोर्ट नं. ५७७१२८६३ भएको गणेश, ६००-००८ नम्बर भएका जे.ए. अब्दुल कादर, श्रीमान् गोविन्दराजी, ए ४६१५११७ नम्बर भएकी श्रीमती गोविन्दराजी, ए- १५१५८८४ नं. भएका कलकद विश्वनाथन् र ६२३९४६ पासपोर्ट नम्बर भएका धर्मपाल कृष्णप्रसाद नामक ठगहरुलाई केही दिनअघि इण्डियन एअरलाइन्सको २०१ नम्बरको विमानबाट पक्राउ गरिएको थियो। उल्लेखित ठगहरुले विदेशमा जागिर मिलाइदिन्छु भनी पासपोर्ट नं. ४७४४५२ भएका नन्दप्रसाद दाहाल, भक्तिश्वर पाण्डे, पासपोर्ट नं. ८३०२२८ भएका पुष्पराज गिरी, ८८५२२८ नं. का एकदेव शर्मा, ८१७७३५ का प्रकाशबहादुर भण्डारी, ८२७५९० का बाबुराम देवकोटा, ०९८१७४३ पासपोर्ट नं. भएका नेत्रनारायण पौडेल र कन्चनपुर महेन्द्रनगर वार्ड नं.- १८ निवासी पासपोर्ट नं. ८७६७६३ भएका जयलाल अर्यालबाट ठूलो रकम ठगेका थिए।

एयरपोर्टमा बृश्य धरिधरिका

चाकरीबाज, घुन्टियादेखि सेक्सीसमेत भनेर चिनिने एयरपोर्टका केही कर्मचारीहरुको दैनिक चर्तिकलाले त्यहाँको दैनन्दिन जीवन बन्न पुग्ने गरेको छ। आफूलाई अर्थमन्त्रालयका उप-सचिव लोकमानसिंह कार्कीका नातेदार बताउने ना.सु. दिलीप कार्कीले यही माघ ७ गते टी.जी. बैंककबाट आएको पाकिस्तानी व्यापारीबाट दिनदहाडै १६ हजार रुपैयाँ माग गरेका थिए। राजस्वमा जम्मा हुने रकम थोरै देखाएर ना.सु. कार्कीले व्यापारीको अनुनय विनयलाई समेत नल्याएर १६ हजार रुपैयाँ झारेरै छाडेका थिए।

उता, लोकमानका पिता भूपानमानसिंह कार्की ९ गते दिल्लीतर्फ प्रस्थान गर्दा उनलाई जहाजसम्म नै पुऱ्याउन जाने भन्सारका कर्मचारीको लाइन देखिन्थ्यो। यतिमात्र होइन कार्कीको चाकरीका लागि अन्त शुल्क र

बाँकी ८ पेजमा

सुनका थुप्रा.....

राजश्वले बन्देज गरेको ब्ल्याक लेबल रक्सी पनि प्रस्थानकक्षको ड्युटी फ्रि पसलबाट कर लगाई-लगाई दिएको देखिन्थ्यो।

त्यसैगरी इमिग्रेशन विभागका हाकिम गणेश राईको 'ठिटी मोह' पनि एयरपोर्टको चर्चित विषय हो। यही माघ ८ गतेमात्र पनि उनले एउटी यसुल्नी तरुनी कमला शर्मालाई एयरपोर्ट भित्र्याएका थिए। स्टाफ (S) लेखेको बिल्ला भिराई निज शर्मालाई इमिग्रेशन अफिसमा भित्र्याएपछि त्यहाँ कार्यरत एक कर्मचारीले 'गणेश राईको जवानी त मान्नै पर्छ बा' भन्दै थिए।

उता, विशेष प्रहरीका ना.सु. नरगोविन्द श्रेष्ठ एयरपोर्ट आएदेखि नै आर्मी, सुरक्षा प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र प्रहरीको विशेष टोलीलाई व्यापारीहरुले दिने पैसा एक्लै ग्वाम पार्दै आएका छन्। ०५५।९।२३ र २४ गतेका दिन बैंककबाट काठमाडौं ल्याएका सुट, टिसर्ट, कट्टु, लेडिज सुइटर, स्कीप आदि ल्याएबापत छुट्याइएको २ हजार रुपैयाँ निज श्रेष्ठले उठाएर खाएपछि उक्त रहस्य खुलेको थियो। निजको त्यस्तो व्यवहारबाट अन्य [illegible] मर्काइन्छ।

"२०५५ माघ ११ गते सोमबार

७

एक्का बूढा हुनु

– बुद्धिमान तामाङ
(केन्द्रीय सदस्य, राप्रपा)

विश्वासलाई कुल्चेर, लत्याएर शक्ति प्रदर्शनको कुरा गर्नु कसैलाई पनि सैह्य नहुने कुरा हो । जनताको अभिमत र विश्वासको कदर गर्न नसक्नेहरूले यस्ता कुरा गर्छन् । एमाले र कांग्रेसलाई जनताप्रति कुनै सरोकार छैन भन्ने कुरा उनीहरूको व्यवहारले प्रष्ट देखाइसकेको छ । चुनावमा जनताको मत जित्नुपर्छ । जनताको भलाइको खातिर रगत र पसिना बगाएर देखाई दिनुपर्छ । शक्ति र धम्कीदेखि कोही पनि डराउने वाला छैन । हात हतियारको कुरा गर्ने हो भने यहाँ को भन्दा को कम हुन्छ र ? के माधव नेपाल र गिरिजाले मात्रै हतियार ल्याउन सक्छ हामी सक्दैनौं !? के हामी त्यति कमजोर छौं ? उनीहरूले जति ल्याउँछन् त्यति हतियार हामी पनि ल्याउन सक्छौं । जति उनीहरूले प्रयोग गर्न सक्छन् त्यति नै हतियार हामी पनि प्रयोग गर्न सक्छौं । कसैदेखि पनि पिठ्युँ फर्काएर हामी भाग्ने पक्षमा छैनौं । हरेक परिस्थिति र चुनौतीको सामनागर्न राप्रपा तयार छ । तर यस्तो मूर्खता कसैले पनि गर्नु हुँदैन । जनताको विश्वास जितेर हामीले राजनीति गर्नुपर्छ । राजनीति गर्नेहरूको लागि जनता नै सबैभन्दा ठूलो कुरा हुन्छ । देश र मुलुक हाँक्नेहरूले मुखले जस्तो कुरा गर्नु हुँदैन । शसस्त्र क्रान्ति गरेर चुनाव जित्ने भए एमाले माओवादी बने भइहाल्यो नि होइन भने किन यस्तो धम्की ? धम्कीले डराउँछ भन्ने कुरा कसैले सोचेको भए त्यो भन्दा ठूलो मूर्खता अरू केही हुने छैन । जनताको मतलाई विश्वास गर्दैनन् भने माओवादीसँग मिलेर जनयुद्ध गरेर आफूले चाहेको राज्यसत्ता स्थापना गरे भइहाल्यो नि । बन्दुक र तोप उनीहरूले कहाँबाट ल्याउँछन् ? त्यही भारतबाट होइन ? नेपालमा ५०० माईल खुल्ला बोर्डर भएको ठाउँमा भारतबाट जसले पनि हतियार ल्याउन सक्छ । अरू देशबाट ल्याउने हो भने उनीहरूले मात्रै चिनेका छन् र ? कि हामी लाटा छौं कि कसो ? हामी आँधीको जवाफ हुरीले दिन सक्षम छौं । शान्तिपूर्ण र वैधानिक तरिकाले काम गर्न चाहन्छौं । बन्दुक बोक्नलाई धेरै शक्ति चाहिँदैन । माओवादीले जुन किसिमले आतंक सिर्जना गरेका छन् त्यस्तो सिर्जना जसले पनि गर्न सक्छन् ।

सुरा-सुन्दरी विकृति र विसंगति ठूला पार्टीहरूले नै शुरूवात गरेका हुन् त्यसको शुरुवात गर्ने भनेको तत्कालीन एमाले नै हो । साना पार्टीहरू त प्रयोग भएका मात्र हुन् । विकृतिको जन्मदाताको हो ? कसले कहिलेदेखि यसको शुरूवात गरे भन्ने कुरा एक-एक पोल खोली दिन सक्छु मैले सबै कुरा नोट गरेर राखेको छु ।

मन फुटेको छ । शारीरिक रुपमा फूटेपछि त्यसको घाटापूर्ति हुनसक्छ तर मन फूटेपछि त त्यसले पार्टी भित्र ठूलै उथल पुथल र विनाश ल्याउँछ । अहिले भट्टराईलाई अघिसारे पनि त्यसको विरूद्ध अर्को षडयन्त्र शुरू हुन्छ । किनकी कांग्रेसको बानी मलाई राम्रोसँग थाहा छ । १८ महिना एकपटक र ६ महिना एकपटक मिलेर कांग्रेससँग मैले मिलेर काम गरिसकेको छु । कांग्रेसको आनिबानीसँग म नजिकबाट परिचित छु । कांग्रेसले १३० सिट जित्छु भनेर हावादारी गफ गरेको छ । अहिलेको सिट जोगाएमात्र उसलाई बहादुर भन्नुपर्छ । बाकस सदरमुकाममा ल्याएर भोट हाल्ने भए अर्कै कुरा हो होइन भने कांग्रेसको जित्ने आधार के छ ? एमाले पनि विभाजित भएको छ । उनीहरू एकले अर्को आउन नदिने खेलमा लागेका छन् तसर्थ एमालेले बहुमत ल्याउँछ भनेर भन्नु पनि एउटा हावादारी गफ मात्रै हो । यस्तो कुरा कसैले पनि पत्याउँदैन । अर्कोचोटी पनि हङ पार्लियामेन्ट नै हुनेछ । यहाँ एउटा पार्टीको मात्रै सरकार बन्नु हुँदैन र नेपालको परिवेशमा यो कुरा सुहाउँदा पनि सुहाउँदैन । यहाँ बहुभाषी, बहुसंस्कृति र बहुजातीय भएको ठाउँ हो । यस्तो अवस्थामा एउटै पार्टीलाई शासन चलाउन दियो भने अर्को तानाशाही जन्मन सक्छ ।

☞ कसैको बहुमत आएन भने त फेरि यस्तै खिचतानी र द्वन्द्व हुँदैन र ?

❖ अहिले रातो पासपोर्टको दुरूपयोगको कुरा आइरहेको छ । यस्तो मुन्टे शिर झुक्ने काम सांसदहरूबाट भएको छ । हामीसँग पनि त त्यो पासपोर्ट थियो तर हामीले त्यसको कहिल्यै दुरूपयोग गरेनौं । जनताले अब बेइमानहरूलाई छानीछानी हराउनु पर्छ । अनैतिकहरूलाई जनताले हराइ दिनुपर्छ । वैशाख २० गतेको चुनाव हाम्रो लागि एउटा परीक्षा हो । त्यसको न्यायाधीश भनेका जनता हुन् जनताले [illegible] ठीक को बेठीक भनेर फैसला गर्नेछन् । [illegible] पनि मिलीजुली सरकार छ तसर्थ यसले नेपालमा कुनै असर पर्छ जस्तो मलाई लाग्दैन ।

☞ चुनावमा राप्रपाको स्थिति के होला ?

❖ हामी शानदार ढंगले जितेर देखाउँछौं । हामीले इमान्दारितापूर्वक राजनीति गरिरहेका छौं त्यसैले हामीलाई जनताले विश्वास गर्नेछन् ।

☞ कति सिट जित्नु होला ?

ज्ञानेन्द्रको टट्टु-माओवादीको शिखण्डी :- भरतनाथ योगी सामान्य नेपाली नागरिक मात्र होइन, ऊ अत्यन्त रहस्यमय व्यक्ति हो । २०५८ साल मंसिर ८ गते माओवादीले दाङमा सैनिक ब्यारेक हान्यो र त्यहाँ भएका हात-हतियार लुटेर लैजाँदा योगीका गाडी प्रयोग भए । २०४५ सालमा चीनले नेपाललाई दुई सय माइल परसम्म हान्न सक्ने केही महत्वपूर्ण हतियार दिएको थियो । तीमध्ये केही हतियार उपत्यकाबाहिर दाङमा मात्र थिए । त्यहाँ भएको एउटा हतियार चलाउन मात्रै सात जना चाहिन्थ्यो । ती हतियार ब्यारेकबाट कसरी उठाएर योगीका गाडीमा राखेर कहाँ पुऱ्याइए होलान्, त्यो अहिलेसम्म उनीहरूले मुख खोलेका छैनन् । २०६३ साल असार ३ गते सार्वजनिक भएपछि माओवादी अध्यक्ष प्रचण्डलाई पत्रकारहरूले ती हतियारका बारेमा प्रश्न गर्दा 'खोलाले बगाए' भनेर उनले जवाफ दिएका थिए । माओवादीले सैनिक ब्यारेकबाट लुटेको हतियार योगीका दुईवटा बस र एउटा वोलेरोमा हालेर लगेका थिए । सेनाले मंसिर १३ गते नै ती गाडी नियन्त्रणमा लियो । त्यसपछि योगी बेपत्ता भए । उनी भारत गएछन् । हतियार पनि माओवादीले होइन, योगीले नै भारत पुऱ्याएका थिए । चीनले दिएको हुनाले माओवादीको नाममा भारतले भरतमार्फत हतियार लुटेको थियो । २०५९ असोज १८ गते राजा ज्ञानेन्द्रले शेरबहादुर देउवा नेतृत्वको निर्वाचित सरकार अपदस्थ गरे । त्यसपछि उनी देश दौडाहामा निस्किए । ज्ञानेन्द्रको मध्यपश्चिम दौडाहाका क्रममा नेपालगञ्जमा बनेको स्वागत समितिमा भरतनाथ योगी झुल्किए । २०५८ मंसिर ११ गते सरकारले मुलुकमा संकटकाल घोषणा गरेपछि १३ गते सेनाले माओवादीले हतियारं हालेर लगेका योगीका गाडी नियन्त्रणमा लिए पनि भरतनाथ योगीको मानव अधिकार हनन नहोओस् भनेर अहिलेसम्म पक्राउ गरेर छानबिन गरेको छैन । भरतनाथ योगीले अहिले सार्वजनिक रूपमा आफूलाई पीडित व्यवसायी भनेर प्रचारवाजी गराइरहे पनि यथार्थ त्यस्तो होइन । ऊ एउटा शिखण्डी हो । उसले गरेको राष्ट्रघात या राष्ट्रद्रोह माफी गर्न लायक छैन । १४ वर्षपछि सबैले आफ्नो कर्तुत बिर्सिए होलान् भनेर उसले पीडाको स्वरमा नौटंकी गरेको पाइएको छ । त्यो घटनाको छानबिन नगरिनु आफैंमा रहस्यमय छ । छानविन गरेर उसलाई कारबाही गर्नुभन्दा पनि उसलाई हिरासतमा लिएरै छानबिन थाल्नु उपयुक्त हुन्छ । किनकि यो स्तरको राष्ट्रद्रोहको घटना यो नै पहिलो हो ।

के गर्दैछन् बैंककमा पूर्वराजा



काठमाडौं । अघिल्लो साता काठमाडौंबाट बैंकक पुगेका पूर्वराजा के गर्दैछन् भन्ने कुरा अहिले राजसंस्थावादीभन्दा राजसंस्था ढाल्नेहरूमा बढी कौतुहलता बढेको छ । 'फ्याल्न त फ्यालियो संस्था' तर राष्ट्रले स्थायित्व पाउन सकेन, मधेशमा दर्केको विरोधले मधेश टुक्राउने शक्तिहरू क्रमशः हावी हुँदै गए भन्ने जस्ता प्रतिक्रियाहरू बढ्दो छ । तर पूर्वराजा ज्ञानेन्द्र शाह भने बैंककमा केही नेपालका छिमेकी [illegible] 'नेपालको भविष्यबारे' अन्तर्क्रियामा हुनुहुन्छ । करिब तीन साताको उहाँका बैंकक बसाइ उहाँ त्यहीँबाट दिल्ली जाने हल्ला पनि काठमाडौंमा **बाँकी ७ पेजमा**

रासन खरिद : बचत कि दुहुनो गाई ?

नेपाली सेनाका केही जर्नेल, कर्नेलको घरमा बंदेल, खसी र रक्सीका बोतलहरु उपहारमा नआउने भएका छन् । तर सिपाहीहरुले रासन पानी भने राम्रा स्तरको खान पाउने भएका छन् । नेपाली सेनाको नेतृत्वको रासन आपूर्तिको नाममा भइरहेको ठेक्का प्रथा रोकेर सोझै उत्पादक कम्पनीसग सोझै किनेर सस्तो र गुणस्तरीय खाद्य सामग्री वितरण हुने भएको हो । यो नयाँ नीति माघ १ गतेदेखि सुरु हुनेछ । यसबाट सेनालाई वार्षिक ४० करोड रुपैयाँको हाराहारीमा बचत हुने प्रारम्भिक अनुमान छ । तर दूध तथा विस्कुट खरिदमा सार्वजनिक सूचना प्रकाशित गरी प्रतिस्पर्धाको **बाँकी ५ पेजमा**

रासन खरिद ..

आधारमा गुणस्तरीय खाद्य पदार्थ खरिद गर्नुपर्नेमा सोझै खरिद गरेकामा केही शंका भने उठेको छ । पहिले पहिले भने टेन्डर हुने गर्दथ्यो । टेन्डरमा स्वभावैले कम रकम दावी गर्नेले टेन्डर पाउने हुँदा कमसल सामग्री हुने गर्दथ्यो । अब सेनाले सीधै सामग्री ल्याउने भएपछि तल्लो तहका सेना भने खुसी छन् हाइजेनिक खाद्य सामग्री पाउने आशामा । टेन्डर होस् वा सीधै ल्याइयोस् तल्लो तहकाले गोप्य फाइदा पाउने हैनन् क्यार ।



जनमञ्च वर्ष १७, अंक ९, २०७३ चैत २७ गते आइतबार 3

देउवामाथि चौतर्फी आक्रमण

मुलुकमा गणतन्त्रात्मक संविधान कार्यान्वयनको बेला एकमात्र प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा कांग्रेसभित्रैका लोभीपापीको सहयोगमा प्रमुख प्रतिपक्षी एमालेले चौतर्फी मोर्चाबन्दीयुद्ध गरेको छ र त्यसको पछाडि प्रतिगमनकारी प्रतिक्रियावादीको हात रहेको बुझिएको छ ।

आगामी २०७४ माघ ७ गतेसम्म स्थानीय, प्रदेश र संसद्को निर्वाचन गरिसक्नुपर्ने संवैधानिक बाध्यता रहेको छ । त्यही क्रममा आगामी वैशाख ३१ गते स्थानीय निकायको निर्वाचन गर्ने घोषणा गरिएको छ । तर त्यसलाई हुन नदिन मधेसी दलहरू विरोध गरिरहेका छन् र उनीहरूलाई उकास्ने काम स्वयम् गृहमन्त्री विमलेन्द्र निधिले गरिरहेका छन् भने त्यसको अर्को पार्टीको रूपमा मधेसी दललाई भड्काउने र उत्तेजित बनाउने काम प्रमुख प्रतिपक्षी एमालेबाट भइरहेको छ ।

सत्तासाझेदार तेस्रो ठूलो दल राप्रपाले मधेसीलाई मूलधारमा समाहित हुन नदिने भूमिका निर्वाह गरिरहेको छ । स्वयम् गृहमन्त्री निधिले राप्रपासँग वरीयता विवाद निकालेर नयाँ बखेडायुद्ध गरेका छन् । आईजीपी नियुक्तिमा पार्टी सभापति देउवालाई अनावश्यक रूपमा विवादमा तानेर समस्याको पहाड खडा गर्ने गृहमन्त्री निधिले सभापति देउवाको भूमिकालाई रसातल पुऱ्याउने प्रयास गरिरहेका छन् । गृहमन्त्री निधिलाई पर्दा पछाडिबाट एमालेले पुट दिइरहेको बुझिएको छ । आईजीपी नियुक्तिको विषयमा अदालतले कार्यपालिकाको अधिकारमा हस्तक्षेप गरेको भनी नेपाली कांग्रेस केन्द्रीय समितिले गरेको निर्णयलाई अदालतको अवहेलना गरेको भनी लोकमान प्रकरण र आईजीपी नियुक्तिको विरुद्धमा परेको निवेदनकै शैलीमा अदालतले प्रक्रिया अघि बढाएको छ । सभापति देउवाले अख्तियार र अदालतबीचको विवादमा मौन बस्दाको, एमालेका सभासद् भइसकेका व्यक्तिलाई समेत न्यायाधीश बन्न समर्थन गरेको र नियमविपरीत मध्य रातमा ८० जनालाई उच्च अदालतमा न्यायाधीश नियुक्ति गर्दा त्यसको विरोध नगरी बस्दा देखिएको शालिनतालाई कमजोरी तानेर अहिले सभापति देउवाविरुद्ध चौतर्फी मोर्चाबन्दी भएको हो ।

मुलुकमा जहिले पनि निरंकुशता लाग्नुअघि यसैगरी नेपाली कांग्रेसभित्रै मधुकैटव नामका राक्षसजस्ता पापिष्ठहरू खडा गरेर कम्युनिष्टको सहयोगमा कांग्रेसमाथि आक्रमण हुने गरेको छ । अहिले पनि त्यस्तै देखिएको छ । पूर्वराजा ज्ञानेन्द्र र एमाले अध्यक्ष केपी ओलीको व्यवहार र आपसी अप्रत्यक्ष सहयोग आदानप्रदान चलिरहेको छ । अहिलेकी राष्ट्रपति विद्या भण्डारी यसअघिकी एमाले उपाध्यक्ष हुन् र उनी अध्यक्ष ओलीभन्दा धेरै टाढाकी पात्र पनि होइनन् । पूर्वराजा ज्ञानेन्द्र र राष्ट्रपति भण्डारीबीचको पछिल्ला सहयोग, सद्भाव र पुनर्मिलनका घटनाले ज्ञानेन्द्र-ओली सम्बन्ध संकेत गरेको छ । विभिन्न बहानामा उनीहरूबीच भेटघाट भइरहेको छ । ज्ञानेन्द्रको चाहना यो संविधान कार्यान्वयन नहोओस् भन्ने नै रहेको छ । त्यसका लागि मुख्य भूमिका एमालेले निभाइरहेको छ । सिंगो मुलुकमा चुनाव हुन नसकोस् भनेर एमालेले मधेसी दललाई मूल राजनीतिक धारमा आउनै नदिने गरी लखेटिरहेका छन् । एमाले र ज्ञानेन्द्रको प्रयासलाई तालमेल मिलाएर धान लगाउने काम सरकारमै बसेको राप्रपाले गरिरहेको छ । उनीहरूलाई बल पुऱ्याउन कांग्रेसबाटै शिखण्डी सिर्जना गरिएको छ र सभापति देउवालाई नाङ्गेझार पारेर तेजोवध गर्ने प्रयास गरिरहेको छ । सभापति देउवालाई कमजोर बनाउन एमाले, राप्रपाजस्ता दलहरू मात्र होइन, कांग्रेसकै गृहमन्त्री निधिसमेत लागेका छन् । यसबाहेक अदालतसमेत देउवाको तेजोवध गर्न तम्सिएको छ । कांग्रेसभित्रकै प्रतिपक्षी रामचन्द्र पौडेलपक्ष सभापति देउवाको तेजोवधमा आफ्नो उन्नति देखिरहेका छ र उनीहरूलाई उकास्न कृष्ण सिटौला समूह गृहमन्त्री निधिलाई उक्साएर शिखण्डीको भूमिका निर्वाह गरिरहेका छन् ।

घोषित स्थानीय निर्वाचनमा मधेसलाई छाड्ने एमालेको प्रस्तावभित्र मुलुक टुक्र्याउने बदनियत लुकेको छ र मुलुक विखण्डन भएको अवस्थामा सेनालाई उत्रिन बाध्य बनाउन खोजिएको छ । त्यसरी निस्किएको सेना कहिले ब्यारेक फर्कन्छ भन्ने यकिन गर्न मुस्किल हुनेछ । घोषित स्थानीय निर्वाचन भए पनि वा नभए पनि अगामी जेठदेखि असार १५ सम्ममा संसद्को निर्वाचनको मिति घोषणा हुनेछ र त्यो घोषणासँग अहिले रूपान्तरित कामचलाउ संसद् पनि भंग हुनेछ । त्यो बेला संसद्को चुनाव हुन नदिनु प्रतिगामी र प्रतिक्रियावादीको एउटै अभीष्ट हुनेछ । त्यो निर्वाचन नहुँदा वर्तमान संविधान कार्यान्वयन हुन सक्दैन । त्यही हुन नदिन अहिले प्रजातन्त्रको मुद्दा मानिने नेपाली कांग्रेसका सभापतिमाथि प्रतिगामी एवं प्रतिक्रियावाद भाइरसले संयुक्त रूपमा चौतर्फी आक्रमण गरेका हुन् ।



तरुण - का.जि.का. द.नं. ७७-०५३/५४
२०६६ चैत १९ गते सोमबार
८

प्वाइन्ट अफ दि टाइम

■ युवराज गौतम

कांग्रेस, कोमिन्ताङ र कोइराला

कोमिन्ताङका बारेमा नेपाली कांग्रेसका अधिकांश नेता-कार्यकर्ता अनभिज्ञ छन् भन्ने कुरा स्पष्ट देखिन्छ। गहिरो अध्ययन गर्ने संस्कार हराउँदै गएकाले युवापुस्तासमेत हावादारी बन्दै गयो। बीपी कोइरालाको निधनपछि विस्तारै मर्दै गएको कांग्रेसमा धुकधुकीमात्र बाँकी छ। कार्यकर्ताहरूमा उत्साह र मनोबल देखिँदैन। नैतिकताको खडेरी देखिन्छ। परिवारवाद, चाकडी, चुक्ली, चाप्लुसी र चोचोमोचोमा अभ्यस्त हुनेहरूबाहेक क्षमतावान, सदाचारी, त्यागी र स्वाभिमानीहरू पाखा लाग्दै गएका छन्। त्यसैले कोमिन्ताङ बनेर पश्चात्ताप गर्नुबाहेक कांग्रेसका सामुन्ने अर्को विकल्प देखिँदैन।

संसद्मा दुई तिहाइ बहुमत ल्याउन सफल भइसकेको कांग्रेसमा नेतृत्वकै कमजोरीका कारण धेरै समस्या बढ्दै गयो। राजसंस्थामा उत्तराधिकारी तोकिएझैं कोइराला परिवारबाटै गद्दीका हकदार छान्न खोजियो। पचास वर्षअघिदेखि नेपाली कांग्रेसमा समर्पित भएका गणेशमान सिंहजस्ता इमानदार नेताहरूलाई कुनामा थन्क्याइयो। टापटिपे, हाट्हुटे, छुल्याहा, हुल्याहा, मुल्याहा र अवसरवादीहरू प्रबल देखिए। कोइराला परिवारको प्राइभेट कम्पनी जस्तो देखिने कांग्रेसमा जतिसुकै योग्य भए पनि अन्य जातका नेता दोस्रो दर्जाका नागरिकजस्ता भए।

अब कांग्रेसी नेता-कार्यकर्ताहरूले दास चिन्तनबाट मुक्त हुनुपर्ने बेला आएको छ। वडा कमिटीदेखि केन्द्रीय नेतृत्वसम्म सक्षम, त्यागी र इमानदार नेता छान्ने हो भने निर्वाचनबाट मात्र त्यो सम्भव छ। प्रजातान्त्रिक उपाय त्यही हो। आफ्नो नेता छान्ने हक सबैलाई छ। जसले धेरै मत पाउँछ, उही नेता बन्छ। रसुवा, दार्चुला, ताप्लेजुङ, (बाँकी पृष्ठ ८ मा)

कांग्रेस...

कपिलवस्तु, धनुषा वा पर्साको कुनै किसान वा मजदुर पनि कांग्रेसको केन्द्रीय सभापति हुनसक्छ। हुन पाउँछ। फिडेल क्यास्ट्रोले आफ्नै भाइ राहुललाई नेता बनाएझैं, किम इल सुङले किम-जोङइललाई उत्तराधिकारी घोषणा गरेझैं, राजीव गान्धीको हत्यापछि सोनियालाई नेता बनाएझैं, जुल्फिकर अलि भुट्टोपछि बेनजीर र उनका पति नेता छानिएझैं परिवारकै सदस्यलाई नेता मान्नुपर्ने? के पचहत्तरै जिल्लाका कार्यकर्ताहरू नेपाली कांग्रेस परिवारका सदस्य होइनन्? यदि हुन् भने योग्य, सक्षम र त्यागी छानेर किन स्थापना नगर्ने?

गिरिजाप्रसाद कोइरालाको मृत्युपछि उहाँको महिमा गाउँदै सञ्चारमाध्यमहरूले लाखौं शब्द खर्च गरे। कोइरालालाई नेल्सन मण्डेला, महात्मा गान्धी, केनेडी, नेहरू, माओ र यासेर अराफातलगायतका नेतासँग तुलना गरियो। वास्तवमा त्यो अतिरञ्जित प्रचारमात्र थियो। आलोचना सुन्ने बानी नपरेका कांग्रेसीजनलाई चित्त दुख्ला, तर सत्य के हो भने गिरिजाप्रसाद कोइरालालाई राजनेताहरूसँग तुलना गर्न सकिँदैन। राजनीतिज्ञभन्दा माथि उठ्न उहाँले कहिल्यै प्रयत्न गर्नुभएन। एक कदम अगाडि मात्र सोच्ने र देख्ने प्रवृत्तिबाट उहाँ मुक्त हुनुभएन। आफूलाई मन नपरेको मानिस जतिसुकै योग्य भए पनि उठ्न नदिने, परिवारका सदस्य र चाकडीबाजलाई मात्रै काखी च्याप्ने, सत्ताका लागि सिद्धान्तसमेत परित्याग गरिदिने, बाह्य शक्तिको स्वार्थलाई बढी महत्व दिने र लाखौं कार्यकर्ताको भावनालाई पन्छाएर अधिनायकवादी शैलीमा निर्णय गर्ने व्यक्ति भनेर विगतमा उहाँको घोर आलोचना भयो। धर्मजा, लाउडा, महाकाली सन्धिलगायतका विवादले उहाँलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगका फाइलसम्म छिरायो। 'बढाले जो गर्‍यो काम हुन्छ त्यो सर्वसम्मत' भन्ने समाजमा अख्तियारले पनि उहाँलाई क्षमादान गर्‍यो। एउटै खालको कसुरमा कबहादुर जेल जानुपर्ने, तर खबहादुरले उन्मुक्ति पाउने छुट नेपालमै मात्र छ। प्रचलित ऐन, नियम, कानुनभन्दा माथि बस्न पाउने नयाँ राजा बन्नुभएका कोइरालाले पार्टीको विधान, परम्परा तथा मान्यताविरुद्ध आफ्नै दलका नेताहरूको मानमर्दन गर्नुभयो। कृष्णप्रसाद भट्टराई र शेरबहादुर देउवा प्रधानमन्त्री बन्दा कोइरालालाई असह्य भयो। आफ्नै दलको सरकार ढाल्न उहाँले जे जे गर्नुभयो, त्यो कार्यकर्ता र नेताले बिर्सिसकेका छैनन्। आफू प्रधानमन्त्री भए मात्र प्रजातन्त्र देख्ने कोइरालाको चरित्र विचित्रको थियो।

दिल्लीमा गएर माओवादीसँग बाह्रबुँदे समागम गरेपछि नेपालमा 'गणतन्त्र' स्थापना गरेको घोषणा गरियो। जनताले गणतन्त्र मागेका हुन् कि शान्ति, सुरक्षा र स्थायित्व? भन्ने कुरा गिरिजाप्रसाद कोइरालाले थाहा पाउनु भएन। माओवादीले अघिसारेका एजेन्डामा कोइराला सहमत हुनुभयो। भारतीय नेता प्रणव मुखर्जीले अल-जजिरा टेलिभिजनमार्फत नेपालको 'जनआन्दोलन-२' पछिको 'दिल्ली-सम्झौता-२' पनि भारतीय डिजाइनअनुसार नै भएको खुलासा गरिदिएपछि 'माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने मै हुँ' भन्ने कोइरालाको दाबी झुटो ठहरियो। भारत र माओवादीले एमाले-कांग्रेसका सत्तालोलुप नेतालाई मूर्ख बनाएर बहुदलीय प्रजातन्त्र एवं संवैधानिक राजतन्त्र परित्याग गर्ने स्थितिमा पुर्‍याए। यस काममा कोइरालालाई शिखण्डी बनाइयो। बीपीले भन्नुभएकै थियो- 'नेपालमा प्रजातन्त्र रहेन भने राजतन्त्र रहँदैन। राजतन्त्र नरहे प्रजातन्त्र रहँदैन। त्यसैले राजा र मेरो गर्धन जोडिएको छ।' गिरिजाप्रसादले राजतन्त्र सिध्याएर प्रजातन्त्र बचाउन खोजे पनि त्यो सम्भव भएन। संविधानसभामा झन्डै ६३ प्रतिशत कम्युनिस्ट छन्। कम्युनिस्ट देशहरूबाहेक कतै पनि कम्युनिस्टको यस्तो बाहुल्य छैन। प्रजातन्त्रवादी शक्तिलाई क्षत-विक्षत तुल्याउन कोइराला नै जिम्मेवार हुनुहुन्थ्यो भन्ने एउटा उदाहरण यही हो।

नेपाली कांग्रेसले कालान्तरसम्म अस्तित्व सुरक्षित राख्न चाहन्छ भने पार्टीको सिद्धान्त के हो भनेर स्पष्ट हुनुपर्छ। गणतन्त्र नै स्वीकार गर्ने हो भने महाधिवेशनबाट बहुमतले अनुमोदन गराएर हाराकिरीका लागि वैधानिक बाटो रोज्नुपर्छ। कांग्रेसले बीपीको नीति र सिद्धान्त त्यागिदिएको घोषणा गर्नुपर्छ। गणतन्त्रवादी कांग्रेसका नेता-कार्यकर्ताले आफ्नो कार्यक्रम र समारोहमा बीपीको तस्बिर राख्ने काम बन्द गर्नुपर्छ। प्रत्येक दिन पचासौं खसी काटेर बेच्ने बगरेले अहिंसाका पुजारी बुद्धको फोटो राखेर मासु बेचेझैं बीपी र गणतन्त्रलाई एकै ठाउँमा राख्नै हुँदैन। किनभने गणतन्त्रलाई बीपीले सधैं घृणा गर्नुभयो। कम्युनिस्टहरूसँग कहिल्यै सहकार्य गर्नुभएन। राजाले जेलमा कोचेर राखे पनि राजतन्त्र र प्रजातन्त्र एकअर्काका परिपूरक हुन् भन्ने मान्यतामा अडिग रहनुभयो। सिक्किमका राष्ट्रघाती नेता लेन्डुप दोर्जेलाई 'राजा नफ्याँक्न' धेरै सम्झाउनुभयो। (विस्तृत अध्ययनका लागि हेर्नुहोस्-युवराज गौतमद्वारा सम्पादित वीरेन्द्र स्मृति ग्रन्थमा प्रकाशित बलदेव मजगैयाको लेख- 'बीपी र लेन्डुपको बहस')

संसदीय पद्धतिमै विश्वास राख्ने भारतीय नेताहरूले संसदीय पद्धतिका अनुयायी अंग्रेज शासकविरुद्ध सयौं वर्ष संघर्ष गरे, तर स्वतन्त्रता प्राप्त गरेपछि पनि संसदीय पद्धति त्यागेनन्। सिद्धान्तप्रतिको निष्ठा भनेको त्यही हो। नेल्सन मण्डेलालाई गोरा शासकले सत्ताइस वर्ष जेलमा राखे, तर अश्वेतको विजय भए पनि मण्डेलाले गोराहरूलाई घृणा गरेनन्। महानता भनेको त्यही हो। अख्तियार र शक्तिको दुरुपयोग गर्ने विन्नी मण्डेलालाई नेल्सनले घरबाट निकालिदिए, तर सिद्धान्त त्यागेनन्। राष्ट्र र जनताको सुदूरभविष्य सुरक्षित राख्न जसले दुरदर्शी नेतृत्व प्रदान गर्छ, राजनेता त्यही हो। राजनीतिज्ञ (पोलिटिसियन) र राजनेता (स्टेटसम्यान)-बीच यही अन्तर पाइन्छ। राजनीतिज्ञहरू दल, गुट र परिवारको स्वार्थबाट बाहिर आउन सक्दैनन्। आज नेपालमा संकीर्ण सोच भएका सुविधाभोगी, विलासी र भ्रष्ट राजनीतिज्ञ छयापछ्याप्ती पाइन्छन्, तर राजनेता एउटै छैन। नेपाल दिशाहीन, गतिहीन र मतिहीन बन्ने मुख्य कारण यही हो। लेखक, वकिल, प्राध्यापक, पत्रकार र विश्लेषकले त विचार दिनेमात्र हुन्। देश हाँक्ने नेताहरूले नै हो। गाडी हाँक्नेहरू नै मदहोश, भ्रमित र लक्ष्यहीन भएपछि के हुन्छ? देश चलाउनेहरू नै स्वार्थी, भ्रष्ट, विलासी, संकीर्ण, पराधीन र परमुखापेक्षी बनेपछि के हुन्छ? देश अघि बढोस् भन्ने, तर चुनावमा राष्ट्रघातीलाई मतदान गर्ने हामी जनता पनि राष्ट्रघातका मतियार हौं। नेतालाई मात्र दोष दिएर हामी चोखो ठहरिँदैनौं। दोष हाम्रो पनि छ। भ्रष्ट नेतालाई महापुरुष ठान्ने सञ्चारमाध्यम पनि दोषी छन्। आफूलाई मन परेका नेताले जघन्य अपराध गरे पनि ढाकछोप गर्न खोज्ने प्रवृत्तिका कारण सञ्चारमाध्यमहरूले दायित्व निर्वाह गर्न सकिरहेका छैनन्।

नेपाली कांग्रेसमात्र होइन, सबै दल अस्तित्व रक्षाका लागि छट्पटाइरहेका छन्। नेपालमा कुनै पनि शक्ति प्रबल र स्वाभिमानी बन्न नसकून् भनेर बाह्य शक्तिले हामीलाई विभाजित गराए। त्यसैले आज सबै कमजोर हुँदै गएका छन्। शिथिल बनेर एक-अर्कालाई टुलुटुलु हेरिरहेका छन्।

sacheiak@hotmail.com



तरुण-

२०६६ चैत २३ गते सोमवार

८

का.जि.का. द.नं. ७७-०५३/५४

प्वाइन्ट अफ दि टाइम

▫ युवराज गौतम

अब धनुष भाँच्ने कसले ?

वेद, रामायण, त्रिपिटक, गीता, उपनिषद्, महाभारतलगायतका ग्रन्थहरूको अनुशीलन, अध्ययन, बोध र मीमांसाबेगर मानिसले जीवन-जगत्, इहलोक र परलोकबारे बुझ्न सक्दैन । सतही ज्ञानले 'नेता' बन्न सकिएला, तर सफल र असल मान्छे बन्न सकिँदैन । विज्ञान, प्रविधि, साहित्य, समाजशास्त्र, अर्थशास्त्र, भाषा वा राजनीति जे अध्ययन गरे पनि सबै कुरा बुझ्न प्राचीन युगमा पुग्नैपर्छ । मूल बुझ्न नसके हाँगाबिगा र टुप्पोमात्र बुझेर पुग्दैन ।

भगवान् श्रीरामले राजा जनकको दरबारमा सयौं राजा-युवराज र विद्वान्-विदुषीको सभामा भगवान् महादेवको धनुषा भाँचेर सीतासँग स्वयंवर गरेको प्रसंग रामायणमा आउँछ । यो प्रतीकात्मक छ । सौर्य, साहस, शक्ति र इमानका साथ गरिएको काम पूर्ण हुन्छ भन्ने उपमाका रूपमा महर्षि वाल्मीकिले धनुषको प्रसंग लेखे । हरेक कालखण्डमा नायकहरूले यस्ता परीक्षाहरू उत्तीर्ण गर्नैपर्छ । महाभारतको युद्ध पनि धैर्य, त्याग, सौर्य, इमान र धर्मको परिचय थियो । स्वधर्मको परीक्षा थियो ।

नेपालले आज एउटा 'मर्यादा पुरुषोत्तम' खोजेको छ । सत्य र न्यायका पक्षमा लडेर अधर्मको विनाश गर्ने सारथी खोजेको छ । विश्वका सामु पक्का राजनेता, त्यागी, इमानदार, राष्ट्रवादी, दूरदर्शी, साहसी, विवेकी र जनप्रिय ठहरिन सक्ने प्रबल नेता खोजेको छ । 'जुन जोगी आए पनि काने चिरेको' भनेझैं जति नेता आए, ती कसैले पनि 'धनुष' उठाउन सकेनन् । किनभने धनुष उठाउन र भाँच्न मर्यादा चाहिन्छ । नैतिकता चाहिन्छ । साहस चाहिन्छ । इमान चाहिन्छ । स्वाभिमान चाहिन्छ । उच्च मनोबल चाहिन्छ । (बाँकी पृष्ठ ७ मा)

अब धनुष...

गाम्भीर्य चाहिन्छ । सदाचार चाहिन्छ । त्यसैले भगवान् रामले धनुष भाँचेको कथा हरेक युगका लागि दृष्टान्त पनि हो ।

परमात्माका प्रतिनिधि बनेर करोडौं देवीदेवता मर्त्यलोकमा आएको कुरा हरेक धर्म, सम्प्रदाय र युगमा प्रतीकात्मक रुपमा वर्णन गरिएको छ । इजरायलको बेथलेहममा क्राइस्ट जन्मेको प्रसङ्ग होस् वा मक्का-मदिनाबाट हजरत महमदले इस्लाम धर्म प्रचार गरेको प्रसङ्ग, ती सबैले सन्देश दिएका छन् । लुम्बिनीमा जन्मनु भएका बुद्धले शान्तिका लागि राजदरबार त्याग्नुभयो । लाखौं शत्रु मारेर साम्राज्य निर्माणमा हिँडे पनि अन्ततः शान्तिका लागि सम्राट अशोकले राजदरबार त्यागेको प्रसङ्ग आउँछ । कुलीन घरानामा जन्मनु भएका महात्मा गान्धीले देश र जनताका लागि व्यक्तिगत सुख-सम्पत्ति सबै त्याग्नुभयो । हाम्रा नेताहरूले मनमुखबाहेक केही त्याग गर्न सकेनन् । राष्ट्र र जनताको वृहत्तर हितका लागि केही दिन सकेनन् । दरिद्र नेताहरू अर्बपति बनेका छन् तर गरिब, असहाय र पछौटे जनताका लागि केही गर्नुपर्छ भनेर एकदिन मात्र भए पनि समय दिएनन् । हिजोका शिक्षक, पियन, पाले, हवल्दार, हत्यारा, डाँका, हुलाकी, किसान, मजदुर, फटाहा, नगरवधु, प्राध्यापक, पत्रकार आदि अनेक रगका मानिस राजनीतिमा लागे तर समग्रमा सबैको चरित्र उस्तै उस्तै छ । राजस्व लुट्ने र धनी बन्ने सबैको ध्याउन्न देखिन्छ । उनीहरूको व्यवहारमा राष्ट्रप्रेम देखिँदैन ।

आज नेपाल भीरालोमा ब्रेकफेल भएको गाडी बनेको छ । चालकहरू आपसमा लडाई गरिरहेका छन् । कतै ठूलो रुख र भित्तामा ठोक्किएर सुरक्षित होला कि नहोला, सबैजना त्यही कुराले चिन्तित छन् । महँगी, भ्रष्टाचार, असुरक्षा र अराजकता सहदै जनताले धैर्यधारण गरिरहेका छन् । राष्ट्र र जनताका प्राथमिकतालाई एकातिर पन्छाएर सत्ताको लिनो लुछ्ने, खोसाखोस गर्ने र एक अर्कालाई चिर्पार्ने खेल देख्दा जनतालाई लाज लागेको हुनुपर्छ । नेपालमा स्थायी शान्ति ल्याउँछौं, नयाँ संविधान दिन्छौं र राष्ट्र एवं जनताको हित गर्छौं भनेर राजालाई समेत दरबारबाट धपाउने नेता र तिनका मतियारहरूले अब नयाँ पुस्तालाई के जवाफ दिन्छन् ? नेपालमा अशान्ति, अराजकता, भ्रष्टाचार र बाहिरी हस्तक्षेप घट्यो कि बढ्यो ? जनताले पहिलेभन्दा धेरै सुख, शान्ति, समृद्धि र स्थायित्वको अनुभूति गर्न पाए कि पाएनन् ? नेपालको भविष्य सुरक्षित छ कि झन् असुरक्षित ? यस्ता प्रश्नको उत्तर दिने काम नेताहरूको हो ।

राजर्षि जनकको दरबारमा फूर्ति लगाउँदै 'धनुष भाँच्न' पुगेका पिलन्धरे, पामर, हुतिहारा, नामर्द र लाछीहरूजस्तै नेपालका नेताहरू मुख्य दायित्व पूरा गर्न नसकेर एक-अर्कालाई लान्छना लगाइरहेका छन् । प्रत्येक महिना अर्बौं गरिबका राजस्व उडाएर टेलिभिजनका पर्दामा दाँत देखाइरहेका छन् । 'सहमति हुँदैछ र संविधान बन्दैछ' भन्दै हरेक दिन ढाँटिरहेका छन् । जनताको धैर्यको बाँध भत्कियो भने सबै नेताहरू गाउँ फर्केर जान सक्ने छैनन् । काम गर्छु भनेर तलब खाने तर दायित्व पूरा नगर्नेहरूलाई अब जनताले हरेक नगर, गाउँ र टोलटोलबाट लखेट्न सक्छन् । उनीहरूले खाएको र पाएको तलब-भत्ता र सुविधा फिर्ता गराएर कठोर दण्ड दिन सक्छन् । देशको दुर्दशा गराउने सबै नेताहरूलाई एउटा निश्चित डम्पिङ साइटमा लगेर थन्को नलाएसम्म यो देश कहिले पनि सुन्दर, सफा, शान्त र समृद्ध हुँदैन । त्यसैले अब जनता नै मौन बसे भने जनता पनि राष्ट्रघातका मतियार ठहरिनेछन् ।

sachetak@hotmail.com

तरुण
२०६६ माघ ४ गते सोमवार ६

थापाले किन चढाए बीस लाखको हीरा

युवराज गौतम

प्रजातान्त्रिक विचारका प्रताप सिंहले राजा वीरेन्द्रको कालखण्डको वर्णन गर्न तत्कालीन महारानी ऐश्वर्यले समानान्तर शासन गर्न खोजेको आरोप लगाएका छन् ।

प्रताप सिंह नामका प्रवासीले एउटा पुस्तक लेखेका रहेछन्- 'नेपालमा भ्रष्टाचारको सञ्जाल'। जसमा राजदरबारदेखि लिएर यावत् क्षेत्रमा भएका रहस्यमय कुरा छन् । पुराना पत्रकार देवेन्द्र गौतमद्वारा लिखित 'अनुसन्धानभित्रको अनुसन्धान' लगायतकै खोजपूर्ण कृतिझैं यो पुस्तकमा धेरै यस्ता विषय छन्, जसको गहिरो खोजी भएकै छैन ।

'राजा वीरेन्द्र राष्ट्र, राष्ट्रियता र जनताका लागि प्रतिबद्ध राजा हुन् । यसमा दुईमत छैन । बरू, भद्र, शालीन सोझोपनको स्वार्थीतत्वले फाइदा उठायो ।' (पृष्ठ ९५) सोही पृष्ठमा उल्लेख छ- 'राजा वीरेन्द्र गद्दी आसीन भएपछि युवा जोश र प्रजातान्त्रिक मुलुकको उच्च अध्ययनको प्रभावले नयाँ शैलीबाट अगाडि बढ्ने सोच राखी पुराना सचिव र अधिकृतहरूलाई फेरबदल गरी नयाँ अनुभवहीन युवापुस्ता नारायणप्रसाद श्रेष्ठ, चिरन थापालगायत नयाँ नियुक्त गरियो । केवल कमाउन र शक्तिमा टिकिरहन राजाबाहेकका राजपरिवारका सदस्यहरूको ठूलो गुटबन्दी बन्न पुग्यो । इमानदार राष्ट्रभक्त सबै किनारा लागे । यो गुटको रहस्य बुझेर पनि राजपरिवारका प्रमुख शक्तिहरूको संलग्नता यो गुटसँग हुँदा राजा वीरेन्द्र निरीह हुन पुगे ।'

यो लेखको उद्देश्य पुस्तक समीक्षा गर्ने वा प्रताप सिंहका बारेमा अन्वेषण गर्ने होइन । इतिहासले स्पर्श नगरेका र नारायणहिटीको कम्पाउन्ड बाहिर नआएका रोचक कुराहरू प्रताप सिंहले लेखेका छन् । एकजना मित्रले ती व्यक्ति देहरादूनका प्रताप सिंह थापामगर भएको बताए । भाक्सुका पुराना गायक मित्रसेन थापा मगरका नाति प्रताप सिंह शिक्षित व्यक्ति र नेपाल दरबारका बारेमा उनको सूक्ष्म अध्ययन भएको उनलाई नजिकबाट चिन्नेहरू बताउँदैछन् । प्रजातान्त्रिक विचारका प्रताप सिंहले राजा वीरेन्द्रको कालखण्डको वर्णन गर्न तत्कालीन महारानी ऐश्वर्यले समानान्तर शासन गर्न खोजेको आरोप लगाएका छन् । रानीको माइतीपक्ष (धरानियाँ राणा परिवार), दरबारभित्रका कतिपय प्रभावशाली व्यक्ति, प्रशासकहरू मात्र होइन, सूर्यबहादुर थापाजस्ता नेता पनि सो गुटमा रहेको आरोप लगाइएको छ ।

(बाँकी पृष्ठ ७ मा)

थापाले..

पत्रकार पदम ठकुराठीको हत्या गर्ने प्रयासमा संलग्न व्यक्तिहरू, सुन तथा लागूपदार्थ तस्करी गर्ने गिरोह, तिनका संरक्षकहरू र जघन्य अपराधमा संलग्न सयकडौं व्यक्तिको नाम प्रहरीको रेकर्डबाट उद्धृत गर्दै लेखकले पुस्तकमा समावेश गरेका छन् । काठमाडौंका केही पुस्तक व्यापारीहरूले सो पुस्तक दसौं हजारप्रति बिक्री भइसकेको दाबी गर्दै यो पुस्तक प्रायः पत्रकारले नै धेरै खोज्ने गरेको बताएका छन् । तत्कालीन प्रहरी महानिरीक्षक दिलबहादुर (डीबी) लामा र कर्णेल भरत गुरुङ किन जेल परे ? २०४४ असोज १ गते न्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा गठित आयोगले दुई महिनासम्म अनुसन्धान गरेर डीबी लामालाई पुनिएको प्रसंग, विभिन्न अपराधमा पाँच वर्ष १० महिना जेल भुक्तान गरेर २०४९ चैत १७ गते लामा रिहा भएको सन्दर्भ र यस्ता कैयन् तथ्यपूर्ण कुराहरू समेट्न सक्ने प्रताप सिंह वाटरगेटकाण्डको रहस्योद्घाटन गर्ने पत्रकार बब उडजस्तै मेहनती देखिन्छन् । उनले व्यक्तिगत पूर्वाग्रह राखेर लेखेको नभई सनसनीपूर्ण, खोजपूर्ण र तथ्यपूर्ण ढंगले सप्रमाण तर्क दिएका छन् । 'लागूपदार्थ कारोबार गर्नेहरू' भनेर मुद्दा चलाइएका र अभियोग प्रमाणित भएर दण्ड भोगेका व्यक्तिहरूको नाम पढ्दा पाठक वर्गले जिब्रो काट्छन् । देशका अत्यन्त प्रभावशाली मानिसहरूको नाम उनले सप्रमाण लेखेर साहस, तटस्थता र इमानको परिचय दिएका छन् ।

पुस्तकमा भएका कुरा गलत हुन् भने सत्यको प्रमाण दिँदै 'दोषीहरू' खण्डन गर्न आउनुपर्थ्यो । पूर्वमन्त्री भीमप्रसाद गौचन, डा. उपेन्द्रमान मल्ल, नरशमशेर जबरा, मुकुन्दशमशेर जबरा, उत्तम पुन, केन्द्रशमशेर जबरा, विनयशमशेर जबरा, डीबी लामा, प्रदीपशमशेर जबरा, इन्द्रबहादुर शेरचन, अच्युत खरेल, अनन्तराम भट्टराई, मोहनगोपाल खेतान, रञ्जनराज खनाल, शान्तकुमार मल्ललगायत सयौं व्यक्तिले ऐन कानुनविरुद्ध काम गरेको लेखकले आरोप लगाएका छन् । तर सो पुस्तकबारे सबैजना मौन रहँदा 'मौन सम्मति लक्षणम्' हो कि भन्ने सन्देश गएको छ ।

पुस्तकमा राजदरबारका पूर्वसचिव तथा राजा वीरेन्द्रका मामा सुशीलशमशेरका बारेमा लेखिएको छ- 'सुशीलशमशेर जबराज्यूले एउटी विदेशी केटीलाई करिब सोह्र वर्षदेखि राखेर एउटा केटो पनि जन्मेको थियो । एकदिन विदेशी केटी जर्सीबको बागदरबार (सुन्धारा) गएपछि सबैलाई थाहा भयो र त्यहाँबाट बाहिर धपाइयो । तत्पश्चात् जर्सीब त्यो केटीलाई भेट्न कहिले बैंकक, कहिले दिल्ली जानुहुन्थ्यो । त्यो सिलसिलामा उहाँलाई पैसाको जरुरत पर्दथ्यो ।' गिरीधरी शर्मा नामक व्यक्तिले दिएको सो बयानमा सुशीलशमशेरको बारेमा उल्लेख छ भने भीमशमशेरकी कान्छी महारानीबाट बीस लाख रुपैयाँमा हीराको हार किनेर सूर्यबहादुर थापाले महारानी ऐश्वर्यलाई चढाएको पनि वर्णन छ ।

लेखकले रोचक, तथ्यपूर्ण र रोमाञ्चक विषयवस्तुमार्फत २०४८ सालसम्मका प्रायः धेरै घटना समेटेका छन् । कतिपय कुरा पुष्टि नभएका र पत्याउन पनि गाह्रो पर्ने खालका छन् । डीबी लामाको कालो कर्तुत प्रकाशमा नल्याएबापत गोरखापत्रका सम्पादक रामचन्द्र न्यौपानेले मासिक दुई हजार पाउँथे' भनिएको छ भने 'प्रो. खेम कोइराला 'बन्धु' भरत गुरुङलाई केटी पुऱ्याउने र डीबी लामाको सल्लाहकार भएर प्रशस्त सम्पत्ति जोड्न सफल भएको' भनिएको छ ।

प्रहरी, सेना, गुप्तचर विभाग र दरबारमा रहेका अत्यन्त गोप्य कागजपत्रसमेत हेरेर लेखकले विश्लेषण गरेको हुँदा उनको व्यापक सम्पर्क रहेको बुझिन्छ । 'लहरो तान्दा पहरो गर्जिन्छ' भनेझैं प्रताप सिंहले धेरैलाई निर्वस्त्रसमेत पार्न खोजेका छन् । राजा वीरेन्द्र र उनका सीमित इमानदार व्यक्तिको पक्ष लिँदै वीरेन्द्रलाई मानसिक दबाब दिएर महारानी ऐश्वर्यसमेतले लोभी चरित्र देखाएको उनको आरोप छ । बुँदागत, तथ्यगत र वस्तुपरक ढंगले प्रस्तुत गरिएको हुँदा 'नेपालमा भ्रष्टाचारको सञ्जाल' पुस्तकले सहरमा ठूलो चर्चा पाएको छ । 'नेपालमा भ्रष्टाचारको सञ्जाल' पुस्तक ट्रान्सपरेन्सी इन्टरनेसनल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सर्वोच्च अदालत र कानुनविद्देखि प्रेस जगतका [illegible] सबैलाई संरक्षण दिने राजनीतिक [illegible] राजनीतिमा शुद्धीकरण ल्याउने हो भने पञ्चायतकालदेखि सत्तासित [illegible] उठाउने [illegible] सतर्क हुनैपर्छ ।

नेपाली कांग्रेस र एमाले [illegible] राजदूत, मन्त्री र [illegible] वीरेन्द्र एवं पूर्वराजा ज्ञानेन्द्रसमेत [illegible] दरबारबाट [illegible] रहेको राजदरबारका पुराना [illegible] बताउँछन् । प्रताप सिंहको [illegible] ती प्रकाशित [illegible]

तरुण

धारावाहिक उपन्यास

सिद्धार्थ-३७

युवराज गौतम

सिद्धार्थलाई थाहा छ, संसार अवोगम्य, अज्ञेय छ । सर्वशक्तिमान, निराकार, नित्य, अविनाशी र सर्वव्यापि ईश्वर अर्थात् परमात्मा नै संसारका मालिक हुन् । मानिसहरूले परमात्माका अनेकौं नाम राखेका छन् । उनको अभ्यर्चना र वन्दनाका शैली फरक छन्, तर ईश्वर बेग्लाबेग्लै छैनन् । उनी अन्तर्यामी छन् । कहिलेकाहीं उदास बनेर मनमा एकाकीपन आउँदा सिद्धार्थलाई पनि लाग्छ : ईश्वरले सबै हेरिरहेका छन् । उनले अवश्य न्याय-अन्याय छुट्याउँछन् । सिद्धार्थलाई थाहा छ, कतिपय कृत्रिम परिस्थितिले मानिसलाई दिग्भ्रमित तुल्याउँछ । भय, उद्वीग्नता, सन्ताप, अहारिस, घृणा, आवेश सँधै क्षणिक समस्या हुन्, तर ती बारम्बार आउँछन् । निराशा र कुण्ठाबाट परित्राण पाउन सकेन भने मानिस मनोरोगी बन्छ । समाजका दृष्टिमा ऊ बौलाहा ठहरिन सक्छ ।

साँझको भोजनपछि शयनकक्षमा यशोधराका औंलाहरू खेलाउँदै सिद्धार्थ बोले- 'तिमीले मलाई चिन्तित नहुन धेरै सम्झाएकी छ्यौ, तर भावनात्मक चोट सहनका लागि म अभ्यस्त भइसकेको रहेनछु । मुमाको स्वर्गवास हुँदा म अबोध थिएँ । त्यो घटना मैले थाहै पाइनँ । त्यसपछि दरबारमा कहिले पनि अप्रिय घटना सामना गर्नुपरेन । आज म युद्धका विरुद्ध उभिँदा एक्लो परेको छु । मैले नै शान्तिको पक्ष र युद्धको विपक्षमा कसैलाई पनि प्रशिक्षित गर्नसकेको रहेनछु । यो मेरो कमजोरी हो... । होइन त यशोधरा ?'

सिद्धार्थको व्याख्याले कताकता चसक्क मन दुःखे पनि यशोधराले संयमित भएर सम्झाइन् । 'सतही ढंगले सत्यको विश्लेषण गर्न खोज्दा राजसभाका धेरैजसो अधिकारीहरूले सुन्दर भविष्य देख्न सकिरहेका छैनन् । कैयन् पुस्तादेखि दरबारमा काम गर्दै आएका मानिसहरू वफादार त छन्, तर सबैजना योग्य छैनन् । उनीहरू एउटा सानो घटनाले उत्तेजित भइदिन्छन् । आवेग, रिस र उत्तेजनाका बेला कुनै निर्णय लिनु हुन्न भन्ने ज्ञानसमेत नभएका त्यस्ता सल्लाहकारले गलत ढंगले बोले भन्दैमा पीर नमानिबक्स्योस् । सबै ठीक भइहाल्छ ।'

सिद्धार्थ मुसुक्क हाँसे । उनको बालसुलभ मुस्कानमा अनौठो जादू छ । हलुका पहेंलो रंगको भित्तामा एउटा सानो खोपीभित्र प्रज्ज्वलित दीपको उज्यालोमा यशोधराले झन् सुन्दर देख्न थालिन् । यशोधरा सिद्धार्थको कपाल सुम्सुम्याइरहेकी छन् । मनमा एक किसिमको ज्वारभाटा उठे पनि विस्तारै त्यो शान्त हुँदै गएको छ । पत्नीको सान्त्वनामिश्रित वाणीले अलि शान्त भएका सिद्धार्थ सधैंका लागि आश्वस्त हुन सकिरहेका छैनन् । परिस्थिति जटिल बन्दै गएका कारण सिद्धार्थ उद्विग्न छन् भने यशोधराले यसमा सहजकर्ताको भूमिका खेल्न चाहिरहेकी छन् । रात छिप्पिइसकेको छ, तर सिद्धार्थ र यशोधरा दुवै निदाएका छैनन् । दुवैको मनमा पीर छ, भुसको आगो जस्तो ।

यशोधरा पुनः बोलिन्- 'बुवालाई सबै कुरा जाहेर गरिबक्स्यो भने द्विविधा रहँदैन । कपिलवस्तु र देवदहबीच लडाइँ हुँदा प्रजाले नै दुःख पाउँछन् । अर्को पुस्तामा पनि वैमनस्य हुन्छ । त्यसैले लडाइँ हुन नदिन हामीले नै सोच्नुपर्छ ...।'

'...त्यही त यशोधरा ... । उमेर ढल्के पनि कतिपय भारदारहरू शिशु नै छन् । मानसिक रूपले ती अबोध केटाकेटी जस्ता छन् । अलि टाढाको कुरै सोच्दैनन् । म छक्क पर्छु, दाह्री जुंगा र कपाल फुले पनि किन बुद्धि नआएको होला ....,' सिद्धार्थले भने ।

यशोधरा हाँसिन् । उनले ठट्टा गरिन्- ' एउटा पाठशाला खोलेर अब विहान-विहान सबैलाई कान समातेर पढाइ बक्स्योस् ...।' यशोधराको कुरा सुनेर सिद्धार्थ पनि हाँसे । उनको मन अलि हलुंगो भयो । उकुसमुकुस मनभित्र अनिमति स्वच्छ हावा पुगेझैं भयो ।

रामायणमा भगवान् रामले आफ्ना पिता दशरथले अधार्मिक र नास्तिकहरूलाई काखी च्यापेको प्रसंग उल्लेख गर्दै पिताप्रति आक्रोश व्यक्त गरेको बताए सिद्धार्थले । यशोधराले भनिन्- 'वाल्मीकि रामायणको अयोध्याकाण्डमा यो प्रसंग रहेको कुरा मैले मुमाबाट सुनेकी थिएँ । भगवानमाथि पनि अन्याय हुँदो रहेछ ..।'

सिद्धार्थका आशय स्पष्ट थियो । शुद्धोदनले दरबारमा योग्य मानिसहरू राख्दा कतिपय व्यक्ति हठी, अहंकारी पनि परेका छन् भन्ने कुरा उनको भनाइमा झल्किन्छ । सिद्धार्थ अध्यात्मवादी हुन्, भौतिकवादी होइनन्, तर उनको तर्क क्षमता अद्वितीय छ । उनको वाणीमा प्रभाव छ ।

यशोधरालाई उनले सोधे- 'कहिलेकाहीं साहित्यकार, लेखक, समर्थक, उपासक, अनुयायीहरूले आफूलाई मन परेको व्यक्तिलाई शक्तिका रूपमा चित्रण गरिदिन्छन् । कसरी थाहा छ तिमीलाई ?'

'... जस्तो कि भगवान राम वास्तवमा मर्यादा पुरुषोत्तम होइन, पीडक पनि हुनुहुँदो रहेछ । कुण्ठाग्रस्त मनोरोगी जस्तो वाल्मीकि ऋषिले रामायण लेखेर उहाँको छवि उज्ज्वल बनाइदिए,' सिद्धार्थले भने ।

'राम राम राम... ईश्वर निन्दा नगरिबक्स्योस् है पाप लाग्छ नि...।' यशोधरा बोलिन् । सिद्धार्थले भने- 'मैले भगवान रामको निन्दा गरेको हो । उहाँको वंश-परम्पराबारे पनि अलिअलि अध्ययन गरें । रामका पूर्वज 'अज' आफ्नी महारानी इन्दुलाई निकै माया गर्दा रहेछन् । इन्दुको मृत्युपछि उनलाई अवसाद रोग लागेछ । विक्षिप्त भएर तिनले पत्नी वियोग सहन नसकेर आत्महत्या गरेछन् । राजा दशरथ पनि मनोरोगी थिए, नत्र छोरा रामलाई गद्दी दिनुपर्ने राजधर्म बिर्सेर कैकेयीपुत्र भरतलाई राजा बनाउने प्रण गर्ने नै थिएनन् । उनको मनोबल कमजोर थियो । स्रष्टालाई ग्रन्थमा चरित्र-शोधन गरेर यथार्थ बङ्ग्याइदिदा रहेछन् ...।'

'कसरी ?' जिज्ञासु बालिकाले झैं मसिनो स्वरमा सोधिन् यशोधराले ।

'सुन, म सुनाउँछु ...' सिद्धार्थ बोले- 'भगवान राम साँच्चै उदार ज्ञानी, विवेकी, साहसी, इमानदार, दूरदर्शी र न्यायी हुनुहुन्थ्यो भने उहाँको जीवनका हरेक घटनाक्रममा त्यसको प्रतिकूल व्यवहार किन झल्किन्छ त ? भगवानले सदाचारी सीताजीलाई पनि अन्याय गर्नुभएको छ ।'

यशोधराले बुझ्न सकिनन् । उनको मुहार पढेपछि सिद्धार्थ बोल्न थाले-'आनुवंशिक रूपमै भगवान राम मनोरोगी हुनुहुन्थ्यो भन्ने कुरा व्यवहारमा देखिन्छ । भरतलाई सम्झाएर दरबारभित्रको कलह मिलाउनुपर्नेमा उहाँ पत्नी सीता, भाइ लक्ष्मण आदिको टोली लिएर चौध वर्ष वनवास जानु आवश्यक थिएन । यो निर्णयले राजा दशरथलगायत अयोध्यावासीलाई पनि दुःखी बनायो । सुनको मृग हुँदै हुँदैन भन्ने विचारै नगरी उहाँ सुनको मृगका पछि पछि दौडिँदा सीताको अपहरण भयो । युद्ध गरेर फिर्ता ल्याएकी पत्नीलाई दन्दनी बलेको आगोमा हामफाल्न लगाउने काम मानसिक अवस्था ठीक नभएको व्यक्तिले मात्र गर्छ । गर्भवती पत्नीलाई दरबारबाट निकालेर जंगल पठाउने काम भगवान रामको मानसिक अवस्था कति सही थियो भन्ने प्रश्नको धरातल हो । त्यति मात्र होइन, अन्त्यमा उहाँले सरयु नदीमा आत्महत्या गर्नुभयो । मानसिक अवस्था सही छ भने कुनै पनि मानिसले त्यस्तो गलत निर्णय गर्दैन । तसर्थ, भगवान रामलाई मर्यादा-पुरुषोत्तम बनाउने काम वाल्मीकिले मात्रै गरेका हुन् ।'

पतिको तर्क चित्त बुझे पनि यशोधराको मन डरायो । महादेव, कृष्ण, राम आदिका पूजा आराधना गरेर हुर्किएकी एउटा महिलाले पतिको मुखबाट पहिलोपल्ट ईश्वर निन्दा सुन्नुपर्‍यो । उनलाई कताकता नरमाइलो लाग्यो । मध्यरात भइसकेको छ । चन्द्रमाको उज्यालो झ्यालबाट प्रष्टै देखिन्छ । यशोधराको मनमा कुरा खेलिरहेको छ ।

सिद्धार्थ कुनै पनि विषयमा स्पष्ट विचार राख्छन् र तर्कपूर्ण कुरा गर्छन् । यशोधरालाई उनको यो प्राज्ञिक र बौद्धिक शैली झन् मन पर्छ । सिद्धार्थ साँच्चै विलक्षण प्रतिभाका धनी छन् ।

दुवै एक-अर्काको अँगालोमा बाँधिए । मन्दमन्द चिसो पवनको स्पर्शमा उनीहरू कतिबेला निदाए पत्तै भएन ।

२

तरूण

सिनेमा 'होटल सहारा' जस्तो राजनीति

युवराज गौतम

'होटल सहारा' राजनीतिप्रति व्यंग्य गर्दै निर्माण गरिएको विश्व प्रसिद्ध फिल्म हो। सन् १९५१ मा बनेको सो फिल्मले अवसरवादी चरित्रको उद्घाटन गरेको छ। 'एलाइड' र 'एक्सिस' बीचको धुवीकरणमा विश्व विभक्त भएका बेला होटल सञ्चालक 'एमड' (पिटर उस्तिनोभ) दुवै शक्तिका प्रिय बनेर प्रस्तुत हुन्छन्। ब्रिटिस, जर्मन र फ्रेन्च सेनाका जर्नेलहरू उनको होटलमा पालैपालो आउँछन् र ती सबैलाई एमडले 'म हजुरहरूकै मान्छे हुँ' भनेर विश्वस्त तुल्याउँछन्।

जर्ज ब्राउनद्वारा लिखित र निर्देशित 'होटल सहारा' नेपाली राजनीतिसँग मिल्दोजुल्दो छ। एमडले आफ्नो होटलमा हिटलर र उनको गाथा झुल्किने दर्जनौं तस्विरहरू राखेका हुन्छन्। हिटलरका प्रखर विरोधी ब्रिटिस र अमेरिकी नेता एवं जर्नेलहरूका तस्विर पनि राखेका हुन्छन्। होटलमा आउने पाहुनाहरूबारे पूर्वसूचना पाइरहने बाठो होटल मालिकले जो जो आउँदैछन्, उनीहरूलाई खुसी पार्न सकिने तस्विरहरूमात्र हतारहतार भित्तामा टाँगिदिन्छन्। रित्ता फ्रेमहरूमा आकर्षक तस्विर सजाएर उनी मधुर मुस्कानले स्वागत गर्छन्। पाहुनाहरूले एमड हाम्रै खाँटी समर्थक पो रहेछ भन्ठान्छन्। मिठामिठा खानेकुरा र महँगो रक्सी खाएपछि एमडलाई धाप मार्दै उनीहरू त्यहाँबाट बिदा हुन्छन्।

जर्मन, ब्रिटिस वा जो आए पनि दोस्रो महायुद्धका दुवै पक्षलाई खुसी पार्ने कला थियो- एमड र उनका सहयोगीहरूको। हास्यकलाकारका रूपमा मात्र होइन, कूटनीतिज्ञ, साहित्यकार तथा समाजसेवीका रूपमा समेत प्रसिद्धि कमाएका पिटर उस्तिनोभले बेलायतको गुप्तचर सेना एम-फिफ्टिनमा पनि काम गरेका थिए। रुसीमूलका ब्रिटिस नागरिक पिटर उस्तिनोभ रसिक, बौद्धिक र अत्यन्त प्रतिभाशाली व्यक्ति थिए। दर्जनौं पुस्तक लेखेर उनले वाङ्मयमा पनि विशिष्ट योगदान गरे। रसियन भाषामा उडुसलाई 'क्लप' भनिन्छ। उनले पनि आफ्नो उपनाम 'क्लप' राखेका थिए। नेपालका नेताहरूको चरित्रसँग साह्रै मिल्दोजुल्दो होटल सहाराको कथावस्तु नेपाली राजनीतिसँग मिल्ने भए पनि क्लपको क्षमता, प्रतिभा, योग्यता र प्रसिद्धिलाई नेपालका कुनै पनि नेताले भेट्टाउन सक्दैनन्।

'होटल सहारा' नामक अंग्रेजी चलचित्रको मुख्य कलाकार पिटर उस्तिनोभले सन् १९८४ को अक्टोबर ३१ तारिखमा भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीसँग भेट गर्ने समय मिलाइएको थियो। दुर्भाग्यवश,

(बाँकी पृष्ठ ८ मा)

सोही दिन आफ्ना अंगरक्षकहरूबाटै इन्दिराको हत्या भयो। संसारका प्रसिद्ध राजनेता र तानाशाहहरूको जीवनीमा आधारित चलचित्रहरूमा अभिनय गरिसकेका पिटर उस्तिनोभले भेट्न खोजेकै दिन इन्दिराको हत्या हुनु दुर्भाग्यपूर्ण संयोग थियो।

षड्यन्त्र, कुटिल चाल, घात-प्रतिघात र ईर्ष्याले भरिएको नेपालको इतिहास आज पनि युवापुस्ताका लागि खासै प्रेरक बन्न सकेन। कतिपय पाठकलाई आश्चर्य लाग्ला, निजी क्षेत्रबाट सञ्चालित कुनै पनि विद्यालयमा अचेल इतिहास पढाईदैन। कलेजमा थोरैले मात्र इतिहास पढ्छन्। विश्वविद्यालयमा इतिहास पढ्ने र पढाउनेहरूको संख्या उस्तै उस्तै छ। राजनीतिशास्त्र पढ्ने र पढाउनेहरू पनि निराश भएका छन्। हब्स, लक, रुसो, जर्मी बेन्थम, कौटिल्य, मेकियाभेली, मार्क्स, गान्धी, ग्ल्याड्स्टोनदेखि लिएर यावत् राजनेताको चिन्तन र राजनीतिक दर्शन नेपालमा पंगु ठहरिएको छ। अवसरवाद, प्रवञ्चना र व्यक्ति पूजालाई नै राजनीतिज्ञहरूले शस्त्रास्त्र बनाएका कारण दर्शनपक्ष 'सलहले सिध्याएको हरियाली' बनेको छ।

नेपालका नेताहरू भारतीय भेट्दा भारतीय जस्तो, चिनियाँ भेट्दा चिनियाँ जस्तो र पश्चिमी देशका मानिसहरू भेट्दा उनीहरूकै मान्छे जस्तो बन्ने गर्छन्। ठ्याक्कै होटल सहारा जस्तो यो अभिनय सिद्धान्तहीन, अनैतिक र तुच्छ मानसिकताको प्रमाण पनि हो। एकजना भारतीय जोगीसँग कुरा गर्दै माओवादीका शिखर नेताले 'नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाएर गल्ती भयो' भन्दै क्षमा मागे। देशको बागडोर सम्हालेका सरकार प्रमुखले 'म त संविधानसभामै थिइनँ, किन धर्मनिरपेक्ष राष्ट्र घोषित गरेछन्, मैले त बुझिनँ' भन्दै लाज पचाए। राष्ट्रप्रमुखको 'नयाँ मुकुट' लगाएका व्यक्तिले 'मलाई पनि नेपाल धर्मनिरपेक्ष बनाइएकोमा पटक्कै चित्त बुझेको छैन', भन्दै दुईजिब्रे चरित्र देखाए। होटल सहाराको झझल्को दिने यस्तो अवसरवादी नाटक हेर्दा नेपाली जनता क्रुद्ध, निराश र हतप्रभ देखिएका छन्।

राजधानीमा कलेज सञ्चालन गरेर बस्नुहुने एकजना मित्रले केही दिन पहिले खुसीको खबर सुनाउँदै भन्नुभयो- 'हाम्रो कलेजमा अब राजनीतिक नेतालाई कुनै पनि कार्यक्रममा निम्तो नगर्ने प्रतिज्ञा गरेका छौं। सबै स्कूल-कलेज र संस्थाले त्यसै गरिदिए हुन्थ्यो।' उहाँको तर्क छ- प्राज्ञिक थलोमा राजनीतिक भाषण गरेर नेताहरूले आफ्नो टाट पल्टेको दिमाग एक्सरे गरेर देखाए।

नेता भनेपछि विद्यार्थीहरू आज नाक खुम्च्याउँछन्। सरकारी कलेजहरूमा पनि असल र प्रतिभाशाली छात्रछात्राहरू राजनीतिमा लाग्दैनन्। पढ्न र पढाउन नचाहनेहरू मात्र राजनीतिमा देखिन्छन्। उनीहरू पनि भोलि होटल सहाराका पात्र बन्छन्। केही अपवादबाहेक आज राजनीतिमा सक्रिय हुनेमध्ये धेरैजसो 'बुद्धिका दुश्मन' छन्। कक्षा १० सम्म (त्यो पनि बिहारबाट) पढेका गिरिजाप्रसाद कोइरालाले दस वर्ष प्रधानमन्त्रीको पदमा बसेर अर्बौं रुपैयाँ कमाए पनि युवापुस्ताले उनको तस्विर आफ्ना घरमा राखेका छैनन्। अमेरिकी सहयोग नियोगको कृषि सहायक (जेटीए) र शिक्षक भएका पुष्पकमल दाहाल पनि 'असत्यवादी' नेताका रूपमा चिनिन्छन्। सबैले आदर, सम्मान र श्रद्धा गर्ने एउटा पनि नेता आजको राजनीतिमा देखिएनन्। जतातत्तै होटल सहाराका विदूषक पात्र 'एमड' प्रवृत्तिमात्र देखियो। कुनै नेताको प्रशंसा गरेर एउटा लेख लेखुँ भने पनि पात्र नै देखिँदैनन्। विदेशीको तलब खाने लेण्डुप, मीरजाफर र क्विजलिङको पक्ष लिएर यो पंक्तिकार पनि लेख्न- बोल्न चाहँदैन। बरु भोकै मर्नु परोस्। कुनै पनि विदेशी व्यक्ति वा शक्तिको दास भएर बाँच्नुभन्दा आधा पेट खाएर बाँच्नु राम्रो। देशभक्तिको पहिलो पाठ त्यही हो।

शेक्सपियरले भनेका छन्- 'वीरहरू एकपल्ट मर्छन्, तर कायरहरू दिनैंपिच्छे।' नगरवधुले ग्राहक परिवर्तन गरेझैं हरेक महिना नयाँ विदेशी मालिक खोज्दै हिंड्ने नेताहरूले राष्ट्रवादको भाषण गरेर पवित्र शब्दलाई विकृत नपारुन्। 'होटल सहारा' कामतापुरा र सोनागाछी बन्दै गएको नेपाली राजनीति वेश्यावृत्तिभन्दा अलिक फरक कहिले होला? कहिले?? हामी त्यही दिनको पर्खाइमा छौं।

sachetak@hotmail.com

मुद्रक : अन्नपूर्ण प्रिन्टिङ प्रेस ।

सोमबार ८ वैशाख २०६५ अन्नपूर्ण पोस्ट

राजा वीरेन्द्रका शत्रु



वासु क्षितिज–

युवराज गौतम

मोहनशमशेर 'बेबी किङ' ज्ञानेन्द्र शाहका प्रधानमन्त्री थिए। २००७ साल पुस २४ गते मोहन शमशेरले देशवासीका नाममा दिएको सन्देशमा भनेका छन्, 'जंगीका हाम्रा प्यारा भाइहरूलाई पनि म यस मौकामा एक विशेष सन्देश दिन चाहन्छु। देशको खतरनाक र कठिन काममा तिमीहरूले देशप्रेम र बहादुरीको आफ्नो पुख्यौली सुनाममा कुनै धब्बा आउन नदिई कायम राखेका छौ।' तरल राजनीतिक अवस्थामा प्रधानमन्त्रीले पनि सेनापति नै भरोसा गर्थे भन्ने यो एउटा उदाहरण हो।

२००७ साल कात्तिक २२ गते राजा त्रिभुवनले राजदरबारबाट सिकार खेल्न जाने बहानामा भारतीय दूतावासमा शरण लिएपछि प्रधानमन्त्री मोहन शमशेरको मुटुमा ढ्याँग्रो बज्न थाल्यो। उनले अर्जुन शमशेर र विजय शमशेरलाई त्रिभुवनसँग संवाद गर्न पठाए। राजा त्रिभुवनले भेट गर्न मानेनन्। युवराज महेन्द्रलाई राजगद्दीमा राख्न खोजे मोहन शमशेरले। उनी पनि बुबासँग गएकाले त्यो सम्भव भएन। अन्त्यमा ज्ञानेन्द्र शाहलाई २००७ साल कात्तिक २३ गते बसन्तपुरको राजगद्दीमा राखेर विधिपूर्वक राज्याभिषेक गरियो। कतिपय चाकडीबाजले मोहन शमशेरलाई राजा बनाउन खोजे। कात्तिक २३ गते बिहान सात बजेको भारदारी सभामा मोहन शमशेरले तर्क गरे, 'परम्परादेखि मानी आएको वंशलाई खारेज गर्न मनासिब हुँदैन।' त्रिभुवनको अनुपस्थितिमा ज्ञानेन्द्र शाहलाई गद्दीमा राखेर मोहन शमशेरले परम्परा र इतिहासको रक्षा गरे।

सो घटनाको ५१ वर्षपछि नारायणहिटी राजदरबारमा २०५८ साल जेठ १९ गते शुक्रबार राति राजा वीरेन्द्रको हत्या हुँदा रानी ऐश्वर्यसहित उनका तीन सन्तान पनि मारिए। प्रत्यक्षदर्शीहरूले बयान दिए, 'युवराज दीपेन्द्रको जस्तो अनुहार भएका (मुकुन्डो लगाएका ?) अरू पनि थिए। उनीहरू अत्याधुनिक हतियार लिएर घुमिरहेका थिए। दीपेन्द्रको हत्या (आत्महत्या ?) पछि पनि गोली चल्दै थियो।' त्यसबारे केही साक्षीले भयाक्रान्त भएर घटनाबारे [illegible] पुगेर तहकिकात गरेन। त्यसैले घटना झन् रहस्यमय बन्यो।

२०५९ साल असार ६ गते राजा वीरेन्द्रको पुण्यतिथिमा पत्रिकारको सम्पादनमा वीरेन्द्र स्मृति ग्रन्थ प्रकाशन भयो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको सभाकक्ष (हाल संसद् भवन) मा ग्रन्थको लोकार्पण गरेका थिए। वरिष्ठ राजनीतिज्ञ, कूटनीतिज्ञ, लेखक, पत्रकार, दरबारका उच्च पदस्थ कर्मचारीदेखि लिएर विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूको उपस्थितिले हल खचाखच भरिएको थियो। मीरा राणा, ज्ञानु राणालगायतका कलाकारहरूले चाँदनी शाह (ऐश्वर्य शाह) द्वारा रचित गीतहरू गाए।

पृष्ठभूमिमा राजा वीरेन्द्रको स्वदेश तथा विदेश भ्रमणको वृत्तचित्र प्रदर्शन भइरहेको थियो। दुई केजी चार सय ग्राम तौलको ५०७ पृष्ठ (ए फोर साइज) मोटो स्मृति ग्रन्थमा राजा वीरेन्द्रका निकटतम् सहयोगीदेखि उनका निजी चिकित्सक, सहयोगी, बालसखा, शुभेच्छुक तथा विभिन्न क्षेत्रका व्यक्तिका लेख, संस्मरण र घटनाक्रम समेटिएका छन्।

यो लेखको उद्देश्य पुस्तकको चर्चा गर्नु होइन, राजा वीरेन्द्रका शत्रु नै नेपालका परम शत्रु हुन् भन्ने कुरा युवा पुस्तालाई बुझाउने प्रयास मात्र हो। दरबार हत्याकाण्डबारे धेरै युवाका मनमा आज पनि अनेक खुल्दुली छन्। 'राजा वीरेन्द्रका शत्रु को थिए ? कसले मार्‍यो उनलाई ? किन मारिए वीरेन्द्र ? त्यसपछि राष्ट्र झन् कमजोर हुँदै गयो ? राजतन्त्र समाप्त पार्ने खेलमा कसकसका षड्यन्त्र भए ?' युवा वर्गमा यस्ता प्रश्नबारे चर्चापरिचर्चा हुने गर्छ।

चीनका प्राध्यापक वाङ युङले नेपालको सुरक्षात्मक रणनीति पुस्तकमा अमेरिका र भारतको षड्यन्त्रमा राजा वीरेन्द्र मारिएको खुलासा गरेका छन्। पूर्व परराष्ट्रमन्त्री चक्रप्रसाद बाँस्तोलाले सोही कुराको समर्थन र पुष्टि गर्दै एउटा दैनिक पत्रिकामा लेख लेखेर धेरैलाई चकित तुल्याए। राजा वीरेन्द्रका छोरा दीपेन्द्र र भाइ ज्ञानेन्द्र शाहलाई दोषी ठहर गर्नेहरू नै आज रहस्य त अर्कै रहेछ भन्न थालेका छन्। गाउँघरमा पनि [illegible] 'चोर-चोर' भन्दै चोरले नै गाउँलेहरूलाई एकातिर कुँदाउँछ र आफू सुसुक्क

> आज पनि सरकार राष्ट्रको वैरीजस्तो छ। गाउँ र नगरको अधिकार कटौती गरेर विदेशीलाई पोस्न खोजिएको छ। राष्ट्रको सुखसुविधामा पौडी खेलेर अराष्ट्रिय काम गर्नेहरू शक्तिशाली पदमा बसेका छन्। राष्ट्रलाई विखण्डन गर्ने षड्यन्त्र रोकिएको छैन।

अर्कोतिर भाग्छ। दरबार हत्याकाण्डमा त्यस्तै भएको पाइन्छ।

राजा वीरेन्द्रले भारतको दबाव मानेनन्। चीनसँग मिलेर राष्ट्रलाई आत्मनिर्भर बनाउन केही प्रयास गरे। २०२८ साल माघ १७ गते राजा भएपछि उनले विकास र शान्ति जस्ता महत्त्वपूर्ण क्रममा जोड दिए। नेपाललाई स्वावलम्बी बनाउन धेरै कार्यक्रम ल्याए। भारतले आफ्नो सुरक्षा छातामुनि नेपाललाई राख्न खोजेको चाल पाएपछि उनले नेपाली सेनालाई अत्याधुनिक हतियार र उपकरणले सुसज्जित तुल्याउन २०४५ सालमा चीनबाट एन्टी एयरक्राफ्ट गनलगायतका आधुनिक हतियार झिकाए।

दुर्भाग्यको कुरा, तीन हजारभन्दा बढी फौजको घेरामा ढुक्कले बसेका राजा (सेनाका परमाधिपति) दरबारभित्रै मारिएपछि तत्कालीन सेनापति प्रज्ज्वलशमशेर राणाले दिएको अभिव्यक्ति भन्दै पत्रपत्रिकामा छापियो, 'राजाको रक्षा गर्ने काम सेनाको होइन।' यसको अर्थ नेपाली सेना नै पंगु रहेछ भन्ने होइन, तर सेनापतिले त्यति गैरजिम्मेवार अभिव्यक्ति दिँदा सहरमा अनेकौं हल्ला फैलियो। दरबारको सुरक्षा हेर्ने जिम्मेवार व्यक्तिहरूले पश्चिमा राष्ट्रका आईएनजीओसँग मिलेर काम गरेको, केही अधिकृतहरू विदेश भागेको र सुरक्षाबारे चरम लापरवाही गरिएका धेरै टिप्पणी पत्रपत्रिकामा आए। सेनापति राणा ती सबै आरोपमा मौन बसे।

भारतीय जनता पार्टीका पुराना नेता अशोक सिंघलले भनेका थिए, 'नेपाल दरबारमा कुनै अप्रिय घटना हुन सक्छ भन्ने संकेत पाएपछि दरबारका एकजना सचिवलाई फोन गरेर मैले तीन महिना पहिल्यै सतर्क गराउन खोजेको थिएँ। राजा वीरेन्द्र असल र प्रजातान्त्रिक चरित्रका हिन्दु राजा भएकाले उनीप्रति मेरो विशेष सम्मान थियो। मेरो सन्देश राजासमक्ष पुर्‍याइएन भन्ने थाहा पाएपछि म दुःखी भएँ। राजा वीरेन्द्रको हत्या भएको सुनेपछि म शोकमा डुबें।'

सो काण्डमा राजा ज्ञानेन्द्रको संलग्नता रहेको कुनै प्रमाण फेला परेको भए उनले कठोर सजाय पाउन सक्थे। अन्तर्राष्ट्रिय संघसंस्थामार्फत पनि त्यसबारे छानबिन हुन सक्थ्यो, तर उनको संलग्नता नभएको बुझेपछि गणतन्त्रवादी नेताहरू र अन्तर्राष्ट्रिय समुदाय पनि मौन बसे। तथ्य, प्रमाण वा आधारबिना कुनै व्यक्तिलाई हत्यारा वा अपराधी भन्न मिल्दैन। हजारौं व्यक्तिको हत्यामा संलग्न व्यक्तिहरूले चलाएका निराधार, मिथ्या र कल्पित आरोपहरू पुष्टि गर्ने पर्याप्त प्रमाण छन् भने आज पनि त्यो सार्वजनिक गर्न सक्छन्।

आज नेपाल पश्चिमाहरूका साथै चीन र भारतको प्रतिस्पर्धा गर्ने थलो बनेको छ। 'चाइना-इन्डिया राइभल्री ओभर चाइनिज आर्म्स सेल्स' (सन् १९९२) पुस्तकमा जेडब्लू गार्भरले गिरिलाल जैनले भन्दा खतरनाक संकेत गरेका छन्। सन् ३०६ मा चीनका विद्वान् सेन-साईले नेपाल भ्रमण गरेदेखि नै नेपाल-चीन सम्बन्ध सुरु भएको हो। नेपाललाई आधार इलाका बनाएर चीनलाई खरानी तुल्याउने गुप्त योजनाअन्तर्गत पश्चिमा शक्तिले नेपाललाई सधैं अस्थिर बनाउन भारतको सहयोगमा काम गरिरहेको बुझ्न सकिन्छ। तसर्थ राजा वीरेन्द्रको हत्यालाई सतही ढंगले विश्लेषण गर्नु अपरिपक्व ठहरिनेछ। उनको हत्या राजतन्त्र र राष्ट्रियता दुवै समाप्त पार्ने खेलको पहिलो कडी थियो।

कतिपय दुर्दान्त, दुर्दमनीय र कल्पनातीत घटना अप्रत्याशित जस्तो लागे पनि पृष्ठभूमिमा केयन् पात्र, घटना, योजना र षड्यन्त्रका कथा अवश्य हुन्छन्। राजनीतिशास्त्री डा. देवराज दाहालले एकपल्ट घतलाग्दो तर्क गरेका थिए, 'परिवर्तनका नाममा केही वर्षयता नेपाल धेरै कमजोर भइसकेको छ। राष्ट्रलाई एकीकृत गर्ने वा जोड्ने शक्तिभन्दा तोड्ने शक्तिहरू प्रबल हुँदै गएका छन्, यसबारे हामीले सूक्ष्म अध्ययन गर्न आवश्यक छ।'

राजा वीरेन्द्रका शत्रु अनेकौं भेषमा घाँसमा विषालु सर्प लुके झैं लुकेका रहेछन्। सेना, प्रहरी, गुप्तचर, पत्रकार, लेखक, कानुनविद्, राजनीतिज्ञ, समाजसेवी, उद्योगपति आदिको भेषमा विदेशीका निम्ति काम गर्नेहरू २०६२ सालपछि छिर्मिरा झैं सतहमा देखिए। माओवादी र विदेशीलाई गुप्त सूचना दिनेहरूले सांसदलगायतका उच्च पद र आईएनजीओकर्मी भएर वास्तविक रूप देखाए। 'दिल्लीमा नेपाल-भारतबीच उद्योग-व्यापारबारे छलफल हुँदा नेपालका एकजना अर्बपति उद्योगपति भारतीय पक्षको प्रतिनिधि भएर बसेको देखेपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला आश्चर्यचकित भएका थिए।' पत्रकार युवराज घिमिरे भन्छन्।

राजदरबारदेखि सिंहदरबारसम्म राजा र राष्ट्रका शत्रु भएका कारण दिनप्रतिदिन राष्ट्रको पतन हुँदै गयो। आज पनि सरकार राष्ट्रको बैरीजस्तो छ। गाउँ र नगरको अधिकार कटौती गरेर विदेशीलाई पोस्न खोजिएको छ। राष्ट्रको सुखसुविधामा पौडी खेलेर अराष्ट्रिय काम गर्नेहरू शक्तिशाली पदमा बसेका छन्। राष्ट्रलाई विखण्डन गर्ने षड्यन्त्र रोकिएको छैन।

२०४७ सालको संविधानमा नेपालको राष्ट्राध्यक्ष हिन्दु नै हुनुपर्ने व्यवस्था थियो। त्यो इसाईहरूलाई मन परेको थिएन। युरोप र अमेरिकाले माओवादी नामको पल्टनलाई मद्दत गरेर भारतको सहयोगमा तालिम, पैसा र हतियार उपलब्ध गराउँदै नेपाली सेनाविरुद्ध युद्धको ऐलान गरे। नेपालका प्राकृतिक स्रोतसाधनबारे संसदको उपस्थित दुईतिहाइ सदस्यले निर्णय गर्ने कुरा सो संविधानको धारा १२६ ले स्पष्ट गरेको थियो। सो धाराले शान्ति र मैत्री सन्धि, सुरक्षा र सामाजिक सम्बन्ध, नेपाल अधिराज्यको सिमाना र प्राकृतिक स्रोत र त्यसको उपयोगको बाँडफाँट जस्ता विषयमा संसदको दुवै सदनको संयुक्त बैठकमा उपस्थित सदस्यहरूको दुईतिहाइ बहुमतले निर्णय गर्ने सर्त राखेकाले नेपालको प्राकृतिक स्रोत र राष्ट्रिय सुरक्षामा हस्तक्षेप गर्न चाहने भारतका निम्ति २०४७ सालको संविधान नै 'समस्या' बन्न पुग्यो। यस्तै संविधानले भाग २ मार्फत नागरिकतामा गरेको कडाइ पनि भारतलाई मन परेको थिएन। यस्तै सोही संविधानको धारा १९ (१) मा 'कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन' भनिएकोमा हिन्दु-बौद्ध जस्ता प्राचीन धर्म मास्न षड्यन्त्र गर्नेहरूले धर्म निरपेक्षताको एजेन्डा ल्याएर पुरानो संविधानलाई समाप्त तुल्याए।

तसर्थ राजा वीरेन्द्रको हत्या गरेपछि राजा ज्ञानेन्द्रलाई गद्दीच्युत गराउने खेलमा सक्रिय तत्त्वहरू नै आज राष्ट्र टुक्र्याउने मिसनमा लागेको बुझिन्छ। गणतन्त्र 'संस्थागत' गर्ने भनेको त्यही हो भन्ने यथार्थ जनताले विस्तारै बुझिरहेका छन्।

२०३० साल जेठ २८ गते (१० जुन १९७३) मा नेपाली कांग्रेसले विमान अपहरण गरेर भारु ३० लाख भारतमा पुर्‍याउने कृत्यको यथार्थ विवरण समेटेर सो काण्डका योजनाकारमध्येका एक मदनप्रसाद अर्यालले लेखेको पुस्तकमा नेपाली कांग्रेस आज झन् पथभ्रष्ट भएको उल्लेख छ। कांग्रेसका धेरै नेता-कार्यकर्ताले पार्टीको चारतारे झन्डाको अर्थ बिर्सेका छन्। सिद्धान्त, दर्शन र आदर्श बिर्सेका छन्। २०४७ सालको संविधानको स्वामित्व लिने कांग्रेसले सो संविधानको रक्षा गर्ने कुनै प्रयत्न नगरी माओवादीमार्फत विदेशीले ल्याएका एजेन्डामा दौडिएपछि राष्ट्रियता र प्रजातन्त्र दुवै कमजोर बन्दै गयो। यो अवस्थामा पार्टीले गणतन्त्र संघीयता र धर्म निरपेक्षता परित्याग गर्ने साहस एवं विवेक देखाएन भने नेपाली कांग्रेस 'कोमिन्ताङ' बन्ने निश्चित छ। राष्ट्रियता, प्रजातन्त्र, राजसंस्था र समाजवादको सिद्धान्त नबुझ्ने कांग्रेसका धेरै नेता-कार्यकर्ताले चार तारा भन्नाले सुरा, सुन्दरी, सत्ता र सम्पत्ति मात्र बुझ्ने गरेका छन्। कतिपय पदलोलुपहरू त इस्लामिक उग्रवादीले नेपाल कब्जा गरे भने आईएस एजेन्ट बन्न पनि तयार देखिन्छन्। कतिपय वामपन्थी दल र 'सत्तामा गणतन्त्र र सडकमा राजतन्त्र, हाम्रो मूलमन्त्र' ठान्ने राप्रपा झैं कांग्रेस पनि सिद्धान्तहीनहरूको बथान बनेको छ।

अथर्ववेदमा भनिएको छ, 'भोग गर्ने जीवात्मा मात्र हो तर तटस्थ बस्ने परमात्मा हुन्छ।' (आत्मा सूक्त ॥२०॥) दधीचिका हड्डीले बनेका वज्रले ठनान्सय प्रकारका वृत्र नामका असुरलाई वध गरेको प्रसंग आउँछ शास्त्रमा। जनताले असल र खराब पात्र, प्रवृत्ति, दृश्य र पार्श्व -निर्देशकका चक्रव्युह बुझेर सत्य बोल्ने साहस गरे भने राष्ट्र ठूलो संकटबाट बच्न सक्ने सम्भावना बाँकी छ। तर तटस्थ बसेर सत्य बोल्ने साहस कतिजनाले गर्छन् ? प्रश्न जटिल छ।

नेपालमा खम्पा विद्रोह चर्काएर फाइदा लिन अमेरिकाले ताप्लेजुङ, संखुवासभा, दोलखा, सोलुखुम्बु, रोल्पा, मुस्ताङ, मनाङ, सिन्धुपाल्चोक, रसुवा, धादिङ, हुम्ला, मुगु, बझाङ र दार्चुला जिल्लामा हजारौं खम्पा छापामारहरूलाई प्रशस्त हतियार, तालिम र पैसा दिएर सक्रिय गरायो। त्यसबेला भेरहवामा भारतबाट प्रवेश गरेका खम्पाहरूलाई पक्राउ गर्दा गृहमन्त्री सूर्यप्रसाद उपाध्यायले भारत र अमेरिकाको दबावमा ती छापामारलाई मुक्त गरिदिए। नेपाली कांग्रेसको सरकार विदेशीका सामु लाचार बन्यो। अमेरिका तथा भारतले त्यसैबेलादेखि नेपालको राजसंस्थालाई विदेशी षड्यन्त्र निस्तेज पार्ने अन्तिम शक्ति भन्ने बुझेका थिए। राजसंस्था र सेनालाई तहसनहस पार्ने खेलहरू त्यसै बेलादेखि हुँदै आएको बुझिन्छ। सन् १९७४ तिर रकेट लन्चर, एम सिक्सटिन बन्दुकलगायतका हतियार उपलब्ध गराउनेहरूले आज तराईमा विभिन्न रहस्यमय व्यक्ति र संस्थालाई सक्रिय गराएर अर्को विद्रोह गराउने तयारी गरिरहेको देखिन्छ।

तराईका गतिविधि सूक्ष्मरूपमा अध्ययन गरेर विखण्डनकारीका अभिलेख तयार गर्नु मात्र पर्याप्त हुँदैन। प्रभाकरणलगायतका पृथकतावादीहरूलाई श्रीलंकाको सेनाले खरानी बनाए झैं समयमै तराईमा टर्याक्टिकल हेडक्वार्टर स्थापना गरेर नेपाललाई सुडान बनाउने खेल रोक्ने काम राष्ट्रिय सुरक्षाका अंगहरूको हो। राष्ट्रघातलाई सहज बनाउने खेलमा सरकारै लागेको देखिएकाले सेनाले 'सरकारको आदेश' पर्खिरहँदा देश नै भष्म भइसक्ने अवस्था आउन सक्छ। राजा वीरेन्द्रका हत्यारा नै राष्ट्र विखण्डन गराउने खेलमा सक्रिय छन् भन्ने कुरा स्पष्ट भइसकेको छ। तसर्थ यो रमिता हेर्ने बेला हुँदै होइन।

राष्ट्रिय सुरक्षाका चुनौती

जनताले राष्ट्रलाई शिरमा राखेर अघि बढ्नुपर्छ

युवराज गौतम



> राष्ट्रिय सुरक्षाका जिम्मेवार निकायहरूले टोलटोलमा फैलिएका विखण्डनकारीका उद्योग बन्द गर्नैपर्छ। राष्ट्रिय एकतामा विषको रङ घोलेर फागु खेल्नेहरूको कुरूप जात्रा बन्द गर्नुपर्छ।

महाभारतमा यक्ष र युधिष्ठिरको प्रश्नोत्तरको प्रसंग रोचक, घतलाग्दो एवं ज्ञानवर्द्धक मानिन्छ। 'कुन शास्त्रले मानिस बुद्धिमान् बन्छ ?' यक्षप्रश्न गर्छन्। युधिष्ठिर उत्तर दिन्छन्, 'असल, ज्ञानी र विनम्र व्यक्तिको संगतले मात्र मानिस बुद्धिमान् बन्छ। त्यसबाहेक मानिसलाई बुद्धिमान् बनाउने अर्को उपाय छैन, कुनै शास्त्र छैन।'

विश्वविद्यालयबाट ठूलाठूला डिग्री लिएका लाखौं व्यक्ति शिक्षित भएका छन् तर तीमध्ये बुद्धिमान्, ज्ञानी र विद्वान्-विदुषी थोरै भेटिन्छन्। आफू सर्वज्ञ हुँ भन्ने अभिमानले धेरै मानिस ग्रस्त छन्। वाराणसीमा मार्च २१ देखि २४ सम्म भएको सम्मेलनमा नेपालबाट सहभागी भएकाहरूमध्ये दुईजना राष्ट्रघातीले नेपालबाट तराईलाई पृथक् गराएर छुट्टै राष्ट्रको मान्यता दिनुपर्ने प्रस्ताव राखे। आफूलाई नेपालको शीर्षस्थ विश्लेषक, स्तम्भकार तथा विद्वान् ठान्ने तर विदेशीका हितमा मात्रै काम गर्ने ती लेखक र राजनीतिक आवरणमा विखण्डन उद्यममा लागेका अर्का कथित राजनीतिज्ञको विचार सुनेपछि बनारस हिन्दू विश्वविद्यालयका प्राध्यापक वर्ग र अन्य आगुन्तकहरूले विस्मित स्वरमा भने, 'यस्ता कपुतहरू भएकै कारण नेपाल अस्थिर बनेको रहेछ।'

जगजाहेर छ, राष्ट्र आज अभूतपूर्व संकटमा छ तर धेरैले यसलाई सतही रूपमा लिएको पाइन्छ। गाम्भीर्य, साहस, इमान, स्वाभिमान र राष्ट्रभक्ति भएका व्यक्ति उपेक्षित छन्। विदेशीले बोकेका मानिस उच्च आसनमा पुगेका छन्। परराष्ट्र, गृह र राष्ट्रिय सुरक्षाजस्ता विषयमा समेत खेलाँची भइरहेको देखिन्छ। प्रा. श्रीधर खत्री भन्छन्, 'राजा महेन्द्र भारतसँग आँखामा आँखा जुधाएर हेर्न सक्ने हैसियत राख्थे। भारतलाई नचिढ्याई सम्बन्ध सुधार्न र निर्वासनमा रहेका शक्तिहरूलाई नेपालमा आक्रमण गर्न नदिने नीति सफलतापूर्वक अंगीकार गरेका थिए।' यस्तै बीपीका बारेमा उनी लेख्छन्, 'बीपी कोइरालाको प्रधानमन्त्रीत्वकालमा नेपालले इजरायललाई मान्यता दियो। त्यसैले उनी आँटिला हुन् भन्ने प्रस्टिन्छ। भारतको विरोध हुँदाहुँदै चीन र पाकिस्तानसँग सम्बन्ध स्थापित गर्नुले पनि बीपीको आँट देखाउँछ।'

आज आँट होइन, ढाँट प्रवृत्तिले राजनीति र परराष्ट्रनीति ग्रस्त छ। चीफ-बाइसजना राजदूतको सिफारिस गर्दा अधिकांश व्यक्ति राजनीतिक दलका नोकरचाकर, अनुचर र नेताका गुप्तचर छानिए। परराष्ट्र मन्त्रालयका उच्च पदस्थ अधिकारीहरूले 'दखिजान्ने, सुनिजान्ने किनाराका साक्षी' बनेर तमसुकमा हस्ताक्षर गर्न बाध्य भए। राजा वीरेन्द्रले २०३१ सालमा अघि सारेको शान्ति क्षेत्रको प्रस्तावलाई भारतले समर्थन नगरे पनि ११६ राष्ट्रले समर्थन गरे तर भारतको निर्देशनमा नेपालका 'प्रतिबन्धित' राजनीतिक दलहरूले पनि प्रस्तावको विरोध गरे। राजा वीरेन्द्र दिल्ली पुगेका बेला केही राष्ट्रघातीले राजालाई कालो झन्डा देखाए। उनीहरू चिच्याए, 'शान्ति क्षेत्रको प्रस्ताव चाहिँदैन।' त्यहाँका मालिकहरूले जे सिकाएका थिए, त्यही गरे।

आजका कतिपय युवा नेपालको गौरवमय विगतका कुरा सुनेर छक्क पर्छन्। हाले युरोपबाट आफ्नो अध्ययन पूरा गरेर फर्केकी शालिनी शर्माले पत्रिकारसँग प्रश्न गरिन्, 'नेपाल त संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा सदस्य भएको रहेछ। राजा महेन्द्र अमेरिका र ब्रिटेन पुग्दा त्यहाँका राष्ट्रप्रमुखले नै स्वागत गरेका रहेछन्। माओदेखि जवाहरलाल नेहरूसमेतले राजाहरूप्रति सम्मान व्यक्त गरेका रहेछन्। हामीलाई त नेताहरूले उल्टोउल्टो कुरा मात्र सिकाएछन्। आजसम्म त्यस्तै छ।'

मैले सम्झाएँ, '२००७ सालपछि २०१७ सालको कालखण्ड, त्यसपछि २०४६ सालसम्मको शासन-प्रशासन, २०४७ सालदेखि २०६२ साल र त्यसपछिका प्रत्येक घटनाक्रम अध्ययन गर्दा सबै स्पष्ट बुझ्न सकिन्छ। अमेरिकाले पनि शान्ति क्षेत्र प्रस्तावको समर्थन गरेको थियो। परराष्ट्र नीतिको परिभाषा र सञ्चालन दलहरूले गर्ने होइन भन्ने कुरा २०४६ सालपछि दलहरूले आत्मसात् गर्न सकेनन्। राजनीतिक अस्थिरताको फाइदा उठाएर विदेशी शक्तिले कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका, प्रेसजगत् र नागरिक मञ्चहरूमा समेत प्रत्यक्ष-परोक्ष रूपमा हस्तक्षेप गर्न थाले। वकिल र न्यायाधीशका टेबल कुर्सीमा समेत 'दान दातव्यमा प्राप्त' भएका फर्निचर भनेर लेखिएको पाइन्छ। आज यस्तो लाग्छ, राष्ट्र नै भिखारी भएको छ। नेपालीहरू निर्धा छन् भन्ने प्रचार गरिएको छ।'

एडम स्मिथले 'द वेल्थ अफ नेसन्स' ग्रन्थमा स्पष्ट लेखेका छन्, 'राष्ट्रलाई कसरी सम्पन्न बनाउने भन्ने सिकाउन राष्ट्रको दर्शन के हो भन्ने सिकाउनुपर्छ। प्राचीन धर्म, संस्कृति, परम्परा, सभ्यता र मूल्यमान्यता (भ्यालुज् एन्ड भ्यालुज) भत्काएर राष्ट्र धनी हुँदैन।' सन् १७७६ (अमेरिका स्वतन्त्र भएकै साल) मा प्रकाशित ११३१ पृष्ठको सो ग्रन्थ बजारमा आउँदा स्मिथ ५३ वर्षका थिए। पुस्तक पढ्दा उनी पूर्वीय दर्शनबाट पनि राम्ररी प्रभावित थिए भन्ने बुझ्न सकिन्छ। उनको अद्भुत विद्वता र ज्ञानको सहस्र धारा छ त्यसमा।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेको आठ वर्षपछि मात्र अमेरिका स्वतन्त्र भएको हो। 'द वेल्थ अफ नेसन्स' ग्रन्थमा राष्ट्रलाई आत्मनिर्भर गराउन एडम स्मिथले जेजस्ता सल्लाह दिएका छन्, पृथ्वीनारायणको दिव्योपदेशमा त्यस्तै विभिन्न घतलाग्दा प्रसंग छन्। सन् १७४० तिर ग्लास्गो र अक्सफोर्डमा पढेका एडम स्मिथ तथा गोरखा दरबार नामको सानो घरमा स्थानीय बाहुनहरूबाट अक्षर चिनेका पृथ्वीनारायण शाहको विद्वता तुलना हुन सक्दैन तर आश्चर्य लाग्छ, परराष्ट्र, उद्यम, कृषि, खानी, कूटनीति, धर्म-संस्कृति आदिको रक्षा गरे मात्र राष्ट्र सबल, सक्षम र सम्पन्न बन्छ भन्ने ज्ञान उनलाई कहाँबाट आयो होला ? त्यसैले यस लेखको प्रारम्भमा पत्रिकारले निवेदन गरे झैं असल ज्ञानी मानिसको संगतले मात्र मानिस बुद्धिमान [illegible] उत्तर यस[illegible] छ। असल, सक्षम र [illegible] पृथ्वीनारायण र [illegible] अशिक्षित शासक [illegible]। अकबर र [illegible] (राणा) [illegible] थिएनन् तर [illegible], साहसी र राष्ट्र[illegible] गर्दै। असल मानिसको [illegible] र परिस्थितिको आ[illegible]।

[illegible] पहिलो कारण राजनीतिक [illegible]रता (सरकार [illegible]) नै हो। ब्रिटिश

रेजिडेन्स मेजर लरेन्सले फत्तेजंग शाहको अध्यक्षता (मुख्तियारी) मा गठित सरकारमा दलभञ्जन पांडे, अभिमानसिंह राना (मगर), गगनसिंह आदि मन्त्री भएको व्यहोराको प्रतिवेदन भारतस्थित इस्ट-इन्डिया कम्पनी सरकारलाई पठाएको पाइन्छ। त्यसबेला नौ वर्षको अवधिमा ६ वटा सरकार परिवर्तन भएको ब्रिटिस दूतले उल्लेख गरेका छन्। राजेन्द्रविक्रम शाह गद्दीनसीन भएका बेला नेपालमा पहिलो सैनिक विद्रोह (मिलिट्री कू) भएको थियो। सैनिकहरूले 'गुटबन्दी गर्ने' र राष्ट्रलाई कमजोर बनाएको भन्दै कैयन् मन्त्री, अधिकारी र राजगुरु-पुरोहितलाई घरमै गएर गोदेका थिए। माथवरसिंह थापालाई 'प्राइम मिनिस्टर' तथा 'कमान्डर-इन-चिफ' दुवै पद दिएपछि राजकाजमा सहभागी एउटा गुटलाई असह्य भयो। थापा आफ्नै भान्जा जंगबहादुरका हातबाट मारिए।

कान्छा बडामहारानी राज्यलक्ष्मीदेवीका प्रियपात्र रहेका मन्त्री जनरल गगनसिंहको हत्यापछि नेपाली राजनीतिले कोल्टे फेर्‍यो। संवत् १९०३ मा भएको सो घटना कोतपर्व नामले इतिहासमा अंकित छ। राजकाजमा बस्नेहरूबीचमै ध्रुवीकरण भइरहेको अवस्थामा राजनीतिक पद्धति नै धरापमा पर्दोरहेछ। उदाहरण पर्याप्त छ, सर्वाधिकार राजामा रहे पनि त्यसको दुरुपयोग हुँदा जंगबहादुरले फाइदा उठाए। त्यहाँबाट सुरु भयो- राणा परिवारको शासन। राजालाई तलब भत्ता दिएर निस्क्रिय बनाइयो। २००७ सालको अन्त्यसम्म राणाशासन चल्यो। १०४ वर्षसम्म राजाहरू सुनको पिंजडामा थुनिएका चरा झैं 'विचरा' बन्न पुगे। शाहवंशका राजाले २४० वर्ष लुटेरै मात्र खाए भन्नेहरूले इतिहासको राम्रो अध्ययन गरेर कुन राजाले कति लुटे भनेर खुलस्त पार्नु राम्रो हुनेछ।

राजा सुरेन्द्रले संवत् १९१३ सालमा जंगबहादुरलाई लमजुङ र कास्कीको ' श्री ३ महाराज' घोषणा गरे। इतिहासकार चित्तरञ्जन नेपालीले 'जंगबहादुरको कथा' ग्रन्थमा भारतीय राष्ट्रिय अभिलेखालयका दस्तावेज उद्धृत गर्दै १९०४ साल जेठ (४ जून १८४७) मा राजा राजेन्द्रविक्रम शाहले बनारसबाट नेपाल सरकारलाई पठाएको पत्रबारे उल्लेख गरेका छन्। त्यसमा राजेन्द्रले लेखेका छन्, 'वीरध्वज बस्न्यात र दलमर्दनले मेरो र मेरा दुई छोराको ज्यान लिने प्रयत्न गरेका थिए। मेरो हुकुमबमोजिम मन्त्री जंगबहादुरले उनीहरूलाई मारी हाम्रो रक्षा गरे। यस कामदेखि म खुसी भई मैले उनलाई प्राइममिनिस्टर र कमान्डर इन चिफको पदवी दिनुका साथै मुख्तियार पनि बनाएँ र म आफै बनारस आएँ।' (त्रिरत्न मानन्धर, नेपालको इतिहासमा जंगबहादुर)

'जंगबहादुर' एउटा व्यक्ति मात्र होइन, पात्र प्रवृत्ति र नियतिको उपमा पनि हो। दिनभरि भूमिगत भएर पार्टीको काम गर्ने र मध्यरातमा खेत जोतेर बाबुआमाको कृषि पेसामा सहयोग गर्ने युवक मदन भण्डारी हुन् वा २००७ सालको क्रान्तिपछि 'मिथक' बनेका बीपी कोइराला, केआई सिंह र गणेशमान सिंह सबैजना जटिल परिस्थितिबाट उठेर चर्चामा आए। २००१ साल असार १५ गते बुधबारको गोरखापत्रमा जेलबाट फरार गणेशमानलाई ज्यानको माया भए फर्केर आत्मसमर्पण गर्नू भन्ने सन्देश प्रथम पृष्ठमै छापिएको छ। आजका कुनै नेतासँग उनीहरूलाई दाँज्नु अंशुबर्मा र रूपलाल विश्वकर्माको तुलना जस्तो हुन्छ। ०६२/६३ सालपछि दस वर्षमा कुनै एकजना राजनीतिज्ञ त्यसरी उठ्ने सकेनन्, जसका बारेमा २०-३० वर्षपछिका सन्ततिलाई गाथा सुनाउन सकियोस्।

हजारौंको हत्या गरेर लासहरू टेक्दै, अकूत सम्पत्ति आर्जन गर्दै सत्ता, सम्पत्ति र सुखका खातिर रक्तपिपासु जुकाहरू जंगलबाट सिंहदरबारमा पुगे। केका लागि थियो, १० वर्ष लामो द्वन्द्व ? यसको मीमांसा हुन बाँकी छ। तर एउटा कुरा घामजस्तै छर्लंग छ- माओवादीहरू भारतमा शक्तिशाली मानिएका सोनिया गान्धी र टी हर्मिस (रअका पूर्व प्रमुख) जस्ता क्रिस्चियन तथा युरोप-अमेरिकाका शक्तिसम्पन्न चर्च, आईएनजीओ र गुप्तचरले क्लोनिङ गरेको इसाई फौज मात्र हो, जो आज पनि आफ्नै मिसनमा क्रियाशील देखिन्छ।

नेपालको वास्तविक पहिचान 'हिन्दु अधिराज्य' (हिन्दु किङडम) हो, हिन्दुराष्ट्र होइन। भारत र मरिसस पनि 'हिन्दु राष्ट्र' बन्न सक्छन् तर 'हिन्दु किङ्डम' हुन सक्दैनन्। गणतन्त्र, संघीयता र धर्मनिरपेक्षता जस्ता विषवृक्ष रोपेपछि नेपालीहरू दलदलमा, जातजातिमा, क्षेत्रक्षेत्रमा र धार्मिक सम्प्रदायहरूका नाममा लडाइँ गर्ने थाल्नेछन् भन्नेमा ढुक्क भएर विखण्डनवादी संविधान बनाइयो। अहिले राष्ट्रिय सुरक्षाको दृष्टिले सबैभन्दा ठूलो चुनौती नै यही भएको छ। राजसंस्थाले हिन्दु बौद्धलगायतका प्राचीन, धर्म-संस्कृतिको मात्र होइन, राष्ट्रियता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता र अखण्डताको रक्षा गर्ने भएकाले राजतन्त्र उन्मूलन गरेको घोषणा गरियो। राजतन्त्रलाई प्रगतिको बाधक भनियो। त्यसो भए गणतन्त्रपछि किन राष्ट्रको उत्थान हुन सकेन ? किन स्थायित्व भएन ? किन जनताले सुख पाएनन् ? लाखौं युवकयुवती किन रोजगार खोज्दै विदेसिएका छन् ? किन विदेशी हस्तक्षेप अत्यधिक बढेको छ ? राष्ट्र किन ऋणमा डुबेको छ ? किन अर्बौं रुपैयाँको खाद्यान्न आयात गरेर पेट पाल्नुपरेको छ ? किन शिक्षा, स्वास्थ्य, यातायात झन्झन् महँगो भएको छ ? के दियो त गणतन्त्रले ? यी प्रश्नहरूको स्पष्ट उत्तर पाइँदैन।

राजीव मल्होत्रा तथा अरविन्दन् नीलकन्दन्द्वारा लिखित 'ब्रेकिङ इन्डिया' ग्रन्थमा भारतलाई टुक्र्याएर प्राचीन धर्म-संस्कृति र परम्परा समाप्त पार्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू एवं विदेशी गुप्तचरहरूले कसरी खेल खेलिरहेका छन् भन्ने विशद् चर्चा गरिएको छ। नेपालमा सक्रिय माओवादीको पनि चर्चा छ त्यसमा। क्रिस्चियन-कम्युनिस्ट कनेक्सन (सम्पर्क) बारे चित्तबुझ्दो व्याख्या गरिएको छ। पुस्तकमा जातीय राज्यको विषाक्त चिन्तन युरोपका क्रिस्चियन विद्वान्हरूले अफ्रिका र एसियामा भाँडभैलो मच्चाउन ल्याएको गुरुयोजना हो भनिएको छ। इसाईहरूको योजनामा माओवादीले नेपालमा जातीय राज्य, संघीयता र धर्मनिरपेक्षताको प्रचार गरे। सत्ताका लागि मरिहत्ते गर्ने अरू दलमा पनि इसाईका मानसपत्रहरूले 'प्रगतिशील एजेन्डा' भन्दै समर्थन गरे। आज एमाले र कांग्रेसलाई पनि संघीयता घाँटीमा अड्किएको हाडजस्तो भएको छ। न थुक्न सक्छन्, न निल्न सक्छन्। भूल स्वीकार गरेर 'बाह्रबुँदे' रद्द गर्न पनि तयार छैनन्।

राजाको फोटो देखाएर भोट माग्नेहरूले गणतन्त्रको संविधान 'उत्कृष्ट' भनेर कायलनामामा सहीछाप ठोकेपछि जनताका नजरमा उनीहरू गिरेका छन्। श्रीलंकामा सिंहालीलाई आर्य र तमिललाई द्रविड भनेर वा अफ्रिकामा हुतु र तुत्सीहरूलाई आपसमा गोराहरूले गोरु जुधाएजस्तो नेपालमा हिमाल, पहाड, तराई, पूर्व, पश्चिम, चुच्चे-थेप्चे, शोषक-शोषित आदिको पर्खाल लगाएर आगो सल्काउन खोजिएको छ। तसर्थ, राष्ट्रिय सुरक्षाका जिम्मेवार निकायहरूले टोलटोलमा फैलिएका विखण्डनकारीका उद्योग बन्द गर्नैपर्छ। राष्ट्रिय एकतामा विषको रङ घोलेर फागु खेल्नेहरूको कुरूप जात्रा बन्द गर्नुपर्छ। आफ्नै पत्नी परपुरुषबाट गर्भधान भएको चाल नपाउने गुप्तचरहरूलाई बिदा गरेर समयमा सही सूचना लिन सक्नुपर्छ। दलका मादल बजाएर नाच्ने तलबजीवीहरूको उदासीनता, राष्ट्रघाती राजनीतिज्ञहरूको मौनता र दलहरूले जे गरे पनि सहँदै बस्ने जनताको दास मनोवृत्ति परिवर्तन नभएमा राष्ट्र झन् ठूलो संकटमा पर्ने निश्चित छ। तसर्थ भ्रष्टलाई होइन, राष्ट्रलाई शिरमा राखेर अघि बढ्न जनताले नै साहस गर्नुपर्छ। नत्र हामी फुटेको सिसाजस्तो टुक्राटुक्रा हुनेछौं।

६ अन्नपूर्ण विचार सोमवार १४ चैत २०७३ MONDAY, MARCH 27, 2017

पूर्वराजाले नखोलेको पोको

अपार जनसमर्थन बटुल्ने गुरुयोजना र दृष्टिकोण जनजनमा पुर्‍याउने बेला आयो

नेपाली जनताले मुलुकमा सदैवका लागि राजनीतिक स्थिरता, समृद्धि र सुशासन खोजेका छन्। बाह्य हस्तक्षेपबाट उन्मुक्ति खोजेका छन्। पूर्वराजाले जनतालाई ढुक्क तुल्याउन सक्ने गुरुयोजना र दृष्टिकोण प्रस्तुत गरे भने उनले यस्तो अवस्थामा अपार जनसमर्थन पाउनेछन्।



युवराज गौतम

राजा महेन्द्र र बीपीको टक्करबारे केही लेखकले सत्य कुरा लेखेका छन् भने धेरैले कपोलकल्पित र मिथ्या। आत्मकथा लेख्ने रहरमा कतिपय व्यक्तिले राजा महेन्द्र र राजा वीरेन्द्रको घोर अवमूल्यन गरेका छन्। २०५८ साल जेठ १९ गतेको हृदयविदारक घटनापछि राष्ट्रको बागडोर सम्हाल्ने पूर्वराजा ज्ञानेन्द्रका बारेमा पनि केही वर्षसम्म अविरल रूपमा प्रायोजित शैलीमा दुष्प्रचार भइरह्यो। सत्य-असत्यको ख्याल गरिएन। राजदरबार परित्याग गर्ने निर्णयमा पुगेपछि पूर्वराजा ज्ञानेन्द्रले नै भनेका थिए, '... त्यसबेला मेरा निम्ति बोलिदिने कोही थिएनन्।' पदेन र वैतनिक राजभक्तहरूबाट संकटमा मद्दत पुग्ने कुरै थिएन। त्यसैले उनी एक्लो हुन पुगे।

'पूर्वराजा' ज्ञानेन्द्रको स्मृतिमा अवश्य पनि धेरै कुरा ठूलो दराजमा राखिएका पुस्तकहरू झैं पत्रपत्र होलान्। ७० वर्षको हाराहारीमा पुगेका र दुईपटक राजा भएका 'माइला सरकार' बलियो स्मरण शक्ति भएका संवेदनशील व्यक्ति मानिन्छन्। कवि, गीतकार तथा संगीतप्रेमी शाहका बारेमा निकटवर्तीहरू भन्छन्, 'हरेक दिनका ससाना घटना पनि डायरीमा टिप्ने र विश्व गतिविधिको अध्ययन गर्ने बानी भएकाले बितेका ५०, वर्षका प्रायः सबै घटना उनी सम्झिन्छन्।' सुनिन्छ, उनको आत्मवृत्तान्तको अधिकांश भाग लेखिसकिएको छ। १० वर्षसम्म गणतन्त्रका विद्रुप दृश्यहरू हेरिसकेका 'पूर्वराजा' ज्ञानेन्द्रले दलका नेताहरूले आफूसँग गरेका वाचा, विदेशी शक्तिले दिएको दबाब र 'आफ्ना' भनेर लालनपालन गरिएका कृतघ्न, अवसरवादी, प्रवञ्चकहरूबाट पाएको धोकालगायतका सबै विषय एउटै पोकोमा बाँधेर राखेका छन्। उनले त्यो पुलिन्दा खोले भने धेरैको सक्कली अनुहार जनताले देख्न पाउनेछन्। इतिहासले त्यो बेला कोल्टो फेर्नेछ।

आज जटिल मोडमा रहेको राष्ट्रको अस्तित्वमाथि नै संकटको कालो बादल मडारिएको अवस्था छ। त्यसैले जनता पनि प्रबल शक्ति खोजिरहेका छन्। राष्ट्र र जनताको संरक्षण तथा सम्बोधन गर्न सक्ने अजेय शक्ति यही हो भनेर जनताले ठहर गर्न सकिरहेका छैनन्। टाठाबाठाहरू दलदलमा बाँडिएका छन्। त्यसैले बहुमत यही हो भन्ने स्पष्ट छैन। १० वर्ष पहिले ब्रिटिस मोडेलको 'किङ इन पार्लियामेन्ट' अवधारणा नेपाली कांग्रेसले परित्याग गरिसकेको छ। 'राजा पनि राष्ट्रवादी हुन्' भन्ने मदन भण्डारीको व्याख्या स्वीकार गर्न एमालेका धेरै नेता तयार छैनन्। पार्टीमा सैद्धान्तिक विचलन बढ्दै गएपछि जनकपुरको मुर्मलियामा भएको एमाले महाधिवेशनले राजतन्त्र, गणतन्त्र, बहुदलीय पद्धति वा अन्य कुनै पनि बाटो रोज्ने विकल्प खुला राख्ने निर्णय गरेको थियो।

विप्लव दासले 'नक्सलाइट मुभमेन्ट इन इन्डिया' ग्रन्थमा लेखेका छन्, 'भारतका कम्युनिस्टहरू भीडतन्त्रबाट प्रभावित छन्। त्यही कारण चीनको विरोध नगर्ने मास हिस्टेरियाबाट प्रेरित भएर सन् १९६२ मा चीन-भारत युद्धमा पनि उनीहरूले चीनको विरोध गरेनन्।' पार्टी भीडतन्त्रमा रमायो भने अवश्य विचलित बन्छ भन्ने यो एउटा उपमा हो।

चीनको राजतन्त्र ढल्यो, सन् १९१२ मा। अन्तिम सम्राट् पु यीद्वारा लिखित आत्मवृत्तान्तमा धेरै मर्मस्पर्शी विचार भेटिन्छन्। विदेश गएर सुखसँग बस्न [illegible] तर आफ्नै दरबारको माली भएर बसे। पुस्तक पढ्ने बानी भएकाले दिन कटाउन गाह्रो [illegible] उनले लेखेका छन्, 'यति राम्रो देश [illegible] कहाँ जाऊँ ?' राजालाई [illegible] हुँदो रहेछ। राजा वीरेन्द्रले [illegible] भनेका थिए, 'आफ्ना पुर्खा[illegible] आर्जन गरेको राष्ट्रिय स्व[illegible] प्यारो हुन्छ।'

धेरै देश पचासौं वर्षसम्म उपनिवेश र साम्राज्यवादको छायामा परे पनि नेपाल सदैव स्वतन्त्र रह्यो। यो गर्वको कुरा हो, तर केही वर्षयता अभूतपूर्व हस्तक्षेप र राजनीतिक दलहरूमार्फत बढिरहेको विदेशी चासो राष्ट्रिय सुरक्षाको लागि पनि चिन्ताको विषय बनेको छ। चलचित्रका नायक राजेश हमालले केही दिनअघि एउटा अन्तर्वार्तामा भनेका छन्, 'भारतभन्दा नेपाल पुरानो राष्ट्र हो। कहिले पनि हामी साम्राज्यवाद र विस्तारवादको सिकार भएनौं। जुन कुरामा हामी गर्व गर्न सक्छौं, त्यसरी भारतीयहरू गर्व गर्न सक्दैनन्। तर राष्ट्रियताप्रति यहाँका राजनीतिक दलहरू इमानदार भएनन्। त्यसैले राष्ट्र आज अत्यन्त कमजोर बनेको छ।'

राजतन्त्रलाई किनारा लगाएर दलहरू नै सर्वाधिकारसम्पन्न भए पनि के कारणले उनीहरूले सही निर्णय गर्न सकिरहेका छैनन्? के कारणले राष्ट्रका हरेक अंग कमजोर भइरहेका छन्? किन राष्ट्रले आत्मनिर्णयको अधिकार गुमाइरहेको छ? हरेक महत्त्वपूर्ण निर्णयमा आज विदेशीको मुख ताक्ने गरिन्छ, किन? कूटनीति, आन्तरिक नीतिलगायत प्रायः सबै कुरामा सूक्ष्म व्यवस्थापन (माइक्रो म्यानेजमेन्ट) गर्न चाहने विदेशी शक्तिहरूका इच्छाविरुद्ध राष्ट्रहितमा स्वतन्त्र निर्णय गर्न प्रमुख राजनीतिज्ञहरू विफल हुनुका कारण के हुन् त? यी प्रश्नहरूको रहस्य पूर्वराजाले राम्ररी बुझेका छन्। किनभने नेपाल स्वाधीन राष्ट्र हो र नेपालले आफै निर्णय गर्छ भनेर दह्रो अडान लिएपछि राजतन्त्रविरुद्ध भाडाका सिपाहीलाई राजनीतिक दलका नेताकार्यकर्ताको भेषमा सडकमा उतारिएको कुरा गणतन्त्रवादी नेता नारायणमान बिजुक्छेलगायतले पटकपटक खुलासा गरिसकेका छन्। त्यसैको सिकार भए, तत्कालीन राजा ज्ञानेन्द्र।

२०६२ सालको चैत २४ देखि २०६३ वैशाख ११ बीचमा भएको 'उन्नाईसदिने आन्दोलन' अंग्रेजी अल्फाबेटको प्रथम अक्षर ए (अमेरिका) र नवौं अक्षर आई (इन्डिया) मिलेर गराएको तर्क गर्नेहरू नै यसलाई 'मिसन नाइन्टिन' भन्छन्। २०५८ साल जेठ १९ (नाइन्टिन) पनि यसैको एउटा पाटो थियो भन्ने केहीको तर्क छ। चीनका केही लेखक विश्लेषक तथा कूटनीतिज्ञले मदन भण्डारीको रहस्यमय मृत्यु, राजा वीरेन्द्रको हत्या र पछिल्ला घटनाक्रममा भारत र अमेरिकाको सहकार्य भएको आशंका गरेका छन्। त्यसैले भारतमा माओवादीलाई आतंककारी भन्नेहरूले नै राजसंस्था एक्ल्याएर नेपालका माओवादीलाई महान् लोकतन्त्रवादी शक्ति (?) भन्ने प्रचार गरे। दिल्लीमा भएको बाह्रबुँदे सम्झौता उल्लंघन गर्न खोज्ने दलहरूलाई धूलिसात बनाउने प्रयास यथावत् रहेका देखिन्छ। कतिपय दलमा केही नेताले सत्य बोल्ने प्रयत्न गरे पनि पार्टी नेतृत्वलाई घेरामा राख्ने पश्चिमी राष्ट्रद्वारा सम्पोषित व्यक्तिहरू र भारतीय खुफिया एजेन्सीका स्थानीय सूचनाकर्मी (लोकल एजेन्ट) सक्रिय भएकाले उनीहरू संघीयता, धर्मनिरपेक्षता र गणतन्त्रविरुद्ध स्पष्ट बोल्ने साहस गरिरहेका छैनन्। बाबुले ठूलो छोरालाई पैदल हिंडाएर कान्छालाई काँधमा बोक्दा ठूलोचाहिं ठुस्केझैं सीआईए र रअले नेपालका अंगीकृत र नवागन्तुक गुप्तचरलाई बढी महत्त्व दिएपछि पुराना गुप्तचरमा राष्ट्रवाद टुसाउन थालेको पाइन्छ।

स्विट्जरल्यान्डका विकासविद् टोनी हागनको तर्क छ, 'संवैधानिक राजतन्त्रमा राजा राजनीतिमा असंलग्न रहन्छन्। राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै रूपले उनी एकताको प्रतीक बन्न सक्छन्। दुई ठूला छिमेकीहरूबीच च्यापिएको नेपालजस्तो जातीय विविधतायुक्त मुलुकका निम्ति संवैधानिक राजतन्त्रको भूमिका महत्त्वपूर्ण छ। संवैधानिक राजतन्त्रबाट विश्वसनीयताका साथै निश्चित निरन्तरता प्राप्त हुन्छ। यसले अप्रत्यासित रूपमा हुने राजनीतिक परिवर्तनबाट जोगाउँछ।' (विकेन्द्रीकरण र विकास, प्रजातान्त्रिक सिद्धान्तको भूमिका)

बालकृष्ण समले लेखे झैं 'सदैव घाम लाग्दैन, हुँदैन बदली सधैं, गद्दी मिल्छ कुनै दिन, खरी हुन्छ कुनै दिन' राजनीतिको यथार्थ हो। त्यसैले गणतन्त्रको गद्दी कसैको आजीवन बिर्ता होइन। निराशा, कुण्ठा, विषाद, आक्रोश, वितृष्णा र विरक्ति बढ्दै गएपछि हजारौं जनता स्वतस्फूर्त विद्रोह गर्न थाल्छन्। त्यसबेला कुनै पनि विदेशी शक्तिले जीवनजलको काम गर्दैन। दलहरूले जे गरे पनि हुन्छ भनेर भागबन्डामा पद, पदक, पैसा, प्रतिष्ठा र सुविधा बाँडेर लिने प्रवृत्ति जनभावनाको ठ्याक्कै प्रतिकूल देखिन्छ। दातृ निकायका भगिनी र भ्रातृहरूसँग मिलेर जिन्जर ग्रुप चलाउने तथा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकामा बढेको आईएनजीओकरणले राष्ट्र नै इसाईकरण हुने खतरा बढेको छ। त्यसैले गणतन्त्रका नाममा इसाईतन्त्र ल्याउन पार्टीका सुगर ड्याडीहरू मिलेर राजतन्त्र मासेको तीतो सत्य पूर्वराजा ज्ञानेन्द्र शाहले पक्कै बुझेका छन्।

भारत भूखण्डमा ५६५ राजा-रजौटा थिए। सन् १९४७ मा मात्र भारतीयले आफ्नो राष्ट्रध्वजा देखेका हुन्। तिरंगा (तीन रंगको) झन्डामा सेतो रंग क्रिस्चियनको लागि, सुन्तला (गेरु) हिन्दुको लागि र हरियो रंग मुसलमानलाई खुसी पार्न राखियो। बीचको 'कालचक्र' बौद्ध धर्मावलम्बीका लागि हो। विश्वको एक मात्र हिन्दु अधिराज्यको चन्द्र-सूर्य अंकित त्रिकोणध्वज अनुपम वा अद्वितीय मानिन्छ। सबै देशका झन्डा चारकुने छन्। देवध्वज मानिएको नेपालको मात्र त्रिकोण छ। प्राचीन राष्ट्र नेपालको नाम र झन्डा फेर्ने कुरा माओवादीमार्फत इसाईहरूकै योजनामा उठाइयो। नेपालका राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका सालिक र राष्ट्रिय एकता दिवस (पुस २७) मास्ने काममा गिरिजाप्रसाद कोइराला तथा कृष्णप्रसाद सिटौलालगायतलाई प्रयोग गरियो। श्याम शरण, एसडी मुनी, केभी राजन, अशोक मेहता, सीताराम यचुरी आदिले नेपालमा जसरी षड्यन्त्र गरे, त्यसले राजतन्त्र मात्र कमजोर भएन। नेपालमा पश्चिमाहरूको अत्यधिक प्रभाव बढ्दा चीन र भारत नै चिन्तित भइरहनुपर्ने अवस्था आयो। भारतकी पत्रकार सीमा मुस्तफा दिल्लीका कूटनीतिज्ञहरूलाई 'हठी (एरोग्यान्ट)' भन्ने गर्छिन्। ती हठीहरूले नै नेपाल भारत सम्बन्ध नराम्रोसँग बिगार्ने काम गरे।

सबै शक्तिलाई सन्तुलित राख्ने हेडमास्टर नहुँदा आज नेपाल असफल राष्ट्र बन्ने खतरा बढिरहेको छ। चीन र भारतले यो धरातलीय यथार्थ बुझ्न थालेका छन्। सायद यही कारणले पूर्वराजाको मनसाय बुझ्न उनीहरूले केही वर्षयता दिल्ली, सिंगापुर र बैंककलगायतका सहरमा संवाद गरेका खबरहरू आएका छन्। त्यस्ता समाचारले प्रायोजित नेताहरूका मनमा चिसो पसेको बुझिन्छ।

राष्ट्र संकटमा पर्दा सबै शक्ति एकजुट हुनेपर्छ। सन् १९३७ मा जापानले हमला गर्दा चीनका राष्ट्रवादी र कम्युनिस्ट दुवै मिलेका थिए। बीपी कोइरालाले राजतन्त्र र प्रजातन्त्र एकार्काका परिपूरक, हितैषी र सहयोगी बन्नुपर्छ र त्यसो गर्न सकेनन् भने उग्र कम्युनिस्टलाई प्रयोग गरेर विदेशीले राजतन्त्र र प्रजातन्त्र दुवै सिध्याउँछन् भनेका थिए।

पूर्वराजाले १० वर्षसम्म 'नखोलेको पोको' धेरै रहस्यमय हुन सक्छ। स्वदेश र विदेशका सिद्धहस्त पत्रकारहरूका बीचमा लिखित रूपमा उनले आफ्ना धारणा, मार्गचित्र, असन्तुष्टि एवं कार्यनीति (रणनीति होइन) स्पष्टसँग प्रस्तुत गर्ने साहस गरे भने गणतन्त्रका वास्तविक स्वामी यहाँका दलहरू होइनन् भन्ने कुरा जनतालाई अझ स्पष्ट हुनेछ।

नेपाली जनता आज बलियो विकल्प खोजिरहेका छन्। १० वर्षसम्म गणतन्त्रको ढुंगो टुसाउँछ कि भनेर पर्खिएका जनताले राजनीतिक स्थिरता, समृद्धि र सुशासन खोजेका छन्। बाह्य हस्तक्षेपबाट सधैंका लागि उन्मुक्ति खोजेका छन्। पूर्वराजाले जनतालाई ढुक्क तुल्याउन सक्ने गुरुयोजना र दृष्टिकोण प्रस्तुत गरे भने उनले यस्तो अवस्थामा अपार जनसमर्थन पाउनेछन्। शास्त्रमा पनि भनिएको छ, 'वीर भोग्या वसुन्धरा...।' त्यसैले उनले आफ्ना कुरा स्पष्टसँग बोल्नेपर्छ। नखोलेको पोको खोल्नेपर्छ।

६ अन्नपूर्ण विचार सोमबार ७ चैत २०७३ MONDAY, MARCH 20, 2017

नक्कली मयुरको नाच

गणतन्त्र प्रचण्डहरूकै लागि गलपासो

युवराज गौतम



> सिद्धान्त महत्त्वहीन हुँदै गएकाले राजनीतिले जनतालाई सुखानुभूति गराएको पाइँदैन। निष्ठा, विश्वास, समर्पण र आदर्शको अवमूल्यन भइरहेकाले राजनीतिकर्मीहरूले जनविश्वास गुमाइरहेका छन्! यही कारणले अधिकांश राजनीतिज्ञका सन्ततिसमेत राजनीतिबाट विमुख हुँदै गएको पाइन्छ।

ब्रिटेनकी महारानी 'चर्च अफ इङ्ल्यान्ड' र त्यहाँका सम्पूर्ण क्रिस्चियन धर्मावलम्बीको संरक्षक मानिन्छिन्। सन् १७७२ को रोयल म्यारिज एक्ट (शाही विवाहसम्बन्धी कानुनी व्यवस्था) अनुसार राजपरिवारका कुनै पनि सदस्यले विधर्मीसँग विवाह गर्न पाउँदैनन्। सन् १९३९ को जुलाईमा १३ वर्षको उमेरमै एलिजाबेथको विवाह इसाई प्रथाअनुसार भएको थियो। नेपाल वा भारतमा जस्तै त्यहाँ पनि बालविवाह चल्थ्यो भन्ने थुप्रै उदाहरण पाइन्छन्। अहिले पनि त्यहाँ धार्मिक व्यवस्था यथावत् छ।

सभ्य समाजले परम्परा, रीतिरिवाज, धर्म-संस्कृति, मर्यादा र मूल्यमान्यता बचाउन समयानुकुल परिस्कार ल्याउँदै पुर्खाले स्थापित गरेका हरेक असल पक्षलाई निरन्तरता दिने गर्छ। अर्बपति नै भए पनि जापानीहरू मान्यजनलाई झुकेर अभिवादन गर्छन्। मुसलमान राष्ट्रहरूमा मर्यादाहीन व्यवहारलाई 'हराम' (पाप) भनिन्छ र धर्म नमान्नेलाई हरामी। नेपालमा केही उच्छृङ्खल राजनीतिकर्मीहरू धर्म-संस्कृति नमान्दा आफू प्रगतिशील भएको ठान्छन्। हरामी त नभनौं, ती बिरामी पक्कै हुन्।

राजा सुरेन्द्र विक्रम शाहको राज्याभिषेक भएका बखत (वि.सं. १९०४) जाजरकोटमा राजा दीपनारायण शाह, बझाङमा राजा जगराज सिंह, सल्यानमा राजा तेजबहादुर शाह आदि रजौटा थिए। आधुनिक सुविधा थिएन तर सुदूर पहाडका ती अनकन्टार ठाउँमा पनि उनीहरूले मर्यादा, सभ्यता, रीतिथिति र धर्म-संस्कृति बचाउन छुट्टै कायदा कानुन बनाएका थिए। राजा सुरेन्द्रलाई राज्याभिषेकमा इलामदेखि सुदूर पश्चिमसम्मका प्रशासक र सैनिक अधिकारीहरूले शुभकामना सन्देश पठाएको पाइन्छ। ती सन्देशमा खुसीयाली मात्र अभिव्यक्त गरिएको छैन, असल सुझाव पनि छन्। पाल्पाका कमान्डर कृष्णबहादुर कुँवर (जंगबहादुरका भाइ), डोटीका सुब्बा काशीदत्त पन्त र काजी कुलमानसिंह बस्नेत, प्युठानका सरदार गुन्जमानसिंह बस्नेत, जुम्लाका सरदार फत्ते सिंह, गोरखाका नयनसिंह बस्न्यात आदि मात्र होइन, सेनाका विभिन्न पल्टनका तर्फबाट पनि शुभकामना अर्पण गरिएको थियो।

इलाममा त्यतिबेला नयाँ श्रीनाथ कम्पनी तैनाथ थियो भने सिन्धुलीमा नारायण दल पल्टन। धनकुटामा श्रीजंग पल्टन, सल्यानमा कालीजंग, दुल्लु दैलेखमा ज्वालादल भवानी बक्स कम्पनी, दाङमा गुरु बक्स कम्पनी, डडेलधुरामा रणभीम पल्टन र उदयपुरमा गोरखनाथ कम्पनी तैनाथ थिए। यसैले राष्ट्रको धर्म-संस्कृति र मर्यादा सुरक्षित राख्न बल पुगोस् भन्ने चिताएको पाइन्छ। त्यसमा छलकपट थिएन। सन् १९०७ मा एक वर्ष २२ दिनसम्म इङ्ल्यान्ड भ्रमण (पानीजहाजको यात्रा अवधिसमेत) गर्दा जंगबहादुरले भाइहरू बमबहादुर राणा (कार्यवाहक प्रधानमन्त्री), बद्रीनरसिंह राणा (प्रधानसेनापति), कृष्णबहादुर राणा (न्यायाध्यक्ष), रणोद्दीप सिंह (पूर्वपश्चिम क्षेत्र हेर्ने प्रशासक) र काकाका छोरा जयबहादुर राणालाई मालपोत हेर्ने 'इन्स्पेक्टर जनरल' बनाएका थिए। जंगबहादुरले दिएको हुकुममा राष्ट्रको मर्यादाको ख्याल गर्नू भनेको पाइन्छ।

राजा त्रिभुवन २००७ सालमा दिल्ली प्रस्थान गरेपछि राणा प्रधानमन्त्री मोहन शमशेरले त्रिभुवनका माइला नाति ज्ञानेन्द्रलाई राजा बनाए। राजगद्दीमा राखेर उनको नाममा मुद्रासमेत छापियो। केही अवसरवादीले 'राजा त्रिभुवनलाई गद्दीच्युत गर्दै श्री ३ महाराज नै श्री ५ बन्नुपर्छ' भनेर उक्साउँदा मोहन शमशेरले

त्यसले राष्ट्रको मर्यादा नरहने [illegible] थिए। राष्ट्र हाँक्नेहरूले नै मर्यादा [illegible] भने चरम [illegible] पैलिन्छ भन्ने [illegible] थाहा थियो।

युवराज त्रैलोक्यका [illegible] नाममा 'वीर विक्रम' [illegible] सुरेन्द्रविक्रम शाहले 'वीर' [illegible] पाइँदैन। कतिपय [illegible] सर्वाधिकारी भएपछि [illegible] पहिलोपल्ट 'महाराजाधिराज' [illegible] बनाएका छन्। पाँच [illegible]

लिखित इतिहास भएको नेपाल धर्म-संस्कृति र मर्यादाका आधारमा चलेको थियो।

सत्ताको लागि सबै कुरा त्याग्ने, मर्यादा बिर्सने र 'वाईसीएल' शैलीमा काम गर्ने प्रवृत्ति बढेकाले जताततै आज असभ्य, अहंकारी, अभिमानी, उन्मादी, उच्छृंखल, अशिष्ट र अविवेकीहरूको हैकम देखिन्छ। राजनीतिले यसलाई अरू प्रदूषित बनाइरहेको छ भने राजनीतिक नेतृत्व नै अमर्यादित भएकाले त्यसले दुष्प्रभाव राज्यका अरू अंगमा समेत स्पष्ट देखिएको छ।

राजनीति, प्रहरी, प्रशासन, कूटनीति र प्राज्ञिक क्षेत्रसमेत शठतन्त्रले ग्रस्त छ। सिंहदरबारका बाउसेभन्दा जंगलमा बस्ने राउटे धेरै मर्यादित देखिन्छन्। किनभने राउटेहरू धर्म र परम्परामा विश्वास गर्छन्। राजनीतिकर्मीहरू धर्म निरपेक्ष (?) छन्, कुसुन्डाहरू पापनिरपेक्ष। यसरी हेर्दा राजनीतिक क्षेत्र सबैभन्दा धेरै विकृत बन्दै गएको देखिन्छ। सिद्धान्त महत्त्वहीन हुँदै गएकाले राजनीतिले जनतालाई सुखानुभूति गराएको पाइँदैन। निष्ठा, विश्वास, समर्पण र आदर्शको अवमूल्यन भइरहेकाले राजनीतिकर्मीहरूले जनविश्वास गुमाइरहेका छन्। यही कारणले अधिकांश राजनीतिज्ञका सन्ततिसमेत राजनीतिबाट विमुख हुँदै गएको पाइन्छ।

७० वर्ष अघिदेखि नेपाली राजनीतिलाई सूक्ष्म दृष्टिले अध्ययन गरेका ९६ वर्षीय साहित्यकार (२००७ सालका सक्रिय पत्रकार) श्यामदास वैष्णवले राजनीतिका बारेमा घतलाग्दो टिप्पणी गरेका छन्, 'मैले राजा त्रिभुवनदेखि राजा ज्ञानेन्द्रसम्मको शासन हेरें। राजा, प्रधानमन्त्री र अन्य शक्तिशाली व्यक्तिहरूलाई समेत ढाँटेर खाने हुल्याहा, मुल्याहा र छुल्याहा ठगहरूको हस्तक्षेप उस्तैउस्तै छ। इमानदार, सज्जन, देशभक्त र कर्तव्यनिष्ठहरूले राष्ट्रको गरिमा बचाउने काम गर्छन्। तर हरेक कालखण्डमा कुनै न कुनै किसिमको विकृतिले राजनीति ग्रस्त बनेको पाइन्छ। कुराँटे, अराँटे र भराँटेहरूले शक्तिशालीहरूलाई घेराबन्दीमा पार्ने गरेका छन्।'

उनी भन्छन्, 'श्री ३ मोहन शमशेरलाई तत्कालीन गुप्तचर प्रमुखले राजा त्रिभुवन सपरिवार गुप्तरूपमा दिल्ली जाने कार्यक्रम छ भन्ने रिपोर्ट बुझाएछन्। श्री ३ महाराज तथा गुप्तचर प्रमुखबीच सम्वाद भइरहेका बेला सरदार उपेन्द्रपुरुष ढकाल छेउमै रहेछन्। उनले गुप्तचरको खण्डन गर्दै 'महाराज (मोहन) स्वयं भगवान् होइबक्सन्छ। राजा सपरिवार दिल्लीतिर भाग्न लागेको हो भने त्यस्तो अप्रिय कुरा महाराजलाई सपनामा थाहा हुन्छ। त्यसैले गुप्तचर प्रमुखको कुरा हावादारी हो' भनेछन्। 'भगवान्लाई पूर्व आभास भइहाल्छ नि' भनेपछि मोहन शमशेर पनि दंग परे। केही दिनमै राजा दिल्ली पुगे। गुप्तचरको सूचना सही ठहरियो।'

भन्डै चालीस-पैंतालीस वर्षअघिको कुरा हो। तराईका सहर-बजारमा भारतबाट 'रामलीला' नाटक देखाउने टोली आइरहन्थे। स्टेजमा राति राम-रावणको घमासान युद्ध चल्थ्यो। साँच्चै युद्ध नै भएजस्तो ठानेर हामी केटाकेटी राति अबेरसम्म रामलीला हेर्थ्यौं। दिउँसो उज्यालोमा अर्कै दृश्य देखिन्थ्यो। रामले रावणलाई खैनी मोलेर खुवाइरहेको हुन्थ्यो। हनुमानले रावणको शरीरमा तेल घसिरहेको हुन्थ्यो। त्यो देख्दा केटाकेटीहरू उदेक मान्थे। नेपाली राजनीति पनि त्यस्तै नाटक रहेछ।

दिल्लीमा बाह्रबुँदे नाटक रचना गरियो। राजतन्त्र फ्याँक्ने र गणतन्त्र ल्याउने फैसला दिल्लीले गर्‍यो। जनआन्दोलनको नाटक नेपालमा भयो। भारतविरुद्ध युद्ध गर्छौं भनेर, हुँकार गर्ने पुष्पकमल दाहाल, बाबुराम भट्टराई, रामबहादुर थापा आदि सबै उतैको रामलीला पार्टी रहेछ। राष्ट्रवाद पो बेरुजु निस्केछ।

केही दिनअघि निर्वाचन आयोगले राजतन्त्र र हिन्दु राष्ट्र जस्ता शब्द संविधानविरोधी छन् भनिदियो। संविधानको व्याख्या गर्ने काम आयोगको होइन, सर्वोच्च अदालतको हो। गणतन्त्रको संविधानलाई साह्रै उत्कृष्ट भन्दै आएको दलले नै राजतन्त्र र हिन्दु जस्ता शब्द कतै मिल्काउन पाए हुँदो हो भन्ने सोचिरहेका बेला कुचोले बढार्नुपर्ने फर्सिंगर हावाले उडाएजस्तो भयो। वृद्ध आमा-बाबुको सेवा गर्न गाह्रो मान्ने कपुत पनि लोकलाई देखाउन आमा-बाबु मर्दा रोए झैं गर्छन्। राप्रपा नेतृत्वमा छाएको शोक पनि त्यस्तै कृत्रिम र क्षणिक वेदना मात्र हो। सिद्धान्तसँग सत्ता साट्नुपर्ने, गणतन्त्र जोगाउन पूर्व आतंककारीका लेफ्टिनेन्ट जनरल (टु-आई-सी) हुनैपर्ने र लाटासीधा कार्यकर्तालाई 'हाम्रो पार्टी राजावादी नै हो बाबै' भनेर ढाँट्नैपर्ने बाध्यताले ग्रस्त भएका बेला निर्वाचन आयोगले हिन्दुधर्म र राजतन्त्र आदि शब्द उच्चारण गर्न नपाइने हुकुम दिएको छ। राष्ट्र नै इसाईकरण भइरहेको र हिन्दु तथा राजतन्त्र देखाएर राजनीति गर्नेहरूले नै बाइबल जस्तो संविधानलाई 'उत्कृष्ट' घोषणा गर्न लाज मानेनन् भने गणतन्त्रकै जागिर खाइरहेका निर्वाचन आयोगले गोमाताको फोटो देखाएर गणतन्त्रको गहुँत खानेहरूलाई त्यस्तै जवाफ पठाएर शक्तिपरीक्षण गर्न खोजेको देखिन्छ। यस्तो स्थितिमा राप्रपाले सत्ता त्याग्छ कि सिद्धान्त ? जनता यसको उत्तर पर्खिरहेका हुन् सक्छन्।

एकजना पण्डित बाजेलाई आफ्नो छोरा आफूजस्तै बनोस् भन्ने चाहना रहेछ। छोराले लामो टुप्पी नफ्याँकोस् भन्ने पण्डितको आग्रह थियो। अमेरिका जाने चिट्ठा परेपछि 'धर्म' बिर्सियो केटाले। तर बाबुको डरले टुप्पी काटेन। अन्त्यमा विदेश जाने विमान चढ्दा ढोकाको एउटा किलामा अल्झिएर बाहुन केटाको टुप्पी चुँडियो। ऊ प्रसन्न भयो। कतै मिल्काउन पाए हुन्थ्यो भनेर घाँडो ठानेको टुप्पी आफैं चुँडियो। त्यस्तै गणतन्त्रके हर्ताकर्ता भइसकेका पार्टी नेताको अन्तरकुन्तरको आशय बुझेर निर्वाचन आयोगले 'टुप्पी' फ्याँकिदियो।

अखिल भारतीय नेपाली राष्ट्रिय कांग्रेस २००३ साल कात्तिक १५ गते बनारसमा स्थापना भयो। देवीप्रसाद सापकोटा संस्थापक अध्यक्ष थिए। २०४६ सालपछि कांग्रेसमा आगन्तुक र अंगीकृतहरूको बहुमत भयो। गत वर्ष सम्पन्न तेह्रौं महाधिवेशनमा बीपीका तस्विर देखाउँदै केही प्रतिनिधिले सोधेछन्, 'यो बूढो को हो ? ' भारतबाट आएका र विभिन्न दलको सिफारिसमा नेपाली नागरिकता लिएकाहरू राजा महेन्द्रलाई गाली गर्छन्। यस्तै वरिष्ठ भइसकेका राजनीतिज्ञसमेत विगतका सबै कुरा खराब थिए भन्दै इतिहासको अपव्याख्या गरिरहेका छन्।

नक्कली मयुरहरूको प्रायोजित नाचलाई आज गणतन्त्र भन्ने गरिएको छ। विदेशीले पालेका भाले मयुरहरू पखेटा फिंजाएर नाचिरहेका छन्। असल नभए पनि उनीहरू 'सफल' छन्। आफ्नो गृहिणीलाई सुनका गहनाले सजाउने, महलमा बस्ने, पचासौं लाख रुपैयाँका मोटरगाडी चढ्ने र हजारौं रुपैयाँको दारु खाएर पुलक्क लड्ने तो 'त्यागी' नेताको सपना पूरा भएको छ। सरकार आफैंले गोली हानेर जनताको सिकार गर्छ र दस दस लाख रुपैयाँका दरले लास किनेर आफैंले सहिद घोषणा गर्छ। यस्तो दृश्य अन्य देशमा देखिंदैन। एउटै व्यक्ति राष्ट्रघाती र राष्ट्रवादी (?) हुन सक्छ नेपालमा। एउटा पद्धतिलाई फेल बनाउनेहरू अर्को पद्धतिमा आफैं महारथी भएका छन्।

प्रजातन्त्रका निमित्त संघर्ष र प्राणोत्सर्ग गरेका र दुःख पाएकाहरूको रेकर्ड कतै छैन। श्री ३ पद्म शमशेर नेपाल त्यागेर राँची (भारत) जाँदा उनीसँगै गएका डा. महेन्द्रप्रसाद श्रीवास्तवसँग पंक्तिकारले भेट गरेको थियो। त्यतिबेला उनले भनेका थिए, 'राँचीमा कुल्ली काम गर्न जाने नेपालीलाई पद्म शमशेरले पनि बेलाबेलामा खर्च दिन्थे। त्यस्ता कुल्लीहरूलाई भेला पारेर कांग्रेसले छापामार युद्धको तालिम दिन्थ्यो, तर कांग्रेसी नेताहरू सुरुदेखि नै गैरजिम्मेवार थिए भने कर्यकर्ताहरूले पनि पेट पाल्ने काम मात्र गरे।'

राजा त्रिभुवनकी मुमाले चन्द्रशमशेरलाई धर्म-भाइ बनाएर तिहारमा टीका लगाइदिने हुँदा त्रिभुवनले प्रधानमन्त्रीलाई महाराज मामा भन्थे भनेर इतिहासकारहरूले लेखेका छन्। दुवै एकअर्कालाई सम्मान गर्थे। चन्द्रशमशेरलाई राणाशासन चल्छ भन्ने पटक्कै विश्वास थिएन। चन्द्रले भनेका कतिपय कुरा कालान्तरमा सत्य सावित भयो। उनले 'भीमशमशेरलाई गँजेडी, जुद्धलाई स्त्रिलम्पट, पद्म र केशरलाई जँड्याहा र मोहन शमशेरलाई पुजारी' भन्दै व्यंग्य गर्ने गरेको इतिहासमा पाइन्छ। त्यसैले राजा त्रिभुवनलाई मोहनशमशेरले भनेका छन्, 'यिनीहरूले राजकाज चलाउँदैनन्। अन्त्यमा सरकारको हुकुम सरकारमै फर्किन्छ।' उनले आफ्नै भाइ-भतिजालाई ढंग नभएका नक्कली मयुर ठानेका रहेछन्।

शासकले सबै कुरा चाल पाउँदैनन्। तसर्थ, राष्ट्राध्यक्ष, सरकार प्रमुख र अन्य जिम्मेवार व्यक्तिहरूले योग्य व्यक्तिलाई सल्लाहकार र सचिव बनाउने चलन आएको हो। कतिपयले लम्फु र भुत्तेहरूलाई व्यर्थमा तलबभत्ता र मानमर्यादा दिएर आफ्नै गोडामा बन्चरो हानेका उदाहरण पनि छन्।

अन्नपूर्ण
सोमबार ३० फागुन २०७३ MONDAY, MARCH 13, 2017

राजा महेन्द्रको सपना

आत्मनिर्भर र विकसित नेपाल सम्पूर्ण हिन्दु-बौद्धहरूको केन्द्र होस्

युवराज गौतम

राजा महेन्द्र नेपाललाई सबल, समृद्ध, आत्मनिर्भर, विकसित, प्रभावशाली र संसारका सम्पूर्ण हिन्दु-बौद्धहरूको केन्द्र बनाउन चाहन्थे। विभिन्न विशेषज्ञ, इतिहासकार, संस्कृतिविद् तथा भूगोलविद्हरूको सल्लाहमा चौध अञ्चल र पचहत्तर जिल्ला बनाएर राष्ट्रका हरेक कुनामा प्रगति र राष्ट्रिय एकता बलियो बनाउने चाहनाले उनले नेपालको प्रशासनिक संरचना बनाएका थिए। सबैतिर विकासको ज्योति पुगोस् भन्ने उनको अदम्य चाहना थियो। विदेशीले हेप्न नपाऊन् भनेर उनले युवा वर्गलाई शिक्षित तुल्याउन त्रिभुवन विश्वविद्यालय खोले। झन्डै ६० वर्ष पुरानो सो विश्वविद्यालयले लाखौं शिक्षित जनशक्ति उत्पादन गरिरहेको छ। भूमिसुधार, कृषि, विज्ञान-प्रविधि, सञ्चार, शिक्षा, यातायात, कूटनीति, साहित्य, संगीत, कला, उद्योग, व्यापार, स्वास्थ्य आदि अनेक क्षेत्रमा राजा महेन्द्रले हजारौं सम्भावनाको खोजी गरे। किनभने उनी स्वप्नद्रष्टा थिए।

विदेशीहरूले नेपाली-नेपालीलाई आपसमा विभक्त गराउन आज अथाह सम्पत्ति खर्च गरिरहेका छन्। नेपालीहरू मिलेर अघि बढे भने विदेशीको स्वार्थ पूरा हुँदैन। उनीहरूको 'धर्म' प्रचार हुँदैन र उनीहरूले पैदा गर्न खोजेको आज्ञाकारी वर्ग उत्पादन हुँदैन। यी सबै कारणले राष्ट्रिय एकता कमजोर बनाउने काम भइरहेको स्पष्ट देखिन्छ। त्यसैले देश गम्भीर संकटमा परिरहेको छ। महेन्द्रले देखाएको बाटो गलत थिएन भन्ने पुष्टि हुँदै गएको छ। किनभने हामी महासंकटतिर उन्मुख भइरहेका छौं।

केही दिनअघि सैनिक मुख्यालयपरिसरमा सेवानिवृत्त ब्रिगेडियर जनरल डा. प्रेमसिंह बस्न्यातका दुई पुस्तक लोकार्पण समारोहमा नेपालको वर्तमान अवस्थाका बारेमा चर्चा-परिचर्चा र चिन्ता व्यक्त गरियो। 'नेपाल चीन : वादविवाद र संवाद', तथा 'एङ्लो-नेपाल वार : अ मिलिटरी रिभ्यु' नामक ती पुस्तक कूटनीति, राजनीति, इतिहास र युद्धका बारेमा अभिरुचि राख्नेहरूका लागि उपयोगी हुन सक्छन्। राजा महेन्द्रले चीन र भारत दुवैसँग कसरी सन्तुलन राखेका थिए भनेर लेखकले सूक्ष्म विश्लेषण गरेका छन् भने नेपाल अंग्रेज युद्धसम्बन्धी पुस्तकमा शासक प्रशासकहरू दूरदर्शी भएनन् भने सुगौली सन्धि जस्ता असमान सन्धि र पराजयको सिकार बन्नुपर्छ भनेर लेखकले सतर्क गराएका छन्।

सचेतहरू जान्दछन्, नेपाल आज अन्तर्राष्ट्रिय षड्यन्त्रको उर्वर भूमि बनेको छ। नैतिकता, सिद्धान्त, दर्शन, विचार, चिन्तन, आदर्श र धरातल त्यागेर पद, पैसा र प्रतिष्ठा (?) खोज्दै अभक्ष्यलाई पनि अमृत मान्न कतिपय दलहरू तँछाडमछाड गरिरहेका छन्। भारत र पश्चिमाहरू एकातिर छन् भने नेपालका विभिन्न भागमा आफ्नो हितविरुद्ध गतिविधि भइरहेकोमा चीन चिन्तित देखिन्छ। चीन र भारतको कार्ड खेलेर भाग्य र भविष्य सुरक्षित गर्न खोज्ने कतिपय व्यक्ति राष्ट्रको भविष्यप्रतिभन्दा आफ्नै निम्ति चिन्तित देखिएका छन्।

भारतको हेपाहा शैली, थिचोमिचो तथा दक्षिण एसियाको लिडर स्टेट (नाइके) बन्न खोज्ने प्रवृत्तिलाई चुनौती दिँदै राजा महेन्द्रले नेपाललाई राष्ट्रसंघको सदस्यता दिलाए। चीनसँग दौत्य सम्बन्ध बढाए। ५३ राष्ट्रसँग कूटनीतिक सम्बन्ध बनाए। २०१२ देखि २०२८ सालभित्र उनले विभिन्न क्षेत्रमा सुरु गरेका सत्कर्महरूले आजसम्म निरन्तरता पाएको भए नेपाल धेरै सुदृढ र समृद्ध भइसक्ने थियो, तर २०४६ सालको परिवर्तनपछि स्वतन्त्रता (?) त फैलियो, विकास र मर्यादा मासिँदै गयो। कूटनीतिमा ह्रास आयो। केही क्षेत्रमा भौतिक प्रगति पनि नभएको होइन, तर सदाचार, अनुशासन, देशप्रेम, स्वाभिमान, स्वावलम्बन, सच्चरित्र, राजनीतिक स्थायित्व र प्रगति स्खलित हुँदै गयो। नेपालीहरू २०४६ सालपछि दलदलमा बाँडिए। राष्ट्र दलदलमा फस्यो। कतिपय ठाउँमा त एउटा दलको समर्थक मर्दा अर्को दलको मानिस मलामी नजाने पनि देखियो। माओवादीले विदेशीका एजेन्डा बोकेर हजारौंको हत्या गरे। जातजातका राज्य बनाइदिन्छौ भन्दै लालपुर्जा बाँड्ने उद्घोष गरे। गाउँगाउँमा गएर जनता भाँड्ने काममात्रै गरे। राज्य पुनर्संरचनाका नाममा नयाँ 'खुवा बिर्ता' घोषणा गरियो। चौध अञ्चल र पचहत्तर जिल्ला बनाउने राजा महेन्द्रको परिकल्पना हचुवा, लहड, उन्माद, प्रतिशोध, आवेग र प्रलोभनको उपज थिएन। चीन र भारतलाई, हिमाल, पहाड र तराईलाई जोडेका छन् धेरै अञ्चलले। कर्णाली, बागमती, गण्डकी र धौलागिरिबाहेक मेची, कोसी, सगरमाथा, जनकपुर, राप्ती, भेरी, सेती र महाकालीले चीन-भारत दुवैलाई जोडेका छन्। संघीयता सक्रिय नभएकैले कोरला नाका (मुस्ताङ) बाट आज भैरहवा पुग्ने बाटो बनिरहेको छ। मेची अञ्चलमा चीन र भारतलाई स्पर्श गर्ने सुन्दर मेची राजमार्ग छ भने यस्ता सडक सञ्जालहरूले नेपाल एउटै घर हो भन्ने सन्देश दिइरहेका छन्। संघीयताका कारण प्रान्त (प्रदेश) सरकार बन्नासाथ ती भुरे टाकुरे राज्यमा अवश्य विवाद चर्किन्छ र अशान्ति तथा अस्वस्थ प्रतिस्पर्धा सुरु हुन्छ। दक्षिण भारतको कावेरी नदीको विवाद संघीय राज्यबीचको विवादको निकृष्ट नमुना हो।

राजा महेन्द्रको सपना सुन्दर थियो। त्यसैले जजसले चौध अञ्चल र पचहत्तर जिल्ला मास्ने षड्यन्त्र गरेका छन्, ती अविवेकी नै हुन्। २०४७ सालको संविधानले 'पञ्चायत' शब्द हटाएर गाउँ पञ्चायतलाई गाउँ विकास समिति बनायो। भारतमा ग्राम पञ्चायत चलिरहेके छ, जिल्ला पञ्चायत छँदैछन्। नेपालमा २५ वर्षमा (२०४७ पछि) पच्चीस वटा सरकार र गणतन्त्र घोषणापछि दस-एघारजना प्रधानमन्त्री फेरिए पनि शान्ति, प्रगति र स्थायित्व दिन नसक्दा उनीहरू आज लज्जित छन्। राजा महेन्द्रले बनाएको ७५ जिल्ला र चौध अञ्चल तथा राजा वीरेन्द्रले बनाएको पाँचवटा विकास क्षेत्र केकति कारणले गलत थियो ? यसको चित्तबुझ्दो जवाफ विघटनवादीसँग छैन। हिजो राजाहरूले जेजे बनाए, त्यसलाई भत्काउँदै जाने दुराशयले मात्र नयाँ प्रशासनिक संरचना बनाएको देखिन्छ।

'संघीयताको संरचना' भन्दै पुरानो इनार पुरिएको छ। तर नयाँ इनार बनाएर त्यसको पानी परीक्षणसमेत गरिएको छैन। जिल्ला-अञ्चल सबै असंवैधानिक र अवैध घोषणा गरिएको छ। जंगबहादुर तराईमा सिकार खेल्न जाँदा भारतको कुनै सहरबाट बीए पास गरेको तराईवासी युवकले प्रधानमन्त्री जंगबहादुरसमक्ष खर्चबर्च पाउने मनसायले आफू एमए हुन चाहेको बिन्ती गरेछ। उसको आशय नबुझेर जंगबहादुरले 'ल तँ आजदेखि एमए भइस्' भन्ने हुकुम दिएछन्। अहिलेको संरचना पनि त्यस्तै नै हुकुम प्रमाङ्गीको भरमा बनाइएको [illegible]।

सरकारले ७४४ नगर तथा [illegible] बनेको र पुरानो नेपालका जिल्ला [illegible] फर्मान जारी गर्‍यो। निर्धारित [illegible] निर्वाचन हुन सकेन भने विदेशी दूतहरूको सिफारिसमा संसद्को आयु केही [illegible] भए पनि गणतन्त्रलाई संस्थागत र [illegible]



राष्ट्र निर्माणको प्रबल चेतना भएका साहसी, योग्य, लगनशील र कर्तव्यनिष्ठ शासक थिए महेन्द्र। उनले बनाएका र सुरु गरेका सबै कुरा छोपिदिने हो भने के-के देखाउन सकिएला ? त्यसैले राष्ट्रवादीहरू राजा महेन्द्रलाई सम्झिरहेका छन्।

एवं धर्म निरपेक्ष जस्ता विषयलाई वैधानिक तुल्याउन सत्तालोलुप समूहबीचमा भित्रभित्रै म्याच फिक्सिङ भएको छनक पाइन्छ। 'पाडो वा पाडी जे भए पनि गोठालालाई बिगौती' भने झैं चुनाव भए पनि नभए पनि सत्ताबाहेक अरू नदेख्ने कलर ब्लाइन्डनेसका रोगीहरूलाई फरक पर्दैन। सुँगुरको बोसोमा पाकेको तरकारीलाई चिनियाँहरूले शुद्ध शाकाहारी परिकार माने झैं गणतन्त्रको बोसोमा तयार पारिएको बाइबलपन्थी संविधानमा विदेशीको ठूलो लगानी भएकाले विदेशीको तलबभत्ता खानेहरू सबै वर्तमान संविधानलाई विश्वकै उत्कृष्ट भनिरहेका छन्। गणतन्त्र असफल बन्ला, धर्म निरपेक्षता अलपत्र होला र संघीयता टुहुरो बन्ला भन्ने डरले माओवादी नेतृत्वको सरकारले दरबारका धाइहरूलाई समेत गणतन्त्ररूपी शिशुको लालनपालन गर्न सिंहदरबारमा भित्र्याएको छ। २०४७ सालभन्दा पहिले निर्दलीय पञ्चायतलाई सर्वोत्कृष्ट भन्ने, त्यसपछि बहुदलीय पद्धतिलाई सर्वोत्कृष्ट मान्ने र हाल गणतन्त्रात्मक संविधान नै सर्वोत्कृष्ट ठान्ने 'अत्यन्त उदार, सकारात्मक र अग्रगामी' नेतृत्व पाएको रहेछ राष्ट्रपाले। अफगान तालिबान, बोकोहराम वा आईएस लडाकुले कुनै दिन नेपाल कब्जा गरे भने सत्ताको लागि जुनसुकै रूप धारणा गर्ने बहुरूपीहरूले नाम, थर, धर्म र जात बदलेर अवश्य गोमांस भोजन गर्नेछन्। किनभने तालिबान र माओवादी नेतृत्वमा धेरै भिन्नता छैन। दुवैथरी रगतको होली खेल्न सिपालु छन्। माओवादीलाई शिरोपर गर्दै गणतन्त्रमा रमाउनेहरूले पद र पैसाको लागि भोलि जे पनि गर्छन्। यस्तो अनैतिक प्रवृत्तिलाई समर्थन र सहायता गर्नेहरूले आफ्नो दललाई 'राजतन्त्रवादी' भन्दै ठाँट्नुको कुनै अर्थ छैन। यो चलाखी र धुर्त्याइँ जनताले चाल पाइसकेका छन्।

चीन र भारतको भन्दा पृथक् पद्धति स्थापित भएन भने नेपालमा राजनीतिक असन्तुलन भइरहन सक्छ भन्ने बुझेर राजा महेन्द्रले बहुदलीय (संसदीय) पद्धतिमै आधारित मौलिक प्रणाली सुरु गर्न नयाँ संविधान मस्यौदा गराएका थिए। २०१८ साल असोज ८ गते शम्भुप्रसाद ज्ञवालीको अध्यक्षतामा उदयप्रसाद उपाध्याय, मुक्तिकान्त मैनाली, महन्तलाल जोशी, हेरम्बप्रसाद प्याकुरेल र विश्वनाथ उपाध्याय सम्मिलित 'ल कमिसन' बाट १३ महिनामै नयाँ मुलुकी ऐनको मस्यौदा गराए महेन्द्रले। २०१० सालमा अर्को कमिसन बन्यो र २०१४ सालमा त्यसलाई पुनर्गठन गरी कानुन सुधार आयोग बनाइयो। नेपाल अधिराज्यको संविधानसँग मेल खाने गरी कानुन सुधार गर्नुपर्ने भएकाले २०१७ साल असोज २७ गते अर्को आयोग बन्यो। निर्दलीय शासनका दस वर्ष (२०१७-२७) हेरेपछि राजा महेन्द्रले संसदीय पद्धतिअनुसारको बहुदलीय संविधान मस्यौदा गर्न शम्भुप्रसाद ज्ञवालीलाई २०१९ वैशाखमा आयोगको सदस्य बनाए। पछि उनेलाई गृह पञ्चायत तथा कानुनमन्त्री बनाएर जिम्मेवारी दिए। २०२८ साल फागुन ७ गते नयाँ संविधान घोषणा गर्न राजा महेन्द्र तयार थिए तर माघ १८ गते नै उनको देहान्त भयो। ५३ वर्ष नपुग्दै परलोक भएका महेन्द्रको त्यो सपना अधुरै रहेको वरिष्ठ राजनीतिज्ञ डा. तुलसी गिरी बताउँछन्।

ज्ञवालीले एउटा लेखमा भनेका छन्, 'नयाँ मुलुकी ऐनबारे जाहेर गर्दा श्री ५ महेन्द्रबाट हुकम भयो, 'सबै कुरा ठीक लाग्यो तर अंशबन्डाको महलमा पैंतीस वर्ष उमेर पुगेकी विवाह नभएकी छोरीले छोरासरह पाउने अंशको आधा अंश पाउने कुरा ठीक लागेन। किन समान व्यवस्था नगरेको ?'

पुरुष र महिलाबीच कुनै भेदभाव गरिनु हुन्न भन्ने राजा महेन्द्रको उदार धारणा रहेको पाइन्छ भने जातीय भेदभावलाई गैरकानुनी घोषणा गर्ने दक्षिण एसियाकै पहिलो शासक उनै हुन् भन्ने इतिहासकारहरूको भनाइ छ। यस्तै झापाको बुधबारे गाउँ पञ्चायतमै पुगेर उनले पहिलोपल्ट भूमिहीन किसानलाई मोहियानी हकको प्रमाणपत्रसहित जग्गा दिलाएका थिए। अनुसन्धानका क्रममा पत्रिकारले राजा महेन्द्रबाट पहिलोपल्ट मोहियानी हक प्राप्त गरेका ७० वर्षीय रायाप्रसाद धिमालसँग कुराकानी गर्दा उनले सरल भाषामा भनेका थिए, 'गरिबको लागि त राजा महेन्द्र देउता नै हुन्।'

धिमालसँगै मोहियानी हक पाउने दाताराम सुवेदी, बुधन धिमाल, प्रेमबहादुर सुनुवारलगायत नौजनाले मोहियानी हक पाएको बुधबारेका पूर्व प्रधानपञ्च दिनानाथ ढकालको कथन छ। मालिकको जमिनको पच्चीस प्रतिशत श्रमजीवी किसानलाई विधिपूर्वक उपलब्ध गराउने महेन्द्र संसारकै उदाहरण भएको महेन्द्रका बारेमा पुस्तक लेखेका जे. कृष्ण मूर्तिलगायत पश्चिमा लेखकहरूले समेत स्विकारेका छन्।

राजा महेन्द्रले संसार देखेका र बुझेका थिए। 'चीन-भारत मित्रमित्र, बाहिरै बस नपस भित्र' भन्ने उनको नीति थियो। पूर्वीपाकिस्तान टुक्र्याएर भारतले बंगलादेश नामको नयाँ राष्ट्र बनाउन गुप्तरूपमा आफ्ना सैनिक पठाएको र भारतमा बसेर काम गरिरहेको नेपाली कांग्रेसले इन्दिरा गान्धीको आदेशमा आफ्ना हतियार बंगलादेश पठाएको कुरा महेन्द्रले राम्ररी बुझेका थिए। बीपीको आत्मवृत्तान्तमा समेत कांग्रेसले आफ्ना हतियार इन्दिरा गान्धीको आदेशमा बंगलादेश पठाएको र त्यसको लागि आफूले अगमसिंह राई, सुशील कोइराला र चक्र बाँस्तोलालाई खटाएको उल्लेख गरेका छन्।

भारतबाट दिनहुँजसो बंगलादेशलाई मान्यता दिन राजालाई दबाब आउने गरेको र त्यसो नगरेमा नेपालले ठूलो दुर्भाग्य बेहोर्नुपर्ने तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीको धम्की आउने गरेको दरबारका पुराना उच्च अधिकारीहरूको भनाइ छ। भारतले हजारौं पल्ट तनाव दिएकै कारण राजाको रक्तचाप बढिरहन्थ्यो र सोही कारणले हृदयाघात भएको पुराना प्रशासक तथा विद्वान्हरू बताउँछन्। राष्ट्रका निम्ति भोकप्यास बिर्सेर अहोरात्र काम गरिरहने राजा महेन्द्रले इजरायल झैं राष्ट्र बलियो बनाउने सपना सजाएका थिए, त्यो पनि अधुरै रह्यो।

'[illegible] नाकफोन' भन्ने उखानजस्तै राजा महेन्द्रले पनि राष्ट्रको संरक्षण, संवर्द्धन र सम्पोषण गर्न योग्य अनुभवी, इमानदार, स्पष्टवक्ता र राष्ट्रवादीहरूलाई गहन जिम्मेवारी दिएको पाइन्छ।

राष्ट्र निर्माणको प्रबल चेतना भएका साहसी, योग्य, लगनशील र कर्तव्यनिष्ठ शासक थिए महेन्द्र। उनले बनाएका र सुरु गरेका सबै कुरा छोपिदिने हो भने के-के देखाउन सकिएला ? प्रज्ञा प्रतिष्ठान स्थापना गरेर भाषा, साहित्य, कला, संस्कृतिलगायत विविध विषयमा उत्थान गराउन खोज्ने प्रतिष्ठानका संस्थापक राजा महेन्द्रको प्रतिमा छोपेर राखेका छन्, दलका कोटामा प्राज्ञ भएका विद्वान्हरूले। विभिन्न नेताको चरण स्पर्श गर्न लाज नलाग्ने तर महेन्द्रको मूर्ति देखाउन लाज मान्ने यो कस्तो 'प्राज्ञिक' सोच हो ?

विदेशीको योजनाअनुसार १४ अञ्चल र ७५ जिल्ला भत्काइयो। नयाँ नेपालका अभियन्ताहरूले धेरै कुरा भत्काइसकेका छन्। विदेशका धन र स्वदेशका डन भेला पारेर दलहरूको मादल बजाउनेहरूले राष्ट्रियता समाप्त पार्न र 'संघीयताबाट कम क्षति हुने' उपाय खोज्दै घरघरमा गृहयुद्धको बीउ-बिजन पुऱ्याइसकेका छन्। राष्ट्रलाई गृहयुद्धको अग्निकुण्डमा होम्ने तयारी गरिरहेका छन्। कोर्ट मार्सल गर्नुपर्नेहरू फिल्ड मार्सल भएका छन्। कुनै बेला संसारमै प्रसिद्ध राष्ट्र नेपाल आज दिनप्रतिदिन बदनाम हुँदै गएको छ। त्यसैले राष्ट्रवादीहरू राजा महेन्द्रलाई सम्झिरहेका छन्। इतिहासका सुन्दर क्षण सम्झेर पीडाबोध गरिरहेका छन्।

६ अन्नपूर्ण विचार सोमबार २३ फागुन २०७३ MONDAY, MARCH 6, 2017.

नेपाल चीनका साझा शत्रु



राष्ट्रलाई अर्को सुडान र काबुल बन्न नदिन सत्ता, विपक्ष र दलको आवरणमा बसेका प्रत्येक व्यक्ति चिन्नैपर्छ। प्रेस, मानव अधिकार, बुद्धिजीवी, नागरिक समाज आदिका नाममा राष्ट्रलाई कमजोर बनाउनेहरूलाई 'एलेन्डे' बनाइदिने हो भने मात्र नेपाल सुरक्षित रहन सक्छ।

युवराज गौतम

'महेशचन्द्र रेग्मीलाई अमेरिकी गुप्तचर संस्थाको प्रतिनिधि भन्ने आरोप लाग्यो। त्यसपछि सरकारी जागिर चट् भयो', ऋषिकेश शाहले पत्रकारसँग भनेका थिए। लियो ई. रोजको नेपाल स्ट्राटेजी फर सर्भाइभल पुस्तकको भूमिकामा जोन ओएष्टनले यस्तो प्रसंग उठाएका छन्। ऋषिकेश शाहमाथि पनि दरबारको निगरानी रहेछ। नेपालको आन्तरिक नीति र छिमेकीका पक्षःविपक्षमा कसले कहाँ के गर्दैछ भन्ने बुझ्न दरबारको छुट्टै गुप्तचर निकाय 'रोयल इन्टेलिजेन्स ब्युरो' बनाइएको रहेछ। त्यसमा काम गरेका केही व्यक्ति अझै छन्। केही एमाले र कांग्रेसमा सक्रिय छन्। केही पश्चिमा र भारतको प्रिय बनेका छन्।

१३ फेब्रुअरी २००८ मा चीनका प्राध्यापक वाङ होङ उईको अन्तरवार्ता आयो, 'नेपालको अस्तित्व खतरामा पर्‍यो भने सहायताको लागि चीनको सेना आउनेछ।' उनले रक्सी खाएर फ्यास्स बोलेका होइनन्। किनभने रुमालले स्याउ पुछे झैं चिनियाँ बुद्धिजीवीका हरेक शब्द परिमार्जित र अर्थपूर्ण हुन्छन्। नेपालमा उसका चार खालका शत्रु छन् भनेर चीनले बुझेको छ। त्यसैले चीनविरोधी गतिविधिमा संलग्न व्यक्ति, संस्था, सञ्चारमाध्यम, राजनीतिक दल र अनेकौं भेषमा काम गरिरहेकाहरूका बारेमा सूक्ष्मतम् सूचना संकलन गर्दै उनीहरूलाई मौकामा 'भ्यासेक्टोमी' गर्ने वा अझै कठोर बाटो अपनाउन पनि चीन तयार रहेको बुझिन्छ।

२०१५ साल सम्पन्न प्रथम आमनिर्वाचनमा नेपालस्थित अमेरिकी कूटनीतिज्ञ डगलस हेकमार्फत नेपाली कांग्रेसले दुई लाख अमेरिकी डलर सहायता प्राप्त गरेको जानकारहरू बताउँछन्। सो दलले विदेशी सहायता लिएको त्यो पहिलो घटना थियो। राजा महेन्द्रले तुरुन्तै त्यो कुरा चाल पाए। भनिन्छ- कान्तिपथस्थित सेन्ट्रल होटलका सञ्चालक (रसियन नागरिक) बोरिसले अमेरिकाले नेपाली कांग्रेसलाई प्रशस्त रकम सहयोग गर्दैछ भन्ने सूचना पाएपछि दरबारलाई तत्काल जानकारी गराएका थिए। दूतावासमार्फत गुप्त रूपमा बुझ्दा त्यो पुष्टि भयो।

सन् १९६० को दसकमै मुस्ताङमा खम्पा विद्रोहको तयारी भइसकेको थियो। हतियार बोकेका तिब्बती छापामारबाट स्थानीय जनता सन्त्रस्त थिए। 'अज्ञात' विमानबाट हतियार, खाद्यान्न, कपडा आदि खसाइँदैछ भन्ने सूचना पाएपछि सरकारले सेना पठाएको थियो। तिब्बतको दक्षिणपूर्वी क्षेत्र 'खाम' भूखण्डका आदिवासी 'खाम्पा' जातिलाई हतियार, तालिम, पैसा आदि दिएर अमेरिकाले सीआईएमार्फत चीनविरुद्ध उक्सालेको कुरा कैयन् पुस्तकमा पाइन्छ। श्रीलंकाका तत्कालीन राष्ट्रपति रिचंड जयवर्द्धनेका कूटनीतिक सल्लाहकार प्राध्यापक रोहण गुणरत्नेले 'इन्डियन इन्टरभेन्सन इन श्रीलंका' ग्रन्थमा भारतका विभिन्न स्थानमा सीआईएले खम्पाहरूलाई तालिम दिएको खुलासा गरेका छन्। खम्पा विद्रोहका बारेमा कैयन् दस्तावेज पाइन्छन्।

राजा वीरेन्द्रले नेपाल र चीनका साझा शत्रुविरुद्ध लड्नुपर्ने रणनीति बनाएपछि खम्पा नेताहरू गे हिसी र गे वाङ्दीमा विभाजन आयो। सीआईएले नेपाली सेनाका केही अधिकृतलाई समेत प्रलोभनमा पारिसकेको अवस्थामा नेपाल प्रहरी, नेपाल गुप्तचर विभाग तथा नेपाली सेनाभित्र पनि सबैलाई विश्वास गर्ने अवस्था थिएन।

पछिल्ला दिनहरूमा केपी ओलीको प्रधानमन्त्रीत्वकालमा नेपालले चीनसँग गरेको सम्झौता कार्यान्वयन हुनासाथ दुई देशको व्यापार, आर्थिक कूटनीति र जनस्तरको सम्बन्ध सुदृढ हुन्छ भन्ने बुझेका भारत, युरोपियन युनियन र अमेरिकाले भविष्यमा नेपालमा चीनको बलियो उपस्थिति हुन नदिन अनेक खेल खेलिरहेको देखिन्छ। पश्चिमाहरूको पैसामा चलिरहेका धेरैजसो गैरसरकारी संस्थाका हर्ताकर्ता एमाले, माओवादी, कांग्रेस र तराईकेन्द्रित दलको कार्यकर्ताको भेषमा कार्यरत छन्। साम्राज्यवादी र विस्तारवादीको दानापानी खाएर राष्ट्रवादको पक्षमा बोल्ने [illegible] एमालेमा टाढैबाट स्पष्ट चिन्न सकिन्छ। यस्तै माओवादीभित्र युरोपियन युनियन र इन्डो-अमेरिकन स्वार्थमा काम गर्नेहरूको बाहुल्य देखिन्छ। राजदरबारमा धेरै वर्ष सेवा गरेका एकजना पुराना अधिकारीको कथन घतलाग्दो छ, 'भारतको हस्तक्षेपबाट नेपाललाई मुक्त गराउन र चीनसँग सम्बन्ध बढाएर कूटनीतिलाई सन्तुलित गराउन चाहने राजा वीरेन्द्रको रहस्यमय ढंगले हत्या भयो। चीनलाई सार्कमा सरिक गराउनुपर्छ भन्ने अभिव्यक्ति दिएपछि राजा ज्ञानेन्द्रलाई गद्दीच्युत गरियो। चीनसँग निकट हुन खोज्दा मदन भण्डारीको शंकास्पद मृत्यु भयो। भारतको एकाधिकार तोड्न खोज्दा प्रधानमन्त्री केपी ओली पदच्युत भए। त्यसैले नेपाल कसरी चीनविरोधी अखडा बन्दैछ भनेर गहिरो विश्लेषण गर्नुपर्ने खाँचो छ। यहाँ चीन र नेपालका साझा शत्रु धेरै छन्।'

राजा महेन्द्र र चीनका सर्वोच्च नेता माओबीच घनिष्ट सम्बन्ध थियो। डा. तुलसी गिरी, पीबी मल्ल, डा. केशरजंग रायमाझी र अच्युतराज रेग्मीले सन् १९५९ मा पेकिङ (हाल बेइजिङ) स्थित माओ निवासमा भेट गर्दा नेपालको राजतन्त्रलाई हेर्ने दृष्टिकोणबारे माओले केही कुरा स्पष्ट गरेको डा. रायमाझीले उल्लेख गरेका छन्। राजसंस्था साम्राज्यवाद र विस्तारवादविरोधी शक्ति भएकाले त्यसलाई आफूले राष्ट्रवादी शक्ति मान्ने गरेको माओको तर्क थियो।

२०२३ सालमा तत्कालीन युवराज वीरेन्द्र चीनको तीन साता लामो औपचारिक भ्रमणमा जाँदा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री मार्शल चेन यीले ग्रेट हल अफ द पिपुल्समा उनको भव्य स्वागत गरेका थिए। नेपाल चीनको अत्यन्त घनिष्ट, विश्वासिलो र अन्तरंग मित्र हो भन्ने सन्देश दियो चीनले। २०३० सालमा राष्ट्रपति तुङ पी ऊ र प्रधानमन्त्री चाओ एन लाईको मैत्रीपूर्ण निमन्त्रणामा राजा वीरेन्द्रले चीन भ्रमण गरेपछि नेपाल-चीन सम्बन्ध अझ प्रगाढ भयो। चीनले नेपालको प्रगतिमा मद्दत पुग्ने कैयन् उद्योग, बाटो र परियोजनामा सहयोगी हात [illegible]। जनकपिकेशरी धर्मराज थापा [illegible]

थिए, 'पोखराबाट सात दिन हिँडेर म काठमाडौं आउँथें। चीनले पृथ्वी राजमार्ग बनाइदिएपछि मात्र गाडी चल्न थालेको हो।' राजा महेन्द्रले चीनको भ्रमण गरेर माओसँग मित्रता बढाएकाले राजा वीरेन्द्रलाई धेरै सहज भयो। अरनिको राजमार्ग, वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (हालको संसद् भवन), बाँसबारी छाला जुत्ता कारखाना, ट्रलिबस, भृकुटी कागज कारखानादेखि लिएर धेरै ठाउँमा चीनले लगानी गर्‍यो। पश्चिमाका सेवक भारतपरस्तहरू सरकारमा पुगेपछि कैयन् उद्योग बेचिए। चीन नेपालसँग टाढिँदै गयो।

पछिल्ला वर्षहरूमा चीनको कूटनीति पनि बहकिएको देखिन्छ। नेपालमा गणतन्त्र घोषणा गरिएपछि चीनले भरपर्दो मित्र फेला पार्न सकेको देखिँदैन। प्रायः सबै दलमा इन्डो-अमेरिकन र युरोपियन युनियनका निकटवर्ती छन् भन्ने चिनियाँहरूको बुझाइ छ, तर चीनले असल मित्र बनाउन सकेन। पंक्तिकार गोरखापत्रको प्रधानसम्पादक छँदा चीनका एकजना पत्रकारले गुनासो गरे, 'दरबारका कर्मचारीदेखि लिएर सिंहदरबारसम्म र सुरक्षा अंगदेखि मिडियामा समेत भारतीय र पश्चिमहरूको घुसपैठ छ। त्यसैले राजा घेरामा परेका छन्।' उनको त्यो प्रतिक्रिया पूर्वाग्रही थिएन भन्ने केही महिनामै पुष्टि भयो। राजतन्त्र ढल्यो।

पुराना प्रशासक (पूर्व सचिव) तेजबहादुर प्रसाईंले लेखेका छन्, 'भारत र चीन तथा भारत र पाकिस्तानको आपसी खिचातानी र सीमासम्बन्धी झगडा र युद्ध हुँदा पनि नेपाल सदैव यी देशको मित्र नै रह्यो। यसरी ठूला-साना सबै राष्ट्रहरू मौसुफ (राजा महेन्द्र) का असल मित्र नै रहे।' (फर्केर हेर्दा तेजबहादुर प्रसाईंको आत्मकथा), राजतन्त्रकालमा चीन र भारतीय सन्तुलन मिलाउन राजाहरू सतर्क थिए भन्ने पुराना नेता तथा प्रशासकका अभिव्यक्तिबाट पुष्टि हुन्छ।

डा. फ्रान्सिस बुचाननले प्रथम विश्वयुद्ध समाप्त भएको केही वर्षमै 'नेपालीहरू अंग्रेजलाई भन्दा चिनियाँलाई बढी भरोसा गर्छन्' भनेर लेखे। आज पनि गोराहरूले नेपाललाई हेपिरहेका छन् भने साना र कमजोर राष्ट्रहरूलाई इच्छाअनुसार नचाउन सकिन्छ भन्ने फिरंगीको छत्रछायामा बसेका भारतीय शासकहरूले नेपाललाई केरा बेचेर गुजारा गर्ने दक्षिण अमेरिकी बनाना रिपब्लिकभन्दा पनि निम्नकोटीको ठानेका छन्। नेपाली नेताहरूको मगन्ते शैली राष्ट्र हेपिनुको एउटा प्रमुख कारकतत्त्व हो।

महाभारतमा धेरै रोचक, प्रेरक र हृदयस्पर्शी प्रसंग आउँछन्। कुरुक्षेत्रको युद्धपछि युधिष्ठिर आफ्ना भाइहरूका साथै श्रीकृष्णसहित राजा धृतराष्ट्रसमक्ष पुग्छन्। पुत्रशोकले क्रोधाग्निमा जलिरहेका धृतराष्ट्रले भीमसेनलाई मार्न सक्छन् भन्ने कुरा श्रीकृष्णलाई आभास भइसकेको थियो। दृष्टिहीन धृतराष्ट्रले भीमलाई अँगालो हालेको बेला निचोरेर मार्छन् भन्ने चाल पाएका श्रीकृष्णले भीमकै आकारको फलामको प्रतिमा धृतराष्ट्रको नजिक उभ्याइदिए। आफ्ना प्रिय पुत्रहरूको हत्या गर्ने भीमलाई मार्ने दुराशयले अत्यन्त क्रुद्ध हुँदै धृतराष्ट्रले लौह-प्रतिमालाई भीम ठानेर छातीमा कठोरतापूर्वक टाँस्दा त्यो टुक्राटुक्रा भयो। श्रीकृष्णको चातुर्य एवं दूरदृष्टिले भीम मृत्युको मुखबाट उम्किन सफल भए।

सल्लाहकार योग्य, सक्षम, दूरदर्शी, इमानदार र विवेकी छन् भने राज्यसत्ता सञ्चालन गर्नेहरू संकटबाट मुक्त हुन सक्छन्, तर अयोग्यलाई विश्वास गर्ने शासकहरू डुब्छन् र राष्ट्र पनि डुबाउँछन्। निरक्षर अकबरलाई असल र सफल सम्राट् बनाउने काम उनका योग्य सल्लाहकारहरूले गरे। साहित्य, संगीत, कूटनीति, राजनीति, जासुसी, प्रशासन, सुरक्षा व्यवस्था र जनसम्पर्कका निपुण व्यक्तिहरूलाई राजदरबारमै संरक्षण गरेर अकबरले जनताको हितमा काम गरिरहे। जनता प्रसन्न भए भने त्यस्तो प्रेमले शासक र जनताबीचको सम्बन्ध प्रगाढ बन्छ। असन्तुष्टि, विद्रोह तथा अविश्वासमा अरूले षड्यन्त्र गर्ने मौका पाउँदैनन्।

इटलीका प्रसिद्ध दार्शनिक मेकियाभेलीले प्रसिद्ध ग्रन्थ लेखे- प्रिन्स। त्यसमा शासकले कसैमाथि पनि शोषण र भेदभाव गर्नु हुँदैन र हुन दिनु हुँदैन भनिएको छ। दलीय व्यवस्थामा नेताका गुटमा काम गर्ने सीमित व्यक्ति मात्र बढी लाभान्वित हुन्छन्। साम्यवादमा पनि सर्वसाधारणभन्दा नेताहरू 'विशेष' नागरिक मानिन्छन्। एनिमल फार्म पुस्तकमा लेखक जर्ज अर्वेलले यस्तो प्रवृत्तिविरुद्ध कठोर व्यंग्य गर्दै पशुको साम्राज्यमा समानताको कुरा गर्ने पशुनेताहरू अरू पशुभन्दा आफूलाई उच्च ठान्छन् भनेका छन्।

बीपी कोइराला प्रधानमन्त्रीका हैसियतले चीन जाँदा माओले भनेका रहेछन्, 'पहिले ठुल्दाजु सम्झेर, उसका अनुभवहरू बेसी छन् भनेर, लेनिन र क्रान्तिहरू भनेर जहिले पनि रूसको कुराबाट निर्देशित हुन्थ्यौं। त्यस घटनापछि हामीले के निश्चय गर्‍यौं भने अब हामी उनीहरूका कुरा मान्दैनौं। त्यसको केही वर्षभित्रै हाम्रो सत्तामा पुग्यौं। लहैलहैमा काम गर्दा अर्कालाई फाइदा हुने काम बेसी हुँदोरहेछ। आफूलाई फाइदा हुने काम हुँदो रहेनछ। हाम्रो त्यो अनुभव हो। तिमीहरूले पनि आफूलाई राम्रो हुने काम गर्नुपर्छ, अर्काको निर्देशनमा जानु हुँदैन।' (विश्वेश्वरप्रसाद कोइराला, आत्मवृत्तान्त, पृष्ठ २४६)

राष्ट्रलाई विदेशीको खेलमैदान बनाउन २०४७ सालपछि दलहरूले नै अनुमति दिएर महाकाली सन्धिमा एमाले, कांग्रेस, राप्रपा सबैले राष्ट्रघातमा मद्दत गरे। तीस लाखभन्दा धेरै गैरनेपालीलाई नागरिकता दिइयो। ०६२/६३ सालपछि बढेको सुरक्षा चुनौतीको प्रमुख कारकतत्त्व अंगीकृत नेताको भारतपरस्त नीति र चीनविरोधी पश्चिमा गतिविधि नै रहेको देखिन्छ। त्यसैले नेपाल र चीनका साझा शत्रु चिन्न गाह्रो छैन।

तराईमा केही महिनायता उग्र क्रियाकलाप बढेको देखिन्छ। डलर, युरो र भारुको प्रभाव बढेको खबर बारम्बार आइरहेको छ। तर के यी सबै घटनाबारे चीन बेखबर होला त ? अवश्य छैन। गुप्तचरहरू चीनबाटै आउनु पर्दैन। दलका नेता, पत्रकार, प्राध्यापक, लेखक, मानव अधिकारकर्मी आदिका भेषमा देश-विदेशका मानिस चेस खेलिरहेका छन्। त्यसैले, चीनले पनि केही लोभीपापीलाई प्रयोग गरेको हुन सक्छ। चिनियाँहरू भन्छन्, 'केही पनि गोप्य छैन। नेपालमा सबै कुरा हामीले बुझेका छौं।' चीनको विज्ञ प्रा. ली ताओले भनेका छन्, 'हरेक घटनालाई चीनले सूक्ष्मरूपमा हेरिरहेको छ।'

सिक्किमलाई भारतले निलेको बेला, पूर्वी पाकिस्तानलाई टुक्र्याएर बंगलादेश स्थापना गर्दा र यस्ता कतिपय घटनामा चीन मौन बस्यो। चिनियाँहरू भन्छन्, 'त्यसबेला चीन कमजोर थियो, अब त्यो अवस्था छैन। नेपालमा बसेर जुन तत्त्वले गणतन्त्र, धर्म निरपेक्षता र संघीयताका नाममा युरोप-अमेरिकाका धार्मिक संगठन, गुप्तचर निकाय, राजनीतिक केन्द्र, दूतावासहरू र दाताको भेषमा नेपालमा भाँडभैलो गरिरहेका संस्थाहरू सबैको अभिलेख हामीसँग छ।'

यसको अर्थ हो, नेपालमा जात, धर्म, क्षेत्र तथा दलीय राजनीतिका नाममा राष्ट्रघाती काम गर्नेहरू नेपालका मात्र होइन, चीनका पनि शत्रु हुन् भन्ने उनीहरूले राम्ररी बुझेका छन्। पश्चिमाहरू चीन र भारतलाई भिडाउन नेपाललाई आधार इलाका बनाएर काम गरिरहेका छन् भन्ने कुरा चीनले झैं भारतले स्पष्ट बुझ्न सकिरहेको पाइँदैन। नेपाली राजनीति र कूटनीतिलाई सही दिशामा अगाडि बढाउन नेपालमा 'स्थायी शक्तिको खाँचो' रहेको चीनले बुझेको छ। नेपाली सेनालाई भरपर्दो शक्ति मानेर संयुक्त सैनिक अभ्यास र अनुभव आदानप्रदान गर्न चीन तयार भएको छ। सैनिक कूटनीति मात्र पर्याप्त हुँदैन र राष्ट्रलाई दीर्घकालसम्म दिशानिर्देश गर्न नेपाली जनता र माटोमा मात्र भरोसा गर्ने राजनीतिक शक्ति चाहिन्छ भन्ने उनीहरूको बुझाइ छ। राजसंस्था ढलेपछि काठमाडौं अर्को काबुल बन्न लागेको भन्दै उनीहरूले कम्बोडियामा कम्युनिस्टले हटाएका राजालाई पुनर्स्थापना गराउन सहयोग गरे झैं नेपालमा राजसंस्था पुनर्स्थापना गराउन अत्यन्त सूक्ष्मरूपमा मार्गचित्र बनाइरहेको बुझिन्छ। यसबारे केही संकेत पाएपछि पुष्पकमल दाहालले गणतन्त्र धरापमा परेको विश्लेषण गर्न थालेका छन्।

केही महिनाभित्रै वर्तमान संविधान बौरिन्छ कि भन्ने झीनो आशामा कतिपय नेताले अपरिपक्व विचार व्यक्त गरिरहेका छन्। अञ्चल अस्पतालको साइनबोर्ड र सवारी साधनका नम्बर प्लेटमा मात्र 'अञ्चल' भन्ने शब्द सीमित भए झैं

'संघीयता' पनि सरकारी कागजपत्रमा मात्र सीमित देखिन्छ। धर्म निरपेक्षतालाई राइस क्रिस्चियनबाहेक अरूले स्वीकार गरेकै छैनन्। गणतन्त्र भन्ने शब्द अर्थ न बर्थ 'कान्छी मद याङ्दयाङ' जस्तो भएको छ। राजतन्त्रकालमा भन्दा हजारौं गुणा महँगी, बेरोजगार, भ्रष्टाचार, बेथिति र विदेशी हस्तक्षेप बढ्नु अग्रगमन हो भने त्यस्तो अग्रगमन चाहिएन भन्दै युवा वर्गले सामाजिक सञ्जालहरूमा आक्रोश व्यक्त गरिरहेका छन्। विदेशीको दाना खानेहरूले बाध्यतावश संक्रमणकाल टुंगिन्छ भनेर झूटो बोलेका छन्। बितेका दस वर्षमा गणतन्त्रका नाममा धेरै मानिस मारिएका छन्। अर्बौं रुपैयाँ दुरुपयोग भएको छ र राष्ट्र भन् अस्थिर बन्दै गृहयुद्धको दैलोमा पुगेको छ। यो त सिनेमाको ट्रेलर मात्र हो।

राष्ट्रलाई अर्को सुडान र काबुल बन्न नदिन सत्ता, विपक्ष र दलको आवरणमा बसेका प्रत्येक व्यक्ति चिन्नेपर्छ। प्रेस, मानव अधिकार, बुद्धिजीवी, नागरिक समाज आदिका नाममा राष्ट्रलाई कमजोर बनाउनेहरूलाई [illegible] बनाइदिने हो भने मात्र नेपाल सुरक्षित रहन सक्छ। नत्र कुनै पनि दिन राष्ट्रको [illegible] धुलिसात् हुने देखिन्छ।

सोमवार १६ फागुन २०७३ 'अन्नपूर्ण पोष्ट' ॐ

सिंहदरबारमा साँढे-वैद्य

युवराज गौतम



राजा रणबहादुर शाहको राज्यकालमा एकजना गफाडी बाजे थिए, लक्ष्मीनारायण दाहाल। धामी-झाँक्रीमा धेरै विश्वास गरिने त्यो जमानामा महारानीको उपचार गरिदिन्छु भन्दै प्रशस्त असर्फी र चाँदीका मुद्रा कुम्ल्याए। 'कुकर्मी राजकुमार बहादुर शाहको प्रेतात्माले महारानीलाई कष्ट पुऱ्याएको छ' भन्दै उनले उपचारको बहानामा ठगिरहे। वास्तवमा दाहाल बाजे पशुपतिनाथ मन्दिरका साँढेहरूको ओखती गर्न राखिएका साँढे-वैद्य मात्र थिए। मानिसको उपचार गर्न उनले जानेकै थिएनन्, तर सर्वज्ञ भन्दछु भनेर ढाँट्ने गर्थे।

सिंहदरबारमा बसेर आज त्यस्तै साँढे-वैद्यहरू राष्ट्रको उपचार गर्न खोजिरहेका छन्। संयोगको कुरा, त्यहाँका प्रमुख साँढे-वैद्य दाहाल नै छन्। लक्ष्मीनारायणभन्दा गफाडी छन् यिनी। जो भेट्यो, उसैसँग साखुल्ले बन्छन्। महारानी कान्तवतीलाई उल्टोपुल्टो दवाई खुवाएर आर्यघाट पुऱ्याएका थिए, लक्ष्मीनारायणले। अर्का साँढे-वैद्यले राष्ट्रको अस्तित्व लोप गराउने हुन् कि भन्ने आशंका बढेको छ।

राज मल्लको शासनकालमा १४०६ सालमा बंगालका सुल्तान (शासक) समसुद्दीन इलियस शाहले सिन्धुलीको बाटो हुँदै काठमाडौं पुगेर मन्दिर, गुम्बा र विहारका प्रशस्त सुनचाँदी र नगद लुटेको इतिहासमा पाइन्छ। काठमाडौंका बासिन्दा भागेर पहाडतिर लागे। कतिपयले बारीका मूला, साग अन्न आदि खाल्डो खनेर लुकाए। केही हप्तापछि आएर खोतल्दा मूला अमिलो भइसकेको थियो। भनिन्छ, सिन्की र गुन्द्रुक खाने चलन त्यहीबाट सुरु भयो। राष्ट्र कमजोर भयो भने पराइले हमला गर्ने सम्भावना जहिले पनि रहिरहन्छ भन्ने यो एउटा उदाहरण हो।

साँढे-वैद्य प्रवृत्ति भनेको 'म सर्वज्ञ हुँ' भन्ने अभिमान हो। हजारौं निर्दोष व्यक्तिको हत्या गराउने, ६४ वटा बैंक लुटेर अर्बौं रुपैयाँ कुम्ल्याउने, लडाकुको नाममा अर्बौं रुपैयाँ राजस्व लिएर दरिद्र युवक-युवतीलाई ठग्ने, सत्ता नपाउँदा राष्ट्रवाद र सत्ता पाउँदा राष्ट्रघातमा रमाउने र जहिले पनि भजनमण्डलीको घेरामा बस्ने माओवादी (?) नेतृत्वबाट वाक्कदिक्क भएर साठी प्रतिशतभन्दा धेरै कार्यकर्ताले पार्टी परित्याग गरिसकेको पाइन्छ। यो क्रम घटेको छैन। गाउँ र नगर तथा संसद्को निर्वाचन भयो भने यस्ता पार्टी पराजयी हुने निश्चितजस्तो छ। किनभने केही अवसरवादीबाहेक 'माओवादी असल पार्टी' हो भन्ने मानिस भेट्टाउन गाह्रो छ। हिजोअस्ति झैं बन्दुक, भाला, लौरो, मुक्का र खुर्पा देखाएर चुनाव जित्न सकिंदैन। त्यसैले दाहालहरू बेहाल हुन चाहँदैनन्। हार्ने चुनावमा हाम्फाल्न तयार छैनन्। केही महिना अल्मल्याएर अझै जागिर खाने दाउमा छन्, तर जनतालाई नक्कली ओखतीले लठ्याउन सकिंदैन। यो कुरा बुझेपछि भित्रभित्रै षड्यन्त्रको जाल बुन्ने काम सुरु भइसकेको देखिन्छ।

असल शासक छन् भने त्यो राष्ट्र समृद्ध, शान्त, गतिशील र प्रसिद्ध बन्छ। चीनमा साठी वर्ष शासन गरे चियन लुङले। यिनी काङ्सीका नाति थिए। सन् १७३६ देखि १७९६ सम्म यिनको शासनकाललाई स्वर्णयुग मानिन्छ। कन्फ्युसियसको दर्शनलाई शासनको आधार मानेर काम गरे लुङले। कन्फ्युसियसले भनेका छन्, 'सेनासँग हतियार भएन भने बाँस, ढुंगा, घुयेत्रो आदिले पनि सशक्त मनोबलका साथ युद्ध गर्छन्। जनता निर्धन भएं पनि कन्दमूल खाएर देशनिम्ति समर्पित हुन्छन् तर शासकले जनविश्वास गुमायो भने उसको स्वतः पतन हुन्छ। राजनीति गर्नेहरूले आसनमा होइन, जनताको हृदयमा बस्ने काम गर्नुपर्छ।'

नेपाल पहिले कमजोर थिएन। संसारमै साहस र सौर्यको निम्ति नामी थियो। १९५५ पृष्ठको ग्रन्थ ग्लिम्सेज् अफ वर्ल्ड हिस्ट्री (पृष्ठ ३८४) मा जवाहरलाल नेहरूले गोर्खाली सेनाले सन् १७९० मा तिब्बतमाथि विजय प्राप्त गरेको उल्लेख गरेका छन्। यस्तै अमेरिकी कूटनीतिज्ञ हेनरी किसिन्जरले गोर्खाली सेनाले नरोकेको भए भारतमा रहेका ब्रिटिस सेनाले चीनमा हमला गर्ने थिए भनेर 'अन चाइना' पुस्तकमा गोर्खाली सेनाको प्रशंसा गरेका छन्। आज नेपाल दास र कृतदासहरूद्वारा सञ्चालित छ। विदेशी हुकुम प्रमाणीमा चलेको छ। हिजो नारायणहिटी राजदरबारलाई प्रिय ठान्नेहरूलाई 'राजावादी' भनेर व्यंग्य गरिन्थ्यो। आज सबै 'राजावादी' भएका छन्। फरक यति हो, हिजो स्वदेशी राजाको हुकुम चल्थ्यो, आज विदेशी राजाहरूको। यही कारणले जनतालाई सक्कली कविराज-वैद्य र साँढे-वैद्य छुट्याउन गाह्रो भएको छ।

रसियामा भएको क्रान्तिमा बोल्सेभिकले मेन्सेभिकलाई चुनौती दिंदै प्रारम्भमा तीनवटा नारा दिए- (१) प्रजातान्त्रिक गणतन्त्र, (२) श्रमिकले आठ घन्टा मात्र काम गर्ने हुन्छ भन्ने मान्यता र (३) सम्पूर्ण जग्गा-जमिनको न्यायोचित वितरण। 'सहरका श्रमजीवी र ग्रामीण साना तथा भूमिहीन किसानलाई प्रसन्न तुल्याउने लेनिनको चतुर्‍याइँ थियो त्यो। सन् १९१७ मा गणतन्त्रसहित कम्युनिस्ट शासन आयो, तर कम्युनिस्ट पार्टीमै पैदा भयो धनाढ्य वर्ग। चीन, लाओस, उत्तर कोरिया, रसिया, क्युबा र भियतनाममा हजारौं नेता 'कम्युनिस्ट' भएरै अर्बपति हुन पुगे। साम्यवादले सबैलाई 'समान' बनाउँछ भन्ने नारा नेपालमै असफल बनेको छ। नेताहरू कार्यकर्तालाई मूर्ख बनाइरहेका छन्। आदर्श, नीति, सिद्धान्त र दर्शन त्यागेर सत्ताको प्रदक्षिणा गर्ने रोग महामारी झैं फैलिएको छ।

२ माघ १९९० को भयावह भूकम्पबाट पीडित परिवारलाई तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरको नेतृत्वमा केही महिनाभित्रै सम्पूर्ण व्यवस्था गरिएको थियो। बबर शमशेरका छोरा ब्रह्म शमशेरले 'नेपालको महाभूकम्प १९९०' पुस्तकमा त्यसबेलाका घटना र उद्धार कार्यको बेलीबिस्तार लगाएका छन्। हाल अमेरिकी दूतावास रहेको क्षेत्र महाराजगन्जमा उनको निवास थियो। पत्रकारसँगको भेटमा उनले भनेका थिए, 'कतिपय मान्छे राणालाई गाली गर्छन् तर त्यसबेला शासकले राष्ट्र र जनतालाई संकट पर्दा अहोरात्र सेवा गरेका थिए।'

हुन पनि हो, १९९० सालको भूकम्पपीडित अन्य राष्ट्रबाट सहायता नलिई सरकारले युद्धस्तरमा काम गरेर जनतालाई राहत दिएको थियो। निजामती, प्रहरी र जंगीलगायत सबैलाई चारचार महिनाको तलब पेस्की दिइएको थियो। राजपरिवार, राणा परिवार, देशका साहु-महाजनदेखि सर्वसाधारणबाट प्राप्त सहयोग दुरुपयोग हुन नदिन ब्रह्म शमशेर आफैं खटिएका रहेछन्। नेपालमा क्रिकेट खेलको विकासमा ठूलो योगदान गरेका उनी धर्मशास्त्र, साहित्य, कूटनीति, राष्ट्रिय सुरक्षालगायत धेरै विषयका ज्ञाता थिए। 'जेलमा बीस वर्ष' पुस्तक लेख्ने पुराना प्रजातन्त्रवादी नेता खड्गमानसिंह बस्न्यात भन्थे, 'सबै राणा खराब थिएनन्।'

हाम्रा पुर्खाले हजारौं वर्षअघिदेखि ठूलाठूला मन्दिर, गुम्बा र सहर बनाएका थिए। भादगाउँ, ललितपुर, कीर्तिपुर, काठमाडौं, दैलेख र दोलखा आदि ठाउँका मन्दिरहरूमा जुन कला प्रतिबिम्बित छ, त्यो देख्दा आश्चर्य लाग्छ। १६०८ सालमा बनाइएको पाटनको महाबौद्ध देवलको ईंटा तयार गर्दा हजारौं वर्ष पुरानो प्रविधि प्रयोग भएको कुरा विद्वान्हरूले लेखेका छन्। माटोका अनेक जात (गिगिचा, हाकुचा, धकुचा, पिन्चिचा, गुंगुचा आदि) ल्याएर हजारौं हम्किएर सुकाइन्थ्यो तर घाममा सुकाउन पाईंदैनथ्यो। कला, साहित्य र संगीतमा पारंगत छन्, काठमाडौं उपत्यकाका नेवारहरू। यहाँको संस्कृति र सभ्यता उनीहरूले नै बचाएर राखे। त्यसैले भनिन्छ, 'यहाँ ढुंगाढुंगामा देवताको बास छ।' आज सभ्यता मर्दै गएको छ। धर्म-संस्कृति, परम्परा, रीतिरिवाज केही नमान्ने हुल्लडबाजहरू आए राजनीतिमा। [illegible] 'मदर' भन्न थालियो।

नयाँ नेपाल बनाउँछु भन्नेहरूको नयाँ घर, नयाँनयाँ अचल सम्पत्ति [illegible]। पुरानो नेपाल मात्र जोगाए पुग्थ्यो, तर राष्ट्र नै ढल्ने अवस्थामा पुगेको छ। पुरानो जनता आज पनि आफ्नो प्राचीन धर्म-संस्कृति र परम्पराका अनुयायी भएकोमा गर्व गर्छन्। त्यही कन्जरभेटिभ पार्टीहरू सक्रिय [illegible]। नेपालमा उल्टो भइरहेको छ। आफ्ना [illegible] परम्परा भुलेर असभ्य टाँस्ने प्रतियोगिता सुरु भएको

छ। समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र आदिका पुस्तकमा प्राच्य दर्शन, जीवनपद्धति, उन्नयन र सभ्यताको चर्चा गर्नुपर्नेमा पचासौं जना विदेशी लेखकका तर्क, विचार तथा तथ्य बटुलेर 'टालाटुली बटुली कति राम्री पुतली' बनाउन कतिपय लेखक माहिर छन्। संविधानमै पहिले-पहिले शोषण, दमन, उत्पीडन मात्र थियो भन्ने सन्देश दिइएको छ। के त्यसो भए २०६३ सालपछि मात्र नेपाल चेतनशील भएको हो त? किमार्थ होइन।

दरबारको क्रेनले उठाएर धुरीमा पुऱ्याइएका केही अवसरवादीले गणतन्त्र र संघीयता राष्ट्रिय यथार्थ हो भनेका छन्। अहिलेको संविधानप्रति अगाध आस्था जनाएका छन्। राजतन्त्रप्रति आस्था राख्ने लाखौं कार्यकर्तालाई मन्दबुद्धिका मूर्ख ठानेका छन्। २०४६ सालको आन्दोलन चलिरहेका बेला वामपन्थी नेता (त्यो बेला एमाले जन्मेको थिएन) माधवकुमार नेपालले भारतीय सेना ल्याएर भए पनि गणतन्त्र स्थापना गर्नुपर्ने तर्क गरेका थिए। राधाकृष्ण मैनालीद्वारा लिखित पुस्तकमा यसको खुलासा गरिएको छ। पत्रिकारले समेत चार-पाँच वर्षअघि नै यसको रहस्योद्घाटन गरेको थियो।) धेरै कुरा खुल्न बाँकी छ।

'गणतन्त्र राष्ट्रिय यथार्थ हो' भन्दै हिँड्नेहरू कहाँबाट सञ्चालित छन् भनेर बुझ्नुपर्छ। धर्म निरपेक्षता, संघीयता र गणतन्त्र विदेशी कारखानाबाट उत्पादित विस्फोटक पदार्थ हुन् र गणतन्त्र राष्ट्रिय यथार्थ हो भन्नेहरू त्यसका डिलर। जुन दिनबाट संसद्लाई प्रयोग गरेर यी डाइनामाइट भित्र्याइयो, त्यहाँबाट सुरु भयो, राष्ट्र विखण्डनको खेल। हामी आज त्यस्तै एम्बुसमा परेका छौं। स्पष्ट छ, गणतन्त्र रहेसम्म राष्ट्र सुरक्षित रहँदैन। बलात्कारीहरू खाटमुनि लुकाउने व्यवस्था हो यो।

राष्ट्रिय सुरक्षामाथि संकटको कालो बादल मडारिएको छ। प्रधानसेनापति राजेन्द्र क्षत्रीले राष्ट्र विखण्डन गर्न खोज्नेहरूलाई तह लगाउने अभिव्यक्ति दिएका छन्। त्यसले सेना लाछी, लाचार र पराधीन भइसकेको छैन भन्ने सन्देश दिन्छ। तर राष्ट्रघातका हतियार र मतियार ने मुख्तियार भएर बसेका छन् भने त्यस्तो क्विजलिङ, लेन्डुप र मीर जाफर प्रवृत्तिलाई सेनाले कसरी निर्मूल गर्छ? यो गम्भीर प्रश्न छ। राष्ट्र सुदृढ बन्नुपर्छ भन्ने विचारलाई 'महेन्द्रीय राष्ट्रवाद' भन्ने 'युरोपीय' र 'भारतीय' द्रव्यभोगीहरूले दिल्ली, वासिङ्टन ब्रसेल्स तथा लन्डनका मालिकहरूका आदेशमा काम गरिरहेका छन् भन्ने स्पष्ट बुझ्न सकिन्छ। त्यसैले राष्ट्रवादमाथि हमला गर्न ती मर्सिन (भाडाका सिकारी) बनेका छन्।

राष्ट्रवादी शक्ति को हुन् र को होइनन्? यसमा भ्रम फैलाइएको छ। राजा महेन्द्र र राजा वीरेन्द्रसँग बीपी कोइरालाको मतभिन्नता थियो। तर २०३३ सालपछि बीपीले राजसंस्था राष्ट्रवादी शक्ति हो भन्ने स्वीकार गरे। उनले स्पष्ट भनेका छन्, 'मैले भनेको कुरोलाई पार्टीले मान्यो भने हाम्रो पार्टीको पनि भविष्य छ र नेपालको पनि भविष्य छ। मैले जुन मेलमिलापको कुरा बताएँ, त्यसलाई मानेनन् भने र अर्को बाटो लिए भने या कुनै विदेशीको मद्दत नभईकन हुँदैन भन्ने बाटो लिए या राजासँग झगडा गर्ने बाटो लिए, राजासँग झगडा छ, मैले भन्या छु, छैन भन्या छैन, तर मेलमिलापको जुन सैद्धान्तिक व्याख्या मैले गर्‍या छु, त्यसलाई छोड्यो भने हाम्रो पार्टीको भविष्य छैन र देशको पनि कुनै भविष्य छैन।' (राजा, राष्ट्रियता र राजनीति, पृष्ठ १५५-१५६)

कांग्रेसले २०६३ सालपछि 'अर्को बाटो' लियो। पुरानो मूल बाटो त्याग्यो। अर्थात् यसो भनूँ, हेडमास्टरका रिसले स्कुलमै आगो लगायो। पुजारीका रिसले मन्दिर जलायो। देशको सबैभन्दा ठूलो र पुरानो पार्टी आज उग्र कम्युनिस्टहरूको पछिपछि लागेर भिक्षाटन गरिरहेको छ। जनताले आमनिर्वाचनमा प्रथम बनाइदिएको पार्टी 'तेस्रो' दलसँग हात थापिरहेको छ। झर्ला र खाउँला भनेर दौडेको छ। महाधिवेशन भएको एक वर्षसम्म पनि केन्द्रीय समितिलाई पूर्णता दिन नसक्ने नेतृत्व पाएको छ कांग्रेसले। 'नेपाली' कांग्रेस आज देउवा कांग्रेस, सिटौला कांग्रेस, खड्का कांग्रेस, कोइराला कांग्रेस र पौडेल कांग्रेसलगायतका ससाना पसलमा नैतिकता बेचिरहेको छ। पुराना, त्यागी, सिद्धान्तवादी र योग्यहरू कहाँ छन्? कांग्रेसी भनेर चिनिएका धेरैजसो नेताको प्रमुख चिन्ता पद र पैसा मात्र छ। अंग्रेजीमा 'एनसी.' (नेपाली कांग्रेस) भनिए पनि आईसी (इन्डियन करेन्सी) बाट थिचिएका छन् धेरै नेता। त्यसैले उनीहरूलाई नेपाल र नेपालीको चिन्ता छैन।

राष्ट्रलाई कमजोर बनाउने व्यक्ति, समूह, दल, संगठन र छद्मभेषीहरूको अभिलेख राख्ने कसले? राष्ट्रघातीहरूलाई छानीछानी नफर्किने गन्तव्यको भिसा दिने कसले? राष्ट्रको सम्पत्ति, सुख, अधिकार र अख्तियारको दुरुपयोग गर्दै राष्ट्र तथा जनताको शोषण गर्ने जघन्य अपराधीहरूलाई फलामका पिँजडामा बन्द गरेर कोसी, कर्णाली र महाकालीमा बगाउने कसले? विदेशीको दानापानीमा रमाएर उनीहरूलाई गुप्त सूचना बेच्ने प्रशासन, राजनीति, न्याय, कूटनीति आदि क्षेत्रका भाइरसहरूलाई निर्मूल पार्ने कसले? नेपाल आमालाई पोलेर सेकुवा खान खोज्ने कपुतहरूलाई यमलोक पठाउने कसले? त्यसैले राष्ट्र बचाउन निर्भीक, त्यागी, इमानदार, योग्य, सक्षम, दूरदर्शी, विकासप्रेमी र राष्ट्रवादी व्यक्ति वा शक्तिको खाँचो छ। किनभने साँढे-वैद्यहरूबाट कदापि राष्ट्रको रक्षा हुने सक्दैन।

भारतको विहार राज्य (सीतामढी जिल्ला, थाना सोनबर्षा, कोहबर्षा गाउँ) बाट नेपाल छिरेका व्यक्ति नेपालको मन्त्री बनेर हामीलाई थर्काउँछन्। नेपाल लुटेर करोडौं सम्पत्ति कमाएका यस्तै अर्का नेता उत्तर प्रदेश (भारत) महाराजगन्जबाट आए। जनकराज पाण्डे नामका धनाढ्य व्यक्तिले नवलपरासीमा स्थापना गरेको खाँडसारी उद्योगमा यिनका बाबु मिस्त्री थिए। गरिबका छोरा पढाए पाण्डे गुरुज्यूले। आज नेपाल टुक्र्याइदिन्छु भन्ने यस्तो अंगीकृत ग्याङ सक्रिय छ, 'मधेसवादी' भनिने दलहरूमा। नेपालमा हिन्दी भाषा नेपाली भाषासरह हुनुपर्छ भन्छन्। भारतले स्थापना गरिदिएका साँढे-वैद्यहरू संविधान संशोधन गरेर भए पनि भारतीयलाई नेपालमा बहुमत बनाउने र हामी नेपालीलाई अल्पमतमा पार्न खोजिरहेका छन्। भारतीय राजदूतले सबैलाई मिलाउने आदेश दिइसके। चुनाव हार्दा 'थोडी म हारेको छु, भारत हारेको छ' भन्नेहरूकै पक्षमा संविधानलाई 'अझै उत्कृष्ट' बनाउने हो भने राष्ट्र रहँदैन। नेपालीहरू आफ्नै माटोमा विदेशीका नोकर बन्नुपर्ने दिन आउँछ। के त्यसकै लागि गणतन्त्र र संघीयता चाहिएको हो? उत्तर दिने कसले?

सोमबार ११ वैशाख २०७४ अन्नपूर्ण पोष्ट

पशुको घेरामा पशुपतिनाथ

[illegible] अन्नपूर्ण पोष्ट

युवराज गौतम

'बेलाइती कुकुर मजासँग दूधभात खाने, त्यसलाई न्यानो डसनामा सुताउनुपर्ने, साबुनले नुहाइदिनुपर्ने तर भोटेकुकुर, जसले बाघ, भालु, स्याल, बाँदर सबैलाई धपाइदिन्छ, मकै खान दिँदैन, त्यसकारण चन्द्रोदयको बेलामा नेपालमा बेलाइती कुकुर नरहोस्, भोटे कुकुर चाहिन्छ, भोटे कुकुरलाई साग, सिस्नो, ढिँडो दिए हुन्छ।' (प्रज्ञा पत्रिका वर्ष ९ अंक ११)

१९७७ सालमा 'मकैको खेती' नामक पुस्तकमा कृष्णलाल अधिकारीले लेखेका माथिका वाक्यांशको कारण जेल जानुपर्‍यो। उनी जेलमै मरे, चन्द्रशमशेरको आक्रोशका कारण। राष्ट्रवादी (भोटेकुकुर) र राष्ट्रघाती (बेलायती कुकुर) प्रतीक बनाएर उनले शासकहरूका आँखा खोल्न चाहेको देखिन्छ। नेपालमा सयौं वर्षदेखि भोटे कुकुर (राष्ट्रवादी शक्ति) लाई हेलाँ गरेर ठग, फटाहा, चाप्लुस, अयोग्य र कुरौटेहरूलाई 'दूधभात' खुवाइएको रहेछ। आज पनि विभिन्न दल र राजनीतिक शक्तिका केन्द्रबिन्दु बनेका स्वघोषित पशुपतिनाथहरू मूर्ख पशु र पशुपतिभक्तहरूको घेराबाट बाहिर निस्कन सकेका छैनन्। त्यसैले धेरै दलका योग्य कार्यकर्तादेखि निर्दलीय, सक्षम र योग्य राष्ट्रवादी सज्जनहरूसमेत उपेक्षित छन्, निराश छन्।

राणाहरू अभिमानले कमजोर भए। समान जातमा विधिवत् विवाह भएका आमाबाबुबाट जन्मेका राणा 'ए' क्लासका भए। घटीबढी जातमा विवाह भएका आमाबाबुबाट जन्मिएका 'बी' क्लास र भित्रिनी (प्रेमिका) बाट जन्मेका सन्तान 'सी' क्लासका राणा भए। 'राणाको मावली नसोध्नू' भन्ने चलन त्यहीँबाट आयो। सरदार भीमबहादुर पाँडेले लेखेका छन्, 'सन् १९७७ मा राणालाई 'एबीसी' क्लासमा वर्गीकरण गरेपछि त्यो यदुवंशको मुसल जस्तो घातक भयो।' (त्यसबखतको नेपाल पहिलो भाग)

२०४७ सालमा बहुदलीय व्यवस्थाको पुनर्बहालीपछि राजा वीरेन्द्र पनि कमजोर बन्न पुगे। ए-बी-सी राणाजस्तै सत्तापक्ष, विपक्ष र दलमा पहुँच नभएका सर्वसाधारण जनता विभाजित भए। २०४७ देखि २०५८ सालसम्मको १०-११ वर्षमा ६७ प्रतिशत कालखण्डमा नेपाली कांग्रेसको हुकुम चल्यो। पटकपटक गरेर गिरिजाप्रसाद कोइराला नौ वर्ष सिंहदरबारमा अर्को चन्द्रशमशेर भएर बसे। कांग्रेसलाई जनताले मौका पनि दिए, तर राष्ट्रलाई कांग्रेसले के दियो? स्पष्ट परिणाम केही देखिँदैन।

२०४७ सालपछि झन्डै चालीस लाख भारतीयले नागरिकता पाए। त्यसरी नागरिकता दिलाउन नेपालका प्रमुख ठूला पार्टीले भूमिका खेलेको जगजाहेर छ। भारतका गृहमन्त्री रहेका राजनाथ सिंहले तो सबै हिसाब जोडेर नेपालमा एक करोड भारतीय बस्छन् भनेका छन्। राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा हाले सम्पन्न भारत भ्रमणका सन्दर्भमा त्यहाँको विदेश मन्त्रालयका प्रवक्ताले संविधान संशोधन गरेर सबैलाई समेट्ने वातावरण भएमात्र भारतले नेपालको संविधानप्रति समर्थन जनाउने स्पष्ट गरेका छन्। सोही कारणले भारतको दबाब खप्न नसकेर सरकारले संसद्मा नयाँ संविधान संशोधन विधेयक ल्याएर तराईकेन्द्रित दलहरूलाई चुनावमा सहभागी गराउन खोजे पनि परिस्थिति अझै स्पष्ट हुन सकिरहेको छैन। पहाडी जिल्लामा मात्र चुनाव गराएर प्रदेश नम्बर १, २, ५ र ७ मा जेठको अन्तिम साता स्थानीय निर्वाचन गर्ने कुरा आफैमा रहस्यपूर्ण देखिन्छ।

चीनको प्रभावशाली प्राज्ञिक केन्द्र बेइजिङ इन्टरनेसनल स्टडिज युनिभर्सिटीका प्राध्यापक सु लियाङले हाले एउटा अन्तर्वार्तामा 'नेपाल स्वतन्त्र मुलुक हो कि होइन' भन्ने प्रश्न उठाएका छन्।

उनको स्पष्ट धारणा छ, 'मेरो विचारमा दक्षिण एसियामा दुई मात्र स्वतन्त्र मुलुक छन्- भारत र पाकिस्तान। बाँकी देशहरूले आफ्नो परराष्ट्र नीति आफै निर्धारण गर्न सक्दैनन्। यस्तो 'स्वतन्त्रता' संयुक्त राष्ट्रसंघको मान्यतामा नभई आफ्नो इच्छाअनुसार आधारभूत कुरा निर्धारण गर्न सक्ने हैसियतमा आधारित छ। मेरो धारणा थोरै अतिवादी पनि लाग्न सक्छ, तर तथ्य यही हो। पाकिस्तानबाहेकका देश भारतसँग डराउँछन्। ती देशहरू भारतलाई घृणा पनि गर्छन्, मोह पनि राख्छन्। त्यसैले ती देशहरूमा अर्को 'स्वतन्त्रता अभियान' को आवश्यकता छ।'

माओवादीले १० वर्ष चलाएको कथित मुक्तियुद्ध (लिबरेसन वार) नेपाल र नेपालीमा रहेको आत्मनिर्णयको अधिकार समाप्त पार्ने खेल थियो। ०६२/६३ सालपछि हालसम्म बनेका प्रत्येक सरकारमाथि 'विदेशीको' इसारामा चलेको बात लागेको छ। त्यसो त २०४७ सालपछि नै यो रोग सल्किएको हो, तर यति धेरै निर्वस्त्र देखिएको थिएन। पञ्चायतकालमा पनि सूर्यबहादुर थापा भारतपक्षीय र कीर्तिनिधि बिष्ट चीनपक्षीय भन्थे। तर सर्वाधिकार नेपालमै थियो। दरबारका पंजी सचिवले गुप्त सूचना अन्यत्र पुर्‍याएका खबरहरू गाईगुई सुनिन्थ्यो। तर प्रहरी, सेना, निजामतीलगायतका अंगका प्रत्येक सूचना दरबारमा पुग्थ्यो।



पेरिसडाँडाका पादरीहरू विदेशीले बोकाएको संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता लादेर नेपाललाई पराधीन बनाउन लागिरहेका छन् लेन्डुप, मीर जाफर, क्विजलिङ र जय चन्दका अवतार बनेर राष्ट्रक अस्तित्वसँग किन खेलबाड गरिरहने ? के यो देश दलहरूको बिर्ता हो ? राष्ट्रघाती र उनीहरूक हरुवा-चरुवालाई जिताउँदा राष्ट्र हार्छ भने किन चाहियो त्यस्तो पद्धति ? किन चाहिएको छ राष्ट्रघाती बयान ?

कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले आफ्नो मर्यादा, आचरण, अनुशासन तथा गरिमा कायम राखेका थिए। बेकाइदा गर्नेहरू तत्काल दण्डित हुन्थे। विदेशी इसाइ पुरुषसँग विवाह गरेका कारण आफ्नै कान्छा काका वसुन्धरा शाहकी छोरी केतकी शाह (चेस्टर) लाई राजा वीरेन्द्रले राजपरिवारका सदस्यले पाउने सम्पूर्ण सुविधाबाट वञ्चित गरिदिए। जेठी श्रीमती (प्रेक्षा शाह) हुँदाहुँदै लन्डनमा अर्की विदेशी महिलासँग विवाह गरेपछि कान्छा अधिराजकुमार धीरेन्द्र शाहको पदवी खोसिएको थियो। राजपरिवार पनि विधिको शासनअनुसार चलेको थियो भन्ने यो एउटा अर्को उदाहरण हो।

यात्रीहरू सबै रक्सीले माते पनि गाडी दुर्घटना हुँदैन, तर चालक मात्यो भने अवश्य दुर्घटना हन्छ। अहिले सिंहदरबारका राष्ट्र चालकहरूलाइं पद, प्रतिष्ठा र सत्ताको मात लागेको छ। उनीहरू 'हामीले जे गरे पनि हुन्छ' भन्ने अहंकारले उन्मत्त छन्। पश्चिमाहरूले माओवादीमार्फत नेपालका १४ अञ्चल र ७५ जिल्ला मास्ने गुरुयोजना ल्याए। वर्तमान सरकारले जिल्ला र अञ्चललाई अस्तित्वहीन तुल्याइसकेको छ। तर संविधान सक्रिय नभएसम्म नयाँ संरचना स्थापित हुने अवस्था देखिँदैन। माओवादी नेता गोपाल किरातीले केही वर्षपहिले नेपालमा आठ सय जिल्ला हुनुपर्छ भन्दा कांग्रेस-एमालेका नेता खितखत् हाँस्ने गर्थे। अहिले ७४४ क्षेत्र बनाइएको र त्यसमा धप्दै जाने योजना पेरिस डाँडाका पादरीहरूले सार्वजनिक गरिसकेका छन्। त्यसैले राज्य पुनर्संरचना (? ?) नामक खेलमा अर्को सुगौली सन्धिको गन्ध आइरहेको देखिन्छ। दुईखुट्टे पशुको घेरामा बसेका पार्टीका पशुपतिनाथहरू विदेशीसँग कति नतमस्तक छन् भन्ने कुराको प्रमाण खोज्न टाढा जानै पर्दैन। संविधान नामको राजनीतिक बाइबल, बढ्दो इसाईकरण, संघीयताका नाममा फैलाइएको मन्द विष, चरम विखण्डन, विग्रह र विभाजनको विश्लेषण गर्ने हो भने नेपाल विश्व मानचित्रबाट केही वर्षमै लोप हुने अवस्था देखिन्छ। समानान्तर सरकार चलाइरहेका आईएनजीओ (अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू) तथा उनीहरूका दानमा चलेका व्यक्ति र संस्थाहरू नेपाललाई कसरी चकनाचुर बनाउन सकिन्छ भन्ने षड्यन्त्रमा लागेको स्पष्ट छ। यसमा वर्तमान सरकारले ठूलो भूमिका खेलिरहेको देखिन्छ। राष्ट्रका हरेक स्थायी शक्तिलाई धुलिसात बनाएर बाह्य शक्तिको निर्देशनमा काम गर्ने वर्तमान सरकारले राष्ट्रिय एकता, अखण्डता, स्वतन्त्रता र सार्वभौमसत्तालाई दिनप्रतिदिन कमजोर तुल्याइरहेको पाइन्छ।

राजधानीमा वैशाख ६ गते वीर भक्ति थापाको २०२ औं स्मृति दिवस कार्यक्रममा विभिन्न वक्ताले राष्ट्र आज अभूतपूर्व रूपमा कमजोर भएको टिप्पणी गरे। प्रा. जगमान गुरुङ, सेनापति राजेन्द्र क्षत्री, प्रा. त्रिरत्न मानन्धर, सैनिक इतिहासका विज्ञ डा. प्रेमसिंह बस्न्यात, पूर्व सेनापति रुक्मांगद कटवाल, लक्ष्मी बस्न्यात, सुजित मैनालीलगायतका वक्ताहरूसँगै पङ्क्तिकारलाई पनि आफ्ना विचार प्रस्तुत गर्ने अवसर दिइएको थियो। पङ्क्तिकारको तर्क थियो, 'हिजो आत्मनिर्णयको अधिकार हामीसँगै सुरक्षित थियो, आज हरेक विषयमा विदेशीले दिएको हुकुम र निर्देशनको पालना गर्न सरकार बाध्य छ।'

राष्ट्र धराशयी हुन लाग्दा पनि राष्ट्रको संरक्षण, संवर्द्धन र सम्पोषण गर्ने प्रबल शक्ति जनतासामु देखिएको छैन। नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई 'दुस्मन' भन्नेहरूले सिंहदरबारमा बसेर आज राजकाज चलाएका छन्। त्यस्ता व्यक्तिहरूलाई जुत्ता बजारेर सलाम गर्दा सुरक्षाकर्मीहरूलाई सन्तुष्टि र आनन्द हुन्छ कि पीडा ? त्यो उनीहरूलाई अवश्य थाहा होला।

कटुसत्य के हो भने आमालाई बलात्कार गर्ने व्यक्ति बाबु हुन सक्दैन। आत्मसम्मान, स्वाभिमान, साहस र इमान हुने कुनै पनि नेपालीले नेपाललाइं ध्वस्त बनाउने शक्ति वा व्यक्तिलाइं समर्थन गर्दैन र गर्नु पनि हुँदैन। माओवादीका सरदार पुष्पकमल दाहालले पटकपटक भनेका छन्, 'सडक, संसद् र सरकार सबैलाइं मोर्चाका रूपमा उपयोग गर्ने नीतिअनुसार हामी अगाडि बढ्नेछौं, तर हाम्रो अन्तिम लक्ष्य साम्यवादी शासन नै हो।' तसर्थ गाउँदेखि केन्द्रसम्म 'कब्जा गर्ने' नीतिबाट माओवादी विमुख भएको छैन। यो तथ्य बुझ्न सकेनन् भने पाहा भ्यागुता फुले झैं अभिमानले फुलेका कैयन् नेता, बुद्धिजीवी र 'हामी नै पशुपतिनाथ हौं' भनेर बसेका धेरै व्यक्ति झ्यालखानामा पुग्नेछन्। इसाई फौजका रूपमा फैलिएको माओवादीलाइ चीनले विश्वास नगरे पनि भारत र पश्चिमाहरूले उपयोग गरिरहेको टड्कारो देखिएको छ।

चिनियाँहरूले पुष्पकमल दाहालका बारेमा राम्ररी बुझेका छन्। एकजना प्राध्यापकले स्पष्ट भनिदिए, 'चिनियाँहरू बरु त्यस्ता व्यक्तिलाई स्वीकार गर्न सक्छन्, जो कहिल्यै पनि मित्र थिएन, तर आफूलाई छिटोछिटो परिवर्तन गरिरहने व्यक्तिलाइं मन पराउँदैनन्।' (हिमाल खबरपत्रिका, ३-८ वैशाख २०७४)

नेपालमा स्पष्ट राष्ट्रिय नीति र राष्ट्रिय नेता दुवैको अभाव देखिएको छ। दलभित्र गुट बनाएर फुट गराउने धेरै छन्। तर राष्ट्रका सबै भाषा, धर्म, क्षेत्र आदिलाई एकजुट गराउने राष्ट्रिय नायक कोही छैनन्। २०४७ सालपछि पनि केही नेताका कुरा सुन्थे मानिसहरू। अचेल टेलिभिजनका पर्दामा कुनै नेता देख्नासाथ धेरैले छिःछिः भन्ने गर्छन्। यो वितृष्णा, तिरस्कार, घृणा, अनास्था र अविश्वास सामाजिक सञ्जालहरूमा पनि देखिन्छ। युवावर्गमा राजनीतिप्रति नै घृणा बढिरहेको छ। विदेशमा पसिना बगाउने ४० लाखभन्दा धेरै युवाले काठमाडौंमा एक दिन मात्र प्रदर्शन गरे भने आजका कैयन् नेता थुकैथुकले पुरिन सक्छन्। उनीहरूका लुगा धुजाधुजा हुन सक्छ। कैयन् वर्षदेखि प्रजातन्त्र र लोकतन्त्र (? ? ?) भनेर ठगिरहेका अधिकांश राजनीतिकर्मीलाइं ज्यान जोगाउन धौधौ हुन सक्छ। के सोचेका छन् नेतागणले ? आफ्ना केही प्रियजनलाई पत्रकार, लेखक, विश्लषक र गुप्तचरको भेषमा पालेर राष्ट्र र जनताको शोषण गरिरहने ? विदेशीले बोकाएको संघीयता, गणतन्त्र र धर्मनिरपेक्षता लादेर नेपाललाई पराधीन बनाउने ? लेन्डुप, मीर जाफर, क्विजलिङ र जय चन्दका अवतार बनेर राष्ट्रको अस्तित्वसँग खेलबाड गरिरहने ? के यो देश दलहरूको बिर्ता हो ? के जनता कमारा हुन् ? भोट दिने मेसिन हुन् ? राष्ट्रघाती र उनीहरूका हरूवा-चरुवालाइ जिताउँदा राष्ट्र हार्छ भने किन चाहियो त्यस्तो पद्धति ? किन चाहिएको छ राष्ट्रघाती बधान ?

राणाशासकले सनद र इस्तिहार जारी गरे झैं सिंहदरबारको बार्दलीबाट फर्मान गरे झैं वा टुँडिखेल खरिबोटको चौताराबाट देशवासीका नाममा सम्बोधन गरे झैं टेलिभिजनका पर्दाबाट जनताका नाममा बितेका १०-११ वर्षमा १०-११ जना प्रधानमन्त्रीले अनेकौं हावादारी गफ दिए। इमानदार, श्रमजीवी, सज्जन र सरल स्वभावका निम्न आय भएका जनता आज भोकै बस्ने अवस्थामा पुगेका छन्। शिक्षा र स्वास्थ्यमा समेत बेरोकटोक कालो व्यापार भइरहेको छ। महँगीले आकाश छोएको छ। किसान, मजदुर र विद्यार्थी वर्ग रोएका छन्। नेताका गुलामी गर्ने छात्र संगठनका अगुवालाई विद्यार्थीको होइन, आफ्नै नेताको चिन्ता छ। सत्य बोल्दा विदेशी सहयोग र दान रोकिन्छ भन्ने पीरले धेरैजसो बुद्धिजीवी कमैया बनेका छन्। त्यसैले पशुका घेरामा रमाएका छन्, यन्त्रमानवजस्ता पराधीन नक्कली पशुपतिनाथहरू। आजको यथार्थ यही हो।

annapurnapost.com सोमबार २२ जेठ २०७४ MONDAY,

राजा वीरेन्द्रको आँसु र खुसी

युवराज
गौतम

आजं विस्तारै हराउँद छ राष्ट्रको गरिमा र इज्जत। राष्ट्रमा अहंकार, विखण्डन र विभाजनको कर्कस आवाज सुनिन्छ। यस्तै अन्योलमा राजा वीरेन्द्रले सोधिरहे झैं लाग्छ, 'कसरी वचाउँछौ यो देश ? कसरी वचाउँछौ राष्ट्रिय एकता र कसरी जोगाउँछौ स्वाभिमान र इतिहास ?

नारायणहिटी दरवारमा भएको हत्याकाण्ड (२०५८ जेठ १९) अत्यन्त पीडादायक घटना थियो। सो घटनामा मारिएका राजा वीरेन्द्र पृथ्वीनारायण शाहका वंशज, राजा त्रिभुवनका नाति र राजा महेन्द्रका सुपुत्र मात्र थिएनन्, आफ्नो कालखण्डमा संसारमै अत्यन्त सम्मानित, विशिष्ट राजनेतामध्ये एक थिए। अमेरिका, चीन, सोभियत संघ, फ्रान्स, जर्मनी, ब्रिटेन, भारतलगायतका धेरै राष्ट्रको भ्रमण गर्दा उनले पाएको ठूलो सम्मानले नेपाल र नेपालीको शिर ठाडो हुन्थ्यो। एउटा अल्पविकसित राष्ट्रका राष्ट्राध्यक्षले सुसम्पन्न र अति विकसित राष्ट्रका राष्ट्राध्यक्षहरूसँग संवाद गर्दा समसामयिक विषयमा महत्त्वपूर्ण सुझाव दिन सक्छन् र त्यसले संयुक्त राष्ट्रसंघ एवं महाशक्तिहरूलाई पनि सोच्न बाध्य बनाउँछ भन्ने कुरा राजा वीरेन्द्रले राम्रोसँग प्रमाणित गरेर देखाइदिए।

ब्रिटेनको इटन कलेज र अक्सफोर्ड विश्वविद्यालय, अमेरिकाको हार्वर्ड विश्वविद्यालय तथा टोकियो विश्वविद्यालयको अब्बल शिक्षाले मात्र राजा वीरेन्द्रको व्यक्तित्वलाई विराट् र उच्च बनाएको होइन। राजदरबारमा परिवारबाट पाएको संस्कार, तालिम, राष्ट्र र जनताप्रति पिताको समर्पण, अदम्य एवं अतुल्य प्रेम एवं राष्ट्रलाई सुदृढ, समृद्ध र युगानुकूल बनाउनुपर्छ भन्ने सचेतनाले राजा वीरेन्द्रलाई सदैव उत्प्रेरित गरिरहेको पाइन्छ। उनको जीवनकाल अध्ययन गर्दा व्यक्तिगत सुखसयल, भोगविलास, मोजमज्जा र अर्थहीन कुरामा उनले समय बर्बाद गरेको पाइँदैन। पलपलको सदुपयोग गरे राजा वीरेन्द्रले।

२०३८ साल भदौ १६ गते पेरिसमा आयोजित अल्पविकसित राष्ट्रहरूको सम्मेलनमा राजा वीरेन्द्रले गरेको सम्बोधन संसारमै चर्चित र प्रशंसित बन्न पुग्यो। धनी राष्ट्रहरूले अल्पविकसित राष्ट्रका पीडा, व्यथा, अभाव, बेरोजगारलगायतका गम्भीर समस्याबारेमा स्पष्ट नीति बनाएर सकारात्मक काम गर्नुपर्ने उनको सुझाव र आग्रह थियो। उनले भाषणमा अभिव्यक्त गरेका हृदयस्पर्शी शब्दहरूले त्यहाँ उपस्थित सम्पूर्ण सहभागी द्रवित र भावविभोर बन्न पुगे। अल्पविकसित राष्ट्रहरू (अफगानिस्तान, नेपाल, लाओस, भुटान, मालदिभ्स र समोआ) सहभागी सो सम्मेलनलाई सम्बोधन गर्दै उनले दरिद्रताको चित्रण गरे।

'अल्पविकसित देशको एक गरिब व्यक्तिले पौष्टिक आहारा खान पाउँदैन। संसारमा यस्ता गरिबको संख्या पनि करोडौं छ। उसलाई कुनै पनि रोग लाग्न सक्छ। उसको आयु छोटो छ, ऊ छाप्रोमा बस्छ, जहाँ गरिबी एवं दरिद्रताले उसलाई सधैं घेरिराखेको हुन्छ। न उसले पढेको छ, न त उसमा कुनै सीप नै छ। नियमित रूपमा ऊ खान पाउँदैन र यदि संयोगले एक छाक पाइहाल्यो भने अर्को छाक कताबाट जुटाउने भन्ने डरले उसलाई भयभीत गराउँछ। लुगा लगाएको भए पनि उसको त्यो लुगा झुत्रो मात्र हुन्छ। ऊ नाँगै खुट्टाले हिँड्छ। उसले तिरस्कार र बद्नामी सहनुपर्छ। जन्मदेखि मृत्युपर्यन्त ऊ दरिद्र रहन्छ। धेरैजसो ऊ बाल्यावस्थामै मर्छ। बाँच्यो भने पनि अभाव र विपन्नताले उसलाई मृत्युसम्म छोड्दैन। अन्त्यमा जब उसले संसार छोड्छ, यता बाँच्नेहरूभन्दा मरेर जाने ऊ नै बढी सुखी देखिन्छ।'

राजा वीरेन्द्रले शक्तिराष्ट्रहरूप्रति कठोर व्यंग्य गर्दै भने, 'विश्वका गरिबहरूका पक्षमा मैले बोलिरहेको यसै बेला दाल, भातको लागि कराइरहेको एउटा बालकको म आवाज सुन्छु। तर हामी उसलाई दाल, भात अथवा रोटीको बदला बम दिन्छौं। ऊ दयाको भीख माग्दै हामीतिर हेर्छ, तर हामी उसलाई निर्दयताको तिरस्कार दिन्छौं र ऊ शान्तिको कामना गर्छ, हामी युद्धको तयारी गर्छौं।'

राजा वीरेन्द्रका निम्ति प्रशस्त आन्तरिक चुनौती अग्ला र दुर्लङ्घ्य पहाड बनेर उभिएका थिए। अन्तर्राष्ट्रिय जगत्मा नेपाललाई सम्मानपूर्वक उभ्याउने उनको प्रबल चाहना थियो। जहाँ पुगे पनि उनी राष्ट्र र जनताका हितमा आफ्ना विचार प्रस्ट राख्थे। संवादका क्रममा केही पश्चिमा राष्ट्रले नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषित गरिएमा प्रशस्त सहायता गर्ने प्रस्ताव पनि राखे तर 'आफ्ना प्राचीन धर्म-संस्कृति र परम्परा त तपाईंहरूलाई पनि प्रिय लाग्छ नि होइन र ? नेपालको संविधानमा प्राचीन धर्म-संस्कृतिको रक्षा गर्ने प्रावधान के गलत छ र ?' भनेर राजा वीरेन्द्रले जर्मनीका चान्सलर हेल्मुट कोललगायतलाई प्रतिप्रश्न गर्दा ती राजनेता मौन हुन्थे। राजा वीरेन्द्रसँग निकट रहेर काम गरेका उनका शिक्षक तथा स्वकीय सचिव नारायणप्रसाद श्रेष्ठ भन्छन्, 'विश्वको गहिरो ज्ञान र शालीन भाषामा तर्क गर्ने उहाँको विलक्षण क्षमताले जहाँ गए पनि नेपालको राष्ट्राध्यक्ष भन्नासाथ ती मुलुकका राजा, राष्ट्रपति, सरकार प्रमुख र कूटनीतिज्ञहरू अत्यन्त श्रद्धा गर्थे। राजा वीरेन्द्रको आकर्षक व्यक्तित्व, विद्वता र क्षमता देखेर उनीहरू प्रभावित हुन्थे।'

राजा वीरेन्द्रले सर्वैतिर वि[illegible] पुगोस् भन्ने उद्देश्यले नेपाललाई पाँचवटा विकास क्षेत्र बनाएर धनकुटा, पोखरा, सुर्खेत र दिपायल (डोटी) लाई क्षेत्रीय सदरमुकाम बनाए। उनले सेना, प्रहरी र निजामती कर्मचारी र स्काउटलाई समेत आधुनिक बनाउँदै लगे। भारतसँग मात्र भर पर्नुपर्ने अवस्थाबाट मुक्ति पाउन उनले चीनसँग सम्बन्ध अझ सुदृढ गरे। सार्कको प्रधान कार्यालय काठमाडौंमै राख्ने प्रबन्ध मिलाए। संयुक्त राष्ट्र[illegible] परियोजनाहरू भित्र्याएर नेपालका हिमाली, पहाडी र तराईका जिल्लामा विकासको [illegible] गराए। कर्णाली क्षेत्रको विकास गर्न उनले नेपाली सेनालाई कर्णाली राजमार्ग बनाउने काममा खटाए भने सेनाले धेरै ठाउँमा विकास निर्माणका उल्लेखनीय काम गरेको छ। कोहलपुर-बनबासा सडक खण्ड, कर्णालीको पुल, झापा-इलाममा चिया खेतीको आधुनिकीकरण, मेची राजमार्ग, कोशी राजमार्ग, विभिन्न जिल्लाका सडक सञ्जाल, कृषिको आधुनिकीकरण, शिक्षा, सञ्चार, उद्योग र स्वास्थ्य क्षेत्रमा सुधार, लुम्बिनी क्षेत्रको प्रगति, जनकपुरधाम विकास परियोजना, यातायात, वन संरक्षण, पर्यटन प्रवर्द्धनलगायत विविध क्षेत्रमा वीरेन्द्रले देखाएको चासो र तद्नुसारको निर्देशनले धेरै ठूला परियोजना सम्पन्न भएका छन्। मध्यपहाडी राजमार्ग उनको सपना थियो। नेपाललाई ऊर्जालगायतका सम्पूर्ण कुरामा आत्मनिर्भर बनाउन चाहन्थे उनी।

युवराज छँदा उनले त्रिशूलीदेखि बुटवलसम्म पैदल यात्रा गरे। मेचीदेखि महाकालीका विभिन्न भागमा सिपाहीको पोसाक लगाएर जनताको दुःख, दर्द बुझ्न झुप्रा-झुप्रामा पुगे। पाल्पा भ्रमणमा गएका बेला उनले तत्कालीन बडाहाकिम कृष्णबहादुर बर्मालाई भनेका थिए, 'हामीले जबर्जस्ती गर्ने होइन, जनताको आवश्यकता बुझेर जनतासँगै हिँड्ने, जनतासँगै सोच्ने र जनतासँगै काम गर्ने बानी बसाउनुपर्छ।'

नेपाललाई सदैव सुरक्षित [illegible] बनाउने अभिप्रायले [illegible] १३ गते (शुभराज्याभिषेकको [illegible]) [illegible] प्रस्ताव राखे। आफ्नो शुभराज्याभिषेकमा [illegible] उपस्थित [illegible] विभिन्न देशका राष्ट्राध्यक्ष र सरकार प्रमुखसमक्ष उनले [illegible] गरियोस् भन्ने प्रस्ताव [illegible] समर्थन गरे पनि [illegible] समर्थन गरेन। २०४५ [illegible] विमानभेदी [illegible] सुदृढ गर्न [illegible] गर्‍यो। त्यसबेला गोरखापत्र [illegible] रूपमा [illegible] भारतले [illegible]

प्रतिवन्धित अवस्थामा रहेका नेपालका कुनै पनि दल राष्ट्रको पक्षमा बोलेनन्। ऋषिकेश शाहजस्ता मानवअधिकारवादीले भारतीय टेलिभिजनमा बोल्दै नेपाललाई भारतको सुरक्षा छाताभित्र राख्नुपर्छ भन्ने अभिव्यक्ति दिएका थिए।

राजा वीरेन्द्रले भनेका छन्, 'संकटको बेला मानिसको पहिचान हुन्छ।' बीपीका जेठा छोरा प्रकाश कोइरालालगायतका केही राजनीतिज्ञले राजालाई त्यसबेला हौसला दिएका थिए। राजासँग राजनीतिक मतभिन्नता भए पनि राष्ट्रलाई संकट पर्दा राजतन्त्रवादी र प्रजातन्त्रवादी एकै ठाउँमा बलियोसँग उभिनुपर्छ भन्ने बीपी कोइरालाको अटुट विश्वास थियो। नेपाली कांग्रेसको मेरुदण्ड र धरातल नै त्यही विश्वास थियो। २०४७ सालको संविधान बनाउने काममा अग्रणी भूमिका खेल्ने कांग्रेस पार्टी आज नीतिविहीन र नेताविहीन बनेको छ। त्यो पार्टी 'भत्क्या पार्टी' जस्तो छ र गुटहरू प्रबल र निर्णायक बनेका छन्। जोसँग मिल्दा सत्ता प्राप्त हुन्छ, त्यहीसँग टाँसिने नीतिले कांग्रेस मात्र होइन, अरू कैयन् दल पतीत बन्दै गएका छन्। राजा वीरेन्द्र र बीपीले परिकल्पना गरेको प्रजातन्त्रको स्वरूप आज कुरूप देखिएको छ।

'मेरो साथी वीरेन्द्र शाह' शीर्षकको आलेखमा राजा वीरेन्द्रका बाल्यकालका साथी केशवकुमार बुढाथोकीले सन् १९५४ मा दार्जिलिङ्मा स्कुल पढ्दाका दिनहरूको सम्झना गरेका छन्। 'हाम्रो पकेट मनी राखिदिने क्यासियर पनि वीरेन्द्र नै थिए। दुई रुपैयाँमा चौरस्तामा घोडा चढ्न पाइन्थ्यो। वीरेन्द्र आफू बीचमै ओर्लेर आफ्नो पैसामा अरू साथीलाई पनि घोडा चढाउँथे। यसो गर्दा सबैको रहर पूरा हुन्थ्यो। पैसाको किफायत हुन्थ्यो। उनी थोरै खाना पनि बाँडेर खान्थे। उसिनेको एउटा अन्डा पनि काटेर साथीहरूलाई बाँड्थे। कसैलाई पक्षपात नहोस् भन्ने उनको सानैदेखि स्वभाव थियो। उनी बालकै भए पनि हाम्रा अभिभावक जस्ता थिए। दरबारमा भएको हत्याकाण्डबारे धेरैले अनावश्यक शंका पनि गरे। वीरेन्द्र शाह र उनका भाइहरूको सुमधुर सम्बन्धबारे थाहा नपाउने केही शंकालुहरूले अनर्गल प्रचार पनि गरे। वीरेन्द्र शाहप्रति उनका भाइहरूको कुनै दुर्भावना थिएन।'

जनताले दुःख भोग्नु नपरोस् भनेर राजा वीरेन्द्र सधैं चिन्तित रहन्थे भनेर पञ्चायतकालीन प्रधानमन्त्रीहरू लोकेन्द्रबहादुर चन्द र मरीचमान सिंहले लेखेका छन्। 'नुन, मट्टीतेल, डिजेल, पेट्रोललगायतका विदेशबाट ल्याउनुपर्ने पदार्थहरू वर्षभरिलाई कति चाहिन्छ, अलिकति बढी ल्याउनू र त्यसको दस प्रतिशत स्टक राख्नू। प्रत्येक वर्ष यसो गर्दै जाँदा १० वर्षपछि केही भयो भने एक वर्षसम्म हामीलाई केही फरक पर्दैन' भनेर राजा वीरेन्द्रले निर्देशन दिएको कुरा चन्दले लेखेका छन्। (श्री ५ वीरेन्द्र स्मतिग्रन्थ, पृष्ठ ?)

दरबारका पुराना सोफाहरू हटाएर महारानी ऐश्वर्यले नयाँ फर्निचरहरू किन्न सुझाव दिँदा राजाले भनेछन्, 'जनताले दुःख गरेर तिरेको करबाट यी फर्निचर किनिएका हुन्। पुराना सोफाका कपडा फेरेर मरम्मत गरे हुन्छ, नयाँ किन्नुपर्दैन।' राजा वीरेन्द्रको कथन सम्झँदै दरबारका पुराना कर्मचारी भन्छन्।

२०४५ सालमा प्रधानमन्त्री रहेका मरीचमान सिंहले पत्रिकारसँग भनेका थिए, 'नाकाबन्दीका बेला भारतमा बस्ने लाखौं नेपालीलाई त्यहाँबाट हटाउने हल्ला आयो। राति अबेरसम्म दरबारमा छलफल भयो। 'गरिबहरूलाई भारतले त्यहाँ काम गरेर खान पनि नदिने भो, नेपालमै ल्याएर केही व्यवस्था गर्नुपर्ला' भन्दै सरकारबाट चिन्ता व्यक्त गरिबक्स्यो। राजालाई जनताको कत्रो पीर रहेछ भन्ने मैले राम्ररी बुझें।"

जसरी जनताको दुःखमा राजा वीरेन्द्र भावविभोर हुन्थे, त्यसैगरी शान्ति र विकासका योजनाहरू देख्दा उनी खुसी हुन्थे। हिमाली जिल्ला मुस्ताङका पूर्वमन्त्री तथा संस्कृतिविद् कृष्णलाल थकाली भन्छन्, 'दुर्गम क्षेत्र विकास समिति र गुम्बा विकास समितिमा मात्र होइन, पञ्चायत नीति तथा जाँचबुझ समितिको सदस्य, राष्ट्रिय सभाको सदस्य र मन्त्री भएर मैले काम गर्दा राम्रोसँग दरबार बुझ्ने मौका पाएँ। राजा वीरेन्द्रको प्राथमिकता भनेकै शान्ति र विकास थियो। छिमेकी राष्ट्रहरूसँग सन्तुलित सम्बन्ध राख्नुपर्छ भन्ने उहाँको धारणा थियो। हिमाल, पहाड र तराई कतै पनि जनतामाथि भेदभाव नहोस् भनेर उहाँ सधैं सतर्क रहेको मैले पाएँ। प्राचीन धर्म-संस्कृतिप्रति उहाँको गहिरो श्रद्धा र अनुराग थियो।'

राजा वीरेन्द्र सबैका पिता र अभिभावक जस्ता थिए। आफूलाई थाहा नभएका कुरा जोसँग पनि सिक्नुपर्छ भन्ने उनको मान्यता थियो। २०२२ सालमा भारतको मसुरी घुम्न जाँदा उनले भारतीय चलचित्रका हास्य कलाकार जोनी वाकरसँग हास्यव्यंग्यबारे छलफल गरेको प्रा. यदुनाथ खनालले लेखेका छन्। चित्रकला (पेन्टिङ) राजा वीरेन्द्रको सौख (हवी) थियो। उनी कहिलेकाही सांस्कृतिक कार्यक्रममा मादल बजाउँथे। सुबी शाहले उनलाई मादल बजाउन सिकाएका थिए। एकपटक विदेश जाँदा आफूले गीत गएको र राजा वीरेन्द्रले मादल बजाएको कुरा कीर्तिनिधि विष्टले आफ्नो संस्मरणमा लेखेका छन्।

सपनाजस्तो कतै हराएर, बिलाएर गए ती दिनहरू। आज विस्तारै हराउँदै छ राष्ट्रको गरिमा र इज्जत। न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकासमेत कमजोर बन्दै गएको छ। राष्ट्रमा अहंकार, विखण्डन र विभाजनको कर्कस आवाज सुनिन्छ। यस्तै अन्योलमा राजा वीरेन्द्रले अज्ञात ठाउँबाट आकाशवाणी झैं सोधिरहे जस्तो लाग्छ, 'कसरी बचाउँछौ यो देश ? कसरी बचाउँछौ राष्ट्रिय एकता र कसरी जोगाउँछौ स्वाभिमान र इतिहास ?'

अन्नपूर्ण राष्ट्रिय सोमबार २९ जेठ २०७४

बाउन्न घुस्सा त्रिपन्न ठक्कर

युवराज गौतम

राष्ट्र र जनताको हितमा विवेकपूर्वक काम गर्ने हो भने प्रत्येक नेपालीले दिनको पाँच-पाँच रुपैयाँ छुट्टै दान दिएर दिनैपिच्छे करोडौं रुपैयाँको 'विकास कोष' बनाउन सकिन्छ तर सत्त होइन, राष्ट्र सर्वोच्च हुन्छ र राजस्वको सदुपयोग मात्र हुनेछ भनेर जनतालाई आश्वस्त तुल्याउन सक्ने महानायक खोइ ?

कुनै बेला एसएलसीसरहको परीक्षा दिन नेपाली विद्यार्थीहरू कलकत्ता वा इलाहाबाद पुग्नुपर्थ्यो, सातु-चामल बोकेर। पटना विश्वविद्यालयले त्रिचन्द्र कलेजलाई मान्यता दिएपछि पनि त्रिभुवन विश्वविद्यालय स्थापना नभएसम्म पटनामा जाँच दिनु जानुपर्थ्यो। ज्यानबहादुर प्रधान, दिनेशानन्द वैद्य, यशराज जोशी, इन्द्रबहादुर नकर्मी, अम्बरबहादुर कार्की, शेषराज दली, रघुवर वैद्य, कुलनाथ लोहनी, कर्णबहादुर श्रेष्ठ, रामनारायण शुक्ला, रामप्रसाद जोशी र तोरणबहादुर शाह जस्ता विद्यार्थीले १९९१ सालमा नेपालबाटै एसएलसी उत्तीर्ण गर्दा उनीहरूको ठूलो इज्जत भएको त्यसबेलाको गोरखापत्रले छापेको पाइन्छ।

आफ्ना ३८ वर्षीय दाजु देवशमशेरलाई हटाएर ३५ वर्षकै उमेरमा प्रधानमन्त्री भएका चन्द्रशमशेरका पालासम्म १६१ वटा मात्र विद्यालय रहेको नेपालमा विद्यार्थी र शिक्षक संख्या थोरै भए पनि भारतका नामी स्कुलहरूसँग प्रतिस्पर्धा गर्ने क्षमता भएको देखिन्छ। १९८५ सालको प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट ठहरिएका रामप्रसाद मानन्धर एमएसम्म नै सर्वोत्कृष्ट भए। नेपालको पढाइ कमजोर थिएन भन्ने यो एउटा उदाहरण हो। अरू कुरामा पनि नेपाल नामी थियो।

रूसमा अक्टोबर क्रान्ति सम्पन्न भएकै वर्ष (सन् १९१७) अमेरिकाबाट विद्युत् इन्जिनियर भएका पद्मसुन्दर मल्लले छोरीलाई पनि खरसाङ (दार्जिलिङ) लगेर पढाए, ब्रिटिस शासनका बेला। ती बालिका (वृन्दा शाह) पछि गएर भारतका लागि नेपाली राजदूत भइन्। उनले शिक्षा, संस्कार र सम्पत्तिको सदुपयोग गरिन्।

सम्पत्ति कमाउन समय लाग्दैन। क्षणभरमा डकैती गरेर भोलिपल्ट बिहानै करोडपति पनि बन्न सकिन्छ। अर्थात् असल हुन मात्र समय लाग्छ, सफल हुन समय लाग्दैन। सभ्य र संस्कारी बन्न धेरै वर्ष लाग्छ। तनहुँका यदुनाथ खनाल हुन् वा इलामका नरेन्द्रनाथ बाँस्तोला, दाङका टेकनाथ गौतम हुन् वा कास्कीका लेखनाथ पौड्याल, अर्घाखाँचीका दधिराम मरासिनी हुन् वा पाँचथरका स्वामी प्रपन्नाचार्य ती सबैले आफू र परिवारको मात्र चिन्ता गरेनन्। समाज र राष्ट्रलाई पनि योगदान गरे। जीवनमा बाउन्न घुस्सा त्रिपन्न ठक्कर खाएका धेरै संघर्षशील, विचारशील, विवेकशील, देशभक्त र सुशील चरित्रहरू मिलेर नेपाल राष्ट्र बनेको हो। कैयन् आरोह-अवरोह भोग्नुपरे पनि नेपालको अस्तित्व सुरक्षित रहेको हो। नेपाल एउटा निश्चित क्षेत्रफल मात्र होइन, विश्वकै उदाहरणीय राष्ट्र हो। त्यसैले यसको गाथाजगत् प्रसिद्ध र विपुल चहकिलो छ।

कालीगण्डकी नदीबाट मात्र २२ हजार किलोवाट विद्युत् उत्पादन हुन सक्छ भनेर मेहनतपूर्वक तयार पारिएको प्रतिवेदन सिंहदरबार जल्दा खरानी भएको कुरा पूर्व प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले सुनाएका थिए। २००७ सालको क्रान्तिमा महत्त्वपूर्ण भूमिका खेलेका कोइराला भन्थे, 'राजनीतिमा सक्रिय हुनेहरूले राष्ट्रलाई होइन, दलहरूलाई प्राथमिकता दिन थाले।

पृथ्वीनारायण शाहले एकीकरण गरेको राष्ट्र २००७ सालपछि दलहरूको सत्ता संघर्षको सिकार भयो। नेपाल सिंगापुर, मलेसिया र दक्षिण कोरियाभन्दा बलियो र स्वावलम्बी थियो, तर विस्तारै घृणित राजनीतिले थला पर्दै गयो।' पुरानो बानेश्वरस्थित उनको निवासमा झन्डै तीन घन्टा भएको वार्तामा मातृकाबाबु भावुक देखिन्थे। उनले पञ्चायतकालमै भनेका थिए, 'पञ्चहरूमा बढेको गुटबन्दी र भ्रष्टाचारले निर्दलीय प्रणाली धरापमा परेको छ। यसले गर्दा जनतामा उत्साह मर्दै गएको छ।' बानेश्वर हाइटमै घर भएका टंकप्रसाद आचार्यले पनि कोइरालाले पञ्चायत व्यवस्थाको विरोध त गरेनन्, तर वृद्धवस्थामा उनी निकै निराश देखिन्थे। टंकप्रसादमा त्यस्तै चिन्ता थियो।

अन्वेषकहरूले सत्य उत्खनन गर्दा सम्बन्धित व्यक्ति र स्रोतको विश्वसनीयता जाँच्नेपर्छ। २०१७ सालतिर काठमाडौंका सक्रिय युवकहरू धर्मरत्न यमी (तुलाधर) तथा भुवनलाल प्रधानलगायतका उपत्यकाका पचासौं सामाजिक, साहित्यिक, राजनीतिक, प्राज्ञिक र सांस्कृतिक क्षेत्रका व्यक्तिहरूबाट सूक्ष्मरूपमा सूचना लिन्थे, राजा महेन्द्र। उनका सचिव, सल्लाहकार, सहयोगी प्रायः सबै योग्य र मिलनसार थिए। त्यसैले उनी आफ्नो कार्यक्रम र उद्देश्यमा सफल भए। असल काम गर्नेलाई नगद, घर, जग्गा आदि बकस दिएर स्वतन्त्र ढंगले काम गर्न प्रोत्साहन दिन्थे राजा महेन्द्र।

झन्डै १२ वर्षअघि नेपाल टेलिभिजनमा पत्रकारले सञ्चालन गरेको अन्तर्वार्तामा राजनीतिज्ञ तथा इतिहासविद् भुवनलाल प्रधानले यसको खुलासा गरेका छन्। धर्मरत्न यमी र भुवनलाल प्रधानलाई घर, किन्न राजा महेन्द्रले चालीस-चालीस हजार रुपैयाँ बकस दिएका थिए। साहित्यकार धर्मराज थापादेखि लिएर पचासौं राजनीतिज्ञ, कर्मचारी र स्रष्टाले त्यसरी नगद र जग्गा जमिन बकस पाएका उदाहरण छन्। 'तिमीहरूले राष्ट्रको लागि ढुक्क भएर काम गर्नु, गाँस, बासको व्यवस्था म गरिदिउँला' राजा महेन्द्रले त्यसरी हौसला दिने गरेको त्यसबेलाका चर्चित व्यक्तिहरू सुनाउँछन्। त्यस्तो उदार व्यवहारले राष्ट्रलाई बेफाइदा भएन।

हाम्रा पुर्खाले बाँच्नको निम्ति आफ्नो मात्र स्वार्थ हेरेनन्, समाज र राष्ट्रको पनि रक्षा गरे। वनजंगल, नदी, पहाड, ताल, गाउँ, सहर सबैको संरक्षणमा ध्यान दिए। कान्तिपुर, ललितपुर र भक्तपुरमा मात्र सयकडौं ढुंगेधारा बनाए। सभ्यता झल्काउने हजारौं मन्दिर, धर्मशाला, गुम्बा, देवालय बनाए। डा. रमेश ढुंगेलसहितको टोली गोरखा जाँदा पत्रिकारले नरेश्वर गाउँमा राजा रणबहादुर शाहले बनाएको मन्दिर दर्शन गर्ने मौका पाएको थियो। संवत् १८६८ मा गीर्वाणयुद्धविक्रम शाहले स्थापना गरेको काठमाडौंको स्तम्भ-अभिलेखमा बागमती नदी (त्यसबेला बाग्वति भनिएको छ) को वर्णन छ, 'जसको शुद्ध पानीको सधैं सेवनले पाप नास गर्छ, दुःख हर्छ, कल्याण गर्छ, मुक्ति दिन्छ, ती बाग्वतीको म शरण पर्छु।' (शाहकालीन कला र वास्तुकला, डा. जगदीशचन्द्र रेग्मी, पृष्ठ ४२१)

आजका करोडपति, सभ्य र अत्यन्त टाठाबाठा भन्नेहरूले राजनीति मात्र होइन, नदी, ताल, वनजंगल, गाउँ र सहरलाई प्रदूषित र विकृत बनाएका छन्। पोखराका केही 'सभ्य' नवधनाढ्यहरूले नै फेवाताल फोहोर बनाएर पुरिरहेका छन्। काठमाडौंवासीले बागमती, विष्णुमती सबै विकृत बनाएका छन्। प्रदूषण नगर्ने हो भने सफाइ गर्न पर्दैन, नदीले आफैं [illegible]। विदेशीको सहायता चाहिँदैन।

धर्म, संस्कृति र सभ्यता हरेक राष्ट्रको पहिचान हो। नेपाल अधिराज्यको संविधान २०१५ मा भनिएको छ, 'प्रत्येक नागरिकले प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्न सक्नेछ। तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन।' नेपालको संविधान २०१९ मा धर्मसम्बन्धी हकमा त्यस्तो व्यवस्था छ। नेपाल अधिराज्यको संविधान २०४७ मा धर्मसम्बन्धी हकमा (धारा १९) धर्म परिवर्तन गर्न गराउन नपाइने

स्पष्ट उल्लेख छ। गणतन्त्रात्मक संविधान २०७२ मा राष्ट्रलाई धर्म निरपेक्ष किन घोषणा गरियो र यसलाई अवसरवादीहरूले किन उत्कृष्ट संविधानको रूपमा शिरोधार्य गरे भन्ने कुरा जगजाहेर नै छ। पुर्खाले बाउन्न घुस्सा त्रिपन्न ठक्कर खाएर आर्जेको राष्ट्र, स्वधर्म, परम्परा, सभ्यता आज विस्तारै निर्जीव बन्दै गएको छ। दलहरूलाई राष्ट्र होइन, सत्ता मात्र चाहिएको हो भने विदेशीद्वारा निर्देशित संविधान र राज्यसत्ता नै निर्विकल्प मानिदिए हुन्छ। हाम्रा भावी पुस्ता आफ्नै राष्ट्रमा अल्पमतमा पर्ने अवस्था सिर्जना गर्ने वर्तमान संविधान उत्कृष्ट मात्र होइन, सर्वोत्कृष्ट छ। राष्ट्रलाई टुक्रा-टुक्रा बनाउन संघीयताले मेसिनके काम गर्ने देखिन्छ।

गणतन्त्रले राष्ट्र कति शान्त, सुखी र समृद्ध बनाउँछ भन्ने बुझ्न धेरै दुःख गर्नै पर्दैन, कंगो, रुवान्डा, सुडान, सियरालियोन, मोजाम्बिक, सेन्ट्रल अफ्रिकन रिपब्लिक, नाइजेरिया, लाइबेरिया, बुर्किनाफासो आदिलाई हेरे पुग्छ। दसवटा प्रमुख दरिद्र राष्ट्रमा पर्ने मोजाम्बिक, नाइजर, बुरुन्डी, मालावी, कंगो, सेन्ट्रल अफ्रिकन रिपब्लिक, लाइबेरिया, जिम्बावे र इरिट्रिया जस्ता राष्ट्रमा कहाँ छैन गणतन्त्र ? गणतन्त्रले राष्ट्र धनी र शान्त बन्छ भनेर स्विट्टजरल्यान्ड हेर्न गएका नेताले दस वर्षमा नेपाललाई सुडान बनाउन लागेको हामीले देखिरहेका छौं।

बजार गएका बाबुले पापा ल्याउँछन् भनेर अबोध केटाकेटीले पर्खे झैं हामी जनताले दस वर्षमा दसवटा प्रधानमन्त्री हेरिसकेका छौं। बाउन्न घुस्सा त्रिपन्न ठक्कर बेहोरिसकेका छौं। युगकवि सिद्धिचरणले लेखेका छन्, 'सहु, सहु, सहु बाबू, सहने नसके पनि।' हाम्रो नियति त्यस्तै छ। सहिरहेका छौं।

नेपाली जनता भोट हाल्ने मेसिन होइनन्, तर निर्णय गर्ने अर्कै छ। आज सर्वाधिकार विदेशीमा सुरक्षित छ। सिंहदरबारमा बस्नेहरू कारिन्दा र नौसिन्दा जस्ता छन्। न्याय, राजनीति र कूटनीतिका महत्त्वपूर्ण फैसलामा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका 'बोधार्थ' मात्र बुझ्ने फाँटवाल जस्ता बनेका छन्।

सिक्किमको निर्णय दिल्लीले गरे झैं विगत दस वर्षयताका हरेक महत्त्वपूर्ण कुराको छिनोफानो बाह्यशक्तिले गर्ने दुर्भाग्यपूर्ण परिस्थिति ठूला दलहरूले नै सिर्जना गरेका हुन्। त्यसैले ठूलो हुन दूतावासको ढुलो खोज्ने प्रवृत्ति बढेको छ।

राष्ट्रका बहुसंख्यक जनतालाई राष्ट्रिय भावधारामा समेट्ने कुनै प्रोज्ज्वल तथा सुयोग्य व्यक्तित्व दीर्घसोच, स्वतन्त्र चिन्तन र अदम्य स्वाभिमानका साथ लोभ, पूर्वाग्रह तथा हीन भावना त्यागेर हाम्रा बीचमा उभिन्छन् भने जनताले पक्कै पनि भरोसा गर्न सक्छन्। दल, गुट, जात, कान्ला, खोल्सा र ढिस्कोलाई आधार मानेर हिँड्नेहरू र कार्यालयमा विदेशीका तस्बिर सजाउनेहरू एउटा दलका नेता बन्लान्, राष्ट्रनायक हुन सक्दैनन्। अर्थात् संकीर्ण विचार, घृणा, उन्माद, जलन, प्रलोभन, प्रतिशोध, प्रत्युत्पादक चिन्तन, विद्वेष र पीडा बिर्सेर सबै नेपालीलाई अभिभावकको माया र संरक्षण दिन सक्ने नायक खोजेको छ राष्ट्रले। त्यसपछि मात्र राष्ट्र गतिशील बन्न सक्छ।

बालकृष्ण समले अमरसिंह नाटकको भूमिकामा लेखेका छन्, 'अमरसिंह थापाले यस देशलाई रगत छ्यापीछ्यापी हाडले बज्र नठोकेको भए फेरि अमरसिंह कुन आधारमा लड्न पाउँथे! पृथ्वीनारायण शाहले नेपाललाई एकसूत्रमा नबाँधेको भए वा बाँध्ने प्रयत्न नगरेको भए फेरि स्युङ्को, गौतम बुद्ध, मानदेव, अंशुबर्मा, जयस्थिति मल्ल, राम शाह, महिन्द्र मल्ल, प्रताप मल्लहरूले कला, साहित्य, संस्कृति, शिल्प, दर्शन, नीति, राष्ट्रियता, वीर्य र पुरुषार्थद्वारा यस देशलाई नबनाएको भए पृथ्वीनारायण शाहले कुन केन्द्रमा त्यो सूत्र बाँध्न पाउँथे?'

समले भने झैं नेपाल छ, त्यसैले हामीले नेपाली भन्न पाएका छौं। नेपाल साझा घर हो नेपालीको। नेपालमा विकार मात्रै छ भन्दै युरोप र अमेरिकातिर बसेर अग्ला बार्दलीबाट उपदेश दिने प्रवासीहरूले नेपालमै बसेर एक-एकवटा बरपीपल रोपे पनि दस वर्षपछि लाखौं वृक्षले करोडौंलाई छहारी दिने थियो। स्वदेशमा द्वन्द्व, हड्ताल, भूकम्प, नाकाबन्दी, बेरोजगार, अभाव, तनाव, बेमेल र वैमनस्यका कारण मनोवैज्ञानिक रूपले क्लान्त बनेका करोडौं नेपालीले नेपाल आमा जीर्ण भए पनि उनलाई बचाउन केही न केही गरिरहेका छन्। बाउन्न घुस्सा त्रिपन्न ठक्कर खाँदै आएका तर कुनै विदेशी शक्तिको वन्दना नगर्ने लाखौं युवा स्वदेशमै केही गर्ने र यही माटोमा मर्न चाहन्छन्। यो प्रबल राष्ट्रिय चेतनाले विदेशीका आज्ञाकारीहरूलाई पनि सोच्न बाध्य बनाएको छ। ठूलाठूला प्रवचन होइन, जनताले स्पष्ट परिणाम देख्न सकिने परिवर्तन खोजेका छन्। त्यस्तो परिवर्तन ल्याउन इमानदार र राष्ट्रवादी नेतृत्व खोजेका छन्।

दक्षिण एसियामा सामूहिक भावनाको सम्मान गर्दै समूहको खेलाडी (टिम प्लेयर) बन्ने नेतृत्वले सफलता पाइरहेको देखिन्छ। एक्लै उभिन खोज्ने व्यक्ति (लोनर) राजनीतिमा काम लाग्दैन। आफ्ना विचारमा अडिग रहन नसक्ने र घाँस देख्नासाथ सिँगौरी खेल्दै दौडिने राजनीतिक पशुहरू पनि परिदृश्यबाट विस्तारै हराउँदै जानेछन्, कोमिन्ताङ जस्तै। जनभावना बुझ्न नसक्दा ब्रिटेनको संसदीय निर्वाचनमा थेरेसा मेले कन्जरभेटिभ पार्टीलाई बहुमत दिलाउन सकिनन्।

यस्ता पछिल्ला घटनाबाट पनि राजनीतिज्ञहरूले शिक्षा लिएनन् भने अहंकार, एक्लै ढेडु प्रवृत्ति वा अवसरवादले उनीहरूलाई धराशायी बनाउँछ, धुलिसात् तुल्याउँछ। किनभने राजनीतिक दल भनेको नेताको व्यक्तिगत सम्पत्ति वा नोकरचाकरको बथान होइन। तसर्थ सार्वजनिक जीवनमा आएका व्यक्तिले मेरो दलबारे सदस्य नै नभएका व्यक्तिले किन टिप्पणी गर्छन् भनेर सामाजिक सञ्जाल वा मिडियामा हप्काउन मिल्दैन। दल भनेको जमिनदारी होइन।

ब्रिटिस लेखक एन्डी मारिनोले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको आत्मकथामा घतलाग्दो कुरा लेखेका छन्, 'गुजरातको मुख्यमन्त्री छँदा मोदीले पारदर्शी र जिम्मेवार नेताको व्यवहार देखाए। करोडौं भारतीयको मन जितेपछि उनलाई राष्ट्रको नेतृत्व दिँदा केही गर्छन् कि भन्ने विश्वास प्रबल हुँदै गयो।'

विश्वासयोग्य नेतृत्वले मात्र राष्ट्र हाँक्न र स्थायित्व दिन सक्छन् भन्ने उदाहरण धेरै देशमा पाइएको छ। 'आफ्नी छोरी नखरमाउली, तन्नेरीलाई दोष' भन्ने नेपाली उखान हामीले सुनेका छौं। राष्ट्र र जनताको हितमा विवेकपूर्वक काम गर्ने हो भने प्रत्येक नेपालीले दिनको पाँच-पाँच रुपैयाँ छुट्टै दान दिएर, दिनैपिच्छे करोडौं रुपैयाँको 'विकास कोष' बनाउन सकिन्छ तर सत्ता होइन, राष्ट्र सर्वोच्च हुन्छ र राजस्वको सदुपयोग मात्र हुनेछ भनेर जनतालाई आश्वस्त तुल्याउन सक्ने महानायक खोइ? दल, गुट, क्षेत्र वा जातभन्दा माथि उठेर सम्पूर्ण नेपालीलाई एउटै चिन्तनधारामा डोऱ्याउन सक्ने महानायक खोइ? समयले यही प्रश्न गरिरहेको छ।

जनभावना 2074-3-5
सोमवार

पदाधिकारी मनोनयनमा आरजुको चलखेल

नेपाली कांग्रेसको १३ औं महाधिवेशन भएको ठिक १५ महिना भयो तर सभापति शेरबहादुर देउवाले विधानबमोजिम गर्नु पर्ने पदाधिकारी मनोनीत गर्न सकेका छैनन्। विधान अनुसार सभापतिमा निर्वाचित भएको दुई महिनाभित्र पदाधिकारी मनोनीत गर्नु पर्ने हुन्छ। तरदेउवाले मनोनीत गर्नु पर्ने तीन जना पदाधिकारी मनोनयन गर्न सकेका छैनन्।

देउवाले प्रधानमन्त्री बन्नुअघि पटक पटक पदाधिकारी मनोनीत गर्ने तयारी गरेपनि पत्नी आरजु राणा देउवाको दवावका कारण पछि हटेका छन्।

सभापति देउवाले उपसभापतिमा विमलेन्द्र निधि, महामन्त्रीमा पूर्णबहादुर खड्का र सहमहामन्त्रीमा महेश आचार्यलाई मनोनीत गर्ने देउवाले तयारी गरेपनि श्रीमती आरजुले त्यसलाई रोकेको देउवानिकट स्रोतले जनाएको छ। स्रोतका अनुसार नेता खुमबहादुर खड्का समूहलाई आफ्नो विश्वासमा लिन र मध्यपश्चिमको नेताका रुपमा

बाँकी ७ पेजमा

पदाधिकारी ...

अघि सार्न पनि पूर्णबहादुरलाई महामन्त्री मनोनीत गर्ने अन्तिम तयारी गरेका थिए। तर, पत्नी आरजुले नेता ज्ञानेन्द्रबहादुर कार्कीलाई महामन्त्रीमा मनोनीत गर्न दवाव दिएपछि देउवापछि हटेको ति नेताले बताए। देउवा समूहबाट महामन्त्रीका लागि बालकृष्ण खाँणले पनि दावी गरिरहेका छन्। यस्तै सहमहामन्त्रीमा डा. प्रकाशशरण महतले दावी गर्दै आएका छन्। तर, पार्टीभित्रको सन्तुलन मिलाउन देउवाले सहमहामन्त्री पौडेल पक्षलाई दिने बताउँदै आएका छन्। नेता कृष्णप्रसाद सिटौला समूहले सहयोग नगर्दा आफ्नो पक्षमा केन्द्रीय समितिमा बहुमत कायमै राख्न सभापति देउवाले नेता खुमबहादुर खड्का समूहलाई पनि मिलाउन चाहेका छन्। पार्टीको १३ औं महाधिवेशनका समयमा देउवाले नेता खुमबहादुर खड्कालाई उपसभापति बनाउने बचन दिएका थिए। तर, भ्रष्टाचार गरेको अभियोगमा जेल सजाय भुक्तान गरेर आएका खड्कालाई उपसभापति बनाउँदा पार्टीको छविमाथि प्रश्न उठ्ने कुरामा देउवा सचेतमात्रै छैनन्, उपसभापति बनाउन नसक्ने बताइसकेका छन्।

खुमबहादुरले आफूलाई उपसभापति मनोनीत नगर्ने भए नेता पूर्णबहादुर खड्कालाई महामन्त्री बनाउनु पर्ने अडान राखेका छन्। देउवा पाटीभित्रको शक्ति सन्तुलन मिलाउन महामन्त्रीका आकंक्षी ज्ञानेन्द्रबहादुर कार्कीलाई मन्त्री बनाएर पूर्णबहादुरलाई महामन्त्री बनाउने निष्कर्षमा पुगेका थिए। तर, देउवालाई पूर्णबहादुरलाई महामन्त्री नबनाउन पत्नी आरजुले नै दबाव दिइरहेकी छिन्। देउवाले सरकारको नेतृत्व गरेकै दिनदेखि पार्टीभित्र असन्तुष्टि बढ्दै गएको छ। बरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले सरकारमा पठाउने मन्त्रीहरुको छनौट र पार्टी सञ्चालनको विधि र प्रक्रियाबारे असहमति जनाउँदै आएको छ। पौडेल समूहले मन्त्री छनौट र पार्टी सञ्चालनको विधि र प्रक्रियाबारे प्रष्ट पार्नु पर्ने बताएपछि देउवाले केही दिनअघि फेरि पदाधिकारी मनोनीत गर्ने अन्तिम तयारी गरेका थिए। त्यो काम पनि आरजुकै कारण रोकिएको देउवा निकट एक नेताले बताए।

मन्त्रीहरुको छनौट तथा पार्टी सञ्चालनको विधि र प्रक्रिया नटुंग्याएसम्म आफ्ना तर्फबाट मन्त्रीको नाम सिफारिस नगर्ने चेतावनी पौडेलले दिएपछि देउवामाथि पदाधिकारी मनोनीत गर्ने स्वभाविकरुपमा दवाव बढेको देउवा निकट ति नेताले स्वीकार गरे। देउवाले एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकार ढाल्न र माओवादी केन्द्रसँग गठबन्धन सरकार निर्माण गर्न महत्वपूर्ण भूमिका खेलेका आफ्ना विश्वासपात्र निधिलाई उपसभापति बनाउने निर्णय लिइसकेका छन्। पार्टीमा लामो समयदेखि देउवालाई जस्तो सुकै अप्ठ्यारो पर्दा पनि साथ दिँदै आएका निधिलाई देउवाले आफ्नो उत्तराधिकारी बनाउने बचन पार्टीको १३ औं महाधिवेशनमै दिएका थिए। सोही बचनबद्धता अनुसार नै देउवाले आफ्नो अनुपस्थितिमा पार्टी सञ्चालनका लागि निधिलाई उपसभापति बनाउने निर्णयमा पुगेको ति नेताले बताए। उपसभापतिमा नेता खुमबहादुर खड्काले पनि दावी गरिरहेका छन्। तर, देउवाको पहिलो रोजाइमा निधि नै परेका हुन्। पौडेल पक्षका नेता आचार्यलाई सहमहामन्त्री बनाउँदा केन्द्रीय समितिबाट पदाधिकारी मनोनयनको प्रस्ताव सजिलै पास हुने देउवाको बुझाइ छ। पदाधिकारी मनोनीत गरेको प्रस्ताव सभापतिले केन्द्रीय समितिको पूर्ण बैठकमा प्रस्ताव पेश गरेर पास गराउनु पर्नेछ।

साप्ता २०७४ वैशाख ११ गते सोमवार

आर्मीको दश अर्बको खरिदमा पनि आरजु ?

काठमाडौं । लोकतान्त्रिक राज्य व्यवस्थामा सरकारका अंगहरू अलोकतान्त्रिक हुँदा व्यवस्थाकै धज्जी उड्ने भएकाले त्यस्ता अंगहरू लोकतान्त्रिक हुन अपरिहार्य मानिन्छ । तर, राज्यको एउटा महत्वपूर्ण सुरक्षा अंग नेपाली सेना भने देशमा लोकतन्त्र आएकै वर्षौं बितिसके पनि अझै लोकतान्त्रिक ढाँचामा आउन सकेको छैन, उही जंगे शासनशैलीमा रमाइरहेको छ । संसद्, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्रलगायतका निकाय राज्यमा उपस्थित भए पनि सेनाभित्रका वेथितीबारे अनुसन्धान, छानबिन गर्ने साहस कसैले गरेका छैनन् ।

रबर स्ट्याम्पको रुपमा रहेको रक्षा मन्त्रालयसमेत सेनाको मनपरीतन्त्रबारे अहिलेसम्म बोलेको सुनिएको छैन । बरु सेनाभित्रको मनपरीतन्त्रको उपयोग गरेर फाइदा लुट्ने प्रवृत्ति राजनीतिक तहमा मौलाउँदै गइरहेको छ । यसको पछिल्लो उदाहरण हुन्, कांग्रेस सभापति शेरबहादुर देउवापत्नी आरजू राणा ।

स्रोतका अनुसार, सेनाको आन्तरिक प्रयोग र शान्ति सेनामा कार्यरत सेनाका लागि आवश्यक हातहतियारलगायत सैन्य बन्दोबस्तीका रु. १० अर्बभन्दा बढीका मालसामान खरिद प्रक्रिया सेनाले अघि बढाइरहेका बेला देउवापत्नी आरजु राणा, सत्तारुढ दलका मन्त्रीहरू र आर्मीका केही जर्नेलहरूले यसमा आँखा गाडेका छन् । सेनाले खरिद गर्न लागेका विभिन्न सामानको खरिदमा चासो राखेर अर्ब/अर्ब कमिशन हत्याउन आरजूलगायतका व्यक्तिहरूले चासो राखेको सेनाभित्र चर्चा हुने गरेको छ । नेपाल वायुसेवा निगमले खरिद गर्ने लागेको लगभग २५ अर्बको दुइथान वाइड बडी एयर बसमा नाम जोडिएकी आरजुको नाम नेपाल आर्मीको रु. १० अर्बको खरिदमा पनि जोडिन पुगेकोमा आर्मीकै इमानदार अधिकृतहरूले आश्चर्य मान्न थालेका छन् ।

यता, डाक्टर बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा नेपाली सेनाले ३ अर्ब बीस करोडमा खरिद गरेको हेलिकप्टर नेपाली सेनाको लागि टोस्नु न बोक्नु भनेजस्तो भएको छ । त्यसबखत खरिद गरिएका दुई थान एम आई-१७ /भी-५ ब्रान्ड न्यू र अत्याधुनिक भनिए पनि प्रत्येक उडानमा प्राविधिक समस्या देखा परेपछि आर्मीका हवाई इन्जिनियर र पाइलटहरू हैरानीमा छन् । अत्याधुनिक टेक्नोलोजी र आर्मीका लागि सबैभन्दा राम्रो भनेर खरिद गरिएको

(बाँकी पृष्ठ ८ मा)

प्रहरी मुख्यालयमा काजवालाकै राज !

काठमाडौं । नेपाल प्रहरीले २०७३ वैशाख ७ गते १५ दिनभित्र काजमा कार्यरत सम्पूर्ण प्रहरीलाई दरबन्दी भएको कार्यालयमा जान निर्देशन दिएको छ । तर, यो निर्देशन पालना हुने संभावना क्षीण रहेको प्रहरी अधिकारी बताउँछन् । प्रहरी प्रधान कार्यालयभित्रै सयौंको संख्यामा प्रहरी काजमा कार्यरत छन् । यो निर्देशन आइजीपी प्रकाश अर्यालले हेडक्वाटरभित्रै लागू गर्न कठिन रहेको प्रहरी स्रोतले बताएको छ । प्रहरी प्रधान कार्यालयमा २ सय प्रहरी मात्र राखी अरुलाई फिल्डमा खटाउनुपर्ने सुझाव पूर्वएआइजी राजेन्द्रसिंह भण्डारीले दिएका थिए । तर उनको सुझाव उनका प्रतिस्पर्धी आइजीपी उपेन्द्रकान्त अर्यालले लागू गरेनन् । दरबन्दी विना नै हेडक्वाटरमा २ हजार प्रहरी थुपारेर राखिएको छ । जसको कुनै काम छैन । हरेक वर्ष नेपाल प्रहरीले प्रहरीमा दरबन्दी पुगेन भन्दै थप दरबन्दी माग हुने गर्दछ । तर, प्रहरी मुख्यालयभित्र अनावश्यक प्रहरी काजमा राखिएको छ । प्रहरीलाई चौबीस घन्टा फिल्डमा खट्नका लागि राज्यले रासन र लत्ताकपडाको अतिरिक्त सुविधा दिएको छ । तर, प्रहरी मुख्यालयमा हुलका हुल प्रहरी काजमा थुपार्ने र पूर्व प्रहरी अधिकृत र वर्तमान

(बाँकी पृष्ठ ८ मा)

आर्मीको...

भए पनि एमआई-१७/भी-५ हेलिकोप्टर नाम मात्रैको भएको पुष्टी भएको छ । सबै फङ्सन र टेक्नोलोजी पुरानो तर, मूल्य मात्रै अति नै महंगो तिरिएको चर्चा नेपाल आर्मीको हवाई महानिर्देशनालयका पाइलट र इन्जिनियरहरूबीच हुने गरेको छ ।

अहिले नेपाल आर्मीसंग रहेका नयाँ भनिएका र पुराना जहाज मर्मत सम्भार गरेर समेत चलाउन धौं-धौ परिरहेको अवस्थामा कमिशनखोर सत्तारुढ राजनीतिक दलका नेताहरू, आरजु राणा देउवाको शक्तिको आडमा आर्मीका सम्बन्धित जर्नेलहरू र कमिशन एजेन्टहरूको मिलेमतोमा फेरि अर्बौंका हेलिकोप्टर समेत खरिद गर्ने तयारी भइरहेको खबर नेपाल आर्मीको संभाररथी विभाग स्रोतले दिएको छ । आर्मी स्रोतका अनुसार, दीपक भट्टको सक्रियतामा फेरि २ थान एमआई-१७ जहाज, रोहिणी थपलियाको सक्रियतामा अगस्ता-(१४ सिट) एक थान, इन्स्युरेन्स(५सिट) एयर बस कम्पनीको र रामेश्वर थापाको सक्रियतामा बेल पाँच सिटे हेलिकोप्टर खरिद गर्ने सुरसार नेपाली सेनाले गरेको छ ।

ग्लोबल टेण्डर नगरीकन आर्मीका जर्नेलहरू र कमिशन एजेन्टहरूको मिलेमतोमा शान्ति सेनाका लागि र आन्तरिक सैन्य बन्दोबस्तीका सामान १० अर्बभन्दा माथि र पुनः ५ थान हेलिकोप्टर नेपाल आर्मीले खरिद गर्न लागेको स्रोतको दावी छ । नेपाल आर्मीलाई साधन, स्रोतले भरिपूर्ण बनाउनु राम्रो पक्ष भए पनि कहींकतैबाट छानबिन हुँदैन भनेर राष्ट्रको धनमा सबै शक्ति र व्यक्ति मिलेर ब्रम्हलुट मच्चाउन लाग्नु खेदको विषय हो ।

Wednesday Feb 3, 2016 The Ktm Post.

CoAS Chettri meets senior figures in India

POST REPORT
KATHMANDU, FEB 2

Chief of Army Staff Gen Rajendra Chhetri, who is currently in India on a week-long visit, has started meetings with high-level political figures and army officials. On Tuesday, he held meetings with Indian Home Minister Rajnath Singh and Minister for Defence Manohar Parrikar, along with his Indian counterpart CoAS Gen Dalbir Singh.

He also held bilateral talks during separate meetings with Chief of the Naval Staff Admiral Robin K. Dhowan, Chief of Staff Committee General Bikram Singh, Chief of the Air Staff Arup Raha and National Security Advisor Ajit Doval, Directorate of Public Relations of Nepal Army said in a press statement on Tuesday.

Indian president will decorate CoAS Chhetri amid a special programme on Wednesday

As per the tradition of conferring honorary tittles to each other's Army chiefs between two nations, Indian President Pranab Mukherjee will decorate Chhetri amid a programme at the President's Office on Wednesday. Chettri's first foreign trip since becoming CoAS of Nepal Army has, however, courted controversy as it has come at the time when the country is reeling under the unofficial blockade imposed by the southern neighbour.

२०७१ कार्तिक १७गते सोमबार

अर्बौंको हतियार खरिदमा सेनाको आँखा

काठमाडौं। देश संक्रमणकालमा रहेको छ। राष्ट्रले संविधान र स्थायी सरकार कहिलेसम्म पाउने हो अत्तोपत्तो छैन। प्रमुख राजनीतिक दलहरू अनावश्यक विषयमा गलफत्ती गरेर महत्वपूर्ण समयलाई लात मारिरहेका छन्। अन्योलपूर्ण अवस्थामा सकेजति व्यक्तिगत फाइदा लुट्न मन्त्री, नेता, सरकारी निकायका हाकिमहरूको दौडधुप चलिरहेछ।


तस्वीर : गुगल

मौकामा चौका हान्न नेपाली सेनाले ४ अर्ब रुपैयाँमा एकथान अगष्टल्याण्ड हेलिकोप्टर खरिद गर्ने तयारी गरेको कुरा रक्षा स्रोतबाट थाहा भएको छ। यस सम्बन्धी अध्ययन गर्न नेपाली सेनाको ठूलो टिम २०७१ कात्तिक १६ गते बिहान इटाली प्रस्थान गरेको समाचार छ। चार अर्ब पर्ने भनिएको हेलिकोप्टर अध्ययन भ्रमण टिममा उपरथी हिमालय थापा, सहायक रथी शरद गिरी, महासेनानी कुमार रायमाझी, प्रमुख सेनानी मानबहादुर कार्की र विजय केसी हेलिकोप्टर कम्पनीको खर्चमा इटाली गएका हुन्। हेलिकोप्टर कम्पनीको आतिथ्यमा रक्षा मन्त्रालयका उपसचिव प्रेम उप्रेती समेत सो टिममा संलग्न छन्। नेपाली दलाल र हेलिकोप्टर कम्पनीको खर्चमा सातजना व्यक्ति अध्ययनका नाममा इटाली भ्रमणमा गएका हुन्।

देश संक्रमणकालमा रहेको अवस्थामा भीभीआइपीलाई सर्भिस दिने नाममा नेपाली सेनाले अति महंगो हेलिकोप्टर खरिद गर्ने प्रस्ताव सरकार समक्ष प्रस्तुत गरेको छ। नेपाली सेनाको हेडक्वाटर स्रोतका अनुसार, नेपाल जस्तो गरिब राष्ट्रले यसको मर्मत संभार गर्न सक्ने हैसियत नै राख्दैन। यही अगष्टल्याण्ड हेलिकोप्टर भारतले १० थान खरिद गर्दा ठूलो काण्ड मच्चिएको र हेलिकोप्टर कम्पनी भारतमा कालोसूचीमा परेको छ। भारतले ४० मिलियन यूएस डलरमा दश थान खरिद गरेको थियो। तीनवटा इन्जिन भएको यो हेलिकोप्टरको उडान, मर्मतसंभार सेतो हात्ती सरह रहेको छ। मर्मत-संभार, संचाल इन्धनमा अधिक खर्च गर्नुपर्ने भएकाले नेपालका लागि यो अगस्ता हेलिकोप्टर पनि विगतको लाउडा जहाज र हालको चिनियाँ जहाज एमए-६०(MA-60) भन्दा पनि काम नलाग्ने जहाज भएकाले यो ल्याउनु हुन्न भन्ने सेनाका हवाई प्राविधिकहरूको राय रहेको बुझिन्छ। रोहिणी वर्मालिया नेपाली एजेन्ट रहेको इटालियन हेलिकोप्टर खरिद योजनामा प्रधानसेनापति

(बाँकी पृष्ठ ८ मा)

सिपाहीको पसिनामा जर्नेलहरू मस्त

पूर्वरथी सीबी गुरुङ

काठमाडौं। सिपाहीले विदेशमा गएर ज्यान माया मारेर ड्युटी गरी कमाएर ल्याएको धनमा सेनाका वर्तमान र पूर्व जर्नेल, कर्णेलहरूले मोजमस्ती गर्दै आएका छन्। सेनाको कल्याणकारी कोषमा चलिरहेको लुटतन्त्रका बारेमा संसदले यथार्थ जानकारी लिएर यसको मनपरी संचालन र खर्च नियन्त्रण गर्नुपर्ने माग सकलदर्जाबाट उठिरहेको छ। नेपाली सेनाका लागि आवश्यक नै नभएको कल्याणकारी बोर्ड गठन गरेर सेनाको रगत पसिनाबाट स्थापित कल्याणकारी कोषको जम्मा रकमबाट भूतपूर्व जर्नेलहरूलाई पोस्न मासिक लाखौंलाख तलबभत्तामा खर्च भइरहेको छ। सिपाहीको रगत पसिनाबाट जम्मा भएको कोषबाट पूर्व रथी सीबी गुरुङलाई मासिक एक लाख पाँच हजार तलब दिइएको छ। त्यस्तै गाडी, पेट्रोल, ड्राइभर, दानापानी लगायत र पेन्सन समेत लगभग दुई लाखमा पाल्नुपरेको छ। त्यस्तै अ.प्रा.

(बाँकी पृष्ठ ८ मा)

अर्बौंको....

गौरवशमशेर राणा समेत विवादमा पर्ने चिन्ता सेनाका केही अधिकृतहरूले गर्न थालेका छन्।

अगष्टल्याण्ड हेलिकोप्टर मात्र होइन, नेपाली सेनाले नेपालको संक्रमणकालको मौका छोपेर लगभग २ अर्ब रुपैयाँको हातहतियार पनि बेल्जियमबाट खरिद गर्ने प्रस्ताव अघि बढाएको कुरा रक्षा मन्त्रालय स्रोतबाट थाहा भएको छ।

यो हतियार सप्लाईका लागि नेपाली एजेन्ट प्रदीपशमशेर राणा निकै सक्रियतापूर्वक लागिरहेको कुरा सैनिक स्रोतबाट थाहा भएको छ।

सिपाहीको....

सहायकरथीद्वय दीपक गुरुङ, देवबहादुर थने र रतुवा शिकारी काण्डवाला र पूर्व उपरथी जर्नेल दिलीपशमशेर राणाले जनही ७२ हजार तलब सुतीसुती खाइरहेको गुनासो आर्मी हेडक्वार्टरका अधिकृतहरूले गरेका छन्।

नेपालका राष्ट्रपतिको मासिक तलब रु. १ लाख ९ हजार चार सय १० रुपैयाँ छ। उपराष्ट्रपतिको रु. ७८ हजार ५७०, प्रधानमन्त्रीको ५६ हजार २ सय छ। त्यस्तै नेपाली सेनाका प्रधानसेनापतिको तलब रु.३९ हजार ७०० र रथीको ३८५४० रहेको छ। अनि काम न काजका यी आर्मीका भूतपूर्व जर्नेलहरूलाई दोहोरो सुविधा(पेन्सन) समेत किन ? भन्ने प्रश्न नेपाली सेनाभित्रै उठिरहेको छ।

आर्मी क्लबमा देखावटी रूपमा कार्यालय खडा गरेतापनि त्यो कार्यालयमा सीबी गुरुङको टीम कहिल्यै जादैन। कार्यालय माकुराको जालो र धुलो परेर बसेको छ। लाख/डेडलाख तलब-भत्ता खाने सीबी गुरुङहरू कार्यालयमा नगई कल्याणकारीको बजेटबाट मोजमस्ती गरिरहेका छन्। सेनाले उपलब्ध गराएको सवारी साधन निजी कामका लागि दुरुपयोग भइरहेको छ।

देवेन्द्र सिटौलाको नेतृत्वमा रहेको रक्षा मन्त्रालय नेपाली सेनाको नियमन, नियन्त्रणमा भन्दा पनि सेनाले दिने विभिन्न सुविधाहरू उपभोग गरेर जर्नेलहरूकै चाकडीमा व्यस्त छ। रक्षा मन्त्रालय, नागरिक सरकारको केन्द्रीय कार्यालय र संसदका विभिन्न समितिहरू रहेको स्थानबाट दुई/तीनसय मिटरको फरकमा रहेको नेपाली सेनाको हेडक्वार्टरभित्र के हुँदैछ र हुन गइरहेको छ भन्ने कुरा प्रधानसेनापति गौरव शमशेर राणाले बताए बाहेक कसैलाई अत्तोपत्तो नै छैन। सेनाको कल्याणकारी कोषमा रहेको २०/२५ अर्ब रुपैयाँ कहाँ, कुन अवस्थामा छ र ? त्यो कोषको सही सदुपयोग भएको छ कि छैन भन्ने कुरा लोकतान्त्रिक भनिएको संसद र सरकारले सामान्य चासो समेत लिने आँट गर्दैन। गौरवशमशेर राणाको कमाण्डको नेपाली सेनाले कल्याणकारी कोषको [illegible] रकम, फाइदा र विभिन्न [illegible] सार्वजनिक गर्ने आवश्यकता पनि [illegible] छैन। [illegible] सो कोषको निर्देशकमा सहायक रथी [illegible] रहेका छन्। यो कोष जो प्रधानसेनापति भएर आउँछन् उसकै आसेपासे, समूह र [illegible] खर्च गरेर मोजमस्ती गर्ने [illegible] सेनाका अधिकृतहरूले गर्दैआएका छन्।

अन्नपूर्ण विचार सोमबार २५ वैशाख २०७४ MONDAY, MAY 8, 2017

गृहयुद्ध गराउने दाउ

युवराज गौतम

गोमन सर्पहरू सिंहदरबारभित्रै सल्बलाइरहेका छन्

प्रेस ट्रस्ट अफ इन्डियाले भारतका माओवादी नेतालाई उद्धृत गर्दै ५ अक्टोबर २००८ मा रोचक र रोमाञ्चक खबर प्रकाशित गऱ्यो, 'हिन्दु धर्म मास्न माओवादीलाई क्रिस्चियनले दान र दवाब दिँदै आएका छन्।' 'क्याथोलिक क्विन' भनेर भारतीय पत्रकारहरूले व्यंग्य गर्ने सोनिया गान्धीले क्रिश्चियन धर्मावलम्बी टी हर्मिसलगायतका गुप्तचर अधिकृतहरूलाई सक्रिय गराएर नेपालका माओवादी सरदारमार्फत त्यस्तै परियोजनामा लगानी गराएको पनि प्रचारमा आयो। वास्तविकता त्यही थियो। नेपालका स्थायी शक्ति, परम्परा, धर्म-संस्कृति तथा इतिहास मास्न माओवादी फौज खडा गरियो। परियोजनाको अवधि, उद्देश्य र उपादेयता समाप्त भइनसकेको ठहर गरेरै काठमाडौंस्थित युरोपियन युनियन, अमेरिकी दूतावास तथा यूएनडीपीका तीनजना महिला नेपाली नेताका घरघरमा पुगेर संविधान सक्रिय गर्नैपर्छ भनेर भैलो खेल्दैछन् भन्ने खबरहरू पनि आए। नेप्लिज (नेपाली) लाई भन्दा पनि टेम्प्लिजलाई नेपाली संविधानको बढी चिन्ता किन छ ? किनभने त्यसभित्र गोरागोरीका एजेन्डा छन्। यो रहस्यबारे नेपालीका धेरै छोराछोरी अनभिज्ञ देखिन्छन्।

बाह्र वर्षअघि दिल्लीमा आयोजित सार्क सम्पादक सम्मेलनमा पंक्तिकारले नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्ने अवसर पाएको थियो। त्यहाँका केही 'ठूला' सम्पादकले भारत संसारकै उत्कृष्ट देश हो भन्ने तर्क गरे। पंक्तिकारले जवाफ दियो, 'राष्ट्रसंघको मानव विकास सूचकांकमा भारत सत्ताइसौं होइन, १२७ औं स्थानमा छ। करोडौं जनता सडकमा भोकै सुत्छन्। भारतकै कृषिमन्त्री (तत्कालीन) शरद पवारले भनेका छन्, 'दस वर्षमा भारतमा एक लाख बीस हजार किसानले आत्महत्या गरिसके।' नेपालको जनसंख्याभन्दा धेरै त भारतमा वेश्या, ठग, डाँका र चोरहरू छन्। के आधारमा भारत विश्वका उत्कृष्ट राष्ट्रमा पर्छ ?'

सबै स्तब्ध भए। यो तर्क सुनेपछि भारतबाहेक अन्य देशका सम्पादक, पत्रकार खुसी देखिए। प्रजातन्त्रमा गर्व गर्ने हो भने राष्ट्र र जनताको शिर ठाडो पार्नुपर्छ भन्ने तर्क गर्दा त्यसको कसैले प्रतिवाद गरेन। खण्डन गर्ने ठाउँ र आधार पनि थिएन।

नेपोलियनले भनेका छन्, 'गुमेको पद, प्रतिष्ठा र सम्पत्ति फर्काउन सकिन्छ, तर समय फर्काउन सकिँदैन।' युरोपका एकजना दार्शनिकले पत्नीसँग रुष्ट भएर पारपाचुके गर्ने निधो गरे। अदालतमा पत्नीले भनिन्, 'मेरा पतिले दिएका गहना, सम्पत्ति, घरघडेरी सबै फर्काउन म तयार छु, तर उनलें मलाई एउटै मात्र कुरा फर्काउनुपर्छ।' न्यायाधीशले सोधे 'के कुरा ? ' महिलाले जवाफ दिइन्, 'मेरो जवानी, जुन मैले मेरा पतिलाई अर्पण गरेकी थिएँ।' अदालतमा सन्नाटा छायो र त्यही प्रश्नले पतिलाई निरुत्तर बनायो।

नेपालका 'ठूला' राजनीतिज्ञहरूले हामीलाई दुईचारपटक होइन, हजारपटक ढाँटेका छन्। कर्तव्यच्युत, भ्रष्ट, हत्यारा, अधम र पातकीहरू राजनीतिज्ञको स्टिकर टाँसेर जनमैत्री देखिने प्रयत्नमा छन्। राजनीतिक दलहरू मेड इन इन्डिया, मेड इन चाइना, मेड इन युरोप र मेड इन अमेरिका भनेर प्रस्ट देखिने एजेन्डा बेच्न खोलिएका प्रदर्शनी कक्ष (शो रुम) बनेका छन्। यथार्थमा राष्ट्र र जनताका पक्षमा उभिनेहरू थोरै मात्र छन्। तर चुनाव आउँदा राम्रो-नराम्रो होइन, हाम्रो पार्टीको मान्छे भनेर 'डग' लाई पनि गड (देवता) बनाउने कारखाना जनसमुदाय नै हो। यो कटु यथार्थ स्वीकार गर्न दासहरू तयार छैनन्, तर स्वाभिमानीहरू विवेकबाट निर्देशित हुन्छन्। जनताले दलको कार्यकर्ता बनेर होइन, 'नेपाली' भएर सही निर्णय गर्ने हो भने राष्ट्रिय एकता कमजोर हुने सम्भावना रहँदैन।

गृहयुद्ध गराएर नेपालमा पनि सुडान, ग्वाटेमाला, कंगो, अंगोला, अफगानिस्तान, सियरालिओन, मोजाम्बिक, निकारागुवा, होन्डुरस र हाइटीमा पश्चिमाहरूले गरेका तन्त्रमन्त्र लागू गर्न खोजेको देखिन्छ। अधिकांश एनजीओ र आईएनजीओमार्फत भइरहेका गतिविधि हेर्दा विदेशीको षड्यन्त्र स्पष्ट बुझ्न सकिन्छ।

दिनहुँजसो एकदुई घन्टा युवासँग प्रत्यक्ष कुराकानी गरेर उनीहरूका चाहना र दृष्टिकोण बुझ्ने क्रममा हाले उद्यमी युवा सरोज ढकालसँग भेट भयो। कलकत्ता विश्वविद्यालयबाट सात आठ वर्षपहिले एमकम तथा व्यापार प्रशासनमा स्नातकोत्तर (एमबीए) उत्तीर्ण गरेका ३२ वर्षीय ढकाल भन्छन्, 'म कांग्रेस, एमाले, राजावादी, माओवादी वा मधेसवादी होइन, राष्ट्रवादी हुँ। तसर्थ राष्ट्रको अहित गर्ने कसिंगर अधिकांश एनजीओ/आईएनजीओलाई सम्मानपूर्वक बिदा गर्नुपर्छ। युवा वर्ग राष्ट्रको सम्पत्ति हो, त्यसलाई दक्ष, सक्षम र सक्रिय बनाउनुपर्छ। वृद्ध र प्रौढहरूलाई सत्ता होइन, सम्मान दिनुपर्छ। बेरोजगार युवालाई काम र सीप दिनुपर्छ।'

चितवननिवासी सरोज युवा वर्गका प्रतिनिधि पात्र हुन्। लाखौं युवालाई नेपालमै व्यस्त बनाउनुपर्नेमा राजनीतिक नेतृत्वको विवेकहीनताले अस्तव्यस्त बनाइएको उनको गुनासो छ। नेपोलियनले भने झैं समय फर्केर आउँदैन भन्छन् उनी। पच्चीस वर्षको उमेरमै व्यवसायमा लागेका उनी हजारौं युवालाई रोजगार दिने तयारीमा गृहकार्य गरिरहेको बताउँछन्। 'नेपालको एक इन्च उर्वर जमिन पनि बाँझो राख्न हुन्न र कोही पनि काम बेगर बस्नु हुन्न', उनको सोच स्पष्ट छ।

केही दिनअघि ठमेलको एउटा कफी हाउसमा लेबनानकी पत्रकारसँग भेट भयो। 'नेपालजस्तै हाम्रो देश पनि विदेशीले बर्बाद बनाएका हुन्। सन् १९२६ मा संविधान आयो। १९२७, १९२९, १९४३, १९४७ र १९८९ मा त्यसमा संशोधन गरियो। सबै धार्मिक, समुदायलाई समेट्ने भनेर म्यारोनाइट क्रिस्चियन, अर्थोडक्स क्रिस्चियन, कुर्द, प्यालेस्टिनी, सिया, सुन्नी, आर्मेनियन, ड्रुजलगायतलाई भागबन्डा मिलाउँदा पनि कुरा नमिलेर गृहयुद्ध भयो। तपाईंहरूको [illegible] सेना लेबनानमा सन् १९५८ देखि सक्रिय भयो, शान्ति सेनामा'। सन् १९४३ को संविधान संशोधनले राष्ट्रपति बन्न योग्य र सक्षम होइन, क्रिस्चियन नै चाहिन्छ भन्यो। प्रधानमन्त्री सुन्नी मुसलमान नै चाहिने रे! सभामुख सिया हुनैपर्ने रे! मुसलमानको देशमा क्रिस्चियन (त्यो पनि म्यारोनाइट) नै राष्ट्रपति हुनुपर्ने रे! हे भगवान् ...!', उनले थाप्लोमा हात राखेर भनिन्।

मैले थपें, 'तपाईंको देश अटोमन साम्राज्यअन्तर्गत समृद्ध थियो। सन् ६५३ मा अरबहरू आएपछि सयौं वर्ष व्यापारिक केन्द्र बनेको रहेछ। धेरै वर्ष फ्रान्सको उपनिवेश भएर सन् १९४१ मा स्वाधीनता प्राप्त गऱ्यो। राजाले राष्ट्रिय एकता र परम्परागत धर्म-संस्कृति जोगाउनुपर्छ भन्थे। उनलाई फ्याँकेर सन् १९४३ मा गणतन्त्र घोषणा गरियो। त्यसपछि १६ वर्ष गृहयुद्ध भयो। कहिल्यै पनि शान्ति भएन। नौ लाख मानिस घरबारविहीन भए। गणतन्त्र त आयो तर शान्ति र स्थायित्व गयो।'

'हो, हाम्रा बुबाले ठ्याक्कै यही कुरा भन्नुहुन्थ्यो', उनले भनिन्। लेबनानमा हजारौं प्यालेस्टिनी आप्रवासीले समस्या ल्याए झैं भारतबाट बीस-तीस वर्ष पहिले आएर तराईमा बसेका नवआगन्तुकहरूले अराजकता मच्चाउन खोजेको बताएपछि उनी छक्क परिन्। 'तराईमा सयौं वर्ष अघिदेखि बसेका रैथानेहरूमा राष्ट्रप्रति ठूलो माया र सम्मान छ। तर हिन्दी भाषालाई राष्ट्रभाषा बनाउनुपर्छ भन्नेहरू रैथाने होइनन्। रैथाने तराईवासीहरू बज्जिका, थारू, राजवंशी, सन्थाल, मेचे, किसान, मैथिली, धिमाल, ताजपुरिया, अवधी, भोजपुरी आदि भाषा बोल्छन्। नेपाल भत्काउने ठेक्का लिएका केही दुरात्माहरू हिन्दी भाषाले नेपाली भाषासरह मान्यता पाउनुपर्छ भनिरहेका छन्।' उनले मेरा केही तर्क डायरीमा टिपिन्।

लेबनानमा सन् १९७५ मा गृहयुद्ध सुरु भयो। प्यालेस्टिनी छापामार खोज्दै इजरायली सेना त्यहाँ प्रवेश गरेपछि सन् १९७८ देखि तनाव झन् बढ्यो। सन् १९४८ मा इजरायल राष्ट्र गठन भएपछि त्यहाँबाट भागेर आएका प्यालेस्टिनीहरूले सन् १९६४ मा बेरुतमा यासेर अराफातको नेतृत्वमा प्यालेस्टाइन लिबरेसन अर्गानाइजेसन (पीएलओ) खोलेका थिए। क्रिस्चियन र मुसलमानबीचको द्वन्द्व चर्किंदै जाँदा बेरुतमै दुइटा राजधानी भए। गृहयुद्धमा लाखौं मानिस मरे भने लाखौं अपांग र घरबारविहीन बन्न पुगे। लेबनानमा मुसलमान र क्रिस्चियन भन्दै विभाजित हुन



> तराईमा आगो दन्काएर दक्षिण सुडाउने बनाउने, प्रत्येक गाउँमा आईएनजीओका लाखौं रुपैयाँ पुऱ्याएर चर्चहरू खोल्दै जाने, चीन र भारतबीच द्वन्द्व र अविश्वास बढाएर फाइदा लिने, नेपालका टाठाबाठा र राजनीतिज्ञलाई खेताला बनाउने र नेपालमा लामो गृहयुद्ध गराउने त्यो आगोमा आफ्नो रोटी सेक्ने पश्चिमका दाउ देखिन्छ।

पुग्यो। नेपालमा पनि दुई किसिमको राष्ट्रियता बनाएर तराई र पहाडबीच विभाजन रेखा कोर्न खोजिएको छ।

नेपालमा चुच्चे, थेप्चे, मधिसे र पहाडे, खस, दलित, जनजाति आदि संकीर्णतालाई संविधानले नै पुल्पुल्याएको देखिन्छ। वडावडामा अमुक जातको प्रतिनिधित्व हुनेपर्ने भनिएको छ। कुनै-कुनै वडामा थकाली, नेवार, धिमाल, थारू, धामी वा बाहुन-क्षेत्री मात्र होलान्। त्यस्ता ठाउँमा सोह्र श्राद्धमा बाहुनबाजे खोज्न हिँडे झैं दलित महिला खोज्न कहाँ जाने ? यस्ता नमिल्दा कुरा धेरै छन्, तर 'हर्रो नपाउँदो जाइफल थाउँदो' भने झैं नपाइने, नचाहिने र जनतालाई मतलब नै नभएका कुरामा दलहरूबीच कलह गराइएको छ। राष्ट्र दिनप्रतिदिन कमजोर बनिरहेको छ। दातालाई विधाता मान्दामान्दै नेपाल असफल राष्ट्रको खातामा दर्ता हुने अवस्थामा पुगेको छ।

ग्रीक साहित्यमा राजा मिदासको कथा आउँछ। त्यो मिथक वा स्वैर कल्पनामा आधारित छ। उनले जे छोयो, त्यही सुन हुने वरदान पाएका थिए। पानी, बालुवा, रुख सबै सुन भए। उनकी छोरी पनि सुनको मूर्ति बनिन्। नेपालमा गणतन्त्रलाई त्यस्तै कथा बनाइयो। राजतन्त्र, हिन्दु अधिराज्य, संसदीय पद्धति, प्राचीन हिन्दु -बौद्ध सभ्यता सबैतिर प्रहार भयो। आज न्यायपालिकालाई संसद् र सरकारको एउटा विभागजस्तो बनाउन खोजिँदै छ।

दस-एघार वर्षसम्म चलाइएको 'प्रोक्सी वार' सञ्चालन गर्नेहरूमाथि सर्वोच्च अदालतले छानबिन गर्ने छाँटकाँट देखाएपछि सरकारले न्यायपालिकामा क्षेप्यास्त्र प्रहार गर्‍यो। अब नेपाली सेनाको तेजोवध गर्न दृश्य-अदृश्य शक्तिकेन्द्रहरू सक्रिय हुन सक्ने सम्भावना देखिएको छ। नेपालको एकीकरणभन्दा पहिलो १६१६ सालमा द्रव्य शाहलाई गोरखाको राजसिंहासनमा विराजमान गराउनेहरूमा सेना पनि रहेको पाइन्छ। तसर्थ चार सय पचास वर्षभन्दा पुरानो इतिहास भएको सेनाले आफ्नो अस्तित्व रक्षाको लागि समयमै सोच्नुपर्ने बेला आएको छ। संसारकै प्राचीन राष्ट्रमध्येको एक नेपालको प्राचीन सेनालाई क्षतविक्षत् बनाउने माओवादीको परिकल्पना र परियोजना उसले रद्द गरिसक्यो भन्ने कुरा विश्वास गर्न सकिँदैन।

नेपालीलाई धर्म, जात, भाषा र क्षेत्रका आधारमा विभक्त गरेर राष्ट्रिय एकताको भावना समाप्त पार्ने गुरुयोजनाअन्तर्गत संघीयता लागू गर्न खोजेको चाल पाएपछि चित्रबहादुर केसी (राष्ट्रिय जनमोर्चाका नेता), नारायणमान बिजुक्छे रोहित (नेमकिपा अध्यक्ष) देखि केपी ओली (एमाले अध्यक्ष) समेतले संघीयताले संघार गर्छ भन्ने अभिव्यक्ति दिइसकेका छन्। संघीयता र गणतन्त्र दुवै अस्वीकार गर्ने दल भनेर चिनिएको राष्ट्रिय प्रजातन्त्र पार्टीले आफू सरकारमा नगए संघीयता, गणतन्त्र र संविधान मर्ने भयो भन्दै गहिरो चिन्ता व्यक्त गरेर केही महिना सत्ताको सुखभोग गरेपछि हाले सरकारबाट बहिरिएको छ। विदेशीका एजेन्डामा कुद्नु हुन्न भनेर पुराना मालिकले सम्झाउँदा पार्टी अध्यक्षले उल्टै हप्काउन खोजेको कुरा सञ्चारमाध्यममा आयो। राप्रपाका अध्यक्षले विधानबाटै [illegible] हटाइदिने धम्की दिएको पनि प्रचारमा आयो। ऋषिले दुःखी मुसालाई सिंह बनाइदिएको र सिंह भएपछि ऋषिसँग पाखुरा सुर्कँदै पूर्ति गरेपछि 'पुनर्मुसिको भव' (पुनः मुसा हुन्!) भनेर श्राप दिएका प्रसङ्ग पनि सामाजिक सञ्जालमा आए।

सत्ताका लागि सिद्धान्त, नैतिकता, सदाचार तथा राष्ट्रहित बिर्सनेहरूले पार्टीलाई प्रालि (प्राइभे ट लिमिटेड) बनाएका उदाहरण अरू पनि छन्। सत्ता पाउँदा गणतन्त्रवादी, नपाउँदा राजतन्त्रवादी हुन थालेपछि बर्बादी त हुने नै भयो। हिजो राजतन्त्र र हिन्दुत्वको पोसाकमा सात लाख मत पाएको दलले मौसमअनुसारको पोसाक बदल्न खोज्दा जनताको नजरबाटै गिर्नुपर्ने अवस्था आयो। वेश्याले ग्राहक फेरे झैं सिद्धान्त फेर्नेहरूलाई जनताले विश्वास गर्दैनन्। माओवादीसँग लसक्क टाँसिएपछि नेपाली कांग्रेसले त्यस्तै आलोचना सहनुपरेको छ र पार्टीभित्रै चरम निराशा तथा आक्रोश देखिन्छ।

प्रधानमन्त्री पुष्पकमल दाहालले २०७४ जेठको पहिलो सातभित्र आफूलाई प्रधानमन्त्री पद दिन्छन् भनेर शेरबहादुर देउवा प्रसन्न देखिन्छन्। त्यो पनि ठूलो भ्रम हो। वैशाख ३१ गते पहिलो चरणको निर्वाचन प्रधानमन्त्री दाहालको नेतृत्वमा हुने र जेठ ३१ को निर्वाचनअघि देउवा प्रधानमन्त्री हुने प्रचार गरिएको छ। कुनै गुप्त कोठामा कानमा खुसुक्क भनिएका कुरालाई 'भद्र सम्झौता' भनिएको छ। पश्चिमा तथा दिल्लीका षड्यन्त्रकारीहरूले केपी ओलीलाई प्रधानमन्त्रीबाट हटाएर आफूअनुकूल पात्र खोज्ने क्रममा माओवादी केन्द्र र कांग्रेसको लगनगाँठो बाँधिदिएको कैयन् लेखक तथा विश्लेषकले उल्लेख गरिसकेका छन्। तसर्थ वैशाख मसान्तमा विधिपूर्वक चुनाव गराएर प्रधानमन्त्री दाहालले आज्ञाकारी बालकले सानो भाइलाई चकलेट दिए झैं मुसुक्क हाँसेर सत्ता सुम्पिन्छन् भन्ने कांग्रेसी नेतागणले सोचेका छन् भने जेठको दोस्रो हप्ताअघि नै उनीहरू भस्किने परिस्थिति सिर्जना हुने देखिन्छ। तसर्थ यस्ता शकुनि चालामा वैशाख ३१ गते स्थानीय निर्वाचन हुन्छ कि हुँदैन भनेर धेरैले आशङ्का गर्न थालेका छन्।

तराईमा आगो दन्काएर दक्षिण सुडाउने बनाउने, प्रत्येक गाउँमा आईएनजीओका लाखौं रुपैयाँ पुऱ्याएर चर्चहरू खोल्दै जाने, चीन र भारतबीच द्वन्द्व र अविश्वास बढाएर फाइदा लिने, नेपालका टाठाबाठा र राजनीतिज्ञलाई खेताला बनाउने र नेपालमा लामो गृहयुद्ध गराउने त्यो आगोमा आफ्नो रोटी सेक्ने पश्चिमका दाउ देखिन्छ। यो खेलमा दिल्लीका दादाहरू [illegible] प्रपञ्च रचिरहेका छन् र गोमन [illegible] सल्बलाइरहेका छन्।

१

२०७३ साल वैशाख २८ गते सोमवार 'इन्टरनेट पोष्ट'

५ अर्बको सरकारी जग्गामा व्यक्तिको कब्जा

ठूलो गिरोह सक्रिय, लगानी माया मारेर सयौं फरार

▸ विमल गौतम, प्रधान सम्पादक लोकान्तर डटकम

काठमाडौं, २०७३ वैशाख २४ । काठमाडौं उपत्यकाभित्रको दुईसय रोपनी जग्गा । बजारभाउ अनुसार मूल्य करिब पाँच अर्ब रुपैयाँ पर्छ । ४० औं वर्ष अघि सरकार राजपत्रमा सूचना निकाल्छ । जग्गाधनीलाई मुआब्जा दिन्छ र अधिग्रहण गर्छ । तर, त्यसको हिसाबकिताब राख्दैन । न त आवश्यक प्रक्रिया पूरा गरी जग्गा कानूनी रूपमा आफ्नो बनाउँछ । सैंतीस वर्षसम्म स्थानीय पूर्वजग्गाधनी चुपचापै बस्छन् । तर, जग्गामा सरकारी उपस्थिति नदेखेपछि चलमलाउन थाल्छन् । अनि सुरु हुन्छ किनबेच ।

व्यवहारतः जग्गा सरकारी नै हो । तर, थोरै कानूनी प्रक्रिया पूरा हुन बाँकी छ । जब प्रशासन, स्थानीय र दलालको मिलेमतोमा जग्गाको व्यापक किनबेच सुरु हुन्छ, सरकारी निकायमा उजुरी पर्छ । त्यसपछि मात्र सरकार जग्गाको सोधखोज गर्न थाल्छ । तर उसको सोधीखोजीमा यति ढिलाइ हुन्छ कि ऊ ब्युँतिसक्दा अधिकांश कित्ता व्यक्तिले कब्जा गरिसकेका हुन्छन् । अनि सरकार भटाभट जग्गा किनबेच गर्नेलाई पक्राउ गर्छ । बयान लिन्छ । मुद्दा पनि दायर गर्छ । केही त अहिले अदालत धाइरहेका छन् । तर जग्गा किनबेचमा संलग्न दर्जनौं व्यक्ति लगानी नै मायाँ मारेर बेपत्ता छन् ।

फट्ट सुन्दा कुनै सिनेमाको कथा जस्तै लाग्ने यो दृश्य भक्तपुर जिल्लाको मध्यपुर ठिमीमा भइरहेको यथार्थ खुलासा हो । बजारी भाउमा बेचबिखन गर्दा पाँच अर्ब रूपैयाँभन्दा बढी पर्ने सार्वजनिक जग्गा सरकारी निकायको लापरवाहीका कारण सयौं व्यक्तिले कब्जा गरेको खुलासा भएको छ । अनुसन्धानले सरकारी अधिग्रहणमा परेको बहुमूल्य जग्गालाई मालपोत, नापी, गाविस, नगरपालिका, वडा कार्यालय, प्रहरी प्रशासन र दलालको मिलेमतोमा कसरी निजी बनाइयो, त्यस पछाडि कस्ता खेल भए र कोको संलग्न छन् लगायतका तथ्य उजागर गरेको छ ।

मध्यपुर ठिमी नगरपालिका गट्ठाघर-१५ (तत्कालीन दिव्येश्वरी गाविस-८) स्थित दुईसय रोपनी जग्गा २०२६ र २०२९ सालमा राजपत्रमा सूचना निकालेर सरकारले अधिग्रहण गरेको थियो । जग्गा प्राप्ति ऐन २०१८ अनुसार धनीहरूलाई मुआब्जा दिएर उतिबेलाको हवाई विभाग (हालको नेपाल नागरिक उड्डयन प्राधिकरण)ले उक्त जग्गा अधिग्रहण गर्‍यो ।

रिपिटर टावर बनाउनका लागि जग्गा अधिग्रहण गरियो । तर रिपिटर टावर निर्माण गरिएन । तत्कालीन विभागले उक्त जग्गामा खेती किसानी नगर्नु भनेर त पत्राचार गर्‍यो तर बेचबिखन गर्न नपाइने भनेर रोक्का राख्न पहल गरेन । जग्गालाई कानूनी रूपमा आफ्नो गराउन पहल पनि गरेन । स्थानीय जग्गाधनीमध्ये कतिपयलाई सरकारले मुआब्जा पनि बाँड्यो । तर मुआब्जाको हिसाबकिताब देखिने कागजात न स्थानीय जग्गाधनीले नै सुरक्षित राखे न सरकारले नै ।

(हेर्नु राजपत्रमा प्रकाशित सूचना)

हाम्रो खोजले सरकारी अधिकारीहरूकै लापरवाहीका कारण राज्यलाई एकपछि अर्को घाटा पर्दै गएको देखाएको छ । मुआब्जा दिएर जग्गा सरकारी बनाउँदा राज्यको ढुकुटीबाट रकम खर्च भएको छ । तर सरकारी अनुगमन र आवश्यक प्रक्रियाको अवलम्बन नगर्दा व्यवहारतः सरकारको नाममा रहेको जग्गा निजी व्यक्तिको कब्जामा पुगेको देखिन्छ । सरकारी निकायहरूले जग्गाधनीहरूलाई मुआब्जा दिएरै जग्गा अधिग्रहण गरेको बताएपनि २०२६ र २०२९ सालमा कसलाई कति मुआब्जा दिइयो भन्ने कागजात चाहिं फेला परेको छैन ।

अधिग्रहणमा परेको जग्गा

अधिग्रहण गरेपछि उतिबेलाको हवाई विभागले उक्त जग्गा रोक्का राख्न मालपोत कार्यालयलाई पत्राचार नगरेको र जग्गा रोक्का नभएका कारण गाविस र नगरपालिकाको सिफारिसमा आफूहरूले जग्गा निजी व्यक्तिका नाममा नामसारी गरिदिएको बयान मालपोत अधिकारीहरूले अदालत समक्ष दिएको भेटिएको छ ।

अधिग्रहणपछि उक्त जग्गामा खेती गर्न रोक लगाइएको थियो । तत्कालीन हवाई विभागले ८ मसिर २०३२ मा तत्कालीन जिल्ला कार्यालय भक्तपुरलाई उक्त जग्गामा बाली लगाउन रोक्नका लागि पत्राचार गरेको भेटिएको छ । लगत्तै २८ पौष २०३२ सालमा जिल्ला कार्यालय भक्तपुरले तत्कालीन महेन्द्र आ.गा.प. लोकन्थलीलाई बाली रोक्काको लागि पत्राचार गरेको सरकारी अभिलेखमा उल्लेख छ ।

जम्मा १९९ रोपनी जग्गामध्ये अधिकांशको किनबेच भइसकेको सरकारी निकायहरूको अभिलेखबाट देखिन्छ । ३७ वर्षसम्म उक्त जग्गा यथावत् रहेपनि २०६७ सालपछि मात्र विभिन्न पक्षको मिलेमतोमा जग्गा किनबेच भएको देखिन्छ । किनबेच भइरहेका केही कित्ताका सम्बन्धमा उजुरी परेपछि मात्र सरकारी निकायहरूले चाल पाएका थिए ।

प्रहरी र सरकारी वकिलको कार्यालयले अनुसन्धान गरी किनबेच भइसकेका तीन कित्ताका बारेमा अदालतमा मुद्दा दर्ता गराएका छन् । अभियोगपत्रमा जग्गा किनबेच गर्नेलाई विपक्षी बनाइएको छ । जग्गा किनबेचमा अनौंठा तथ्यहरू फेला परेका छन् । जग्गा किनबेचमा संलग्न केहीलाई प्रहरीले पक्राउ गरिसकेको छ



नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष २५ गते २०२६ साल

श्री ५ को सरकार

निर्माण तथा यातायात मन्त्रालयको

सूचना

२०६९ साल वैशाख २८ गते सोमवार (कान्तिपुर'

भने, सरकारी र गैरसरकारी गरी दर्जनौं व्यक्तिहरूमाथि प्रहरीले छानबिन सुरु गरेको छ। सरकारी अधिग्रहण रहेको जग्गालाई नामसारी गर्न गाविस, नगरपालिका वडा कार्यालयले कसरी मञ्जुरी दिए र त्यो मञ्जुरीको आधारमा मालपोत कार्यालयले नामसारी गर्न किन अनुमति दियो भन्ने गम्भीर प्रश्न उब्जेको छ।

'राजपत्रमा सूचना आएपनि मालपोतले नहेरेको हुनसक्छ,' भूमिसुधार तथा व्यवस्थापन मन्त्रालयका सहसचिव एवं प्रवक्ता नागेन्द्र झाले भने, 'व्यवहारिक हिसाबले मालपोत कार्यालय दोषी नदेखिएपनि कानूनी हिसाबले चाहिं सरकारी अधिग्रहणमा परेको जग्गा बेच्नु गम्भीर त्रुटि हुन गयो।' उनले यति गम्भीर विषय पहिलोपटक सुनेको र मन्त्रालयमा यस विषयमा छलफल नभएको उल्लेख गरे।

राजपत्रमा आएको सूचनालाई आधार मानेर उक्त जग्गा बेचबिखन हुनबाट रोक्न किन नसकेको भन्ने प्रश्नमा मालपोत कार्यालय भक्तपुरका प्रमुख मुक्तिप्रसाद आचार्यले भने, 'अधिग्रहण गर्नासाथ तत्कालीन हवाई विभागले जग्गा रोक्का राख्न या त मालपोतलाई पत्राचार गर्नुपर्दथ्यो या आफ्नो नाममा उक्त जग्गा दर्ता गर्नुपर्दथ्यो। त्यो दुवै हुन नसक्दा समस्या आएजस्तो देखिन्छ।'

यद्यपि राजपत्रमा सूचना आइसकेपछि मालपोतले जग्गा किनबेच गर्ने अनुमति दिन नहुने उनले उल्लेख गरे। 'म आउनुभन्दा धेरै अधिको विषय हो तर कसरी यस्तो भयो अब त्यसको अनुसन्धान होला।'

भक्तपुर सरकारी वकिल कार्यालयका एक अधिकारीले चाहिं राजपत्रमा प्रकाशित भएपछि त्यसलाई सबै सरकारी निकायमा पठाइने र त्यो हेरेर नै सरोकारवाला अधिकारीले आफ्नो कदम चाल्नुपर्ने बताए। 'राजपत्रमा सूचना आएपछि छुट्टै पत्र आएन, त्यसैले जग्गा किनबेच हुनबाट रोक्न सकिएन भन्न मिल्दैन' उनले भने।

कहिले र कसरी भयो नामसारी ?

सरकारी अधिग्रहणमा रहेको उक्त जग्गाको कैयौं कित्ता किनबेच भएपनि एकाध कित्ताको बारेमा मात्र प्रहरी र सरकारी वकिलको कार्यालयले अनुसन्धान गरेको देखिन्छ। प्रहरीको अनुसन्धानले अधिग्रहण गरिएका जग्गाहरू रोक्का अभिलेखमा 'रोक्का' भनेर नराखिएको कारणले विभिन्न कित्ता व्यक्तिको नाममा कित्ताकाट हुँदै हक हस्तान्तरण हुँदै गएको देखाएको छ।

जसमा साबिक दिव्येश्वरी ८ कित्ता नं ४४२ को जग्गा २९ वैशाख २०६७ को निर्णयले हरिबहादुर बकाजीको नामबाट करिबहादुर श्रेष्ठको नाममा नामसारी भएको छ। त्यस्तै २४ जेठ २०६७ को लिखतबाट कित्ता नं ४४२ कित्ता काट भई कित्ता नं १३८१, १३८२ अन्यलाई गएको देखाइएको छ र कित्ता न १३८३ बाकी रहेकोमा उक्त बाँकी कित्ता जग्गा ९ फागुन २०६७ को निर्णयले रामचन्द्र श्रेष्ठको नाममा नामसारी भई १३ जेठ २०६८ को राजीनामा लिखतबाट प्रतिभाञ्जली पोखरेलको नाममा कायम भएको देखाइएको छ।

जग्गा बेच्ने बेलामा पोखरेललाई उक्त जग्गा सरकारी अधिग्रहणमा परेको बारेमा जानकारी नगराइएको प्रहरी स्रोतको दावी छ भने जग्गा धनी श्रेष्ठले चाहिं अधिग्रहण नै गैरकानूनी भएको दलिल पेश गर्दै आएका छन्। आफ्नो नाममा जग्गा कायम भएपछि पोखरेलले अन्नपूर्ण फाइनान्समा मा १६ जेठ २०६८ मा उक्त जग्गा धितो राखी ४८ लाख रूपैयाँ निकालेको देखिन्छ।

अनौठो के देखिएको छ भने उक्त जग्गा पोखरेलको नाममा पास गर्दा राजीनामापत्रमा पहिला १९ लाख लेखेर केरमेट गरिएको छ। त्यसपछि ४० लाख रूपैयाँ लेखेर केरमेट गरिएको छ र अन्तिममा ४९ लाख रूपैयाँमा उक्त जग्गा खरिद गरेको देखिएको छ। जम्मा ४९ लाख रूपैयाँमा किनेको जग्गालाई फाइनान्समा धितोमा राखेर केही दिनमै पोखरेलले ४८ लाख रूपैयाँ निकालेको पाइएको छ।

पोखरेललाई जग्गा बेच्ने रामचन्द्र श्रेष्ठले साबिक दिव्येश्वरी ८ क को कित्ता नं ४४२ र ४४४ का जग्गाहरू आफ्ना बाबु हरिबहादुर श्रेष्ठको मृत्यु पश्चात् ९ फागुन २०६७ मा कित्ता न १३८५ कायम गराई आफ्नो नाममा नामसारी गरेको जवाफ प्रहरीसमक्ष दिएका छन्।

उक्त जग्गा तत्कालीन हवाई विभागले अधिग्रहण गरेको भन्ने सुनेको तर सम्बन्धित कार्यालयले रोक्का नगरेको, आफूले उक्त जग्गाको मुआब्जा प्राप्त नगरेको साथै सरकारले लिखित पत्रसमेत नदिएको हुँदा पोखरेललाई जग्गा बिक्री गरेको उनको दावी छ। रामचन्द्रलाई जग्गा बिक्रीमा सहयोग गरेको आरोप लागेका श्यामसुन्दर श्रेष्ठले चाहिं आफू घरजग्गाको कारोबार गर्ने व्यक्ति भएको, त्यसै आधारमा कित्ता नं १३८५ को लालपूर्जाको प्रतिलिपि बनाउन लगाइएको जवाफ प्रहरीलाई दिएका छन्।

साथै उनले तत्कालीन हवाई विभागले अधिग्रहण गरेको उक्त जग्गा बिक्री गर्न सल्लाह माग्दा आफूले किनबेच गर्न नहुने बताएको दावी प्रहरीसामु गरेका छन्। उनले जग्गा खरिद गरेबापत पोखरेलले रामचन्द्रलाई जम्मा दुईलाख ५० हजार रूपैयाँ मात्र दिएको खुलासा प्रहरीसमक्ष गरिदिएका छन्।

जग्गाधनी रामचन्द्र श्रेष्ठले २५ पुस २०२९ मा राजपत्रमा सूचना प्रकाशित भएर जग्गा अधिग्रहण हुन लागेपछि प्रकाशित सूचना बमोजिम अधिग्रहण नगर्न तत्कालीन अञ्चलाधीश कार्यालयमा पत्राचार गरेको तर स्पष्ट रूपमा अधिग्रहण नगर्नु भन्ने कारबाही नभएको प्रहरी अनुसन्धानले देखाएको छ। तर वाली रोक्का गर्न सूचना भएपश्चात् श्रेष्ठले उक्त जग्गामा जोतभोग नगरेको पाइएको छ।

श्रेष्ठको तर्फबाट मुद्दा लडिरहेका अधिवक्ता राजकुमार सुवाल जग्गा अधिग्रहण प्रक्रिया नै गैरकानूनी भएको दाबी गर्छन्। उनले २०२६ सालको अधिग्रहणलाई गैरकानूनी र २०२९ सालको अधिग्रहणलाई चाहिं प्रक्रिया नपुगेको बताए।

'सरकारले जग्गा प्राप्ति ऐन २०१८ अनुसार जग्गा अधिग्रहण गरेको छ तर जग्गा प्राप्ति सम्बन्धि नियमावली २०२७ मा मात्र जारी भएको छ। नियमावली नआई ऐन कार्यान्वयन हुन सक्दैन।' त्यसैले २०२९ सालमा अधिग्रहण गरिएका जग्गा व्यक्तिको नाममा फिर्ता गर्न आफू लडिरहने उनले बताए। अधिग्रहणमा जानु अनि जसका नाममा जग्गा थियो, उनीहरूले नै अहिलेसम्म उक्त जग्गाको कर तिरिरहेकाले सरकारले चाहँदैमा सजिलै जग्गा अधिग्रहण गर्न नसक्ने जिकिर उनको छ। उनले वडा र गाविसको सिफारिसमा मालपोतले नामसारी गरिदिएकाले सरकारी जग्गा व्यक्तिले कब्जा गरेको भन्न नमिल्ने पनि बताए।

'यदि सरकारी जग्गा हो भने मालपोतले किन नामसारी गर्न छुट दियो ?' दुईसय रोपनी जग्गामध्ये किनबेच भएका केही कित्तामाथि अनुसन्धान हुनु भेदभाव भएको उनको भनाइ छ। 'पचासौं कित्ता जमिन बेचबिखन भएको छ। अरूमा अनुसन्धान हुँदैन तर केहीमा मात्र अनुसन्धान गरेर फँसाउन खोजिँदैछ' उनको दावी छ।

उनले उठाएको एउटा सवाल चाहिं गम्भीर देखिन्छ। त्यो के भने २०६७ देखि अहिलेसम्म किन सरकारी निकायले एकाध कित्ता जग्गाका सम्बन्धमा मात्र अनुसन्धान गरिरहेका छन् र त्यसरी नै किनबेच गर्ने अरूमाथि किन कारबाही हुन सकेन ?

भक्तपुर जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ता प्रकाश कोइराला चाहिं यो भनाइसँग सहमत छैनन्। 'अनुसन्धान भइरहेको विषयमा म धेरै टिप्पणी गर्न चाहन्न तर सरकारी जग्गा निजी बनाउन जुन खालका गतिविधि भए, ती संगठित अपराध जस्ता देखिन्छन्। हामी गहन अनुसन्धानमै छौं। केही दिनमा थप नतिजा देख्नुहुनेछ।' (साभार लोकान्तर डटकम)



सोमवार १८ फागुन २०६३ 'अन्नपूर्ण पोष्ट'

६ अन्नपूर्ण विचार

सम्पादकीय

फाल्गुन शुक्लपक्ष प्रतिपदा, नेपाल संवत् ११२७

कांग्रेसमा कोलाहल

नेपाली कांग्रेस मुलुकमा हाल सक्रिय राजनीतिक दलहरूमध्ये सबभन्दा पुरानो र स्पष्ट मान्यता, सिद्धान्त र कार्यक्रम बोकेको पार्टी हो। त्यसको इतिहास र गतिविधिले नेपालमा प्रजातन्त्रको स्थापना या पञ्चायतको उदारीकरण र राष्ट्रियता तथा प्रजातान्त्रिक शक्तिहरूबीचको सहकार्यमा आधारित ०४७ को संविधान ल्याउने जस्ता महत्त्वपूर्ण कार्य या उपलब्धि हासिल भएका थिए। कांग्रेसको शिथिलता या उसले बाह्य निर्देशनमा बढी निर्भरता अनि बाह्रबुँदेपछिको राजनीतिमा माओवादीको एजेन्डालाई बिनाबहस अपनाएपछि नेपालमा राष्ट्रियता र प्रजातन्त्र दुवैमा संकट आइलागेको हो, विगत १० वर्षमा। यस अवधिमा कांग्रेसको सैद्धान्तिक र वैचारिक धार मृत हुन पुगेको हो।

कांग्रेस स्थापनादेखि महत्त्वपूर्ण हरेक संघर्षमा नेतृत्वदायी भूमिका खेलेका त्यसबेलाका जीवित एक मात्र नेता कृष्णप्रसाद भट्टराईले कांग्रेसले राजनीतिक एजेन्डा आयात गरेको आरोपका साथ पार्टी छोड्नुको अर्थ (०६३ भदौमा) खोज्ने साहस कांग्रेसमा अहिलेसम्म कसैले नदेखाउनुले स्पष्ट पार्छ कि कांग्रेसमा न इतिहासप्रति गर्व छ न वर्तमान र भविष्यप्रति कुनै सोच। त्यस अर्थमा कांग्रेस संसदीय दल तथा पार्टीको नेतृत्वमा एक वर्षअघि विजय हासिल गरेका शेरबहादुर देउवासँग अझै पनि एउटा अवसर छ, पार्टीलाई विचार, सिद्धान्त र बीपी, गणेशमान सिंह तथा कृष्णप्रसाद भट्टराईले रचेको र हिँडेको मार्गमा अगाडि बढेर अनि राष्ट्रमा आएको संवैधानिक र राजनीतिक संकट तथा आफ्नै विगत १० वर्षको गल्तीको समीक्षा तथा सुधार गरेर। पार्टी जब नीति, सिद्धान्त र त्यसमा आधारित कार्यक्रममा बाँधिन्छ र इतिहासको गौरव र भविष्यप्रतिको प्रतिबद्धताबाट निर्देशित हुन्छ, त्यो जीवन्त हुन्छ र जनताको आदरको पात्र हुन्छ। आन्तरिक प्रजातन्त्र र आवधिक आन्तरिक निर्वाचन हुने दलहरूमा गुट-उपगुटहरू स्वत: निरुत्साहित हुन्छन्।

विगत एक वर्षमा पार्टीमा महत्त्वपूर्ण सांगठनिक पदपूर्ति नहुनु र महत्त्वपूर्ण तथा नीतिगत विषयमा संस्थागत मान्यता निर्धारित गर्न केन्द्रीय समिति बैठक नहुनु पार्टी थप कमजोर बन्ने प्रवृत्तिको निरन्तरता हो। कांग्रेसमा स्पष्ट देखिने गरी कमसेकम चार 'गुट' हरू देखिनुले चार गुटको योग नै पार्टी हो भन्ने मान्यता बढ्दै गएको छ, पार्टीका विभिन्न तहमा पनि।

शनिबार पार्टीभित्र रामचन्द्र पौडेल गुटको बैठकमा पार्टीको सदस्यता नलिएका व्यक्तिहरूलाई राजदूत बनाएकोमा देउवाको आलोचना भएको छ। यसको अर्थ हो पार्टीभित्र आफूलाई वैकल्पिक नेतृत्वका रूपमा प्रस्तुत गर्ने नेतामा पनि त्यही दरिद्रता छ। राजदूत पद, पार्टीका सदस्यहरूका लागि भर्ती केन्द्र हैन, त्यो मुलुकको हित र छविलाई बाहिर स्थापित गर्न उपयुक्त पात्रहरू पठाइनुपर्ने ठाउँ हो। वैकल्पिक नेतृत्वको दरिद्रता र लोभले पार्टीलाई सुदृढ बनाउँदैन। सत्ता समीकरणमा तात्कालिक आवश्यकताबाट निर्देशित भई कुनै निर्णय लिनु एउटा विषय हो, तर मुलुकको सार्वभौमसत्ता र स्वतन्त्र हैसियतमा आँच आउने गरी जारी राजनीति, बाह्य हस्तक्षेप तथा कांग्रेसकै इतिहास र सान्दर्भिकता लोप हुने गरी लिइएका निर्णयबारे कांग्रेस सचेत छैन र समीक्षा गर्न तयार छैन भने उसको सान्दर्भिकता सकिँदै गएको अर्थ लाग्नेछ।

अन्नपूर्ण ७ विशेष

सोमवार २३ फागुन २०७३ । NDAY, MARCH 6, 2017

हस्तक्षेप नहोस्

नेपाल एक स्वतन्त्र र सार्वभौम राष्ट्र हो भन्ने साउथ ब्लक र त्यसको नेतृत्वकर्ताहरूले राम्रोसँग बुझ्न जरुरी छ। त्यसो भएमा मात्र सम्बन्धमा आँच आउँदैन।

कृष्ण कँडेल

'नेपालमा जन्मेका गौतमबुद्धले मनको अँध्यारो हटाए, नेपालसँग यति ठूलो जलसम्पदा छ, जसले पूरै भारतको अँध्यारो हटाउन सक्छ' नरेन्द्र मोदी

गणतन्त्र भारतको कार्यकारी पद्को सिंहासनमा विराजमान भएपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उद्‌घोष गरेका थिए, 'भारत दक्षिण एसियाका सबै छिमेकीसँग सुमधुर संम्बन्ध कायम गर्दै विश्वसामु असल छिमेकीको उदाहरणीय दृष्टान्त दिन अग्रपंतिमा रहनेछ।' शासन सम्हालेलगत्तै पहिले भुटान र त्यसपछि दोस्रो बरियता क्रममा नेपाल आएका थिए। नेपालको तत्कालीन व्यवस्थापिका-संसद्‌लाई सम्बोधन गर्ने क्रममा उनले नेपालमा जन्मेका बुद्धको ज्ञानको ज्योतिले मानव जातिको मनको अँध्यारोलाई उजिल्याएको प्रसंग उल्लेख गर्दै नेपाली नेताहरूलाई ऋषिमन लिएर अघि बढ्न सल्लाह दिएका थिए। मोदीले नेपालमा भएको जलसम्पदाको भण्डारले नेपाल मात्र होइन, पूरै भारतको अँध्यारो हटाउन सक्छ भन्दै जलविद्युत् परियोजनामा भारत लगानी गर्न तयार छ भनेका थिए। मोदीले त्यसो भनिरहँदा मोदीलाई नेपालको सिंगो संसद् र नेपाली जनताले भरोसा भएको नेताको रूपमा चित्रित गरेका थिए।

आफ्ना समकालीन र आफूभन्दा अग्रज नेताहरूलाई पछि पार्दै विशाल भारतको कार्यकारी पदमा विराजमान हुन पुगेका मोदीको गद्दी आरोहणसँगसँगै खासगरी दक्षिण एसियाली देशहरूमा नयाँ आशाको सञ्चार पलाएको थियो। नेपाल र नेपालीले उनको बोलीअनुसारको व्यवहार पनि होला भनेर ठूलो आशा र भरोसा लिएर बसेका थिए। अझ नेपाल भ्रमणका बेला उनले नेपालमा जेजस्ता तिलस्मी भाषण गरे, आफूलाई कट्टर कम्युनिस्ट क्रान्तिकारी भन्नेहरूले समेत संसद्‌मा मच्चिइमच्चिई ताली बजाएका थिए।

एक्काईसौं शताब्दीको सम्बन्ध भनेको विकासको सम्बन्ध हो, समृद्धिको सम्बन्ध हो। अझ छिमेकी मुलुकहरूले त एकअर्काको स्वअस्तित्व स्विकारेर अघि बढ्ने सम्बन्ध कायम गर्नेपर्छ। भारतीय शासक वर्गले नेपाल र भारतीय जनताबीचको सदियौंदेखिको 'रोटी बेटी' को सम्बन्धलाई आफ्नो दलगत स्वार्थसँग जोडेर भद्दा राजनीति गर्दै आएका छन्। त्यसको पछिल्लो कडी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको कथनी र करनीमा देखिएको आवरणबाटै प्रस्टिएको छ। गत फेब्रुअरी २७ मा भारतको गोरखपुरको एउटा चुनावी सभालाई सम्बोधन गर्दै कांग्रेस नेता राहुल गान्धीले भनेका थिए, 'मोदीको डीएनएमा नै ईर्ष्या र रिस छ।' कृपया मोदीजी राहुलको त्यो भनाइलाई मिथ्या साबित गर्ने पनि गान्धी मन लिएर अघि बढ्नुहोस्, बुद्ध चित्त लिएर अघि बढ्नुहोस्। छिमेकीसँग राम्रो सम्बन्ध कायम गर्नुहोस्। दुनियाँको ठूलो प्रजातान्त्रिक मुलुकलाई त्यही सुहाउँछ, ठूल्दाइ प्रवृत्ति सुहाउँदैन। स्मरण रहोस्, छिमेकीसँगको कपटपूर्ण सम्बन्धले भारतको छवि दिनप्रतिदिन धुमिल बन्दै गएको छ। दक्षिण एसियामा भुटानबाहेक भारतको सम्बन्ध कसैसँग पनि राम्रो छैन।

नेपालको संविधान जारी हुने बेलामा भारतले खेलेको भूमिका, त्यसपछिको नाकाबन्दी, मधेसी मोर्चाले सिमानामा बसेर गरेको अवरोध र त्यसलाई भारतले गरेको प्रत्यक्ष तथा परोक्ष तवरले पुर्‍याएको सहयोगबाट के स्पष्ट हुन्छ भने भारतीय सत्ता नेपालका हरेक आन्तरिक घटनाक्रम मा 'माइक्रो म्यानेजमेन्ट' गर्न उद्यत् रहन्छ। ९० प्रतिशतभन्दा बढी जनप्रतिनिधिहरूको बहुमतले पारित संविधानप्रति नेपालभित्रै असन्तोषका स्वर गुन्जिनु स्वाभाविक होला तर मित्रराष्ट्र भारतले त्यसमा दखल अन्दाज गर्नु भारतले आफ्नो ठूल्दाइ प्रवृत्तिलाई पुनरावृत्ति गर्नु हो भन्दा अतिशयोक्तिपूर्ण नहोला।

भारतीय जनता पार्टीका नेता अटल बिहारी बाजपेयीले धेरै पहिले अघि सारेको भारत, पाकिस्तान र नेपाल सम्मिलित बौद्ध पर्यटन सर्किटको अवधारणालाई खुम्च्याउँदै नेपालको लुम्बिनी र भारतको बोधगयामा बौद्ध पर्यटन रुट चलाउन सकिने प्रस्ताव पुनः अघि सारेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी दुवै देशको समृद्धिको ढोकामा आग्लो लगाउँदै नेपाली जनतालाई नाकाबन्दीको ठूलो उपहार दिए।

मोदी र भारतीय सत्ताले गत वर्षको नाकाबन्दीलाई नेपाल सिर्जित भने पनि स्वयं भारतीय सञ्चारमाध्यमले नाकाबन्दीविरोधी नेपालमा उठेका आवाजलाई उच्च प्राथमिकताका साथ प्रकाशन तथा प्रसारण गरे। नाकाबन्दी मानवताविरुद्धको अपराध हो भन्दै मानव अधिकार तथा शान्ति समाजले भारतीय दूतावासअगाडि गरेको प्रदर्शनलाई संसारभरका सञ्चारमाध्यमले प्राथमिकता दिए। भारतका प्रायः सबै चर्चित अखबारले शान्ति समाजसँग आबद्ध मानवअधिकारकर्मीहरूको गिरफ्तारीको समाचारलाई अग्रभागमा स्थान दिएका थिए। नेपाल र नेपाली जनताप्रति गरिएको दुर्व्यवहारका कारण मोदी भारत र विश्वसामु नै लज्जित हुनुपर्‍यो। एउटा सामान्य गरिब किसानको परिवारमा जन्मेर शासनको शिखरमा पुगेका व्यक्तिद्वारा जनसंख्या र भौगोलिक एवं हिसाबले सानो छिमेकी मुलुकप्रति जुन दुर्व्यवहार गरियो, त्यसको इतिहासले मूल्यांकन गर्ला नै, तर मोदी छविद्वन असफल त भयो नि!

भारतले विगतको गल्तीबाट पाठ सिक्ने हो भने नेपालसँग विगतमा गरिएका जेजति सम्झौता छन्, त्यो सबै कार्यान्वयन गर्नेतर्फ तत्काल अग्रसर हुनुपर्छ। यसका साथै असमान सन्धिहरूबारे पुनरावलोकन हुनेपर्छ। सुस्ता र कालापानीलगायतका विवादास्पद क्षेत्रको विवाद वार्ताद्वारा सुल्झाउन भारत उदारतापूर्वक प्रस्तुत हुनुपर्छ। नेपाल-भारत सीमालाई अद्यावधि बनाउनुपर्छ। विश्वको सबैभन्दा ठूलो प्रजातान्त्रिक देश भारत जो आफूलाई वर्तमान विश्व राजनीतिमा अघि बढाइरहेको छ। आर्थिक, सामाजिक, वैज्ञानिक आदि सबै प्रकारका तरक्कीले भारत उदाउँदो शक्ति राष्ट्रको रूपमा उभिएको छ। तर भारतीय सत्ता र अझ भने प्रधानमन्त्री मोदी जुन सपना बोकेर मैदानमा होमिएका छन्, ती सपना पूरा गर्न सर्वप्रथम छिमेकी मुलुकहरूप्रतिको व्यवहारमा परिवर्तन ल्याउनेपर्छ। मुखमा राम, राम बगलीमा छुरा राख्ने प्रवृत्तिले उनको उद्देश्य पूरा हुन सक्दैन। अरूलाई उपदेश दिन सजिलो हुन्छ, आफू उदाहरणीय बन्न सके मात्र नेता राजनेता हुन सक्छन् अन्यथा नायक खलनायकमा परिणत भएका दृष्टान्त दुनियाँमा धेरै छन्।

नेपालको दक्षिणी भागमा बस्ने नेपाली र भारतीयबीच सदियौंदेखि रोटीबेटीको सम्बन्ध छ। धार्मिक र सांस्कृतिक कुरा एक छन् हाम्रा। जनताबीचको सम्बन्ध सेतु भत्काउने काम बेलाबेलामा शासनमा बस्नेहरूबाट हुँदै आएको छ।

नेपाल एक स्वतन्त्र र सार्वभौम राष्ट्र हो भन्ने साउथ ब्लक र त्यसको नेतृत्वकर्ताले राम्रोसँग बुझ्न जरुरी छ। त्यसो भएको खण्डमा मात्र नेपाल र भारतको सम्बन्धमा आँच आउँदैन। नेपालको आन्तरिक मामिलामा भारतले हस्तक्षेप गर्न किमार्थ मिल्दैन। संविधान कस्तो बनाउने? कसलाई राष्ट्रपति बनाउने? कसलाई प्रधानमन्त्री बनाउनेलगायतका विषयमा भारतले चासो राख्ने होइन। अनावश्यक चासो राख्दा दुई देशबीचको मित्रतामा खलल पुगिरहन्छ। विगतका गल्तीबाट पाठ सिक्दै नेपाल र भारतका नेताहरूले अब उप्रान्त दुवै देशको सौहार्द हुने काममा हातेमालो गरेर अघि बढ्नु वाञ्छनीय देखिन्छ। हालैका दिनहरूमा भारतले नेपालको अरुण तेस्रो जलविद्युत् परियोजनालगायतका आयोजनामा सकारात्मक चासो देखाएको छ, यो शुभसंकेत हो।



सम्पादकीय

चैत्र कृष्ण पक्ष प्रतिपदा, नेपाल संवत् ११३७

सोमबार ३० फागुन २०७३ | चैत्र कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११३७ | MONDAY, MARCH 13, 2017

राप्रपाको भविष्य

आदर्श र सिद्धान्तको राजनीति 'व्यावहारिक राजनीति' बाट विस्थापित हुँदैछ। कतिपय राजनीतिक चिन्तकले राजनीतिमा आदर्श र सिद्धान्तवादले मृत्युवरण गरेको अथवा त्यो असान्दर्भिक बनिसकेको घोषणासमेत गरेका छन्। निश्चय पनि राजनीति, राज्य सञ्चालन र जनताको आकांक्षा पूर्तिको साधन या माध्यम भएकाले त्यसलाई व्यावहारिकताको कसीमा हेरिनैपर्छ, तर 'व्यवहारवाद' को संकीर्ण र स्वच्छन्द अनि व्यक्तिपरक कसीमा मात्र राजनीति सञ्चालन गर्ने हो भने त्यो सत्ता प्राप्तिको सिँढी मात्र बन्न जान्छ। अनि राजनीतिक नेतृत्व स्वच्छन्द बन्न जान्छन्।

नेपालमा संक्रमणकालीन राजनीति शुद्ध रूपले सत्ताकेन्द्रित र परचालित बन्न पुगेका छ। नीति, सिद्धान्त र आदर्श या आस्था बोकेर देखा परेका दलहरू पानीको फोकाजसरी फुट्दै विलिन हुन थालेका छन्। नारायणमान बिजुक्छे खुलेरै विदेशी हस्तक्षेपको विरोध गर्छन्, तर बाह्रबुँदेलाई अस्वीकार गर्नुपर्छ र त्यसबाट परचालित बन्न पुगेको नेपालको सत्ता र राजनीतिबारे अन्तिम निर्णयको अधिकार नेपाली जनतालाई तत्काल सुम्पिनुपर्छ भन्न सक्दैनन्। चित्रबहादुर केसी संघीयताको विरोध गर्दा अग्रपंक्तिमा देखा पर्छन्, तर संघीयता बोकेको संविधानअन्तर्गत मन्त्री पद स्विकार्छन्।

०६३ को परिवर्तनलगत्तै सत्ताको प्रतिशोधको निशाना बनेका कमल थापाले आन्तरिक र बाह्य अनुमोदनमा सिर्जित तत्कालीन लहरविरुद्ध उभिँदै दोस्रो संविधानसभामा संवैधानिक राजतन्त्र, विकेन्द्रीकृत शासन व्यवस्था तथा सनातनी हिन्दु राष्ट्रका नाममा मत मागे, जनताले चौथो ठूलो दलका रूपमा स्थापित गरे, उनकै राप्रपा नेपाललाई। त्यसको दुई वर्षपछि पूर्वपञ्चहरूकै नियन्त्रणमा रहेको तर 'गणतन्त्र' अपनाएको राप्रपासँग एकाकार भई पार्टीको आकारलाई व्यापकता दिन सफल भए र त्यो विस्तारित दलले पनि नेता स्वीकार गर्‍यो उनलाई। राजतन्त्रलगायतका नीतिगत विषयमा एकीकृत दलको संस्थागत धारणा आउन बाँकी नै छ, तर पार्टीको एकीकरण र केन्द्रीय समितिलगायत आन्तरिक निर्वाचनमा विजयीहरूको मान्यता र सूची हेर्दा चार वर्षअघि जनतासमक्ष राप्रपा नेपालले प्रस्तुत गरेका मान्यता रुचाउनेहरूको बहुमत स्पष्ट देख्न सकिन्छ त्यसमा। तर ती नीतिसँगै नेतृत्व तहको कार्यशैली, आन्तरिक प्रजातन्त्रको अभ्यास र नेता या नेतृत्वभन्दा माथि दलीय र राष्ट्रिय स्वार्थको प्रधानता देखिएन भने ०६३ यताको राजनीतिमा देखिएको विकृति सुधारिने छैन। राप्रपाले एउटा वैकल्पिक मान्यता र चरित्र अँगालेर आफूलाई प्रस्तुत गरेको थियो तीन वर्षअघि, तर त्यो छवि कायम छ अब?

एकतापछि राप्रपाको निर्णय चुनौतीपूर्ण बनेको थियो- राप्रपाका तर्फबाट मन्त्रिपरिषद्मा रहिआएकालाई फिर्ता बोलाउने या राप्रपा नेपाल पृष्ठभूमिबाट आएकाको लागि थप कोटा माग्ने ? शुक्रबार थापा र दिलनाथ गिरी मन्त्रिपरिषद्मा प्रवेशपछि राप्रपा बुझिँदो रूपमा संघीय, गणतान्त्रिक, धर्म निरपेक्ष संविधानको बफादार अंश बन्न पुगेको छ। आदर्श र मान्यता 'व्यवहारवाद' को खोलमा विलिन भएका छन्।

तर कुनै पनि पार्टी आन्तरिक प्रजातान्त्रिक अभ्यासबिना 'गणतान्त्रिक' बन्न सक्दैन। किनकि गणतन्त्रले सामूहिक आत्मनिर्णयमार्फत जनतालाई सशक्त बनाउने प्रक्रिया र मान्यतामा सम्झौता गर्दैन। राप्रपाकै संस्थापक नेता र प्रबुद्ध व्यक्तित्व डा. प्रकाशचन्द्र लोहनीले एकतापछि एकतर्फी रूपमा थापाले मन्त्रिपरिषद्मा जाने निर्णय गरेको आरोपका साथ पार्टी परित्याग गरेका छन्। सम्भवतः यो मान्यता बोक्नेमा उनी एक्ला छैनन् पार्टीमा। सिद्धान्तमाथिको सम्झौताले पद दिन सक्छ, तर दीर्घकालमा प्रतिष्ठा र स्वीकार्यता दिने छैन पार्टी र उसको नेतृत्वलाई।

साँघु वर्ष ३४ अङ्क ४४, २०७३ साल फागुन २३ गते सोमबार ७ (बाकी पृष्ठ ८ मा)

'रअ'को चलखेलले निम्त्याएको तिक्तता !

केही दिन अघिदेखि नेपालका अखबारहरूमा रञ्जित रे पछि नेपालका लागि भारतीय राजदूत को आउने सम्भावना छ भन्ने चर्चा चलिरह्यो। यही साँघु साप्ताहिकमा २०७३ फागुन ९ र फागुन १६ गतेमा दुई सोमबार यसै विषयमा छापिएको टिप्पणी पनि पढें। ती अनुसार, प्रीतिशरण, टीएस तिरुमूर्ति र पूर्व चीफ अफ आर्मी स्टाफ दलवीरसिंह सुहाग इत्यादिको नाम चर्चामा थियो। तर, सबैभन्दा पछि मंजीवसिंह पुरी नेपालका लागि भारतीय राजदूतमा नियुक्त भए।

तुलनात्मकरुपले हामीले सोच्दा राम्रै लाग्यो। आखिर भारतीय राजदूतको नियुक्ति नेपालीहरूको चाहनाले होइन भारत सरकारको चाहनाले हुन्छ।

प्रीतिशरणको बारे पत्रकार, सरोज अधिकारीको पुस्तक जासुसीको जालोमा मैले वि.सं.२०६५ असोजमै ८ वर्ष अगाडि पढिसकेको थिएँ कि नेपालको तराईमा हिंसात्मक गतिविधि र बाहिरी आन्दोलन गरिरहेका समूहहरू र भारतीय गुप्तचरहरूको बैठकमा भारतीय मिनिस्ट्री अफ एक्सटर्नल अफेयर्सकी प्रीतिशरणको पनि उपस्थिति थियो। जो, सरोजराज अधिकारीको जासुसीको जालो नामक पुस्तकको पेज ४५ मा यस प्रकारले उल्लेखछ -तिहार लगत्तै २०६४ कात्तिक २९ गते बसेको मन्त्रिपरिषद्को बैठकमा मुलुकका तीन सुरक्षा निकाय नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरू समेत उपस्थित थिए। कारण थियो तराईमा क्रियाशील समूहहरूले असोज तेस्रो साता भारतको पटनामा गरेको बैठक।

यो बेला

- कमल कोइराला

हामीहरूले हेर्दा भारतको छिमेक नीति तय गर्ने काम कूटनीतिज्ञहरू र परराष्ट्र मन्त्रालयले भन्दा पनि इन्दिरा गान्धीको पालादेखि गुप्तचर एजेन्सीहरू र 'रअ'ले गर्ने गरेको देखिन्छ।

राष्ट्रिय अनुसन्धान विभागले सरकारलाई बुझाएको एक गोप्य प्रतिवदेन अनुसार तराई केन्द्रित आन्दोलन कसरी अगाडि बढाउने भन्ने विषय केन्द्रित थियो, पटना बैठक। तराईमा सशस्त्र गतिविधि गरिरहेका जयकृष्ण गोइत, ज्वाला सिंह र विस्फोट सिंहका अतिरिक्त 'शान्तिपूर्ण आन्दोलन' गरिरहेका केही नेता समेत सो बैठकमा उपस्थित थिए। तराईमा अनेक समूहमा विभाजित आन्दोलनकारीहरूलाई एकजुट गरी शान्तिपूर्ण र सशस्त्र संघर्षलाई फरक फरक नेतृत्वमा तर समानान्तर ढंगले अगाडि बढाउने निर्णय गरिएको जासुसी प्रतिवेदनमा उल्लेख छ। एक उच्च गुप्तचर अधिकारीका अनुसार, आश्चर्यलाग्दो कुरा चाहिं के थियो भने सो बैठकमा भारतीय बाह्य गुप्तचर एजेन्सी 'रअ'। रिसर्च एण्ड एनालाइसिस विङका केही अधिकारी तथा भारतीय विदेश मन्त्रालयमा नर्थ डेस्क हेर्ने सहसचिव प्रीतिशरणको समेत उपस्थिति थियो।

त्यसैले नराम्रो चर्चा प्रकाशित प्रीतिशरणबारे ८ वर्ष पहिले वि.स. २०६५ मा पढिसकेको हुँदा चर्चित

(बाँकी पृष्ठ ८ मा)

'रअ'को...

कूटनीतिज्ञ मञ्जीव सिंह पुरीको चाहि कुनै पुरानो कुरा नसुनेको हुँदा राम्रै लाग्यो। भारतीय राजदूत नियुक्त भएका व्यक्तिहरूले नेपालमा मन नपराएर प्रधानमन्त्री हटाएर आफूले खेलाउन चलाउन सकिने कयौं पटक देखिएको छ। सुक्ष्म व्यवस्थापन अन्तर्गत अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख र अन्य पदमा नियुक्ति पनि रअले म्यानुपुलेट गरेको देखिन्छ।

मञ्जीव सिंह पुरी क्यारिअर डिप्लोम्याट पनि भारतीय विदेश मन्त्रालय र 'रअ' को नेपाल नीतिभन्दा बाहिर जान सक्ने सोचाइ राख्न हुँदैन। प्रधानमन्त्री जवाहरलाल नेहरूले सन् १९६२ मा चीनसँग भिड्ने नीति लिएर हारेपछि नेपाल र राजा महेन्द्रसँग राम्रो सम्बन्ध बनाउनुपर्ने अमेरिकन र ब्रिटीश गुप्त सल्लाह मान्न खोजे। उनको छिटो मृत्यु भएपछि भारतका प्रधानमन्त्री भएका लालबहादुर शास्त्रीले जसरी भएपनि महाराजा महेन्द्रलाई खुसी पार्ने नीति लिएका थिए। उनले आफ्नै वाराणशीका काशी नरेशलाई आरती उतार्ने पारिवारिक संस्कृति रहेका श्रीमननारायण अग्रवाललाई काठमाडौंमा राजदूत नियुक्त गरेर पठाए। सन् १९५४ कोशी सम्झौता मात्रिकाप्रसाद कोइरालाको पालामा भारतीय मन्त्री गुलजारीलाल नन्दा र नेपाली मन्त्री महावीर शमशेर हस्ताक्षर भएको सम्झौतामा कुनै लिजको अवधि तोकिएको थिएन। तर, कोशी सम्झौता एकपटक होइन, दुईपटक भएको सत्यतथ्य कमैलाई पाहा छ।

कोशीको बाँध एक वर्ष कम दुई सय वर्ष। १९९ वर्षलाई आफूलाई राष्ट्रवादी भन्ने राजा महेन्द्रका पालामा लालबहादुर शास्त्री स्वयम् कोशी बाँध स्थल पुगेर राजा महेन्द्र पनि त्यहाँ पुगी त्यो लिज थपिएको थियो। त्यसबखत बाक स्वतन्त्रता, प्रेस पनि कठोर नियन्त्रणमा हुँदा त्यस कुराको काठमाडौं गाइँगुइँ मौखिक चर्चा भएपनि प्रकाशित र सार्वजनिक हुन सकेन। भएको भएपनि विरोधमा नारा जुलुस हुनसक्ने स्थिति कठोर तानाशाहीका कारण सम्भव थिएन।

लालबहादुर शास्त्रीका पालामा 'रअ' थिएन र भारतीय विदेश मन्त्रालयले नेपाल सम्बन्धी नीति बनाउँदै थियो। त्यसअघि स्वयम् प्रधानमन्त्री जवाहरलाल नेहरूले भारत स्वतन्त्र भएदेखि विदेश मन्त्रालय आफ्नै पोर्टफोलियोमा राखेका थिए। उनी आफैं व्यक्तिगत रुपले र तत्कालीन भारतीय राजदूतहरूमार्फत सोझै नेपाल नीति बनाउथे र लागू गर्दथे। हामीहरूले हेर्दा भारतको छिमेक नीति तय गर्ने काम कूटनीतिज्ञहरू र परराष्ट्र मन्त्रालयले भन्दा पनि इन्दिरा गान्धीको पालादेखि गुप्तचर एजेन्सीहरू र 'रअ'ले गर्ने गरेको देखिन्छ। बीचमा मुरारजी देशाई र जनता सरकार बनेका बखत नेपाल र भारत सम्बन्ध एकपटक धेरै राम्रो भएको थियो। प्रधानमन्त्री मुरारजी देशाई स्वयम् 'रअ' माथि ठूलो अविश्वास गर्दथे र आफ्नै विदेश नीति निर्माण गर्दथे। यदाकदा वीपी सिंह, आईके गुजरालहरू अल्पकाललाई प्रधानमन्त्री हुँदापनि सम्बन्ध त्यति नराम्रो र नेपाली जनतामा कटुता उत्पन्न हुने रुपमा देखा परेन।

तर, नेपालका लागि जति नै राम्रो कूटनीतिज्ञ र जो व्यक्ति भारतीय राजदूत नियुक्त भएर आएपनि भारत सरकारको विदेश मन्त्रालय, 'रअ' र 'रअ'का विभिन्न रुपमा तैनाथ काठमाडौंस्थित भारतीय राजदूतावासका हाकिमहरूले नेपाल र छिमेकी देशहरू खासगरी नेपालसँग राम्रो सम्बन्ध स्थापित गर्ने नीति नअपनाएसम्म नेपाली जनतामा रहेको तिक्तता र कटुता कम हुने सम्भावना कमै हुन्छ।

साँघु वर्ष ३४ अङ्क ४५, २०७३ साल फागुन ३० गते सोमबार ७

पनकै (बाँकी पृष्ठ ८ मा)

कहिलेसम्म चल्छ यो नांगो लुटतन्त्र ?

२०७३ फागुन २३ गते सोमबार एमालेको सभास्थललाई सुरक्षा प्रदान गरी तैना प्रहरीहरूमाथि आक्रमण गर्न गुलेली ताकीताकी ढुंगामुढा गर्दै, लाठी लिँदै गर्दा प्रहरीले आत्मसुरक्षाका लागि चलाएको गोलीले पाँच जनाको मृत्यु भयो। कार्यक्रम सकिएपछि गरिएको हमलाबाट स्पष्ट हुन्छ यो योजनाबद्ध ढंगले हिंसा भड्काउन गरिएको आक्रमण थियो। कार्यक्रमस्थलमा सबै नेताहरूको सम्बोधन सकिइसकेको थियो।

यो बेला

- कमल कोइराला

सत्य हो या किंवदन्ती हो धेरै पुरानो समयमा पूर्वी नेपालको कुनै राज्यमा हाडभंग राजा र भांडभंग मन्त्री थिए रे। जो यस्तै यस्तै उट्पट्याङ शासन गर्दथे।

तीन पूर्वप्रधानमन्त्रीहरू र अन्य शीर्ष एमालेका नेताहरू त्यहाँ थिए। विभत्स अप्रिय दुर्घटना गराउने 'कु-प्रयास' स्थानीय प्रशासन र प्रहरीले मौकैमा कुशलतापूर्वक भूमिका निर्वाह गरी त्यस षडयन्त्रलाई विफल पारे।

मौकामै बुद्धि पुऱ्याई ठूलो र पछिसम्म धेरै चर्चित रहनसक्ने नराम्रो दुर्घटना हुन पाएन। टीकापुरमा पहिले नै बुद्धि पुऱ्याउन नसक्दा एसएसपी लक्ष्मण न्यौपाने सहित इन्स्पेक्टर तथा प्रहरी जवानहरूले ज्यान गुमाउन पऱ्यो र एक अबोध दुधे बालक समेतको संहार भएको थियो। त्यसको केही वर्ष अघि वि.सं.२०६३ चैत ७ गते २७ माओवादी युवायुवतीहरूलाई लखेटी लखेटी हत्या गरिएको थियो।

तर, सप्तरी राजविराजमा टीकापुर प्रहरी सहार र गौरसहार दोहोरिन पाएन। शीर्ष राजनीतिक नेता र कार्यकर्ताहरूको पनि हिंसक आक्रमणकारीहरूबाट रक्षा गर्ने काम भयो। जनधनको नोक्सान र संहार हुन नदिने प्रशासक र प्रहरी अधिकृतहरूलाई प्रमोशन र सम्मान, तक्मा प्रदान गर्नुसाटो कुनै प्रकारको जाँचबुझ नगरी फिर्ता बोलाइयो। साधुलाई सुली र चोरलाई चौतारोको उखान चरितार्थ गरियो।

सत्य हो या किंवदन्ती हो धेरै पुरानो समयमा पूर्वी नेपालको कुनै राज्यमा हाडभंग राजा र भांडभंग मन्त्री थिए रे। जो यस्तै यस्तै उट्पट्याङ शासन गर्दथे। अहिलेका सत्ताधारी नेताहरूले समानुपातिक भन्दै कमसेकम दुई दर्जन सेठ साहुकारहरूलाई करोडौं गोज्याउँदै सांसद पद बेचबिखन गर्दै आएको तथ्य नेपाली जनता समक्ष छ। अब आएर विदेशमा सम्पूर्ण राष्ट्र र जनताको प्रतिनिधित्व गर्ने राजदूत पद पनि वर्तमान नेताहरूले बेचबिखन र डाक बढाबढ लिलामीमा चढाइसके।

म्यानपावर कम्पनीका, राम्रो ख्याति नभएका मालिक मालिक्नीलाई उनीहरूले मानव तस्करी गर्ने देशमै नियुक्त गर्दा राष्ट्रिय स्वार्थ र देशको इज्जतको रक्षा हुन्छ कि व्यक्तिगत नाफा आर्जनका लागि हुने पदको दुरुपयोगबाट राष्ट्रको अहित र बेइज्जती दुवै

(बाँकी पृष्ठ ८ मा)

कहिलेसम्म...

हुन्छ? हालै राजदूतमा नियुक्त दुई म्यानपावरका मालिकलाई ठूलो हो-हल्ला चलेपछि सरकारले नाम फिर्ता लिएको थियो तर हिन्दीमा चोरी और सिनाज़ोरी वा नेपालीमा जो चोर उसकै ठूलो स्वर चरितार्थ भयो। एकजना भ्रष्टाचारका निर्भिक संचालन गर्दै लुटको सम्पत्ति सोहोर्दै आएका नेताले फेरि प्रचण्डलाई उनैलाई नियुक्त गर्न लगाएको साह्रै भद्दा राजनीतिको दृश्य जनता समक्ष छर्लङ्ग छ।

देशमा प्रजातन्त्रको विकास नहोस्, जनताले कुनै तहमा पनि आफूले आफ्नै माझबाट आफूले निर्वाचन गरेका प्रतिनिधिहरूमार्फत शासनको चाहना गरेका छन्। तर, जातीय घृणावादी फासिस्टहरू नेपालमा प्रजातन्त्रको स्थापना हुने सम्भावनालाई नै निमोठ्ने घोषणा गरिसकेका छन्। वर्तमान सत्ताधारीहरू पनि जनताले मत हाल्ने निर्वाचन हुन नपाओस् र दुई दशकदेखिको नांगो भागबण्डातन्त्र र लुटखसौटतन्त्र चलिरहोस् भनि भित्रभित्रै षड्यन्त्ररत रहेको कुरा पत्रकारहरूले लेख्न र जनताले भन्न थालिसकेका छन्।

भारतमा नबिराईकन हरेक पाँच वर्षमा लोकसभाको चुनाव हुन्छ। भारतमा सन् १९५२ देखि आम निर्वाचन चलेकोचल्यै छन्। कहिलेकाहीं कुनै दलको बहुमत पुग्न नसके बरु भन चाँडै लोकसभा भंग गरी मध्यावधि चुनाव भएका छन्। भारतको त्रुटीपूर्ण प्रजातन्त्र पनि प्रजातन्त्र मानिन्छ तर नेपालको वर्तमान वर्णसंकरतन्त्रलाई डेमोक्रेसी नमानी अन्तर्राष्ट्रिय रुपले शासन प्रणालीको वर्गीकरण गर्नेहरूले हाइब्रिड रिज़िम मात्र मान्दछन्। कहिले स्थापित हुन्छ फेरि नेपालमा प्रजातन्त्र? कहिले शुरु हुन

गर्न खोज्दा सरूवाको डण्डा

नक्कली भ्याट बिल जारी गर्ने व्यापारी, गुण्डा र तस्करका नाईके संरक्षण गर्ने डन, सरकारी जग्गामा डोजर चलाई ढुंगा, गिट्टी, रोडा, बालुवा व्यापार गर्ने निर्माण व्यवसायीहरुको केही दिन पहिले बुढानीलकण्ठतिर चहल पहल बढे लगत्तै त्यस्ता व्यक्तिलाई कार्वाहीको दायरामा ल्याउनु पर्छ भन्ने सहसचिवहरु आरजुको ठाडो आदेशले अन्तर मन्त्रालय सरुवा काण्डमा परेको भुक्तभोगीले नारदलाई सुनाउँदै थिए।

पम्फादेवी मुर्दावाद

कांग्रेसको चुनाव प्रचारमा थाके, वर्दियामा पुगेकी प्रधानमन्त्री पत्नी आरजुलाई पम्फादेवी मुर्दावाद भन्ने नारा लाग्यो, उनी भने यो नारा प्रायोजित रूपमा रामशरण, प्रकाशमान, रामचन्द्रका मुठ्ठीभर भाडाका मान्छेले लगाएका भनी आफू जोगिन खोज्दैछिन् भन्ने चर्चा छ।

देउवा उमार्ने आरजु खाने

भ्रष्टाचारी र फौजदारी अभियोग लागेका समेतलाई संसद्मा उम्मेदवार बनाउनु पर्ने भन्दै देउवा लागेपछि त्यस्ता सांसद देउवा कार्यकालमा मन्त्री बन्ने नै भए त्यस्ता मन्त्रीबाट आफू अनुकूलको निर्णय गराउन आरजु सक्रिय नहुने कुरै भएन। यस्ता धुन्नकारी देउवालाई बेलैमा सचेत गराउने गोकर्ण भनेको रामचन्द्र नै हो भनी केही कांग्रेसीहरुले देउवालाई पार्टीमा महाअभियोग लगाउनु पर्नेसम्मको राय सुझाव दिन रामचन्द्र निवास नै पुगेर ज्ञापनपत्र दिएको हल्ला चल्दै गर्दा नारद लतै थियो।

आरजुले गाली खाँदा !

यनै त शेरबहादुरको बोली, त्यसमाथि रक्सीसंग पिएको अवस्था आरजुले साझा बहसको कुरा रखाउँदा देउवाले के बोले के

वर्ष ३४ अङ्क ४३, २०७३ साल फागुन १६ गते सोमबार २

रञ्जीतमय साता, भारतले राजदूत चुन्न सकेन

काठमाडौं। नेपालमा एउटा राजनीतिक खलकका पार्टी, नेता, बुद्धिजीवी र पत्रकारहरूका लागि गत साता 'रञ्जीतमय रह्यो। २०७३ फागुन १४ गते शनिबारबाट राजदूत रेले नेपालबाट मात्र नभएर जागिरे जीवनबाटै अवकाश पाएका छन्। बिदा हुन लागेका रञ्जीतलाई विभिन्न समूहहरूले बिदाई भोज दिइरहेका छन्, कार्यक्रम गरिरहेका छन्। राजदूतको यस्तो बिदाईलाई धेरैले अस्वाभाविक मानेका छन् तर उनी भने आफूलाई दिइएको सम्मानले मख्ख देखिएका छन्।

लगभग ४१ महिना कार्यरत रहेर २०१७ फेब्रुअरी २५ तारिख अर्थात् २०७३ फागुन १४ गतेबाट ६० वर्षको उमेर हदले अवकास पाएका छन्। राजदूत रे २०७३ फागुन १८ गते मार्च १ मा नेपालबाट विदा हुने कार्यक्रम तय भएको राजदूतावास निकट स्रोतले बताएको छ। दोस्रो संविधानसभा चुनावभन्दा ७८ दिन अघि (२ सेप्टेम्बर २०१३ अर्थात् २०७० भदौ १७ गते) नेपालका लागि भारतीय राजदूत बनेका रेको अवकाशपछि को राजदूत बन्छ भन्ने चाहिं अहिलेसम्म अनिश्चित छ। राजदूत रायले ४१ महिनामा नेपाल-भारत सम्बन्धको अनेक उतारचढावका साथै कष्ट समेत भोग्नुपर्‍यो। व्यक्तिगत रुपमा उनी खासै विवादमा नपरेपनि कूटनीतिक रुपमा भने निकै अप्ठेरोमा परे। सोलुखुम्बु भ्रमणमा अपमान, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर भ्रमण रद्देखि, भारतले नेपालमाथि लगाएको आर्थिक नाकाबन्दीबाट उत्पन्न दुई देशबीचको तिक्ततालगायतका समस्या यिनले व्यहोर्नु पर्‍यो। कतिपय भारतीयहरूले राजदूत रेको कार्यकाल अहिलेसम्मका नेपाल गएका राजदूतहरूमध्ये सबैभन्दा असफल भनेका

छन्। उनीहरूका अनुसार, रेको कार्यकालमा नेपालले चीनसंग सम्बन्ध मात्र बढाएन, पारवहन सन्धि समेत गर्‍यो। नेपाल-चीन पारवहन सन्धि भारतका लागि सबैभन्दा ठूलो असफलतामध्ये एक मानिएको छ। संक्रमणकाल जस्ता विविध राजनीतिक र कूटनीतिक समस्याहरू समस्यासंग जुध्दै राजनीतिक अस्थिरताकै बीच राजदूत राय नेपालबाट विदा हुदैछन्।

नेपालका लागि भारतीय राजदूत छान्न भारत सरकारले यति ढिलो गरेको इतिहासमै पहिलो घटना भएको कूटनीतिलाई नजिकबाट बुझेकाहरू बताउने गर्दछन्। नेपालमा क्षेत्रीयतावादलाई प्रोत्साहन गर्ने, केन्द्र(काठमाडौं)प्रति घृणा फैलाई द्वन्द्व सिर्जना गराई प्रहार गर्ने टी हर्मिस र श्यामशरण समूहद्वारा प्रतिपादित नेपाल नीति रेको पालामा निकै प्रभावकारी ढंगले लागू भएको छ। २०६३ पछि अहिलेसम्मको 'नेपाल नीति' वामपन्थी खास गरी माओवादीलाई टुक्राटुक्रा पारेर विभाजित गर्ने र बाहिर बाहिर माया गरे जस्तो पनि गर्ने रहेको थियो। उदाहरणका लागि सबैभन्दा ठूलो दल माओवादीलाई ५/६ टुक्रामा विभाजित गराउने र

(बाँकी पृष्ठ ८ मा)

प्रमुख दलहरूबीच विभाजन कायम गराउने प्रमुख नीति रेको पालामा निकै सफल भएको छ।

वर्ष ३४ अंक ४३, २०७३ साल फागुन १६ गते सोमबार (Feb 27.

यस्तो बेतालले कसरी होला चुनाव ?

प्रधानमन्त्री पुष्पकमल दाहालले स्थानीय निर्वाचन घोषणा कति स्वेच्छाले गरे, कति राजनीतिक बाध्यताले ? त्यो अब गौण हुन पुगेको छ। एउटा प्रधानमन्त्रीले निर्वाचन आयोगसंग परामर्श र मन्त्रिपरिषद्को विधिवत बैठकपछि गरेब। निर्णयको आधिकारिकता र वैधानिकतामा प्रश्न गर्ने ठाउँ रहँदैन। तर, के अहिले स्वच्छ अनि स्वस्थ र स्वतन्त्र निर्वाचनको अवस्था विद्यमान छ त ? त्यो महत्वपूर्ण विषय हो।

यो बेला

युवराज घिमिरे

मधेसी मोर्चा र एमालेबीच संविधान संशोधनलाई लिएर चरम विवाद विद्यमान छ। एमाले अझै पनि प्रस्तावित संविधान संशोधन राष्ट्रियता प्रतिकूल मान्दछ। अर्कोतिर मधेसमा 'रैयाने' अभियानले पनि मोर्चाका नेताहरूलाई उदाङ्ग पार्ने स्थिति छ। केपी ओली तथा एमालेका शीर्षस्थ नेताहरूको प्रस्तावित यात्राका क्रममा मोर्चाबाट प्रतिरोध भएमा त्यसले निर्वाचन विपरीत परिस्थिति जन्माउनेछ।

मोर्चा मधेसमा सम्भवतः त्यति स्वीकार्य र लोकप्रिय छैन जति भारतीय संस्थापन तथा मोर्चाका नेताहरू ठान्छन्। संविधान जारी भएपछिको नाकाबन्दीको जिम्मेवारी नलिएको भारतले मोर्चाका नेताहरूले 'सीमा'मा धर्ना दिएकाले आपूर्ति प्रभावित भएको अभिव्यक्ति दिएको थियो। त्यसलाई नेपालभित्रै अनि भारतीय संसद्मा कमसेकम प्रतिपक्षले विश्वास नै गरेन।

तर, स्थानीय निर्वाचनमा खासगरी मधेसमा यो विषय निकै ठूलो रूपमा उठ्न सक्छ, मोर्चाविरुद्ध। काठमाडौंको विशिष्टसँगै आम जनताले भोगेका समाचारहरूले सञ्चारमाध्यममा प्रसस्त ठाउँ पाए पनि मधेसका जनताहरूको भोगाइले खासै ठाउँ पाएको थिएन। पहिलोपल्ट उनीहरूलाई कष्ट र अभावमा धकेल्ने मोर्चाका नेताहरूलाई सीधै जवाफदेही बनाउने अवसर अहिले प्राप्त भएको छ। मोर्चाका नेताहरूले आम जनतालाई झुक्याए जसरी 'हामीले नै नाकाबन्दी गरेको हो, भारत सरकारले होइन' भन्ने अडान दोहोर्‍याए भने उनीहरू मधेसमै बिलाउनेछन्। र, बिलाउने निर्वाचन रोक्नु उनीहरूको स्वाभाविक विकल्प हुनेछ।

मोर्चाका नेताहरूले आम जनतालाई झुक्याए जसरी 'हामीले नै नाकाबन्दी गरेको हो, भारत सरकारले होइन' भन्ने अडान दोहोर्‍याए भने उनीहरू मधेसमै बिलाउनेछन्।

माओवादी स्वयं पनि सम्भवतः चुनावी परिणाम आफ्नो पक्षमा आउनेबारे विश्वस्त छैन, तर उसको बाध्यता बन्न पुगेको छ यो निर्वाचन। अर्थात चुनाव हुन नसके पनि आफ्नो कारणभन्दा अन्य दलका कारण चुनाव रोकिनुपर्छ भन्ने स्वाभाविक चाहना हुनेछ माओवादी केन्द्रको।

तेस्रो, यो निर्वाचनले अस्पष्ट र प्रान्तीय सीमाङ्कन अपरिभाषित

(बाँकी पृष्ठ ८ मा)

यस्तो...

संघीयतालाई धराशायी बनाउने सम्भावना पनि बोकेको छ। संघीयतालाई पर्याय माने पनि कार्यान्वयन गर्न नसके र चुनावै हुन नसक्ने संघीयता नारा बाहेक के हुन सक्छ र ? त्यसैले परिवर्तनका नाममा पर्याप्त प्रक्रिया र विधि नअपनाई ल्याइएका सबै मुख्य एजेन्डाहरूलाई पनि चुनौती थपिन सक्छ यो निर्वाचनपछि। अर्थात जनस्तरमा जनता सशक्त हुने र त्यहाँ उनीहरूको सरकार बनेपछि संघीयताले जनतालाई बढी सशक्त बनाउँछ र अर्को कुनै व्यवस्थाले कम भन्ने दुष्प्रचार स्वतः पराजित हुन जानेछ। नेपालमा संघीयताको माग त्यही दुष्प्रचारको जगमा उभिएको छ।

साथै, यी समग्र विषय शान्ति प्रक्रियाको पूर्णता र सत्य निरुपण तथा मेलमिलाप आयोगको कारबाही स्वीकार्य ढंगले कति अघि बढ्छ, बढ्दैन, त्यसमा पनि भर पर्छ। वास्तवमा स्थानीय निकाय निर्वाचन,-२०६३ को राजनीतिक विचलनमा एउटा महत्वपूर्ण चेकसँगै जनस्तरबाट त्यसको एउटा प्रभावकारी समीक्षा र सुधारको प्रक्रिया पनि साबित हुन सक्छ।

कान्तिपुर (सोमवार १५ जेठ २०७४ (Monday, May 29, 2017)

नेपाल सम्बन्धमा मोदीको बुझाइ

टिप्पणी

चन्द्रशेखर अधिकारी/कमलदेव भट्टराई

काठमाडौं/नयाँदिल्ली- नरेन्द्र मोदी प्रधानमन्त्री बनेदेखि नै भारतको नेपाल नीतिमा हुने परिवर्तन बहस र छलफलमा आएको थियो। उनले पद सम्हालेको तीन वर्ष भइसक्दा पनि यो विषयमा छलफल चलि नै रहेको छ। संविधानसभाको दोस्रो निर्वाचनपछि संविधान जारी गर्ने विषयमा रस्साकस्सी चलिरहँदा भारतमा केन्द्रीय संसद् लोकसभाको निर्वाचन भएको थियो। जसमा भारतीय जनता पार्टी (भाजपा) ले बहुमत ल्याएपछि मोदी भारतका प्रधानमन्त्री बने।

विकासको नारालाई मुख्य एजेन्डा बनाएर प्रधानमन्त्रीको कुर्सीमा पुगेका मोदीले शपथ समारोहमा दक्षिण एसियाका सातै मुलुकका राष्ट्र एवं सरकार प्रमुखलाई निम्त्याए। उनको सन्देश थियो- दक्षिण एसियाको विकासमा भारतको साथ। उनले त्यो थालनी गरेको यसै साता तीन वर्ष पूरा भएको छ। उनको कार्यकालको सुरुवात जसरी छिमेक साथसाथ भन्ने नीतिबाट भएको थियो, त्यो अनुरूप देखिएको बारेमा चाहिँ धेरैको विमति छ। उनको कार्यकालमा मुख्यतः नेपाल र पाकिस्तानसँगको सम्बन्धको बढी चर्चा भयो।

मोदीको कार्यकालमा सबैभन्दा बढी आलोचना र अन्तर्राष्ट्रिय बहस भएको विषय थियो- नेपालसँगको सम्बन्ध। नेपालमा संविधान जारी गर्ने समयमा भारतले देखाएका अस्वाभाविक प्रतिक्रिया नै भारतका लागि समेत एक पाठ साबित भएको छ। मोदीको कार्यकालका विभिन्न पक्षमध्ये उनको परराष्ट्र नीति नै बढी महत्त्व र चासो देखियो। उनको सत्तारोहणदेखि नै बढी चर्चामा रहेको यो विधालाई उनले सन्तुलनमा ल्याउन भने सकेनन्। प्रशासनिक र राजनीतिक तालमेल मिलाउन नसक्दा यस्तो देखा परेको हो। यसलाई चिर्न उनको समूह लागिपरेको छ। तीन वर्ष बित्दासमेत त्यो समूह सफल हुन सकेको छैन।

मोदीको नेपाल र पाकिस्तान नीतिका बारेमा गम्भीर विचार विमर्श भइरहेका छन्। विश्लेषकहरूका अनुसार मोदीका सुरुवाती दिन निकै उत्साहप्रद थिए। प्रधानमन्त्रीका रूपमा कार्यभार सम्हालेको ६ महिनामा नै मोदीले दुईपटक नेपाल भ्रमण गरे। उनले प्रशासनिक तहमा रहेको सम्बन्धलाई राजनीतिक तहमा स्तरोन्नति पनि गरे। यति मात्र होइन, दुई देशको बीचमा निकै लामो समयदेखि तामेलीमा रहेका दुईपक्षीय विषयलाई अघि बढाए। त्यसको कार्यान्वयनमा जोड दिए।

नेपाल र भारतबीच २२ वर्षदेखि रोकिएको संयुक्त आयोग (परराष्ट्रमन्त्री स्तरको) बैठक बस्यो। नेपाल र भारतबीच उर्जा व्यापार सम्झौतालगायतका अड्किएका विषयमा सहमति भयो। उनले नेपालको संसद्मा गरेको सम्बोधन र सडकमा जनसाधारणसँग गरेको अन्तरक्रियाले नेपाली जनता र राजनीतिक दलको मन जित्दै नकारात्मक पक्षलाई पूरै शून्य डिग्रीमा झारे। अब दुई देशबीचमा राजनीतिक तहमा सम्बन्धको विकास भएको सन्देश उनले स्पष्ट प्रवाह गरे जुन आवश्यक पनि थियो। दुर्भाग्य नै मान्नुपर्छ, यति राम्रो सम्बन्धको आधार त्यहीअनुरूप अघि बढ्न सकेन। उनले २०७१ साउनमा नेपाल भ्रमण गरे। नेपालबाट प्रधानमन्त्री हुनेबित्तिकै भारत जाने तर उताबाट नआउने प्रथा अन्त्य पनि भयो। दुईपक्षीय विमतिलाई समाधान गर्न प्रबुद्ध व्यक्ति समूह बनाएर दुईपक्षीय छलफल अघि बढेका छन्। सोमबारदेखि देहरादुनमा यसको चौथो बैठक पनि बस्दै छ।

नेपाल-भारत सम्बन्ध ट्र्याकमा हिँडाउन त्यति जटिल छैन, तर यसलाई जटिल बनाइयो : श्रीधर खत्री, राजनीतिशास्त्री

२०७१ मसिरमा सम्पन्न दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को १८ औं शिखर सम्मेलनमा सहभागी हुन उनी नेपाल आए। त्यही समयमा उनको जनकपुर, लुम्बिनी र मुक्तिनाथ भ्रमण गर्ने इच्छालाई भारत र नेपालका केही पक्षले रोकेपछि नै नेपाल हेर्ने नीतिमा फरक आएको विश्लेषकहरूको दाबी छ। उनीमाथि तत्कालीन अवस्थामा 'चोट' पुगेको थियो। तर पनि उनी शिखर सम्मेलनमा सहभागी भए। त्यसको केही महिनापछि नेपालमा महासंकट आइपर्‍यो। वैशाखमा भूकम्प गयो। मोदीले सहयोग गरे। नेपालका बारेमा अन्तर्राष्ट्रिय फोरममा बोले। साँच्चै नेपालप्रति उनको सद्भाव झल्कियो।

त्यसको पाँच महिनापछि २०७२ असोजमा नेपालमा संविधानसभाबाट संविधान जारी भयो। जारी हुनु केही दिनअघि भारतले उक्त संविधान तत्काल जारी नगर्न विशेष दबाब दिएको थियो। प्रधानमन्त्री मोदीले विदेशमन्त्री एस जयशंकरलाई विशेषदूत नै पठाएर संविधान रोक्ने आग्रह गरे। त्यो रोकिएन। नेपालको सार्वभौमिकतामाथि सीधा हस्तक्षेप भन्दै दलहरूले संविधान जारी गरे। संसद्मा ९० प्रतिशतभन्दा बढीको सहमतिमा संविधान जारी भए पनि भारतले असन्तुष्ट पक्षको आडमा बढेर पाँच महिने नाकाबन्दी गर्‍यो। भारतले लगाएको नाकाबन्दीका कारण दुई देशको सम्बन्धमा चिसोपन मात्र आएन मोदीले अघि बढाएको मित्रताको भावमा नै 'खोट' देखा पर्‍यो। मोदीले कायम गरेको उत्साह निराशामा परिणत भयो। लामो समयपछि राजनीतिक तहमा कायम भएको सम्बन्ध एक प्रकारले पुनः प्रशासनिक तहमा झर्‍यो। तर, पछिल्लो समयमा कम्तीमा भारतको राजनीतिक तहमा नाकाबन्दीलगायतका विषयमा गल्ती भएको र त्यसलाई सुधारेर पहिलेकै तहमा नै सम्बन्ध स्थापित गर्नुपर्ने महसुस भएको अधिकारीहरूले बताए।

गत वर्ष राष्ट्रपति विद्यादेवी भण्डारीको भारत भ्रमण हुनु केही दिनअघि केपी ओली सरकारले भ्रमण रद्द गर्‍यो। त्यसलगत्तै भारतका लागि नेपाली राजदूत दीपकुमार उपाध्यायलाई फिर्ता बोलाइयो। यसलाई दुईपक्षीय सम्बन्धको असरका रूपमा लिइएको छ। यसैलाई प्रधानमन्त्री पुष्पकमल दाहालले कूटनीति आवेगमा सञ्चालित गर्न नहुने बताइरहेका छन्। परिपक्व ढंगले कूटनीति सञ्चालनको अभाव दी[illegible]को विश्लेषकहरूको भनाइ छ। यो नेपाल — नेदन, भारतबाट पनि उस्तै अवस्था देखिएको छ।

राजनीतिशास्त्री प्रा. श्रीधर खत्री नेपाल-भारत सम्बन्ध ट्र्याकमा हिँडाउन त्यति जटिल नभएको तर यसलाई जटिल बनाइएको बताउँछन्। नेपालको परराष्ट्र मामिला कसरी सञ्चालन गर्ने, परिवर्तित विश्वलाई नेपालले कसरी हेर्ने भन्ने विषयमा सरकारले दिएको जिम्मेवारी पूरा गर्नका लागि खाका कोरिरहेका खत्री भन्छन्, 'सम्बन्धमा धेरै विषयहरू एकै स्थानमा राखेर हेर्न हुँदैन। अवस्था र सर्तहरूमात्र होइन, पूर्वयोजनामा बढेर आपसी सम्बन्ध र चासोलाई केलाउनुपर्छ। साझा चासो खोज्दै असहमतिलाई चिर्दै अघि बढ्न सक्नुपर्छ।' संविधान जारी भएपछि भारतले गरेको नाकाबन्दी गलत थियो भन्ने महसुस गरेर त्यो पाटो आन्तरिक बहसमा रहेको होला भन्दै उनले भने, 'भारतका तर्फबाट आएका राजदूतले गर्ने क्रियाकलाप छलफलले पनि धेरै असर गर्छ। हेरौं, नयाँ राजदूतको कार्यशैली कस्तो रहन्छ।'

सार्वजनिक रूपमा नभने पनि भारतीय नेताहरू नाकाबन्दीमा गल्ती भएको स्वीकार गर्छन् र त्यसबेला तल पुगेको साखलाई पुरानै अवस्थामा फर्काउन आवश्यक भएको बताउने गर्छन्। 'नेपालमा विगत १० वर्षमा निकै राजनीतिक परिवर्तन भएको छ, त्यसले जनताको चेतनास्तर पनि माथि पुगेको छ, त्यसैले दिल्लीले नेपाल मामिला हेर्ने सवालमा नयाँ दृष्टिकोणको विकास गर्न आवश्यक छ,' नेपाल मामिलाका जानकार तथा बहुजन समाज पार्टीका प्रवक्ता सुधिन्द्र भदोरिया भन्छन्, 'जनताको तहमा त निकै राम्रो सम्बन्ध छ तर त्यो सरकारी तहमा प्रतिबिम्बित भएको छैन।' उनले मोदीले नेपाल मामिलाका सम्बन्धमा निकै उत्साह र आशाका साथ सुरुवात गरे पनि त्यसले निरन्तरता पाउन नसकेको बताए। पछिल्ला दिनहरूमा भने दुई देशबीचको सम्बन्धमा सुधार आएको पाइन्छ। दुईपक्षीय परियोजनाहरूको कार्यान्वयनमा केही सुधार आएको छ। दुईपक्षीय परियोजना अवलोकनका लागि बनेको संयन्त्रको बैठक नियमित रूपमा बसिरहेको छ। नेपाल-भारत प्रबुद्ध समूहका सदस्य बीसी उप्रेती मोदीले नेपालको मामिलामा लिएको पछिल्लो नीति र चासो निकै सकारात्मक रहेको बताउँछन्।

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu



कान्तिपुर सोमवार, १५ जेठ, २०७४ (Monday, May 29, 2017)

भएन सहमतीय सरकारको प्रयास

फुलचन्द्र न्यौपाने

काठमाडौं- मधेसका माग सम्बोधन गर्ने दिशामा देखिएको राजनीतिक ध्रुवीकरणले राष्ट्रिय सहमतीय सरकार निर्माण गर्ने प्रयत्नसमेत हुन सकेको छैन। राष्ट्रपति विद्यादेवी भण्डारीले दिएको सात दिनको समयसीमा सकिन दुई दिन बाँकी छँदासमेत राजनीतिक दलहरूबीच सहमतीय सरकारको पहल हुन सकेको छैन। प्रमुख प्रतिपक्ष एमालेका अध्यक्ष केपी ओलीले प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा दिएलगत्तै सहमतीय सरकार बनाउनुपर्नेमा जोड दिँदै आएका छन्। तर, सत्ता आरोहणको तयारीमा लागेका कांग्रेस सभापति शेरबहादुर देउवाले सहमतीय सरकार बनाउनेतर्फ कुनै रुचि राखेका छैनन्।

एमालेले सकेसम्म आफ्नो नेतृत्वमा नभए यही सरकारमा भए पनि सहभागी हुने वातावरण खोजिरहेको बुझाइ कांग्रेस र माओवादी केन्द्रका नेताहरूको छ। तर, कांग्रेस र माओवादीका शीर्ष नेतृत्वमा एमालेलाई सरकारमा प्रवेश गराएरभन्दा प्रदेश र संघीय संसदको चुनावसम्म बाहिरै राख्नुपर्ने निचोडमा छन्। प्रधानमन्त्री दाहालले राजीनामा दिएलगत्तै कांग्रेस सभापति देउवाले वर्तमान गठबन्धनलाई निरन्तरता दिने गरी मन्त्रालयको भागबन्डा मिलाउन पार्टीका तर्फबाट उपप्रधान तथा गृहमन्त्री बिमलेन्द्र निधि र भौतिक योजना तथा यातायातमन्त्री रमेश लेखकलाई जिम्मेवारी दिएका छन्। त्यसैगरी प्रधानमन्त्री दाहालले उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महरा र नेता वर्षमान पुनलाई जिम्मेवारी दिएका छन्। यो चार जनाको समूहले राष्ट्रिय सहमति जुटाउने दिशामा नभएर देउवा नेतृत्वको सरकारमा कांग्रेस, माओवादी केन्द्र र लोकतान्त्रिक फोरमले लिने मन्त्रालयको भागबन्डा मिलाउने र सरकार सञ्चालनमा सहजीकरण गर्ने जिम्मेवारी पाएको छ। यसले पनि सहमतीय सरकार बन्ने सम्भावना करिब अन्त्य भएको पुष्टि गर्छ।

स्वयं प्रतिपक्ष दलका उपनेता सुवास नेम्वाङ पनि सहमतीय सरकार बन्नेमा विश्वास गर्दैनन्। अध्यक्ष केपी ओलीले किन सहमतीय सरकारको कुरा उठाइरहनुभएको छ त भन्ने प्रश्नमा नेम्वाङ भन्छन्, 'हामीहरूलाई (राजनीतिक दल) फुटाएर कमजोर बनाउने प्रयास विभिन्न कोणबाट भइरहेको छ। राष्ट्रिय सहमतिको सरकार बन्न सकेमा संविधान कार्यान्वयन र संक्रमणलाई पार लगाउन सहज हुन्छ भनेर मुलुकभित्रका विभिन्न शक्तिहरूको ध्यानाकर्षण गराउने काम गरेको हो।' कांग्रेस नेता लेखकले सहमतीय सरकार बनाउने भन्ने विषय बिरालो बाँधेर श्रद्धा गर्ने परम्पराजस्तै रहेको बताए। 'विगतदेखिकै परम्पराका कारण मात्रै सहमतीय सरकारका लागि राष्ट्रपतिले समयसीमा दिने हो। यत्रा दलहरूबीच सहमति कायम गरेर सरकार बन्ने कुरा सम्भव छैन,' लेखकले भने, 'यसमा जति छलफल गरेर पनि परिणाम आउँदैन।'

संसद्मा प्रतिनिधित्व गर्ने सबै दलबीच सहमति नभए पनि प्रमुख प्रतिपक्ष एमालेलाई सरकारमा ल्याउने विषयबारे सोधिएको प्रश्नमा लेखकले मधेसका मुद्दा सम्बोधन गर्ने राष्ट्रिय एजेन्डाप्रति सकारात्मक नभएसम्म सम्भव नभएको तर्क गरे। 'एमालेले राष्ट्रिय एजेन्डाहरूलाई समर्थन गर्छ कि गर्दैन भन्ने कुराले ऊ सरकारमा आउने या बाहिर रहने भन्ने निर्धारण गर्छ,' लेखकले भने, 'संविधान संशोधन, स्थानीय तहको संख्या थप गर्नेलगायत मधेसको भावनालाई सम्बोधन गर्ने दिशामा एमाले सकारात्मक भएमात्रै अधिकतम सहमतिको सरकार बन्ने सम्भावना रहन्छ।' नेम्वाङले भने अहिलेको सरकारमा जाने या सरकारको नेतृत्वका लागि पहल गर्ने भ्रम कांग्रेस र माओवादी केन्द्रले नराख्न सुझाव दिन्छन्। 'देशको हितका लागि सदाशयता राखेर मात्रै सहमतीय सरकारको कुरा हो, हामी सरकारमा जाने या सहमतीय सरकारका लागि पहल गर्ने भन्ने कुरा होइन,' नेम्वाङले भने, 'कांग्रेसले ठूला दल एकै ठाउँमा रहन हुन्न भन्ने सिद्धान्त स्थापित गरेको छ। त्यस्तो दृष्टिकोण खण्डित नभएसम्म सहमतीय सरकार बन्ने सम्भावना देखिन्न।'

कांग्रेस र माओवादीको प्राथमिकतामा एमालेभन्दा मधेस केन्द्रित दललाई राखेका छन्। मधेस केन्द्रित दललाई सरकारमा ल्याउन सकेमा संविधानको स्वीकार्यता बढ्नुका साथै कार्यान्वयनमा समेत सहज हुने विश्लेषण कांग्रेस र माओवादी केन्द्रको छ।

देउवा-प्रचण्ड गठबन्धन खतराको घण्टी

प्रधानमन्त्री शेरबहादुर देउवा(२०७४ भदौ ७गतेबाट ४ दिने) को भारत भ्रमणले नेपाली राजनीतिमा केके फरक पर्‍यो ? यो विचारणीय विषय छ। देउवाको भारत भ्रमण देउवाकै भाषामा 'अत्यन्तै सफल' भएको छ। हुन पनि हो, देउवाले जति स्वागत-सत्कार र खातिरदारी विगतमा भारत जाने प्रधानमन्त्रीले विरलै पाएका छन्। देउवाले भारत भ्रमणको क्रममा नेपालको सुरक्षा घुमाउरो पाराले भारतीय हातमा जिम्मा लगाएका छन्।

यो बेला

- गोपाल बुढाथोकी

विगतमा पुष्पकमल दाहाल प्रचण्डले भारत जाँदा जारी भएको संयुक्त विज्ञप्तिमा नेपालको परराष्ट्र नीति घुमाउरो पाराले भारतीय हातमा पुर्‍याइएको थियो। यसपटक देउवाले सुरक्षा भारतको हातमा पुर्‍याएका छन्। देउवाको भ्रमणमा जारी गरिएको नेपाल भारत संयुक्त विज्ञप्तिमा दुई देशवीच सैन्य निकटता र सहयोगको विषय उल्लेख छ। विगतका कुनै संयुक्त विज्ञप्तिमा यो विषय उल्लेख हुँदैनथ्यो, उल्लेख गरिएको थिएन। देउवा भारतबाट फर्किए लगत्तै भारत र चीन दुवै देशले दोक्लम विवाद समाधान गरेका छन्। देउवाको भारत भ्रमण दोक्लम विवाद चरम अवस्थामा रहेको बेला भएको थियो। चीनसंगको विवादमा भारतलाई नेपालको साथ चाहिएको थियो र छ पनि। यसैकारण नेपाललाई सैन्य तथा सामरिक रुपमा साथ लिने नीति भारतले लियो। फलस्वरुप देउवाले स्वागत र खातिरदारी निकै पाए। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले देउवासंग आकस्मिक भेट समेत गरे। दोक्लम विवाद र चीनसंग द्वन्द्व थिएन भने प्रधानमन्त्री देउवाले त्यसरी स्वागत पाउने थिएनन्।

> **भारतले कांग्रेस र माओवादीलाई नभएर देउवा र प्रचण्डलाई अगाडि बढाउने र उनीहरूकै गठबन्धन बनाउने नीति लिएको देखेपछि कांग्रेसभित्रको रामचन्द्र पौडेल र शशांक कोइरालाको खेमा तिल्मिलाएको देखिन्छ।**

देउवाले पाएको स्वागत व्यक्तिगत होइन, भारतले नेपाललाई साथ लिने र ललाई फकाई गर्ने नीति मुख्य हो। चीनसंग भारतको प्रखर द्वन्द्व सुरु भइसकेको छ, नेपाललाई नाकाबन्दी गरिएको बेलादेखि नै द्वन्द्वको लक्षण सुरु भइसकेको थियो। चीन र भारत मित्रवत् प्रतिस्पर्धा गरिरहेका थिए, मित्रवत् प्रतिस्पर्धाको युग सकिन लागेको लक्षण भारतमा नरेन्द्र मोदी र चीनमा सी जिन पिङ्को नेतृत्व आएदेखि नै लक्षण देखिएको थियो। भारत र चीनको द्वन्द्व हुँदा नेपालबीचमा पर्नु अस्वाभाविक होइन, नेपालको भौगोलिक अवस्थितिका कारण भारत र चीनबीचको द्वन्द्वमा हामी स्वत प्रभावित बन्न पुग्छौं। भारत चीन द्वन्द्वमा नेपालको भूमिका निर्णायक हुने भएकैले भारत अहिले नेपालप्रति नरम भएको हो भन्ने बुझ्न गाह्रो छैन।

भारतले नेपाल नीति फेर्दै लगेको भन्ने गरिएको छ। मलाई लाग्छ, भारतले नेपाल नीति फेरेको होइन, नेपालप्रतिको रणनीति चाहिं फेरेको हो। हिजो थर्काउने र सीधै घाँटी आठ्याउने भारतीय नीति थियो, *(बाँकी पृष्ठ ८ मा)*

साँघु २०७४/०५/१९ सोमबार

देउवा...

अहिले थर्काएर गर्दन समाउने नीति छ। अर्थात्, भारतको नियत फेरिएको होइन, व्यवहार फेरिएको हो। भारतीय व्यवहार फेरिएकै कारणले शेरबहादुर देउवा र प्रचण्डको गठबन्धन अहिले सजिलो राजनीतिक अवस्थामा छ। उनीहरूले स्थानीय चुनाव गराउन सक्नुको मुख्य कारण भारतीय आशीर्वाद नै हो। नेपालमा धेरै चलखेल नगरेजस्तो देखाउने भारतीय नीतिका कारण स्थानीय चुनाव गर्न धेरै गाह्रो भएन। भारतीय प्रभाव वृत्तका राजनीतिक शक्तिहरू पनि संविधान स्वीकार गर्दै चुनावमा सहभागी भए। भारतले नेपालप्रतिको रणनीति हल्कारुपमा फेरेको कारणले नेपाली राजनीतिमा धेरै फरक देखिदै आएको छ।

नेपालमा भारतपरस्त सरकार कायम राख्ने, चीनसंग दूरी बढाउँदै जाने सरकार भारतलाई चाहिएको छ। यसका लागि उपयुक्त पात्र देउवा र प्रचण्ड नै हुन्, अहिले यही देखिएको छ। देउवा सरकारले मुखले तटस्थ विदेश नीति अपनाउने भने पनि व्यवहारमा भारत निकट व्यवहार गरिरहेको स्पष्ट छ। यही कारण नेपालमा देउवा-प्रचण्ड गठवन्धनलाई अघोषित रुपमा एउटा पार्टीका रुपमा विकास गर्ने भारतीय प्रयास रहेको अनुभूति हुन्छ। भारतको यही प्रयास अन्तर्गत भरतपुरमा प्रचण्ड पुत्री रेणु दाहाललाई मेयरमा जिताउन ताण्डव नृत्य मच्चाइयो। अबका चुनावमा पनि देउवा, प्रचण्ड, राजपा गठवन्धनलाई अगाडि बढाउने भारतीय नीति दृष्टिगोचर हुन्छ। भारतले कांग्रेस र माओवादीलाई नभएर देउवा र प्रचण्डलाई अगाडि बढाउने र उनीहरूकै गठवन्धन बनाउने नीति लिएको देखेपछि कांग्रेसभित्रको रामचन्द्र पौडेल र शशांक कोइरालाको खेमा तिल्मिलाएको देखिन्छ। भारतले देउवालाई कांग्रेस बाहिर लगेर प्रचण्डसंग जोडिदिन थालेपछि रामचन्द्र खेमा आत्तिनु अस्वाभाविक होइन। यही कारण रामचन्द्र खेमाले माओवादीसाग चुनावी तालमेलको विरोध गरिरहेको छ। शशांक कोइरालाले भरतपुर पुगेर अब कांग्रेसले कसैसंग चुनावी तालमेल गर्दैन भनेका हुन्। झलक्क हेर्दा यी विषय कांग्रेसको आन्तरिक विवादजस्तो देखिन्छ तर भारतले नेपालमाथि अपनाएको रणनीतिको उपउत्पादन जस्तो बन्न पुगेको छ कांग्रेसभित्रको आन्तरिक विवाद।

देउवाको भारत भ्रमणका क्रममा नेपालमा कसरी एमालेलाई साइजमा ल्याउने भन्ने विषयमा केही गुप्त गृहकार्य भएको आशंका गर्न सकिने ठाउँ प्रशस्त छ। दुई नम्बर प्रदेशमा एमालेलाई आक्रमण गर्ने, चुनावी प्रतिस्पर्धा भन्दा ढुंगामुढाको प्रतिस्पर्धा गराउने प्रयास भइरहेको छ। यसै मेसो, २०७४ असोज, २ गतेसम्म के के अप्रिय घटना घट्ने हुन् ? ढुक्क भएर बस्न सक्ने अवस्था पनि छैन। कांग्रेस र माओवादीको बुई चढेर राजपाले एमालेमाथि आक्रमण थाल्नु भारतीय रणनीतिभित्रकै कार्य हो कि ? शंका गर्नुपर्ने ठाउँ प्रशस्त छ। नेपालमा आफ्ना निकटहरूको सरकार निष्कंटक रहोस्, आउँदो चुनावपछि नेपालले खुलेरै तटस्थ विदेश नीति त्याग्ने वातावरण बनाउने, नेपाललाई चीन विरोधी मोर्चामा परिणत गर्ने दीर्घकालीन भारतीय रणनीति कार्यान्वयनका लागि एमाले सहितका शक्तिहरूलाई पाखा लगाउने, देउवा र प्रचण्डको गठवन्धनलाई बलियो बनाउँदै लैजाने भारतीय रणनीति देखिन्छ। यो कुरा प्रधानमन्त्री देउवाको भारत भ्रमणको क्रममा खुलेर देखा परेको छ।

आउँदो चुनावमा देउवा, प्रचण्ड र राजपाको गठवन्धनले केन्द्र र प्रदेश दुवैतिर सिक्का जमाओस्, राजपासहितका मधेसवादी दलहरूलाई पनि हिस्सेदारी दिउन् भन्ने भारतीय चाहना रहेको अब खुलस्त छ। भारतले कांग्रेसभित्रका देउवा विरोधी र माओवादीभित्रका प्रचण्ड विरोधीहरूलाई आफ्नो ठान्दैन भन्ने संकेत पनि देखिन थालेको छ। जसले देउवा या प्रचण्डको विरोध गर्छन् उनीहरू आफ्ना मित्र हुन सक्दैनन् भन्ने ढंगले भारतीय रणनीति परिचालन हुन थालेको विश्लेषण गर्न थालिएको छ। यस्तो व्यवहारले देउवा र प्रचण्ड केही समय त बलियो हुन सक्लान् तर अन्तत : उनीहरूले आआफ्नो पार्टीभित्रको सत्ता गुमाउनुपर्ने अवस्था आउन सक्छ। भारतीय नीति र व्यवहारको असर राजनीतिक दलहरूको दैनिक जीवनमा पनि पर्न थाल्नु ती दलको मात्र नभएर देशकै दुर्भाग्य हो।



२०७४ साल भदौ १९ गते सोमबार | जनभावना साप्ताहिक

एमाले-कांग्रेस टाढिँदा प्रचण्ड तनावमा

काठमाडौं। नेपाली राजनीति यतिसम्म तरल छ कि भोलि के हुन्छ भनेर पत्तो लगाउन कठिन छ। माओवादीको लहडमा लागेर राजसंस्था हटाउने खेल घातक हुँदै जाँदा अहिले दलहरूबीच नै छट्पटी चलिरहेको छ। राजावादीको कांग्रेस र एमालेसंग साँठगाँठ बढिरहँदा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई समस्या परेको छ। प्रचण्ड आत्तिन थालिसकेका छन्। उनले शाही राष्ट्रवादीहरूबाट संघीयता, समावेशीता र गणतन्त्रलाई खतरा रहेको बताउन भ्याइसकेका छन्। रौतहटको गरूडामा आयोजित कार्यक्रममा उनले मुखै फोडेर केही पार्टीलाई अझै विश्वास गर्न सकिने अवस्था नरहेकोले सिंहदरबारको अधिकार जनताको घरदैलोमा पुऱ्याउनेलाई विश्वास गर्न आग्रह गरेका छन्। राजसंस्था हट्ला नै भन्ने कल्पना प्रचण्डले गरेकै थिएनन्। स्कीम यस्तो बन्यो कि त्यही स्कीममा राजसंस्था रहेन। तर प्रचण्डले पछिसम्म पनि खतरा महसुस गर्दै आए। खुबै क्रान्तिकारी कुरा गरे पनि वास्तविकतामा माओवादी क्रान्तिकारी रहेन। स्वार्थी पार्टी भयो। त्यसैले त अहिले प्रचण्ड नै निरकुश बने। प्रचण्डले तानाशाही बने। राजसंस्था फालेपछिको पहिलो प्रधानमन्त्री बनेका प्रचण्डले दुई पटक सत्ता सम्हालिसकेका छन्। सर्वहारावर्गका नेता अहिले करोडपति छन्। तर सम्पत्तिको नाममा उनीसंग केही पनि छैन। सीधै दुनियाँलाई डाँट्न सक्नेलाई कुनै पनि बेला कहींबाट खतरा छ भन्ने थाहा पाएरै पनि उनले गणतन्त्रलाई खतरा रहेको बताउँदै आएका छन्। प्रचण्ड आत्तिनुमा अहिले एमाले र कांग्रेस टाढिएको प्रसङ्गले देखाउँछ। एमाले अध्यक्ष केपी नियमित चेकजाँचका नाममा छ महिनामा जानु पर्ने फलोअप तीन महिनामै गर्न थाइल्याण्ड गए। पूर्व राजा पनि थाइल्याण्डमै बसिरहेकाले त्यहाँ दुवैबीच मनाकुनारी भएको शंका र आशंका गर्दै प्रचण्ड तनावमा आएका हुन्। ओलीले राजसंस्था फर्काएर आफू सदाबहार प्रधानमन्त्री बन्ने दाउमा लागेको चस्को प्रचण्डलाई परेको छ।

त्यतिमात्र होइन राष्ट्रपति विद्यादेवी भण्डारी र पूर्व राजा ज्ञानेन्द्र शाहबीच राम्रो सम्बन्ध भइरहेको सन्दर्भमा प्रचण्ड एण्ड कम्पनी अझ बढी त्रसित भएको छ। पूर्वराजा विद्यादेवीको निम्तोमा जाने र विद्यादेवी पूर्वराजाको निम्तोमा जाँदा माहोल फरक देखिएको छ। राजसंस्था फर्कने हो भने प्रचण्डको पापको घडा भरिन्थ्यो अनि उनी जेलको हावा खान पुग्थे। लामो राजनीति गरेका प्रचण्डलाई कुनै पनि बेला आफू जाकिन्छु भन्ने थाहा छ। त्यसैले उनी आत्तिएका छन्। पूर्वराजाबाटै नालायक साबित भएका हालका प्रधानमन्त्री शेरबहादुर देउवा भारत गएका बेलामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग नेपाललाई पुनः हिन्दू धर्म बनाउनका लागि राम्रो साँठगाँठ भइरहेको प्रसङ्ग बाहिरिएपछि भने प्रचण्डलाई अझ बढी चिन्ता भएको छ। एकातिर ओली राजसंस्था फर्काउने भविष्यमा आउने र अर्कोतिर देउवाले हिन्दू राष्ट्र बनाउन पहल गर्ने बताएसँगै त्यसको गहिरो असर प्रचण्डलाई पर्नेछ। नेपाली राजनीति हो जे पनि हुनसक्छ।

फेरि खर्बौं खाने खेल

देउवाको भारत भ्रमणमा नेपाली दूतावासले आयोजना गरेको भोजमा पुगेका केही स्वदेशी तथा विदेशी व्यवसायीहरूले देउवा र उपस्थित नेताहरूसंग अर्को कर फछ्र्यौट आयोग गठनको माग गर्दै त्यसको लागि अर्बौं देखि खर्बौंसम्म खर्च गर्न पछि नपर्ने भन्दै आवश्यक परे भारतीय दूतावासको सहयोग लिन सकिने समेतका कुराहरु खुलेरै गरे भनी पूर्व अर्थमन्त्रीले नारदलाई सुनाउँदै थिए।

कमिशन बटुल्ने कर्मचारी भवन

राजपाले वन मन्त्रालय परिसरमा रहेको सरकारी भवन नै पार्टी कार्यालय बनाएर सञ्चालन गर्न थालेपछि अचेल चुनाव खर्चको नाममा मधेशी नेताहरूको लागि व्यापारी, उद्योगी, समाजसेवी र कर्मचारीहरूसँग कमिशन बटुल्ने भवन बनेको छ 'मधेश कर्मचारी भवन' भन्दै कर्मचारी सगठनका नेताहरु सिंहदरबारतिर हल्ला गर्दै थिए।

शेरबहादुर किन अयोग्य ?

■ विमर्श संवाददाता

नेपाली कांग्रेसको वरिष्ठ नेताको रुपमा स्थापित शेरबहादुर देउवा अहिले नेपाली कांग्रेसको सभापतिको उम्मेदवार बनेर आफूलाई जितको नजिक रहेको घोषणा गर्दै आउनुभएको छ। तीन तीनपटक प्रधानमन्त्री अनुभव, विद्यार्थी नेतृत्व, पार्टी विभाजनदेखि समायोजनसम्मको भूमिकालाई मूल्यांकन गर्दा नेताको हिसावमा उहाँलाई सम्मान नगर्नुपर्ने ठाउँ छैन। तर, विगतदेखिको पार्टीप्रति उहाँले गर्नुभएका कुनै पनि क्रियाकलापबाट पार्टीले एकता, रुपान्तरण र विकासको अनुभूति पाउन नसकेका उदाहरणहरु धुप्रै छन्। यद्यपि पार्टी नेतृत्वको लागि वर्तमान परिवेशमा प्रजातान्त्रिक शक्तिको रुपमा रहेको एकमात्र नेपाली कांग्रेसलाई भावी दिनमा नेतृत्व दिने कुरामा भने देउवाप्रति शंका नगर्नुपर्ने कुनै कारण पनि छैन किनकि नेपाल विद्यार्थी संघको संस्थापक अध्यक्षसमेत रहनुभएका देउवाको विगत सेतोभन्दा कालो पक्षले पोतिएको छ। संस्थापन पक्षका सभापतिका दावेदार सुशील कोइरालाको पक्षमा निर्धक्क गुणगान गाउन सक्ने अवस्था नरहे पनि आस्था, निष्ठा र भोलिका निर्वाचनका लागि आम कांग्रेसका उम्मेदवारले त्यागी नेताको उदाहरण पेश गर्ने ठाउँ छ। तर, त्यो आधार देउवाले लामो अनुभव प्राप्त गर्दा समेत तय गर्न सक्नुभएन। एकदलीय तानाशाही पञ्चायती शासन व्यवस्थाविरुद्ध नेपाली कांग्रेसले प्रजातन्त्र पुनःस्थापनाका लागि ३० वर्ष अनवरत संघर्ष गर्नुपऱ्यो। यो क्रममा धुप्रै कांग्रेस कार्यकर्ता र नेपाली नागरिकले मृत्युवरण गर्नुपऱ्यो। प्रजातन्त्र बहालीका लागि कांग्रेसले वामपन्थीसँग सहकार्य गरी २०४६ सालमा जनआन्दोलन गऱ्यो। पञ्चायतको विरोधमा लाग्दा जतिबेला धुप्रै होनहार कांग्रेसीहरु शूलीमा रोपिंदै थिए- त्यति नै बेला शेरबहादुर भने पञ्चायतमा प्रवेश गर्न गोडा उचाल्दै हुनुहुन्थ्यो। यो खबर थाहा पाएर आक्रोशित नेता कृष्णप्रसाद भट्टराईले देउवालाई समाजशास्त्रको

बाँकी ७ पृष्ठमा

शेरबहादुर..

अध्ययनका नाममा बेलायत पठाउने प्रबन्ध मिलाइ दिनुभयो। राजा महेन्द्रले हरण गरेको प्रजातन्त्र फिर्ताका लागि कांग्रेस टाउकामा कफन बाँधेर लडिरहँदा शेरबहादुर देउवाले पञ्चायतविरुद्धको उक्त आन्दोलनलाई राष्ट्रियताविरोधीको संज्ञा दिनुभयो। देउवाले दिएको मन्तव्यलाई आज पनि उहाँनिकटस्थ नेताहरु स्मरण गर्छन्।

अर्को रमाइलो त बहुदलीय प्रजातन्त्रको अभ्युदयपछि एक महत्वपूर्ण कार्यक्रममा शेरबहादुरको राजाहरुको नाम र नम्बर भएको टेलिफोन, उहाँहरुसँग सधैं भइरहेको संवादले भरिएको डायरी छुट्यो, आज पनि त्यो डायरी एक कांग्रेस कार्यकर्तासँग सुरक्षित छ- जसमा राजासँग निरन्तर भएका संवादहरु समेटिएको थियो।

नेपालमा प्रजातान्त्रिक आन्दोलन सफल भयो। गणेशमान सिंहले नेतृत्व गर्नुभएको आन्दोलनमा वामपन्थी शक्तिले पनि साथ दिए। राजा वीरेन्द्रको केही लागेन र संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्थाको सूत्रपात भयो। नेपाल जब आन्दोलन टुंगियो लगत्तै देउवा बेलायतबाट फर्कनुभयो। पश्चिम नेपालमा नेताहरुको खडेरी थियो। गिरिजाप्रसाद कोइरालाले त्यो क्षेत्र हेर्ने जिम्मेवारी उहाँलाई दिनुभयो। पछि कोइरालाकै आशीर्वादमा देउवा संसदीय दलको नेता बन्दै पटक-पटक प्रधानमन्त्री बन्नुभयो। कोइरालाले शैलजालाई भन्दा देउवालाई प्राथमिकता दिंदा समयक्रममा प्रजातन्त्र नारायणहिटी दरबारभित्र पुग्ने अवस्था आयो। धनाढ्य राणाकुलकी आरजु राणासँग शेरबहादुर देउवाको विवाहपछि त देउवाको हैसियत तपाईंबाट मौसुफमा पुग्यो। राणा र शाहहरुसँग दूरी निकट हुँदै गयो भने कार्यकर्ता र जनतासँगको सम्बन्ध फाट्दै गयो। फलस्वरुप प्रजातन्त्रको भन्दा पनि राणा तथा शाहको पक्षमा वकालत गर्नु आफ्नो धर्म सम्झन थाल्नुभयो। सभासद् किनबेच र पजेरो काण्ड भित्र्याउँदा देउवाको नाम स्मरण हुने वातावरण बनेको छ। देउवा नेपाली राजनीतिक इतिहासमा झनै चर्चामा त्यतिबेला आउनुभयो- जब २०५९ असार १३ मा राजा ज्ञानेन्द्रको डिजाइनमा खुमबहादुरलाई सभापति बनाउने गरी पार्टी विभाजन गरी प्रजातान्त्रिक कांग्रेस नामको छुट्टै दल निर्माण गरियो। त्यतिबेला ज्ञानेन्द्रले देउवालाई 'तिम्रो कांग्रेसलाई म स्वीकार्छु' भनी वचन दिनुभएको स्रोतहरु बताउँछन्। बिचरा खुमबहादुरले के पाउँथे र ? खुमबहादुरसँग त्यो सहमतिपत्र आज पनि सुरक्षित रहेको दावी स्रोतको छ।

प्रजातन्त्रविरोधी देउवाका अर्को कर्तुत हो, बेल्जियम सरकारसँगको हतियार खरिद काण्ड। माओवादी जन्माएर देशलाई भीषण युद्धमा होम्ने र हतियारमाफियासँगको साँठगाँठमा अकूत सम्पत्ति कमाएर पार्टी कब्जा गर्ने दाउमा देउवा रहेको संकटकाल नलम्ब्याउन पार्टीले दिएको निर्देशन नमानेर पार्टी विभाजन गरेपछि छताछुल्ल भयो। आफू प्रधानमन्त्री रहेकै बेला राजा ज्ञानेन्द्रलाई प्रजातन्त्र भेटी चढाएर देउवाले कांग्रेसकै इतिहासमा पप हंगामा मच्चाइदिनुभयो। आज यी सबै कर्तुतको पोको बोकेर नेता देउवा पार्टीको कमाण्ड सम्हाल्न कस्सिनुभएको छ। यस्ता पात्र र चरित्रका धनी देउवालाई कांग्रेसजनले सभापति बनाए कांग्रेसको भावी स्वरुप कस्तो होला- कल्पनासम्म मात्र गर्न सकिन्छ।

कोइराला र देउवाको अबको बाटो

■ विमर्श संवाददाता

नेपालको प्रजातान्त्रिक आन्दोलनको अग्रणी पार्टी नेपाली कांग्रेसको १२ औं महाधिवेशन सम्पन्न भएपछि मिश्रित प्रतिक्रिया आएको छ। अब कांग्रेस फुट्छ, कांग्रेसको एकता टुट्यो, कांग्रेसमा पुनः कोइराला परिवारको वर्चस्व देखियो जस्ता प्रतिक्रिया अहिले सार्वजनिक भएका छन्। कांग्रेसको राजनीतिलाई नजिकबाट नियालिरहेका विश्लेषकहरु भन्छन्- कांग्रेस फुट्दैन तर पराजयको पीडा बोकेर अगाडि बढेका देउवा समूहलाई मिलाएर लैजाने विशाल उदारभाव कोइराला समूहले देखाउनु जरुरी हुन्छ। त्यसो त पार्टी विभाजनको पीडाबाट भर्खरमात्र मुक्त हुनुभएका देउवाले पुनः पार्टी विभाजन गर्नुपर्दछ भन्ने खुमबहादुर खड्काहरुको भनाइ सुन्नुहुने छैन।



खड्काको आगमन : पार्टी विभाजनको मुख्य योजनाकार भनेर कांग्रेस राजनीतिमा चिनिनुहुने खुमबहादुर खड्काको देउवातिर पुनः फिर्ती नै देउवा समूहको हारको एउटा कारण बन्न पुग्यो। जब संस्थापन पक्षबाट पछिल्लो समयमा देउवा क्याम्पतिर खड्का लाग्नुभयो- तब देउवा क्याम्पमा रहेका प्रभावशाली हस्तीहरु एकाएक झस्किन पुगे। चुनावी माहौल निर्माण अगाडि प्यानल घोषणासम्ममा देउवाले आफ्नो दाहिनेतिर खड्कालाई राखेर प्यानल घोषणा गर्दा देउवा समूहकै प्रभावशाली नेताहरुको मस्तिस्कमा एक प्रकारको चोट परिसकेको थियो।

अर्कातिर खड्काले प्यानल भनेर निर्वाचनमा वितरण गरेको गोप्य सूचीमा महामन्त्रीमा विमलेन्द्र निधिको नाम हटाएर प्रकाशमान सिंहको नाम राख्नासाथ देउवा समूहभित्रको घातप्रतिघातको चक्र सार्वजनिक हुन पुग्यो। खड्काको एकमात्र उद्देश्य महामन्त्रीका दावेदार निधिलाई समेत पराजित गरी देउवालगत्तैको नेतामा आफू नै स्थापित हुने थियो। यी सबै खेल सार्वजनिक भएपछि एकातिर देउवा समूहकै प्रभावशाली हस्ती आफूलाई मात्र भोट माग्न लागे भने अर्कातिर पछिल्लो समयमा मात्र खड्कालाई आफ्नो समूहमा भित्र्याउँदा आफैसँग रहेका प्रभावशाली व्यक्ति नै निराश बन्न पुग्छन् भन्ने भेउ देउवाले पाउन सक्नुभएन। कालान्तरमा उहाँहरुको प्यानलको पराजयको कारण नै यही बन्न पुग्यो।

कोइरालाका चुनौती : नवनिर्वाचित पार्टी सभापति सुशील कोइरालासामु पहाडजस्तै अजंग चुनौतीहरु छन्। पार्टीभित्रका पराजित नेताहरुलाई मिलाएर पार्टीको घोषित नीति तथा कार्यक्रम गाउँ/गाउँमा पुऱ्याएर मृतप्रायः संगठनलाई जीवन्त बनाउने जिम्मेवारी कोइरालाको काँधमा आएको छ। अर्कातिर संविधान निर्माण प्रक्रिया अवरुद्ध छ, सरकार निर्माणमा समेत नेपालले अन्तर्राष्ट्रिय स्तरमै बदनामी मोलिसकेको छ, त्यसको चिरफार गर्दै निर्धारित समयमै संविधान निर्माणदेखि लोकतन्त्रमाथि देखिएको कालो बादल हटाउनेसम्मको दायित्व कोइरालाको काँधमा आएको छ। त्यसको अतिरिक्त पार्टी भित्र पनि गुटमा रमाउने, निर्वाचित समिति, भ्रातृ संस्थालगायत जथाभावी भंग गरेको समेत विगतमा आरोप कोइरालाले व्यहोर्दै आउनुभएको छ। उहाँमाथि विगतमा लाग्दै आएको आरोपबाट मुक्त हुन अब सभापति कोइरालाले विधिविधानमा जोड दिएर एउटा उदाहरणीय सभापतिका रुपमा आफ्नो कार्यकाल पूरा गर्नुसमेत जरुरी देखिन्छ।

बाँकी ७ पृष्ठमा

कोइराला..

अनुशासन र इमान्दारीका पर्याय बन्नुभएका कोइरालाले भावी दिनमा पनि आफ्नो त्यो छवि देखाउनु जरुरी छ। त्यसको सँगसँगै पार्टीलाई सामूहिक छलफलका आधारमा अगाडि बढाएर विगतमा उहाँमाथि लाग्दै आएको कोटरीमा रमाउने आरोपबाट समेत उहाँ बाहिर निस्केर पुरानो एवं ऐतिहासिक प्रजातान्त्रिक पार्टीको इतिहास र गरिमा जोगाउने समेतको चुनौती उहाँसामु देखा परेको छ। उमेर र स्वास्थ्यले साथ दिएमा नवनिर्वाचित सभापति कोइरालाले आफ्नो कार्यकालभित्रै पार्टीलाई नेपालको ठूलो एवं पहिलो पार्टीको रुपमा स्थापित गर्ने विश्वास लिइएको छ।

वाम...

देउवाको दोषी चश्मा



विपक्षी दलका नेता केपी ओलीलाई सुषमा स्वराजसँग भेट गराए भारत रिसाउने र सत्ता पल्टने डर देउवाको दोषी चश्माले देखेपछि 'भाइ फुटे गवार लुटे'को उखान झैं हाम्रा राजनीतिक दलका नेताहरुको बुद्धि बेलैमा नफर्के नेपाल भुटानीकरण हुँदै सिक्किमकरणतिर जाने पक्का छ भन्दै केही राजनीतिक विश्लेषक लैनचौर भोजमा स्वराज-ओली भेट नभएकोप्रति तीतो पोख्दै थिए।

देउवाले बोल्ने मञ्च माओवादीको चुनाव चिन्ह

प्रधानमन्त्रीको पद त पुष्पकमल र शेरबहादुरले शेयर गरेकै हुन्, बूढीगण्डकीमा आएको रकम ओलीलाई समेत शेयर गराएकै हुन्, हुँदाहुँदा मन मिलेपछि सबै कुरा मिल्दोरहेछ भनेर पश्चिममा मञ्च पनि शेयर गरे। धनगढीको डिपो बजारमा बनाइएको मञ्चमा पहिले ११ बजे दाहालले भाषण गरे भने दिउँसो दुई बजे शेरबहादुर देउवाले भाषण गरे। अचम्म त के भने देउवा बोल्दा माओवादी केन्द्रका चुनाव चिन्ह भने मञ्चमा प्रशस्त देखिन्थ्यो।

देउवाले आफूलाई प्रष्ट गर्ने भए !

नचाहेको नखोजेको चुनाव सारेर देउवाले न मधेशी पार्टीहरूको चित्त बुझाउन सके न चुनावमा भाग लिन चाहनेहरूको मन राख्न सके। कुनै राम्रो अभ्यासबिनै चुनावको मिति सारेर फेरि आफूलाई अक्षम नै साबित गर्न खोजेका त होइन भनी आमनेपाली कांग्रेसभित्र व्यापक चर्चा छ।

देउवा र निधिलाई समस्या

जयबहादुर चन्द आइजी बनाउन भनी लिएको मोटो रकम चन्दसँग कसरी मिलाउने भनी जसरी शेरबहादुर देउवालाई समस्या छ त्यस्तै विमलेन्द्र निधिलाई नवराज सिलवालसँग लिएको नजराना मिलाउन समस्या परिरहेछ, देउवा त पदमा छन् धामधुम गर्लान् तर निधि त कुनै पदमा छैनन्, सिलवालको फिर्ता गर्ने प्रेसरले निकै कायल पारेको चर्चा निधिका वरपरकाहरू भन्ने गर्छन्।

भने बमोजिम गरें

केही हप्ताअघि सुषमा स्वराज नेपाल आएर चीनसँग कुनै सन्धी-सम्झौता र सहयोग नलिनु भनी मन्त्रणा गरेर गएको हल्ला फैलिनु र नेपाललाई खर्बौं डलर सहयोग गर्न तयार भै नेपाल आएका चिनियाँ उपप्रधानमन्त्रीसँग कुनै प्रोपोजल राख्न नसक्नुको रहस्य चिर्न पनि भारतले बनाएका बाँधले तराई डुबानबारे देउवाले मुख खोल्न नसके त्यो हल्ला सत्य साबित ठहरिनुका साथै देउवाले गर्ने भारत भ्रमण भनेको हजुरले भनेबमोजिम गरें भनी सन्देश पुऱ्याउनु बाहेक अरु कुनै फलदायी नदेखिने केही परराष्ट्रविद् टिका-टिप्पणी गर्दै थिए।

प्रधानमन्त्रीको निर्देशन

काठमाडौं लगायत अधिराज्यभरका खाल्डाखुल्डी पुर्नु भनी प्रधानमन्त्रीले आदेश दिए। बुढानिलकण्ठ, बालुवाटार, डडेलधुराका सडकका खाल्टाखुल्टी पुरियो कि के भयो, आम नेपालीले अनुभूति गर्न पाएनन्, अरु छाउप्रथा हटाउन प्रतिबद्ध छन्, अरु त त्यस्तै हो उनकै जिल्ला डडेलधुरा र आसपासमै छाउप्रथा हट्ने हो कि अझै बढ्ने हो भन्न सकिँदैन भन्ने चर्चा छ।

देउवा र थापालाई आफ्नै आफ्नै !

नेपाली कांग्रेसका सभापति तथा भावी प्रधानमन्त्री देउवालाई कसरी कुन रूपमा हुन्छ डिना उपाध्यायलाई कुनै न कुनै मन्त्री पद दिलाउँ भन्ने चिन्ता छ भने राप्रपाका अध्यक्ष कमल थापालाई कसरी कुन्नि शाहीलाई मन्त्री बनाउँ भन्ने चिन्ता छ रे। अब को हुने र को नहुने मन्त्री, त्यसको टुंगो भने यही हप्तासम्म हुन सक्दछ भनिन्छ।

नेपालको राजनीति कहाँ पुग्ने हो ?

देउवा पौड्याल ग्रुपलाई पन्छ्याउन खोज्ने, माधव नेपाल ओलीलाई तगारो हाल्न खोज्ने, दीपक बोहरा, कमल थापाको सभापतित्वमा प्रश्न उठाउन खोज्ने, नारायणकाजी प्रचण्डलाई सिध्याउन भरपुर कोसिस गर्ने, यस्तो राजनीतिले नेपालको राजनीति कहाँ पुग्ने हो शंका छ।

नत्र त देउवाले...

कांग्रेसका देउवा र एमालेका वामदेवले पार्टी फुटाएर पनि विगतमा जोडेका हुन्। पार्टी फुट्नु र त्यसपछि जुट्नुमा जति पीडा हुन्छ, त्यसको कुनै सीमा हुँदैन। अहिले देउवालाई जति प्रिय रामचन्द्र पौड्याल, कृष्ण सिटौलाहरूले दिइरहेका छन्, त्यसको कुनै सीमानै छैन। पौड्यालको भित्रबाट र सिटौलाको दक्षिणबाट दुवैले 'नत्र भने' भन्न छाडेका छन्। देउवाले पार्टी फुटाउनको पीडा बिर्सिसकेको भए अहिले कसैलाई गन्दै नगनेर दाहालको समर्थनमा जान्थे होलान् भन्ने चर्चा कांग्रेसभित्र छ।

कांग्रेस पार्टी कहाँ पुग्ने हो ?

गणेशमानको पुत्र प्रकाशमानको अवस्था महेन्द्रनारायण निधिका पुत्र विमलेन्द्र निधिको अवस्था हेर्दा जतिबेर गिरिजाले कांग्रेस हाँक्न थाले, त्यतिबेलादेखि नै सुशील, शेरबहादुर, सुजाताजस्ता चरित्र जन्मिए। शैलजा, मार्शल जुलुम जस्ताको स्थान समाप्त हुँदै गयो। सुशीलले रसातलमा पुऱ्याएको कांग्रेस अब शेरबहादुरले कहाँ पुऱ्याउने हो भनी सर्वत्र चर्चाको विषय बनेको छ भनिन्छ।

आस्था २०६४।५।१४
बुधवार

फोटो

महेश्वर [illegible]

सभापति, प्रधानमन्त्री दुवै आफ्नै हुँदा, दिल्ली गई यसपालि सके आठै घुँडा
दुई घडी ढलाक भयो पञ्चेश्वर उस्तै, केही नगर्दा गाह्रो लाग्छ सुदूरपश्चिम ढुँडा



कांग्रेसी दादागिरीको नमुना

काठमाडौं। देशमा चर्चित ऐन, नियम, कानुन र संविधानको पालना नहुँदा पनि सरकार टुलुटुलु हेरेर बस्ने गर्दा सर्वसाधारणले ठूलो हैरानी बेहोर्नु परेको घटना क्षेत्रपाटी टोल्कोमा स्पष्ट देखिएको छ।

ऋषिकुमार पाँडे, गीतादेवी पाँडे र विजयकुमार पाँडेको नाममा रहेको घरजग्गाका संधियार प्रेमकुमार श्रेष्ठले घर निर्माण गर्दा नक्सापास विपरीत निर्माण गरेर सरकारलाई चुनौती दिएको स्थानीयवासीहरू बताउँछन्।

कित्ता नं. १६०८ मा प्रेमकुमार श्रेष्ठले नक्सापास विरुद्ध पेटी र झ्याल बनाएर अवैध तरिकाले निर्माण गरेपछि सो रोक्का [illegible] अदालत र नगरपालिकाले आदेश दिए पनि प्रेमकुमार श्रेष्ठले पालना नगरेको बुझिएको छ।

काठमाडौं महानगरपालिका कार्यालयले वि.सं. २०६४ पुस २ गते प्रेमकुमार श्रेष्ठका नाममा पठाएको पत्रमा स्पष्ट भनिएको छ– 'तपाईंले कामपा १७ क्षेत्रपाटीस्थित कि.नं. १६०८ क्षे.फ. ०-३-१-१ को जग्गामा नक्सा पास गरी घर निर्माण गर्दा नक्साविपरीत निर्माण गरेकाले कारवाही गरी पाउँ भनी परेको उजुरीका सम्बन्धमा स्थलगत निरीक्षण गर्दा कामपाबाट स्वीकृत भएको नक्साविपरीत निर्माण गरेको पाइएकाले स्वीकृत नक्साविपरीत बनेका निर्माण कार्यहरू सच्याउन र बाँकी निर्माण कार्य स्वीकृत नक्सा अनुसार मात्र निर्माण गर्न जानकारी गराइन्छ। अन्यथा, स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले व्यवस्था गरेअनुसार कारवाही भई जानेसमेत यसै पत्रद्वारा जानकारी गराइन्छ।'

तर प्रेमकुमारले आदेशको पालना गर्नुको सट्टामा आफूले अवैध तरिकाले निर्माण गरेका घरका टुक्रा, ईंटा र कुंडाकर्कट तथा पाँडे परिवारको पर्खाल भत्काएर त्यहाँका ईंटाहरू पाँडे परिवारको कम्पाउन्डमा ल्याएर थुपारे। जो अझै पनि यथावत छ। आफूलाई कांग्रेसी नेतृ मैयादेवी श्रेष्ठ, कांग्रेस सभापति गिरिजाप्रसाद कोइराला र पूर्वगृहमन्त्री कृष्ण सिटौलाको प्रियपात्र बताउने प्रेमकुमारले गुन्डाहरू भेला पारेर ऋषिकुमार पाँडे र निजको परिवारका सदस्यहरूलाई मानसिक यातना दिएको टोलवासीहरू बताउँछन्।

२०६४ पुस २ गते महानगरपालिकाले पठाएको पत्रलाई प्रेमकुमार श्रेष्ठले बेवास्ता गरेपछि पुनः सोही वर्ष पुस १३ गते अर्को पत्र पठाएर महानगरपालिकाले प्रेमकुमारलाई ऐनको पालना गर्न सतर्क गराएको देखिन्छ। तर उच्चपदस्थ नेता कार्यकर्ताहरू सबै आफ्नो निकट भएको अहंकार देखाएर प्रेमकुमारले जबर्जस्ती गर्दा पनि स्थानीय स्वायत्त ऐन २०५५ उनीमाथि लागू भएन। एउटालाई लागू हुने र अर्कोलाई लागू नहुने कस्तो कानुन हो ? एउटालाई दण्ड गर्ने र त्यस्तै कसुरमा अर्कोलाई दण्ड दिन नसक्ने कस्तो प्रशासन हो ? पहुँच र शक्ति भएकाले जे गरे पनि हुने चलन राणाकाल, पञ्चायतकाल, बहुदलीय शासनकाल र हालको कथित गणतन्त्रमा पनि उस्तै छ भने, कहाँ भयो परिवर्तन ? क्षेत्रपाटीका बासिन्दाहरू प्रश्न गर्न थालेका छन्।

कुरा यतिकैमा टुंगिदैन ! वीरबहादुर श्रेष्ठका नाति, कमलप्रसाद श्रेष्ठका छोरा प्रेमकुमार श्रेष्ठले कि.नं. ८४८ को पाँडे परिवारको निजी बाटोमा पनि किचलो गरेको क्षेत्रपाटीका बासिन्दाहरू बताउँछन्।

ऋषिकुमारकी पत्नी गीतादेवीसँग सट्टापट्टा गरेको जग्गाका बारेमा पनि उनले सम्झौता विपरीत काम गरेको बताइन्छ। वि.सं. २००९ सालमा ऋषिकुमार पाँडेको परिवारले किनेको घरजग्गाबाट प्रेमकुमारले सानो अंश घरजग्गा किने पनि उनी मिलेर बस्न नसक्ने प्रवृत्तिका झगडालु भएकाले टोलमा समेत अशान्ति फैलिएको स्थानीय बासिन्दाहरू बताउँछन्। प्रेमकुमारको कांग्रेसी दादागिरीले दिक्क भएका क्षेत्रपाटी टोल्कोवासीहरू प्रेमजस्तो छिमेकी कसैले नपाउन् भन्न थालेका छन्।

ऐन, नियम, कानुन र संविधानप्रति सधैं बफादार रहेर नेपाली सेनाका पूर्व लेफ्टिनेन्ट जनरल ऋषिकुमार पाँडेको शालीनताबाट फाइदा उठाएर बसुन्धरा श्रेष्ठ भन्ने छिमेकीले पनि निजी ढल ल्याएर हाल पाँडे परिवारको ढलमा मिसाइदिएकोमा पनि स्थानीयवासीले आश्चर्य व्यक्त गरेका छन्।

सेवानिवृत्त भएर सतहत्तर वर्षको उमेरमा अध्ययन, चिन्तन, मननमा समय बिताइरहेका ऋषिकुमार पाँडेलाई दुःख दिने र निजको अचल सम्पत्तिमा अतिक्रमण गर्ने मनसायले केही व्यक्तिले निजी बाटोसमेत अतिक्रमण गरेको बताइन्छ। पाँडे परिवारबाट पुरानो दरबार खरिद गरेर गोर्खा अस्पतालका उन्नालिक डीबी बमजनले लाखौंको शेयरमा घोटाला गरेको र शेयर प्रमाणपत्र समेत उपलब्ध नगराएको बताइएको छ। वि.सं. २०६२ साल साउन १८ गते अदालतले पाँडे परिवारको कम्पाउन्डमा पर्ने बाटोलाई 'निजी बाटो' भनेर फैसला गरेकोमा प्रेमकुमार र बमजन मिलेर सो बाटोलाई 'सरकारी बाटो' बनाउने चेष्टा गरे तर सरकारी भनिएको बाटोमुनि पाँडे परिवारको निजी ढल कसरी रहेको छ भन्ने कुरा सरकारी कर्मचारीले समेत बुझेनन्।

२०६४ सालमा प्रेमकुमार श्रेष्ठलाई दुई–तीनवटा पत्र लेखे पनि निजले नटेरेपछि २०६५ असार २० गते महानगरपालिकाले नपुंसकता देखाउँदै प्रेमकुमारलाई अर्को पत्र लेखेको कुरा महानगरपालिकाको चलानी नं. १२२५/०६४।०६५ को पत्रबाट देखिन्छ। महानगरपालिकाको कार्यान्वयन महाशाखाका कर्मचारीले घूस खाएर नदेखेझैं गर्ने र महानगरपालिका र सरकारले पत्र लेखेझैं गर्ने नाटक कहिलेसम्म चलिरहन्छ भनेर क्षेत्रपाटीवासीहरू प्रश्न गर्छन्।

सतीले सरापेको नेपालमा योग्य, इमानदार, राष्ट्रवादी र कर्तव्यपरायण व्यक्तिले इन्साफ पाउँदैन भन्ने कुराको उदाहरण ऋषिकुमार पाँडे नै भएको छिमेकीहरू बताउँछन्। आफ्नो सम्पत्तिको निर्वाध भोगचलन गर्न पनि अड्डा अदालत धाइरहनुपर्ने यो हैरानी कहिलेसम्म ? प्रश्न अनुत्तरित छ।

● करुणा सिलवाल
(प्रशिक्षार्थी पत्रकार)

जनभावना साप्ताहिक

२०७४ साल भदौ २६ गते सोमबार

बिदा संस्कृति र देश विकास

प्रसंग सन्दर्भ

भिम प्रसाद काफ्ले

कोरिया अध्ययनको लागि एक वर्ष अघि आउदा शुरुवातमा अध्ययन संगसंगै कोरियाको विकासका बारेमा थाहा पाउने अथाह हुटहुटी थियो। त्यसैले होला हरेक समय कलेजको अध्ययन सँगसँगै अन्य समग्र पक्षको बारेमा थाहा पाउँन प्रायजसो अतिरिक्त क्रियाकलापमा धेरै चासो राखें। शुरुवाती दिनमा केहि असहजता महसुस गरे पनि यस अवधिसम्म आइपुग्दा अध्ययन अवधि र कोरियाको बसाइ सार्थक भएको अनुभुत भइरहेको छ। एक दिन कक्षामा पढाउँदै गर्दा एक जना प्रोफेसरले We didn't have any resources, OPEC countries can drill land to develop their economy, We have to drill our brain, भनेको कुराले देशमा अथाह श्रोत साधन हुँदा हुँदै पनि हामीले केहि गर्न नसकेको देख्दा आफैलाई हिनताबोध भयो। हामीले गर्व गर्ने एउटा मात्र आधार हुन्थ्यो। जुन हामी कहिल्यै उपनिवेश नभएको मुलुकका नगरिक भनेर। अनि आफै सोच्थें के उपनिवेश भोग्नु आवश्यक छ त विकासको लागि ? अनि आफै तर्क गर्थें उपनिवेशले राजनीतिज्ञमा देश भक्तिको भावना थप जागृत गराउँथ्यो होला जसले उनिहरु परिवार, नातागोता र पार्टी भन्दा माथी उठेर देशकोलागि सोच्थे होला। हामी कर्मचारीमा अध्ययनको शिलशीलामा बाहिर बस्दा, अन्य देशको विकास, अवस्था र व्यवस्था देखेर वा भोगेर देशभक्तिको भावाना थप मजबुत हुन्छ। रानीतिज्ञने विदेशमा यसरी आवधिक रुपमा घुम्ने र भोग्ने अवसर पाउँदैनन्।

उपनिवेशले विकासको आधार बनाउने कुरामा सहमत हुन सकिन्छ। भारतीय लोकसभाका विधायक, पूर्व राज्यमन्त्री एवं कुटनितीज्ञ डा. शशि थरुरले ब्रिटेनले व्यापारको लागि रेल मार्ग बनाएको भनेता पनि हाल सबैभन्दा बढी रेलमार्ग भएको मुलुक पनि द्रुतगतिको रेलमार्ग बनाउन जापानसँग सहकार्य गरिरहेकोबाट प्रस्ट हुन सकिन्छ। कोरियामा पनि जापानी उपनिवेशकालमा जापानले व्यवसायिक प्रयोजनका लागि होस या आवागमन सुविधाका लागि होस रेलमार्ग निर्माण गरेको थियो। हामीकहाँ देशको राजधानीमा समेत रेलमार्ग निर्माण गर्न सकेका छैनौं।

यहाँको बसाईमा थप अन्य कुरा बुझ्दै जाँदा, कोरियनहरुको व्यवहार नियाल्दा केहि थप बुझ्ने मौका पाइयो। छोटो समयको लागि घुम्न आउनेले पनि अनुभुत गर्न सक्ने कुरा हो। कोरियनहरु काम भए काम नभए मोवाइल चलाएको मात्र देखिन्छ। चाहे बसमा होस, या ट्रेनमा। कोरियनहरुको अनुशासन र परिश्रमका बारेमा पोखरामा स्नातक पढ्दा बसेको घरको घरबेटी दाइ कोरियाबसेर फर्केका रहेछन् उहाँ भन्नुहुन्थ्यो अति मेहनति र अनुशाशित हुन्छन यहाँसम्मकि टेबलमा भएको कलम सफा गरेपछि जस्तो थियो त्यस्तै जुन दिशामा थियो उहि दिशामा राख्छन भनेर। उनले भनेबमोजिम प्रत्यक्ष अनुभव आफ्नै आँखाले गर्न पाएको छु। श्रमको सम्मान छ। जो मानिस जे कामका लागि राखिएको हो त्यो काम मात्र गर्छ। अन्य काम लगाउदा थप भुक्तानी गर्नुपर्छ। हामीकहाँ कार्यालयका सहयोगी एवं तल्लो तहका कर्मचारीलाई बिना पारिश्रमिक व्यक्तिगत काममा लगाउने। सुरक्ष निकायका माथिल्लो तहका कर्मचारी एवं राजनीतीज्ञले सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीलाई व्यक्तिगत तथा घरायसी काममा विना पारीश्रमिकमा लाउने प्रवृतीले पद र नाम को आडमा गलत क्रियाकलापलाई प्रसय दिएको जस्तो लाग्छ।

सबैभन्दा मुख्य कुरा हामी परिश्रमबाट भन्दा पनि सहज सफल हुनेबाटो खोज्छौ। एक जना राजनीतिक विश्लेशकले नेपालमा अप्रत्यक्ष राजनीतिलाई पेशा बनाउने जनसंख्या १५५ छ भनि एक अन्तर्वार्तामा भनेका थिए। हरेक वर्ष नेपालको रोजगार बजारमा प्रवेश गर्ने करिब ४ लाख जनसंख्या मध्ये ३ लाख जति बैदेशिक रोजगारीमा जान्छन। सरकारी तथा निजी स्तरबाट बैदेशिक रोजगारीबाट फर्कने र बाँकि १ लाखलाई थप रोजगारी सृजना हुदैन उनिहरु नै कुनै न कुनै राजनीतिक दलको पूर्णकालिन एवं रोजीरोटीको लागी समेत कार्यकर्ता बनेर हिडन बाध्य छन। विदेशमा आफैले गरको काम नेपालमा फर्केर गर्न नचाहने प्रवृति छ। केहि बर्ष कमाएर लगेको पैसाले घर बनायो बस्यो जिवन चलायो भन्ने मानसिकता हावि छ। पछिल्ला दिनमा विदेशमा शिकेको सिप उपयोग गर्नेको संख्यामा वृद्धि भएको छ। तथापि यथेष्ट मात्रामा भएको छैन। कोरियामा हुँदा दैनिक १६ घण्टा सम्म काम गरेको मानिस नेपाल फर्केपछि दैनिक उहिगतिमा ८ घण्टामात्र काम गरिदिए कति हुन्थ्यो। देश विकासको लागि नागरिक, व्यापारी, कर्मचारी, एवै राजनीतिज्ञले हरेकले समयको उत्तम उपयोग गरे पो हुन्छ। अन्य वैकल्पिक पेशा व्यवसाय नभएका व्यक्तिहरुको नै राजनीतिमा बाहुल्यता छ। कर्मचारीतन्त्रमा निर्णय ढीलो गर्ने प्रवृति छ। सकभर गर्न नपरोस्, गर्नै परे अन्तिम घडीमा निर्णय गर्ने जस्ता प्रवृतिले समयको उत्तम उपयोग हुदैन।

आम नागरिकहरु पनि विभिन्न दाता, गैरसरकारी संघ सस्था को मुख ताकेर चरम परनिर्भर भएका छन। आर्थिक समृद्धि काम बढी गरेर नै प्राप्त गर्न सकिन्छ। गफ चुटेर, चौतारामा बसेर अरुको कुरा गरेर, फाल्तु गफ गरेर, आय आँजन र समृद्धि ससारमा कसैले पनि हासिल गर्न सक्दैन। OECD ले २०१४ मा गरेका अध्ययन अनुसार बार्षिक सबैभन्दा बढी काममा खटिनेमा म्याक्सीको का नागरिक पर्दछन। म्यक्सीकोका नागरिकको बार्षिक औषत कार्यघण्टा २२२८ रहेको छ भने। दोस्रोमा कोस्टारीकाका नागरिक प्रर्दछन। कोस्टारीकाका नागरिक ले बार्षिक औषत २२१० घण्टा काम गर्दा रहेछन। तेस्रोमा कोरियन प्रदछन। कोरियनले बार्षिक औषत २१२४ घण्टा काम गर्दा रहेछन्। यो सङ्गठित संस्था र सरकारी संयन्त्रको कार्य समयको आधारमा गरिएको अध्यन हो। निजी क्षेत्रमा कार्यरत कोरियन यो भन्दा बढी नै काम गर्छन।

सोची त हामी बार्षिक कति घण्टा काम गर्दछौ होला ? १०-५ कार्यालय जानेको हकमा २०७४ मा ३६५ दिन मध्ये १०० दिन शनिवार सहित सार्वजनिक बिदा छ बाँकि २६५ दिनमा दैनिक ७ घण्टाका दरले १८५५ घण्टा कार्यालय समय रहेको छ। यसमा आकस्मिक रुपमा हुने बिदा समावेस गरिएको छैन। ति बिदा समेत समावेस गर्दा त्यस्तै १८०० घण्टा भन्दा पनि कम हुन आउछ। यस मध्ये कति उपयोग गर्छौ होला हामी आफै अनुमान लगाउन सक्छौ। गौरा पर्वको उपलक्ष्यमा राज्यभर बिदा दिएकोमा मेरा एक जना मित्रले फेशबुकमा लेखेका थिए 'बिदा कसरी मनाउने थाहै नपाएको पर्वको।' हामी बिदा भएको मन पराउछौ। यो हाम्रो संस्कृती भैसकेको छ। राष्ट्रपति विदेश भ्रमणमा जादाँ होस् या छिमेकी मुलुकका रास्ट्रपति नेपाल आउदा हामी बिदा गरेर सम्मान गर्दछौ।

अगस्त २१, २०१७ मा अमेरिकामा सूर्य ग्रहणले गर्दा भएको सार्वजनिक बिदाका कारणले मात्र रु ४४८६ करोड अमेरिकी अर्थतन्त्रमा घाटा भएको समाचार फोर्ब्स न्युजले प्रकाशन गरेको थियो। यहाँ न राष्ट्रपति ले विदेश भ्रमण गर्दा बिदा हुन्छ न त कुनै देश का रास्ट्रपति यहाँ आउँदा। यतिसम्म समय प्रति सजक छन् कि पढाउने प्रोफेसरले एकमिनेट चाडो र ढीलो गरेको पाहाँ छैन। सार्वजनिक बिदाले अर्थतन्त्रमा पर्ने असरबाट सचेत छन। हामी बिदा रुचाउछौ परिश्रम नगरी आम्दानी होस भन्ने अपेक्षा गर्दछौ। एउटा कार्यक्रमा योजना आयोग का पूर्वसदस्य एव अर्थविद् चन्द्रमणि अधीकारी (पीएचडी)ले नेपालमा नैतिकता नै टिकता भनेर भन्नुभएको थियो। त्यस्तै एक जना मित्रले यस्तै कुराकानीको क्रममा सबैको किमत हुन्छ केवल मुल्य मात्र थाहापाउनुपर्छ भनेर भनेको याद छ। हामी यसरी प्रवृतिमा दोष देखाउने अरुलाइ दोष लगाउने आफुलाई नसुधार्ने परिश्रम नगर्ने कसले हाम्रो पद्दती सुधार गर्ने र कहिले विकास हुने। प्राकृतिक श्रोत साधनले सम्पन्न एवं सुन्दर मुलुक, हामिले कोरियन प्रोफेसरले भने जस्तो न अरबियन राष्ट्को जस्तो जमिन खन्नु पर्छ, न त दिमाग नै, केवल हामिले हाम्रा पर्यटकीय सम्पदाको प्रचार प्रसार गरेर देखाइदिए पुग्छ। यसको लागि श्रमलाई सम्मान गर्ने, नैतीकता र निष्ठायुक्त दृष्टिकोण सहितको सुसंस्कृति राजनैतीक संस्कार, परीश्रमी नागरिक एवं चुस्त कर्मचारीतन्त्र आवश्यक छ।

(लेखक नेपाल सरकारको छात्रवृत्तिमा दक्षिण कोरियामा अध्ययनरत हुनुहुन्छ।)

जनभावना साप्ताहिक
२०७४ साल भदौ २५ गते सोमबार

सांसदहरू स्वयं कानुनको धज्जी उडाउँदै
संसद्को गरिमा संकटमा

काठमाडौं। राज्यले प्रत्युत्पादक क्षेत्रमा खुबै लगानी गरेको छ। जब उत्पादकत्व नै हुँदैन भने त्यसमा निरन्तर लगानी गरिरहनुको पनि के अर्थ? त्यसमा एक हो व्यवस्थापिका संसद्। संसदले पटक्कै उत्पादनयोग्य काम गर्न सकेको छैन। भारमात्र बढेको छ। संसदको त्यतिठूलो भवन भाडाको हो। अहिलेसम्म सांसदहरुलाई दिने तलबमा १० प्रतिशतमात्र पनि काट्न सकेको भए धेरै वर्ष पहिले त्यस्ता दुईवटा भवन थपिने थिए। सांसदहरु कानुन बनाउँछन् अनि सांसदहरुले देशका विभिन्न ठाउँको प्रतिनिधित्व गर्दै विकासको ढोका खोल्छन् भन्ने हो भने एउटा हातमा भएका औंला पनि बढी हुन्छन् त्यस्ता इमान्दार सांसद खोज्न।



किनकि सांसदहरू आफै कानुनको धज्जी उडाइरहेका छन्। राज्यले गरेको प्रतिवन्धलाई तोड्छन्। अनि उनीहरूकै हुकम। एमालेका वरिष्ठ नेता माधवकुमार उत्तर कोरिया गएर फर्कंदा देशको मर्यादा डगमगाएन। राज्यले लगाएको प्रतिवन्धमा कुनै आँच आएन। अनि उनै माधवकुमार नेपाल स्वदेश फर्केपछि पहिलो काम नै प्रधानमन्त्री शेरबहादुर देउवालाई गालीबाट गरे। अब उनलाई कसले कार्वाही गर्ने?

हुँदाहुँदा सांसदहरू यतिसम्म बेकामे निस्केका छन् कि संसदको बैठकमा उपस्थित नभएर पटक पटक संसद बैठक स्थगित गर्नुपर्ने अवस्था छ। गत शुक्रबारको बैठकमा गणपूरक संख्या नपुगेपछि एकै दिनमा संसद् बैठक दुईपटक स्थगित भएको थियो। सामाजिक न्याय तथा मानव अधिकार समितिको प्रतिवेदनसहितको मधेशी आयोग विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव पारित गर्ने क्रममा सांसद प्रेम सुवालले गणपूरक संख्या नपुगेको भनी नियमापत्ति जनाएपछि यसको पर्दाफास भयो।

सभामुख ओनसरी घर्तीले तीन मिनेट घण्टी बजाएर सांसदको संख्या यकिन गर्न निर्देशन के दिएकी थिइन् गणपूरक संख्या सम्पूर्ण संख्याको एक चौथाइ अर्थात् १४८ जना सांसद हुनुपर्नेमा संख्या १३६ मात्र भयो। अनि बाध्य भएर सभामुख घर्तीले १५ मिनेटका लागि बैठक स्थगित गरेकी थिइन्। संसद्को बैठकमा कुनै पनि प्रस्ताव निर्णयार्थ पेश गर्दा एक चौथाइ सदस्य संख्या अनिवार्य उपस्थित हुनुपर्ने संवैधानिक प्रावधान छ। *बाँकी ७ पेजमा*

संसद्को ...

त्यसपछि बसेको दोस्रो बैठकमा गणपूरक संख्याका बारेमा यकिन गर्दा १५७ जना सांसद उपस्थित देखिए। अर्थात् सांसदहरू संसदमा पुग्छन्। हाजिर गर्छन्। अनि कोही भत्ता पचाएर टाप कस्छन्। अनि कोही अझ बढी गैरजिम्मेवार बन्दै क्यान्टिनमा टहलिन्छन्। कोही खुल्ला चौरमा। त्यसपछि सञ्चालन भएको बैठकमा सामाजिक न्याय तथा मानवअधिकार समितिको प्रतिवेदनसहितको थारू आयोग विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव पारित गर्नेक्रममा सांसद प्रेम सुवालले पुनः तेस्रोपटक गणपूरक संख्या यकिन गर्न नियमापत्ति जनाएका थिए। त्यसपछि सभामुख ओनसरी घर्तीले तीन मिनेट घण्टी बजाएर गणपूरक संख्या गणना गर्न निर्देशन दिएकी थिइन्। संख्या गणना गर्दा १२७ मात्र सांसद संख्या यकिन भएपछि सभामुख घर्तीले पुनः दोस्रोपटक १५ मिनेट बैठक स्थगित गरेकी थिइन्।

तर त्यसपछि बैठक बस्दै बसेन। सूचना टाँस गरेर विशेष कारणबस भन्दै असोज ३ गते दिउँसो ३ बजेसम्मका लागि बैठक स्थगित गरियो। स्पष्टै छ सांसदहरू अहिले प्रदेश नम्बर २ मा व्यस्त छन्। तर उनीहरू सभामुखलाई जानकारी नगराई गएका थिए। यसैले गर्दा समस्या भयो। जब सांसदहरू जिम्मेवार हुँदैनन् भने संसद विघटन गरे के फरक पर्ला। आखिर संसदबाट आएको संविधानले चुनाव गर्नेबाहेक के नै गर्न सकेको छ र। मुलुकमा व्याप्त भ्रष्टाचार रोक्न नसक्ने संसद के का लागि? आम सर्वसाधारण यस्तो प्रश्न गर्न थालेका छन्।

पुँजीगत लाभकर काण्डमा अख्तियार मौन?

काठमाडौं। घरजग्गा बिक्रीका क्रममा भएको अरबौं रुपैयाँ पुँजीगत लाभकर छलीमा संलग्न काठमाडौं उपत्यकाका मालपोत कार्यालयका ८२ कर्मचारीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरेको ६ महिनाभन्दा बढी समय व्यतित हुँदा पनि अहिलेसम्म मुद्दा दायर गरेको छैन। लाभकर छलीमा संलग्न कर्मचारीविरुद्ध छानबिन सकिए पनि अख्तियारले मुद्दा दायर गर्न बिलम्ब गर्दैआएको छ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
Commission for the Investigation of Abuse of Authority

लाभकर छलीमा संलग्न कर्मचारीहरूले अख्तियारका प्रमुख आयुक्तदेखि आयुक्तसम्म पहुँच पुर्‍याएर मुद्दा दर्ता हुनबाट रोकेको भूमिसुधार मन्त्रालयका अधिकारी चर्चा गर्दछन्।

२०६६ साउनदेखि घरजग्गा बिक्रीमा पुँजीगत लाभकर लागू भएको थियो। २०६६ देखि २०७० सम्म घरजग्गा बिक्रीमा अरबौ रुपैयाँ लाभकर छली भएको थियो। २०६६ देखि ०६८ सम्म त मालपोतका कर्मचारीले बोरामै घुस लिएर गएको भूमिसुधारका कर्मचारी बताउँछन्। लाभकर छलीको भयावह चित्रका बारेमा अख्तियारलगायतका निकायले चासो देखाएपछि मालपोत कार्यालयका कर्मचारीले कागज मिलाएर छली गर्दैआएका थिए। ४ करोडको जग्गा खरिदमा खरिद मूल्य १ करोड भए ३ करोडको लाभकर लाग्छ। ३ करोडमा १५ लाख रुपैयाँ लाभकर लाग्छ। तर कर्मचारीले १५ लाखमा ७ लाख ५० हजार घुस लिएर जग्गा खरिद बिक्री गर्दैआएका थिए। तर भर्खरै आपूर्तिमा सरुवा भएका भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव कृष्णप्रसाद देवकोटाले

लाभकर छलीको बारेमा अनुगमन गरी केही कर्मचारी निलम्बन गरेपछि मालपोत कार्यालयहरूमा कम्पन पैदा भयो। लाभकर छलीमा काठमाडौं उपत्यकाका मालपोत कार्यालयमा कार्यरत कर्मचारीहरू ताराप्रसाद जोशी, लक्ष्मण बस्नेत, यमनप्रसाद श्रेष्ठ, श्याम पाण्डे, मीनबहादुर भट्टराई, लक्ष्मण भट्टराई, श्याम क्षेत्री सित्तवाल, सुनिल लम्साल, लक्ष्मी खत्री, राजेन्द्र बुढाथोकी, खेतबहादुर सिंह, नवीन अधिकारी, विदुर खनाल, पिताम्बर भण्डारी, चक्र श्रेष्ठ, दिनेश रेग्मी, बैकुण्ठ विष्ट लगायत ८२ जना छन्। यी कर्मचारीमाथि २०६६ देखि होइन, २०७२ देखिको लाभकर छली गरेको आरोपमा अख्तियारले छानबिन गरेको छ। लाभकर छलीमा संलग्न यी कर्मचारीहरूले करोडौ रुपैयाँ भ्रष्टाचार गरेका छन्। खरिदारबाट नासुमा बढुवाको फर्म नै नभरी डिल्लीबजार मालपोतमा १० वर्ष कार्यरत लक्ष्मण भट्टराईले मात्र बीसौं करोड रुपैयाँ गैरकानूनी(अकूत) सम्पत्ति आर्जन गरेको उनीसँग काम गरेका कर्मचारीहरू नै *(बाँकी पृष्ठ ८ मा)*

लिली आचारसंहिताभन्दा माथि?

काठमाडौं। निर्वाचन आचारसंहिताले राजनीतिक पार्टीमा संलग्न व्यक्ति वा संस्थालाई निर्वाचन पर्यवेक्षणमा रोक लगाएको छ। तर नयाँशक्ति पार्टी हुँदै केही दिनअघि एमालेमा प्रवेश गरेकी लिली थापाको "शान्ति, न्याय र लोकतन्त्रका लागि समावेशी महिला संजाल"ले पनि निर्वाचन पर्यवेक्षण गर्दैआएको छ। आगामी असोज २ गते हुन लागेको २ नम्बर प्रदेशको निर्वाचनमा पनि उक्त संस्थाले निर्वाचन पर्यवेक्षण अनुमति पाएको खबर छ। अधिकारकर्मी महिला थापा २०७४ भदौ १७ गते नयाँशक्तिबाट एमालेमा प्रवेश गरेकी थिइन्। उनलाई एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टी कार्यालय धुम्बाराहीमा एमालेमा प्रवेश गराएका थिए।

राजाको शासनकालमा राष्ट्रिय महिला आयोगमा २९ दिन सदस्यको नियुक्ति खाएकी दलबदलु प्रिय थापा दल बदल्दै *(बाँकी पृष्ठ ८ मा)*

पुँजीगत...

बताउँछन्। यसैबीच, डिल्लीबजार मालपोत कार्यालयमा १० वर्ष भन्दा बढी समय कार्यरत रही करोडौ रुपैयाँ लाभकर छलीमा संलग्न नासु लक्ष्मण भट्टराई अख्तियारका अनुसन्धान अधिकृतहरूलाई फुफाउनुपर्छ भन्दै काठमाडौंका प्रत्येक मालपोत कार्यालयमा रकम उठाउन थालेको समाचार छ। अख्तियारले मुद्दा चलाउन बिलम्ब गर्नु र भट्टराईले मालपोत कार्यालयहरूमा रकम उठाउन सुरु गर्नुले बाबा हराउनु र बाघ कराउनुको उखान चरितार्थ हुन पुगेको छ।



▸ सौघु . २०७४ साल भदौ २६ गते सोमबार ३

दिल्लीको दिलदेखि प्रचण्डको दिमागसम्म

पञ्चायतकालमा ठूला हस्ती थिए डा. तुलसी गिरी। तर, उनको चुनाव उठ्ने ठाउँ थिएन, उनी कहिल्यै जनताबाट प्रत्यक्ष निर्वाचित भएनन्। कीर्तिनिधि विष्ट पनि सधैं मनोनीत, कहिल्यै निर्वाचित भएनन्। प्रजातन्त्र आएपछि मनोनीत प्रथा हट्यो, जनताबाट प्रत्यक्ष निर्वाचित हुनैपर्ने व्यवस्था भयो। तर, यसमा पनि ठूला नेताहरूले चोरबाटो निकाले। उनीहरू दुई ठाउँबाट चुनाव लड्न थाले। एक ठाउँबाट हारियो भने अर्को ठाउँबाट जित्ने तिकडम मिलाउन थाले।

यो बेला

- गोपाल बुढाथोकी

अहिलेको प्रचण्डपथ कांग्रेसको देउवा खेमामा गएर टुंगिन्छ, प्रचण्डपथको गन्तव्य नै शेरबहादुर देउवा हो भन्ने जगजाहेर छ। कांग्रेसले आउँदो चुनावमा प्रचण्डलाई समर्थन दिन्छ त ?

२०७० को चुनावलाई नै हेरौं, दुई ठाउँबाट चुनाव नलडेका भए माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सांसद सभासद बन्दैनथे, उनी पराजित हुन्थे। पराजित हुने सम्भावना देखेरै उनीसहित अन्य केही नेताहरू दुई ठाउँबाट चुनाव लडेका थिए। नयाँ संविधानले दुई ठाउँबाट चुनाव लड्ने छुट दिएको छैन। त्यसैले प्रत्यक्ष चुनाव लड्ने हो भने एक ठाउँबाट मात्र लड्नुपर्ने हुन्छ। एक ठाउँबाट मात्र लड्दा हारियो भने के गर्ने ? अहिले सबै प्रमुख नेताहरूको पिरलो यही हो। झन, यस्तो पिरलो प्रचण्डलाई अरूलाई भन्दा धेरै परेको देखिन्छ। चराले गुँड सारे जसरी उनले क्षेत्र सार्दै र छान्दै हिंड्नुपरेको छ। पहिलो चुनावमा उनी रोल्पाबाट उम्मेदवार बने, दोस्रोमा सिराहा र काठमाडौंबाट उम्मेदवार बने। अब कहाँबाट बन्ने ?

आफू निर्वाचित भएकै क्षेत्रबाट बारम्बार उम्मेदवार बन्ने र निर्वाचित हुने हिम्मत प्रचण्डले गरेको देखिएन। विगतमा कृष्णप्रसाद भट्टराईको पनि यस्तै हालत थियो। उनी काठमाडौंबाट पराजित भए, पछि वीरगन्जबाट निर्वाचित भए। त्यसपछि काठमाडौंबाटै चुनाव लडे। नारायणमान बिजुक्छे रोहित मात्र हुन् एउटै निर्वाचन क्षेत्रका जनतालाई कज्याएर बस्न सक्ने र बारम्बार जितेर देखाउने।

यसपटक प्रचण्डले चितवन ताकेका छन्। उनलाई कुनै स्थायी चुनाव क्षेत्र बनाउन आवश्यक थियो। यसका लागि चितवन छाने। चितवनलाई स्थायी चुनाव क्षेत्र बनाउन उनले भरतपुरमा आफ्नी छोरीलाई मेयरमा उम्मेदवार बनाए। कांग्रेससंग तालमेल गरेर छोरीलाई मेयर बनाइकन छाडे। त्यसो त प्रचण्डकी छोरी रेणु दाहाल कांग्रेससंगको चुनावी तालमेलबाट मात्र मेयर बनेकी होइनन्, यसका लागि वकिलदेखि अदालतसम्म, निर्वाचन आयोगदेखि प्रहरीसम्म अनि मतपत्र च्यात्ने बलिष्ठ हातहरूसंग पनि तालमेल गर्नुपरेको जगजाहेर छ। मतपत्र च्यातेर भए पनि रेणुलाई मेयर बनाइछाड्नुमा प्रचण्डको पुत्रीमोहले मात्र काम गरेको होइन, आफ्नो एउटा निर्वाचन क्षेत्र बनाउने आकांक्षाले पनि निकै ठूलो काम गरेको हो भन्ने अहिले आएर प्रष्ट भयो।

हरेक नेता सुरक्षित राजनीतिक भविष्यको खोजीमा छन्, प्रचण्ड

(बाँकी पृष्ठ ८ मा)

दिल्लीको...

पनि हुनु स्वाभाविक हो। तर, प्रचण्डले आफू निर्वाचित भएको क्षेत्रलाई किन माया गर्न र ध्यान दिन सकेनन् ? किन उनमा खोला तर्‍यो लौरो बिर्सियो प्रवृत्ति छ ? यो विचारणीय प्रश्न हो। सिराहामा चुनाव लड्न जाँदा उनले 'मधेससंग लभ परेको' र 'मधेसीसंग लभ परेको' भनेका थिए। लभ टुटेको हो प्रचण्डको ? अहिले उनको चितवनसंग लभ पर्न थालेको छ, यो लभ चुनावमा मतगणना भएर विजयी घोषणा नभएसम्मको लागि हो कि ? प्रवृत्ति हेर्दा के देखिन्छ भने चितवनसंगको उनको लभ पनि नजितेसम्मका लागि हो, जितेको भोलिपल्टदेखि अर्को चुनाव लड्न उनले अर्कै क्षेत्र खोज्न थाल्नेछन्।

तर, कुरा अर्कै छ। प्रचण्डले चितवनलाई पारिवारिक किल्ला बनाउन खोजेको देखिन्छ। छोरीलाई भरतपुरको मेयर बनाउन उनले गरेको मिहिनेत र तिकडमलाई ध्यान दिउँ। भरतपुरमा छोरी स्थापित भएपछि प्रचण्डले आफै सो क्षेत्रबाट उम्मेदवार बन्ने घोषणा गरे। भरतपुरमा छोरीको साम्राज्य स्थापित भएपछि भरतपुर महानगरको साधनस्रोत प्रयोग गर्न सकिन्छ, प्रभाव उपयोग गर्न सकिन्छ। यही भएकाले प्रचण्डले भरतपुर रोजेको बुझ्न गाह्रो छैन। तर, यहाँनेर एउटा समस्या छ। प्रचण्डले सोच्नुपर्ने तेस्रो पात्र पनि छन्, उनी हुन् छोरा प्रकाश। रेणु आफैले आफ्ना लागि राजनीतिक साम्राज्य सिर्जना गर्न सकिनन्, प्रचण्डले नै भरतपुर महानगरलाई छोरीको साम्राज्य बनाइदिए। छोरा प्रकाश आफैले कुनै साम्राज्य सिर्जना गर्न सक्दैनन छोराका लागि

पनि प्रचण्डले चितवननै रोज्लान् ? यो उत्सुकतापूर्ण प्रश्नको जवाफ अहिले पाउन सायद नसकिएला।

प्रचण्डले भरतपुरबाट चुनाव लड्ने घोषणा गरेपछि केही प्रश्न स्वाभाविक रुपमा उठ्छ। भरतपुरमा उनले आफ्नो तथा आफ्नो पार्टीको बुताबाट चुनाव जित्न सक्दैनन्। अर्थात्, प्रचण्ड एक्लैले चुनाव जित्न सक्दैनन् भन्ने स्थानीय चुनावको परिणामबाट पनि थाहा भइसकेको छ। यसका लागि उनलाई कि कांग्रेस कि एमालेको सहारा चाहिन्छ। अहिलेको प्रचण्डपथ कांग्रेसको देउवा खेमामा गएर टुंगिन्छ, प्रचण्डपथको गन्तव्य नै शेरबहादुर देउवा हो भन्ने जगजाहेर छ। कांग्रेसले आउँदो चुनावमा प्रचण्डलाई समर्थन दिन्छ त ? यो भने सजिलो छैन। दुई नम्बर प्रदेशमा कांग्रेस-माओवादी तालमेल लगभग असफल भयो। त्यसअघिका चरणका चुनावमा पनि कांग्रेस माओवादी तालमेल प्रचण्डकी छोरीको हकमा मात्र प्रभावकारी ढंगले लागू भएको छ।

भरतपुरमा प्रचण्डलाई कांग्रेसले समर्थन दिनु भनेको सो क्षेत्र सदाका लागि माओवादीलाई जिम्मा लगाउनु हो। देशभरीमा कांग्रेसको सबैभन्दा सघन प्रभाव भएको क्षेत्र भरतपुर मानिन्छ। चुनाव परिणामले पनि यो कुरा देखाउँदै आएको हो। कांग्रेसको गैरीखेत नै हो भनेपनि हुन्छ भरतपुरलाई। यस्तो ठाउँ प्रचण्डलाई जिताउने नाममा कांग्रेसले सदाका लागि सुम्पनु हुँदैन भन्ने विचार कांग्रेसभित्रैबाट उठिरहेको छ। नयाँ पुस्ताकी उदाउँदी धरानकी नेतृ मनिता घिमिरेले माओवादीसंगको चुनावी तालमेलविरुद्ध उठाएको सशक्त आवाज अब केन्द्रसम्मै घन्कन थालेको छ। महामन्त्री शशांक कोइरालाले भरतपुरमै पुगेर अब कांग्रेसले कसैसंग चुनावी तालमेल गर्दैन भनिसकेका छन्। रामचन्द्र पौडेल पनि तालमेलको विरुद्धमा उत्रिएका छन्। स्थानीय चुनावमा तालमेल गर्न महाभारत भयो, केन्द्रीय चुनावमा कसरी तालमेल सम्भव छ ? धेरैले उठाइरहेको यो प्रश्नको जवाफ काठमाडौं वा भरतपुरका चोक चौबाटो तथा गल्लीमा भेटिँदैन, दिल्लीमा मात्र भेटिन्छ भन्नेहरू पनि नभएका होइनन्। जसरी हुन्छ कांग्रेस र माओवादीलाई तालमेल गराउने र नेपालमा भारतपरस्त गठबन्धन बनाउने योजना दिल्लीको दिलदिमाग हुँदै काठमाडौंका शक्तिकेन्द्रहरूसम्म आइसकेको छ। यही डिजाइन अनुसार प्रचण्डले कांग्रेसको गैरीखेतमा धावा बोल्ने हिम्मत गरेका हुनसक्छन्।

प्रचण्डले भरतपुरमा आँट गरे, तर आँट गरे अनुसारको परिणाम नपाउन सक्छन्। उनले पश्चिम नेपालका रुकुमलगायतका ठाउँमा पनि आँखा गाडेको सुन्नमा आएको छ। जसरी होस्, आउँदो चुनावमा जितेर सांसद बन्ने अनि प्रधानमन्त्रीको दावेदार बन्ने प्रचण्डको आकांक्षा हो, यो आकांक्षामा सबैभन्दा पहिलो बाधक चुनाव क्षेत्र नहुनु हो। प्रचण्डले चुनाव क्षेत्र खोज्ने र रोज्ने क्रम जारी राखेका छन्। यसमा सबैभन्दा ठूलो भूमिका चाहिं कांग्रेसका देउवाकै हुने प्रष्ट छ।

२०७४ साल भदौ २६ गते सोमबार
जनभावना साप्ताहिक

भ्रष्ट खड्कालाई किन छुट ?

नेपाल आयल निगम लिमिटेड
NEPAL OIL CORPORATION LIMITED
केन्द्रीय कार्यालय बबरमहल
CENTRAL OFFICE BABARMAHAL

काठमाडौं । इन्धन भण्डारण स्थल निर्माणका लागि जग्गा खरिद गर्दा करोडौं घोटालाको प्रसङ्ग बाहिर आएपछि आपूर्तिमन्त्री शिवकुमार मण्डलले भनेका थिए 'गल्ती भएको थाहा पाउना साथ कार्वाही गर्छु ।' तर अचम्म त के भने अहिले तिनै मन्त्री पनि चोखा देखिएका छैनन् । उनी जग्गा खरिद प्रकरणमा संसदीय समितिले दोषी ठहऱ्याएका नेपाल आयल निगमका कार्यकारी निर्देशक गोपाल खड्काको प्रलोभनमा परेका हुन् ।

खड्काले आफ्नो कमजोरी ढाकछोप गर्न मन्त्री र सचिवलाई विलासी गाडी उपलब्ध गराएका छन् । खड्काले तालुकदार मन्त्रालयका मन्त्री र सचिवलाई रिफाउन निगमको खर्चमा किनेर दुईवटा विलासी गाडी उपलब्ध गराएका हुन् । निगमले मन्त्रालयलाई हस्तान्तरण गरेको बा २ फ ३०९१ नम्बरको टोयटा गाडी आपूर्तिमन्त्री र बा २ फ १४९९ नम्बरको गाडी सचिवले चढ्दै आएका छन् । हुनत आपूर्ति मन्त्रीले प्रत्यक्ष त्यो गाडी आफूले लिएका हैनन् । इन्धन भण्डारणका लागि जग्गा किन्ने निर्णय गराएका तत्कालीन आपूर्तिमन्त्री दीपक बोहोरालाई खड्काले गाडी उपलब्ध गराएका थिए । सोही गाडी अहिलेका आपूर्तिमन्त्री शिवकुमार मण्डलले पनि चढिरहेका छन् । म इमानदार छु भन्ने मान्छेले आफूले प्रयोग गरेको गाडीको स्रोत के हो भनेर ठम्याउन सकेनन् । खड्कालाई कार्वाही गर्न कुनै प्रमाण पुगेन भन्ने निकाय छ भने गाडी प्रसङ्ग काफी छ । त्यसैगरी सचिव पनि यसबाट बच्न पाउँदैनन् । खड्काले भैरहवामा जग्गाका धनीलाईसमेत धम्क्याए । आफूले भने बमोजिमकै जवाफ दिन उनले धम्क्याए । संसदीय समितिमा पुगिसकेको विषयलाई कुनै पनि हालतमा साम्य पार्न मिल्दैन । अहिले खड्काले आयल निगमकै कर्मचारीहरुलाईसमेत धम्क्याउन थालेको बाहिर आएको छ । सूचना चुहाएको भन्दै उनी कर्मचारीहरुसंग रुष्ट हुन थालेका हुन् ।

खड्कालाई कार्वाही गर्दा लहरो तान्दो पहरो थर्कन्छ भन्ने उखान चरितार्थ हुन्छ । उच्च स्रोत भन्छ - खड्काले गरेको भ्रष्टाचारको रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि न्यायालयसम्म पनि पुग्छ । यदि यसो हो भने खड्कालाई कुनै पनि हालतमा कार्वाही हुने छैन । यति गम्भीर विषयमा अख्तियार पनि मौन बसेरै अनुसन्धान प्रक्रिया अगाडि बढाएकोमात्र भनिरहेको छ । डेढ महिनादेखि निरन्तर अध्ययन गरिरहेको संसदीय समितिले चल्तीको भन्दा तेब्बर मूल्य तिरेर जग्गा किनेको ठहर गरिसकेको छ । वास्तविक धनीले पाएभन्दा तीन गुणा बढी रकम तिरेर निगमले बिचौलियामार्फत जग्गा किनेको समितिको निष्कर्ष छ । निगमले भैरहवा, चितवन, झापा, सलांहीमा जग्गा किनेको दररेट फरकफरक भए पनि औषतमा तीन गुणा बढी तिरेको समितिको ठहर छ । यसअघि संसद्को सार्वजनिक लेखा समितिले पनि अनियमितता भएको ठहर गर्दै कारवाहीका लागि अख्तियार र आपूर्ति मन्त्रालयलाई पत्राचार गरेको थियो ।

न मन्त्रालय न अख्तियार कसैले पनि गम्भीरपूर्वक हेरेको पाइदैन । यदि अनुसन्धानलाई गहन

बाँकी ७ पेजमा

भ्रष्ट खड्का...

बनाउने हो भने खड्कालाई निलम्वनमा राख्न सकिन्थ्यो । निलम्वनमा नराखी भइरहेको अनुसन्धानले उनलाई जग्गाधनीदेखि कार्यालयका कर्मचारी सम्मलाई धम्क्याउन छुट दिएको छ । अन्य निकायलाई प्रलोभनमा पार्न सहुलियत मिलेको छ । खड्कालाई कार्वाही गर्ने हैसियत राख्ने हो भने जग्गा खरिद प्रकरण त एउटा उदाहरणमात्र हो । उनलाई कार्वाही गर्न सकिने विषय उनले मनपरि ढङ्गले आयल निगममा गरेको कर्मचारी भर्ना पनि हो । सञ्चालक समितिको अनुमतिबिना नै उनले प्रक्रिया नपुऱ्याइ झण्डै डेढ सय कर्मचारी नियुक्त गरेका छन् । ती कर्मचारीहरु मन्त्रीदेखि लिएर सचिवसम्म अनि विभिन्न निकायका यस्तै भ्रष्टाचारमा भूमिका खेल्ने अनि विभिन्न दलका नेताहरुका आफन्त नै हुन् । त्यसैले पनि खड्का विरुद्ध औंला ठडाउन पर्नेले पनि ठडाउन सकेका छैनन् । प्रक्रिया नपुगी भर्ना भएकालाई निकाल्न किन सकिँदैन ? किनकि खड्का अझै निलम्वनमा परेका छैनन् । तसर्थ यहाँ खड्कामात्र दोषी छैनन् । ती कर्मचारीहरु राख्न सिफारिस गर्ने पनि भ्रष्ट हुन् ।

हो, लहरो तान्दा पहरो थर्कन्छ । यहाँ भ्रष्ट नै भ्रष्ट छन् । तसर्थ भ्रष्ट नभएको कुनै निकाय छ भने मात्र खड्का कार्वाहीमा पर्छन् होइन भने उनको समाचार लेख्नेहरुलाई कार्वाही भए अचम्म नमाने हुन्छ । किनकि लोकतन्त्रमा असम्भव केही नहुने रहेछ । खड्का रुख हुन् भने थुप्रै हाँगा, लहरा र, जराहरु छन् । पहिले जरा र लहरा काट्दै जाऔं । सबै काटेपछि रुख ठिङ्ग अडिनै सक्दैन ।

२०७४ भदौ २६ गते सोमबार, जनभावना साप्ताहिक

भारतीय प्रधानमन्त्री मोदीको नेपाल 'डिजास्टर' !

बिचार-बिमर्श

दीपेन्द्र पाण्डे

गुजरात राजनीति मार्फत भारतमा उदाउन सफल भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी विश्व राजनीतिमा एक चतुर नेताको रुपमा चिनिन्छन्। हिन्दूवादी दर्शनबाट अत्यन्त प्रभावित दक्षिणपन्थी राष्ट्रवादी नेता मोदी वाकपटुताको प्रयोग राजनीतिमा बहुतै कुशलता पूर्वक गर्न माहिर मानिन्छन्। प्रचण्ड बहुमतका साथ भारतीय सत्तामा पुग्न सफल प्रधानमन्त्री मोदी र उनको राजनैतिक टिम नेपाली नीतिमा २०७२ सालको सुरुवाती समय सँगै धक्का खान सुरु गर्‍यो। नेपालको राजनैतिक खेलाडीहरुलाई राम्रो सँग चिनेको भारतीय राजनीतिले नेपाल मामिलामा धक्का खान पुगेको तथ्यलाई भारतीय पूर्व कुटनीतिज्ञ बिक्रम सुद यसरी व्याख्या गर्न पुग्छन्। पश्चिमा र चिनियाँ पैसाको कुटनीतिले भारतीय कुटनीतिलाई पराजीत गरेको देख्ने उनी भारतको छिमेकीहरु अत्यन्त साना छन्। उनीहरु भारतलाई मन पराउँदैनन। वर्तमान विश्व राजनीति र कुटनीति बुझ्नेहरु बिक्रम सुदको धारणाको जवाफ यसरी दिन्छन्। भारतीय सत्ताले आफ्ना छिमेकीलाई कसरी फकाउँने अझै सिकेको छैन। यही कुरा बुझ्ने चिनिया कुटनीति खुलेर आएको देख्न नसक्ने मोदी सत्ताको नेपाल नीति असफल हुनाको कारण खुद मोदी प्रशासनको गलत नीति हो भन्ने बुझ्न ढिला हुँदै गरेको अर्को संकेत ओलीलाई 'डिजास्टर' मान्न पुग्नुले दर्शाउँछ। बिजेपी सत्ताको नीतिलाई भरमार समर्थन गर्ने भारतीय कुटनीतिले बुझेर स्वीकार गर्न नचाहेको नेपाल धक्काको दोष एमाले ओलीलाई दिँदै गर्दा मोदी सत्ता इतरका भारतीयहरु मोदीको असफलता यसरी गन्दैछन्।

पहिलो धक्का: असफल नाकाबन्दी : भारतीय राजनीतिमा आएको पछिल्लो फेरबदलको कारण मोदी प्रशासनको नेपाल नीति उनीहरुको चहाना अनुसार नचलेको सबैभन्दा ठूलो प्रमाण भारतीय बिदेश सचिवको काठमाण्डौ आगमन अर्थहिन हुन पुगेको घटनाबाट सुरु भएको देखिन्छ। भित्र भित्रै पाक्दै गरेको राजनैतिक रस्साकस्सीमा तात्कालिन माओवादी केन्द्रको इण्डिया नुन र इसाई प्रेमको करामत स्वरुप दक्षिणपन्थी मोदी सत्ता नाङ्गो रुपले प्रस्तुत हुँदा नेपाली जनताले सविधान सँगै नाकाबन्दी उपहार प्राप्त गर्न बाध्य बनाइएका हुन। नेपाली जनताको भावना र तात्कालिन प्रधानमन्त्री ओलीको नाडी छाम्न चुकेको मोदी प्रशासनले देखेको नेपाल भनेको केवल भारतीय निगाहमा बाँच्ने र टिक्ने भन्दा बढी नमानेको देखियो।

बाँकी ३ पेजमा

भारत भित्रको इण्डिया र भारतीय हिन्दू दक्षिणपन्थी राष्ट्रवादी बिजेपी निर्देशित मोदी सत्ताको राजनैतिक टकराब ओलीको थाप्लामा हाल्ने मोदी काइदा अर्को असफलता बन्न पुगेको पाइन्छ। नाकाबन्दी मार्फत केवल दुई हप्तामा सिंहदरबारलाई घुँडा टेकाइन्छ भन्ने भारतीय दम्भको डटेर सामना गर्ने ओली साहास भित्र नेपाली जनताको अपार समर्थन र इण्डियाको कुटनीति मोदी सत्ताले देख्न सकेन। फलस्वरुप नाकाबन्दी रुपी अस्त्र भुत्ते हुँन पुगेको दोष ओली माथी थोपर्दै आफ्नो अयोग्यता लुकाउने कोशीस गर्दैछ।

दोश्रो धक्का: डोक्लाममा नमिलेको नेपाल सहयोग

ठूलो तामझामको साथ भारतीय सत्तामा ल्याईएका मोदी अन्तत जनता माझ उत्कृष्ट बनेर निस्कन उनलाई ल्याउने शक्तिले दिन चाहेन। सबके अच्छेदिन आनेवाले है भन्ने मुलमन्त्रलाई चुनावी नारा बनाउँदै सत्तामा पुर्‍याइएका मोदीले आम गरीब भारतीयहरुको अनुहारमा खुसी ल्याउन सकेनन। विश्व राजनीतिको प्रयोगशाला बन्दै गरेको भारतीय राजनीति अमेरिकी र बेलायती इसाई दिमागको चेपुवामा पर्दै चिनसँग हातेमालो गर्दै अगाडी बढ्ने गुजरात मोडेल दिल्ली आईपुग्दा अचानक रोकियो। सोही शिलशिलामा अमेरिकाले चिनलाई भारत सँग अल्झाउने नीति अनुरुप चिनिया महत्वकांक्षा ओबिओआर माथी भारतीय असहमती पोखियो। सन १९४८ देखी भारतको आदेश अनुसार चल्ने भुटानलाई साथलिँदै नेपाललाई समेत ओबिओआरमा सहमत हुन रोक्ने भारतीय खेलको असफलता आफ्नै निगाह र आशिर्वादमा जन्मेको प्रचण्ड सरकार सम्म पुगेको ढिलो थाहा पायो। नेपाल मामिलामा एककदम अगाडी दुई कदम पछाडी पर्दै निरन्तर रक्षात्मक बन्दै गरेको मोदी सत्ता नेपाललाई चिनसँग दुश्मनी गराउँने खेल अन्तर्गत डोक्लाम घटनामा सामेल गराउँन चाहान्थ्यो। डोक्लाम घटना ओबिओआर सँग सरोकार राख्दथ्यो। अनुसन्धानकर्ता तथा पत्रकार मनोज जोशीले बुझेको ओबिओआरलाई भारतले रोक्न सम्भव छैन। त्यसलाई बेवास्ता गर्नुको मतलब आफ्नो हार आफैले गराउनु समान हो। चिनिया महत्वकांक्षी आयोजनाबाट भाग्ने वा अवरोध गर्ने बाटोमा जानुको सट्टा ओबिओआरबाट कसरी अधिकतम फाइदा लिन सकिन्छ भन्ने नै हो। दिल्लीले बुझ्न पर्ने कुरा के हो भने आफूजस्तै अन्य राज्यसँग मिलेर रणनीति तय गर्नुपर्छ जसबाट आफ्नो अर्थतन्त्र तथा भू राजनीतिमा पुर्‍याउन सक्ने असरलाई न्युनीकरण गर्न सकियोस। पत्रकार जोशीको कुरालाई उचित ध्यान नदिने मोदी प्रशासनको नालायकी, असक्षमता र गैह्र जिम्मेवारपनको कारण डोक्लाम घटनामा नेपाललाई फसाउने असफल खेल खेल्ने कोशीस गर्‍यो। चीनको वर्तमान सत्ताको आक्रामक कुटनीतिको चेपुवामा मोदी सत्ताको चाहाना नेपालले पुरा गर्न असमर्थ हुँदा नेपाल मामिलामा दोश्रो धक्का खान पुग्यो।

तेस्रो धक्का: प्रस्तावित माहागठबन्धन

अनेकौं जालझेल र कसरत पछि निर्माण गरिएको नेपाली सम्पसारवादी र आत्मसमर्पणवादी सरकार मार्फत आफ्नो असफलतालाई छोप्ने कसरतमा मोदी प्रशासन दिनरात खटीरहेको संकेत मिडिया मार्फत खुली रहेका छन्। भारतीय सत्ताले सोचेको परिणाम आजसम्म हातपार्न असफल भैरहेको पछिल्लो घटना भारतीय चाहाना अनुरुप प्रचण्ड निर्मित सविधान संसोधनको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा हातलागेको देउवा सरकारको असफल प्रयास पछि वर्तमान गठबन्धनको आयू अझै मजबुत बनाउँने भारतीय चाहाना र बाध्यता खुली सकेको पाइन्छ। भारतिरी दक्षिणपन्थी मोदी सत्ताको अनेकौ खेलपछि हात लागेको पछिल्लो असफलताको मलम एमालेलाई भित्ता सम्म पुर्‍याउँदै दिने तयारी स्वरुप माहागठबन्धन निर्माण गर्ने भगीरथ प्रयासमा खटदै गरेको पाइन्छ। वर्तमान नेपालमा मौजुद कुनैपनि दलले आफ्नै एकल बलबुतामा एमालेसँग प्रतिस्पर्धा गर्दै जीत हातपार्न असम्भव छ भन्ने गुप्त रिपोर्ट भारतीय सत्ताले प्राप्त गरेको संकेत माहागठबन्धनको तयारी बढाउँदै गरेकोबाट बुझ्न सकिन्छ। ओलीको सिंहदरबार यात्रा रोक्न मोदी सत्ता जतीपनि नाङ्गिन तयार भएको सन्देश ओली सम्म पुगीसकेको झल्क ओलीको पछिल्लो भनाई सुन्दा थाहा लाग्छ।

जनसंख्याको हिसाबले दोश्रो, भूगोलको हिसाबले विश्वको सातौ ठूलो मुलुक भारत

पेरबक। ९५ औ ठूलो मुलुक नेपालसँग सनारसे दिन नसकेको कुराको आधामा बाँध्दै गरेको तथ्य सविधान निर्माण सँग भारतीय चासो खुल्दा विश्व जनमतले थाहा पाउने अवसर पाए। भारतीय अर्थतन्त्रलाई उठाउने रेमिटयान्सको सातौ ठूलो मुलुक र भारतीय आप्रबासी पाली दिने सबैभन्दा ठूलो मुलुक नेपाल माथी भारतीय सत्ताको कालो रुप खुलेर आउँदा देशको ३८ औं प्रधानमन्त्री ओलीको भावना नेपाल भक्तीको अनुरुप छ भन्ने नबुझ्ने कुरै भएन। सुगौली सन्धी र सन १९५० को सन्धीले डाड भाँचेको नेपाल सविधान निर्मान मार्फत सार्वभौम हुने कोशीशलाई रोक्न पारवहन जस्तो अधिकार माथी खेल्दै नाकाबन्दी जस्तो युद्धअपराध गर्न पुग्यो। सिंहदरबारमा बस्ने नेपाली सरकारले जीवनमा कहिल्यै नगरेको तागत देखाउँदै प्रधानमन्त्री ओलीले चिनसँग पारवहन सन्धी गर्दै भारतीय सत्ताको नाक मै प्रहार गर्न सफल भएको पिडाको जवाफ फर्काउँन निकट भविश्यमा हुँन गैरहेको निर्वाचनमा

जसरी हुन्छ ओली रोक्ने अभियान अन्तर्गत चर्चामा ल्याइएको प्रस्तावित माहागठबन्धन निर्माण गर्ने बाध्यतामा पुग्नु पर्ने स्थीती नै तेश्रो धक्का मान्न सकिन्छ ।

ओली डिजास्टर (दुर्घटना) कि डिजायर (चाहाना) ? ।

पश्चिमा इसाई र भारतीय राजनीतिको इच्छा, चाहाना र स्वार्थ अनुरुप चलिरहेको नेपाली राजनीति संबिधान सभाबाट निर्मित संबिधानको अन्तर्वस्तुको कारण दक्षिणपन्थी भारतीय हिन्दू अतिबादीहरुलाई मन नपरेको प्रष्टै छ । एमाले अदक्ष्य ओलीको राजनैतिक जीवनको सुक्षम अध्ययन गर्ने हो भने उनी कहिल्यै भारत विरोधी देखिएनन । २०४६ को परिवर्तन देखी पहिलो संविधान निर्वाचनमा पराजीत हुँदा सम्म उनको राजनैतिक सुझबुझ भारतसँग पङ्ग्रा लिन भन्दा एउटा समझदारी कायम राख्नुमा नै हुनेछ भन्ने पाइन्थ्यो । नेपालले संबिधान प्राप्त गर्दैगर्दा एस जयशंकर मार्फत प्राप्त कुबेलाको सन्देशले झस्किएका ओली ३८ औं प्रधानमन्त्री बने सँगै भारतीय सत्ताको वक्रदृष्टीमा पारिए । कुर्षीको परवाह नगर्दै देश ठूलो सानो हुनसक्ला तर सार्वभौमिकता सानो वा ठूलो हुनै सक्तैन भन्दै भारतीय सत्तालाई पाठ पढाउने कार्यले दिल्लीको नजरमा डिजास्टर बन्न पुगे ।

सार्वभौम राष्ट्रको प्रधानमंन्त्रीको हैसियतमा रहने तर भारतीय दादागिरीलाई उचित जबाफ दिने ओली सोचले कुर्सीलाई उचित ध्यान नदिदा प्राप्त गरेको उपलब्धी नेपाल रहेसम्म नेपाली जनताले उपभोग गर्न पाउने छन् । जबसम्म व्यक्तीगत फाइदाको निम्ती एमाले लागी रह्यो तबसम्म सरकारमा जान कहिं कतै भारतीय अबरोधको सामना नगरेको इतिहास एमालेको सरकार यात्रा र मन्त्रीको संख्या हेर्दा प्रष्ट हुन्छ । सामान्य रुपले सम्झौताको दस्तावेज स्वरुप ल्याउन लागिएको संविधान माथीको धावालाई किमार्थ नसहने ओली साहस चीन सँग पारवहन सन्धी गर्दै दिन पुग्यो । राजा महेन्द्र र बिरेन्द्रको तीव्र चाहाना हुँदा हुँदै गर्न नसकेको पारवहन सन्धीको पुँजीले मालामाल ओली र एमाले विगतको तमाम कमी कमजोरीलाई एकैपटक गौण बनाउँन सफल भयो । ओलीको पारवहन रुपी अस्त्रले घाइते मोदी दम्भ निकट भविश्यमा हुँने निर्वाचनमा पोखीने दाहाल देउवा नामको छलकपटको उचित जवाफ दिने ओली कला दिल्लीको निम्ती डिजास्टर नै मान्न सकिन्छ ।

भारतीय सोच र दम्भमा ओली फोवियाले पारेको प्रभाव र असर भारतीय दिग्गजहरु भारत भुषण, कंवल सिवल र एसडि मुनीको विचार सुन्दा प्रष्ट झल्किन्छ । ओलीको देशभक्तीले हायल कायल भारतीय सत्ताको रोदन झल्केको टिभी कार्यक्रमलाई सुन्दा प्रष्ट बुझिन्छ कि नेपाल मामिलामा मोदी सत्ता कती सम्म गिर्न सक्दछ । भारतीय सत्ताले नेपालमाथी जे गर्दा भारतको फाइदा हुन्छ सो गर्न पछि पर्नु हुँदैन भन्ने सिबल ओलीको सत्ता आगमनलाई भारतको निम्ती डिजास्टर देख्दैछन् । ओली मार्फत नाकाबन्दी पछि लिइएका तमाम निर्णयहरु भारतीय सत्ताले डिजास्टर मानी रहेको प्रमाण ओलीको आगमन रोक्न साम, दाम, दण्ड, भेद प्रयोग गर्न पछि नपर्ने भारतीय रणनीति सारा देशबाशीले बुझ्नु जरुरी भैसकेको छ । भारतीय दादागिरीको बिरुद्ध चालिने ओली कदम जारी रहुन्जेल भारतको निम्ती डिजास्टर ओली नेपाली जनताको डिजायर बनिरहनेछन् । (नेपालपाटीबाट)

साँघु २०७४ भदौ १९ सोमबार

हैदरावाद हाउसमा प्रखालिएको प्रधानमन्त्री देउवाको छवि

बिचार-बिमर्श

दीपेन्द्र पाण्डे

आलोपालोको भद्दा नमुना स्थापित गर्दै चौथो पटक प्रधानमन्त्री हुँदैगर्दा शेर बहादुर देउवाबाट काँग्रेस पार्टी र लोकतन्त्रको पक्षमा उल्लेख्य कामको आशा गरिदै थियो। विगतमा परियन्धले प्रधानमन्त्री बन्न पुगेका देउवाबाट केवल सत्ता केन्द्रीत हुन पुग्दा भएको बाध्यात्मक गल्तीलाई पखाल्ने उनको चौथो कार्यकाल आफ्नै रोजाइ मुताबिक मानिन्थ्यो। प्रधानमन्त्री देउवाको चौथो इनिङको सुस्तता देख्दै गर्दा उनीबाट आशावादी रहेका धुप्रै लोकतन्त्रवादीहरु विस्तारै देउवा बोझ बिसाउने तयारी गर्दै थिए। प्रधानमन्त्री देउवाले चेन्ज गरेको राजनैतिक गियर पछी संविधान संशोधनको नाममा सुरु गरिएको राजनैतिक ध्रुवीकरण देख्नासाथ नेपाली राजनीतिले नयाँ केही नपाउने साथै देश लम्पसारवाद र आत्मसमर्पणवादको रोडम्यापमा दौडिने तय गरियो। आफ्नो बाँकी राजनैतिक जिवन भारत सेवामा लगाउने मुलमन्त्रलाई भारत प्रस्थान भन्दा अगाडी संविधान संशोधन प्रस्ताव संसदमा निर्णयार्थ प्रस्तुत गर्दै प्रभुको भक्तीमा तल्लीन रहेको जानाकारी हदैसम्म गिर्दै दिइयो। नैतिकता भन्ने कुरासँग कुनै नाता साईनो नभएका आत्मसमर्पणवादी देउवाबाट राजीनामा जस्तो कुराको कल्पना नेपाली समाजले कदापी गरेन। घुरे दोहन र भारतीय उच्चबाँधका कारण डुबान, कटान र बाढीमा फसेको तराई मधेशको पिर मर्कासँग एकाकार हुने फुर्सत र जाँगर देउवाबाट कसैले आश गरेन। प्रधानमन्त्रीको कुर्सीमा पुग्न प्रयोग गरिएका नेपालका मधेशीदलहरुलाई पाइनामा सुताउँदै असली जन्मदाताको चरणकमलमा पुग्न हतार देउवाको संसदिय नाटकलाई त्यही अर्थमा सम्पूर्ण देशवासीले बुझीदिए। कोठाभित्र भारतीय प्रधानमन्त्रीसँग बुझीने गरी बोल्न सक्ने देउवा सार्वजनिक स्थानमा आवाज बिहिन भएको देखी सकेको सारा दुनियाले हैदराबाद हाउसको देउवा प्रतिबद्धता कुर्सी प्राप्तीको बाध्यात्मक उपज मानिदिए। फलस्वरुप उनीबाट हुँदै गरेको प्रभुको सेवा विगतको गतिविधी कै परिष्कृत रुप मान्न सबै तयार भैदिए।

भारतीय प्रधानमन्त्री मोदीको हैदराबादी बिर्यानी खाँदै संविधान संशोधन जस्तो नितान्त आन्तरिक कुरालाई कुर्सी सँग साट्ने लज्जास्पद क्रियाकलाप र अभिव्यक्तीले उनलाई नेपाली हुन भन्नेहरुको शिर निहुरिएको पाइन्छ। आफूले संविधान संशोधन पारित गर्न चाहेको तर संसदबाट पास गराउन असफल भएको कुरामा दुख मनाउ गर्दै भविष्यमा बहुमत ल्याएर तपाईहरुको आदेश र इच्छाको पालना गर्ने छु भन्ने व्यक्तीलाई नेपालको प्रधानमन्त्री मान्नु पर्ने बाध्यताले तमाम देशभक्तहरु लज्जीत हुँदैछन। एउटा सामान्य गुजरातको युवा हार्दिक भरतभाई पटेलको आरक्षण मामिलालाई मिलाउन नसक्ने भारतीय प्रधानमन्त्री मोदीले पुरानो अडान दोहोऱ्याउँदै सबैलाई समेटेर संविधान कार्यान्वयन गर्न आग्रह गर्ने बित्तिकै अत्तालिएका प्रधानमन्त्री देउवा दुनियाले देख्नेगरी गिडगिडाएर शर्मनाक ढंगले प्रभु कोशिस गरेको थिए, मैले गर्न सकिनँ। आगामी निर्वाचनमा हजुरको कृपा प्राप्त भएमा बहुमत ल्याउदै आदेशको तामेली गरीनेछ सम्म भन्न भ्याए। आफ्नो जीवनमा प्राप्त गर्न केही बाँकी नरहेको अवस्थामा समेत जागेको वा जगाईएको लालचले थिचिएका देउवाबाट नेपाल र नेपालीले के प्राप्त गर्छन र तमाम नेपालीले उनलाई नेपाली मान्न समेत लाज लाग्ने अवस्था सिर्जना भैसकेको दुखद घडीमा आत्मसमर्पण बादीहरुको भविष्य कस्तो बनाउने ? नेपाली जनताको हातमा आइपुगेको छ।

नेपाली राजनीतिको सुक्ष्म अध्ययन गर्दा के फेला पर्छ भने सुगौली सन्धी पछी नेपालका प्रधानमन्त्रीहरु देशको भन्दा आफ्नो चिन्ता गर्ने गरेको पाइन्छ। इस्ट इण्डिया कम्पनी मार्फत भारतमा शासन गर्न सफल बेलायती राजनीतिको गुलामी गर्दै सिंहदरबारमा डेरा जमाउन सफल राणा प्रधानमन्त्री बाहेक बाँकी प्रधानमन्त्रीहरु नेपाली दरबारको आशिर्वादबाट टिकेको पाइन्थ्यो। बेलायतको गुलामीबाट देशलाई नयाँ मुलुक दिलाउने जङ्ग बहादुर र भारतको गुलामीबाट एकदलिय पञ्चायत जिताउने सुर्य बाहादुर थापा बाहेक बाँकी प्रधानमन्त्रीहरु आफ्नो राजनैतिक जीवन देशको निम्ती भन्दा दरबार र आफ्नो निम्ती खर्च गरेको भेटिन्छ। नेपालमा बेलायती सत्ताको खस्कदो प्रभाव र नेपाली राजतन्त्रको औपचारिक बिदाई पछि भारत पुर्याईएको नेपाली सार्वभौमसत्ताको सट्टा दिल्ली सत्ताको गुलामी गर्दै आफ्नो राजनैतिक आयु बढाउने राजनीतिको जन्मदाता प्रचण्ड हुन भन्ने आधार ओलीको बिदाई हेर्दा थाहा लाग्छ। दाहालको बैशाखी टेकेर मोदी आशिर्वादमा प्राप्त सत्ताको प्रमाणपत्र बुझाउने पछिल्लो खेलमा नाटकिय मोदी नमस्ते, सुष्मा स्वराजको गिलासै सम्मानबाट फुल्केको सप्तकोशी उच्चबाँध र सुनकोशी डाइभर्सनले नेपालको हैसियत भारतको प्रान्त भन्दा कम र ग्राम पञ्चायत वा जिल्ला सरह पुर्याउने खेल देउवा मार्फत रफ्तारमा बढाइदैछ।

नेपालमा राणा प्रधानमन्त्री जङ्ग बहादुर राणाले आफ्नो जीवन दाउमा राख्दै शासन हातमा लिएको तथ्यलाई माथ गर्दै प्रधानमन्त्री देउवाले नेपालको सार्वभौमसत्ताको बिक्री मार्फत आफ्नो सत्ताको आयु बढाउदै गरेको प्रमाण देउवा भ्रमणमा जारी गरिएको ४६ बुँदे सयुक्त हस्ताक्षर पढ्दा थाहा लाग्छ। विगतमा ओली सरकारको भारत भ्रमण हुँदैगर्दा पूर्व प्रधानमन्त्री ओली र भारतीय समकक्षी मोदी बीच भएको मुन्द्र.बुँदाले कमाएको नेपाली इज्जत पूर्व प्रधानमन्त्री दाहाल र मोदी बीच सम्पन्न २५ बुँदे मार्फत नेपालको हैसियत थुनेकै थियो। प्रचण्ड सरकारको बुँदा न ११ ले उनको हैसियत भारतीय राजदूत समान हुँदा नदुखेको चित्त दाहालकै बैशाखी टेकेर मोदी आशिर्वादमा जन्म लिएको देउवा सरकारबाट नेपाली जनताले धेरै अपेक्षा गरेको थिएन। प्रधानमन्त्रीको रुपमा चौथो पटक र भारत भ्रमणको रुपमा तेश्रो पटक उनीबाट राम्रोको अपेक्षा नगरे पनि नराम्रो केही नगरि दिए हुन्थ्यो भन्ने मानिस हवाले बढेको भेटिन्थ्यो। सम्पूर्ण देशबासीको इच्छा र चाहनालाई कुर्सी स्वार्थमा अपमानित गर्दै नेपालका शाह वंशिय राजाहरुले समेत नगरेको राष्ट्रघात सप्तकोशी उच्चबाँधको डिपिआर बनाउने भारतीय सर्तलाई स्वीकार गर्दै गर्न पुगे। संविधानमा मधेश बागीको मागलाई संबोधन गर्छु भन्ने कबुलको असली मनशाय भनेको नेपाली मधेशीलाई डुबानमा पार्दै मार्ने र भारतीयको सेवा गर्ने हो भन्ने खुलासत्य हैदराबाद हाउसमा स्वीकार गरीसकेका छन।

पूर्व मेची देखी पश्चिम महाकाली सम्म एक मधेश एक प्रदेशको नारा मेड इन इण्डिया थियो भन्ने खुला सत्यलाई सुधार्न नेपालको तराई मधेशमा दुई प्रदेश सम्म बनाउन सकिने आवश्यक सल्लाह, सहयोग र उर्जा मधेशवादी दल सम्म भारत मार्फत पुगेको थियो नै। संविधान जारी हुँदैगर्दा

भारतीय मनसुवामा हालिएको पानी प्रदेशको सिमाङ्कन मोरङ, सुनसरी, झापा, कैलाली, कञ्चनपुर भित्र लुकेको असली स्वार्थ केवल नेपालको पानी भारत लॉन निर्माण गरिने वाँधको स्थान निर्धारणको निम्ती थियो भन्ने रहस्य देउवा मोदी हस्ताक्षर बाट मधेशवादीले देख्न पाएका छन। नेपालको तराई मधेश डुवाउने उच्चवाँधको सम्झौता विरुद्ध चुँ सम्म नवोल्ने मधेशवादी दल , फोरम लोकतान्त्रीक , नेपाली काँग्रेस र माओवादी केन्द्रको एकस्वर बाट उनीहरुको नियत पुरापुर खुल्न पुगेको छ। सप्तकोशी उच्च वाँधको फाइदा अंगिकृतहरुको मामाघर र सुसुरालीले पाउने अनि देश भित्रका वंशज धर्तीपुत्र मधेशीहरु कहिले सुख्खा त कहिले डुवानमा पर्ने राष्ट्रवाद र मधेशवादले एकसाथ सताउने दिन झन झन लम्वीने निश्चित नै छ। एमालेलाई मधेश विरोधी भन्दै कहिल्यै नथाक्ने दाहाल, देउवा र कथित मधेशवादीहरुको भारतभक्ती संविधान संशोधन देखी सप्तकोशीको उच्चवाँध सम्म आइपुग्दा लम्पसारवादीहरुको नियत र प्रवृती विरुद्ध धर्ती पुत्रहरुले आन्दोलनको राँको वाल्नुको विकल्प देखीदैन।

सप्तकोशी उच्चवाँध र सुनकोशी डाईभर्सन परियोजंना भारतलाई सुम्पँदै गरिएको ४६ वुँदे संयुक्त हस्ताक्षरको २८ नं वुँदा मार्फत चिप्लिएको देउवा राष्ट्रघातले नेपालको तराईवाशी जनताको जिवन कुर्पी संग साटिको तथ्यले काँग्रेस पार्टीलाई नपोल्ने इतिहासमा फेरी एककदम थपिएको छ। गण्डक सम्झौता हुँदै अगाडी बढेको काँग्रेसी राष्ट्रबाद माहाकालीलाई उछिन्दै सप्तकोशी उच्चवाँध सम्म आईपुग्दा निकट भविश्यमा बाँध सुरक्षाको बहानामा भारतीय आर्मी क्याम्प नेपालमा खडा हुने र भारतीय सेनाको खुलेआम आवत जावत देशभर हुने कुनै संका नपाले हुन्छ। २०६२ र २०६३ को आन्दोलन मार्फत प्राप्त उपलव्धी भनेर नथाक्ने नेपालका राजनैतिक दलहरु माओवादी केन्द्र, कांगेस, फोरम लोकतान्त्रीक र राजपा नेपाललाई कुनै हिनतावोध नहुने भारतीय दादागिरी वर्तमानमा केवल एमाले मात्र उसको विरुद्ध देखीएको कारण एमाले विरुद्ध भइरहेको घेरावन्दीको असली श्रोत र कारण सम्पूर्ण नेपाली जनताले बुझ्न जरुरी भैसकेको छ। नेपालको पानी सित्तैमा लाने भारतीय गुरुयोजनामा सिंह दरवारको कुर्सी र भष्ट्राचारको रकम प्राप्त गर्ने खुला छुटसंग नाकावन्दीको पुरस्कार स्वरुप नेपालले भारतलाई संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदको स्थायी सदस्यमा भोट दिन तयार देउवा सरकारको कारण नेपालको शिर विश्व मानचित्रमा झुकेको मान्नेहरु राष्ट्र सुरक्षाको निम्ती जुर्मुराउन अत्यन्त जरुरी भैसकेको छ।

हाम्रा त प्रधानमन्त्रीको नामै शेर बहादुर भन्दै गर्व गर्ने केही तप्का समेत उनको पछिल्लो गतीविधी देख्दै गर्दा मन अमिलो बनाउँदै शिर झुकाउन बाध्य हुँदैछन। शेर भनेको जङ्गलको राजा अझ त्यसमा पनि वहादुर भन्दै डवल गर्व गर्नेहरु दिल्लीको हैदरावाद हाउस पुग्दा भारतीय राजनीतिवाट सेरिएको देख्ने वित्तिकै मिडियावाट कुलेलम ठोक्दैछन। विगत कार्यकालको हरेक रेकर्डलाई तोडन तम्सिएका देउवा दिल्ली सवारीको प्रसाद बाँडदै निर्माण गरिएको जम्वो मन्त्रीपरिषदले हरेक महिना बढाएको करोडौं आर्थिक व्यभारले उनको पुरानो रोग बल्झेको मान्न सकिन्छ। आफ्नो राजनैतिक पार्टीको विधान समेत नपढेका काँग्रेस सभापती देउवा मार्फत पार्टी राजनीतिमा भारत भक्त विमलेन्द्र नीधिलाई उत्तराधिकारी बनाउँदै सारा दाग पखाल्न भारतीय पानीमा डुवुल्की मार्न राजी भए। पुरानो दागलाई पखाल्दै शरिर नै कालो बनाउन सफल देउवाको छवी भविष्यमा हैदरावादे छवी नामले चर्चित हुनेछ। *(नेपालपाटीवाट)*

annapurnap

सोमबार १२ भदौ २०७४

परम्परागत र कर्मकाण्डी भ्रमण

डा. प्रकाशचन्द्र लोहनी

तयारी र राष्ट्रिय स्वार्थको चिन्तनविनाको उच्चस्तरीय भ्रमणले दुई देशको मित्रतालाई बलियो बनाउन सक्दैन

प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमण परम्परागत हो। प्रधानमन्त्री भएपछि भारत गएर सम्बन्ध विस्तार गर्ने परम्परालाई अहिले पनि निरन्तरता दिइएको मात्र हो। देश र जनताको हितमा भ्रमणलाई उपलब्धिपूर्ण भन्न गाह्रो छ। भारत भ्रमणका क्रममा दुई देशबीच भएको छयालीसबुँदे संयुक्त वक्तव्यका अधिकांश बुँदा पुराना दोहोरिएका छन्। नयाँ कुनै छैन। पुराना योजनालाई निरन्तरता दिई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। ती हरेक प्रधानमन्त्रीका भ्रमणमा गरिने प्रतिबद्धता हुन्।

२०५२ मा शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा भएको महाकाली सन्धिको कार्यान्वयन आजसम्म हुन सकेको छैन। हरेक प्रधानमन्त्रीका भ्रमणमा यो विषय उठ्छ, तर कार्यान्वयन हुँदैन। निजी क्षेत्रसँगको सम्बन्ध पनि यथावत् छ। सप्तकोसी बाँधबारे कुरा भइरहन्छन्। हुलाकी मार्गका कुरा आइरहन्छन् हरेक भ्रमणमा निस्कने वक्तव्यमा। तर त्यो कार्यान्वयन आधार देखिँदैन।

भारतीय निजी क्षेत्रका लगानी ल्याउन भनेर प्रधानमन्त्रीले व्यापार संगठनमा बोल्ने कर्मकाण्ड सधैं भइरहन्छ। अहिले पनि त्यो दोहोऱ्याइएको छ। लगानीको आह्वान हुन्छ, तर त्यो आह्वान आश्वासनमै सीमित हुन्छ। लगानीबाट प्रतिफलको सुनिश्चितता नभई लगानीकर्ताले लगानी गर्दैन। परियोजनाबारे भाषण भइरहने तर कार्यान्वयन नहुँदा नेपाल भारत दुवै देशलाई लाज लाग्नुपर्ने हो।

जनताको दृष्टिकोणबाट अहिलेको जल्दोबल्दो समस्या भनेको सीमा क्षेत्रमा भारतीय पक्षबाट भएको तटबन्ध निर्माण हो। मेचीदेखि महाकालीसम्म निर्माणाधीन यस्ता तटबन्धले वर्षाको समयमा नेपाली भूमि डुबाउँछ। यसले तराई-मधेसका नेपाली जनतालाई ठूलो पीडा र कष्ट दिएको छ। हाम्रो समथर भाग धेरै छ। त्यो भाग पनि प्रकृतिक प्रकोपको साथै तटबन्धको कारण डुबानमा पर्न थाल्यो भने त्यसले आर्थिक विपत्ति ल्याएको छ, ल्याउँछ। आर्थिक विकासमा नकारात्मक असर पर्छ। यो यथार्थ हो। यस विषयमा दुई प्रधानमन्त्रीबीच औपचारिकता मात्र पूरा गरिएको छ।

> भारत सरकारले नेपालमा जे सहयोग गर्छु भन्छ, त्यो तोकेको समयमा पूरा गरोस्। घोषणा गर्ने तर वर्षौंसम्म फाइलमा थन्किने परम्पराको अब अन्त्य होस्। नेपाल सरकारले भारतसम्बन्धी आफ्ना जे समस्या र योजना छन्, त्यो स्पष्ट शब्दमा समाधानका कार्ययोजनासहित गृहकार्य गरेर प्रस्तुत गरोस्।

नेपालको तर्फबाट तटबन्ध निर्माणका कारणले भएको नोक्सानी र भविष्यमा यस्तो नोक्सानी नहोस् भन्नका लागि हाम्रो तर्फबाट ठोस सुझाव भारतलाई पेस गर्न सक्नुपर्थ्यो। नेपालबाट यस्तो प्रस्ताव पेस भएन। जो हुनुपर्ने थियो, यो नेपालको कमजोरी हो। आफ्ना जनताको स्वार्थको रक्षा त्यही देशको सरकारले गर्नुपर्छ। आफ्नो देशका जनतालाई परेको मर्कालाई सशक्त रूपमा उठाई समाधान पेस गर्न सक्नुपर्छ। हामीले यस्तो समाधान पेस गऱ्यौं भन्न सक्नुपर्छ जनसमक्ष। तर यस्तो कुनै गृहकार्य नगरेर मैले कुरा उठाइदिएको थिएँ भनेर समस्या पन्छाउन खोज्ने नेपाली जनताप्रति, विशेषतः तराई मधेसका जनताको दुःख र पीडाप्रति उपेक्षा गरेको देखिन आउँछ।



नेपाल र भारतबीच व्यापार घाटा थाम्न नसकिने किसिमले बढेको छ। नेपाली तन्नेरी बाहिर पठाउने र तिनीहरूले पठाएको रकमबाट माल आयात गर्ने, तर त्यही राजस्वमा लुट गर्ने नेपालको हालसम्मको विकास (विनास) को मोडेल देखिएको छ। यसमा आमूल परिवर्तन गर्नको लागि हामीलाई भारतको सहयोग चाहिएको छ। तर त्यो दिशामा दुवै देशबाट कुनै चिन्तन भएको देखिँदैन। उदाहरणको लागि नेपाली मालसमान भारतमा निर्बाध रूपमा निर्यात गर्न नेपाल र भारत दुवैको संयुक्त प्रमाणीकरण गर्ने प्रयोगशाला हाम्रा सीमानाकामा बनाइनुपर्छ भन्दै आएको हो हामीले बारम्बार। तर समस्या यथावत् छन्। नेपालको कृषि निर्यात जुनसुकै बेला रोकिन्छ। यस्ता समस्याको समाधान एक राष्ट्रले प्रमाणित गरेको उत्पादनलाई अर्को राष्ट्रले स्विकार्ने प्रक्रिया भाषण र संयुक्त विज्ञप्तिमा सधैं लेखिए पनि व्यवहारमा लागू भएका छैनन्। यस्ता प्रश्नको नेपालको तर्फबाट ठोस प्रस्ताव लगेर भारतसित किन वार्ता गर्न नसकेको? यसबाट के देखिन्छ भने नेपालका प्रधानमन्त्रीहरूका यी भ्रमण नेपाली जनताको आर्थिक स्वार्थसँग जोडिएका छैनन्, मात्र सत्ता स्वार्थमा सीमित छन्।

उद्योगको कुरा गरौं, नेपालका प्रधानमन्त्रीले भारतीय उद्योगपतिलाई नेपालमा लगानी गर्न आह्वान गर्नुहुन्छ। देउवालगायत सबै अरू प्रधानमन्त्रीले यही भाषण गर्छन्, तर भारतीय उद्योगपति नरम भएर भाषण सुन्छन् र निष्कर्ष निकाल्छन्- नेपालमा अझै लगानी गर्न उपयुक्त छैन। भाषण गरेर विदेशी पुँजी आउँदैन। देउवाले भाषण गर्नुअघि ५० वटा नेपालको औद्योगिक परियोजनाको प्रतिवेदन तय गरी त्यसमा लगानी गर्न आउनुहोस्, हामी सबै सुविधा दिन्छौं भनेर आश्वासन दिन सकेको भए सायद भारतीय उद्योगपति नेपालमा लगानी गर्न आकर्षित हुन सक्ने होलान्। तर चुनावी आमसभामा बोलेजस्तो उद्योगमा लगानी गर्नुस् भन्ने नारामा मात्र लगानीकर्ता विदेशमा लगानी गर्न आउँदैनन्। यो यथार्थ पहिले कसैले पनि बुझेनन् र अहिले देउवाले पनि बुझेको कुनै आभास दिनुभएन। उहाँको भाषण शून्यमा शून्यसरि बिलाएर जानेछ।

भारतमा प्रधानमन्त्रीलाई राम्रो सम्मान दिइयो। उहाँ हाम्रो प्रधानमन्त्री हो। उहाँको इज्जत हाम्रो इज्जत हो। यो इज्जतको लागि हामीले भारतीय सरकारलाई धन्यवाद दिनुपर्छ। तर आफ्नो अधिकांश अभिव्यक्तिमा प्रधानमन्त्री अल्मलिएको, नबुझिने र कमजोर देखिनुभयो। अझ उहाँले एक ठाउँमा भाषण गर्दा त नेपालको संविधानसभाबाट रूपान्तरित संसद्ले हाले लिएको निर्णयप्रति झन्डै क्षमायाचना गर्दै अब आफू फेरि सरकारमा आए दुईतिहाइ बहुमत पुर्‍याई संविधान संशोधन गर्ने भन्नसमेत भ्याउनुभयो। आफ्नो देशको राजनीति र संविधानसम्बन्धी कुरालाई यति सस्तो तरिकाले विदेशमा सुनाउनु दुर्भाग्यपूर्ण हो। उहाँको यो भनाइप्रति उहाँकै सरकारमा संलग्न दलसमेतले असहमति जनाएको छ। नेपालको संविधान नेपाली जनताको हो भन्नेमा उहाँले प्रश्न उठाउनुभएको छ। संविधान र संवैधानिक प्रक्रियाको आलोचनाभन्दा पनि दुःखको कुरा हो। प्रधानमन्त्रीले आफ्ने पार्टीका साथीहरूलाई सोधे पनि यसबारे अझ स्पष्ट हुन्छ।

समग्रमा नेपालको राष्ट्रिय हितको परिप्रेक्ष्यमा प्रधानमन्त्रीको भारत भ्रमण परम्परागत र प्रभावहीन देखिएको छ भने नेपालको आन्तरिक राजनीतिको परिप्रेक्ष्यमा प्रधानमन्त्रीले दिनुभएको अभिव्यक्तिले धेरै नेपालीको मन दुखाएको छ। प्रधानमन्त्रीले भारतीय मित्रहरूसित नेपालको आर्थिक, जलस्रोत र उद्योगसम्बन्धी विषयमा कुनै ठोस प्रस्ताव राख्न सक्नुभएन। स्वभावतः भारतीय मित्रहरूले पनि नेपालले चासो नदेखाएपछि चुप लागेर बसी औपचारिकता पूरा गरेर बसे। व्यक्तिगत रूपमा के फाइदा भएको छ, त्यो उहाँलाई नै थाहा होला, यसबारे नेपाली जनता अनभिज्ञ छन्। हामी नेपालीले भारतसँगको मित्रतालाई उच्च महत्त्व दिन्छौं र दिनु पनि पर्छ, तर तयारीविनाको र नेपाली राष्ट्रिय स्वार्थको चिन्तनविनाको उच्चस्तरीय भ्रमणले दुई देशको मित्रतालाई बलियो बनाउन सक्दैन।

अन्त्यमा, मेरो नेपाल र भारत दुवै देशलाई सुझाव छ- भारत सरकारले नेपालमा जे सहयोग गर्छु भन्छ, त्यो तोकेको समयमा पूरा गरोस्। घोषणा गर्ने तर वर्षौंसम्म फाइलमा थन्कने परम्पराको अब अन्त्य होस्। नेपाल सरकारले भारतसम्बन्धी आफ्ना जे समस्या र योजना छन्, त्यो स्पष्ट शब्दमा समाधानका कार्ययोजनासहित गृहकार्य गरेर प्रस्तुत गरोस्। दुवै सरकारबाट यति मात्र हुन सके हाम्रो मित्रता बलियो जगमा अडिनेछ। अर्थात् दुवै देशबीच विश्वासको वातावरण बन्नेछ।



२०७४ साल भदौ २६ गते सोमवार ९

साँघु

पूर्वआइजीपी अर्यालको हातमा अख्तियारको पत्र

काठमाडौं। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वमन्त्री, पूर्व सचिव र नेपाल प्रहरीका पूर्वआइजीपी र बहालवालासमेत २ सय सरकारी उच्च अधिकारीको अकूत सम्पत्ति छानबिन गरिरहेको खबर छ। अख्तियार स्रोतका अनुसार, पूर्व र बहालवाला सबै क्षेत्रका उच्चपदस्थ निगरानीमा छन्। अख्तियारले यतिबेला गोप्यरूपमा उनीहरूका गतिविधि छानबिन गरिरहेको छ। गैरकानूनी सम्पत्ति आर्जन गर्नेहरूले पछिल्लो पटक नातागोताको नाममा राजनैविधि हुन्डीबाट भारत, अमेरिका र अष्ट्रेलियालगायतका देशमा पठाउने गरेका कारण पनि अख्तियार अकूत (गैरकानूनी) सम्पत्ति पत्ता लगाउन असफल हुँदैआएको छ।

अख्तियारले गैरकानूनी सम्पत्तिको छानबिनका क्रममा शंका लागेकाहरूलाई बोलाउँदै १३ पाने फाराममा सात पुस्ताको विवरण भराउने गरेको छ। नेपाल प्रहरीका पूर्वआइजीपी उपेन्द्रकान्त अर्यालले पनि हालै अख्तियारले जारी गरेको १३ पाने फाराममा विवरण भरेका स्रोत बताउछ। अख्तियार स्रोतका अनुसार, पूर्वआइजीपी अर्यालले भक्तपुरमा १ सय रोपनीभन्दा बढी जग्गा र अरु धेरै ठाउँमा आफन्तको नाममा सम्पत्ति लुकाएको उजुरी अख्तियारमा परेकाले उनलाई १३ पाना फाराम भराइएको छ। नेपाल प्रहरीका पूर्वआइजीपीमध्ये आफूमात्र चोखो हुँ भन्दैआएका अर्याल अकूत सम्पत्तिको आशंकामा १३ पाने भराएपछि तनावमा परेको चर्चा प्रहरी अधिकृतहरूले गर्न थालेका छन्।

नेपाल प्रहरीका पूर्वआइजीपीमध्ये अहिलेसम्म भ्रष्टाचारको मुद्दा नलागेका धुवबहादुर प्रधान र रविन्द्रप्रताप शाहमात्र बाँकी छन्। ओमविक्रम राणा, हेम गुरुङ, रमेश चन्द ठकुरी सुडानका लागि पोत्रा एपीसी खरिद काण्डमा परेका थिए भने मोतिलाल बोहरा, अच्यूतकृष्ण खरेल, प्रदीपशमशेर राणामाथि पनि भ्रष्टाचार मुद्दा लागेको थियो।

पूर्वआईजीपी उपेन्द्रकान्त अर्याल

नेपाल प्रहरीमा ११ एआइजीले नपुगेर थप २ पद थप्ने खेल अझै पनि जारी रहेको खबर छ। मानवस्रोत विभाग र कार्यविभागमा एआइजी नभएको भन्दै थप गर्ने तयारीमा प्रधानमन्त्री शेरबहादुर देउवा छन्। कार्यविभागमा डीआइजी मधु पुडासैनी र मानवस्रोत विभागमा रमेश भट्टराई कार्यरत छन्।

प्रहरी प्रधान कार्यालयमा एआइजीको दरबन्दी आवश्यक नै नभए पनि दुई जनालाई बढुवा गर्ने तयारीमा सरकार थियो। तर एआइजीका प्रतिस्पर्धी ४ डीआइजी भएकाले बढुवा हुन नसकेको बताइएको छ। डीआइजीहरू मधु पुडासैनी, हेमन्त पाल, माधवप्रसाद नेपाल र गोविन्द निरौला एआइजीको प्रतिस्पर्धी हुन्। क्षेत्रमा ७, महानगरीय आयुक्त कार्यालयमा १ र एकेडेमीमा एक समेत ९ जना एआइजी भए पुग्नेमा ११ जना छन्। एक एआइजी बराबर गाडी, बडिगार्डदेखि सबै सुविधा जोड्दा मासिक २ लाख ५० हजार रुपैयाँ राष्ट्रलाई थप आर्थिक व्ययभार पर्छ। गाउँ गाउँबाट ४ सय भन्दा बढी प्रहरी चौकीको मागका निवेदन प्रहरी हेडक्वाटरमा चाङ लागेर बसेका छन्।

(बाँकी पृष्ठ ८ मा)

पूर्वआईजीपी...

एक एआइजी थप गर्ने मासिक २ लाख ५० हजार रुपैयाँले गाउँमा एउटा प्रहरी चौकी स्थापना हुन्छ। तर सरकार भने जनसुरक्षाका लागि प्रहरी चौकी स्थापना गर्नेतिर भन्दा भागबण्डा र व्यक्तिगत स्वार्थ र फाइदाका लागि एआइजीको दरबन्दी थप्ने तयारीमा छ। सुदूरपश्चिमका ४ डीआइजी एआइजी भए पनि हेमन्त पाल छुटेकाले प्रधानमन्त्री देउवा उनलाई बढुवा गर्ने र रामचन्द्र पौडेललाई पनि मधु पुडासैनीलाई बढुवा नगरी भएको छैन। मधु पुडासैनी काठमाडौं कांग्रेसका कोषाध्यक्ष गोविन्द पुडासैनीका भाइ भएकाले बढुवा गर्न चर्को दबाब छ। माधव नेपाल चाहि आरजु देउवालाई जसरी पनि खुसी पारेर बढुवा हुने खेलमा छन्। कांग्रेस नेताको दबाबमा गृहमन्त्री जनार्दन शर्माले २ एआइजी थप्ने फाइल तयार गरी घरांमा राखेको चर्चा छ। प्रहरी स्रोतका अनुसार, निर्वाचन आचारसंहिता लागू भएकाले निर्वाचन आयोगको स्वीकृति बेगर बढुवा गर्न सम्भव छैन।

वर्ष ३५ अंक २१, २०७४ साल भदौ २६ गते सोमबार (Sep 11, 2017) मूल्य रु. १०।-
साँघु

सवा अर्ब कमिशन खान दलालहरू सक्रिय

शंकाको घेरामा सेनाको जहाज खरिद

काठमाडौं। नेपाली सेनाले खरिद गर्ने सैन्य बन्दोवस्तीका सामग्री हुन् या अर्बौंका हवाई जहाज खरिदको विषय होस्, संसद, सरकार, सार्वजनिक लेखा समिति, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्र कहींकतैबाट पनि प्रश्न उठाउने गरिदैन। राष्ट्रघाती दलालहरूले नेपाली सेनालाई गुणस्तरीय र स्पेसिफिकेशन अनुसारको मालसामान या हवाई जहाज सप्लाई नगरे पनि कहींकतैबाट अनुगमन गरिदैन। सत्ताका दलालहरू र राजनीतिक शक्ति केन्द्रका लोभीपापीहरूलाई करोड मात्र होइन अर्ब रुपैयाँको प्रलोभनमा पारेर विगतमा एमआई-१७-भी-५ मेन्ट्री भर्सनका नाममा स्पेसिफिकेशनभन्दा फरक र सामान्य हेलिकोप्टरहरू सप्लाई गरेर राष्ट्र र नेपाली सेनालाई ठूलो आर्थिकभार पार्दै आएका छन्।

CN235-220M Aircraft

सत्तारूढ दलका नेता, सांसद र आर्मीका जर्नेलहरूलाई प्रभावमा पारेर खरिदमा करोडौं कमिशन खान पल्केका दलालहरूले यस आर्थिक वर्षमा पनि राष्ट्र र नेपाली सेनालाई ३ अर्बको आर्थिकभार थोपर्ने प्रक्रिया अगाडि बढिसकेको नेपाली सेना हेडक्वार्टर स्रोतले बताएको छ। तत्कालीन प्रधानसेनापति गौरव शम्शेर राणाकै पालामा इण्डोनेसियाबाट १८ मिलियन यूएस डलरमा खरिद गर्ने तयारी गरिएको जहाज सीएन-२३५ यस पटक त्यही जहाज ३० मिलियन यूएस डलरमा खरिद गर्नका लागि एलसी समेत खोलिसकिएको रक्षा मन्त्रालय स्रोतले बताएको छ।

सेनाको हवाई महानिर्देशनालय स्रोतका अनुसार, तत्कालीन सहायक रथी हाल उपरथी सुधीर श्रेष्ठको टोलीले सीएन-२३५ को यो जहाजको प्राविधिकलगायत सबै पक्षका बारेमा अध्ययन गरेर

रिजेक्ट गरेको थियो। दुर्घटना दर पनि बढी भएको र इन्जिन विश्वसनीय नभएकाले यसभन्दा अघि नेपाल आर्मीले नै खरिद रद्द गरेको यही जहाज इण्डोनेसियाको मुद्रा समेत अवमूल्यन भइरहेको हालको अवस्थामा नेपालका दलालहरू प्रदिप राणा, भरतकेशर सिंहका छोरा अजय सिंहले प्रधानमन्त्री पत्नी आरजु राणा र साला भुषण राणाको शक्ति प्रयोगगरी नेपाल आर्मीलाई महंगो मूल्यमा सो जहाज भिडाउने भएका छन्।

नेपाली सेनाका प्रधानसेनापतिहरू मध्ये हालसम्म कुनै विवादमा नपरेका प्रधानसेनापति राजेन्द्र क्षत्रीलाई समेत गुमराहमा राखेर गुणस्तरमा कमजोर, महंगो मूल्य, दुर्घटना दर पनि बढी भएको र सम्भवत: इण्डोनेसियाबाट उत्पादन हुने अन्तिम जहाज सीएन-२३५ ले नेपाली सेना र राष्ट्रलाई लाभ भन्दा हानी पुऱ्याउने चिन्ता सेनाको हवाई महानिर्देशनालयका प्राविधिकहरूले गर्ने गरेका छन्। ती प्राविधिकहरूका अनुसार, सो जहाज विश्वसनीय नभएको र उत्पादन बन्द भएमा यसका पार्टपूर्जा समेत पाउन मुस्किल पर्नेछ। दलालहरूले सवा अर्ब कमिशन खानका लागि राष्ट्रको ढुकुटीबाट रु. तीन अर्ब खर्च गरेर उडानमा शंकास्पद र महंगो जहाज ल्याउने बारेमा अब ११ महिना मात्र पदावधि बाँकी भएका प्रधानसेनापति क्षत्रीले पुनर्विचार गर्नुपर्ने माग सेनाका हवाईविज्ञ र प्राविधिकहरूको रहेको छ।

नेपाली सेना गुणस्तरीय साधन, स्रोतले सुसज्जित हुनुपर्छ। त्यसका लागि राष्ट्रले आवश्यक खर्च पनि गर्नुपर्छ। तर, दलाल र भ्रष्ट नेताहरूलाई पोस्न सेनाको हवाई उडाननै जोखिममा पार्ने खतरनाक काम गर्नु हुन्न भन्ने आवाज पनि सेनाभित्रै उठिरहेको छ। जस्तै एमआई-१७-भी-५ मेन्ट्री भर्सनका नाममा दलालहरूले सामान्य हेलिकोप्टर सप्लाई गरेर राष्ट्र र नेपाली सेनालाई करोडौं करोड ठगे त्यस्तै गरेर यो जहाज त नेपाल आउनेमै शंका व्यक्त गरिदैछ। २ वर्षपछि जहाज आइहालेपनि मर्मत सम्भार र डेन्टिङपेन्टिङ गरेको जहाजलाई नेपालमा सप्लाई गर्ने दाउ दलालहरूको हुन सक्ने आशंका सेनाभित्र व्याप्त छ। आकाशमा उड्ने

(बाँकी पृष्ठ ८ मा)

शंकाको...

तीन अर्बको जहाजका बारेमा आशंका र प्रश्न खडा भएकाले नेपाली सेनाले यसका बारेमा स्वेत पत्र जारी गरोस् भन्ने आवाज पनि उठेको छ।

सम्झौतापत्रमा हस्ताक्षर

इन्डोनेसियाली जहाज निर्माण कम्पनी पीटी डिरगान्तारा(PTDI) ले नेपालको लागि CN235-220M बहुउद्देश्यीय जहाज आपूर्ति गर्ने कन्ट्राक्ट प्राप्त गरेको कुरा सार्वजनिक गरेको छ। पीटिडीआईले आफ्नो अफिसियल ट्वीटर अकाउन्टमा सन् २०१७ जुन १८ मा नै सम्झौतापत्रमा हस्ताक्षर भएको जनाएको छ। सो जहाज नेपाल आर्मीको प्रयोजनका लागि १८ महिनापछि आपूर्ति गर्ने बताएको छ। यसका साथसाथै यस CN235-220 जहाजले भीआईपी, सेना तथा कार्गो, गम्भीर बिरामी ओसारपसारलगायत अन्य प्रयोजनका लागि प्रयोग गरिने बताएको छ।

दुर्घटना दर पनि बढी

सन् १९९२ अक्टुबर १८ मा पहिलोपटक यस इन्जीनको मेरपाती नुसान्तरा एयरलाइन्सको जहाज इन्डोनेसियामा दुर्घटना भएको थियो। जसमा ३१ जनाको निधन भएको थियो। तत्पश्चात सन् २००१ मा टर्कीस एयरफोर्स र नेभीको यस इन्जीनका तीनवटा जहाज दुर्घटनामा परेका थिए। त्यसैगरी सन् २०१३ मा गिनी आर्मीको जहाज लाइबेरिया र सन् २०१५ मा कोलम्बिया एयरफोर्सको जहाज इन्जीन फेल भएको कारण कोलम्बियामै दुर्घटनामा परेको थियो। सबैभन्दा पछिल्लो समय सन् २०१६ फेब्रुअरी २६ मा रोयल मलेसियन एयरफोर्सको यही जहाज दुर्घटनामा परेको थियो। यस इन्जीनको जहाज सन्चालनमा आएपश्चात ८ वटा जहाज दुर्घटनामा परिसकेका छन्।

यो जहाज संचालन आएको २५ वर्षमा ८ वटा दुर्घटनामा परिसकेकाले अब यसको उत्पादन नै बन्द गर्ने सोचाईमा कम्पनी पुगेकाले यो जहाज नेपालले खरिद गरेर जोखिम मोल्नु हुन्न भन्ने आवाज सेनाभित्र रहेको छ। तर, सैनिक अनुशासनमा रहनुपर्ने बाध्यताले गर्दा कसैले पनि चूँसम्म गर्न सकेका छैनन्।

२०६७ साल असार २८ गते सोमबार साँघु साप्ताहिक

सलाम तिम्रो संघर्षमय जीवनलाई !

शान्ति सैनिकबाट जबर्जस्ती काटिएको रकम फिर्ता, अर्दली प्रथाको अन्त्य, भूतपूर्वलाई पनि समान दरको पेन्सन, सैनिकका विधवा (एकल महिला)लाई पूरा पेन्सन र अङ्गभङ्ग सैनिकलाई पूरा तलबजस्ता तल्लोतहका सैनिकहरूको हितकारी मुद्दा बोकेर विगत दुईदशकभन्दा अघिदेखि संघर्षरत भूतपूर्वसैनिक अमरबहादुर थापामगरले आत्महत्या (विषालु पदार्थ सेवन गरेर)गरी २०६७ असार २० गते यस संसारबाट बिदा लिए। सैनिक नेतृत्वको मनोमानी कदमविरुद्ध एक्लै संघर्षको बाटो रोजेर उनले हजारौं बहालवाला र भूतपूर्व सैनिकहरूको आँखामात्र खोलेनन्, अन्याय, शोषण र अत्याचारले एकदिन सत्यका सामु घुँडा टेक्नैपर्दछ भन्ने स्पष्ट सन्देश दुनियाँलाई दिए। निरीह र पहुँचविहीन सैनिकको हितको खातिर उनले रोजेको संघर्षको बाटो र दिएको सन्देश साहसिक छ, अनुकरणीय छ।

ज्यान हत्केलामा राखेर शान्तिसैनिकको रुपमा खटिएका तल्लोतहका सैनिकहरूलाई राष्ट्रसंघकातर्फबाट प्रदान गर्ने भत्ता सेनाको नेतृत्वले २०३० सालदेखि नै मनोमानी कट्टा गरी उच्चतहको हितमा खर्च गर्दै आएको थियो। राष्ट्रसंघले प्रदान गर्ने भत्ता (अमेरिकी डलर) पनि बढ्दै गयो। २०३२ सालमा सैनिक कल्याणकारी कोष नाम दिएर सो रकम त्यसैमा जम्मा गर्ने भनी आन्तरिक परिपत्र जारी गरियो। कोषमा धेरै रकम जम्मा हुन थालेपछि भ्रष्टहरू आफू जोगिन सो कोषको संरक्षकमा राजालाई राखियो। विशिष्टतहका सैनिकहरू शान्ति सैनिकका रुपमा कार्यरत रहेर प्राप्त गरेको रकम कट्टा गर्नु नपर्ने तल्लोतहका सैनिकसंग शान्ति स्थापना कार्यमा खटिने अधिकृतको रकम कट्टा गर्ने तर तल्लोतहका सैनिकहरूबाट मनोमानी (७५ प्रतिशतसम्म) कट्टागरी उच्चतहका सैनिक, तिनका परिवारहरू र राजपरिवारको मोजमस्तीमा खर्च गरिदै आएको यथार्थ घामझैं छर्लङ्ग थियो। राजा संरक्षक र सेनापति सञ्चालक रहेको सो कोषको विरोध गर्ने हिम्मत कसैले गर्नसकेका थिएनन्। तर अमरबहादुरले एक्लै भएपनि यसका विरुद्ध संघर्ष गर्ने अठोट गरेर अघि बढे।

सेनामा परम्परादेखि नै उच्चदर्जा (बहालवाला तथा भूतपूर्व)ले राज्यकोषबाट तलब-भत्ता खाने सेनाका तल्लोतहका जवानलाई घरायसी काममा अमानवीय ढंगले जोत्दैआएको तथ्यबाट अमरबहादुर परिचित थिए। यो तल्लोतहका सैनिकको श्रमको शोषण हो, अत्याचार हो, अख्तियारीको दुरुपयोग हो। सैनिक पेशाको र वर्दीको पनि बदनामी भन्ने सचेत नागरिक सबैलाई बोध भएको सत्य हो। तर कसैले यो कुप्रथाविरुद्ध बोलेर विरोध गर्न सकिरहेको थिएनन्। अमरबहादुरले केही सचेत भूतपूर्व सैनिकको सहयोगमा पूर्वप्रधानसेनापति धर्मपालबरसिंह थापाको बालीगुल्स्थित निवास र राजाका पूर्वसैनिकसचिव चपिकुमार पाँडेको घरमै धर्नादिएर राष्ट्रसेवक सैनिकलाई अर्दली राख्ने नेपाली सेनाको घृणास्पद प्रथाविरुद्ध अभियान नै चलाए। फलामे अनुशासन र कडा परिश्रम गर्नुपर्ने संगठनमा जीवन बिताएर अवकाश पाएपछिको बाँकी जीवन धेरथोर राष्ट्रसेवामा लगाउने, भूतपूर्वहरूले वीरतामय पूर्वस्मृतिहरूको संस्मरण गरिदिएर संगठनलाई उत्साहित तुल्याउने, देश, जनता र संगठनको हितमा रचनात्मक भूमिका खेल्ने उद्देश्यले सबैदेशका राष्ट्रिय सेनाबाट अवकाश पाएका सैनिकहरू एकत्रित हुन प्रायः एउटै संघ/संस्थामा आबद्ध भएर साझाहितका लागि प्रतिबद्ध भएका हुन्छन्। उनीहरू संसारका भूतपूर्व सैनिकहरूको छाता संगठन : विश्व भूतपूर्व सैनिक संगठन (वर्ल्ड भेट्रान एसोसिएसन) को सदस्य पनि हुन्छन्। नेपाली सेनाका भूतपूर्व सैनिकहरूमध्ये श्री ३ महाराज जुद्धशमशेरका छोरा पूर्वरथी श्रीधरशमशेर जबराले २०११ सालदेखि नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघ गठन गरी आजीवन आफैं अध्यक्ष पद ओगटेर, संघलाई पूर्व जर्नेलहरूको 'क्लब' बनाए। तल्लोतहका सेनाको हक, हित र अधिकारप्रति आवाज उठाउनुको सट्टा राजाको स्तुती गाउँदै, जंगी अड्डालाई रिझाएर कल्याणकारी कोषमार्फत करोडौं रुपैयाँ कुम्लेर पेटभर्दै आएको दृष्टान्त अधिकांश सैनिकलाई अवगत थियो। तर कसैले सो कदमविरुद्ध प्रभावकारी आवाज उठाएका थिएनन्।

अमरबहादुरले नै तल्लोतहका सैनिकका लागि संगठितरुपमा आवाज उठाउन तल्लोतहका भूतपूर्व सैनिकहरूलाई एकत्रित गरी २०५१ सालमा नेपाल राष्ट्रिय भूतपूर्व सैनिक परिषद गठन गरेर सेनाको उच्च नेतृत्वबाट हुने भ्रष्टाचार, अन्याय, शोषण, अत्याचार लगायतका मुद्दाहरूलाई सार्वजनिकरुपमा बहसमा ल्याएर भण्डाफोर गर्नथाले।

सेनाका कथा-व्यथा

मोहन थापा

असार २१ गते अपरान्ह पशुपति आर्यघाटमा पत्रकार पुग्दा उनको पार्थीव शरीर बलिरहेको थियो। अमरको जीवनको अठोट र दृढता केही अघि नै जलिसकेको थियो, शरीर जल्दै थियो।

उनले सैनिकका सामुहिक हक अधिकार प्राप्तिका लागि धर्ना, अनसन, ज्ञापन, पर्चा र कानूनी बाटो अपनाईरहे। सेनाले बिनानियम कट्टागरेको भत्ता र कोषको पारदर्शिता खोज्दै पटक पटकका आन्दोलन गरे। दबाव, विरोध जुलुस र आमरण अनसन समेतबाट माग पूरा नहुने अवस्था देखेपछि केही कानुन व्यवसायीको सहयोगमा २०५८ साल असार १८ गते सर्वोच्च अदालतमा शान्ति सैनिकलाई राष्ट्रसंघले प्रदान गर्ने भत्ता र त्यो भत्ता कट्टागरी जम्मा गरिएको भनिएको कल्याणकारी कोषको जानकारी मागगरेर तत्कालीन संविधानको धारा १६ अन्तर्गत सूचनाको हक प्रचलित गराई पाउँ भनी सर्वोच्च अदालतमा रिट दायर गरे। रिटमा कल्याणकारी कोषको रकम सैन्य नेतृत्वले दुरुपयोग गरेको हुँदा सो कोषको पारदर्शीता (सत्यतथ्य जानकारी) को समेत माग गरिएको थियो। सर्वोच्च अदालतले १३ पटक जंगी अड्डासंग सो बारेमा जानकारी माग्दा जंगी अड्डाले आलटाल गर्दैपन्छाउन खोज्यो। देशमा ऐतिहासिक जनआन्दोलन २०६२/०६३ सालपछि अर्थात ५५ महिनाको अन्तराल (०६३ मंसीर १९)मा सेनाको कल्याणकारी कोष र सोको सञ्चालन अपारदर्शी भएकोले लेखापरीक्षण गरी सार्वजनिक गर्न सर्वोच्चले जंगी अड्डाको नाममा परमादेश जारी गर्‍यो। सर्वोच्चको आदेशपछि ०६३ मंसीर २५ गते जंगी अड्डामा पत्रकार सम्मेलनगरी कोषमा १० अर्ब ६ करोड रुपैयाँ रहेको पहिलोपटक सेनाले सार्वजनिक गर्‍यो। त्यसपछिमात्र सेनाले शान्तिसैनिकसंग बढीमा १२ प्रतिशतसम्म भत्ता कट्टा गर्न सकिने नियमावली बनायो।

७० वर्षअघि दोलखा, जिरीमा जन्मिएका अमरबहादुर २०१७ सालमा शाही नेपाली सेनाको सैन्यदलमा भर्नाभई पशुपरिवहन गुल्म (हाल : भैरववाहनगुल्म) को अमल्दार पदबाट निवृत्तिभरणमा अवकाश भएका थिए। थर्डक्लाससम्मको सैनिक शिक्षा प्राप्तगरेका अमरबहादुर शिक्षित होइनन्, तर उनी आफूझैं पीडित गरिब सैनिक र तिनका खातिर केही गरिछाड्ने अठोट गरे। सर्वोच्चको परमादेशपछि उनमा केही आशा पलाएको थियो, तर कानूनी जटिलता, उच्चतहको असहयोग र आर्थिक अभाव भए पनि अझै मुद्दालडेर जंगी अड्डालाई झुकाइछाड्ने दृढतामा थिए। तल्लोतहको सरोकारमा दौडिरहने अमरलाई आर्थिक अभावले सधैं पिरोलीरह्यो। पेन्सनबाहेक केही आयस्रोत केही थिएन, चरम आर्थिक समस्या थियो। अदालतमा मुद्दा, परिषदको कार्यालय भाडा, स्टेशनरी चलाउन उनले गरिब र अशिक्षित भूतपूर्व सैनिकबाटै आर्थिक जोहोगर्ने प्रयास गरे। त्यतिबेला उनीबाट केही कमजोरी भए होलान। एउटै टेण्डरबाट करोडौं कमाएर सिपाहीलाई थाम्ने जर्नेलहरू पोखाभए, तर गरिबका लागि लडेर जीवन उत्सर्गगर्ने अमरलाई आर्थिक अनियमितताको आरोप पनि लाग्यो। आर्थिक समस्याको चपेटाले पनि गाँज्न थालेपछि उनमा पीडित सैनिकका लागि केही गर्न सकिन भन्ने थियो। तल्लोतहका पूर्व सैनिकमाझ लडाकु योद्धाको उपमा पाएका अमर पत्रकारसंगको केही महिनापूर्वको भेटमा थकित र निराश देखिन्थे। यही निराशाबीच अमरबहादुरले, असार २० गते अपरान्ह, मृत्युपत्र लेखेर, विषालुपदार्थ सेवनगरी देहत्याग गरेछन्। असार २१ गते अपरान्ह पशुपति आर्यघाटमा पत्रकार पुग्दा उनको पार्थीव शरीर बलिरहेको थियो। अमरको जीवनको अठोट र दृढता केही अघि नै जलिसकेको थियो, शरीर जल्दै थियो। अमरबहादुरको मृत्यु, महान कार्यका लागि अघिसर्दा प्राप्त असहयोग र असफलताबाट निम्तिएको दुर्घटना थियो। अन्याय, शोषण र अपारदर्शी कार्यका विरुद्ध संघर्ष गरेर भावी पीढीलाई लगाएको धुन र देखाएको बाटोले उनको कदमलाई निश्चय नै भोलिका स्वतन्त्रताप्रेमीहरूले उच्च मूल्याङ्कन गर्नेमा सन्देह छैन। उनको संघर्षका गाथा सैनिकको इतिहासमा अमर रहनेछ। श्रद्धाञ्जली उनको देहलाई ! सलाम उनको संघर्षमय जीवनलाई !

अमरबहादुर थापा

भित्र

- संयुक्त आन्दोलनबाट वैद्य बाहिरिए -२
- विपक्षीलाई प्रश्नावली समितिमा बस्न आग्रह -३
- दुईवटा बस जुध्दा दुवै चालकको मृत्यु -८
- अवैध आयातले धानले भाउ पाएन -अर्थतन्त्र

चियोचर्चो

बासु क्षितिज



दारी काट्ने मिसिन पनि पठाइदेऊ है! अझै तीनचार दिन पालो आउलाजस्तो छैन !

Garden Fresh
Export Quality
100% Organic
TOKLA
PREMIUM LONG LEAF
GREEN TEA
Net Wt. 100g

मान्छेकै मासु खानुपर्दाका दिन

हिटलरको यातना भोगेकी महिला काठमाडौंमा

रूपेश आचार्य

काठमाडौं : 'उरी, मलाई कोट देऊ त', हिटलरको यातनाशिविरबाट उम्किएकी सारा अटमोन संयोगले हिउँदे चिसोमा हिमालयको देश आइपुगिन् र उरी (पति) सँग कोट मागिन्। 'लगभग यही बेलातिरकै चिसो सम्झिए हुन्छ', काठमाडौंको हिउँदे चिसोले उनलाई ११ वर्षको उमेरमा हिटलरको पन्जामा पर्दाको कठ्यांग्रिने दिनहरू सम्झायो।

'हंगेरीको बेरगेम बेल्सेनमा बाक्लो हिउँ परेका दिनहरू। जताततै च्यातिएर सिलाएका कपडा लगाएका हामीलाई हरेक दिन दुईदेखि पाँच घन्टासम्म बाहिर राखेर गणना गरिन्थ्यो। हामीले उफ्रिरहनुपर्थ्यो। नत्र रगत जम्ने खतरा हुन्थ्यो। दिनभर खान एक टुक्रा पाउरोटी र आलुको बोक्रा उमालेको झोल दिइन्थ्यो। कहिलेकाहीं एकदुई टुक्रा मासु पनि। हामीले अन्तिममा भान्सामा केही लास लगेका देखेपछि मात्र थाहा पायौं, त्यो त मान्छेको मासु रहेछ', ८२ वर्षीया साराले ७० वर्षअघिको त्रासदी सम्झिइन्।

तस्बिर : अन्नपूर्ण

हिटलरको नरसंहारबाट बाँचेकी सारा अटमोन मंगलबार राजधानीमा।

मानवले, आफ्नो सजातीय प्राणीमाथि गर्ने चरम क्रूरता भोगेकी साराले अरू त अरू ६ महिनासम्म नुहाउन पाइएन भन्दासमेत पत्याउँदैन आजको पुस्ता। उनले त्यो बेहोरेर आएकी थिइन्। भाग्यले जीवन जोगाएको थियो।

हिउँदे यातना त्यस्तो थियो भने गर्मीमा तीन मिटर चौडाइ र नौ मिटर लम्बाइको एउटा बंकरमा ९६ जनालाई थुनिएको थियो। झन्डै एक महिनासम्म खाना र पानी पनि नदिएर राखिएको थियो। एउटा सानो झ्यालबाट सास फेर्ने हावा आउँथ्यो। 'म त्यो क्षण सम्झन सक्दिनँ। मसँगै लगिएका अरू बच्चा पानी नपाएर मरेका थिए। म उनीहरूको लाससँगै बस्नुपर्थ्यो', उनले अन्नपूर्णसँग भनिन्।

एक वर्षसम्म उनी यो दानवी कैदमा रहिन्। उनीसँगै समातिएका बाबु इजरेल, दाजु सेन्डर, भाउजू पर्ल र उनका चार छोराछोरीमात्र होइन, हजुरआमा मल्कासहित परिवारका ६० जना सदस्य हिटरलको यातनाशिविरमै मारिए। उनीलगायतका जो बचे, तिनीहरू शिविरबाट मुक्त हुँदासम्म सबैथोक सकिएको थियो- घर, पहिचान र जन्मथलो। 'मानसिक र शारीरक रूपमा गहिरो त्रास बोकेर हामी जीवन घिसार्दै इजरायल पुगेका थियौं', उनी यातनाशिविरबाट निस्कँदाको क्षण सम्झिन्छिन्, 'त्यतिबेला जर्मन फौजको मनस्थिति तपाईं कल्पना गर्न सक्नुहुन्न, जति बेला पनि उनीहरूलाई यहुदी मार्ने धुन सवार भइरहेको हुन्थ्यो।' अमेरिकी सेनाले उनीसहितका यहुदीलाई हंगेरीको मेडिवर्गबाट मुक्त गर्दासम्म त्यहाँमात्र झन्डै ५० हजार यहुदी मारिएको अनुमान गरिएको छ।

> मसँगै लगिएका अरू बच्चा पानी नपाएर मरेका थिए। म उनीहरूको लाससँगै बस्नुपर्थ्यो।

यति हुँदा पनि उनी भाग्यले बाँचिन् तर सबै थोक गुमाएर। '१२ वर्ष पुगेकी मेरो हाड र छालामात्र बाँकी थियो, म १७ किलोकी थिएँ', उनले सम्झिन्। शिविरबाट बचेका अरू यहुदीसँगै उनी तीन महिनापछि इजरायल पुगिन् र त्यहाँको सेनामा भर्ना भइन्।

उनलाई लाग्यो, 'मानवले मानवमाथि गरेको चरम घृणा र यातनाका ती दिनबारे नयाँ पुस्तालाई बताउनुपर्छ।' त्यसैले शिविरमा देखेका दृश्य चित्रमा उतार्न थालिन्। मंगलबारदेखि राजधानीको फ्रान्सेली केन्द्रमा सुरु भएको ६ दिने एकल चित्रकला प्रदर्शनीको औचित्य खोल्दै उनले भनिन्, 'मजस्तै धेरै 'होलोकोस्ट सर्भाइभल' बूढाबूढी हुँदै जाँदैछन्। यी चित्रकलाले आगामी पुस्तालाई सचेत गराइरहनेछन्। मानव जातिले उसकै बन्धुलाई कस्तोसम्म ज्यादती गर्नसक्दो रहेछ भनेर जानकारी दिनेछन्।'

लेखकका बारेमा पत्रकार तथा यस पुस्तकका सम्पादक मधुसूदन पाण्डेयद्वारा लिखित लेखहरू



वर्ष १५, अंक ४२, २०७२ मंसिर २७ गते आइतबार २

जनमान्य साप्ताहिक पत्रिका

संस्मरण ①

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

जन्म : मेरो जन्म वि.सं. १९८८ भदौ ६ गते काठमाडौंको न्हैनतलाको उग्रतारा मन्दिरपछाडिको उग्रताराको मन्दिरपछाडिको पुर्ख्यौली घरमा भएको हो । म मेरो बुवाको एक्लो छोरो हुँ । मेरा बुवा पनि मेरो बाजेको एक्लो पुत्र नै हुनुहुन्थ्यो । म डेढ वर्षको हुँदा मलाई हर्निया भएको थाहा भयो । आफ्नै घरमा बसेर डा. सुरेशबाबुबाट मेरो हर्नियाको अपरेसन गरिएको थियो । मलाई मेरी बज्यैले बाबुभगत भनेर बोलाउनुहुन्थ्यो । ऋषि नाम पनि मेरी बज्यैले नै राखिदिनुभएको हो । इन्द्रचोक जहाँ हाम्रो घर थियो । त्यसलाई पाण्डे कनैह चोक पनि भनिन्थ्यो । त्यो घरको मुईंतलामा एउटा नामी हलवाइ पसल थियो । त्यो हलवाइसँग बज्यैले भन्नुभएको थियो - मेरो नातिलाई जुनसुकै परिकार मागे पनि दिनु । म आफ्नो इच्छा र रुचिअनुसार त्यहाँका परिकार खान्थेँ ।

म सानै उमेरदेखि नै भुजा खान रुचाउँदिन थिएँ । पछिसम्म पनि त्यो बानी हटेन । पछि स्कुल भर्ना भएपछि बल्ल भुजाप्रति मन लाग्नथालेको हो । वि.सं. १९९४ सालमा हाम्रो परिवार काठमाडौंबाट भीमफेदी हुँदै कलकत्तातिर प्रस्थान गर्‍यो । मेरा बुवाको पाखुरामा सुन्दरा पलाउँदा केही समस्या आएकाले उपचारार्थ बेला बेलामा कलकत्तातर्फ गइरहनुपर्थ्यो । त्यो बेला हामीहरू कलकत्तामा माधव भवनमा करिब २/३ महिना नै बसेका थियौँ । त्यतिबेलै बज्यैको मोतियाबिन्दुको अपरेसन पनि भएको थियो । तयतिखेर हामी जगन्नाथपुरी पनि गएका थियौं । मैले प्रथम पटक समुद्र देखेको त्यतिबेल हो । मलाई दुई जना मुस्तादले मेरो पाखुरामा समातेर छाल आएको पानीभित्र लैजाँदा मैले समुद्रको नुनिलो पानी पनि खाएको थिएँ । त्यसपछि नौ महिनापछि हामी काठमाडौं फर्कियौं ।

एक पटक हामी कमान्डर इन चिफ रुद्र शमशेरको बंगलामा बसेका थियौं । त्यो बंगलाबाट काठमाडौं, ललितपुर र भक्तपुर तीनै सहर देखिन्थ्यो । र औंसी/पूर्णिमामा तर्साउँथ्यो । माथि टिनको छाना थियो । छानामा ढुंगाले हानेको आवाज आउँथ्यो । झ्यालढोका बन्द हुन्थे । तर भित्र ढुंगा आउँथे । मेरा पिताजीले भतिजालाई पठाएर बन्दुक पड्काउन लगाउनुहुन्थ्यो र आवाज पनि बन्द हुन्थ्यो ।

स्कुल भर्ना : वि.सं. १९९४ सालको आखिरीतिर कलिलै उमेरमा मेरो बुबाले मलाई भारतको कर्साङको त्यतिबेलाको नामी स्कुल भिक्टोरियामा स्ट्यान्डर्ड फस्टमा भर्ना गरिदिनुभयो । त्यतिबेला काठमाडौंबाट बाहिर पढ्न जाने सायद म नै प्रथम व्यक्ति थिएँ होला । तयसै वर्षको नोभेम्बरतिर हाम्रो तीन महिनाको जाडो बिदा सुरु भयो । मेरा पिताजीले म घर आएमा फर्किन गाह्रो मान्छु भनेर कर्साङकै एक इन्जिनियरको घरमा बस्ने व्यवस्था मिलाउनुभयो । मैले खुसीका साथ ती इन्जिनियरको घरका परिवारसँगै जाडो बिदा मनाएँ । ती इन्जिनियर थिए पदमसुन्दर मल्ल ।

बुवाको निधन ? : सन् १९४० को डिसेम्बरको बिदामा म घर आएँ । त्यो बेला बज्यै मुमालगायत सबै जना न्हैकन्तलाबाट गौरीघाटमा बसाइ सर्नुभएको रहेछ । घर फर्केको रात मैले मेरा पुरोहित नानी बाजेसँगसँगै सुतेँ । ती पुरोहितले मलाई भने - तिम्रा बुवाको स्वर्ग साउनमै भएको हो । म त्यतिबेला ११ वर्षको थिएँ । त्यो थाहा पाएपछि म निकै रोएँ । सानै उमेरमा म टुहुरो पनि भएँ ।

सन् १९४३ तिर जापानी फौजले हवाई जहाजबाट कलकत्तामा दुई चारपटक बम वर्षाएका थिए । त्यसैको प्रभावका कारण स्कुलको परिस्थिति राम्रो नहुन्जेल मलाई स्कुल नपठाउने निधो भयो । खाली समयको सदुपयोग हामीले महाकालस्थान पछाडिको टुँडीखेलमा फुटबल, क्रिकेट, हकी खेलेर बितायौं । हाम्रो खेल देखेर सहरका बासिन्दाले अनौठो मानेर हेर्थे ।

त्यो बेला म कसैको कन्ट्रोलमा थिइनँ । त्यो देखेर बज्यैले त्यसबेलाका शिक्षा निर्देशक शारदा शमशेरबाट विशेष पत्र लेखाई स्कुलको पोसाक लगाएर दरबार हाइस्कुल पढ्न पठाउनुभयो । म भोटाहिटीको रत्नपुस्तक अगाडिको ढोकाबाट दरबार हाइस्कुल एक्लै छिरेको थिएँ । त्यहाँका हेडमास्टरले मलाई दज्जासाथ किन आएको भनी प्रश्न गर्नुभयो । मैले शिक्षा निर्देशकको चिठी देखाएँ र भनेँ - म यहाँ भर्ना हुन आएको हुँ । मेरो मनोबल देखेर हेडमास्टरले ५ औं कक्षामा भर्ना गर्नुभयो ।

मलाई अंग्रेजी पढाइको मात्रै मन पर्थ्यो । नेपाली पढ्ने समयमा म क्लास टिचर ढोकाभित्र पस्नासाथ झ्यालबाट हाम्फाली कहिले फुटबल खेल्न भक्तपुर त कहिले पौडी खेल्न नागपोखरी (कमलादी नजिकको) पुग्थेँ । त्यतिबेलै हो मैले साइकल चलाउन सिकेको । भाडामा साइकल लिन्थेँ । अनि कसैको सहयोग बिना नै चलाउने प्राक्टिस गर्थें । तयतिखेरको दुई वर्षको नेपाल बसाइका क्रममा मैले नराम्रा काम पनि धेरै गरेँ । १९४४ को आखिरीतिर हामी कर्साङ फर्क्यौं । स्कुलका हेडमास्टरले अन्तर्वार्ता लिएर कक्षा ४ मा भर्ना लिए । मिसेज क्लार्क नामकी एक शिक्षिकाले हामीलाई पढाउँथिन् । उनले हरेक दिनका कामको डायरी लेख्न लगाउँथिन् । तयतिबेलाबाट डायरी लेख्ने बानी बसेको म अहिलेसम्म पनि लेख्दै छु । त्यो बानीले मलाई निकै सहयोग गरेको छ ।

त्यो बेला मेरा कक्षामा एक जना निकै बलियो हृष्टपुष्ट साथी थियो । उसको नाम डिम्पागो थियो । उसले एउटा गुण्डा ग्याङ बनायो । त्यो ग्याङमा मसहित तीनजना नेपाली थियौं । हामी सुपुटी टिचरहरू सुतिसकेपछि १० बजेतिर सुटुक्क डमेट्रीबाट छिरेर बाहिरको जंगलमा पस्थ्यौं । त्यो जंगल धुपीको थियो । त्यहाँ लुगा धुने धोबीहरूको बस्ती थियो । मैले एक जना धोबीलाई उठाएर चुरोट चिया तथा अन्य खानेकुरा लिन लगाएर १२ बजेसम्म बस्थ्यौं । यो क्रम तीन चार महिने चल्यो । अति भएपछि त्यही धोबीले स्कुलमा रिपोर्ट गरेछ । हामीलाई मिसेर क्लार्कले लाइन लगाइन र मेरो अनुहारमा हेर्दै भनिन् - अरूले जे गरे पनि मलाई आश्चर्य लागेन तर तिमी पनि संलग्न भएको चाहि म आश्चर्यमा परेकी छु । क्लार्कको त्यो शब्दले मेरो मन छोयो । त्यस दिनदेखि वर्तमानसम्म म कुनै पनि ग्याङ, राजनीतिक दल विशेषमा नलागी शुद्ध रूपले देश र जनताको भलाइमा लागेँ । हामीलाई अंग्रेजहरूले त्यो स्कुलमा रहँदासम्म थ्रि नेपाली मुस्केटर भन्थे । जाँच सकिएपछि म एक्लै बिराटनगर आएँ । त्यो बेला १९५० को काण्ड नेपालमा उठिरहेको थियो । मेरो सानो बुबाको परिवारलाई जुटमिलमा थुनेर राखिएको रहेछ । म त्यहीं गएँ । त्यही त विश्वबन्धु थापा, गिरिजाप्रसाद कोइराला, केशव कोइराला, विजयलक्ष्मी कोइरालाहरू पनि बन्दी बनाइएका रहेछन् । म पनि त्यहीं बसेँ । सन् १९५० डिसेम्बरको अन्तिमतिर हामी सबैलाई मुक्त गरियो ।

मुक्त भएपछि हामी जोगबनीमा गएर एउटा सानो घर महालमा लिएर बस्न थाल्यौं । केही समय त्यहाँ बसी काठमाडौं आउन छुट भएपछि पहिलेकै बाटो भएर हामी काठमाडौं फर्कियौं । एक रात हामी रक्सौलमा पनि बसेका थियौं । बिहान उठेर पाइखाना जाँदा मैले भारतको सीमा पार गरेछु । त्यतिबेला मैले दोस्रो महायुद्धमा अमेरिकनहरूले लगाउने पोसाक रातो प्यारासुट लगाएको थिएँ । त्यो देखेर मलाई भारतीय सुरक्षाकर्मीले नेपाली फौज भनी समातेर चौकीमा लगे । अनि पछि इन्स्पेक्टर आयो । उसलाई मैले मुखभरि गाली गरेँ । उसले पनि गल्ती महसुस गरी माफी माग्यो र छाडिदियो ।

काठमाडौं आएपछि मैले सिनियर क्याम्ब्रिज गरेको हुनाले मलाई त्रिचन्द्र कलेजमा दोस्रो वर्षमा भर्ना लिइयो । सुरुका दिनमा मलाई डाक्टर बन्ने रहर जागेको थियो । त्यसैले मैले बायोलोजी र केमेस्ट्री विषय पढ्न थालेँ । त्यो बेला रुद्रराज पाण्डेजी हेडमास्टर हुनुहुन्थ्यो ।

सन् १९५१ को बैशाखतिर त्रिचन्द्र कलेजमा एनसीसी राष्ट्रिय दल खोलिने भयो । म पनि त्यसमा परेँ । एनसीसी शिक्षा मन्त्रालयअन्तर्गत पर्थ्यो । हामीलाई गोरखा ह्याट, पहिलो महायुद्धका बेलाको जुत्ता र ड्रेस लगाउन लगाई धरहरामा लरीमा राखेर ब्याग र गुन्टासहित गोदावरी लगियो । गोदावरीमा त्यतिबेला जुद्धशमशेरको हावा खाने दरबार थियो । २७/२७ जनाका दरले तीन प्लाटुन बनाइयो । मेरो प्लाटुनको कमान्डर मलाई नै बनाइयो । हामीलाई हरेक बिहान पिटी र ड्रिल गराइन्थ्यो । लैजाने बेलामा हामीलाई मासुभात दिने भनिएको थियो त दिइएन । त्यसैले हामीलाई क्यालोरीको कमी भयो र भटाभट बेहोस हुन थाल्यौं । सर्वप्रथम बेहोस हुनेमा हेडमास्टर रुद्रराज पाण्डेकै छोरा बद्रीराज पाण्डे थिए ।

वि.सं. २००८ सालतिर काठमाडौंबाट पटनाको स्कुलमा पढ्नजानेलाई जहाजबाट जाँदा जहाज भाडा ४५ रूपैयाँ लाग्थ्यो । ४५ मिनेटमै कलकत्ता पुर्‍याउँथ्यो । त्यस हिसाबले एक रुपैयाँ बराबर एक मिनेट लाग्थ्यो । जहाजको त्यो यात्रा मेरो जीवनको प्रथम यात्रा थियो ।

प्रस्तोता : मधुसूदन पाण्डेय

वर्ष १५, अंक ४३, २०७२ पुस ५ गते आइतबार

२

जनमञ्च

संस्मरण- २

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

प्लेनबाट पटना ओर्लेपछि हामीलाई सिलगढी जानु थियो । पटनाबाट सिलगढी जानलाई पहिलाको पार्वतीपुर हालको पूर्वी पाकिस्तानमा परेकाले घुमाउरो बाटो भएर जानुपर्दो रहेछ । साँझतिर हामी गंगा किनारमा पुग्यौ । त्यहाँ स्टिमर लागिरहेको थियो । बेलुकाको समय र हावा चलिरहेको स्थितिको कारण मुखैभरि बालुवा परथ्यो । हामी स्टिमर चढ्यौ । स्टिमरबाट ओर्लनेबित्तिकै रेल चढ्यौ । रेल हिँडिहाल्यो । किसनगञ्ज पुग्नुअघि म कम्पार्टमेन्टमा पुगेर गुण्टा खोलेर सानो बस्ने ठाउँ बनाएँ तर एक जना विहारीले मेरो बेडे फाल्दियो र मलाई सुत्न नदिने बतायो । मेरो बेडिंगमा एउटा खुकुरी थियो । मैले जहाँ जाँदा पनि खुकुरी लैजान भुल्दिनथें । मैले त्यो कुखुरी बेडिङबाट के निकालेको थिएँ दापबाट बाहिर निकाल्ने परेन । ती विहारीहरू कता भागे कता पत्तै पाइएन । किसनगञ्ज पुगेर रेल फेर्ने बेला विहानको ४ बजेको थियो । मेरो लगेज खोल्दा सामान सबै विहारहरूले चोरिसकेछन् । ब्यागमा पैसा र फोटोग्राफहरू थिए ।

सन् १९५१ डिसेम्बरमा प्लेनबाट काठमाडौं आएँ र कलेज भर्ना भएँ । साथीहरू पुरानै थिए । एकदिन मेरो त्यो बेलाको रेडियोमा अंग्रेजी समाचार वाचक मधुसूदन देवकोटासँग भेट भयो । केहीछिनको उहाँसँगको वार्तालापपछि उहाँले मेरो अंग्रेजी प्रोनाउन्सेसन सुनेर रेडियो नेपालमा अंग्रेजी समाचार वाचकमा भर्ना गर्नुभयो । भोलिपल्टैबाट मैले अंग्रेजीमा समाचार वाचन गर्न थालें । मेरो दायाँतिर रेडियो नेपालका डाइरेक्टर तारिणीप्रसाद कोइराला र मेराअगाडि बालकृष्ण र उहाँकी छोरी रस्मी हुन्थे । रेडियो नेपालमा समाचार वाचकका रूपमा मैले ३/४ महिना मात्रै काम गरे र त्यो पेसा छाडी दिल्ली गई जयसन इन्स्टिच्युटमा भर्ना भएर रेडियो एसेम्बलिङ र मेन्टिनेन्समा डिप्लोमा गरे ।

त्यसैबीच मलाई घरबाट बोलावट भयो । त्यो वि.सं. २००९ सालको कुरा हो । त्यतिबेला म २० वर्षको थिएँ । मैले त्यसै वर्ष जुद्ध शमशेरको छोरा सूर्य शमशेरकी छोरीको घर ४५ हजार चाँदीका रूपैयाँमा किने । त्यो बेला दरबार किन्नेमा सायद म नै प्रथम व्यक्ति थिएँ । हाल जहाँ म बसिराखेको छु त्यो घर कम्पाउण्ड त्यही हो । त्यसपछि मात्रै हामी नैहकन्तालाबाट क्षेत्रपाटी सरेका हौं ।

२००९ साल साउनमा नेपाल आर्मीबाट भारतको इण्डियन मिलेटरी एकेडेमीमा छनौट हुने भयो । हाम्रो कलेजबाट ष्याउने जति सबैले दरखास्त दियौं । नियमअनुसार पहिलो १६ मा लिखित पास हुनेलाई लिने, अरूलाई नलिने प्रावधान थियो । म दोस्रो भएँ । त्यो छनौटमा प्रथम हुने राजेन्द्रविक्रम राणा पछि ब्रिगेडियर जनरलबाट अवकाश लिए । लिखितमा पास भएका १६ जनालाई अवस्टेकल गर्नुपर्ने भयो । म भरतकेशर दोस्रो र प्रभुनरसिंह तेस्रो भएका थिए । २ वर्षको तालिमपछि हामी लेफ्टिनेन्ट भयौं । लेफ्टिनेन्ट भएपछि राजाकहाँ दर्शन गराउने परम्परा राजाको दर्शन नगरी लेफ्टिनेन्ट भईदैन थियो । पिटी खेल्दा अफिसरले निके जाँच गर्ने गर्थे । एक दिन त्यो अफिसरले मेरो काखीको रौं देखेछ र मलाई भन्यो, भोलि आउँदा तेरो त्यो रौं देख्नु नपरोस् । मैले बेलुका गएर अण्डर अफिसरसँग भने, हाम्रा धर्मले रौं काट्न दिँदैन के गर्ने ? उसले भन्यो- 'कस्तो धर्म हो तेरो ? म बम्केर सबै बताएँ । त्यसपछि उसले भन्यो- भगवान्ले जे दिन्छ त्यही गर्नू ।

देहरादुनको गर्मीमा ड्रिलमा कुम डेढ घन्टा चलाउँदा जसको काखीमा रौ थिएन ती सबैको काखी पाछ्यो । रौ भएकाले मेरो काखी पाछेन । ६ महिनाको पहिले सेसनपछि कम्पनी कमाण्डरका लागि इन्टरभ्यू भयो । त्यसमा म तेस्रो भएँ । देहरादुनबाट हामी बिदामा नेपाल आउँदा चुस्ता, (सिलाएको युनिफर्म) निलो आकाशे रंगको पि-क्याप र हातमा आईएमएको छडी लिएर भद्रकालीतिर घुम्न जाँदा हामीलाई सिनियर अफिसर भन्ठानेर सलाम गर्थे । मेरो ब्याचका साथीहरूमा म केही पपुलर थिएँ । एकपटक मेरो कम्पनीबाट म हकि म्याच खेलिरहेको थिएँ । त्यो म्याच हेर्न कमाण्डेन्ट मेजर हबिबुल्लाह पनि आएका थिए । मेरा साथीहरू मेरो पर्सनालिटी देखेर मलाई जर्नेल भन्थे । खेलको सिलसिलामा कमअन जर्नेल, कमअन जर्नेल भन्दा जर्नेल हबिबुल्लाहले कसलाई जर्नेल भन्छन् भनेर यता उता हेर्थे रे ।

तालिम सकिन एक महिना बाँकी छँदा मलाई कमाण्डर-इन-चिफको अफिसबाट आदेश भयो कि- 'देहरादुनबाट घर नआई आर्टिलरी कोर्षका लागि देउराली जानू । सन् १९५४ जुन ६ मा हाम्रो पासिङ आउट परेड भयो । ७ जुनमा म काठमाडौंका लागि रमाना भएँ । ११ जुनमा हेडक्वार्टर गएर हाजिरी गर्‍यौ । त्यसपछि १५ दिनमा विदा पायौं । त्यसपछि मेरो राजदलमा पोस्टिङ भयो । मेरा बाजे राजदलमा, बाबु राजदलमा, म पनि राजदलमा गएँ । राजदल सर्वोत्तम युनिट हो । त्यसमा अन्य युनिटभन्दा तलब पनि बढी हुन्छ । मेरो युनिटमा इन्जिनियरको संख्या ७ मात्रै थियो ।

२०११ सालदेखि मेरो सम्पर्क शिवपुरी बाबासँग भयो । उहाँलाई भेट्न म उहाँको आश्रममा गइरहन्थे । उहाँ र मेरो वार्तालाप अंग्रेजीमा मात्रै हुन्थ्यो । म त्यो बेला २३/२४ वर्षको लप्टन थिएँ भने उहाँको उमेर १ सय ३० वर्षको थियो । एक पटक मैले बाबासँग भने- बाबा । म तपाईको शिष्य बन्न चाहन्छु । मैले के गर्नुपर्छ ? बाबाले भन्नुभयो- हुँदैन । तिमी आफ्नो ड्युटी गर । मैले भने- मैले के गर्नुपर्‍यो त ? बाबाले भन्नु भयो- तिमी तीन-अनुशासनमा बस । फिजिकल, मेन्टल र स्प्रिचुअल अनुशासनमा बस ।' उहाँले भनेका माथिका तीन अनुशासनलाई मैले मेरो जीवनमा अक्षरशः पालना गरेको छु ।

बाबाले २०१९ साल माघ १९ गते समाधि लिनुभयो । उहाँले समाधि लिनु एक दिनअगाडि म बाबाको दर्शनमा पुगेको थिएँ । उहाँ घाम तापेर बस्नुभएको थियो र दमको व्यथाले ग्रस्त हुनुहुन्थ्यो । केहीबेर बसेर म उहाँसँग बिदा भएर गएँ । त्यो दर्शन नै मेरो आखिरी बन्यो । भोलि विहानै मैले राजदरबारका सचिव रेणुलालबाट थाहा पाएँ कि बाबाले समाधि लिनुभयो ।

२०११ साल चैतमा त्रिभुवन सरकारको निधन स्वीटजरलैण्डमा भयो । स्वीटजरलैण्डबाट उहाँको शव दिल्ली र दिल्लीबाट गौचरणमा ल्याइयो । त्यहाँको सबै सुरक्षा बन्दोबस्त मेरो फिल्ड कम्पनीलाई दियो । पशुपति आर्यघाटमा सैनिक सम्मानका साथ त्रिभुवन सरकारको बिदाई गरियो ।

२०१९ सालमा इण्डियन मिलिटरी मिसनले हाम्रो पल्टनका ६ जना अफिसरलाई इन्जिनियरिङ, सडक र एयर फिल्डको कोर्ष गरायो । त्यो तालिममा म प्रथम भएँ । त्यसपछि मलाई एडीसी कोर्षका लागि पठाइयो । त्यसमा पनि म प्रथम भएँ । यी दुवै कोर्षमा मैले ए ग्रेड पाएँ ।

२०१२ साल असोजमा भारतका प्रथम राष्ट्रपतिको पहिलो नेपाल भ्रमण भएको थियो । आर्मीको मेम्बरमा मलाई पनि खटाइएको थियो । राष्ट्रपतिको भ्रमण सकिएर फर्किने बेलामा राष्ट्रपतिबाट मलाई चाँदीको सिगरेटको बट्टा (उहाँको हस्ताक्षर भएको) उपहार दिइएको थियो । रूसका राष्ट्रपति भरोस्लोभ नेपाल आउँदा पनि शीतल निवासमा उहाँको हेरविचारमा म नै खटिएको थिएँ ।



वर्ष १५, अंक ४४, २०७२ पुस १२ गते आइतबार २

नव मञ्च

संस्मरण- ३

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

वि.सं. २०१२ सालमा मैले एउटा ३५० सी.सी. को मोटरसाइकल किनें । म सायद नेपाली सेनाको जुनियर अफिसरमा पहिलो अफिसर हुँला मोटरसाइकल किन्ने । म मेरो ब्यारेक गौचरबाट घर आउँदा-जाँदा मोटरसाइकलको आवाज सुन्दा फलानो लप्टन आयो भनेर सबैले चिन्दथे ।

२०१२ साल पुसको अन्तिमतिर मलाई इन्जिनियर वाइओएस गर्न भारतको पुना पठाइयो । म जहाजबाट पटना, पटनाबाट इलाहाबाद र इलाहाबादबाट बम्बेको मिटी पुगें । त्यहाँ म कान्छा पण्डितका छोरा भीष्मभणिसँग तीन दिनसम्म घुमघाम गरें र चौथो दिन रेलबाट फिर्की गएँ । त्यहाँ मलाई लिन सी.एम.ई. कलेज अफ मिलिटरीका अफिसरहरू आएका थिए । गएको भोलिबाटै हाम्रो कोर्ष सुरु भयो । त्यो कोर्षमा हामी १७ जना थियौं । हामीलाई बम्बेकै समुद्री किनार भार्व भन्ने स्थानमा ७ दिने तालिमका लागि लागियो । त्यहाँ हामीले समुद्रमा रहेका राफ्टहरू बनाउनुपर्दथ्यो । समुद्रको छेउमा भएकाले हामीलाई हरेक दिन माछाको परिकार दिइन्थ्यो । मलाई त त्यहाँका मान्छे नै माछा गन्हाएभौं लाग्थ्यो । मलाई माछाको एलर्जी नै गरायो । कोर्ष पूरा भएपछि हामी फर्कियौं । ४ महिनामा हाम्रो कोर्ष पूरा भएको थियो । त्यो कोर्षमा म तेस्रो भएको थिएँ । नेपाल फर्किएपछि मैले सी.एन.सी.लाई भेटें । उहाँले मलाई बधाई दिनुभयो । यसरी वाईओएस तालिम गर्ने म प्रथम नेपाली अफिसर थिएँ ।

केही समयपछि इन्जिनियरिङ डिग्री कोर्षका लागि भारतबाट दुईओटा कोटा आयो । त्यो कोटामा एक जना म र अर्को एक जना यशविक्रम छनौट भयौं । यशविक्रम हरेक क्रियाकलापमा कमजोर रहेछ । त्यसैले सहयोगका लागि मकहाँ आइरहन्थ्यो तर पनि जाँचमा जिरो पायो । १२औं इन्जिनियरमा फेल भएको ऊ १३औं इन्जिनियरमा पनि फेल भयो । पछि उसको र मेरो सम्पर्क घट्दै गयो ।

त्यतिबेला पुनामा अवकाशप्राप्त जर्साब जनरल सिंह शमशेर बस्नुहुन्थ्यो । उहाँले २००७ सालपछि नेपाल छाडेर त्यहीं बस्न थाल्नुभएको थियो । मेरा लागि उहाँ ठूलो अभिभावक जस्तै हुनुहुन्थ्यो । उहाँको उमेर मेरा बुबाको भन्दा १४ वर्ष बढी थियो । उहाँले मलाई महिनामा ३/४ पटक डिनरका लागि बोलाउनुहुन्थ्यो । पुनामा हुने हर्स रेस हेर्न मलाई उहाँले नै लैजानुभएको थियो । मेरो पर्सनालिटी देखेर त्यहाँका २/४ जना रजौटाहरूले- तपाईं जर्साबको छोरा हो, राणा हो । भनेर सोधेका थिए । मैले भने- होइन । म पाण्डे हो । उनीहरूले फेरि सोधे, पाण्डे भनेको के हो ? मैले जवाफ दिएँ- 'पाण्डे भनेको राणाभन्दा पहिलाको भारदार हो ।'

कोर्ष सकिनुअघि मैले घरबाट ६ हजार मगाएको थिएँ । त्यो पैसाबाट मैले ५ हजारमा एउटा मोटर किनें र वर्कशपमा लगेर चल्न सक्ने बनाएँ । नेपाल फर्किने बेलामा मसँग कोर्ष गरेका ५ जना अफिसरले दामासाहीले पेट्रोलको खर्च मिलाएर हामी त्यही गाडीबाट रक्सौल आयौं । मेरो गाडीको नम्बर प्लेट इण्डियन थियो । वीरगञ्ज भन्सारमा मेरो गाडीलाई कसैले पनि रोक्दै रोकेन तर पनि भन्सार छली गर्नुहुन्न भन्ने लागेर मैले भनें- म पुनाबाट आउँदै छु । त्यहीं किनेको हुँ । कति भन्सार लाग्छ ? उनीहरूले भन्सार रकम धेरै बताए । त्यति पैसा मसँग थिएन । अनि मैले भनें- उसो भए म एयरपोर्टमै भन्सार तिर्छु । एयरपोर्टमा मैले मेरो गाडीको भन्सार ५ हजार तिरें । वीरगञ्जबाट काठमाडौं आउनेक्रममा हामी सिमभञ्ज्याङ रिस्टुंग चौबीसे, नागढुंगा थानकोट हुँदै काठमाडौं आएका थियौं । हामी सोझै घर गएनौं । गुह्येश्वरी, पशुपतिको दर्शन गर्न गयौं ।

विवाह - बिदा सकिएपछि मैले त्यो गाडी घरमै छाडेर गएँ । चलाउनु पर्दा मिस्त्री पञ्चनारायण महर्जनलाई सहयोग गर्नु भनेको थिएँ । २०१४ साल माघ । फागुनबाट हाम्रो क्लास सुरु भयो । मेरो मुमाले मलाई विवाहका लागि किचकिच गर्न थाल्नुभयो । मेरो मर्नेबेला हुन लागिसक्यो । बुहारी ल्याउनुपर्‍यो भन्न थाल्नुभयो । फागुनको अन्त्यतिर मैले मेरो कमाण्डरलाई भेटेर विवाहका लागि दुई हप्ताको बिदा मागें । त्यसैबीच मुमाले किनमेलको लिस्टसहित २०/२५ हजार रुपैयाँ पुनामा पठाइदिनुभयो । सामान किनमेल गरी म नेपाल आएँ र भाभाको ज्यानिरगढी गएँ । काठमाडौंबाट आएका मेरो परिवारको बस्ने प्रबन्ध त्यहीं मिलाइएको थियो । मेरो विवाह भयो ।

विवाहपछि परिवारलाई काठमाडौंतर्फ पठाई नचाहि सिएमई गएँ । सन् १९५७ को डिसेम्बरमा म पटनाबाट जहाज चढी काठमाडौं आएँ । काठमाडौं आउने क्रममा मैले पटनामा सगरमाथा आरोही एडमण्ड हिलारीलाई भेट्न अवसर पाएँ । सँगै बसेर तस्विर पनि खिचायौं ।

बिदा सकिएपछि पुना फर्किने बेला मैले श्रीमतीलाई पनि घुमाउने विचार गरी सँगै लिएर गएँ । २/४ दिन बम्बे घुमाएँ । साथीहरूसँग परिचय गराएँ । विवाह पार्टी दिएँ । पार्टीमा श्रीमतीले हिन्दी गाना गाएको म अझै सम्झिन्छु । त्यो गीतको प्रशंसा साथीहरूबाट निकै भयो ।

अन्त्यतिर श्रीमती गर्भवती भइन् । मैले सोचें- यहीं बसेर फाइदा छैन । त्यसपछि मैले उनलाई उनको माइतीघर इलाम पठाइदिएँ । स्वच्छ हावापानीका कारण गर्भवती महिलाका लागी इलाम पुर्‍याउनु नै उत्तम ठानें ।

म कप्तान भएँ :- २०१६ साल कात्तिकतिर हाम्रो इन्जिनियरिङ विषयको जाँच भयो । त्यसै महिनाको अन्तिमतिर रिजल्ट पनि आयो । मंसिरमा एक डेढ महिनाका लागि प्राक्टिकल क्लास हुने भयो । मेरो एकदिनको क्लास छुटेको थियो । त्यो कसरी भने एकदिन मेरो साथीले हाँकेको स्कुटरको पछाडि म बसेको थिएँ । उसको र मेरो किताब मैले बोकेको थिएँ । बाटामा गाडी दुर्घटना भयो । मलाई त खासै केही भएन । हातको औंलामा रगत मात्र जमेको थियो । साथीलाई भने ६ महिना अस्पताल बस्नुपर्‍यो । पछि ठीक भयो । दुर्घटनाका समयमा खासै केही भए जस्तो नभए पनि तालिमका बेला मेरो हात दुख्यो र आर्मी अस्पतालमा एक्सरे गराउँदा बायाँ हातको नाडीको जोर्नीमा क्र्याक भएको देखियो । दुई/चार दिन म अस्पताल बसें । कोर्ष सकेर म नेपाल फर्कें, कोर्षमा २/४ जना बाहेक सबैले डिग्री हासिल गरे । २०१६ सालमा म कप्तान भएँ ।

२०१६ सालमा म बुबा भएँ । २०१६ सालदेखि २०२२ सालका बीचमा मेरो एउटा छोरा र तीन छोरी भए । यसरी म ४ बच्चाको बुबा भएँ । छोरालाई मैले सेन्ट जेभियर्स बोर्डिङ स्कूलमा पढाएँ । त्यसपछि केही वर्ष नर्थ प्वाइन्ट स्कूल दार्जिलिङ र इन्टरमिडियट पढ्न भारतको नानी एयरफोर्स स्कूलमा भर्ना गराएँ । पछि ऊ नेपाली सेनामा सेकेन्ड लेफ्टिनेन्टमा भर्ना भयो । ७ वर्ष जति नेपाली सेनामा काम गरेपछि कप्तान दर्जासम्म पुगेर उसले जागिर छाड्यो । हाल ऊ काठमाडौं मेडिकल कलेज सिनामंगलमा डाइरेक्टर पदमा कार्यरत छ । उसको विवाह २०४७ सालमा ज्ञानेश्वरको शाह परिवारमा भयो । उसका १ छोरा र १ छोरी छन् ।

मेरी जेठी छोरीको नाम नीतादेवी पाण्डे हो । उसले पनि सेन्टमेरिज स्कूलमा पढेकी हो । त्यहींबाट उसले सिनियर क्याम्ब्रिज गर्नुअघि मेट्रिक प्रथा लागू भएकाले कन्या मावि बाट प्रथम डिभिजनमा एसएलसी गरी । पद्मकन्या कलेजबाट आइए र बीए गरी । २०४१ सालमा उसको कँडेल परिवारमा विवाह भयो । २०४२ जेठमा १५ मा उनको सपरिवार (छोरी ज्वाईं नातिनी) विमान दुर्घटनामा निधन भयो । उक्त विमान दुर्घटना चालक दलका सदस्यसहित २१/२२ जनाको निधन भएको थियो । त्यो जहाज नेपाली सेनाको स्काई भ्यान थियो ।

उक्त दुर्घटनाका सन्दर्भमा कतिले त के समेत हल्ला चलाए भने मेरा ज्वाईं छोरी पठाउनका लागि मैले नै जबर्जस्ती प्लेन उडाउन लगाएको थिएँ । जब कि त्यस बारेमा मलाई थाहै थिएन । यसरी मेरी जेठी छोरीको अल्पायुमै निधन भयो ।

मेरी माइली छोरीले पनि सेन्ट जेभियर्समै पढिन् । आईए र बीए बनारसबाट गरी । उसको विवाह २०४१ सालमा बस्नेत परिवारमा भयो । उसका ३ छोरी भए । कान्छी छोरी विनिताले पनि सेन्ट मेरिजमै पढिन् । त्यसपछि सिद्धार्थ वनस्थली र पछि जयपुरमा पढिन् । उसका १ छोरा र २ छोरी भए । उसको पनि बस्नेत परिवारमै विवाह भएको छ ।

म एयरपोर्टमै बस्दाबस्दै श्रीनाथ गणका सिइओहरू र अन्यले सि एन सी कहाँ कुरा लगाइदिए छन् कि उसको बिदा सकियो तर पनि अहिलेसम्म बोलाएनन् । सिएनसी रिसाएर मुख्यालय डि एम ओ अफिसलाई भनिदिएछन् कि-उसलाई गुन्टा बोकाएर फाप्लाङतिरको बीपको सेन्टरमा काम गर्न पठाइदिनू । आलटाल गरेमा पेकपोस्टमा पठाइदिनू । मलाई डिएमओ युनिटबाट बोलाइयो । डिएमओ अफिसमा जाँदा साथ जर्साबले भपारे । म भोलिपल्टै खटाएको स्थानमा हाजिर भएँ ।

प्रस्तोता मधुसूदन पाण्डेय

वर्ष १५, अंक ४५, २०७२ पुस १९ गते आइतबार

[illegible]

संस्मरण- ४

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

मलाई खटाइएको ठाउँ छारङ्ग हो । म त्यहाँ पुग्दा अलटाइमर अफिसर लप्टन फत्तेबहादुर कार्की थिए । त्यहाँ झ्याससबाट बनेको सानो छाप्रो थियो । छाप्रोमा दुईवटा टाँड बनाइएको थियो । एउटामा फत्तेबहादुर सुत्थे भने अर्कोमा म सुते । फत्तेबहादुर मधुमेहका रोगी भएकाले बिहान-बेलुका दुवै छाक ढिंडो खाँदा रहेछन् । मैले पनि छुट्टै बनाएर खानुभन्दा त्यही नै खाने निधो गरी ढिंडो नै खाएँ । भोलिपल्ट बिहान म फिल्ड कम्पनीको जमदार यमबहादुरसँग घट्टे पाखा भन्ने ठाउँमा गएँ । त्यहाँको सी.ओ. देवीदत्त कम्पनीको थियो । एक रात मैले त्यहीं बिताएँ र भोलिपल्ट बिहानै जीपबाट जीतपुर, घिरघिरे, मकवानपुरगढी, पिप्ले पुगी सैनिक हेडक्वार्टरका इन्जिनियर मदन विक्रमसँग सबै कुरा गरी मेरा लागि इन्जिनियरको हैसियतले विस्फोटक पदार्थ तथा अन्य चिजहरू आवश्यक भएको बताएँ । उहाँ सैनिक हेडक्वार्टरका प्राविधिक अफिसर समेत भएकाले मलाई सजिलो पनि भयो ।

सन् १९७० मार्च ३० तारिखका दिन म हाम्रो बाटोकाजको ट्रकबाट हेटौडा हुँदै काठमाडौं आएँ । घर आउँदा अबेर भइसकेको थियो । भोलिपल्ट सैनिक मुख्यालयका डि.एम.टी र सिन इन.सी.लाई भेट्नका लागि कान्ति राजपथ समितिमा गएँ र मेरो कार्यक्षेत्रका लागि विस्फोटक पदार्थ के कति मात्रामा चाहिन्छ, त्यसको विवरण टिपाएर फर्कें । मेरो फिल्ड कम्पनीमा निकै अप्ठ्याराहरू थिए । अप्ठ्यारा ठाउँमा डोरीमा झुण्डिएर जानुपर्थ्यो । ठाउँ-ठाउँमा प्वाल पार्नुपर्थ्यो र त्यो प्वालमा बारूद कोचेर विस्फोट गराउनुपर्थ्यो । यसरी निकै संघर्षका साथ काम गर्नुपर्थ्यो ।

केही समयपछि मैले सैनिक मुख्यालयमा माग गरेबमोजिमका सेफ्टीफ्यूज, डिटोनेटर, जिलेटिनलगायतका विस्फोटक पदार्थहरू आइपुगे । त्यसपछि कामले गति लियो । दिनरात नभनी काम गरेर मैले ठिगनसम्मको बाटो खुलाएँ । यसबाट मेरो मनोबल बढ्यो र मैले पुनः सी.एब.सी कहाँ थप विस्फोटक पदार्थको मागपत्र पठाएँ ।

मे १, १९६० का दिन भारतीय मिसनका जनरल पिएन. क्रिपाल मेरो सेक्टरको भिजिटका लागि आए । मैले गगरसम्म लगेर भिजिट गराएँ र सबै ब्रिफिङ गरें । त्यसबाट उनी अत्यन्तै खुशी भए । मे ४ का दिन म घर आएँ । घर आउँदा मुमालाई सञ्चो रहेनछ । धेरै नै बिरामी हुनुभएको रहेछ । मे ५ का दिन म सैनिक मुख्यालय गएँ र डि.एम.ओ, सि.एन.सी.लाई भेटेर मेरो सेक्टरका लागि आवश्यक थप विस्फोटक पदार्थको माग गरी घर फर्कें । यता मुमाको स्वास्थ्य झन्-झन् खराब हुँदै गइरहेको थियो । १०५ डिग्री ज्वरो थियो तैपनि मैले आमालाई छाडी ठिगन गएँ ।

त्यसको केही दिनपछि नै मेरो सरूवा श्रीनाथ बटालियनमा भयो । झाक्रिडाँडोको चिसो लागेर मलाई ज्वरो आयो र अस्पताल भर्ना हुनुपर्‍यो । अस्पताल बस्दा मलाई अनुभव भयो कि अस्पताल सुविधासम्पन्न हुनपर्छ । कुनै दिन म उपल्लो ओहोदामा पुगें भने सेनाको नीति, निर्माण तहसम्म पुगें भने सैनिक अस्पताललाई अवश्य पनि सुविधा सम्पन्न बनाउनेछु । नभन्दै पछि म त्यो तहसम्म पुगे पनि र आफ्नो सपनालाई साकार पारिछाडे ।

सन् १९६१ मार्च २७ मा म, मेजर दबन शमशेर, मेजर निप्र शमशेरको सरूवा जम्मुकश्मिरमा भयो । हामी त्यहाँ २५ डिभिजन र २६ डिभिजनमा एटैचीका रूपमा गयौं । त्यति बेला म क्याप्टेन भइसकेको थिएँ । काठमाडौंबाट हामी कान्तिराजपथ हुँदै गएका थियौं । हामीलाई पठानकोटमा रिसिभ गर्न एक जना सैनिक अफिसर आएका थिए । पठानकोटमा पुगेपछि मदन र निप्रलाई एउटा कोठामा लगेर राखे । मलाई अर्को कोठामा । भएको के रहेछ भने त्यहाँका कर्मचारीले मलाई मेजर जनरल भन्ठानेका रहेछन् । ठूलठूला जुँगा, अग्लो-ठूला आँखा, गोरो वर्ण, ब्रिटिश इंगलिस प्रोनाउन्सेसनका कारण उनीहरूलाई त्यस्तै लागेछ । मेजर जनरलको कोठामा बस्ने व्यवस्था मिलाएका रहेछन् । भोलिपल्ट ती कर्मचारीले गाली खाएका थिए । भोलिपल्ट हामी बजार घुम्न गयौं । त्यहाँ मैले एउटा किताब किनें । त्यो किताब थिमैया अफ इण्डिया हो । थिमैयालाई मैले कान्तिराजपथमा काम गर्दा चिन्ने अवसर पाएकाले त्यो किताब किनेको थिएँ ।

जम्मुकश्मिरमा मेरो अनुभव : हामी जम्मुकश्मिर पुग्दा त्यहाँ निकै जाडो थियो । हुरीबतास त्यत्तिकै चलेको थियो । बेला-बेलामा असिना समेत पर्थ्यो । त्यस्तो मौसममा पनि हामी अहोरात्र काम गर्थ्यौं ।

मलाई सहारनकोटमा रिपोर्ट गर्नु भन्ने खबर ब्रिगेडबाट आयो । म सहारनकोट पुगेर हरदेव सिंहलाई भेटें । उनी ब्रिगेड आर्डिनेन्स अफिसर रहेछन् । मलाई इन्जिनियरिङबारे ज्ञान भएकाले त्यससम्बन्धी कामको जिम्मेवारी दिइएको रहेछ ।

कश्मिरमा काम गर्दागर्दै मलाई श्रीनगर घुम्ने इच्छा जाग्यो र मैले श्रीनगरको १९औं डिभिजनमा सरूवा मागें । ब्रिग्रेड इन्टेलिजेन्स अफिसरसँग सबै कुरा बताए । उनले केही दिन पर्खन भने । तर त्यो केही दिन कहिल्यै आएका मलाई दिक्क लाग्यो । त्यहाँ छँदा कहिल्यै फुर्सद भएन । कहिले पुन्छ, कहिले ब्रिगेड हेडक्वार्टर त कहिले अल्पाइनसम्बन्धी प्रवचनका लागि गइरहनुपर्थ्यो ।

म कश्मिरमै छँदा काश्मिरका पूर्वराजा हरिसिंहको बम्बैमा निधन भयो । उनी कर्ण सिंहका पिता हुन् । १९४७ मा भारत स्वतन्त्र भएपछि हरि सिंहले आफ्नो स्वतन्त्र राज्यलाई भारतमा विलय गराएका थिए । हरि सिंहको लोकप्रियता यति रहेछ कि उनको निधनमा असंख्य कश्मिरीहरू दुःखित भएको मैले पाएँ । हरि सिंहका छोरा कर्ण सिंहले नेपालकी शारदा शमशेरकी छोरी विवाह गरेका छन् ।

एक सप्ताहान्त मैले रजौरी घुम्न जाने अनुमति पाएँ । रजौरीमा म, मेजर बलदेव राजपालसँग डिभिजन इन्जिनियरको मेसमा बसें । त्यहाँ बस्दा मैले एउटा रोचक प्रसंग सुनें । श्रीनगरको एक जर्नेललाई एक जना सिपाहीले तास खेल्ने बेलामा सोधेछ- 'तपाई के गर्नुहुन्छ ? जर्नेलले जवाफ दिएछ- 'म प्रायः तास खेलेर समय बिताउँछु र फुर्सदको समयमा डिभिजन पनि डाक्छु ।'

जम्मुकश्मिर पुग्दा मलाई त्यहाँको पर्वतीय वातावरण र मनोरम सौन्दर्यले निकै मोहित तुल्यायो । त्यहाँ गोर्खाली सैनिकहरूको ब्रिग्रेड पनि थियो । त्यहाँ गोर्खा, मरहठ्ठा, सिख सैनिकहरू थिए । जम्मुकश्मिरमा बस्दासम्म मैले एक दिन पनि राम्ररी आराम गर्ने समय पाइनँ । सन् १९६१ मे ८ तारिखका दिन साहित्यको प्रशिद्ध नोबेल पुरस्कारद्वारा सम्मानित कवि रविन्द्रनाथ टगोरको शतवार्षिकी भारतभरी मनाइएको थियो । त्यतिबेला भारतका सेनापति पी.एन. थापर थिए । कुनै बेला म उनकी छोरीसँग नाचेको थिएँ ।

रजौरीमा मैले त्यहाँको सहर सबै घुमें । लेफ्टीनेन्ट क्षेत्री मेरा साथी थिए । उनैले घुमाउँथे । त्यहाँ तीनवटा गोर्खा पल्टन थिए । फाइभ इलेभेन भन्ने राई लिम्बूको पल्टन पनि थियो । रजौरीमा नयाँ बाटो बन्दै थियो । म बेलाबेलामा त्यसको निरीक्षण गर्न जान्थे । पहाडी बाटो भए पनि त्यो अत्याधुनिक ढंगबाट बनाइएको थियो । कान्तिराजपथ बनाउँदाको अनुभवका कारण पहाडी बाटो कसरी बनाउनुपर्छ भन्ने बारेमा मलाई ज्ञान थियो । त्यो अनुभव सेयर गर्ने अवसर मैले रजौरीमा पाएँ । रजौरीमा एकजना नेपालीमूलका मेजर राई पनि थिए । उनी निकै रमाइला स्वभावका भएकाले उनीसँग बस्दा समय कटेको पत्तै हुँदैनथ्यो । भारत-पाकबीचको सीज फायर लाइनमा पर्ने पोष्टहरूका गोप्य नाम थिए । त्यस्ता नाम जान्नपर्ने हुन्थ्यो । तीमध्येको एकको नाम 'कुत्ता' थियो ।

कश्मिर जाने अनुमति नै नपाई हाम्रो घर फर्किने बेला भयो । मलाई त्यो अनुमति नेपाल सरकारका तर्फबाट नमिलेको रहेछ । काठमाडौं फर्किने बेला के उपहार लैजाने भन्ने कुरा उठ्यो । मैलेचाहिँ एक बोरा ओखर किनें र कमाण्डरको गाडीमा राखेर क्याम्पमा आएं । जम्मु आएपछि मैले ओखरको काठबाट बनेको सामान र सेफ्रेन किनें । पठानपुर, लखनउ, मुजफरपुर, बीरगञ्ज हुँदै म काठमाडौं आएं । कश्मिरको जाडो, लखनउको गर्मीको कारण मलाई रूघाखोकी लाग्यो ।

मेजर भएँ :- काठमाडौं आएलगत्तै मेरो पदोन्नति भयो र मेजर भएँ । ९ वर्षमा हुनुपर्ने पदोन्नति २ महिना पहिले नै भयो । पदोन्नति हुनेहरूले प्रधानसेनापतिका अगाडि किरिज झिकेर सलाम गर्नुपर्थ्यो । पदोन्नतिपछि मात्र मलाई कश्मिर घुम्ने अनुमति किन नमिलेको रहेछ भन्ने थाहा भयो । पदोन्नतिपछि मलाई सैनिक मुख्यालयमा बिहानको ड्युटी अफिसरमा खटाइयो । त्यही बेला अन्तर्राष्ट्रिय तत्व भनिने तत्कालीन अवस्थाका प्रतिबन्धित पार्टीका कार्यकर्ताले विभिन्न ठाउँमा बम राखेछन् । म बम विशेषज्ञ भएका नाताले त्यसबारेमा जाँचबुझ गर्न मलाई सम्बन्धित स्थानमा पठाइयो । त्यसको जाँचबुझ गरी रिपोर्ट तयार पारेर सम्बन्धित ठाउँमा पठाएँ ।

कश्मिरबाट फिर्ता भएलगत्तै म जुनियर कम्पनी कमाण्डर कोर्षका लागि छनौट भएँ । त्यो तालिमका लागि भारत जानुपर्थ्यो । त्यो तालिम इण्डियन मिलिटरी एडभाइजरी ग्रुपमा हुन्थ्यो । त्यही हप्तागरि श्रीमतीलाई प्रसूति व्यथा लाग्यो । मलाई त झ्याइनझ्याइ भयो ।

प्रस्तोता मधुसूदन पाण्डेय



वर्ष १५, अंक ४६, २०७२ पुस २६ गते आइतवार | २

जनमञ्च

संस्मरण– ५

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

जम्मुकश्मिरबाट फर्किएपछि:- जम्मुकश्मिरबाट फर्केपछि मेरो प्रमोशन भयो र म फिल्ड कम्पनीमा अफिसर कमाण्डिङ भएर गएँ । सन् १९६१ को सेप्टेम्बरको आखिरीतिर म र मेजर तुलाबहादुरलाई जुनियर कमाण्डर कोर्षका लागि छनौट गरियो । त्यो कोर्ष इण्डियन मिलिटरी मिसन हेडक्वार्टर नारायण भवन जावलाखेल जानुपर्थ्यो । त्यही १ महिने कोर्ष थियो । त्यो कोर्षका लागि हामी दुवै जनालाई सैनिक मुख्यालयबाट नारायण भवन जावलाखेलसम्म दुई घोडे बग्गीमा राखेर लैजाने ल्याउने गर्थ्यो । फिजिकल एक्सरसाइजका लागि इण्डियन मिसनको अधिकारीसँग उनकै गाडीमा जाने आउने गर्थ्यौं ।

उक्त प्रिकोर्ष सकिएपछि १९६१ को अन्तिमतिर म र मेजर तुलाबहादुर नेपालबाट रक्सौल, इलाहाबाद हुँदै खुम्बा भन्ने स्टेशन हुँदै निराज स्टेशन पुग्यौं । त्यहाँबाट भाउस स्टेशन पुग्यौं । त्यो स्थान ब्रिटिश सरकारकै पालादेखि नै पैदल सेनाका लागि राम्रो तालिम स्थान थियो । हामीलाई लिन माउसस्टेशनमै गाडी आएको थियो । त्यहाँबाट हामीलाई अलि परको एक इन्फेन्ट्री स्कुलमा लगियो । मलाई र तुलाबहादुरलाई एउटा कोठा दिइयो । भोलिदेखि हाम्रो ३ महिने कोर्ष सुरु भयो । हामीले तालिम राम्रोसँग सम्पन्न गर्‍यौं । रिपोर्ट पनि राम्रै आयो । ७ डिसेम्बर १९६१ मा हामी काठमाडौं आइपुग्यौं । भोलिपल्ट सेनापतिलाई भेट्न गयौं । उहाँले एक हप्ताका लागि विदा दिनुभयो । विदापछि आ–आफ्नो कम्पनीमा फर्कियौं ।

कम्पनी कमाण्डर कोर्ष :- २०१९ साल असार साउनतिर मलाई कम्पनी कमाण्डर कोर्षका लागि इन्स्ट्रक्टर भएर नगरकोट जानुपर्ने भयो । त्यो कोर्षका कमाण्डेन्टमा कर्णेल शेरबहादुर सिंह, डी.एस. मेजर बोधेन्द्र बहादुर, मेजर हरेन्द्र बहादुर र स्वयं म थियौं । त्यतिबेला हामी नगरकोटमा पूर्वप्रधानमन्त्री जुद्ध शमशेरले प्रयोग गर्ने बंगलामा बसेका थियौं । कोर्ष टोलीका अन्यका लागि ब्यारेक थियो ।

सन् १९६३ जुन ३ मा भारतीय सेनाका जनरल जे.एन. चौधरी नेपाली सेनाको निम्तोमा नेपाल भ्रमणमा आउने कार्यक्रम तय भयो । उहाँलाई मानका खातिर नेपाली सेनाको जर्नेल दिने कार्यक्रम थियो । उहाँ र भ्रमण दलका सदस्यको सुरक्षाका लागि मलाई खटाइएको थियो । उहाँलाई तत्कालीन राजा महेन्द्रबाट नेपाली सेनाको मानका खातिर जर्नेल बक्स भयो । त्यसपछि उहाँलाई हिज हाइनेस फिल्ड मार्शल केशर शमशेरबाट आफ्नो दरबारमा लन्चका लागि लगिबक्सियो । लन्चपछि आफ्नो भव्य पुस्तकालय देखाउन लगिबक्सियो । त्यो पुस्तकालय त्यतिबेलै एसियाकै ठूलो पुस्तकालय मानिथ्यो । उहाँले अन्य पेन्टिङहरू समेत देखाउनुभयो ।

१९६३ को जुलाई अगस्टतिर प्रथम पटक बेलायतबाट नेपालका लागि स्टफ कलेजको भ्याकेन्सी आयो । त्यसमा म, मेजर आदित्य शमशेर, मेजर अर्जुन नरसिंह राणा, मेजर भरत केशर हानियौं । आदित्य शमशेरले म नेपालमै स्टाफ कलेज गर्छु भनी जान मान्नुभएन । हामीलाई यसको तयारीका लागि १५ दिनको समय दिइयो । त्यो तयारी परीक्षामा भरत केशर प्रथम भए । म दोस्रो भएँ । आदित्य शमशेर र अर्जुन नरसिंहको नाम आएन । त्यसको १ वर्षपछि फेरि अमेरिकामा स्टाफ कलेजका लागि १ सीट आयो । त्यसमा कुनै पनि सेलेक्सन नै नगरी मेजर कनक शमशेरलाई पठाउने हेडक्वार्टरले निर्णय गर्‍यो । तर पछि कुन्नि किन हो । कनकशमशेरले जान अस्वीकार गरेपछि त्यसमा मेजर अर्जुन नरसिंहलाई पठाइयो । त्यसैगरी जर्मनीका लागि पनि भ्याकेन्सी नै नगरी मेजर मन्त्रिन शमशेरलाई पठाइयो । मेजर [illegible] सिंहलाई फ्रान्स पठाइयो ।

१९०६ मा फेरि स्टाफ कलेजका लागि ४ सिट आयो । तारा [illegible] बहादुर, हरेन्द्र बहादुर र गड्डुलशमशेर छानियौं । हामी चारै जना मेजर थियौं । मलाई जाँच दिनुपरेन । किनकि यसअघि मैले जाँच दिएर पास गरिसकेकाले नपर्ने भयो । ३/४ महिनापछि म टिम लिडर भएर युएन गएँ ।

बेलायतमा एक दिन डिनरको समयमा बेटरले एउटा रोस्ट, भेजिटेबल र पाउरोटी लिएर आई । मैले 'ह्वाट इज दिस ?' भनेर सोधें । उसले दिस इज पिग भनी । मैले खान्न भने । त्यसपछि उसले फेरि अर्को आइटम ल्याई । मैले त्यसैगरी सोधें । उसले 'ह्वाल' ही भनी । मैले भने- 'आई डोन्ट इट द फादर एण्ड मदर आर द चिल्ड्रेन' । त्यसपछि उसले भेडाको रोस्ट ल्याई । त्योचाहिँ मैले स्वीकारें । खान, सजिलो पनि भयो ।

बेलायतमा शनिवार आधा दिन आइतवार पूरै बिदा हुन्थ्यो । त्यहाँ हामीले २ हप्ता बम रिकग्नाइजिङ र अर्को एक हप्ता बम डिस्पोजलसम्बन्धी तालिम लियौं । अर्को हप्ता बोबी टिम्बेरी एण्ड टेक्निकलसम्बन्धी तालिम लियौं । यो तालिम लिँदै गर्दा हामीलाई स्कार्डन लिडर रिडले भन्थे- 'हामी बमका डाक्टर हौं । हामीले बम भेटाएपछि फ्यूज चलेको छ कि छैन भनेर स्टेथिस्कोप लगाएर डाक्टरले छाती जाँचेझैं जाँच्थ्यौं । त्यसको चाल छ कि छैन भनेर सुन्थ्यौं । कहिलेकाहीं शंका लागेमा हामीले स्क्यानिङ र रिडरसँग राखेर त्यसको एक्सरे गर्थ्यौं । त्यस्ता जिउँदा बमलाई विस्फोट नहुँदा हामीले बमलाई बिस्तारै बाहिर निकाल्थ्यौं अनि अलि पर बसेर फ्यूजमा [illegible] दिन्थ्यौं जसले बाहिरबाट कन्ट्रोल गर्ने गरी फ्यूजलाई बिस्तारै घुमाएर निकालिदिन्थ्यौं । त्यसपछि त्यो फ्यूज बिस्तारै खाल पारी पानी जस्तो लिक्वीड इन्जेक्ट गर्थ्यौं । इन्जेक्ट गरेपछि पानी जस्तो लिक्वीड भित्र गएर बारुद [illegible], जसका कारण फ्यूजमा स्ट्राइकर चल्न पाउँदैन । दोस्रो महायुद्धमा खसालिएका [illegible] बमहरू नपड्किएर त्यत्तिकै थिए । त्यो नै बेलायतका लागि चिन्ताको विषय बनेको थियो ।

हामी बेलायतमा तालिममा छँदा तत्कालीन युवराजाधिराज श्री ५ वीरेन्द्र वीरविक्रम सरकार इटन कलेजमा पढिबक्सिँदै थियो । उहाँको [illegible] हामीलाई भेटाइबक्सेको थियो । त्यो बेला युवराजसँगै फोटो पनि खिचाएका थियौं । [illegible] डिनरको व्यवस्था गरिएको थियो । बम डिस्पोजल ट्रेनिङमा मैले राम्रो गरें । मेरो परफर्मेन्स देखेर एराए रिडले भने- तिमीले अब जुनसुकै देशमा पड्केसुकै बम भए पनि त्यसलाई डिस्पोजल गर्ने सामान पाए डिस्पोज गर्न सक्नेछौ । बधाई छ ।

एक पटक हामीलाई नुर्थलेण्डमा बम डिस्पोजलका लागि लगिएको थियो । त्यहाँ मैले त्यहाँको स्थानीय पत्रिकामा के पढें भने, एक जना नेपाली अफिसर नुर्थलेण्डमा अन एक्सप्लोडेड बम निष्क्रिय पार्न आएका छन् । [illegible] । त्यसरी एक नेपालीको परिचय त्यस्तो ठाउँमा पाउँदा मलाई साह्रै खुसी लाग्यो । त्यो पत्रिका पढेर मलाई म बसेकै होटेलमा एक टेलिफोन आयो । [illegible] मिसन सुसन वालिस । उनी समाजसेवी तथा ब्रिटिश [illegible] नेपाल आउँदै थिइन् । उनले मलाई केही कुरा गर्नु छ भेटौं भनी [illegible] बोलाइन् । हाम्रो भेटघाट भयो । राम्रोसँग कुराकानी गरियो । [illegible] मैले चेटममा समातिने अटेचमेन्ट तालिम पनि लिने अवसर पाएँ । त्यस्तो तालिम लिने नेपालको म नै प्रथम इन्जिनियर अफिसर रहेँ । [illegible] मात्रै थाहा भयो ।

तालिम सकिएपछि घुमघामका सिलसिलामा एक दिन [illegible] कम्पनी पनि घुम्न गयौं । त्यो कम्पनी ठूलो र नामी हतियार बिक्री गर्ने कम्पनी थियो । त्यहीं गएर मैले एउटा पेस्तोल र एउटा एयरगन बुक गरें । [illegible] किन्न पाइन्न । त्यहाँको गृह मन्त्रालयको स्वीकृति चाहिन्छ । म गृह मन्त्रालय गएर फर्म भरें । मेरो फर्म लिइयो र म कस्तो मान्छे हुँ भनी बुझ्नका लागि ३/४ दिनको समय लिइयो । बुझिसकेपछि मैले हतियार खरिद गर्ने स्वीकृति पाएँ । नेपाल फर्किंदा मैले ती हतियार लिएर आएँ । फर्किंदा म स्विट्जरल्याण्डको ज्युरिख हुँदै आएँ । [illegible] घुमें । इटलीको रोम घुमें । बेरुत घुमें । बेरुतबाट दिल्ली [illegible] काठमाडौं आएँ ।

बेलायतबाट नेपाल फर्किंदा मैले ब्रिटिश अफिसरले लगाउने [illegible], [illegible] ट्राउजर र फेल्ट ह्याट्स लगाएको थिएँ । काठमाडौं [illegible] थियो । प्लेनबाट टर्मिनलमा आउँदा त्यहीं प्रधानसेनापति [illegible] पोशाकमा उभिनुभएको थियो । म उहाँको [illegible] ह्याट खोली केही निहुरिएँ । उहाँले मलाई चिन्नुभएन । [illegible] । नचिन्नुको कारण म यसै पनि गोरो मान्छे, बेलायतको [illegible] कारण झन् बढी गोरो भएको थिएँ । रातो पनि भएको थिएँ । [illegible] जाँदा नचिनेको कुरा खोल्नुभयो ।

नेपाल फर्केपछि सुन्दरीजल आर्सनलको काममा [illegible] । फिल्ड कम्पनीमै काममा व्यस्त भएँ । [illegible] असोज महिनामा [illegible] खरिएँ ।

वर्ष १५, अंक ४७, २०७२ माघ ३ गते आइतवार

जनमञ्च

संस्मरण- ६

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

युनियममा मेरो उपस्थिति :- २०२२ सालको दशैंपछि मेरो नेतृत्वमा मेजर समुन्द्र बहादुर थापा, क्या. लक्ष्मण बहादुर सिंह, क्या. धर्मपाल सिंह थापा र लेफ्टिनेन्ट छत्र विक्रम शाहको टोली काठमाडौंबाट आर.एन.ए.सी.को कोटा विमानबाट दिल्लीका लागि उड्यौं । दिल्लीमा हामीलाई रिसिभ गर्न एक जना मुखर्जी थरका स्टाफ आएका थिए । हामीलाई त्यो रात दिल्लीको अशोका होटेलमा लगेर राखियो । हामी विमानस्थलमा ओर्लिंदा टेलिभिजन पत्रकारहरू क्यामरा लिएर बसेका रहेछन् । मलाई उनीहरूले प्रश्न गर्दा मैले भनिदिएँ- म तपाईहरूको प्रश्नको जवाफ दिन असमर्थ छु, किनकि म आफैँले कुनै कुरै बुझेको छैन ।

दिल्लीमा हामी दुई दिन बस्यौं, त्यसपछि तेस्रो दिन अमृतसर गयौं । त्यहाँ हामीलाई रिसिभ गर्नका लागि युनियमको एक जना अफिसर गाडी लिएर आइपुगेका थिए । उनले हामीलाई अमृतसर हेडक्वार्टरमा लगे । अमृतसरबाट हामीलाई वागा लगियो । वागाबाट डोग्राम लगियो । वागादेखि अघि बढ्दा हामीले लडाइँले ध्वस्त भएका घर र गाउँहरू देख्यौं । त्यहाँ कुनै पुल बाँकी थिएनन् । ती पुलहरू पाकिस्तानले ज्यानको बाजी लगाएर फालेका रहेछन् ।

लाहोरको युनियम हेडक्वार्टर जमिनमुनि रहेछ, जो रंगशालानजिकै थियो । त्यहाँका अपरेसन अफिसर एडम्स थिए । उनले हामी सबैलाई घुँडा टेकाएर अर्डर टिपाए । उनले के भने भने- तिमीहरू नेपाली सेना भएकाले निकै सुरा र बहादुर छौ । त्यसैले म तिमीहरूमध्ये चारलाई थार मरूभूमिमा खटाउँदै छु । दुई जनालाई पाकिस्तानको राहमायामा पठाउँदै छु । दुई जनालाई जैसल नियाँ कुनै पनि प्रबन्ध नभएको ठाउँ थियो । क्या. धर्मपाललाई भाग्यले साथ दियो । उसले त सुविधासम्पन्न स्थान अमृतसर पायो । यु.एन.को भत्ता लाहोरमा खटिनेहरूका लागि दैनिक १४ डलर र अन्य पोष्टमा खटिनेहरूका लागि दैनिक ११ डलर थियो । त्योबाहेक क्यानडा सरकारका तर्फबाट युनियमका लागि दुईवटा सिंगल इन्जिन एभ्रो र दुईवटा जहाज दिएको थियो । म र लक्ष्मण जैसलामिया गयौं । जैसलामियाबाट प्लेनमा क्याराबु गयौं । त्यहाँ हाम्रो चिफ अफिसर पनि आउनुभएको थियो । चिफ अफिसरलाई मैले खुकुरी उपहार दिएँ । उहाँ निकै खुसी हुनुभयो । जैसलमियाँबाट मलाई अमृतसर पोस्टिङ्ग गरियो । त्यहाँ सबै सुविधा थियो । खाने बस्ने व्यवस्था त्यहाँको मेसमा थियो । अमृतसरमा केही दिनको बसाइपछि मलाई ओ.आई.सी. बोपामी भन्ने ठाउँमा पोस्टिङ्ग गरियो र मलाई ओ.एल.सी.को जिम्मेवारी दिइयो । मेजरमा ओ.एल.सी. हुने म मात्रै थिएँ । ले. कर्णेललाई उछिनेर ओ.एल.सी. बन्न पाउँदा निकै खुसी लाग्यो । यसबाट मेरो हौसला निकै बढ्यो । यु.एन.बाट फर्किने बेलामा मेडिकल गराउनुपर्ने प्रचलन रहेछ । त्यो किन गरिएको रहेछ भने कसै-कसैले बिरामी परेको कागज पेस गरेर यु.एन.सँग बिरामी खर्च लिंदा रहेछन् । त्यसरी मेडिकल गरेर फिर्ता भएपछि त त्यसो गर्न पाइएन । हामीलाई पनि फिर्ता हुनुअघि मेडिकल गर्न लगियो । यु.एन. मेडल प्रदान गरियो र आफ्नो निर्धारित कार्यकाल पुरा गरी हामी १७ मार्च १९६६ मा काठमाडौं फिर्ता भयौ । २८ तारिखमा सिओ.ए.एस.ले आफ्नो अनुभव र काम गरेको विवरण सबै आर्मी हेडक्वार्टरमा लेक्चर दिनु भन्नु भएपछि २८ तारिखमा मैले लेक्चर दिएँ । यसरी मैले १९६५ को भारत-पाक युद्धको अनुभव बटुल्ने अवसर प्राप्त गरे ।

तालिमका लागि अमेरिका :- यु.एन.बाट फिर्ता भएर केही महिना फिल्डमा काम गर्दागर्दै मलाई फेरि एक वर्षका लागि अमेरिकामा तालिममा जानुपर्ने समयमा मेरो बढुवा भई लेफ्टिनेन्ट कर्णेलमा भएछ । विदेशमै किन नहोस् बढुवाको खुसीयाली मैले स्वदेशमा झैं अमेरिकामा पनि मनाएँ । जनवरीमा हाम्रो तालिम सकियो । त्यहाँबाट फर्किने समयमा म लेवनानको बेरूत हुँदै दिल्ली र दिल्लीबाट काठमाडौं आएँ । काठमाडौं आइपुग्दा त्रिभुवन विमानस्थलमा मलाई रिसिभ गर्न, मेरो परिवार, कालिप्रसाद गणका केही अधिकृत, पदिक तथा अन्य दर्जाका स्टाफहरू आएका थिए । म कालिप्रसाद गणको प्रथम गणपति भएकोमा उनीहरूले बधाई पनि दिए ।

भोलिपल्ट एक दिनमात्रै म घरमा आराम गरी पर्सीपल्टै सैनिक मुख्यालय गएँ र तालिमका बारेमा सबै रिपोर्ट गरे । म त्यो तालिममा अपर थर्डमा आएको थिएँ । त्यसैले मलाई बधाई पनि दिइयो र पेन पिक्चरमा यतिसम्म लेखियो कि हाइलेभल इन्टरनेशनल पिस मिसनमा समेत जानयोग्य छ ।

एक दिन प्रधानसेनापतिले मलाई आफ्नो अफिसमा बोलाएर एउटा गोप्य र महत्वपूर्ण कामको जिम्मेवारी दिनुभयो । मैले तातोपानी इलाकाको भैरवकुण्ड गएर एउटा रिपोर्ट दिनुपर्ने भयो । मैले ४१५ जना एन.सि.ओ. जवान र १ जना अर्दली लिई केही आवश्यक सामानहरू समेत प्रबन्ध गरेर जुलाई ५ मा हिंडे । हामी अरनिको राजमार्ग हुँदै गयौं । भैरवकुण्ड पुगेर केही निरीक्षण गरें । बाह्बीसे, पाँचखाल, धुलिखेलको दृश्यावलोकन पनि गरें । म नक्साका आधारमा पनि राम्रोसँग रिपोर्ट दिनसक्थे । म फर्किंदा पाँच-छ बजिसकेको थियो । भोलिपल्टै प्रधानसेनापतिको एडिसी अफिसमा हाजिर भए । करिब १० दिनको मिहिनेतबाट मैले एउटा भव्य स्टाटेजिक सेक्युरिटी तयार पारी प्रधानसेनापतिलाई बुझाएँ । त्यो रिपोर्ट राजदरबार पनि पुगेछ र राजा तथा युवराजले पनि पढिबक्सेछ र राम्रो मूल्याङ्कन भएछ ।

त्यसबाट प्रभावित भएर त्यसलगत्तै मलाई त्यसैगरी पाँचपोखरी, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा इलाकाको पनि त्यस्तै रिपोर्ट बनाउने जिम्मेवारी दिइयो । मैले त्यो अभिभारा पनि आफ्नो श्रम र क्षमताले भ्याएसम्म लगनशील भएर निर्वाह गरें । त्यसपछि मलाई २०२४ सालमा वीरगञ्जदेखि काठमाडौंसम्मको स्ट्राटेजिक, ट्याक्टिकल डिटेल रिपोर्ट दिन भनियो । त्यो काम पनि त्यसैगरी फत्ते गरें । त्यसपछि मैले निकै धन्यवाद पाएँ ।

यसैबीच म र मेरी श्रीमतीलाई ब्रिटिश गोरखा सैनिक संघले [illegible] घुम्ने निमन्त्रणा पठायो । यो सन् १९६७ डिसेम्बरदेखि १९६८ को सुरूका करिब दुई महिनाका लागि निम्तो थियो । श्रीमतीसहित बेलायत जानुपर्ने भएकाले मैले मेरा चार जना छोराछोरीको हेरविचारको जिम्मा मेरी जेठी दिदीलाई सुम्पेर [illegible] प्रस्थान गरे । [illegible] हामी निकै घुम्यौं । अनुभव र ज्ञान हासिल गर्‍यौं । त्यसका लागि ब्रिटिश गोर्खा सैनिक संघलाई धन्यवाद दिनैपर्छ ।

झण्डै दुई महिनाको घुमघामपछि हामी नेपाल फर्कियौं र केही समयपछि विदा लिएर हामी सपरिवार झापातर्फ लाग्यौं । परिवार र श्रीमतीलाई त्यहीं नै छोडेर म दार्जिलिङ्गलगायत भारतका केही प्रमुख स्थानको भ्रमण गरी झापा फर्किएँ र परिवारलाई लिएर काठमाडौं आएँ । केही समय गणको काममै बिताएपछि रसुवा-धुन्चे सडक खण्ड निर्माणको जिम्मेवारी मलाई दिइयो । त्यो काम पनि सहज र सरल तरिकाबाट सम्पन्न गराएँ । यसरी फिल्ड कम्पनीमा आठ वर्ष काम गरिसकेपछि मलाई २०२६ साल असोजमा सैनिक मुख्यालयमा सैनिक सचिवमा पोस्टिङ्ग गरियो ।

प्रस्तोता मधुसूदन पाण्डेय

वर्ष १५, अंक ४८, २०७२ माघ १० गते आइतबार | २

जनतमञ्च

संस्मरण- ७

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

श्री ५ वीरेन्द्र युवराज छँदा उहाँले सिनियर फौजी अफिसरहरूलाई प्रमोसनका लागि अन्तर्राष्ट्रिय प्रचलनअनुसारको ग्रेडिङ सिस्टममा लाने व्यवस्था गर्नुभयो । युवराजले पढाइका सिलसिलामा आर्मीका बारेमा विभिन्न अनुभव समेत बटुल्नुभएको थियो । सोही अनुभवका आधारमा उहाँले आर्थिक लेफ्टिनेन्ट कर्णेल भन्दामाथिका अफिसरका लागि पोइन्ट सिस्टमबाट कसले के कति पोइन्ट हासिल गर्छ भन्ने कुरा दरबारमा लेखिपठाउनु भन्नुभएछ । त्यतिबेला प्रधानसेनापति सुरेन्द्र बहादुर शाह भन्नुहुन्थ्यो । प्रधान सेनापति शाहले म र अर्जुननरसिंह राणालाई बोलाएर भन्नुभयो- भोलि तपाईहरू अफिस आउँदा युवराजबाट यहाँ लेखी आएबमोजिमका अफिसरहरूको डोसियर अध्ययन गरी कसले के कति पोइन्ट हासिल गर्छन् तयार पारेर ल्याउनुहोला । प्रधानसेनापतिको आदेशानुसार हामी दुई जनाले आधा रातसम्म खटेर सबै लेफ्टिनेन्ट कर्णेलभन्दा माथिका अधिकृतहरूको पोइन्ट गणना गर्‍यौं । त्यसो गर्दा मेरो पोइन्ट ६५०, दोस्रोमा अर्जुननरसिंहको पोइन्ट ६०१ र अन्यको ६०० भन्दा कम र कसैकसैको त ५०० भन्दा पनि कम हुन गयो । हामी जाँचकीहरू नै प्रथम र दोस्रोमा परेपछि अवगाल आउला कि भनी हामीले ५/६ पटकसम्म दोहोर्‍यायौं र भोलिपल्ट प्रधानसेनापछि तथा कमाण्डिङ चिफ कहाँ लगेर पेस गर्‍यौं । अर्जुननरसिंहले भने- 'सबैभन्दा बढी पोइन्ट ऋषिको छ' । मैले भने- 'दोस्रोमा अर्जुनको छ' ।

त्यो रिपोर्टलाई भोलिपल्टै युवराज कहाँ पठाइयो । मैले डेपुटी सैनिक सचिव हुँदा धेरै उन्नति गरें । म डेपुटी सैनिक सचिव छँदा नै युवराज वीरेन्द्रको विवाह भएको थियो । शुभ-विवाहका लागि देश विदेशबाट राष्ट्रप्रमुख सरकार प्रमुखहरू, भीभीआईपीहरू, भीआईपीहरू आएका थिए । मौसुफको विवाह २०२६ साल फागुन १२ गते भएको थियो । त्यतिबेला मेरो जिम्मेवारी थियो- प्रत्येक भीभीआईपीलाई एक-एकवटा स्कर्ट अफिसरको बन्दोबस्त मिलाउने । त्यसका लागि आवश्यक अफिसर नपुग्दा म स्वयं खटिनुपरेको थियो । म सिलोनका गभर्नर जेनेरिक जयवर्द्धनेको स्कर्ट अफिसरका रूपमा खटेको थिएँ । विवाह सम्पन्न भएपछि मलाई त्यतिबेलाका मुख्यसचिव कृष्णबम मल्लले प्रशंसापत्र दिनुका साथै भविष्यमा हुने त्यस्ता समारोहका लागि के कस्तो सुझाव छ भनी सोधनी समेत गर्नुभएको थियो ।

२०२७ सालको बडादशैंका अवसरमा तत्कालीन श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवका बाहुलीबाट मैले तक्मा लगाउने अवसर समेत प्राप्त गरें । त्यसपछि मेरो पोस्टिङ सैनिक मुख्यालयमा भयो । त्यसपछि म फुल कर्णेल भएँ र सम्भाररथी विभागमा पुगें । म त्यहाँ छँदा मैले के देखें भने दैनिक पाँच रुपैयाँमा काम गर्ने कामदारहरूले समेत चाइना बोर्डरबाट निलोरंगको क्यानभास बुटलाई २६ रुपैयाँ तिरेर ल्याउँदा रहेछन् । हाम्रा सिपाहीले समेत त्यही लगाउँदा रहेछन् । मैले सिधै चाइनाबाट किन नमगाउने भनी चाइनाबाटै मगाउने व्यवस्था मिलाएँ । त्यसो गर्दा त्यही जुत्ता ११ रुपैयाँमा र परेडमा लगाउने क्यानभासलाई १४ रुपैयाँमा आउने भयो ।

अर्को कुरा मैले खासखुस रुपमा के सुनें भने सिंह शमशेर जबराले आफ्नो [illegible] दुई चोकको सिंहमहल र त्यसले चर्चेको ४० रोपनी जमिनलाई बेच्ने सुरसारमा हुनुहुन्छ । मैले सिओएएसलाई भने, 'सेनाले यदि किन्ने हो भने म दश लाखमै मिलाउनसक्छु किनौं ! मेरो रायमाथि कसैले ध्यान दिएनन् । त्यो घर र जमिनको महत्व नै कसैले बुझेनन् । पछि त्यो घर जमिन नेपाल राष्ट्र बैंकले सोह्र लाखमा किन्यो ।

ई.ए.को प्रथम उपाध्यक्ष :

वि.सं. २०२७ साल भदौमा मलाई सबै इन्जिनियरहरूले नेपाल इन्जिनियरिङ एसोसिएसनको भाइस-प्रेसिडेन्टमा उठ्न दबाब दिए । मैले सैनिक मुख्यालयमा स्वीकृतिका लागि पहल गरें । सैनिक मुख्यालयले अहिले नउठ्नु । दरबारमा सोध्नुपर्छ भन्यो । मैले- 'समय निकै कम छ, सोधिदिनुपर्‍यो भने । मुख्यालयले दरबारमा सोधिपठायो । राजा महेन्द्रबाट आज्ञा भयो- 'आफूखुसी पोसाकमा उठ्न दिंदा हुन्छ' । समय अत्यन्तै कम भएको, सैनिक मुख्यालयले यो विषयलाई राजाकहाँ समेत पुर्‍याएर स्वीकृति मिलेकोमा मलाई चुनावमा जान भने इज्जतको विषय बन्यो । मैले चुनावमा दौडधूप पनि निकै गरें । चुनाव म धेरै भोटको अन्तरले म विजयी भएँ । नेपाली सेनाबाट इन्जिनियरिङ एसोसिएसनको उपाध्यक्ष हुने म नै हालसम्मको प्रथम व्यक्ति हुँ ।

दरबारमा वाहिनीपति : २०२८ सालमा म दरबारमा वाहिनीपति भएर जानुअघि दरबारको पल्टन र बाहिरको पल्टन भन्ने भावना थियो । त्यसलाई मेटाउनका लागि मैले दरबारभित्रको पल्टन कालिबहादुर र गौरव बहादुर बटालियनलाई पालैपालो ३/३ वर्षमा एउटा गणको बदली हुने र शाही सेनाबाट ४/४ वर्षमा किङ ब्यानर कम्पिटिसनमा प्रथम हुनेलाई दरबारभित्र ल्याउनु भन्ने भयो । २०२९ सालमा गोरखबहादुर गणबाहिर जाने भयो र त्यसको बदलामा देवीदत्त कम्पनीभित्र आउने व्यवस्था मिलाएँ । गोरखबहादुर गण दरबारबाट कहिल्यै बाहिर नगएकाले मैथिली ब्यारेक नगरकोट जान समेत रुवाबासी भयो । दरबारबाट बाहिर जाने र दरबार भित्रिने पल्टनको ह्यान्डओभर तथा टेकओभर परेड समेत म आफैं लिन्थें । ब्याण्डबाजासहित दरबारको उत्तरी ढोकाबाट बिदाइ गरिन्थ्यो । जाँदा राजारानीको जयजयकार गर्दै जान्थे ।

भारत-पाक युद्ध : सन् १९७१ मा भारत-पाकिस्तानका बीच लडाइँ हुँदा भारतमा भएको गोरखा रेजिमेन्टमा नयाँ-नयाँ रेजिमेन्ट बन्नथाल्यो । छिटो र तुरुन्तातुरुन्त नफ्री चाहिने भएकाले नेपालमा गल्लावालाहरू आएर नेपाली सेनाका सैनिकहरूलाई प्रलोभनमा पारेर, तलब तथा तह बढाइदिने गरी गोरखबहादुरका ५/७ जना गल्लावालाहरूले कालीबहादुर गनका १/२ जना केटाहरूलाई धनकोटसम्म पुर्‍याएको थाहा पाएँ । त्यसपछि मैले केही केटाहरू पठाएँ । तिनले गोदनुसम्म गोदेछन् । त्यसपछि त्यस्ता कार्यफेरि कहिल्यै भएनन् ।

पल्टनको सरसफाइमा मैले सबै ध्यान दिन्थे । म आफैं ब्यारक तथा लाइन चेक गर्न जान्थे । दरबारमा फ्लस सिस्टमको बाथरुम थियो । सिपाहीहरूले दूधको ट्याङ्कमा पानी लैजाँदा रहेछन् र त्यो नै अड्काइदिंदा रहेछन् । पुरा फ्लस नै चलाउन नजान्ने । बिगारिहाल्ने । त्यसको निराकरणका लागि मैले दुईवटा पल्टनका ३/४ जना अफिसरलाई गोदावरी स्कूलमा लगें र त्यहाँको बाथरुम अध्ययन गराई [illegible] किसिमको ट्याङ्कलाई स्लोप मिलाएर लगाउन लगाएँ । त्यसबाट एउटै नालीमा दिसा गर्दा हुने व्यवस्था मिलाएँ । त्यसैगरी वाहिनीमा पनि [illegible] हरेक २०/३० मिनेटमा फ्लस चलाउने व्यवस्था गरें । त्यसबाट त्यो समस्या पनि हल भयो ।

रासनको बन्दोबस्त : त्यतिबेला प्रायः सिपाहीका परिवारलाई ब्यारकबाहिरै राख्ने चलन थियो । त्यसैले प्रायः सबै दर्जाले बिना रोकटोक रासनबाहिर लैजान पाउँथे । त्यसै कारण फुटबल ग्राउन्डका गोलपोस्ट हराउने, [illegible] हराउने, परन्डा, कोठाका बल्बहरू हराउने, समस्या पुरै थियो । त्यसको रोकथामका लागि मैले पल्टनबाट रासनबाहिर लैजान बिल्कुलै बन्द गरिदिएँ ।

त्यतिबेला पल्टनमा पुरी खानका लागि पीठो दिइन्थ्यो । सैनिकले पुरी बनाउन नजान्ने, पुरी खाएमा अमिलो पानी आउने बताउँथे र पिठो जति [illegible] दिंदा रहेछन् । मैले नै केही कुकलाई गोदावरी स्कूलमा लगेर पाउरोटी पकाउने ओभन चलाउन एक महिना तालिम दिलाएँ । पीठोबाट पाउरोटी बनाउन थालेपछि फौजमा रोटी खान लुछाचुँडी हुनथाल्यो ।

प्रस्तोता : मधुसूदन पाण्डेय



वर्ष १६, अंक १, २०७२ फागुन २ गते आइतवार | २

नवमञ्च

संस्मरण- ८

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

मैले सिपाहीहरूबाट खास गरी अनुशासन तथा सरक्षासम्बन्धी मामिलालाई चुस्त किसिमले सम्पन्न गरून् भन्ने चाहन्थें । मैले जहिले पनि अफिसर तथा जवानहरूको वेलफेयर हेर्थें । दरबारमा देवीदत्त गण आएपछि मलाई थाहा भयो कि कालीबहादुर बटालियनको त कुनै पनि फण्ड नै रहेनछ । त्यसपछि मैले देवीदत्त गणका गणपतिलाई भनें, 'अहिले अरू कुनै फण्ड छैन । तिमीहरूको फण्ड राख । त्यसबाट म सिपाही, अफिसरहरू र वाहिनीका लागि एउटा राम्रो क्यान्टेन खोलिदिन्छु । त्यसो भयो भने वाहिनीका व्यक्तिहरूलाई सामान किन्न ब्यारेक छाड्नुपर्ने छैन । देवीदत्तले त्यो प्रस्ताव त मान्यो तर उनीहरूले आफ्नो फण्डबाट राम्रो ब्याज पाइरहेका रहेछन् । मैले आश्वासन दिएँ कि- तिमीहरूले राखेको रकमको ब्याजको पैसा कट्टी गरी बाँकी क्यान्टिनबाट उठेको रकमबाट दुवै पल्टनलाई सयकडा ४० प्रतिशत र वाहिनीलाई २० प्रतिशत मिल्नेछ । उनीहरूले त्यो प्रस्ताव माने । त्यसपछि म एनटीसी गएर त्यहाँका जि.एम. तेजबहादुर प्रसाईलाई अनुरोध गरें कि म मेरो वाहिनीमा एउटा क्यान्टिन खोल्दै छु । त्यसका लागि तपाईले अन्य डिलरलाई झैं सहुलियत दरमा सामान दिनुपर्‍यो । उनले तुरुन्तै त्यो प्रस्ताव स्वीकार गरे र सम्बन्धित निकायमा आदेश समेत दिए । यसरी मैले वाहिनीमा आधुनिक एवम् भव्य क्यान्टिन खोलिदिएँ । मैले त्यहाँ बजार मूल्यभन्दा सस्तोमा र सकेसम्म बजारमा नभएका सामान राखिदिएँ । अब त्यहाँ उपत्यकाभित्रका सबै क्यान्टेनहरूले सामान किन्न आउनथाले । एक किसिमले घुँइचो नै लाग्नथाल्यो । त्यहाँ पाँच प्रतिशत मात्रै नाफा लिएर सामान बेचिन्थ्यो । छिटो समयमै त्यसले राम्रो आम्दानी गर्‍यो र देवीदत्तबाट लिएको ऋण चुक्ता पनि गरियो । कुनै फण्ड नभएको कालीबहादुर गणको पनि फण्ड बन्यो । नाफा पनि कमायो । त्यसपछि मैले अर्को एक स्थानमा चमेना गृह खोलिदिएँ । त्यो पनि राम्रो चल्यो ।

मैले सिपाहीहरूको स्वास्थ्यको पनि ख्याल राखिरहन्थे । त्यसैले वाहिनी र गणका लागि ३२ जति किताब राख्न लगाएँ । एमआइ. रूमबाट बिरामी भएको व्यक्तिलाई अस्पतालमा जाँदा त्यो किताब लैजान लगाएँ । त्यसको उद्देश्य हो- बिरामीले आफूलाई के रोग लागेको छ, त्यो जानून् र जुनसुकै डाक्टरले पनि बिरामी जाँच गर्न सकून् भन्ने । महाकाल अस्पतालमा नयाँ-नयाँ डाक्टर थिए । त्यसबाट उनीहरूलाई पनि सजिलो भयो ।

म प्रमुख सैनिक सचिवमा रथी भएको समयमा सैनिक मुख्यालयले वेत्रावतीदेखि सामदानसम्म जाने गोरेटो बाटोलाई ठेकेदारमार्फत बनाएको थियो । त्यस काममा ऐनाका इन्जिनियर, पल्टन र जवानलाई काम दिइएन । मसँग कान्ति राजपथमा काम गरेका एक जना क्वार्टर मास्टर जर्नेल हुनुहुन्थ्यो मेजर जनरल सच्चित शमशेर जबरा । उहाँको श्रीनाथ बटालियनले बाटोको काम गर्दा धेरै पैसा बचत गर्‍यो । मैले उहाँसँग भनें- ठेकेदारले जे जति गर्‍यो गर्‍यो । अबको बाँकी काम ठेकेदार सिस्टम त्यागी आर्मी मुख्यालयका केही व्यक्तिलाई लगाई छाउनीमा सैनिक अस्पताल बनाउनुपर्छ । उहाँ कन्भिन्स हुनुभयो र छाउनीमा सैनिक अस्पताल बन्यो । त्यसबाट साँढे तीन करोड बचत भयो । अब त्यो पैसा के गर्ने भन्ने प्रश्न उठ्यो । मैले राजासमक्ष बिन्ती चढाएँ कि सामदान बाटो र खासाको बाटोबाट गरी जम्मा पाँच करोड बचेको छ सरकार । छाउनीमा त्यही पैसाले अस्पताल बन्यो तर सामानचाहिँ छैन । फेरि अर्को समस्या ।

एकपटक दरबारमा सचिवालय प्रमुखहरूको बैठक श्री ५ बाट बोलाइबक्सियो । मैले त्यही मिटिङमा भनें, फ्रान्सले सहयोगबापत दिएको १३ करोड ल्याप्स हुनै लागिसक्यो । त्यो रकमबाटै सैनिक अस्पतालका लागि आवश्यक सामान किनौं । सरकारबाट 'हुन्छ' निगाहा भयो । केही सचिवालयका प्रमुखहरूले चाहिं फ्रान्स सरकारले मान्ला र ? भनी प्रश्न गरेका थिए । मैले भनें, 'किन नमान्ने ?' जनताको भलोका लागि गरिने खर्चलाई किन मान्दैन ? त्यसपछि त्यही रकमले छाउनी अस्पतालका लागि आवश्यक उपकरण खरिद गर्ने काम भयो ।

एकपटक साउदी अरबका राजकुमार नेपालको चितवनमा शिकार खेल्न आएका थिए । शिकारमा खुसी भएका उनले स्वदेश फर्किने क्रममा एक करोडको ब्याक चेक परराष्ट्र मन्त्रालयमा छाडी सरकारले इच्छा लागेको शीर्षकमा खर्च गर्न पाउने अधिकार दिएका थिए । मैले त्यो रकमलाई एउटा मिटिङ्मा अस्पतालमा खर्च गरौं भनेर प्रस्ताव गरे तर सबै प्रमुखहरूले विरोध गरे ।

मैले सैनिक अस्पतालको क्यान्टिनका पकाउने खाना खाने भाँडा स्टेनलेसस्टिल राख्ने व्यवस्था मिलाएँ । त्यसअघि त्यहाँ आल्मुनियमको भाँडा थिए । त्यसका लागि त्यही पैसा खर्च गरिएको थियो । पछि ती सबै कुराको विवरण साउदी राजकुमारसमक्ष पठाउँदा उनले धन्यवाद दिएका थिए । पहिले महाकालको अस्पतालमा २०/२५ जना चिकित्सक हुन्थे भने अहिले त्यहाँ २५० जनाजति चिकित्सक छन् । त्यो अस्पताल अहिले मेडिकल कलेज भइसकेको छ, जहाँ भूपू तथा बहालवाला सैनिक तथा तिनका आश्रित परिवारले निःशुल्क उपचार गराउन पाउँछन् ।

म दरबारमा छँदा दरबारको सुरक्षाका लागि दरबार इलाकाको सबै स्थानमा दुईवटा एसओपी (एउटा प्राकृतिक र अर्को अप्राकृतिक) तयार गरिदिएँ र त्यसको लागि दरबारको सिक्स फिगरको छुट्टै इन्लार्जमेन्ट पनि बनाइदिएँ । त्यत्तिमात्रै हैन कुनै परिस्थिति सिर्जना भएमा हरेक व्यक्तिले कहाँबाट कसरी आदेश आउँछ, कसले के गर्नुपर्छ भन्नेबारे समेत एसओपीमा लेखी गण-गणमा पठाइदिएँ । दुईवटा पल्टनबाट हरेक महिना । कम्पनीले दरबारको भित्री कम्पाउण्डको सुरक्षा दिन्थ्यो । त्यहाँ १० वटा पोष्ट थियो । त्यहाँ बस्ने सेन्ट्री कसरी बस्ने, के गर्ने भन्ने विषयमा एसओपीमै उल्लेख भएको हुन्थ्यो ।

म दरबार जाँदा सैनिक प्रहरी गण भर्खरै खडा भएको थियो । त्यति बेला सैनिक प्रहरीका अधिकृतहरू प्रहरीबाट आएका थिए । पछि गएर सैनिकबाटै राख्न थालियो । जवानचाहिँ सैनिककै हुन्थे । अन्य पल्टनबाट सैनिक प्रहरीमा जान त्यति रूचाउँदैनथे । मैले जान नचाहनेलाई सम्झाएर हौसला दिन्थे, सैनिक प्रहरी सानो युनिट भएकाले अफिसरहरू पनि त्यहाँ जान मन पराउँदैनथे । अर्को कुरा त्यहाँ प्रमोसन पनि त्यति हुँदैनथ्यो । त्यसैले मैले दरबारमा जाहेर गरी तलबभत्तामा एक तह बढुवा दिने व्यवस्था मिलाएँ । अन्य दर्जाका लागि पनि विशेष भत्ताको व्यवस्था मिलाइदिएँ ।

गुल्मलाई चुस्त राख्नका लागि मैले उनीहरूको अदलबदल गरी नाचघरभित्र स्टाण्ड मोडल राखी गुल्मलाई ब्रिफिङ गर्न लगाउँथे । यतिसम्म कि स्टाण्ड हुँदा अटोमेटिकल्ली के नियम छ भन्ने हो । त्यो बेलामा दरबारभित्र एउटा गोलीको आवाज मात्रै सुनेमा रूजु गुल्म आफ्नो पोस्टिङ्मा गएर अन्य बटालियन स्टाण्डबाई बस्नुपर्छ र दरबारको चारवटै ढोका अटोमेटिकल्ली बन्द हुन्छन् ।

राजा वीरेन्द्र स्वयं सुरक्षाका सवालमा अति सतर्क होइबक्सिन्थ्यो र आफै स्टाण्ड टु लगाई बक्सिन्थ्यो । वाहिनीपति र गणपतिहरूलाई समेत घरमै भए पनि बोलाइबक्सिन्थ्यो । मैले भनेको थिएँ- शाही परिवारलाई सलामी चढाउँदा राम्रो खड्ग चढाउनुपर्छ र सलामी टक्राउँदा राइफलको बट भाँचिएमा म पुरस्कार दिनेछु । त्यो बेला राम्रो गर्ने सिपाहीलाई २० खिल्लीको चुरोटको बट्टा उपहार दिन्थे । उसले त्यसबाट १/१ खिल्ली आफ्ना साथीभाइलाई बोलाएर बाँड्थ्यो । यसरी पनि प्रोत्साहित गर्न सकिन्छ भनेर मैले बाटो देखाइदिएको थिएँ । प्रोत्साहनका लागि ठूल्ठूलै पुरस्कार दिनुपर्छ भन्ने छैन ।

प्रस्तोता : मधुसूदन पाण्डेय



वर्ष १६, अंक २, २०७२ फागुन ९ गते आइतबार | २

जनमन्च

संस्मरण- ९

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

एउटा घटना मेरो दिमागमा अझै पनि तरो ताजै छ । दशैंको टीकाको कार्यक्रम भर्खरै सकिएको मात्रै थियो, मलाई पी.एम.एस. रथि शेरबहादुर मल्लले भन्नुभयो-तपाईं भोलि राजदरबारको हेलिप्याडमा आउनुस् ।' मैले सोधें- 'कुन पोशाकमा आऊँ ? उहाँले भन्नुभयो- 'सर्ट पेण्टमा', म तोकिएको समयमा, तोकिएको पोशाकमा हाजिर भएँ । राजा, रानी, मल्ल जर्साब, म र २ जना पार्श्ववर्तिहरू हेलिकोप्टरमा बस्यौं । गन्तव्य कहाँ हो भन्नेसम्म मलाई थाहा थिएन, न त सोधेको नै थिएँ । हेलिकोप्टर उड्यो र केही समयमै तारादल गण बाह्रबीसेमा तयार गरिएको हेलिप्याडमा गएर अवतरण भयो । त्यहाँ ४/५ वटा जिप र सरकारहरूका लागि एउटा ल्याण्ड रोभर तयारी अवस्थामा थियो, मलाई एउटा बायरलोस जडित जिपमा बस्न भनियो, जो सबैभन्दा अगाडि स्ट्याण्डबाई थियो । हामी अगाडि बढ्यौं । खासाको मैत्रीपुलमा गएर सरकार गाडीबाट ओर्लिबक्स्यो र एक्लै पुलको आधा भागसम्म हिंडिबक्स्यो । त्यसपछि पछाडि फर्किबक्स्यो र इसारा गरेर मलाई बोलाइबक्स्यो । राजाबाट हुकुम भयो- 'तिमी यहाँ कति पटक आएका छौ ? मैले जवाफ दिएँ- 'तीन पटक आएको छु सरकार । एकपटक सरकारले स्वयं अरनिको राजमार्गको भक्तपुरमा उद्घाटन हुँदा आएको थिएँ । त्यतिबेला म आमन्त्रितका रूपमा आएको थिएँ । दोस्रो पटक चाइनाको तर्फबाट खासामा त्वानात्वानको लागि बोलाइएको थियो । त्यसै अवसरमा आएको थिएँ । तेस्रो पटक म घुम्नका लागि आएको थिएँ सरकार भने । त्यतिबेला मैले त्यहाँको भैरबकुण्डका बारेमा कुरा उठाएको थिएँ । सरकारबाट हुकुम भयो- तिमी फेरि यहाँ आउनु पर्दो - ।

त्यसको तीन महिनापछि राजा महेन्द्र स्वर्गे भइबक्स्यो र १९४५ फरवरी २४ मा वीरेन्द्रको शुभराज्याभिषेक भयो । उक्त शुभराज्याभिषेकमा मलाई शाही रक्षकबाहिनीको बाहिनीपतिका हैसियतले ठूलो जिम्मेवारी आयो । राजपरिवारको सुरक्षा र राजारानीको शुभराज्याभिषेक अगाडि हुने धार्मिक पूर्वाधारहरूको कार्यमा खटिँदा सुरक्षाको प्रबन्ध बाहिनीले नै गर्नुपर्ने हुन्थ्यो । शुभराज्याभिषेकको प्रोसेसनमा राजा बग्गीबाट र हात्तीबाट कुनै स्थानमा बदली गरिबक्स्यो । दुवै हात्तीको वरिपरि र बग्गी चढ्दा पनि बग्गीको वरिपरि गोरखबहादुर गण खटिएको थियो । त्यो स्कर्टलाई मैले चुस्त र सचेत बनाएको थिएँ । त्यो बेला श्री ५ को सरकारले केही अन्तर्राष्ट्रिय तत्वहरूले लुकिछिपी बाधाव्यवधान सिर्जना गर्न सक्ने संकेत दिएको थियो । सुरक्षा चुस्तताका कारण कुनै अप्रिय घटना घट्न पाएन । शुभराज्यभिषेकका अवसरमा मेरी श्रीमतीले शुभराज्याभिषेक पदक प्राप्त गरिन् भने मैले दोसल्ला र मानपदवी प्राप्त गरें ।

शुभराज्याभिषेकको केही दिनमै मेरी आमालाई हृदयाघात भयो र त्रिचन्द्र सैनिक अस्पतालमा भर्ना हुनुपर्‍यो । चिकित्सकहरूले उहाँलाई बचाउन सकेनन् र उहाँको निधन भयो । म १३ दिनसम्म हिन्दू परम्पराअनुसार अन्तिम संस्कार कर्ममा जुटी त्यसपछि आफ्नो ड्युटिमा फिर्ता भएँ ।

एक दिन मलाई दरबारबाट फोन गरेर पार्श्ववर्तीहरूले स्वीमिङ पुलमा स्वीमिङ्ग पुगें । त्यहाँ पुग्छु त राजा, रानी, अधिराजकुमारहरू, दरबारका सचिवहरू सबै थिए । हार्ड-सफ्ट सबैथरि ड्रिङ्क्सको व्यवस्था गरिएको थियो । म भर्खरै आमाको तेह्रौं दिनपछि फर्केका कारण मेरो कपाल खौरेको थियो । त्यहाँ म लगायत सबैलाई पौडी खेल्नु' भन्ने भयो । अरू कोही नखेल्ने भए । म र एकजना सचिव मात्रै पौडिखेल्यौं । मैले ड्रिङ्क्स पनि गरिनं, माहिला अधिराजकुमारीले मलाई ड्रिङ्क्स किन नगरेको ? भनी सोधिबक्स्यो । त्यतिबेला राजा मेरो नजिकै होइबक्सिन्थ्यो । उहाँबाटै मर्जी भयो - 'आमाको स्वर्गारोहण भएकाले ४५ दिनका लागि ड्रिङ्क्स बारेको छ ।

एकपटक म एक ठाउँमा एक्लै उभिएको थिएँ । त्यतिबेला र राजा म भएतर्फ सवारी भयो र मर्जी भयो- 'ऋषि म तिमीलाई सैनिक सचिवालयको जिम्मेवारी दिने विचारमा छु । तिम्रो के विचार छ ? के जवाफ दिऊँ म ? मैले तुरुन्तै भनिदिएँ- 'सरकारबाट जो निगाह हुन्छ मलाई शिरोधार्य छ ।' भन्दै २१ जेठ २०३२ मा मेरो बढुवा ब्रिग्रेडियर जनरल रथिमा (सारथी) भयो । त्यस उप्रान्त सरकारबाट गरिबक्सने सेनासम्बन्धी मिटिङ्मा रथि शेरबहादुर मल्ल, उपरथि गम्भीर र म स्वयंलाई बोलाई सरसल्लाह लिइबक्सन थालियो । यतिसम्म कि सैनिक मुख्यालय निरीक्षण तथा अन्य आर्मी निरीक्षणमा समेत म ती दुई जर्नेलका साथमा लागिबक्सिन्थ्यो ।

म सचिवालयमा गएपछिको एउटा मिटिङ मर्यादाक्रमका बारेमा बसेको थियो । सबैले आ-आफ्नो मन्तव्य राखिसकेपछि मैले मेरो विचार राजासमक्ष बिन्ति गरें कि- एक सैनिकलाई फुल कर्णलको दर्जासम्म पुग्न २५/२६ वर्ष नोकरी गर्नुपर्छ तर पनि त्यो दर्जामा पुग्न पाउँदैनन् तर प्रहरीतर्फ त कोही-कोही १७ वर्षमै पनि आई.जी.पी. भएका छन् । प्रहरीको डी.आई.जी.लाई प्रथम श्रेणी मानिन्छ तर सेनाको फुल कर्णेललाई द्वितीय श्रेणी किन ? फुल कर्णेललाई पनि प्रथम श्रेणीमा राख्दा के असर पर्ला र ? तत्पश्चात् सरकारबाट हुकुम भयो- 'फुल कर्णेललाई पनि प्रथम श्रेणीमा राख्ने व्यवस्था मिलाउनू । यसरी फुल कर्णेललाई प्रथम श्रेणीमा राख्न म सफल भएँ ।

२०३७ सालको दशै टीकाको भोलिपल्ट ४ बजेतिर राजा-रानी युवराजको घुम्न जाने कार्यक्रम तय भएछ । त्यतिबेला दरबारको तर्फबाट सबैभन्दा सिनियर म र मेरो इन्चार्जसिपमा सबै प्रबन्ध मिलाइएको थियो । ४ बजेतिर दरबारको हेलिप्याडबाट शाही परिवार, दरबारका कर्मचारीहरू त्रिशूली हुँदै बेत्रावती पार गर्दै लहरे पिपल भन्ने स्थानमा पुगियो । क्याम्प त्यही राखिएको थियो । त्यतिबेला सरकारको सवारीमा मुख्य भई सवारी चलाउने मौका मैले नै पाएको थिएँ । त्यतिखेर हामीहरू रम्चि, बोकभुण्डा, धुन्चे हुँदै सरकारबाट रसुवा भेकका पञ्चहरूलाई दर्शन भेट बक्स्यो । हामीहरू पुग्दै भैरवकुण्डसम्म पुग्यौं । त्यहाँ पनि त्यही तरिकाले घुम्ने काम भयो । बेलुका हामीहरू काठमाडौं फिर्ता भयौं ।

२०३७ साल पुसतिर मौसुफ सरकार राजपरिवारका साथ दरबारबाट हेलिकोप्टरद्वारा शाही शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज सवारी हुने कार्यक्रम तय भयो । त्यो टोलीमा जाने अवसर मैले पाएँ । त्यति बेलासम्म सुदूरपश्चिमतिर म कहिल्यै गएको थिइनँ । त्यतिबेला मौसुफ सरकारबाट बाहसिंगेको शिकार गरिबक्सेको थियो । फर्किंदा मौसुफ सरकार वीरगञ्ज पनि सवारी भइबक्स्यो । वीरगञ्जबाट हामी काठमाडौं फिर्ता भयौं । सवारीबाट फर्केको भोलिपल्ट १ दिन बिदा पाउने चलनअनुसार म बिदामा बसें ।

२०३७ साल चैतको अन्तिमतिर म सहसैनिक सचिवमा बढुवा भएँ । त्यतिबेला सिओ.ए.एस सिंह प्रताप शाह हुनुहुन्थ्यो । २०३८ सालमा म आफ्नो दाँतको उपचारका लागि दिल्लीको सैनिक अस्पतालमा गएँ । उपचारकै क्रममा दिल्लीका हेर्नलायक ठाउँहरू पनि घुमियो ।

सन् १९८१ अप्रिल १५-१७ सम्म सरकारको निमन्त्रणामा बंगलादेशका राष्ट्रपति जियाउल रहमानको नेपाल भ्रमण थियो । त्यस अवसरमा म निकै व्यस्त भएँ । त्यसैगरी अप्रिल १७-१८ मा साउदी अरेबियाका युवराज साउद अल फैजल बिन अब्दुल अजिजको नेपाल भ्रमणका समयमा पनि म निकै व्यस्त भएँ ।

प्रस्तोता मधुसूदन पाण्डेय

वर्ष १६, अंक ३, २०७२ फागुन १६ गते आइतबार

जनमञ्च

संस्मरण– १०

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

वि.सं. २०३८ साल पुसतिर सुदूरपश्चिमाञ्चलको विकास क्षेत्र दिपायलमा सरकारको भिजिटको कार्यक्रम तय भयो । दरबारकै हेलिकोप्टरबाट दिपायल जाने कार्यक्रम बन्यो । त्यो भ्रमण दलमा सरकारहरू, म सैनिक सचिवका रूपमा र सिनियर पार्श्ववर्तीमा ताराबहादुर हुनुहुन्थ्यो । त्यसैक्रममा दिपायलको नागरिक समूहका तर्फबाट मौसुफमा नागरिक अभिनन्दनको कार्यक्रम तय भएको थियो । त्यसैक्रममा मौसुफ सरकार तथा बडामहारानी सरकारबाट खप्तड बाबालाई भेटिबक्स्यो । त्यतिबेलै मौसुफबाट खप्तड क्षेत्रलाई खप्तड राष्ट्रिय निकुञ्ज बनाउने योजना खप्तडबाबासामु राखिबक्सियो । निकुञ्ज बनेपछि त्यसको रेखदेखका लागि सेनाको तैनाथका लागि सरसामान लैजान कत्तिको सहज अथवा असहज के हुन्छ भनी मौसुफबाट मलाई सोधनी हुँदा मैले आफ्नो इन्जिनियरिङ्ग अनुभवअनुसार कुनै समस्या नहुने र कालिप्रसाद गणका गणपति प्रताव मल्ललाई जिम्मेवारी दिएमा काम फत्ते हुने बताएँ । सरकारलाई मेरो रायमाथि चित्त बुझेछ र त्यहीबमोजिम खटाउने व्यवस्था मिलाएँ ।

एकपटक कालिबक्स गणलाई डिस्वण्ड गर्ने कि भनी चर्चा समेत भएको थियो । त्यसका लागि जाहेरी बैठक समेत बस्यो । कालिबक्स गण वास्तवमा नेपालको सैन्य तालिम केन्द्रका रूपमा विकसित भइसकेको थियो । मैले मौसुफमा जाहेर गरें- सरकार । यसलाई डिस्वण्ड गर्नुहुँदैन बरू यसलाई इन्जिनियर बटालियनमा परिणत गरियोस् । यसलाई देश विकासको इच्छा छ ।'

सरकारबाट हुकुम भयो- 'गणमा के-के इन्जिनियरिङ सामान छन् मलाई बताऊ ।' मैले बिन्ती चढाएँ- 'सरकार । चाहिएका बेला सामान आउन के गाह्रो छ र ? सामान चलाउनका लागि बरू उनीहरूलाई तालिम चाहियो । सरकारबाट कालिप्रसाद गणलाई २०१७ सालमा ८० लाखको बजेट पास भएको थियो । त्यो बजेट मेरै प्रस्तावअनुसार पास भएको थियो तर तत्कालीन प्रधानसेनापतिले पूरै रकम रकमान्तर गरिएकाले कालिप्रसादले एक पैसा पनि पाएनभन्दा मौसुफ मुसुक्क हाँसिबक्सेको थियो । पछि यिनै दुई बटालियनलाई मार्क गरेर इन्जिनियरिङ गण बनाइयो ।

सन् १९८२ अप्रिल २५ देखि मे १ सम्म भारतका सिओएएस जनरल के.भि कृष्ण रायलाई सरकारका तर्फबाट राजदरबारमा सम्मान कार्यक्रमको आयोजना गरिएको थियो । अप्रिल ३० गते बेलुका ४ बजेतिर सरकारबाट शाही सेनाको मानका खातिर मान ९ज्यलयचबचथ ल्भलभचबि या तजभ, च्यथबि ल्भउर्बि ब्कथ० को दर्ज्यानी चिह्न र क्रिज बक्स्यो ।

१९८३ डिसेम्बर १ मा सरकारको स्विट्जरल्याण्ड भ्रमणको कार्यक्रम तय भयो । त्यो मौसुफ सरकारको निजी भ्रमण थियो । त्यसपछि ३ देखि ८ तारिखसम्म सरकारको लक्जेम्बर्ग भिजिटको कार्यक्रम थियो । त्योचाहि अफिसियल भिजिट थियो । ५ तारिखमा सरकारको सवारी अमेरिकाको वासिंगटनमा भयो । ५ तारिखदेखि २१ तारिखसम्म सरकारको भिजिट अमेरिकाका विभिन्न ठाउँमा थियो । मौसुफ र एउटा सानो टुकडी मौसुफको स्वास्थ्य परीक्षणका लागि जापान जाने निधो भएपछि डिसेम्बर १२ मा मौसुफ जापान सवारी भइबक्स्यो । २०४० साल वैशाखमा प्रताव सेवानिवृत्तिको समय आयो । सेनाको सिओएएस सेवानिवृत्त हुँदा १ महिना विदामा बस्ने सामान्य नियमै छ । तर उहाँले त्यो नियमलाई बेवास्ता गर्नुभयो । त्यसपछि १५ दिन विदा बस्नु भन्ने सैनिक सचिवालयबाट पत्राचार भयो ।

२०४० साल चेत ६ गतेदेखि १० गतेसम्मका लागि चीनका राष्ट्रपतिको नेपाल भ्रमणको कार्यक्रम तय भयो । त्यो भ्रमण राम्रोसँग सम्पन्न भयो । त्यसको अर्को वर्ष माल्दिभ्सका राष्ट्रपति मैमुम अब्दुल गैयुम तथा उहाँकी पत्नी लासरिवा गौयुमको नेपाल भ्रमण भएको थियो ।

कामु सै. सचिव : २०४२ साल जेठ २१ गते मेरा हातमा एउटा चिठी आयो । प्रमुख राजदरबारका पदाधिकारी काजी हरामान सिंहको दस्तखत भएको उक्त पत्रमा लेखिएको थियो- 'श्री ५ महाराजाधिराज सरकारबाट तपाईंलाई शाही पार्श्ववर्ती विभागको दरबन्दीको रिक्त रहेको रथी पदमा २०४२ साल जेठ २१ गतेदेखि पदोन्नति गरिबक्सेको छ र राजदरबार नियमावलीको दफा च ५ को उपदफा १ बमोजिम तपाईंलाई प्रमुख सैनिक सचिवालयको कायममुकायम पनि मुकरर गरिबक्सेको छ ।'

मेरो बढुवापछि मैले सर्वप्रथम असार ५ गते मौसुफ सरकारको सवारी सिंहदरबारस्थित राष्ट्रिय पञ्चायतको ग्यालरी हलमा सेरेमोनियल कार्यक्रममा सवारी चलाएँ । त्यति बेला श्री ५ बाट सरकारको नीति तथा कार्यक्रमलाई हाउसमा सम्बोधन गर्ने कार्यक्रम थियो ।

छोराको व्रतबन्ध र बम विस्फोट : भोलिपल्ट ६ गते म मेरो छोरो विजयको व्रतबन्धका लागि विदा बसें । व्रतबन्धका सम्पूर्ण कार्यक्रम मैले आफ्नै निवासमा सम्पन्न गरेको थिएँ । त्यो कार्यक्रममा राजारानीको सवारी बेलुकातिर हुने कार्यक्रम थियो । दिउँसो २ बजेतिर २/३ पटक तोप पड्केको जस्तो आवाज आयो । एकै छिनपछि थाहा भयो कि दरबारको पश्चिम ढोकासँग जोडिएको फुटपाथमा बम पड्कियो । अन्नपूर्ण होटेलको लबिमा पनि बम पड्किएछ । राष्ट्रिय पञ्चायतको ढोकानिर पनि बम पड्किएछ र १ जना माननीय सदस्यको निधन भएन । २/३ जना घाइते भएछन् । त्यो थाहा पाउनासाथ म तुरुन्तै अफिस सचिवालयमा गएँ र नारायण शाहलाई भेटें । सचिवालयका व्यक्तिहरू निकै आत्तिएका थिए । अफिस पुग्नासाथ सरकारलाई फोन गरें र विदामा बसेको भएपछि हाजिर भएको जाहेर गरें । त्यसपछि मैले बुझ्ने काम थालें । मलाई रिपोर्ट आयो कि- अन्नपूर्ण होटेलको रिसेप्सनिष्टमा काम गर्ने एक जना महिलाको तत्कालै निधन भएछ । राष्ट्रिय पञ्चायत भवनको ढोकानिर विस्फोट हुँदा १ जना माननीय सदस्यको निधन भएको खबर पनि सत्य रहेछ । ती सबै रिपोर्ट कलेक्सन गरी मैले मौसुफ सरकारमा जाहेर गरें । त्यसपछि म सैनिक मुख्यालय गएँ । सरकारको सवारी मेरो घरमा आउने तय भएको थियो । मैले मौसुफमा जाहेर गरी क्यान्सिल गराएँ । उक्त बमकाण्डको एक महिनासम्म सरकारको निमन्त्रणाका लागि आएका कुनै पनि कार्यक्रममा सुरक्षाका दृष्टिकोणले सरकारको सवारी चलेन । त्यसै दिन भारतको नयाँ-दिल्लीमा त्यही समयमा हाम्रा सिओएएस जर्नेल अर्जुन नरसिंह राणालाई भारत सरकारका तर्फबाट मानका खातिर मान जर्नेल दिइँदै थियो । कस्तो विडम्बना । दिल्लीमा त्यस्तो कार्यक्रम काठमाडौंमा बम विस्फोटको माहौल ।

म सैनिक मुख्यालय गएर सबै कुरा बुझ्न खोजें तर सबै नाजवाफ थिए । उनीहरूलाई त यस विषयमा कुनै पनि जानकारी नै रहेनछ । मैले यत्रो घटना झ्यालीमै भइसक्दा कसरी कुनै संकेतसम्म पाउनुभएन ? भनी प्रश्न गरें र यो बम र बम बनाउने सामान काठमाडौंमै तयार पारिएको त हैन ? काठमाडौं बाहिरबाट यहाँ त कसरी भित्र्याउनसके होलान् र ? पुलिस, भन्सार, इन्टेलिजेन्स कसरी चुके ? यो कुरा उठाउँदा ती सबै निकाय नाजवाफ भए । काठमाडौंमा एक प्रकारले त्रासको वातावरण थियो ।

प्रस्तोता मधुसूदन पाण्डेय



वर्ष १६, अंक ४, २०७२ फागुन २३ गते आइतवार २

जनमञ्च

LL

संस्मरण– ११

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

काठमाडौंका विभिन्न स्थानमा पड्किएका बमहरू रिमोट कन्ट्रोलबाट पड्काइएको आशंका धेरैले गरेका थिए । राष्ट्रिय पञ्चायतको ढोकानेर नपड्केको अवस्थाको अर्को बम भेटियो । मैले काप्रगण गई इन्जिनियर डिग्री गरेको अधिकृत खटाउन र बमको वरिपरि बालुवाका बोरा लगाई एउटा सानो खाडल पारी त्यो बम देखिने गरी सेनालाई इन्ट्रक्सन दिँदै गएँ । एउटा लामो बाँसबाट उक्त नपड्किएको बमलाई त्यसमा जोडिन आएको फ्यूज छुटाउन भनेँ । कालिप्रसाद गणबाट आएको अधिकृतले मैले भनेबमोजिम गऱ्यो । त्यसपछि बम डिस्पोज भयो । त्यसबाट थाहा भयो कि बमहरू रिमोट कन्ट्रोलबाट पड्काइएको नभई टाइम फ्यूजबाट पड्काइएका रहेछन् । सोही रिपोर्ट मैले मौसुफ सरकारमा जाहेर गरेँ । बम डिस्पोज गराएबापत मैले त्यो अफिसरलाई तक्मा पनि दिलाइदिएँ ।

मैले सबै तह र तप्काबाट आ-आफ्नै तरिकाले रिपोर्टहरू लिन थालेँ । इन्टेलिजेन्स रिपोर्ट लिएँ । बम पड्काउने मानिस पनि पक्राउ परे । त्यो बेला सुरक्षा निकायको जानकारीमा आएअनुसार भारत सरकारका केही अंगहरूले नेपालमा गणतन्त्र ल्याउने उद्देश्यले रामराजाप्रसाद सिंह र उसको भाइ लक्ष्मणप्रसाद सिंहलाई प्रयोग गरेका रहेछन् । यी दुईबाहेक यिनका सहयोगीहरू, बम पड्काउने र आतंक सिर्जना गर्नेहरू सबैका बारेमा सूचना प्राप्त भए । यिनीहरूलाई भारतको उत्तराखण्डको काठ गोदाम र राँची भन्ने ठाउँमा तालिम दिइएको रहेछ । ती तालिम लिनेहरू सबै मधेसीहरू थिए । डीबी लामाका :- मैले सारा सूचनाहरू आर्मीबाटै एकीकृत गराएँ र हरबखत के कर्तुत भयो भनेर सु.स.मा राखेँ । त्यसमा रहने इन्टेलिजेन्सहरू पुलिसको मात्र नभई अन्य क्षेत्रबाट पनि राखेँ । डि.एम.ओ. अफिसका नामबाट एउटा अफिसै खडा गराइदिएँ । यसलाई एउटा सानो अपरेशन युनिट जस्तो बनाइदिएँ । सु.स.मा मैले बारम्बार प्रहरी महानिरीक्षक डीबी लामालाई वार्निङ दिइरहनु पर्‍यो । मैले जानकारी पाएअनुसार डीबी लामाले के गर्दोरहेछ भने मन नपरेका भूपू आईजीहरूलाई खेदो खन्दै कारबाही गर्दो रहेछ । उसको त्रासका कारण यहीं घर भए पनि उनीहरू घरै छाडी अन्तै लुक्न बाध्य भएका रहेछन् । यतिसम्म कि उनीहरूका श्रीमतीहरूलाई समेत रातको समयमा टेलिफोन गरी 'तेरो लोग्ने कहाँ छ भन्, नत्र तिमीहरूको ज्यान खतरामा छ' भन्दो रहेछ । व्यापारीहरूबाट रकम असुली गर्दोरहेछ । जहाँ पनि विभिन्न बहानामा खानतलासी समेत गर्दोरहेछ । यसै क्रममा एक जना पत्रकार देवेन्द्र गौतमले उसका विषयमा पत्रिकामा लेखेछन् । त्यसपछि त के चाहियो र । डीबी लामाले उनलाई पक्राउ गरी कमलपोखरी वडा प्रहरी कार्यालयनिर गुण्डा लगाएर रामधुलाइ गरी अञ्चलाधीशलाई सुरक्षा कानुन लगाउन लगाई थुनेछ । मैले पछि थाहा पाएँ कि उनीसँग रिसइबी साध्नका लागि त्यसो गरिएको रहेछ ।

एकदिनको सु.स.को मिटिङमा मैले अञ्चलाधीशलाई भनेँ- देवेन्द्र गौतमलाई कसले र किन सुरक्षा कानुन लगायो ? तपाईंले हो ? उनले भने- प्रहरी महानिरीक्षक डीबी लामाले पक्राउ गरी केस चलाएकाले सुरक्षा कानुन लगाउन प्रस्ताव गर्नु भएअनुसार लगाएर थुनिएको हो ।

मैले भनेँ- 'कि त डीबी लामाले मोलिफल्ट पुलिस केस दर्ज गर्नुपर्‍यो, होइन भने तपाईंले सुरक्षा कानुनबाट छोडिदिनु पर्‍यो । उसलाई थुनेको पनि धेरै दिन भइसकेछ । पछि उनलाई छाडिदिये । उनी थुनामुक्त भएपछि उनले थुनामा पर्नुको कारण र प्रहरी अनुसन्धानका विषयलाई समेटेर प्रहरी अनुसन्धान, प्रहरीको व्यवहारको भण्डाफोर गर्दै एक किताब नै लेखेका छन् । देवेन्द्र गौतम म कहाँ आउनुपर्दा धेरैजसो बिहानको समय पारेर आउँथे ।

२०४२ भदौ १४ गते अष्ट्रेलिया भ्रमणका बेला शाही परिवारका साथ मैले पनि सवारीमा जाने सौभाग्य प्राप्त गरेको थिएँ । अष्ट्रेलिया भ्रमण सकुशल सम्पन्न गराउन पाएकोमा मलाई अत्यन्तै गौरवको अनुभूति भयो । त्यसै वर्षको पुसको पहिलो हप्तातिर मौसुफ सरकारको मध्यमाञ्चल विकास क्षेत्र भ्रमणको कार्यक्रम तय भयो । उक्त भ्रमणमा म पनि परेको थिएँ तर एकाएक मेरो नाम त्यो लिष्टबाट हटाइएछ । त्यसमा बडामहारानीको हात रहेछ ।

सन् १९८६ डिसेम्बरमा मौसुफ सरकारको राजकीय भ्रमण जर्मनीमा हुने तय भयो । त्यो भ्रमण दलमा म पनि थिएँ । मौसुफ सरकारको सम्मान जर्मन राष्ट्रपतिले दिएको रात्रिभोजमा मेरो टेबलको छेउमा बसेका एक जना प्रसिद्ध व्यक्ति एलिजावेथ विस्मार्क थिए । जर्मनीमा वातावरण र वनको संरक्षण गर्ने र त्यसलाई आफ्नो सम्पत्ति (ट्रेडमार्क) बनाउने काम ठूलाठूला व्यक्तिहरूले गर्दा रहेछन् । त्यहाँको नामी जंगल स्ल्याक पुरेस्टलाई मानिँदो रहेछ । प्रिन्सेस विस्मार्कसँगको कुराकानीका सिलसिलामा मैले- 'उहाँको रुचि र हाम्रो राजाको रुचि पनि तपाइको जस्तै छ । मेरो पनि त्यस्तै छ भनेपछि उनी इम्प्रेस्ड भएर म सैनिक सचिवका नाममा एउटा चिठीका साथ एउटा बाकसमा करिब १० किलो जति रूखको बीउको पार्सल पठाइदिइन । त्यो रूखको बीउ छिटो बढ्ने र बाल्दा आगोको राप पनि अन्य रूखको भन्दा बढी आउने रहेछ । मैले त्यो पार्सल आएपछि सरकारलाई नजर गराएँ । राजाबाट त्यसलाई नेपालको बाल्लाखेल भन्ने वन नर्सरीमा हुर्काउने र त्यसको प्रगतिको फोटो समय समयमा सरकारलाई देखाउनु भन्ने हुकुम भयो । त्यो फोटो र प्रिन्सेस विस्मार्कसँग सम्पर्क गरिरहनु भन्ने पनि हुकुम भयो । त्यसैअनुरूप म प्रिन्सेस विस्मार्कसँग नियमित सम्पर्कमा रहेँ पनि ।

शरदचन्द्र शाह र भरत गुरुङ प्रकरण : २०४४ साल जेठको तेस्रो हप्तातिरको कुरा हो । म आफ्नो अफिसमा डिउटीमै थिएँ । भर्खरै प्रहरी महानिरीक्षक भएका हेमबहादुर सिंहले फोन गरेर जानकारी गराए कि एक जना विश्वकर्मा थर भएका व्यक्ति सोल्टी होटेलको पछाडिपट्टिको ढोकातिर पक्राउ परेका छन् । उसलाई प्रहरीले चोरीसम्बन्धी केसमा केरकार गर्दा त्यसले बतायो कि- भरत गुरुङ अमेरिकामा हुने ओलम्पिक गेममा गएका बेला (राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव शरदचन्द्र शाह भएको समय) ओलम्पिक चेम्बर भएर गएका जगत गौचनलाई भनेका थिए- 'पदम ठकुरानीलाई सिध्याउनू त्यसबेला कान्छा सरकार (श्री ५ अधिराजकुमार धिरेन्द्र)जो राष्ट्रिय खेलकुद परिषद्का अध्यक्ष समेत होइबक्सन्थ्यो । ओलम्पिकमा सवारी भएको थियो । त्यसैबेला शरदचन्द्र शाहलाई अमेरिकी प्रहरीले फुटबलमा ड्रग भरेर लगेको अवस्थामा पक्राउ गऱ्यो र जेल हाल्यो । त्यो काण्डले गर्दा अन्तर्राष्ट्रिय ओलम्पिकमा आएका राष्ट्रहरूमाझ ठूलो बेइज्जती हुन गएको थियो । पछि यो कुरा परराष्ट्र मन्त्रालयमार्फत प्रमुख निजी सचिव नारायणप्रसादले मौसुफमा बिन्ती चढाए । मौसुफले त्यो घटनाले आफ्नो देशको बेइज्जत अन्तर्राष्ट्रिय स्तरमा भएको ठानेर तत्कालीन अमेरिकी राजदूत पदमबहादुर खत्रीलाई जसरी हुन्छ यो काण्डलाई मिलाई देशको इज्जत बचाउनु भर्जी भएपछि राजदूत खत्रीको कूटनीतिमार्फत शरदचन्द्र शाह जेलमुक्त भए र घटनालाई सामसुम पारियो ।

प्रस्तोता मधुसूदन पाण्डेय

वर्ष १६, अंक ५, २०७२ फागुन ३० गते आइतवार

जनआस्था

संस्मरण- १२

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

ड्रग्ससम्बन्धी रिपोर्ट अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)मा र इन्टरपोलले यहाँको प्रहरीलाई रिपोर्ट दिन्छ । त्यतिबेला भरत गुरूङ र डीबी लामाको मुद्दाका बारेमा पुलिसमार्फत दरबारले थाहा पायो । त्यो केसको बारेमा मेरो हातमा पनि एकप्रति रिपोर्ट आयो र सैनिक मुख्यालयमा पनि एक प्रति आयो । मलाई फोन गर्दा आईजीपीले भन्यो- 'भरत गुरूङलाई हामीले कारबाही अघि बढाइरहेका छौं । ठकुराठीको गोलीकाण्डसम्बन्धी अनुसन्धान गर्दा जगत गौचनलाई पनि समातेर अनुसन्धान गरिरहेका छौं । भरत गुरूङले त आईजीपीलाई धम्काउँदै के समेत भनेछ, 'कान्छा प्रभुलाई विन्ती चढाएर कान्छा प्रभुको हुकुम प्राप्त नहुँदासम्म जगत गौचनलाई केही नगर्नुस् ।' भरत गुरूङले त यस्तो भन्छ, म के गरूँ ? भनेर आईजीपीले मलाई सोध्यो । मैले भनें, हु द हेल एजी भरत गुरूङ ? कान्छा प्रभुबाट हुकुम भयो भने मलाई भन्नु । म जहाँ जाहेर गर्नुपर्छ गरूँला । कान्छा प्रभुबाट हुकुम नआउँदासम्म तपाई मलाई रिपोर्ट गरिरहनुस् । कारबाही पनि अघि बढाउनुस् ।'

मैले पछि के बुझें भने आईजीपी हेमबहादुरले मलाई रिपोर्ट गर्नुअगावै शान्तकुमार मल्ललाई रिपोर्ट गरेको रहेछ । शान्त कुमारले चलाखी के गरे भने यो कुरा गम्भीर भएकाले आफू अगाडि देखा नपर्नु नै बेस ठानी आफूले मौसुफ सरकारमा जाहेर गर्न चाहेर मतर्फ पन्छायो । ऊ मभन्दा पहिला नै सैनिक सचिव भएको मान्छे हो र मलाई उसले रानीका नजरमा नराम्रो बनाएको थियो । जे-जे रिपोर्ट आउँथ्यो त्यो सबै मैले जाहेरीका समयमा जाहेर गरिरहन्थे ।

एकपटकको कुरा हो । जेठको अन्तिमतिर सरकारबाट म र जनरल सच्चित शमशेरलाई बेलुका ५ बजेतिर दरबारमा बोलाइबक्स्यो । हामी निर्धारित समयमा दरबारमा हाजिर हुन जाँदा मौसुफ सरकार दरबारको त्रिभुवन सदनको बगैंचामा राज होइबक्सेको थियो । हामी दुवै जना भित्र गयौं र सलाम टक्रायौं । सरकारबाट धेरै केही हुकुम भएन । यत्तिमात्रै हुकुम भयो, 'चिफ । यु टेक क्यान भरत गुरूङ ।' त्यसपछि हामीलाई बिदा गराइबक्स्यो ।

सच्चित शमशेर एक योग्य, निष्पक्ष, राष्ट्रवादी, निःस्वार्थ र अनुशासित अधिकृत हुनुहुन्थ्यो । आज्ञापालनका लागि उहाँ छिटो छिटो दरबारबाट निस्किनुभयो । मलाई चाहि केही आदेश थिएन । खालि प्रमुख सैनिक सचिवको हैसियतमा मात्रै मलाई थाहा दिइएको थियो । मौसुफबाट सबै काम प्रधानसेनापतिको जिम्मामा सुम्पिबक्स्यो । एएमओलाई प्रधानसेनापतिले भरत गुरूङलाई गिरफ्तार गर्न र घरको खानतलासी गर्ने आदेश दिनुभयो । महाराजगञ्जस्थित उसको घर खानतलासी लिंदा उसको कोठाबाट २० लाख रूपैयाँ बरामद भयो । त्यो रकमको स्रोतका बारेमा केरकार गर्दा पत्ता लाग्यो कि- व्यापारी कालु मनांगेको घडी त्रिभुवन विमानस्थलबाट पास गराइदिएबापत उसले पाएको रहेछ । व्यापारी कालु मनांगेचाहिं पूरा केस चल्दासम्म फरार रह्यो । २०४८ सालपछि गृहमन्त्री योग प्रसाद उपाध्यायले उसको मुद्दा मिलाइदिएर मिनाहा गरे । भरत गुरूङको बयानमा के-के थियो, क-कसलाई के-के भयो भन्ने कुराको अध्ययनका लागि प्रतापसिंह नामका लेखकले लेखेको किताब 'नेपालमा भ्रष्टाचारको सञ्जाल' पढ्दा हुन्छ ।'

भरत गुरूङ थुना परेपछि सेना प्रहरीले, डीबी लामाको घरलाई प्लेन क्लाउड इन्टेलिजेन्सीद्वारा चेक गर्न थालियो । ऊ ज्यादै चलाख मान्छे रहेछ । उसले थाहा पाइहाल्यो । पछि उसको विन्तीपत्र शान्तकुमारमार्फत नै दरबार पुग्यो । भरत गुरूङ दुई-तीन दिनमै साबित भयो । डीबी लामाको पनि भरत गुरूङसँग मिलेमतो भएको कुरा भरत गुरूङकै बयानबाट पत्ता लागेपछि उसलाई पनि कारबाही भयो । योगेन्द्र प्रतापको टर्म सकिन एक हप्ता बाँकी छँदा तत्कालीन रक्षामन्त्री समेत रहेका प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको जाहेरीमा प्रमुख सैनिक सचिव शान्तकुमारको उपस्थितिमा राजासमक्ष विन्तीपत्र चढाइयो । प्रधानमन्त्रीले त्यतिखेर एउटा नयाँ लेफ्टिनेन्ट जनरलको दरबन्दी खडा गरे । यो दरबन्दी उनले स्वयं प्रधानसेनापति गरूडशमशेर जबराको सिफारिसमा खडा गरेका रहेछन् । त्यो देखेर एकछिन त मौसुफ सरकार अकमकाइबक्सियो र मर्जि भयो एउटा लेफ्टिनेन्ट जनरलको दरबन्दी मिलाएर लिएर आऊँ । प्रधानमन्त्रीको दरबन्दीको जाहेरीभन्दा अघि नै मौसुफबाट प्रधान सेनापतिलाई एउटा कोर्ट अफ इन्क्वाइरी र परेका खण्डमा कोर्टमार्सल समेत गर्नु भन्ने आदेश भइसकेको थियो । किनभने सम्भार रथिको हिसाबकिताब गोलमाल भएको रिपोर्ट शान्तकुमारमार्फत गरूडशमशेर कहाँ पुगिसकेको थियो । राजाज्ञा अनुसार कोर्ट अफ इन्क्वाइरी र कोर्टमार्सलका लागि उपरथि रघुचन्द्र सिंहलाई जिम्मेवारी दिइयो । उनको कोर्टमार्सल बोर्डले ४/५ वर्ष जेल सजाय र चार करोड रूपैयाँ जरिवाना तिर्नुपर्ने निर्णय गर्‍यो ।

मौसुफबाट कोर्टमार्सलको निर्णय सदर भयो । त्यो बेलामा गरूडशमशेरले लिएको ८० लाख रूपैयाँ त योगेन्द्र प्रतापले फिर्ता पायो तर योगेन्द्रले प्रधानमन्त्रीलाई दिएको पैसा भने फिर्ता पाएन । पछि शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि उनकी श्रीमती आरजु राणा देउवाका मामा बाजे पर्ने योगेन्द्र प्रताप मुटुको रोगी भएकाले जेल बस्नु नपर्ने गरी घरमै बस्ने सुविधा पायो । राजनीतिक निगाहाको ज्वलन्त नमूना हो यो ।

एक दिन बिहान ११ बजेतिर प्रमुख सचिव रन्जनराज खनालले फोन गरेर भन्नुभयो- 'प्रमुख जिल्ला अधिकारीहरूको पोस्टिङको प्रस्ताव आएको छ, यसो हेरेर पठाए हुन्छ । प्रधानमन्त्री र गृहमन्त्रीलाई सोधेको- सबै ठीक छ भन्नुभएको छ । मैले जवाफ फर्काएँ- तपाईंको विचार र उद्देश्यलाई म अनुमोदन गर्न सक्तिनँ । किनभने मेरोअन्तर्गत प्रमुख जिल्ला अधिकारीहरू पर्छन् । मेरो कर्तव्य हो यिनीहरूलाई यही तरिकाले पोष्टिङ गर्नुपर्ने हो/होइन म बुझ्न सक्तिनँ । बरू यिनीहरूको केही खोट पाएँ भने म सिधै मौसुफमा विन्ती चढाई एक्सन लिन्छु । त्यसैले कर्मचारीलाई राजनीतिज्ञहरूले चलाउने होइन । त्यसैले आ-आफ्नो जिम्मेवारीअनुसार चल्नुपर्‍यो । अरूको क्षेत्राधिकारभित्र प्रवेश गर्ने हैन । अहिलेको मन्त्रीमण्डल आठ दलको कोलियसनबाट बनेको छ । सरूवा गर्नुभन्दा पहिले विचार गर्नुपर्छ । मैले यस्तो जवाफ दिएपछि सरकारबाट मलाई फोन आयो र मर्जि भयो- ए ऋषि । तिमिले सीडीओहरूको प्रस्ताव किन पास गर्दैनौ ? मैले सरकारलाई विन्ती चढाएँ- सरकार ! सीडीओहरूले राम्रोसँग काम गरिरहेका छन् । सरकार स्वयंको सुरक्षा राम्रोसँग गरिरहेका छन् । सुरक्षाको राम्रो प्रबन्ध मिलाएका छन् । राजनीतिज्ञहरूको चाकरी गरी राम्रोसँग प्रशासन नचलाएको भए सरूवा गर्दा पनि हुन्थ्यो । त्यसैले सरकार ७५ जिल्लाका प्र.जि.अ. तथा एल.डि.आ.को सरूवा ३/३ वर्षमा गरिनुपर्छ । उनीहरूमा दोष भेटिएमा अख्तियार अथवा विभागबाट कारबाही गरिनुपर्छ । यसरी सरूवा गर्दा त सरकारलाई नै क्षति पुग्छ । मेरो विचार सुनिसकेपछि सरकारबाट हुकुम भयो- 'उसो भए विकास क्षेत्रबाट फिर्ता भएपछि विचार गरौंला । अहिले पास गर्नुपर्दैन । पछि मौसुफ सरकार विकास क्षेत्र भ्रमण गरेर फिर्ता आइबक्सेपछि पुनः सबै प्रमुखहरूको भेलामा यो प्रस्ताव आयो र मैले भनेअनुसार नै भयो ।

प्रस्तोता मधुसूदन पाण्डेय



वर्ष १६, अंक ६, २०७२ चैत ७ गते आइतवार २

प्रतिमञ्च

८३

संस्मरण– १३

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

२०४६ सालपछिको राजनीतिक घटनाक्रमलाई यतिबेला म सम्झिन्छु । मेरो सेवानिवृत्ति हुन एक महिना जति बाँकी थियो । विदेशी सञ्चारमाध्यम तथा मिडियाहरूले प्रेसर दिइराखेका थिए । प्रजातन्त्रको पुनर्स्थापनाका लागि सबै राजनीतिक दलहरू सडकमा ओर्लिएको अवस्था थियो भने यता राजालाई भने राजसंस्था रहने हो या नरहने हो भन्ने चिन्ता थियो । मौसुफलाई राजसंस्था बचाउन नै धौ-धौ भइरहेको थियो । मौसुफ एक्लो होइबक्सिन्थ्यो । 'अब के गर्ने ?' मौसुफबाट हुकुम भयो । मैले भने, 'सरकार । पन्तलाई मुख्य जनसम्पर्क अधिकृतमा बढुवा गरी डीआईजी राणालाई अर्को अंगको प्रमुख बनाई गुप्तचरी गर्ने र दरबारमा रिपोर्ट गर्ने लगाउने ।' त्यसै गरियो र दरबारमा रिपोर्ट पनि राम्रै आएको थियो । पछि त त्यो अंगलाई नै खत्तम पारियो । फेरि पहिलेको जस्तै भयो । यही किसिमले हरेक ठाउँको रिपोर्ट म कहाँ आइरहन्थ्यो । राजालाई धेरै गाह्रो भयो । राजा प्रजातान्त्रिक विचारको होइबक्सेकाले मौसुफ संवैधानिक राजा भएर रहन इच्छा जाहेर गरिबक्सियो ।

एक दिनको एउटा मिटिङ्मा त राजा र राष्ट्रकै फाइदाका लागि जुलुसमा गोली चलाउनुपर्छ भन्ने समेतका कुरा उठे । मैले भने, 'सुरक्षा समितिले कसैलाई गोली ठोक भन्ने हैन । त्यस्तो ज्यादती गर्नु उचित हुँदैन ।

एक दिन उच्चस्तरका नेताहरूको बैठक चलिरहेको थियो । अञ्चलाधीश र प्रधानसेनापतिले भन्नुभयो, 'यही मौकामा सबै नेतालाई पक्राउ गरी थुन्नुपर्छ ।' मैले भने, 'सरकार, प्रहरी र त्यहीं उपस्थित रहेका गृहसचिवमार्फत गृहमन्त्रीलाई सोध्ने हो । तपाईं हामी बाठो भएर हुँदैन ।'

मैले यसो भनेकै कारण मौसुफ सरकारबाट प्रधानमन्त्रीलाई मर्जी भएको थियो कि, 'मेरी रानीले भनेको पनि नमान्नू, परिस्थिति विकट छ ।

गृहमन्त्रीबाट नेताहरूलाई पक्राउ गरी थुन्ने आदेश भयो । त्यसै दिन मैले बीबीसीबाट सुनें कि जस-जसलाई प्रहरीले गिरफ्तार गरेर थुनेको थियो, उनीहरूलाई महेन्द्र पुलिस क्लबमा लगिन्थ्यो र चिसो पानीमा डुबाइन्थ्यो । मिडियाले यसलाई अमानवीयताको पराकाष्ठाका रूपमा लिएर व्यापक प्रचार-प्रसार गरिरहेका थिए । गिरफ्तार भएकालाई तिनका आफन्तलाई समेत भेट्न दिएको थिएन । मैले सुरक्षा समितिको मिटिङमा भनें, 'त्यति अमानवीय र बर्बरता अपनाउनु हुँदैन । उनीहरूलाई गिरफ्तार गरे पनि सुत्नका लागि कपडा र खाना दिनुपर्छ ।' गृहसचिव भन्नुभयो, 'न कहाँको ५ तारे होटेलबाट खाना ल्याएर दिऊँ । फेरि बजेट पनि त छैन ।' मैले भनें, 'बजेट गृहमन्त्रालयलाई भनेर मिलाउनुस् । रेडक्रसबाट कम्बल मगाउनुस् । त्यहाँ प्राकृतिक प्रकोपका लागि कम्बल जगेडामा राखिएको हुन्छ । आवश्यक परे लोनमा लिनुस् । बिहान दिउँसो चिया खान दिनुस् । बिहान बेलुका चिउरा र एकथोक तरकारी दिनुस् तर अमानवीय तरिकाले नथुन्नुस् । त्यसले न त तपाईंहरूको भलो हुन्छ न त श्री ५ को सरकारको नै भलो हुन्छ । बरु राजतन्त्रमाथि असर पर्छ । राजनीति हामीले गर्ने हैन । राजनीति त प्रधानमन्त्री तथा मन्त्रीमण्डलबाट हुनुपर्छ ।' मैले त्यति भनेपछि सोही किसिमले हुन थाल्यो । यो कुरा मैले मौसुफमा बिन्ती चढाएँ । मौसुफ खुशी होइबक्सियो ।

यसअघि नै प्रदर्शनकारीले रानीपोखरीस्थित बाग्मती अञ्चलाधीश कार्यालय जलाएर ध्वस्त पारेका थिए । त्यसबाट सारा रेकर्ड स्वाहा भएका थिए । मलाई लाग्छ त्यो जलाउने काममा अञ्चलाधीश कार्यालयकै कुनै कर्मचारीको हात थियो । त्यति बेला बरु प्रहरीले गोली चलाएको भए हुन्थ्यो तर चलाएन । मूकदर्शक भएर बस्यो । त्यति बेला डीआईजी अच्यूत कृष्ण खरेल थियो । हेमबहादुर आईजीपी अन्य आईजीपीभन्दा केही असल थियो । डीबी लामा ठगी र लागूपदार्थ कारोबारमा मुछिएर पक्राउ परेपछि उसको सल्लाहकार अच्यूत खरेल र ध्रुवबहादुर प्रधानहरू माथि पुगे । प्रजातन्त्रको पुनर्स्थापनापछि काँग्रेसको उम्मेदवारका रूपमा खरेल आईजीपी बन्यो । एमालेको सरकार आएपछि उसको उम्मेदवारका रूपमा प्रधान आईजीपी भयो । मारामार नै चल्यो । सर्वोच्च गुहार्न समेत पुगे । प्रधान बदर भए । खरेल सदर भए ।

त्यति बेला आन्दोलनकारीले दरबारिया कर्मचारी, सुरक्षा निकायका अफिसरहरू चिन्दासाथ ढुंगामुढा गर्थे तर मचाहिं ठमेल-पकनाजोल हुँदै आवतजावत निर्धक्कसँग गर्थे । मलाई कसैले त्यसो गरेनन् । क्षेत्रपाटीमा प्रदर्शन हुँदा प्रहरीले लखेट्दा प्रदर्शनकारीहरू भाग्दै आएर मेरो बन्द गरेको घरमा लुक्थे । मैले वास्तै गर्दिनथे । २०४६ साल चैत १५ पछि मैले अनिवार्य बिदा लिएं । दरबारमा बोलाइएको सुरक्षा समितिको बैठकमा चाहिं मौसुफबाट जानू भन्ने आदेश पाएपछि जान्थें । एक दिन म बिदा बसेकै समयमा महेन्द्र सरकारको सालिकतिर ठूलो संख्यामा प्रदर्शनकारीको भीड लागेछ । त्यति बेला सचिवको काम गर्ने उपरथि शान्तकुमार मल्ल थियो । उसले शाही रक्षक बाहिनीको सैनिक प्रहरीलाई दक्षिण गेटबाट फायरिङ गर्न लगाएछ । पारा बटालियनका मास्क मेन कमाण्डरहरूलाई ल्याएर अन्धाधुन्ध फायरिङ गराएछ । त्यसबाट धेरै प्रदर्शनकारी सोत्तर भएका थिए । त्यसको दोष जति उल्टै ममाथि थोपरेर बिदामा बसेको मेरो नाम मुछ्ने काम भयो ।

म बिदामा बसेकै समयमा एकपटक कर्फ्यू लाग्यो । त्यसमा सैनिकहरू नै बढी इन्भल्व भएका थिए । म करिब ३ बजेतिर युनिफर्म लगाएर गाडीमा ३ वटा तारा राखी आफैले गाडी चलाएर दरबार जान घरबाट निस्के । गाडीमा म एक्लै थिएं । म क्षेत्रपाटी चोक पुग्ने बेलामा पकनाजोल, क्षेत्रपाटी, ठमेल, नरदेवीतिरबाट आन्दोलनकारीहरू आएर क्षेत्रपाटीमा भेला भए । मैले एकछिन मोटर रोके । उनीहरू ठमेल हुँदै केशरमहल पुगे । जुलुस विशाल थियो । म पनि पछि-पछि लागेर दरबार जानका लागि केशरमहल पुगे । म दरबार जानुको कारण थियो, मेरो अफिसमा मैले पढिरहेका किताब लिने । म पश्चिम ढोकाबाट पस्न सक्थे । जुलुस कान्तिपथबाट रानी पोखरीतिर लाग्यो । म पनि कता जाँदा रहेछन् भनि पछि-पछि लागे । मलाई कुनै पनि डर थिएन । त्यो एरियाका सबैले मलाई चिन्थे । चिन्नुको कारण के थियो भने मैले ड्रग ग्याङ्देखि ठगी गर्ने पुलिसलाई समेत कारबाही गरेको थिएं ।

नक्सालतिरबाट झन् ठूलो जुलुस दरबारको दक्षिण मूलगेटतिर सोझियो । मैले मेरो गाडी होटेल उडल्याण्डमा राखे र भीडको रमाइलो हेरे । जुलुस आएर मेरो मुखमा अबिर दलिदियो । मैले सोचे, यिनीहरूका अगाडि उभिनु बहादुरी होइन । त्यसपछि म होटेलभित्र छिरे र आफ्नो मोटर लिएर एकेडेमीको पछाडिको बाटो भएर कमलपोखरी मोड हुँदै जय नेपाल सिनेमा हलतिरबाट गएर आफ्नो अफिस गएर किताब लिई घर फर्के । त्यो बेला मलाई मेरो भान्जा शंकरबहादुर केसीले फोन गरेर भन्नुभयो- 'यस्तो समयमा हजुर किन त्यस्तो ठाउँमा उभिनुभएको ? मामालाई त्यहाँ देख्दा त मेरो खुट्टा काँप्यो ।'

बिदा सकिएपछि म अफिस जान थाले । सरकारबाट लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा नयाँ सरकार गठन गरिबक्स्यो । काँग्रेस र एमाले अर्को सरकारको तयारीका लागि तम्तयार थिए । केही दिन राजदरबारमा बिताएपछि २०४७ साल जेठ महिनामा म सेवा निवृत्त भएँ ।

प्रस्तोता : मधुसूदन पाण्डेय

८१

वर्ष १६, अंक ७, २०७२ चैत १४ गते आइतबार २

जनमञ्च

संस्मरण– १४

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

दोस्रो विश्वयुद्धबारे मेरो अध्ययन :-

दोस्रो विश्वयुद्धबारे सूक्ष्म अध्ययन गर्दा मलाई ठूलो फाइदा भयो । बर्माको चिण्डविन नदीबाट अगाडि बढ्दै गएका गोर्खाली सैनिकहरूले बहादुरीपूर्वक शत्रुलाई लखेटेका थिए । मैले यसै विषयलाई लिएर कार्यपत्र बनाएको थिएँ । त्यसबेला युरोपमा जर्मनी र एसियामा जापान मात्रै औद्योगिक मुलुकका रूपमा चिनिन्थे । दोस्रो विश्वयुद्धमा जर्मनी, बेलायत, फ्रान्स एकातिर थिए भने जापान अर्कोतिर थियो । युद्धमा जापानी सेनाले कहाँ के गऱ्यो भनेर विशद् अध्ययन गर्नु मेरो जिम्मेवारी थियो ।

बर्माको चिण्डविन नदी कचिन प्रान्तको हुकावाङ उपत्यकाबाट उत्पत्ति भई १२०७ किलोमिटरको रूप लिएको छ । यसले बर्माको धेरै भू-भागलाई सिञ्चित गरेको छ । बर्मामा हमला गर्न भनी आएका जापानी फौजलाई गोर्खालीहरूले सोही ठाउँमा रोक्न सफल भएको हुँदा दोस्रो विश्वयुद्धको इतिहासमा यो नदी चर्चित बन्यो ।

सन् १९३७ को जुलाई ७ मा चीन र जापानबाट युद्ध आरम्भ गरिएपछि परिस्थिति बिग्रिँदै गएको थियो । सोही वर्ष जापानले नानजिंग कब्जा गऱ्यो । नानजिङलाई नानकिङ भनिन्थ्यो । सन् १९३८ जुलाई २८ मा सोभियत संघ र जापानबीच युद्ध भयो र जापानले २४ अक्टोबरमा क्यान्टन कब्जा गऱ्यो । १९४० मार्च ३० मा जापानले नानजिङमा कठपुतली सरकार बनायो । १९४१ अप्रिल १३ मा सोभियत संघ र जापानबीच सन्धि भयो तर पनि परिस्थितिचाहिँ सुध्रेन । १९४१ डिसेम्बर १७ मा जापानले अमेरिकाको पर्लहार्थर टापुमा हमला गऱ्यो ।

त्यतिबेला जापानी फौज उत्तरी मलाया (हालको मलेसिया) लागिसकेका थिए । त्यो क्षेत्रमा हजारौं गोर्खा सैनिकले ब्रिटिश सरकारको तर्फबाट भाग लिएका थिए । सयौं गोर्खाहरू युद्धपछि मलेसियाली युवतीहरूसँग विवाह गरेर उतै बसे । आज पनि मलेसियामा त्यस्ता परिवार भेटिन्छन् ।

१९४१ डिसेम्बर ११ मा जर्मनी र इटलीले पनि अमेरिकाविरूद्ध युद्धको घोषणा गरे । १६ डिसेम्बरमा जापानले बोर्नियो (ब्रुनाई) माथि आक्रमण गऱ्यो । डिसेम्बरमै हङकङले जापानसमक्ष आत्मसमर्पण गऱ्यो । जनवरी ४ देखि त जापानले उत्पातै मच्याउन थाल्यो । ठाउँ-ठाउँमा हवाई हमला गऱ्यो । इस्टइण्डियामा पनि जापानले छाडेन । बर्मामा पनि जापानी सेनाको आक्रमण तीव्र बन्दै गयो । त्यसैबेला अर्थात् १९४२ जनवरी २५ मा अमेरिकाले जापानका ६ वटा पानी जहाजहरू डुबाइदियो । यसरी युद्धको ताण्डवले विश्व आतंकित बन्यो । आर्थिक मन्दी बढ्दै गयो । भनिन्छ दोस्रो विश्वयुद्धमा ७० लाखभन्दा बढी मानिसहरूको मृत्यु भयो ।

जापानी सैनिक त्यतिबेला सबैका लागि सन्त्रासका विषय बनेका थिए । जापान र अमेरिकाबीच सिधा टक्कर चलिरहेको थियो । ब्रिटिश सेनाले पनि उसैलाई सघाएको अवस्था थियो । १९४२ फरवरी १५ मा जापानसमक्ष सिंगापुरले आत्मसमर्पण गऱ्यो । जापानले उत्तरी अस्ट्रेलियासम्म हवाई हमला गरिरहेको थियो । १९४२ मई ७ मा जापानी फौज न्यूगिनी कब्जा गऱ्यो । २३ मार्चमा जापानी फौज अण्डमान टापु प्रवेश गरे । श्रीलंकामा समेत जापानी फौजले हमला गरेर श्रीलंकालाई आतंकित बनाए । १९ अप्रिलमा जापानमाथि अमेरिकाले बम वर्षा गर्न थाल्यो ।

१९४४ मार्च ६ मा जापानले भारतमाथि समेत आक्रमण गऱ्यो । कोहिमा, इम्फालमा भीषण युद्ध भयो । १९४४ मे ७ मा जापानले चीनमाथि पनि आक्रमण गऱ्यो । यसरी संसारका कुना-कुनामा युद्धको सन्त्रास फैलिँदै गयो ।

१९४५ को अप्रिल १ मा अमेरिकी सेना जापानको ओकिनावा पुगेपछि परिस्थिति जटिल बन्यो । सोही वर्षको ५ अप्रिलमा जापानी प्रधानमन्त्री काइसोले राजीनामा गरेपछि सुजुकी प्रधानमन्त्री भए भने उता अमेरिकी राष्ट्रपति रूजबेल्टको निधन भएपछि ह्यारी एसटुमेन राष्ट्रपति भएर त्यसपछि जापानलाई आच्छुआच्छु पऱ्यो । १९४५ मे २० देखि जापानी फौज चिनबाट फर्किन थाल्यो । २ जुनमा अमेरिकाले औकिनावा कब्जा गऱ्यो । त्यसपछि परिस्थिति जटिल बन्दै गयो र ६ मे १९४५ मा अमेरिकाले जापानको हिरोसिमामा बमवर्षा गऱ्यो । रूसीफौज अवसर ढुकेर बसेका थिए । उनीहरूले पनि तत्काले जापानविरूद्ध युद्धको घोषणा गरिहाले । हिरोसिमामा खसाइएको आणविक बमका कारण जापान क्षतविक्षत भयो । त्यसको ३ दिनपछि नै अगस्त ९ मा अमेरिकाले अर्को बम नागासाकीमा खसाल्यो । भनिन्छ हिरोसिमा र नागासाकीमा गरी झण्डै डेढ लाख मानिसको मृत्यु भएको थियो । त्यत्तिकै संख्यामा घाइते भएका थिए । करोडौं डलरको आर्थिक क्षति भएको थियो । युद्धको भयावह दुष्परिणामका रूपमा आज पनि मानिसहरू हिरोसिमा र नागासाकीलाई सम्झिने गर्छन् ।

देहरादूनको सैनिक एकेडेमीमा मैले माथिका घटनाहरूका बारेमा लामो प्रवचन दिएको थिएँ । त्यो सुन्दा मेरा शिक्षक र साथीहरू समेत आश्चर्यचकित भएका थिए । मेरो अध्ययनबाट सबै प्रभावित भएका थिए । मैले धेरै मिहिनेतका साथ दोस्रो विश्वयुद्धबारे सामग्री सङ्कलन गरेको थिएँ ।

मेरा वंशजहरू दामोदर पाण्डे, कालु पाण्डे, वंशाराज पाण्डेलगायत धेरैले नेपालको एकीकरणदेखि आधुनिकीकरणसम्म ठूलो योगदान पुऱ्याएको छ । त्यसको प्रभाव मेरो जीवनमा पनि परेको छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहबाट नेपाल एकीकरणको अभियान प्रारम्भ गर्दा मेरा पुर्खाहरूले हत्केलामा प्राण राखेर सहयोग गरेका थिए । त्यसैले म आफै पनि सेनामा प्रवेश गरेर राष्ट्रका लागि योगदान गर्नुपर्छ भन्ने चेतनाबाट उत्प्रेरित भएको थिएँ ।

प्रस्तोता मधुसूदन पाण्डेय

वर्ष १६, अंक ८, २०७२ चैत २१ गते आइतबार
२
जनमञ्च

संस्मरण- १५

-ऋषिकुमार पाण्डे

अवकाशप्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

बाबाहरूसँगको संसर्ग :- त्रिभुवन विमानस्थलमा कार्यरत रहँदा मेरो जीवनमा केही आध्यात्मिक व्यक्तिहरूसँग सम्पर्क बढ्यो । ती मध्येका एक हुनुहुन्थ्यो शिवपुरी बाबा । शिवपुरी बाबा भारतको कर्णाटकका प्रसिद्ध विद्वान् हुनुहुन्थ्यो । विश्वको एक मात्र हिन्दू अधिराज्यमा आएर तप र ध्यान गर्ने उहाँको इच्छा भएकाले पशुपतिनाथको मन्दिरबाट दक्षिणपूर्वमा पर्ने वन क्षेत्रमा कुटी बनाएर बस्नुभएको थियो । उहाँ प्राणायाम र तपस्या गर्नुहुन्थ्यो । उहाँको आश्रममा नेपालका लब्धप्रतिष्ठित व्यक्तित्वको आवतजावत भइरहन्थ्यो । तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद प्रधानलगायत धेरै विशिष्ट व्यक्तिहरू आइरहन्थे । कहिलेकाहीं त तत्कालीन युवराज महेन्द्रको पनि सवारी हुन्थ्यो । मचाहि शिवपुरी बाबाको आश्रममा बारम्बार गइरहन्थे र उहाँसँग प्रश्नहरू सोध्थें । एकपल्ट मैले बाबासँग भनें- बाबा । म तपाईको अनुयायी बन्न चाहन्छु ।' उहाँले- पर्दैन, तिमीले आफ्नो कर्तव्यपालन गरे पुग्छ भनेर जवाफ दिनुभयो । मैले पुनः प्रश्न गरें- कस्तो कर्तव्य बाबा ? उहाँले भन्नुभयो- तीनवटा अनुशासनको पालना गर, शारीरिक, मानसिक र आध्यात्मिक । उहाँसँग मेरो वार्तालाप अंग्रेजीमै चल्थ्यो । उहाँले भनेका कुरालाई मैले आफ्नो डायरीमा लेखेर राखें । म उहाँका ती भनाइलाई हरेक दिन याद गर्थे । मानिस शारीरिक, मानसिक र आध्यात्मिक दृष्टिले स्वच्छ रह्यो भने अन्य कुनै पनि किसिमका तन्त्रमन्त्रको आवश्यकता पर्दैन भन्ने उहाँको आशय थियो । उहाँले १३७ वर्षको उमेरमा देहत्याग गर्नुभयो । त्यति लामो जीवन बाँच्ने मानिस मैले आजसम्म देख्न पाएको छैन ।

शिवपुरी बाबा प्रायः चुरोट खाइरहनुहुन्थ्यो । उहाँको मुखमा क्यान्सर भएको रहेछ । त्यसैले मुखलाई न्यानो पारिराख्न म चुरोटको धुवाँ प्रयोग गर्छु भन्ने हुन्थ्यो । दिनमा १०-१२ वटासम्म चुरोट खानु हुन्थ्यो । चुरोट पनि जुन पायो त्यो हैन । श्री ३ महाराजहरूले खाने महँगो चुरोट खानु हुन्थ्यो । उहाँका बारेमा अनेकौं किम्वदन्तीहरू मैले सुनेको छु । उहाँले हरियो पात छुँदा सुन हुन्छ भन्थे मान्छेहरू । मैले उहाँसंग कहिल्यै केही मागिनं । यद्यपि हरेक मान्छे उहाँसँग केही न केही माग्नकै लागि आउँथे । उहाँको सुविधाका लागि म हरसम्भव प्रयत्नशील रहन्थे ।

पशुपति क्षेत्रमा विभिन्नथरिका बाबाहरू थिए । गर्मीयाममा बाग्मतीमा पानी कम भएका बेला खाल्टो खनेर स्वच्छ पानीमा स्नान गर्ने एक जना बाबा पनि थिए । तिनलाई स्थानीय मानिसहरू 'बालुवा बाबा' भन्थे । पशुपतिको-मूलगेटमन्दा बायाँतिर अर्को बाबा बस्थे । उनी एउटा रुखमा काठको पिंड बनाएर सानो तराजु जस्तो काठमा बसिरहन्थे । तिनलाई मानिसहरू खडानन्द बाबा भन्थे । मानिसहरू यो पनि भन्थे कि उहाँले जमिन नछुने प्रण गर्नुभएको छ ।' ती बाबाको हाउभाव हेर्दा भूपू सैनिक हुन् कि जस्तो पनि लाग्थ्यो । मैले ती बाबालाई सैनिकले लगाउने मोजा उपहार दिएको थिएँ ।

सिद्धबाबा भन्ने अर्को पनि बाबा त्यहाँ बस्नुहुन्थ्यो । उहाँ कसैसँग केही नमाग्ने । असाध्यै सोझो प्रवृत्तिको हुनुहुन्थ्यो । उहाँलाई जान्ने मान्छेहरू भन्थे- त्रिभुवन विमानस्थल छेउमा उहाँको सयौं रोपनी जमिन थियो । उहाँको परिवारले गुठीहरू राखेका थिए, कुन्नी के कारणले उहाँ जोगी हुनुभएछ । आफूलाई कसैबाट प्राप्त भएको भेटी समेत उहाँले सहयोगीहरूलाई बाँडिदिनु हुन्थ्यो । कुनै लोभ नभएका । मारवाडी र व्यापारीहरूले दिएको कुनै पनि कुरा उहाँ स्वीकार्नुहुँदैन थियो । जिंग्रिंग कपाल र लामो दाह्री भएका ती बाबालाई मैले आफ्नो ब्यारेकमा बोलाएर नुहाउन लगाएं । दाह्री कपाल काटेर चिटिक्क बनाइदिएँ । त्यसपछि त उहाँ एकदमै सुन्दर पो देखिनुभयो । कैयौं दिनदेखि ननुहाएको र दाह्री कपाल नकाटेको टिठलाग्दो रूप देखेपछि मैले उहाँको रूप परिवर्तन गराएको थिएँ ।

एक दिन म र मेरी श्रीमती गीता पशुपति दर्शन गर्न गएका बेला उहाँले हामीसंग केही माग्नुभयो । हामीले उहाँलाई केही खाने कुरा किनेर खुवायौं । २०४९ सालतिर एकपल्ट पशुपतितिर घुम्न जाँदा आर्यघाटको दक्षिणतिर एउटा लास जलिरहेको देख्यौं । मानिसहरूसँग सोध्दा थाहा भयो त्यो त उनै सिद्ध बाबाको पार्थिव शरीर पो रहेछ । साह्रै दुःख लाग्यो । टाढैबाट नमस्कार गरेर उहाँलाई अन्तिम श्रद्धाञ्जली दिएँ ।

२०११ सालतिर पशुपति क्षेत्रमा एकजना अघोरी बाबा पनि बस्नुहुन्थ्यो । उहाँको नाम रामदास थियो । उहाँ श्मसानघाटमै बस्नुहुन्थ्यो । उहाँ तन्त्रमन्त्रमा पारंगत हुनुहुन्थ्यो । उहाँलाई भेट्न थुप्रै व्यापारीहरू पुग्थे । उहाँ अग्लो हुनुहुन्थ्यो । कालो लुगा लगाउनुहुन्थ्यो । मान्छेको खप्परलाई थाल बनाएर त्यसमै खानु हुन्थ्यो भन्ने कुरा मलाई ऋषिविक्रम राणाले सुनाउनु भएको थियो । ऋषिविक्रमले के पनि सुनाउनु भएको थियो भने बाबाले त्यही खप्परमा दिसा गर्नुहुन्थ्यो जो एक छिनमै खिरका रूपमा परिणत हुन्थ्यो । त्यो खिर मैले पनि खाएको छु ऋषि विक्रम भन्नुहुन्थ्यो । उहाँ बाबालाई भेट्न राति-राति जानुहुन्थ्यो । धेरै मानिस उहाँलाई भेट्न गइरहने हुनाले अनेकौं कुरा बाहिर आउँथे । अघोरी बाबासँग राजा महेन्द्रसँग पनि राम्रो सम्बन्ध थियो भनिन्छ । एक पटक राजा महेन्द्रको पश्चिमाञ्चल भ्रमणका समयमा अघोरी बाबाले राजाको अघि-अघि मान्छेको नलीहाड फुक्दै हिंडेको कुरा मानिसले मलाई बताएका थिए ।

वासुकी मन्दिर वरिपरि पनि थुप्रै बाबाहरू बस्थे । नामचाहिं मैले बिर्से । पशुपतिनाथ र गुह्येश्वरीको दर्शन गर्न जाँदा मैले आफ्ना बाजेका समकालीन मित्रहरू पनि भेट्ने गर्थे । मेरा बाजे, बराजुले पशुपति क्षेत्रमा थुप्रै पाटिपौवा र मूर्तिहरू स्थापना गर्नुभएको थियो । मेरो पूर्वज भोटु पाँडे र शुत्र मञ्जन पाण्डेले मात्र हैन मेरा हजुरबुबा विष्णुकुमार पाण्डेले समेत पशुपति क्षेत्रमा धेरै कृति राखेको हुँदा सो क्षेत्रप्रति मेरो भावनात्मक सम्बन्ध थियो र छ । पशुपति मन्दिरकै छेउमा भोटु पाण्डेको शालिक अहिले पनि छ । श्री ५ रणबहादुर शाहको मूर्ति उहाँले नै स्थापना गराउनुभएको थियो । टाढा-टाढाबाट पशुपति दर्शन गर्न आउने तीर्थयात्री तथा भक्तजनको सुविधाका लागि हाम्रो परिवारले पशुपतिनाथ क्षेत्रमा सयौं वर्ष अघिदेखि धेरै योगदान गरेको छ ।

प्रस्तोता : मधुसूदन पाण्डेय

जनमञ्च साप्ताहिक पत्रिका

१

बाघ बूढो भएपछि

स्वतन्त्र चिन्तन

मधुसूदन पाण्डेय

भनिन्छ, बाघ बूढो भएपछि स्यालले समेत जिस्क्याउन थाल्छ । हैन भने बाघलाई जिस्काउने त के, कोशौं टाढा भाग्छन् जंगलका जीवजन्तु । मानिस समेत नजिक पर्ने आँट गर्दैनन् । आज त्यही भइरहेको छ, क्षेत्रपाटी निवासी पूर्वरथि ऋषिकुमार पाण्डेको जीवनमा ।

ऋषिकुमार यतिबेला उमेरले ८३ टेकेका छन् । नेपालीका सन्दर्भमा भन्नुपर्दा यो उमेर बोनसको जीवन हो । आरामले छोरा, नाति खेलाएर बस्ने उमेर हो तर ऋषिकुमारप्रति यतिबेला समयले क्रुर खेलबाड गरिरहेको छ । कुनै बेला नेपाल सरकारका उच्चपदस्थ व्यक्तिहरूले समेत आँखामा आँखा जुधाएर हेर्न सक्दैनथे । अदबका साथ बोल्थे । घर टोलदेखि दरबारसम्म दबदबा थियो उनको । आज उनै ऋषिकुमारसँग टोल छिमेकका हुल्याहाले समेत टेर्न छाडेका छन् । जसको तीनपुस्ताले राष्ट्रको सेवा गऱ्यो । शासक वर्गको सेवा गऱ्यो । राष्ट्रको उन्नतिमा आफ्नो सम्पूर्ण रगत बगायो तीनैसँग आज तल्लो तहका सरकारी कर्मचारीले समेत दगा गरिरहेका छन् । निम्न वर्गका व्यक्तिले समेत कष्ट पुऱ्याउने दुस्साहस गरिरहेका छन् । नुवाकोटको सूर्यमति गाविसस्थित यिनको जग्गा जो २०३५ सालदेखि नै यिनको स्वामित्वमा थियो त्यसमा आज मुद्दा चलिरहेको छ । त्यहाँको जग्गामा निर्माण गरिएको उनको दरबार माओवादी आतंकका समयमा सामन्तवादको किल्ला तोड्ने भन्दै भत्काइयो, काठ ईंटा अन्नपात सबै लुटियो । उनको त्यहाँस्थित सम्पूर्ण जग्गा हडप्ने काम भएको छ । यो जग्गाको स्वामित्वलाई लिएर हाल पुनरावेदन अदालतमा मुद्दा चलिरहेको छ । एक पटक पुनरावेदन अदालतले जिताइदिएको मुद्दा पनि सर्वोच्चबाट पुनः पुनरावेदनले नै हेर्नू भनी पुनरावेदनमा नै फिर्ता पठाइएको अवस्था छ । यसरी ऋषिकुमारको वृद्ध शरीरले यतिबेला मुद्दाको तारिख खेपिरहेको अवस्था छ । सर्वोच्च पुगेको मुद्दा जसले टुंग्याइदिएको भए आज तारिख त बोक्नुपर्दैनथ्यो उनलाई ।

बूढो बाघलाई जिस्क्याउने काम नुवाकोटमा मात्रै भएन । उनकै जन्मस्थान अझ भनौं, हालको बसोबास रहेको स्थनमा समेत भएको छ । पुर्खौंदेखि उनीहरूले भोगचलन गर्दै आएको, उनैले कुत तिर्दै आएको जग्गाको बाटोलाई लिएर उनीमाथि मानसिक तनाव सिर्जना गर्ने काम भएको छ । गोर्खा हस्पिटल एण्ड रिसर्च इन्स्टिच्युटका नाममा उनका छोराले बिक्री गरेको घरले नै आज उनलाई सताइरहेको छ । गोर्खा हस्पिटललाई बिक्री गर्दा भएको सहमतिअनुसार उनको निजी बाटो हुँदै अस्पतालसम्म जानका लागि ऋषिकुमारले कुनै रोकतोक नगर्ने सहमति भएको थियो । यसरी त्यो बाटोलाई साझा बाटोको रूपमा परिणत गरिएको थियो । लालपुर्जामा समेत त्यो बाटोलाई साझा बाटो नै भनी किटान गरिएको छ । २०६९ चैतमा अकस्मात् गोरखा अस्पतालका तर्फबाट संगीता तामाङले रामनवमी विदाको दिन पारेर नापी शाखाबाट अमिन ल्याई नापजाँच गराई उक्त साझा बाटोलाई निजी बाटो बनाउने प्रयास गरिन् । पहिलेको साझा बाटो भनी लेखिएको प्रमाण कागज मालपोत कार्यालय डिल्लीबजारबाटै गायब पारियो ।

उनी यति बेला यहि बाटोको विषयलाई लिएर अर्को तनावमा छन् । संगीता तामाङले केही भाडाका गुण्डाहरू लगेर धनसम्पत्ति तथा जिउधनमाथि नै क्षति पुऱ्याउने धम्की समेत दिइन् । उनले आफ्नो जिउधनको सुरक्षा गरी पाऊँ भनी प्रमुख जिल्ला अधिकारीदेखि गृहमन्त्रीसमक्ष निवेदन दिनुपर्ने स्थिति आयो । कुनै बेला सिंगो राष्ट्रको सुरक्षाका लागि रगत पसिना बगाएको राष्ट्रसेवकलाई ८३ वर्षको उमेरमा आफ्नै ज्यानको सुरक्षाको माग गर्दै हिँड्नुपर्ने स्थिति सिर्जना हुनु निश्चय नै लाजमर्दो कुरा हो । मुलुककै लागि लाजमर्दो कुरा हो । मुलुकमा 'ल एण्ड अर्डर' भरपर्दो छैन भन्ने ज्वलन्त नमूना हो ।

कुरो यतिमा मात्रै टुंगिंदैन । निज पाण्डेको निवास प्रवेश गर्ने मार्ग समेत यतिबेला छिमेकीहरूका तर्फबाट अतिक्रमण गरिएको छ । का.म.न.पा वडा नं. १७ क्षेत्रपाटी निवासी वसुन्धरा श्रेष्ठले घर निर्माण गर्दा पाण्डेको निजी बाटोतर्फ 'ओभरल्याप' गरी टप निकालेका छन् । यस सम्बन्धमा पाण्डेले वडामा तथा महानगरपालिकामा समेत उजुरी दिए । वडाबाट ओभरसियर खटाई स्थलगत निरीक्षण गरी प्रतिवेदन पेस गर्न ज्ञानकुमार सुवेदीलाई पठाइयो । उसले अध्ययन गरी दिएको प्रतिवेदनमा वसुन्धरा श्रेष्ठको साविकको जग्गाभन्दा हाल बढी देखिएको, पाँचतलाको नक्सा पास गरी सात तला निर्माण गरेको, तेस्रो तलाको नक्सा पासभन्दा बढी दक्षिण र पूर्वतर्फ टप निकालेको, चौँथो तलामा पनि पारित नक्साभन्दा बढी टप निकालेको, घरको उचाइ पनि मापदण्डविपरीत उठाएको प्रतिवेदन वडामा बुझाएका छन् । महानगरपालिकाले अझैसम्म पनि यस्तो गैरकानुनी कार्य गर्ने श्रेष्ठमाथि कारबाही नगर्नुलाई मिलेमतो अथवा अर्थको लेनदेनले प्रभाव पारेको हो भन्ने कि नभन्ने ?

स्थानीय निकायको निर्वाचन लामो समयदेखि हुन नसकी कर्मचारीले स्थनीय निकायलाई चलाइरहेको बेला यस्ता गैरकानुनी रूपमा ठडिएका संरचना भत्काउनुपर्दैन ? निर्लज्ज रूपमा टुलुटुलु हेरेर महानगरपालिका किन बसेको छ ? महानगरपालिकाका वर्तमान कार्यकारी प्रमुख अर्याल समेत लेनदेनको चलखेलबाट चुप लाग्न विवश भएका हुन् भनेर सर्वसाधारणले बुझ्ने कि नबुझ्ने ?

कार्यकारी प्रमुख अर्यालको मौनता यसमा मात्रै सीमित छैन । रथि पाण्डेको घरको उत्तरतर्फको बाटोमा समेत प्रश्न गर्नुपर्ने स्थिति छ । क्षेत्रपाटीबाट ढल्को निस्कने उक्त बाटो यतिबेला हिँडी नसक्नु धुलाम्मे छ । बाटाको छेउको नालीमाथि व्यक्तिले पेटी बनाएका छन् । घना बस्तीभित्रका बाटामा ढुंगा छाप्नुको साटो असार मसान्तमा बजेट सिध्याउने हिसाबले कालोपत्रे गर्ने योजनामा छ । नेपालका ठेकेदारले बनाएका कालोपत्रे एक वर्ष हुन् भन्ने सबैलाई थाहा छ । वर्ष-वर्षमा भत्किने बाटो बनाउँदा ठेकेदार तथा महानगरका कर्मचारी दुवै मालामाल हुन्छन् भन्ने पनि सबैलाई थाहा छ । ढुंगा छाप्दा टिकाउ हुने र कमिसनको खेल बन्द हुने भएकाले होला असनभित्र ढुंगा छाप्ने काम भइरहँदा क्षेत्रपाटीमा कालोपत्रे अभियान छ । यसलाई सर्वसाधारण जनताले कसरी बुझ्ने ? हुन त ढुंगा छापे पनि कमिसनै आउँछ, कालोपत्रे गरे पनि कमिसनै आउँछ तर कालोपत्रेबाट बारम्बार आउँछ भने ढुंगा छाप्दा एकबार आउँछ । त्यसैले होला त्यस क्षेत्रका जनताको चाहना महानगरपालिकाले ढुंगा छापिदिए हुन्थ्यो भन्ने हुँदा-हुँदै पनि महानगरपालिकाचाहिँ कालोपत्रेमै लागेको छ । यो पनि महानगरपालिकाको हेपाहा तथा बलमिच्याइँ प्रवृत्ति हो ।

एउटा उखानै छ बलेको आगो सबैले ताप्छन्, निभेकोलाई कसले ताप्छ र । बाघ बूढो भएपछि स्यालले समेत जिस्क्याउन थाल्छ । आज क्षेत्रपाटीको तीन पुस्तादेखिको बलिष्ठ 'शेर' बूढो भएको छ । तीन पुस्तादेखि सबै जीवजन्तु उसका आँखा देख्दै थर्कमान हुन्थे तर आज दक्षिणतर्फबाट तामाङले र उत्तरतर्फबाट श्रेष्ठले उसलाई गिज्याइरहेका छन् । उनी फिराद गर्दै हिँडेका छन् । न त महानगरपालिकाले सुन्छ । न त जिल्ला प्रशासनले सुन्छ । न त मन्त्रालयले सुन्छ । न त पुनरावेदन अदालतले मुद्दा छिन्छ । यी सबै निकायलाई लागेको होला बूढो बाघको आयु नै कति छ र व्यर्थमा समय खेर फाल्नु । बुझ्नुपर्ने कुरा यति मात्रै हो कि न्याय पाउनु हरेकको नैसर्गिक अधिकार हो । न्याय नदिने मुलुकमा बस्नु र नर्कमा बस्नु उस्तै-उस्तै हो । त्यसमाथि वृद्ध उमेरमा अन्याय हुँदा मुलुकको न्याय प्रशासन पनि छरितो हुनुपर्थ्यो । आशा गरौं, ढिलै किन नहोस्, बूढो बाघलाई चिथोर्ने धृष्टता गर्ने स्यालहरू अवश्य ठेगा [illegible] नेछन् ।

> बुझ्नुपर्ने कुरा यति मात्रै हो कि न्याय पाउनु हरेकको नैसर्गिक अधिकार हो । न्याय नदिने मुलुकमा बस्नु र नर्कमा बस्नु उस्तै-उस्तै हो ।



वर्ष १६, अंक २१, २०७३ असार १२ गते आइतबार ३

"जनमञ्च"

फरक प्रसङ्ग

-मधुसूदन पाण्डेय

आधुनिक नेपालको निर्माणमा पाण्डे घरानाको योगदान

आधुनिक नेपालको निकटपूर्णकालदेखि नै नेपालको निर्माणमा पाण्डे घरानाको उपस्थिति र योगदान महत्वपुर्ण रहँदै आएको छ । गोरखा जिल्लाको छोप्राक बेलबास गाउँ निवासी गणेश पाण्डेले गोरखाका खड्का थरका राजालाई पदच्यूत गरी वि.सं. १६१६ भदौ २५ गते द्रव्य शाहलाई गोरखाको राजगद्दीमा बसाल्न सफल भएका थिए । त्यतिबेला गणेश पाण्डे २० वर्षका मात्र थिए । द्रव्य शाहलाई गद्दीमा बसालेपछि यिनी मन्त्रीपदमा नियुक्त भएका थिए । यसरी यिनी गोरखाका शाहवंशका प्रथम प्रधानमन्त्री बन्न सफल भए ।

अर्का हरिचरन पाण्डे वि.सं. १७२७ सालमा पृथ्वीपति शाह गोरखाका राजा हुँदा उनका योग्य भारदार भइसकेका थिए । मकवानपुर विजय गर्न राजा पृथ्वीपति शाहले यिनकै नेतृत्वमा २२० जनाको गोर्खाली फौज पठाएका थिए । मकवानपुर विजय गरेर फर्केपछि पृथ्वीपति शाहले यिनलाई स्याबासीका साथ मकवानी पदवी र सरदारी मान दिएका थिए ।

हरिचरणपछिको केही कालखण्डसम्म पाण्डेहरूको पराक्रमबारेमा खासै उल्लेख भएको पाईंदेन । पृथ्वीपति शाहको अन्त्यकालतिर चाहिँ भीमराज पाण्डेको नाम चलिसकेको थियो । गोरखाका छ थर घर (पाण्डे, अर्याल, खनाल, राना, बोहरा)का बीचको बृहत् पञ्चायतसभामा भाग लिनेमा यिनैको नाम अगाडि आउँछ । पृथ्वीपति शाहपछि कसलाई राजा बनाउने भन्ने विषयमा छलफल गर्न बसेको पञ्चायतमा एकथरिले रोलक्रमका व्यक्ति काना भएको भन्दै रोलक्रम भिन्न खोज्दा रोलक्रम मिचेर राजा बनाउन पाईंदैन भनेर यिनैले अडान लिएका कारण रोलक्रममा परेका छोरा कानानै भए पनि राजा बन्ने अवसर पाएका थिए । यस्तो सल्लाह दिने भीमराज त्यतिबेला ३०/३२ वर्षका मात्रै थिए ।

पाण्डेहरू वीर योद्धा पनि थिए । राम्रा सल्लाहकार पनि थिए । कुशल गुप्तचर पनि थिए । योगाभ्यासी थिए । विद्वत् परम्पराका पनि थिए । गोकुल विलास पाण्डे एक योगाभ्यासी थिए । यिनले नरभूपाल शाहलाई गायत्री मन्त्र र महाविद्याको मन्त्र सुनाएका थिए । यिनले नरभूपाल शाहलाई असल सन्तान प्राप्त होस् भनी गुह्येश्वरी, दक्षिणकाली, वज्रयोगिनी तथा पाटनकी पाटेश्वरी आदि शक्तिपीठहरूमा गई आराधना समेत गरेका थिए भन्ने कुरा पृथ्वीन्द्र वर्णनोदय काव्यमा उल्लेख छ ।

पृथ्वीनारायण शाह युवराज छँदा कालु पाण्डे समर्थवान् भइसकेका थिए । त्यसैले यिनी पृथ्वीनारायणले पत्याएका व्यक्ति थिए । त्यतिबेला दुस्मनका रूपमा रहेको लम्जुङसँग मित्रता कायम गर्ने अभिभारा पृथ्वीनारायण शाहले यिनैलाई दिएका थिए । त्यसमा यिनी सफल पनि भए । त्यो कार्यमा सफलता प्राप्त गरेका कारण यिनलाई प्रधान काजी पद दिइयो । नुवाकोटको विजय अभियानमा एउटा फौजको नेतृत्व यिनैलाई दिइएको थियो । त्यसमा पनि यिनलाई सफलता प्राप्त भयो । बल्कोट, लामीडाँडा, नाल्दुम महादेव पोखरीजस्ता युद्धमा कालु पाण्डेले नै नेतृत्व गरेका थिए । कीर्तिपुर आक्रमण गर्ने पृथ्वीनारायण शाहको योजनामा कालु पाण्डेले उपयुक्त समय नभएको भन्दै विरोध जनाएका थिए तर पृथ्वीनारायण शाहले कालु पाण्डेलाई युद्ध गर्न डराएको भन्ने आरोप लगाएपछि कालु पाण्डेकै नेतृत्वमा कीर्तिपुर आक्रमण गरिएको थियो । यसै युद्धमा ४४ वर्षको उमेरमा उनले वीरगति प्राप्त गरेका थिए । यसैबाट पनि स्पष्ट हुन्छ कि कालु पाण्डेको विरोध सही थियो ।

कालु पाण्डेका जेठा छोरा वंशराज र कान्छा छोरा दामोदर दुवैले काजी पद प्राप्त गरेका थिए । १८४२ वैशाख १२ गतेको भण्डारखाल पर्वमा वंशराज पाण्डे काटिएका थिए भने १८६० मा दामोदर पाण्डेलाई भद्रकालीमा काटिएको थियो । शाहवंशकै उटपट्याङ भारदारहरूको सल्लाहमा त्यस्तो जघन्य कार्य भएको थियो ।

तुलाराम पाण्डे, जगजित पाण्डे, रणजित पाण्डे, रणजंग पाण्डे सबैले काजी पद प्राप्त गरेका थिए । तुलाराम दहचोकको युद्धमा मारिए । रणजंग मन्त्रीसम्म भए । यिनलाई भीमसेन थापाको हत्याको अभियोग लगाई विष खुवाएर मारियो ।

रणबम पाण्डे तत्कालीन नेपालका प्रमुख प्रशासक थिए । यिनी १९०० मा काटिए । ललितबम पाण्डे भद्रकालीमा काटिए । करवीर पाण्डे श्मशानघाटमा काटिए । कनकसिंह पाण्डे र रणकेशर पाण्डे काजी भए । कुलराज पाण्डे सुपरदारसम्म भए ।

काजीको दर्जासम्म पुगेका दलभञ्जन पाण्डे भीमसेन थापाको मन्त्रीमण्डलमा मन्त्रीसम्म भए । ब्रिटिस इस्टइन्डिया कम्पनीले बुटवल स्यूराजमाथि दाबी गर्दा त्यसको वार्ता टाढीमा नेपालका तर्फबाट यिनैले भाग लिएका थिए । उक्त वार्तामा नेपाल सरकारका प्रतिनिधिलाई अपमानजनक व्यवहार गर्दा यिनी वार्तास्थल त्यागेर काठमाडौं फर्केका थिए ।

अंग्रेजहरू नेपालमाथि आक्रमण गर्न चाहन्थे र भीमसेन थापा पनि त्यस्तै मनस्थितिमै थिए तर यिनी चाहिँ युद्धको परिणाम आफ्नो पक्षमा आउन नसक्ने ठानी भरसक युद्ध टार्न चाहन्थे । पछि युद्ध पनि भयो । त्यसको परिणाम सुगौली सन्धि हो । त्यसबाट पनि स्पष्ट हुन्छ कि दलभञ्जन पाण्डेको विश्लेषण कति सही थियो । यिनी १९०३ मा कोतपर्वमा मारिए ।

लक्ष्मीनारायण पाण्डे १८०१ को नुवाकोटको युद्धमा लडेका योद्धा हुन् । यिनी सरदारको पदसम्म पुगे । जम्बर पाण्डे गोरखाली सेनाका अत्यन्तै विश्वासिला भारदार थिए । शिरानचोक युद्धका समयमा यिनले वीरगति प्राप्त गरे । जोधसिंह पाण्डे सरदार थिए । उनी पनि शिरानचोक युद्धका सिलसिलामा मारिए । भैरव बहादुर, श्यामलाल, रणगम्भीर, जंगकेशर सबै वीरयोद्धा थिए । नेपाल निर्माणमै यिनीहरूले आफ्नो ज्यान गुमाए ।

गौरीदत्त पाण्डे तत्कालीन दरबारका महापण्डित हुन् । यिनी सेनवंशी राजा त्रिविक्रम सेन र नरभूपाल शाह दुवैका गुरु हुन् । त्रिविक्रम सेनलाई पृथ्वीनारायण शाहले दण्ड दिँदा यिनैको सहयोग लिएका थिए । संस्कृत साहित्यका पुरन्धर विद्वान् विजयराज पाण्डे जंगबहादुर राणाका गुप्तचर थिए । यिनी कथा पुराण सुनाउँथे । कोतपर्वबाट उदाएका जंगबहादुरलाई भण्डारखाल पर्वबाट सिध्याउने योजनाको सुराक जंगबहादुरसमक्ष यिनले नपुर्याएको भए षड्यन्त्रकारीहरू सफल हुने थिए । त्यसैको पारितोषिकस्वरूप जंगबहादुरले विजयराज पाण्डे र उनका सन्तान दर सन्तानलाई राजगुरुको पद दिएका थिए । वाणी विलास पाण्डे आजभन्दा २४० वर्षअघि नै आठ कृतिको रचना गर्न सफल लेखक हुन् ।

दल बहादुर पाण्डे, सर्वजित पाण्डे, जगवीर पाण्डे, सिंहवीर पाण्डे, कीर्तिध्वज पाण्डे यी सबै आधुनिक नेपाल निर्माणका योद्धा थिए । फत्ते बहादुर पाण्डे श्रीनाथ रामदल गणबाट प्रथम विश्व युद्ध लडेका योद्धा हुन् भने लप्टन मिनबहादुर पाण्डे दोस्रो राइफल बटालियनबाट दोस्रो विश्वयुद्ध लडेका व्यक्ति हुन् । कप्तान वीरकेशर पाण्डे र लप्टन सिंहवीर पाण्डे १८७१/१८७२ को एंग्लो नेपाल युद्ध लडेका योद्धा हुन् । सरदार दलभञ्जन पाण्डे कांगडा र एंग्लो नेपाल युद्ध लडेका योद्धा हुन् ।

भोटु पाण्डे कपर्दार पदसम्म पुगे । यो पद भनेको हात (हतियार निर्माण गर्ने कार्यशालाको हाकिम पद हो । यिनले भोट र मैदुगको युद्ध लडेका थिए । यही लडाईमा यिनी चिनियाँ फौजबाट गिरफ्तार भई सातवटा ताला लगाई बन्दी बनाइएका थिए । यिनी निकै सम्पन्न व्यक्ति थिए । यिनको सुनको डेढ फिट अग्लो प्रतिमा नरदेवी मन्दिरमा स्थापना गरिएको छ । त्यो प्रतिमालाई हरेक वर्षको नरदेवी नाचमा प्रदर्शन गरिन्छ ।

यस्ता थुप्रै पाण्डेहरूको रगत र पसिनाले आधुनिक नेपालको निर्माण भएको हो । कसैले युद्ध लडे, कसैले आफ्नो विद्वत्ताका माध्यमबाट सहयोग गरे, कसैले गुप्तचरी गरेर ठूला दुर्घटनाबाट बचाए । सबैको विवरण समावेश गर्न यहाँ सम्भव छैन ।

पाण्डेहरूको इतिहास अन्वेषणका क्रममा यस पंक्तिकारले नेपाल अधिराज्यभरिका एककाइस गोत्रका पाण्डेहरू फेला पारेको छ । नेपालभरि जहाँ गए पनि पाण्डेहरूको बसोबास नभएको कुनै जिल्ला छैन । पाण्डेहरूले पौडे, पाण्डे, पाण्डेय, लेखक, इटनी, बडु, लौडारी, शर्मा, गुरुपसाना, मगर, बिष्ट, उपाध्याय, पण्डित, भूमिहार, मौआर, आदि थर लेख्ने गर्छन् । भूमिहार र मौआर पाण्डेहरू मधेसी समुदायभित्र पर्छन् । धादिङको ज्यामरुकोटका पाण्डेहरूले पारेको ईहाले गोरखा दरबार बनेकाले राजा नरभुपाल शाहले उनीहरूलाई इटनी लेख्न भनेकाले उनीहरूले इटनी थर लेख्न थालेका हुन् । भारतको पिथौरागढका चन्द राजाको दिवान भएर बसी बहीखाताको काम गरेकाले डोटीतिरका पाण्डेहरूले लेखक लेख्न थाले । दार्चुलाका पालराजाहरूले राजपदवीस्वरूप बिष्ट थर लेख्न दिएकाले दार्चुलातिरका पाण्डेहरूले बिष्ट लेख्न थाले । गुल्मीको हर्मिचौरमा पाण्डे मगर लेख्ने पाण्डेहरू पनि छन् । उनीहरू भन्छन्, हामीहरू मगनीतिरबाट जन्मेकाले मगर लेख्न थाल्यौं । यसरी अनेकौं थर र गोत्रका पाण्डेहरू छन् ।

पृथ्वीनारायण शाहलाई एकीकरण अभियान चलाउँदा थुप्रैको ज्यान जान सक्छ । सगोत्रीको हत्या हुनसक्छ । गोत्रहत्या ठूलो पाप हो । त्यसैले गोत्र परिवर्तन गर्नु राम्रो हुन्छ भनी सल्लाह दिनेदेखि कीर्तिपुर आक्रमण गर्ने बेला भइसकेको छैन । हतारमा गरिएको आक्रमणको नतिजा हाम्रो पक्षमा नआउन पनि सक्छ भनी परिपक्व सल्लाह दिने पनि पाण्डे नै थिए । त्यसैगरी अंग्रेजहरूसँग युद्ध गर्नुभन्दा मिल्नु राम्रो हुनेछ । युद्धको नतिजा हाम्रो पक्षमा आउनेछैन भनी भीमसेन थापालाई बुद्धिमत्तापूर्ण सल्लाह दिने पनि पाण्डेहरू नै थिए । कालान्तरमा ती सबै सल्लाह कति सत्य साबित भए ?

नेपालका पाण्डे घरानाको गुरुपरम्परा पनि शाहकालदेखि मात्र नभई सेनवंशदेखि नै चल्दै आएको छ । त्यसको चर्चा माथि भइसकेको छ । राष्ट्र निर्माणमा यत्रो योगदान पुर्याएका पाण्डेहरू बेला-बेलामा दरबारिया दुश्चक्रमा परी मुला काटेझैं काटिए । नेटो कटाइए । रौरव यातना भोग्न बाध्य भए । घरबारविहीन बनाइए । सर्वस्व हरणमा परे । त्यसको चर्चा पनि माथि भइसकेको छ ।

नेपालमा प्रजातन्त्रको क्रान्तिकालमा पनि आफूलाई आहुति दिन पाण्डेहरू पछि परेनन् । माओवादीका दश वर्षे द्वन्द्वमा पनि धेरै पाण्डेहरूको रगत बगेको छ । नेपालको विद्वत् परम्परामा पनि पाण्डेहरू अग्रस्थानमै छन् । समग्रमा भन्नुपर्दा नेपालको ऐतिहासिक, सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक हरेक क्षेत्रमा पाण्डेहरूको योगदानलाई बिर्सिन सकिँदैन र अनादर गर्न पनि मिल्दैन ।

९६ जनमञ्च साप्ताहिक पत्रिका

वर्ष १५, अंक २९, २०७२ भदौ १३ गते आइतवार

गुण्डाराजमा राष्ट्रसेवकको हविगत

स्वतन्त्र चिन्तन

मधुसूदन पाण्डेय

> गुण्डाहरु त पञ्चायतकालमा पनि हुन्थे तर तिनले विपक्षीहरुलाई मत्रै निशाना बनाउथे । गणतन्त्र कालमा त गुण्डाहरु आफ्नै दलका नेतामाथि नै कालोमोसो दल्ने, जुत्ताको माला लगाइदिनेदेखि ज्यानै लिनेसम्मका कुकृत्य गरिरहेका छन् । कुनै पनि गुण्डा न राष्ट्रको हुन्छ न दल विशेषको । गुण्डा गुण्डा नै हो । जनताको प्रश्न छ - गुण्डाराज कहिलेसम्म ? कानुनीराज आउने कहिले ? पाण्डेजस्ता राष्ट्रसेवकले चयनको निद्रा सुत्ने कहिले ? वेलावेलामा प्रहरीसँगको मुठभेडमा केही गुण्डाहरु नमारिएका पनि हैनन् तर तिनको पहुँच कहाँसम्म हुँदो रहेछ भन्ने कुरा एउटा गुण्डा नाइकेको दिनेश अधिकारी 'चरी' मारिंदा सदनमा सभासद् राजेन्द्र पाण्डेले आँशु तिहाएर भने अर्को गुण्डा नाइके घैंटे मारिदा सभासद् जगदीश्वरनरसिंह के.सी.ले आँशु चुहाएकाले प्रष्ट पारेको छ ।

यसै साप्ताहिकको वर्ष १५ अंक २४ मा स्तम्भकारको एक लेखमा भारत देखि नेपालसम्मका केही चर्चित, कुख्यात वावाहरूका कर्तुतको पर्दाफास गरिएको थियो । तिनै मध्येका एक बाबा कृष्णदासजी महाराजका नामले चर्चित बाबाका वारेमा थप चर्चा र राष्ट्र सेवकलाई पर्न गएको मर्काबारे यस अङ्कमा सविस्तार वर्णन गर्ने प्रयास गरिएको छ ।

बाबा कृष्ण दासले २०६८ साल कार्तिक देखि नेपाली सेनाका पूर्वरथि (सैनिक सचिव) ऋषिकुमार पाण्डेको क्षेत्रपाटी स्थित होटेल पार्कको भवनलाई मासिक एक लाख पचासहजार भाडा तिर्ने शर्तमा आश्रम सञ्चालन गर्दै आएका थिए । घर भाडामा दिदा पाण्डेले त्यसमा रहेका मूल्यबान पर्दा, फर्निचर आदि समेत दिएका थिए । घर भाडामा लिएपछि बाबाले घर धनीसँग कुनै पनि सहमति नै नलिई आफुखुसी संरचना फेरबदल गर्न थाले । त्यसैक्रममा उनले होटेलको सुइ ८ कक्ष तोडेर आफु अनुकुल बनाए । वालहरू तोडेर आफु अनुकुलका हल वनाए । आफ्ना लागी विराट आसन निर्माण गराए ।

उक्त आश्रम प्रवेश गर्ने मुलगेट देखि त्यहँभित्रको गोरखा अस्पतालसम्मको बाटो पाण्डेको निजी जग्गाभित्र रहेको कुरा नापी नक्सा तथा उनको नामको लालपूर्जा सम्मले प्रमाणित गर्दछ । आश्रम वसेपछि त्यो बाटो समेत अतिक्रमणमा पऱ्यो । बाटैभरि जथाभावी गाडी पार्किङ्ग गर्न थालियो । कम्पाउण्डभित्र रहेको पार्किङ्ग स्थलको पनि जथाभावी दुरूपयोग गर्न थालियो । सरसफाइमा पनि आश्रमले ध्यान नदिदा आश्रम अघिको सफा सुघ्घर घर दुर्गन्धित बन्दै गयो । अनावश्यक मानिसको नचाहिंदो ओहोर-दोहोर बढ्न थाल्यो र असुरक्षा फैलियो । त्यतातर्फ नत आश्रमले ध्यान दियो नत बाबा स्वयंले नै त्यस विषयमा चासो राखे । कुनै पत्रकार, फोटोग्राफर, टि.भि. च्यानलहरू अन्तर्वार्ता लिन आउँदा बाबाले आफ्नो आश्रममा बसेर अन्तर्वार्ता दिनुको साटो पाण्डेको निजी आवासको गेट अगाड़ी, दायाँ वायाँ लगेर फोटो सेसन गऱ्याउँने गर्ने, अनावश्यक भिडभाड जम्मा गर्ने गर्न थाले । सुरक्षा संवेदनशिलतालाई बाबाले कहिल्यै ध्यान दिएनन् । पाण्डेले पनि आध्यात्मिक व्यक्ति श्रद्धा प्रकट गर्दै कुनै आपत्ति प्रकट गरेनन् । पाण्डेको सोझोपनलाई बाबाले कमजोरीका रूपमा लिंदै गए । आश्रममा आउने मानिसको अत्यधिक चापका कारण आश्रम दुर्गन्धित बन्दै गयो । धाराका टुँटिहरू हराउन थाले । सिंकहरू फुट्न थाले । पर्दाहरू च्यातिदै गए । घरका भित्ताहरूमा फोहोर गर्न थालियो । बिजुलीका चिमहरू फुट्दै गए, नयाँ फेरिएनन् । घरका प्लास्टर उप्किदै गए । भित्तामा जथाभावी किला ठोकेर भित्ता फुटाइयो । त्यहाँका राम्रा सामान हराउँदै गए ।

'अति गर्नु, खति नगर्नु' भन्ने नेपाली उखान नै छ । अति र खति दुबै हुन थालेपछि पाण्डेले बाबा समक्ष मुख खोल्ने पर्ने स्थिति आयो । उनले त्यस विषयमा बाबासँग कुरा गर्न खोज्दा बाबाले भरसक समयनै नदिने, समय दिए अपशब्द प्रयोग गर्ने, झम्टिनै खोज्ने सम्मका काम गर्न थाले । घर भाडा माँग्दा घरभाडा नंदिने, अन्य शतिका विषयमा कुरा उठाउँदा कुरै नसुन्ने गर्न थालेपछि घरधनि पाण्डेले एकपटक घरमा ताला समेत लगाउनु पर्ने स्थिति सिर्जना भयो तर बाबाले ति ताला समेत फुटाई दिए । पाण्डेले नजिकको प्रहरी चौकी देखि लिएर गृहमन्त्री बामदेव गौतम, आइजीपी उपेन्द्रकान्त अर्याल गृहमन्त्रालयका सहसचिव लष्मी प्रसाद ढकाल देखि राष्ट्रपति समक्ष समेत आफ्ना कुरा लिखित रूपमै राखे तर कतैबाट सुनुवाई भएन । गत साउनको अन्तिम साता बाबाले झण्डै ४ वर्षको घर भाडा ६८ लाख रूपैयाँ नै नदिई भागे । पाण्डेको ६८ लाख डुब्यो । जे नहोस भनेर पाण्डेले वारम्वार सम्वन्धित निकायमा उजुरी गरे अन्ततः त्यही भयो । पाण्डेको ६८ लाख त डुब्यो डुब्यो, वाबाले विगारेर गएको घर मर्मत गर्न मात्रै उल्टै थप ४० लाख लाग्ने घर धनी पाण्डे बताउँछन् ।

एक पटक एकजना पत्रकार मित्रले बाबाका बारेमा थप कुरा प्रष्ट पर्दा यस पक्तिकारसँग भनेका थिए- 'बाबा कृष्णदास रअका मानिस हुन् । उनी जति वर्ष वसे पनि त्यो आश्रमको बहाल तिर्ने छैनन् ।' लेखेर राख्नुस् ।' उनको आश्रममा भारतीय राजदूतहरूले जिउने र बाबाको गोडामा ढोग्ने गरेको देखेका ति मित्रको भनाई सत्य साबित भयो । बाबाले घर त छाडे तर ताला लगाइ दिएर छाडेकाले पाण्डेले घर खोल्न पाएका छैनन् ।

सोही आवरणमा करोडौं रकम ठग्न सफल भएको प्रहरी अनुसन्धानले देखाएको छ । पत्रकार सम्मेलनमा बोल्दै महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सर्वेन्द्र खनालले पक्राउ परेका महरले आफ्नो कार्यालयको भित्तामा देशी विदेशी उच्चपदस्थ व्यक्तिहरूको तस्विरमा आफ्नो तस्विर जोडेको तस्विर देखाई सोझा साझा व्यक्तिहरूलाई विभिन्न घर भाडा असुली गरिदिन उनले जति हार गुहार गरेपनि प्रहरी तथा प्रशासनले खासै चासो नदेखाउँदा घर भाडा डुब्यो । सरकारले उनलाई दिनुपर्ने सुरक्षा प्रबन्ध नमिलाउँदा उनि कहाँ १ जना मात्र सिपाही छ । जबकी पाण्डे भन्दा कनिष्ठ धेरैले एक हजार सुरक्षा पाइरहेका छन् । पाण्डेले यस विषयमा जतिसुकै गुनासो गर्दा पनि सुनुवाई भएको छैन ।

पाण्डे पदमा छँदा ठाडो नजरले उनको अनुहार हेर्न धकमान्ने साधारण व्यक्तिसमेत यतिवेला पाण्डेका विरूद्ध खुलेर लागेको पाण्डे बताउँछन् । पाण्डेका छिमेकी प्रेमकुमार श्रेष्ठले सन् २००८ फागुनमा सयौ मान्छेको भिड जम्मा गरेर पाण्डेको पैतृक जग्गामा निर्मित निजीबाटो छेउँको पर्खाल भत्काई दिए । सडक अवरूद्ध भयो । प्रहरी प्रशासनले पाण्डेलाई सहयोग गरेन । यो विषय अदालत पुग्यो । अदालतले उक्त बाटो पाण्डेकै निजी भएको फैसला गऱ्यो । अदालतले उक्तबाटो पाण्डेकै निजी भएको फैसला गऱ्यो । अदालतले वरू पाण्डेलाई न्याय दियो र सरकार बोलेन ।

त्यसैगरि गोरखा हस्पिटल तथा रिसर्च सेन्टर कि संचालिका संगिता तामाङ्ले किर्ते गरी पाण्डेको निजीबाटोलाई आफ्नो निजी भन्दै मालपोत कार्यालयका कर्मचारीलाई प्रलोभनमा पारी आफ्नो नाममा दर्ता गर्न सफल भइन । पछि यो विषय पनि अदालत पुग्यो र पाण्डेले न्याय पाए ।

२०४६ सालको परिवर्तन पछि पाण्डेलाई राजा विरेन्द्रको मान्छे भन्दै चरम मानसिक यातना समेत दिइयो ।

राष्ट्रिय जनमञ्च
National Janamanch Vernacular Weekly
साप्ताहिक

अवकाशप्राप्त रथी ऋषिकुमार पाण्डे भन्नुहुन्छ

वर्ष १६, अंक ३३, २०७३ असोज ९ आइतबार

नेपाल सेनामा फौदसिंह परिवारको योगदान : कप्तान श्री चन्द्रबहादुर के.सी. नेपाली सेनामा राम्रो अफिसरका रुपमा चिनिनुहुन्थ्यो। उहाँले त्यति बेलै एम.ए. पास गर्नुभएको थियो। उहाँ कालिबहादुर पल्टनमा हुनुहुन्थ्यो र त्यसै पल्टनबाट दोस्रो विश्वयुद्धमा खटिएर भारतको काकुल भन्ने स्थानमा पुग्नुभएको थियो। उहाँ मेरो ठूलो दिज्यू देवकुमारी पाण्डेका पति हुनुहुन्थ्यो। काकुलमा पल्टनलाई एक वर्ष जति तालिम दिएपछि वर्मा फ्रन्टमा खटाइयो। वर्मा फ्रन्टमा खटिजानेमा कालिबहादुर बटालियन, शेर बटालियन र महेन्द्र दल गरी तीनवटा बटालियन खटिएका थिए। कालिबहादुर बटालियनका कमाण्डर लेफ्टिनेन्ट कर्णेल निर शमशेर जबरा थिए भने महेन्द्र दलका कमाण्डरमा लेफ्टिनेन्ट कर्णेल निर शमशेर जबरा थिए भने महेन्द्र दलका कमाण्डरमा लेफ्टिनेन्ट कर्णेल किरण शमशेर जबरा थिए। यी दुवै जना प्रधानमन्त्री श्री ३ जुद्ध शमशेर जबराका छोरा थिए। नेपालबाट खटिगएका गणहरुमा एक जना ब्रिटिश मेजर तथा दुई-चार जना अन्य अफिसरहरु थिए भने ब्रिटिश गोर्खाज रेजिमेन्टबाट दुई-तीन वटा जे.सि.ओ. हवल्दारले तालिम दिने र तालिम हेर्ने गर्दथे। नेपालबाट त्यति बेला दश बटालियन फौज भारतमा ब्रिटिश सरकारलाई सघाउन पुगेका थिए।

जब बेलुका हुन्थ्यो धेरैजसो अफिसरहरु खानाको समयपछि गणका अफिसरकहाँ चाकरी बजाउन पुगिहाल्थे। यो नेपालीपन नै हो। एक दिनको कुरा हो केही-केहीले निर शमशेर कहाँ चुक्ली लगाउँदै भनेछन्- 'चन्द्रबहादुर बेलुकाको भेलामा आउँदैन।' ऊ त यस्तो-उस्तो, सबै भनेछन्। त्यसपछि कमाण्डरले चन्द्रबहादुरलाई बोलाउन पठाएछन्। चन्द्रबहादुरको उच्च शिक्षा अध्ययनका कारण उनलाई क्वाटर मास्टर अधिकृतमा पनि राखिएको थियो। उहाँले पल्टनको डिमाण्ड लेजरहरु सबै तन्दुरुस्त राख्ने हुनाले दिनमा त के रातमा समेत काम सिध्याउन गाह्रो पर्थ्यो। त्यसैले उहाँले बोलाउन गएका व्यक्तिको हातमा चिटमा लेखेर पठाउनुभयो- 'म जरुरी काम भए हाजिर हुन्छु, होइन भने म पल्टनको काममा दिनरात व्यस्त छु।' त्यस्ता हक्की स्वभावका हुनुहुन्थ्यो चन्द्रबहादुर।

उहाँ हिन्दूस्तान खटिनुअघि उहाँका एक छोराको जन्म भएको थियो। उनी पनि पछि २०१८ सालमा फौजमा भर्ना भई लेफ्टिनेन्ट कर्णेलको दर्जासम्म पुगी रिटायर्ड भएका थिए। उनको नाम जितेन्द्र बहादुर के.सी. थियो।

कर्णेल फौदसिंह के.सी.का ४ जना छोरा थिए। ती चारै जना छोराहरु कर्णेलको दर्जासम्म पुगेका थिए। ती मध्येका एक छोरा हुन् चन्द्रबहादुर के.सी., फौद सिंहका सन्ततिले राष्ट्रका लागि निकै योगदान दिएका छन्।

सेनामा भ्रष्टीकरणको थालनी :- नेपाली सेनामा जर्नेल सिंह बहादुर बस्नेत २०२७ सालमा सेनापति भए। त्यही बेलादेखि नै नेपाली सेनामा माथि (हेडक्वाटर) देखि तल (पिएसओज) र विभिन्न ब्रान्चमा भ्रष्टाचारको सुरुवात भयो। सिनियर अफिसरहरु भ्रष्ट हुँदै गए। सेनामा भ्रष्टीकरण मात्र हैन, आफ्ना मान्छे र अर्काका मान्छेको विभेद पनि त्यसै बेलादेखि सुरु भयो। उदाहरणका लागि छोरीज्वाइँ, बहिनीज्वाइँहरुलाई उपल्ला पदमा लैजान लागियो। आदित्य शमशेर, भरत केशर, हेमबहादुर बस्नेत, धरमपाल थापा, शिवराम खत्री जस्ता छोरीज्वाइँ, बहिनीज्वाइँहरु माथिल्ला दर्जामा पुगे। किचन एड्भाइजरहरु समेत आफ्नै आफ्नाले भरिए। त्यसपछि त सेनामा जो सेनापति भए पनि आफ्नै मान्छे भर्न थालियो। कमाई हुने ठाउँमा पनि आफ्नै मान्छे राख्न थालियो। त्यो प्रथाको विकास हुँदै अहिलेसम्म कायमै छ। यो कुरा सबैलाई थाहा भएकै छ। विभिन्न मिडियाहरुमा पनि सार्वजनिक हुँदै गएकै छन्।

सीएनसी कटवाल : पूर्वकमाण्डर इन चिफ रुक्माङ्गद कटवालले हालै प्रकाशनमा ल्याएको किताबमा जर्नेल कुलबहादुर खड्कासँगको खटपटका कुरा धेरै छन्। त्यसमा नेपाली सेनाको आधुनिकीकरण, सेनाको वृत्ति विकासका कुरामा कुनै चिन्तन नै छैन बरु यी दुवैले नेपाली सेनामा छँदा गरेका भ्रष्टाचारलाई लुकाउने षड्यन्त्रमात्र हो। रुकमाङ्गद कटवालको हो, कहाँको र कस्तो मान्छे हो, कसले दरबारमा ल्याएर त्यो हैसियतमा पुऱ्यायो सबै कुरा जगजाहेरै छ। यहाँसम्म कि उसको नाम समेत रुक्मांगद हैन। राजा महेन्द्रले न्वारान गरिदिएको नाम हो। उसको विकास हेर्न गए हुन्छ, कस्तो मान्छे कस्तो भएछ, छर्लङ्ग हुन्छ। ऊ त अब एलिट क्लासभित्रै परिसक्यो।

सीएनसी सिंहबहादुर बस्नेत : सिंहबहादुर बस्नेत प्रधानसेनापति

भएपछि राजा महेन्द्रबाट सेनापतिहरुलाई शशीभवनमा बस्ने व्यवस्था मिलाइबक्स्यो। उनी पनि उस्तै। जुन जोगी आए पनि कानै चिरेका भन्या जस्तै। उनले त २०३२ सालमा रिटायर्ड भएर निवास छोड्दा आफ्नी श्रीमतीको इसारामा शशीभवनमा भएका क्रिष्टलका स्याण्ड्रिला, ग्यालोरी बैठकका फर्निचर तथा त्यहाँ भएका सबै सामान गरी १२ ट्रक सामान आफ्नो ठमेलस्थित घरमा भित्र्याएका थिए। उनीपछिका सेनापति जाँदा शशीभवनलाई पूर्ण रुपमा निर्माण नै गर्नुपरेको थियो। उनी पछिका सेनापतिहरू पनि शशीभवन छाड्दा आ-आफ्ना घर लैजान्थे। यसरी सेनापतिहरुकै कारण राष्ट्रको क्षति कति भयो होला सहजै अनुमान गर्न सकिन्छ।

मेरो सुझाव त के छ भने शशीभवनमा सेनाको कुनै पल्टनको टेक्नीकल वा अटोमोवाइल वर्कशप र खोल्नुपर्छ जहाँ सेनाका जवानहरुले तालिम लिउन र त्यहाँबाट पास आउट भएर राम्रो ह्यूमन रिसोर्सेजका रुपमा बाहिर जाउन। सेनापतिको निवास स्थानान्तरण गरी हालको दरबार संग्रहालय परिसरमा चिफको निवास बनाइदिएमा यसरी अनावश्यक खर्च हुँदैनथ्यो। त्यसका साथै चिफको सुरक्षाका लागि पनि ढुक्क हुन्थ्यो।

भरत गुरुङ-डीबी लामा प्रकरण : प्रताप सिंह नामको एक जना लेखकले आफ्नो पुस्तकमा लेखेको छ, 'भरत गुरुङले आफ्नो अदालतको स्थानमा भने अनुसार 'यी कुनै पनि सम्पत्ति मेरो होइन, कान्छा प्रभुको हो।' त्यस्तो ठूलो भ्रष्टाचारको मुद्दालाई समेत गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वकालमा आठ करोड खाएर उसलाई सफाइ दिँदै सम्पत्ति सबै फिर्ता गरियो। कान्छा प्रभुको सम्पत्ति नै थियो भने भरत गुरुङलाई किन फिर्ता दिएको ? प्रश्न गम्भीर छ। लेख्ने कुरा धेरै छन्। त्यो सम्पत्तिमा सरकार लाग्नुपर्ने हैन र ?

डीबी लामालाई त शेरबहादुर देउवा प्रधानमन्त्रीका बेला सहायक मन्त्री नै बनाइयो। यो दण्ड हो कि पुरस्कार ? भ्रष्टहरु पुरस्कृत हुने कस्तो देश हो यो। लामा जेलबाट रिहा भएपछि उसको एउटा मण्डलीले म जस्तो स्वाभिमानी मानिसको धेरै ठाउँका घर, जग्गा, जमिनबाट मानिसलाई भड्काएर मेरो जमिन लुटाइदियो। मलाई न्याय अब कसले दिने ?

एकपटक म राजा वीरेन्द्रका साथमा डिसेम्बर १९८५ मा दिल्लीको अफिसियल भिजिटमा एउटा जर्नेलले भनेको कुरा सधैं मेरो स्मरणमा ताजै भएर बस्यो। उसले भनेको थियो- ' तपाईंका सेनापतिहरु सबै सार्क मुलुकका सेनापतिभन्दा धेरै धनी छन्। हाम्रा सेनापतिहरु त रिटायर्ड भएपछि मुस्किलले आफ्नो निजी घर बनाएर बस्छन्।' उसका कुराले म त निकै लज्जित भएको थिएँ। (क्रमशः)

पूर्वसैनिक भरत मल्लका दृष्टिमा ऋषिकुमार पाण्डे

वर्ष १६, अंक ३४, २०७३ असोज १६ आइतबार

राजदरबारभित्र धेरै इमानदार व्यक्तिहरु थिए। राजा महेन्द्रको पालादेखि योग्य, शिक्षित र सक्षम व्यक्तिहरु खोजेर राख्न थालिएको थियो र उनीहरुलाई विभिन्न देशमा तालिम समेत गर्न पठाइन्थ्यो। प्रशासनपट्टिका कर्मचारीहरु त्यति योग्य नभए पनि सेनातर्फका अधिकृतहरु निकै क्षमता भएका चुस्त, फुर्तिला, इमानदार र युगसुहाउँदा थिए।

ऋषिकुमार पाँडेले धेरै वर्ष राजदरबारमा सैनिक अधिकृतका रुपमा काम गरे। प्रमुख सैनिक सचिवबाट उनी सेवा निवृत्त भएका थिए। २००९ साल (सन् १९५२) मा शाही नेपाली सेनाको लप्टन पदबाट जागिरमा प्रवेश गरेका पाँडेले केही वर्षपछि नै सेनाभित्र आफ्नो छुट्टै व्यक्तित्व बनाउन सफल भएको मैले पाएँ। सन् १९५४ मा उनले भारतको देहरादुनस्थित इन्डियन मिलिटरी एकेडेमीबाट सैनिक शिक्षामा स्नातकको उपाधि पाए। सन् १९५५ मा उनी दोस्रो एडीसी तालिममा संलग्न भए र सैनिक मुख्यालयबाट छानिएका थोरै व्यक्तिहरुमा उनले आफ्नो बेग्लै पहिचान बनाएका थिए। सन् १९५६ मा उनलाई उच्च अध्ययनका लागि पुना पठाइयो। त्यहाँ उनले याङ्ग अफिसर्स इन्जिनियरिङ कलेजबाट इन्जिनियरिङ विषयमा स्नातकको उपाधि लिए। भारतको म्हाओमा सन् १९६१ मा उनले जुनियर कमान्डर कोर्ष गरे।

जहाँ गए पनि आफ्नो व्यक्तित्व, क्षमता र योग्यताले प्रभाव पार्न सक्ने पाँडेले त्यहाँको कम्ब्याट कलेजमा बेग्लै पहिचान बनाउन सफल भएको कुरा मलाई साथीहरुले बताएका थिए। उनको क्षमता देखेर उनलाई नेपाली सेनाले सन् १९६१ मा जम्मु काश्मिर पठायो। त्यहाँ उनले भारतीय सेनाको इन्जिनियरिङ डिभिजनमा संलग्न भएर नेपाली सेनाको प्रतिनिधित्व गर्दै राम्रो काम गरे। त्यसपछि सन् १९६४ मा उनलाई बम डिस्पोजल रेजिमेन्टमा उनले धेरै कुरा सिक्ने मौका पाए। त्यहाँ रोयल स्कुल अफ मिलिटरी इन्जिनियर्स (चथाम) बाट सोही वर्ष उनले सेनाको आधुनिक प्रविधिबारे तालिम लिए। बेलायतकै वार मिन्स्टरमा अल आर्म ट्याक्टिस विषयमा त्यहाँको स्कुल अफ इन्फेन्ट्रबाट तालिम लिएका थिए। त्यसको २ वर्षपछि अमेरिकाको टेम्सासमा रहेको एयरफोर्स तालिम केन्द्रबाट उनले म्यापकोर्ष लगायतका विषयमा तालिम लिएका थिए।

अमेरिकाबाट सन् १९६६ मा स्टाफकोर्ष गरेको ऋषिकुमार पाँडेले त्यसै वर्ष फोर्ट नक्स केन्टुकीबाट सिनियर अफसर्स प्रिभेन्टिभ म्यान्टेनेन्ट कोर्ष गरेका थिए भने सन् १९६७/६८ मा मलेसियाको ब्रिटिस गोर्खा ब्रिगेड र ब्रिगेड गोर्खा इन्जिनियर्स रेजिमेन्टको अध्ययन भ्रमण गरेका थिए।

सन् १९५१ मा दार्जिलिङको खर्साङस्थित भिक्टोरिया स्कुलबाट सिनियर क्याम्ब्रिज गरेका पाँडे बाल्यकालदेखि नै स्वाभिमानी, लगनशील र इमानदार भएकाले पछिल्ला दिनहरुमा उनलाई आफ्नो वृत्ति विकास गर्न कुनै कठिनाइ परेन। नेपाल जेसिसका संस्थापक र नेपाल इन्जिनियर्स एसोसिएसनका समेत संस्थापक एवं पूर्व उपाध्यक्ष रहेका पाँडेले विभिन्न सामाजिक संघसंस्थामा समेत रहेर काम गरेको मलाई सम्झना छ। राजदरबारमा प्रवेश गरेपछि उनले आफ्नो क्षमता अझ राम्ररी प्रदर्शन गर्न थाले। झन्डै १५ वर्ष उनले दरबारमा बिताए। सन् १९७० देखि ७४ सम्म राजदरबारभित्र रहेको रोयल गार्ड्स ब्रिगेडको पहिलो बाहिनीपति भएर उनले काम गरेका थिए भने त्यसपछि सैनिक सचिवालयको सहसचिव, सचिव र प्रमुख सैनिक सचिव भएर उनले महत्वपूर्ण जिम्मेवारी सम्हालेका थिए। सन् १९९१ मा लेफ्टीनेन्ट जनरल पदबाट उनी सेवा निवृत्त भए। राजदरबारमा रहँदा उनले नेपाली सेनालाई आधुनिकीकरण गर्न महत्वपूर्ण योगदान दिएको सेनाका वरिष्ठ अधिकृतहरु बताउँछन्। उनका समकालीनहरु भन्छन् क्षमता, दक्षता, योग्यता र इमानदारीका कारण मात्र होइन, राष्ट्र, राजसंस्था र जनताका लागि सधैं केही न केही गरिरहनुपर्छ भन्ने प्रबल इच्छाले उनको व्यक्तित्व विकासमा ठूलो योगदान पुऱ्याएको थियो। स्वदेश तथा विदेशको भ्रमणमा राजा वीरेन्द्रका अनन्य सहयोगी भएर उनले स्वदेशका अधिकांश जिल्ला र दर्जनौं राष्ट्रहरुको भ्रमण गरे। यस क्रममा जर्मनी, युगोस्लाभिया, फ्रन्स, बेलायत, स्पेन, फिनल्यान्ड र डेनमार्कका राष्ट्रध्यक्षहरुबाट विभिन्न अलंकार र विभूषण समेत पाए। सन् १९६९मा महेन्द्ररत्न भूषण पाएका पाँडेले सन् १९६५मा संयुक्त राष्ट्र संघीय शान्ति सेना (युनिपम) मा नेपालको नेतृत्व गर्दै भारत र पाकिस्तानको सीमान्त क्षेत्रमा शान्ति स्थापनाका लागि महत्वपूर्ण भूमिका खेलेका थिए। नेपाल तारा तेस्रो (सन् १९६६), विख्यात त्रिशक्ति पट्ट (१९८३) र प्रसिद्ध प्रबल गोर्खा दक्षिणबाहु (सन् १९८८) द्वारा विभूषित पाँडेलाई राजा महेन्द्र र राजा वीरेन्द्रले अत्यन्त विश्वास गरेका कारण उनले ठूलो जिम्मेवारी पाएको बताइन्छ। वातावरण, पर्यटन र पदयात्राप्रति निकै चासो राख्ने पाँडेले नेपालको फुटबल विकासमा समेत ठूलो योगदान गरेका छन्। नेपाली सेनामा फुटबल, हकी र क्रिकेटलगायत खेलकुदको विकास गराएर सेनालाई चुस्त र दुरुस्त राख्न उनले गरेको योगदान सम्झिनेहरु भन्छन्, नेपाली सेनालाई अत्यन्त नजिकबाट बुझ्ने र सेनाको मनोबल उच्च राख्न खोज्ने यस्ता अधिकृतहरु विरलै पाइन्छन्।

आफैं इन्जिनियर भएकाले पाँडेले राजदरबारभित्र र बाहिर बस्दा इन्जिनियरिङका क्षेत्रमा ठूलो योगदान गरेका छन्। सन् १९६० देखि ६३ सम्म नेपालका विभिन्न पहाडी बाटोहरुको निर्माणमा सेनाका तर्फबाट उनले काम गरे। सन् १९६१ देखि तीन वर्षसम्म फिल्ड कम्पनीको प्रमुख भएर उनले काम गरेका थिए भने सेनाको इन्जिनियर रेजिमेन्ट र बटालियनलाई उनले ५ वर्ष हाँकेका थिए। सन् १९५९ देखि ६२ सम्म ललितपुरदेखि हेटौंडा जोड्ने कान्तिराजपथको प्रमुख इन्जिनियर भएका थिए। उनले धेरै दुःख गरे। सुन्दरीजलस्थित हतियार कारखानाको प्रमुख बनेर पनि उनले अनुभव हासिल गरे भने सेनाले विभिन्न ठाउँमा खटाउँदा उनले अत्यन्त बुद्धिमतापूर्ण तरिकाले काम गरेको हामीले अनुभव गऱ्यौं।

विभिन्न राष्ट्राध्यक्षहरुको नेपाल आगमनमा ऋषिकुमार पाँडेलाई नै प्रमुख सुरक्षा अधिकृत बनाएर राजदरबारले खटाउने गरेको थियो। आकर्षक व्यक्तित्व, अंग्रेजी भाषाको उच्चस्तरको ज्ञान र शिष्ट एवं सभ्य बानी व्यहोराको कारण अतिथि सत्कारका लागि उनलाई खटाउने गरिन्थ्यो। राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका थुप्रै तालिम, शिक्षा र अनुभवका कारण उनले विदेशी राष्ट्राध्यक्षहरुलाई समेत प्रभावित तुल्याएका थिए र श्री ५ वीरेन्द्र विदेश भ्रमणमा सवारी हुँदा धेरैजसो भ्रमणमा उनलाई लगिन्थ्यो। उनका सहयोगी र सहयात्रीहरु भन्छन्, एउटा व्यावसायिक सैनिकमा हुनुपर्ने सबै गुण भएकाले राजाले उनलाई धेरै विश्वास गरेका थिए।

दुर्भाग्यवश राजदरबारभित्रको घात प्रतिघातमा ऋषिकुमार पाँडे पनि सिकार बन्न पुगे। त्यहाँभित्रको स्वार्थी गुटले उनलाई सधैं सताइरह्यो। राजा वीरेन्द्रले अत्यन्त विश्वास गरे पनि पाँडेका विरुद्ध षड्यन्त्र गर्नेहरुले उनको व्यक्तित्वमा तगारो लगाउन खोजे। लेफ्टीनेन्ट जनरलबाट सेवा निवृत्त हुनुअघि राजा वीरेन्द्रले केही आश्वासन दिए पनि अन्ततः तत्कालीन महारानी ऐश्वर्यका कारण राजा वीरेन्द्र समेत मौन बस्नुपरेको अवस्था थियो। राजदरबारभित्रको घातसमेत आँसु पिइरहेका थिए। दरबारबाट सेवा निवृत्त भए पनि पाँडेका विरुद्ध धेरैले विभिन्न षड्यन्त्र गरिरहे। पदम ठकुराठीको हत्या प्रयासमा संलग्न भएका विभिन्न व्यक्तिको बयान र त्यसपछि खुल्दै गएको रहस्यले राजा वीरेन्द्र र उनका निकटतम सहयोगीहरुलाई समाप्त पार्ने खेलको समेत रहस्य खुल्दै गयो। दर्जनौं व्यक्तिहरु जेल परे र सयौं व्यक्तिहरु समाजका आँखामा नांगिए। यी सबै परिस्थितिका बीच पनि राजा वीरेन्द्र एवं उनका अनन्य सहयोगीहरु सुशासन, प्रजातन्त्र तथा कानुनी राज्यका लागि संघर्ष गरिरहेका थिए। मलाई अहिले पनि सम्झना छ वि.सं.२०२८/२९ सालदेखि नै राजा वीरेन्द्रले कानुनी राजको स्थापना गर्न खोजे पनि दरबारभित्रको स्वार्थी गुटले उहाँलाई काम गर्न दिइरहेको थिएन। राजालाई प्रजातान्त्रिक सल्लाह दिने र सुशासनका निम्ति मनोबल उच्च गराउन खोज्ने ऋषिकुमार पाँडेलगायतका व्यक्तिहरु जहिले पनि स्वार्थी गुटको सिकार बनिरहे। कालान्तरमा नारायणहिटी राजदरबारमा भएको विभत्स हत्यापछि राजा वीरेन्द्र र उनको सम्पूर्ण परिवार खरानी बन्न पुग्यो। तर दरबार एवं नेपाली राजनीतिमा देखिएका विकृति र विसंगतिहरु आगोको फिलिंगो बनेर जताततै फैलेको देखियो। आज त्यही आगोले नेपाल र नेपालीलाई भत्भती पोलिरहेको छ।

(क्रमशः)

पूर्वसैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ

वर्ष १६, अंक ३६, २०७३ कात्तिक ७ आइतबार

(मैले भोगेका अन्यायका दस्तावेज)

नुवाकोट जिल्लाको सूर्यमती गा.वि.स. वडा नं. ५ र ६ भित्र नेपाल एकीकरणमा साथ दिने मेरा पूर्वज काजी तुलाराम पाण्डेले १८०१ मा नाल विशानसहित श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट २०औं हजार रोपनी जग्गा प्राप्त गर्नुभएको थियो। त्यसपछि काजी जंगवीर पाण्डेलाई प्राप्त हुन आएको उक्त जग्गामा ५ तले घर र बगैंचा समेत बनाई भोगचलन गर्दै आउनुभएकोमा कोतपर्वपछि श्री ३ जंगबहादुर राणाले उक्त घर जग्गा समेत कब्जा गरी देश निकाला गरेका थिए। वि.सं. १९९४ मा कर्णेल विष्णुकुमार पाण्डेले पुनः फिर्ता पाई उनका छोरा कप. बेलायतकुमार पाण्डेको मृत्युपश्चात् छोरा ऋषिकुमार पाण्डेलाई १० वर्षको नाबालक अवस्थामा सन्तान दरसन्तानले खान पाउने गरी प्राप्त भई २००५ सालमा लालमोहर र वि.सं. २००६ सालमा खड्ग निशाना भयो।

वि.सं. २०३४ सालको नापीमा ऋषिकुमार पाण्डेकै नाउँमा प्रमाण बलियो भएको उल्लेख गरी दर्ता भएको उक्त जग्गामध्ये केही जग्गामा केही व्यक्तिहरुको मुद्दा पर्दा सर्वोच्चसम्म मेरै पक्षमा फैसला भएको हो। वि.सं. २०४० सालमा गीता फलोद्यान प्रा.लि.का नाउँमा कृषि मन्त्रालयबाट दर्ता भई फलफूल खेती गरिएको उक्त जग्गाको २०४४ सालमा उद्योगका लागि हदबन्दी छुट पाउने गरी सरकारले राजपत्रमा सूचना प्रकाशित गरेको समेत थियो।

यसै क्रममा म सैनिक सेवामा काम गर्दा राजा वीरेन्द्र मलाई मन पराई ठूलो आशा तथा विश्वास राखी दरबार लगेका थिए। राजा वीरेन्द्रको इच्छा र मेरो पनि आफ्नो पुर्खाको राष्ट्रवादी अडानबमोजिम नै भ्रष्टाचार, लागूऔषध हेर्ने जिम्मा पाउँदा राष्ट्रघातीहरुलाई तह लगाउने जिम्मेवारी मेरो काँधमा आयो। म सैनिक सचिव भएपछि पत्रकार पदम ठकुराठीलाई गोली हान्ने व्यक्तिहरुलाई २०६३ सालपछि पर्दाफास गरी कारबाही गर्ने क्रममा धीरेन्द्रका एडीसी भरत गुरुङ र उनको बयानका आधारमा तत्कालीन प्र. महानिरीक्षक डीबी लामा जो सुन तस्करी र ड्रग्सको तस्करी गर्दा रहेछन्, उनलाई पनि पक्राउ गर्ने कार्य भयो र सैनिक अदालतबाट सर्वस्वसहित जेल सजाय र डीबी लामालाई १० वर्ष जेल सजाय भयो। मा. न्या. कृष्णजंग रायमाझीको आयोगले पनि सुनकाण्डका तस्कर डीबी लामालाई सजाय गर्दै उसका परिवारका नाउँका सम्पत्ति जफत गर्दै छ वर्ष कैद गरेको थियो। त्यसरी कारबाही पर्नुको कारक म भएको ठानी मेरो प्रति रिसइबी गर्नथाले।

यसरी राष्ट्र खोक्रो पार्ने ड्रगिस्ट स्मगलरहरुलाई कारबाही गर्दा आज ८३ वर्षको उमेरमा पनि मलाई यही गिरोहले दुःख दिँदै जाने गरेको छ। मैले आफ्नो पदीय शक्तिको दुरुपयोग गरी केही लिएको छैन। सबै मेरा पुर्खाले आर्जेको सम्पत्तिमा दुःख दिँदै जानेबाहेक अरु केही नभएको प्रमाणसमेतका लिखत हेरिएमा समेत स्पष्ट हुने नै छ। प्रजातन्त्र प्राप्तिपछि जगन्नाथ आचार्य मन्त्री हुँदा २०/२५ जनाका हजारौँ रोपनी/बिघा जग्गा जफत गर्ने क्रममा मेरो जग्गा समेत जफत गरेतर्फ श्री सर्वोच्च अदालतमा रिट गरी फिर्ता पाएको फैसलाबाट प्रष्ट हुन्छ। यस्तो जग्गामा मैले करोडौं ऋण धन गरी फलफूल खेती गरी उत्पादन हुने लाग्दा बोटबिरुवा काटी बिगारी घरहरु आगलागी गरी लुटी बिगारिदिएको कुरा पनि कागजात र उजुरीका प्रति र कुरुवाको बयान समेतबाट प्रष्ट हुन्छ। यस्तो जग्गामा आफ्ना पति पिताले हारेकोमा स्वीकार गरिसकेपछि २०, २२ वर्षपछि उनका छोरा, श्रीमतीलाई उचाली मुद्दा गरेतर्फ सर्वोच्च अदालतबाट तथ्य र प्रमाणको मूल्याङ्कन गरी फैसला गर्नू भनी पठाएको मुद्दालाई ५/६ वर्षपछि धेरै पटक परेकै बेन्चबाट विपक्षी मध्येकै एक जनाको पत्रिकामा निकालेको कुरा र खै के दबाब तथा मोलाहिजामा हो सर्वोच्च अदालतको फैसलाउपर अपिल सुने जसरी नुवाकोट जिल्ला अदालतका कार्यक्षमता नभएका जड्याहा न्यायाधीशले गरेकै फैसलालाई नै सदर गर्ने गरी पुनरावेदन अदालतका न्यायाधीशले फैसला गरे अर्थात् सर्वोच्च अदालतले भनेका विषयहरुलाई बेवास्ता गऱ्यो। यस्तो पनि हुँदो रै'छ भनी विपक्षीहरुका वकिलहरु समेत अचम्ममा परेको कुरा मेरा मानिसले समेत सुनेछन्। त्यसउपर फैसला तयारपछि फेरि सर्वोच्च अदालतमै म जाने तरखरमा छु।

यसरी नै मेरो पुर्खालाई प्राप्त जग्गामा नगर विकासले जग्गा एकीकरण गर्दा गल्फुटारमा मेरो ३० रोपनी जग्गाबापत एकदम कम मुआब्जा बुझेतर्फ पछि मोहीले नपाएको भनी उजुरी गरी मलाई ५३ लाख ५० हजार रुपैयाँ तिर्न सूचना जारी गरी मेरा नाउँमा नेपाल राज्यभरिका जग्गा जमिन राक्का राख्ने निर्णय गरी नगर विकासले अन्याय गरी जबर्जस्ती तिर्नुपरेको कुराको कागजात आवश्यक परेमा उपलब्ध गराउनेछु।

यसैगरी मेरी मुमाले २०१७ सालमा टीकाभैरवमा किनेको जग्गामा पनि किचलो गर्दा एमालेका सांसद् मिठाराम बजगाईसमेतले कब्जा गर्दा पनि अदालतबाट मैले न्याय पाएको थिएँ। वकिलसहित जग्गामा जाँदा लखेटेको र चलन गर्न नसकेकोले निकै थोरै मूल्यमा बेच्न बाध्य भएँ। यसरी नै हेटौंडाको जग्गामा पनि यस्तै हालत भई त्यसरी नै बेच्नुपऱ्यो। मैले जागिर खाँदा कुनै नियमकानुन मिची धन सम्पत्ति नजोडेकोले अख्तियारमा उजुरी पर्दा समेत केही समय दुःख दिए पनि आखिर मैले सफाइ पाइसकेको छु।

हाल मेरो निवास रहेको स्थानको १२ रोपनी जग्गा पनि मेरो इन्द्रचोकको घर बेची २००९ सालमा खरिद गरिएको जुद्ध शमशेरको नातिनीको दरबार कम्पाउण्ड हो। मबाट बकस पाई घर निर्माण गर्दा प्रेमकुमार श्रेष्ठले मलाई दिनु दुःख दिए। म

त्यसतर्फ कानुनी बाटो अवलम्बन गर्दागर्दै पनि नक्साविपरीत घर निर्माण गरिछाडे। आफ्नी फुपू नेपाली कांग्रेसकी नेतृ मैयाँदेवी श्रेष्ठको आडमा तत्कालीन गृहमन्त्री कृष्ण सिटौला समेतलाई प्रभावमा पारी गैरकानुनी कार्य गरेको र उल्टै मेरो कम्पाउण्ड भत्काइयो। उनले मैले पिच गरेको बाटो मैले बनाएको ढलमा आफ्नो ढल जोडे मेरो व्यक्तिगत खर्चमा बनेका सम्पूर्ण बाटो ढल गरे कसरी सरकारी बनाउन मिल्दछ ?

त्यसैगरी अर्की छिमेकी वसुन्धरा श्रेष्ठले समेत उनकै आडमा मा. मोहनबहादुर बस्नेतको सहयोगमा मेरो पार्क होटेलको घरमा जोड्ने अवैध माथि पुनः गैरकानुनी तवरले टप जोडी ट्वाइलेट समेत निर्माण गरिन्। उक्त घर निर्माण गर्दा नक्साविपरीतका टप निकाली अवैध निर्माण गरेतर्फ उजुर गरी का.म.न.पा. र पुनरावेदन अदालतले समेत भत्काउने ठहऱ्याएको उक्त निर्माण कार्यान्वियन गर्न लाग्दा गुण्डाहरु ल्याई मेरो प्रतिनिधि वकिलसमेतलाई आक्रमण गरी मतर्फ पनि झण्डै आक्रमण भयो। त्यतिबेला नगर प्रहरी पनि डराइभागेको उनैको मोलाहिजामा परेको कुरा हालसम्म पनि मैले थुप्रै पटक ताकेता गर्दा पनि कार्यान्वियन हुनसकेको छैन।

यस्तै मलाई आफ्नो पैतृक सम्पत्तिबाट किनेको घरमा जान आउनका लागि प्रयोग गर्ने गरेको मेरो निजी बाटो जग्गा जसलाई पञ्चनारायण महर्जनले उजुरी गरी पुनरावेदन अदालत र सर्वोच्च अदालतले समेत मेरो नै नाउँमा कायम गरी दिई उनलाई मात्र आउन जानसम्म दिने फैसलालाई अपव्याख्या गरी वडा नं. १७ को सचिवको गलत सिफारिसको व्यहोरालाई मात्र आधार मानी मन्त्रीको ठाडो आदेशले सर्वोच्च अदालतको फैसलालाई पनि नमानी नेपाल सरकारका नाउँमा बनातर्फ मैले श्री सर्वोच्च अदालतमा रिट गरेँ। तर सर्वोच्च अदालतले पनि मालपोतको निर्णय माग्यो। मालपोतले उक्त निर्णय मिसिल नभेटिएको भनी जवाफ दियो। त्यसैका आधारमा अर्थात् वडा सचिवको गलत सिफारिसलाई नै मुख्य आधार मान्ने अन्य निकायजस्तै अदालतले पनि ध्यान नै नदिई हस्पिटलसम्मले प्रयोग गर्दै रहेछ भनी नाम मात्रको चलन चल्तीमै नभएको हस्पीटलको हवाला दिँदै विपक्ष प्रेमकुमारकै प्रभाव वा मोलाहिजामा परी हो वा के कारण हो, मलाई हराइदिए पनि मैले पुनः पुनरावलोकन गरिपाऊँ भनी सर्वोच्चमै निवेदन गरेको छु। त्यसलाई सर्वोच्च अदालतले सच्याउनेछ भन्ने आशामा छु। तर सर्वोच्च अदालत समेतलाई झुक्याउनसक्ने सिफारिस दिने यस्ता फटाहा घुस्याहा सचिवलाई कसले कारबाही गर्ने ? अख्तियारमा जाँदा समेत अदालतको मुद्दा हामीले हेर्न सक्तैनौँ भनी दिएपछि अब म कहाँ जाने कसले न्याय दिने ?

२०७० वैशाख ६ गते राम नवमीको दिन बिहान ९ बजेको समय मलाई दुःख दिने मेरो निजी बाटोलाई नेपाल सरकारका नाउँमा बनाउन विपक्ष प्रेमकुमारहरुसँगै मिली भित्र-भित्रै षडयन्त्र गरी हिँड्ने गोर्खा हस्पिटलका मुख्य सञ्चालक डीबी बम्जनकी भान्जी संगीता बम्जन र उनका गुण्डाहरु समेत ल्याई मेरो मुख्य गेट जाने आउने कि.नं.८४५ र ८४६ को बाटो जग्गालाई आफ्नो जग्गा भएको भनी पर्खाल लगाउन भनी आएको कुरा थाहा पाई मैले प्रमाण पुर्जा समेत कागज देखाई विदाको दिन किन जबर्जस्ती भनेपछि बाटोमा ड्युटी गर्ने प्रहरीले देखी फर्काई दिएको थियो। त्यसको पर्सिपल्ट ८ गते मालपोत गई बुझ्दा त कुन बेला हो निवेदन गरी बाटो लेखिएको मालपोतको ढड्डामा जग्गा बनाएछन् र किर्ते गरी अर्कै प्रमाणपुर्जा लिएछन्। त्यससम्बन्धी निवेदन पनि छानबिन गरी निर्णय भएको भने पनि त्यो मिसिल नै भेटिएन। मेरा वकिलहरुलाई साँध्दा पैसा र पावरको चरम दुरुपयोगबाट मात्र यो भयो कानुनले होइन भनेपछि म सीडीओकहाँ शान्ति सुरक्षा र यो विषयमा निवेदन परे पनि वास्ता गरेनन्। म ८३ वर्षको वृद्ध त्यसमा पनि बिरामी खुट्टा सुनिएर हिँड्नै नसक्ने। तैपनि सकी नसकी म प्रहरी, नगरपालिका, सुरक्षा परिषद् सबैतिर अनुरोध गर्दै गएँ। अन्तिममा म गृह मन्त्रालय गएँ। गृह-सचिव नविन घिमिरेले सीडीओलाई फोन गरी दिएपछि रेस्पोन्स गरे पनि अख्तियार जानुस् भन्यो यसरी नै मेरो आराम गरी बस्ने उमेर यस्तै यस्तैमा गयो। गोर्खा बैंकलगायतका वित्तीय संस्थामा ठगी गरेकोमा जेलमा नै बसी रहेको डीबी बम्जनलाई पुनरावेदन अदालते फैसला गरी जेल सजाय गरेको पत्रिकाबाट थाहा पाएँ। हाल उनी थुनामै छन्। यस्ता मानिसलाई किन प्रशासनले केही गर्न सक्तैन ? म अचम्ममा छु। (क्रमशः)

पूर्वसैनिक सचिव ऋषिकुमार पाण्डे भन्नुहुन्छ, "न्यायकर्ता नै झुकेको त्यो दिन सम्झिँदा मन खिन्न हुन्छ"

वर्ष १६, अंक ३७, २०७३ कात्तिक २१ आइतबार

'परिवर्तन पोष्ट' नामक एक राष्ट्रिय साप्ताहिक पत्रिकामा मिति २०७० फागुन २० गते प्रकाशित खबरले मलाई स्तब्ध बनायो। त्यो पत्रिका कहाँको हो, कसको सम्पादनमा प्रकाशित हुँदो रहेछ भन्ने कुरा बुझ्न त झनै अचम्म लाग्यो। उक्त पत्रिकामा "घडी प्रतीक्षाको" भन्ने ब्यानर न्यूज बनाई मेरा पिता पुर्खाको वीरता एवं रगतसँग साटिएको जग्गालाई "ऋषि कुमार पाण्डेद्वारा शक्तिको दुरुपयोग गरी गरिब दलितहरुको कब्जा गरिएको जग्गा" भन्ने कुरालाई हाईलाईट गरेको रहेछ। त्यो समाचार त अझ किन पनि महत्वपूर्ण लाग्यो भने त्यसका प्रकाशक/सम्पादक भनी उल्लेख गरेका मानिस त अझ मेरो पुर्खाको आर्जनबाट बनेको गीता फलोद्यान कम्पनी प्रा.लि.का नाउँको जग्गाका लागि म र मेरी श्रीमती गीतादेवी पाण्डेका नाउँमा २०५० सालदेखि मुद्दा गर्ने मध्येका एकथरी तिखिमाया सार्कीका नाति तारेखमा रहिरहने रत्नबहादुर भन्ने राधे सार्कीका भतिजा अर्थात् मेरा विपक्षी धनबहादुर मिजार सार्की पो रहेछन्। समाचार पनि

कस्तो भने पुनरावेदन अदालत पाटनमा विचाराधीन अवस्था र अन्तिम अवस्थामा पुगेकोले फैसलाको पूर्वसन्ध्यामा प्रकाशित गरी न्यायाधीश तथा अदालतलाई दबाब सृजना होस् भन्ने हेतुले प्रकाशित गरेको जस्तो लाग्यो। नभन्दै त्यसको ६ दिनपछि मिति २०७०/११/२६ गते पुनरावेदन अदालतले मलाई हराउने फैसला समेत गर्‍यो। त्यस बारेमा मेरो तथ्य र प्रमाण एवं भनाइ पनि राख्न आवश्यक ठानी वास्तविकता जानकारी गराउनका लागि केही लेख्न र सबैमा भ्रम पैदा गरेको भए मेटाउनका लागि यो लेख महत्वपूर्ण हुनेछ भन्ने पूर्ण आशा र विश्वास समेत राख्दछु।

यो जग्गा प्राप्तिको ऐतिहासिकता तथा वास्तविकताको बारेमा कुरा गर्दा वि.सं. १८०१ मा मेरा पुर्खा काजी तुलराम पाण्डेलाई नेपाल एकीकरणका अभियानमा साथ दिँदा राष्ट्रनिर्माता श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहले प्रदान गरी बक्सेको थियो। १८०१ मा नाल निशाना समेत नुवाकोट सूर्यमती गा.वि.स. वडा नं. ५ र ६ भित्रका जग्गा पाउँदा करिब २० औं हजार रोपनी हुन आउँथ्यो। त्यसपछि उहाँका नाति काजी जंगवीर पाण्डेका नाउँका प्राप्त भई पाँचतले झिँगटीको छाना भएको घर र बगैंचा समेत बनाई भोग चलन गर्दै आएको सो जग्गा वि.सं. १९०३ को कोतपर्वपश्चात् श्री ३ जंगबहादुर राणाले काजी जंगवीर पाण्डेलाई देश निकाला गरी जफत गरेको थिए। वि.सं. १९६४ सालमा कर्णेल विष्णुकुमार पाण्डेले सो जग्गा पुनः फिर्ता पाउनुभयो। उहाँको मृत्युपछि कप.बेलायत कुमार पाण्डेलाई प्राप्त उक्त जग्गा उहाँको मृत्युपछि १९९८ सालमा सन्तान दरसन्तानले खान पाउने गरी १० वर्षको नाबालक अवस्थाको म ऋषि कुमार पाण्डे र भाई पुरुषोत्तम कुमार पाण्डेलाई मिति १९९८/४/१६/५ मा सनद भै चौकिल्ला तोकी प्राप्त भएको थियो। सनदद्वारा प्राप्त जग्गाका जग्गाधनी मध्येका पुरुषोत्तम कुमार पाण्डेकी श्रीमती शोभादेवीले म ऋषि कुमार पाण्डेलाई नै एकलौटि खान पाउने गरी मिति २०४३/२/७ मा हक छाडेको हुँदा मेरा नाउँमा एकलौटी आएको हो।

त्यसपछि २००६ सालमा नम्वरी भै २००५ सालदेखिको तिरो तिरी अटुट रुपमा हालसम्म भोग चलन गरी आएको प्रस्तुत जग्गामा वि.सं. २००५ सालमा लाल मोहर र २००६ सालमा प्राप्त खडग निशाना समेतका प्रमाणमा आधारमा रैकर परिणत गरी पाऊँ भनी २०३२ सालमा नुवाकोट मालमा निवेदन गरी उक्त बमोजिम क, ख विर्ता जग्गा रैकरमा परिणत भई कार्यालयले प्रमाण दिएको समेत छ। नापीका बखत यी विपक्ष समेतका व्यक्तिले पनि मेरो जग्गा दर्ता गरेको दाबी गरी निवेदन गरेपछि ७ नं. नापी गोश्वाराका प्रमुख का.मु.नापी अधिकृत प्रेम बहादुर प्रधानले दुवै थरीको प्रमाण बुझी हाम्रैतर्फको प्रमाण बलियो भएको उल्लेख गरी म ऋषि कुमारका नाउँमा दर्ता गरी दिने गरी मिति २०३४/१०/१९ मा निर्णय गर्‍यो। उक्त निर्णयउपर तत्कालीन अवस्थामा दाबी गर्ने मध्येका केही व्यक्तिहरु विर्ता मुद्दा चल्यो। बाग्मती अञ्चल अदालतले विवादित जग्गामा नापी गर्ने भनी तारेख तोक्यो। नक्सा गर्ने ठाउँमा विपक्ष समेतका मानिस नगएपछि तारेख गुजारी मुद्दा डिसमिस फैसला भयो। त्यसउपर विपक्षमध्येका हालसम्म मुद्दा गर्ने मानिसका पति पिताले क्षेत्रीय अदालतमा अपिल गरे। क्षेत्रीयले पनि अञ्चलकै सदर गर्ने गरी निर्णय गर्‍यो। त्यसउपर चित्त नबुझी उनीहरु सर्वोच्च अदालत गए र सर्वोच्चले पनि अञ्चल र क्षेत्रीयकै फैसला सदर गर्ने गरी फैसला गर्‍यो मिति २०३९/१/२९ मा।

यसरी सम्पूर्ण रुपले मुद्दा टुङ्गिई सकेपछि मालपोतले वन, नापी, भूमिसुधार, गा.वि.स.समेत बुझी सर्जमिन गरी सम्पूर्ण न्यूनतमदेखि अधिकतम प्रक्रिया पूरा गरी मेरा नाउँमा दर्ता गरी दिएको हो। त्यसउपर यी विपक्ष समेतले अख्तियारमा वनजंगल दर्ता गरे भन्ने उजुर गरे पनि उक्त कुराको लामै छानबिन गरिसकेपछि अख्तियारले समेत मलाई सफाइ दियो। त्यसपछि हदबन्दीका कारणजग्गा राख्न नमिल्ने भई कृषि कार्यका लागि २०४० सालमा गीता फलोद्यान प्रा.लि.का नाउँमा कृषि मन्त्रालय कृषि विभागमा कम्पनी दर्ता गरियो। उक्त कम्पनीमा फलफूलका लाखौं बोट रोपी थुप्रै भवन, पालेघर समेत बनाई कृषि विकास बैंकको ऋण सहयोग समेत लिई करोडौं लगानी गरियो। मेरो परिवारमा अंशबण्डा भएपछिका श्रीमती, छोरा र मेरा भागका जग्गा समेत कम्पनीका नाउँमा राजीनामा गरी दिइसकेपछि मिति २०४४/१०/४ को सरकारको निर्णयले राजपत्रमा प्रकाशित भई ११९१ रोपनी जग्गामा गीता फलोद्यानका नाउँमा फलफूल खेती गर्ने छुट दिइयो।

२०४८ सालमा सांसद रुद्रमणि भण्डारीको अध्यक्षतामा गठित आयोगले हाम्रो कम्पनीलगायत पूर्वराजा ज्ञानेन्द्र, भू.पू.प्र.म.सूर्यबहादुर थापाका भाइ चक्रेन्द्र थापा समेतको यस्तै प्रकृतिका थुप्रै जग्गा जफत गर्ने निर्णय गर्‍यो। त्यसउपर कम्पनी सर्वोच्च अदालत गयो र भण्डारी आयोगको जफत निर्णय बदर भयो। त्यस्तै भू.पू.प्र.म.सूर्य बहादुर थापाको उत्तर पानी फर्मको पनि बदर भयो। हाम्रै फैसलालाई आधार मानी भू.पू.प्र.म.नगेन्द्र प्रसाद रिजाल लगायतका कम्पनीको जग्गा पनि जफत फिर्ता भए। त्यसपछि विध्वंश मच्चाउने काम भयो र घर टहरा भत्काउने, बोटबिरुवा उखेली नष्ट गर्ने काम समेत उनीहरुबाटै भयो।

त्यस जग्गामा काम गर्ने रत्नबहादुर खड्काले १ लाख फलफूलका बोट र ५ वटा आधुनिक घर तथा २ वटा पालेघर रहेकोमा विपक्षमध्येका भगवान बानियाँ समेतले कुटपिट तथा आगजनी गरी बिगार पारेको कुरा उल्लेख गरी दिएको कागजले पुष्टि गरेको छ। विभिन्न मितिमा बस्ने पाले कर्मचारीका बयान कागजबाट समेत विपक्षी समेतका कर्तुत र अन्यायको पुष्टि भइसकेको छ।

त्यसैगरी गृह मन्त्रालय, प्रहरी कार्यालय, चौकी आदिका उजुरी र आइन्दा गर्दिन भन्ने विपक्षी समेतका कागज समेतको मिसिल अदालत लगायत सबै ठाउँमा पुऱ्याइयो। त्यति गर्दा पनि जफत जग्गा आफूले खान पाइन्छ कि भन्ने कुनियतसाथ विपक्षीहरुले २०५० सालपछि पुनः आफ्ना पति, बाबुले हामीसँगै मिली मुद्दा हारी दिएछन्। हाम्रो अंश मार्न मिल्दैन भन्दै १२ वर्षपछि बल्ल थाहा पायौं भन्दै बनावटी रुपमा नुवाकोट जिल्ला अदालतमा फिराद गरे र नुवाकोटले पनि उक्त कुरालाई समर्थन गर्दै बाग्मती अञ्चल अदालतको फैसला बदर गरिदियो। त्यसपश्चात् विपक्षहरु सर्वोच्चमा गए र ५ वर्ष मुद्दा चल्यो। सर्वोच्चले पुनरावेदनले प्रमाणको मूल्याङ्कन गरी विपक्षहरुको हक लाग्छ लाग्दैन ? पति पिता मरिसकेपछि श्रीमती छोराहरुले दाबी गर्न पाउँछन पाउँदैनन् भन्ने विषयमा प्रमाण बुझी न्याय गर्नु भनी २०६५ सालमा पुनः पुनरावेदन अदालत पठायो।

तत्पश्चात् पुनरावेदन अदालतले प्रमाण बुझ्ने जग्गाको नापनक्सा गर्ने कार्य गऱ्यो। विपक्षहरुकै बाहुल्यमा मेरो एकमात्र प्रतिनिधि कानुन व्यवसायीमात्रको रोहवरमा नक्सांकन गरियो। विपक्षीहरुले दाबी गरे जस्तो घरवास, खेतीपाती, भोग चलन कहीँ केही नभएको नक्सा प्रतिवेदन आयो। प्रमाण हाम्रो बाहेक अन्य कुनै विपक्षीको थिएन। कसैले पेटिया खान्कीको जग्गा हो, कसैले किनुवाको हो भन्दै बुझिने २०२० साल पछिका अन्तैका प्रमाण कागज पेश गरे। यसरी थुप्रै पटक थुप्रै इजलासमा मुद्दा परी त्यसले सर्वोच्चले हेर्ने भनेका विषयवस्तु तथा पुराना फैसला नजिर कानुनलाई ठाडै चुनौती दिँदै पत्रिकाका खबरका कारण हो कि खै कुन दबाब तथा मोलाहिजाका कारण हो जिल्लाकै फैसलालाई सदर गरी दिए। फैसलाको पूर्ण पाठ आउन २/३ महिना लाग्ने भए पनि हामीलाई, (कम्पनीलाई) हराइएको निश्चित भयो। तर यो अन्तिम होइन। कम्पनी सर्वोच्च अदालत गएर न्यायका लागि अग्रसर हुने र न्यायका लागि गर्नुपर्ने कार्य गर्न कुनै कसर बाँकी राख्ने छैन।

पुनरावेदन अदालतमा बहसका क्रममा उठेका थुप्रै कुरा जस्तै प्रस्तुत मुद्दाको हालसम्म पनि वारेस रहेका विपक्षी नारायण बानियाँ सर्वोच्च गएको मिसिल फैसला, पूजा गर्ने नाल निशाना मालपोतमा बुझाएको र आवश्यक परे ल्याउँछु भन्ने व्यहोराको लिखत कम्पनीमा काम गर्न बस्ने रत्न बहादुर भन्ने राधे सार्की, कम्पनीमा पैसा सहायता माग्ने र आइन्दा दुःख नदिने भनी निवेदन पेश गर्ने ढ्याके सार्की जसलाई "पञ्चायतको घाउ" भन्ने वृत्तचित्रका नायक भनी समाचार प्रकाशित गरिएको छ ती सबैका एक से एक प्रमाण कागज पेश गर्दा गर्दै पनि पुनरावेदनले यो के गऱ्यो ? केका लागि गऱ्यो ? कानुन नजिर बर्खिलाप निर्णय गर्न न्यायाधीश किन बाध्य भए ? यसको उत्तर पाउने अधिकार मेरो पनि हो। म पनि यही देशकै नागरिक हुँ। राष्ट्र सेवक हुँ।

हाम्रो पुर्खाका पालादेखि नै काम गर्ने रेखदेख गर्ने विपक्षमध्येका जगत बहादुर बानियाँकी श्रीमती र छोराहरुले सार्की, राईहरुलाई ल्याई राखी आफू र उनीहरु मिली जसले जिम्मा लियो, उसैले आफ्ना नाउँमा गराउने कार्य गरी विश्वासघात गरे। त्यो कुरा मिसिल प्रमाणबाट स्पष्ट देख्न सकिन्छ। यस्तो घाम जस्तै छर्लङ्ग कुरालाई उल्टै दरबारमा मैले काम गर्दा रिस गर्ने मानिस तथा तस्करका नाइकेका उक्साहटमा उनीहरुकै लगानी र शक्तिका आडमा दुःख दिएको उल्लेख गरी उल्टाईपल्ट्याई मेरो १८०१ मा प्राप्त जग्गालाई सैनिक सचिव हुँदा अन्याय गऱ्यो, कब्जा गऱ्यो, भन्नु कतिसम्म उचित हो। यस बारेमा पत्रपत्रिकाले सत्यतथ्य बुझी मलाई पुनरावेदन अदालतले अन्याय गरे पनि कुरा जनमानसमा ल्याइदिनेछ भन्ने आशा गर्दछु। त्यस्तै पीत पत्रकारिता गर्ने, आफ्ना मुद्दाका समाचारलाई मुख्य समाचार बनाउने राष्ट्रिय पत्रिकाको खोल ओढेर पत्रकारिताको धर्म र आचारसंहिता विपरीत लेख्ने तथा न्यायालयलाई समेतलाई दबाब दिने समाचार प्रकाशित गर्ने पत्रिकाको दर्ता नै खारेज गरिनुपर्दछ र त्यस्ता पत्रकारलाई कारबाही गरी आईन्दा यस्तो बद्मासी गर्न नसक्ने बनाइनु पर्दछ भन्ने मेरो जोडदार अपिल छ।

चैते दशैंको दिन राति १२:०० बजेको समयमा मैले सैनिक पठाई धम्क्याई निकाले, कब्जा गरे भन्ने समाचार छापिए जोमाथि उल्लेखित मेरा तथ्यबाट नै पूर्णतः झुठो छ। मैले आफ्नो जग्गा कब्जा गर्नुपर्ने विपक्षहरुलाई निकाल्नुपर्ने कुनै कारण र प्रयोजन नै छैन। कम्पनीकै जग्गाको तिरो तिरी दिने, तलब खाई रेखदेख गर्न बस्ने विपक्षहरु नै यसरी सम्पूर्ण घर भत्काई दिई, बोटबिरुवा नासी बिगारी लगी मात्र नपुगेर जग्गा नै आफ्नो नाउँमा दर्ता गर्न भित्री रुपमा नक्कली प्रमाण बनाउँदै आएको भन्ने कुराले म र कम्पनीलाई ठूलो घात गरिएको छ। यसरी म ८३ वर्षको उमेरको मानिस दरबारमा काम गर्ने पूर्व कर्मचारी भएकैले जग्गा लिन त्यहाँसम्म पुग्नुपर्ने थिएन। तत्कालीन अवस्थामा राजालाई खुशी पारेमा यहाँ मुख्य मुख्य स्थानमा नै पाइन्थ्यो र राजाले सोध्दा पनि मैले कहिल्यै जग्गा बकस मागिन र चाहियो भनिन्। मेरो परिवारको वीरताको गाथा बोकेको जग्गामा म २५/२६ वर्षदेखि जान सकेको छैन। आफ्नै जग्गामा टेक्न पाएको छैन। झन् उल्टै यस्ता सामाचार प्रकाशित गरी मलाई अन्याय गर्न खोजिँदै छ। यस विषयमा मैले सैनिक मुख्यालय भ्याली प्रितना, राष्ट्रपति, माओवादीका वैध समूह, कान्तिपुर दैनिक गृह मन्त्रालयदेखि रिपोर्टर्स क्लवका ऋषि धमला समेतलाई पत्राचार गरेको छु तर कसैले पनि मेरो पीरमर्कामा साथ दिएनन्। एक शब्द बोलेनन्। तैपनि म सैनिक चरित्रको राष्ट्रवादी मान्छे भएकाले यस्ता कुरामा डगमगाउनेवाला छैन। मेरो पुर्खाको वीरताको इतिहासलाई जोगाउन पनि मैले हार मान्नेवाला छैन।

(क्रमशः)

नुवाकोट भालुडाँडाको जग्गाको सत्यकथा राष्ट्र सेवक मर्काँमा

वर्ष १६, अंक ३८, २०७३ कातिक २८ आइतबार

काजी तुलाराम पाँडेलाई श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले नुवाकोट एकिकरण गर्दा ठूलो विश्वास तथा साहस र हिम्मतका साथ सहयोग गरेबापत नुवाकोट जिल्ला हाल सूर्यमती गा.वि.स.वडा नं. ५ र भित्र वि.सं. १८०१ मा नाल निशाना समेत करिब २० औं हजार रोपनी जग्गा बकस भएको थियो। उहाँको शेषपछि नातीकाजी जंगवीर पाँडेले पाँच तले भिँगटीको छानो भएको घर निर्माण गरी बगैंचासमेत बनाई भोगचलन गर्दै आएकोमा वि.सं. १९०३ को कोतपर्वपश्चात् श्री ३ जंगबहादुरले काजी जंगवीरलाई देश निकाला गरी सो जग्गा जफत गरेको थिए। ६१ वर्षपछि वि.सं. १९६४ सालमा कर्णेल विष्णुकुमार पाँडेले पुनः सो जग्गा फिर्ता पाए। उनको निधनपछि सो जग्गा कप. बेलायत कुमार पाण्डेलाई प्राप्त भयो। उनको निधनपछि ऋषिकुमार पाण्डेकी आमाको निवेदनमा छानबिन गरी १० वर्षको नाबालक ऋषिकुमार र उनका भाइ पुरुषोत्तमकुमार पाण्डेका नाउँमा सन्तान दरसन्तानले खान पाउने गरी १९९८/४/१६/५ का मितिमा सनद भई क्रमशः रोलक्रमसँगै कानुनी प्रक्रिया संगत रुपमा नै प्राप्त जग्गाका जग्गाधनी पुरुषोत्तमकुमार मृत्युपछि उनकी श्रीमतीले ऋषिकुमार पाण्डेलाई नै एकलौटी हुने गरी पारित गरी निर्वाध भोग चलन गर्दै आइरहेको देखिन्छ।

त्यस्तैमा नुवाकोट जिल्लामा नापी हुँदाका बखत उक्त एकलौटी हकभोग रहेको जग्गालाई आफ्नो हो भनी केही मानिसहरुले दाबी गरेपछि ७ नं. नापी गोश्वाराले दुवै थरिका प्रमाण बुझ्ने सुन्ने कार्य गऱ्यो। अन्त्यमा, ऋषिकुमारकै प्रमाण बलियो भएको उल्लेख गरी २०३४ सालमा दर्ता गरी दिने निर्णय गऱ्यो। त्यो निर्णयउपर चित्त नबुझी फेरि केही मानिसहरु विशेष अदालतमा अपिल गर्न पुगे। त्यसले नक्सा गरी दिने आदेश गऱ्यो तर नक्सा गरी दिने तोकेको दिन अदालतका कर्मचारी जाँदा विपक्षीहरु कोही पनि गएनन् र मुद्दा खारेज भयो। त्यसपछि उनिहरु क्षेत्रीय अदालतमा गए। क्षेत्रीयले पनि विशेषकै खारेजलाई मान्यता दियो। त्यसमा चित्त नबुझी केही मानिस पुनः सर्वोच्च अदालत पुगे। सर्वोच्च अदालतले पनि मिति ०३९/१/२९/४ मा अञ्चल र क्षेत्रीयकै सदर गरी दिने फैसला गऱ्यो। त्यसपछि पूर्ण रुपमा उनीहरुले हार स्वीकार गरिसकेपछि हाम्रो परिवारमा अंशबण्डा गर्ने कार्य भयो।

त्यसपछि २०४० सालमा कृषि मन्त्रालय कृषि विभागबाट फलफूल खेती गर्नका लागि गीता फलोद्यान कम्पनी प्रा.लि.दर्ता गरी कृषि विकास बैकबाट करोडौं ऋण लिई फलफूलका लाखौं बोटबिरुवा लगाउने कार्य भयो। भोग चलनका लागि छुट जग्गा पनि दर्ता गर्न ऋषिकुमार पाण्डेसमेतको निवेदनमा मालपोत कार्यालयले वन, नापी, गा.वि.स. आदिको स्थलगत निरीक्षण, सर्जमिन, स्थानीय पञ्च भलादमीको रायलगायतका सम्पूर्ण कानुनी प्रक्रिया पूरा गर्दै निवेदनका नाउँमा दर्ता गरी दिने निर्णय भई दर्ता भयो। त्यसरी दर्ता भएको जग्गा हदबन्दीका कारण राख्न नमिल्ने भएपछि फलफूल खेती गर्नका लागि मात्र राख्न पाउने गरी मिति ०४४/१०/४ को मन्त्रिपरिषद्को निर्णयबमोजिम राजपत्रमा सूचना प्रकाशित गरी हदबन्दी छुट दिने निर्णयले हालसम्म कम्पनीका नाउँमा नै छ। कम्पनीका नाउँमा दर्ता स्रेस्ता रहेको जग्गाका थुप्रै आधुनिक पक्की घर, फलफूलका लाखौं बोटबिरुवा लगाई हुकाई रोजगारी सृजना गरी व्यावसायिक उत्पादन हुने लाग्दा तत्कालीन तस्कर डीबी लामा, भरत गुरुङ, रामप्रसादलगायतका व्यक्तिबाट उक्त जग्गा अतिक्रमण गराई दुःख दिने बिगार्ने काम गरियो। त्यही क्रममा घर, सर्भेन्ट क्वार्टर भत्काउने लाखौं हुर्की बढी उत्पादन हुनलागेका फलफूलका बोटबिरुवा काट्ने नास्ने कार्य भयो। हाल पाँच थरिका मानिस जसका पति/पिता सर्वोच्चसम्म गई हारिसकेपछि चुपचाप बसेकालाई लोभ, लालच र डर देखाई फेरि पनि मुद्दा गर्न लगाई दुःख दिइरहेका छन्।

मिति २०४६ सालको ऐतिहासिक परिवर्तनपछि नेपाली कांग्रेसका रुद्रमणि भण्डारीको अध्यक्षतामा गठित जग्गा छानविन आयोगले उक्त गीता फलोद्यान कम्पनी प्रा.लि.को जग्गा पनि जफत गर्ने निर्णय गऱ्यो। त्यसउपर चित्त नबुझी कम्पनीको तर्फबाट गीतादेवी पाण्डे र पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाका भाइहरु समेतले आ-आफ्ना रोक्का जमिन फुकुवा गर्नेतर्फ एकैदिन सर्वोच्च अदालतमा उत्प्रेषणको रिट दायर गरे। सर्वोच्चले जग्गा जफत गरेको मिलेन भनी जफत बदर गरी दियो। पूर्वराजा ज्ञानेन्द्र शाहको हिमालयन टि गार्डेनलगायतका कम्पनीका जग्गाहरु पनि त्यही फैसलाका आधारमा फुकुवा भए। गिँजडा खाँडसारी मिल्स प्रा.लि.बाँकेको जग्गा भने मन्त्रिपरिषद्को निर्णयबाट नै फुकुवा भएको हो।

यसरी कम्पनीका जग्गा जफत हुँदा समेत टुलुटुलु हेरी बसेकाहरु जग्गा फुकुवा भएपछि पुनः भ्रष्टमान्छेका सहयोगमा दुःख दिने मनसायले २०५० सालपछि नुवाकोट जिल्ला अदालतमा (अघि नै सर्वोच्च अदालतसम्म मुद्दा गरी हार्नेका श्रीमती छोराहरुले १०/१५ वर्षपछि बल्ल थाहा पायौ भ़नी) फिराद दायर गरे। त्यसैका आधारमा नुवाकोट जिल्ला अदालतले कुनै प्रमाणै नबुझी विपक्षीहरुलाई जिताई दियो। त्यसउपर जग्गा वालाले पुनरावेदन अदालतमा अपिल गर्दा सर्वोच्चको पूर्व फैसलासमेतका आधारमा नुवाकोट जिल्ला अदालतको निर्णयलाई खारेज गरी कम्पनीलाई नै जिताइदियो। त्यसपछि विपक्षहरु फेरि सर्वोच्च गए। जग्गाधनीका इन्कार गर्ने ठाउँ नभेटेपछि तत्कालीन प्रधान

न्यायाधीश केदारप्रसाद गिरी र रामप्रसाद श्रेष्ठको इजलासले जिल्ला र पुनरावेदनले बुबा र लाग्नेले हारी सकेपछि श्रीमती छोराले फिराद गर्न आउन पाउँछन्/पाउँदैनन् त्यस बारेमा प्रमाण बुझी स्पष्ट खुलाई फैसला गर्नु भनी पुनरावेदन अदालतमा पुनः मुद्दा पठाइदिए।

२०६५ सालमा सर्वोच्चले पठाएको मुद्दालाई पुनरावेदन अदालतले ५/६ वर्ष लगाई नक्सा गर्ने आदेश गऱ्यो। विपक्षीहरुले नक्सा गर्ने डोरलाई नै हुल हुज्जत डर, धाक देखाई हुँदै नभएको कुरा लेख्न दबाब दिई केहि नभएको उजाड स्थानमा कतै मकै बाली, कतै अदुवा, बेसार खेती र भोगचलन विपक्षहरुकै रहेको भन्ने नितान्त झुठा र अविश्वसनीय कुरा लेख्न लगाए।

त्यसपछि २/२ पटक मिलापत्र गर्नका लागि भन्दै विपक्षहरुकै आग्रह र न्यायाधीशको आदेशमा मिलापत्र केन्द्र पठाए मुद्दा लम्ब्याउनका लागि उनीहरुको उद्देश्य दुःख दिनु मात्र थियो। आफ्ना प्रमाण केही नभएकाले लम्ब्याउनुबाहेक केही जानेका थिएनन्। उक्त कुरा न्यायाधीशले पनि नबुझेका थिएनन्। यसै क्रममा विपक्षमध्येको कम्पनीका पूर्वकर्मचारीका भतिजाले परिवर्तन पोष्ट नामक दैनिक पत्रिका निकाली उक्त पत्रिकामा यही विषयलाई आफ्नो अनुकूल समाचार बनाई अदालत र न्यायाधीशका कोठा कोठामा बाँड्ने काम गरे। त्यसैका आधारमा हो वा अन्य कुनै लोभ लालच वा कार्य क्षमतका अभावका कारण हो सर्वोच्च आदालतले बोल्नुपर्ने विषयलाई थाहा नपाए गरी विपक्षीलाई जिताइयो।

यसरी न्याय कानुनका न्यूनतम सिद्धान्तलाई आत्मसात् गर्दागर्दै १८०१ को नाल निशिनादेखि १९९८ का सनद २००६ सालको नम्बरी लगत २००५ सालदेखि तिरो रसिद वि.सं. २००५ सालका लालमोहर र २००३ सालको खड्ग निशाना त्यसैका अधारमा २०३२ साल माघमा रैकर परिणत गरी पाऊँ भन्ने निवेदन, उक्तबमोजिम नुवाकोट मालले रैकर परिणत गरी दिएको प्रमाण बलियो भएको उल्लेख गरी मिति २०३४/१०/१९ मा गरी दिएको निर्णय पर्चा, विपक्षका पति पिता समेतले तह-तह गरी मुद्दा गर्दैहार्दै अञ्चल, क्षेत्रीय र सर्वोच्चसम्मबाट भएका अख्तियारमा वन, जंगल दर्ता गरायो भनी उजुर गरी सफाइ दिएको अख्तियारको क्लिनचिटलगायतका अनगिन्ती प्रमाण जग्गाधनीले पुनरावेदन अदालतमा पेस गरेका थिए तर कुनै पनि हेरिएन। कुनैमा पनि चासो राखिएन। मूल्याङ्कन नै भएन। उनका वकिलका कुरालाई समेत वास्ता नै गरिएन। आखिर किन ? केका लागि ? कसका लागि ? कस्तो फैसला हो यो ? राष्ट्रसेवक किन मर्कामा ?

(क्रमशः)

नेपालमा भ्रष्टाचारको इतिवृत्तान्त

वर्ष १६, अंक ३९, २०७३ मंसिर ५ आइतबार

केही वर्षअगाडिको एक तथ्याङ्कमा भनिएअनुसार विश्वका दश जना राजनीतिज्ञलाई सबैभन्दा भ्रष्टको सूचीमा सूचीकृत गरिएको थियो। उक्त तथ्याङ्कअनुसार इण्डोनेसियाका सुहार्तो, फिलिपिन्सका मार्कोस, मोबुतुसके, सानी अवाचा, हाइटीका डोमालिया पेसका फुजिमोरी, युक्रेनका पाठलो लाजारेन्कोको नाम सूचीकृत थियो।

नेपालमा भ्रष्टाचारको इतिहास खोतल्दै गयौं भने पृथ्वीनारायण शाहको समयमा समेत घुस भ्रष्टाचार मौलाएको रहेछ भन्ने बुझिन्छ। यदि त्यसो हुँदैनथ्यो भने उनले घुस दिन्या र घुस खान्या यी राजाका महासतुर हुन्। यी दुईको ता जिउधन गरिलियाको पनि पाप छैन भन्नुपर्ने आवश्यकतै थिएन।

सात वर्षको उमेरमा राजदरबार छिरका भीमसेन थापा प्रधानसेनापति प्रधानमन्त्री पदसम्म पुग्न सफल भए। दरबारमा षड्यन्त्र र घात/प्रतिघात चल्दै गयो, उनी बलिया बन्दै गए। जब उनको पतनको अवस्था आयो, त्यतिबेला उनलाई पदच्यूत गरी उनको घर खानतलासी लिँदा २९ हजार सुनका असर्फी भेटिएको बताइन्छ। गोर्खाको बोलिङ जस्तो ठाउँका भीमसेन थापाले त्यत्रो सम्पत्ति कसरी कमाए त ? काठमाडौंमा उनको अकूत सम्पत्ति कसरी थुप्रियो त ?

भीमसेन मात्र हैन माथवरसिंह थापा समेतले ठूलो भ्रष्टाचार गरी राज्यकोषको दोहन गरेका थिए। कोतपर्व गरी सत्तामा आएका जंगबहादुरले त भ्रष्टाचारलाई संस्थागत नै गरे। सिंगो एक शताब्दीको इतिहास भन्नुपर्ने भ्रष्टाचारको इतिहास हो। राणा कालमा त सेनाको बजेट समेत सुखभोगमा प्रयोग गरिन्थ्यो, जो आजसम्म यथावतै छ। सेनामा जत्रो भ्रष्टाचार अन्य क्षेत्रमा छँदै छैन। पूर्वसेनापतिहरु धर्मपालवर सिंहथापा, प्यारजंग थापा, रुक्मांगत कटुवालले दिल्लीमा दरबार नै बनाएका छन् भने प्रज्वल्ल शमशेरले सिंगापुरमा सम्पत्ति थुपारेका छन्।

पञ्चायतकालमा त गाईकाण्ड, गधाकाण्ड, गलैंचाकाण्ड, मूर्तिकाण्ड, जंगलकाण्ड, डलरकाण्डले चर्चा नै पाएको थियो। लोकेन्द्र बहादुर चन्द तथा डा. प्रकाशचन्द्र लोहनीलगायतले डलर अवचलन गर्थे। राष्ट्र बैंकका तत्कालीन गभर्नर कल्याण विक्रम अधिकारी फस्थे र राजीनामा दिलाइन्थ्यो। २०४१ सालमै एक अर्ब डलरकाण्ड घटेको थियो। हेम बहादुर मल्ल, वनमन्त्री छँदा दरबारको आडमा साढे तीन करोड लगभग भ्रष्टाचार गरे। फस्ने बेलामा उनी मात्र फसे। डा. तुलसी गिरी, भेष बहादुर थापा, हर्क गुरुङ, कुलशेखर शर्मालगायत ९१ जना उच्चपदस्थ

व्यक्तिले गलैँचाकाण्ड गर्थे। अदालतले सफाइ दिन्थ्यो। पञ्चायत व्यवस्थालाई जिताउने नाममा सूर्यबहादुर थापाले करोडौँको जंगल फँडानी गर्थे। सर्पको छालादेखि दुर्लभ वन्यजन्तु र जडीबुटी तस्करी गर्थे। उनी चोखो बच्थे र २०४६ सालतिर पत्रकारहरुलाई पैसा बाँड्ने नाममा रमेशनाथ पाण्डेहरुले राज्यकोषबाट लाखौं लाख रकम निकासा गर्थे र आफैँ कुम्ल्याँउथे। राज्य चुप लागेर बस्थ्यो। अधिराजकुमारहरु मूर्ति चोरी गर्थे र राज्य आँखा चिम्लिन्थ्यो।

२०४६ मा पञ्चायत व्यवस्थाको पतन भयो र देशमा संसदीय प्रजातन्त्र स्थापना भयो। जनताले सोचेका थिए कि अब भ्रष्टाचारीहरु जेल जाकिनेछन्। बदमासहरु पाता कसेर पल्टाइनेछन् तर त्यो दिवास्वप्न नै बन्यो। गाउँबाट हात्तीछाप चप्पल पट्काउँदै राजधानी छिरेकाहरु नै भ्रष्टाचारमा लिप्त भए।

मन्त्री बन्दा २०४८ सालमा ९० हजार रुपैयाँ र ९ तोला सुन सम्पत्ति विवरण देखाउने चिरञ्जीवी वाग्ले केही वर्षमै तीन करोड ९६ लाखका मालिक भए। खुमबहादुरहरु झण्डै पाँच करोडका भ्रष्टाचारी गनिए। जयप्रकाश गुप्ताहरु झण्डै तीन करोडका भ्रष्टाचारीमा गनिए। कुनै बेलाका भारतीय सेनाका भगौडा सिपाही वामदेव गौतम सुनकाण्डका नाइकेका रुपमा पत्रपत्रिकादेखि आफ्नै पार्टी नेताका नजरमा भ्रष्ट कहलिएर आफ्नै छोरालाई सहिदको कोटामा पारेर चीनमा पढ्न पठाए। २०५२ सालमा माओवादीले विद्रोह सुरु गरेपछि त हरेक गृहमन्त्रीका लागि त्यो पद चाँदीकटाइ नै बन्यो। हरेक गृहमन्त्रीले सुराकी खर्चका नाममा प्रत्येक महिना २५/३० लाख आफ्नो खल्तीमा हाल्नथाले। न त हिसाबकिताब देखाउनुपर्ने न त बेरुजु देखिने, न त भ्रष्टाचारको कलंक लाग्ने। कति राम्रो धन्दा।

शेरबहादुर देउवाको प्रधानमन्त्री काल २०५२ सालतिर त मन्त्री तथा सांसद्हरुका लागि स्वर्णकाल नै बन्यो। सुरा, सुन्दरी, पजेरो–वाद जन्मिएको नै त्यतिबेला हो। अझ कतिसम्म भने मन्त्री तथा सांसद्हरु नै एकै पटक बिरामी परेको नाटक गरी राज्यकोषको दोहन गर्दै बैंकक उपचार गर्न भनी उड्थे। शेरबहादुर देउवा त्यस्ता नक्कली बिरामीलाई उपचार खर्च दिलाउँथे। सुत्केरीले खाने औषधिको बिल पुरुष सांसद्हरु पेस गरेर पैसा बुझ्थे। रक्सी खाएको बिल समेत पेस गरेर पैसा भुक्तानी लिन्थे। सांसद्हरु किनवेच पनि त्यसै समयमा भयो। कुनै समयका प्रजातन्त्रका दुस्मन, पञ्चायतका पृष्ठपोषक लोकेन्द्र बहादुर चन्द तथा सूर्यबहादुर थापालाई पालैपालो गरी कांग्रेस तथा एमालेले नै प्रधानमन्त्री बनाए। यी दुवैको भ्रष्टाचारको कथा त माथि नै परिसकेको छ।

बहुदल आएपछि हेर्दा हेर्दै को कहाँ पुगे। कुन हैसियतका मान्छे कस्ता भए, सबैलाई ज्ञानै छ। हिजोका नोकर आज मालिक भए। च्याउ खानेहरु घिउखाने भए।

केही समयअगाडिको ट्रान्सपरेन्सी इन्टरनेशनलको प्रतिवेदनमा नेपाललाई दक्षिण एसियाकै सबैभन्दा भ्रष्ट मुलुकका रुपमा उल्लेख गरिएको छ। यहाँ राजनीतिक दलका नेता मात्र भ्रष्ट भएनन् राजसंस्था समेत भ्रष्ट बन्यो। राजा वीरेन्द्रका पालामा पैसा खाएर पदक बिक्री गर्थिन् ऐश्वर्यले। ज्ञानेन्द्रको प्रत्यक्ष शासनका पालामा उनले आफ्नो तलबभत्ता साविकको बाट १० गुणाले बढाएका थिए। अर्बौंको जायजेथा भएकी हेलेन शाहलाई उपचारका नाममा करोडौं दिन्थे। त्यसैको सिको गर्दै कांग्रेस एमालेका रघुजी पन्त, मिठाराम बजगाई, विनोद कुमार शाह, विजय गच्छदार, केपी शर्मा ओली, खुमबहादुर खड्कालगायत एकसेएकले राष्ट्रको ढुकुटीको दोहन गरे भने उता सर्वसाधारण जनता एउटा सिटामोल खान नपाई मरेका घटना पनि पत्रपत्रिकामा नआएका हैनन्।

सन् १९९३ सेप्टेम्बरमा प्रकाशित ह्युमन राइटर वातचको प्रतिवेदनअनुसार पूर्वप्रहरी महानिरीक्षक डीबी लामाले नेपालका चेलीबेटीहरु भारतमा लगेर बेच्थे रे। मूर्तिहरुको तस्करी गर्थे रे! अपराधीहरुसँगको मिलेमतोमा जघन्य अपराधलाई समेत आँखा चिम्लिदिन्थे रे।

यस्तै समाचार २०५० साल भदौ २१ को कान्तिपुर दैनिकले पनि डीबी लामा कुख्यात अपराधी भएको खबर प्रकाशित गरेको थियो। नुवाकोटको गेर्खु गाउँमा साधारण परिवारमा जन्मेका डीबी लामा २००७ सालमा सुबेदारमा भर्ना भई नेपाल प्रहरीका आईजीपीसम्म भए। सिंगो प्रहरी संगठन नै बदनाम गर्दै उनले गरेको भ्रष्टाचार तथा जेल सजायले प्रहरी संगठन नै लज्जित बनाएको थियो। त्यस्ता व्यक्तिलाई समेत बहुदल आएपछि नेपाली कांग्रेसको सरकारले मन्त्री पद दिएर पार्टीकै बदनामी गरे भने प्रहरीमा भ्रष्टाचारले संस्थागत रुप लियो। सुडानको डार्फरमा बन्दोबस्तीका सामान खरिदमा होस् अथवा प्रहरीको पोसाक खरिदमा लामापछि धेरै महानिरीक्षकहरु भ्रष्टाचारमा मुछिएर मुद्दा खेपिरहेका छन्। नेपाली सेनामा भ्रष्टाचारमा नाम बुझाएका व्यक्ति भरत गुरुङ हुन्। उनी भ्रष्टाचार र तस्करीकाण्डमा जेल समेत परे।

भ्रष्टाचार प्रहरी, सेना, सशस्त्र प्रहरी, निजामति सेवा जताततै व्याप्त छ। त्यस्तो भ्रष्टाचार कर्मचारी भर्नादेखि नै सुरु हुन्छ। भर्नाको अख्तियारी पाएका व्यक्तिदेखि राजनीतिक दलका नेतासम्मले घुस खान्छन्। यसो गर्दा सक्षम व्यक्ति पाखा पर्छन् भने कमसल व्यक्तिले अवसर पाउँछन्। त्यसरी घुस खुवाएर सेवा प्रवेश गरेका व्यक्तिको उद्देश्य नै आफूले खर्च गरेको पैसा उठाउने

हुन्छ। त्यस्ता कर्मचारीबाट सेवाग्राहीले कसरी स्वच्छ सेवा प्राप्त गर्न सक्छन् ? विचारणीय छ।

भ्रष्टाचार एक जघन्य अपराध हो तर त्यसको जरोसम्म पुग्ने को ? जसलाई त्यसको जिम्मा राष्ट्रले दिएको हुन्छ, ऊ नै भ्रष्ट भइदिन्छ र निलम्बनमा पर्छ। लोकमानसिंह कार्की आज एउटा नमूना व्यक्ति बनेका छन्, जसले न्यायालयलाई नै नटेरी समानान्तर सरकार चलाउने गरेका कारण आज उनी निलम्बनमा छन्। उनीमाथि संसद्मा महाभियोग प्रस्ताव दर्ता भएको छ। त्यसले कस्तो मोड लिने हो अहिल्यै भन्नसकिने अवस्था छैन।

२०४६ सालपछि पनि पञ्चायतकालमा झैँ ठूला-ठूला काण्डहरु भएका छन्। पजेरो काण्ड, धमिजा काण्ड, चेज एयर काण्ड, लाउडा एयर काण्ड, सुत्केरी औषधि काण्ड, नक्कली डलरका नाममा भ्रष्टाचार, जस्ता ठूला-ठूला काण्डको जरोसम्म पुग्ने कामै भएन। त्यसैकारण दण्डहीनता मौलाउँदै गयो। राष्ट्रिय सतर्कता केन्द्र नामको संस्था पनि छ। त्यसले पनि बेला-बेलामा सतर्क गराउने, पत्र काट्ने गरेकै देखिन्छ तर ती सबै देखाउनका लागि मात्रै। उसले एकपटक ऊर्जामन्त्री छँदा प्रकाश शरण महत, सिँचाइमन्त्री छँदा बालकृष्ण खाँड, वनमन्त्री छँदा दिपक बोहरा, श्रममन्त्री छँदा अपुताव आलम, पर्यटनमन्त्री छँदा शरदसिंह भण्डारीलाई भ्रष्टाचारी भनेको थियो तर ती कसैमाथि कारबाही भएन। अरु त प्रचण्डपुत्र प्रकाश समेत कपनजस्तो ठाउँमा दश रोपनी जमिनका मालिक बन्दा समेत सबै निकायका आँखामा फुलो परेको छ। भ्रष्टाचार हेर्ने सबै हाकिम बहिरा भएका छन्। आफैँले जन्मकैदको फैसला सुनाएको सर्वोच्च अदालत बालकृष्ण ढुंगेलले खुलेआम हिँड्दा मौन छ। यस्तो देशबाट के आशा गर्नु ?

ऋण छिट्टै टीकापुर काण्डमा प्रहरी मार्ने हत्याराहरु जेलबाट मुक्त हुनेछन्। प्रचण्ड र देउवाहरु मिलेर मधेशीहरुका नाजायज माग पूरा गर्ने नाममा संसद्मा संविधान संशोधन प्रस्ताव फिर्ता हुने वातावरण आफैँ तयार पार्नेछन्, अनि लेखिनेछ नेपालको आठौँ संविधान। त्यो दिन धेरै टाढा छैन। दलका नेताहरुको समयमै बुद्धि फिरोस्। यही शुभ-कामना।

(क्रमशः)

इतिहासको अपव्याख्या सत्यसिंह खड्काको डायरीबाट

वर्ष १६, अंक ४१, २०७३ मंसिर १९ आइतबार

मसँगै कलेजमा पढेको एउटा साथी अहिले संविधानसभाको सदस्य भएको छ। केही दिनअघि उसले आफ्नो घरमा खाना खान बोलाएर मलाई दुईवटा पुस्तक दियो। एउटा पुस्तक थियो - पूर्वप्रहरी महानिरीक्षक डीबी लामाद्वारा लिखित "संघर्षको लामो यात्रामा मेरो जीवनको उकाली ओरालीहरु" र अर्को थियो- देहरादुन निवासी प्रतापसिंह थापा मगरद्वारा लिखित नेपालमा भ्रष्टाचारको सञ्जाल। ती दुवै पुस्तक पढेपछि मलाई केही लेख्ने जाँगर आयो। डीबी लामाद्वारा लिखित पुस्तकमा आफ्नो मात्रै प्रशंसा गरेका केही इमानदार मानिसहरुको चरित्रहत्या गर्न खोजिएको पाएँ भने प्रतापसिंह थापाले आफ्नो पुस्तकमा डीबी लामा र भरत गुरुङले गरेका कुकृत्यहरुको पर्दाफास गरेको पाएँ।

नुवाकोटको खड्का वंशमा जन्मिएर एउटा प्रतिष्ठित परिवारको हैसियतमा मैले राजधानीमा बसेर कलेजस्तरको शिक्षा पाए। तसर्थ दुई/चार अक्षर चिनेको राजनीतिकर्मी भएको नाताले नेपालको इतिहासबारे यो पंक्तिकारलाई सामान्य जानकारी छ। सोही जानकारीका आधारमा यो लेखमा म केही कुरा स्पष्ट गर्न चाहन्छु। पाँच सय वर्षदेखि नेपालको तत्कालीन राजसंस्था र राष्ट्रियताको संरक्षणमा योगदान गर्दै आएका तुलाराम पाँडेलगायतका विभूतिहरुले गरेको योगदानको पनि नेपालको इतिहासले सम्मान गरेको छ। त्यो बेलाका कमाण्डर र योद्धाहरुलाई बकसस्वरुप पृथ्वीनारायण शाहले विभिन्न ठाउँमा जमिन दिएका थिए। वि.सं. १८०१ मा तत्कालीन भारदार तुलाराम पाँडेले पृथ्वीनारायण शाहबाट पाएको माया ममतास्वरुप प्रशस्त जमिन नुवाकोटमा थियो। कोतपर्वमा काजी जंगवीर पाँडे पलायन भएपछि जंगबहादुर राणाले उनको सारा सम्पत्ति जफत गरेको कुरा इतिहासकार बाबुराम आचार्यले आफ्नो पुस्तकमा लेखेका छन्।

इतिहासकारहरुका अनुसार तुलाराम पाँडेसँग नुवाकोटमा आएका कामी, सार्की, दमाईलगायतका दलित परिवारका मानिसहरु त्यहाँ बसोबास गर्नथालेका हुन्। हतियार बनाउनेलगायतका विभिन्न प्रयोजनका लागि उनीहरुलाई त्यहाँ राखियो। सेनाको व्यवस्थित ब्यारेक नहुँदा तुलाराम पाँडेजस्ता कमाण्डरको घर नै त्यो बेलाको सेनाको आश्रयस्थल हुने गर्दथ्यो। मेरा पूर्वजले बताएअनुसार जंगवीरका वंशज विष्णुकुमार र बेलायतकुमार पाँडेले सदपत्र, खड्ग निशान, लालमोहर र तिरोतिरानलगायतका

आधारबाट वंशजका हैसियतले तुलाराम पाँडेको हजारौँ रोपनी जमिन पाए। कर्णेल विष्णुकुमार पाण्डेका नाति र बेलायत कुमारका छोरा ऋषिकुमारका नाममा कालान्तरमा सो सम्पत्ति आयो। नुवाकोटको चतुरालीमा पर्ने भालुडाँडा क्षेत्रमा पाँडेहरुको झिँगटीको पाँचतले घर थियो भन्ने कुरा मेरा बाजेको भनेको म अहिलेसम्म सम्झिन्छु। त्यहाँ घोडा दौडाउने ठूलो ठाँउ थियो। घरवरिपरि सयौँ परिवार आश्रितहरु बसेका थिए। भारदारको परिवार भएकोले सहयोगी र नातागोता पनि छिमेकी भएर वस्तु स्वाभाविक थियो। नुवाकोट दरवारपछिको सबैभन्दा ठूलो घर नुवाकोटमा त्यही थियो।

२०४६ सालको राजनीतिक परिवर्तनपछि केही जाली फटाहा, शोषक र उग्र प्रवृत्तिका मानिसहरुले पाँडे परिवारको सम्पत्तिमा आँखा गाड्नथाले। त्यसबेला डीबी लामा र भारत गुरुङहरु लागूपदार्थ, सुन तस्करी, देहव्यापारलगायतका मुद्दामा जेलमा थिए। उनीहरुले जेलमा बसेका केही नेताहरुसँग मिलेमतो गरेर बाहिरका मानिसहरुलाई उकास्नथाले। जेलबाट छुटे पनि उनीहरुको नुवाकोटमा रहेको ऋषिकुमार पाँडेको जग्गा जमिनमा आँखा गाडेर स्थानीय मानिसहरुलाई भड्काउनथाले। वि.सं. २०३४ सालमा सो क्षेत्रमा नापी र सबै हुँदा स्पष्ट रेखांकन गरिएको जग्गाजमिनमा तत्कालीन प्रहरी महानिरीक्षक डीबी लामाको प्रोत्साहनमा केही व्यक्तिले हकदाबी गर्नथाले। डीबी लामाले आफ्नो बाबुको पैतृक सम्पत्ति भन्दै ऋषिकुमार पाँडेको जमिनमा विभिन्न मानिसहरुलाई बसाएर पाँडेलाई दुःख दिएको मैले प्रत्यक्ष रुपमा देखें। रुपरेखामा प्रकाशित नरेन्द्र मगरको लेखमा समेत ती कुराहरु उल्लेख भएको पाइन्छ। यसका निम्ति लेखकलाई धन्यवाद दिन चाहन्छु।

केही मानिसहरुले ऋषिकुमारको जग्गामा आफ्नो हकदाबी थालेपछि मालपोत र प्रहरी प्रशासन लगायतका सूत्रले छानबिन गर्दा सो जमिन ऋषिकुमारकै भन्ने ठहर भयो। त्यसपछि पनि डीबी लामाका मानिसहरुले जमिन छाड्न मानेनन्। गणेश पण्डितजस्ता एमालेका नेता र स्थानीय केही कांग्रेस कार्यकर्ताले आफ्नो कार्यकर्तालाई उकासेर सयौं रोपनी जग्गामा बस्ती बसाउनथाले। डीबी लामा पक्षका मानिसहरुको प्रमाण बलियो नभएकोले उनीहरुले मुद्दा दिए पनि अञ्चल र क्षेत्रीय अदालतले उनीहरुलाई पराजित गऱ्यो। २०३९ सालमा सर्वोच्च अदालतले पनि ऋषिकुमारकै पक्षमा फैसला दियो। चतुरालीबाट रानीपौवा लगिने बिजुलीको लाइन ढिकुरे हुँदै लगेर उनले त्यहाँ बिजुली पुऱ्याउन समेत मद्दत गरे। पानीको अभाव भएको सो ठाँउमा पाँच किलोमिटर टाढाबाट पानी ल्याएर उनले हरियाली झन् बढाए। १२ सय रोपनी जग्गामा कृषि विभागको सिफारिसले ऋषिकुमारको जमिनलाई हदबन्दीमुक्त क्षेत्र घोषणा गरियो। वि.सं. २०४४ साल फागुन १० गतेको गजेटमा सो कुरा प्रकाशित भएको थियो। कैयौँ उद्योगपतिहरुले पनि त्यस्तो सुविधा पाएका थिए।

मलाई थाहा छ व्यक्तिगत उन्नतिमा आह्विस गर्ने प्रवत्ति भएका केही आठपहरिया र बैठकेलगायतका व्यक्तिले एउटा गिरोहलाई उकासेर पूर्वजर्नेल ऋषिकुमारलाई दुःख दिन थाले। घर कुर्न राखेका मानिसहरुलाई समेत उकासेपछि पांडेलाई मानसिक यातना दिने काम भइरह्यो। पाँडेले तलब दिएर राखिएका बानियाँ परिवारका व्यक्तिहरु पनि उनको विरुद्ध उठ्नथाले। तत्कालीन गृहमन्त्रीलगायत विभिन्न तहमा यसबारे उजुरी गर्दा पनि प्रहरीले कुनै काम गरेन। किनभने प्रहरीमा डीबी लामाजस्ता व्यक्तिहरुको प्रभाव बाँकी नै थियो। अहिलेसम्म पनि ऋषिकुमारलाई मानिसिक यातना दिइरहेको मैले पाएँ। नुवाकोटमा मात्र होइन, गल्फटार, टीकाभैरवलगायतका ठाँउमा समेत ऋषिकुमारको सम्पत्तिमाथि हमला हुनथाल्यो। घरहरु भत्काइए र बोटबिरुवाहरु मास्न थालिए। प्रहरी प्रशासनले टुलुटुलु हेरिरह्यो। संयोगको कुरा भनौँ अथवा प्रायोजित षड्यन्त्र, टीकाभैरव र गल्फुटार दुवै ठाउँमा ऋषिकुमारलाई खड्का परिवारका सदस्यहरुले धेरै दुःख दिए। दुई किसिमका खड्काहरु बसोबास गर्ने टीकाभैरवमा केही चरित्रहीन व्यक्तिहरुले पाँडेलाई मानसिक यातना दिएको देखेपछि त्यहाँका सज्जन परिवारहरु निकै दुःखित भएका थिए।

नेपाली कांग्रेसका जगन्नाथ आचार्य भूमिसुधारमन्त्री भएपछि उनले नेपालका २०-२५ जनाको हजारौं बिघा र हजारौं रोपनी जग्गा जफत गरे। चिया बगानबाहेक अन्य उद्योगहरुलाई दुरुत्साहित गर्न थालियो। सूर्यबहादुर थापाका भाइ हरेन्द्रबहादुर थापालगायतको जमिन समेत कब्जा गरियो। राजनीतिक पूर्वाग्रह राखेर दमकको हिमालय टि गार्डेनको १६० बिघा जग्गा समेत कब्जा गरियो। सो जग्गा तत्कालीन अधिराजकुमार ज्ञानेन्द्रको थियो।

ऋषिले जग्गा फिर्ता पाउन पुनः मुद्दा दायर गरेपछि लामो प्रयासमा सो जग्गा फिर्ता त भयो। तर स्थानीय मानिसहरुलाई आफ्नो पुस्तक "ब्लिडिङ्ग माउन्टेन अफ नेपाल"मा प्रायोजित प्रचार गरेर ऋषिकुमारलाई शोषक सामन्तका रुपमा चित्रण गर्नखोजेका छन्। डीबी लामा र भरत गुरुङले तत्कालीन भूमिसुधारमन्त्री बुद्धिमान तामाङलाई प्रयोग गरेर पुनः जग्गा रोक्का गर्न दबाब दिए। ऋषिको जग्गाबाट हामीले पनि अंश पाउनुपर्छ भन्नेहरु पनि निस्किए। ऋषिको जमिन छेउमा मछेन्द्र थापा भन्ने व्यक्तिले काठ मिल खोलेर वातावरण विनाश गर्दा पनि सरकारले कुनै कारबाही गरेन। प्रहरी प्रशासनले सुरक्षा नदिएपछि स्थानीय गाउँले समेत बदमासीमा सामेल हुँदै गएर ऋषिकुमारको जग्गा र घरमाथि हमला गर्नथाले। त्यहाँ लुटपाट

चोरी-चकारी बढ्दै गयो। पुनरावेदनमा मुद्दा परे पनि पाँच वर्षसम्म न्यायाधीशहरुले डीबी लामाको दबाबमा फाइल थन्काएर ऋषिकुमारलाई मानसिक यातना दिइरहे।

वन नभएको ठाउँलाई वन क्षेत्र भनेर व्याख्या गर्ने र कृषि विभाग र कृषि मन्त्रालयले दिएको स्वीकृतिविरुद्ध भूमिसुधार मन्त्रालयले उल्टो निर्णय गरेर दुःख दिने काम गऱ्यो। फलफूल उद्यान खोलेर नुवाकोटको वातावरण र स्थानीय गाउँको समेत फाइदाका लागि गरिरहेका पाण्डेमाथि विभिन्न पूर्वाग्रह राखेर सताउने काममा कैयौँ व्यक्तिहरु संलग्न भए।

नुवाकोटको विभिन्न गाउँहरु घुम्दा मैले अनेकौं प्रतिक्रिया पाएँ। सयौं वर्षदेखि नेपालका लागि समर्पित एउटा परिवारमाथि अन्याय पर्दा पनि राज्यले कुनै इन्साफ दिन नसकेकोमा इमानदार गाउँलेहरु दुःखी भएका थिए। कांग्रेस र एमालेका केही बदमासहरुले पहिले जे सिकाएका थिए माओवादीले कालान्तरमा त्यही गर्नथाल्यो।

मेरा घर काठमाडौंको गोंगबुमा पनि छ। पाँडे परिवारलाई म धेरै वर्षदेखि चिन्छु। काठमाडौंको गल्फुटारमा पनि पाँडे परिवारको थुप्रै जमिन थियो। खड्का र तामाङलगायतका व्यक्तिले पाँडेको जग्गा जमिन कमाउँथे। पहिलेका मोहीहरु जग्गाको आम्दानी बुझाउन आउँथे। पछि झलकबहादुर खड्कालगायतका व्यक्तिहरुले बदमासी गर्नथाले। अर्काको सम्पत्ति जबर्जस्ती कब्जा गर्ने प्रवृत्ति बढ्दै गयो। ऋषिकुमारले अदालतको ढोका ढकढकाएपछि सर्वोच्चले इन्साफ दियो। तत्कालीन ऐन कानुनअनुसार लगत कट्टा गरेर मोहियानी हकबाट हटाइएका व्यक्तिहरुले पुनः किचलो गर्नथाले। कृष्णप्रसाद घिमिरेजस्ता वरिष्ठ अधिवक्ताको ऋषिको मुद्दा हेरे पनि पटक-पटक षड्यन्त्र भइरह्यो। दरबारको एउटा गुटले दुःख दिइरह्यो। नगरविकासले गल्फुटारमा जग्गा अधिग्रहण गरेर आवास क्षेत्र बनाउँदा ऋषिकुमारको ३० रोपनी जमिन पनि त्यसमा पऱ्यो। अहिलेको मूल्यमा करोडौं पर्ने जग्गा अधिग्रहण गर्दा पनि ऋषिकुमारले सरकारलाई नै सहयोग गरेका थिए।

२०१७ सालमा ऋषिकुमारकी मुमाले टीकाभैरवमा किनेको जमिनमा पनि केही व्यक्तिहरुले किचलो गर्न थाले। एमालेका तत्कालीन सांसद् मिठाराम बजगाईलगायतका व्यक्तिहरु मिलेर सो जग्गा हडप्नथाले। ऋषिले पुनः अदालतको ढोका ढकढकाए। धेरैले तारिख छाड्दै गएपछि अन्ततः अदालतले ऋषिका पक्षमा फैसला दियो। मुद्दा जितेर वकिलसहित आफ्नो जमिनमा जाँदा स्थानीय गाउँलेहरुले हमला गरे। मानसिक यातना खप्न नसकेपछि सो जमिन पनि उनले कौडीको मूल्यमा बेच्नुपऱ्यो।

राजा वीरेन्द्रको अनन्य सहयोगी भएबापत पाँडेले दरबारबाट कुनै बकस पाएनन्। आफ्नो प्रशस्तै सम्पत्ति भएकोले उनलाई लोभ पनि थिएन। हेटौँडा नगरपालिका क्षेत्रमा ऋषिले किनेको साँढे तीन बिघा जमिन र भव्य घर पनि कौडीको भाउमा बेच्नुपऱ्यो। त्यहाँ लगाइएका रुख बिरुवा, फलफूलका बोट मास्ने र घर भत्काउने काममा स्थानीय जाली फटाहाहरु लागेपछि ऋषिले सो ठाउँको जग्गा र घर बेचिदिए। गोरखामा आठ/दश हजार रुपैयाँमा किनेको जमिन पनि उनले भोग चलन गर्न पाएनन्। राजदरबारमा काम गर्ने मानिसको जमिन भन्दै त्यहाँ पनि दुःख दिइरहे। रसुवाको पार्वतीकुण्डनजिकै रहेको १०/१२ रोपनी जग्गा पनि उनले १०/१२ हजारमा किनेको थिए। त्रिशूली सोमदान सडकमा पर्ने सो जग्गा जमिनमा एउटा सानो घर पनि थियो। ऋषिले नातिको नाममा राखिदिएको सो सम्पत्ति पनि भोग चलन गर्न पाएनन्। त्यस्तै पोखरामा रहेको घर जग्गा पनि उनले मानसिक यातनाका कारण सस्तोमा बेच्नुपऱ्यो।

वि.सं. २००९ सालमा ऋषिले पाएको पैतृक सम्पत्तिबाट ४५ हजार रुपैयाँमा १४ रोपनी जमिनसहित क्षेत्रपाटीमा दरबार किनेका थिए। जुद्धशमशेरकी नातिनीको सो दरबार सो क्षेत्रकै आकर्षणको केन्द्र थियो। त्यहाँ पनि छरछिमेकी मिलेर ऋषिलाई मानसिक यातना दिइरहे। ऋषिको निजी सम्पत्तिलाई सरकारी बाटो घोषणा गरियो। प्रेम कुमार श्रेष्ठ, वसुन्धरा श्रेष्ठजस्ता व्यक्तिले ऋषिकुमारको सोझोपनबाट फाइदा उठाएर मुद्दा दिने र दुःख दिने काम गरिरहे। अदालतले ऋषिका पक्षमा फैसला दिए पनि त्यसको कार्यान्वयन गराउन नगर विकास, नगरपालिका, प्रहरी प्रशासन र अदालत आफैँ असफल भयो। गुण्डागर्दीको भरमा जे पनि गर्न सकिन्छ भन्ने मानसिकताका कारण यस्ता कैयौँ मानिसहरुले मानसिक यातना भोग्नुपरिरहेको छ।

विधिको शासन स्थापना हुन नसकेको कारण अराजकता बढ्दै गएको छ। यस्तो अवस्थामा विभिन्न जाली फटाहाहरुले फाइदा लिन खोज्नु स्वाभाविक पनि हो। आफूलाई प्राकृतिक चिकित्सक भन्ने सूर्य बहादुर कार्की नामका व्यक्तिले समेत ऋषिकुमारलाई मानसिक यातना दिइरहेको उनका छिमेकीहरु बताउँछन्। राज्यले सम्मान गर्नुपर्ने व्यक्ति मानसिक पीडाले छटपटाइरहेका छन्। यस्तो अवस्थामा समाजका जिम्मेवार व्यक्तिहरुको दायित्व के हो भन्ने कुरा प्रश्न चिह्नको घेरामा परेको छ।

(क्रमशः)

अ.प्रा. रथी ऋषिकुमार पाण्डे भन्नुहुन्छ

वर्ष १६, अंक ४२, २०७३ मंसिर २६ आइतबार

बाल्यकालदेखि नै देशका लागि केही गरौं भन्ने अभिप्रायले स्कुल पढ्दादेखि नै म आफ्नो उत्तरदायित्वप्रति निकै सजग थिएँ। आफूले पाएको शिक्षा र तालिम, परिवारबाट पाएको संस्कार र कर्तव्यबोधले मलाई निजी जीवनदेखि सैनिक जीवनसम्म तथा युनिफर्ममा काम गर्दासमेत निकै मद्दत पुग्यो।

नेपालको इतिहास भन्नु नै भनसुन, चाकडी नातावाद, कृपावादबाट ग्रस्त इतिहास हो। यस्तो वातावरणमा मैले मेरो समर्पण र इमानदारीको प्रतिफलको आशा गर्नु व्यर्थ भए पनि एउटा स्वाभिमानी र इमानदार नेपालीका नाताले आफ्नो मन वचन र कर्मले राष्ट्रप्रति जे जति योगदान गर्न सकिन्छ त्यसमा पिठ्युँ फर्काउने कुरा पनि भएन। षड्यन्त्र, जालझेल र खिचातानीको वातावरणका बीच पनि मैले लामो समयसम्म सैनिक जीवन बिताएँ। त्यस्तो स्थितिमा पनि कतै आत्मसम्मान बेच्नुपरेन र आफूलाई दास प्रमाणित गरेर स्वाभिमानसँग सम्झौता पनि गर्नुपरेन। यसमा अहिले पनि मलाई गौरव छ। जति वर्ष सक्रिय सैनिक जीवन बिताएँ त्यो कालखण्डमा मैले आफ्नो ब्रम्हले देखेको कुरा स्पष्टसँग राखें।

मेरो जीवन खुला किताब जस्तै छ। पाँच सय वर्ष माघदेखि मेरा पुर्खाले नेपालको एकीकरण आधुनिकीकरण र प्रजातान्त्रिकरणमा विशिष्ट योगदान दिएका थिए। आधुनिक नेपालको जन्म हुनुभन्दा पहिले गोरखाका राजा द्रव्य शाहका अनन्य सहयोगी भएर मेरा पुर्वजले सेवा गरेका थिए। राष्ट्र निर्माता श्री ५ पृथ्वीनारायण शाहका अत्यन्त विश्वासी भएर भारदारका रुपमा मेरा पुर्खाले देश, नरेश र जनताको सेवा गरेका थिए। सोही गौरवमय परम्परालाई अनुशरण गर्दै मैले पनि आफ्नो जीवनका अमूल्य समय सैनिक सेवामा बिताएँ। त्यस अवधिमा म कहीं कतै चुकिनँ। परिवारबाट प्राप्त उच्च संस्कारले मलाई ठूलो आत्मबल बढायो भने दार्जिलिङको युरोपियन स्कुलको अध्ययनका क्रममा मैले सिकेको स्वाभिमान, इमानदारी, नैतिकता र कर्तव्यबोधले पनि धेरै कुरामा सघायो। त्यसैगरी देहरादुनको भारतीय सैनिक एकेडेमीमा सिकेका कुराले पनि धेरै बल प्रदान गर्‍यो। बेलायती परम्परामा चलेको सो कलेज र थुनामा रहेको मिलिटरी इन्जिनियरिङ कलेजबाट प्राप्त शिक्षाले भारत-पाकिस्तान सिमानामा काम गर्दा मलाई ठूलो मद्दत पुऱ्यायो। जम्मुकास्मिरको लाइन अफ कन्ट्रोलको अनुभव, त्यहाँ इन्जिनियरिङ र इन्फेन्ट्रीबाट प्राप्त अनुभवबाट पनि मैले धेरै सिक्ने अवसर पाएँ।

युनिफर्ममा खटिएर जाँदा मैले भारत-पाक युद्धका बारेमा धेरै बुझ्न र सिक्न पाएँ। लडाइँलाई आफ्नै आँखाले नजिकैबाट नियाल्न पाएँ। जीवन भनेको एउटा विश्वविद्यालय नै रहेछ भन्ने पनि बुझें र जन्मदेखि मृत्युसम्म सधैं विद्यार्थी नै होइन्छ भन्ने पनि जानें।

सुन्दरीजलको आर्सनल प्रमुखदेखि त्रिभुवन विमानस्थलमा रहेको पल्टनको प्रमुखका हैसियतले मैले गरेका कामले मलाई आजसम्म पनि धेरै मद्दत पुऱ्याएको छ। बेलायतमा गएर मैले बम डिस्पोज कोर्स गर्दाको अनुभवले मलाई पछिसम्मै मद्दत पुऱ्यायो। त्यहाँ रहँदा मैले दोस्रो विश्वयुद्धका समयमा प्रचलनमा ल्याइएका बमहरु निस्तेज पार्ने कामको अनुभव गरेको थिएँ। त्यसैगरी बेलायतको स्कुल अफ इन्जिनियरबाट प्राप्त अनुभव, अलआर्म्स इन्फेन्ट्री स्कुलमा पाएको शिक्षा, बार, मिन्स्टरमा पाएको तालिम र शिक्षा पनि मेरा लागि अत्यन्तै महत्वपूर्ण सावित भए। 'अपरेशन अफ वार'का रुपमा मैले बेलायतबाट पाएको तालिमले भारत-पाक युद्धको गतिविधि बुझ्न मलाई निकै मद्दत पुग्यो। टाढा-टाढासम्म पनि कतै कुनै चिह्न (ल्याण्डमार्क) नदेखिने मरुभूमिमा बसेर पनि मैले काम गरें, जो मेरा लागि बिल्कुलै नयाँ अनुभव थियो। वार मिन्स्टरमा पाएको शिक्षाले मलाई त्यतिबेला निकै साथ दियो।

भारत र पाकिस्तान जस्ता राष्ट्रहरु एकापसमा लडिरहेको दृश्यदेखि भारत-पाकका बीच पटक-पटक भएका शान्ति वार्ताको म प्रत्यक्षदर्शी हुँ। त्यतिबेला सेनाको मेजर नै भए पनि राष्ट्र संघका उच्च अधिकारी तथा भारत-पाकिस्तानका उच्च पदस्थ सैनिकसँग सहकार्य गर्दा त्यसले मेरो अनुभवमा निकै वृद्धि गर्‍यो। मध्यस्थकर्ता भएर आफ्नो क्षमता र योग्यता प्रदर्शन गर्ने अवसर पनि मैले त्यतिबेलै पाएँ। त्यो मौका मलाई सैनिक जीवनले नै उपलब्ध गराएको थियो।

२४ वर्षको उमेरमा म लप्टनका रुपमा त्रिभुवन विमानस्थल क्षेत्रमा अवस्थित व्यारेकको इन्चार्ज थिएँ। सोही समयमा मेरो परिचय शिवपुरी बाबासँग भयो। उहाँ त्यतिबेला सोही क्षेत्रमै आश्रम बनाएर बस्नुभएको थियो। उहाँसँगको सामिप्यले मेरो जीवनमा निकै ठूलो परिवर्तन ल्यायो। म आफैं पनि धार्मिक तथा आध्यात्मिक संस्कार मुक्त परिवारमा जन्मिएको हुँदा शिवपुरी बाबाप्रति श्रद्धा जाग्नु स्वाभाविकै थियो। बाबाबाट प्राप्त शिक्षाले मलाई सैनिक जीवनभरि नै साथ दियो। एकपटक मैले बाबासँग- 'म तपाईंको चेला हुन चाहन्छु' भन्दा बाबाले 'डु योर ड्युटी' भन्नुभएको थियो। त्यो म अझैसम्म पनि झलझली सम्झिरहन्छु।

जीवनका झण्डै ४० वर्षको समय मैले सक्रिय सैनिक जीवनमा बिताएँ। त्यस अवधिमा स्वदेश तथा विदेशका हजारौं विद्वान, विदूषि, कूटनीतिज्ञ राजनीतिज्ञ लेखक, पत्रकार साहित्यकार, राष्ट्रसेवक, समाजसेवी, व्यापारी, उद्योगपतिलगायतका विभिन्न क्षेत्रका मानिससँग मेरो संगत भयो। एक से एक महान् व्यक्तिका जीवनी र आदर्शबाट धेरै कुरा सिक्ने अवसर पाएँ। बाल्यकालमा मलाई मेरी बज्यैले- 'जीवनमा जस्तै सङ्कट परे पनि आफ्नो कर्तव्यबाट विचलित नहुनू भनी दिनुभएको शिक्षा र कहिले पनि गाई र सुंगुरको मासु नखानु भनी दिनुभएको अर्तिले मलाई आत्मबल बढाउनमा निकै मद्दत पुऱ्यायो। त्यसलाई मैले चाहे भिक्टोरिया स्कुलमा पढ्दा होस् वा सैनिक सेवामा रहेर मुलुकबाहिर खटिँदा अक्षरशः पालन गरें। विचलित भइनँ।

जसरी इस्लाम धर्मावलम्बीहरु महिनादिनसम्म रमजानको व्रत बसेर आत्मबल बढाउँछन्, बौद्ध भिक्षुहरु मौनव्रत बसेर आत्मशुद्धिको अनुभव गर्छन् र इसाईहरु रिद्धिबाट आत्मलाई बलियो बनाउँछन्, त्यसैगरी मैले परिवारबाट पाएको शिक्षा र संस्कारले आफूलाई विचलित हुन दिइनँ।

वि.सं. २००९ सालदेखि २०४७ साल जेठसम्म मैले नेपाली सेनाका विभिन्न पदमा बसेर काम गर्दा अनुभवहरुलाई यतिबेला लिपिबद्ध गरी प्रकाशित गर्दै जाने उद्देश्य लिएको छु। यसै क्रममा यसै महिनाको आरम्भमै मेरो ऐतिहासिक जीवनी प्रकाशित भइसकेको छ। सानै आकारमा भए पनि त्यसभित्र मेरो जीवनका विभिन्न आरोहअवरोहहरु समेटिएका छन्। नेपाली सेनामा छँदा मलाई असफल बनाउन र विभिन्न षड्यन्त्र गरेर बदनाम गराउने प्रयत्नहरु पनि विभिन्न स्थानबाट भएको कटु अनुभव मसँग छ। भ्रष्ट, कर्तव्यच्यूत, षड्यन्त्रकारी र चाकडीबाजहरुको समूहले मलाई मात्र हैन मेरा पूर्वजहरुलाई समेत सताएका थिए। राष्ट्र र जनताको हितमा स्वाभिमानी र कर्तव्यपरायण भएर काम गर्दा मेरा कतिपय पुर्वजले प्राणोत्सर्ग समेत गर्नुपरेको इतिहास साक्षी छ।

मेरा पुर्खाको आदर्श थियो- 'गर्दन जावस् तर वचन नजावस्'। त्यही आदर्शलाई गुरुमन्त्र ठानी मैले पनि कहिल्यै अन्याय, अत्याचारका सामु आत्मसमर्पण गरिनँ। राजदरबारमा प्रमुख सैनिक सचिव भएर काम गरिरहेका बेलामा समेत मेरो मानमर्दन र चरित्रहत्या गर्न अनि विभिन्न षड्यन्त्रमा फसाउने अनेकौं कसरत भएकै हुन् तर पनि म अविचलित भएर आफ्नो कर्तव्यपथमा अघि बढिरहें। 'नबिराउनु नडराउनु' भन्ने मान्यतामा म अडिग छु। राज्यले मेरा काँधमा सुम्पेको दायित्वबाट म कदापि विचलित भइनँ। यतिबेला म अवकाशप्राप्त जीवन बिताइरहेको छु तर पनि बदमास चरित्रका व्यक्तिहरुले मेरा विरुद्ध बेला-बेलामा अनेकौं दुश्प्रचार गरिरहेकै छन्। त्यो देख्दा चाहिँ मन खिन्न हुन्छ। हिजोका नोकरहरु आज मालिक बनेका छन्। राष्ट्रको ढुकुटीको दोहन गरिरहेका छन्। विदेशमा पोइल गएकी नारी प्रजातन्त्रपश्चात् नेपाल आएर ब्रम्हलुट मच्चाएकी छन्। सरकार उनकै साथमा छ। त्यो देख्दा मन खिन्न हुन्छ। सदियौंदेखि मिली बसेका हिमाल, पहाड, तराईका नागरिकलाई सत्ताको बागडोर सम्हालेकाहरुले फुट पैदा गराएका छन्। त्यो देख्दा मन खिन्न हुन्छ। अखण्ड राष्ट्रलाई आफ्नो स्वार्थअनुकूल चिराचिरा पार्दैछन्। त्यो देख्दा मन खिन्न हुन्छ। ९५ प्रतिशत हिन्दुहरु भएको राष्ट्रलाई क्रिश्चियनको पैसा खाएका केही लाउकेहरुले धर्मनिरपेक्ष बनाएको देख्दा मन खिन्न हुन्छ। शताब्दीऔं पुरानो राजतन्त्रलाई जनमत संग्रहविनै फ्याँकेर गणतन्त्र घोषणा गरिएको छ। त्यो देख्दा मन खिन्न हुन्छ। सिंहदरबारभित्रको प्रधानमन्त्री कार्यालय छिर्दा नेपालका प्रथम प्रधानमन्त्री गणेश पाण्डेको फोटो नदेख्दा मन खिन्न हुन्छ। त्यहाँ न त दामोदर पाण्डे देखिन्छन् न त कालु पाण्डे नै। त्यो देख्दा मन खिन्न हुन्छ। सतीले सरापेको देशमा यस्तै हुन्छ। बोल्नेको पिठो बिक्छ। नबोल्नेको चामल बिक्दैन।

(क्रमशः)

ऋषिकुमार पाण्डे अवकाशप्राप्त जर्नेलको डायरीबाट

वर्ष १६, अंक ४३, २०७३ पुस ३ आइतबार

बाल्यकालदेखि नै देशका लागि केही गरौँ भन्ने प्रेरणाले गर्दा स्कुल पढ्दादेखि नै म आफ्नो उत्तरदायित्वप्रति निकै सतर्क थिएँ। आफूले बुबा, आमा, गुरुवर्गबाट प्राप्त गरेको शिक्षा र तालिम, संस्कार र कर्तव्यबोधले मलाई नेपाली सेनामा रहेर काम गर्दा निकै ठूलो मद्दत पुऱ्यायो। नेपालको इतिहास भन्नु नै भनसुन, चाकडी, आफन्तवाद, नातावादबाट ग्रस्त भएकोले मैले मेरो समर्पण र इमानदारीका निम्ति धेरै प्रतिफलको आशा गर्नु व्यर्थ थियो। एउटा स्वाभिमानी र इमानदार नेपालीले आफ्नो मन, वचन र कर्मले राष्ट्रप्रति जे जति योगदान गर्न सक्छ त्यसबाट त्यति नै प्रतिफल खोज्नु मूर्खता हुन्छ भन्ने मेरो मान्यता छ। षडयन्त्र, जालझेल र खिचातानीको वातावरणमा मैले पनि आफ्नो लामो सैनिक जीवन बिताएँ। त्यति हुँदा पनि कतै पनि आत्मसम्मान बेच्नु परेन र आफूलाई दास प्रमाणित गरेर स्वाभिमानसँग सम्झौता पनि गर्नु परेन। यसमा अहिले पनि मलाई गौरव छ। जति वर्ष सक्रियरुपमा सैनिक जीवन बिताएँ त्यो कालखण्डमा मैले आफ्नो ब्रह्मले देखेको कुरा स्पष्टरुपमा अगाडि राख्न सके। युनिफर्ममा कार्यरत रहँदा पनि मैले राष्ट्रको शिर उच्च राख्न सधैँ प्रयास गरिरहेँ।

मेरो जीवन खुला किताबजस्तै छ। पाँच सय वर्ष अघिदेखि मेरा पुर्खाले नेपालको एकीकरण, आधुनिकीकरण र प्रजातन्त्रिकरणमा विशिष्ट योगदान दिएका थिए। आधुनिक नेपालको जन्म हुनुभन्दा पूर्व गोरखाका राजा द्रव्यशाहका अनन्य सहयोगी भएर मेरा पूर्वजले सेवा गरेको इतिहास साक्षी छ। राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका अनन्य सहयोगी भएर, अत्यन्त, विश्वासपात्र भएर मेरा पुर्खाले देश, नरेश र जनताको सेवा गरेका थिए। सोही गौरवमय परम्परालाई अनुशरण गर्दै मैले पनि जीवनको अमूल्य समय सैनिक सेवामा बिताएँ। राष्ट्र, राष्ट्रवासी र सरकारको हितमा काम गर्दै वि.सं. २०४७ सालसम्म सक्रियरुपमा मैले मन, वचन र कर्मले समर्पित भएर काम गरेँ। सु-सम्पन्न परिवारमा हुर्किएर वि.सं. १९९९ सालदेखि दार्जिलिङको युरोपियन स्कुलमा अध्ययन गर्दा मैले स्वाभिमान, इमानदारी, नैतिकता र कर्तव्यबारे धेरै कुरा सिकायो। युनिफर्ममा काम गर्दाको अनुभव मेरो जीवनको एउटा सानो अध्याय मात्र हो।

मैले देहरादुनको भारतीय सैनिक ऐकेडेमीमा सिकेका कुराहरु पनि मेरा लागि र मेरो सम्पूर्ण सैनिक जीवनका लागि उपलब्धिपूर्ण भए। बेलायती परम्परामा चलेको सो कलेज र पुनामा रहेको मिलिटरी इन्जिनियरिङ कलेजबाट प्राप्त शिक्षाले भारत पाकिस्तान सिमानामा काम गर्दा मलाई ठूलो मद्दत पुऱ्यायो। जम्मु कस्मिरको लाइन अफ कन्ट्रोलको अनुभव त्यहाँ इन्जिनियरिङ र इन्फेन्ट्रीबाट प्राप्त अनुभव र अनमोगिपसँगको सामिप्यले मैले धेरै कुरा सिक्ने र जान्ने मौका पाएको थिएँ। ती सबै अनुभव मेरो

सैनिक सेवाका लागि उपयोगीसिद्ध भए।

म्हाओ मा मैले ४०औं समूहको जुनियर कमान्डर कोर्ष गर्दा नजिकबाट अध्ययन गरेको लडाइँको रणनीति र मनोविज्ञानले मलाई युनिफर्ममा काम गर्दा भारत पाकिस्तान युद्धका बारेमा बुझ्न निकै मद्दत पुग्यो। जीवन भनेको एउटा विश्वविद्यालय पनि भएकाले जन्मदेखि मृत्युपर्यन्त मानिस सधैँ विद्यार्थी नै हुन्छ। हरेक दिन केही सिकौँ भन्ने भावनाबाट प्रेरित भएर अघि बढ्नसकेमा जीवनलाई सार्थक बनाउन सकिन्छ भन्ने मेरो अनुभव छ।

मैले नेपालमा सेकेन्ड एडीसी कोर्ष गरेको अनुभव सडक तथा विमानस्थल सम्बन्धमा गरेको कोर्ष र आफ्नै पल्टनको कमान्ड गरेको अनुभवले मलाई सैनिक सेवादेखि युनिफर्मसम्म काम गर्दा मद्दत पुगेको पाएँ। सुन्दरीजलको आर्सनल प्रमुख भएर, त्रिभुवन विमानस्थलमा रहेको पल्टनको प्रमुख भएर र कान्तिराजपथमा इन्जिनियरको रुपमा मैले प्राप्त गरेको अनुभवले पनि मलाई काम गर्नमा धेरै मद्दत पुग्यो।

बेलायतमा गएर मैले बम डिस्पोजल कोर्ष गर्दाको अनुभवले पनि पछिसम्म मद्दत गरिनै रह्यो। त्यहाँको डिस्पोजल रेजिमेन्टमा बसेर मैले दोस्रो विश्वयुद्धका समयमा प्रचलनमा ल्याइएका बमहरु निस्तेज पार्ने कामको अनुभव सिकेको थिएँ। त्यस्तै चेटव बेलायतको स्कुल अफ इन्जिनियरिङबाट प्राप्त गरेको अनुभव, अलआर्म्स इन्फेन्ट्री स्कुलमा पाएको शिक्षा, वार मिन्स्टरमा पाएको तालिम र शिक्षा मेरो लागि निकै महत्वपूर्ण भयो। अपरेसन अफ वारका रुपमा मैले बेलायतबाट पाएको तालिमले भारत-पाक युद्धको गतिविधि बुझ्न मलाई निकै मद्दत पुग्यो। टाढाटाढासम्म कतै कुनै चिह्न (ल्यान्डमार्क) नदेखिने मरुभूमिमा बसेर मैले युनिफर्ममा काम गर्ने कला सिकाएको थियो।

त्यसैगरी युनिफर्ममा काम गर्दा मैले युद्धको प्राकृतिक दृश्य देख्न पाएँ। पहिले सैनिक तालिम र शिक्षाका रुपमा पढेका अध्यायहरु आफ्नै आँखाले देख्न पाएँ। भारत र पाकिस्तानजस्ता राष्ट्रहरु एकापसमा लडिरहेको दृश्य शान्तिका लागि ठूलो चुनौती थियो। ती अधिकांश दृश्यहरु आफ्नै आँखाले हेरेपछि मलाई युद्धबारे निकै अनुभव भयो।

भारत र पाकिस्तानबीच पटकपटक भएका शान्ति वार्तामा म प्रत्यक्षदर्शी थिएँ। सेनाको मेजर भए पनि राष्ट्रसंघका उच्च अधिकारी तथा भारत पाकिस्तानका उच्चपदस्थ सैनिकसँग सहकार्य गर्दा त्यसले मेरो अनुभवमा निकै वृद्धि गर्‍यो। हरिकी भन्ने ठाउँमा म अफिसर इन्चार्ज भएर बस्दा त्यहाँको फोर्थ माउन्टेन डिभिजनका मेजर जनरल गुरबक्स सिंहलगायतका अधिकृतहरुसँग अनुभव आदान-प्रदान गर्दा युद्धसम्बन्धी मेरो ज्ञान केही बढेको अनुभव भयो। मैले मध्यस्थकर्ता भएर आफ्नो क्षमता र योग्यता देखाउने मौका पनि पाएँ। त्यो मौका मलाई युनिफर्मले नै उपलब्ध गराएको थियो।

चौबीस वर्षको उमेरमा म काठमाडौंको त्रिभुवन विमानस्थल क्षेत्रमा रहेको ब्यारेकमा लप्टनका रुपमा कार्यरत रहँदा सोही क्षेत्रमा आश्रम बनाएर बस्नुभएका शिवपुरी बाबाको नजिक पुगेको थिएँ। उहाँसँगको सामिप्यले मेरो जीवनमा निकै ठूलो परिवर्तन ल्यायो। धार्मिक र आध्यात्मिक संस्कारयुक्त परिवारमा जन्मिएको हुँदा मैले बाबाप्रति श्रद्धाभाव प्रकट गर्नु स्वाभाविक थियो। उहाँबाट प्राप्त शिक्षाले मलाई जीवनमा हरपल प्रेरणा दिइरह्यो। बाबासँग मैले म तपाईंको चेला बन्छु भन्दा उहाँले तिमीले चेला बन्ने हैन, आफ्नो कर्तव्य पालना गर भन्ने उपदेश दिनुभएको थियो। त्यो म आज पनि सम्झिरहन्छु।

मैले झण्डै चालीस वर्ष सैनिक जीवनमा बिताएर स्वदेश र विदेशका हजारौँ विद्वान विदूषि कूटनीतिज्ञ, राजनीतिज्ञ, लेखक, पत्रकार, राष्ट्रसेवक, समाजसेवी, व्यापारी, उद्योगपतिलगायत विभिन्न क्षेत्रमा मानिससँग संगत गरेँ। महान् व्यक्तिका जीवनी र आदर्शबाट मैले धेरै कुरा सिकेँ। बाल्यकालमा मलाई मेरी हजुरआमाले जीवनमा जस्तै संकट परे पनि कर्तव्यबाट विचलित नहुनु भनेर दिनुभएको शिक्षा र कहिले पनि गाई र सुंगुरको मासु नखानु भनेर दिनुभएको अर्तिले मलाई आत्मबल बढाउन निकै मद्दत गर्‍यो। सानो छँदा खर्साङको भिक्टोरिया स्कुलमा मैले बरु आधा पेट खाएँ तर गाइको मासु खाइनँ। यसरी मैले पारिवारिक संस्कार र सनातन हिन्दू धर्मको मूल्यमान्यतालाई शिरोधार्य गरिरहेँ। यस्ता कुराहरु झट्ट सुन्दा सामान्य लागे पनि आत्मबल बढाउन प्रेरक बन्छन् भन्ने मेरो अनुभव छ। जसरी इस्लाम धर्मावलम्बीहरु महिनादिनसम्म रमजानको व्रत बसेर आत्मबल बढाउँछन्, बौद्ध भिक्षुहरु मौनव्रत बसेर आत्मशुद्धिको अनुभव गर्छन् र इसाई धर्मका पादरीहरु रिट्रिटबाट आत्मलाई बलियो बनाउँछन् त्यसैगरी मैले परिवारबाट पाएको शिक्षा र संस्कारले आफूलाई विचलित हुन दिइनँ। मेराविरुद्ध जतिले षडयन्त्र गरे पनि म कर्तव्यपथबाट विचलित भइनँ, किनकि राष्ट्रसेवामा मेरा पुर्खाको योगदान अतुलनीय छ।

मन्त्री तथा सेनापति गणेश पाण्डे (१५८६-१६६३) जसले द्रव्य शाहलाई गोरखाको राजगढीमा विराजमान गराउन ज्यानको बाजी लगाएका थिए। उनी सल्यानका थिए। काजी लक्ष्मीनारायण पाण्डे नुवाकोटको युद्ध लडेका थिए। काजी तुलाएम पाण्डे काठमाडौंको युद्धमा मारिएका थिए। दारे अम्बर पाण्डे सिरानथोक युद्धमा मारिएका थिए। काजी वंशराज पाण्डेले मकवानपुर, तिमाल, सिन्धुली, चिहानडाँडा पौवागढी, कीर्तिपुर, सतौ, लमजुङ्को युद्ध लडेका थिए। त्यसैगरी काजी जगजित पाण्डे, काजी रणजित पाण्डे, सरदार भोटु पाण्डे, सरदार रणकेशर पाण्डे, सरदार दलभञ्जन पाण्डे, कप्तान वीरकेश पाण्डे, लप्टन सिंहविरपाण्डे सबैले राष्ट्र निर्माणका खातिर युद्ध लडेका थिए भने क.पं फत्तेबहादुर पाण्डे तथा ले. मीनबहादुर पाण्डे त क्रमशः प्रथम तथा दोस्रो विश्वयुद्धमा समेत सहभागी भएका थिए।

यसरी करिब पाँच सय वर्ष अघिदेखि विभिन्न ओहोदामा रही मेरा पुर्खाले राष्ट्रसेवामा आफूलाई अर्पण गर्दै आए र अझै पनि आएकै छन्। म पनि तिनैको सन्तान हुँ र २०४७ सालसम्म राष्ट्रसेवामा आफूलाई समर्पण गरी २०४७ सालमा सेवानिवृत्त भएको हुँ। (क्रमशः)

पूर्व रथि ऋषिकुमार पाण्डेको डायरीबाट

वर्ष १६, अंक ४४, २०७३ पुस १० आइतबार

गोरखा राज्यको स्थापनाकालदेखि पृथ्वीनारायण शाहको नेपाल एकीकरणसम्म र त्यसपछिका शासकहरुको सुदृढीकरण कार्यमा पाण्डे वंशको विशेष योगदान रहेको छ। राजाका रुपमा द्रव्य शाहलाई स्थापना गर्न गणेश पाण्डेले गरेको अपार योगदानका कारण एउटा भरपर्दो वंशका रुपमा पाण्डेवंशले स्थान लिन सफल भयो। राम शाहको प्रशासनिक यन्त्रको मूल आधार मानिएको छ थर घरमा पनि पाण्डे वंशलाई नै प्रथम स्थानमा राखिएको थियो। पाण्डे वंशले शाह वंशीय राजाहरुलाई योगदान पुऱ्याउने क्रम राम शाहपछि पनि जारी नै रहेको इतिहास साक्षी छ। त्यही क्रममा पृथ्वीनारायण शाहले पनि आफ्नो एकीकरणको शुभारम्भ कालु पाण्डेबाट गराएर पुरानो मूल्य र मान्यतालाई कायमै राखे। तत्कालीन जनमतका आधारमा कालु पाण्डेलाई कजाई दिएकोमा राजा र उनका काजी आफ्नो कर्तव्यप्रति प्रतिबद्ध थिए। आफूले मात्र कजाई पाएर नभई आफ्ना सन्तानका लागि समेत देश र नरेशको सेवा गर्ने बाटो तयार पार्ने हेतुले कालु पाण्डेले पृथ्वीनारायण शाहलाई प्रतिज्ञा गराएर छोरा वंशराज पाण्डेलाई आफ्नो वीरगतिपछि आफ्नो स्थानमा रहेर देशको सेवा गर्ने आधार तयार पारी कीर्तिपुरको युद्धमा गएका थिए। सोही प्रतिज्ञा अनुसार पृथ्वीनारायण शाहले पनि आफ्नो कर्तव्य पूरा गर्नमा कुनै कसर बाँकी राखेनन्। उनको अन्तिम समयसम्म पनि कालु पाण्डेका छोराहरु विभिन्न युद्ध मोर्चामा सक्रियतापूर्वक खटेका थिए। कालु पाण्डेका चचेरा भाइ तुलाराम पाण्डेले पनि विभिन्न युद्धहरुमा नेतृत्व दिएर सक्रिय भूमिका निर्वाह गरेका थिए। गोरखाली सेनाले काठमाडौं विजय गरेको भोलिपल्ट इन्द्रजात्राको दोस्रो दिन) वि.सं. १८२५ मा जयप्रकाश मल्लले बिछ्याएको बारुदी सुरुङ पड्केर उनको मृत्यु भएपछि पनि उनका छोरा नातिहरुसमेतले विभिन्न क्षेत्रबाट राष्ट्र सेवामा आफूलाई समर्पित गरिनै रहे।

पृथ्वीनारायण शाहको निधनपछि दरबारमा एक प्रकारको सत्ता संघर्षको सुरुवात भयो। त्यसबाट कालु पाण्डेका छोराहरु विशेष प्रभावित भए। राजेन्द्रलक्ष्मीको नायबी कालमा वंशराज पाण्डेको वि.सं. १८४० मा हत्या भयो भने रणबहादुर शाहको राजगद्दी त्यागपछि पनि दरबारियाहरुसँग मिलेर पुनः सत्ता हत्याउन चालिएको जालझेलमा परेर दामोदार पाण्डेले काटिनुपर्ने परिस्थिति सिर्जना भयो र उनी काटिए। दामोदर पाण्डेको परिवार तहस-नहस भएको समयमा समेत तुलाराम पाण्डेका सन्तानहरु प्रशासनका विभिन्न निकायमा कार्यरत नै थिए। उनका कान्छा छोरा भोटु पाण्डे त्यतिबेला उपर्दार भइसकेका थिए। उनले सैनिक सेवापछि पनि प्रशासनिक सांस्कृतिक, धार्मिक तथा विकासमूलक क्षेत्रमा रहेर करिब साढे तीन दशकसम्म सेवा गरे।

भीमसेन थापाको नेतृत्व कालमा भने कुनै पनि प्रकारको राजनीतिक प्रतिस्पर्धामा लाग्नु नपरेका कारण भोटु पाण्डे र उनका छोरा, भतिजाहरुले राम्रो प्रगति गर्ने अवसर पाए। वि.सं. १८९६ मा भीमसेन थापाको पतनपछि भने दामोदर पाण्डेका छोराहरु विशेषतः रणजंग पाण्डे शक्तिशालि भइसकेका थिए। उनैका आडमा भोटु पाण्डेका सन्तानहरु सुरक्षित रहन सके। माथवर सिंह थापाको नेपाल वापसीपछि दामोदर पाण्डेका छोरा र भतिजाहरु समेत पुनः असुरक्षित भए र सर्वनासै गरियो। त्यस समयमा पनि तुलाराम पाण्डेका धेरै सन्तानहरु सरकारी सेवाको विभिन्न निकायमा कार्यरत नै थिए।

वि.सं. १९०० को अन्त्यतिर दामोदर पाण्डेका छोराहरु रणदल पाण्डे, रणजंग पाण्डे र करविर पाण्डे तथा वंशराज पाण्डेका छोरा रणबम पाण्डेमाथि अर्को विपद् आइलाग्यो। उनीहरु सबैलाई माथवरसिंह थापाले मृत्युदण्ड दिएर राष्ट्रभक्त पाण्डेहरुमाथि नृशंश अत्याचार गरे।

दरबारिया संघर्ष र राजनीतिक प्रतिस्पर्धामा नलागेका धेरै पाण्डेहरु १९०३ को कोत पर्वका समयमा दरबारको उच्च ओहोदामा कार्यरत थिए। तत्कालीन थापाहरुको पाण्डेहरुलाई सखापै पार्ने जालझेल र षड्यन्त्रको भुमरीमा दरबारसमेत पर्न जाँदा त्यसको परिणामस्वरुप वि.सं. १९०३ मा कोतपर्व जस्तो जघन्य घटना घट्न गयो र त्यसबाट लाभान्वित हुँदै कुँवर वंशले तेस्रो वंशका रुपमा जन्मलियो। कुंवर वंशले प्रशासनमा वर्चश्व कायम गरेपछि प्रशासनको उच्च ओहोदामा प्रवेश पाउन पाण्डेहरुका लागि सम्भव भएन बरु कोतपर्वमा काजी दलभञ्जन पाण्डे, काजी राणगम्भीर पाण्डे कपर्दार वीरकेशर पाण्डे तथा कपर्दार कीर्तिध्विज पाण्डेजस्ता राष्ट्रसेवकहरुले मारिनुपऱ्यो। काजी जंगवीर पाण्डे तथा कप्तान भैरवबहादुर पाण्डेहरुले देश निकाला हुनुपऱ्यो। त्यसैगरी काजी सिंहवीर पाण्डे, काजी दलकेशर पाण्डेहरुले भागेर ज्यान जोगाए। उक्त हत्याकाण्डबाट तुलाराम पाण्डेका दुई छोरा र जगजीत र रणजीत पाण्डेका सन्तानहरु बढी प्रभावित भए।

वि.सं. १९०४ को र १९०७ को सरकारी दस्तावेजअनुसार सुवेदार अर्जुन पाण्डे र कप्तान सिंहवीर पाण्डेहरुले अन्य वंशले प्रवेश पाएझैं पाण्डे वंशले पनि राणा कालको प्रशासनमा प्रवेश पाएको उल्लेख छ। वि.सं. १९५५ र १९५७ को सैनिक दस्तावेजमा विष्णुकुमार पाण्डेको नाम उल्लेख भएको पाइन्छ।

जतिबेलादेखि थापाहरुको षड्यन्त्र र जालझेलमा परेर रणबहादुर शाह र त्यसपछिका राजा, रानीहरुद्वारा दामोदर पाण्डेलगायतका देशभक्त, राजभक्त पाण्डेहरुमाथि नृशंश अत्याचार गरी उनीहरुलाई समाप्त पार्ने अभियान चल्न थाल्यो त्यतिबेलादेखि नै नेपाल राज्य र राजपरिवार नै तहसनहस हुन थालेको हो। त्यतिबेलाको विशाल नेपालले सानो आकार ग्रहण गऱ्यो। पाण्डेको ढाल बस्नेतको तलबार भन्ने पृथ्वीनारायण शाहको उपदेशविपरीत पाण्डेहरुलाई प्रशासनको मूलधारबाट पाखा लगाउने काम जहिलेदेखि सुरु भयो त्यही समयदेखि नै षड्यन्त्रै षड्यन्त्रको शासन चल्न थाल्यो। नेपालीहरुको दूर्दशा पनि त्यहींबाटै सुरु भयो राष्ट्र पनि अन्धकारमा फस्दै गयो। इतिहास पनि शक्ति र सत्ताको इसारामा लेखिने हुँदा सच्चा देशभक्तहरुको योगदानलाई पाखा पारेर या नङ्ग्याएर फुटाहा तथा षड्यन्त्रकारीहरुको गुणगान मात्र लेखिन थाल्यो। वास्तविक इतिहास लुकाएर बनावटी इतिहास लेखिए। त्यसबेलाको विस्तृत जानकारी नभएसम्म आधुनिक नेपालको इतिहास स्पष्ट हुँदैन। त्यसैगरी कोतपर्वमा के कति पाण्डे भारदारहरु मारिए, लखेटिए र भाग्न बाध्य पारियो, अनि सो विनाशपछि पुनः कसरी सरकारका विभिन्न निकायमा पाण्डेहरुले कहिलेदेखि प्रवेश पाई उन्नतिको मार्गमा अघि बढे भन्ने विषयको पनि अध्ययन हुनु जरुरी छ।

इतिहासको गर्भमा रहेका राणा शासनकालीन केही विषय जो अन्यत्र कतै पनि लेखिएको छैन त्यस्ता विषय ऋषिकुमार पाण्डेको डायरीका पानामा पाउन सकिन्छ। नेपालको इतिहासमा महत्वपूर्ण भूमिका निर्वाह गरेका एक ओजश्वी व्यक्तित्वको सैनिक, प्रशासनिक, धार्मिक, सांस्कृतिक, सामाजिक र विकासमूलक कार्यहरुको खोजमूलक अध्ययनका लागि पाण्डे महत्वपूर्ण स्रोत हुन्। उनीभन्दा पनि अझ महत्वपूर्ण व्यक्ति हुन उनका बाजे विष्णुकुमार पाण्डे।

विष्णुकुमार पाण्डे जसले राणा शासनको कडा प्रधानमन्त्रीको निकटमा बसेर पनि प्रशासनिक क्षमता देखाई सैनिक, सामाजिक, सांस्कृतिक, धार्मिक क्षेत्रबाट देशको सेवा गर्ने अवसर पाए। उनले करिब चार दशकसम्म राणा शासनमा प्रशासनको मुख्य अंग बनेर जुन क्षेत्रमा सेवा गरे ती सबै कुरा तत्कालीन इतिहासका आवश्यक अध्यायहरु हुन्। विष्णुकुमार पाण्डेले आफूले मात्र सेवा गरेनन् बरु छोरा-नातिका निमित्त समेत सेवा गर्ने मार्ग प्रशस्त गरे। विष्णुकुमार पाण्डेले कालु पाण्डेको कजाई मन्जुर गर्ने नीति अंगीकार गरेका थिए। त्यसैले उनी आफ्नो गोग्यता र प्रभावले पछिसम्म टोल छिमेकमा 'पाँडे कर्णेल'का उपनामले प्रसिद्धि कमाएका थिए।

गोरखा राज्यको स्थापनाकालदेखि आधुनिक नेपालको निर्माणसम्ममा पाण्डेहरुले पुऱ्याएको योगदानका कारण पाण्डेहरु सैन्य सेवाका मुख्य-मुख्य पदमा पुग्न सफल भएका थिए तर कोतपर्वपछि कसरी पाण्डेहरु एकाएक पतनको मार्गमा पुगे, उनीहरुको तेज कसरी एकाएक मुर्झायो भन्ने कुराको जानकारी गराउनु नै यो लेखको उद्देश्य हो।

सरकारी दस्तावेजका आधारमा भन्नुपर्दा वि.सं. १९४० मा विष्णुकुमार पाण्डेले सैनिक सेवामा अधिकृत पदमा प्रवेश गरेको पाइन्छ। उनले आफ्ना पुर्खाको जस्तो दरबारिया घात प्रतिघातको सामना गर्नु परे पनि वीरशमशेर र चन्द्रशमसेर जस्ता कडा शासकको नजिकमा बसेर तिनीहरुका घरेलु र वैदेशिक मामिलामा संलग्न हुन सक्नु भनेको सहज कुरा पनि थिएन। उनले सुरुदेखि नै हात्तीसारको अभिभारा बोकेका थिए। १९५० पछिका दशकमा चाहिँ विष्णुकुमार तथा उनका छोरा-नातिले समेत राम्रै अवसर पाए। यसलाई विष्णुकुमार पाण्डेको कार्यकुशलता नै मान्नुपर्छ।

विष्णुकुमारले प्रधानमन्त्री वीरशमशेर तथा चन्द्रशमशेरको वैदेशिक भ्रमण दलमा समेत सहभागी हुने अवसर पाएका थिए। चन्द्रशमशेरले त उनलाई 'दिवान दाइ' भनेर सम्बोधन गर्थे। धेरै विश्वास पात्रका नाताले उनलाई कुमारी चोक लाग्दैनथ्यो। विष्णुकुमारमा विदेश भ्रमणको प्रभाव पनि निकै परेको देखिन्थ्यो। पुर्खाको रवाफमा उनले कमी आउन नदिई झनै थप्ने प्रयास गरेका थिए।

उनका पुर्खाको जन्मथलो न्हैकन्तला हो। त्यहाँको घर बिक्री गरेर उनले इन्द्रचोक स्थित बस्नेतको घर किनेर व्यवस्थित गरेका थिए। व्यापारिक केन्द्रका रुपमा रहेको बस्नेतको घर किन्नु नै आफ्नो वर्चश्व देखाउनु थियो। उनले त्यही गरे। विष्णुकुमार पशुपति गुह्येश्वरीप्रति भक्तिभाव राख्तथे। न्हैकन्ताभाइसँग राम्रो सम्बन्ध थियो। पाण्डे वंशबाट बेलायत भ्रमण गर्ने उनी प्रथम व्यक्ति थिए।

वि.सं. १९९५ मा मेजर कप्तान भएका पाण्डेलाई १९५७ मा लेफ्टिनेन्ट कर्णेल भनी सम्बोधन गरेका पाइन्छ। पाँडे कर्णेल त उनको विशेषण नै बनिसकेको देखिन्छ। इन्द्रचोकस्थित उनको घर भएको स्थानलाई पाँडे कर्णेल चोक भनेर हालसम्म पनि भन्ने गरिन्छ। उक्त घरको अवलोकन यस पंक्तिकारले गत मंसिरको अन्तिम हप्ता पूर्व रथि ऋषिकुमार पाण्डेका साथमा गरेको थियो।

क्रमश :

पूर्व रथि ऋषिकुमार पाण्डेको डायरीबाट

वर्ष १६, अंक ४५, २०७३ पुस १७ आइतबार

बाल्यकाल : पाँडे कर्णेल अर्थात विष्णुकुमार पाण्डे वि.सं. १९०३ को कोतपर्वपछि पाण्डे वंशमा एक तेजश्वी व्यक्तिका रुपमा देखा परे। उनी काजी तुलाराम पाण्डेदेखि तेस्रो पुस्तामा पर्ने मे.क. ललित बमका नाति तथा मे.क. गम्भीरध्वज पाण्डेका कान्छा छोरा थिए। सम्पन्न घराना, विशुद्ध कुलगोत्रका विष्णुकुमार नैतिकवान उदार, सच्चरित्रवान इमानदार, साहसी तथा निडर प्रवृत्तिका व्यक्ति थिए। यिनी स्वयं खानदानी परिवारमा जन्मेका कारण श्री ३ हरुलाई खुसी तुल्याई बकस लिनुपर्ने अवस्था थिएन र लिएनन् पनि।

कोतपर्वमा काजी दलभञ्जन पाण्डे, काजी रणगम्भीर पाण्डे कपदरी जिरकेशर पाण्डे, उपदर्त कीर्तिध्वज पाण्डेजस्ता धेरै पाण्डेहरुको निर्मम हत्यापछि, अस्तित्व रक्षाका लागि पाण्डेहरुले भागेर भए पनि ज्यान बचाउनुपर्ने स्थिति सिर्जना भयो र त्यसै गरे। केही समय सैनिक तथा प्रशासनिक सेवामा पाण्डेहरुको शून्यता भए पनि केही वर्षको अन्तरालमा पाण्डेहरु पुनः राणा शासनको सैनिक सेवामा प्रवेश हुन थाले। विष्णुकुमार पाण्डेले करिब चार दशकसम्म सैनिक तथा प्रशासनिक सेवामा रहेर जुन बर्चश्व स्थापित गरे त्यसैको फलस्वरुप उनी राणा प्रशासनदेखि टोल छिमेकसम्म पाँडे कर्णेल उपनामबाट प्रसिद्ध भए।

काठमाडौंको न्हैकन्तला वडा नं. ३१ मा अवस्थित उनको पुर्ख्यौली घरमा वि.सं. १९११ सालमा जन्मेका विष्णुकुमार पाण्डेको बाल्यकाल सोही घरमै बितेको थियो। उनका पिता मे.क. गम्भीरध्वज पाण्डेले उक्त घरलाई विस्तार गरेर विशाल बनाउने काम गरेका थिए भने विष्णुकुमार पाण्डेले त्यसको मर्मत सम्भार तथा शृंगारको काम गरे। हरियाली कायम राख्न सुन्दर बगैंचा निर्माण गरेका थिए। त्यो घरको ठूलो चोकमा ठूलठूला भोज भतेर हुन्थे। विवाहका कार्यक्रम सम्पन्न गरिन्थे। त्यहीं बसेर आगन्तुकहरुसँगै छलफल कुराकानी गर्ने गरिन्थ्यो। त्यो घरमा विद्वानहरुलाई राख्ने स्थान, स्वामी महाराजहरुलाई राख्ने स्थान, गुरुपुरोहितलाई राख्ने स्थान, अतिथिहरुलाई राख्ने स्थानहरु सुरक्षित थिए।

विवाह : विष्णुकुमार पाण्डेको विवाह तत्कालीन परम्पराअनुसार आफ्नै कुलजातिसँग मिल्ने सम्भ्रान्त परिवारकी कन्या हेमकुमारी अधिकारी क्षेत्रीसँग भएको थियो। उनी काठमाडौंको महाबौद्ध निवासी थिइन्। हेमकुमारी पठित तथा धार्मिक प्रवृत्तिकी थिइन्। कुशल गृहिणी थिइन्। टोल छिमेकमा पनि उनी मिलनसारका रुपमा गणना गरिन्थिन्। विष्णुकुमार तथा हेमकुमारीका गर्भबाट दुई छोरी र एक छोराको जन्म भयो। छोराको नाम बेलायतकुमार राखियो।

दिनचर्या : पाण्डे परिवार पुस्तौंदेखि सैनिक अनुशासनमा बाँधिएको परिवार हो। श्री ३ रणोद्दीपशमशेरको समयमा वि.सं. १९४७ मा विष्णुकुमार पाण्डे पनि सैनिक अधिकृतका रुपमा सेनामा प्रवेश गरेका थिए। उनी १९४२ मै मे.व भई वीरशमशेरको साथमा रहेर प्रशासनिक भूमिका निर्वाह गर्न थालेर चाँडे नै वीरशमशेरका विश्वासपात्र बन्न सफल भए। यिनी वीरशमशेरका अंगरक्षक हुनुका साथै हात्तीसारको जिम्मेवारीसमेत निभाएका थिए।

त्यसका साथै विदेशबाट श्री ३ हरुका लागि आवश्यक सरसामान ल्याउने सिकार तथा आर्थिक कारोबारको तागत राख्नेजस्ता कामसमेतको जिम्मेवारी यिनैका काँधमा थियो। ती सबै जिम्मेवारी इमानदारी तथा विश्वसनीयतापूर्वक सम्हालेका कारण यिनी वीरशमशेर, देवशमशेर तथा चन्द्रशमशेरका विश्वासपात्र बन्न सफल भए।

पाँडे कर्णेल बिहान ३ बजे नै उठ्थे र ड्रेसिङ गाउन लगाएर खाली खुट्टा कौसीँ दगुर्थे। क्षेत्रपाटीदेखि पशुपतिसम्म हिँडेरै जान्थे र बाग्मतीमा स्नान गरी काठको फलैंचामा झण्डै ४५ मिनेटजति बसेर चण्डी पाठ गर्थे। त्यसपछि गुहेश्वरी दर्शन गर्न जान्थे। त्यहाँबाट सिंहदरबार पुग्थे अनिमात्र घर फर्किन्थे। उनी गुहेश्वरीमा चण्डीपाठ गर्दैगर्दा उनको सइसले अरबी घोडा र उनले लगाउने लुगा लिएर उनको प्रतिक्षा गरिरहेको हुन्थ्यो। चाहे पुस-माघको जतिसुकै जाडो किन नहोस् उनको लवाई उस्तै हुन्थ्यो। रातको समयमा यसरी एक्लै हिँड्नु हुँदैन भनेर कतिले सम्झाउँथे तर उनी मान्दैनथे। एकदिन पशुपति वनकालीनिर पुग्दा चारजना चोरहरुले उनीमाथि हमला गर्दा ती चारै जना चोरहरुलाई समातेर बीस-तीस गज परसम्म लगेर पछारेका थिए। त्यसो गर्दा ती चोरहरु केहीबेरसम्म मुर्छा परेका थिए रे। त्यसपछिका दिनमा उनीमाथि त्यसप्रकारका हमला कहिल्यै भएनन्।

पाण्डे कर्णेल गुहेश्वरीको दर्शनपछि घोडामा चढेर पशुपतिक्षेत्र परिसरको निर्माणाधीन संरचनाको निरीक्षण गर्थे र सिधै सिंहदरबार पुग्थे। सिंहदरबार पुगेर उनले सरासर चन्द्रशमशेरको खोपी अगाडि पुगेर 'हरहर महादेव' भन्दै श्री ३ चन्द्रलाई ब्यूँताएर चन्दनप्रसाद दिई त्यतैबाट सिधै अफिस पुगेर काम सम्हाल्थे। दिउँसो समय मिलाएर खाना खान घरमा जान्थे। उनी नित्य त्यस प्रकारको दौड गर्ने हुँदा पौष्टिक खानामा निकै ध्यान दिन्थे। उनी नित्य ढिंडो खान्थे र नबोलिकन खाई सिध्याउँथे। खाना कहिल्यै थप्दैनथे। उनको भोजन गर्ने थाल एक हात फराकिलो छ जो अझैसम्म सुरक्षित छ। उनी गाईको दूध नियमित सेवन गर्थे। घिउ र मासुको परिवारका निकै शौकिन थिए। पाण्डे कर्णेल र श्री ३ चन्द्रशमशेरको भेट दिनहुँ हुन्थ्यो। चन्द्रशमशेर पनि धार्मिक प्रवृत्तिका व्यक्ति थिए। उनी पनि ६/७ बजेका बीचमा उठिसक्थे र स्नान, पूजाआजा, दानधर्म सकेपछि मात्रै अफिसको काममा लाग्थे। शनिबार चाहिँ कुनै पनि काम गर्दैनथे। गाँजा रक्सी सेवन गर्दैनथे। संस्कृति, परम्परा र धर्मप्रति चन्द्रशमशेरको निकै लगाव थियो। पाँडे कर्णेल पनि त्यस्तै प्रवृत्तिका भएकाले होला यी दुई

एक अर्काका परिपूरक जस्ता बनेका थिए। देशको आन्तरिक वैदेशिक आदि धेरै क्षेत्रमा विष्णुकुमार पाँडे नभई नहुने व्यक्तिका रुपमा स्थापित भइसकेका थिए।

पाण्डे कर्णेल दिनहुँ पशुपति दर्शन गर्न जाने, त्यस क्षेत्रका विकास निर्माणका कार्यको दिनहुँ निरीक्षण गर्ने भएकाले उनको त्यस क्षेत्रका धेरै साधु सन्तहरुसँग संगत भएको थियो। एक जना लालमणि नाम गरेका योगी त न्हैकन्तलाको उनकै घरमा बस्ने उनले पाण्डे कर्णेलकै घरमा समाधि लिएका थिए। उनले पूर्वघोषणा गरेरै समाधि लिएका थिए। पाण्डे कर्णेलले उनीबाट पनि धेरै कुरा सिक्ने अवसर पाएका थिए। विद्वानहरुसँग पनि उनको सम्पर्क वढेको थियो तर पनि छोरा बेलायतकुमार पाण्डेलाई आश्रममा राखेर पढाउन भने उनले मानेनन्।

धार्मिक कार्य : माथि नै उल्लेख भइसकेको छ कि कर्णेल पाण्डे धार्मिक स्वभावका थिए। उनी नियमित पूजाका अतिरिक्त धार्मिक उत्सव मनाउँथे। यश अनुष्ठान गर्थे। चाडपर्व विशेषमा आफ्नै घरमा पूजाआजा गराउँथे। आफ्ना पुर्खाले स्थापना गरेका मन्दिर तथा गुठीको सञ्चालनमा पुरोहितहरुको व्यवस्था मिलाउँथे। उनीमात्र हैन उनकी श्रीमती हेमकुमारीले पनि पूजापाठमा निकै समय बिताउँथिन्। यिनले आफ्ना पुर्खाले स्थापना गरेका मन्दिर तथा गुठीको सञ्चालनमा गुरु पुरोहितहरु खटाउने गर्थे। उनको धेरै अगाडि उग्रतारा माईको मन्दिर थियो। उग्रतारा माईका उनी उपासक थिए। त्यो मन्दिर अगाडिको उग्रतारा माईको मन्दिर थियो। उग्रतारा माईका उनी उपासक थिए। त्यो मन्दिर अगाडिको डबलीमा वर्षेनी घोडेजात्राको दिनमा मेला लाग्ने गर्छ। त्यो डबलीको निर्माणमा पनि पाण्डे कर्णेलको विशेष योगदान रहेको छ। उक्त जात्राका सम्पन्न नेपाल सरकार पुरातत्व विभागबाट ल्याइएका मीलसरस्वती- अजिमा गणेश आदिका स-साना धातुका मूर्तिहरुलाई खटमा राखी डबलीमा सजाएर राखिन्छ। पूजा थाप्न आउनेहरुको त्यो दिन घुइँचो नै लाग्ने गर्दछ। घोडेजात्राका दिनमा उक्त खटलाई घर-घरको ढोका ढोकामा लाग्ने गरिन्छ। त्यसो गरिनुलाई पूजा थाप्न लागेको भन्ने भनाइ छ। त्यो दिन त्यहाँ कुमारी खुवाउने भनी स-साना बालिकाहरुलाई जम्मा गरी गुठीबाट पूजा गर्ने चलनसमेत रहेको छ। सोही दिनमै नरदेवीको डबलीमा पनि वर्षेनी मेला लाग्ने गर्छ। त्यो दिनमा नरदेवीका साथै आफ्ना पुर्खा भोटु पाण्डेको सुनको सालिकलाई सर्वसाधारणको दर्शनका लागि सार्वजनिक गर्ने गरिन्छ।

न्हैकन्तलामाई नै उग्रतार माई हुन्। तिनलाई साँखुकी वज्रयोगिनी पनि भनिन्छ। एउटा किम्वदन्ती अनुसार आँखाको रोग निको पार्न यो मन्दिरको भित्तामा एउटा ऐना ठोक्न लगाएमा रोग निको हुन्छ भन्ने भनाइ छ। पाण्डे कर्णेल पुर्खादेखि चल्दै आएको देवी देवताको पूजापाठ गराउने परम्परामा कहिल्यै चुकेनन्। उनी स्वयं नरदेवी, न्हैकन्तला पशुपति, गुहेश्वरी आदि मन्दिरमा नियमितरुपमा पूजापाठ गर्ने गराउने गर्थे। पुर्खाले जिम्मा लगाएर गएको गुठीहरुको उनले राम्रैसँग सम्भार गरेका थिए। बलभञ्जन पाण्डेले आफ्नो व्यक्तिगत पैसाले जग्गा खरिद गरी गोकर्णमा वाणेश्वर महादेवको मन्दिर स्थापना गरेका थिए। बलभञ्जनका कुनै छोरा नभएका कारण त्यसको सञ्चालनको अभिभारा पनि पाण्डे कर्णेलकै जिम्मामा थियो। त्यसैगरी उनका पुर्खा गजदल पाण्डेका गुठीहरुको जिम्मा भने प्रेमबहादुर पाण्डे तथा कोमलबहादुर पाण्डेतर्फ रहिआएको छ। काठमाडौंको त्यौडको चोकलाई करवीर चोक पनि भनिन्छ। करवीर चोकको ज्वालामाई मन्दिर पनि पाण्डेहरुले नै स्थापना गराएका हुन्। पाण्डेहरु शक्तिमा आएपछि पिता पुर्खा दामोदर पाण्डेको दम्पतीसहितको मूर्ति (ढुंगाको) मन्दिरभित्र राखी निर्माण गरियो। त्यो कार्य करवीर पाण्डेले गरेका थिए। त्यस मन्दिरको जग्गा के कति र कहाँ छ खोजेर गुठी चलाउनु भन्ने अख्तियार वि.सं. १९६२ मा श्री ३ चन्द्रशमशेरबाट विष्णुकुमार पाण्डे (पाण्डे कर्णेल)लाई हुकुम भए पनि प्रमाणका अभावमा खोज तलास कार्यले सफलता पाउन नसक्दा गुठीको सञ्चालन हुन सकेन।

पाण्डेहरुको विनाश भएको राजनीतिक घटनाक्रमसँगै ती प्रमाणहरु पनि नष्ट भएको अनुमान गरिन्छ। रणजंग पाण्डे, करवीर पाण्डेहरुको विभत्स हत्यापछि उनीहरुले राखेको ज्वालामाई मन्दिरको गुठी जग्गाहरुको प्रमाणहरु पनि नष्ट भएको हुनुपर्छ। त्यस मन्दिरका एक बाकस चाँदीका गरगहनाहरु श्री ऋषिकुमार पाण्डे उहाँ रहि आएकोमा पछि उनले देवस्व भनी त्यस मन्दिरका पुजारीहरुलाई बुझाउन खोज्दा सुरक्षाका कारण बुझ्न नमानेपछि पाण्डेले तत्कालीन गुठीका हाकिम बद्रीविक्रम थापामार्फत् आफ्नो तर्फबाट पनि केही थप गरी गुठीलाई बुझाइदिनुभएको कुरा पाण्डे बताउँछन्।

विष्णुकुमार पाण्डे (पाण्डे कर्णेल)को वि.सं. १९५५ उल्लेख भएको बहीखातामा कुल देवता पूजाका बारेमा उल्लेख छ। वि.सं. १९५७ मा उनले कुल देवता पूजाका निमित्त भनी दुई सय ५० रुपैयाँ अरु कसैको हातबाट पठाएको देखिन्छ। १९७० को कुलपूजामा यिनी जान तयार भएका थिए तर त्यतिबेला प्रथम विश्वयुद्धको समय परेकाले ब्रिटेनलाई सहयोगस्वरुप सेना पठाउनुपर्ने समय भएकाले यिनी व्यस्त थिए। चन्द्रशमशेरले नै यिनलाई यस्तो व्यस्त समयमा तिमी नजाउ भनी रोक्न खोज्दा पाण्डेले १२/१२ वर्षमा मनाइने कुलदेवता पूजामा जसरी पनि नगई नहुने अडान राखेपछि धार्मिक प्रकृतिका चन्द्रशमशेरले यिनलाई पेश्की बिदा, पेश्की रकम निकासा गर्नुका साथै आफ्नो तर्फबाट समेत कुल देवतालाई बोका चढाइदिनु भनी आदेश दिएका थिए। गोरखाको छोप्राक गाउँको मुसुण्डी खोला छेउमा गणेश पाण्डेले रुखमुनि थन्काएर राखेको कुल देवताको पूजा हरेक १२/१२ वर्षमा फागुन पूर्णिमाका दिन उपमन्यु गोत्रीय पाण्डेहरुले मनाउने गर्छन्। क्रमश

वर्ष १६, अंक ४६, २०७३ पुस २४ आइतबार

पाँडेहरुको कुलपूजा- कुनै पनि वंशको कुलपुजा विशुद्ध आफ्नो जातकाले मात्र पूजास्थलमा प्रवेश पाउने र अरुले बाहिरबाटै पूजा सामग्री दिने चलन रहेको पाइन्छ। आफ्नो कुलको समृद्धिका लागि र कुलवंश नबिग्रियोस् भनी कुल देवताको पूजा गर्ने परम्परा रहिआएको छ। तर २०६५ सालमा भने पाण्डेहरुको कुलपूजामा केही नियम मिचिएको कुरा ऋषिकुमार पाण्डे बताउनुहुन्छ। त्यसलाई पाण्डेहरुले एक प्रकारको रमाइलो मेलाका रुपमा लिएका थिए। आयोजकका तर्फबाट त्यतिबेला जेजस्ता गल्तीहरु भए पनि सो अवसर गुमाउन भने पाँडेहरु सकेसम्म चाहँदैनन्। गणेश पाण्डेले पाल्पाबाट आफ्नो बसाइँ गोरखा सर्दा कुमाल जातिलाई आफ्ना कुलदेवता बोकाई ल्याएका कारण हालसम्म पनि त्यही जातिले कुलदेवाताको स्याहारसुसार सम्भार गर्ने अभिभारा बहन गर्दै आएको छ। उपमन्यु गोत्रका सम्पूर्ण पाण्डेहरु सकेसम्म त्यहाँ भेला हुने गर्दछन्। काठमाडौं र गोरखाका उपमन्यु गोत्रीय पाण्डेहरु चाँहि बाक्लो रुपमा सहभागी हुने गर्छन्। त्यतिबेला गोरखाको छोप्राक भुसुण्डी फाँटमा ठूलो मेला नै लाग्ने गर्छ।

कर्णेल विष्णुकुमार पाँडे अर्को कुलपूजामा उपस्थित हुँदा कुलदेवताको जग्गामा अरु कसैले दाबी गरेको थाहा पाएपछि १६० रुपैयाँ तिरी साहू भनिने चामनारायणको कब्जाबाट छुटाएका थिए भनेर वर्तमान कुलदेवताका पुजारी अर्जुन पाण्डेले बताएका थिए। कुलदेवताका उक्त जग्गा त्यसपछि पनि पटक-पटक स्थानीय व्यक्तिहरुले कब्जा गर्दा त्यसको संरक्षणका लागि वि.सं. २०३० सालमा उनका नाति ऋषिकुमार पाण्डे, सरदार भीमबहादुर पाण्डे, सुवर्णजंग पाण्डे, सिद्धिराज पाण्डेसमेतको टोली त्यहाँ पुगी ३८, ३० रोपनी जग्गा बेचबिखन गर्न नपाउने गरी श्री कुलदेवताका नाममा नामसारी गरी फर्केको थियो। २०३१ सालमा त्यही क्षेत्रको वातावरणीय शोभा बढाउने उद्देश्यले ऋषिकुमार वृक्षारोपण गराई त्यसको संरक्षणका लागि प्रशासनिक कारबाहीसमेत गराएको बुझिन्छ। विष्णुकुमारले त्यतिबेला १६० रुपैयाँ तिरी किनेको भनेपछि पक्कै पनि त्यो क्षेत्र ठूलै भएको हुनुपर्छ भनेर आँकलन गर्न सकिन्छ। तर यतिबेला चाहिँ साँघुरिँदै गएको छ।

पाँडे कर्णेलले पनि आफ्ना पुर्खाकै रीतिअनुसार नवरात्र (दशैं) मनाउँथे। त्यही परम्परा उनका छोरा बेलायतकुमार पाण्डे तथा नाति ऋषिकुमार पाण्डेमा पनि बसेको छ। दशैंका समयमा यो परिवारमा ब्राह्मणहरु राखी चण्डी पाठ, वेद पाठ काली सहस्रनाम, अर्दाङ्गी, लक्ष्मीनारायण, रगलामुखी स्तोत्र आदि पाठ पारायणपूर्वक अखण्ड दीप प्रज्वलन गरी पूजा गरिन्छ। नवरात्रभरि सबै शक्तिपीठहरुमा पूजाअर्चना गरी नौ दिनसम्म एकछाक मात्र भोजन गरी मनाउने गरिन्छ।

घर खरिद - पाँडे कर्णेलको पुर्ख्यौली घर न्हैकन्तलामा बस्दै आएका विष्णुकुमार पाण्डेले पछि आफ्नै आम्दानीबाट त्यतिबेलाको व्यापारिक केन्द्रका रुपमा रहेको इन्द्रचोकको एउटा भव्य भवन किनेका थिए। त्यसलाई बस्नेत घर भनिन्थ्यो। त्यो घर हालको इन्द्रचोकको आकाश भैरव मन्दिरको सामुन्नेमा पर्दछ। त्यो घरका चार/चार लङ अर्थात चार माग थिए। तीमध्ये तीन लङ बस्नेतहरुबाट पटकपटक गरी चालीस हजार किनेका थिए। त्योसँगैको थानाघर पछि लिलाममा चढेपछि बीस हजारमा सकारेका थिए। यसरी उनको त्यो घर चार लङको बन्न गयो। त्यतिबेला विष्णुकुमार पाण्डेले बीस हजार छेमडेल अड्डाबाट ऋण लिनु परेको थियो। त्यो ऋण उनले १०/१० हजार गरी दुई किस्तामा तिरेका थिए। त्यतिबेलाको बस्नेत घर विष्णुकुमार पाण्डेले किनेपछि कर्णेल पाँडे घरका रुपमा परिणत भयो। त्यो चोकलाई पछिसम्म पनि पाँडे कर्णेल चोक र धारा चोक भनिन्थ्यो। त्यसैको नजिकै पछाडिपट्टि पहिले रञ्जना सिनेमा हल भएको स्थानमा काजी दामोदर पाँडेको विशाल दरबार थियो। इन्द्रचोकको त्यो व्यापारिक भवन किनेपछि विष्णु पाण्डेको शास, मान र धन उच्च शिखरमा पुगेको थियो। घरबहाल उडाएको उनको रजिष्टर हेर्दा त्यतिबेलै वर्षको छ हजार उठ्ने गर्थ्यो। त्यसताका त्यति घरबहाल अरुको सायदै उठ्थ्यो होला। व्यापारिक प्रयोजनका लागि निर्मित त्यो घरलाई विष्णुकुमार पाण्डेले व्यापारिक प्रयोजनकै लागि छाडे। त्यसबाट उठेको बहालको रकमले उनले वि.सं. १९८१ मा न्हैकन्तलाको घर मर्मतमा लगाउँथे। सो घर मर्मतको लागि झिंगटी किन्दा उनले सयकडा १२ पैसाका दरले पैसा तिरेको देखिन्छ। चार हजार चार सय झिंगटीको मूल्य पाँच रुपैया २८ पैसाको परेको टिपोट उनको रजिष्टरमा देखिन्छ। सिकर्मी, डकर्मी, ज्यामीको ज्याला र खाजा खर्चबापत पाँच रुपैयाँ तिरेको देखिन्छ। यो टिपोटबाट त्यतिबेलाको बजारभाउ थाहा पाउन सकिन्छ। यसरी बस्नेत घरको बहालबाट पाण्डे परिवारमा ठूलो आर्थिक लाभ भएको जान्न सकिन्छ।

पुत्रलाभ- विष्णुकुमार पाण्डेलाई बुढेसकालमा पुत्रलाभ भएको थियो। त्यो पनि उनी चन्द्रशमशेरको बेलायत भ्रमणको टोलीसँगै बेलायत गएका बखत। त्यसैले उनले पुत्रको नामै बेलायतकुमार राखिदिए।

चन्द्रशमशेर जंगबहादुरपछि बेलायत जाने दास्रो राणा प्रधानमन्त्री हुन्। चन्द्रशमशेरको बेलायत भ्रमण टोलीमा आफू पर्दा उनले आफ्नो शान र मान निकै बढेको महसुस गरेका थिए। राणा परिवारको भोजभतेरको बन्दोबस्तको जिम्मेवारी लामो समयसम्म सम्हालेका पाण्डेले आफ्ना छोरा बेलायतकुमारको विवाह पनि धुमधामसँग सम्पन्न गरिदिएका थिए। बस्नेत घरमा पाहुनाहरुको बस्ने बन्दोबस्तका रुपमा उनले टहराहरु निर्माण गरेका थिए। त्यतिबेला पनि जन्ती र मोटरको लाइन न्हैकन्तलादेखि इन्द्रचोकसम्म लागेको थियो। भोजको कार्यक्रम दुई दिनसम्म चलेको थियो। त्यसमा छर-छिमेकी सबैले उपस्थित हुने मौका

पाएका थिए भने टाढाटाढाका पाहुनाहरु समेत आएका थिए। त्यस्तो भोज त देखेकै थिएनौं भनी छर-छिमेकले प्रशंसा गरेका थिए। २००७ सालसम्म पनि कप्तानलाई बोलाएमा तीनमोहर, दिनुपर्ने चलन थियो। विष्णुकुमारले छोरीहरुको विवाह पनि यस्तै भव्यताका साथ सम्पन्न गरेका थिए।

त्यतिबेला छोरीलाई पढाउनुपर्ने चलन नभएकाले छोरीले समेत धेरै पढ्नुपर्ने मान्यता थिएन। त्यसैले उनले बेलायतकुमारलाई पनि धेरै पढ्नतर्फ भन्दा सेनाका लागि चाहिने शिक्षातर्फ मात्र ध्यान दिए। राणा परिवारको ढाँचामा हुर्केका बेलायतकुमारको ध्यान पनि त्यसभन्दा अगाडि गएन। कसै-कसैले गुरुकुलमा लगेर पढाएर ल्याउँछु भन्दा पनि विष्णुकुमारले बुढेसकालमा जन्मेको एक्लो छोरालाई आफ्ना आँखाभन्दा बाहिर जान स्वीकृति दिएनन्। छोरालाई सुखसुविधाको हकमा भने राणाका छोराहरुको भन्दा तल्लो सुविधा कहिल्यै दिएनन्। त्यसैले बेलायतकुमारको जीवनशैली पनि राणाका छोराछोरीको भन्दा कम थिएन।

विष्णुकुमारले छोरी नानीमैया पाण्डेलाई आठतोलाका चारवटा सुनका चुरा बनाइदिएका थिए। त्यतिबेला त्यसका लागि ३४ रुपैयाँ तोलाका दरले जम्माजम्मी २७२ रुपैयाँ लागेको थियो। दुलही र छोरीलाई चाँदीका कल्ली बनाउँदा ३०/३० तोलाका दरले दुई जोरको ३० रुपैयाँ २० पैसा लागेको थियो। उनले भान्से बाहुनी बज्यैलाई पनि आधा तोलाको सुनको मुन्द्री बनाइदिएका थिए। त्यसका लागि १७ रुपैयाँ लागेको थियो। यसबाट त्यतिबेलाको सुनचाँदीको मूल्य थाहा पाउन सजिलो भयो।

खर्चको पारदर्शिता- विष्णुकुमार चन्द्रशमशेरका विश्वासपात्र व्यक्ति भएकाले उनले आर्थिक कारोबारको जिम्मेवारीसमेत पाएका थिए। त्यतिबेला पाँडेहरुलाई दिवानको पदले सम्बोधन गर्ने प्रचलन थियो। चन्द्रशमशेरले पनि त्यही प्रचलन अँगाल्दै विष्णुकुमारलाई दिवान दाइ भनेर सम्बोधन गर्थे। दिवान दाइलाई चन्द्रशमशेरले पशुपति क्षेत्रको निर्माण कार्यमा, दरबारका लागि आवश्यक सामान विदेशबाट झिकाउँदा, श्री ३ हरुको विदेश भ्रमण हुँदा, पूर्वकर्मचारीका जहानलाई भत्ता दिँदा, खर्चको स्रोत जुटाउँदा अगाडि सार्थे। उनी इमानदारीपूर्वक खर्चको लगत राख्थे। त्यति हुँदाहुँदै पनि एकपटक हिसाबकिताबमा सात हजार फरक पर्न गएको कुमारी चोकले फेला पार्‍यो। त्यसपछि चन्द्रशमशेरले विष्णुकुमारलाई बोलाएर यस विषयमा सोधपुछ गरे। विष्णुकुमारले नपुग रकम घरबाट ल्याएर सोधभर्ना गर्छु भनी सिंहदरबारको ढोकाबाट निस्कन लाग्दा चन्द्रशमशेरले भो पर्दैन। ठट्टा गरेको पो त भनेका थिए।

कसैले कुरा लगाएकै भरमा कारबाही अघि बढाइहाल्ने त्यो बेलामा पनि चन्द्रशमशेरले विष्णुकुमारमाथि कुमारी चोक नलाग्ने व्यवस्था मिलाए। उनले सबै हिसाबकिताब दुरुस्त राखेका हुन्छन् भन्ने कुरामा विश्वस्त भएपछि कुमारी चोक हालको महालेखाले समेत उनको हिसाबसम्बन्धी छानबिन गर्दैनथ्यो। विष्णुकुमारले सरकारी राजस्व हिनामिना गर्नु त परै जावस् बरु आफ्नो गोजीबाटसमेत सके जति खर्च गर्दथे र त्यो कुरा बजेट खर्च रकम हेर्दा नै थाहा हुन्थ्यो। यसले के स्पष्ट हुन्छ भने आर्थिक कारोबारमा उनी स्वच्छ चरित्र भएका, राणाहरुले समेत कुनै खोट देखाउन नसकेका इमानदार र कर्तव्यपरायण देशभक्त थिए। उनको यो छवि पछिसम्म पनि कायमै रह्यो। विष्णुकुमारको बहीखाताअनुसार उनी १९५७ देखि १९८१ सम्म लेफ्टीनेन्ट कर्णेल, फुल कर्णेल, चीफ कर्णेल र कमाण्डिङ कर्णेलसम्म भएको देखिन्छ। उक्त पदमा राणाजीबाहेकका व्यक्ति पुग्नु भनेको चानचुने कुरा थिएन।

वि.सं. २०१८ सालतिर फिल्डमार्सल रुद्रशमशेरसँग विष्णुकुमारका नाति ऋषिकुमार पाण्डेको भेट हुँदा यस्तै प्रतिक्रिया उनीबाट पनि आएको थियो। उनले भनेका थिए बेलायत जाँदा जहाजमा उनले ल्याएको भुटेको मकै मीठो मानी मैले र जुद्धशमशेरले खाएका थियौं। उनैका नाति पुरुषोत्तमशमशेरले आफ्नो पुस्तक श्री ३ हरुको तथ्य वृतान्तमा भने बेलायत जाँदा जहाजमा भएका विष्णुकुमार पाण्डेका सम्बन्धमा अलिकति बकवासका कुरासमेत लेखेका छन्, जहाजबाट नाँगै समुद्रमा हामफाले भनेर। त्यो त उनले सात समुद्र पार गरेर आइसकेपछि समुद्रमा स्नान पनि गरिहालौं न त भनेर डुबुल्की मारेको हुन सक्छ, जो धार्मिक हिसाबले अन्यथा हैन। विष्णुकुमारले समुद्रमा हामफालेको विषयलाई त्यतिबेलाका बेलायती पत्रपत्रिकाले प्रमुखताका साथ छापेका थिए।

भएको के थियो भने वि.सं. १९६४ मा बेलायतका तत्कालीन राजा एडवर्ड सातौंको निमन्त्रणामा चन्द्रशमशेर २२ सदस्यीय टोलीको नेतृत्व गर्दै बेलायत गएका थिए। त्यो टोलीमा विश्वासपात्र कर्णेल विष्णुकुमार पाण्डे पनि संलग्न थिए, पानीजहाज बेलायत पुग्ने क्रममा पाँडे कर्णेलले लँगौटी मात्र लगाएर समुद्रमा स्नान गरेका थिए। चिसो पानी, लंगौटी मात्रै लगाएर स्नान गरेको विषय ठूलो चर्चाको विषय बनेको थियो। यस विषयलाई पर्सिबल लन्डनले एउटा लेख नै लेखेका थिए "चिसो पानीमा हाम्फाल्ने साहसी नेपाली पर्यटक" भनेर।

यो विषयलाई लिएर पाँडे कर्णेल र चन्द्रशमशेरका बीचको सम्बन्धलाई बिगार्ने प्रयाससमेत भएको थियो। चन्द्रशमशेरले पाँडे कर्णेललाई किन नुहाएको देवान दाइ भनेर सोधनी गर्दा पाँडे कर्णेलले उत्तर दिएका थिए- सात समुद्र पार गरेर आएपछि नुहाउनै पर्‍यो नि महाराज। यो त भाग्यको कुरा हो।

क्रमश :

पूर्वरथी ऋषिकुमार पाण्डेको डायरीबाट

पुर्खाको गाथा–४

वर्ष १६, अंक ४७, २०७३ माघ २ आइतबार

हात्तीसारको कार्यभारमा कर्णेल पाण्डे : कर्णेल पाण्डेले वि.सं. १९४० देखि नै सरकारी अधिकृत सेवामा प्रवेश गरेको रेकर्ड थाहा पाइन्छ। सैनिक सेवामा प्रवेश गरेका उनको कार्य क्षेत्र भने काठमाडौं उपत्यकाभित्र र तराईका विभिन्न हात्तीसारहरु पर्दथे। हात्तीलाई त्यतिबेला उच्चकोटीको सवारीसाधनका रुपमा लिइन्थ्यो। राजा-महाराजाहरुले विशेष अवसरमा हात्तीलाई प्रदर्शनका रुपमा पनि प्रयोगमा ल्याउने गर्थे भने भौगोलिक असुविधायुक्त स्थानमा यातायातको साधनका रुपमा पनि प्रयोगमा ल्याइन्थ्यो। त्यसैगरी बलप्रयोगका रुपमा पनि हात्तीकै प्रयोग गरिन्थ्यो। नेपालजस्तो भौगोलिक विकटता भएको मुलुकमा त हात्ती धेरै दृष्टिकोणबाट उपयुक्त साधन हो। त्यसैले जंगलबाट हात्ती समातेर ल्याई गुजारा गर्नेहरु पनि त्यस समयमा रहेको पाइन्छ। युद्धमा प्रयोगमा ल्याइएका हात्तीलाई पनि हात्ती अपरिहार्य मानिन्थ्यो। जति धेरै हात्ती भयो शिकारको भव्यता त्यति नै मानिन्थ्यो।

हात्तीको पालनपोषण र स्याहारको काम हात्तीसारअन्तर्गतका उपत्यका हात्तीसार र मधेशका हात्तीसारबाट सम्पन्न हुन्थ्यो। तराईका ठाउँ-ठाउँमा सरकारी हात्तीसारका अतिरिक्त रैथाने हात्ती पनि हुन्थे। धनि वर्गले त तराइमा मोटरको विकल्पका रुपमा हात्ती पालेका हुन्थे। प्रत्येक हात्तीसारैपिच्छे यत्रा, ढोइ र छावा गरि तीस, चालीस हात्ती, माहुते र पछुवा हुन्थे। ती हात्तीहरु श्री ३ र वरिष्ठ राणाका परिवारको विवाह तथा विशेष अवसरमा तिनका पाहुनाहरुलाई शिकार खेलाउने कार्यमा प्रयोग गरिन्थ्यो। त्यतिबेला रैतीहरुका हात्तीलाई पनि शिकार क्याम्पमा लगिन्थ्यो। एउटा हात्तीका लागी दरोगा-१ र माउते-२ गरी जम्मा चार जना कर्मचारीको दरबन्दी छुट्याइएको हुन्थ्यो। पाँडे कर्णेलका पालामा दरोगा श्यामलाल, दरोगा मक्कु र दरोगा तिल विक्रम पाण्डेको नाम प्रकाशमा आएको थियो। तिल विक्रम पाण्डे कम्पतान इन्द्रध्वज पाण्डेका छोरा थिए।

हात्तीलाई तालिम समेत दिइन्थ्यो। शिकारका समयमा लगिएका हात्तीसँग सिपाही र पिपाहरु खेल्ने गर्थे। हात्तीले भविष्यवाणी समेत गर्नसक्ने भएकाले बिजुली प्रसाद र मकुना नामका हात्तीको त्यतिबेला धेरै चर्चा थियो। हात्तीले पनि बहादुरी देखाएमा श्री ४ हरुलाई खुसी पार्नसकेमा खुराक र सुविधामा वृद्धि गरिन्थ्यो तर श्री ३ हरु खुसी हुन नसकेमा भने खुराकमा कटौती समेत हुन्थ्यो। हात्तीको खुराकको व्यवस्था गर्ने, वर्षभरिका लागि सिदा र तलब विनियोजन गर्ने र त्यससँग सम्बन्धित कर्मचारीहरुको समेत सिदा तलबको लेखाजोखा गर्ने कार्यको जिम्मेवारी विष्णु पाण्डेको काँधमा थियो। विष्णुकुमार पाण्डेको रजिष्ट्रारबाट सो कुरा जान्न सकिन्छ। त्यसमा मसलन्द खर्च समेत छुट्याइएको छ। यसैबाट थाहा हुन्छ कि हात्तीको स्याहारसम्भार कति राम्रो तरिकाबाट हुँदो रहेछ।

तोप खानाका जागिरे पाण्डे :- विष्णुकुमार पाण्डे राजदल (आर्टिलरी) अर्थात् तोपसम्बन्धी पल्टनका जागिरे थिए। त्यो पल्टनमा त्यति बेला विशिष्ठ श्रेणीका व्यक्तिबाहेक अरुका लागि प्रवेश निषेध थियो र त्यो पल्टनको तलब सुविधा पनि अरु पल्टनभन्दा बढी हुन्थ्यो। त्यो पल्टनले सैनिक कामकाज, काजका अतिरिक्त श्री ३ को हजुरिया कर्णेलका रुपमा समेत काम गर्थ्यो। देशको आन्तरिक विकास निर्माणसम्बन्धी कामका साथै वैदेशिक तथा कूटनीतिक कामहरु समेत त्यही पल्टनले गर्नुपर्ने भएकाले विष्णुकुमार पाण्डे अत्यन्तै व्यस्त रहन्थे। थानकोटदेखि भीमफेदीसम्मको पुरानो बाटोलाई समेत बढाउने, मर्मत गर्ने र श्री ३ हरु बाहिर जाँदा बस्नका लागि घरहरु बनाउने कार्य समेत उनैको जिम्मेवारीभित्र पर्दथ्यो। चित्लाङदेखि मार्खुसम्मको गोरेटो बाटोलाई फराकिलो पाण्डेले नै बनाएका थिए। त्यही बाटो भएर पछि राणाहरुले मोटर कार बोकाएर काठमाडौं भित्र्याएका थिए। विकास निर्माणसम्बन्धी कार्यमा पाण्डेको निकै रुचि थियो। त्यसै कारणले उनी बेलायत गएका बखत आफ्नै पैसाले बाटो सर्भे गर्ने कम्पास आदि उपकरणहरु किनेर ल्याएका थिए जो उनका नाति ऋषिकुमार पाण्डे कहाँ सुरक्षित छन्।

शिकारमा अपशकुन :- नेपालको तराईका जंगल शिकारका लागि अति उत्तम छन्। सन् १९०७ फरवरीमा प्रिन्स अफ वेल्सको नेपालको तराईमा शिकारका लागि आउने योजना तय भयो। त्यति बेला चन्द्रशमशेर स्वयं चितवन पुगी प्रिन्सलाई जिउँदो जनावर र चराहरु उपहार दिएका थिए। त्यतिबेलाको नियमानुसार शिकारमा जानुपूर्व हात्तीहरुलाई गन्तव्यस्थानमा लैजान श्री ५ हरुले 'खड्ग निशाना इस्तिहार' पढेर सुनाउनुपर्ने नियम नै थियो। चन्दशमशेरले पनि विजुली प्रसाद हात्तीसमक्ष पुगी सो इस्तिहार पढेर सुनाउँदा हात्ती डेग चलेन। त्यसपछि श्री ३ चन्द्रमहाराज रिसाएर 'चितवन जानु' भन्ने हुकुम चलाई त्यो हात्तीको दानामा कटौती गर्न समेत आदेश दिएर फर्केका थिए। प्रिन्स चितवन पुग्नुअगावै चन्द्रशमशेर त्यहाँ पुगेर बाघको शिकार खेलेका थिए। दुर्भाग्यवश बाघको भुन्टाईबाट श्री ३ हौदाबाट खसेपछि तुरुन्तै अर्को दलले आफ्नो हौदामा चढाएर उनको उद्धार गरेको थियो। त्यतिबेला जंगलमा समेत हैजा फैलिएकाले प्रिन्सको शिकारको योजना स्थगित गरिएको थियो। श्री ३ चन्द्र बल्लतल्ल क्याम्पबाट काठमाडौं आउनसके। शिकारको यो कुसाइतलाई स्मरण गर्दै श्री ३ चन्द्रशमशेर विजुली प्रसाद हात्तीसँग माफी माग्न नक्सालस्थित हात्तीसार पुगेका थिए। चन्द्रले बिजुली प्रसादको थप दानापानी तथा सुसारेको समेत

व्यवस्था मिलाएका थिए। यसरी यो वर्षभरि नै विष्णुकुमार पाण्डे आर्थिक तथा प्रशासनिक कार्यमा निकै व्यस्त भएका थिए। राणा प्रधानमन्त्रीहरुका लागि शिकार र सवारी भन्ने कुरा साधारण नै थियो। जाडोका समयमा सालिन्दा दुई-तीन महिना तराइमा बस्ने उद्देश्यले शिकारको व्यवस्था मिलाइन्थ्यो। त्यसबाट काठमाडौंको जाडो पनि छलिन्थ्यो भने तराईका विभिन्न जिल्लाको भ्रमण गरेर हालखबर समेत बुझ्ने काम हुन्थ्यो।

शिकारका भोगी जंगबहादुरको समयदेखि नेपालमा शिकार र सवारी भन्ने कुरा साधारणजस्तो थियो। काठमाडौंबाट श्री ३ को सवारी बाहिर नचल्दासम्म अड्डाखानाहरुमा खाली सवारीका कुरामात्र चल्ने गर्दथ्यो। शिकारको भव्य तयारीका साथ काठमाडौंबाट विदाइ भएर भीमफेदी पुगी मुकाम हुन्थ्यो। चाकरीबाजहरु काठमाडौंदेखि भीमफेदीसम्म पुग्दथे। त्यहाँ सशस्त्र दुई पल्टन राखिएको हुन्थ्यो। सवारीसाथ जंगीलाठ, हजुरिया, कर्णेल, हजुरिया कर्णेल, विभिन्न अड्डाका हाकिमका साथै शिकारीहरु पनि हुन्थे। श्री ३ का साथ पूरा परिवार र राना, नानी, बैठके, छाते सबै जान्थे। ती सबैलाई बस्न पुग्ने गरी पालको व्यवस्था र ती सबै अटाउने फराकिलो स्थान सदाका लागि छुट्याएर राखिएको हुन्थ्यो। क्याम्पमा सबै प्रकारका सुविधाहरु हुन्थे। त्यहाँ खाने बस्ने प्रबन्धको जिम्मेवारी बडाहाकिमको हुन्थ्यो। प्रत्येक क्याम्पमा आठ दश दिनको मुकाम हुने भएकाले काठमाडौंको राजधानी नै तराईतिर सरेको मान हुन्थ्यो। तराईवासीहरु त्यहाँ अनेक प्रकारका समस्या लिएर प्रधानमन्त्रीलाई भेट्न आउँथे। वर्षमा एकपटक शिवरात्रीका समयमा काठमाडौं आउने फुर्सद निकाल्ने तराईवासीहरु त्यतिबेला प्रधानमन्त्रीलाई प्रत्यक्षरुपमा भेट्न पाइने भएकाले त्यो मौका भरसक गुमाउँदैनथे। त्यसबाट प्रधानमन्त्रीहरुको एकाधिकारको परिचय पाउन सकिन्छ। त्यस्ता शिकार केवल पारिवारिक मात्रै नभई भारतका जंगीलाठ तथा विशिष्ठ पाहुनाहरुका लागि समेत आयोजना गरिन्थ्यो। भारतका जंगीलाठ तथा विशिष्ठ पाहुनाहरुका लागि समेत आयोजना गरिन्थ्यो। भारतका जंगीलाठहरुसँग भेट्नु पनि श्री ३ हरुको शिकारको उद्देश्य हुन्थ्यो। शिकारको स्तर र किसिम धेरै भए पनि शिकारको अर्थ बाघको शिकार भन्ने चलन थियो।

सम्राट्हरुको शिकार यात्रा :- श्री ३ चन्द्रशमशेरले सन् १९१० मा सम्राट् एडवर्ड सप्तमको मृत्युमा समवेदना तथा जर्ज प्रथम राजा भएको उपलक्ष्यमा बधाई दिँदै पत्र पठाएका थिए। सन् १९११ मा जर्ज पञ्चम भारतको दिल्ली आउँदा नेपाल सरकारको प्रतिनिधित्व गर्दै श्री ३ चन्द्रशमशेर पनि दिल्ली पुगेका थिए। उक्त अवसरमा उनले जर्ज पञ्चमलाई ढोरीको जंगलमा शिकार खेल्ने निम्तो समेत दिएका थिए। सन् १९११ डिसेम्बरमा सम्राट् पञ्चम ठोरीको जंगलमा आइपुग्दा चन्द्रशमशेर शिकारको तयारीमा लागिसकेका थिए। त्यतिबेला सम्राट्ले २१ वटा बाघ, १० वटा गैंडा, २ वटा चितुवाका अतिरिक्त भालु, बँदेल, जरायो, चित्तलका साथै अन्य थुप्रै जनावरको शिकार गरेका थिए। त्यति बेला चन्द्रशमशेरले सम्राट्लाई अनेकौं जिउँदा जनावर, चरा-चुरुङ्गी तथा दुर्लभ वस्तुहरु समेत उपहार दिएका थिए। सम्राटले ती जिउँदा जनावर बेलायतको जिओलोजिकल गार्डेनका लागि लगेका थिए। सम्राट्ले ती जिउँदा जनावर बेलायतको जिओलोजिकल गोर्डेनका लागि लगेका थिए। सम्राट्ले पनि त्यस अवसरमा २००० थान नयाँ राइपुल सतलिइस फिल्ड राइफलका साथै पाँच लाख राउण्ड साना हतियारमा लाग्ने गोलीगठ्ठा नेपाल सरकारलाई दिएका थिए। सम्राट्ले त्यसै अवसरमा चन्द्रशमशेरलाई ग्राण्ड क्रस अफ द रोयल भिक्टोरियन अर्डरका साथै कोरोनेशन दरबार मेडल समेत प्रदान गरी तिमी र तिम्रा जनतालाई ट्रष्ट फ्रेण्डका रुपमा लिनेछौं भन्दै भारत फर्केका थिए। त्यतिबेला चन्द्रशमशेरले उनलाई १९ तोपको सलामी दिलाएका थिए। त्यतिबेला शिकारलाई नै ब्रिटिश भारत सम्बन्धलाई दरिलो बनाउने माध्यमका रुपमा लिइन्थ्यो र अन्य श्री ३ हरुको पालामाभन्दा चन्द्रशमशेरका पालामा शिकारलाई बढी महत्व दिइएको थियो। त्यसैको परिणामस्वरुप दुई देशका बीचको सम्बन्धमा पनि राम्रो सुधार आएको थियो।

सन् १९२० को अन्त्यतिर ड्युक अफ कन्नट भारत आएका थिए। सन् १९२१ को अन्त्यतिर प्रिन्स अफ वेल्स शिकारमा आउनलागेका छन् कि भनी शोधनी गर्दै शिकारको ठूलो तयारी गरिएको थियो। सन् १९२१ डिसेम्बर १४ मा राजा जर्ज पञ्चमपछि सम्राट् एडवर्ड अष्टम शिकारका लागि ठोरीको जंगलमा आए। उनका साथमा गभर्नर जनरल माउण्ट वेटन र पर्सिवल ल्याण्डन समेत आएका थिए। त्यो बेला चन्द्रशमशेर विष्णु कुमारका साथमा स्वयं ठोरी पुगेर सबै बन्दोबस्त मिलाएका थिए। शिकारका लागि कसरा क्याम्पमा ४२८ वटा हात्ती शिकारको प्रयोजनमा ल्याइएको थियो। सम्राट्ले त्यो शिकारमा १८ वटा बाघ, ८ वटा गैंडा, २ वटा भालु, २ वटा चितुवाका अतिरिक्त अन्य थुप्रै स-साना जनावर तथा पक्षीहरुको शिकार गरेका थिए। शिकारपछि ती जनावर तथा पक्षीहरु लण्डनको जिओलो जिबु गार्डेन सजाउनका लागि लगिएको थियो। सम्राट्ले त्यसै अवसरमा चारवटा गोमन सर्प पनि मारेका थिए। फर्किने बेलामा सम्राट्ले यसपटक पनि नेपाललाई १० हजार थान इन्फिल्ड राइफल तथा केही मेसिनगन, लुइस गन समेत दिएका थिए। यही शिकारले सन् १९२३ को नेपाल-अंग्रेज सन्धिको आधारशिला तयार भएको थियो। त्यसैले यो शिकारको विशेष महत्व छ।

एउटा रोचक कुरा के छ भने शिकारमा प्रयोग हुने हात्तिका नाम पनि मानिसकै जस्ता हुन्थे। उदाहरणका लागि विजुली प्रसाद, राम प्रसाद, वर्दा बहादुर, रामकली, सुन्दरकली, कमलकली यी सबै त्यति बेलाका हात्तिकै नाम हुन। बिजुली प्रसाद मरेपछि त्यसको छालाबाट बनेको जुत्ता हाल राष्ट्रिय

सङ्ग्रहालयमा राखिएको छ। हात्तिको नामकरण दरबार बाटै हुन्थ्यो। शाही सदस्यकै नामसंग मिल्दा जुल्दा नाम हात्तिका पनि हुन्थे। राणाशासनको अन्त्य पछि पनि यो परम्परामा क्रम भंग भएन। उदाहरणका लागि बिरेन्द्र गज, दीपेन्द्र गज, ऐश्वर्यकली, ज्ञानेन्द्र गज, पारस गज, हिमानीकली जस्ता नाम भएका हात्तिहरु चितवन राष्ट्रिय निकुञ्ज स्थित हात्तिसारमा रहेका छन्। राष्ट्रिय निकुञ्जको पूर्वीक्षेत्र सौराहामा रहेका १७ वटा हात्तिहरुमध्ये ज्ञानेन्द्र गज नामको हात्तिले धेरैलाई दुःख दिने गरेको, चोट पुर्‍याएको कुरा त्यसका माउते सुरेन्द्र लामाको गुनासो छ। विरेन्द्र गज बिरामी भएको खवर त २०६५ साउन १५ को कान्तिपुर दैनिकको पृष्ठ १२ मा प्रकाशित भएकै थियो। धिरेन्द्रगजको मृत्यु भइसकेको कुरा त्यहाँका माउतेहरु वताउँछन्। वाहिरबाट उपहार स्वरुप आउने हात्तिको नाम भने फरक किसिमका छन्। वि.सं. २०४६ सालपछि भने दरबारबाट हात्तिको नाम आउने प्रचलन कम भएको भनाई त्यहाँका रेंजरको छ। लोकतन्त्र पछि त्यस्तो वाध्यात्मक परिस्थिति नभएका कारण स्थानिय मठमन्दिरका नामसंग जोडेर अथवा अन्य व्यक्तिहरुको नामसंग जोडेर पनि हात्तिको नाम राख्न थालिएको छ। उदाहरणका लागी लोकतन्त्रकलि, चित्तसेन कली, नारायणगज, शेरप्रसाद गज, सिद्धवावागज, जस्ता नामहरु राखिएका छन्। हात्तिको महत्वलाई ध्यान दिंदै १९८७ मा भारतबाट गैंडासंग साटेर ल्याइएका दुईवटा हात्ति हात्ति प्रजनन केन्द्रमा राखिएका छन्। उक्त हात्ति प्रजनन् केन्द्र हाल दक्षिण एसियाकै सफल हात्ति प्रजनन् केन्द्रका रुपमा स्थापित भएको छ।

माथि उल्लेखित सवै हात्तिसार सम्बन्धि प्रशासन कर्णेल विष्णु कुमार पाण्डेको मातहतमा थियो। उनले काठमाडौं र तराईको मात्र नभई ल्हासासम्म पनि हात्तिको आवत जावतमा रेखदेख गर्ने गरेको कुरा उनको रजिष्टरबाट जान्न सकिन्छ। ल्हासाबाट हात्ति लिन आएका सिपाहीहरुले खर्च नपुगी बाटोमा धनकुटा अड्डाबाट लिएको तमसुकको सोधभर्ना स्वरुप कम्पनी रु. ३२ को सवाईले ४० रहेको उल्लेख उनको रजिष्टर नं. ८ को पृष्ठ नं. ९२ मा रहेको छ। कर्मचारीको खानपिन तथा हात्तिको दानाको ओसार पसार पनि यहिबाट भएको देखिन्छ। ल्हासामा पठाएको मालको मोल विभिन्न नामका साहु महाजनलाई तिरेको हिसाब आदिको विवरण पनि त्यही रजिष्टरमा उल्लेख छ। धान, चामल, चिउरा, तरकारीका मरमसला, नरिबल, पेडा, सुपारी, रुई, कागजको भूक्तानी दिएको उनको रजिष्टरबाट देख्न सकिन्छ। त्यसैगरी १९५७ सालमा ल्हासाबाट सुन खरिद गरि ल्याउनु भनि वकिल कप्तान इन्द्रध्वज पाण्डेको नाममा मुलुकी खानाबाट कालामोहर थान १२७००० मध्ये आजका मितिमा कौशी तोषाखानाबाट पहलो पटक आएको काला मोहर थान २५००० आएको छ भन्ने पनि उनको रजिष्टरमा उल्लेख छ। उक्त रुपैयाँ कर्णेल विष्णु कुमार पाण्डेकै मार्फत् उनका दाजु वकिल कप्तान इन्द्रध्वज पाण्डेको नाममा निकासा भएको देखिन्छ।

चामल चिउरा सुपारी सुनदेखि चिया समेत उत्तरवाटै ओसारेको देखिन्छ। ल्हासामा एकजना सिपाहीको मृत्यु हुँदा उनका सवै सर सामान घर परिवारलाई बुझाउने गरि विष्णु कुमार पाण्डेले नै बुझिलिएको उल्लेख पनि रजिष्टरमा छ। त्यतिमात्र हैन त्यहाँका सिपाहीका लागी लत्ता कपडा किनेको रेकर्ड पनि उनको रजिष्टरमा छ। त्यसैगरी उनी मार्फत् ल्हासामा सामान जाने गरेको, शिकारका लागि तराई तिर श्री ३ हरु सवारी हुँदा आवश्यक पर्ने सम्पूर्ण सर सामान खरिद गर्ने गरेको र ती सामानको लिष्ट समेत रजिष्टरमा छन्। दाल, चामल, लाल्टिन, बाल्टिन, लगायतका तीस प्रकारका सामानका मूल्य रु. २५५ रुपैयाँ उनानसय पैसा खर्च भएको उल्लेख छ। त्यो मूल्य हेर्दा आज भोली आश्चर्य लाग्दछ।

हात्तिहरुको पनि त्यतिबेला स्तर निर्धारण गरिएको थियो। स्तर अनुसार श्रृंगार, पटार, सवारीका लागी आवश्यक हौदा, त्यसका लागि चाहिने डोरी डसना जस्ता सामग्री राख्नका लागि ठूलो कारखाना जस्तै टिनको छाना भएको भवन भिमफेदीमा विष्णुकुमारले नै बनाएका थिए। ती हौदाहरु आज पनि भीमफेदीको क्याम्पमा सिक्रीमा झुण्ड्याएर राखिएका छन्।

विष्णुकुमार पाण्डेको परिवारले केहि समय अघिसम्म पनि भारतीय सीमा क्षेत्र तिस्रो भ्रमणमा जाँदा भिमफेदीमा वास बस्ने गरेको र ती हौदाहरु अझैं पनि सोही अवस्थामैं रहेको कुरा ऋषिकुमार पाण्डेको पारिवारिक सूत्रबाट थाहा हुन्छ। उक्त हात्तिघर सवारी सहितको हात्तिमा छिर्न मिल्ने गरि बनाइएको छ। त्यो विष्णुकुमार कै समयमा निर्माण गरिएको हो। हात्तिसार सम्बन्धि कामको प्रशासन विष्णुकुमार पाण्डेका पुर्खा दलमञ्जन पाण्डे, रणदल पाण्डे, सिंहविर पाण्डे आदिले क्रमशः सम्हालेका थिए भन्ने कुरा तत्कालिन दस्तावेजहरुबाट जान्न सकिन्छ

वि.सं. १८९६ साल पछि प्रशासनमा थापाहरुको वर्चश्व समाप्त भएकाले काठमाडौं र मधेशको हात्तिसारको कामकागज पाण्डे काजिहरुले नै पुनः गर्न थाले। वि.सं. १८९७ मा काजी जंगविर पाण्डे, १८९८ मा काजी सिंहविर पाण्डे, १८९९ मा काजि रणदल पाण्डे आदले पाल्पाको हात्तिसारको काम संहालेके कुरा लालमोहरहरुद्वारा जान्न सकिन्छ। वि.सं. १९०७ मा पुनः सरकारी सेवामा प्रवेश गरेका सिंहविर पाण्डेको पनि प्रशासनिक क्षेत्रमा सो कार्यक्षेत्र परेको देखिन्छ। तिब्बत तर्फको काम काज पाण्डेहरुको मातहतमा रहे जस्तै हात्तिसारको कामकाज पनि पाण्डेहरुकै जिम्मामा थियो। कोतपर्वपछि पनि राणाहरुले उनीहरुलाई नै विश्वास गरेको कुरा विष्णुकुमार पाण्डेको प्रशासनिक कार्यबाट पुष्टि हुन्छ। शिकारको समयमा श्री ३ चन्द्रशम्शेर र राणा परिवारसंग बसेर खिचाइएका फोटोहरुमा विष्णु कुमारको सहभागिता रहेको कुरा श्री ३ को तथ्य बृतान्त नामक कृतिका विभिन्न पृष्ठबाट अवगत हुन आउँछ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न शिकारको आयोजनामा प्रशस्त धनको खर्च हुन्थ्यो। धेरै जनशक्ति पनि प्रयोग हुन्थ्यो। त्यस्ता वेलामा विष्णुकुमार पाण्डे अत्यन्तै ब्यस्त रहन्थे। राणा प्रधानमन्त्रीहरुको हात्ति घोडा जस्ता जनावरको सौरव पुरा गर्न विष्णुकुमार पाण्डे भारतको सोनपुरमा वर्षेनि लाग्ने मेलामा सहभागी हुने गर्थे। त्यस्ता मेलामा हात्ति, घोंडा उँट इत्यादि जनावरका साथै मान्छेको समेत क्रम विक्रय हुन्थ्यो। उनले त्यतैबाट आफ्नो लागि भनेर उन्नत जातका घोडाहरु किनेर ल्याउँथे। त्यहाँबाट किनेर ल्याइएका जनावरको मूल्यमा डिस्काउण्ट मूल्य समेत उनले खुलाउन लगाउँथे। हिसाब किताब चुस्त-दुरुस्त पारेर राख्ने भएकाले उनी चन्द्रशमशेरका विश्वासपात्र थिए। दरबारका साना भन्दा साना सामान खरिद गर्नुपर्दा पनि उनैलाई जिम्मा दिइन्थ्यो। उनी कमिशनको पर्वाह गर्दैनथे। अधिक विजकीकरण गर्दैनथे। उनका पुर्खाहरुले देशका लागि आफ्नो जीवन नै उत्सर्ग गरेका कारण उनले पनि त्यही वाटो रोजे। आफ्ना लागी भन्दा पनि देश र जनताका लागि सारा जीवन समर्पण गरे। सरकारी सेवाका सिलसिलामा राणा प्रधानमन्त्री र उच्च ओहोदाका अफिसरहरुसंग शिकार र सवारीका निमित्त एक सरकारी व्यक्तिका हैसियतले काम गर्दा गर्दै उनको जीवनको अन्तिम घडी पनि शिकारकै क्रममा चितवनको क्याम्पवाट अस्वस्थ भएर घर ल्याइएको दुई चार दिनमै निधन भएको थियो।

श्री ३ हरुको कलकत्ता सवारीमा विष्णुकुमारको सहभागिता :- सन् १८८८ को फरवरीमा भायसराय लर्ड बिलियमलाई भेट्न विर शमशेर कलकत्ता गए। त्यो भ्रमण दलमा उनले कर्णेल विष्णुकुमारलाई पनि साथमै लगेका थिए। त्यतिवेला विर शमशेरले भायसरायसंग अन्य कुराकानीका भलावा नेपाल स्थित रेजिडेन्ट गिल्डस्टोनलाई फिर्ता वोलाएर उनको स्थानमा अरुकसैलाई पठाउन अनुरोध गरेका थिए। त्यसपछि विर शमशेर काशी वनारस हुँदै नेपाल फर्केका थिए। विर शमशेरको अनुरोधलाई स्वीकार्दै भायसरायले मेजर जि एल डर्लाण्ड सी.बी.लाई नेपालको रेजिडेन्टका रुपमा पठाए। विरशमशेर अर्को पटक वि.सं. १९५३ मा पनि कलकत्ता गएका थिए। त्यो सवारीमा गएका ५७ राइफल पल्टनका जवानलाई रसद गएको समेत विष्णुकुमारको बजिष्टरमा उपलब्ध छ। त्यति बेला साथमा जानेहरुलाई वकस दिनका लागी श्री ३ मा पटक पटक गरी रकम दाखिला गरिएको थियो। विष्णुकुमारको हिसाब किताब सम्बन्धि रजिष्टर अनुसार श्री ५ मुमा वडामहारानीमा चढाएको रु. २०,०००/- देखि जेठी रानी साहेब, कान्छी रानी साहेब, दरबारिया जनरलहरु, दुलही मैंयाहरु, पण्डितहरु, वैठकेहरु लगायतलाई बकस दिने प्रचलन देखिन्छ। यो बकसको रकम ८००० देखि स्तरअनुसार रु. १०० सम्म बाँडिएको देखिन्छ।

बिरशमशेर उक्त सवारीका समयमा कलकत्ताका विभिन्न कम्पनीसंग विभिन्न किसिमका सामान खरिद गरेका थिए। श्री ३ ले खरिद गरेका ती सामानहरुमा घोडा, कुकुर, गरगहना, घरायसी सरसामान, कोठामा प्रयोग हुने सामान, भान्सामा प्रयोग हुने सरसामान देखि फलदानी, फूलदानी सम्म रहेका थिए। त्यतिवेला श्री ५ सरकार देखि श्री ३ सरकार, श्री ३ महारानीहरु तथा दरबारका अन्य सदस्यहरुका साथै निम्न दर्जाका कर्मचारीका नाममा समेत सामानका वाकसहरु आयात भएको देखिन्छ। त्यसरी आयात भएका बाकसको संख्या १५७ रहेको थियो। विष्णु कुमार पाण्डेको रजिष्टर अनुसार श्री ३ हरुको भ्रमणका निमित्त भनि विभिन्न स्थानबाट र कौशी तोषाखाना आदिबाट आएको आम्दानी रकम १५१,३९२ भएको देखिन्छ।

श्री ३ हरुले वेला वेलामा कलकत्ता भ्रमण गर्ने गरेकोमा वि.सं. १९५५ को विरशमशेरको भ्रमणबाट राणाहरुले धेरै लाभ उठाएको देखिन्छ। तत्कालिन भायसरायल लर्ड वर्जनसंग भेट गर्ने र उनीहरुको सम्मानबाट वेलायत सम्म पुग्ने उनीहरुको भित्रि मनसाय देखिन्छ। लर्ड बर्जनको व्यवहारबाट बिरशमशेर त्यति बेला सन्तुष्ठ नभएर उनको भ्रमण टोली तुरुन्तै काठमाडौं फिर्ता भएको कुरा श्री ३ हरुको तथ्य वृतान्तबाट पनि अवगत हुन्छ। त्यतिबेला पनि त्यो भ्रमण टोलीले सामान भने प्रशस्तै किनेको देखिन्छ। ती सामानहरुमा कोठामा प्रयोग हुने, भान्सामा प्रयोग हुने ताम्चीन आदिका सामान, वैठकमा प्रयोग हुने सिसाका सामान, वैठक सजाउने सामान, वैठकमा ओछ्याउने सामान, बगैंचामा प्रयोग हुने सामान, आदि थिए। प्याकिङ भइआएका सामानहरुमा श्री ५ मुमावडामहारानी देखि श्री ३, श्री ३ का वडामहारानी, रानीहरु, जनरलहरु, राजपरिवारका सदस्यहरु, वैठके, कोठा मोंचाहरु, पल्टनका तथा अन्य मान्छेहरुका नाम समेत उल्लेख छन्। वाकस थान जम्मा २१६ वटा रहेको उल्लेख छ। साथमा लगेका पल्टनहरुलाई रसदको निमित्त किनेको सामानहरुको मूल्य समेत त्यसमा उल्लेख भएबाट तत्कालिन बजार भाउको समेत स्पष्ठ जानकारी लिन सकिन्छ। विर शमशेरको पालामा झैं चन्द्र शमशेरको पालामा पनि पटक पटकको भारत भ्रमणमा विष्णुकुमारको सहभागिता रहेको थियो। अंग्रेजहरुका भक्त मानिने चन्द्र शमशेरले कलकत्ता र दिल्लीको भ्रमण धेरै पटक गरेका थिए, ती मध्ये १९६० को कलकत्ताको भ्रमण भने विशेष तयारीका साथ गरेको देखिन्छ। त्यो भ्रमणका लागी विभिन्न कार्यालय तथा व्यक्तिबाट पैसा उठाइएको थियो। जसमा कम्पनी रु. मोरु, असर्फी उठेको थियो। त्यो सबैको आम्दानी बाँधी खर्च भएको रकम समेत विष्णु कुमार पाण्डेको डायरीमा टिपिएको छ।

(क्रमशः)

पूर्व रथी ऋषिकुमार पाण्डेको डायरीबाट

पुर्खाको गाथा-५

वर्ष १६, अंक ४८, २०७३ माघ ९ आइतबार

प्रत्येक भ्रमणमा के कति सर सामान खरिद गर्ने, पकेटमनि कति लैजाने क-कसलाई के-कति वकस दिने भन्ने निर्धारण गरिएको हुन्थ्यो, श्री ३ वडामहारानी देखि राणा परिवार र त्यससंग सम्वद्ध कर्मचारी तथा जवान समेतलाई स्तरहेरी रु. २००००।- देखि १००।- सम्म वकस दिएको देखिन्छ। त्यसरी कलकत्ताको भ्रमणमा जाँदा विभिन्न कम्पनीसंग गरगहना देखि लगाउने लत्ता कपडा टोपी पर्दाका कपडा ? जुत्ता, वाजा, सेन्ट, छालाको सन्दुक मेकअपका सामानहरु विभिन्न कम्पनीसंग खरिद गरेको लगत समेत प्राप्त छ। त्यसैगरी यताबाट पनि धेरै चराचुरुङ्गी, कुकुर आदि खरिद गरि चलान गरेको सूचि प्राप्त छ। त्यसरी मालसामान खरिद गरि चलान गर्दा सूगौलीदेखि विरगञ्जसम्मको खर्च छुट्टयाएकाले त्यसबाट पनि धेरै सामान नेपाली भित्रिने गरेको देखिन्छ। कलकत्ता भ्रमणका समयमा भ्रमण टोलीले प्रशस्त मनोरञ्जन समेत लिने गर्दथे। श्री ३ वडा महारानीहरु चिडिया खानाको दृश्यावलोकनमा जाँदा बाँदर लगायतका जनावरहरुलाई फलफूल खुवाउने र नाचगान पनि हेर्न जाने गर्दथे। त्यसैगरी धार्मिक प्रवृत्तिका श्री ४ चन्द्र शमशेर जम्मुस्टेशनमा वसन्त पञ्जमीका दिन वसन्त श्रवण गर्नका लागि भनि गुरु पुरोहित, पण्डितलाई दिने दक्षिणाको रकम समेत छुट्याइएको थियो। विष्णु कुमारको रजिष्टरमा श्री ३ चन्द्रशमशेरले कलकत्ते कालीको पूजा गरेको र त्यसका लागि दान दक्षिणा, बोका, पूजा आजाका सामान खरिद गरेको समेत टिपोट गरिएको छ। त्यसैगरी कलकत्ता भ्रमणका निमित्त कुन कुन ठाउँबाट के कति रकम जम्मा हुन आयो सो को आम्दानी समेत बाँधिएको रजिष्टर वेग्लै छ। त्यसमा नयाँ नेपालको असर्फी थान ७७ आम्दानी हुन आई ३ असर्फी खर्च भएको उल्लेख छ। कम्पनी रु. ५,१७,७,९८४।- आम्दानी हुन आई रु. ४९,४,४७९।०३ खर्च भएको उल्लेख छ। अन्य आर्थिक कारोवार सम्वन्धी हिसाव किताबमा डिस्काउन्ट मूल्य समेत तोकेर हिसाव किताबलाई पारदर्शी वनाइएको छ।

दरबारमा राणा परिवारका निमित्त उपभोग्य ससाना सामानहरु किन्ने काममा समेत विष्णु कुमारको सङ्लग्नता रहने गरेकाले आर्थिक कारोवारमा चन्द्रशमशेरले उनलाई पूर्ण विश्वास गरेको कुरा स्वतः स्पष्ठ हुन्छ। वि.सं. १९६३ मा पनि चन्द्रशमशेरले १९६० कै तौर तरिकाले कलकत्ता भ्रमण गरेको देखिन्छ। आम्दानी-खर्चका हिसावले चाहिं त्यो भ्रमण पहिलेको भन्दा ठूलो थियो भन्ने कुरा पाण्डे कर्णेलको रजिष्टर हेर्दा नै छर्लङ्ग हुन्छ। सवै आय स्रोत वटुलेर आफ्नो भ्रमणमा लगानी गर्ने राणाकालिन परम्पराका कारण देश विकास अवसर सम्भव थिएन भन्ने स्पष्ट हुन्छ।

वि.सं. १९५९ को चन्द्रशमशेरको दिल्ली भ्रमण पनि कम्ती खर्चिलो भएको थिएन। वकस, मनोरञ्जन, सामान निकमेल, धर्म कर्म, दान दक्षिणा आदिमा प्रशस्त रकम खर्च भएको देखिन्छ। मनिकर्णीका धारमा सवारी भएर श्री ३ चन्द्रले आफूले इच्छाए वमोजिम दान-दक्षिणा तथा पुजा आजा गरेर फर्केका थिए। यी सबै कुराको अध्ययनबाट के बुझिन्छ भने चन्द्रशमशेर अन्य राणा प्रधानमन्त्री भन्दा योग्य प्रशासक, सुसंस्कृत, धार्मिक तथा अंग्रेजका भक्त थिए भन्ने पुष्टि हुन्छ। उनको शासनकालमा विष्णुकुमार पाण्डेले राष्ट्र, सरकार र जनताका लागी जे जति गर्न सके त्यो गरेरै देखाए। त्यो अवसर पनि उनलाई चन्द्रशमशेरले नै दिएका थिए भन्दा अत्युक्ति हुँदैन। श्री ३ हरुको विदेश भ्रमण दलमा सहभागी भएर कर्णेल पाण्डेलाई फाइदै फाइदा भएको देखिन्छ। भारतीय राजाहरुसंग उनको सम्पर्क यसै सवारीका माध्यमबाट भएको थियो। त्यसको फाइदा पछि गएर उनका छोरा, नाती समेतले उपभोग गर्न पाए। उनका छोरा वेलायत कुमारले आफ्नो स्वास्थ्य उपचारका निमित्त र व्यापार व्यवसायका सिलसिलामा त्यहाँको मेलोमेसो आफ्ना पिताजीबाट जाने बुझेकाले पछि कलकत्तामा एक वर्ष विताएका थिए। परिवारका साथ कलकत्तामा वस्दा उनले त्यहाँको आधुनिक अंग्रेजी शिक्षाबाट प्रभावित भएर आफ्ना छोरा ऋषिकुमारलाई ७/८ वर्षकै उमेरमा दार्जिलिङ्ग खर्स्याङ्गको स्कुलमा पढ्न भर्ना गरेका थिए। शिक्षाको त्यहीं जगकै कारण ऋषिकुमार पछि गएर नेपाली सेनामा चालीस वर्ष जति हर्ता कर्ता भएर काम गर्न सफल भए। राष्ट्र सेवामा समर्पित पाण्डे वंशका कुलदीपक विष्णुकुमार पाण्डेकै कारण उनका छोरा, नाती पनाती समेतले देश सेवाको परम्परालाई कायमै राखे। नेपालको इतिहासमा गोरखा देखि काठमाडौंसम्म पाण्डेहरुले नेपाल निर्माण गर्ने कार्यमा शाह राजाहरुसंग काँधमा काँध मिलाएर र जीउ ज्यानले राष्ट्र सेवामा आफुलाई समर्पण गरे। यति लामो वंश परम्परा सायद विश्वकै इतिहासमा कतै मात्र पाउन सकिन्छ। निस्वार्थ राष्ट्र सेवामा समर्पित यो वंशले आफ्नो लागी भनेर लिने भन्दा पनि जिउज्यान समेत राष्ट्रकै लागी अर्पण गरेको छ। त्यसको एउटा ज्वलन्त उदाहरण छ कि लामो समयको अन्तराल पछि विष्णुकुमारलाई पुत्र प्राप्त हुँदा चन्द्र शमशेर अति नै खुशी भएर वालक जन्मदा साथ अफिसर (लप्टन)को पदन दिने प्रस्ताव गरेका थिए तर विष्णुकुमारले- 'सरकार ! अरुको आँखा लाग्छ। मेरो छोरालाई सुवेदार भए पुग्छ' भनेका थिए।

विष्णु कुमारले आफुले प्राप्त गर्न नसकेको अंग्रेजी शिक्षा आफ्नो छोरालाई दिलाउने कोशिस भने अवश्य गरे। त्यही परम्परा उनका छोरा, नाती, पनाती सम्म पनि अविच्छिन रुपमा चल्दै आएको छ।

वेलायत भ्रमणबाट सुधारका अवधारणाहरु बोकेर नेपाल फर्केको चन्द्र शमशेरले नेपालमा धेरै सुधार कार्य गरे। सामाजिक, शैक्षिक, आर्थिक, प्रशासनिक तथा शमशेरले नेपालमा धेरै सुधार

कार्य गरे। सामाजिक, शैक्षिक, आर्थिक, प्रशासनिक तथा कानुनी क्षेत्रमा उनले गरेका सुधारहरु वेलायति पद्धतिबाट प्रभावित भएर गरेको देखिन्छ। अंग्रेजहरुका सामु आफुलाई सुधारवादीका रुपमा चिनाउनु पर्ने वाध्यताका कारण श्री ३ चन्द्रशमशेर त्यसक्षेत्रमा अघिसरे। त्यस कार्यमा विष्णुकुमार पाण्डेको पनि पूर्ण सहयोग रहेको देखिन्छ।

चन्द्र शमशेरको सुधार कार्यको शुरुमा त शिक्षा क्षेत्रवाट भएको देखिन्छ। त्यसको उदाहरण हो त्रि-चन्द्र कलेजको स्थापना। त्यसै गरी दास प्रथाको अन्त्य उनको सुधार कार्यको दोस्रो खुडकिलो हो। यसका लागि पनि चन्द्रशमशेरले अंग्रेजहरु सामु प्रतिबद्धता जाहेर गरेका थिए। यी दुवै कार्यमा विष्णु कुमार पाण्डेको सकृय सहभागिता थियो।

विष्णु कुमारको सोख :- विष्णुकुमार पाण्डे घर, आँगनको सजावटका कुरामा पनि सौखिन नै थिए। यीनले आफ्नो न्हैकन्तताको घर र बस्नेत घर सजाउनका लागि काठका तथा माटाका भाँडाहरु खरिद गरेको पनि उनको रजिष्टरबाट देख्न सकिन्छ। उनी वेला वेलामा भारत गईरहने भएकाले वेलायती सामान लिलामीमा खरिद गर्थे। त्यस्ता सामानमा स्टीलका, काठका, छालाबाट बनेका सामानहरु हुन्थे। भारतीय राजा महाराजा तथा महाजनहरुसंग उनको सम्पर्क भएका कारण उनीहरुबाट उपहारमा पनि उनले विभिन्न सामान प्राप्त गर्थे। ती सामानमा नाडी घडी, लत्ताकपडा, वनारसी साडी, फलामका फर्निचरका सामान हुन्थे जो आज पनि उनको घरमा सुरक्षित छन्।

विष्णुकुमारले सिमित शिक्षामात्र पाएको भए पनि उनी पुस्तक सङ्कलनमा पनि रुची राख्दथे भन्ने कुरा उनका रजिष्टरबाट जान्न सकिन्छ जहाँ पुस्तक खरिदका लागी भनेर रकम छुट्याएको देखिन्छ। चन्द्रशमशेरका छोरा केशर शमशेर पुस्तकका सौकिन भएकाले पनि हुन सक्छ उनतमा पनि त्यो प्रभाव परेको। बेलिभोलेन्ट सोसाइटीमा हरेक महिनाको रकममा पुस्तकका लागि भनेर ४०/५० रुपैयाँ छुट्याइएको पाइन्छ। उनका नातीका घरमा आज पनि नीति श्लोकका किताव, कलिपुराण, नेपाल-वंशावली (हस्तलिखित डायरी) राजा रणबहादुर शाह, राजराजेश्वरी, देवी देवताको वर्ण, गरिएका हस्तलिखित ग्रन्थ, राजा रणजित मल्ल देखि काजी दामोदर पाण्डेसम्मका व्यक्तिका वर्णन गरिएका हस्तलिखित ग्रन्थ सुरक्षित छन्। त्यसैगरी चन्द्रममुख, भूचन्द्र चन्द्रिका, जगन्नाथ, वैजनाथ, चण्डी, रामायण, मार्कन्डेय पुराण महाभारत, सुख सागर आदि पुस्तक पनि छन्।

विष्णुकुमारसंग उनको कार्यालयसंग सम्बन्धित धेरै रजिष्टर सुरक्षित छन्। त्यसैगरी रिपोटहरु छन्। लेखोटहरु छन्। यसरी सङ्कलन गर्न उनले सायद विदेश भ्रमणबाटै सिकेको हुनुपर्दछ। वनारसतिर अक्सर गईरहने विष्णुकुमारको काशीराजसंग राम्रो सम्बन्ध कायम भएको थियो। काशिराज विष्णुकुमारसंग प्रभावित भएर सन् १९१४ मा ५ वटा सुनका घडी तीन वटा मर्दाना, दुईवटा जनाना तथा दर्जनौं वनारसी साडी उपहार दिएका थिए। वनारसबाट फर्केपछि उनले छोरा वेलायत कुमारका साथ चन्द्रशमशेर कहाँ गएर काशीराजबाट प्राप्त ती सामान चन्द्रशमशेर महाराजलाई टुक्र्याएका थिए। चन्द्रशमशेरले ती सवै सामान सहर्ष स्वीकार गरे तर एउटा घडीमा भने पछाडीबाट विष्णुकुमार पाण्डेलाई महाराज वनारसद्वारा प्रदत्त भनि लेखेकाले चन्द्र शमशेरले विष्णुकुमारलाई नै फिर्ता दिएका थिए। त्यो घडी पनि हाल ऋषिकुमारसंग सुरक्षित छ।

विष्णुकुमार पाण्डे र वेनिभोलेन्ट सोसाइटी : के हो बेनिभोलेन्ट सोसाइटी ? यसको उद्देश्य, स्थापना र संस्थापक को हुन् ? भन्ने विषयमा अन्यत्र कतै उल्लेख नभएकाले धेरै जसो इतिहासकारलाई समेत यस विषयमा ज्ञान छैन।

वेनिभोलेन्ट सोसाइटी प्रधानमन्त्री चन्द्रशमशेरले आर्थिक क्षेत्रमा चालेको एउटा महत्वपूर्ण कदम हो। यसको उद्देश्य राणाकालमा आफ्ना भाइभारदारका जहान परिवारको आर्थिक अवस्था माथि उठाउने एक सरकारी प्रयास थियो। त्यसका लागी चन्द्रशमशेरले एक कोषको स्थापना गरेका थिए। वि.सं. १९७२ साल वैशाख १ गते स्थापना भएको यो कोषका प्रमुखका विष्णुकुमार पाण्डे थिए। आर्थिक अवस्था राम्रो नभएका भाई भारदारका छोरा छोरी, वुहारीहरुले दुःख नपाउन भनि प्रत्येक महिनामा भत्ता वितरण गर्नु यसको उद्देश्य थियो। यो भत्ता वितरणमा केहि वन्देज पनि लगाइएको थियो। आर्थिक अवस्था नराम्रो भएको र लाउने खाने केहि छैन भनि सम्बन्धित व्यक्तिले आवेदन दिनु पर्थ्यो। त्यो दरखास्त माथि छ। नबिन मिहिन पूर्वक छानविन गरिन्थ्यो अनि मात्रै भत्ता वितरणका लागि सिफारिस गरिन्थ्यो। त्यस्तो सिफारिस विष्णुकुमाार पाण्डेले गर्दथे। तवमात्र भत्ता वितरण गरिन्थ्यो।

वेनिभोलेन्ट सोसाइटीको सदस्य बन्नका लागि भाइभारदारका सन्तानको आर्थिक अवस्थाको जाँच गर्नुपर्ने हुन्थ्यो। त्यसका लागि वि.सं. १९०५ साल देखिका भारदारहरुको लिष्ट विष्णु कुमार पाण्डेले तयार पारेका थिए। उक्त लिष्टमा गुरु पुरोहित, सिविल तथा मिलिटरी गरि तीन खण्डमा विभाजित भारदारहरुको सूचि थियो। कुन भारदार कुन कुन सालमा कुन कुन पदमा कार्यरत थिए भन्ने कुरा पनि त्यसैमा उल्लेख थियो। मेजर देखि मीरसुब्बा सम्मको दर्जा बुझ्न नाम नामेसी लेखिएको उक्त लिष्ट हेर्दा विस्तारै राणा परिवारका अतिरिक्त अन्य वंशले पनि सैन्य तथा अन्य सरकारी सेवामा प्रवेश पाउन थालेको देखिन्छ। त्यो सूचि भित्र लेफ्टीनेन्ट कर्णेल रिभुमञ्जन पाण्डे, भक्त केशर पाण्डे, रामशेर पाण्डे, बलवहादुर पाण्डे, कर्णजंग पाण्डे मे क अम्मर (ध्वज पाण्डेका नामहरु समाबिष्ट छन्। वि.सं. १९५५ र १९५७ को सूचिमा विष्णु कुमार पाण्डेलाई क्रमशः मे.क. र ले.क. को रुपमा सम्वोधन गरिएको छ।

वि.सं. १९७२ मा प्रथम पटक वितरण गरिएको भत्तामा ४५ जना भारदार तथा जवानका परिवारका नामहरु परेका छन्। वेनिभोलेन्ट सोसाइटीको सदस्यको नामासो पाँच, दश वर्षको अन्तरालमा थप घट गर्ने गरिन्थ्यो। भाइभारदारका जवानको स्तर र पदका आधारमा वितरण गरिने उक्त रकम साढे सात रुपैयाँ देखि पन्ध्र रुपैयाँसम्म रहेको देखिन्छ। पछिल्ला वर्षमा भने सो रकममा केहि वृद्धि भएको देखिन्छ। शुरुको महिनाको भत्ता वितरणका लागि वैशाख ३० गते आएको रकम जम्मा ३३८ थियो भने वि.सं. १९७४ मा ४३६ पुग्यो। वि.सं. १९८१ मा ४७४/३५ पुगेको देखिन्छ। त्यो वर्ष भत्ता पाउनेको संख्यामा पनि वृद्धि हुन गई क्रमशः ६१ र ४५ जना पुगेको थियो। हरेक वर्ष उनै व्यक्तिले भत्ता पाउनु पर्छ भन्ने कुनै ग्यारेन्टी थिएन। मेजर देखि मिरसुव्वा सम्मका जहान तथा छोरी वुहारीले मात्र भत्ता पाउने गरेको देखिन्छ। वि.सं. १९८१ सम्म आइपुग्दा कसै कसैले रु. २०।- सम्म वुझेको पनि देखिन्छ। आश्चर्य लाग्दो कुरा के छ भने भत्ता पाउनेको सूचिमा लोग्ने मान्छेको नाम देखिँदैन। त्यसो सायद विशेष दुःख पाउने महिला नै हुन् भनि गरिएको हुनु पर्दछ।

श्री ३ चन्द्रशमशेरले आफ्नो बेलायत यात्रा पछि भाईभारदारका श्रीमतीहरुको उत्थानका लागि उठाएको यो आर्थिक कदम थियो। त्यसमा कडा प्रावधान राखिएको थियो। आवेदन दिनेको विवरण झुट्ठा ठहरे ऐन सवला वमोजिम सहुँला वुझाउँला भन्ने दफा राखिएबाट जथाभावी रुपमा आवेदन दिनमा वन्देज लागेको थियो। त्यति हुँदा हुँदै पनि उक्त भत्ता पाउनेहरु लाउन खान नपाएका, आय श्रोत कुनै नभएका नै थिए भन्न चाहिं सकिँदैन। त्यसमा रहेको प्रावधान कै कारण धेरै भारदारका जहान परिवारले दस्तख्त गर्न हिच्कीचाउँथे। कमाण्डर जस्ता अफिसरको सिफारिसमा चल्ने सो दरखास्तको कार्यान्वयनमा पनि कठिनाइ नै रहेको हुनुपर्दछ। भारदारका धेरै वंशवाट त्यसमा नाम परेको भएपनि पाण्डे वंशबाट भने खासै नाम परेको देखिदैन। वि.सं. १९७२ को शुरुको महिनामा तयार पारिएको लिष्टमा भैरव वहादुर पाण्डेकी वुहारीको नाम सत्यरुपमा उल्लेख छ भने वि.सं. १९७८ को लिष्टमा पनि उनकै नाममात्र भत्ता पाउनेको लिष्टमा परेको छ। वि.सं. १९८१ को लिष्टमा अम्बर विक्रम पाण्डे र अम्बर ध्वज पाण्डेका नामबाट निजका बुहारीहरु धन कुमारी र इन्द्रकुमारीले मात्रै पाएको देखिन्छ। यसबाट के बुझ्न सकिन्छ भने पाण्डे परिवारलाई त्यसको दरवारै थिएन। खानदानी पाण्डेहरु मागेर खान रुचाउँदैनथे। बेलायत भ्रमणपछि चन्द्र शमशेरले चालेको यो कदम सहानीय नै मान्नु पर्दछ र त्यसमा विष्णुकुमार पाण्डेको सहभागितालाई पनि पाण्डे वंशले गौरवकै दृष्टिले लिनु पर्दछ।

वेनिभोलेन्ट सोसाइटी नामको यो संस्थाको हिसाब किताब वि.सं. १९८१ मार्ग सम्ममात्र सम्म मात्र कायम रहेको देखिन्छ। १९८१ को वर्ष उनको जीवनको अन्तिम वर्ष भएकाले त्यसपछिका वर्षको लागत उनीबाट तयार हुन सकेन। त्यसैले यो संस्था चन्द्रशमशेरको शासनकालको अन्तिम समयसम्म कायम रह्यो या रहेन यकिन साथ भन्न सकिन्न। विष्णुकुमार पाण्डेको असामयिक निधनपछि त्यसको अवस्थाका वारेमा केहि भन्न सकिने स्थिति छैन। उनका समकालिन इतिहासकार पर्सिवललाण्डनले समेत त्यसका वारेमा केहि टिप्पणी गरेका छैनन्। विष्णुकुमार पाण्डेको रजिष्टर नं. १ र २ बाट मात्र चन्द्रशमशेर र विष्णुकुमारका विचको सो कार्यको पटाक्षेप भएको छ। त्यो रजिष्टर यदि हुँदैनथ्यो भने यो इतिहास हराएरै जाने थियो। वेनिभोलेन्टको आय श्रोत नेपालकै भएपनि भविष्यमा अन्यत्रबाट पनि भित्र्याउने आशा चन्द्र शमशेरको हुनुपर्छ।

त्यतिवेला नेपाली जवानहरु प्रथम विश्व युद्धमा अंग्रेजको सहायतार्थ भारत तथा यूरोपमा समेत गइरहेको अवस्थामा चन्द्रशमशेरले सो कदम उठाएका थिए। उक्त सुविधा उच्च तहका भारदारका जवानका लागि भएपछि यसबाट विदेशी सेनामा जाने जवानका जहान परिवारलाई समेत प्रेरणा मिलेको हुनु पर्दछ। मुलुकका लागि केहि गरेको देखाएर अंग्रेजबाट जसलिन खोज्ने राणा प्रवृत्ति भएकाले १९९४, ९५ मा उनले पर्सीबिल लाण्डन मार्फत् 'नेपाल' नामक पुस्तक लेख्न लगाएका थिए। उक्त पुस्तकमा चन्द्रशमशेरले आफ्नो समयका धेरै पक्षलाई सकारात्मक तरिकाले वर्णन गर्न लगाएका छन्।

बेनिभोलेन्ट सोसाइटीका सदस्यहरुले दिएको आवेदनको नमूना : 'लिखितम हामी तपसिल बमोजिमका ठाउँ ठाउँमा वस्ने तपसिल बमोजिमका मानिसहरु आगे भाइभारदार खान्दानका सन्तान इज्जतदारमा खाने, पिने, बस्ने वन्दोवस्त र कतैवाट केहि आयस्ता नभई दुःख पाइरहेकालाई श्री ३ महाराजबाट अजमाइस गरि दुःख नपाउने वन्दोवस्त गरि वेनिभोलेन्ट सोसाइटी अड्डा खडा गरी खानाको बन्दोवस्त गरी १९७२ साल वैशाख १ गते देखि उठान गराई बक्सेका हुनाले तपसिल वमोजिमका भाईभारदारका सन्तान इज्जतदारहरुले हामीहरुको केहि छैन भनि दरखास्त राखेका हुँदा निजहरुको खान लाउन बस्न र कतैवाट केहि आयस्त छ कि कसो हो भनि हामीलाई निज वेनिभोलेन्ट सोसाइटी अड्डा मार्फत् कर्णेल विष्णुकुमार पाण्डे क्षेत्रीवाट सोधनी गर्दा हामीहरुको चित्त बुझ्यो। तपसिल वमोजिमका भाइभारदारका खानदानका सन्तानहरुमा भया नभयाका समेत भयाको बेहोरा तपसिलमा लेखि दियाको छु। दुरुस्त छ फरक छैन। फरक घटिबढी पारी लेखिदियाको ठहऱ्यो भन्या ऐन सवाल हुहुम मर्जी वमोजिम बुझाउँला भनि हामीहरुका मनोमान खुशीराजीसंग कागज लेखि निज कर्णेल मार्फत् अड्डामा चढाइयो।

तपसिल

१. काजी चन्द्रवीर भँडारीकी वुहारी मेजर कप्तान प्रसाद सि भँडारीकी मुखिनीको ..... निजको खान लाउन अरु आयस्ता समेत केहि छैन भनी सहिछाप गर्ने कमाण्डर कर्णेल बहादुर गम्भीर सिंरायमाझी हो भाट भटेनी। (क्रमश :)

पूर्व रथी ऋषिकुमार पाण्डेको डायरीबाट

पुर्खाको गाथा–६

वर्ष १६, अंक ४९, २०७३ माघ १६ आइतबार

धार्मिक, सांस्कृतिक तथा सामाजिक क्रियाकलापमा विष्णुकुमार पाण्डेको धार्मिक, सांस्कृतिक तथा सामाजिक क्रियाकलापका बारेमा जान्न हामीलाई वि.सं. १९६१/६२/६४ का सरकारी दस्तावेजहरु निकै सहायकसिद्ध भएका छन्। श्री ३ चन्द्रशमशेरले आफ्नो शासनकालभरी नै धार्मिक मठमन्दिरहरु सजाउने, मर्मत संभार गर्ने र नयाँ निर्माण गराउने कामको अभिभारा विष्णुकुमार पाण्डेको काँधमा सुम्पेका थिए। त्यही जिम्मेवारी पूरा गर्ने क्रममा पाण्डेले वि.सं. १९६१ मा मृगस्थली सत्तलको निर्माणकार्य सम्पन्न गरे। त्यसैगरी पशुपतिको पश्चिम ढोका र अभरकान्तेश्वर मन्दिरको निर्माणकार्य पनि पाण्डेमार्फत नै सम्पन्न गरिएको थियो। पञ्चदेवता, चौधडा सत्तल, आर्यघाटदेखि गुहेश्वरीसम्मको सडक मर्मतको जिम्मेवारी पनि यिनकै काँधमा थियो। बज्ररत्न र जीतप्रकाशेश्वरमा छाना राख्ने काम पनि यिनीमार्फत नै भएको थियो। त्यसैगरी गुह्येश्वरी पूर्वपट्टिका घाट, भकारी र गौरीघाटका सत्तल तथा पुलको मर्मतको जिम्मेवारी पनि यिनैलाई सुम्पिएको थियो। त्यस्तै मृगस्थलीमा श्री रक्षेश्वरको पाटी, उत्तम भैरवको सत्तल, किराँतेश्वरको सत्तल, विरुपाक्षको सत्तल जीर्णोध्दार गरी पुनर्निर्माण गर्ने कार्य पनि यिनैले गरेका थिए। त्यसका अतिरिक्त मुक्ति मण्डय, दक्षिणा मूर्ति, गोरखनाथ धुनिघरको मर्मत संभार कार्य पनि यिनीमार्फत नै भएको थियो। पशुपतिमा श्री गंगाजीको देवालय बनाउन निर्माणका लागि कलकत्ताबाट गंगामाईले श्री ३ चन्द्रशमशेरको नाममा १०० रुपैयाँ भारु पठाएकी थिइन्। त्यो रकम पनि श्री ३ विष्णु कुमारलाई बुझाइदिनू भन्ने आदेश दिएका थिए।

वि.सं. १९६४ मा पशुपतितर्फ श्रीरामचन्द्र जीन्दा रानीको सत्तल, देवालय बनाउने हुकुम श्री ३ बाट भएको थियो। त्यसै वर्ष गुह्येश्वरी घाटमा शिवालय बनालय पनि श्री ३ बाट विष्णु कुमारलाई हुकुम भयो। त्यसै वर्ष लुमडीको जात्रामा लैजाने मूर्ति चोरी भएकोले सुनको मोलम्बा लगाएको अर्को मूर्ति बनाउन लगाई त्यसको प्राण प्रतिष्ठा गराएका थिए। दक्षिणकाली शेषनारायणका स्थानका ठाउँठाउँमा मूर्ति निर्माण गरी बनाउने काम विष्णु कुमारबाट नै सम्पन्न भएको थियो। त्यस्ता धार्मिक मठ-मन्दिर निर्माणमा जे जति सरकारी रकम विष्णु कुमारलाई दिइएको हुन्थ्यो त्योभन्दा केही बढी नै रकम आफ्नो जेबबाट खर्च गरी त्यसको विवरण कुमारी खर्च गर्ने गर्थे। धार्मिक कार्य गर्दा परमार्थ प्राप्त हुन्छ भन्ने प्रवल विश्वास उनमा थियो। त्यस्तो समयमा त्यति हिम्मत गर्नु भनेको चानचुने कुरो थिएन। एकपटक यस्तै धार्मिक कार्यका लागि छुट्याइएको रकमभन्दा ७०० बढी खर्च हुन गएको विवरण कुमारी चोकले देखाएपछि उनलाई बोलाएर श्री ३ चन्द्रशमशेरले सोध्दा उनले उक्त बढी खर्च भएको रकम घरबाट ल्याएर बुझाउँला भन्दा "भो पर्दैन ठट्टा गरेको त" भनेर चन्द्रशमशेरले भनेका थिए। त्यसपछि उनीबाट हिसाबकिताबमा तलमाथि हुँदैन भन्ने विश्वास भएपछि उनीमाथि कुमारी चोक नलाग्ने भयो। कुमारी चोक त्यतिबेलाको महालेखा नै थियो। त्यस्ता स्वच्छ चारित्रिक गुण भएका कर्तव्यपरायण व्यक्तिलाई इतिहासले कर्मपुत्र भनेर जान्दछ।

त्यतिबेला विशेष चाडपर्वहरुमा साधु सन्तहरुलाई भण्डारा खुवाउने चलन थियो। त्यस्ता कामको जिम्मेवारी पनि विष्णु कुमारकै काँधमा सुम्पिएको हुन्थ्यो। वि.सं. १९६६ सालमा पशुपतिमा शिवरात्रीका मेलामा ठाउँठाउँबाट आएका साघु सन्तहरुलाई भण्डारा खुवाएको लगतसमेत विष्णु कुमारको रजिष्टरमा उल्लेख छ। त्यसमा ३९/३७ रुपैयाँ खर्च भएको देखिन्छ। त्यस्तो भण्डारामा चामल, चिउरा, हलुवा तरकारी दही, दाउरा आदिमा रकम खर्च भएको टिपोट छ। त्यसैबेला भष्मेश्वर अखाडालाई ३९/३७ रुपैया प्रदान गरिएको देखिन्छ। पशुपति भण्डारवाल बगैँचामा काम गर्ने तीन जना कामदारका लागि महिनावारी तलब दिएर काम गराएको उल्लेख छ भने मृगस्थलीमा श्री ३ महाराजका सत्तलमा बस्ने स्थानीयहरुलाई २४/२६ रुपैयाँ प्रदान गरिएको उल्लेख छ। वि.सं. १९८१ भदौ १९ गते लेखिएको लगतमा कालधारा, सङ्करा, ज्वालामाईको मन्दिर मर्मतका लागि इँटा झिकाएको कुराको उल्लेख छ।

विष्णुकुमार बिहानै तीन बजेतिर उठेर एउटा लँगौटी र गाउनको भरमा खाली खुट्टा हिँडेरै पशुपति जान्थे। तोप पड्किनुभन्दा अगाडि हिँड्नका लागि उनलाई कुनै रोकतोक थिएन। उनी पशुपति पुगेर बाग्मतीमा नित्य स्नान गर्थे। जप, तप, चण्डी पाठ गर्थे। चण्डीपाठ गर्दा आत्मबल बढ्छ र पढ्ने बानी बढ्छ भन्ने धारणा उनको थियो। त्यसपछि उनी त्यस क्षेत्रका निर्माणाधीन संरचनाको रेखदेखमा निस्किन्थे जसको जिम्मेवारी श्री ३ चन्द्रशमेरले उनैलाई सुम्पेका थिए। त्यतिबेलासम्म उनी चढ्ने घोडा र सैन्य पोसाक ल्याएर उनको सइस आइसकेको हुन्थ्यो। पोसाक लगाई घोडा चढी निर्माणाधीन धार्मिक संरचनाको निरीक्षण गर्दै सिधै सिंहदरबार जान्थे हर हर महादेव भन्दै श्री ३ चन्द्रशमशेरलाई व्युँझाइ आफूले दर्शन गरेको स्थानको प्रसाद टक्र्याउँथे। पुर्खादेखि नै धार्मिक विश्वास र संस्कारमा हुर्केका पाँडेप्रति चन्द्रशमशेरको पूर्णविश्वास थियो। बेलायत जानुअघि पनि पाँडेले श्री ३ चन्द्रशमशेरसँग समूहगत रुपमा पशुपति र गह्येश्वरीको दर्शन गरी लागेको काममा फत्ते गरी आउन पाऊँ भनी आशीर्वाद मागेका थिए भने बेलायत र युरोपको यात्रापछि भारतका विभिन्न तीर्थस्थलमा गई समूहगत रुपमा उनले पनि

पतिया लिएका थिए। त्यतिबेलाको मान्यतानुसार समुद्रपार गरी अन्य देशमा गएको खण्डमा शारीरिक शुद्धिका लागि र प्राथश्चित्त स्वरुप ब्राह्मणद्वारा पतिया नामको कागज लिने चलन थियो। त्यसैलाई पतिया भनिन्छ।

चन्द्रशमशेरले पछि प्रथम विश्वयुद्धबाट फर्केर आएका सेनालाई पनि पतिया लिएर जात शुद्ध गर्ने व्यवस्था गरेका थिए। चन्द्रशमशेरको दैनिकी प्रत्येक बिहान ठीक ६-७ बजेको समयमा उठ्ने, स्नान गरी नियमित पूजापाठ गर्ने, दानधर्म गर्ने अनि अफिसको काममा लाग्ने थियो। उनको त्यो कार्यका बारेमा पर्सिबल गर्ने लाण्डनले आफ्नो किताब नेपालमा राम्रोसँग प्रस्तुत गरेका छन्। चन्द्रको धार्मिक तथा सामाजिक कार्यमा विष्णुकुमार पाँडेले निकै ठूलो प्रभाव पारेका थिए भन्ने कुरा स्पष्टसँग जान्न सकिन्छ।

चन्द्रशमशेर र बक्सिस प्रथा : श्री ३ चन्द्रशमशेर राणा प्रधानमन्त्रीहरुमा विभिन्न समयमा भारतका प्रमुख तीर्थस्थलमा भ्रमण गर्ने र दानधर्म गर्ने व्यक्तिका रुपमा अग्रस्थानमा आउँछन्। ती भ्रमणका लागि विभिन्न स्रोतबाट खर्चहरु जुटाइएको हुन्थ्यो र त्यस्तो रकम प्रधानमन्त्रीको मर्जीअनुसार खर्च हुने गर्थ्यो। उदाहरणका लागि देवी देवताको पाठपूजामा, आफूले साथमा लगेका नातेदारदेखि टहलुवासम्मलाई बक्सिस दिनमा, नाता गोतामा भागबण्डामा खर्च भएको देखिन्छ। त्यसरी बक्सिस दिँदा आफन्त, नातागोता तथा स्तरअनुसार एक लटमा बाह्र हजारदेखि बाइस हजारसम्म बाँडेको देखिन्छ। महारानी, विभिन्न जनरलहरु बझांगी राजा, अन्य राजाहरु, पण्डितहरु, भाइसरहका मानिसहरु, केटीहरु चौतारियाहरु, वनारसका तहसिलदार, दरोगा जवान तथा नोकर चाकरलाई समेत बक्सिस दिएको देखिन्छ। बक्सिसमा असर्फी, कम्पनी रुपैयाँ, नेपाली रुपैयाँ, दोसल्ला आदि दिइन्थ्यो। त्यसै क्रममा दरबारका केही केटाकेटीहरुको नामसमेत उल्लेख छ । त्यस्ता नाममा हसनपरी, नोसपरी, बैठके मुगा नानी, बैठके मीरा नानी छन्।

वि.सं. १९५५ मा श्री ३ वीरशमशेर कलकत्ताको भ्रमणमा गएका थिए। भ्रमणबाट तुरुन्तै फर्केका वीरशमशेरले त्यहाँबाट प्रसस्तै सर-समान किनेर ल्याएका थिए। श्री ३ को कलकत्ता सवारी शीर्षकमा प्याकिङ भई आएका ती सामानमा सम्बन्धित दरबारका व्यक्ति र बाकस संख्यासमेत उल्लेख छ। सामानको पूर्ण विवरण नखुलाइए पनि केही विवरणका आधारमा कोठा सजाउने सामान, भान्सा तथा घरमा प्रयोग गरिने भाँडा, बैठक सजावटका सिसाका सामान, भुइँमा ओछ्याउने र बगैँचासम्बन्धी सामान, फलफूलदानी, माछादानी, बिजुलीका सामान, खेलौना, चराचुरुङ्गी, कपडासमेत आएको देखिन्छ। त्यसैगरी सवारीको काममा आएको रकम र खर्च भएको हिसाबसमेत दुरुस्त छ। त्यसैगरी श्री ३ चन्द्रको वि.सं. १९५९ दिल्ली सवारीका लागि ठाउँठाउँबाट आएको रकम, रकमको किसिम, दिल्लीको बैठकबाट आएको र कर्णेल विष्णु कुमारले बुझिलिएको भन्ने उल्लेख गरी त्यसमा जाने जवान ७५ र तिनको खाना खर्चसमेत तोकिएको छ।

विष्णु कुमारको अर्को बाहिरी वार्तामा श्री ३ को कलकत्तामा सवारी, उक्त सवारीका लागि ठाँउठाउँमा प्राप्त रकमको समेत विवरण छन्। जसअनुसार आम्दानी ९३५९३३ रुपैयाँ खर्च ८९९९४७ रुपैयाँ र बाँकी मौज्दात ३५९८५ रुपैयाँ देखिन्छ। बाँकी मौज्दातमा नगद रकम, असर्फी, मोरु तथा नोट गरी लेफ्टिनेन्ट कर्णेल विष्णु कुमार पाँडे क्षेत्रीसँग फिर्ता बुझिलिनु भन्ने व्यहोरा लिखित दस्तावेज प्राप्त छ। उक्त समयमा श्री ३ बाट विभिन्न कम्पनीहरुबाट खरिद भई आएका सामानहरुको सूचीसमेत विष्णु कुमारको रजिस्टरमा उल्लेख छ। यसै रजिस्टरमा श्री ३ वडामहारानीको तीर्थ सवारी खर्चका लागि श्री ३ जनरल धर्मशमशेर राणाका नाममा एक लाख रुपैयाँ निकासा भएको समेत उल्लेख भएको छ। यसरी सांस्कृतिक, धार्मिक, सामाजिक, आर्थिक क्रियाकलापका साथै लेनदेनमा समेत चन्द्रशमशेरलाई विष्णुकुमार पाँडेको आवश्यकता टड्कारो रुपमा पर्दथ्यो भन्ने स्पष्टसँग बुझ्न सकिन्छ। उनी मात्र होइन उनका परिवारसँग सम्बन्धित व्यक्तिहरुप्रति पनि श्री ३ चन्द्रले निकै ख्याल गर्थे भन्ने कुरा पनि उनको जीवनी सम्बन्धित अध्यायबाट स्पष्ट हुन्छ। हिसाबकिताब दुरुस्त राख्ने भएकोले उनलाई पछाडि कुनै अप्ठ्यारो नपरोस् भनी कुमारी चोकको हिसाब फछ्र्योट भएको प्रमाण उनले श्री ३ बाट प्राप्त गरेका थिए। यसरी बहुप्रतिभावान विष्णु कुमार पाँडेसँग पारिवारिक नाता जोडेर दिवान भाइ भनेर सम्बोधन गर्थे। त्यसैले श्री ३ हरुको दैनिक उपभोग्य सामानहरु र भान्सामा ज्युनारका लागि चाहिने सामानको खरिदसमेतको भुक्तानी दिनेमा विष्णु कुमार पाण्डेको हात रहन गयो। खरिद गरिएका सामान प्रत्येकपटक १०० देखि २५० रुपैयाँजतिको सामान श्री ३ को ज्यूनारका लागि भनी किन्ने गरेको लगत प्राप्त छ। त्यस्ता सामान किन्दा विष्णुकुमारले आफ्नो बसोबास नजिकको क्षेत्रको पसलबाट किन्ने गर्थे भन्ने कुरा उनको बहीखातामा उल्लेख भएका साहू महाजनका नामबाट जान्न सकिन्छ। ती साहू महाजनहरुमा असन, मखन, इन्द्रचोक, भोटाहिटी, ठहिटीतिरका साहू महाजनमा नाम छन्।

विष्णु कुमार पाँडे आफ्नो निजी जीवनमा पनि धार्मिक क्रियाकलापमा निकै समय व्यतीत गर्ने गर्थे। उनका पुर्खा भोटु पाँडे, बलभञ्जन पाँडे, गजदल पाँडे करवीर पाँडेहरु धार्मिक सांस्कृतिक परम्पराका व्यक्ति भएकाले उनीहरुले प्रसस्तै गुठीहरु राखेका थिए। मठ मन्दिर निर्माण गरेका थिए। ती सबैको हेरचाहको अभिभारा पनि यिनकै काँधमा थियो। त्यसलाई निभाउन उनी कहिल्यै पछि परेनन् र उनका उत्तराधिकारी

ऋषिकुमार पाण्डेले वर्तमानमा त्यही परम्परा निभाइरहेका छन्।

जिब्रोमा पक्षघात र निधन

विष्णु कुमार पाँडेले इन्द्रचोकमा विशालघर निर्माण गरे पनि उनले कर्मथलो मान्दै आएको नौ तलाको घर छाड्न भने चाहेनन्। जहिले पनि कि त शिकार कि त सवारीमा व्यस्त रहनुपरे पनि राष्ट्र, सरकार र जनताको सेवामै जीवनको अन्तिम घडीसम्म रहिरहे। जीवनको अन्तिम समयतिर उनी सरकारी कामकाजका सिलसिलामा चितवनमा व्यस्त थिए। त्यसैबेला उनको जिब्रोमा अचानक पक्षघात भयो। त्यसपछि धार्मिक प्रवृत्तिका पाँडेलाई चन्द्रशमशेरले काशी जान्छौ कि काठमाडौ भनी सोधनी गरे। चन्द्रशमशेरलाई लागेको थियो धार्मिक खालको व्यक्ति भएकाले काशी जान्छु भन्छन् होला तर पाँडेले भने घरमै जान्छु सरकार। त्यसपछि उनलाई घरमै लगियो र त्यतिबेलाको परम्पराअनुसार सक्दो उपचार गरियो तर केही सिप लागेन। उनको जिब्रोमा खुर्सानी दले पनि उनले केही चाल नपाउने भए। त्यतिबेलाको परम्परा अनुसार अन्तिम अवस्थामा पुगेका बिरामीलाई आर्यघाटमै लैजाने चलन भए पनि उनी आर्यघाट जान मानेनन् बरु घरमै तुलसीको मठनेर प्राण त्याग गर्ने इच्छा व्यक्त गरे। पछि त्यसै गरियो। उनी सिकिस्त बिरामी भएका बखत भीमशमशेर, वीरशमशेर तथा चन्द्रशमशेरका सन्तानहरु उनले स्वास्थ्य स्थिति बुझ्न घरमा मान्छे पठाउने गर्थे। उनको स्वास्थ्य स्थिति यति बिग्रिसकेको थियो कि सुधार आउने सम्भावनै थिएन। उनी बिरामी भएको खबर टोल छिमेकमा फैलियो। त्यसपछि उनको स्वास्थ्य लाभको कामना गर्दै सबैले प्रार्थना गर्न थाले। स्वास्थ्य बिग्रिसकेपछि प्रार्थनाले के नै गर्न सक्छ र ? उनी शिवरात्रीसम्म बाँची त्यसको तीन दिनपछि फाल्गुण शुक्लद्वितियाका दिन यस संसारबाट सदाका लागि बिदा भए। त्यतिबेला पाँडे कर्णेलका छोरा बेलायतकुमार पाँडे केवल १६ वर्षका थिए। कर्णेल पाँडेको निधन भएपछि उनकी पत्नीले लास कसैलाई छुन दिइनन्। राता चुरा, रातै साडी रातो टीका लगाइन र मृत पतिको शरीरलाई आफ्नो काखमा राखी नरोइकन सती जान तयार भइन्। त्यतिबेलासम्म सती प्रथाको अन्त्य भइसकेको थियो र छोरा नातिको हेरविचारको जिम्मेवारीसमेत उनकै काँधमा आएकाले सबैले उनलाई त्यसो नगर्न सम्झाइबुझाई गरे। राणा अधिकारीले समेत सम्झाए। छोरा बेलायत कुमारले पनि आमा म छँदै छु नि। मेरो माया लाग्दैन र ? भने पछि मात्र उनले सती जाने हठ त्यागेकी थिइन्।

विष्णु कुमारको निधनपछि उनकी विधवा हेमकुमारीले आफूमा आत्मबल बढाइन् र छोरा बेलायतकुमार मात्र होइन नाति ऋषिकुमारको समेत अभिभावकत्व लिइन्। छोरा नाति दुवैलाई आफ्ना पुर्खाको गौरवमय परम्पराको बोध गराउँदै राष्ट्र सेवामा सपर्पित हुन आत्मबल बढाइन्। ठूलाबडासँग परिचय गराउँदै गइन्। सम्पत्ति संरक्षणका लागि तयार पार्दै गइन्। त्यसको प्रशंसा आज ८५ वर्षीय नाति ऋषिकुमार पाण्डेले मुक्तकण्ठले गर्ने गर्छन्। विष्णुकुमार पाँडेकी पत्नी हेमकुमारीको निधन वि.सं. २००६ सालमा भएको थियो।

अल्पायुमै छोराको निधन : बेलायतकुमार पाँडेको जन्म वि.सं. १९६५ मा काठमाडौंको न्हैकन्तलामा भएको थियो। यिनी विष्णुकुमार पाँडेका एक्ला छोरा हुन्। तत्कालीन राणा प्रधानमन्त्री श्री ३ चन्द्रशमशेरको बेलायत भ्रमणको टोलीमा परी बेलायत गएका समयमा जन्मेका हुनाले उनको नाम बेलायतकुमार राखिएको थियो। विष्णु कुमारका दुई छोरी पछि १६-१७ वर्ष लामो अन्तरमा छोरा जन्मेको हुदा पाँडे परिवारमा निकै हर्षबढाइ गरिएको थियो। श्री ३ चन्द्रशमशेरले त बेलायत कुमारलाई जन्मनासाथ लप्टन पद दिएका थिए तर विष्णु कुमारले अरुका आँखा लाग्छन् भनेर सुवेदारको पदमात्र दिए पनि पुग्छ भनी बिन्ती गरेको भन्ने भनाइ छ। बुढेसकालमा जन्मेका बेलायतकुमारलाई विष्णु कुमारले निकै लाडप्यारले हुर्काएका थिए। आफ्नै आँखा अगाडि राखेर हुर्केको देख्ने इच्छाले कुनै स्कुल पाठशाला पनि पठाएनन्। विष्णु कुमार त्यतिबेलाको माथिल्लो पल्टनमा गरिने राजदल पल्टनमा कार्यरत रहेको र श्री ३ चन्द्रशमशेरको हजुरियर समेत रहेकाले बेलायतकुमारलाई पनि राणाका छोराहरु सरह सर-सुविधा दिइएको थियो। छोराको रुप र रंग राम्रो भएकाले आमा बुबा दुवै दंग थिए। बेलायतकुमारको इच्छा पूरा गर्न दुवै जनाले कुनै कसर बाँकी राखेनन्।

बेलायत कुमारको विवाह १४ वर्षकै उमेरमा पदमकुमारी थापासँग भएको थियो। उनका तीन छोरी र दुई छोरा थिए। छोराहरुमा ऋषिकुमार र अमिरकुमार हुन् भने छोरीहरुमा धनमैया, नानीमैया र रत्नकुमारी हुन्। बेलायत कुमारको कान्छी दिदीको विवाह पुल्चोकको विष्ट परिवारमा १६ वर्षकै उमेरमा भएको थियो। उनीबाट एउटी छोरी जन्मेपछि उनको स्वर्गवास भएको हुँदा ती नवजात शिशुको पालनपोषण पनि मावली घरमै भएको थियो। हजुरआमा हेमकुमारीले छोरा बेलायतकुमार र ती नवजात नातिनीलाई सँगसँगै दूध खुवाएर हुर्काएकी थिइन्।

लाडप्यारमा हुर्केका, नयाँनयाँ वस्तुको प्रयोग गर्नमा सौखिन, मोजमस्तीमा रुचि भएका, सुन्दर र हँसिलो अनुहार भएका बेलायत कुमार व्यायाममा पनि सौखिन थिए। न्हैकन्तलाको घरमा उनले एउटा व्यायामशाला नै बनाएका थिए। त्यहीँ नै उनका अधिकांश समय बित्थ्यो। उनी कुस्ती तथा हात जुधाई जस्ता खेलमा अत्यन्तै सिपालु थिए। जुद्धशमशेर तथा नरशमशेरले समेत उनको कुस्ती खेल्ने हात अत्यन्तै कडा भएको भनेर तारिफ गर्थे भनेर उनका छोरा ऋषिकुमार पाण्डे बताउँछन्। ऋषिकुमार पूर्वरथि हुन्। बेलायतकुमारको शरीर अत्यन्तै बलियो र सुन्दर थियो। उनी २० वर्षको छँदा १० केजीको ढुंगा र काठबाट बनेको मुढा घुमाएर चलाउने गर्थे। कुस्ती खेल्ने बेलामा उनको दैनिक

खानपानमा विदेशी गाईको दूध करिब २ लिटर, मख्खन र बदाम घोटेर बनाएको सर्वत, चना अनिवार्य हुन्थ्यो। त्यस्तै खुराक भारतबाट ल्याइएका कुस्तीबाजलाई पनि दिइन्थ्यो। बेलायतकुमार कुस्तीका सौखिन भएकोले भारतबाट झिकाउने र उनीहरुलाई सर-सुविधा दिएर राख्ने गर्दथे। उनलाई पाँडे काजी भनेर सम्बोधन गरिन्थ्यो र त्यही मानमर्यादामा हुन चाहन्थे। राणाका छोराहरुले गाडी चलाएको देख्दा आफू पनि गाडी झिकाउँथे। राणाका छोराहरु घोडा चढेको देख्दा आफू पनि घोडा किनेर चढ्थे। उनीकहाँ व्यायाम गर्न उनका छर-छिमेकी पनि आउँथे। एकपटक सर्वमान्य नेता गणेशमान सिंहसँगको भेटघाटको समयमा म सानो छँदा तपाईंको घरमा पिताजीले कुस्ती खेलेको हेर्न जाने गर्दथें भन्नुभएको कुरा पूर्वरथि ऋषिकुमार पाण्डे बताउनुहुन्छ।

बेलायतकुमार पाँडेका हरेक इच्छा पुरा गर्न सक्ने आम्दानी इन्द्रचोकको बस्नेत घरबाट प्राप्त हुन्थ्यो। यसरी दरबारिया सान सौकतमा उनी हुर्केका थिए। उनीमाथि घरको कुनै पनि प्रकारको जिम्मेवारी थोपरिएको थिएन। सबै काम आमा हेमकुमारीले हेर्ने गर्थिन्।

एक दिन भुग्दल चलाउँदा चलाउँदै बेलायतकुमारको दायाँ हातको कुमको हड्डी खुस्कियो। नजिकैको एकजना कुस्तीबाजले मिलाउन खोज्दा झन् उल्टो घुमाइदिएछ र हात झनै बिग्रियो। त्यसपछि अब उनी न त व्यायाम गर्न सक्ने भए। न त हात लडाउन सक्ने भए। न त मुगदल चलाउन सक्ने भए। उनको जीवनले अर्कै मोड लियो। उनलाई जागिर खाने इच्छा पनि लागेन। भीमशमशेर प्रधानमन्त्री छँदा नागरिक प्रशासनमा जागिर दिन्छु भन्दा पनि हातले नदिएकोले जागिर खान राजी भएनन्। उनी हातको उपचारार्थ बम्बई, कलकत्ता पुगे। कलकत्ताको मेडिकल कलेजमा डा. एन्डर्सनबाट हातको शल्यक्रियासमेत गराए तर निको भएन। अर्को पटक पनि कलकत्ताबाटै तीन महिना बसेर अपरेसन गराए। त्यो पनि सफल भएन।

एक्लो छोरा बेलायत कुमारको विवाह विष्णु कुमारले बडो धुमधामका साथ सम्पन्न गरेका थिए। त्यो बेला नै विवाहमा २०/३० वटा मोटरको लस्कर इन्द्रचोकदेखि न्हैकन्तला नरदेवीसम्म पुगेको थियो। राणाका लागि साहूमहाजनका लागि र पल्टनका लागि गरी दुई दिनसम्म भोज चलेको थियो। त्यो भव्य भोजको प्रशंसा टोल छिमेकले पछिसम्म गरेका थिए। आफ्नै विवाहको सिको गर्दै बेलायत कुमारले पनि आफ्नी ठूली छोरी धनकुमारीको बिहे १९९४ सालमा धुमधामसँग गरेका थिए।

बेलायतकुमार दास्रो पटक कलकत्ता उपचारका लागि गएका थिए। त्यतिबेला उनी आफ्नो हातको उपचार, पत्नीको ढाडको उपचार र आमाको मोतिया विन्दुको उपचारका लागि गएका थिए। त्यतिबेला उनी त्यहाँ नौ महिना बसेका थिए। त्यसबीचमा उनले छोराछोरीका लागि ट्युसनको व्यवस्था मिलाएका थिए। काठमाडौं फर्किंदा उनले गढवालमा बसेका एक जना नेपाली ब्राह्मण शिक्षक भानु शर्मालाई आफ्नो साथमा लिएर आए र छोराछोरीलाई अंग्रेजी शिक्षा दिन थाले। भानु शर्माले त्यतिबेलै अंग्रेजीमा एमए गरेका थिए। अंग्रेजी शिक्षाको महत्व बुझेका बेलायतकुमार छोराछोरीलाई आधुनिक शिक्षा दिने सङ्कल्प पनि कलकत्तामै गरेका थिए।

कलकत्ताबाट काठमाडौं फर्केको केही समयमै उनलाई सन्चो भएन र खुला तथा स्वस्थ ठाउँको खोजीमा टोखास्थित टीबी सानेटोरियम नजिकको कुनै राणाजीको घरमा दुई महिना जति बसे। कलकत्ता बसाइकै समयमा उनले व्यवसाय सुरु गरे र सिग्रेट कम्पनीहरुसँग उनको सम्पर्क बढ्यो। जगादेश चन्द्र सिग्रेट कम्पनीसँग उनको व्यापार चल्ने गरेको थियो भन्ने कुरा उनको डायरीबाट जान्न सकिन्छ। त्यो डायरीमा सिग्रेट कम्पनीका साहूमहाजनका नामसमेत उल्लेख छन्। उधारोमा सिग्रेट लगेको पनि डायरीमा उल्लेख छ। र पैसा फिर्ता नगर्ने, अथवा सिग्रेट फिर्ता गर्ने गर्दथे भन्ने पनि त्यसैबाट जान्न सकिन्छ। सिग्रेट व्यवसायबाट उनलाई फाइदा भएन र छाड्नुपरेको रहेछ भन्ने पनि डायरी पढदा जान्न सकिन्छ।

सिग्रेट व्यवसाय एक नयाँ व्यवसाय थियो जो पुर्खाको व्यवसाय थिएन। सैनिक, प्रशासनिक क्षेत्र मात्र उनीहरुको पुर्ख्यौली पेसा भएकाले पनि होला उनलाई त्यसबाट फाइदा भएन र छाड्नु पर्‍यो। सिग्रेट व्यवसाय छाडेर उनी धान कुटने मिल राख्ने विचारमा थिए। तर त्यत्तिकैमा उनको स्वास्थ्य झन्-झन् बिग्रिँदै गयो। उनले न्हैकन्तलाको घर साहू लालबहादुरलाई ११००० रुपैयाँमा बिक्रीको कागज लेखिदिएर पशुपतिको खुलाहावामा बस्ने गरी गौरीघाटमा ११ रोपनीको प्लट किनेर त्यसैमा घर बनाई बस्न थाले। इन्द्रचोकको बस्नेत घरबाट प्रसस्तै आम्दानी हुन्थ्यो, त्यसैले खर्चको कमी थिएन। नयाँ घरमा सर्दा पनि उनको स्वास्थ्यमा सुधार आएन र वि.सं.१९९७ सालमा ३२ वर्षको उमेरमा उनको निधन भयो। दार्जिलिङको कर्साङमा अध्ययन गरिरहेका उनका छोरा ऋषिकुमारको दर्शन समेत उनले पाएनन्। ऋषिकुमारलाई पनि पिताको निधनको समाचार दिइएन। अर्को साल स्कुलबाट घरमा आउँदा मात्रै उनले पिताको निधन भएको थाहा पाएका थिए।

(क्रमशः)

जनमञ्च साप्ताहिक पत्रिका
वर्ष १६, अंक ५०, २०७३ माघ २३ गते आइतवार

पुर्खाको गाथा–७

प्रस्तुति :- मधुसूदन पाण्डेय

पूर्व रथी ऋषिकुमार पाण्डेको आफ्नै कथा

बाल्यकाल :- कोतपर्व १९०३ पछि पाँडेवंश केही समय ओझेलमा पर्न गयो। पाँडे वंशको पुनरुत्थानमा सबैभन्दा चर्चित व्यक्तिका रूपमा ऋषिकुमार पाण्डे देखा परे। ऋषिकुमार पाण्डे बेलायतकुमार पाँडे तथा पदमकुमारीका ज्येष्ठ सुपुत्र हुन्। उनको जन्म वि.सं. १९८८ साल भदौ ६ गते शनिबार श्रावण शुक्ल दशमीका दिनमा काठमाडौंको नैकन्टालाको घर नं ३१ मा भएको हो। उनको सम्पूर्ण बाल्यकाल सोही घरमै बित्यो। उनको सम्पूर्ण हेरविचार बज्यै हेमकुमारीबाट भएको थियो। लालनपालन, शिक्षादीक्षाका अतिरिक्त विशिष्ट व्यक्तिहरूसँग परिचय गराउने काम उनीबाटै भयो।

ऋषिकुमारका विषयमा एउटा कथन उनको परिवारमा प्रचलित थियो। त्यो के भने उनकी आमा एक दिन यतिकै बसिरहेकी अवस्थामा आँखा मिचिमिच पार्दा दुईवटा सूर्य उदाएको देखेकी थिइन् रे। यो कुरा ऋषिकुमार पाण्डेले आफ्नी आमाको मुखबाट सुनेका थिए, जो आज पनि बताउने गर्छन्। नभन्दै ऋषिकुमार पछि गएर पाण्डे वंशमा सूर्य जस्तै गरी चम्किए पनि।

ऋषिकुमार डेढ दुई वर्षको हुँदा उनलाई हर्निया भयो। त्यसको शल्यक्रियाका लागि उनलाई कलकत्ता लगियो र बंगाली डाक्टर सुरेश भाइले उनको शल्यक्रिया गरे। ठीक पनि भयो।

१९९० सालको महाभूकम्पका समयमा उनी दुई वर्षका थिए। उनको हेरचाहका लागि एक जना गोविन्दबहादुर नामको व्यक्ति राखिएको थियो। उनले ऋषिकुमारलाई खेलाउन सधैं इन्द्रचोकतिर लैजान्थे तर त्यो दिन चाहिँ त्यता लगेका रहेनछन्। इन्द्रचोक क्षेत्रलाई भूकम्पले निकै क्षति पुऱ्याएको थियो। त्यसको तुलनामा नैकन्टालामा क्षति पुगेन। ती गोविन्दबहादुर श्री ५ पृथ्वी वीरविक्रम शाहका हातीको माउते थिए जो कर्णेल विष्णु कुमार पाँडेको समयदेखि नै उनको घरमा बस्दै आएका थिए। उनको इमानदारी, वफादारी र जाँगर देखेर पाँडे कर्णेलले इन्द्रचोक, भल्कुटार, गुवाकोटलगायतका ठाउँको आम्दानीको सम्पूर्ण हिसाबकिताब हेर्ने जिम्मेवारी उनैलाई सुम्पेका थिए। त्यसमा उनले कहिल्यै तलमाथि पारेनन्। ऋषिकुमार अध्ययनका लागि बाहिर गएका बेलामा होस् वा जागिरमा भएका बेलामा उनको घरको हेरचाह राम्रोसँग गरे। यसरी उनले यो परिवारमा तीन पुस्ताको सेवा गरे। २०३० सालतिर ९३ दिनजतिको थलाले विष्णुमतिको घाटमा उनको निधन भयो। उनलाई रामायण, महाभारत, गीताका कथाहरू कण्ठस्थ थियो। उनी कमै नुहाउँथे तर तेल भने दैनिकरूपमा घस्थे।

शिक्षादीक्षा : ऋषिकुमार आठ वर्षका हुँदा बुबा बेलायतकुमार पाँडेले उनलाई वि.सं. १९९६ को मंसिर पुसको जाडोमा खास्टोले बेरेर भतिजा रुद्रबहादुरलाई पनि साथ लिई भीमफेदी अमलेखगञ्ज हुँदै रक्सौल पुऱ्याई त्यहाँबाट रेलमार्ग भारतको सिलिगुडी हुँदै खर्साङ पुऱ्याई भिक्टोरिया स्कुलमा भर्ना गरिदिए। त्यहीं उनलाई बोर्डर गरेर राखियो।

त्यो स्कुल भारतस्थित अंग्रेजहरूका छोराछोरीहरूका लागि पढ्नका लागि खोलिएको थियो। त्यो स्कुलमा भर्ना हुने उनी एकमात्र नेपाली विद्यार्थी थिए। उनी त्यहाँ भर्ना भएकै दिनदेखि गोरा विद्यार्थीहरूले उनलाई जिस्क्याउने, अरबात देखाउने धक्कुले हान्न खोज्ने जस्ता उच्छृङ्खल व्यवहार गर्न थाले र भाषाको समेत समस्या भएकाले उनी स्कुलबाट भागेर धर्मशालामा पुगे जहाँ उनका पिता र आफन्तजन थिए। भोलिपल्ट पिताले स्कुलमा फिर्ता लैजान लाग्दा उनले जान मानेनन्। बडो मुस्किलले उनलाई फकाई गरेपछि स्कुल पुऱ्याएर पिता फिर्ता भए र सोही दिन नेपाल फर्के। ऋषिकुमार भोलिपल्ट पनि त्यसैगरी भागेर धर्मशाला आइपुगे तर त्यतिबेला पिताजी नेपाल फर्किसकेकाले पदमसुन्दर मल्लले त्यो दिन आफ्नो घरमा राखी भोलिपल्ट स्कुल पुऱ्याइदिएका थिए। त्यसपछि भने ऋषिकुमार स्कुलबाट कहिल्यै भागेनन् र ९ वर्ष त्यहीं बिताए।

तीक्ष्ण बुद्धिको भएकाले ऋषिकुमारले एक डेढ महिनामै अंग्रेजी राम्रोसँग बोल्न र लेख्न सक्ने भए। भाषा सिकिसकेपछि उनलाई त्यहाँ घुलमिल हुन गाह्रो भएन। असजिलो पनि बिस्तारै हटेर गयो। मिस एन्डरसन नामकी शिक्षिकाले त्यो किन रहेछ भने उनकी बहिनी बर्मामा जहाजको कमी भएर फसेको बेला आसामको जंगलबाट गोर्खालीहरूले बचाएका रहेछन्। उनलाई निकै माया गर्थिन् ऋषिले बोर्डमा लेखिदिएका अंग्रेजी पत्र सारेर प्रथमपटक घरमा पठाए। त्यो पत्र अझै पनि ऋषिकुमारको घरमा सुरक्षितै छ। उनी गोराहरू जस्तो नभई लजालु स्वभावका थिए। बिस्तारै बिस्तारै त्यो स्वभाव पनि हट्दै गयो। उनी सुत्नुअघि र खाना खानुअघि प्रार्थना गर्थे। त्यो त्यस स्कुलको नियमै थियो।

भिक्टोरिया स्कुल सात हजार फिटको उचाइमा रहेको र वरिपरि जंगलैजंगलले घेरेकोले सधैं टम्म कुहिरोले ढाकेको हुन्थ्यो। वर्षायाममा पनि पानी धेरै पर्थ्यो। प्रायः कुहिरो लागिरहने भएकाले घाम लागेको समय पारेर दश दिन सनसाइन बिदा हुन्थ्यो। डिसेम्बर १९९९ देखि फरवरी २००१ सम्म दुई वर्ष भारतमा युद्ध भएकाले ऋषिकुमार, तेजसिंह मल्ल, टीपी प्रधान स्कुल गएनन्। ऋषिकुमार नैकन्टालामा र तेजसिंह न्युरोडमा बस्थे भने टीपी प्रधान मोटाहिटीमा बस्थे। सबैको दिनहुँजसो भेटघाट भइरहन्थ्यो। उनीहरू कोट, टाई, क्याप लगाएर हिँड्दा केलटोलतिरका बासिन्दाहरू दङ्ग परेर हेर्दथे भने केटाकेटीहरू पनि लाम लागेर पछिपछि हिँड्थे। स्कुलमा उनीहरू जाडोमा सुट टाई कमिज भेस्ट लगाउँथे। ओभरकोट स्वेटर पनि लगाउँथे। त्यसैगरी गर्मीमा भेस्ट, हाफ पाइन्ट, कमिज, जुत्ता मोजा लगाउँथे। स्कुलको ड्रेस कोड त्यही थियो।

दोस्रो महायुद्धको समय थियो। अंग्रेजले जर्मनीसँग युद्धको घोषणा गरेको थियो। स्कुलका शिक्षकशिक्षिकाहरू सपरिवार बेलायत गएको अवस्था थियो र शिक्षकहरू नै सैनिकमा भर्ना भई राष्ट्रहितका खातिर युद्धमा समावेश भएको अवस्था थियो। त्यतिबेला ऋषिकुमारले स्कुलबाट घरमा लेखेको चिठीमा- उमेर पुगेको भए म पनि जान्थें भन्ने उल्लेख थियो। त्यो चिठी पढेपछि उनका बुबाले आँखाबाट हर्षका आँसु झार्दै भनेका थिए- आफ्नो पुर्खौली धर्म जाने विचार पलाएछ। ठूला कक्षाका केटाहरू पनि बन्दुक लिएर हिँडेको दृश्य त्यतिबेला सामान्य देखिन्थ्यो।

त्यो स्कुलमा पढ्दाखेरिको एउटा घटना ऋषिकुमारको दिमागमा अझै पनि ताजै छ। त्यहाँ जाडोका समयमा बेलुकी आगो ताप्न कोइलाको अगेनो बनाइएको हुन्थ्यो। त्यहीं बसेर आगो तापिरहेका बेला एउटा गोराको बच्चाले आगो चलाउने पोकर सेलाएर साथीहरूलाई जिस्क्याउँदा ऋषिकुमारको खुट्टा पोलियो र चाइसेभर्ड तीन महिना जति अस्पतालमा बस्नुपरेको थियो। परीक्षा पनि त्यसै समयमा परेकाले उनले परीक्षा दिन पाएनन् र एक वर्ष त्यसै खेर गयो। त्यो बेलाको घाउको दाग ऋषिकुमारको खुट्टामा अझै छ।

परीक्षा सकिएपछि ऋषिकुमार खर्साङबाट सिलगुडी, पार्वतीपुर, कटिहार, मुजफ्फरपुर, समस्तीपुर, सुगौली, रक्सौल, वीरगञ्ज हुँदै अमलेखगञ्जको रेलबाट ओर्लेर तीन घण्टा गाडी चढेर भीमफेदी आई हात्तीसारको हौदा सारो जाडैमा बेडिङ बिछ्याएर सुते। त्यतिबेला त्यहाँ कुनै होटल थिएनन्। अर्को दिन कुलेखानी, मार्खु, चित्लाङ, चन्द्रागिरि, थानकोट हुँदै घर फर्किए। थानकोटमा उनलाई लिन मोटर पठाइएको थियो। त्यो रात उनलाई घरमा जान नदिई पुरेतका घरमा बसालियो। भोलिपल्ट गौरीघाटस्थित घरमा लगियो। त्यहाँ उनले आफ्ना बुबालाई नदेखी सोध्दा वातावरण नै स्तब्ध बन्यो। त्यो दुःखद घटनाका बारेमा उनलाई पुरोहितबाहेक अरू कसैले जानकारी दिन सकेनन्। उनका बुबाको निधनको खबरले उनी मर्माहत भए। उनलाई त्यो खबर पढाइ बिग्रिन्छ भनेर दिइएको थिएन।

खर्साङको स्कुलमा पढेका कारण ऋषिकुमारको अंग्रेजी निकै राम्रो थियो। एकपटक बज्यैसँग केशरमहल जाँदा केशरशमशेरका तीन जना छोराहरू साम्राज्यशमशेर, अरविन्दशमशेर र मुरारीशमशेरसँग ऋषिकुमारको भेट भयो। उनीहरूले ऋषिकुमारलाई अंग्रेजी गीत गाउन लगाए। उनले अंग्रेजीमा गीत गाएर सुनाएपछि उनीहरूले दश रुपैयाँ बक्सिस दिएका थिए। स्कुलबाट बिदामा घर आएका बेला बज्यै उनलाई केशरमहल, सेतो दरबार, लीलाशमशेरको दरबार, घुमाउन लैजान्थिन् र चिनापरिचय गराउँथिन्। कहिलेकाहीं बबरशमशेरकहाँ, कहिले रुद्रशमशेरकहाँ, कहिले सूर्यशमशेरका जावलाखेलस्थित दरबारमा र कहिले लालशाह मोहनशमशेरकहाँ लैजान्थिन्। त्यहाँ उनीहरूलाई राम्रो सम्मान गरिन्थ्यो।

५.

एकपटक मोहनशमशेरकहाँ जाँदा बज्यै डोलीमा र ऋषिकुमार कोट र टाई लगाएर साइकलमा चढेर गएका बेला यो ठूलै मान्छेको छोरा ठोरा भनी पालेले सोसुपुछ नगरी छाडिदिएको थियो। भित्र पस्दा अकस्मात मोहनशमशेरका छोरा शारदाशमशेरसँग जम्काभेट भयो। कुरा गर्दै जाँदा ऋषिकुमारले उनलाई तपाईं भनी सम्बोधन गरेको सुनेपछि आउ पहरिगाटरूले जिब्रो टोक्दै त्यसरी ठाडो भएर बोल्न हुन्छ भनेका थिए रे।

खर्साङको स्कुलबाट सिनियर क्याम्ब्रिज गरेपछि ऋषिकुमार त्रि-चन्द्र कलेजमा आईएससीमा भर्ना भए। सन् १९५२ मा उनी सेकन्ड लेफ्टिनेन्टमा छनोट भए। सैनिक सेवाकै क्रममा उनले स्वदेश तथा विदेशबाट अफिसर्स इन्जिनियर कोर्ष, कमान्डर कोर्ष, बम डिस्पोजल कोर्ष, कमान्ड एन्ड जनरल स्टाफ कलेज तालिम जस्ता दर्जनौं विशिष्ट श्रेणीका तालिम पूरा गरे। यिनै तालिमले नै उनलाई राष्ट्र निर्माणका लागि योग्य, दक्ष र कुशल व्यक्तित्वका रूपमा उभ्यायो। त्यसैगरी देशविदेशबाट दर्जनौं पदक तथा विभूषणद्वारा सम्मानित हुने अवसर दिलायो।

नेपालको इतिहासमा गोरखा राज्यको स्थापना गर्ने कार्यदेखि अक्षुण्णरूपमा राष्ट्रहितमा समर्पित भएर देशको सिमाना विस्तार गर्दै पूर्वमा टिष्टादेखि पश्चिममा काँगडासम्म पुऱ्याउने कार्यमा गणेश पाण्डे, कालु पाण्डे, तुलाराम पाण्डे, वंशराज पाण्डे, दामोदर पाण्डेलगायतले र वर्तमानमा ऋषिकुमार पाण्डेसम्मले निरन्तर सैन्य सेवा र राष्ट्र सेवामा समर्पित वंशको नाम हो। पाण्डे वंश। यो वंशले जस्तो लामो समय अविरलरूपमा राष्ट्रसेवा अन्य कुनै पनि वंशले गरेको इतिहास भेटिँदैन। गोरखा राज्यको स्थापनाकाल वि.सं. १६१६ देखि पाण्डे वंशले शाह राजाहरूलाई पुऱ्याएको अतुलनीय योगदानको इतिहासले देशभित्र र बाहिर जुन नाम र गौरव दिलायो, त्यो अप्रपतिभ्य पर्दछ। प्रख्यात सैनिक योद्धा दामोदर पाण्डेको नाम त नेपालको सैनिक इतिहासमा स्वर्णाक्षरले लेखिएको छ। उनकै घरेरा भाइहरू जगजीत पाँडे, रणजीत पाँडे, भोटु पाँडे र अन्य पाँडे भाइभारदारले युद्धमा दिलोज्यान दिएर लागेका थिए। कपर्दार भोटु पाँडे त करिब तीन दशकसम्म प्रशासनमा शक्तिशाली भएरै रहे। तर समयको दुश्चक्रमा परेर यसै वंशले आफ्नो वर्चस्वसमेत गुमाउन पुग्यो। वि.सं. १८६० मा दामोदर पाँडेको हत्यापछि उनका सन्तानले विदेशिनु पनि पऱ्यो। तुलाराम पाँडेका छोरानातिहरू भने प्रशासनमा जल्दाबल्दा भएर रहेका थिए। थापासँगको वैवाहिक सम्बन्धका कारण 'गोरा पाँडे' कहल्याएका तुलाराम पाण्डेका सन्तानहरू रणबहादुर शाह शक्तिशाली भएका समयमा र थापाहरूको शासनकालमा पनि प्रशासनका उच्च ओहोदामै कार्यरत थिए। काजी दलभञ्जन पाँडेलाई कुनै पनि राजनीतिक परिवर्तनले छुन सकेन। उनी काजी पदमा कोतपर्वको समयसम्म पनि कायमै रहे। दामोदर पाँडे जस्ता देशभक्त वीर योद्धाको हत्या भएपछि नेपालको इतिहासमा षड्यन्त्रै षड्यन्त्रको राजनीतिको सूत्रपात भयो। विरोधी पक्षलाई नानाथरिका आरोप लगाई सखाप पार्ने सिलसिला सुरु भयो। भीमसेन थापाबाट सुरु गरिएको सिलसिला माथवरसिंह थापाले समेत कायम राखे। दामोदर पाँडेका छोराहरू, वंशराज पाण्डेका छोरा, नातिदेखि बालकसम्मलाई छानीछानी हत्या गर्न लगाइयो।

आफ्नो पुरानो वर्चस्वलाई कायम गर्न लागेका बाँकी पाँडेहरू पनि १९०३ को कोतपर्वमा प्रभावित हुन पुगे। तुलाराम पाँडेका तीनपटा छोराहरू कोतपर्वमा निकै प्रभावित थिए। थापा र पाँडेलाई जुधाएर फाइदा लिने प्रयासमा लागेका कुँवरहरूको शासनको तुलना पाण्डेहरूको कतै पनि संलग्नता देखिँदैन। राणाशासनको केही वर्षपछि जगजित पाँडे र भोटु पाँडेका सन्तानले सैनिक प्रशासनमा प्रवेश पाउन सके। वि.सं. १९०१ मा सिंहवीर पाण्डेले कप्तानी पदबाट सैनिक सेवा प्रारम्भ गरेका थिए।

वि.सं. १८०० पछिका दशकमा पाँडे वंशका धेरै भारदारहरू जंगी र निजामती सेवामा कार्यरत थिए। १८६१ को एक सन्धि पत्रमा काजी जगजीत पाँडे, सरदार तुलाराम पाँडे, काजी रणजित पाँडे, वीरभञ्जन पाँडे, कपर्दार भोटु पाँडे, सर्वजीत पाँडे, रणगम्भीर पाँडे, आदिको नाम उल्लेख छ। वि.सं. १८४० देखि १८५० को दशकमा सरदार कालु पाँडे, सरदार बलभञ्जन पाँडे, कपर्दार गजदल पाँडे, काजी जगजीत पाँडे, काजी दामोदर पाँडे, काशीराम पाँडे, भगीरथ पाँडे, बलभद्र पाँडे, सर्जजीत पाँडे, रणयुर पाँडे जस्ता नामहरू विभिन्न दस्तावेजमा भेट्न सकिन्छ। त्यस्तै करवीर पाँडे, कप्तान रणजंग पाँडे, लेफ्टिनेन्ट रणदल पाँडे, शिवानन्द पाँडे, रामचन्द्र पाँडे, वीरकेशर पाँडे, कप्तान कालु पाँडे, इत्यादि नामहरू पनि उल्लेख भएका छन् भने वि.सं. १८९० पछिका दशकमा करवीर पाँडे, कुलराज पाँडे, मेघनाथ पाँडे, रणदल पाँडे, जंगवीर पाँडे, दलकेशर पाँडे, गरुणध्वज पाँडे, कीर्तिध्वज पाँडे, दलबहादुर पाँडे, सिंहवीर पाँडेहरूका नाम उल्लेख भएका छन्। वि.सं. १९०२ पछिका दशकमा सरदार बलबहादुर पाँडे, सुवेदार अर्जुन पाँडे, कप्तान सिंहवीर पाँडे, कप्तान करवीर पाँडे, उमडा जयभद्र पाँडे, सुब्बा जयशंकर पाँडे, लेप्टन नरबहादुर पाँडेहरूका नाम उल्लेख छन्।

वि.सं. १८५५ मा रणबहादुर शाहले राज्य त्याग गर्नुभन्दा १७ दिनअघि एक भारदारी सभा बोलाइएको थियो। त्यसमा भारदारहरूलाई गराइएको कबुलियतनामामा धेरै पाँडेहरूको नाम परेको छ। तिनीहरूमा रणवम पाँडे, रणजित पाँडे, हरि पाँडे, भोटु पाँडे, दलभञ्जन पाँडे, सर्वजित पाँडे बलभद्र पाँडेहरूको नाम परेको छ। त्यही वंशका जल्दाबल्दा व्यक्तित्व कर्णेल विष्णुकुमार पाँडेको नाम पनि त्यसमा समावेश छ। कर्णेल विष्णुकुमार पाँडेको व्यक्तित्वका बारेमा त यसअघि नै उल्लेख भइसकेको छ। विष्णुकुमार पाँडे त चन्द्रशमशेरले छत्तीस लाख सत्तरी हजार रूपैयाँ खर्च गरेर साठी हजार दासदासीलाई मुक्त गर्ने बेलासम्म पनि जीवितै थिए। उनको जीवनको अन्तिम समयतिर वि.सं. १९८१ मार्ग १४ गते शुक्रबारका दिन टुँडिखेलको सरिबोटमुनि चन्द्रशमशेरले सार्वजनिक सभा गरेर किरिया प्रथाको नराम्रो पक्षका बारेमा सर्वसाधारणलाई ज्ञान दिने उद्देश्यले विष्णुकुमार पाण्डेलाई नै बोल्न लगाएका थिए। त्यसपछि मात्रै उक्त प्रथाको अन्त्य भएको घोषणा गरिएको थियो।

वंश चलाउने परिपाटीमा विस्तार गर्ने विष्णु पाण्डेका बाजे ललितवम पाँडे कप्तान थिए। उनका छोरा गम्भीरध्वज पाँडे मेनेजर कप्तान भए। विष्णुकुमार स्वयं कर्णेल भए। उनका छोरा रैलायतकुमार पाँडे कप्तान भए भने बेलायतकुमार पाँडेका छोरा ऋषिकुमार पाँडे जर्नेल भए। ऋषिकुमार पाण्डेका छोरा विजयकुमार पाँडे कप्तान भए केही समय राष्ट्रसेवा गरी अवकाश लिए।

यसरी तुलाराम पाँडेका सन्तानले देश सेवाको क्रमलाई कुनै पनि प्रकारले अहिलेसम्म टुट्न दिएका छैनन्। जस्तोसुकै कठिनभन्दा कठिन परिस्थितिमा पनि विचलित नभएर कर्तव्यपथबाट विमुख नभई देश-नरेश र जनताको स्वार्थलाई सर्वोपरि ठानी, कुनै पनि प्रकारको राजनीतिक षड्यन्त्रमा नलागी एकोहोरो रूपमा देश सेवामा लागिरहने यो वंशको विशेषता रहेको छ। यस वंशको सफलताको राज पनि यसैलाई मान्न सकिन्छ। तर विडम्बना त्यसै वंशका पूर्व जर्नेल ऋषिकुमार पाण्डे यतिबेला अराजकताको सिकार भएका छन्। उनको नुवाकोटको भालुडाँडा अवस्थित जमिनमाथि अतिक्रमण भएको छ। जिल्ला अदालतदेखि सर्वोच्चसम्मबाट जमिन बेदखली मुद्दा जितिसकेका पाण्डेलाई अन्तिममा पनि मुद्दा मामिलामै फसाइएको छ। उनी गुहार माग्न राज्यका हरेक अंगमा धाएका छन्। हरेक मन्त्रालय धाहारेका छन्। हरेक बहालवाला राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सचिवहरूलाई भेटेर आफ्नो मर्का पोखेका छन् तर आश्वासन दिनेबाहेक कार्यान्वयन भने कतैबाट भएको छैन।

अझ त अझ उनी बसेको क्षेत्रपाटीस्थित जमिनमाथि समेत छिमेकीले बेदखली गरेका छन्। मापदण्डविपरीत घर ठड्याएका छन्। उनको निजी बाटोलाई सार्वजनिकीकरण गरिएको छ। उनको घर कम्पाउन्ड अगाडि बीसौं-पच्चीसौं गाडी पार्किङ रातदिन गरिएको हुन्छ। सुरक्षाको कुनै प्रत्याभूति राज्यपक्षबाट दिइएको छैन! प्रहरी प्रशासन मौन छ। महानगरपालिका मौन छ। सरकारीस्तरबाट पनि कुनै सुनुवाइ हुन सकेको छैन। ज्येष्ठ नागरिकको सम्मान गर्ने नेपाली समाज आज ऋषिकुमारको सन्दर्भमा या त चुकेको छ, या त मौन छ, या त रमिते बनेको छ।

ऋषिकुमारको निवासमा जोजो पुग्छन् ती सबैका सामु उनी आफ्ना गुनासा पोख्न धाक मान्दैनन्। आफ्ना विगत सुनाउन पाउँदा गर्व गर्छन्। उनी आफ्ना पुर्खाको वीरताका गाथा सुनाउँछन्। आफूले अभिजात्य वर्गमा जन्म लिएकोमा हर्षित हुन्छन् अनि पाँच सुक्कामा च्याख्ला खाएका कुरा सगौरव सुनाउँछन्।

ऋषिकुमार पाण्डे एक जिउँदो इतिहास हुन्। उनी अध्ययनशील छन्। ८६ वर्षको उमेरमा पनि विनाचश्मा किताब पढ्छन्। हात काम्छ उनको त्यसैले सिपाहीमार्फत संस्मरणहरू लेखाइरहन्छन्। पुस्तक प्रकाशन पनि गराइरहेका छन्। रातिको दुई अढाई बजेसम्म पनि लेखपढ तथा विदेशी च्यानलबाट न्युजहरू हेर्छन्। ज्ञानगुणविहीन युवापुस्ताका लागि, भगाडी राजनीतिकर्मीका लागि, देशलाई एकताबद्ध गर्नुको साटो विखण्डनको बीजारोपण गर्ने राजनीतिक नेतृत्वका लागि ऋषिकुमार खुला पाठशाला हुन्। बाबुराम आचार्यको पुस्तक अब यस्तो कहिल्यै नहोस्, पृथ्वीनारायण शाहको जीवनी द ब्लड स्ट्रेन्ड ओन, द माउन्टेड इज यंग नेपालको महाभारतजस्ता पुस्तक उनी सबैलाई पढ्न बारम्बार आग्रह गरिरहन्छन्।

पाण्डेको चित्त दुखाई सरकारसँग पनि छ। सोह्रखुट्टेको भोटु पाँडेको नासो सोह्रखुट्टे बाटिकालाई सडक विस्तारका नाममा अस्तित्वविहीन बनाउनु हुँदैनथ्यो भन्ने गुनासो गर्छन् तर गुनासो सुनिदिने कसले? ऐतिहासिक सम्पदा संरक्षण गर्नुपर्नेमा नष्ट पार्दा कसको चित्त दुख्दैन र? सबैका मन्दिर, मस्जिद, गुम्बा, पाटी, पौवाको संरक्षण हुने तर भोटु पाँडेको नासो चाँहि किन मेटाइयो? भनी प्रश्न गर्छन्। यो कुरालाई

उनले कहाँकहाँ राखेनन् तर सुनिदिने कसले ? उनी त्यसैले आक्रोश पनि पोख्छन् ।

हिजोका नोकरहरू आज मालिक बनेको देख्दा उनी आक्रोश व्यक्त गर्छन् । यसै सन्दर्भमा उनी एक प्रसङ्गमा 'पूर्वमेयर केशव स्थापितको कुरा कोट्याउँदै थिए । एक दिन केशव स्थापित कसैको बोलाहटबाट उनको कम्पाउन्डको गेटबाहिर आएर हिँड्दै रहेछन् । उनलाई देख्नेबित्तिकै केशव स्थापितले दुई हात जोडेर नमस्कार गरेछन् । नमस्कार गर्ने केशव स्थापितसँग पाण्डेले- को हो तपाई ? भनेर पश्न गर्दा उनले- म केशव स्थापित । पूर्वमेयर भनेर परिचय दिँदा पाण्डेले भनेछन्- मेयर छँदा तपाई बाघजस्तो देखिनुहुन्थ्यो । मर्सिडिज कारमा हुइँकिनुहुन्थ्यो । अहिले त बिरालो जस्तो पो हुनुभएछ त भन्दा उनी चुपचाप आफ्नो बाटो लागेका थिए रे । आज मालिक भइसकेका हिजोका नोकरहरूको लामै सूची छ पाण्डेसँग । कांग्रेस, एमाले, माओवादी, राप्रपाका नेता कार्यकर्तादेखि लिएर प्रहरी र सेनामा समेत हिजोका नोकर आजका मालिक बनिसकेको देख्छन् ।

आजको व्यवस्थादेखि पाण्डे पटक्कै सन्तुष्ट छैनन् । ९० प्रतिशतभन्दा बढी हिन्दू भएको राष्ट्रलाई हिजोका नोकरहरूले आज मालिक बनेर धर्मनिरपेक्ष राष्ट्र बनाएकोमा आक्रोशित छन् । सिंगो राष्ट्रलाई संघीयताका नाममा खण्डित गरेकोमा दुःखी छन् । राष्ट्र निर्माता पृथ्वीनारायण शाहको अवमूल्यन गरेकोमा चिन्तित छन् । मुलुकबाट शान्ति तथा अमनचयन खल्बलिएकोमा राजनीतिक दल असफल भएको निष्कर्ष निकाल्छन् । त्योभन्दा बढी चिन्ता त उनी २०४८ साल पछि मुलुकमा मौलाएको भ्रष्टाचारप्रति गर्छन् । भरत गुरूङ र डीबी लामाजस्ता भ्रष्टहरूको सम्पत्ति प्रजातान्त्रिक भनाउँदो सरकारले फिर्ता गरेको थियो र डीबी लामालाई मन्त्री बनाएको थियो । भरत गुरूङले आफ्नो बयानमा सबै सम्पत्ति कान्छा प्रभु (अधिराजकुमार धिरेन्द्र)को हो भन्दा समेत कान्छा प्रभुमाथि कारबाही भएन, न त त्यो सम्पत्ति नै राष्ट्रियकरण गरियो, बरू आप्रवासी नागरिक योगप्रसाद उपाध्याय गृहमन्त्री भएका बेला भरत गुरूङसँग करोडौं रूपैयाँ घुस खाएर उसलाई जेलमुक्त गरियो र उसको जायजेथासमेत फिर्ता गरियो । त्यसैगरी डीबी लामा सुन तस्करी काण्डमा जेल परेको थियो पञ्चायत कालमा तर प्रजातान्त्रिक सरकारले उसलाई रिहा मात्र गरेन मन्त्री नै बनायो । हिजोका नोकरहरू धमाधम मालिक बन्दै गए । देशका जो सच्चा मालिक हुन् ती अपहेलित हुँदै गए । यस्तो अवस्थाप्रति चिन्ता व्यक्त गर्छन् ऋषिकुमार पाण्डे ।

ऋषिकुमारका नजरमा नेता भनेका बीपी कोइराला, गणेशमान सिंह, टँक प्रसाद र मनमोहन अधिकारीहरू मात्रै हुन् । अरू सबै हिजोका नोकर आजका मालिक हुन् । भुइँकुट्टा हुन् । आफ्नो त्यागको साँवा ब्याज राष्ट्रको ढुकुटीको दोहन गरेर असुल गर्न पल्केका नटवरलाल हुन् जो सामान्य रूघाखोकी लाग्दा पनि बोइङ चढेर विदेशमा गई महँगो उपचार गर्छन् । राष्ट्रको अवस्था बेहाल हुनुमा उनी ज्ञानेन्द्रलाई पनि उत्तिकै दोषी ठान्छन् । व्यापारी व्यक्ति राजगद्दीमा बसेपछि मुलुकले दुःख त पाउँछ नै । ज्ञानेन्द्र व्यापारी हुन् । व्यापारीलाई प्रजातन्त्रको मर्म के थाहा ? त्यसैले उनले प्रजातन्त्रको उपहास गरे । राजनीतिक दलहरूसँग साँढे जुधाइ गर्न खोजे । पुरानै भ्रष्ट पञ्चहरूलाई काखी च्यापे । संवैधानिक भइसकेको राजतन्त्रलाई सक्रिय बनाउने कुचेष्ठा गरे । त्यसैको फलस्वरूप मेरा पुर्खा गणेश पाण्डेले स्थापना गरिदिएको राजतन्त्रको पतन भयो । मेरा पुर्खा कालु पाण्डे र पृथ्वीनारायण शाहले एकीकरण गरेको नेपाल पुनः खण्डित हुँदैछ । यस्तो स्थितिमा हामीजस्ता राष्ट्रसेवक, राष्ट्र निर्माताहरूलाई मात्र पीडा हुन्छ । हिजोका नोकरलाई केको फिक्री । यिनी त वर्षाको च्याउसरी उम्रिन्छन् र वर्षा हटेपछि च्याउ पनि हराएझैं यिनी पनि हराउँछन् । देशले दुःख पाए बचाउने जिम्मेवारी सेनाकै हो । त्यो कार्यमा नेपाली सेना सजग रहनैपर्छ र रहनेछ पनि ।

देशमा कुशासन बढे, राष्ट्रसेवकले सास्ती पाउँछन्

वर्ष १७, अंक २, २०७३ फागुन ८ आइतबार

आर्थिक लाभ उठाउने उद्देश्यले पृथ्वीनारायण शाहले तिब्बतमा आफ्नो मुद्रा प्रचलनमा ल्याउने प्रयाससमेत गरेका थिए तर त्यसमा भने उनी सफल हुन सकेनन् र जयप्रकाश मल्लसँग वाणिज्य सन्धि गर्नुपरेको थियो। उक्त सन्धिमा पृथ्वीनारायण शाह र जयप्रकाश मल्ल दुवैको संयुक्त हस्ताक्षर छ। उक्त सन्धिअनुसार दुवै देशका सामान चेक जाँच गरेपछि मात्रै तिब्बत पठाउने, लाभांश पनि दुवै देशले बराबरी बाँड्ने, दुवै देशले एक वकिलको आदानप्रदान गर्ने कुरा वि.सं. १८१४ पौष ८ रोज ३ को सन्धिपत्रमा उल्लेख भएको छ। सन्धिबमोजिम वकिलको आदानप्रदानमा गोरखाको तर्फबाट तिब्बतसँग विशेषतः परिचय भएका दोलखामा रहेका काजी तुलाराम पाण्डेको नेतृत्वमा एक टोली कान्तिपुरमा रहने भयो भने नुवाकोटमा पनि कान्तिपुरका तर्फबाट एक जना दूत रहने भए।

पाटनमा जयप्रकाश मल्लको मृत्युपछि त्यहाँको प्रशासनमा प्रधानहरुको बढी चलखेल हुनगयो र तुलाराम पाण्डेयलाई कान्तिपुरमा बसेर त्यहाँको सबै वस्तुस्थितिका बारेमा सूक्ष्म जानकारी पाउन पनि सजिलो भयो। त्यसैबीचमा परिस्थित एकाएक बिग्रियो र जयप्रकाश मल्लको सन्धि भंग गरेको भन्ने आरोप पृथ्वीनारायण शाहमाथि लगाउँदै नुवाकोटस्थित आफ्नो दूतमण्डललाई फिर्ता बोलाए। उता पृथ्वीनारायण शाहले चाहिँ सम्झौता भंग नगर्ने भन्दै आफ्नो दूत तुलाराम पाँडेलाई फिर्ता बोलाएनन्। त्यसबाट रिसाएका जयप्रकाश मल्लले गोर्खाली दूतमण्डलीमाथि कारबाही सुरु गरी तुलाराम पाँडेलाई नजरबन्द गरी उनका साथमा रहेका कर्मचारीहरुलाई नेल ठोकियो। त्यो घटनामा केहीले भागेर ज्यान बचाए भने केहीको ज्यान गयो। तुलाराम पाँडेलाई पनि ज्यान मार्ने लागेका बेलामा काजी ठूला मानिस हुन्। उनलाई बचाएर राखे धेरै काम आउँछ भनेर काठमाडौंका केही काजीहरुले सल्लाह दिएकाले उनलाई तलेजुमा लगेर धर्म भाक्न लगाई उनलाई परिवारसहित त्यहीँ बस्ने वचन तुलाराममले पनि दिएकाले उनको ज्यान बच्यो। त्यो बचन त उनको ज्यान बचाउने उपाय मात्रै थियो। उनी कान्तिपुर बस्न नसक्ने भएपछि उनले पाटनका काजी धन वन्तसँग साँठगाँठ गरी जयप्रकाश मल्लको आँखा छलेर नालदुम पुगे। त्यसपछि लावालस्करका साथ उनी नुवाकोट पुगेर पृथ्वीनारायण शाहलाई सम्पूर्ण वृतान्त सुनाए। यसरी कान्तिपुरमा झण्डै ज्यान जान लाग्दा तुलाराम पाँडे बच्न सफल भएका थिए।

वि.सं. १८२१ मा नालदुम फिर्ता गर्ने अभियानका साथ पृथ्वीनारायण शाह तुलाराम पाँडे, प्रभु मल्ल र हरिवंश उपाध्यायलाई साथमा लिएर तेस्रोपटक दहचोकबाट रमाना भए। त्यस अभियानमा चिकुटी मास्केलाई हराउँदै दोस्रोपटक विजयी भएका तुलाराम पाँडेलगायतको फौजले नालदुम विजय गर्न सफल भएको थियो। त्यही खुसियालीमा तुलाराम पाँडेका साथ अन्य सेनापति र सैनिक दललाई पृथ्वीनारायण शाहले प्रसस्तै जग्गा जमिन बक्सिसका रुपमा प्रदान गरेका थिए। जसअनुसार काजी कालु पाँडेलाई नुवाकोटको शेराको फाँटमा र तुलाराम पाँडेलाई नुवाकोटकै भालु डाँडामा प्रसस्त जमिन नालनिशानाका साथ प्रदान गरे।

नेपाल एकीकरणको कार्यमा दिलो ज्यान दिएर मुद्दामा होमिएबापत तिनीहरुको गासबासका लागि र कमाइखानका लागि भनी दिगो व्यवस्थापनका रुपमा जमिन बकस दिने चलन त्यतिबेला प्रचलनमा थियो, किनकि त्यतिबेला मासिक तलब दिने चलन थिएन। तुलाराम पाँडेले आफ्ना लागि र सैनिक कामका लागि नभई नहुने सार्की, दमै, कामी परिवारलाई हातहतियार बनाउने, कपडा सिलाउने, जुत्ता बनाउने कामका लागि त्यस ठाँउमा ल्याएर राखेका थिए।

नुवाकोटका एक जना नेवार जातका स्टेशन हवल्दार तथा त्यहाँका बासिन्दाहरुको भनाइअनुसार भालुडाँडामा तुलाराम पाँडेको पाँच तले झिंगटीको घर, घोडा बाँध्ने तबेला र गोठसमेत थियो। त्यही बसेर तुलारामले सैनिक तालिम गराउने कामसमेत गर्दथे। सोही घरको केही फरक स्वरुप अहिलेसम्म पनि छँदैछ।

तुलाराम पाँडेका चार छोराहरु काजी जगजीत दिवान, रणजीत, वृजवासी र उपर्दार भोटु पाँडेमध्ये रणजीतका भागमा नुवाकोटको शेरफाँटमा र केही बेत्रावति र गेर्खुतिर पनि थियो। तुलाराम पाँडेका सन्तान दरसन्तानले भोगचलन गर्दै आएको भालुडाँडाको जमिन वि.सं. १९०३ सालको कोतपर्वपश्चात जफत गरिएको थियो। पछि उक्त जमिन कर्णेल विष्णुकुमार पाँडेको समयमा फिर्ता दिइएको थियो। त्यसपछि विष्णुकुमारका छोरा क.प. बेलायतकुमार पाँडे र उनको मृत्युपछि उनका आठ वर्षीय छोरा ऋषिकुमार पाँडेको नाममा आएको हो। वि.सं. २००६ साल भाद्र ३ गते र २००६ भाद्र १८ गतेको खड्ग निशाना र २००५ साल कात्तिक २६ गतेको खड्ग निशाना र लालमोहरसमेत ऋषिकुमारका साथमा यथावत् छ। त्यसमा स्पष्ट रुपमा तिम्रो जिजु काजी जंगवीर पाँडेको जफती जमिन भनिएको छ।

२०१५ सालपछि ऋषिकुमार पाँडेले आफू सैनिक सेवामा प्रवेश गरेको समयदेखि नै स्वयं त्यहाँ गएर आफ्नो पुर्खाको वीरगाथा बोकेको सो जमिनमा तन, मन र धनले त्यसको स्याहार सम्भार गर्न थाल्नुभयो। त्यो जग्गामा आफ्ना बाबुबाजेदेखि राखेका संरक्षक जगतबहादुर हुन्। पछि ऋषिकुमारले उक्त जमिनलाई विभिन्न वनस्पति, जडिबुटी तथा फलफूलका बोटबिरुवा विदेशबाट झिकाएर ठूलो आर्थिक लगानी गरी (झण्डै ८० लाखको) त्यस जमिनमा ठूल्ठूला दुईवटा घर निर्माण गर्नुभएको थियो। त्यसका लागि चाहिने सबै सामान काठमाडौंबाट लगिएको थियो। २०२४/२५ सालतिर गोरेटो बाटोलाई घोडेटो बाटोमा परिणत गरी प्रत्यक्ष निगरानी र हेरदेख गर्न थालियो। लोभले मान्छे इर्ष्यालु बन्छ र चिढिन्छ भनेझैं उहाँको उक्त जमिनमा पनि केही व्यक्तिले आँखा लगाए र मुद्दा मामिलाको क्रम सुरु भयो।

नुवाकोट जिल्लामा नापी हुँदाका बखत ऋषिकुमारको एकलौटी हकभोग जनिएको उक्त जग्गामा केही मानिसले आफ्नो हो भनी दाबी गर्दै मुद्दा हालेपछि ७ नम्बर नापी गोश्वाराले दुवैथरीको प्रमाण बुझ्ने काम गरेको थियो। त्यस क्रममा ऋषिकुमारकै प्रमाण बलियो भएको ठहर गरी २०३४ सालमा दर्ता गरी दिने निर्णय गऱ्यो। त्यो निर्णयमा समेत चित्त नबुझी केही मानिस पुनः विशेष अदालतमा अपिल गर्न पुगे। विशेष अदालतले नक्सा गरिदिने आदेश गऱ्यो र नक्सांकनका लागि अदालतका कर्मचारी त्यहाँ पुग्दा विपक्षीहरु नै अनुपस्थित भएपछि त्यो मुद्दा नै खारेज भयो। त्यसपछि उनीहरु क्षेत्रीय अदालत पुगे। क्षेत्रीय अदालतले पनि विशेषले अघि खारेज गरेकोलाई सदर गऱ्यो। त्यसपछि उनीहरु फेरि सर्वोच्च अदालत पुगे। सर्वोच्च अदालतले पनि २०३९/१/२९ बुधबारको अञ्चल र क्षेत्रीयकै निर्णयलाई सदर गरिदियो। त्यसपछि उनीहरुले पूर्णरुपमा हार स्वीकार गरेपछि ऋषिकुमार पाँण्डेयको परिवारले जग्गाको अंशबण्डा गऱ्यो।

त्यसपछि २०४० सालमा उक्त जग्गामा कृषि मन्त्रालय कृषि विभागबाट फलफूल खेती गर्नका लागि ऋषिकुमारले गीताफलो धान कम्पनी प्रा.लि. दर्ता गरी कृषि विकास बैंकबाट करोडौं ऋण लिई फलफूलका लाखौं बोटबिरुवा रोपियो। भोगचलनका लागि छुट जग्गा पनि दर्ता गर्न ऋषिकुमार पाण्डेसमेतको निवेदनमा मालपोत कार्यालयले वन, नापी, गाविस आदिको स्थलगत निरीक्षण, सर्जमिन, स्थानीय पञ्च भलादमीको रायलगायतका सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी निवेदकका नाममा दर्ता गरिदियो। त्यसरी दर्ता भएको जग्गा हदबन्दीका कारण राख्न नमिल्ने भएपछि फलफूल खेती गर्नका लागि मात्र राख्न पाउने गरी २०४४ /१०/४ को मन्त्रिपरिषद्को निर्णयबमोजिम राजपत्रमा सूचना प्रकाशित गरी हदबन्दी छुट दिने निर्णयले हालसम्म पनि उक्त जग्गा कम्पनीकै नाममा दर्ता छ। उक्त जग्गामा आधुनिक पक्की घर फलफूलका लाखौं बोटबिरुवा लगाई हुर्काई रोजगारी सिर्जना गरी उत्पादन हुने लाग्दा तत्कालीन तस्करद्वय डीबी लामा र भरत गुरुङहरुबाट अतिक्रमण गराई दुःख दिने र बिगार्ने कामसमेत गरियो। त्यही क्रममा घर, 'सर्वेन्ट क्वार्टर' भत्काइयो। हुर्किसकेका लाखौं बोटबिरुवा कटानी, फँडानी गरी नष्ट पारियो। हालसम्म पनि अघि मुद्दा मामिलाबाट पराजित भएका पाँच थरिका मानिसहरुले जग्गा अतिक्रमण गरिरहेकै छन्। सरकारले खाली गराउने पहल गरिदिएको छैन। ऋषिकुमारले मन्त्री, गृहमन्त्री, प्रधानमन्त्रीदेखि राष्ट्रपतिसम्मलाई गुहारिसकेका छन्। आफ्ना सम्पूर्ण दस्तावेजहरु पेस गरेका छन् तर पनि सुनुवाइ भइरहेको छैन।

२०४६ सालको ऐतिहासिक परिवर्तनपछि पनि नेपाल सरकारको कुदृष्टि उक्त जग्गामा पर्न गई सांसद् रुद्रमणि भण्डारीको अध्यक्षतामा गठित जग्गा छानबिन आयोगले जफत गर्ने निर्णय गऱ्यो। त्यस निर्णयलाई चुनौती दिँदै ऋषिकुमार पाण्डे उत्प्रेषणको रिटका साथ सर्वोच्च अदालत पुग्नुभयो। सर्वोच्चले जग्गा जफत गर्ने भण्डारी आयोगको निर्णयलाई बदर गरिदियो। त्यही निर्णयका आधार अरुका जग्गा पनि फुकुवा भए।

कम्पनीका जग्गा जफत हुँदा टुलुटुलु हेरी बसेकाहरु जग्गा फुकुवा हुँदा साथ पुनः सल्बलाउन थाले र दुःख दिने मनसायले अघि नै सर्वोच्चबाट समेत पराजित भएका मान्छेहरुले २०५० सालपछि आफ्ना श्रीमती, छोरा, नातिका नामबाट आफ्नो हक खोसियो भन्दै जिल्ला अदालत गुहार्न पुगे। त्यहाँ पनि उनीहरु पराजित भए। त्यसपछि उनीहरु सर्वोच्च अदालत पुगे। जग्गाधनीलाई हराउने ठाउँ नपाएपछि तत्कालीन प्रधानन्यायाधीश केदारप्रसाद गिरी र रामप्रसाद क्षेष्ठको इजलासले जिल्ला र पुनरावेदनले बुबा र लोग्नेले हारिसकेपछि श्रीमती, छोराले फिराद गर्न आउन पाउँछन् कि पाउँदैनन्, त्यसबारेमा प्रमाण बुझी स्पष्ट खुलाई फैसला गर्नु भनी पुनरावेदन अदालतमै पुनः मुद्दा फिर्ता पठाइदिए। २०६५ सालमा सर्वोच्चले पठाएको सो मुद्दालाई पुनरावेदन अदालतले पाँच/छ वर्ष लगाई नक्सांकन गर्ने आदेश गऱ्यो। विपक्षीहरुले नक्सांकन गर्न गएका डोरमाथि नै हुलहुज्जत तथा डर धाक देखाई, हुँदै नभएको कुरा लेख्न दबाब दिई केही नभएको उजाड स्थानमा कतै मकै, कतै अदुवा, कतै बेसार खेती गरिएको र भोगचलन विपक्षीहरुबाटै हुँदै आएको जस्ता नितान्त झूटा र अविश्वसनीय कुरा लेख्न लगाए। यो सब कार्य विपक्षीहरुले मुद्दालाई लम्ब्याउनका लागि मात्र गरेका थिए। आफ्नो प्रमाण केही नभएकाले लम्ब्याउनुबाहेक उनीहरुले केही जानेका थिएनन्। त्यो कुरालाई न्यायाधीशले समेत नबुझेका थिएनन्। यसै क्रममा विपक्षीमध्येका कम्पनीका पूर्वकर्मचारीका भतिजाले परिवर्तन पोष्ट नामक दैनिक पत्रिका प्रकाशन गरी उक्त पत्रिकामा यही विषयलाई आफूअनुकूलको समाचार बनाई अदालत परिसर र न्यायाधीशका कोठामा बाँड्ने काम गरे। त्यसैका आधारमा हो अथवा अन्य कुनै लालचमा फसेर हो सर्वोच्च अदालतले विपक्षीहरुलाई जिताइदियो।

यसरी १८०१ को नाल निशानादेखि १९९८ का सनद, २००६ सालको नम्बरी लगत, २००५ सालदेखि तिरो रसिद, २००५ सालको लालमोहर र २००३ सालको खड्ग निशाना, त्यसैका आधारमा २०३२ सालमा धमा रैकरमा परिणत गरी पाऊँ भन्ने निवेदन, उक्त बमोजिम नुवाकोट मालले रैकरमा परिणत गरिदिएको प्रमाण बलियो भएको उल्लेख गरी मिति २०३४/१०/१९ मा गरिदिएको निर्णय पर्चा, विपक्षीका पति, पिता समेतले तहतह गरी मुद्दा गर्दै, हार्दै अञ्चल, क्षेत्र र सर्वोच्चसम्मबाट भएका अख्तियारमा अनि अख्तियारमा वन जंगल दर्ता गरायो भनी परेका उजुरी र अख्तियारले दिएको सफाइलगायतका अनगिन्ती प्रमाणहरु जग्गाधनीले पुनरावेदन अदालतमा पेस गर्दा पनि ती कुनै प्रमाण हेरिएन। कुनै चासो दिइएन। वकिलका कुरा नै सुनिएन र जग्गाधनीलाई हराइयो। यो कस्तो फैसला हो ? कस्तो न्याय हो ?

आधुनिक नेपाल निर्माणमा यति ठूलो योगदान पुऱ्याएको एक राष्ट्रसेवकले समेत न्याय नपाउनु भनेको राष्ट्र निर्माता, वीरहरुप्रतिकै अपमान हो। यसले तुलाराम पाँडेको आत्मालाई शान्ति हैन खिल्ली उडाउने कार्य मात्रै गरेको छ। (क्रमशः)

सरकार ! मैले न्याय कहिले पाउँछु ?

एक पूर्वजर्नेलको प्रश्न

वर्ष १७, अंक ४, २०७३ फागुन २२ आइतबार

सरकार भन्नाले म कुन निकायलाई सम्झुँ ? नेपाली सेनालाई सम्झुँ कि ? गृह प्रशासनलाई सम्झुँ कि ? मन्त्रिपरिषद्लाई सम्झुँ कि ? प्रधानमन्त्री कार्यालयलाई सम्झुँ ? कि प्रहरी प्रशासनलाई सम्झुँ ?

सरकार ! म एक अवकाशप्राप्त राष्ट्रसेवक हुँ। नेपाली सेनामा रहेर मैले जीवनको ऊर्जाशील समय बिताएँ। मेरो जन्म वि.सं. १९८८ साल भदौ ६ गते काठमाडौंको न्हैकन्तलाको उग्रताराको मन्दिर पछाडिको पुर्ख्यौली कलात्मक तीनचोकको घरको एउटा कोठामा भएको हो। मैले भारतको कर्साङस्थित भिक्टोरिया स्कुलबाट पढाइ आरम्भ गरी सिनियर क्याम्ब्रिज हुँदै त्रिचन्द्र कलेजबाट आईएससी उत्तीर्ण गरें। इच्छा त मेरो पनि त्यतिबेला डाक्टर बन्ने नै थियो तर नियतिले मलाई नेपाली सेनामा भर्ती हुन पठायो। सन् १९५१ वि.सं. २००८ सालमा म नेपाली सेनाको सेकेन्ड लेफ्टिनेन्टमा भर्ना भई वि.सं. २०४७ साल जेठ महिनामा रथीको दर्जाबाट सेवा निवृत्त भएको हुँ।

सरकार ! मैले मिलिटरी इन्जिनियर्स कलेज पुना भारतबाट स्नातक तथा मिलिटरी एकेडेमी देहरादुन भारतबाट सैनिक शिक्षामा स्नातकसमेत गरेको छु। नेपाली सेनामा कार्यरत हुँदा मैले सडक तथा विमानस्थलसम्बन्धी तालिम लिनेदेखि शाही अंगरक्षक कोर्स, योग अफिसर्स इन्जिनियर्स कोर्स, जुनियर कमान्डर कोर्स, बम डिस्पोजल कोर्स (बेलायत) अल आर्म (ब्याटल ग्रुप) कोर्स, ल्याक ल्यान्ड एयर कोर्स (अमेरिका) कमान्ड एन्ड जनरल स्टाफ कलेज कोर्स (अमेरिका) सिनियर अफिसर्स प्रिभेन्टिभ मेन्टिनेन्स कोर्स (अमेरिका) जस्ता महत्वपूर्ण कोर्स पूरा गरेको छु।

सरकार ! मसँग फिल्ड कम्पनी इन्जिनियर्समा नेतृत्व गरेको तीन वर्षको अनुभव छ। त्यसैगरी इन्जिनियर रेजिमेन्ट र वटालियनमा नेतृत्व गरेको पाँच वर्षको अनुभव छ। त्यसैगरी पहाडी सडक निर्माण सम्बन्धी तीन वर्षको अनुभव छ भने कान्ति राजपथ निर्माणमा इन्जिनियर इन्चार्ज भएर तीन वर्ष काम गरेको अनुभव छ। मैले नारायणहिटी राजदरबारमा बिग्रेड अफ रोयल गार्डको नेतृत्व चार वर्ष गरेको छु भने पाँच वर्षसम्म सह-सैनिक सचिव, पाँच वर्षसम्म सैनिक सचिव र पाँच वर्षसम्म प्रमुख सैनिक सचिव भएर काम गरेको अनुभव छ।

सरकार ! सैनिक जीवनका दौरानमा मैले युनियममा नेपाली टोलीको नेतृत्व गर्ने अवसरसमेत पाएको थिएँ भने नेपाल, भारत, बंगलादेश र पाकिस्तानमा सम्पन्न सार्क सम्मेलनमा सहभागीसमेत भएको थिएँ। श्री ५ वीरेन्द्रबाट स्वदेश तथा विदेश भ्रमण गरिबक्सँदा उक्त भ्रमण दलमा सहभागी भएर जिम्बाबेको हरारे र बेलग्रेडमा सम्पन्न असंलग्न शिखर सम्मेलनमा जाने अवसर प्राप्त गरेको थिएँ। सरकार ! म नेपाल जेसिसको संस्थापक सदस्य, नेपाल इन्जिनियर्स एसोसिएसनको संस्थापक सदस्य तथा पूर्वउपाध्यक्ष पनि हुँ। मैले इन्स्टिच्युट अफ इन्जिनियर्स इन्डियाबाट सन् १९६७ मा फेलोसिपसमेत प्राप्त गरेको थिएँ।

जीवनको साढे तीन दशक नेपाली सेनामा रहेर महत्वपूर्ण योगदान दिएको एक राष्ट्रसेवक आज प्रजातान्त्रिक व्यवस्था लागू भएदेखि अन्यायमा परेको व्यहोरा जानकारी गराउन चाहन्छु। देशमा कुशासन बढे राष्ट्रसेवकले कसरी सास्ती पाउँदा रहेछन् भन्ने उदाहरण दिनुपर्दा त्यो उदाहरणभित्र मेरै नाउँ अग्रपंक्तिमा आउनेछ।

मेरो पुर्खा त्यस्तो वीरताको गौरव गाथा बोकेको पुर्खा हो, जसले द्रव्य शाहलाई गोरखाको राजगद्दीमा बसाउन आफ्नो सम्पूर्ण योग्यता र वीरताको प्रदर्शन गरेको थियो। पृथ्वीनारायण शाहले आर्थिक लाभ उठाउने उद्देश्यले तिब्बतमा आफ्नो मुद्रा प्रचलनमा ल्याउने प्रयास गर्दा त्यसमा सहयोग गरेको थियो। यद्यपि त्यो सफल भने हुन सकेन ए जयप्रकाश मल्लसँग वाणिज्य सन्धि गर्नुपरेको थियो। त्यस कार्यमा मेरा पुर्खा तुलाराम पाँडेले सहयोग गरेका थिए। त्यसमा सहयोग गरेबापत तुलाराम पाँडे पक्राउ परी झण्डै मारिएका थिए।

नालदुम विजय गर्ने क्रममा पनि उनै तुलारामले पृथ्वीनारायण शाहलाई सहयोग गरेका थिए। त्यही खुसियालीमा पाँडे तथा अन्य सेनापति तथा सैनिक दललाई पृथ्वीनारायण शाहले प्रशस्त जग्गा जमिन बकस दिएका थिए। जस अनुसार काजी कालु पाँडेलाई नुवाकोटको शेरा फाँटमा र तुलाराम पाँडेलाई नुवाकोटकै मालु डाँडामा नालनिशानासहित जग्गा बकस दिएका थिए। त्यतिबेला मासिक रुपमा पारिश्रमिक दिने चलन नभएकाले दिगो व्यवस्थापनका लागि नेपाल एकीकरणमा दिलो ज्यान दिएर लागेका भारदारलाई जमिन नै दिने प्रचलन थियो। उक्त बकसमा प्राप्त जमिनमा तुलारामले आफ्ना लागि र सैनिक कामका लागि नभई नहुने जाति, दमै, कामी, सार्कीहरुलाई ल्याएर त्यहाँ राखेका थिए।

तुलारामका चार छोराहरु काजी जगजीत पाँडे, काजि रणजित पाँडे, काजी वृजवासी पाँडे र कुपर्दार भोटु पाँडेमध्ये रणजीतका भागमा नुवाकोटको शेराफाँटमा र केही बेत्रावती र गेर्खुतिर पनि थियो। तुलाराम पाँडेको सन्तान दरसन्तानले भोगचलन गर्दै आएको भालुडाँडाको जमिन १९०३ सालको कोतपर्वपश्चात जफत भई पछि कर्णेल विष्णुकुमार पाँडेको समयमा फिर्ता गरिएको थियो। त्यसपछि उनका छोरा क.प बेलायतकुमार पाँडे र उनको मृत्युपछि उनका आठ वर्षीय छोरो म ऋषिकुमार पाँडेका नाममा आएको हो। वि.सं. २००६ साल भाद्र ३ र २००६ भाद्र १८ गतेको खड्ग निशाना र २००५ साल कात्तिक २६ गतेको खड्ग निशाना र लालमोहर समेत मेरा नाममा सुरक्षित

छ। त्यसमा स्पष्ट रुपमा तिम्रो जिजुकाजी जंगवीर पाँडेको जफती जमिन भनिएको छ।

सरकार ! सोही जमिनमा मैले २०१५ साल पछि विभिन्न वनस्पति, जडिबुटी तथा फलफुलका बोटबिरुवाहरु विदेशबाट समेत झिकाएर ठूलो आर्थिक लगानीमा फलफुल खेती गरेको थिएँ। २०२४/०२५ सालतिर गोरेटो बाटोलाई घोडेटोमा समेत परिणत गरें। नापीका समयमा आएर केही मानिसले आफ्नो दाबी गर्दै मुद्दा हालेपछि ७ नम्बर नापी गोश्वाराले दुवैथरिको प्रमाण बुझी मेरै ठहर गरी २०३४ सालमा मेरा नाममा दर्ता गरेको हो। त्यसमा पनि चित्त नबुझी केही मानिस विशेष अदालत पुगे। विशेष अदालतले विपक्षीहरु नक्सांकनमा अनुपस्थित भएपछि त्यो मुद्दा नै खारेज गरिदियो। त्यसपछि उनी क्षेत्रीयमा पुगे। क्षेत्रीयले पनि विशेष अदालतले खारेज गरेकोलाई सदर गरिदियो। त्यसपछि उनीहरु सर्वोच्च पुगे। सर्वोच्चले पनि २०३९/१/१९ मा अञ्चल र क्षेत्रकै निर्णयलाई सदर गऱ्यो र हामीले अशंबण्डा गऱ्यौं।

२०४६ सालको ऐतिहासिक परिवर्तनपछि उक्त जग्गामा पनि सरकारको ऐतिहासिक कुदृष्टि पर्न गई सांसद् रुद्रमणि भण्डारीको अध्यक्षतामा गठित जग्गा छानविन आयोगले जफत गर्ने निर्णय गर्दा म सर्वोच्च अदालतको शरण लिन बाध्य भएँ। सर्वोच्चले भण्डारी आयोगको निर्णयलाई बदर गरिदियो र मैले न्याय पाएँ। मेरो रोक्का जग्गा फुकुवा भयो।

जग्गा फुकुवा हुँनासाथ फेरि अर्को कचिंगल सुरु भयो। अघि सर्वोच्चबाट पराजित भएकाहरुले आफ्ना पत्नी-छोराहरुलाई उठाई आफ्नो हक खोसियो भन्दै फेरि जिल्ला अदालत पुगे। त्यहाँबाट पनि उनीहरु पराजित भएर सर्वोच्च पुगे। सर्वोच्चबाट पनि पराजित भएपछि तत्कालीन प्रधानन्यायाधीश केदारप्रसाद गिरी र रामप्रसाद श्रेष्ठको इजलासले त्यही मुद्दालाई फेरि पुनरावेदन अदालतमा पठाइदिए। पुनरावेदनले पाँच/छ वर्ष लगाएर नक्सांकन गर्न लगायो। त्यसै बखत विपक्षीहरुले नक्सांकन गर्न गाएका डोरमाथि नै हुलहुज्जत गरी नभएका कुरा लेख्न लगाउन सफल भए।

१८०१ का नालानिसाना, १९९८ को सनद, २००६ को नम्बरी लगत, २००५ सालदेखिको तिरो तिरेको रसिद, २००५ सालको लालमोहर, २००३ सालको खड्ग निशाना आदि मेरा साथमा हुँदाहुँदै पनि विपक्षीहरु तहतहका अदालतबाट हार्दै गए पनि उक्त जग्गामाथि मेरो पूर्ण स्वामित्व कायम हुन नसक्दा मैले हरेक पटकका सरकारसँग गुहारेको छु। सरकार भनेको शीतलनिवास हो कि, बालुवाटार हो ? सरकार भनेको पेरिसडाँडा हो कि, सानेपा अथवा सिंहदरबार हो ? मैले अझैसम्म बुझ्न सकिनँ। सरकार भनेको सिंहदरबार हो भने मैले २०७२ साल असार ३ गते तत्कालीन गृहमन्त्री वामदेव गौतम समक्ष न्यायका लागि निवेदन दिएको थिएँ र गृहमन्त्री गौतमज्यूले पनि जिल्ला प्रशासन कार्यालय नुवाकोटको नाममा पत्राचार गर्दै निवेदनउपर १ महिनाभित्र आवश्यक कारबाहीका लागि निर्देशनसमेत गर्नुभएको थियो। उक्त निवेदनका साथमा मैले निम्नलिखित दस्तावेजसहित १९४ पृष्ठको खामबन्दी फाइल दर्ता गराएको थिएँ।

दस्तावेज :

१) मेरो बायोडाटा थान - १
२) गाइजात्राको कोसेली भ्रष्टाचारको वृतान्त - १
३) अवकाश प्राप्त सैनिक सचिव ऋषिकुमार पाण्डेको संस्मरण - १
४) उमेश व. मल्लले ऋषिकुमार पाण्डेका बारेमा लेखेको लेख - १
५) २५/२६ सालमा गरिएको डेमोलिसनको फोटो
६) उपरथी कुमार फुदुङले ऋषिकुमारका बारेमा लेखेको लेख
७) वेत्रावतिवाट चीनसम्म वाटो वनाउँदाको अनुभव
८) अमेरिकामा बार बलोजका एकेडेमिक रिपोर्ट
९) युनियमको अनुभव
१०) बेलायतको स्टाफ कलेजको कोर्स रिपोर्ट
११) १९८१ को श्री ५ वीरेन्द्रका साथमा फ्रान्समा रहँदाको अनुभव
१२) नेपाली सेनाका अधिकृतहरुको २०४५ साल चैत ३० सम्मको सेवाको विवरण
१३) म सेवामा बढुवा हुँदाको विवरण
१४) बाबा कृष्ण दासले घरभाडा नदिएको बारेको लेख
१५) राजाबाट विभिन्न व्यक्तिहरुले वक्सिस पाएको विवरण
१६) कायरोबाट पठाइएको पोष्टकार्ड
१७) बबरशमशेरले हस्ताक्षर गरेर दिएको फोटो
१८) इन्जिनियर कोर्सको फोटो
१९) पार्श्ववर्ती तालिमको अनुभव
२०) इन्जिनियर्स कमान्डको अनुभव
२१) युवराज गौतमको लेख
२२) सिंहदरबार र पशुपतिनाथको केही तथ्य
२३) अस्पताल बस्दाको वृतान्त
२४) रिटायरमेन्टको बेलाको वृतान्त
२५) पदम ठकुराठीका लेखहरु, भूपू प्रहरी महानिरीक्षक डीबी लामाले पाएको बिन्ती पत्र
२६) २०४५ सालको भुइँचालोको रिपोर्ट
२७) राजकुमारी विस्मार्कले लेख्नुभएको चिठ्ठी र रथी ऋषिकुमार पाण्डेलाई जग्गामा परेको दुखेसो
२८) डीबी लामासँगको अनुभव
२९) श्री ५ वीरेन्द्रसँगको विभिन्न अनुभव

यति हुँदाहुँदै पनि मैले न्याय पाउन सकिन सरकार ! ८६ वर्षको वृद्ध म ऋषिकुमार पाँडे अझै कहाँकहाँ धाउनुपर्ने हो ? थाहा पाउँथें कि सरकार ? या त प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रमा राष्ट्रसेवकले यस्तै सास्ती खेप्नुपर्ने हो ?

(क्रमशः)

पूर्वजर्नेल ऋषिकुमार पाण्डेको अनुभव

वर्ष १७, अंक ५, २०७३ फागुन २९ आइतबार

इच्छाशक्ति भएमा गर्न सकिँदोरहेछ

वि.सं. २०२७ साल चैत्रको अन्तिमतिर मलाई शाहिरक्षक बाहिनीपतीकारुपमा राजदरबारमा बस्नेगरी आदेश गरियो। त्यतिबेला म भर्खरैमात्र म.से. भएको थिएँ। उक्त वाहिनीमा स्टाफका रुपमा एकजना बि.एम., एकजना डि.क्यू. एकजना ट्रेनिका अफिसर, एकजना स्टाफ अफिसरको दरबन्दी दिईएको थियो। ट्रेनिङ्ग अफिसर तथा स्टाफ अफिसर दुबैजना उ.से. ९ी० दर्जाका थिए। एकजना सुवेदार दर्जाको, एक जना जमदार दर्जाको र बाँकी तीनजना हबल्दार र नायकहरु थिए। मैले लैजाने अफिसरहरुमा तत्कालिन कमाण्डर इन चिफ सिंह बहादुरले भन्नु भयो 'भान्जा' तिमीले यी स्यन्ड्रसभा कोर्ष गरेकालाई नलैजानु। अरु अफिसरहरुबाट लैजानु। सोही आदेश बमोजिम मैले डि.उम.मा मेजर योगेन्द्र प्रताप राणालाई र मेजर मंसुर विक्रम शाहलाई चयन गरें। त्यसैगरी तालिम अभिकृतमा उ.से. भिक्ट्री राणालाई र स्टाफ अफिसरमा उ.से. पुस्प वहादुर के.सी. लाई छानें। यहि तरिकाले शाहीरक्षक बाहिनीका रुपमा हामी २०२८ साल वैशाखमा दरबार प्रवेश गऱ्यौं। त्यसै वर्षको अप्रिलमा मैले तत्कालै दुई गणका लागी पाँचवटा अफिस कोठा लिएँ। त्यस अघि हामीलाई वस्नका लागि केहि पनि थिएन। ती पाँच कोठा मध्ये एउटा मेरो कोठा, एउटा डि.एम., डि.क्यू. को कोठा तथा दुईवटा कोठा अफिसरहरुका लागि र एउटा कोठा जमदार र सुबेदारका लागि व्यवस्था गरियो। त्यहाँ हामीलाई कपडा चेन्ज गर्ने कोठा समेत थिएन। दुईवटा पल्टनका लागि अफिस क्वाटर मैंले लिएँ। हवल्दार र नायक चाहिं गोरख पल्टनमा बस्न गए। मैले वहाली गरेको दिन पि.एम.एस. र हेड क्वाटरमा कमाण्डिङ्ग चिफलाई पनि रिपोर्ट गरें। दुई दिनसम्म मैले मेरा अफिसर हरुलाई डिउटी एरियामा लगेर घुमाएँ। दुवै गणका डिउटीमा नपरेका सि.ओ.हरुलाई बोलाएर नाचघरमा उनीहरुलाई लेक्चर दिएँ र भनें- 'अहिलेसम्म जे गरेको छ अर्को आदेश नभएसम्म दुई गठाले जिम्मा लिनु।

वेलुकीपख म समेत वाहिनीका अफिसर र गएका अन्य जे.सि.ओ. सबैलाई आफुले आफ्ना सामान-गुल्टा आदि नल्याएको भए भोलि बिहान आउँदा लिएर आउन आदेश दिएँ। म स्वयंले पनि भोलिपल्ट आफुलाई चाहिने जति कपडा र युनिफम लिएर गएँ। हामी सबै अफिसर र जे.सि.ओ.हरुको अघिल्लो पल्टनलेनै प्रबन्ध मिलाएको थियो। अट्याची जे.सि.ओ. र अन्यलाई गोरख बहादुर गणमा प्रबन्ध गरिएको थियो। कालिवहादुरगण त्यतिखेर पश्चिमतर्फ बस्दथ्यो। गोरखबहादुरको सि.ओ. प्रेस हरिवहादुर थापा पनि एक दुई गते देखि सैनिक मुख्यालयमा पोस्टिङ भए।

वैशाख २ गते हामीहरुले लैजानुपर्ने सबै सामान लिएर गयौं। हामी अफिसरहरुका लागि गोरख बहादुरकै भान्सामा खाना खाने ब्यवस्था मिलाएका थियौं। त्यहाँ बि.एम.ले गर्नुपर्ने काम आफ्नो अफिसमा डि.क्यू. सेनानी मंसुरा विक्रम जो मेरो पल्टन फिल्ड कम्पनीमा रहँदा र वाटोकाजमा जाँदा मसंग अनुभव भएकाले उनलाई मैले निर्माण गरेको फिल्ड कम्पनी कालीप्रसादका क्इए तुरुन्त गर्नु भने ए सैनिक प्रहरी लगायत धेरै पल्टनमा राख्न लगाएँ। त्यहाँका क्याब्लरीमा पनि क्इए (Standing order Proceder) राख्ने काम भयो। पछि गएर यो स्यान्डीङ्ग अर्डर कमाण्डर देखि लिएर तल्लोतहको सिपाही सम्मका लागी लागु गरियो। त्यसैगरी कुन ठाउँमा वस्ने र कमाण्डरहरुले के अर्डर दिने भन्ने समेतको प्रारुप तयार पारी एक-दुई हप्तापछि रुजु गुल्ममा जाने कम्पनीलाई स्याण्ड मोंडेलनै बनाएर राखियो। रुजु गुल्ममा खटिएको कमाण्डरले रुजु गूलमका अन्यलाई डिटेल दिन्थ्यो।

हामी गएको तीन चार दिनदेखिनै म स्वयं विहान ६ वजेनै वाहिनीमा बस्दथें र बाहिनीमा गएपछि त्यहाँको विहानको पि.टि. ड्रिल प्रोग्राम अनुसारको ड्रेसका साथ गोरखवहादुरको ग्राउण्डमा पुग्दथ्यौं। दुबै पल्टनका ती परेडमा म र मेरा अफिसरहरु समावेस हुन्थ्यौं। फर्केर आएपछि हामीहरु खानाको समयमा एउटा गणको भान्सामा पुग्थ्यौं। खाना खाएपछि अफिस जान्थ्यौं र अर्डर अनुसारको काममा लाग्थ्यौं। तीन वजेतिर म नेपाली पोशाक लगाएर दरबारको सचिवालमा पुग्थें र त्यहाँ विशेष मानका खातिर मान ए.डि.सि.हरु भेला हुन्थे। त्यहाँ आएका वृद्ध, पाकाहरु राजा महेन्द्र सरकार आफ्नो अफिसतर्फ सवारी हुँदा लाइनमा बसेर सलाम गर्दथे। राजाबाट कसै-कसैलाई केहि हुकुम वक्सिने भए वक्सिन्थ्यो कसैलाई केही जाहेर गर्नु परे गर्थे। दिनको तीन वजे राजाको सवारी हुने गर्दथ्यो। म त्यहाँ जानथालेपछि दुई गणका वटालिएन कमाण्डरहरु जानु परेन। बाहिनीमा म गएको पाँच सात दिनमानै वाहिनीपछि भएर दरवारमा गएकोमा मलाई दामराखी राजामा दर्शन गराइयो। त्यसपछि म तुरुन्त वाहिनीमा आएर मैले मेरो वाहिनीका स्टाफ (दुवै पल्टनका)लाई खेलकुदमा हाजिर गराएँ। यो काम मैले पहिलाको फिल्ड कम्पनी काली प्रसादमा पनि अनिवार्य गरेको थिएँ। खेल परेड सकिएपछि रोलकाल गराउँथें र रोलकालपछि केहि समय मनोरञ्जन गराउँथे। डिउटी नभएकाहरु घर फर्किन्थे।

म त्यहाँ जानासाथ मैले के देखें भने पल्टनका अन्य दर्जाका परिवारबाट जो चारभन्ज्याङ्गभित्र वस्दथे। आफ्ना आफन्तलाई भेट्न आएका वखत केहि खानेकुरा लिएर आएका हुन्थे। तिनलाई उत्तर ढोकाबाट पस्ने प्रबन्ध थियो। उनीहरु वाहिर वाटोमै लाइन लागेर वस्नु पर्थ्यो। आफ्ना-आफन्तलाई भेट्न उनीहरुलाई घन्टौं लाग्दथ्यो। पानी परेको समयमा ओतलाग्ने ठाउँ समेत केहि थिएन। मैले सर्व प्रथम दरबारमा मल्ल जर्साव मार्फत त्यो अवस्थाबारे विन्तिपत्र चढाई दुईतले भवन वनाउनुपर्छ भनें। त्यो स्वीकृत भयो र भवन निर्माणका लागि २६,०००|- वजेट पारित भयो। उत्तर ढोकामा हाल देखिने त्यो भवन मैले नै बनाएको

थिएँ। त्यसले दरवारको सुरक्षाको समेत काम गऱ्यो।

म वाहिनीपति भएर दरबारमा जानु अगाडी दरवारको पल्टन र वाहिरी पल्टन भन्ने भावना थियो र भेदभाव गरिन्थ्यो। यति सम्मकी भित्रको पल्टन र वाहिरको पल्टनले आपसमा पनि अफिसर देखि तल्लो दर्जासम्म कुनै आदर गर्ने चलन थिएन। शुरु-शुरुमा त्यसो भएपनि म गएको केहि समयमै त्यो भावना मेटाई दिएँ। मैले समय-समयमा स्ठ्याण्डटुमा सवै चेक गर्ने वेलामा रुजु गुल्म देखि लिएर अरु व्यक्तिहरुलाई क्इए अनुसारले बसेका छन् कि भन्ने कुराको पनि चेक जाँच गर्थें। कसै कसैले त हतार हतारमा हतियार व्यानेटसम्म नलगेर गएका हुन्थे। दरबारभित्र १०/१२ वटा सेन्ट्री पोष्ट थिए। त्यसमा एकले अर्कोलाई देख्ने गरेर वनाइएको थियो। मैले ती सवै पोष्ट चेक गर्थें को डिउटीमा छ को छैन चेक गर्थें। उनीहरुले मलाई चुस्त तरिकाले हतियारको आवाजका साथ सलामी दिन्थे। मैले चेक गर्ने समयमा एकदम फुर्तिलो डिउटी जसको हुन्थ्यो उसलाई मैले मेरै खर्चबाट २० खिल्लीको एक प्याकेट चुरोट दिन्थें उनीहरुले सवैसाथीहरुलाई वोलाएर वाँडेर त्यो चुरोट खान्थे र मलाई वाहिनीपतिले पुरस्कार दिएको भनेर सुनाउँथे।

वाहिनीभत्र ठूलो मात्रामा, वाहिनीलाई चाहिने भन्दा धेरै विस्फोटक पदार्थ थियो। म आफैं पनि त्यसको विज्ञ भएकोले मैले त्यसलाई राम्रोसंग मिलाएर राख्न लगाएँ। म त्यहाँ गएका वेलामा के देखें भनें त्यहाँका अफिसर देखि जवानसम्मले आफ्नो रासन घर-घरमा लैजाने गर्दथें। मैले त्यो परम्परालाई रोकें। पल्टनका कुनै कुनै सिपाहीले रासन बाहिर लगेर नै खाने गर्दथें। यतिसम्मकी व्यारेकको वत्तिका चिमहरु समेत हराउँथे। फुटवल ग्राउण्डका गोलपोष्टका काठका पोलसमेत गायव हुन्थे। त्यतिवेला ग्यासको चलन थिएन। खाना पकाउन दाउराकै प्रयोग गरिन्थ्यो। त्यतिवेला शासनको क्यालोरी २३/२४ सम्म पनि थिएन। दरबारमा केहि सवारीका समयमा सम्मान गारतका वेला एक-दुई जवान मुर्छा परेर ढल्दथे। त्यो क्यालोरीको कमीकै कारण थियो। रासनको ठेक्का ठेकेदारलाई दिइन्थ्यो। ठेकेदारले पुरा रासन पुऱ्याउन सक्तैनथ्यो र पछि दिन नसकेको रासनको रकम उसले पल्टनलाई दिन्थ्यो त्यो रकम के हुन्थ्यो, नभनौं।

म दरबारमा गएपछि के देखें भने कुनै कार्यक्रममा खटिएका सम्मान गारतलाई मुख्यसमयको सलामी भन्दा २ घण्टा अगाडीनै त्यहाँ पुऱ्याउँथे। म गएपछि आधा घण्टा अधिमात्र पुऱ्याउने व्यवस्था मिलाएँ। म आएपछि धेरै चेन्ज भएको त राजा महेन्द्रले नै देखिबक्सेको थियो। सेन्ट्री पोस्टमा दिएको सलामी देखेपछि उहाँ शुशी होइवक्सेको थियो।

मैले पि.एम.एस. अफिस मार्फत् राजामा के विन्ती चढाएँ भनें- घर वाजवाट फालिएका पुराना ५/६ वटा गटर पाएँ भनें मैले पश्चिमतर्फको जुन पर्खाल छ त्यसमा बनेको वाटोबाट मैले सरकारको सवारी चलाउन सक्छु। त्यो स्वीकृत भयो र ६ फुटको वाटोलाई १२ फुटको बनाइ दिएँ। राजा महेन्द्र पनि त्यसबाट खुशी होइवक्स्यो।

२०२८ सालमा सिंहदरबारमा भिषण आगलागी भयो र जलेर धेरै चोक र त्यहाँका रेकर्ड ध्वस्त भए। त्यतिबेला नेपाली सेना त्यहाँ धेरै खारिएका थिए। दमकलहरु पनि धेरै थिए तर पनि आगो निभाउन सकिएन। त्यसपछि प्रधानसेनापति सिंह वहादुरले नेपाली सेनाका राजदल पल्टनका चारवटा तोप लगेर छुट्याउन खोजे छन्। मैले वाहिनीमा त्यो सनें र तत्कालै पि.एम.एस. मल्ल जर्नेललाई फोन गरेर भनें- 'मेरो पल्टन कालिप्रसादलाई चाहे अनुरुपको विस्फोटक पदार्थ दिइएमा सिंहदरबारको बाँकी भाग बचाउन सक्छु। यो कुरा सरकारमा विन्ति चढाइयो र सोही अनुरुप काम भयो पनि। हाल वचेको सिंहदरबारलाई त्यसरी बचाइएको थियो। त्यस वापत राजा महेन्द्रले मल्ल जर्नेल मार्फत् मलाई दुई पटक धन्यवाद बक्सियो।

उक्त आगलागी पश्चात मैले तुरुन्त दुई वटा क्इए वनाएँ। एउटा प्राकृतिक र अर्को अप्राकृतिक। आगलागी तथा भुइँचालो जस्ता प्राकृतिक प्रकोपमा पल्टनले कसरी दरबारदेखि सबै ठाउँमा प्रबन्ध गर्न सक्छ भन्ने व्यवस्था मिलाएँ। मैले लेखिदिएको उक्त क्इए युवराजधिराजमा पनि पेष भयो र राजा कहाँ पनि डिसकस भयो। त्यसपछि त्यही अनुरुप क्इए राख्नु भन्ने हुकुम भयो। यस्तै किसिमले सैनिक मुख्यालयमा सानो आगलागी भयो। त्यो आगलागीमा त्यहाँका स्टाफहरु तालिम प्राप्त नभएकाले त्यहाँका मुल्यवान कामगजपत्र बचाउने प्रबन्ध समेत भएन। बरु कुनै कामै नलाग्ने सामानहरु प्रोजेक्टलाईट जस्ता चिज तलामाथिबाट फाल्ने काम भयो। त्यस्तो उल्टो कामले के हुन्थ्यो र ? मैले क्इए को व्यवस्था मिलाएँ। त्यसै समयमा राजाको शुभजन्मोत्सव आएकाले मैले नाचघर कम्प्लेक्स अव्यवस्थित किसिमले रहेका दुई वटालियन व्यवस्थित पारें। चाहेको समयमा स्याण्ड मोंडेल गर्नुपर्ने समयमा त्यहाँका कोठाहरु प्रयोग हुन थाले। मैले अफिसरहरुलाई रक्सी, चुरोट खान बन्द गराएँ। खानै परेमा श्री ५ को सरकारको ट्याग लगाएको मात्र मेसमै वसेर खाने व्यवस्था मिलाएँ। त्यतिवेला जुत्ता फुकालेर मेंसमा खाना खाने चलन रहेछ, मैले जुत्ता फुकालेर हैन लगाएरै खाने व्यवस्था मिलाएँ। जुत्ता फुकालेर खाने समय सेनासंग कहाँ हुन्छ र ? यसरी मैले मेंस पनि खोलि दिएँ। मैले मेंस वनाउँदा महेन्द्र सरकारबाट मल्ल जर्नेललाई सोध्नु भन्ने हुकुम भयो। मैले मल्ल जर्साबलाई सौध्दा उहाँले मेस बनाउन कति लाग्छ भने राजाबाट सोधनी भएको वताउनु भयो। मैले भनें- यति सानो काम त हामी आफैं मिलाई हाल्छौं नि भनि जवाफ दिएँ। सोहि कुरा राजामा जाहेर भयो। मल्ल जर्साबले मेरै फाइदाका लागी यो पनि भन्नु भयो कि- 'कर्साव ! दरबारमा काम गर्दा दरबारको आशय बुझेर कामगर्नु पर्छ'। मैले भनें- जर्साव ! मलाई राजाले, युवराजले विश्वास गरेर दरबारमा काम गर्न ल्याएको हुनाले मैले पनि राजा र युवराज दुवैको भलो र राष्ट्रको समेत भलो हुने गरी काम गर्नुपर्छ। दरबारको आसय अनुरुप नै काम गर्नेछु। "अहिले सरकार यति विन्ती चढाई दिनुस् की दश हजार मात्र वकस भए पुग्छ।"

क्रमश :

पूर्वजर्नेल ऋषिकुमार पाण्डेको अनुभव

वर्ष १७, अंक ६, २०७३ चैत ६ आइतबार

इच्छाशक्ति भएमा गर्न सकिँदोरहेछ

सोही १०,०००/- रकमबाट मैले मेस बनाएको थिएँ। राजाको जेठ २१ गतेको शुभ जन्मोत्सवका दिनमा मैले प्रथम मेस नाइट राखें। उक्त अवसरमा सैनिक मुख्यालयबाट प्रमुख अतिथिका रुपमा फिल्ड मार्सल निरशमशेर राणा हुनुहुन्थ्यो। सेनाको कमान्डिङ चिफ, ऋइक, तथा ब्, म:न र बाँकी शाही रक्षक बहिनीका अफिसरहरु समेतको सहभागिता थियो। उक्त मेस नाइटमा विशेषगरी सरकारको विशेष राष्ट्रिय भोजमा हुने तरिका जस्तै अवलम्बन गरिन्थ्यो। मैले त्यो किन गरेको थिएँ भने सरकारको विशेष सवारी हुँदा, राजकीय डिनर हुँदा, त्यसमा अपनाइने प्रोसेसहरु त्यही किसिमले होस्। राजाको सवारीका साथमा जाने सैनिक अधिकृतहरु, पार्श्ववर्तीहरुले पनि त्यो तौरतरिका जानून्। यस्ता मेस नाइटहरु समयसमयमा बडामहारानी, महाराजाधिराज, युवराजहरुकोमा पनि हुने गर्दथे। पछि वाहिनीमा ए:व अफिसमा जाँदासमेत केही समय चलेको थियो। पछि गण अधिकृतहरुले यही मेसमा खाने व्यवस्था भयो। कोठामा बसेर मनपरिसँग रक्सी खानेहरुलाई पनि बन्द गराइदिएँ। यी दुवै बटालियनका दुवै अधिकृतहरुले झापामा २५/२५ बिघा जमिन र त्यसमा केही काम गर्नका लागि पाँच/पाँच हजार बकससमेत पाएका थिए। कालीबहादुर पल्टनका जेसी ओजहरुले पनि मलाई दुईपटकसम्म प्रमुख अतिथि बनाएका थिए।

मैले तालिमका लागि बाहिनीमा एजिटेन्ट र क्वार्टर मास्टरमा क्रमशः गोरखबहादुरमा एजिटेन्ट कामका लागि क्या. विवेक शाहलाई र कालीबहादुरको क्वार्टर मास्टरमा स.से. (सहायक सेनानी) सापकोटालाई लगें। स.से. तिलकबहादुर कुँवर र क्वार्टर मास्टर स.से. भीमबहादुर गुरुङलाई लगें। पल्टनको स्तरोन्नतिका लागि मैले त्यसो गरेको थिएँ। महेन्द्र सरकारको शुभजन्मोत्सवका उपलक्ष्यमा पहिला कालीबहादुर, गोरखबहादुर पल्टनले चढाउने उपहारमा एउटा मामुली तामाको केही बनाएर उपहार दिने गरेको थियो। मैले त्यो परम्परा तोडी एउटा १५ इन्चको चाँदीको मोलंवा लगाएको हनुमानले हाम्रो बाहिनीको लोगो बोकेको आकृतिको उपहार बनाई काठको केसमा राखेर उपहार दिने व्यवस्था मिलाएँ। मेरो ती कामबाट मौसुफ सरकार धेरै खुसी होइबक्सेको थियो। यस्तै उपहार पछि राजा वीरेन्द्रको शुभजन्मोत्सवमा पनि दिएको थिएँ। मैले ती उपहारहरु भोंसेमा कला बनाउने पसल गरेर बसेको एक जना तीर्थ भन्ने मानिसलाई बनाउन लगाएको थिएँ। एमालेकी नेतृ अष्टलक्ष्मी शाक्य त्यही तीर्थकै छोरी हुन्।

राजदरबारको सैनिक परी बनाउँदा पनि जे.सि.ओ., एन.सि.ओ. हरुलाई दुवै गणबाट पठाउने चलन थियो। उनीहरुले सैनिक परीमा पठाउन चाहेनन्, तब मैले आफैं दुवै गणका गणपतिहरुलाई राखी गणका तमाम जे.सि.ओ., एन.सि.ओ.लाई पालैपालो गरी सम्झाई, बुझाईकन सबैभन्दा राम्रा व्यक्तिलाई सैनिक परीमा पठाइदिएँ। यिनै सैनिक परीका जे.सि.ओ., एन.सि.ओ.हरु नै राजदरबारको भित्री सुरक्षा हेर्ने गर्थे। उनीहरुलाई छिटोछिटो प्रमोसन नपाउने हुनाले विशेष भत्ताको व्यवस्था गरिएको थियो। उनीहरुले युनिफर्म र सिभिल क्लोथिङ पनि पाउँथे। सरकारको उपत्यकाभित्रका हरेक कार्यक्रम र बाहिर सवारी हुँदा प्रहरी जनसम्पर्कसित मिलेर पनि काम गर्नुपर्थ्यो। सरकारको अधिराज्यभरि सवारी हुँदा, विदेश सवारी हुँदा सैनिक परी अधिकृत, जे.सि.ओ. र केही अन्य दर्जाकाले पनि चौबीसै घण्टा सुरक्षा प्रदान गर्नुपर्दथ्यो। मैले पनि समयसमयमा सैनिक परीमा गएर काम गरें। म बाहिनीपति हुँदा पनि ब्यारेकभित्र मौला खडा गरिदिएँ।

खेलमा झेल :- दरबारमा पार्श्ववर्तीको फुटबल टिमले गणहरुको टिमसँग वर्षमा एकपटक खेल खेल्ने प्रचलन नै थियो। सोही प्रचलनअनुसार मैले उक्त म्याचलाई आकर्षक बनाउनका लागि बाहिनीका हरेक अधिकृतहरु र पार्श्ववर्ती अधिकृतहरु (डिउटीमा परेकाबाहेक)लाई पालैपालोसँग खेल्ने मौका दिएँ। उक्त खेलमा मैले त्यहाँको इतिहासकार, कवि, जोक्कर, सेक्सन अफिसर निरविक्रम प्यासी 'राणा'लाई समेत खेलाएको थिएँ। उक्त खेलका दुई टिम थिए। एउटा अधिराजकुमार धिरेन्द्र सरकारको र अर्को मेरो टिम थियो। त्यसमा जुन टिमले जित्थ्यो हार्ने टिमका प्रत्येकबाट व्यक्ति १०/१० रुपैयाँ बाजी लिने व्यवस्था गरिदिएँ। त्यो खेल हेर्न राजा-रानी पनि सवारी होइबक्सिन्थ्यो। राजा महेन्द्र विदेश सवारी भएका बेलामा खेलिएको खेलमा मेरो टिमले अधिराजकुमारको टिमलाई हराइदिएको थियो। अधिराजकुमारले पराजयपछि मलाई दश रुपैयाँ दिइबक्सेको थियो तर अरु हार्नेहरुले चाहिँ जित्नेहरुलाई त्यो दश/दश रुपैयाँ नै दिएनन्। उनीहरुले झेल गरे। त्यसै बेलुका मैले हाम्रो अफिसको अगाडिको चौरमा केही पाल लगाई युवराज, युवराज्ञी, अधिराजकुमार धिरेन्द्र सरकारसमेतलाई बारबिक्यु तथा ड्रिंक्सका लागि अनुरोध गरें। सरकारहरुको सवारी भयो र यसमा खुसी भएर एउटा खसी र आवश्यक ड्रिंक्स पनि बक्स्यो। मैले उक्त बारबिक्युको कामका लागि शंकर होटेलको मालिकलाई अनुरोध गरेको थिएँ। उक्त होटेलले प्रख्यात दुई कुक र चार जना हेल्पर पठाएर मद्दत गर्‍यो।

सरकारहरु बेलुका सवारी होइबक्स्यो। त्यतिबेला सवारी रिसिभ गर्न ब्यान्डका ब्यागपाइपरहरुबाट दुई जनाले अगाडि अगाडि म्युजिकका तालमा राजपरिवारलाई गाइड गरियो। ब्यान्ड गुल्मबाट सानो ब्यान्ड पनि लगिएको थियो। सवारी पालमा भइसकेपछि सलामी टक्र्याउने काम भयो। फुटबल खेलमा भाग लिने र अन्य डिउटीमा खटिएका अधिकृतहरुबाट सरकारलाई नाच देखाउने र कला प्रदर्शन गर्ने काम भयो। राजदरबारमा

जोक्करको काम गर्ने निरविक्रम 'प्यासी' राणाले पनि आफ्नो कला देखाए। यसरी तीन घण्टासम्म उक्त कार्यक्रम चल्यो। युवराज वीरेन्द्र सरकार खुसी भएको समय पारेर मैले के जाहेर गरें भनें- सरकार ! यो अगाडिको चौरमा गड एक्स्चेञ्जको सिपाहीको लाइन राख्नुपर्ने हुन्छ। वर्षातका समयमा यहाँ पानी जम्छ र घाँसले गर्दा उनीहरुको बुट पनि बिग्रिरहेको छ। सरकारबाट आदेश पाए यहाँ कंक्रिटको कन्स्ट्रक्सन निर्माण गर्ने थिएँ। सरकारबाट तुरुन्तै स्वीकृति बक्सियो र भोलिपल्टै निकास बक्स्यो। त्यसको केही समयमा नै मैले जुन अहिले बाहिनीको अगाडि ठूलो सिमेन्टेड ग्राउन्ड छ त्यस ग्राउन्डलाई मैले मल्टी प्रवेश गराइदिएँ। रिक्रुटहरुको पासिङ आउट परेड पनि त्यही ग्राउन्डमै हुन्थ्यो। त्यस ग्राउन्डमा मैले भलिबल तथा बास्केटबल खेल्न मिल्ने प्रबन्ध गरें जो आजसमेत त्यसै किसिमले चलिरहेकै छ।

भित्रको पल्टनका कुनै पनि सैनिकले एक्सरसाइज गरिरहेका थिएनन्। मैले गोरखबहादुरको एक पल्टनको कम्पनीलाई डिफेन्स एक्सरसाइजको व्यवस्था मिलाएँ। सो एक्सरसाइज गराउँदा मैले मेरो डि.क्यू. मन्सुराविक्रम र ट्रेनिङको एजिटेन्टलाई पनि अम्पायर राखेर गरेको थिएँ। उक्त एक्सरसाइज तीन दिनसम्म चलेको थियो। म आफैं पनि दिनमा एकपटक जान्थें। त्यो एक्सरसाइज गर्दा गोरखबहादुर गणका अधिकृतहरुले भन्न थाले, 'हामीहरु बुट लगाएर भात खाँदैनौं। मैले भनें- 'भात खानु नखानु मेरो विषयको कुरा हैन। भात नखाए चिउरा खानुस'। उनीहरुले बकस पाउनका लागि राजा महेन्द्रसमक्ष पनि यो खबर पुऱ्याए। त्यतिबेला बकस दिने चलनै थियो।

अर्को पटक मैले पुनः गोरखबहादुरको एक कम्पनीलाई काठमाडौंदेखि नै क्वीक अटेक, अटेक, एड्भान्स डिजायर इत्यादि कामका लागि बाहिनीबाट साङलेखोला, जितपुर हुँदै रानीपौवा भएर तल त्रिशूलीसम्म लगेर त्यो एक्सरसाइजमा म स्वयम् एक दिन बसें। मैले अमेरिकन जीप (टेलर समेत) र कालिप्रसादबाट एसल्ट बोट पनि लगेको थिएँ। त्यो एसल्ट बोटमा मैले गोरखबहादुरका केही अधिकृतहरु (१०/१२ जना जति) लगेको थिएँ। ढिकुरेको सस्पेन्सन ब्रिज तलबाट नदी हुँदै हामीहरु देवघाटतर्फ लाग्यौं। तादी नदीबाट त्रिशूलीतिर आउन लाग्दा बीचमा भुमरी पायौं तर मेरो अनुभवका कारण बोट निकाल्न सकियो। त्रिशूली जाने बाटामा मानिसको हुल अलि बेसी नै थियो। उनीहरु भन्दै थिए- 'तादी नदीले के बगाएर ल्यायो हेर हेर'। हामीहरु त्यहाँबाट पिपलटार पास हुँदै देवघाट आइपुग्दा करिब ५० गज पर पानीको करेन्ट बढी थियो। नयाँ अधिकृत भएकाले डुंगा चलाउन सकेनन्। बोट गएर ढुंगामा कोल्टे पऱ्यो र एक साइडका मानिसहरु खस्न लागे। पौडिन जान्नेहरु पौडेर ढुंगामाथि गए। पौडिन नजान्ने एक जना चाहिँ डुब्न लाग्यो। उसले त मलाई नै तान्न थाल्यो। मैले उसलाई कपालमा समातेर उसलाई ढुंगा भएतर्फ लगेर डुंगा निकालियो। म कालिप्रसादमा छँदादेखि त्रिभुवन विश्वविद्यालयसम्म बाढी आएका बेला डुंगामा चढेर जान्थें। सायद मनै हुँला नेपालको पहिलो राफ्टर। एकपटक त्यो दृश्यावलोकन वसुन्धरा सरकारले समेत बजेट गरिबक्सेको थियो।

उपरोक्त दुई एक्सरसाइजले यी दुई पल्टनलाई त्रिशूली मैथली ब्यारेक आउन पायो। २०२९ सालमा किंग्स ब्यानर विजेताका रुपमा देवीदत्त पल्टन आयो। यसरी पल्टनहरुको आदानप्रदानले गर्दा भित्रका पल्टनले बाहिरको तालिमसमेत लिन पाए। म जानेबेला गोरखबहादुर र कालीबहादुरहरु किंग्स ब्यानरमा तल्लो पोजिसनमा थिए। पछि म बाहिनीमा गएपछि मैले गोरखबहादुर गणमा एम.सी., सी.वी. राईलाई लगें। उनी एक योग्य अफिसर थिए। उनी दोस्रो विश्वयुद्धमा भाग लिएका व्यक्ति पनि हुन्। उनी त्यहाँ गएपछि किंग्स ब्यानरमा गोरखबहादुर तीन पटकसम्म प्रथम भयो। म बाहिनीपति भएपछि निरविक्रम राणा (प्यासी)लाई लगेर नेपालको इतिहासको बारेमा हाजिरीजवाफ कार्यक्रमसमेत चलाएको थिएँ, जसमा राजा, रानी, सेनापति, प्रधानमन्त्री, राजपरिवारका सदस्यहरुको देनका बारेमा सिकाइन्थ्यो। त्यो कार्यक्रम यति कामयावी बन्यो कि त्यसमा भाग लिएकाहरु त हामीभन्दा पनि बढी जानकार बन्न सफल भए। निरविक्रम प्यासीले पनि काम पायो। यो प्रतिस्पर्धामा प्रथम हुनेलाई मैले मेरै खल्तीको पैसाले किनेर एक ठूलो प्याकेट टफी दिन्थें। प्यासीलाई पनि एक प्याकेट टफी दिन्थें। ऊ पनि दंग पर्थ्यो। हाजिरीजवाफ कार्यक्रमबाट पुस्तौं अघिदेखिका कुरा जान्न पाउन जो पछिसम्म कामयाब होस् भन्ने मेरो मनसाय थियो। यसमा विशेषगरी डि.एम.टी. कर्णेल अर्जुन नरसिंह राणाको सहभागिता हुन्थ्यो। उहाँले मलाई के प्रश्न गर्नुभयो भनें- हाम्रो डि.एम.टी. बाट गएका तालिमेहरुलाई सिलेबसबमोजिम किन नसोधिएको ? मैले जवाफ दिएँ- 'के बाहिर भएका पल्टनहरुको क्यारमबोर्ड खेलेको पनि सिलेबसअनुसारै खेलेका हुन र' ? मेरो जवाफ पछि उनी चुप लागे। २०५८ साल जेठ १९ मा राजा वीरेन्द्रको वंशनास हुँदा प्रधानसेनापति प्रज्वलशमशेर हुनुहुन्थ्यो। त्यो घटनापछि उहाँलाई सोधिएको थियो- 'हत्याकाण्ड हुँदा तपाईंले किन सोधपुछ गर्नुभएन' ? यही प्रश्न उहाँलाई मिडियाले पनि सोधेका थिएँ। उहाँले भन्नुभएको थियो- 'दरबारभित्रको विषय केही पनि हामी हेर्दैनौं'। त्यतिबेलाको दरबारको तालिम कसरी चलेको रहेछ भन्ने पनि यसैबाट स्पष्ट हुन्छ। डि.एम.टी.ले मसँग प्रश्न गर्थ्यो भने म बताइदिन्थे कि त्यतिबेला सेनाको तालिम कसरी दिइँदै आएको थियो।

म बाहिनीमा गएपछि के देखें भनें फुटबल ग्राउन्डको नजिक रहेको नक्साल नागपोखरीबाट आएको पानी दुई पल्टन मिलेर छ/सातवटा जति पोखरी बनाएर माछा पालन गरिएको रहेछ तर ती पोखरीका माछा भने गायब हुँदा रहेछन्। ब्यारेकका बिजुलीका बल्बसमेत हराउँदा रहेछन्। म गएपछि दुवै पल्टनका

हठ्ठा-कट्ठा एन.सी.ओ. सिपाहीहरु छानेर आर.पी. बनाइदिएँ। तिनले मेरा ब्रिगेड स्टाफहरुलाई पल्टनका दैनिक रिपोर्ट दिन्थे। खासगरी कालीबहादुर पल्टनका जवानहरु सोह्रखुट्टे पाटीका भट्टी पसलमा गएर रक्सी खाँदा रहेछन् जसका कारण महिनाबारी तलबले नभ्याउने रहेछ। म गएपछि त्यो प्रचलन तोडें तर तुरुन्तै हैन विस्तारै। कालीप्रसाद गणका सिपाहीहरुले बढी भएको भात के गर्दा रहेछन् भने- त्यो भातलाई एउटा ट्वाकमा राख्दा रहेछन् र त्यसमा मर्चा हाल्दा रहेछन्। त्यो भात भोलिपल्ट जाँड बन्दथ्यो जो लोकल वियरका नामले जानिन्थ्यो। त्यसलाई मैले उनीहरुको सिस्टम भएकाले रोकिन, किनभने त्यो फ्रेस जाँडमा भिटामिन ' बि' कम्प्लेक्स हुन्थ्यो। अर्को कुरा मैले के पनि देखें भने सम्मान गारत अर्पणका समयमा कालीबहादुर र गोरखबहादुरका जवान खटिन्थे। त्यतिबेला कालीबहादुरका जवानभन्दा गोरखबहादुरका जवानहरु ढलेर मुर्छा पर्दथे। दुवैका ब्यारेकमात्र क्रय सिस्टमका ट्याबलेट पाइन्थे। यिनीहरुले नजान्दा ती ट्याबलेट बेकम्मा भए। उनीहरु बाथरुममा जाँदा कन्डेन्स मिल्कका ट्वाकमा पानी लिएर जान्थे र त्यो डब्बा पनि त्यही बाथरुमको प्वालमा राख्दथे। जसका कारण बाथरुम जाम हुन्थ्यो र फोहोर हुन्थ्यो। मैले त्यो फ्लसलाई बाथरुमको बाहिर राख्ने व्यवस्था गरिदिएँ। त्यसबाट बाथरुम सफा हुन थाल्यो। मैले अलिपछि फादर मर्डनसँग कुरा गरेर गोदावरी स्कुलमा बनाइएको बच्चाहरुको शौचालय हेर्न दुवै पल्टनका क्वार्टर मास्टर अधिकृतहरुलाई पठाएँ। उनीहरुले त्यो सिस्टम हेरेर आएपछि दुवै पल्टनको शौचालय सिस्टममा परिवर्तन गरे। त्यसपछि शौचालय सफा रहन थाल्यो। यस्तै अर्को प्रयोग मैले के गरें भने जवानहरुले रासनमा पीठो पाउँथे तर उनीहरुलाई रोटी पकाउनै आउँदैनथ्यो। त्यसैले उनीहरुले त्यो पिठो माछालाई खुवाउँथे। मैले फेरि गोदावरी स्कुलका फादर मर्डनसँग भनेर सिपाहीहरुलाई गोदावरी स्कुलमा पठाई केक बनाउन सिकाएँ। उनीहरुले त्यो सिकेपछि पाउरोटी बनाएर खान थाले र रासनमा पनि पिठो नै रोज्न थाले। मैले आरुका रुख रोप्न लगाएँ। आरुको फलबाट जाम बनाउन सिकाएँ।

२०२८ सालमा दीपेन्द्र नवयुवराजको जन्म भयो। न्वारनका दिनमा एउटा भव्य कार्यक्रम भयो। बेलुका दरबारको त्रिशूल सदनमा राजा महेन्द्रको सानो रिसेप्सन भयो। मलाई पनि त्यस अवसरमा बोलाइएको थियो। त्यतिबेला जम्मा २०/२५ जनालाई मात्र बोलाइएको थियो। त्यतिबेलाका प्रधानसेनापतिलाई समेत नबोलाइएको त्यो पार्टीमा मलाई बोलाइएको थियो। अवकाश प्राप्त प्रधानसेनापति सुरेन्द्रबहादुर शाह एक कवि पनि भएकाले बोलाइएको थियो। उहाँले कविता र गजलहरु वाचन गरेर कार्यक्रमको रौनक बढाउनुभएको थियो। हामी आमन्त्रित सबैले दाम राखेर पालैपालो गरी युवराजको दर्शन गरेका थियौं। त्यस अवसरमा मैले के देखें भने- महेन्द्र सरकारको बाध्य तथा भित्री सवारीका बखत प्राप्त भएका उपहारहरु काठको न्याकमा सजाएर राखिएका थिए र मैले राजाको शुभजन्मोत्सव समारोहमा दिएको चाँदीले मोल्ड गरेको उडेको आकारको हनुमान पनि त्यहीं सजिएर रहेको थियो। त्यो देख्दा मलाई अपार हर्षको अनुभव भयो। यसैगरी युवराज दीपेन्द्रको पास्नीमा पनि मलाई आमन्त्रित गरिएको थियो। त्यो बेला पनि महेन्द्र सरकारबाट मलाई नै युवराजको सवारी हुने बग्गीमा दोसल्लासमेत लगाएर बस्ने अवसर दिइबक्सेको थियो। त्यो अवसर त सिनियर पार्श्ववर्तीलाई मात्रै दिइन्थ्यो। त्यो सवारी चलाउँदा मलाई निकै खुसी लागेको थियो। यो मेरा लागि गौरवको कुरा पनि हो। पास्नीका समयमा धौलागिरि हलमा ठूलो पार्टी भएको थियो। त्यतिबेला सरकारले मसँग सोधनी गरिबक्सेको थियो कि- 'नवयुवराजको सवारी चलाउँदा नवयुवराजको अवस्था कस्तो थियो ? मैले जाहेर गरे- 'नवयुवराजको दर्शनका लागि बाटैभरि सबै इच्छुक थिए। नवयुवराजले पनि बाटाभरि कतै अप्ठ्यारो मानिबक्सेन। गणेश स्थानको दर्शनका बेला भने लगाएको दुबोको मालाले नाकमा घोच्दा असजिलो मानिबक्सेको थियो। अरु सबै ठीक थियो।

म बाहिनीमा गएपछि इऋ, ऋइ भएर काम गर्दा पल्टनका केही ठगहरुले बिरामी भयौं भनेर हाजिर गर्न जाँदैनथे। मैले सत्यतथ्य बुझ्दा त कुरा अर्कै रहेछ। तब मैले अफिसरदेखि जवानसम्म सबैलाई ३२ पाने कपि किन्न लगाएँ र सैनिक अस्पताल महांकाल जाँदा अनिवार्यरुपमा त्यो कपि लिएर जानुपर्ने नियम बाँधिदिएँ। त्यसपछि आर्मी अस्पतालका डाक्टरहरुले हामी त्यस्तो गर्न भ्याउँदैनौं भनेर विरोध गरे र दरबारमा एःक सम्म रिपोर्ट गरे। यो कुरा महेन्द्र सरकारमा समेत जाहेर भयो। सरकारबाट पनि हुकुम भयो कि- 'ऋषिले गर्नु भनेबमोजिम गर्नू'। त्यसपछि ती डाक्टरहरुको मुखमा बुझो लाग्यो। त्यही सिस्टम अझैसम्म पनि कायमै छ। बरु फोटो समेतको व्यवस्था गरिएको छ। यो सिस्टम लागू गरिएपछि बिरामीको बहानाबाजी बन्द भयो। मैले बाहिनीमा गरेको परिवर्तन देखेर राजा तथा युवराजसमेत नजर गरिबक्सिन्थ्यो। मेरो कामबाट राजा र युवराज दुवै खुसी होइबक्सेको थियो।

मप्रतिको विश्वासका कारण राजा तथा युवराजमा कसैले मेराविरुद्धमा कुरा उठाउँदा पनि सुनिबक्सन्नथ्यो। दरबारका कार्यक्रमहरुमा शाही झण्डाबाहेक कुनै पनि झण्डाको प्रयोग गर्ने चलन थिएन। डेकोरेसनका लागि चाहिँ नेपालको झण्डा राख्ने चलन थियो। म दरबार गएपछि उडेको हनुमानजीले बाहिनीको लोगो उठाएको झण्डा राख्ने व्यवस्था मिलाएँ। बाहिनीको मोटो 'राजभक्ति, हाम्रो शक्ति' भन्ने थियो।

क्रमश :

पूर्वजर्नेल ऋषिकुमार पाण्डेको अनुभव

वर्ष १७, अंक ७, २०७३ चैत १३ आइतबार

इच्छाशक्ति भएमा गर्न सकिँदोरहेछ

खेलकुद : म १२ वर्षको उमेरमा सन् १९४२/४३ तिर जापानले कुना कुनामा बम हानेकाले स्कुल बिदा भयो। केही समय स्कुल गइनँ। त्यतिबेला काठमाडौं, भक्तपुर ललितपुरका मान्छेलाई हामीले क्रिकेट, फुटबल, हकी जस्ता खेल खेलेर देखायौं। धेरै पछि मलाई एकछिन सायद २०६२ सालतिर हो, नेपालका एटर्निजनरल मोतीकाजी स्थापितले एक भेटमा भन्नुभएको थियो- जुनबेला तपाईंहरु महाँकाल अगाडिको टुँडिखेलमा खेल खेल्नुहुन्थ्यो हामीहरु त्यो खेल देखेर चकित हुन्थ्यौं। भिक्टोरिया स्कुलमा पढ्दा सन् १९४९/५०/५१ तीन वर्षसम्म क्रिकेट, हकी फुटबल तीनवटै खेलमा म अग्रपंक्तिमै रहेर खेले र हरेक बेला मैले नै जित्थें। नेपालमा एउटा धिरेन्द्रको टिम र एउटा मेरो टिम बनाएर पनि खेलिन्थ्यो र १० रुपैयाँको ब्याट राखिएको हुन्थ्यो र राजा वीरेन्द्र पनि स्पोर्टस्म्यान नै होइबक्सिन्थ्यो। उहाँ खेलमा हार्दा पनि जाने बेलामा मुसुक्क हाँसेर गइबक्सिन्थ्यो। धिरेन्द्रसँगको फुटबल खेलमा मेरो टिम विजयी भएपछि धिरेन्द्र सरकारले मलाई १० रुपैयाँ दिइबक्सेको थियो तर अरु हार्नेहरुले चाहिँ जित्ने टिमलाई त्यो १०/१० रुपैयाँ नदिएर खेलमा झेल गरेका थिए।

शिकार : राजदरबारमा छँदा मैले राजा वीरेन्द्रसँग चार|पाँच पटकसम्म शिकारमा जाने शौभाग्य प्राप्त गरेको थिएँ। त्यतिबेला शाही शुक्लाफाँटा तथा बर्दिया राष्ट्रिय निकुन्जमा हामीले शिकार खेलेका थियौं। चितवनमा मौसुफको सवारी हुँदा त पुर्खाका लागि तर्पण दिनका लागि मौसुफले एउटा गैंडासमेत मारिबक्सेको थियो। त्यसैगरी एउटा बाघ पनि मारिबक्सेको थियो। म प्रमुख सैनिक सचिव छँदा मैले पनि मौसुफका तीन दाजुभाइले त्यो खागबाट तर्पण दिइसकेपछि त्यही खागबाट तर्पण दिने सौभाग्य पाएको थिएँ। त्यो फोटा मसँग अझै पनि सुरक्षितै छ। राजा वीरेन्द्र यस्तो शिकारी होइबक्सिन्थ्यो कि अरुलाई बन्दुक चलाउन दिएर त्यो शिकार घाइते भएर भाग्यो भने अरु जति शिकार फेला किन नपरोस् त्यही घाइते शिकारकै खोजीमा सबैलाई लगाइबक्सिन्थ्यो। अरु शिकार गरिबक्सन्नथ्यो। वि.सं. २०२५ साल फागुनमा अफगानिस्तानका नरेश जहिर खाँ नेपाल आउँदा पनि मैले शिकारमा जाने शौभाग्य प्राप्त गरेको थिएँ र त्यो शिकारको सम्पूर्ण बन्दोबस्ती पनि मैले नै मिलाएको थिएँ। त्यसैबेला बाघको शिकार गरिएको थियो।

बाघको शिकार : एकपटकको शिकारका बेलामा भने अप्रत्यासितरुपमा एउटा दुर्घटना भएको थियो। त्यतिबेला अरिंगालको गोलामा गोली लाग्न गएछ र गोला फुटेछ। त्यसपछि सबै अरिंगाल ओइरएर हात्ती, माउते, राजा वीरेन्द्र, अधिराजकुमार ज्ञानेन्द्र, हामीमाथि खनिएका थिए। हात्तीहरु बिच्केर भागाभाग भएको थियो। ज्ञानेन्द्र सरकारलाई लुगाले छोपेर बचाइयो भने बाँकीलाई माउतेले ढड्डीभित्र गएर आगो बालेर बचाएका थिए। बाघको शिकारका लागि हात्तीहरु लिएर जाने चलन थियो। बाघलाई हात्तीद्वारा घेरा हाल्न लागाइन्थ्यो र त्यसरी घेराभित्र परेको बाघलाई राजाले बन्दुक हानेर मार्थे। त्यसरी घेराभित्र परेको बाघ कतै पनि नभागी अगाडि हेरी मात्र रहन्थ्यो। त्यसरी मारिएको बाघको छाला काढेर राजा तथा राणाहरुले घरको बैठक सजाउँथे। राणाहरुका बैठकमा बाघको छालाले सजाइएको र बाघको छेक्सीडर्मी गरी सजाइएका बाघका सजिवजस्ता देखिने मूर्ति अहिले पनि देख्न सकिन्छ। म त्यसलाई एनिमल क्रुवाएल्टीको एक नमुना भन्दछु।

रबरबोट : म फिल्ड कम्पनीको इन्जनियर छँदा २०१८ सालतिर कमाण्ड गरेको थिएँ। २०२४ सालमा मैले कालीप्रसादको कमाण्ड गरें। फिल्ड कम्पनी कमाण्ड गर्दा २०१८/१९ साल भदौतिरको कुरा हो, बाग्मतीमा भीषण बाढी आउँथ्यो र पानी पस्थ्यो। मैले नै २ जना बस्न बन्ने रबरबोट उपलब्ध गराएको थिएँ त्यतिबेला। बाढी आउँदा त्यसैमा बसेर राजराजेश्वरी घाटदेखि त्रिभुवन विश्वविधालयसम्म निकै जोखिम मोलेर बोटिङ गर्थे। एकपटक त्यसको दृश्यावलोकन बसुन्धरा सरकारले समेत गरिबक्सेको थियो। २०२४ सालमा राजराजेशवरी घाटबाट ८/९ जना अट्ने बोटमा पनि मैले नै बोटिङ गरेको थिएँ। २०२८ सालमा त गोरखबहादुर बटालियनको तालिम गराउँदा नुवाकोटका ढिकुरे पुलबाट (सस्पेन्सन ब्रिज) देवीघाट संगमसम्म म पनि त्यो बोट लगेर गएको थिएँ। यसरी म नेपालको प्रथम राफ्टर पनि हुँ। अहिले त थुप्रै राप्टिङ कम्पनी नै खुलेका छन्।

भ्रष्टहरुका कुरा : वि.सं. २०२८ सालमा वीरेन्द्र राजा होइबक्सेपछि दरबारका प्रमुख सचिव रञ्जनराज खनाल, प्रमुख सैनिक रथि शेरबहादुर मल्ल, निजी सचिव नारायणप्रसाद श्रेष्ठ र सहसचिव (प्रेस हेर्ने) चिरनशमशेर थिए। स्वकीय सचिव गेहेन्द्रमान सिंह थिए। गृह मन्त्रालय हेर्ने जिम्मेवारी नारायणप्रसादको थियो। त्यसैबेलादेखि नै गृह प्रशासन तथा प्रहरी सेवामा भ्रष्टाचार बढेको हो। त्यतिबेला खड्गजित बराल नामका एक आईजीपी थियो। उसले त सार्वजनिक भाषणमै (प्रहरीलाई) भनेको थियो - प्रहरी जवानदेखि प्रहरी निरीक्षकसम्मको बैंक ब्यालेन्स एक लाख भएको हेर्न चाहन्छु। ऊपछि दुर्लभकुमार थापामगर आईजीपी भएपछि त ऊमार्फत प्रहरीबाट सित्तैमा राजदरबारको सचिव नारायणप्रसादले

ललितपुरमा तीनवटा घर ठड्यायो। यो कुरा त सबैलाई थाहै छ। रामप्रसाद श्रेष्ठ पुलिसको डीआईजी भएपछि ऊ आईजी बन्न खोजेको थियो तर मुक्तिसेनाबाट विरोध भएपछि ऊ डीआईजीबाटै रिटायर्ड भयो। उसलाई पछि राजा वीरेन्द्रले अञ्चलाधीश बनाइदिए। त्यो मान्छेले अञ्चलाधीश छँदा पनि बदमासी गर्थ्यो र निष्कासनमा पऱ्यो। उसले पछि राजाकहाँ बिन्तीपत्र चढाएर जनसम्पर्क विभागको प्रमुख बनाइयो। ऊ त्यहाँ बस्दा जनसम्पर्कका सबै गोप्य रिपोर्टहरु पूर्वी जर्मनीको दूतावासमा पुग्थे। यो कुरा राजाले थाहा पाएपछि उसलाई त्यहाँबाट पनि निकालियो र त्यो ठाउँमा चाँदबहादुर राईलाई लगियो। रामप्रसाद भन्ने त्यो मान्छे त्यति भ्रष्ट थियो।

बहुदल आएपछि पञ्चायतकालका घुस्याहा भ्रष्ट र मल्लिक आयोगले भ्रष्टाचारी ठहर गरी पेस गरेको प्रतिवेदन नै अझैसम्म लुकाइएको छ। कांग्रेस र एमाले समर्थक पनि त्यसमा परेका कारण त्यसलाई लुकाइएको हो। हिम्मत भए सार्वजनिक गरे हुन्थ्यो नि।

गणेशमानजीकहाँ मेरो आवतजावत : बहुदल आएपछि म गणेशमानजीकहाँ जानेआउने गर्ने। रिटायर्ड हुनुअघि त कामको प्रकृति र चापका कारण त्यति सम्भव भएन। विश्वेश्वर कोइरालाकहाँ भने पदमै रहँदा पनि जाने गर्थे र विकास निर्माणका कुरा गर्ने। गणेशमानजी त मेरो घरमा पनि आउनुहुन्थ्यो। यहाँका फटाहाहरुले मलाई दुःख दिएको देखेर उहाँले आफनो सेक्रेटरीलाई भनेर मलाई सेक्युरिटीको व्यवस्था गरिदिन आदेश दिनुभएको थियो तर त्यो आदेश कार्यान्वियन भने भएन। जगन्नाथ आचार्य गृहमन्त्री छँदा मेरो जग्गा रोक्का र लिलामीमा चढाइयो। गणेशमानजीले त्यतिबेला पनि फुकुवा गरिदिन उनलाई भन्नुभएको थियो तर त्यो पनि कार्यान्वियन भएन। आखिरमा अदालतबाटै मैले न्याय पाएँ।

सिंहमहल सेनाको हेडक्वार्टरका लागि किन्ने मेरो प्रस्ताव- सिंहबहादुर बस्नेत प्रधान सेनापति भएका बखत श्री ५ वीरेन्द्र सरकारबाट सैनिक मुख्यालयलाई राम्रो पार्न का लागि २८ लाख रुपैयाँ बक्स भएको थियो। त्यतिबेला मैले राजासँग भनेको थिएँ मलाई १४ लाख मात्रै बक्स होस् सरकार मैले सिंहमहल (हालको राष्ट्रबैंक थापाथली) र त्यसले चर्चेको ३५ रोपनी जमिन सैनिक मुख्यालयका लागि किनिदिन्छु भनेको थिएँ तर त्यो सुनुवाइ भएन। त्यो २८ लाखले सिंहदरबारले हालको मुख्यालय बनाए। त्यो सिंहमहललाई पछि गएर पायलट बबी शाहका पिता (जो राष्ट्रबैंकमै थिए)ले राष्ट्रबैंकका लागि १६ लाखमा किनाइदिए। अहिले त्यो सिंहमहलको मूल्याङ्कन गर्ने हो भने ५०औं अर्बको सम्पत्ति भएको छ र सैनिक मुख्यालय अहिले भूकम्पबाट ध्वस्त भएको छ भने सिंहमहल केही भएको छैन। जस्ताको तस्तै छ। अहिले सैनिक मुख्यालय बनाउनका लागि सेनाले सरकारसँग दुई अर्बको माग गरेको छ। यस्ता कुरा कसले बुझ्ने ?

सिंहदरबार आगलागीमा मेरो योगदान : २०२८ सालतिर म शाहीरक्षक बाहिनीमा भर्खरै गएको थिएँ। त्यसैबेला सिंहदरबार आगलागी भयो। तत्कालीन प्रधानसेनापतिले चारवटा तोप पड्काएर छुट्टयाउन खोजेका थिए। मैले तत्कालै मल्ल जर्नेलमार्फत श्री ५ महेन्द्रसमक्ष के बिन्ती चढाएँ भने - मेरो पल्टन कालीबहादुरलाई बारुद र विस्फोटक पदार्थ दिइएमा म अगाडिको भागजति तुरुन्तै छुट्टयाएर बचाइदिन्छु। राजाबाट त्यो मञ्जुर भयो र मैले विस्फोटक पदार्थ पड्काएर त्यो अगाडिको भाग बचाइदिएँ। प्रधान सेनापतिले भनेको जस्तो गरेको भए त त्यो पनि बच्ने थिएन।

त्रिभुवन विमानस्थल गौचरको भीभीआईपी लाउन्ज पनि राजा वीरेन्द्रकहाँ बिन्ती चढाएर, जंगी अड्डालाई भनेर बनाएको हुँ। कालीप्रसाद गणको गेट पनि मैले नै बनाएको थिएँ। राजा वीरेन्द्रको पेकिङ भिजिट १९८७ मा नयाँ बानेश्वरको कन्भेन्सन हल बनाउने प्रारुप तयार भएको हो। त्यो बेला राजाको भिजिटसँगै म पनि थिएँ। त्यतिबेला सरकारबाट मेरो पनि रायसल्लाह लिइबक्सकेको थियो।

राजा महेन्द्रले मलाई माया गरिबक्सन्थ्यो : २०२८ साल असारमा नवयुवराजका रुपमा श्री ५ दीपेन्द्रको जन्म भयो र दरबारमा निकै खुसियाली छायो। महाराज सरकारबाट न्वारनको दिनमा एउटा कार्यक्रमको आयोजना गरिबक्सियो जो अत्यन्तै संक्षिप्त थियो। उक्त कार्यक्रममा जम्मा २०/२५ जनालाई मात्र आमन्त्रण गरिएको थियो। ती मध्येमा म पनि परेको थिएँ। त्यसमा सेना प्रमुखलाई समेत बोलाइएको थिएन, बरु अवकाशप्राप्त प्रमुख सुरेन्द्रबहादुर शाहलाई बोलाइएको थियो। उनी एक कवि पनि थिए। त्यो कार्यक्रममा उनले कविता तथा गजल वाचन गरेर कार्यक्रमको रौनक बढाएका थिए। पार्श्ववर्ती शेरबहादुर, दुई/तीन जना साहेब ज्यूहरु तथा अत्यन्तै नजिकका नातेदारहरुलाई मात्र बोलाइएको त्यो पार्टीमा मलाई बोलाइएको थियो जो गौरवको कुरा हो। हामीले नवयुवराजधिराज सरकारलाई पालैपालो दाम राखेर दर्शन गरेका थियौं।

पावरको मिसयुज : वीरबहादुर शाही गृहसचिव हुँदा मैले तत्कालीन मिलिटरी एटाची (दिल्ली) प्र.से. किरणशमशेर थापा हुनुहुन्थ्यो। भारतका गृहसचिवले भारतका आईजीपीहरुलाई कसरी सञ्चालन गर्थे भन्ने जान्नका लागि मैले भारतबाट किताबै मगाएर बाँडेको थिएँ। त्यतिबेला मैले नेपालको गृह र रक्षा दुवै हेर्थे। भारतमा पावरको मिस यूज त्यति हुँदैन जति हामीकहाँ हुने गरेको छ। यहाँ त हेर्नुस् त पूर्वगृहमन्त्रीहरु, सशस्त्रका

प्रमुख, जनपथ प्रहरीका प्रमुख, सेनाप्रमुख त्यो भन्दा तल्लो दर्जाका लगायतले गार्ड, स्टाफ सबै पाउँछन्। मलाई एकपटक भारतका एक जना सेनाप्रमुखले भनेका थिए - मिस्टर ऋषि, तिम्रो देशका सेना प्रमुखहरु त दक्षिण एशियाकै धनी छन्। हाम्रोमा त सेवानिवृत्त भएपछि बल्लतल्ल कतै अलिकति जग्गा जोरजाम गरी एउटा घर बनाएर बस्छन्। तिमीहरुकोमा त २-४ वटा घर नभएका कुनै पनि हुँदैन रहेछन्। त्यो सुन्दा मलाई लाज लागेको थियो। तर के गर्नु र सत्यताका अगाडि शिर झुकाउनु पर्दो रहेछ।

पूर्वमेयर स्थापितसँगको प्रसंग : एकपटक म मेरो घरको गेटबाट कुनै कामले निस्केको थिएँ। मेरो घरै अगाडि करिब एक डेढ वर्षदेखि बन्द अवस्थामा रहेको गोरखा अस्पताल छ। त्यो अस्पताल मेरो छोरा विजयको अंश थियो तर उसले हाल बिक्री गरिसकेको छ। म गेटबाट निस्किँदा साथ एक जना व्यक्तिसँग मेरो जम्काभेट भयो। उसले मलाई साष्ट्रांग दण्डवत् गर्‍यो। मैले सोधें तपाई को हो ? उसले भन्यो- म पूर्वमेयर केशव स्थापित हुँ। मैले भनें- पहिले त तपाई बाघजस्तो हुनुहुन्थ्यो। मर्सडिज कारमा हुँइकिनुहुन्थ्यो। तपाईंलाई भेट्न पनि धौ धौ हुन्थ्यो। अहिले के स्यालजस्तो भएर हिँड्नुभएको ? हिंडनुस मेरो घरमा। त्यसोभन्दा उसले भन्यो - अहिले मलाई रुघा लागेको छ। हजुरलाई पनि रुघा सर्ला। बरु पछि आउँला कुनै दिन भन्दै आफनो बाटो लाग्यो।

राजनीतिका आडमा दादागिरी : त्यसैले नै हो- भोटिनी क्रस बसुन्धरा श्रेष्ठको ४५ फुटको जग्गालाई ७६ फुट कायम गरिदिएको र मेरो घरमाथि घर पारेर नक्साविपरीत घर निर्माण गरेकोमा ५-६ हजार मात्र जरिवाना गरेको। पुनरावेदन अदालतले समेत टप भत्काउने आदेश दिइसकेको छ तर उसले भत्काउँदैन। अदालतको फैसला कार्यान्वियन गराउने संयन्त्र नै नेपालमा छैन। व्यक्तिले पहल गरेर साध्य छैन। हुल इज्जत गर्न आइहाल्छन्। मैले एकपटक पहल गर्दा ४-५ सय मान्छे ल्याएर झण्डै हातपात गरेन। यहाँ राजनीतिक आडमा अपराधिकरण भइरहेको छ। नेताहरुले अपराधीलाई संरक्षण गरिरहेका छन्। उसले पनि नेपाली कांग्रेस र त्यो पार्टीकी नेतृ मैंयादेवी श्रेष्ठको आडमा दादागिरी गरिरहेको छ।

तेस्रो सार्क सम्मेलन र म : तेस्रो सार्क सम्मेलन सन् १९८८ डिसेम्बर २९ देखि ३१ (कार्तिक १६-१८ २०४४) सम्म नेपालको राजधानी काठमाडौंमा सम्पन्न भएको थियो। त्यतिबेला मरिचमानसिंह प्रधानमन्त्री थिए। उक्त सार्क सम्मेलनमा भाग लिन बंगलादेशका राष्ट्रपति हुसेन महम्मद एर्साद, भुटानका नरेश जिग्मे सिंगे वाङचुक, भारतका प्रधानमन्त्री राजीव गान्धी, माल्दिम्सका राष्ट्रपति मौमुम अब्दुल गैयुक, पाकिस्तानका प्रधानमन्त्री खान जुनेजो, श्रीलंकाका राष्ट्रपति जेआर जयबर्धने नेपाल आएका थिए। श्री ५ वीरेन्द्र सरकार सार्कका अध्यक्ष होइबक्सिन्थ्यो। उक्त सम्मेलनको सुरक्षा हेर्ने जिम्मेवारी मैले पाएको थिएँ। त्यतिबेला म प्रमुख सैनिक सचिव थिएँ। थोरै समयका लागि भए पनि मैले सुरक्षा प्रबन्ध राम्रोसँग मिलाएको थिएँ। रानी ऐश्वर्य नै उक्त सुरक्षा व्यवस्था हेर्न पर्यटन सचिवालयमा सवारी होइबक्सेको थियो। त्यतिबेला प्रमुख सेनापति अर्जुन नरसिंह राणा र प्रहरीका आईजीपी हेमबहादुर सिंह थिए। उक्त सार्क सम्मेलनका लागि ४४ लाख रुपैयाँ सुरक्षाका लागि माग गरिएकोमा मैले ४० लाख घटाएँ र पनि चुस्तरुपमा सुरक्षा प्रबन्ध मिलाएको थिएँ। मैले सरकार प्रमुख तथा राष्ट्राध्यक्ष बाहेकका डेलिगेट्सका लागि टुँडिखेलबाट बसमा लैजाने ल्याउने व्यवस्था मिलाएको थिएँ। त्यतिबेला आधा घण्टा मात्र बाटो बन्द गरिन्थ्यो। पछि त भद्रगोल नै भयो। मोदी आउँदा दुई दिन बिदा। दुई अर्ब खर्च। लुटको धन, फुपुको श्राद्ध।

रानी ऐश्वर्यको शुभजन्मोत्सवमा भ्रष्टाचार : रानी ऐश्वर्यको शुभ जन्मोत्सवमा रानीलाई खुशी तुल्याउनका लागि तत्कालीन आईजीपी डीबी लामाले दशरथ रंगशालामा भव्यरुपमा कार्यक्रमको आयोजना गर्थ्यो, बेलुकीपख रानीको जन्मदिवसको केक काट्नका लागि भव्य रिसेप्सन डिनर पनि दिन्थ्यो। त्यसका लागि पाँचतारे होटलबाट डिनर मगाउँथ्यो। त्यो पार्टीमा प्रधानमन्त्री, जंगी तथा निजामती तर्फका उच्च पदस्थ कर्मचारी व्यापारीलाई निमन्त्रणा गरिएको हुन्थ्यो। जन्मोत्सवका उपलक्ष्यमा मेलाको आयोजना गरी विभिन्न किसिमका सामग्रीको बिक्री वितरण गर्ने गरिन्थ्यो र त्यसबाट उठेको रकम प्रहरी परिवार महिला संघको आम्दानीको स्रोत बन्थ्यो। त्यसैबाट डीबी लामाकी श्रीमती बसुन्धरा लामाले धेरै आम्दानी गरी। डीबी लामाले कतिसम्म गर्थ्यो भने बैंकको एउटा साडी पसलबाट रानीको शुभजन्मोत्सवका लागि भनेर उधारोमा कपडा ल्याउँदोरहेछ र तिर्दो रहेनछ। एकपटक म र मेरी श्रीमती केही साडी किन्नका लागि त्यही पसलमा पुग्दा त्यो पसलको साहुले मसँग भन्यो त्यो रकम उठाउने केही उपाय छ कि ?

ती साडीहरु काठमाडौं ल्याएपछि डीबी लामा आफै ट्रक लिएर साडी लिन जहाजको ढोकामै जान्थ्यो। उसले साडीका साथमा सुनसमेत लिएर आउँथ्यो। भन्सार कर्मचारीको कुनै ताकतै हुँदैनथ्यो कि त्यो ट्रकको चेकजाँच गरुन्। त्यसैगरी उसले शुभजन्मोत्सव मनाउने नाममा तराईका १४ वटा भन्सारबाट त्यहाँका एसएसपीहरुबाट पनि उठाउँथ्यो। ठूल्ठूला व्यापारी तथा तस्करहरुबाट पैसा उठाउँथ्यो। मैले त्यो रोक्ने प्रयास गरेपछि उसले मेरो खेदो खन्न थालेको थियो।

गणतन्त्र भन्दै बम विस्फोट : म प्रमुख सैनिक सचिव भएको

भर्खरै ४ महिना मात्र भएको थियो। नेपाली कांग्रेसले सत्याग्रह आन्दोलन चलाइरहेको थियो। त्यसै समयमा काठमाडौंमा बमकाण्ड भयो। राजदरबारभित्र बमकाण्ड भयो। त्यहाँ प्रयोग भएका सबै बम चौधै भन्सारबाट चेकै नभई भित्रिएका थिए भन्ने कुरा मैले जनसम्पर्कबाट बुझेको थिएँ। त्यो दिनमा मेरो छोरा विजयको व्रतबन्ध थियो। उक्त व्रतबन्धमा मैले राजारानीलाई पनि घरमा आमन्त्रण गरेको थिएँ तर बमकाण्डका कारण मौसुफहरुको सवारी हुन सकेन। म तत्कालै राजदरबर गएँ र सिर्जित परिस्थिति सम्हाल्नमा लागें। प्रधानसेनापति अर्जुन नरसिंह राणा हुनुहुन्थ्यो। उहाँ पनि भारतमा छोराको दीक्षान्तका लागि जानुभएको थियो। मैले बम डिस्पोजल सम्बन्धी आफ्नो ज्ञानका आधारमा मेरो पल्टन कालीप्रसाद गणमा फोन गरेर १ जना अधिकृतसहितको एक टोली बोलाएँ। एक ठाउँमा नपडकेको बम पनि रहेछ मैले आफ्नो ज्ञानका आधारमा डिस्पोज गरिदिएँ।

तेजप्रकाश शाहमाथि कारवाही : २०४२ साल असार ६ गते सैनिक प्रहरीका दुई जवान विशाल बजारमा गएर त्यहाँका व्यापारीलाई पेस्तोल देखाएर आर्थिक लाभ गरेछन्। ती दुवैलाई विशाल बजारका प्रहरीले समातेर दरबारमा बुझाएछन्, म घरमै थिएँ। डिउटीमा बसेका सिनियर पार्श्ववर्ती शान्तकुमार मल्लले फोन गरेर घटनाका बारेमा बताए। मैले भने यसको रिपोर्ट मलाई भोलि दिनु। भोलिपल्ट मलाई सबै रिपोर्ट भएपछि त्यसको इन्क्वायरीको जिम्मेवारी धरणीबहादुर कार्कीलाई दिएँ र परेका खण्डमा समरी कोर्ट मार्शल पनि गर्नु भनें। मेरो धारणा के थियो भने पल्टन राम्रो र नराम्रो हुनुमा अफिसरको हात हुन्छ। मैले उक्त काण्डमा स.पं.का. कमाण्डर तेज प्रकाश लगायत तल्लो अधिकृतसम्मलाई सजाय दिएँ। तेज प्रकाशलाई त सरकारका विदेश तथा स्वदेशमा हुने सवारीहरुमा तीन वर्षका लागि प्रतिबन्ध लगाइदिएँ। राजाबाट त यो सजायलाई राम्रो भनिबक्स्यो तर रानीलाई भने मन परेन र रानीकै कारण म ४ वर्षसम्म कामु प्रमुख सैनिक सचिवमै झुलिरहें। रानीकी एक जना दिदी पर्ने कृष्ण शाहको विवाह तेजप्रकाशसँग भएका कारण उनलाई त्यो कारबाही नपचेको हो। तेजप्रकाश शाहकी श्रीमती कृष्ण शाह र जुनु थापाले त्यतिबेला एउटा ब्युटीपार्लर खोलेका थिए। त्यसका लागि चाहिने सम्पूर्ण सामान स्वयम् रानीले नै विदेशबाटै मगाइदिन्थिन्। त्यसको कमाइको हिस्सा रानीको भागमा समेत पर्दथ्यो।

(क्रमशः)

पूर्वजर्नेल ऋषिकुमार पाण्डेको अनुभव

वर्ष १७, अंक ८, २०७३ चैत २० आइतबार

इच्छाशक्ति भएमा गर्न सकिँदोरहेछ

कानुले छाडेका व्यक्तिलाई मैले सुरक्षा कानुन लगाएर थुन्थें: एक दिन म अफिसमै भएको बेलामा राजा वीरेन्द्रले मलाई फोन गरिबक्स्यो र मर्जी भयो- 'ऋषि ! तिमीले त कानुनले छाडेका व्यक्तिलाई पनि सुरक्षा कानुन लगाएर थुनिदिन्छौ रे ! के त्यो सत्य हो ?' मैले भनें- 'सरकार ! आफ्नो सिमानाभरि पूरा सुरक्षा व्यवस्था राम्रो गरे पनि ड्रग्सवालाहरुले भित्रभित्रै देशलाई त खोक्रो पारिसकेछन्।' त्यसपछि राजाबाट मर्जी भयो- ' तिमी रञ्जनराजको अफिसमा जानु र पाँचै जना प्रमुखहरु बसेर छलफल गरी मलाई जतिसक्दो चाँडो छलफलको रिपोर्ट रञ्जनराजमार्फत् दिनु। मैले हस् सरकार ! भनें र तुरुन्तै रञ्जनराजको अफिसमा गएर भेट गरें। रञ्जनराजले मलाई देख्नासाथ भने- 'जर्साबले त कानुनले छोडेका व्यक्तिमाथि सुरक्षा कानुन लगाएर थुन्ने गर्नुभएको रहेछ। मलाई त त्यो ठीक लागेन। कानुनअनुसार चल्नुपर्छ हामी सबै। चिरनशमशेरले पनि रञ्जनकै कुरामा साथ दिए तर नारायण प्रसादले चाहिँ जर्साबले गरेको ठीक हो भने। त्यसपछि ज्ञानेन्द्रमानले पनि मेरै निर्णयमा सहमति जाहेर गरे। त्यसपछि रञ्जनराजले मतर्फ फर्केर भने- यही कुरा राजामा जाहेर गरौं त ? मैले भनें- 'जे चाहनुहुन्छ त्यही जाहेर गर्नुस्। रञ्जनले त्यही कुरा राजामा जाहेर गरे। राजाबाट हुकुम भयो- 'ऋषिले भनेबमोजिम गर्नू। राजाको इच्छा पनि मैले गरेकै अनुसार होस् भन्ने थियो तर रानी भने किचकिच मात्रै गरिरहने र पेल्नमात्र खोज्ने भएकाले मलाई सोधिबक्सेको रहेछ। इन्टरपोलको रिपोर्टबाटै थाहा हुन्छ कि ड्रग्सको काम गर्ने भरत गुरुङ, डीबी लामा र रानीकै पिता केन्द्रशमशेर र नरशमशेरका साथै देशीविदेशी गरी दुई सयजति मानिस संलग्न थिए। त्यो ड्रग्स केसमा भरत गुरुङलाई २० लाख जरिवाना र २० वर्षको जेल सजाय तोकिएको थियो।

गोरखा दक्षिणबाहु नै रानी र रञ्जनराज मिलेर बेच्थे :- रानी र रञ्जनराज मिलेर गोरखा दक्षिणबाहु प्रथम नै दुई लाखमा बेच्थे भन्ने सुन्दा पाठकहरुलाई आश्चर्य लाग्न सक्छ तर कुरा सत्य हो। रामलाल गोल्छा नामका एक जना व्यापारीलाई एक लाख रुपैयाँ खाएर दिलाइएको थियो। गोरखा दक्षिणबाहु प्रथम पाएकै आधारमा उसले गरेका आर्थिक अनियमितता समेत मिनाहा गरिएको थियो। रेवतीरमण रिटायर्ड भएपछि पशुपति महर्जन राजाको निजी सचिव भयो। पशुपति महर्जन नारायण प्रसादको टाइपिस्ट हो। वीरेन्द्र हत्याकाण्डपछि त ऊ राजा ज्ञानेन्द्रको शक्तिशाली प्रमुख नै बन्यो। उसको नरदेवीस्थित घरमा धेरै पार्टीका नेतादेखि उच्च ओहोदावाल व्यक्तिहरु लाम लागेर बसेका हुन्थे।

भ्रष्टाचारको थालनी :- गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री

भएपछि उनको पार्टीका महामन्त्री भएका योगप्रसाद उपाध्यायले भरत गुरुङ र डीबी लामालाई पैसा खाएर छाडे। उनले भरत गुरुङ र डीबी लामासँग ८ करोड खाएका थिए। भरत गुरुङले त आर्मीकोर्टमा बयान दिँदा सबै सम्पत्ति कान्छा प्रभुको हो। मेरो त केही पनि हैन भनेकै थियो नि तर पनि त्यो सबै सम्पत्ति पछि फुकुवा गरी उसैलाई फिर्ता दिइयो। यो देशको दुर्भाग्य हो। ठूलाठूला भ्रष्टाचारको थालनी कांग्रेसले त्यहींबाट सुरु गरेको हो। यी दुई काण्ड नै भ्रष्टाचारका प्रस्थानविन्दु हुन्। त्यसपछि त लाउडा, चेज, टनकपुर के के भए के के। पछि शान्तकुमारले आफ्नो मामा योगेन्द्रप्रताप राणालाई कमाण्डिङ चिफ बनाउनका लागि गिरिजाप्रसाद कोइरालालाई शान्तकुमारकहाँ काम गर्ने कोइराला थरको एक जना सुवेदारमार्फत दुई करोड खुवाइएको थियो। त्यो बेलादेखि नै सेनामा एक जना रथीमात्र रहने व्यवस्थाको साटो दुई जना रथी राख्ने व्यवस्था भएको हो। शेरबहादुर देउवा प्रधानमन्त्री भएपछि त अर्को भ्रष्ट र तस्कर (जेल सजायसमेत भोगिसकेको) डीबी लामालाई मन्त्री नै बनाइदिए।

२०४५ सालको भूकम्पका सन्दर्भमा :- २०४५ सालमा पूर्वमा भूकम्प गएपछि तत्कालीन राजा वीरेन्द्रले मलाई डाकी हुकुम भयो- 'ऋषि तिमी भोलि बिहान १० बजे अफिस गएर प्रधानमन्त्री मरिचमानसँग भेटी के गर्नुपर्छ गर्नू'। म दैनिक रुपमा १० बजे नै गृह मन्त्रालय जान्थें र कति छिटोछरितो राहत उपलब्ध गराउन सकिन्छ त्यसैमा लाग्थें। मैले सरकारमा बिन्ती गरें- 'सरकार ! हाम्रो कलकत्तास्थित कन्सुलर जनरललाई भनी कलकत्ताबाट पालहरु मगाऊँ। काठहरु त सम्बन्धित स्थानकै प्रयोग गरौंला। मैले कहींकतै अनियमितता नहोस् भनी कहाँ र कसरी सामानको बाँडफाँट गर्नुपर्ने हो प्रबन्ध मिलाएर राजाकहाँ नियमित रुपमा रिपोर्ट पुर्‍याउँथें। मैले गृह मन्त्रालयमै एउटा कमाण्ड प्लाटिङको कोठा बन्दोबस्त गरी एक प्रहरी अधिकृतको कमाण्डमा सामान पठाउने व्यवस्था मिलाएको थिएँ। सरकारबाट मलाई दैनिक रुपमा भुइँचालोको प्रतिवेदन दिन मर्जी भएको थियो। त्यसै समयमा प्रधानमन्त्री मरिचमान सिंह र शाही पार्श्ववर्ती म.से. ताराबहादुरले एउटा पुरानो ब्रिटिस हर्किलिज एयरक्राफ्टलाई एक अर्बमा किन्ने प्रस्ताव ल्याएका थिए। राजामा सो कुरा जाहेर हुँदा मैले भनें- 'सरकार ! यत्रो खर्च गरेर ल्याएको त्यो जहाज भोलि भालुको कम्पट हुन्छ। त्यसको मर्मत कहाँ गर्ने ? कहाँको ह्यांगरमा लगेर राख्ने ? भनेपछि त्यो प्रस्ताव क्यान्सिल भएको थियो।

राजा एक्लो परेको अवस्था :- राजा त्यतिबेला एकदमै एक्लो होइबक्सिन्थ्यो। न त भाइहरु आफ्ना थिए, न त रानी नै। त्यसैले राजाबाट एक दिन मरिचमानलाई बोलाएर हुकुम भयो- 'प्र.म. ! तिमीले मेरी श्रीमती, भाइहरु र राजपरिवारका अन्य व्यक्तिले जुनसुकै दबाब दिए पनि, भनसुन गरे पनि नमान्नू। राजालाई सत्य कुरा सुनाएर योग्य व्यक्तिलाई पन्छाउन खोज्ने गुट त्यतिबेला पनि दरबारमा सक्रिय थियो तर राजा वीरेन्द्र प्रवल राष्ट्रवादी र प्रजातन्त्रवादी भएकाले सक्षम तथा राष्ट्रभक्तलाई संरक्षण गरी बक्सिन्थ्यो। कतिपय सचिवहरु त पहिले नै सल्लाह गरेर सामूहिकरुपमै झूटोसमेत बोल्थे। राजाले क्रसचेक गर्दा झूटो बोल्नेको पर्दाफास हुन्थ्यो। पत्रकार पदम ठकुराठी, कर्णेल भरत गुरुङदेखि आईजीपी डीबी लामालगायतलाई राजदरबारकै केही सचिवले काखी च्यापेका रहेछन्। त्यसैले राजाको निर्देशनमा अनुसन्धान गर्दा पनि सत्यतथ्य पत्ता लगाउन एक वर्ष लाग्नुको कारण त्यही थियो। राज्यसत्तामा विदेशीका एजेन्ट, माफिया, भ्रष्टाचारीको बाहुल्य भएकै कारण असल र योग्य मानिसहरु ओझेलमा परेका हुन्। स्वाभिमान संकटमा परेको हो। जनता एकढिक्का हुन नसके संकट गहिरिँदै जान्छ। २०६२/६३ को आन्दोलन विदेशीकै डिजाइनमा भएको हो। देशमा गणतन्त्र विदेशीकै डिजाइनमा आएको हो। हिन्दू राष्ट्रको विस्थापन हिन्दू राष्ट्रकै डिजाइनमा भएको हो र संघीयता पनि विदेशीकै इसारामा आएको हो। शान्ति प्रक्रियाका नाममा एघार अर्बभन्दा बढी रकमको भ्रष्टाचार भएका प्रमाणहरु सार्वजनिक भइसक्दासमेत पुनः हतियार उठाउँछौं भन्ने धमास दिएका भरमा कारबाहीको सट्टा राष्ट्रको सारथी बनाइन्छ। तिनैले नै आज राष्ट्रवादी शक्तिलाई दुश्मन ठानिरहेका छन्।

दरबारमा भारतीय गुप्चरको प्रवेश :- नेपालमा राजा त्रिभुवनका पालामा राणा, राजा र नेपाली कांग्रेसका बीचमा कृत्रिम दिल्ली सम्झौता गराइयो। त्यसपछि राजालाई सहयोग गर्ने नाममा गोविन्दनारायण सिंहका एक व्यक्तिलाई भारतले दरबारको मुख्यसचिव बनाएर पठायो। गोविन्दनारायण वास्तवमा भारतीय गुप्तचर थिए। उनले दरबारभित्रका सबै कुरा दिल्ली पुर्‍याउँथे। २०११ सालमा त्रिभुवनको निधनपछि भने नेपाल दारबारमा विस्तारै भारतीय हस्तक्षेप घट्दै गयो। राजा महेन्द्र एक सच्चा राष्ट्रवादी थिए। उनले नेपाल र नेपाली मिलेर राष्ट्र सञ्चालन गर्नुपर्छ भन्ने। त्यही नीतिअनुरुप उनले पाठ्यक्रम स्वदेशी, मुद्रा स्वदेशी, राष्ट्रभाषा, कला, साहित्य हरेक क्षेत्रमा स्वदेशीलाई प्राथमिकता दिएर संविधानसमेत बनाए। राजा महेन्द्रलाई पनि झुक्याउन खोज्ने सचिव पनि दरबारमै थिए। त्यस्ता सचिवलाई भारतले प्रोत्साहन दिइरहन्थ्यो। त्यो थाहा पाएर महेन्द्रले त्यस्ता षड्यन्त्रकारीहरुलाई बर्खास्त गरे। त्यसपछि भने दरबारका गोप्य सूचना चुहिने क्रम रोकियो। राजनीतिज्ञ, कूटनीतिज्ञ, कला, साहित्य, संगीत पुरातत्व, इतिहास दर्शन, संस्कृति, कृषि, शिक्षालगायतका सम्पूर्ण क्षेत्रका ज्ञाताहरुका बारेमा महेन्द्रलाई जानकारी थियो। उनको समयमा चाकडी र चाप्लुसी गर्ने दुस्साहस कसैले गर्ने हिम्मत गर्दैनथे जसरी राजा वीरेन्द्रलाई उनकै सचिवले झुक्याउँथे। वीरेन्द्रका पालामा त उनका सचिव र अंगरक्षकका घरमा दैनिक जसो भीड नै लाग्ने गर्थ्यो। २०३८ सालमा राजाका एक जना सचिव के भन्थे भने- राजा जनताका माझ जाने कि नजाने ? र कुन व्यक्तिले राजालाई भेट्न पाउँछ, कुनले पाउँदैन, त्यसको निर्णय म गर्छु। ज्ञानेन्द्रको कालमा पनि उनी जिल्ला भ्रमणमा जाँदा होस् वा काठमाडौंमा रहँदा राजाका समर्थक हैन राजाका सचिवका भक्तहरुले नै अवसर पाए। उनले

पनि पाँच/दश प्रतिशत राष्ट्रवादी र आफ्ना चाकडीबाजलाई मात्र काखी च्यापे। उनका वरिपरिका व्यक्ति क्षमतावान्, असल, दूरदर्शी, अध्ययनशील भइदिएका भए परिस्थिति सम्हाल्न गाह्रो थिएन।

दुई ठूला हत्याकाण्ड र तिनका एडीसीको व्यवहार :- राणा प्रधानमन्त्री धार्मिक प्रवृत्तिका व्यक्ति थिए। उनका एडीसी सधैं ९/१० बजेतिर सुत्न जान्थे। यता रणोद्वीपको हत्याको षड्यन्त्र वीरशमशेरले गरेका थिए। ९/१० बजेतिर उनी सुत्न गए भने त आफ्नो योजना नै असफल हुने भएकाले उनलाई रक्सीको बोटलमा अलमल्याइयो। उनका सल्लाहकारका रुपमा कार्यरत काजी लक्ष्मीभक्त पौडेल तथा कर्णेल गम्भीर कटवाललाई पचास/पचास हजार दिने प्रलोभनमा आफ्नो पक्षमा पारिसकिएको थियो। रणोद्वीपको सुरक्षा हेर्ने धर्मपुत्र जनरलध्वज नरसिंह राणालाई नसामा मस्त पारेर आफ्नै घरमा बस्न लगाइएको थियो। त्यही अवसर पारेर रामनाम लेखेर, बसिराखेका रणोद्वीप सिंहको हत्या गरिएको थियो।

राजा वीरेन्द्रको वंशनासको घटना पनि रणोद्वीप सिंहको हत्याकाण्डसँग मिल्दोजुल्दो नै छ। राजदरबारमा जे जस्तो स्टेन्डिङ अर्डरको व्यवस्था मिलाइएको थियो, त्यसको पालना गरिएको देखिँदैन। दरबारका प्रमुखहरु, सचिवहरु र एडीसीहरुको हात नभई त्यत्रो हत्याकाण्ड हुनै सक्तैन। रणोद्वीपको हत्याका समयमा उनको सुरक्षा हेर्ने जनरल ध्वजनरसिंह राणा घरमै नसाले मस्त भएर बसेझैं राजदरबार हत्याकाण्डका समयमा विवेक शाह पनि ठमेलको एउटा रेष्टुरेन्टमा हुनु दालमा कालो नै देखिन्छ। राजदरबारको सुरक्षा हेर्ने एडीसी तथा सुरक्षा प्रमुखहरु पनि कुनै अज्ञात स्थलमा त्यसरी नै नसामा मस्त पो थिए कि। दरबारका प्रमुखहरु रञ्जनराज खनाल, रेवतीरमण तथा दरबारमै हुर्के बढेको पशुपतिभक्त महर्जनहरु पनि लक्ष्मीभक्त पौडेल, गम्भीर कटवाल र ध्वजनरसिंह जस्तै बिकेका पो थिए कि ? गहिराइसम्म पुगेर अनुसन्धान नै गरिएन। खाली घटनाको दोषजति युवराजमाथि थोपर्दै हचुवाका भरमा रिपोर्ट तयार पारेर बुझाइयो। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सार्वजनिक समारोहहरुमै धेरै चोटी भनेका थिए- 'समय आएपछि म त्यो हत्याकाण्डको पर्दाफास गर्नेछु' तर त्यो समय नआइकनै उनको देहान्त भयो। लासको पोष्टमार्टम पनि गरिएन। घटनास्थललाई पनि भत्काएर सबै दसी प्रमाणहरु नष्ट गरिसकिएको छ। अब त खै के आशा गर्नु र। यति चाहिँ म अझै पनि ठोकुवाका साथ भन्न सक्छु कि युवराज दीपेन्द्रमाथि अन्याय भएको छ। जसरी उनलाई छानबिन आयोगमार्फत चित्रण गरिएको छ उनी त्यस्ता कदापि थिएनन्। मरिसकेको मान्छेको टाउकामाथि सबै अवरोधको भारी थुपारी ठूलो अन्याय गरिएको छ। राजदरबारमा झण्डै बीस वर्षसम्म राजा वीरेन्द्रको प्रमुख सुरक्षा सल्लाहकार (प्रमुख सैनिक सचिव)को अनुभव बटुलिसकेको मान्छे हुँ म। आज राष्ट्रका हरेक तह र तप्कामा बेथिति छ। २०६२/६३ को आन्दोलन विदेशीकै डिजाइनमा भएको थियो र त्यसपछि बनेका सरकार पनि सबै गैरजिम्मेवार मात्र भएनन् राष्ट्रघातका सहजकर्तासमेत बन्न पुगे। त्यसको दुःखद् परिणाम हामी आज भोग्दैछौं।

दरबारका केही रत्नहरु :- कुनै पनि राजा सर्वगुणसम्पन्न हुँदैनन्। न त दरबारका कर्मचारी नै। तर पनि महेन्द्र सरकारका समयमा हंसमान सिंह, रेणुलाल सिंह, शारदा प्रसाद प्रधान, लोकदर्शन बज्राचार्य, मधुसूदन राजभण्डारीलगायतका सचिवहरु निष्ठावान् थिए। हंसमान सिंह त अंग्रेजी तथा वेदान्त दर्शनका ज्ञाता नै थिए। हजारौं व्यक्तिसँग उनको सम्पर्क थियो। उनले राष्ट्रलाई काम लाग्ने असल मानिसहरु राजाका नजिक पुऱ्याएर सहजकर्ताको काम गर्थे, स्पेनको इजाबेललाका टोलिका, फ्रान्सको सम्मानित विभूषण तथा बेलायतको जीसीभीओ लगायतका विभूषण तथा पदक पाएका हंसमान दूध र पानी छुट्याउन सक्ने राजहंस समान थिए। त्यसैगरी रेणुलालसिंह राजदरबारका नवरत्नमध्येका एक थिए। उनले सधैं राष्ट्रको चिन्तामात्रै गर्थे। ११९ वर्षमा दिवंगत भएका शिवपुरी बाबाका विषयमा रेणुलालले लेखेको पुस्तक 'राइट लाइफ, टिचिङ, अफ द शिवपुरी बाबा आध्यात्मिक साहित्यको उत्कृष्ट कृतिभित्र पर्छ। राजा महेन्द्र सफल शासक बन्नुका पछाडिको राज पनि यही हो कि उनका सहयोगी असल चरित्रका थिए। राजा ज्ञानेन्द्र असफल हुनुका पछाडिको राज हो उनका सहयोगीहरु अयोग्य हुनु। राजा वीरेन्द्रका केही सहयोगीहरु कस्ता थिए भन्ने बारेमा त माथि नै वर्णन भइसकेको छ।

राजा त्रिभुवन दिल्ली पुगेपछि मोहनशमशेरको नेतृत्वमा एउटा भारदारी सभा काठमाडौंमा बसेको थियो। उक्त सभामा चाकरीदार प्रवृत्तिका केही व्यक्तिले उनलाई श्री ५ बन्न आग्रह गर्दा काजी रत्नमान सिंहले भनेका थिए- 'राणाहरुलाई एबीसी क्लासमा विभाजन गरेपछि राणा प्रधानमन्त्रीहरु बदनाम भएझैं महाराजा मोहनशमशेरले राजको गद्दी हत्याएर श्री ५ को पदवी धारण गरिबक्स्यो भने गुहुको टीका पहिरिबक्सनेछ। (यो प्रसंग जनरल नरशमशेरको जीवनीमा उल्लेख छ।) उनको उक्त सुझावपछि त्यहाँ उपस्थित सबै स्तब्ध भएका थिए। त्यसरी गलतलाई गलत र सहीलाई सही भन्दिनेको संख्या समाजमा अत्यन्तै न्यून हुन्छ। दरबारमा त झन् शून्य नै हुन्छ। त्यसैको प्रभावले होला रत्नमान सिंहका नाति गणेशमान सिंह निर्भिक र स्पष्ट वक्ता थिए। उनले एकपटक मसँग भनेका थिए- 'तपाईंका बुबाले नै हकन्त लामा खोलेको कुस्तीको अखाडामा म पनि चियाउन पुग्थें। उनले गिरिजाप्रसादको एकतन्त्री शैली खप्न नसकेर बरु पार्टी नै त्यागिदिए। उनले एकपटक केसम्म भनेका थिए भने- 'बस पञ्चायतकालमा पनि राष्ट्रियताको धुकधुकी बाँकी थियो तर गिरिजाप्रसादले त त्यसलाई समेत आर्यघाटमा पुऱ्याइदिए। पार्टी नै त्यागेका गणेशमानलाई निधनपश्चात् चारतारे, झण्डा ओढाइयो। हुन पनि त्यो भनाइ एकदमै सत्य हो। कोइरालाकै कारण नेपालको राष्ट्रियता र प्रजातन्त्र कमजोर बनेको हो। त्यसमा विमति छैन।

मलाई त्यति राम्रोसँग थाहा छैन कि, पशुपतिभक्त महर्जन,

शरतचन्द्र शाह, रमेशनाथ पाण्डे, भरतकेशरी, प्रभुशमशेर, योगेश्वर कार्की, सागर तिमिल्सिना, फणिराज पाठक, गजेन्द्र लिम्बुहरु कहाँ छन् ? शरतचन्द्र त मरिसके क्यार। तिनीहरु कुनै बेला कतिसम्म भ्रममा थिए भने पृथ्वी मेरै वरिपरि घुमिरहेको छ भन्ने ठान्थे। सत्यसँग टाढा बस्नेहरु भ्रमको नजिक पुग्नु अस्वाभाविक छैन। आँखा नै चिम्लिसकेपछि दिनलाई रात देख्नु पनि अस्वाभाविक छैन। तिनीहरु आज पनि आफूलाई महान् नै ठान्छन्। त्यही भ्रममा लठ्ठ परेका छन्।

न्यायपालिका, कार्यपालिका र सेनालाई कमजोर पार्न लागिपरेको तत्व कुन हो ?:- यतिबेला नेपालमा राजा छैनन्। गणतन्त्रका नाममा रजाइँ गरिरहेकाहरु अन्धो बनेका छन्। त्यही मौका छोपेर न्यायपालिका, कार्यपालिका संसद्, सेना प्रहरीलगायतका सबै अंगलाई कमजोर पार्ने प्रयास भइरहेको छ र त्यस्ता तत्वलाई हाम्रै घरभित्रका शत्रुले सघाइरहेका छन्। विडम्बना ! हामी भने अन्जान छौं र घातप्रतिघातको सिकार भएका छौं। त्यो तत्वलाई चिन्न सक्यौं र एकजुट भयौं भने मात्र राष्ट्र निर्माणको नयाँ अध्याय सुरु हुनेछ। मलाई त के लाग्छ भने हामीले चिन्नै नसकेर धरती छाड्नुपर्ने बेला आइसक्नेछ।

जर्नेल थापर कि छोरीसँग नाचेको घटना :- भारतीय सेनामा एक जना थापर थरका जर्नेल थिए। म भारतमा ट्रेनिङमा गएका बेला एकपटक रिभर डान्समा जाने अवसर जुरेको थियो। त्यो रिभर डान्स अचम्मको हुन्थ्यो। समुद्र तटमा गएर टेन्टहरु टाँगेर रमाइलो गरिने उक्त कार्यक्रम सबै नाचिरहेका थिए। मेरा समकालीन साथीहरुले मसँग भने कि- तँ जर्नेल थापर कि छोरीलाई उठाएर नचाउन सकिस् भने बल्ल तँलाई पत्याउँला। मैले भनेँ सक्छु। बाजी थापियो र म उठेर सरासर थापरकी छोरीका अगाडि गएर अंग्रेजीमै डान्सका लागि अफर गरें। उनी पनि तयार भइन् र उठिन् अनि हामी नाच्यौं। तर दुर्भाग्य एकैछिनमा मुसलधारे पानी पर्‍यो र म उनलाई लिएर टेन्टभित्र गएँ। केही बेरमा थापर छोरी खोज्दै आउँदा हामीलाई टेन्टभित्र देखेपछि उनले मलाई शिरदेखि पाउसम्म हेरेका थिए। म त्यतिखेर भर्खरको अफिसर मात्रै थिएँ।

मेरो व्यक्तित्वले जर्नेल क्वार्टरमा बास :- म युनिफममा भारत गएको बेला रजौरी जानु पर्‍यो र एक रात त्यहीं बास बस्नुपर्‍यो। मेरा ठाडा जुँगा, गोर्खा ह्याट, ठूलो चश्मा, अग्लो पर्सनालिटी देखेर मलाई त्यहाँ जर्नेल नै ठानेछन् र जर्नेल सुत्ने कोठामा सुत्ने व्यवस्था मिलाए। भोलिपल्ट म त्यहाँबाट हिँडिहालें तर मलाई जर्नेल क्वार्टरमा सुत्ने व्यवस्था मिलाउने सिपाहीले भने गाली खाएछ। किन जर्नेल क्वार्टरमा सुताइस भन्दा उसले भनेछ- 'उसको पर्सनालिटी नै जर्नेलको जस्तो देखें अनि त्यहीं सुताएँ। मेरो पर्सनालिटी त्यस्तो थियो।

क्रमश :

पूर्वजर्नेल ऋषिकुमार पाण्डेको अनुभव

वर्ष १७, अंक ९, २०७३ चैत २७ आइतबार

इच्छाशक्ति भएमा गर्न सकिँदोरहेछ

एउटा असफल शिकार यात्रा :- २०२५ सालको दशैंताका तत्कालीन प्रधान सेनापति सुरेन्द्रबहादुर शाहले मसँग एउटा प्रश्न गर्नु भयो- 'ऋषि ! तपाईंसँग शिकारको कुनै अनुभव छ कि छैन" ? मैले भनें- 'छ नि किन नहुनु'। त्यसपछि उहाँले भन्नुभयो- 'यदि मैले शिकार क्याम्पिङको प्रबन्ध गरें भनें तिमीले त्यसको सबै प्रवन्ध मिलाउनुपर्छ है। मैले हुस् भनें। कुरो के रहेछ भने पूर्वी पाकिस्तानका गभर्नर जनरलले चितवनमा बाघको शिकार खेल्ने विचारले ८/१० दिनको नेपाल भ्रमणको प्रस्ताव पठाएका रहेछन्। त्यतिबेला मैले आफ्नो क्षमता प्रदर्शन गर्ने मौका पाएको थिएँ। मैले त्यसका लागि चितवनको कटारीमा क्याम्प खडा गर्ने विचार गरी ब्यारेक फर्कें।

मन्सुरा विक्रम पनि त्यतिबेला अफिसको कामले काठमाडौंमै हुनुहुन्थ्यो। उहाँ विश्वासी तथा योग्य व्यक्ति हुनुहुन्थ्यो। मैले उहाँलाई आफ्नो सहयोगीका रुपमा सामेल गर्ने विचार गरें। त्यसपछि मैले शिकारका लागि आवश्यक सामग्रीको सूची मुख्यालयमा पठाएँ। दुई दिन पछि नै आवश्यक सामग्री उपलब्ध भयो र हामीले ४/५ दिनका लागि कटारी प्रस्थान गर्‍यौं। त्यहाँ पुगेर हामीले विशाल क्याम्प खडा गर्‍यौं। त्यसपछि चितवन राष्ट्रिय निकुञ्जका अधिकारीहरुसँगै सम्पर्क गर्‍यौं। बस्न र शिकार गर्नका लागि उनीहरुले नै व्यवस्था मिलाए। चितवन राष्ट्रिय निकुञ्जमा त्यतिबेला नरराज थापा नामका एकजना कडा मिजासका अधिकारी थिए। उनको स्वभावलाई मध्यनजर गर्दै त्यहाँका जनताले उनको निकनेम 'भालु भुन्ते' राखिदिएका थिए। उनी चितवनभरी नै त्यही नामले परिचित थिए। मैले उनीसँग सम्पर्क गरें।

भीभीआईपीहरुको आगमन हुन तीन दिनमात्र बाँकी छँदै मैले सम्पूर्ण तयारी पूरा गरिसकेको थिएँ। त्यतिबेला जेनेरेटरको व्यवस्था थिएन। म एउटा सानो टेन्टभित्र सुतेको थिएँ। मन्सुरा अर्को टेन्टभित्र थिए। हामीले जंगली जनावरलाई डिस्करेज गर्नका लागि आगो बालेका थियौं। म आफ्नै टेन्टभित्र स्लिपिङ ब्यागमा सुतिरहेका बेला एकाएक मेरो छैटौं इन्द्रिय जाग्यो र म उठें। मैले टेन्टबाहिर बाँदर आकारको कुनै वस्तु देखें। उसको अनुहार मात्र देखिन्थ्यो अरु देखिँदैनथ्यो। उ मुसुक्क मुस्कुरायो ? मैले मन्सुरालाई त्यो के चिज हो पत्ता लगाउन भनें। उनले पनि मैले भने अनुसार गरे। त्यत्तिकैमा क्याम्पैभरि हो हल्ला भयो र मानिस पक्राउ भयो। उसले दाह्री पालेको थियो। भोलिपल्ट त्यसलाई पुलिसको जिम्मा लगायौं पुलिसले त्यो ..... भएको घोषणा गर्‍यो।

भीभीआईपीहरु आउन १ दिन बाँकी छँदा हामीले एउटा

सूचना पायौं कि त्यो भिजिट क्यान्सिल भएछ। त्यही घटनापछि बंगलादेशप्रतिको मेरो छवि राम्रै छैन। मैले नराम्रो महसुस गरें किनकि मैले मेरो दक्ष व्यवस्थापन प्रदर्शन गर्न पाइनँ। हामीले सम्पूर्ण सामग्रीहरु एक-एक गरी उठायौं। बुझाउनुपर्ने ठाउँमा बुझायौं। त्यो सबै काम मन्सुराले गरे। त्यो घटनाले एकातिर मैले आफ्नो दक्षता प्रदर्शन गर्न पाइनँ भने अर्कोतर्फ चितवन र आरक्षका बारेमा अध्ययन गर्ने ठूलो अवसर प्राप्त गरें।

स्वीस एयरको माउन्टेन फ्लाइट :- यो घटनाको २ दिनपछि मन्सुरा आफ्नो कार्यक्षेत्रमा फिर्ता भए। उनी स्याफ्रुबेँसीमा पहरो ब्लाष्ट गरी बाटो खन्ने काममा व्यस्त थिए। मैले त्यो ठाउँको सामाजिक आर्थिक विषयमा थुप्रै अध्ययन गरेको छु। प्रधानसेनापतिले मसँग त्यो क्षेत्रको बाटोका विषय सोधपुछसमेत गर्नुभएको थियो। मैले पनि जानेबुझेजति सबै बताएँ र मन्सुराले त्यो प्रोजेक्टलाई कसरी सञ्चालन गरिरहेका छन् भन्ने विषयमा पनि बताएँ।

मलाई त्यो क्षेत्रको निरीक्षण गरी कामको प्रगतिबारे जान्ने इच्छा लागिरहेको थियो। सौभाग्यवश पुसको अन्त्यतिर आकाश स्वच्छ भएको मौका छोपेर दृश्यावलोकनका लागि जाने अवसर मिल्यो। हाम्रो (सेनाको) विमान राखिने ह्यांगर नजिकै छ सिट क्षमताका सिंगल इन्जिनवाला दुईवटा विमान पनि राखिएका थिए। तिनले माउन्टेन फ्लाइटको काम गर्दथे। त्यसका एक क्याप्टेन थिए 'हार्डी'। हार्डीसँग मेरो राम्रो सम्बन्ध थियो। मैले उनीसँग स्याफ्रुबेँसीसम्म लैजान अनुरोध गरें। उनले मेरो अनुरोधलाई अस्वीकार गरेनन्। सौभाग्यवश उनलाई पनि केही सामान त्यो क्षेत्रसम्म लैजानुपरेको रहेछ। त्यो जहाजले रेडक्रसका सामान बोक्नेलगायत माउन्टेन फ्लाइटको काम गर्थ्यो। यीबाहेक त्यो जहाजले पर्वतारोहणसम्बन्धी सर-सामान पनि बोकेर लुक्लासम्म पुऱ्याउँथ्यो।

यसरी म हार्डीको जहाजबाट रसुवाको धुन्चेसम्म गएँ। जब जहाज उड्यो म हिमाली श्रृंखलाको दृश्यावलोकन गर्दै गएँ। नुवाकोट काट्ने बेलातिर मैले हार्डीलाई त्यो प्लेन अलि तल झार्न भनें जसबाट मैले आफ्नो पैतृक क्षेत्रलाई राम्रोसँग देख्न सकुँ। मेरा पुर्खा तुलाराम पाण्डे जो नुवाकोट बस्थे तिनले प्रशस्त जमिन आफ्ना छोराका नाममा हस्तान्तरण गरेर गएका थिए। जतिबेला म १० वर्षको थिएँ मेरा पिताले त्यो जमिन मलाई २०४४ सालमा हस्तान्तरण गरेका थिए। मैले त्यो १२०० रोपनी जग्गालाई गीतापलोद्यान बनाउन कृषि विकास बैंकबाट ऋण लिएर अनेक किसिमका बोटबिरुवा रोपें। त्यसका लागि थुप्रै लगानी गरें। मैले त्यहाँ १५०० जति आँपका बोट, ५०० जति लिचिका बोट थुप्रै सिंगापुरे केरा, ५ हजारदेखि १० हजार जति भुइँकटहरका बिरुवा रोपेको थिएँ। त्यहाँ मैले २ वटा पक्की भवनसमेत बनाएँ। त्यसका लागि चाहिने सरसामान, झ्याल, ढोका सबै काठमाडौँबाटै लगेको थिएँ। पछि त्रिशूली-काठमाडौं हाइटेन्सन लाइन जडान भएपछि ढिकुरेस्थित मेरो घरमा बिजुलीसमेत लगेको थिएँ। त्यसबाट त्यहाँका जनता पनि लाभान्वित भएका थिए।

यसैबीच २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि नेपाली कांग्रेस र नेकपा एमालेले मेरो त्यो जग्गामाथि गिद्दे दृष्टि राखी जफत गरे। त्यतिबेला नेपाली कांग्रेसका तर्फबाट भूमिसुधारमन्त्री जगन्नाथ आचार्य थिए भने राज्यमन्त्री एमालेका गणेश पण्डित थिए। वास्तवमा त्यही गीता फलोद्यानकै कारण भालुडाँडा नुवाकोटको गर्व बनेको थियो। थुप्रैले जागिर पाएका थिए। तर ईर्ष्यालु तथा भ्रष्ट नेताका कारण मेरो भालुडाँडास्थित त्यो जमिन अतिक्रमणको शिकार बन्यो। रुखहरु काटिए। घर भत्काइयो। आगो लगाइयो। म अदालतको शरण पर्न गएँ। अदालतले मेरो पक्षमा फैसला गऱ्यो तर तिनै मानिसलाई बारम्बार उचाल्दै मुद्दा हाल्न लगाउँदै गरिएको छ। त्यही प्लेनबाट मैले मेरो जमिनलाई नजिकैबाट नियालें। अन्य नघुमेका स्थानहरु देख्न पाएँ। भन्सुरालो बनाइरहेको बाटो हेरें। म धुन्चे स्याफ्रुबेँसीमा ओर्लिए र हार्डीलाई धेरैधेरै धन्यवाद दिएँ। हार्डीले पनि जहाजमा ल्याएका सर-सामान रेडक्रसका प्रतिनिधिलाई हस्तान्तरण गरे।

दोस्रो पटक स्याफ्रुबेँसी भिजिट :- दोस्रो पटक स्याफ्रुबेँसी गएपछि म एक्लै चिलिमे खोलालाई हेरिरहें। एकछिन घुमेर अवलोकन गरें। चिलिमे खोला माथिको झोंलुगे पुलमा हिंडे। मन्सुरा त्यतिबेला पनि त्यहीं थिए। उनले मलाई आफ्नो क्वार्टरतर्फ लगे। मैले सडक निर्माणको प्रगतिका बारेमा चर्चा गरें। उनले मसँग काम गर्दाका विभिन्न बाधा अवरोधका बारेमा बताए। मैले उनलाई आफ्ना अनुभवहरु सेयर गरें र केही सुझावसमेत दिएँ।

हामी भर्खरै केही ड्रिंक्स लिन लागेका के थियौं ८/१० जा जवान ब्रिटिस विद्यार्थीहरु एक जना प्राध्यापक र गाइड तथा भरियाहरु हामीलाई भेट्न एक्कासि त्यहीं आइपुगे। गाइडले रात्री विश्रामका लागि अनुरोध गऱ्यो। मैले त्यो पूरै टिमलाई ड्रिंक्सका लागि अनुरोध गर्दै कडा लोकल रक्सीको अर्डर गरें। त्यो रक्सी मैले काठमाडौंबाटै लगेको थिएँ। उनीहरु त्यहाँ शैक्षिक भ्रमणमा गएका रहेछन्। उनीहरु त्यहाँ धादिङबाट गएका रहेछन् र त्यसपछिको गन्तव्य लाङटाङ उपत्यका रहेछ। ड्रिंक्स लिइसकेपछि उनीहरुले म र मन्सुराविक्रमलाई डिनरका लागि अनुरोध गरे। सर्वप्रथम प्याजको सलादबाट शुरु गरियो। त्यसपछि उनीहरुले सार्डिन क्यान्स र फ्रेन्च फ्राइ पस्किए। त्यो मेनुले मलाई बेलायत बस्दाको सम्झना ताजा गराइदियो। मैले उनीहरुसँग म विद्यार्थी कालमा बेलायत बस्दाको अनुभव सेयर गरें। उनीहरुले पनि बेलायतको वर्तमान अवस्थाका बारेमा बताए। फिस क्लिपस बेलायतीहरुका लागि हाम्रो दालभात जस्तै हो। हामीले आधा फ्रेन्च फ्राई पनि खान सकेनौं। बाँकी बचेको फ्रेन्च फ्राई विद्यार्थीहरुले प्लास्टिक ब्यागमा राखे जसलाई उनीहरुले अर्को पटकको नास्ताका रुपमा लिन सक्थे।

भोलि बिहानै मन्सुरा र मैले रसुवागढी छाड्यौं। हामीहरु लिगलिग भीरको बाटो नभई अर्को वैकल्पिक बाटोको खोजी गऱ्यौं। बाटामा हामीहरुले दुई युवालाई भेट्यौं। तिनीहरुले आफ्ना दुवै हात बख्खुभित्र घुसाएका थिए। मैले उनीहरुलाई हात बाहिर निकाल्न भनें। उनीहरुले भर्खरै जन्मेका ४/५ वटा टिबेटियन कुकुरका बच्चा देखाए। तिनका आँखा समेत खुलेका थिएनन्। मैले सोधें- 'कहाँ लैजाँदै छौ यी बच्चालाई' ? उनीहरुले भने- 'हाम्रो परम्पराअनुसार जब टिवेटियन कुकुरले २ वटा बच्चा जन्माउँछन् तब एउटा बच्चा राखेर अर्को वच्चालाई आँखा नउघ्रिँदै भोटेकोशीमा फाल्नुपर्छ। त्यसो गर्दा बचेको एउटा बच्चा स्वस्थ रहन्छ'। मैले उनीहरुको परम्परामाथि हस्तक्षेप गरेर त्यसो गर्नबाट रोक्न सकिन।

सैन्य सङ्गठनमा विस्तारः- यो २०२५ साल जेठतिरको कुरा हो। युवराज वीरेन्द्रले शाही नेपाली सेनामा बेलायती शैलीमा सुधार गर्न चाहिबक्स्यो। उहाँले नेपाली सेनालाई विस्तारसमेत गर्न चाहिबक्स्यो। त्यसका लागि उहाँले जर्नेल, कर्णेल, वटालियन कमाण्डर सबैसँग एक एक गरी सल्लाह लिइबक्स्यो। उहाँले सबै वटालियनबाट आवश्यक रायसमेत लिखित रुपमा मागिबक्स्यो। मैले पनि आफ्नो वटालियनको विषयमा मन्तव्य राख्ने अवसर प्राप्त गरेको थिएँ। मैले इन्जिनियरहरुको अनुभव बताएको थिएँ। मैले बेलायत छँदाको अनुभव पनि बताएँ। मैले बम विस्फोटका विषयमा पनि वताएँ जतिवेला म स्कुल अफ इन्जिनियरिङ चेटम, ब्रिगेड अफ गोरखा मलेसियामा कार्यरत् थिएँ। मैले आफ्नो इन्जिनियरिङ रेजिमेन्टको अवस्थाका बारेमा पनि बताएँ। मैले शान्तिकाल र युद्धकालको समयका आवश्यकताका बारेमा पनि बताएँ। मैले अन्य वटालियनलाई भन्दा इन्जिनियर्स वटालियनलाई बढी सुदृढ गर्नुपर्ने मन्तव्य राखें। कम्ब्याट इन्जिनियरिहरु भनेका राष्ट्रको विकासका लागि आधारस्तम्भ हुन भन्ने विचार पनि राखें। युवराज मेरो मन्तव्यबाट अति नै प्रभावित होइबक्स्यो। त्यसैले १ वर्षपछि २०२७ सालमा हाम्रो कालिप्रसाद गणले ८० लाख इक्वीपमेन्टका लागि र ७० लाख सिग्नलका लागि प्राप्त भयो जो मेरै अनुरोधमा प्राप्त भएको थियो। हुमानसिंह कालिप्रसाद युनिटका इन्चार्ज थिए भने म सैनिक हेडक्वाटरमा थिएँ। त्यतिवेलाका प्रधानसेनापति सिंह वहादुर थिए। त्यतिबेला किनेका सामान राख्नका लागि समेत पर्याप्त स्थान थिएन। त्यसैले प्रधानसेनापति र हुमानसिंह मिलेर इन्जिनियर विभागको बजेट अन्य प्रयोजनका लागि खर्च गर्दथें। मैले त्यसका विरुद्धमा आवाज उठाएँ र भने यसो गर्नु भनेको इन्जिनियरिङ विभागका लागि ठूलो क्षति हो। यो कुरा मैले प्रधानसेनापति समक्ष पनि राखें तर मेरो कुराको सुनवाइ कतैबाट भएन।

अफिसर्स मिटिङमै मैले यो पनि भनें कि- 'तल्लो श्रेणी अफिसर र उपल्लो श्रेणीका अफिसरका बीचमा समेत मेसमा विभेद छ'। मेरो यो प्रस्तावलाई राजा भएपछि वीरेन्द्रले स्वीकार गरिबक्सियो। तल्लो श्रेणीका देखि लिएर प्रधानसेनापतिसम्म सबैले एउटै क्वालिटी र एउटै डिजाइनको युनिफर्मको शुरुआत भयो। वीरेन्द्र युवराज छँदादेखि नै सेनालाई सवलीकरणमा ध्यान दिइबक्सेको थियो। वास्तवमा भन्ने हो भने राजा वीरेन्द्र नै राज परिवारको पहिलो व्यक्ति होइबक्सिन्थ्यो जसले नेपाली सेनाका विषयमा बढी रुचि देखाइबक्सियो। जब उहाँ राजा होइबक्सियो, तबदेखि नै म प्रमुख सचिवालयमै थिएँ। मेरो सैन्य जीवनभरि मैले सधैं नै आवश्यक सुझाव मात्रै दिइरहें। मेरा सुझावहरु सधैं गुणस्तर सुधारमैं केन्द्रित हुन्थे। आधुनिक तालिम दिनुपर्छ भन्ने नै हुन्थे। मैले नेपाली सेनाका लागि १० वर्षे प्लानसमेत प्रस्तुत गरेको थिए।

ढुकुरमाथि निसाना :- वेत्रावतीदेखि चीनसम्म जोड्ने सडक विस्तारका समयमा हामीले अत्यन्तै जिम्मेवारीका साथ काम गरेका थियौं। त्यो सडक विस्तारको काम सरल थिएन। अत्यन्तै कठिन र जोखिमपूर्ण समेत थियो। मेरा सहायक मंसुरा विक्रम थिए। उनी इमान्दार र दक्ष व्यक्ति थिए। त्यो बाटो निर्माणका लागि थुप्रै विस्फोटक पदार्थको आवश्यकता थियो।

एकपटक हामी लहरेपिपल भन्ने ठाउँमा आएर केहीसमय विश्राम गऱ्यौं र त्यो बाटो निर्माणका लागि कति विस्फोटक पदार्थको आवश्यकता पर्ला भनेर क्यालकुलेसन गऱ्यौं। साँझपख हामी मणि गाउँ भन्ने गाउँमा पुग्यौं। त्यो गाउँ निम्नहस्तरका जैसी ब्राह्मणहरुको बासस्थल रहेछ। कृषिमा आधारित ती जैसीहरुले पशुपालन पनि गर्दथे। उनीहरुले अत्यन्तै मेहनत गरेर बल्ल तल्ल हातमुख जोदर्थे। आराम गरिरहेकै बेलामा मैले एउटा छाप्राको घरबाट एकजनाले ठूलो मेटलको गिलासभरि चिसो मोही ल्याएर आए। गर्मी निकै थियो र हामी पनि थाकेका थियौं। हामीले त्यो मोही पिएर आनन्द लियौं। हामीले तिनको स्वागतलाई स्वीकार गर्दै केही पैसा दियौं। उनले त्यो पैसा स्वीकार गरे।

त्यसै समयमा एउटा घरको छानामा एउटा ढुकुर बसेको देखें जो हामीभन्दा ६० फिट टाढा थियो। मैले साथमा २२-२८० राइफल लगेको थिएँ। मैले तुरुन्तै आफ्नो राइफल उठाएँ र ढुकुरको छातीमा ताकेंर गोली चलाएँ। मेरो निशाना ठिक ठाउँमा लाग्यो र ढुकुर भुइँमा खस्यो। मेरो चारैतिर बसेका स्थानीयहरु मेरो त्यो अचूक निसाना देखेर आश्चर्यमा परे तर मेरा लागि चाहिं त्यो कुनै नौलो कुरा थिएन।

चियामा झिँगा, खानापछि रक्सी :- वेत्रावतीदेखि चाइना बाटोको रेकि गर्ने क्रममा हामी धुन्चे पुग्यो। धुन्चे रसुवा जिल्लाको सदरमुकाम हो। धुन्चेमा हामी एउटा होटेलमा पस्यौं र चियाको हर्डर गऱ्यौं। त्यो होटेलमा झिँगा यति भन्किरहेका थिए कि त्यो देखेर म आश्चर्यमा परें। आफ्नो गिलासमा झिँगा नपरोस भनेर मैले एउटा कागजको टुक्राले गिलास छोपेँ। मन्सुरा र म एकछिन त्यहाँका स्थानीयसँग कुराकानी गर्दै थियौं। उनीहरु विभिन्न

कामले विभिन्न स्थानबाट आएका व्यक्ति थिए।

जब मैले गिलासबाट कागज हटाएँ र चिया पिउन खोजें तब मैले गिलासभित्रै केही झिँगा देखें र चिया फ्याँकें। मन्सुराको गिलासमा पनि झिँगा रहेछन्। उनले पनि चिया फ्याँके। हामीले चिया फालेको दखेर होटेल मालिकले किन चिया फाल्नुभयो भनेर सोधिन्। मैले कारण बताएँ। उनी त चिया फ्याँकेकोमा आश्चर्यमा पो परिन्। त्यहाँ त चियामा झिँगा पर्नुलाई सामान्य मानिँदो रहेछ। झिँगा फ्याँकेर चिया खाँदा रहेछन्। ती अशिक्षितहरुलाई के हाइजेनिक, के अनहाइजेनिक के थाहा। मैले केहीबेर अर्ति त दिएँ तर सधैं त्यस्तैमा हुर्के बढेका उनीहरुका लागि त्यसले के हुन्थ्यो र। रसुवाको थारे गाउँमा पनि यस्तै एउटा घटना घटेको थियो। थारे गाऊँ तामाङहरुको बस्ती हो। हामी बोके झुण्ड नाउँको एउटा वस्तीमा बास बसेका थियौं। तत्कालिन राष्ट्रिय पञ्चायतका सदस्य लाल तामाङको अनुरोधमा हामी त्यो गाउँमा बसेका थियौं। साँझ परिसकेको थियो। उनैको घरको मानो खाएर उनकै घरमा सुत्यौं। भोलि बिहानै हामी ब्रेक फास्ट लिएर हिँड्नै के लागेका थियौं, लाल तामाङले मलाई एक गिलास लोकल रक्सी पिउनका लागि दिए। मैले बिहान बिहानै रक्सी पिउनु हुँदैन। खराब गर्छ भनेर पिउन अस्वीकार गरे। त्यसपछि हामी आफ्नो गन्तव्यतर्फ लाग्यौं। मलाई पछि थाहा भयो कि बिहान रक्सी खानु त उनीहरुमा लागि साधारण कुरा रहेछ।

हनि हन्टिङको दृश्यावलोकनः- रेकिकै सिलसिलामा हामी भार्खु आइपुगेका थियौं। त्यत्तिकैमा हामीले के देख्यौं भनें एक जना मान्छे डोरीको सहायताबाट एकदमै जोखिम मोलेर पहरामा रहेको मौरीको मह काट्दै थियो। उसलाई तलबाट एक जनाले सहयोग गरिरहेको थियो। यस्तो दृश्य मैले त्यसअघि सायद देखेको थिइनँ। मैले मेरो सिपाहीलाई बोलाएर त्यो मौरी काट्न सहयोग गरिरहेको मान्छेलाई बोलाउन पठाएँ। ऊ तुरुन्तै आयो। मैले ऊसँग त्यो मह एकटिनको कति रुपैयाँ पर्छ भनेर सोधें। उसले भन्यो ४० रुपैयाँ। मैले उसलाई ४० रुपैयाँ दिँदै भनें- 'यो मह बोकेर भार्खुसम्म पुऱ्याइदेऊ। बोकेको पैसा पनि दिउँला। ऊ राजी भयो र हामीसँगै हिँड्यौं। हामी धेरै अघि थियौं। त्यो मह बोक्ने मान्छे र हाम्रा सिपाहीहरु पछि थिए। हामी एक ठाउँमा आएर सुस्ताएका थियौं। मह बोक्ने मान्छे दौड्दै आयो र भन्यो- ' हाम्रो २ जना मान्छे बन्दुकसहित अर्ध बेहोस अवस्थामा पल्टेका छन्'। बोल्दा पनि बोल्दैनन्। मैले केही सिपाही र भरियालाई पठाएँ। उनीहरुलाई दुईवटा बन्दुक पनि दिएर पठाएँ। उनीहरु करिब डेढ घण्टामा आइपुगे। भएको के रहेछ भने उनीहरुले एक एक कप मह पिएका रहेछन्। त्यसैले फुड पोइजन भएको रहेछ। त्यसपछि मैले त्यो महको टिन कसैलाई छुनै दिइन र सुरक्षित राख्न लगाएँ। (क्रमश :)

एक सैनिक अफिसर कुमार फुदुङका दृष्टिमा जनरल ऋषिकुमार पाण्डे

वर्ष १७, अंक १०, २०७४ बैशाख ३ आइतबार

सन् १९६५ तिरको कुरा हो, जतिबेला म क्याडेटमा छनौट भएको थिएँ। त्यसैबेला मैले ऋषिकुमार पाण्डेलाई चिनेको हुँ। त्यतिबेला मेरो आईएमएको ओरिएन्टेसन ट्रेनिङ चलिरहेको थियो। त्यतिबेला उहाँ मेजर हुनुहुन्थ्यो र इन्जिनियरिङ कम्पनी गौचर ब्यारेकको कमान्डर हुनुहुन्थ्यो। उहाँ जुँगा पालेको अग्लो र स्मार्ट हुनुहुन्थ्यो। उहाँ धेरैजसो अंग्रेजीमा मात्रै कुराकानी गर्नु हुन्थ्यो। त्यसैले मेरो सैनिक जीवनमा कहिल्यै नमेटिने छाप छाडेको थियो। जब म देहरादुनमा दुई वर्षका लागि अफिसर्स कोर्समा आईएमएमा भर्ना भएँ, मैले उहाँको व्यक्तित्वसँग मेरा डाइरेक्टिङ स्टाफसँग तुलना गरें। त्यसमा उहाँलाई सधैँ उच्च स्थानमा पाएँ।

सन् १९६० मा म एकेडेमीबाट पास आउट भएपछि सौभाग्यवश मेरो पोस्टिङ उहाँले कमान्डिङ गरिरहेको युनिटमा भयो। त्यतिबेला उहाँ कालिप्रसाद गण (इन्जिनियरिङ)मा लेफ्टिनेन्ट कर्णेल हुनुहुन्थ्यो। म यो आर्टिकल त्यसैबेलाको सम्झनामा लेख्दैछु। त्यो युनिट नयाँ र पुराना अफिसर्सको मिश्रित रुप थियो। मेजर कृष्णप्रसाद शर्माले पुरानो तरिकाको प्रतिनिधित्व गर्नुहुन्थ्यो जो दोस्रो विश्वयुद्ध लडेका पूर्वसैनिक हुनुहुन्थ्यो। उहाँको कुनै पनि स्कुले शिक्षा थिएन। उहाँ युनिटका दोस्रो नम्बरको व्यक्ति हुनुहुन्थ्यो भने जुनियर अफिसरहरु चाहिँ अधिकांश विदेशबाट तालिम लिएर फर्केकाहरु थिए। अधिकांश अफिसरहरु अंग्रेजीमै बोल्थे जसले गर्दा उहाँलाई अलि हीनताबोध हुन्थ्यो र एक किसिमको फ्रस्टेसनसमेत भएको थियो। ऋषिकुमार पनि त्यसै ग्रुपमा हुनुहुन्थ्यो। हामी सबै अंग्रेजीमै बोल्थ्यौं।

जब म युनिटमा ज्वाइन भएँ त्यतिबेला आधुनिक तरिकाका घरहरु थिएनन्। सिपाही, अफिसर सबै पुराना छाप्रामा बस्थ्यौं। त्यस्तैबाट अफिसकार्य सञ्चालन हुन्थ्यो। म पनि एउटा सानो छाप्रोमा बस्थें जसलाई सीओ बंगला भनिन्थ्यो। त्यो अफिसर्स मेसका लागि भनेर सीमित बजेटमा निर्माण गरिएको थियो। सरकारले सन् १९६८/६९ देखि रासन दिने निर्णय गऱ्यो जसले गर्दा अफिसरलगायत सम्पूर्णलाई सजिलो भयो। एक कमान्डिङ अफिसरका नाताले उहाँले रेजिमेन्टका आवश्यकताका बारेमा अनुभव बटुल्दै जानुभयो र उहाँले सबै अफिसरलाई मेसमै खाना अनिवार्यसमेत गर्नुभयो। त्यसले गर्दा त्यहाँ एक प्रकारको पारिवारिक माहौल तयार हुँदैगयो र मनोरञ्जनको वातावरण पनि तयार भयो। हामी जुनियर अफिसरहरु एउटा टेबुलमा गोलाकार भएर बस्थ्यौं तर मेजर शर्माका लागि भने काठको पिर्कामा भान्साभित्रै बसेर खाने छुट थियो। उहाँ एक टिपिकल

ब्राह्मण हुनुहुन्थ्यो।

सैनिक जवानका लागि केही समस्या थियो त्यसैले पुराना फुसका छात्रालाई माटाका घरमा परिणत गरियो र त्यहीँ अन्य दर्जाका लागि मेसको व्यवस्था मिलाइयो। अब मेस सफा पनि देखियो। युवा अफिसर र अन्य दर्जाका सिपाहीको मेसमा एकरुपता देखियो। एक कमान्डिङ अफिसरका नाताले ऋषिकुमारले हामीलाई सधैँभरि गुणस्तर सुधारका लागि निर्देशन दिनुहुन्थ्यो। त्यसैगरी उहाँले ब्यारेक निर्माणका लागि बजेटको माग गर्नुभयो तर सेनाले चाहिँ अन्य इन्फेन्ट्री युनिटका लागि प्राथमिकता दिएको थियो।

त्यसैगरी उहाँले आफ्नो युनिटलाई कडा परिश्रम गर्न ल्याउनुहुन्थ्यो जो कम्ब्याट इन्जिनियरका लागि आवश्यक नै थियो। म सुरुका दिनमा हतियार तालिम अफिसरका रुपमा अनुबन्धित थिएँ। किनकि मैले 'प्लाटुन विपन कोर्स' गरेको थिएँ। उहाँले समयसमयमा त्यो कोर्षका बारेमा पनि निरीक्षण गर्नुहुन्थ्यो। मलाई अझै पनि सम्झना छ कि उहाँले छाउनी एरियामा गरिने फायरिङको समेत निरीक्षण गर्नुहुन्थ्यो। उहाँ मेरो कार्यबाट सधै खुसी रहेको मैले पाएको थिएँ। उहाँ बास्केटबल, फुटबलजस्ता खेलमा पनि अत्यन्तै रुचि राख्नुहुन्थ्यो। फुटबल टिमको त उहाँ स्वयं क्याप्टेन नै हुनुहुन्थ्यो। यो सन् १९६७/६८ तिरको कुरा हो। म पनि त्यो टिमको सदस्य थिएँ। टिमको एक सदस्यका नाताले म अझै सम्झन्छु कि उहाँ एक उत्कृष्ट खेलाडी हुनुहुन्थ्यो। हाम्रो टिम फाइनलसम्म पुग्न सफल भएको थियो। यद्यपि गोल गर्न भने सकेन। उहाँ सधैँभरि नेतृत्व र व्यवस्थापनका लागि उत्कृष्ट व्यक्ति हुनुभयो। उहाँलाई मैले हरहमेशा ऊर्जावान तथा धैर्य अफिसरका रुपमा पाएँ। उहाँ खेललाई सधैं प्राथमिकतामा राख्नुहुन्थ्यो र फुटबल, बास्केटबलजस्ता खेल खेल्न लगाउनुहुन्थ्यो। त्यसले गर्दा सिपाही तथा अफिसरहरुको स्वास्थ्य पनि राम्रो हुन्थ्यो। शरीरलाई एक्सरसाइज पनि पुग्दथ्यो। त्यसैले गर्दा पछि किंग्स ब्यानर कम्पिटिसन जित्न सफलतासमेत दिलायो। ब्यारेकमा अब्स्टेकल कोर्सको सुरुआत पनि उहाँले नै गराउनुभयो जसले सेनाको प्रोफेस्नालिजममा पनि सहयोग पुऱ्यायो। त्यसबाहेक ट्रेन्च, बंकर तथा हतियार गारदको प्रबन्ध पनि उहाँले नै मिलाउनुभएको हो।

उहाँ सधैँभरि एक हाइक्लास अफिसर्सका रुपमा रहनुभयो। उहाँ एक सानो सिट्रोन कार चढ्नुहुन्थ्यो। पछि उहाँले एक शक्तिशाली जापानी होण्डा मोटरसाइकल आयात गर्नुभयो। त्यस्तो मोटरसाइकिल त्यतिबेला सडकमा कमै देखिन्थे। उहाँको आत्मसम्मानका साथ हिँड्ने बानी तथा प्रखर अंग्रेजी भाषाका कारण काठमाडौंको सम्रान्त परिवारको ध्यानाकर्षण भएको थियो। उहाँको व्यक्तित्वले नै उहाँको विचार सुन्न बाध्य पार्दथ्यो।

बोर्डिङ स्कुलमा पढेको भए पनि उहाँ धार्मिक प्रवृत्तिको व्यक्ति हुनुहुन्थ्यो र पशुपतिका भक्त हुनुहुन्थ्यो। उहाँ पैदलै पशुपति दर्शन गर्न नित्य रुपमा जानुहुन्थ्यो। उहाँले कहिलेकाहीँ मलाई पनि पशुपति क्षेत्रका सम्पदाको दर्शनार्थ आग्रह गर्नुहुन्थ्यो जो हाम्रो ब्यारेकबाट करिब दुई किलोमिटरको दूरीमा अवस्थित छन्।

उहाँ कहिलेकाहीँ आफ्नो युनिटका समस्याहरुलाई लिएर समाधानका लागि जंगी अड्डा जाने गर्नुहुन्थ्यो। उहाँले थुप्रै रिक्त दरबन्दीहरु पनि ल्याउनुभएको थियो जो युवा अफिसर तथा अन्य दर्जाका लागि भारत तथा तेस्रो देशमा तालिमका लागि मागिएका थिए। छोटो समयमै युनिटका थुप्रैले इन्जिनियरिङ कोर्स गर्ने अवसर पाएका थिए। शाही नेपाली सेनाका थोरै अफिसरमध्ये उहाँ पनि एक हुनुहुन्थ्यो जसले विदेशमा गएर विभिन्न तालिमहरु लिने अवसर प्राप्त गर्नुभयो। त्यसकै कारण उहाँले सधैँभरि नेपाली ऐनामा राम्रो स्थानमा काम गर्ने मौका पाउनुभयो।

खालि समयमा उहाँले हामीलाई आफ्नै निवासमा तास खेल्न पनि बोलाउनुहुन्थ्यो। कहिलेकाहीँ उहाँ खेलमा हार्नु हुन्थ्यो। क्याप्टेन मदन खत्री नामका स्थानीय व्यावसायिक जुवाडे हाम्रो युनिटमा सरुवा भएर आएका थिए। एक दिन मैले ती मदनका नाममा उहाँले चेकमा सही गर्दै गरेको पनि देखें तर त्यो सबै सुविचारपूर्वक गरिएको थियो। मैले उहाँलाई कहिले पनि केयरलेस खेलाडीका रुपमा देखिन। उहाँ जहिले पनि मनोरञ्जनका लागि होसियारीपूर्वक खेल्नुहुन्थ्यो। हामी जुनियर अफिसरहरु तास खेलेर सधैं मनोरञ्जनमात्र गर्थ्यौं।

उहाँको हिँडाइ र आफूभन्दा सिनियर अफिसरहरुमाझको उहाँको प्रस्तुतिकै कारण नेपाली सेनामा उहाँको राम्रो छवि स्थापित भएको थियो। जसका कारण उहाँलाई देश विदेशमा तालिममा जाने अवसर बारम्बार मिल्यो। वास्तवमा भन्नुपर्दा आधुनिक नेपाली सेनामा उहाँ एक सोकेस नै हुनुहुन्थ्यो जसलाई विदेशीले पनि मान्दथे। नेपाली सेनामा मात्र हैन दरबारभित्र पनि उहाँको छवि त्यत्तिकै राम्रो थियो, जसका कारण उहाँ श्री ५ को सैनिक सचिव बन्न सफल हुनुभयो।

उहाँ सेनाका अन्य दर्जाकासँग पनि त्यत्तिकै घुलमिल गर्न सक्नुहुन्थ्यो। उहाँ युनिटको एक प्रकारको विशेष खाना (बडा खाना) सेनाको वार्षिकोत्सव तथा अन्य पर्वहरुमा आयोजना गर्नुहुन्थ्यो। कहिलेकाहीँ उहाँ बाग्मतीमा बाढी आएका बेला सेनाको रबर बोटमा बोटिङ गर्न निस्किनुहुन्थ्यो। वास्तवमा भन्नुपर्दा उहाँ शाही नेपाली सेनाको इन्जिनियरिङ डिभिजनभित्रको एक पायोनियर व्यक्तित्व नै हुनुहुन्थ्यो। त्यत्तिकैमा उहाँ नेपाली सेनाको मुख्यालयमा सरुवा हुनुभयो। त्यतिबेला उहाँको इन्जिनियरिङ विभाग एक रेजिमेन्टका रुपमा थियो भने अहिले त्यो ब्रिगेड लेभलमा परिणत भएको छ। पछि मैले ब्रिगेड कमान्डरका रुपमा सेवा गर्ने बेलामा मैले के पाएँ भने त्यो सबै उहाँकै देन थियो।

त्यही ब्रिगेडले आज ठूलै दक्षता हासिल गरेको छ। उदाहरणका लागि इलेक्ट्रिसियन, प्लम्बर, मिस्त्री, बेल्डरलगायत थुप्रै दक्ष जनशक्ति उत्पादन गरिसकेको छ। पुल निर्माणमा पनि थुप्रै इन्जिनियर ओभरसियरहरु संलग्न छन्।

केही समयका लागि म आफ्नै कारणले व्यस्त भएँ। त्यो व्यस्तता मेरो अध्ययनका सिलसिलामा भएको थियो। जनरल ऋषि राजदरबारको शाही रक्षक बाहिनीमा सरुवा हुनुभएको थियो। त्यसैले गर्दा उहाँ र मेरो केही वर्षका लागि सम्पर्क अलि कम भयो। जब मैले कालिबक्स गणको कमान्ड सम्हालेँ उहाँले मलाई एक सिनियर इन्जिनियरका रुपमा सपोर्ट गर्नुभयो। नेपाल सरकार आफैंले गर्ने सिभिल कन्स्ट्रक्सनहरु धेरै खर्चिला हुन्थे त्यसो हुनुको पनि कारण त त्यो के भने उनीहरुको अभिलाषा, क्षुधा उच्च हुन्थ्यो जो सेनामा थिएन। म कमान्डिङ अफिसर भएर खटेको सोमदाङ सडक अत्यन्तै रिमोट एरियामा पर्दथ्यो जो १२००० फिटको उचाइमा थियो। मलाई के प्रमाणित गरेर देखाउनुथियो भने सेनाले निर्माण गर्ने सडकको लागत धेरै नै न्यून हुन्छ। त्यो एक अनुशासित जनशक्ति तथा व्यक्तिगत व्यवस्थापनकै कारण थियो। त्यतिबेला ममाथि थुप्रै प्रशासनिक झन्झटहरु पनि नआएका हैनन् तर पनि मैले आफ्नो लक्ष्य पूरा गरिछाडें। त्यसको जस म दरबारका सैनिक सचिवलाई नै दिन चाहन्छु। जसले मलाई दह्रो सपोर्ट गर्नुभएको थियो।

आफ्ना प्राथमिक दिनहरुमा त्यतिबेला उहाँ सैनिक सचिव हुनुहुन्थ्यो उहाँलाई राष्ट्रिय सुरक्षा हेर्ने जिम्मेवारीसमेत दिइएको थियो। राजदरबारभित्र थुप्रै च्यालेन्जहरु थिए। त्यो पञ्चायतको अन्तिम दिनतिरको कुरा हो। त्यस्तो बेलामा पनि मैले उहाँलाई निकै सक्रियरुपमा पाएको थिएँ। त्यसैबीच देशमा प्रजातन्त्रको स्थापना भयो र प्रजातान्त्रिक सरकार गठन भयो।

उहाँ सधैंभरि पुर्खा तथा वंशपरम्पराप्रति गर्व गर्नुहुन्थ्यो जसले राजा तथा राजतन्त्रको सभक्तिपूर्वक सेवा गर्‍यो र राष्ट्रको एकीकरणमा योगदान पुर्‍यायो। उहाँ आफैंले पनि स्व. राजा वीरेन्द्रको सेवा लामो समयसम्म गर्नुभयो। सर्भिसकै दर्मियानमा उहाँले नेपालका थुप्रै भू-भागको भ्रमण गर्नुभयो। त्यसैगरी उहाँले थुप्रै राष्ट्रको पनि भ्रमण गरेर आफ्नो योग्यताको प्रदर्शन गर्नुभयो। उहाँ यस्तो सैनिक अफिसर हुनुहुन्थ्यो जोसँग थुप्रै अनुभवहरु थिए। यतिबेला उहाँ रिटायर्ड लाइफ बिताइरहनुभएको छ तर पनि जवानीकै समयको झैं जोश र जाँगर छ। म उहाँको दीर्घ र स्वस्थ्य जीवनको कामना गर्दछु।

(क्रमशः)

पूर्वजर्नेल ऋषिकुमार पाण्डेको अनुभवमा

वर्ष १७, अंक ११, २०७४ बैशाख १० आइतबार

उपमन्यु गोत्रीय पाँडेवंशको कुलदेवता पूजाविधि

हरेक १२ वर्षमा गोरखाको खोप्लाङ्ग भुसुण्डी खोलाको छेउमा गणेश पाण्डेका सन्ततिहरु मिलेर मनाइने कुलदेवताको पूजाको आफ्नै विशेषता छ, जो अरुको पूजाविधि भन्दा नीति नितान्त फरक छ। पाँडे वंशको इतिहास बुझ्नका लागि पनि पाँडेवंशको कुलदेवता पूजा विधि जान्नु आवश्यक छ। नयाँ पुस्ताका लागि आफ्नो कुलधर्म, कुल परम्परा र कुलको गौरवमय इतिहास जान्नु अत्यन्तै आवश्यक छ। त्यति जानेपछि मात्रै उनीहरुले राष्ट्रभक्ति के हो भन्ने बुझ्न सक्ने छन् र त्यसका लागि प्रेरणादायी भूमिका निर्वाह गर्न सक्नेछन्।

मूलत : कुलदेवता पूजा पुर्खाको मान सम्मानका खातिर आफ्नो कुलधर्मलाई स्मरण गर्दै आफ्नो कुलको अभिवृद्धिका खातिर गरिने पूजा हो। काठमाडौंका उपमन्यु पाँडेहरुले आफ्ना गौरवशाली पुर्खाको स्मरण गर्दा नयाँ तथा पुराना पुस्ताले यो पूजा मनाउँदै आएका छन्। आफ्ना गौरवशाली पुस्ताको स्मरण गर्ने क्रममा काजीकालु पाँडे तथा काजी तुलाराम पाँडे स्मृति स्मृति प्रतिष्ठान स्थापना भईसकेको छ र काठमाडौंको दहचोकमा काजी कालु पाँडेको प्रतिमा समेत स्थापना भइसकेको छ। अब कुलदेवता पूजा स्थलमा वृक्षारोपण गर्ने योजना अनुरुप कार्यारम्भ गर्न मात्र बाँकी छ।

कुनै जमाना यस्तो पनि थियो कि सारा इतिहास श्रुति-संस्कृतिमा बाँचेको थियो तर अब त्यो जमाना छैन। अब त विभिन्न जाती र वर्गले आफ्नो पुर्खाको इतिहास तथा संस्कृतिको खोजी तथा पहिचानमा आफूलाई समर्पित नै गरिरहेका छन्। त्यसको फलस्वरुप उनीहरुका इतिहास पनि लेखिंदै गएका छन्। त्यसै सन्दर्भमा नेपालको पाँडे वंशले पनि आफ्ना पुर्खाको सम्मान तथा धर्म र संस्कृतिको रक्षार्थ चासो देखाउन थालिसकेका छन्।

कुलदेवताको पूजा सबै वर्ग र समुदायले आ-आफ्नै तरिकाले गर्दै आएको सर्वविदितै छ। नेपालका पाण्डेहरु पाँडे, पाण्डे, पाण्डेय, लेखक, शर्मा इटनी, बडु, लौंडारी, विष्ट, भूमिहार, मौआर, मगर, जैसी गुरुघराना आदि नामले परिचित छन र ती सबैको आ-आफ्नै इतिहास छ र कुलपूजा विधि पनि आ-आफ्नै छन्।

तीमध्ये कतिका त इतिहास तथा कुलपूजा विधि प्रकाशित नै भइसकेका छन् भने कतिका प्रकाशोन्मुख छन्। कतिले खोजकार्य

जारी राखेका छन्। उपमन्यु गोत्रिय पाण्डेहरुको पनि कुलपूजा विधि लिखितरुपमा आइसकेको छ र उनीहरुको इतिहास पनि प्रकाशित छ। करिबब वि.सं. १८१४ तिरबाटै पाँडेहरुले काठमाडौंलाई मुख्य थलो बनाएको देखिन्छ। काजी तुलाराम पाँडे गोरखा राज्यको राजदूत भएर काठमाडौं आएदेखि यहाँ पाँडेहरुको बसोवास हुन थालेको हो। ती पाँडेहरु गोरखा, नुवाकोटतिरबाटै काठमाडौं छिरेका थिए। यिनै पाँडेहरुले प्रत्येक १२ वर्षमा गोरखाको भुसुण्डी खोलाको छेउमा कुलदेवताको पूजा गर्ने गर्छन्। उक्त पूजामा उपमन्यु गोत्रका सम्पूर्ण पाँडेहरु भेला हुने परम्परानै बसिसकेका छ। त्यसैले पाँडेहरुको कुलपूजाका समयमा भुसुण्डी फाँटमा एक प्रकारको मेला नै लाग्दछ। अनगिन्ती पालहरु टाँगेर पाँडेहरुले आफ्नो उपस्थिति जनाएका हुन्छन्। पूजामा तयार पारिएको प्रसाद त्यहाँ उपस्थित सबैलाई वितरण गरिन्छ। त्यतिबेला ब्राह्मण, क्षेत्री, जात-भातको विवाद हुँदैन। रातभरी मादल तथा अन्य बाजा बजाएर नाचगान गर्दै रात बिताइन्छ र भोलिपल्ट मासु-चिउराको भोज खाएर पूजा समापन गरिन्छ। पूजाको प्रसाद घर लैजान पाइँदैन।

खोप्लाङ्ग कुलदेवता उत्पत्तिको कथा

पाँडे वंशका मूलपुरुष गणेश पाँडे को थिए ? र उनी गोरखामा कसरी आइपुगे भन्ने विषयमा एकमत स्थापित हुन सकिरहेको छैन। कसैको भनाइअनुसार उनी भारतको कुमाउँबाट आएका हुन भन्ने छ भने कसैले उनलाई कुमाउँबाट आएको नभई जुम्लाबाट आएको बताएका छन्। जुम्लाबाट आएको बताउनेमा योगी नरहरी नाथ पहिला व्यक्ति हुन्। योगीले पूर्व रथि ऋषिकुमार पाँडेलाई २०४० सालतिर भनेअनुसार ' पाँडेहरु तत्कालीन समयको शक्तिशाली राज्य जुम्लाका राजाका प्रधानमन्त्रीका उत्तराधिकारीहरु हुन्। जुम्लाको त्यतिबेलाको राजधानी 'हाटसिंजा' थियो जो रारा तालको दक्षिणी भेकमा पर्दछ। जुम्ला राज्यको त्यतिबेलाको सिमाना पश्चिममा श्रीनगरदेखि गंगानदीसम्म र पूर्वमा मुकुन्दसेनको सिमानासम्म फैलिएको थियो। पाल्पाका राजा मुकुन्दसेन प्रथमले जुम्ला पुगेर त्यहाँका राजासँग उनका मन्त्रीलाई आफ्नो राज्यमा लैजान दिन अनुरोध गर्दा जुम्लाका राजाले मन्त्री त दिन सक्तिनँ तर उनका योग्य पुत्रलाई लैजानुस भनी मुकुन्दसेनका साथमा पठाइदिएछन्। आफ्नो छोरालाई मुकुन्दसेनसँग पठाउने बेलामा उनलाई दिने चिज केही नभएपछि कुलदेवता नै दिएर पठाए छन्। ती व्यक्ति नै गणेश पाँडे थिए। पछि गएर पाल्पा राज्य टुक्रिने क्रममा चौबीसी राज्यमा परिणत हुँदा निराश भएका गणेश पाँडे पूर्वतिर लागेछन् र गोरखाको छोप्राक गाउँको बेलवासमा आएर बसेछन्।

गणेश पाँडेले पाल्पाबाट कुलदेवता लिएर आउने क्रममा घटेको एउटा रोचक कथा यस्तो छ। 'कुलदेवता साथमा लिएर आउँदै गर्दा गणेश पाँडे गोरखाको खोप्लाङ्ग आइपुग्दा थकानका कारण दिउँसै निदाएछन्। सोही समयमा उनका कुलदेवताले तिमी यहीं बस। म पनि यहीं बसुँला। प्रत्येक १२ वर्षमा फागु पूर्णिमाको दिनमा यहाँ आइ तिमीले मेरो पूजा गर्नु भनी आदेश दिएकाले त्यही ठाउँमा शिव, शक्ति, सूर्य, बिष्णु र गणेश पाञ्चायन कुलदेवताको स्थापना गरेछन्। त्यो बेलादेखि नै त्यो ठाउँमा प्रत्येक १२ वर्षमा उपमन्यु गोत्रिय पाँडेहरुले पूजाआजा गर्दै आएका हुन। गणेश पाँडे चाहिँ कुलदेवतालाई त्यो ठाउँमा स्थापना गरी त्यसको उत्तरतर्फको रमणीय स्थान अमिलिहिटी भन्ने स्थानमा गएर घर जमगरी बसेछन्। त्यहाँ बस्दाबस्दै उनले आफ्नो प्रभाव पनि विस्तार गर्दै लगे र पछि त्यहाँका घले राजाको स्थानमा द्रव्य शाहलाई स्थापित गर्न सफल भए। त्यसपछि उनी शाह राजाहरुको तीन पुस्तासम्म मन्त्री भएर सेवा गर्ने अवसर पाए। उनको यो चातुर्यतापूर्ण कार्यलाई पाँडे वंशले कुलदेवताको वरदानका रुपमा लिने गरेको छ। गणेश पाँडेले सल्यानको युद्धमा वीरगति प्राप्त गरेका थिए। राम शाहको पालामा त पाँडे वंश छ थर घरका रुपमैं सूचीकृत भएको थियो र मन्त्री मण्डल निर्माणमा त्यसैलाई नै मूलआधार मानेर चयन गर्ने गरिन्थ्यो। सोही अनुसार काजी कालु पाण्डे, काजी वंशराज पाँडे, काजी दामोदर पाँडे, काजी तुलाराम पाँडे काजी जगजित पाँडे, काजी रणजीत पाँडे तथा कपर्दार भोटु पाँडे जस्ता भारदारहरु नेपालीको एकीकरण कार्यमा मुख्य रुपले सक्रिय भएर लागेका थिए भने प्रशासन कार्यमा काजी बलभञ्जन पाँडे, जंगवीर पाँडे, सिंहवीर पाँडेहरु कार्यरत थिए।

रणबहादुर शाहको बौलठ्ठीबाट पाँडे र उनका सन्ततिहरुको वि.सं. १८६० मा जुन विनाश कार्य भयो। त्यस्तै कार्य बारम्बार दोहोरिएर नेपालको इतिहास कलंकित बनेको छ। इतिहासमा भएको त्यो घात-प्रतिघातको घटनालाई पाँडे वंशले कहिल्यै विर्सन सक्तैन पनि राष्ट्र सेवामा समर्पित गणेश पाँडेका सन्ततिहरुले देश र नरेशको सेवामा आफूलाई सबै समर्पित गरी त्यो क्रमलाई टुट्न दिएका छैनन्।

पाँडे र पाण्डे कसरी भए ?

पाँडे वंशका मूलपुरुष गणेश पाँडेले दुईवटी श्रीमती विवाह गरेका थिए। ती दुईमध्ये एउटी ब्राह्मणी थिइन् भने अर्की क्षेत्रीनी थिइन। जेठी ब्राह्मणीका तर्फबाट जन्मेका सन्तानहरु पाण्डे ब्राह्मण भए भने दोस्रो क्षत्रिनीका तर्फबाट जन्मेका सन्तानहरु क्षेत्री हुन गए। ब्राह्मणी पट्टिका सन्तान मध्ये अधिकांश गोरखामैं बसे भने क्षेत्रिनीपट्टिका सन्तानहरु काठमाडौं आए र दरबारमा सैनिक सेवामा समर्पित भए। ब्राह्मणी तर्फबाट जन्मेका पाण्डेहरु

र क्षत्रिनी तर्फबाट जन्मेका पाँडेहरु दुवै गणेश पाँडेकै सन्तान हुन् र कुलदेवता पूजा पनि सँगसँगै मिलेर गर्छन्। यी दुवैथरि पाँडे-पाण्डेले प्रत्येक १२/१२ वर्षमा कुलपूजा गर्ने गर्छन्। १२ वर्षमा एकपटक कुलपूजा गर्ने प्रचलन अन्य कुनै पनि वर्गमा पाइँदैन। सवैले वर्ष-वर्षमा गर्ने चलन छ।

१२ वर्षमा कुलपूजा गर्ने परम्परा कसरी बस्यो ? भन्ने सन्दर्भमा पनि तथ्यपरक उदाहरण दिइएको छ। यो प्रचलन गणेश पाँडेकै पालादेखि चलिआएको हो। राजदरवारको सैन्य सेवामा समर्पित पाँडेहरुलाई वर्ष-वर्षमा मात्र हैन १२ वर्षमा पनि सामेल हुने सम्भावना नहुने भएकाले यो परम्परा वसालिएको हो भन्ने भनाइ छ। अर्को भनाई के पनि छ भने काठमाडौंमा भएका राजनीतिक परिवर्तनले पनि कुलपूजामा परिवर्तन आएको हो। १२ वर्षमा एकपटक गरिने भएकाले जुनसुकै परिस्थितिमा पनि पाँडेहरुले आफ्नो कुलपूजामा सहभागिता जनाउने गर्छन्। वि.सं. १९७० ताका कर्णेल विष्णु पाँडेका निमित्त अत्यन्त ब्यस्त समय थियो। बेलायतको समर्थनमा नेपालले प्रथम विश्वयुद्धका समयमा रिक्रुट जम्मा गर्नुपर्ने समय थियो। उनलाई कुलपूजामा जानबाट श्री ३ चन्द्र शमशेर रोक्ने निकै प्रयास गरेका थिए। तर आफ्नो कुलधर्म, परम्परा तथा संस्कृतिप्रति अपार श्रद्धा भएका र कडा स्वभाव समेत भएका कारण उनले 'मेरा निमित्त कुल देवता प्रत्यक्ष छन् नगई हुँदैन भनेर अडान लिएका कारण श्री ३ चन्द्र शमशेर समेत गलेछन् र 'त्यसो हो भने मेरो तर्फबाट पनि एउटा कालो चोको चढाई दिनु' भनेर पूजामा जाने स्वीकृति दिए छन्। यो कुरा वुढापाकाहरु अझै पनि सुनाउने गर्छन्।

कुलदेवताको स्थल र पूजाविधि

पाँडे वंशका कुलदेवता रुखमुनि पातले छोपिएको अवस्थामा हुन्छन् जो गोरखा खोप्लाङ्ग भुसुण्डी खोला पारीको जंगलमा राखिएको हुन्छ। पुजाका समयमा पुजारीले पातहरु निकालेर कुलदेवतालाई निकाल्छन्। कुलदेवता निकाल्दा अघिल्लो १२ वर्ष पहिले पूजा गरेका अक्षताहरु राम्रै अवस्थामा रहेका हुन्छन्। राम्रो समथर जमिन नभए पनि कुल देवताको क्षेत्रफल बारम्वार अतिक्रमणका बावजुद पनि अझैं २८/३० रोपनी बाँकी नै छ, जसको लालपूर्जा समेत छ।

पाँडेहरुको कुलपूजामा धर्म र जात नमिल्नेबाट जन्मिएका सन्ततिले त्यस मण्डप र पूजा स्थलमा प्रवेश गर्न नपाउने र वाहिरबाटै नमस्कार गर्नुपर्ने कडा नियम छ। कुलपूजाको वर्षको श्री पञ्चमी समयमा पूजा कार्य समितिले कर्ताको निर्धारण गरिसक्नुपर्ने, वंशावली अद्यावधिक गरिसक्नु पर्ने र त्यसलाई अर्को पूजामा सार्वजनिक गर्नुपर्ने प्रावधान छ।

शुक्र अस्त, गुरु अस्त, ग्रहण तथा फागु पुर्णिमा पर्न गएमा त्यस वर्ष कुलपूजा नगर्ने नियम छ। त्यस्तो पर्न गएमा एक वर्ष अघि वा एक वर्ष पछि कुलपूजा गरिन्छ। कुलपूजा गर्नेले भोटो, मर्दाना धोती, या सेतो गन्जी लगाउनु पर्ने हुन्छ। पुजारीले वाहेक अरुले अक्षता चढाउन पाइँदैन, ब्रतवन्ध नगरेका पुरुष तथा महिलाले दर्शन गर्न पाउँदैनन्।

पुजामादिइने वलिका विषयमा पनि आफ्नै नियम छन्। वली दिइने वोको निख्खर कालो हुनुपर्छ। प्रत्येक छुट्टि भिन्न भएका परिवारले १ वोको, प्रत्येक छोरा वा छोरीले जेठो छोरा जन्मेको खुसीयालीमा १ बोको जेठो छोराको विवाहमा, १ वोको, तथा भाकल गरेकाहरुले वोकाको वली दिनुपर्ने नियम छ।

पूजाका समयमा पुरोहित बाहेक २६ जना ब्राह्मणबाट यज्ञ मन्डपमा विभिन्न वेद, सप्तसती, रुद्री पाठ गर्ने परम्परा छ। दमाइवाट पन्चेवाजा वजाइन्छ। लाख वत्ति वालिन्छ। पूर्णिमाका दिनमा पूजा पाठ होम समाप्ती पछि पुजारीबाट टिका ग्रहण गरेपछि कुल देवताको अन्तिम दर्शन गरिन्छ। त्यसपछि महा आरति गरी भोज शुरु हुन्छ। जे जति प्रसाद हुन्छ त्यही नै सक्नुपर्छ। त्यहाँको प्रसाद अन्यत्र लगेर खान पाइँदैन। जनैमा लागेको दाग समेत त्यहींको खोलामा धोएर फर्किनु पर्छ।

टाउके भोज र कुलपूजाको समापन

कुलदेवताको पूजाको एउटा अर्को विशेषता भनेको 'टाउके भोज' हो। वलि चढाएका बोकाको टाउकाहरु भोलीपल्ट प्रसादका रुपमा खाने चलन छ। त्यो दिनमा ज्येष्ठ प्रतिनिधीको उपस्थिति अनिवार्य गरिएको छ। त्यसै दिन पूजाको लेखा जोखा र भावि कार्यक्रमको खाका तयार पारिन्छ। अघिल्लो दिन भेटघाट गर्न समेत फुर्सत नहुने भएकाले टाउके भोजका दिन एकावसमा भलाकुसारी गरिन्छ। त्यहाँ उपस्थित भएकाहरुको परिचय गराउने काम पूजा कार्यसमितिले नै गर्दछ। टाउके भोजको समाप्ति पछि सवै आ-आफ्नो गन्तव्य तर्फ लाग्छन्। यसरी यो कुलपूजा सम्पूर्ण पाँडे परिवारलाई एकसुत्रमा वाँध्ने कडी बनेको छ। कुलपूजाको वर्ष सम्पूर्ण पाँडे परिवार देश भित्र बाहिर जहाँ भएको भए पनि सामेल हुने प्रयास गर्छन्। धर्म र संस्कृतिका माध्यमबाट एकताबद्ध हुनु, कुलको वृद्धिगर्नु र पुर्खाको स्मरण गर्नुलाई एक अवशरका रुपमा लिन सकिन्छ।

स्रोत :- ऋषिकुमार पाण्डे

फरक प्रसङ्ग

वर्ष १७, अंक १२, २०७४ बैशाख १७ आइतबार

काजी कालु पाँडे र उनको थुम्को

राष्ट्र र समाजका निमित्त विभिन्न क्षेत्रबाट योगदान पुऱ्याउने विशिष्ट व्यक्तिहरुको खोजी गरी सम्मान गर्ने लहर नै चलेको वर्तमान परिप्रेक्ष्यमा कालु पाँडे र उनले नेपालको एकीकरणमा पुऱ्याएको योगदानलाई कसैले पनि बिर्सन सक्तैनन्। उनको लागि योगदानकै कारण पृथ्वीनारायण शाहले जनमतसमेत बुझी काजीको पगरी दिएका थिए। कालु पाँडेको राजभक्ति र वीरता कीर्तिपुरको प्रथम युद्ध वि.सं. १८१४ जेठमा गोर्खालीले राम्रोसँग देख्न पाएका थिए। त्यही युद्धमा जेठ १९ गते उनले वीरगति प्राप्त गरेका थिए। उनले दहचोकबाट सुरु गरेको युद्ध दहचोककै डाँडामा गएर विसर्जन भएको थियो। त्यसैको सम्झनामा उनका पछिल्लो पुस्ताले त्यस स्थानमा समाधिस्थल समेत निर्माण गरिसकेको छ।

काजी कालु पाण्डेको वास्तविक नाम वंशीधर पाँडे हो। उनी बुद्धसिद्धका नामबाट पनि परिचित थिए। संवत् १७७० मा जन्मिएका उनी श्यामवर्णको भएकाले उनलाई घरमा सबैले माया गरेर 'कालु' भनेर बोलाउँथे। पछि पृथ्वीनारायण शाहले पनि उनलाई 'काल्या' भनेर बोलाएको विभिन्न वर्णनबाट पुष्टि हुन्छ।

कीर्तिपुरमाथिको आक्रमणको योजना :- लिच्छवी राजा शिवदेवकै समयमा कीर्तिपुर सहरका रुपमा विकसित भइसकेको र चौरतिरबाट पर्खालले घेरीएकाले सामरिक दृष्टिले पनि कीर्तिपुरलाई अधिनमा लिनुपर्ने सोच पृथ्वीनारायणले बनाएका थिए। त्यो ठाउँ अतिरमणीय देखिन्थ्यो। सहर प्रवेश गर्ने १२ वटा प्रवेशद्वार थिए। सानो सहर भए पनि सांस्कृतिक र धार्मिक रुपले विकसित थियो। त्यसैले तत्कालीन राजा जयप्रकाश मल्लले भनेका थिए- 'कीर्तिपुर भन्याको नेपालको मुटु हो। त्यो गोर्खालीले लियो भन्या त हामीहरु तीनै राजाको राज्य गयो। यसलाई अघि हामीले दहचोकमा उक्लन दिन्या होइन। ऊबेला हामीले चुक्याँ। आज फेरि कीर्तिपुर लियो भन्या ता हामीहरु सबैलाई मान्यो। तसर्थ हामी तीनै राजा (भक्तपुर, पाटन, काठमाडौं) भै कीर्तिपुर थाम्न्या जोग्य छ"। त्यसरी ती तिनै देशका राजाहरु एक भई कीर्तिपुरको मद्दतमा लागेका थिए।

कीर्तिपुरमाथि आक्रमण गर्नुपूर्व पृथ्वीनारायण शाहले आफ्ना मन्त्री, ज्योतिषी तथा विभिन्न वर्गका भारदारबाट राय सल्लाह लिएका थिए। सर्वप्रथम दहचोकका संरक्षक हरिवंश उपाध्यायसँग राय माग्दा उनले भनेका थिए- 'अहिले अभियान चलाउने उपयुक्त समय छैन। यतिबेला तीनै देशका मल्ल राजाहरु संगठित भएको स्थिति छ। उनीहरुमा फुट नआएसम्म कीर्तिपुरमाथि आक्रमण गर्नु सम्भव हुँदैन।

त्यसैगरी ज्योतिष कुलानन्द ढकालले पनि हरिवंश उपाध्यायकै विचार व्यक्त गरी लडाइँको साइत दिन इन्कार गरे। आफ्नो राय दिने समयमा कालु पाँडेले पनि यो समय आक्रमणका निमित्त उचित छैन भन्दै- तीन सहर एक भइरहेका छन्। यसबेला कीर्तिपुर हाने पनि उनीहरु फुट्ने छैनन्'। कालु पाँडेको यस्तो रायपछि पृथ्वीनारायण उनीसँग रिसाउँदै उल्टै उनको राष्ट्रभक्तिमाथि नै शंका गरी उल्टोसुल्टो भन्न थालेपछि कालु पाँडे तत्कालै युद्धका लागि तयार भए र बालकृष्ण जैसीबाट कीर्तिपुर आक्रमणको साइत तयार पार्न लगाइयो। युद्धका लागि तयार भए पनि कालु पाँडेलाई युद्धबाट आफू सकुशल फर्किन्छु भन्ने कुरा चाहिँ विश्वास भएन र आफ्ना छोराहरुको जिम्मेवारी राजालाई नै सुम्पी युद्ध क्षेत्रका लागि प्रस्थान भए।

बालकृष्ण जैसीको साइत अनुसार वि.सं. १८१४ जेठ १९ गते उज्यालो नहुँदै खानपिन गरी कालु पाँडे १२०० जति सैनिकलाई साथ लिएर दहचोक गढीबाट तल झरे। पृथ्वीनारायण शाह पनि सँगसँगै थिए। यो खबर पाउनासाथ तीनै सहरले सैनिक तयारी गरे। झम्सिखेलमा गोर्खाली फौज जम्मा हुँदासम्म कान्तिपुर, ललितपुर र भक्तपुरका सैनिकहरु युद्धमा सामेल भइसकेका थिए। गोर्खाली सैनिकको संख्याभन्दा उनीहरुको सैन्य संख्या धेरै बढी थियो। दुवैतर्फबाट धनुकाँडको वर्षा हुन थाल्यो। यत्तिकैमा अचानक शत्रुपक्षबाट आएको काँडले कालु पाँडेको शिरमा प्रहार गर्दा उनी तत्कालै ढले। ढलेपछि पनि वाणहरु प्रहार भइरहेपछि उनको निधन भयो। उनको निधन भएको देखेपछि हतास भएका गोर्खाली सेना भागाभाग गर्न थाले। अलि परै बसेर युद्धको दृश्य हेरिरहेका पृथ्वीनारायण शाहले पनि जितको कुनै आशा नदेखी आफ्ना सेनालाई दहचोक फर्किन आदेश दिए।

कालु पाँडेको निधनका बारेमा अर्को एउटा स्रोतले के पनि भनेको छ भने- 'युद्ध चलिरहेको अवस्थामा काजी धनवन्तका छोरा वीरनरसिंहले कालु पाँडेको गर्दनमा खुँडा प्रहार गरी गर्दन छिनाइदिएका थिए। शिरविनाको उनको शरीर ५० फिट परसम्म दगुरेर ठक्कर लागेर अडियो। तैपनि उनको हातमा तलवार छँदै थियो।"

कालु पाँडेको निधनपछि कीर्तिपुरे फौजले लखेट्दा पृथ्वीनारायण शाह पनि ज्यान बचाउन मुस्किलमा परेका थिए। एक जना पुटवार जातिले बचाएपछि जयकृष्ण थापाको पिठ्यूँमा चढी उनी दहचोक पुग्न सफल भएका थिए। युद्धमा कालु पाँडेको निधन र थुप्रै सैनिकहरु घाइते भएको देखेपछि पृथ्वीनारायण शाहले विह्वल हुँदै भनेका थिए- 'काल्याले त भन्याथ्यो, मेरा

हठले लडाइँ बिगान्यो।'

भनिन्छ जयप्रकाश मल्ले कालु पाँडेको शिरमात्रै काटेर लगे। काजी धनवन्तको फौजको लस्करले कीर्तिपुरको जयजयकार गर्दै कीर्तिपुरतर्फ लाग्यो।

कालु पाँडेको थुम्को

भनिन्छ कीर्तिपुरको युद्धमा वीरगति प्राप्त गरेका सैनिकहरुको लास जतातते छरिएर त्यसबाट कीर्तिपुरमा धेरै थुम्काहरु बनेका थिए। त्रिभुवन विश्वविद्यालयको तीनकुने बस स्टपबाट टड्कारो देखिने दक्षिणतिरको भाजंगलमा रहेको एक थुम्कोलाई स्थानीयहरु कालु पाँडेको थुम्को भन्छन्। वैष्णवी मावि परिसरमा रहेको उक्त थुम्को माथि एउटा लाम्चो आकारको ढुंगाको मन्दिर तेर्सिएको छ। गोर्खालीहरुले पछि कीर्तिपुर विजय गरेपछि गोरखाबाट कीर्तिपुरमा आई स्थायी बसोबास गरेका लामिछाने थरका साहिँला खत्री तथा कर्णबहादुर खत्रीले पनि उक्त थुम्कोलाई कालु पाँडेकै थुम्को हो भन्ने सुन्दै आएको बताउँछन्। मल्ल शैलीमा निर्मित उक्त थुम्को माथिको मन्दिर र त्यसको बायाँतर्फ भित्तामा टाँसिएको अभिलेखमा उल्लेखित सम्वत् ८०७ र नेवारी लिपिसमेत प्रयोग भएकोले कालु पाँडेसँग त्यसको सम्बन्ध नरहेको स्पष्ट हुन्छ।

कीर्तिपुरको युद्धमा वीरगति प्राप्त गरेका सैनिकहरु गाडिएका थुम्काहरु केही दशक अघिसम्म (त्रिविको स्थापनाअघिसम्म) कीर्तिपुरमा थुप्रै थिए। विश्व विद्यालयको भवन निर्माणसँगै ती थुम्काहरु नस्ट भए भने कुनै कुनै चाहिँ अझै पनि बाँकी नै छन्। कालु पाँडेको थुम्को भनिने चाहिँ बाटोको दोसाँधमा थियो। एक दशकअघि फराकिलो पार्ने क्रममा त्यो थुम्को पनि सम्याइयो।

नेपाल एकीकरणका युद्धमा सिरानचोक युद्धलाई निर्णायक युद्ध मानिएझैं कीर्तिपुरको पहिलो युद्ध पनि निर्णायक युद्ध थियो। यसमा धनजनको क्षतिका साथै योग्य कमाण्डर कालु पाँडेको समेत हत्या भएको थियो। त्यसको १७ वर्षपछि मृत्यु शय्यामा छँदा पनि उनलाई सम्झेर पृथ्वीनारायण शाहले यस्ता भाव व्यक्त गरेका थिए- 'द्रव्य शाह गोरखाको राजा हुँदा धेरै मेहनत गर्ने बाहुन गणेश पाण्डेले रामशाहको पालामा पनि मन्त्री भए सल्यानको लडाइँमा वीरगति प्राप्त गरेका थिए। तिनै पाँडेको छैटौं पुस्ताका कालु पाँडेले साहसका साथ लड्दै कीर्तिपुरको युद्धमा प्राण छाडे। भोटको मामिलामा चीनले साथ दिएसम्म हामीले राजनीतिको दाउपेच खेलिरहनुपर्छ। त्यतातिरका कुरा कालु पाँडेका सन्तानले जानेका छन्। त्यसकारण हाम्रो उत्तरतिरको सन्धि आदि काम कालु पाँडेका सन्तानको जिम्मामा रहोस्।"

कीर्तिपुरको युद्धमा जानुपूर्व कालु पाँडेले आफ्ना छोराहरुलाई राजाको जिम्मामा छाडेर गएकाले उनको मृत्युपछि वंशराज पाँडे र दामोदर पाँडे पृथ्वीनारायण शाहको 'मरबट' व्यवस्थानुरुप दरबारकै सङ्रक्षकत्वमा हुर्के, बढे र पढे। वंशराज योग्य भएपछि (२३ वर्षको उमेरमा) पाँच वर्षदेखि खाली राखिएको कालु पाँडेको मन्त्री पदमा उनलाई बसालेर कालु पाँडेले लगाएको गुणको बदला चुकाए। पछि वंशराजकै नेतृत्वमा वि.सं. १८२२ चैत ३ मा तेस्रोपल्ट कीर्तिपुरमाथि आक्रमण गरी रक्तपातविहीन विजय गर्न सफल भए।

कालु पाँडेको समाधिस्थल

कालु पाँडेको समाधिस्थल काठमाडौंको पश्चिमी सिमानाका दहचोकमा अवस्थित छ। २४०० मिटरको उचाइमा रहेको दहचोकको सबैभन्दा अग्लो थुम्कोमा त्यो समाधिस्थल छ। कालु पाँडेको अन्तिम इच्छाअनुसार गोरखा र कीर्तिपुर टड्कारै देख्न सकिने ठाउँमा उनको टाउको गाडी समाधिस्थल बनाइएको थियो। स्थानीयबासीका अनुसार वंशावलीमा उल्लेख भएको कुरा मेल खाँदैन। वंशावली भन्छ- 'जयप्रकाश मल्लले शिरमात्र काटी लग्या'। कालु पाँडेको शरीरका बारेमा भने वंशावली मौन छ। स्थानीयवासी भन्छन्'- कालु पाँडेको शिर अथवा शरीर अन्य घाइते सैनिकका साथ दहचोक लगिएको थियो। तेस्रो पल्टको प्रयासपछि कीर्तिपुर विजयपछि वंशराज पाँडेले राजाको आदेश पाएर दहचोकमा उनको स्मृतिमा समाधिस्थल बनाएका थिए।

कालु पाँडेको समाधिस्थललाई हाल आएर व्यवस्थित गरी शिलापत्रसमेत राखिएको। १० आनामा फैलिएको त्यस स्थललाई काँडेतारले घेरी प्रवेशद्वार बनाइएको छ। यसबाट जग्गा अतिक्रमणमा पर्नबाट जोगिएको छ। यतिबेला दहचोकमा उनको शालिक राख्नका लागि उनका अनुयायीहरुले सरकारसँग माग गर्दै आएका छन्। विडम्बना भनौं विदेशीहरुले समेत सम्मान गर्ने कालु पाँडेका नाममा कुनै शालिक, गुठी तथा संस्था छैनन्।

गोरखाको खोप्लाङमा भने करिब २ रोपनी जग्गाको परिसरमा कालु पाँडेको अर्धकदको प्रतिमा बनाएर स्थापना गर्ने काम नेपाल सरकार पुरातत्व विभागद्वारा हुन लागेकोमा स्थानीय जनता र पाँडे वंशबाट कालु पाँडेको पूर्णकदकै प्रतिमा राखिनुपर्छ भनी सरकारी कदमको विरोध र आलोचना गरिरहेका छन्।

सरकारले केही वर्षपहिले कालु पाँडेका नामको हुलाक टिकटमा टाँचासमेत लगाएर सम्मान व्यक्त गरेको छ। त्यसैगरी धादिङ जिल्लामा पनि 'कालु पाँडे' मार्गको नामकरण गरिएको छ।

(क्रमशः)

फरक प्रसङ्ग

वर्ष १७, अंक १३, २०७४ बैशाख २४ आइतबार

राष्ट्रसेवाको लामो इतिहास बोकेको पाँडेवंश : संक्षिप्त जानकारी

नेपालको सैनिक, प्रशासनिक, सामाजिक, धार्मिक आदि क्षेत्रबाट राष्ट्र सेवामा गोरखा राज्यको स्थापनाकालभन्दा पनि धेरै पहिलेदेखि अनवरत राष्ट्र सेवामा समर्पित भएको वंश हो पाँडे वंश। यो वंशको नेपालका शाह राजाहरुसँगको सम्बन्ध करिब ५०० वर्षभन्दा पुरानो रहेको छ। राष्ट्रसेवामा निरन्तर पुरानो रहेको छ। राष्ट्रसेवामा निरन्तर रुपमा समर्पित भएको यति लामो इतिहास नेपालमा अरु कसैको पनि छैन होला।

वि.सं. २०४० सालतिर योगी नरहरिनाथले रथी श्री ऋषिकुमार पाँडेलाई बताएअनुसार र पाँडेहरुको उद्‌गमस्थल कुमाउ नभई जुम्ला हो र पाँडेहरु त्यस राज्यका प्रधानमन्त्रीका उत्तराधिकारीको रुपमा रहेका थिए। यो जुम्ला राज्य पहाडी राज्यहरुमा शक्तिशाली राज्यको रुपमा रहेको थियो। यस राज्यको सिमाना पूर्वमा पाल्पाका राजा मुकुन्दसेनको राज्यसम्म र पश्चिममा श्रीनगरदेखि गंगा नदीसम्म फैलिएको थियो। पाल्पाका शक्तिशाली राजा मुकुन्द सेनले जुम्लाका राजा र प्रधानमन्त्रीको कार्य कौशलताबाट प्रभावित भई त्यहाँका राजासँग आफूलाई योग्य मन्त्रीको लागी त्यहाँका प्रधानमन्त्रीका उत्तराधिकारी पाँडेवंशका कुनै एक व्यक्ति उपलब्ध गराइदिन अनुरोध गरे। त्यस अनुरोधलाई राजाले स्वीकार गरी आफ्नो प्रधानमन्त्रीका छोरालाई जाने आज्ञा दिए। उक्त व्यक्ति नै गणेश पाँडेका पिता हुन् भनिन्छ। उनले आफ्नो साथमा जुम्लाबाट कुलदेवता मात्र लिएर आएका थिए। तिनैबाट संवत् १५९६ तिर पाल्पामा गणेश पाँडेको जन्म भएको थियो। पछि पाल्पामा मुकुन्द सेनको राज्य टुक्रिएपछि चिन्तित भएर गणेश पाँडे गोरखातिर बसाइँ सरे। पाल्पाबाट गोरखा आउँदा उनले केही कुमाल जातिलाई आफ्ना झिटीझाम्टी बोकाई आफ्नो साथमा कुलदेवतालाई लिएर साथै केही भारती जातिहरुलाई पनि साथैमा लिएर आएका थिए। गोरखाको छोप्राक नजिकै भुसुण्डी खोलाको छेउमा आएपछि भारी र कुलदेवतालाई बिसाई थकाइ मारेको समयमा कुलदेवताले "मलाई यही ठाउँमा राख र प्रत्येक १२ वर्षमा आएर मेरो पूजा आजा गर्नु भन्ने आज्ञा भएछ सोही आज्ञाअनुरुप उनले आफ्ना कुलदेवताहरु त्यही ठाउँमा थान्को लगाएर केही पर अमिलिहिटी भन्ने ठाउँमा घर बनाइ बसे। आफ्नो साथमा आएका कुमाल र भारतीयहरुलाई पनि बसोबासको व्यवस्था मिलाइदिए। सोही ठाउँमा पाँडेहरुले कुलदेवताको पूजा प्रत्येक १२ वर्षमा धूमधामका साथ मनाउँदै आएका छन्। यस वंशमा प्रख्यात काजी तुलाराम पाँडेको वंश परिवारमा पर्ने भोटु पाँडेलगायत कर्णेल विष्णुकुमार पाँडे, रथी ऋषिकुमार पाँडेको परिवारले अटुट रुपमा कुलदेवता पूजामा अनिवार्य उपस्थिति जनाउनुका साथै त्यस क्षेत्रको संरक्षणमा महत्वपूर्ण भूमिका निभाएको छ। यस परिवारको कुलधर्मप्रतिको यो अगाध श्रद्धा र भक्ति सबैका लागि उदाहरणको विषय हो।

उपमन्यु गोत्रीय यस वंशका कुलदेवताहरु गणेश, सूर्य, देवी, शिव र विष्णु हुन् भने इष्टदेवताका रुपमा आद्य शक्ति दुर्गा भगवती त्रिपुरा सुन्दरीलाई मान्ने परम्परा रही आएको छ।

गणेश पाँडेको वंश परिवारमा पर्ने तुलाराम पाँडे र उनका सन्तानहरु कपर्दार भोटु पाँडेलगायत कर्णेल विष्णु कुमार पाँडे र छोरा बेलायतकुमार पाँडे र उनका छोरा रथी ऋषिकुमार र उनका छोरा विजयकुमार पाँडे र देवशिष पाँडेसम्म पुग्दा गणेश पाँडेदेखि १४ पुस्ताले अटुट रुपमा यो देशको सैनिक, प्रशासनिक, सामाजिक र धार्मिक क्षेत्रबाट देश, नरेश र जनताको सेवा गरेको यति लामो र निरन्तर अटूट राष्ट्रसेवाको इतिहास नेपालमा मात्र नभएर विश्वकै इतिहासमा पनि कमै मात्र पाउन सकिएला।

काजी तुलाराम पाँडेका छोरा भोटु पाँडे कपर्दार थिए भने उनका छोरा गजदल पाँडे पनि कपर्दार भई देशको सेवा गरे।

गजदलका छोरा ललितवम् र नाति गम्भीरध्वज दुवै मे.क भई राष्ट्र सेवामा संलग्न भए भने गम्भीर र ध्वजका छोरा विष्णुकुमार कर्णेल भएर देशको सेवा गरे भने उनका छोरा बेलायतकुमार कप्तान भए भने नाति ऋषिकुमार पाण्डे रथी प्रमुख सैनिक सचिव भएर राष्ट्र सेवा गर्नुभयो। उहाँका छोरा विजय कुमारले पनि कप्तान पदमा रही केही समय सेवा गर्नुभयो र पछि समाजसेवा गर्ने इच्छाले अस्पताल निर्माण गरी समाजसेवामा लाग्नुभएको छ। आशा गरौं यसपछिका वंशजहरुले पनि राष्ट्र सेवाको वंश परम्परालाई निरन्तरता प्रदान गर्ने नै छन्।

देश, नरेश र जनताको सेवामा समर्पित यति लामो पाँडे वंशका कुल तिलकको रुपमा गणेश पाँडे, कालु पाँडे तुलाराम पाँडे, भोटु पाँडे विष्णुकुमार पाँडे र ऋषिकुमार पाँडेलाई लिन सकिन्छ। यिनै पाँडे वंशमा उदाएका चम्किला ताराको बारेमा छोटो जानकारी हो यो।

गोरखामा द्रव्य शाहलाई ल्याएर राजा बनाई त्यही वंशको र आफूले स्थापना गरेको राज्यको सेवा गर्ने कामको शुभारम्भ गणेश पाँडेले गरेका हुन्। उनले चाहेको भए द्रव्य शाहलाई राजा बनाउनु साटो आफैं राजा बन्न पनि सक्दथे तर लोभ र लालच नभएका गणेश पाँडेले त्यसो गरेनन्। उनले तीनवटा शाह राजाहरुको मन्त्री भएर सेवा गरे भने संवत् १६६३ सालमा काजीका साथै सेनापतिको हैसियतले सल्यानको युद्धमा लड्दालड्दै वीरगति प्राप्त गरे। उनले देशका लागि प्राण मात्र दिएर छाडेनन् बल्की आफ्ना सबै शाखा सन्तानलाई गोरखा दरबारमा राखी राष्ट्र सेवामा समेत लगाएर छाडे। उनकै सन्तति काजी कालु पाँडे (वंशराज पाँडे) काजी तुलाराम पाँडेले पृथ्वीनारायण शाहको

नेपाल एकीकरण कार्यमा काँधमा काँध मिलाई दिलो ज्यानले लागेर गोरखा राज्यको विस्तार गरी विशाल नेपालको स्थापना गरे। देशका लागि उनीहरुले अन्त्यमा आफ्नो प्राणको आहूति चढाएर छोडे। राष्ट्र सेवामा प्राण दिने यी महावीर पुरुषहरुले मृत्यु शिवाय के पाए त ? यस्ता परम प्रतापी, शूरवीर, राष्ट्रभक्त काजी कालु पाँडे र काजी तुलाराम पाँडेका सन्ततिहरु दामोदर पाँडे, जगजीत पाँडे, भोटु पाँडे आदिले सानो नेपाललाई पूर्वमा टिष्टा देखि पश्चिममा काँगडासम्म र उत्तरमा तिब्बतको दिगर्चासम्म पुऱ्याए। यसको पुरस्कारको रुपमा दामोदर पाँडे आदिले ज्यान दिनुपऱ्यो। यही हो पाँडेहरुले राष्ट्रसेवामार्फत पाएको पुरस्कार र इनाम। आफैंले स्थापना गरेको राजसंस्था र आफ्नो पुर्खाहरुको रगत र पसिनाले बनेको नेपालको माया र भक्तिबाहेक उनीहरुमा केही पनि अरु देखिँदैन। यही राष्ट्र भक्तिको भावना पाँडेहरुमा अहिलेसम्म रही आएको छ। उनीहरुको बारेमा जान्न परेमा बाबुराम आचार्यको 'पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी' र अब यस्तो कहिल्यै नहोस् भन्ने पुस्तक र अरु इतिहासका पुस्तकहरुको अध्ययन र अनुसन्धानगरी पत्ता लगाउनुपर्ने हुन्छ। पाँडे वंशको बारेमा धेरैसम्म जानकारी दिने उद्देश्यले "कर्णेल विष्णु कुमार पाँडे : पाडे वंश हिजो र आज" नामक पुस्तक छिट्टै प्रकाशित हुँदैछ।

देशको सैनिक, प्रशासनिक सेवाका साथै धार्मिक र सामाजिक क्षेत्रमा अतुलनीय सेवा पुऱ्याउनेमा कपर्दार भोटु पाँडेको नाम पाँडे वंशमै शीर्ष स्थानमा पर्दछ। उनी सैनिक योद्धाका रुपमा भोटको युद्धमा गएको बेला भोटेहरुले उनलाई कैद गरी सुनको पिँजडामा धुनेर राखे पनि उनी स्वेताकालीका सिद्ध उपासक र तन्त्र विद्यामा निपुर्ण भएकाले त्यहाँबाट छुट्टी सोह्रखुट्टाको वेगले एक्कासि अहिलेको सोह्रखुट्टेमा आएकाले त्यहाँ उनले सम्झनास्वरुप सोह्रखुट्टे पाटीको निर्माण गरिदिए र त्यसको वरिपरि प्रशान्त जग्गा जमिनहरु पाटीपौवा, मठमन्दिर पोखरी आदिको संरक्षणका लागि भनेर राखिदिए। सो ठाउँ पश्चिमतिरबाट उपत्यका आउने प्रमुख नाकाको रुपमा रहेको थियो। यात्रुहरु त्यस पार्टीमा सुत्ने, बस्ने पकाउने खाने गर्दथे।

उनी नरदेवीका अनन्य भक्त थिए। उनले नरदेवी भगवतीलाई हातमा समातेर टुकुटुकु हिडाउँथे र देवीले "भोटु तिमीले मेरो मन्दिरमा सुनको छाना कहिले बनाइदिन्छौं ?" भन्नुहुन्थ्यो अरे भन्ने भनाइ त्यस क्षेत्रमा सुन्नमा आउँछ। हुन पनि उनले सुनको छाना हाली त्यसको संरक्षणका लागि सुनछाना गुठीसमेत राखिदिए। त्यस्तै नरदेवी मन्दिरका लागि मात्र वसलाय गुठी, सुलपुल ध्वजा गुठी, भलभला अष्टमी गुठी राखिदिनुका साथै आफ्नो सुनको मूर्ति बनाएर भगवतीलाई अर्पण गरे। सो मूर्ति अहिले पनि घोडेजात्राको दिन पूजा र सर्वसाधारणका लागि दर्शन गर्नका लागि राख्ने परम्परा रहिआएको छ। भगवतीको जात्रामा पहिला उनलाई नै अगाडि लैजाने गरिन्छ। त्यस्तै प्रकारले उनले जनकपुर नजिक मटिहानी-तुलस्याहीमा स्वामी नारायणको मन्दिर र श्वेतकालीको मन्दिर स्थापना गरी त्यसको पूजा आजा र संरक्षणका लागि ५०१ बिघा जमिन गुठी राखिदिए। यसका अतिरिक्त राजा रणबहादुरको प्रतिमा पशुपतिमा स्थापना गरी त्यसको संरक्षण र श्राद्ध गर्नका लागि भनेर प्रशस्त जगा जमिन गुठी राखिदिए। यो भन्दा ठूलो राजभक्तिको नमुना इतिहासमा पाइँदैन। उनले राखेका मठ मन्दिर पाटी पौवा, धर्मशाला र त्यसको संरक्षणका लागि, आफ्नै निजी गुठी जग्गाहरुको वर्णन यहाँ सम्भव छैन। उनका बारेमा यतिमात्र भन्न सकिन्छ कि उनी अत्यन्त धार्मिक, दयालु, स्वेतकालीका उपासक, सिद्ध तान्त्रिक, समाजसेवी, राष्ट्रसेवक थिए।

कपर्दार शत्रुमञ्जन (भोटु) पाँडेका तीन पुत्रहरु सरदार बलमञ्जन, कपर्दार गजदल र कपर्दार गरुडध्वज हुन्। गजदलले पकनाजोलमा गजदलेश्वर महादेवको मन्दिर निर्माण गरेका छन्। तुलस्याहीहो सम्पूर्ण गुठीको जिम्मा यिनैलाई भोटु पाँडेले सुम्पेकाले उनी भोटु पाँडेका मन पर्ने छोरा थिए भन्न सकिन्छ। यिनका छोरा लिलतवम् र नाति गम्भीर ध्वज दुवै मे.क. भएर राष्ट्र सेवा गरे भने गम्भीरध्वजका पुत्र विष्णुकुमार पाँडे यस वंशका बहुचर्चित र बहुप्रतिष्ठत व्यक्तित्वका रुपमा चिनिन्छन्। उनी राष्ट्रभक्त इमानदार, कर्तव्यनिष्ठ, बहुप्रतिभावान् जनताका सेवक थिए। १९०३ को कोतपर्वमा राष्ट्रभक्त कपर्दार वीर केशर, काजी दल मञ्जन आदि धेरै पाँडेहरुले ज्यान गुमाउनुपऱ्यो भने कतिपयले भागेर ज्यान जोगाएका थिए। त्यसपछि नेपालको सैनिक प्रशासनिक आदि सबै क्षेत्रमा राणाहरुको वर्चस्व भए पनि विष्णुकुमार पाँडेको योग्यता र क्षमता देखेर नै रणोद्वीपको समयमा सैनिक अधिकृतको रुपमा उनलाई स्थान दिइयो भने वीरशमशेरको समयमा उनी मे.क. भइसकेका थिए। वीरशमशेरको समयमा उनी सैनिक तथा प्रशासनिक काम गर्नुका साथै वैदेशिक मामिलासम्बन्धी काम गर्दथे। श्री ३ चन्द्रशमशेरका त उनी दाहिने हात नै थिए। उनको परामर्शविना चन्द्रशमशेर केही पनि गर्दैनथे। चन्द्रशमशेरका उनी हजुरिया कर्णेल पनि थिए। उनी इमानदार, बहुप्रतिभावान् र स्वच्छचरित्र भएका कारण चन्द्रशमशेरले ज्यादै मन पराउँथे र दिवान दाइ भनेर सम्बोधन गर्थे।

उनी दिनहुँ बिहान ३ बजेतिर उठेर खाली खुट्टा र ड्रेसिङ गाउन जस्तो कपडा लगाएर न्हैकन्तला (अनसन) देखि हिँडेर पशुपति गुह्येश्वरी पुग्दथे। त्यहाँ पुगेर बागमतीमा स्नान गरेपछि गुह्येश्वरीमा करिब एक घण्टा जति चण्डी पाठ गरेर बस्दथे। त्यति वेलासम्म उनको सइसले अरबी घोडा र लगाउने लुगाहरु लिएर प्रतीक्षामा बसेको हुन्थ्यो। त्यसपछि उनले कपडा लगाएर पशुपतिनाथको दर्शन गर्नुका साथै त्यस क्षेत्रमा आफूलाई सुम्पिएको मठमन्दिर, पाटीपौवा, बाटोघाटो आदिको निर्माण कार्यको निरीक्षणपश्चात सिधै सिंहदरबारमा गएर "हर हर महादेव"को नाराले चन्द्रशमशेरलाई ब्यूँझाई चन्दन प्रसाद टक्र्याई त्यतैबाट आफ्नो कार्यालयमा गएर बीचमा खाना खानका लागि मात्र घर आउने गर्दथे। पशुपति क्षेत्रका मठ मन्दिर, बाटोघाटो,

पाटीपौवा निर्माण गर्नका लागि उनले चन्द्रशमशेरलाई “मौका आउँछ पर्खदैन” भनी धार्मिक कार्यमा अग्रसर हुन प्रेरणा दिने गर्दथे र ती धार्मिक मठ मन्दिर आदिको निर्माण कार्यमा दिएको बजेटभन्दा आफ्नो खल्तीबाट समेत पैसा थपी बढी खर्च गर्दथे। पशुपतिक्षेत्रको निर्माण कार्यको साथै त्यहाँ हुने भण्डारा खुवाउने जात्रा आदिको समेत जिम्मा उनलाई सुम्पिएको थियो। त्यसैले त्यस क्षेत्रका साधु, सन्त, योगीहरुसँग उनको राम्रो संगत रहेको थियो। उनको आफ्नै घरमा पनि साधुसन्तहरु, गुरु पुरोहितहरु र विद्वानहरु बस्ने गर्दथे। उनीहरुलाई भनी घरको एक हिस्सा नै छुट्याइएको थियो उहाँको घरमा लालमणि नाम गरेका एक सिद्ध योगी बस्ने गर्नुहुन्थ्यो। उहाँ स्वधर्म मान्ने गर्नुहुन्थ्यो। शारीरिक अनुशासनमा रहेर आध्यात्मिक अनुशासनमार्फत आत्मशुद्ध गरी मानसिक र चारित्रिक शुद्धताद्वारा आत्मशक्तिको विकास हुन्छ र मानव जीवन यसैमा चरितार्थ हुन्छ भन्ने उहाँको सिद्धान्त रहेको थियो। यी सिद्ध योगीले विष्णुकुमार पाँडेको घरमा नै समाधि लिएका थिए। समाधि लिंदा उनको तालु फुटेर प्राण गएको थियो।

विष्णु कुमारको कार्यक्षेत्रमा उपत्यकाका हात्तीसार र मधेसका हात्तीसारको सम्पूर्ण जिम्मा रहेको थियो। हात्तीसारको प्रमुखको रुपमा काम गर्नुका साथै श्री ३ हरुको शिकार सवारीको प्रबन्धसमेत मिलाउनुपर्ने हुन्थ्यो। श्री ३ वीरशमशेरको र चन्द्रशमशेरको भारत भ्रमणको बन्दोबस्ती र श्री ३ चन्द्रको बेलायत भ्रमणमा समेत उनको सहभागिता रहेको थियो। विदेश भ्रमणको आयस्रोत उठानुका साथै सम्पूर्ण खर्चको विवरण उनले स्पष्ट रुपमा राख्ने गर्दथे। अहिलेको अर्थमन्त्रीले गरेजस्तै सबै आर्थिक हिसाबकिताब उनले राख्दथे। उनको हिसाबकिताबमा तलमाथि हुँदैन भन्ने थाहा पाएर नै त्यसबेलाको कुमारी चोक (अहिलेको महालेखा) उनलाई लाग्दैनथ्यो। यस हिसाबले उनी एक स्वच्छ चरित्रका थिए भन्ने थाहा हुन्छ। त्यसबेला पेन्सनको व्यवस्था नभएकोले राष्ट्रसेवक कर्मचारीहरु र भाइ भारदारका सन्तानहरुले दुःख नपाउन् भन्ने उद्देश्यले त्यस्ता दुःख पाएका भाइभारदारका सन्तानहरुलाई महिनावारी भत्ता प्रदान गर्न भनी एउटा बेनिभोलेन्ट सोसाइटीको स्थापना श्री ३ चन्द्रशमशेरले गरेका थिए र उक्त अड्डाको प्रमुखको रुपमा पनि विष्णु कुमार पाँडे नै थिए। संक्षेपमा भन्नुपर्दा उनी त्यसबेलाका सैनिक, प्रशासनिक, आर्थिक, वैदेशिक र धार्मिक सांस्कृतिक, क्षेत्रसम्बन्धी कामका एक कर्तव्यनिष्ठ, इमानदार स्वच्छ चरित्र भएका जल्दा बल्दा राष्ट्रसेवक थिए। उनकी श्रीमती हेमकुमारी पनि धार्मिक चरित्रकी हुनुहुन्थ्यो। उहाँले घरमा गुरु पुरोहितहरुलाई राखेर नित्य पूजा, पाठ, हवन यज्ञादि गराउने गर्नुहुन्थ्यो र त्यो परम्परा उहाँका नाति श्री ऋषि कुमारज्यूको घरमा निरन्तर उही परम्परा अनुसार पूजा पाठ, दानधर्म, चाडपर्वहरु, होम यज्ञादिहरु नित्य हुँदै आइरहेको छ।

विष्णु कुमार पाँडेका दुई छोरीहरु पछि करिब १६-१७ वर्षको अन्तरालको बुढेसकालमा छोरा बेलायत कुमारको जन्म वि.सं. १९६५ मा भएकाले आमा बुबालाई पुत्रस्नेहको सीमा रहेन। छोरालाई गुरुकुल र पाठशालामा पठाउन लैजान्छौं भन्ने विद्वानहरुको कमी थिएन तपापि उहाँले आफ्नै अगाडि हुर्केको देख्न चाहेकोले कतै पठाउनुभएन। घरमै शिक्षकहरुलाई बोलाएर पढाउनुभयो। छोरा जन्मनासाथ श्री ३ चन्द्रशमशेर पनि खुसी भएर तत्काल राणाहरुका छोराहरुलाई जस्तै लप्टन पद दिएका थिए।

इन्द्रचोकको व्यापारिक बस्नेत घरको आम्दानी र प्रशस्त जग्गा जमिन भएकाले त्यसबेला उहाँको आयश्रोत अन्य राणाहरुको भन्दा केही कमी थिएन। बेलायत कुमारले अल्पायु र अस्वस्थताको कारण धेरै लामो समयसम्म राष्ट्र सेवा गर्न नपाए पनि कप्तान भएर काम गर्दागर्दै स्वास्थ्यको कारण स्वेच्छाले राजीनामा गरेका थिए।

उनै कप, बेलायत कुमार र श्रीमती पद्मकुमारीको पुत्रको रुपमा वि.सं. १९८८ साल भाद्र ६ गते शनिबारको दिन तदनुसार श्रावण शुल्क दशमीमा श्री ऋषिकुमार पाण्डेको जन्म भएको हो। वि.सं. १९०३ को कोतपर्वपछि पाँडेवंशमा उच्च पदमा पुग्ने बहुचर्चित व्यक्तित्वका रुपमा रथी श्री ऋषिकुमार पाण्डे हुनुहुन्छ। उहाँ पाण्डे वंशमा उदाउनुभएका चम्किला तारा हुनुहुन्छ।

उहाँले चार दशकभन्दा बढी समय आफ्ना पुर्खाहरुले गर्दै आएको राष्ट्रसेवकको परम्परालाई अझ सशक्त रुपमा राम्रोसँग बहन गर्नुभयो। उहाँले सैनिक अधिकृतबाट सेवा अमरम्भ गरी रथीको पदमा बसी दरबारको प्रमुख सैनिक सचिव भएर यो देशको सेवा गर्नुभयो। उहाँ प्रमुख सैनिक सचिव हुँदा यो देशका जाली फटाहा, घुसखोर, ड्रग्स स्मगलर, कालो व्यापारी सबै थरथर काँप्दथे। राष्ट्रमा शान्ति सुरक्षा धेरै राम्रो थियो। शक्तिको आडमा बसेर कालो धन्दा गर्ने डीबी लामा जस्तालाई पनि उहाँले छोड्नुभएन भने अरुको त के कुरा। उहाँले राष्ट्रसेवामा गरेको योगदानका बारेमा उहाँले आफैं लेख्नुभएको पुस्तक अ.प्रा. रथी ऋषिकुमार पाण्डेको ऐतिहासिक जीवनी प्रकाशित भइसकेको छ। त्यो पुस्तकबाट उहाँको बारेमा सबैको सामु जानकारी हुने नै छ। यहाँ यति मात्र भनौं कि उहाँ एक कर्तव्यनिष्ठ, निडर, निर्भीक, चाकरी चाप्लुसी गर्न नजान्ने, काममा दिनरात खटेर लाग्ने, राष्ट्र भक्तिले ओतप्रोत भएको, एक सच्चा राष्ट्रभक्त यो देशको सपूत हुनुहुन्छ।

श्री ऋषिकुमार पाण्डे तथा श्रीमती गीत देवी पाण्डेज्यूबाट तीन छोरीहरु र एक छोरा विजयकुमारको जन्म भएको हो। उहाँका छोरा श्री विजय कुमारले पनि राष्ट्र सेवाको अटुट आफ्नो परम्परालाई टुट्न दिनुभएन। उहाँले कप्तान पदमा रही केही समय। राष्ट्रसेवामा संलग्न हुनुभयो भने पछि समाजसेवा गर्ने इच्छाले अस्पताल निर्माण गरी जागिरबाट राजीनामा गरी समाजसेवामा लाग्नुभएको छ। (क्रमशः)

फरक प्रसङ्ग

“खुकुरीको कथा”

वर्ष १७, अंक १४, २०७४ बैशाख ३१ आइतबार

पूर्वजर्नेल ऋषिकुमार पाण्डेको डायरीबाट

हाम्रो पुरातन संस्कृतिमा खुकुरीको स्थान सर्वमान्य र पुज्य छ। नेपालका विभिन्न संस्कृतिमा खुकुरीको भौतिक स्वरुपबारे चाखलाग्दा धारणाहरु पनि पाइन्छन् र खुकुरीलाई एउटा पूज्य वस्तुका रुपमा पनि लिन्छ।

खाँडो जगाउने मन्त्रमा समेत खुकुरीको प्रसंग पाइन्छ। यो धारणाहरु हिमवत्खण्डका अरु जातिय संस्कृतिमा पाइने धारणाहरुसँग कुनै न कुनै रुपले मिल्दा जुल्दा पनि छन्। सुनुवार, राई, लिम्बु, गुरुङ, मगरलगायतका जानजातीमात्र हैन ब्राह्मण-क्षेत्रीले समेत खुकुरीको प्रयोग गर्दै आएको इतिहास छ। राष्ट्र निर्माता पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुअघिदेखि नै खुकुरीको प्रचलन शुरु भएको कुरा इतिहासकारहरु बताउँछन्। शाहवंशका द्रव्य शाहलाई गोरखाको राजगद्दीमा बसाल्न सहयोग पुऱ्याएका गणेश पाण्डेको कम्मरमा राखिएको खुकुरीले पनि त्यसको पुष्टि गर्छ। हाम्रा वीर पुर्खाहरुले टिष्टादेखि सतलजसम्म नेपालको सिमाना विस्तार गर्दा खुकुरीकै प्रयोग गरेको इतिहासमा उल्लेख छ। त्यसैले नेपालको इतिहास र संस्कृतिसंग खुकुरीको महत्व भावनात्मक रुपले जोडिएको छ।

नेपालीहरुको मान्यता छ कि खुकुरीमा कुल देवताको बास हुन्छ। यसको पवित्रता रहेसम्म मात्र ती देवताको बास हुन्छ भन्ने पनि किम्बदन्ती छ। त्यसैकारण नेपालीहरु खुकुरीको कहिल्यै पनि दुरुपयोग गर्नु हुँदैन भन्ने मान्यता राख्छन्। नयाँ खुकुरी किनेर चलनमा ल्याउनुभन्दा अगाडी कुलदेवताका नाममा समर्पण गरी पूजा तथा भोग चढाउनुपर्छ भन्ने पनि मान्यता छ। त्यसैगरी आफ्नो खुकुरी आफ्नो जातभन्दा बाहिरकालाई छुन दिनु हुन्न भन्ने पनि बूढापाकाहरुको भनाइ छ। छुन दिंदा कुलदेवता रिसाउँछन् भनिन्छ। त्यसैगरी खुकुरीलाई दापबाट विनाकाम झिक्न र झिकेर उज्याउन पनि हुन्न भनिन्छ। यस्तै खनजानमानै खुकुरीले भोग खाएर छाड्छ भन्ने विश्वास समेत नेपाली जनमानसमा छ। केही गरी अनजान बस दापबाट खुकुरी निकालियो भने खुकुरीलाई काठ वा भूँई वा जेमा भए पनि हानेर दोष मेट्नु पर्छ भनी वुढापाकाहरु भन्ने गर्छन्।

नेपाली मान्यता : नेपालीहरु भन्छन्- ‘खुकुरीलाई कदापी लत्याउनु हुँदैन। यदि अनजानवस खुकुरीमा खुट्टा लागेछ भने पुस्तकलाई खुट्टा लाग्दा ढोगे झैं ढोग्नु पर्छ। त्यसैगरी खुकुरीलाई फोहर ठाउँमा पनि राख्नु हुँदैन। खुकुरीलाई दापबाट झिकेर साधारण काममा लगाउनुपूर्व ढोग्नुपर्छ र ठूलठूला काममा लगाउँदा पूजा वा भोग पनि दिनुपर्छ भन्ने मान्यता छ। देवी देवताको मन्दिरमा प्रयोग गर्नुपूर्व खुकुरीलाई छालाको दापमा राख्नु हुँदैन भनिन्छ। छालाको कारणले मन्दिर वा अन्य पवित्र स्थानमा जानुपर्दा यसलाई वाहिरै राख्नु पर्दछ यात पस्नु हुँदैन।

खुकरीको भौतिक स्वरुप : खुकुरीको भौतिक स्वरुप सधैं एउटै हुन्छ। सानो अथवा ठूलो, बाक्लो अथवा पातलो, कम चौडा अथवा बढि चौडा जे जस्तो होस् हेर्दा चाहिँ एउटै देखिन्छ। खुकुरीमा बिंड, ताल, धर्सो, धार र कौडी हुन्छ। बिंड खेपिल्टे हुनुपर्छ। बिँड काठ, हस्तिहाड अथवा सिंगको एउटै टुक्राबाट बनेको हुनुपर्छ। वारपार दुलो छेडिएको हुनु हुँदैन। बलियो पार्ने हेतुले बिँडलाई वारपार छेडि खुकुरीको तल्लो भागको टुप्पोमा पेँच लगाउने चलन भनेको गलत तथा परम्पराविरुद्ध भएको खुकुरी विज्ञहरुको भनाइ छ। खुकुरीको ताल चौडा र केही खोपिल्टे हुनुपर्छ। खुकुरीको डँडाल्नोमा दुई वा तीनवटा धर्सोहरु पनि अनिवार्य रुपमा हुनैपर्छ र तालदेखि बिँडको छेउँसम्म ति धर्सोहरु खिचिएको हुनुपर्छ। खुकुरीको टुप्पादेखि कौडीसम्म धार अनिवार्य रुपमा राखिएकै हुनुपर्छ र धार र बिँडको विचमा तीनचोसे कौडी पनि हुनैपर्छ।

परम्परागत मान्यता : नेपालको पूर्वी भागमा बस्ने सुनुवार समुदायमा खुकुरीलाई गोरखनाथको गुफा अगाडि राखिने हतियार मानिन्छ। गोरखनाथको प्रसंगसँग जोडिएर आएको हुनाले यसको इतिहास गोरखाको जस्तै पुरानो भएको मानिन्छ। द्रव्य शाहलाई गोरखाको राजा बनाउन अह्म भूमिका निर्वाह गरेका गणेश पाण्डे नेपाल एकिकरणका नायक पृथ्वीनारायण शाह, काजी कालु पाँडे, काजी तुलाराम पाँडे, कपरदार भोटुँ पाँडे लगायतको कम्मरमा दापसहितको खुकुरी रहेबाट पनि यसका प्राचीनताको पुष्टि हुन्छ।

देश रक्षक सिपाही र शान्ति सुरक्षाका लागि खटिएका प्रहरी तथा सर्वसाधारण जनताका कम्मरमा पनि वीरत्वको प्रतिक स्वरुप औपचारिक रुपमा शोभायमान छ। त्यतिमात्र होइन सिपाही र प्रहरीका निशानी, ब्याच र तक्माहरुमा समेत यसले सम्मानित स्थान पाएको छ। त्यसैगरी हतियार पूजनमा पनि खुकुरीले नै प्राथमिकता पाउने गरेको छ। ठूला साना सबै पर्वहरुमा समेत वलि दिँदा खुकुरीकै प्रयोग गरिन्छ र बलि दिँदा पनि यसको रीतपूर्वक पूजा गरिन्छ। दशैंको घटस्थापनामा पनि दापबाट खुकुरीलाई निकालेर विधिपूर्वक स्थापना गरिन्छ।

विश्वसामु चिनिएको खुकुरी : खुकुरीकै बलमा आफ्ना वीरत्वलाई विश्वसामु चिनाएका छन्। भारतका प्रसिद्ध सुरक्षाविद् फिल्डमार्सल राम मानेकसाले एकपटक भनेका थिए- ‘कोही व्यक्ति मृत्युसँग डराउँदैन भने कित उसले ढाँटेको हुनुपर्छ, कि त उ गोरखाली हुनुपर्छ।

वास्तवमा गोरखाली र खुकुरी एक अर्काका परिपूरक जस्ता छन्। खुकुरीको कथा र गौरव विश्व प्रसिद्ध छ। श्री ३ पद्मशमशेरले भनेझैं खुकुरी नेपालको राष्ट्रिय चिह्न मात्रै नभई धार्मिक हतियार पनि हो। त्यसैले यसको महत्व धेरै ठूलो छ। सन् १९१४ मा भएको नेपाल अंग्रेज युद्धभन्दा पहिलेदेखि नै नेपालीहरुले खुकुरीको प्रयोग गरेको पाइन्छ। काठमाडौंको छाउनीमा रहेको राष्ट्रिय सङ्ग्रहालयमा ५०० वर्षभन्दा पुराना खुकुरीहरु राखिएका छन्। गोरखाका प्रथम राजा द्रव्य शाहले प्रयोग गरेको खुकुरीसमेत त्यहाँ राखिएको छ जो सन् १६२७ भन्दा अघि प्रयोगमा आएको थियो। अमेरिका स्वतन्त्र हुनु भन्दा सयौं वर्ष अघि देखि हाम्रा पुर्खाले खुकुरी प्रयोग गर्थे भन्ने कुरा खुकुरीको इतिहासले देखाउँछ तापनि यसको प्रयोग कहिलेदेखि शुरु भयो भन्ने एकिन थिति चाहिँ फेला परेको छैन। यसको प्राचीनताको अध्ययनगर्दा किराँती राजाहरुले पहिलो पटक खुकुरीको प्रयोग गरेको पाइन्छ। सातौं शताब्दीमा लिच्छवीहरुको शासन थियो भने त्यसपछि २९ पुस्तासम्म नेपालमा किराँतीहरुले राज्य गरेका थिए। महाभारतकालमा नेपालमा किराँती राजाहरुले शासन गरेको कुरा इतिहासकारहरु बताउँछन्। त्यसैलाई आधार मान्दा खुकुरीको इतिहास महाभारतको इतिहास जत्तिकै पुरानो छ।

जहाँ गोरखाली त्यहाँ खुकुरी : जहाँ गोरखाली त्यहाँ खुकुरी, जहाँ खुकुरी त्यहाँ गोरखाली भन्ने त उखानै छ। ऋषिकुमार पाण्डेले पनि विद्यालय पढ्दा देखिनै खुकुरीलाई आफ्नो साथी वनाएको सगर्व बताउने गर्नुहुन्छ। विभिन्न ठाउँमा अध्ययन र तालिममा जाँदा उहाँले खुकुरीलाई अभिन्न अंग बनाउनुहुन्थ्यो। दार्जिलिङ, देहरादुन, पुना, म्हाओ लगायतका ठाउँमा र युनियममा खटिँदा समेत खुकुरी लैजान बिर्सनुभएन।

पाण्डे भन्नुहुन्छ : ‘भारत-पाक सिमानामा खटिएको शान्ति सेनाको जिम्मेवारी निकै महत्वपूर्ण थियो। त्यहाँ रहँदा हरहमेसा सतर्क अवस्थामा रहनुपर्ने हुन्थ्यो। फरवार्ड एरियामा निरीक्षणमा गइरहनु पर्थ्यो। एक दिन मलाई स्ट्याण्डवाई बस्नु भन्ने आदेश आयो। मेरो अफिसमा कहिले काहीँ ५ वटा टेलिफोन एकैचोटी बज्थ्यो। दिल्लीबाट आदेश आएपछि म बिहान ३ बजेसम्म सुतिनँ। मिलब्सका रुपमा खटिएको एक जना अधिकृतलाई टेलिफोन रिसिभ गर्ने आदेश दिएर ३ बजे पछि म सुत्ने गएँ। म सुत्दा पनि सिरानीमुनी खुकुरी राखेर सुत्ने गर्थे। टेलिफोन आएछ तर पनि उसले मलाई उठाएनछ।

भोलिपल्ट बिहान ब्रेकफास्ट लिने समयमा उसले रातिको घटनाबारे सबै कुरा विस्तारपूर्वक बतायो। बिहान ५ बजेतिर दिल्लीबाट म्यासेज आएछ र ऊ मलाई उठाउन गएछ। मेरो सिरानीमुनि खुकुरी र खुकुरीकै छेउमा मेरो हात देखेपछि उ डराएछ। उसले मलाई भन्यो- ‘तपाई मस्त निदाउन भएको थियो। खुकुरीको छेउमा हात भएकाले मैले तपाईंलाई घचघच्याएर व्यूँझाउने आँट गरिनँ। अलि टाढैबाट गिट्टिले हानेर व्यूँझाउन खोजें तर तपाईं व्युँझिनु भएन। बिहान माफी मागेर सबै कुरा बताउनुपर्ला भन्ने सोचिरहेको थिएँ। मबाट भएको गल्तीका लागि क्षमा गर्नुहोला। मैले अर्जेन्ट म्यासेज आउँदा पनि तपाईंलाई उठाउने आँट गरिनँ।

नेपालीहरुले बोक्ने खुकुरीप्रति विदेशीहरुले कस्तो धारणा राख्छन् भन्ने कुरा यसैबाट छर्लंग हुन्छ। नेपालीका साथमा हुने खुकुरीका बारेमा विदेशीहरुले धेरै किम्बदन्तीहरु सुनेकाले पनि उनीहरु खुकुरीप्रति बढी संवेदनशील भएका हुन सक्छन्।

पाण्डे भन्नुहुन्छ : ‘बाल्यकालदेखि नै खुकुरी मेरो साथी जस्तै थियो। म जहाँ जाँदा पनि खुकुरी साथमा लिएर जान्थें। छात्रावासमा बस्दा होस् वा रेलको यात्रामा, अथवा भारत-पाक सिमान्त क्षेत्रमा जहाँ पनि मेरो साथमा खुकुरी छुटनैथ्यो।

जैसलमेरमा रहँदा पनि मैले खुकुरी लगेरै गएको थिएँ। त्यहाँ मैले युनियमका कमान्डर जनरल म्याकडोनाल्डलाई खुकुरी उपहार दिएको थिएँ। उपहार पाएको केही दिनपछि उनले मलाई एउटा पत्र लेखेर त्यसका लागि धन्यवाद दिएका थिए। पत्रमा भनिएको थियो- तपाईंले मलाई म मरुभूमिमा गएको बेला एउटा सुन्दर खुकुरी उपहार दिनु भएकोमा हृदयदेखि नै धन्यवाद ज्ञापन गर्न चाहन्छु। यो मेरो जीवनमा एउटा अत्यन्त चाखलाग्दो चिनोका रुपमा रहनेछ। नेपाल र नेपालका सैनिक अधिकृतहरुलाई सम्झिन यसले मद्दत गर्नेछ। मैले यसलाई चाँदिको फ्रेममा सजाएर राख्ने विचार गरेको छु। खुकुरीलाई धेरै वर्षसम्म कसरी जोगाएर राख्ने भन्ने कुराबारे तपाईंले मलाई सुझाव दिनुभयो भने म त्यसको पालना पनि गर्नेछु।

‘युनियममा काम गर्दा मलाई धेरै साथीहरुले नेपालको राष्ट्रिय हतियार खुकुरीका बारेमा सोधिरहन्थे। दार्जिलिङमा पढ्दा पनि साथीहरुले खुकुरीका बारेमा सोध्थे। त्यसैले मैले खुकुरीका बारेमा धेरै अध्ययन गरें। त्यसैक्रममा धेरै रोचक कुराहरु जान्न पाएँ। साथीहरुले खुकुरीका बारेमा सोद्धा म भन्ने गर्थें- ङ्मा पढ्दा पनि साथीहरुले खुकुरीका बारेमा सोध्थे। त्यसैले मैले खुकुरीका बारेमा धेरै अध्ययन गरें। त्यसैक्रममा धेरै रोचक कुराहरु जान्न पाएँ। साथीहरुले खुकुरीका बारेमा सोद्धा म भन्ने गर्थें- विश्वले पनि नेपाली र गोरखाली मार्फत् खुकुरीलाई चिनेको छ। यसको सांस्कृतिक इतिहास हेर्ने हो भने यो हतियार विश्व प्रसिद्ध भएको पाइन्छ। यस प्रतिष्ठत हतियारलाई नेपाली हतियार भन्न पाउँदा हामी नेपालीहरु अवश्य नै धन्य भएका छौं।

(क्रमशः)

फरक प्रसङ्ग

पूर्वरथी ऋषिकुमार पाण्डेको डायरीबाट

मेरो ल्यानचाउ यात्रा

वर्ष १७, अंक १५, २०७४ जेठ ७ आइतबार

सन् १९८२ तिर तत्कालीन श्री ५ महाराजाधिराज वीरेन्द्रविरविक्रम शाहदेवलाई चीन सरकारका तर्फबाट चीनको ल्यानचाउ भ्रमणको निमन्त्रणा आयो। राजदरबारको सैनिक सचिवका नाताले मैले पनि उक्त भ्रमणमा सहभागी हुने अवसर पाएँ। ल्यानचाउ भ्रमणका साथै तिब्बतको सिगात्सेको पनि भिजिट गर्ने कार्यक्रम तय भएको थियो। त्यतिबेला हामी चढेको जहाज प्रथम पटक ट्रान्स हिमालयन भएर उडेको थियो। काठमाडौंबाट ल्यानचाउका लागि भनी उडेको त्यो प्लेन विराटनगरतिर गयो र त्यहाँबाट नाम्चेबजार हुँदै बायाँ सगरमाथा र दायाँ कञ्चनजंघा पारेर गयो। त्यो प्लेनमा राजा रानी परराष्ट्रमन्त्री शैलेन्द्रकुमार उपाध्याय पनि हुनुहुन्थ्यो। त्यो प्लेन त्यसरी गएपछि मैले परराष्ट्रमन्त्री उपाध्यायसँग ठट्टा गर्दै भनें- 'पहिलो पटक ट्रान्स हिमालयन क्षेत्र भएर जहाज उडेकोमा टोष्ट गरौं।" हामीले खुसियालीमा त्यतिबेला वाइन टोष्ट गरेका थियौं। त्यतिबेला मौसमले पनि निकै साथ दिएको थियो। आकाश एकदमै सफा थियो। सगरमाथाको अवलोकन हामीले निकै राम्रोसँग गऱ्यौं। त्यसैगरी कञ्चनजंघालगायतका साना ठूला हिमालको दर्शन गऱ्यौं। आकाशैबाट तिब्बतको अवलोकन गऱ्यौं। तिब्बत नेपालभन्दा ६ गुणा ठूलो छ। तिब्बत हेर्दा जताततै खैरो देखिन्थ्यो। बीचबीचमा मात्र कताकतै हरियाली देख्न पायौं। रुखहरु देख्न त हामीले चाइनातिर लागेपछि मात्रै पायौं। ल्यानचाउ पुगेपछि जहाजबाट हामीले एउटा ठूलो ताल देखेका थियौं। त्यो ताल पार गर्न जहाजलाई ६/७ मिनेट लागेको थियो। त्यो ताल कुन थियो भनेर सोधखोज नगरेकाले थाहा भएन।

ल्यानचाउमा जहाज अवतरण भएपछि राजा रानीलाई रिसिभ गर्न चाइनाका प्रधानमन्त्री नै आएका थिए। हामीलाई ल्यानचाउको एउटा गेष्टहाउसमा बस्ने प्रबन्ध मिलाइएको थियो। ल्यानचाउ यस्तो ठाउँ हो जहाँ साइबेरियाको मरुभूमिबाट उडेर आउने बालुवालाई रोक्नका लागि चीन सरकारले वृक्षारोपण गरेको थियो। त्यसमा उसले सफलतासमेत पाएको छ। त्यहाँ बीचबीचमा गुफाहरु पनि थिए। त्यस्ता गुफामा होमलेस (घर नहुनेहरु) बस्तारहेछन्। ल्यानचाउ सहर त्यतिबेला भर्खरै आधुनिकतातिर लम्किँदै थियो। हामीले ल्यानचाउका मोनाष्ट्रे, प्यागोडा, गुम्बा सबै घुम्यौं। त्यहाँ कलकारखानाहरु भर्खरै भर्खरै खुल्दै थिए। सरकारको भिजिटलाई त्यहाँका जनताले ताली बजाएर स्वागत गरेका थिए। ती स्वागत गर्ने व्यक्तिहरु माओत्सेदुंगले लगाउने पोसाकमा थिए। कसै कसैले सर्ट, कमिज, ट्राउजर पनि लगाएका थिए। जुत्ता चाहिँ सबैले लगाएका थिए।

ल्यानचाउमा त्यतिबेलै निकै ठूलो हाइड्रोपावर खुलिसकेको थियो। त्यो हाइड्रोपावर पनि हामीले अवलोकन गऱ्यौं। त्यसको जलाशय निकै नै विशाल थियो। त्यो जलाशयमा हामीले फेरीका माध्यमबाट घुमेका थियौं। राजारानीले समेत घुमिबक्सेको थियो। त्यो जलाशय रुसको साइवेरियाबाट आएको पानीको जलाशय रहेछ। त्यहाँ हामीले फोटो खिच्यौं। पावर हाउस हेऱ्यौं। त्यो प्राजेक्टबाट हजारौं मेगाबाट बिजुली उत्पादन हुँदोरहेछ। त्यहि बिजुलीबाट ल्यानचाउमा औद्योगिकरण भएको रहेछ।

चाइनामा त्यो बेला कम्युन सिस्टम थियो। हामीलाई ती कम्युनको समेत अवलोकन गराइएको थियो। कम्युनहरुमा एक परिवारका लागि दुईवटा ठूलो कोठा, एउटा सानो किचेन र एउटा ट्वाइलेट हुँदा रहेछन्। हामीले कम्युनले गरेको कृषि खेती पनि अवलोकन गऱ्यौं। मलाई त त्यो खेतीमा खुर्सानी खेती नै अचम्म लाग्यो। त्यहाँका खुर्सानी एक वित्ता घटीका कुनै थिएनन्। मैले त्यहाँबाट खुर्सानी पनि ल्याएको थिएँ। कम्युनमा एक परिवारका लागि एउटा सानो टेलिभिजन पनि दिइँदो रहेछ तर फ्रिज भन्ने कुरा कतै देखेनौं। हामीलाई राखिएको गेष्ट हाउसमा पनि फ्रिज थिएन। पेय पदार्थ (यहाँको कोक, फेन्टा, स्प्राइट, पेप्सी, मिरिन्डा)जस्ता वस्तु पनि उत्पादन हुँदा रहेछन् तर फ्रिज नभएकाले तातै पियौं। चीनमा सबै कुरा तातै खाने चलन रहेछ। ठूलाठूला थर्मसहरु राखिएका हुन्थे। त्यसैबाट तातोपानी पिउँथे। त्यसबेलासम्म फ्रिजको आवश्यकता थिएन। त्यतिबेलासम्म पनि नोटको सिस्टम थिएन। एउटा कागजमा एन लेखिएको हुन्थ्यो। त्यही हामीलाई दिन्थ्यो। हामीले त्यसैलाई साटेर काम चलाउँथ्यौं।

कपडाहरु त्यहाँ हामीकहाँ भन्दा निकै सस्ता थिए। जेड टेवल नै १५० मा पाइन्थ्यो। रानीका शाही चिकित्सक

डा. सच्चेकुमार पहाडी हरेक फ्लाइटमा सँगै हुन्थे र उनले प्रत्येक फ्लाइटमा एक लाख रुपैयाँ पाउँथे। त्यहाँ रानी र डा. पहाडीले थुप्रै सामान किने। मैले चाहिँ आफ्ना लागि एउटा थर्मस मात्रै किनें। त्यो थर्मस अझै पनि प्रयोगमै छ।

ल्यानचाउबाट राजारानीको सवारी मलगायत एडीसीहरु रसियन प्लेन (जो निकै ठूलो थियो)बाट बिगात्से आयौं। त्यो प्लेन अमेरिकन डीसी ७ जस्तै थियो। सिगात्सेको विमानस्थल त्यतिबेला कालोपत्रे भइसकेको थिएन। ग्राभेल मात्रै थियो। सिगात्सेबाट विमानस्थलसम्म पुग्न नै ड्राइभमा चार घण्टा लाग्दो रहेछ। राजा र हामीलाई दिइएको गाडी पुरानो डिजाइनको थियो। त्यो गाडी अमेरिकन थियो। सिगात्सेमा हामीलाई एउटा ब्यारेकमा लगियो। राजालाई दिइएको क्वार्टरमा समेत आधुनिक ट्वाइलेट बाथरुम थिएन। पाइपसमेत बाहिरबाटै देखिन्थ्यो। हामीलाई दिइएको कोठासँगै एउटा कोपरा राखिएको थियो। त्यसैमा पिसाब गर्नुपर्थ्यो। एक बाल्टी पानी पनि राखिदिएको हुन्थ्यो। बिहानपख हातमुख धुनका लागि र दिसा जाँदा लैजानका लागि त्यो पानीको बाल्टी राखेको थियो। बिहानपख ट्वाइलेट जाँदा करिब ५०० गजजति हिँडेर एउटा ट्रेन्च खनेकोमा माथिबाट फल्याक बिछ्याएकोमा दिसा गर्नुपर्थ्यो। पहिलो रात हामीले त्यसैमा कष्टपूर्ण तरिकाले बितायौं। भोलिपल्ट हामीलाई सिगात्सेको मोनेष्ट्री अवलोकन गराइयो। त्यहाँका लामाहरुले धार्मिक ग्रन्थ पाठ गरिरहेका थिए। उनीहरुलाई समय समयमा खानका लागि एक एकवटा बाउल (कचौरा) राखी दिएको थियो। त्यसैमा उनीहरुले जौं को सातु मुछेर खान्थे।

हामीलाई दिउँसोतिर टिवेटियन कार्पेट इन्डस्ट्री देखाउन लगे। ट्रेडिसनल मेडिसिन फ्याक्ट्री देखाए। ती ट्रेडिसनल मेडिसिन फ्याक्ट्रीहरु भनेका आयुर्वेदिक फ्याक्ट्री थिए। सानासाना मेसिनहरुबाट ट्याबलेटहरु उत्पादन हुन्थे।

बेलुका रिसेप्सन थियो। त्यहाँ टिवेटियन कल्चरल सो देखाए। त्यो सबै हेऱ्यौं। त्यहाँको समयलाई बेजिङ टाइम भन्थे उनीहरु।

राजाबाट हामी सबैलाई पहिल्यै आदेश भएको थियो कि यहाँ धेरै धपेडी गर्नु हुँदैन नत्र लेक लाग्छ। हामीलाई राखेको ठाउँ एउटा सानो हेल्टपोष्ट जस्तो थियो। त्यहाँ मैले देखें एउटा रबरको तकियामा हावा (अक्सिजन) हालेको थियो। मैले पनि बेलुका बेलुका तकियामा हावा हालेर ल्याउँथे। हाई अल्टिच्यूडमा हावा नभई हुँदैन। त्यहाँ विशेषगरी बिहानतिर अल्टिच्यूडका कारण टाउको दुख्दो रहेछ। त्यतिबेला त्यही तकियामा भरेर राखेको हावाबाट सास फेर्नु पर्दोरहेछ।

सिगात्सेबाट हामीलाई पर्सिपल्ट ग्यात्से लगियो। सिगात्सेबाट ग्यात्सेसम्म गाडी चलाउँदा हामीलाई हाइड्रो पावरको ड्यामसाइड भएर लगियो। ग्यात्से जाँदा हामीले सगरमाथालाई नै होचो देख्यौं। सिगात्से त्यति अग्लो ठाउँमा अवस्थित रहेछ। त्यहाँ मैले देखें। सानासाना केटाकेटीलाई पनि सबैले स्कुल पठाउँथे। खेल्ने समयका केटाकेटीहरु पढिरहेका देखिन्थे। त्यसरी शिक्षाको विकास भएकैले होला चाइनाले आज त्यत्रो विकास गरेको। त्यतिबेला चीनमा काठ त पाइँदैनथ्यो। त्यसैले त्यहाँ टेलिफोन र बिजुली प्रसारणका लागि पोलको समस्या थियो। त्यो समस्या निवारणका लागि उनीहरुले एउटा जुक्ति लगाएको देखियो। उनीहरुले के जुक्ति लगाएछन् भने- माटाका चपरी काटेर चाङ लगाउँदै गएर पोलझैं आलो बनाउँदा रहेछन् र त्यसैमाथि बिजुली, टेलिफोन जडानका उपकरण राखेर सप्लाइ गर्दा रहेछन्। त्यसरी विकास गर्दै अघि बढेको चीन आज कहाँबाट कहाँ पुगिसक्यो।

तिब्बतमा पनि रानी र डा. पहाडीले किनमेल गरे। उनीहरुले त्यहाँ ४०/४० डलरमा कस्तूरीको बिना किनेछन्। म त हरबखत राजाकै साथमा रहनुपर्ने भएकाले केही पनि किन्न पाइनँ।

त्यहाँबाट हामीलाई ल्यानचाउ फिर्ता लगियो। राजाले ल्यानचाउमै बस्नु भनेका व्यक्ति नारायणप्रसाद र चीरणशमशेरहरु त घुम्न पो गएछन्। पछि राजा रिसाइबक्स्यो। ल्यानचाउ भिजिटपछि हामी जुन मार्ग भएर गएका थियौं। सोही मार्ग भएर नेपाल फर्क्यौं। २०० वर्षअगाडि नेपोलिएनले भनेका थिए लेट द स्लिपिङ लायन ब्रेकअप। देन द वर्ल्ड उड नो। सुतेको चीन उठेर यतिबेला कहाँ पुगिसक्यो ? हाम्रा नेताहरुले बुझे राम्रै हुन्थ्यो।

(क्रमशः)

फरक प्रसङ्ग

पूर्व रथी ऋषिकुमार पाण्डेको डायरीबाट

वर्ष १७, अंक १६, २०७४ जेठ १४ आइतबार

अफगान नरेशको नेपालमा शिकार यात्रा

२०२८ साल माघ महिनामा मलाई एउटा सूचना प्राप्त भयो। त्यसमा भनिएको थियो श्री ५ महेन्द्र वीरविक्रम शाहदेव र अफगान नरेश चितवनको वाघमारामा शिकारका लागि आउँदै हुनुहुन्छ। ब्रिग्रेडियर जनरल शेरबहादुर सिंहलाई त्यसको सुरक्षाको सम्पूर्ण जिम्मेवारी सुम्पिएको थियो र म उहाँको डेपुटीका रुपमा राखिएको थिएँ। मैले आफनो जिम्मेवारी निष्ठाका साथ निभाएको थिएँ। मैले आफुभन्दा सिनियरदेखि जुनियर सबैसँग ट्रान्सपोर्टेसन तथा आवश्यक सामाग्रीका बारेमा कोअर्डिनेशन गरेको थिएँ।

सम्पूर्ण आवश्यक सामाग्रीको बन्दोबस्त गरेपछि बाघमारामा अतिथीहरुको सुरक्षाको व्यवस्था मिलाउनु मेरा लागि ठूलो चुनौति थियो। टेन्ट फर्निचर आदि सबैको बन्दोबस्त मिलाएपछि मेरा क्याम्प कमाण्डर तथा म सुरक्षाको बन्दोबस्त तर्फ लाग्यौं। श्री ५ महेन्द्र र अफगान नरेश बाघमारा पुग्दा अँध्यारो भइसकेको थियो। फागुन ३ गते म र क्याम्प कमाण्डरका साथै सम्पूर्ण सदस्यहरु पुरा दिन व्यस्त भयौं। त्यो दिन महाशिवरात्रीको दिन थियो। मैले भगवान पशुपतिनाथसँग आशिर्वाद माँगे। त्यसैदिन म हेटौंडा गएँ र गेष्ट हाउसबाट एउटा बोइलर लिएर आएँ। अतिथिहरुको स्टिमेट अनुसार मैले एउटा ठूलो टेन्ट ल्याएँ। मेले सुने अनुसार त्यो टेन्ट श्री ३ प्रधानमन्त्री विर शमशेरको पालाको थियो। त्यो टेन्ट अत्यन्तै ठूलो थियो र त्यसको भित्री भाग मखमलको थियो। झण्डै ६-७ फिट चौडा त त्यसको कोरीडर नै थियो। त्यसभित्र ४ कोठा थिए। जसको साइज ११ह१२ फिट थिए। त्यसभित्र एउटा कोठाबाट अर्को कोठामा जाने व्यवस्था समेत थियो। ती ४ कोठामध्ये एउटा बेडरुम, एउटा ड्रइङरुम र एउटा ड्रेसिङ रुम थिए। सबैको निकास कोरीडरसँग पुगेको थियो। त्यसैभित्र ट्वाइलेट र बाथरुम समेत थिए। टेन्ट बाहिर हामीले एउटा पानी ट्यान्कीको बन्दोबस्त मिलाएका थियौं। त्यसलाई काठको स्टेण्ड माथि राखेकोथियौं। एवम् रितले हामीले भीभीआईपीहरुका लागि आवश्यक पूर्वाधारको व्यवस्था मिलाएका थियौं। हामीले श्री ५ महेन्द्रका लागि पनि वाथरुम सहितको टेन्टको व्यवस्था मिलाएका थियौं र सडक पनि रंगाएका थियौं। हाम्रो व्यवस्थापन देखेर अफगान नरेश निक्कै प्रभावित हुनुभएको थियो। त्यो कुरा हामीले राजा महेन्द्रसँग उहाँको वार्तालापका समयमा थाहा पायौं। हुनपनि जंगलबीच त्यस्तो व्यवस्था मिलाउनु भनेको चानचुने कुरा थिएन।

हामीले टेन्टको व्यवस्था कर्णेल, जर्नेल, प्रधानसेनापति सबैका लागि गरेका थियौं। दुईवटा टेन्ट हामीले २ जना अफगानी राजकुमारका लागि पनि बन्दोबस्त गरेको थियौं र हामीले फागुन ६ गतेसम्म पनि आफ्नो काम सकेका थिएनौं। त्यहाँ चाहिने जति दाउराको बन्दोबस्तथ हामीले हेटौंडाको टिम्बर मिलबाट गरेका थियौं। त्यसैगरी हरेक टेन्टमा बिजुलीको व्यवस्था पनि मिलाएका थियौं र एउटा जनेरेटर पनि तयारी अवस्थामा राखेका थियौं।

फागुन ७ गने पनि हामीले निकै खटेर काम गऱ्यौं। यसरी हामीले शिकारको सम्पूर्ण प्रबन्ध मिलायौं। त्यसैगरी मेंसको व्यवस्था गऱ्यौं। त्यस्तो जंगलका बिचमा पनि हामीले कुनै कमी हुन दिएनौं र साँझ पख मेजर जनरल रंग विक्रम र कर्णेल शुशिल शमशेर आएर शिकारको प्रबन्धबा बारेमा जानकारी लिने दिने काम गर्नुभयो। उहाँहरु राजदरबारबो शिकार विभागका अफिसर हुनुहुन्थ्यो। उहाँहरुल नरराज थापा र माइला धमलासँग पनि सम्पर्क गर्नुभयो। नरराज थापालाई सबैले भालुभुत्ते उपनामबाट चिन्दथे। धमला शिकारका लागि अनुभवी व्यक्ति थिए। हामीलाई सम्पूर्ण काम सम्पन्न गर्न फागुन ८ गते सम्मको समय लागेको थियो। साँझपख चिफ अफ द आमी स्टाफ जनरल सुरेन्द्र बहादुर शाहले शिकार क्याम्पको निरिक्षण गर्नुभयो। हाम्रो चुस्त व्यवस्थापन देखेरु उहाँ पनि निकै खुशी हुनुभएको थियो र बधाई पनि दिनुभएको थियो।

फागुन ९ देखि ११ सम्म दुवै राजाहरु शिकारका लागि सवारी होइबक्स्यो। मैले सुनें कि ३ बजेको समयतिर एउटा बाघलाई घेरामा पर्न सकियो। त्यतिबेला म शिकारलाई आफनै आँखाले हेर्न चाहन्थे। त्यसैले मैले बाघलाई घेरामा पारेको स्थानमा जानें निधो गरें। मेरा लागि महाजनी नाम गरेको एउटा हात्तीको व्यवस्था मिलाइएको जिथयो। अरु जनना चाहनेहरुका लागि पनि निजी हात्तीको व्यवस्था गरियो। त्यसपछि हामी सौराहा तिर लाग्यौं। हामीले राप्ती नदी तऱ्यौं र केही माइल हिंडेपछि हामी बाघलाई घेरामा पारेको स्थानमा पुग्यौं। मानिसको भिंड थियो। स्थानीय मानिसहरु रुखमाथि

चढेर शिकारको मनोरञ्जन लिई रहेका थिए। हामी पनि भिंडमा प्रवेश गऱ्यौं। जहाँ बाघलाई घेराभित्र पारिएको थियो त्यहाँ अफगान नरेशलाई स्कर्ट गरिएको थियो। बाघ जोडले गर्जियो। उसको गर्जन सुनेर सबै महाजनी हात्तीहरु तर्सेर यताउता भाग्न थाले। हामी चाहिँ भागा-भाग गर्न थालेका हात्तीबाट बच्नका लागि स्थानीय मानिस झैं रुखमाथि चढायौं। अन्त्यमा माहुतेहरुले हात्तीलाई काबुमा ल्याए।

त्यसको केही समयपछि राजा महेन्द्र पनि त्यहीं आइबक्स्यो। म हात्तीमाथि नै बसी बसी सबथोक अवलोकन गरिरहेको थिएँ। हात्तीबाटै मैले अफगान नरेशले बाघको शिकार गरेको हेरें। दुईवटा गोली मिस भएका थिए। तेस्रो गोलीले बाघ मारेपछि उहाँले मृत बाघको नजिकमा गएर फोटो सुट गरिबक्सेको थियो। उहाँले राजा महेन्द्रका साथमा पनि फोटो सुट गरिबक्सेको थियो। बाघ मार्नु भनेकै अफगान नरेशको शिकार यात्राको सफलता थियो। बाघको शिकारपछि दुवै राजाहरु निकै खुशी होइबक्स्यो। त्यसपछि हामी सबै क्याम्पमा फिर्ता गयौं। राजा र राजकुमारहरु साँझ पख क्याम्पमा फायरको चारैतिर बसिबक्स्यो। त्यसपछि डिनरको समय भयो। राजा, राजकुमार तथा अन्य गन्यमान्यहरुले शाही खानाको मजा लिए। १० बजेको समयतिर सबै बिजुलीबत्ति निभाइयो र लालटिन बालियो।

भोलिपल्ट १० बजेको समयतिर सबै शिकारी टिमहरु शिकारतर्फ लागे। राजाहरु, राजकुमारहरु, कर्णेलहरु र शिकार गाइडहरु हात्तीमाथि बसे र जंगलका विभिन्न भागमा शिकारका लागि अगाडी बबढे। म मेरो महाजनी हात्तीमाथि एक्लै बसें र म पनि त्यतै लागे। शिकारी टिमले जंगलभित्र गएर भालु, चितुवा, मृग, हरिण, जरायो, आदिको शिकार गरे। साँझ पख शिकारी टिम क्याम्पमा फिर्ता आयो। ती सबै शिकारबाठट अत्यन्तै सन्तुष्ट थिए। दुवैजना राजाहरुले निकै लामो समयसम्म एकापसमा वार्तालाप गरिबकस्यो। त्यसपछि खाना खाने समय भयो। डिनर पछि प्रधान सेनापति ज्यूले मलाई बबोलाएर भननु भयो। -मैले तर्पलाई अफगान नरेश तथा राजकुमारहरुको लियाजो अफिसरका रुपमा राखेको छु। वास्तवमा यो कामको जिम्मेवारी परराष्ट्र मन्त्रालयका २ जना अफिसरलाई दिइन्छ तर केही कारण वश त्यसको जिम्मेवारी समेत मलाई नै दिइयो। मैले तुरुन्तै स्वीकार गरें र लियानो अफिसरको जिम्मेवारी समेत सम्हाले।

दुवैजना अफगान राजकुमारले मसँग बाघको शिकारको प्रबन्ध मिलाउनको लागि अनुरोध गर्नु भयो। तर मैले राजासँगको परामर्शबाट राजाअब कुनै पनि शिकारका लागि इच्छुक होइबक्सिदैन भनेर पन्छाई दिएँ। मैले यतिकुरामा चाहिँ उहाँहरुलाई ढुक्क हुन अनुरोध गरें कि मैले बाघलाई ट्रयापमा पार्न मानिस पठाइसकेको छु।

फागुन ११ गते अफगान नरेशले एकाबिहानै मलाई बोलाएर बोटविरुवा, रुख, चरा, मयुर, फूल, किरा फटयाङ्ग्रा आदिको फोटोग्राफ लिने इच्छा जाहेर गर्नुभयो। यसबाट मैले के बुझें भने उहाँ शिकारमा भन्दा फोटोग्राफीका लागि शौकिन होइबक्सिदो रहेछ। फोटो लिने क्रममा उहाँले मलाई एउटा विशाल वृक्षको अगाडि बस्न लगाउनुभयो र पोलोराइड क्यामराबाट मेरो फोटो लिनुभयो। उहाँले फोटो खिचेको केही सेकेण्डमै मेरो फोटो उहाँको क्यामराबाट बाहिर निस्कियो। उहिँले त्यो फोटो मलाई नै उपहार दिनुभयो। पोलोराइड क्यामराको त्यो मेरो प्रथम अनुभव थियो। मेले राजासँग त्यो फोटोमा हस्ताक्षरका लागि अनुरोध गरे। उहाँले तत्कालै त्यसमा हस्ताक्षर गरेर मलाई दिनुभयो। त्यसे अटोग्राफका कारण अफगानिस्तान जानका लागि भिसा लिनु पर्दैन भन्ने मैले बुझेको थिएँ। त्यो पनि बताएँ। उहाँले जवाफ दिनुभयो - तिमीलाई जहिले अफगानिस्तान जान मन लाग्छ, दरबारमामा चिठ्ठी पठाउन सक्छौ। मैले उहाँसँग भने यो मेरा लागि ठूलो आदर हो। त्यसपछि हामी क्याम्प फिर्ता भयौं। राजाले क्याम्पको भिडियो तश्वीर लिनुभयो। उहाँले बाघको छालाको पनि भिडियो लिनुभयो। जसको छाला शक्ति सार्कीले काढेको थियो। लन्चपछि शिकारी टिम पुन शिकार का लागि प्रस्थान गऱ्यो।

साँझपख प्रधानसेनापति ज्यूले मलाई शिकारमा संलग्न भएकाहरु जति सबैको सूचि तयार पार्नका लागि आदेश गऱ्नुभयो। अफगान नरेशका तर्फबाट उपहार दिई कक्सने कार्यक्रम भएकाले त्यो सूचि तयार पार्न भनिएको रहेछ। मैले त्यसको सूची तयार पारें। मैले विशेष गरी नरराज थापा र शक्ति सार्कीको नाम र टाइटल राखेर ठूला अक्षरमा लेखें। उदाहरणका लागि प्रमुख रिंग मास्टर नरराज थापा, प्रमुख छाला काढने मान्छे शक्ति सार्की भनेर। मैले त्यो उनीहरुको राम्रो प्रस्तुती देखेर गरेको थिएँ। त्यसको १ घन्टा पछि नै अफगान नरेशबाट उपहार प्राप्त भयो। १४ क्यारेटको सुनको घडी र छालाको बेल्ट मैले पनि पाएको थिएँ। माथिको निर्देशन अनुसार हामीले ती उपहारहरु फिर्ता गऱ्यौं। त्यसपछि

अफगान राजाले राजा महेन्द्रसँग अनुरोध गरेर ती उपहारहरु लिइ दिन भन्नु भयो। शक्ति सार्की र मेजर नरराज थापाले स्वीस घडी प्राप्त गरे। धेरैले सुनका सिक्का प्राप्त गरे भने प्रधान सेनापति ज्यूले अफगानी कार्पेट प्राप्त गर्नुभयो। त्यसैगरी क्याम्प कमाण्डेन्टले पनि अफगानी कार्पेट पाउनु भयो जो सेनापति ज्यूको भन्दा अलिकति मात्रै सानो थियो।

उपहार प्रदान गर्ने बबेलामा एउटा सानो समस्या सिर्जना भयो। मेजर नरराज र शक्ति सार्कीलाई एउटै खाले दिइयो। नरराजले घडिको बक्स खोलेर हेर्दा उनले उल्टोतिर बाबट खोलेछन्। त्यसैले उनका घडी खसेर ड्यामेज भयो। त्यसपछि उनले शक्ति सार्कीको घडी बक्स हेरे। त्यसभित्र त घडी नै थिएन। ड्यामेज बक्स मात्रै रहेछ। मैले बुझिहालें कि त्यो नरराजको बदमाशी थियो। मैले उनीसँग नम्र शब्दमा घडी बिनाको ड्यामेज बक्स लिन र शक्तिको घडी शक्तिलाई नै दिन भनें। र यो पनि भने कि उपहार लिएको भर्पाइमा सहि पनि गर।

फागुन १२ को ब्रेकफास्ट पछि पाहुनाहरुको फिर्ति कार्यक्रम थियो। अफगान नरेश क्याम्पका सबैसँग भेट गरी हात मिलाउँदै हुनुहुन्थ्यो। मैले पनि हात मिलाएँ। त्यतिबेला उहाँले मलाई धन्यवाद समेत दिनुभएको थियो। त्यसपछि दुबै राजाहरू एउटै कारमा बसेर भरतपुरतर्फ लाग्नुभयो। भरतपुरबाट त्रि.अ.वि. गौचर ओर्लिनुभयो। अफगान नरेश त्यसैदिन स्वदेश फर्किनुभयो। राजा महेन्द्र त्यो दिन अत्यन्तै खुशी होइबक्सिन्थ्यो। त्यो देखेर ब्रिग्रेडियर जनरल शेर बहादुर सिं ले राजा सँग हेटौंडामा ४ विगाहा जग्गा बकस माँग्नुभयो र पाउनु पनि भयो। त्यो देखेर मेरो एकजाना साथीले मलाई पनि त्यति जग्गा बकस माँग्न भन्यो तर मैले माँगिन। मेरो नैतकताले बकस माँग्न दिएन। मेरा बाजे कर्णेल विष्णु कुमार पाँडे श्री ३ चन्द्र शमशेरका अत्यन्तै विश्वासपात्र हुनुहुन्थ्यो। उहाँले चाहेको भए थुप्रै जमिन बिर्ता पाउन सक्नु हुन्थ्यो तर उहाँले पनि माँग्नु भएन। मेरी बज्यैले पनि मलाई सधैं भन्ने गर्नु हुन्थ्यो - कसैसँग केही नमाँग्नु। मैले सधै त्यसको पालना गरें। महेन्द्र सरकारले पनि मलाई केही जग्गा दिन चाहि बक्सेको थियो तर मैले माँगिन। नेपाली सेनाबाट स्रेवा निवृत्त पनि मैले राजाबाट केहीबाट माँगिन। २०३२ साल देखि २०४७ सालसम्म राजदरबारमा रहँदा पनि मैले १ पैसा बक्सिस लिइन जबकी महेन्द्र र विरेन्द्र दुवै राजाहरु म प्रति खुशी होइबक्सिन्थ्यो।

(क्रमशः)

फरक प्रसङ्ग

वर्ष १७, अंक १७, २०७४ जेठ २१ आइतबार

नेपालका प्रथम प्रधानन्यायाधीश हरिप्रसाद प्रधानको संस्मरण

म आईएमए देरादुनमा जीसी भएर २००९ सालदेखि २०११ सालसम्म पढ्दा त्यहाँ हामीलाई सजाय दिनुपर्दा इण्डियन आर्मी एक्ट १९५० अनुसार सजाय दिइन्थ्यो। मलाई अहिले पनि सम्झना छ कि इण्डियन आर्मी एक्टको सेक्सन ६३ ले अरु कुनै एक्टले सजाय दिन नसक्ने अवस्थामा यो एउटा सेक्सनले दिन सक्नेछ भनेको छ। यसरी हाम्रो दुई वर्षको अध्ययनका क्रममा हामीलाई कानुन पढाइन्थ्यो र कानुनका दफा उपदफाका बारेमा सिकाइन्थ्यो। पढाउने मात्र हैन हाम्रो परीक्षासमेत लिइन्थ्यो। हामीले पढ्ने किताबहरुमा इण्डियन आर्मी एक्ट १९५० म्यानुअल, मिलिटरी कानुन, (करिब १०० पृष्ठको) किंग्स रेगुलेसन आदि हुन्थे। तीबाहेक ब्रिटिस आर्मीको डकुमेन्ट्स समेत हामीलाई देखाइन्थ्यो। समरी कोर्ट बस्दा कुन-कुन अफिसर कहाँ-कहाँ बस्ने, अभियुक्तलाई सिपाहीले ल्याउँदा संगीनका साथमा कसरी ल्याउने, कस्तो प्रश्न सोध्ने भन्नेबारेमा समेत हामीलाई सिकाइन्थ्यो। परीक्षा पनि लिइन्थ्यो। म निकै ध्यान दिएर कानुन पढ्थें। त्यसैले मेरो रिजल्ट पनि राम्रो आएको थियो। म पछि नेपाली सेनाको कप्तान भएपछि करिब २०१६ सालतिरको कुरा हो मलाई आर्मी हेडक्वार्टरमा एक ओआरजेमा कप्तान सिंहप्रताप शाहले बोलाएर मद्दत माग्नुभयो। उहाँले नेपाली सेनामा कानुन लागू गराउने सोच राख्नुभएको रहेछ। त्यसैका लागि उहाँले मसँग कानुनका विषयमा मद्दतको आशा गर्नु भएको रहेछ। मैले उहाँलाई सहयोग गर्ने वचन दिएँ र देहरादुनबाट आउँदा साथमा इण्डियन आर्मी एक्ट पनि लिएरु आएँ र उहाँलाई त्यस विषयमा राम्रोसँग बिफ्रिङ गरी त्यो किताब पनि दिएर गएँ। पछि नेपाल आर्मी एक्ट बनाउँदा त्यही इण्डियन आर्मी एक्ट १९५० को सहयोगमा बनाइएको थियो।

एक दिनको कुरा हो कुनै वैवाहिक कार्यक्रममा मेरो भेट तत्कालीन प्रधानन्यायाधीश केदारनाथ उपाध्यायसँग भयो। उहाँसँग कानुनसम्बन्धी कुरा हुँदा उहाँले मलाई भन्नुभयो- 'मैले पनि २०११/२०१२ सालतिर कानुन पढ्दा म्यानुअल र मिलिटरी एक्ट विषय लिएर नै पढेको हुँ।

पछि नेपाल आर्मीमा प्राग विभाग (ल ब्रान्च) गठन भएपछि अन्तर्राष्ट्रिय कानुन पढेको हुँ। उपाध्याय एकदमै योग्य र

खरो व्यक्ति हुनुहुन्थ्यो पछि नेपाल आर्मीमा प्राग विभाग (ल ब्रान्च)को प्रमुखमा मेजर जनरल वि एल शर्मा आउनुभयो। म फिल्ड कम्पनीमा २०१९ सालतिर छँदा पाकिस्तानका राष्ट्रपति अयुवखाँ नेपाल आएका बेला स्वागतद्वार बनाइएको थियो। उहाँलाई तत्कालीन राजा श्री ५ महेन्द्रबाट स्वागत भएको थियो। त्यतिबेला दुवै राष्ट्राध्यक्षबाट फिल्डमार्सलको आदानप्रदान गर्ने कामसमेत भएको थियो। तत्कालीन नेपालको सर्वोच्च अदालतको पहिलो प्रधानन्यायाधीश हरिप्रसाद प्रधानज्यू हो। उहाँलाई स्व. श्री ५ महेन्द्रले दार्जिलिङको हाइकोर्टबाट ल्याएर नेपालको कानुन व्यवस्थामा परिमार्जन गर्दै यहाँ पनि हाइकोर्टको व्यवस्था गरियो। हरिप्रसाद प्रधान र मेरो उमेर धेरै फरक भए पनि म उहाँलाई कर्साङ दार्जिलिङमा पढ्दादेखि नै चिन्दछु। त्यहाँ पढ्दा मेरो अभिभावक इन्जिनियर पदमा सुन्दर मल्ल हुनुहुन्थ्यो। हरिप्रसाद प्रधान पदम सुन्दर मल्लका भिनाजु हुनुहुन्थ्यो। त्यो बेलादेखि नै हरिप्रसाद प्रधानज्यूलाई मैले चिनेको हुँ। उहाँ काठमाडौं आएपछि त मेरो र उहाँका बीच आवतजावत पनि राम्रै थियो।

एक दिनको कुरा हो, म १००८ स्वामी श्री शिवपुरी बाबाको मृगस्थलीस्थित आश्रम गएको थिएँ। बाबासँग मेरो वार्तालाप सधैँ अंग्रेजीमा मात्रै हुन्थ्यो। बाबासँगै मेरो वार्तालाप चलिरहेका बेला प्रधानन्यायाधीश हरिप्रसाद प्रधान पनि टुप्लुक्क त्यहीं आइपुग्नुभयो र बाबालाई दण्डवत गर्नुभयो। प्रधानन्यायाधीशज्यूलाई केही समयदेखि निद्रा नलागेर समस्या परेको रहेछ। त्यसको कारण के रहेछ भने उहाँको बेन्चमा एउटा यस्तो केश आएको रहेछ जो गलत रहेछ। भएको के रहेछ भने तराईतिरको एक जना ठूलो जमिन्दारको छोराले एक जना मान्छेलाई गोली हानेर मारेको रहेछ। उसको बुबा निकै वृद्ध भएकाले उसले भनेछ- 'बरु त्यो हत्याको जिम्मा लिएर जेल म जान्छु। तिमी त कलिलै उमेरको मान्छे किन जेल जाने ! त्यही सल्लाहबमोजिम उनीहरुले प्रहरी प्रशासनमा पैसा खुवाएर छोराले मान्या हैन, बाबुले मान्या हो भन्ने मुचुल्का उठाउन लगाएछन् र सर्जमिनमा पनि त्यही गराइएछ। केही समयपछि वास्तविक कुरो सर्वोच्च अदालतमा आयो। त्यो केश प्रधानन्यायाधीशले हेरिरहेकाले उहाँलाई चिन्ता परेर निन्द्रा लाग्न छाडेको रहेछ र शिवपुरी बाबाकहाँ परामर्शका लागि जानुभएको रहेछ।

शिवपुरी बाबाले उहाँकहाँ जतिसुकै ठूलो व्यक्ति आए पनि मलाई बिदा गर्नु हुँदैनथ्यो बरु सुन्ने अवसर दिनुहुन्थ्यो। हरिप्रसाद प्रधानज्यूले आफ्नो चिन्ताका विषयमा बाबासमक्ष सबै कुरा जाहेर गर्नुभयो। बाबाले उहाँलाई यसो गर, उसो गर, भन्ने कुरा पनि भएन। बरु उहाँले केश वृतान्त सुनिसकेपछि महाभारतको समयका कुरा, त्योभन्दा पनि पहिलेको समयका कुरा र पछिको समयका कुरा सुनाउँदै हरिप्रसाद प्रधानज्यूलाई तृप्त पार्नुभयो। प्रधानज्यू पनि मनलाई हलुको पार्दै बिदा हुनुभयो। सायद त्यहाँ हासिल गरेको ज्ञानका आधारमा उहाँले त्यो केशमा सही निर्णय लिनुभयो।

हरिप्रसाद प्रधानको न्यायिक स्वच्छता देखेर राजा महेन्द्रले समेत कुनै पनि केशमा अमूक व्यक्तिलाई जिताउन र अमूक व्यक्तिलाई हराउन आदेश दिन हिच्किचाई बक्सिन्थ्यो। हरिप्रसाद प्रधानको निष्पक्षता देखेर राजा महेन्द्र उहाँसँग एकदमै खुसी होइबक्सिन्थ्यो। हरिप्रसाद प्रधानलाई राजा महेन्द्रले दार्जिलिङबाट नेपाल ल्याएकाले उहाँको नेपालमा घर-जग्गा थिएन। त्यसैले राजा महेन्द्रले उहाँलाई झम्सिखेल ललितपुरमा एक घरसहितको करिब पाँच रोपनी कम्पाउन्डसहितको घर जग्गा बक्सिस दिइबक्सियो। त्यो घरमा हाल उहाँको जेठो छोरा अग्निप्रसाद प्रधान बस्नुहुन्छ। अग्निप्रसाद प्रधान नेपाल सरकारको सहसचिव पदसम्म पुगेर रिटायर्ड हुनुभएको छ। हरिप्रसाद प्रधान रिटायर्ड भएपछि श्री ५ महेन्द्रबाट राम्रोसँग बिदा लिएर धार्मिक प्रवृत्तिको व्यक्ति पनि भएकाले आफ्नो जमिनमा विभिन्न जात-जातका फलफूलका बोटबिरुवा लगाई घरलाई नै एक तपोवन जस्तो स्थान बनाएर आनन्दसँग बस्नुभएको थियो।

मेरो अहिलेसम्मको उमेरमा प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, पुनरावेदन अदालतका न्यायाधीश, मुख्य न्यायाधीशसम्म र जिल्ला अदालतका न्यायाधीश थुप्रैसँग चिनाजानी भयो तर हरिप्रसाद प्रधान जस्तो न्यायाधीश मैले कोही देखिन। मैले हृदयदेखि नै मान्ने केही वरिष्ठ व्यक्तिहरु भने हुनुहुन्छ। उहाँहरुको नाम लिनुपर्दा म कृष्णप्रसाद घिमिरे, कृष्णप्रसाद पन्त, कृष्णप्रसाद उपाध्याय, हरिहर दाहाल, बालकृष्ण न्यौपाने, विश्वनाथ मैनाली, यज्ञमूर्ति बन्जाडेहरुको नाम लिन चाहन्छु। त्यसैगरी न्यायाधीशमा गोपाल प्रसादको पनि नाम लिन चाहन्छु। उहाँ पनि निष्पक्ष व्यक्ति हो। उहाँ सर्वोच्च अदालतको न्यायाधीशसम्म भएर रिटायर्ड हुनुभयो।

उहाँले आफ्नो कार्यकालमा एकदमै जोखिमपूर्ण मुद्दामा निर्णय दिनुभएको थियो। उहाँले ठूलठूला तस्कर र ड्रग्सका कारोबारीहरु झण्डै २०० जना जतिलाई २० वर्ष जेल, घर जग्गा जफत र २० लाख जरिवाना गर्ने निर्णय गर्नुभएको थियो। ती अभियुक्तहरुमध्ये नेपाली सेनाको कर्णेल भरत

गुरुङ तथा उसकी श्रीमतीसमेत मुछिएकी थिई। पछि बहुदल आएपछि कांग्रेसी गृहमन्त्री (प्रवासी नेपाली) योगप्रसाद उपाध्यायले अभियुक्तहरुसँग दुई करोड रुपैयाँ घुस खाएर ती सबैलाई जेलमुक्त गरिदिए। यस्ता केश धेरै छन्। म स्वयं पनि बहुदल आएपछि त्यस्ता गुण्डाहरुको शिकार कैयौं पटक भएको छ। मेरो जग्गा कब्जा गर्ने, सम्पत्ति लुट्ने, मलाई दुःख दिने कामसमेत गरिँदै आएको छ। एक जना प्रधानन्यायाधीश तथा केही पुनरावेदन अदालतका न्यायाधीशले त मलाई फसाउने कामसमेत गरे। ममाथि अन्याय गरी मेरो आफ्नो निजी बाटोसमेत वरिष्ठ न्यायाधीश कल्याण श्रेष्ठले सरकारी बाटो तुल्याइदिए। मेरो घरसँग घर जोडिएका प्रेम श्रेष्ठलगायत जो पायो तिनैले मेरो कम्पाउन्डभित्र गाडी पार्किङ गर्छन् तर प्रहरी प्रशासन भने तमासे बनेर बसेको छ। महानगरपालिका, नगर विकास समिति, सबै तमासे बनेका छन्।

मलाई न्याय दिनेमा न्यायाधीश मिनबहादुर थापा पनि हुनुहुन्छ। मैले क्षेत्रपाटी दरबार किन्दा उहाँको भुरुङखेलतिर एउटा पुरानो किसिमको तीनतले घर थियो। पछि उहाँहरुले अंश बण्डा गरेपछि मिनबहादुरजीले धोबीचौरमा घर किन्नुभयो भने उहाँको भाइ नेत्रबहादुरले पकनाजोलमा घर किन्नुभयो। त्यो घरमा हाल उहाँको छोरा जर्नेल रथी धर्मपाल थापा बस्नुहुन्छ। मिनबहादुर थापा राजदरबारमा विशेष कानुन प्रमुख भएर बसेका बेला म पनि राजदरबारमै प्रमुख सैनिक सचिव थिएँ। कामका सिलसिलामा उहाँको र मेरो भेटघाट भइरहन्थ्यो। उहाँ राजदरबारका कार्यक्रमहरुमा जाँदा एक थोपा पानीसमेत पिउनु हुँदैनथ्यो। अफिस जाँदासमेत पानी र खाजा घरबाटै लिएर जानुहुन्थ्यो। बाबुराम आचार्यको अब यस्तो कहिल्यै नहोस् भन्ने किताबमा समेत यो कुरा परेको छ। रिटायर्ड भएपछि मिनबहादुरजीले सन्न्यास लिनु भई आफ्नै लगानीमा ककनीमा बनाएको घरमा बाँकी जीवन बिताउनुभयो। मैले त्यस्ता राम्रो छवि बनाएका न्यायाधीश पनि देखें भने कल्याण श्रेष्ठ जस्ता न्यायाधीश पनि देखें जसले मेरो आफ्नो निजी बाटोलाई नै सरकारी बाटोमा परिणत गरिदिए। उनकै कारण अहिले मैले अवकाश प्राप्त समयमा आरोपप्रत्यारोप व्यहोरिरहेको छु। यस्ता नराम्रा खालका न्यायाधीशहरु र पुरुष प्रधानन्यायाधीशहरुले बिगारेका कुरालाई महिला प्रधानन्यायाधीश सुशीला कार्की जस्ताले राम्रो गरेर देखाउन सक्नुहोस् भन्ने आशा गर्दछु।

स्रोत : पूर्वरथी ऋषिकुमार पाण्डेको डायरीबाट

फरक प्रसङ्ग

वर्ष १७, अंक १९, २०७४ असार ४ आइतबार

युनिपममा मेरो अनुभव

संयुक्त राष्ट्रसंघीय शान्ति सेना युनिपममा नेपाली टोलीको नेतृत्व गर्दै आफूले प्राप्त गरेका अनुभव नयाँ पुस्तालाई हस्तान्तरण गर्ने उद्देश्यले मैले यो पुस्तक तयार गरेको हुँ। राष्ट्रसंघीय शान्ति सेनाको ६० वर्ष लामो इतिहासमा धेरै देशका हजारौं सैनिकहरुले अनुभव लिइसकेका छन्। हरेक वर्ष संसारका विभिन्न भुभागमा खटिएर नेपाली सेनाका अधिकृत तथा जवानहरुले पनि शान्ति सेनाको अनुभव गर्दै आएका छन् । आजको र हामीले शान्ति सेनामा काम गर्दाको समय, परिस्थिति र अवस्था धेरै फरक छ। त्यसबेला कस्तो परिस्थितिमा कसरी हामीले काम गरेका थियौं भन्ने कुरा आजका युवा पुस्ताका निम्ति निकै रोचक र ज्ञानबर्द्धक हुनेछ भन्ने मलाई लाग्छ। त्यसैले विश्व शान्तिका लागि नेपालका तर्फबाट योगदान गरिरहेका र गर्न चाहनेहरुको लागि मात्र होइन, राष्ट्रसंघका बारेमा जानकारी लिन चाहने सबैका लागि यो पुस्तक उपयोगी हुनेछ भन्ने मलाई लाग्छ।

झण्डै ४५ वर्षअघि भारत र पाकिस्तानबीच तनाब बढेका बेला सिमान्त क्षेत्रमा खटिएर मैले काम गरेको थिएँ। शान्ति प्रक्रियालाई अध्ययन गर्दै युद्धविराम कायम राख्नु, तनाव हुन नदिनु, भारत पाकिस्तानका सिमान्तक्षेत्रमा शान्ति कायम गर्न प्रयास गर्नु र राष्ट्रसंघको मर्यादा कायम राख्दै आफनो दायित्त पूरा गर्ने काम निकै जोखिमपूर्ण पनि थियो। झण्डै चौबिसै घण्टा सक्रिय रहेर मरुभूमि लगायतका ठाउँमा दुःख हण्डर खाँदै शान्ति कायम गराउने जस्तो गाह्रो काममा हामिले मन, वचन र कर्मले योगदान गरेका थियौं। विभिन्न देशबाट आएका सैनिक पर्यवेक्षकहरुका तुलनामा नेपाली टोली निकै सक्रिय, अनुशासित, निष्ठावान कर्तव्य परायण भएको कुरा संयुक्त राष्ट्रसंघका उच्च पदाधिकारीले समेत अनुभव गरेका थिए।

नेपाल र नेपालीको नाम उच्च राख्न तथा राष्ट्रसंघीय शान्ति सेनामा नेपालको अमिट छाप बनाउन सो मिसनले के कस्तो योगदान गरेको थियो भन्ने कुरा संक्षिप्तरुपमा भएपनि यस पुस्तकमा झल्काउने प्रयास गरेको छु। कर्तव्य पालनका सिलसिलामा राष्ट्रिय र अन्तर्राष्टियस्तरबाट प्राप्त भएका प्रोत्साहन र प्रेरणाले मलाई सधैं आत्मसन्तुष्टि मिलेको छ।

भारत-पाकिस्तान सिमानापा पर्ने विभिन्न यलाकामा आफूले गरेको दुःख सम्झिदा अहिले पनि मन रोमाञ्चित हुने गर्छ र आस्था, निष्ठा, अनुशासन, अध्ययन, तालिम, शिक्षा र उद्देश्यको संयोजनका रुप्मारहेकोमेरो सा अनुभवेके सिकाएको छ भने जीवनमा इमान्दारीपूर्वक गरिएको कामको परिषाम सुखद ने हुँन्छ। मानिस धेरै वर्षको लगन, मेहनत र इमानदारीले मात्र लग्यमा पुग्न सक्छ। नेपाली सेनाबाट सेवानवृत्त भएपछि मैले आफना

अनुभवहरुलाई पुस्तकका रुपमा जनसमक्ष राख्ने उद्देश्यले यो पुस्तक प्रकाशित गरेको हुँ। युनिपमबाट प्राप्त अनुभव समेटिएको यो पूतक सैनिकहरुला लाग मामत्र होन, विविध क्षेत्रमा काम, र अध्ययन गर्नेहरुका लागि समेत उपयोगी हुन सक्ने छ धभन्ने मलाई लाग्छ।

युनिपममा सक्रिय रहेको विभिन्न देशका अधिकृतहरुसँगको अनुभव आदानप्रदान तथा नेपालबारे उनीहरुलार्य आफूले दिन सकेको छापका विषयमा यो पुस्तकमा मेले संक्षिक्त रुष्मावर्णन गरेको छु। संयुक्त राष्ट्रसंघ जस्तो विश्वको मर्यादित र तटस्थ संस्था अन्तर्गत बसेर केही महिना भएपति काम गर्न पाएकोमा मेले धरै कुरा सिक्न पाए ँ। तिनै अनुभव समेटेर प्रस्तुत गरिएको यो पुस्तक आज तपाइंको हातमा छ। मलाई विश्वास छ - यस पुस्तकले राष्ट्रसंघ र नेपालको सम्बन्धबारे केही प्रकाश पार्नेछ।

बाल्यकालदेखि नै देशका लागि केही गरौं भन्ने प्रेरणाले गर्दा स्कूलमा पढ्दादेखि नै म आफनो उत्तर दायित्वप्रति निकै सतर्क थिएँ। आफुले पाएको शिक्षा र तालिम, परिवारबाट पाएको संस्कार कर्तव्यबोधले मलाई युनिपमका काम गर्दा पनि निकै ठूलो मद्दत पुग्यो। युनिपमबाट फर्किएपछि तत्कालीन प्रधानसेनापति सुरेन्द्रबहादुर शाहलगायत विभिन्न महानुभावहरुबाट पाएको प्रोत्साहने मलाई अरु उर्जा मिल्यो। युनिपममा काम गरेर फर्किएपछि मैले नेपाल तारा विभूषणबाट सुशोभित हुने सौभाग्य पाएँ, जसका निम्ति म देश नरेशप्रति आभारी छु।

नेपालको इतिहास ने भनसुन, चाकडी आफन्तवाद र नाताबाट ग्रस्त भएकाले मेले मेरो समर्पण र इमानदारिका निम्ति धेरै प्रतिफलको आशा गर्नु व्यर्थ थियो। एउटा स्वाभिमानी र इमानदार नेपालीले आफनो मन, वचन कर्मले राष्ट्रप्रति जेजति योगदान गर्न सक्छ, त्यसबाट त्यति नै प्रतिफल खोज्नु मुर्खता हुन्छ भन्ने मलाई लाग्छ। षडयन्त्र, जालझेल र खिचातानीको वातावरणमा मैले पनि आफनो लामो सैनिक जीवन बिताएँ। त्यति हुँदाहुँदै पनि कतै आत्मसम्मान वेच्नु परेन र आफूलाई दास प्रमाणित गरेर स्वाभिमानसँग सम्झौता पनि गर्नु परेन। यसमा अहिले पनि मलाई गौरव छ। जति वर्ष सक्रियरुपमा सैनिक जीवनमा बिताएँ, त्यो कालखण्डमा मैले आफनो ब्रम्हले देखेको कुरा स्पष्टरुपमा अगाडि राख्न सकें। युनिपममा कार्यरत रहँदा पनि मैले राष्ट्रको शिर उच्च राख्न सधैं प्रयास गरिरहें भन्ने कुरा यस पुस्तकमा उल्लेख गरेको छु।

मेरो जीवन खुला किताब जस्तै छ। पाँचसय वर्षअघिदेखि मेरा पूर्वजले नेपालको एकिकरण, आधुनिकीकरण र प्रजातान्त्रिकरणमा विशिष्ट योगदान दिएको थिएँ। आधुनिक नेपालको जन्म हुनुभन्दा पहिले गोर्खाका राजा द्रव्य शाहका अनन्य सहयोगी भएर मेरा पूर्वजले सेवा गरेका थिए। राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका अत्यन्त विश्वासी भारदारका रुपमा मेरा पुर्खाले देश, नरेश र जनताको सेवा गरेका थिए। सोही गौरवमय परम्परालाई अनुशरण गर्दै मैले जीवनको अमुल्य समय सैनिक सेवामा विताएँ। राष्ट्र, राष्ट्रवादी र सरकारको हितमा काम गर्दै वि. सं. २०४७ सालसम्म सक्रिय रुपमा मैले मन, वचन र कर्मले समर्पित भएर काम गरें। सुसम्पन्न परिवारमा हुर्किएर वि.सं. १९९७ सालदेखि दार्जीलिङ्को युरोपियन स्कूलमा अध्ययन गर्दा मैले स्वाभिमान, इमानदारी, नैतिकता र कर्तव्यबारे धेरै कुरा सिक्ने मौका पाएँ। परिवारबाट प्राप्त संस्कारले मलाई धेरै कुरा सिकायो। युनिपममा काम गर्दाका अनुभव मेरो जीवनको एउटा सानो अध्याय मात्र हो। तर यस पुस्तकले मेरो जीवनशैली र चरित्र बुझ्न पाठकहरुलाई निकै मद्दत पुग्छ भन्ने मलाई लाग्छ।

मैले देहरादुनको भारतीय सैनिक ऐकेडेमीमा सिकेका कुराहरु पनि युनिपमका लागि उपलब्धिपूर्ण भए। बेलायती परम्परामा चलेको सो कलेज र पुनामा रहेको मिलिटरी इन्जिनियरिङ कलेजबाट प्राप्त शिक्षाले भारत -पाकिस्तान सिमानामा काम गर्दा मलाई ठूलो मद्दत पुग्यो। जम्मुकाश्मिरको लाइन अफ कन्ट्रोलको अनुभव, त्यहाँ इन्जिनियरिङ र इन्फेन्ट्रीबाट प्राप्त अनुभव र अनमोगिप ९ग्लयनष्उ० सँगको सामिप्यले मैले धेरै कुरा किक्ने मौका पाएको थिएँ। ती सबै अनुभव युनिपममा मेरो लागि उपयोगी भए।

म्हाओ ९:जयध० मैले ४० औं समुहको जुनियर कमाण्डर कोर्ष गर्दा नजिकबाट अध्ययन गरेको लडाईंको रणनीति र मनोविज्ञानले मलाई युनिपममा काम गर्दा भारत-पाकिस्तान युद्धका बारेमा बुझ्न निकै मद्दत पुग्यो। जीवन भनेको एयटा विश्वविधालय भएकाले जन्मदेखि मृत्युपर्यन्त मानिस सधैं विधार्थी नै हुन्छ भन्ने मेरो मान्यता छ। उसले हरेक दिन केही न केही सिकिरहेको हुन्छ। हरेका दिन केही सिकौं भन्ने भावनाबाट प्रेरित भएर अघि बढन सकेमा मानिसल आफनो जीवनलाई सार्थक बनाउन सक्छ भन्ने मेरो अनुभव छ। मैले नेपालमा सेकेण्ड ए.डी.सी. कोर्ष गरेको अनुभव, सडक तथा विमास्थल काम गर्दा मद्दत पुगेको पाएँ। सुन्दरीजलको आर्सनल प्रमुख भएर त्रिभुवन विमानस्थलमा रहेको पल्टनको प्रमुख भएर मात्र होइन कान्ति राजपथमा इन्जिनियरको रुपमा मैले प्राप्त गरेको अनुभवले पनि युनिपममा मलाई काम गर्न धेरै मद्दत पुग्यो।

बेलायतमा गएर मैले बम डिस्पोजल कोर्ष गर्दाको अनुभवले पनि पछि सम्म गरिनै रहयो। त्यहाँको डिस्पोजल रेजिमेन्टमा बसेर मैले दोस्रो विश्वयुद्धका समयमा प्रचलनमा ल्याएका बमहरु निस्तेज पार्ने कामको अनुभव गरेको थिएँ। त्यस्तै चेटव बेलायतको स्कूल अफ इन्जिनियरबाट प्राप्त गरेको अनुभव, अलआर्म्स इन्पेन्ट्रि स्कूलमा पाएको शिक्षा, वार मिनिटरमा पाएको तालिम र शिक्षा मेरो लागि निकै महत्वपूर्ण भयो। अपरेशन अफ वार का रुपमा मैले बेलायतबाट पाएको तालिमले भारत-पाकिस्तान लडाईंको गतिविधि बुझ्न मलाई निकै मद्दत पुग्यो। टाढाटाढासम्म कतै कुनै चिन्ह (ल्यान्डमार्क) नदेखिने मरुभूमिमा बसेर मैले युनिपममा काम गरेको अनुभव नयाँ भएपनि वार मिन्स्टरमा पाएको शिक्षाले

आपतकालमा काम गर्ने कला सिकाएको थियो।

युनिपममा काम गर्दा मैले युद्धको प्राकृतिक दृश्य देख्न पाएँ। पहिले सैनिक तालिम र शिक्षाका रुपमा पढेका अध्यायहरु आफनै आखाँले देख्न पाएँ। भारत र पाकिस्तान जस्ता राष्ट्रहरु एकआपसमा लडिरहेको दृश्य विश्व शान्तिका लागि ठूलो चुनौति थियो। ती अधिकांश दृश्यहरु आफनै आँखाले हेरेपछि मलाई युद्धबारे निकै अनुभव भयो। प्रस्तुत पुस्तकमा मैले आफुले देखेका र भोगेका कुराहरु इमानदारीपूर्वक पाठकसमक्ष राख्ने प्रयास गरेको छु।

भारत र पाकिस्तानबीच पटकपटक भएका शान्ति वार्तामा म प्रत्यक्षदर्शी थिएँ। सेनाको मेजर भएपनि राष्ट्रसंघका उच्च अधिकारी तथा भारत-पाकिस्तानका उच्च पदस्थ सैनिकसँग सहकार्य गर्दा त्यसले मेरो अनुभवमा निकै वृद्धि गऱ्यो। हरिकी भन्ने ठाउँमा म अफिस इन्चार्ज भएर बस्दा त्यहाँको फोर्थ माउन्छेन डिभिजन ९तज :यगलतबष्ल म्ख्खष्कष्यल० का मेजर जनरल गुरबक्स सिंलगायतका अधिकृतहरुसँग अनुभव आदानप्रदान गर्दा युद्धसम्बन्धी मेरो ज्ञान केही बढेको अनुभव भयो। मध्यस्थकर्ता भएर आफनो क्षमता र योग्यता देखाउने मौका पनि पाएँ। त्यो मौका मलाई युनिपमले नै उपलब्ध गराएको थियो।

२४ वर्षको उमेरमा म काठमाडौंको त्रिभुवन विमानस्थल क्षेत्रमा रहेको ब्यारेकमा लप्टनको रुपमा कार्यरत छँदा सोही क्षेत्रमा आश्रम बनाएर बस्नु भएको शिवपुरी बाबाको नजिक पुगेको थिएँ। उहाँको सामिप्यले मेरो जीवनमा निकै ठूलो परिवर्तन ल्यायो। धार्मिक र आध्यात्मिक संस्कारयुक्त परिवारमा जन्मिएको हुँदा मैले शिवपुरी बाबाप्रति मेरो ठूलो श्रद्धा हुनु स्वभाविक थियो। युनिपममा काम गर्दा मात्र होइन, जीवनका हरेक पलमा उहाँबाट प्राप्त शिक्षाले मलाई प्रेराणा दिइरहयो। मैले बाबालाई तपाईंको चेला हुन चाहन्छु भनेर आग्रह गर्दा उहाँले तिमीले आफनो कर्तव्य पालन गर भन्दै अंग्रेजीमा थ्यग मय थयगच मगतथ भन्ने उपदेश दिनु भएको आज पनि म सम्भिरहेको छु। उहाँले मलाई शारीरिक, मानसिक र आध्यात्मिक (नैतिक) अनुशासनमा बसेमा कर्तव्य पूरा हुन्छ भनेर सिकाउनु भएको थियो। जसको अर्थ हो - स्वधर्म। त्यही स्वधर्मे मलाई आजसम्म दृढ बनाएको छ। युनिपममा मैले भारत र पाकिस्तानबीच स्वधर्म पालना गरेरै अम्पाएरको भूमिका खेलेको थिएँ। स्वधर्ममा बस्ने मानिस स्वाभिमानी, निष्पक्ष, इमानदार र वफादार हुन्छ भन्ने मेरो अनुभव छ।

मसंग जीवनका थुप्रै अनुभव छन्। झण्डै ४० वर्ष सैनिक जीवनमा विताएर स्वदेश र विदेशका हजारौं विद्वान्, विदुषी, कुटनीतिक, राजनीतिक, लेखक, पत्रकार, राष्ट्रसेवक, समाजसेवी, व्यापारी, उद्योगपतिलगायत विभिन्न क्षेत्रका मानिसहरुसँग मैले संगत गरेको छु। महान व्यक्तिका जीवनी र आदर्शबाट मैले धेरै कुरा सिकेको छु। बाल्यकालमा मलाई मेरी हजुरआमा (बजै)ले जीवनमा जस्तै संकट परेपनि कर्तव्यबाट विचलित नहुनु भनेर दिनु भएको शिक्षा र कहिले पनि गाई र सुँगुरको मासु नखानु भनेर दिनु भएको अर्तिले मलाई आत्मबल बढाउन निकै मद्दत पुग्यो। सानै छँदा खर्साङ्को भिक्टोरिया स्कुलमा मैले आधा पेट मात्र खाएपनि गाईको मासु नखाएर पारिवारिक संस्कार र सनातन हिन्दु धर्मको मूल्य मान्यता शिरोधार्य गरिरहें। यस्ता कुराहरु झट्ट सुन्दा सामान्य लागेपनि आत्मबल बढाउन प्रेरक बन्छन् भन्ने मेरो अनुभव छ।

जसरी इस्लाम धर्मावलम्वीहरु महिनादिनसम्म रमजानको ब्रत बसेर आत्मबल बढाउँछन्, बौद्ध भिक्षुहरु मौनब्रत बसेर आत्मसुद्धिको अनुभव गर्छन् र इसाइ धर्मका पादरीहरु 'रिट्रिट'बाट आत्मालाई बलियो बनाउनँछन्, त्यसैगरी मैले परिवारबाट पाएको शिक्षा र संस्कारले आफूलाई विचलित हुन दिइन। मेरा विरुद्ध षड्यन्त्र गर्नेहरुले चारैतिरबाट पेलेपनि मेरो प्रवल आत्मविश्वासले मलाई कर्तव्यमा अघि बढ्न सधै मद्दत गरिरह्यो। युनिपममा मैले अन्य देशका बरिष्ठ अधिकृत सरह सफलता पाउनुको प्रमुख कारण परिवारबाट प्राप्त संस्कार पनि हो भन्ने मलाई लाग्छ।

वि.सं. २००९ सालदेखि २०४७ सालसम्म नेपाली सेवाका विभिन्न पदमा बसेर मैले काम गर्दाका अनुभवहरुको संग्रह आगामी दिनमा प्रकाशित गर्दै लैजाने उद्देश्य लिएको छु। युनिपम सम्बन्धी अनुभव समेटिएको यो पुस्तकमा सबै कुरा उल्लेख गर्न सम्भव छैन। जीवनका आरोहअवरोहमा मलाई असफल बनाउन र विभिन्न षड्यन्त्र गरेर वद्नाम गराउने प्रयत्नहरु समेत भएको कटु अनुभव मसंग छ। भ्रष्ट, कर्तव्यच्युत, षडयन्त्रकारी र चाकडीवाजहरुको समूहले मलाई मात्र होइन, मेरा पूर्वजहरुलाई समेत सताएको थियो। राष्ट्र र जनताको हितमा स्वाभिमानी र कर्तव्यपरायण भएर काम गर्दा मेरो कतिपय पूर्वजयले प्राणोत्सर्ग समेत गर्नु परेको थियो।

'गर्दन जाओस् तर बचन नजाओस्' भन्ने मेरा पुर्खाको आदर्शलाई शिरोधार्य गरेर मैले कहिले पनि अन्याय, अत्याचार र असत्यका सामु आत्मसमर्पण गरिनँ। राजदरवारमा प्रमुख सैनिक सचिव भएर काम गरिरहेका बेला समेत मेरो मानमर्दन र चरित्र हत्या गर्न तथा मलाई विभिन्न षड्यन्त्रमा फसाउन प्रयत्न गरिएको थियो। त्यस्तो अवस्थामा पनि म अबिचलित भएर कर्तव्यपथमा अघि बढिरहेँ। 'नबिराउन, नडराउनु' भन्ने मान्यतामा म अडिग रहेँ। मलाई राज्यले सुम्पिएको दायित्वबाट म कहिले पनि विचलित भइँन। तर, चाकडी, चाप्लुसी र षड्यन्त्रमा भरमा आफूलाई योग्य र सक्षम प्रमाणित गर्न खोज्नेहरुले मेरा विरुद्ध दुष्प्रचार गरिरहे। आज सेवानिवृत्त भएर बसेका बेला समेत मेरा विरुद्ध त्यस्ता व्यक्तिहरुले बेलाबखत दुष्प्रचार गरिरहेको सुन्दा मलाई खेद लाग्छ।

स्रोत : ऋषिकुमार पाण्डेको प्रकाशोन्मुख पुस्तकबाट

फरक प्रसङ्ग

वर्ष १७, अंक २०, २०७४ असार ११ आइतबार

सम्झेका कुरा -१

हाम्रो मूलथलो :- हामी उपमन्यु गोत्रीय पाँडेहरुको उद्‌गमस्थल जुम्लाको हारसिंजा हो भनेर मलाई इतिहासकार योगी नरहरी नाथले एकपटक भन्नुभएको हो। म पनि त्यहि अभिमतसँग सहमत छु तर हाम्रै अर्थात् पाँडे वंशकै केही इतिहासकारहरुले हामीलाई कुमाउँतिरबाट बसाइसराई गरी आएको पनि उल्लेख गरेको पाइन्छ। म तिनका अभिमतसँग सहमत छैन।

जुम्लामाबाट बसाई सराइ गरी हाम्रा आदि पुर्खा गणेश पाण्डे गोरखा आए। उनि ब्राम्हण पाण्डे थिए। त्यसैले हाम्रा पुर्खा पनि ब्राम्हण नै हुन्। पछि क्षेत्रिनी विवाह गरेपछि कोही ब्राम्हण भए भने कोही क्षेत्री भए। त्यसैगरी कसैले पाण्डे लेख्न थाले त कसैले पाँडे लेख्न थाले। हाम्रै कुलका बन्धुहरुले समेत पाण्डे र पाँडे २ थरी लेख्दै आएका छन्।

जुम्लाबाट बसाई सराइ गरी गोरखा आउँदा गणेश पाण्डेले आफना कुलदेवतालाई पनि साथमै लिएर आएका थिए। हाम्रा कुलदेवता उग्रतारा हुन्। जुम्लामा पनि उग्रताराको मंदिर छ र हामीले पनि हालसम्म उग्रतारा लाई पुज्दै आएका छौं।

२०४५ सालतिर म दरबारको प्रमुख सैनिक सचिव भएपछि राजा विरेन्द्रसँगै मुगुको राराताल जाने अवसर मैले पनि पाएको थिए। राराताल जानेक्रममा हामीले जुम्लाको हाटपसंजास्थित उग्रताराको मंदिर दर्शन गरेका थियौं। राजारानी दुवैले उग्रताराको दर्शन गरिबक्सेको थियो।

गाडधन गायबः- २०४६ सालकको शुरुतिर हेम बहाादुर सिंह प्रहरी महानिरिक्षक थिए। त्यतिबेला जनसम्पर्कका अधिकृतले के खबर ल्याए भने त्यहाँ एकजना कृषकले हलो जोत्ने क्रममा एउठा ठूलो बाकस फेला पारेछ। त्यो बाकस खोलेर हेर्दा त्यसमा हाटसिंजाका शाही राजाको सुनको कल्की, मुगलकालका सिक्का, अन्य सिक्का तथा सुनका टुक्राले त्यो बाकस भरिएको रहेछ।

बाकस फेला परेपछि त्यसको स्थायित्वलाई लिएर कृषक र जग्गा धनीका बीच हानथाप भएछ र झगडा नै भएछ। जग्गा धनीले भन्दो रहेछ "मेरो जग्गामा फेला परेकाले यो मेरै हुनुपर्छ। मेरा पुर्खाले गााडेको बाकस हो। "त्यसैगरी कृषक भन्दो रहेछ- खेत जोत्ने क्रममा मैले भेट्टाएकाले यो मैले नै पाउनुपर्छ। दोस्रो झगडा तेस्रा लाम भन्ने त उखानै छ नि। त्यसको लाभ त्यतिबेलाको त्यहाँको देउजा थरको एस. पी. ले उठाएछन्। त्यो एस. पी. तल्कालिन चर्चित डि. बि. लामाको मान्छे रहेछ। अन्चलाधिश अखिलेश्वर नामका एकजना तराईमुलका व्यक्ति थिए। सुरक्षा समिति (सु. स.)को मिटिङ राजदरबारमा चलिरहेका बेला त्यसले भन्यो - त्यो बाकसमा रहेका मुगलकालिन मुद्रा ८ वटा मात्र हुन भनेर पत्रेर बुझाएछ। सुरक्षा समितिको अर्को मिटिङमा चाहिँ उसैले फेरी भन्यो २८ वटा भेटियो भनेर।

मैले वाहय रिपोर्टबाट के थाहा पाएँ भने एकजना अमेरिकनले एउटा मुगलकालिन सिक्कालाई एक-एक लाखका दरमा तीनवटालाई तीन लाख तिरेर किनेर लगेछ। बाकसको बाँकी सबै सम्पत्ति लुकाइएछ। त्यो सबै कर्तुत डि. बि. लामाकै थियो। उ पहिलेदेखि नै भ्रष्ट आचरणको मान्छे हो। पछि भ्रष्टाचारमा जेल सजाय पायो।

भ्रष्टहरु पुरस्कृत हुने देशै हो यो। पछि त्यो भ्रष्टाचारी डि. बि. लामा त राज्यमन्त्री नै बन्यो बहुदल आएपछि। उसलाई कांग्रेस जस्तो ठूलो पार्टिले मन्त्री बनायो। उसका सबै सम्पत्ति उसैलाई फिर्ता दिइयो र चोख्याइयो। मैले हेम बहादुर सिंह आइ. जी. पि. छँदा इन्टरपोलको रिपोर्ट समेत म कहाँ मगाउँथे। मलाइ प्रहरी फोर्स भित्रका संपूर्ण गतिविधी थाहा हुन्थ्यो। त्यसैले मदेखि सबै तर्सिन्थे। अनि भए नभएका लाञ्छना समेत लगाउँथे। डि. बि. लामा पक्राउ परेपछि उसले दिएको बयानमासमेत मलाई लाञ्छित गरेको छ। त्यसैगरी भरत गुरुङले समेत लाञ्छना लगाएको छ।

एक सीडीओको कथा

केशवराज भण्डारी नामको एकजना प्रमुख जिल्ला अधिकारी थिए। उ पर्सा जिल्लाको प्रमुख जिल्ला अधिकारी छँदा एकदिन म कहाँ आएर खुसामदको शैलिमा भन्यो- केही निर्देशन छ कि हजूर। उसले २ हात जोडदै आधा शरीर निहुराएर नमस्कार गरी निर्देशन सोध्दै मैले बुझिसकेको थिएँ कि यसले खुसामद गर्दैछ। नभन्दै उसले प्वाक्क भनिनहाल्यो - विरगंजको टाउन प्लानिङको कति फल्याट टक्रयाउँ हजुर भनेर। मैले भनें- मलाई के चाहियो। दिनुहुन्छ भने मेरा छोरीहरुलाई २/४ फल्याट दिनुस। उसले हस भन्दै गयो।

त्यतिबेबलाका प्रमुख जिल्ला अधिकारीहरुले पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरीसम्म गाँजाखेती गर्न दिंदा रहेछन् र त्यसवापत प्रतिकठ्ठा ३००।- लिँदारहेछन्। त्यसैगरी प्रहरी प्रमुखले २००।- लिँदारहेछन्। मैले त्यो थाहा पाएँ र सबै गाँजा काट्न लगाउनुस भनेको थिएँ। त्यो गाँजा जति सबै विश्वेश्वर मरबैता नामकको एकजना व्यापारी कहाँ जाँदो रहेछ। ती जिल्लाका सि. डि. यो. र डि. एस. पी. हरुले राजाका निजी सचिव नारायण प्रसाद र शान्त कुमार मल्ललाई समेत सेट मिलाएका हुँदा रहेछन्। त्यो गाँजा जति सबै सिराहा भन्सार हुँदै भारत पास हुँदो रहेछ। यसरी गाँजाखेतीबाटै मरबैताले वर्षको २० करोड कमाउँथ्यो। सिराहा भन्सार नाकाबाट भारत पास गराउने भन्सार अधिकृत, सि. डि. यो. र डि. एस. पी. हरुले भाग शान्ति पैसा बाँडथे। डि. बि. लामाले आफनो एकजना संग्रौला थरको कर्मचारीलाई पास गर्न सघाउन पठाउँथ्यो। संग्रौलाले एकजना सोझो बाहुन डि. एस. पी. (जो दरबारमा पनि २ वर्ष बसेको थियो) लाई गोली हानेर मार्‍यो। यो सबै काम डि. बि. लामाको चाल बमोजिम सम्पन्न भएको थियो। पछि त्यो हत्यालाई आत्महत्या भनियो। मैले त सरकारसँग भनेको थिएँ कि यो आत्महत्या हैन। म इन्क्वाएरी गर्छु। हत्या नै हो। नभन्दै उसकी श्रीमती

१३ औं को कर्म सकेर आई मसँग सबै कुरा बताई। आत्महत्या गरेको व्यक्तिलाई उपदान दिने नियम छैन। त्यसैले उसले त उपदान समेत नपाउने भई। मैले उसको मर्का बुझेर उपदानको व्यवस्था मिलाएको थिएँ। बहुदल आएपछि त त्यो गाँजा व्यापारी केशवराज भण्डारी मुख्य सचिव, रक्षा सचिव, निर्वाचन आयुक्त नै भयो। त्यो मान्छे अहिले रिटायर्ड भएर ताहाचलको महेन्द्र रत्न क्याम्पस नजिकै सात तल्ले घर बनाएर कान्छी स्वास्नी लिएर भजन गाउँदै बसेको छ ।

बकसको कथा :- मेरो स्वभाव केटाकेटी देखि नै मगन्ते थिएन। आफनै पुर्खाको इज्जतमा बसें। जतिसुकै मिल्ने जर्साविहरुसँग पनि एकपैसा लिइन। नत कसैसँग बकस नै माँगे। बकस पाउने केही व्यक्तिहरुलाई म संझिन्छु। एकजना मेजर जनरल (अ. प्रा.) ज्ञानेन्द्र शमशेर थापाले सिंहमहलचोक मुलसडकको पारिपट्टीको करिब ५ रोपनी जग्गामा बनेको घर बकस पाएका थिए। त्यसैगरी डा. जित सिंह मल्लले करिब ५० रोपनी जग्गा ठिमीमा पाए। सर्वोच्च अदालतका न्यायाधिश नयन बहादुर खत्रीले ललितपुरमा ५० रोपनी जग्गा पाए।

वर्तमान राष्ट्रबैंक बसेको थापाथलीस्थित महललाई मैले तत्कालीन प्रमुख सेनापति सिंहबहादुर बस्तेतसँग १४/१५ लाखमा म मिलाउँछु। सैनिक हेर्डक्वाटरका लागि किनौं भनेको थिएँ। पैसा पनि सेनासँग थियो। २०२६ सालतिरको कुरो हो यो। तत्काकलीन युवराजधिराज धिरेन्द्र सरकाकरबाट सेनाको हेर्डकक्वाटर मरम्मतका लागि भनी २८ लाख बकस भएको थियो तर प्रधानसेनापति ज्यूले किन्न मान्नु भएन। त्यही जमीन पछि गएर राष्ट्रबैंकले १६ लाखमा किन्यो। त्यो जमीन सेनाले लिएको भए सिंह बहादुरदेखि वर्तमान सम्मका सेनापतिले सिंहमहलको बरण्डाबाट टुँडिखेलमा सेनाले परेड खेलेको कति आनन्दले हेर्दा हुन्। सामरिक दृष्टिले पनि हालको हेर्डक्वाटरभन्दा त्यो ठाउँ राम्रो हो। नेतृत्वको भिजन नपुगे के लाग्छ र ?

राजा महेन्द्र पनि बकस दिने मामिलामा उदार होइबक्सन्थ्यो। उहाँले आफना पार्श्ववर्तीहरुलाई घर जग्गा किन्नका लागि पैसा तथा अमूल्य स्थानका जग्गा बकस दिइबक्कसेको थियो। हेटौंडा, सिमरा, चितवन जस्ता ठाउँमा १० विगाहादेखि ३५ विगाहासम्म जग्गा बकस दिइबक्सेको थियो। त्यसका साथै ती पार्श्ववर्तीहरुलाई मोटर, विदेशी, रक्सी, विदेशी चुरोट, राजदरबाट नै कोटामा दिने सहुलियत दिइबबक्सेको थियो। २०२६ सालतिर त यी पाश्ववर्तीहरुले सहुलियतमा पाएका सामान बढी मूल्यतिएर बजारमा बेच्न थाले। त्यो थाहा पाएर राजा महेन्द्रले पार्श्ववर्ती चुत्र ब. थापा सोमराज कुँवरलाई दरबारबाट निस्कासित गरियो। त्यसै ग्रुपका एकजना दानगंभीर लाई पुनः मौका दिइबक्सियो। उनी प्रमुख सैनिक सचिव भई रथीसम्म भए। उनी मल्ल जर्नेलभन्दा पछि म भन्दा अघि प्र. सै. स. भएका थिए।

मल्ल जर्नेलले मेरो भलाईका लागि भन्दै सधैं के भन्नुहुन्थ्यो भने "कर्साब ! दरबारमा आएपछि दरबारको आशय बुझेर काम गर्नुपनर्ने हुन्छ। त्यो आशय भनेको बकस माँगोस भन्ने रहेछ। २०१४ साल देखि नै राजा महेन्द्रले अन्य पार्श्ववर्तीले झैं बकस माँगोस भन्ने चाहिबक्सेको थियो तर मैले अरुले झैं बकस माँगिन। नमागेपछि पाउने कुरा पनि भएन। म यसैमा सन्तुष्ट छु। कुनै पछुतो छैन।

गलत प्रथा :- राजा महेन्द्रले त त्यतिबेलाका आफना पार्श्ववर्तीहरुका छोरालाई नै आफ्ना छोराका पार्श्ववर्ती बनाईबक्सेको थियो । २०१९ सालमा ६-७ जनालाई नगरकोटमाा एउटा स्पेशल अफिसर ब्यारेक कोर्ष गराईएको थियो। त्यो बेलामा म कम्पनी कमाण्डर कोर्ष गराउने एक इन्स्ट्रक्टर थिएँ र म स्वयं नगरकोटमै थिएँ। यो कोर्ष सकिएपछि युवराज विरेन्द्रतपर्फ ले. शान्तकुमार मल्ल र सेकेण्ड लेफटीनेन्ट ताराबहादुरलाई नियुक्ति दिइयो। त्यसैगरी अधिराज कुमार ज्ञानेन्द्रतर्फ से. ले प्रकाश विक्रम र अधिराजकुमार धिरेन्द्रतर्फ समरराजको छोरालाई नियुक्ति दिइयो। त्यो मान्छे राजाको बेलायत सवारीका समयमा ड्रग काण्डमा परी नेपाल आएपछि कोर्ट मार्शल भयो र ७ वर्ष जेल पऱ्यो। बाँकी २ जना चाहिँ भित्रैको शाहीरक्षक गणहरुमा सेकेण्ड लेफिटनेन्टमा पोस्टिङ्ग भए। यसो गर्नु राजा महेन्द्रको ठूलो भुल थियो। आफ्नै पार्श्ववर्ती त बनाइयो तर उनीहरु आलाकाँचा थिए। कुनै पनि सेक्सन नहाँकेका, पल्टनको एउटा पनि सेक्सन नहाँकेका व्यक्तिलाई पार्श्ववर्ती पद दिनु हुँदैनथ्यो। शान्त बहादुर तत प्र.सं.स. रथीबाबट अवकाशपछि पनि मानका खातिर मान राजनकको पाश्शर्ववर्त भए। तारा बब. थापा पनि उ.र. भाई राजाको पार्श्ववर्तीबबाट अवकाशश पाए २०५८ जेठ १९ गतेको दरबार हत्याकाण्डमा विरेन्द्रको वंशनाश भएपछि रराजा रानीलाई नै बबचाउन नसक्कने उनै शान्तककुमार र तारा बहादुरले मानका खातिर मान पार्श्ववती पाए। यी दुवैले त्रिशक्तिपट्ट र गो.द.बा. प्रथम पाए। तारा बहहादुर लार्य त थाईल्याण्डकको राजदूत नै बनाइयो। ज्ञाननेन्द्रको उदय पछि मिनलाई यसरी किन पुरस्कृत गरियो इतिहासले मुख खोलै जाला।

अफगानिस्तानका राजा नेपालमा शिकार खेलेर फर्केपछि उनलाई पदच्यूत गरी जेल हालेपछि अहिले अफगानिस्तानको हालत कस्तो छ सबैलाई ज्ञानै छ। २०५८ जेठ १९ गते राजा विरेन्द्रकको वंशनाश भएपछिको नेपालको अवस्थापनि ठीक छैन। नानाथरीका पार्टी खुलेका छन्। नानाथरीका नेताले देश हाँकेका छन्। यस्तो स्थितिमा देशशकको सार्वभौमिकता नै संककटममा परेको छ झट्ट हेर्दा त नेपालको अवस्था नै अफगानिस्ताकको जस्तै छ। भारतले जे चाहन्छ नेपालमा त्यही हुनछ। नेताहरु भ्रष्ट भएकका छन् प्रहरीको प्रमुख नै भ्रष्टाचारी ठहर भई जेल गैरहेका छन्। अपराध मौलाएको छ। अपराधिहरु पुरस्कृत भइरहेका छन्। न्यायालय भागवण्डामा परेर भृष्टी करण भएको छ। भारतले नाकाबन्दी लगाउन्दा सकेत नेताहरु खुलेर नाकाबबन्दी नै हो भन्न सक्दैनन्। दुःख पाउने निरिह जनता हुन्। दुःख पाइरहेकै छन्।

स्रोत : पूर्वसैनिकक सचिवव ऋषिकुमार पाण्डेको डायरीबाट

फरक प्रसङ्ग

वर्ष १७, अंक २१, २०७४ असार १८ आइतबार

सम्झेका कुरा -२

बकसका कुरा : मेरो स्वभाव केटाकेटी देखिनै मगन्ते थिएन। मेरी बज्यैले पनि सधै सचेत गराईरहनु हुन्थ्यो खवरदार ! कसैसँग हात नथाप्नु। कसैसँग वकस नमाँग्नु भनेर। उहाँको त्यो अमिट छाप मेरो मन मस्तिष्कमा सधैं रहिरह्यो। त्यसैले आफ्ना पुर्खाको इज्जतमा बसें। जतिसुकै मिल्ने जर्सावहरुसँग पनि एक पैसा लिइन नत कसैसंग बकस नै मागें। राजा महेन्द्र वकस दिने मामिलामा अत्यन्तै उदार होईवक्सीन्थ्यो। घोडाको खुट्टामा नाल ठोक्ने पशुपति भक्रा महर्जनका नाउलाई पनि वकस स्वरुप जमिन दिइवक्सेको थियो। हिसिला यमिका वाउ जुक्ता व्यापारी थर्मरत्न यमिलाई पनि जमिन वकस दिइवक्सेको थियो। आफ्ना पार्श्ववर्तीहरुलाई घर जग्गा किन्नका लागी पैसा तथा अमुल्य स्थानका जग्गा वकस दिइवक्सेको थियो। हेटौडा, चितवन, सिमरा जस्ता ठाउँमा १० विगाहा देखि ३५ विगाहासम्म जग्गा वकस दिइवक्सेको थियो। त्यतिमात्र हैन उहाँबाट आफ्ना पार्श्ववर्तीहरुलाई मोटर, विदेशी रक्सी, विदेशी चुरोट सबै दरवारकै कोटाबाट उपलब्ध गराउने व्यवस्था मिलाई वक्सेको थियो। ति पार्श्ववर्ती मध्ये कहिले त त्यसको दुरुपयोग समेत गरेका थिए। त्यसको पोल खुलेपछि पार्श्ववर्ती चुत्र वहादुर थापा र सोमराज कुँवरले दरवारबाट निश्काशित हुनु परेको थियो। दानगम्भीरलाई भने सुध्रिने मौका दिबक्सेको थियो।

मल्ल जर्नेलले म राजदरबार सेनामा गएपछि मेरो मलाईका लागी सधैं के भन्ने गर्नु हुन्थ्यो भने- 'पछि जर्साव ! दरबारमा आइसकेपछि दरबारको आशय बुकेर काम गर्नु पर्ने हुन्छ। त्यो आशय भनेको वकस माँगोस भन्ने रहेछ। २०१४ साल देखिनै राजा महेन्द्रले अन्य पार्श्ववर्तीले झैं बकस माँगोस भन्ने चाहिवक्सेको थियो र मैले आशय पनि वुझेको थिएँ तर मैले अरुले झै वकस मागिन। म वकस नमाग्नुमै सन्तुष्ठ थिएँ। कुनै पछुतो पनि थिएन। सन्तोष पनि थिएन। कुनै लोभ पनि थिएन।

मेरो बाजे कर्णेल विष्णुकुमार पाँडे श्री ३ प्रधानमन्त्री चन्द्रशमशेरका अत्यन्तै विश्वास पात्र व्यक्ति हुनु हुन्थ्यो। यहाँ पनि बकस प्रथाको विरोधी नै हुनुहुन्थ्यो। उहाँले चाहेको मात्र भए चन्द्रशमशेरबाट थुप्रै जमिन वकस पाउन सक्नु हुन्थ्यो। तर उहाँले कहिले पनि वकस माग्नु भएन। यद्यपि चन्द्रशमशेरले उहाँलाई वकस स्वरुप केहि जमिन दिने इच्छा व्यक्त नगरेका हैनन् तर पनि उहाँले इच्छा व्यक्त गर्नु भएका त्यतिबेला म नाबालकै थिएँ।

म बज्यैका साथमा धनाढ्य तथा प्रभावशाली राणाजीहरुका दरवारमा बराबर जाने आउने गर्थें। मलाई राणाजीहरुका दरवारमा लैजाने वेलामा वज्यैले मलाई प्रेमपूर्वक भन्ने गर्नु हुन्थ्यो- 'खबरदार ! केहि नमाग्नु'। कसैसंग पनि नमाग्नु। मैले उहाँको आज्ञालाई सधैं शिरोपर गरें। लामोसमय सम्म राजदरबार सेवामा रहेर सेवा निवृत्त हुने वेलामा पनि मैले राजाबाट कुनै पनि प्रकारको बकसको चाहाना व्यक्त गरिन। एक पैसा पनि लिइन। महेन्द्र र विरेन्द्र दुवै राजा म संग उत्तिकै खुसी होइवक्सिन्थ्यो। मेरो काम, मेरो भक्ति र मेरो लगनशिलताले उहाँहरुमा अमिर छाप छाडेको थियो।

मेरो कर्तव्य भनेको राजालाई आवश्यक र उचित सल्लाहा दिनु थियो। यदि राजाका निर्णयहरु जनताका हितमा हुँदैनथे राष्ट्रका हितमा हुदैनथे र दरवारकै हितमा हुँदैनथे भने त्यति बेला मैले उचित सल्लाह दिनुपर्ने हुन्थ्यो।

मैले नेपाली सेनामा सेवा प्रवेश गरे देखिनै म सधैं राजाप्रति बफादार थिएँ। त्यो बफादारीता कुनै स्वार्थपूर्तिका लागी नभई राजा, राष्ट्रियता र जनताप्रतिको बफादारीमा थियो। मैले केहि चाहाना राखेको भए त जनरत्व सिंह समशेर जवरा जो मेरा वुवा भन्दा १४ वर्षमात्रै जेठा हुनुहुन्थ्यो, उहाँले नै मलाई थुप्रै जग्गा दिन सक्नु हुन्थ्यो। उहाँसंग मेरो निकै घनिष्ट सम्बन्ध थियो। मलाई पक्का विश्वास थियो कि उहाँबाट अस्वीकार हुने थिएन। आफ्नो व्यक्तिगत स्वार्थका लागि मैले कहिल्यै पनि गलत अस्त्रको प्रयोग गरिन। दरवारमा रहँदा पनि मेरो यहि नीति थियो।

शिकार यात्रा :- अफगान नरेश नेपालमा शिकार खेलेर स्वदेश फर्किदा साथ आन्तरिक राजनीतिका कारण उहाँ गिरफ्तार हुनुभयो र आजिवन निर्वासनमा यूरोपतिर लाग्नु भयो। त्यसैको फाइदा उठाएर अफगान शासकहरुले रुसी हस्तक्षेपलाई आफैं आमन्त्रण गरे। त्यसबेला देखिको अफगानीस्तानको इतिहास त सबैलाई अवगतै छ। नेपालमा पनि २०५८ को राजदरवार हत्याकाण्ड पछिको राजनीति अस्थिरनै छ। आम नेपालीलाई राजदरबार हत्याकाण्डको वास्तविकता छर्लङ्गै छ। केहि निहित स्वार्थीतत्वहरुको स्वार्थको कारण पुरै राष्ट्र प्रताडित हुनु हुँदैन भन्ने मेरो मान्यता छ।

अफगान नरेश जहिर शाह २०२८ साल माघ महिनामा शिकारका लागी नेपाल सवारी भएको थियो। त्यति बेला हामीले रातदिन खटेर शिकारको प्रबन्ध गरेका थियौं। त्यो शिकारको सम्पूर्ण प्रबन्धको जिम्मेवारी तत्कालिन बिग्रेडियर जनरल शेरबहादुर सिंहलाई दिइएको थियो भने म चाहिं उहाँको डेपुटीका रुपमा राखिएको थिएँ। त्यतिवेला मैले आफ्नो जिम्माको काम अत्यन्तै निष्ठाका साथ निभाएको थिएँ। हाम्रो व्यवस्थापन देखेर अफगान नरेश निक्कै प्रभावित हुनुभएको थियो भन्ने कुरा हामीले राजा महेन्द्रसंग उहाँको वार्तालापका समयमा थाहा पायौं। त्यतिबेला अफगान नरेशले ३ गोली तलाई बक्सेको थियो जसमध्ये २ वटा मिस भएका थिए भने तेस्रो गोलीले वाघको शिकार भएको थियो। वाघ मरेपछि अफगान नरेशले मृत बाघको नजदिकमा गएर फोटो सुट गरिवक्सेको थियो।

मैले पनि फोटो सुट गरें। वाघमाराको शिकारपछि अफगान नरेश र श्री ५ महेन्द्र भोली पल्टै काठमाडौं फिर्ता होइबक्स्यो।

मैले के सुनें भने भारतका सेना प्रमुखको १४ फागुनमा नेपाल भ्रमणको कार्यक्रम रहेछ। उहाँलाई राजा महेन्द्रबाट ' मानार्थ जनरल'को उपाधि दिने कार्यक्रम रहेछ। त्यसैले हाम्रो सेनापतिज्यू पनि त्यसै दिन काठमाडौं फिर्ता हुनुभयो भनेम चाहिं हेटौडातर्फ लागें। १६ फागुनमा म र जनरत्व शेरवहादुर सिंह काठमाडौं फर्क्यौं। फर्किने क्रममा शेरवहादुर सिंह र मैले हेटौडाका आ-आफ्ना जग्गा पनि अवलोकन गर्‍यौं। हामी दुवैले १० हजार रुपैयाँमा १० विगाहा जमिन किनेका थियौं। हामी दुवैले राजा मरेन्द्रबाट उहाँले बकस पाएको जमिन पनि अबलोकन गर्‍यौं। हेटौडाबाट हामी सिधैं काठमाडौं प्रस्थान गर्‍यौं। ८.३० मा हामी काठमाडौं आईपुग्यौं। भोली पल्टै म गौचर गएर हाजिरी पुस्तिकामा हाजिरी जनाएँ र सोहिदिन मैले काठमाडौं फिर्ता भएको कुरा हेडक्वाटरमा जानकारी गराएँ। त्यसपछि म एक अफिसरको विवाह भोजमा सरिक भएँ। उनको नाम भोला थियो।

यो मेरो प्रथम वाघको शिकार यात्रा थियो। त्यस पछि म त्यति सरुवा भएँ ए नेशनल पार्क र वन्यजन्तु आरक्षणको पार्ट बन्न पुगें।

वाघमाराको शिकार यात्रा पछि राजा महेन्द्र निकै प्रसन्न भएको देखेर व्रिगेडियर जनरल शेरवहादुर सिंहले राजासंग हेटौंडामा ४ विगाहा जग्गा वकस माग्नु भयो र पाउनु पनि भयो। त्यो देखेर मेरो एकजना साथीले मलाई पनि त्यत्ति नै जग्गा बकस माग्न दिदैनथ्यो। मैले मेरी बज्यैबाट त्यहि संस्कार सिकेको थिएँ।

दरबारको अनुभव :- १९ वर्ष दरवारको सेवामा रहँदा मैले राजा महेन्द्र र राजा विरेन्द्रको चरित्रमा आधारभूत भिन्नता के पाएँ भने राजा महेन्द्रले सवैको सल्लाहा लिएकै गरेपनि निर्णय भने आफैं लिइवक्सिन्थ्यो। राजा विरेन्द्र चाहिं उदार तथा प्रजातान्त्रिक शैलीमा काम गर्न मन पराई वक्सिन्थ्यो तर पनि दुबै राजाले आ-आफ्नो शासनमा योग्य मान्छेको खोजी गरेको मैले पाएँ। तर राजाले प्रोत्साहन दिएका धेरैले धोका दिए। योग्य मान्छेको खोजी गरेर राष्ट्रहितमा लगाउने उद्देश्यले राजा महेन्द्रले २०२७ सालमा नरायण हिटी राजदरबारमा जाँचबुझ केन्द्र नामको अनुसन्धान केन्द्र नै स्थापना गरिएको थियो। त्यसले इतिहास, भूगोल, राजनीति, सञ्चार, कुटनीति, वातावरण लगायतका विषयमा अध्ययन तथा शोध कार्य गराउँथ्यो। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान पनि राजा महेन्द्रकै देन हो जो आज प्राज्ञिक थलो बनेको छ। नेपालको समग्र इतिहास अध्ययन नगर्नेहरुले दरवारको छेउटुप्पो बुझ्न सक्तैनन्। इतिहासको अध्ययन गरेकै कारण बालचन्द्रशर्माले 'नेपालको ऐतिहासिक रुपरेखा लेख्न सके भने वावुराम आचार्यले आफ्नो किताब मार्फत् दरबारभित्रका सबै षड्यन्त्रको पोले खोले। ओल्डफिल्डले 'स्केचज अफ नेपाल' लेख्न सके।

राजा महेन्द्रले र विरेन्द्रले खोजी गरेका योग्य मानिस मध्ये थोरैले मात्र नुनको सोझो गरे। दरवारबाट प्रसस्त बकस र फाइदा लिएकाहरुनै पछि गएर यी दुबै राजाको अहित चिताए। त्यसैगरि राजपरिवारका अन्य सदस्यहरुको सम्पत्ति हेरचाह गर्ने केहि व्यक्तिहरु करोडौंका मालिक भए। तिनैलाई ऋषिकुमार पाण्डे भन्नु हुन्छ- 'हिजोका नोकर, आजका मालिक' भनेर/राजा विरेन्द्रले कुनै वेला मन पराएका व्यक्तिमा डा. प्रकाश चन्द्र लोहनी र सूर्यवहादुर थापा पनि पर्छन्। यी दुबैले मुद्रा अवमूल्यनका नाममा करोडौं कमाए। युवराज दिपेन्द्रलाई बुढानिलकण्ठ र वेलायतमा लगेर भर्ना गर्ने जिम्मेवारी पाएका तारा वहादुर लगायतका केहि व्यक्तिले दरबारबाट निकै फाइदा उठाए। चाटुकारहरुले राजालाई ढाँट्थे। ती ढाँटने मध्येका १ जना डि वि लामा पनि हुन जसले २०३१ साल असोज २३ गते राती नख्खुजेल वाहिर लगेर नेपाली काँग्रेसका योद्धा लिला दाहाल, ठगिराज दाहाल, गोकर्ण बहादुर कार्की, खगेन्द्र दाहाललाई (तत्कालिन एस पि रहेका लामाले) गोली हानेर मारे र राजासँग भने- जेल तोडेर भाग्न लाग्दा उनीहरु मारिएका थिए।

२०४४ साल असार २ गते राजा विरेन्द्रलाई लेखेको विन्तिपत्रमा डी.वी. लामाले नख्खु काण्ड, छिन्ताङ्ग काण्ड, २०४२ सालको बमकाण्ड आफैंले गराएको उल्लेख छ। त्यसैबाट पनि थाहा हुन्छ कि डी.वी. लामा कति प्रजातन्त्रवादी र स्वच्छ चरित्रको व्यक्ति थियो। विडम्बना आफ्नै कार्यकर्ता मार्ने त्यहि मान्छेलाई नेपाली काँग्रेसले मन्त्री बनायो।

राजकाजमा प्रजातान्त्रीक, तटस्थ र न्यायपूर्ण ढंगले शासन गर्न चाहाने राजा विरेन्द्रलाई सजिलो थिएन। २००७ सालमा राणा शासन समाप्त भए पनि दरबारभित्र महारानीहरुको प्रभावले जताततै राणाहरुको दबदबा थियो। सेनामा समेत त्यस्तै अवस्था थियो। राणा प्रधान सेनापतिहरुका समयमा त उनीहरुले राजाको भन्दा महारानीको आदेशलाई बढी महत्व दिन्थे। कसलाई प्रधानसेनापति वनाउने भन्ने निर्णय मीन शमशेर, रविशमशेर, भरत शमशेर, गडुल शमशेरहरुले गर्थे। उनै गडुल शमशेर भ्रष्टाचारमा डुबेपछि राजा विरेन्द्रले राजीनामा नै गर्न लगाएका थिए। पदमा वहाल छँदै राजीनामा गर्ने प्रथम व्यक्ति यिनै हुन। तर के गर्नु र ! रानीका प्रिय पात्र रहेकाले यिनले सफाइनै नपाउँदै राजपरिषद्को सदस्य बन्ने अवसर पाए।

शक्तिको इर्दगिर्द वसेपछि सत्ता प्राप्त गर्ने त्यो समयनै अचम्मको थियो। शक्तिकै आडमा सेनाको एउटा पनि सेक्सन नहाँकेका शान्तकुमार मल्ललाई जर्नेल बनाइयो। राजा विरेन्द्र प्रजातन्त्रमा विश्वास गर्ने शान्त र शालिन मान्छेलाई लोभी पापीहरुले घेरामा पारेका थिए। त्यसै कारण उहाँलाई काम गर्न निकै कठिन थियो।

स्रोत : पूर्वरथि ऋषिकुमार पाण्डेको डायरीबाट

फरक प्रसङ्ग

वर्ष १७, अंक २२, २०७४ असार २५ आइतबार

सम्झेका कुरा-३

मेरो दरबार प्रवेश :

२०३२ साल जेठ १९ गते राजा वीरेन्द्र सरकारको इच्छा बमोजिम मलाई प्रमुख सैनिक सचिवालयमा सहसैनिक सचिवालय B.G. दर्जामा लागिबक्स्यो। त्यस सैनिक सचिवालयमा भको सहसैनिक सचिवमा काम गरिरहेका अ.प्र. लेख (प्रसे) मोहनविक्रम शाहलाई सोहि सचिवालयको स्वकीय सचिवमा लगियो। म सैनिक सचिवालयमा पोष्टिङ हुँदा साथ सरकारको इच्छा भएको तर काम हुन नसकेका कामहरुमा मलाई लगाई बक्सियो। मेरो योग्यता, कर्तव्यपालना, राष्ट्रियता तथा राजसंस्थाप्रतिको मेरो निष्पक्ष, निस्वार्थ भावना वीरेन्द्र सरकारलाई मात्र हैन महेन्द्र सरकारलाई पनि म बाहिनीमा (दरबार) काम गर्दा मन पराइबक्सी प्रशंसा पाएको थिएँ। त्यतिबेला मलाई खासगरी विदेशी राजदूतहरुले सरकारका जुनाफमा ओहोदाको प्रमाणपत्र पेस गर्न आउनु र विमानस्थलमा दरबारको तर्फबाट रिसिभ गर्न गइरहनुपर्थ्यो। यसरी मैले १० वर्ष लामो अवधिमा पूर्ण जिम्मेवारीका साथ आफनो कर्तव्य निभाएँ। मैले त्यो १० वर्षे लामो अवधिमा कैयौं चिफ अफ प्रोटोकलसँग सम्पर्क गर्ने अवसर पाएँ। कैयौं देशका रेसिडेन्सियल तथा ननरेसिडेन्टियल एम्बेस्डरलाई स्वागत र विदाई गर्ने अवसर पाएँ। स्वागत र बिदाइ मात्र हैन ती राजदूतहरुसँग मेरो सम्बन्धसमेत राम्रो थियो। फ्रेण्डली वातावरणमा कुराकानी हुन्थ्यो र हाँसो ठट्टासमेत हुन्थ्यो। उनीहरुले व्यक्तिगतरुपमा समेत मलाई आफ्ना कार्यक्रममा आमन्त्रण गर्दथे। राजदूतहरुको नेपाली सेनासँग राम्रो गफगाफ पनि हुन्थ्यो। भारतका एकजना सेवानिवृत्त रथी सिन्हालाई मैले मेरो छोराको विवाहमा २०४७ सालमा बोलाएको थिएँ। उहाँ आउनुभयो र धेरै बेरसम्म बसेर कुराकानीसमेत गर्नुभएको थियो। उहाँसँग मेरो राम्रोसँग हेलमेल थियो किनकि उहाँको सेवाको सुरुवात नै गोर्खा पल्टनबाट भएको थियो। त्यसैले उहाँले गोर्खा र गोर्खापल्टनलाई माया गर्नुहुन्थ्यो। उहाँ कमाण्डर इन चिफकै लाइनमा हुनुहुन्थ्यो तर भारकतको राजनीतिले उहाँलाई साथ दिएन। उहाँ पछि गएर आसामको गभर्नर जनरल हुनुभयो र आफ्नो पदीय दायित्व निकै राम्रोसँग निर्वाह गर्नुभएको थियो। उहाँ अमेरिकाका लागि भारतको राजदूतसमेत हुनुभयो।

ड्रग्सका कारोबारी पक्राउ –

करिब २०४५/०४६ सालतिरको कुरा हो। म आर्मी हेडक्वार्टरमा भएको एउटा ठूलो सुरक्षा समितको बैठकमा गएको थिएँ। त्यतिबेलाका कमाण्डर इन-चिफ सच्चित शमशेर जबरा हुनुहुन्थ्यो। त्यो मिटिङमा उहाँले के भन्नुभयो भने – 'सेनाको मोरल डाउन भयो।' किनकि एकजना गुरुङ थरका मेजरको पोखरामा पोष्टिङ भएको थियो। उनले पोखरा जानुअघि आफ्नो १० वर्षको छोरालाई यहाँको एक स्कूलको प्रिन्सिपललाई भेटी त्यहीँ भर्ना गर्नुभएछ। ती मेजरको करिब १० महिनापछि केही दिनका लागि काठमाडौं आउनुभएछ र छोराले कस्तो पढिरहेको छ भनेर स्कूलको प्रन्सिपललाई भेट्नु भएछ। त्यो भेटमा प्रिन्सपलले भनेछ- तपाईंको छोरा त तपाईंले भर्ना गरेको दिनदेखि आजसम्म स्कूलमा आएकै छैन मेजरले सबै कुरा बुझेछन्। बुझ्दा के थाहा भयो भने उनको छोरालाई त लागू पदार्थका कारोबारीहरुले दिनको १० रुपैयाँ र कफी-सफीको प्रलोभनमा पारेर ठमेलको टुरिष्ट एरियामा लागूपदार्थ बेच्न लगाइसकेको रहेछन्। प्रहरीलाई यस्तो काम भइरहेको छ भनेर सबै थाहा थियो तर उनीहरु पनि पैसाका लागि आँखा चिम्लिरहेका थिए। पछि उनीहरुमाथि कारबाही भयो। त्यतिबेला मैले हरेका जिल्ला र ठाउँमा लागूपदार्थका कारोबारीमाथि कडिकडाउ गरेको थिएँ। गाँजा लगाएको ठाँमा आगो लगाइदिएँ। गाँजा खेती गर्न दिएबापत प्रहर प्रमुख र प्रजिअहरु भागबण्डा गरी किसानबाट पैसा असुल्दा रहेछन्। एक कठ्ठा जमिनमा गाँजा लगाउन दिएबापत प्र.जि.अ.ले ३०० र एस.पी.ले २०० उठाउँदा रहेछन्। यसैगरी भारत निकारी गर्दा पनि सि.डियो., एस.पी. र भन्सारका कर्मचारीले भागबण्डामा पैसा असुल्दा रहेछन्। त्यही मिटिङमा प्रहरीका डि.आई.जी. एस.पी. अञ्चलाधीश सि.डि.यो. लाई पनि सोध्यौं। ती लागूपदार्थका कारोबारीलाई अदालतले जम्मा ४ महिना कैद र चार हजार जरिवाना गर्दो रहेछ। मैले चौधरी थरका एक अञ्चलाधीशलाई भनें 'यदि त्यस्तालाई अदालतले छाडिदिन्छ भने तपाईं सुरक्षा कानुन लगाएर फेरि समाउनुस्।' त्यसपछि उहाँले त्यसै गर्न थाल्नुभयो। त्यसबाट लागूपदार्थका काराबवारीहरु अत्तालिए। डराए उनीहरुलार्य साथ दिनेहरुले पनि हात झिक्दै गए। लागूपदार्थको कारोबारमा कमी आयो। पछि इन्टरपोलले त्यस्ता लागू पदार्थका कारोबारीको नामसमेत हामीलाई दियो। त्यसमा त प्र.से. भरत गुरुङ, आइ.जी.पी. शमशेर ज.ब.रा., जर्नेल नर शमशेर ज.ब.रा, राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिवसमेत को नाम थियो। अरु पनि धेरैको नाम त्यो रिपोर्टमा थियो।

राजाबाट सोधपुछ :-

एकदिन म अफिसमा बसिरहेकै बेला मलाई सरकारबाट फोन गरिबक्स्यो। बिहानको करिब ११ बजेको थियो। मौसुफबाट मर्जी भयो – "ऋषि तिमीले कानुन हातमा लिएछौ है ?" मैले जवाफ दिएँ किन सरकार ! सेवकले कानुन नै हातमा किन लिने ? मौसुफले भन्नुभयो – अदालतले कानुनबमोजिम सजाय दिएकोलाई पनि तिमीले पक्राउ गर्न लगाउँछौ रे। मैले भनें – सरकार ! सेवकले यो काम आफ्ना लागि गरको हैन। कमाण्डर इन चिफले सुरक्षा समितिको भिटङमा भनेका सबै कुरा सरकारमा बिन्ती चढाएँ र भनें सरकार मैले त जनता र राष्ट्रको भलाइका लागि गरेको हुँ। त्यसपछि सरकारबाट हुकुम भयो। तिमी प्रमुख सचिव रञ्जनराज खनालकहाँ जानू र पाँचै प्रमुख सचिवहरु

बसी मलाई के भएको हो तुरुन्त खबर गर्नु। म रञ्जनराजजीको अफिसमा गएँ। रञ्जनराज मलाई देख्दासाथ मुसुमुसु हाँस्दै एकदम उज्यालो अनुहारमा प्रस्तुत हुनुभयो। मलाई थाहा भइसकेको थियो कि कसैले सरकारमा कुरो लगाइदिएको छ।

केही छिनमै सबै सचिवहरु रञ्जनराजजीको अफिसमा जम्मा भए। उनी आफैंले पहिला भने - कानुनले सजाय दिइछाडेका व्यक्तिलाई जर्नेल सावले मलाई देखाएर सुरक्षा कानुन लगाए भन्ने जाहेर मौसुफमा भएकाले यसबारेमा बुझ्न सरकारबाटै हुकुम भएको छ। त्यसपछि अर्का संवाद सचिव चिरनशमशेर राय व्यक्त गरे। त्यसपछि प्रमुख निजी सचिव नारायणप्रसाद श्रेष्ठले राय व्यक्त गरे। उनले त जर्सावले सुरक्षा कानुन लगाएको ठीक छ नै भने। त्यसपछि स्वकीय सचिव गेहेन्द्रमान सिंहले मन्तव्य राखे। उनले पनि जर्सावले गरेको ठीक छ भनिदिए। त्यसपछि रञ्जनाजले भने - "उसो भए यही जाहेर गरौं।" सबैले भन्यौं - गर्नुस। रञ्जनराजले फोन उठाए र राजदरबारको सिनियर पार्श्ववर्तीलाई फोन गरी राजासँग फोन गर्न लाइन मागे। लाइन दिइयो र रञ्जनराजले त्यो सबै कुरा जाहेर गरे। सरकारबाट हुकुम भयो - ऋषिले जे गरेको छ त्यही गर्नु। रञ्जनराजलाई सपोर्ट गर्नेहरुको मुख कालो भयो। मिटिङ सकियो र म गएँ। राजालाई थाहा थियो कि म त्यस्तो मान्छे हुँ जसले जनता र कानुनलाई हेरेर मात्र काम गर्दछ भनेर तर रञ्जनराज चिरञ्जीवी, दरबारकी रानीसमेत मसँग अलि रुष्ट थिए। उनीहरु कमाउने धन्धामा मात्रै थए। उनीहरु चुप लागेनन्। त्यसैले सरकारमा दबाब दिएर एउटा विशेष अदालत नै गठन गर्न लगायौं। मानवीय गोपाल के.सी. लाई त्यसको जिम्मेवारी दिइयो। उहाँ योग्य न्यायाधीश हुनुहुन्थ्यो। उहाँको अदालतले करिब २०० जति ड्रग्सका कारोबारीलाई कारबाही गर्नुभयो। भरत गुरुङ र उसकी स्वास्नीको निर्मल निवास र जीवनकुञ्ज अगाडिको आलिशान भवन जफत गरियो। २०४६ सालमा बहुदल आएपछि भ्रष्टहरुजति सबै रिहा भए। उनका जफत भएका सम्पत्ति पनि फुकुवा भए। डी.बी. लामा जस्ता भ्रष्टलाई त कांग्रेसको सरकारले मन्त्री नै बनायो। म रिटायर्ड भएपछि मेरो नुवाकोटको मालुडाँडाको प्रलोधानका विरुवा उखेलिए। काटिए। घर भत्काइदिए। टिकाभैरव, हेटौंडामा त्यसै गरियो। गल्फुटारको जग्गालाई टाउन प्लानिङका नाममा अधिकरण गरियो। गुण्डागर्दीले सीमा नाग्यो।

सि.डि.ओ. नियुक्तिका प्रावधान तयार :-

पञ्चायतकालमा मेले सि.डि.ओ. नियुक्तिका लागि राजामा के बिन्ती चढाएँ भने - सरकार ! सि.डि.ओ. नियुक्त गर्दा शिक्षागत गुणलगायत विशेषगरी तराईको बोर्डरका जिल्लाहरुमा जाने सि.डि.यो. हरु भारतको मजिस्ट्रेड (I.A.S) हरुसँग कन्फिडेन्टली बोल्न सक्ने होऊन् र उनीहरुको जिल्लामा बसेको अनुभवका आधारमा सचिव हुन सकून्। त्यतिबेला लगभग त्यस्तै नीति अनसुसार सि.डि.ओ.को चयन हुन्थ्यो तर बहुदल आएपछि त सबै खत्तम भयो। नेताहरुले आफ्नो सरकार भएका बेलामा आफ्नै किसिमका सि.डि.यो.हरु भर्ती गर्न थाले। तीन-तीन वर्षमा सरुवा गर्ने नियम पनि गयो र जुनबेला मन लाग्यो त्यतिबेला परिवर्तन गर्न थालियो। गणतन्त्र आएपछि त झनै खत्तम भयो। एउटा ठाउँमा सरुवा भएर गइ नपुग्दै अर्को ठाँमा सरुवा हुन थाल्यो। मेरो समयमा सि.डि.ओ. हरु पोस्टिङ भएर जाने बेलामा मकहाँ अउँथे र हात जोडेर भन्थे -"केही निर्देशन छ कि ?" मैले सिधै भन्दिन्थें- "मेरो केही लगान छैन। मैले त गृह मन्त्रालयको सचिव सि.डि.ओ. हेर्ने हो। राष्ट्र र जनताको सेवा गर्नुभए हुन्छ।"

चाकडीबाज सि.डि.ओ.

एकपटक म कहाँ यस्तो सि.डि.ओ. पनि आयो ऊ दोस्रो पटक पर्साको बडाहाकिम भयो। उसको नाम थियो केशवराज भण्डारी। उसले पनि केही निर्देशन छ कि ? भनेर सोधेको थियो। मैले भनें -मेरो केही पनि निर्देशन छैन। तपाई पर्सामा पर्नुभएको छ जुन ठाउँ गाँजा खेतीका लागि नामुद छ। वीरगञ्ज भन्सार पनि तपाईं कै मातहतमा पर्छ। त्यो भ्रष्टाचारका लागि कहलिएको छ। तिनलाई ठीक गर्नु ने तपाईंका लागि राम्रो हुनेछ। त्यो मान्छे प्र.स. नारायणप्रसादको मान्छे हो। नारायणप्रसादले प्रहरीमार्फत विशेषगरी आई.जी.पी. द्वय खड्गजीत बराल र दुर्लभ थापा र उसकी श्रीमतीमार्फत दुई-चारवटा घर जाउलाखेलमा सित्तैमा बनायो। केशवराज भण्डारी सुरुमा सि.डि.ओ. हुँदा पनि नारायण प्रसादले नै बनाएको थियो। त्यसैले उसले पनि नारायण प्रसादलाई पनि निकै लाभ पुऱ्यायो। वीरगञ्जमा टाउन प्लानिङ हुँदा उसले नारायण प्रसादलाई ६-७ वटा घडेरी चढायो। त्यसैगरी शान्तकुमार मल्ललाई पनि ५-६ वटा घडेरी दियो। सिमराको बाउले बकस पाएको २५-३० बिघा जग्गाको आँपको हेरचाह गर्ने, सुरक्षा गर्ने कामसमेत शान्त कुमारले सि.डि.ओ. र प्रहरीमार्फत गराउँथे। अझै पनि भई नै रहेको छ।

बहुदल आएपछि राज भण्डारी भूमसुधार मन्त्री नै भए। म रिटायर्ड भएपछि पनि म मेरो जग्गासम्बन्धी कामले जगन्नाथ आचार्य, बुद्धिमान तामाङकहाँ जान्थें र मेरा कुरा भन्थें। मैले एकजना ठिटोलाई लिएर जान्थें। वकिल पनि लैजान्थें। त्यतिबेला उनीहरु भन्थे -हजुर किन सवारी हुनुपऱ्यो। उसैलाई पठाइबक्से भै हाल्छ नि। म भन्थें उसलाई पठाएर हुँदैन। पछि योगराज भण्डारी रक्षामन्त्रीको सचिव भयो। त्यतिबेला शेरबहादुर देउवा प्रधानमन्त्री थिए। देउवाले विवाह गरेकी आरजु राणा शान्तकुमार मल्ल (मगर मल्ल) की भान्जी हुन्। रक्षा मन्त्रालयमा बसेर राजभण्डारीले पनि प्रशस्त सम्पत्ति कमाए र आफूभन्दा माथिकालाई पनि लाभ पुऱ्याए। उनी रिटायर्ड भएपछि देउवा सरकारले उनलाई निर्वाचन प्रमुख बनाए। उनीसँग मेरो आर्मी डे का अवसरमा भेट भइरहन्छ। नमस्कार गर्छन्। आर्मी डेमा रिटायर्ड राजाका सचिवरुलाई बोलाउने चलन छ।

स्रोत : पूर्वरथी ऋषिकुमार पाण्डेको डायरीबाट

फरक प्रसङ्ग

वर्ष १७, अंक २३, २०७४ साउन १ आइतबार

सम्झेका कुरा-४

गणेशमानको सम्झना : बहुदल आएपछि राजा वीरेन्द्रले नै गणेशमानजीलाई प्रधानमन्त्रीका लागि प्रस्ताव गरिबक्सेको थियो तर गणेशमानजी स्वयंले कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्रीका लागि सिफारिस गर्नुभयो र उहाँ प्रधानमन्त्री बन्नुभयो।

त्यसरी प्रधानमन्त्री पद नै त्याग गर्नसक्ने गणेशमानजीलाई आफूले निर्माण गरेको पार्टी नै त्याग गर्ने समय पनि आयो। त्यतिमात्र हैन गणेशमानजीको त्यागका कारण प्रधानमन्त्री बन्नुभएका कृष्णप्रसाद भट्टराईलाई समेत पार्टी परित्याग गर्नुपर्नेसम्मको स्थिति पनि ल्यायो। राजनीतिमा नहुने भन्ने केही पनि नहुँदो रहेछ।

कांग्रेसले आफ्नो सिद्धान्त त्यागेको देखेर विरक्त भई यी दुवैले पार्टी परित्याग गरेका थिए। अझ अचम्मका कुरा त के भने नेपाली कांग्रेस पार्टी नै परित्याग गरिसकेका यी दुवै नेताको निधनमा कांग्रेसले शोक मनायो र चारतारे झण्डा ओढायो अनि आर्यघाटमा जलायो।

मैले जागिर छोडेको २ वर्षपछि राजपरिवारले राजा कहाँ म गणेशमानजी कहाँ गएकोमा कुरा लगाए छन्। मेरा रिस गर्नेहरुका लागि मेरो गणेशमानजी कहाँको बसउठलाई राम्रो मसला बनेछ। त्यसैले त्यसपछिका दिनमा राजदरबारमा हुने कार्यक्रममा मलाई बोलाउनै छाडियो। मैले पनि कुनै वास्ता गरिनँ। गणेशमानजीले मलाई माया गर्नु हुन्थ्यो। म उहाँकोमा जान्थें। उहाँ जमलस्थित पार्टी कार्यालय जाँदा कहिलेकाहीं म पनि जान्थे। उहाँ विशेष गरेर ११ बजेतिर आफ्नो विशेष बैठक कोठामा आउनुहुन्थ्यो। ब्रेकफास्ट पनि त्यतै गर्नुहुन्थ्यो। मलाई आफ्नो साथमै बसाल्नुहुन्थ्यो। त्यो देख्दा अन्य कांग्रेसीहरु जल्थे। रिस गर्थे। म कुनै वास्ता गर्दिनथें। गणेशमानजीलाई मैले मेरो छोरा विजयको विवाहमा पनि बोलाएको थिएँ र उहाँ आउनुभयो पनि। यो २०४७ सालको कुरा हो। त्यतिबेला उहाँ १/२ घण्टा बस्नुभएको थियो लठ्ठी टेकेरै भए पनि। उहाँलाई थाहा थियो कि म कस्ताको सन्तान हुँ। मेरो पुस्ता भोटु पाण्डेले नरदेवी मन्दिरका लागि त्यहाँका ज्यापूहरुलाई जग्गा गुठी राखीदिएका थिए। त्यो करिव १९६० साल तिरको कुरा हो। त्यसका बारेमा त्यहींको शिलालेखमा स्पष्टसँग लेखिएको छ।

म दरबारमा प्रमुख सैनिक सचिव छँदा एक दिन बिहानै दरबारका प्रमुख सचिव रञ्जनराज खनालले फोन गरेर भन्नुभयो- 'जर्साब ! राजाको भोलि पश्चिमाञ्चल विकास क्षेत्रमा सवारी हुँदैछ र कुनै जरुरी प्रस्ताव भए जाहेरीका लागि सरकारको रेस्टको दिन भए पनि ल्याउनु भन्ने हुकुम छ। जर्साबले हेर्नुपर्ने प्रस्ताव म माथि पठाइदिनेछु। म जाहेरीमा जाँदै छु। केही प्रस्ताव भए पाऊँ।

रञ्जनराजको प्रस्ताव ठाडै अस्वीकार : मैले उहाँलाई फोनमै जवाफ दिएँ। तपाईंले पूर्वतिरको र अरु तीन विकास क्षेत्रको सि.डि.ओ.हरुको समेत पोष्टिङको सिफारिस भएअनुसार मैले एकैछिनमा हेरेर रायसुझाव दिन सक्तिनँ, किनकि यस्ता सिफारिसबाट कुनै सि.डि.ओ.बाट अन्याय परेछ र तिनीहरुको पोष्टिङ गर्नुपर्ने कुनै कारण भएमा मैले थाहा त पाउनुपर्‍यो नि। त्यो थाहा पाउनका लागि गृहसचिव र त्यस ठाउँका पुलिसको रिपोर्ट, जनसम्पर्कको रिपोर्ट, हेरेर मात्रै मैले ठीक बेठीक भन्न सक्छु। यति छोटो समयमा म कुनै पनि रायदिन असमर्थ छु।" त्यसपछि उनले भने- 'उसो भए यही कुरा सरकारमा जाहेर गरौं त' ? मैले भनें- 'गर्नुस्'। यति कुराकानी भएको करिब २ घण्टापछि सरकारबाट मलाई फोन गरिबक्स्यो र मर्जी भयो- ' ऋषि ! तिमीले किन सि.डि.ओ.हरु पोष्टिङको प्रस्ताव हेरेनौ र राय दिएनौ ? मैले भनें- 'सरकार ! सेवकले सरकार तथा सि.डि.ओ. दुवैको हितलाई ध्यानमा राखि जवाफ दिएको हुँ। यो छोटो समयमा म केही भन्न सक्तिनँ, किनकि ती सि.डि.ओ.हरुले गृह मन्त्रालयबाट न्याय पाएको छ, छैन भन्ने कुरा बुझ्दै नबुझी पोष्टिङ गर्दा उनीहरु अन्यायमा पनि पर्न सक्छन्। सरकार ! त्यसैकारण सेवकले देखेको कुरा बोलेको हो। यी सि.डि.ओ.हरुले त सरकारप्रति वफादार भई राष्ट्र र जनताको भलो हुने काम मात्रै गर्नुपर्छ। राजनीतिज्ञहरुलाई खुशी पारेको भरमा पोष्टिङ गर्ने काम गर्नु हुँदैन। सेवकले देखेको कुरा यही हो सरकार। ७५ जिल्लाका सि.डि.ओ., एस.पी., डि.एस.पी., एल.डि.ओ. यी तिनै निकाय सरकार, राष्ट्र र जनताप्रति शुद्ध भावनाले समर्पित भएका खण्डमा सरकारका अरु कुनै जिल्लाका अङ्गहरु बलियो हुनुपर्दैन। त्यसकारण ७५ जिल्लाका ७५ जना सि.डि.ओ. हरुलाई एक पटकमा २५/२५ जनाका दरले पोस्टिङ गर्नुपर्छ। त्यसो गर्दा उनीहरु एक जिल्लामा तीन वर्ष पाउँछन्। त्यसैगरी एल.डि.ओ.हरुको पनि पोष्टिङ गर्नुपर्छ प्रहरीको हकमा भने प्रशासनको आवश्यकता अनुसार पोष्टिङ गर्नुपर्छ। सि.डि.ओ.हरुको वैशाख १ गते र एल.डि.ओ.हरुको दशैंपछि कात्तिक १ गते पोष्टिङ गर्दा राम्रो हुन्छ सरकार। कुनै नेताको इच्छाअनुसार अदलाबदली गरिनुहुँदैन। त्यसो गर्दा उनीहरुको आत्मबल घट्छ। उनीहरुको आत्मबल घट्नु भनेको स्वयं सरकारप्रति विश्वास घट्नु हो। मैले यति भनिसकेपछि सरकारबाट हुकुम भयो- 'त्यसो भए यो प्रस्ताव म सुदूरपश्चिमाञ्चल भ्रमण सिध्याएर आएपछि कार्यान्वयन गर्छु।'

यो २०४४ साल पुस महिनातिरको कुरा हो। सुदूरपश्चिमाञ्चल क्षेत्रको भ्रमणबाट सरकारको फिर्ती सवारी भएपछि यो प्रस्ताव एकचोटी सबै प्रमुख भेला भएको बेलामा छलफल भयो। सबैले आ-आफ्नो तर्क राखें। अञ्चलाधीश, संवैधानिक अंगहरु, हेर्ने जिम्मेवारी रञ्जनराजको थियो। मेरो त खाली गृह मन्त्रालयका सचिव, आई.जि.पी., डि.आई.जी., सि.डि.ओ.हरु हेर्ने काम थियो। सरकारलाई मैले जाहेर गरेको कुरा ठीक लागेछ र यही गर्ने निर्णय भयो। पछि पोष्टिङको परिपाटी नै यही बस्यो। त्यतिबेला मैले थप अर्को प्रस्ताव पनि लगे। दुर्गम जिल्लाहरुमा सि.डि.ओ. खटाउँदा ४५ वर्ष उमेर पुगेका र राम्रो स्वास्थ्य भएकालाई खटाउँदा राम्रो हुन्छ। दुर्गममा सि.डि.ओ.को काम त्यति हुँदा पनि हुँदैन। त्यहाँ बस्नु भनेको प्रेसर बढाउनु मात्र हो।

योग्यताको कदर गर्ने :- दरबारमा बस्दा मैले सबैलाई हेर्नुपर्थ्यो। मैले अर्मीमा मेजरभन्दा माथिका व्यक्तिको एउटा रेडवुक वनाएको थिएँ। त्यसमा उनीहरुको एक एक वटा सानो फोटो र उनीहरुले गरेका तालिमसहितको रेकर्ड राखेको थिएँ। त्यस्तै गरी प्रहरीतर्फ निलो जिल्दा भएको सोही किसिमको ब्लुवुक बनाएको थिएँ। त्यसमा प्रहरी निरीक्षकदेखि महानिरिक्षकसम्मको रेकर्ड राखेको थिएँ। त्यसैगरी प्र.जि.अ.हरुको पनि रेकर्ड राखेको थिएँ। जनसम्पर्क तर्फ पनि निरीक्षकदेखि मुख्य अधिकृतसम्मको रेकर्ड राखेको थिएँ। एकपटक हाम्रो विदेशस्थिति राजदुताबास खटाउने मिलेटरीहरुको समेत नाउँ आयो। त्यतिबेला तीनजनाको नाउँ आएको थियो। ती सबै वेलायतमा सान्डर्स कोर्ष गरेका व्यक्ति थिए। जानुपर्ने ठाउँ भने दुईवटा मात्र थियो। त्यसै अनुसार हङकङका लागी मेजर प्रताप सिंह मल्ल गए भने बेलायतका लागि मेजर प्रवल शमशेर राना गए। पछि मैले त्यो रातो किताब चेक गर्दा पोइन्छ सिस्टममा प्रवलशमशेर राणाको भन्दा बढी प्वाइन्ट त मेजर फत्तेबहादुर लिम्बुको रहेछ। मैले यो कुरा सरकारमा जाहेर गरें। सरकारले तत्कालै त्यो बेलाका COAS को जाहेरीमा सम्झाउनु भनि वक्स्यो। COAS ले पनि त्यहि जाहेर गऱ्यो। त्यसपछि सरकारबाट यस विषयमा चिफ अफिसरलाई सोधिबक्स्यो त्यस बखतका COAS गुणशमशेरलाई यस विषयमा लज्जित हुनुपरेको थियो र माफी नै माग्नुपरेको थियो। सरकारबाट पनि आइन्दा यस्तो नहोस्, भनी सजग गराइबक्सेको थियो। यसै घटनाबाट फत्तेबहादुर लिम्बु आफ्ना स्याण्र्डका साथीहरु भन्दा हरेक तहमा तल पर्न गएर। रथीसम्म भएर रिटायर्ड भए जबकि अरु चाहिँ केही ब्रिगेडियर जनरल भए त कोही प्रधानसेनापति पनि भए। फत्तेबहादुर लिम्बु भनें राजा ज्ञानेन्द्रको कालमा मानका खातिर शाहि पार्श्ववर्ति भए।

चाकडीबाजहरु :- मैले यस्तै किसिमले चिफ साहबबाट आउने आर्मीका अरु पनि नमिल्दा किसिमका दुई-तीनवटा सिफारिसलाई काटी दिएको थिएँ। मेरो उद्देश्य थियो सबैले समान न्याय पाउन भन्ने। यस्तै किसिमको प्रहरीबाट पनि नमिल्दा खालका सिफारिस आउँथे। मैले मिल्ने जतिलाई गरिदिन्थे। सि.डि.ओ.हरुलाई न्याय पाउने तरिकाको अवलम्बन गरिदिएको थिएँ। यस्तै किसिमले प्र.से. गरुढशमशेर आफू प्रधानसेनापति भएका बेलामा पनि छलकपट गरेका थिए। बहुदल आएपछि शान्तकुमार मल्ल र बडामहारानी मिलेर राजा वीरेन्द्र सरकारका समयमा सम्भार रथी भई काम गर्ने शान्तकुमार मल्लको मामालाई नयाँ रथीको दरबन्दी सिर्जना गरी तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको समयमा सम्भार रथी बनाई चिफ अफिसरदेखि सिपाहीसम्मले पाउने पोशाक खरिद गर्ने नाममा चार करोड रुपैयाँ घोटाला गरे। एकजना कोइराला थरको सुवेदार थियो जसले शान्तकुमार मल्लको घरको ट्र्याक्टर र अन्यको तिरो तिर्ने काम गर्थ्यो। उसले त्यो चार करोड लिएर कोइराला परिवारसँगको घनिष्टताको फाइदा उठायो। यो कुरा पछि राजासमक्ष पुगेपछि योगेन्द्र प्रतापमाथि कोर्टमार्शल भयो र उसलाई ४ वर्ष जेल तथा उसले भ्रष्टाचार गरेको ४ करोडसमेत जरिमाना गर्ने निर्णय भयो। गिरिजा प्रसाद पछि शेरबहादुर देउवा प्रधानमन्त्री भए। देउवाले शान्तकुमारकी भान्जी आरजुलाई विवाह गरेकाले योगेन्द्र प्रताप पनि मामा नै पर्न गयो। योगेन्द्र प्रतापको मुटु कमजोर भएका कारण बताई भद्रगोल जेलमा नवसी आफ्नै घरमा बस्ने सुविधा पायो भने त्यो ४ करोड जरिमानाबापतको रकम पनि हालसम्म कति चिफ आए गए तर असुल भएन। के पनि भनिन्छ भने त्यो ४ करोड रकमबाट १ करोड गरुढ शमशेरले खाए। गरुढशमशेर त चाकडीमा यतिसम्म माहिर थिए कि एक पटक प्रधानमन्त्री गिरिजा प्रसाद भि.मि.आइ.पि. लौन्ज गौचर आएका वखत उनी आफैंले गिरिजा प्रसादलाई छाता ओढाएका थिए जबकी राजा स्वयंले समेत आफैं छाता ओढी वक्सीन्थ्यो। ओढाई हाले पनि अन्य पार्श्ववर्तीहरुले ओढाउने हो। सेना प्रमुख स्वयंले ओढाउने हैन। प्रधानमन्त्रीलाई छाता ओढाउनु नै परे आर्मीबाट खटिएर गएका अधिकृतहरुले ओढाउने हो। गरुढ शमशेर चाकडीका लागी त्यति खप्पिस थिए। उनले आफ्नो ओहोदाको मर्यादालाई बुझ्नै सकेनन्। अर्को कुरा गरुड शमशेरले सैनिक अस्पतालको उत्तरीतर्फको ६ रोपनी जमिन पनि राजालाई समेत नसोधि गिरिजा प्रसादलाई खुशी पार्नका लागि स्वास्थ संस्थाका नाममा दिने काम गरे। त्यो सैनिक अस्पताल श्री ३ चन्द्रशमशेरको पालामा वेलायत सरकारले नेपाली फौजले बेलायतलाई प्रथम विश्वयुद्धमा सहयोग गरे वापत प्राप्त रकमबाट निर्माण भएको हो। त्यसैकारण त्यो अस्पतालको माथिल्लो तलामा एक सिपाही पहरेदारका रुपमा

उभिएको शालिक राखिएको हो। नेपाली सेनाको रगतले आर्जेको त्यो जमिन केही व्यक्तिको सनकका भरमा कसैलाई दिन मिल्दैन। त्यति कुरा पनि गरुढशमशेरले बुझेनन् र दिए। गरुढशमशेरले रिटायर्ड हुनुभन्दा एक महिनाअघि बिदा बस्ने आर्मीको परम्परासमेत तोडे। उनले ७ दिन बाँकी छँदा राजा वीरेन्द्रबाट असक्षम घोषणा भएपछि राजीनामा दिए। उनी पहिलो कमाण्डर इन चिफ हुन जो असक्षम ठहरिए।

आ-आफ्ना स्वार्थ :- पछि पनि COAS जर्नेल छत्रमान सिंहको पालामा उहाँले गरुढ शमशेरका ज्वाई रथी भूषण चन्दलाई र उनी भन्दा डेढ वर्ष सिनियर रहेका गौरवशमशेर दुवैलाई रथीमा नियुक्ति दिइयो। भूषण चन्द बलाधिकृत सम्म भए। छत्रमानपछि गौरव COAS प्रथम हुनुभयो। यस्तै अर्को कुरा, म प्रमुख सैनिक सचिव हुँदा मैले जनसम्पर्कको सङ्गठनलाई सरकारमा जाहेर गरेर हेरफेर गराएको थिएँ। नेपालभित्रको गुप्तचरी त नेपालीहरुले गर्थे नै मैले राजामा बिन्ती चढाएर नेपालमा आएका विदेशीहरुको र नेपालीहरु विदेशमा गएर विदेशीको इसारामा कुरा गर्ने नेपालीहरुको पनि गुप्तचरी गर्ने र समयसमयमा रिपोर्टहरु पठाउने व्यवस्था मिलाएँ। त्यसअनुसार रिपोर्ट आउन पनि थाले। मैले जनसम्पर्कको सिंहदरबार स्थिति पुरानो र जिर्ण भवनलाई सरकारमा जाहेरगरि नयाँ भवन वनाइदिएँ। अहिले जुन भवन छ म प्रमुख सैनिक सचिव छँदा बनाइएको भवन हो। त्यसका साथै मैले मेरै समयमा उनीहरुको वार्षिक बजेट पनि वढाई दिएँ। पुलिसले पाउने जत्तिकै सुविधा दिलाएँ। ट्रान्सपोर्टको व्यवस्था पनि मिलाई दिएँ। त्यसले गर्दा उनीहरुको हौसला बढ्यो र रिपोर्ट पनि आउन थाल्यो। मकहाँ राजस्व चुहावटको समेत रिपोर्ट आउँथ्यो। त्यस्तो रिपोर्ट मैले राजा कहाँ लगेर बिन्ती चढाउँथे। राजाबाट चिरनशमशेर कहाँ पठाइदिनु मर्जी हुन्थ्यो। राजस्व समेत गरी नौवटा विभाग थिए। एक दिन मैले राजा कहाँ बिन्ती गरें, सरकार ! यस्ता राजस्व चुहावटका रिपोर्टहरु धेरै आए सरकारबाट चिरनशमशेर कहाँ पठाइबक्सिन्छ तर उसले के कारवाही गर्‍यो र के कति राजस्व असुल गर्‍यो भन्ने त्यसको जानकारी नै भएन।

दरबारकै प्रमुखबाट :- मैले पछि थाहा पाएअनुसार चिरनशमशेरले ती राजस्व चुहावट गर्ने व्यक्तिहरुलाई ब्ल्याकमेल गर्दोरहेछ र पैसा कमाउन धन्दा चलाएको रहेछ। यो कुरा पछि जनसम्पर्कले समेत थाहा पाएछ र मकहाँ कम खबर आउन थाल्यो। गर्दा गर्दा पछि त जनसम्पर्कका व्यक्तिहरुले नै ब्ल्याकमेल गर्न थाले छन्। मैले सबै रिपोर्ट सरकारमा जाहेर गरें। सरकारबाट मलाई हुकुम भयो- 'यो कुरा रञ्जन राजलाई भनेर प्रधानमन्त्रीलाई सूचित गर्नु। मैले त्यसै अनुरुप गरें। 'र' पसेको यो सानो ठाउँ थियो होला त्यतिबेला तर बहुदल आएपछि त 'र' को एजेन्सीले कर्मचारी, मन्त्री, मन्त्रालयका उच्चपदस्थ व्यक्तिलगायत हरेक तहका राजनीतिज्ञहरुसँग खुलेआम भेटघाट गर्न थाले। विदेशीहरुको समेत खबर ल्याउने गरी हामीले तयार पारेको सङ्गठन नै बन्द गरिदिए। जनसम्पर्क पनि निकम्मा बन्यो र खबर दिन नसक्ने वन्यो। बहुदल आउना साथ गृहमन्त्री बनेका योग प्रसाद उपाध्याय (प्रवासी नेपाली)ले त पैसा खाएर खुंखार ड्रग माफियाहरुलाई धमाधम रिहा गर्दै गए र तिनका सम्पत्ति समेत फिर्ता गर्दै गए। भ्रष्टाचारको बोलवाला भयो।

एकपटक मलाई नेपालका लागि अमेरिकी राजदूत जुलिया चाङले कहिले मेरै घरमा आएर, कहिले दूतावासको डिनरमा बोलाएर राजदरबारको सचिवालयको भेट्ने कोठामा समय मिलाउन अनुरोध गर्न थालिन्। उनीसँग मेरो राम्रो चिनजान थियो। मेरो छोराको बिहेमा पनि उनी आएकी थिइन्।

सेना दिवस :- म प्रमुख सैनिक भएको समयमा एकदिन राजाबाट हामी सबै दरबारका पाँच प्रमुखहरुसंग के सोधिवक्स्यो भने- 'सबै देशमा सैनिक दिवश मनाउने चलन छ। हामीले पनि मनाउनुपर्छ तर कुन दिनलाई सैनिक दिवसका रुपमा मनाउनु वेश होला।' सबै प्रमुखले आ-आफ्नो राय जाहेर गर्‍यौं। मैले चाहिँ- 'सेनाले जुनदिनमा शिवरात्रीमा बढाई गर्दै आएका छ त्यो शिवरात्री स्वयं शिवको डे हो। त्यसैले त्यसै दिनमा सेना दिवस मनाउनु उचित होला सरकार भनेर प्रस्ताव राखें। त्यसका साथै आर्मी हेडक्वार्टरको प्रतीक चिह्नमा त्रिशूल र डमरु भएको पनि स्मरण गराएँ। सरकारलाई चित्त बुझ्यो। सोही दिनदेखि हालसम्म शिवरात्रीका दिनमा विभिन्न कार्यक्रम गरी सेना दिवस मनाउँदै आएको छ।

नेपालमा रेडक्रसको स्थापना : यस्तै एउटा छलफलमा मौसुफबाट रेडक्रस जस्तो संस्था विभिन्न देशमा छ तर हामी कहाँ छैन। हामीले पनि खोल्नु पर्‍यो भनि प्रस्ताव गरिवक्स्यो। मैले त रेड ओम (Red Om) नामबाट संस्था खोलौं। त्यसले रेडक्रसकै काम गरोस् भनि प्रस्ताब गरें तर एकजना प्रमुखले कुरै नबुझी के को Red Om खोल्नु पर्‍यो। रेडक्रस नै खोले त भैगयो भन्यो। त्यसैकारण Red Om आउन सकेन र रेड क्रस नामको संस्था नेपालमा पनि जन्मियो।

स्रोत : पूर्वरथी ऋषिकुमार पाण्डेको डायरीबाट

फरक प्रसङ्ग

वर्ष १७, अंक २४, २०७४ साउन ८ आइतबार

सम्झेका कुरा-५

बिहानको समय भएकाले सानो आवाजसमेत प्रष्टसँग सुनिन्थ्यो म पनि बिहानै नित्यकर्मको लागि उठ्दा त्यस्तै हल्लीखल्ली सुनेँ यो घटना २०७० साल वैशाख १७ गतेको थियो समय बिहानको त्यस्तै ५ बजेको थियो। त्यो हल्लीखल्लीको आवाज मेरै घरअगाडिको गोर्खा हस्पिटलबाट आइरहेकाले म पनि त्यतैतिर गएँ, त्यहाँ जान्छु त सादा पोसाकका प्रहरी कर्मचारीहरु बाक्लै देखिए। केही मान्छेहरु प्रहरीको निगरानीमा थिए तर के भएको हो छुट्याउन सक्ने अवस्था थिएन। यतिसम्मकि को प्रहरी हो र को अभियुक्त हो भनी छुट्याउन सक्ने स्थिति समेत थिएन प्रहरी तथा नागरिक सबै साधा पोसाकमै भएकाले त्यस्तो स्थिति सृजना भएको थियो। ३/४ जना व्यक्तिलाई प्रहरीले हत्कडीसमेत लगाइसकेको थियो। गोर्खा हस्पिटल एरिमा दुईवटा पुरानो मोडेलको टोयटा कोरोल्ला गाडी तैनाथ थिए। तिनै गाडीमा राखेर प्रहरीले गाडी अगाडि बढाए, त्यत्तिकैमा एकाएक गाडीभित्र धुँवा नै धुँवाको मुस्लो देखियो। गाडीमै आगो लागेछ कि जस्तो भयो, गाडी अघि बढ्न सकेन। त्यसपछि केही व्यक्तिले गाडीलाई अगाडि बढाउने प्रयास गरे तर पनि गाडी गुड्न सकेन। त्यतिबेलासम्म घटना छरपस्ट भइसकेको थियो। खासमा ती व्यक्तिहरु रक्तचन्दनका तस्कर रहेछन्। तिनीहरुले दुईवटा पुराना मोटर प्रयोग गर्दा रहेछन्। हेर्दा पनि माया नलाग्ने ती गाडीमध्ये एउटा गाडीको चाबी चाहिँ त्यही गोर्खा हस्पिटलकै सुरक्षा गार्डको जिम्मामा रहेछ। त्यसैले प्रहरीले त्यो सुरक्षा गार्डलाई पनि तर केहीबेरको केरकार पछि त्यो गार्डलाई चाहिँ प्रहरीले छोडिदियो। त्यसपछि ती रक्तचन्दनका तस्करहरुलाई प्रहरीलाई भ्यानमा राखेर आफ्नो बाटो लाग्यो। स्टार्ट नभएर हिँड्न नसकेको त्यो कोरोल्ला कारलाई दुई जना सादा पोसाकका प्रहरीले निगरानीमा राखेर बसे। त्यसैबेला केही यस्ता हल्ला पनि सुनियो कि यस्ता पेसेबर तस्कहरुले गाडीको फ्युल ट्यांकीभित्र दुर्लभ वन्यजन्तु शालकका खपटासमेत राखेका हुन्छन् त्यो गाडीभित्रको ट्याङकीभित्र पनि १० केजी जति शालकका खपडा राखिएको हल्ला बाहिर चल्यो तर यथार्थ भने के थियो थाहा भएन।

त्यसको लगभग आधा घण्टाजति पछि युनिफर्म लगाएका केही प्रहरी आए र त्यो थन्किएको टोयोटा कोरोल्ला गाडी लिएर गए। त्यो गाडी लैजानुभन्दा केही समयपहिले ति दुवै गाडीबाट प्रहरीले खानतलासी लिएर १०/१५ वटा झोलाका पोका बरामद गरेको थियो। ती झोलाभित्र गोलाकार रुपमा राखिएका रक्तचन्दनका गोलीहरु रहेछन्। रक्तचन्दनबाहेक अरु के के थिए भन्ने चाँहि थाहा हुन पाएन। त्यसको लगत्तै के पनि गाइँगुइँ सुनियो भने ती तस्करहरुले आफ्ना कोठामा ५० केजी जति रक्तचन्दन स्टोर गरेर राखेको प्रहरीले बरामद गर्‍यो। त्यसै समयमा अर्को के पनि सुनियो भने ती गाडी र त्यस्तै मोडेलका अरु गाडीहरु पनि आफ्नो घरमा पार्किङ गर्ने ठाउँ नभएकाले गोर्खा हस्पिटलकै कम्पाउण्डभित्र हस्पिटलको सुरक्षा गार्डलाई महिनावारी केही रकम तिरेर गाडी पार्किङ गरिँदो रहेछ। त्यस्ता अन्य थुप्रै गाडीहरु त्यस इलाकामा दैनिक रुपमा पार्किङमा हुन्छन्। पालेले पनि संवेदनशील भएर चेक जाँच गर्दैन। यस्तै अवस्था रहिरहने हो भने त गोर्खा हस्पिटलको वरिपरि घर बनाएर पुस्तौँदेखि बसोवास गरिरहेकाहरु कति सुरक्षित रहलान् र ?

जुन स्थानमा ती स्मगलरहरुका गाडी पार्किङ गरेर राखिएको देखियो त्यो स्थान २०६३/०८/०४ गतेसम्म साझा बाटो भनी मालपोत कार्यालय डिल्लीबजारको रजिष्टारमा नै देखिन्छ तर त्यसपछि भने गोर्खा हस्पिटलको केही सेयर किनेर सञ्चालक बनेकी संगीता तामाङ नाम गरेकी महिलाले २०६३/०८/०४ गते त्यो साझा बाटोलाई आफ्नो गोर्खा हस्पिटल एण्ड रिसर्च सेन्टरका नाममा बनाएको देखिन्छ। यो कुरा सरासर गैरकानुनी हो। साझा बाटो कसरी व्यक्तिगत सम्पत्ति हुन गयो ? बुझी नसक्नु छ। यस्तै बुझ्न नसकिएको अर्को कुरा के पनि छ भने त्यो साझा बाटो कायम गरिएको सक्कल मिसिल नं१४९/०६३-८-४ नै डिल्लीबजार मालपोत कार्यालयमा भेटिँदैन। गायब पारिएको छ। साझा बाटो कसरी व्यक्तिगतमा परिणत भयो र ? लालपुर्जा कसरी बन्यो ? आश्चर्य कुरो छ। त्यो सक्कल मिसिलका बारेमा बारम्बार ताकेता गर्दा पनि किन मालपोत कार्यालयमा भेटिँदैन ? को को मिलेर त्यो मिसिल गायब पारे ? त्यस्ता मिसिल सुरक्षित राखिनु पर्दैन र ? किन त्यो मिसिल दैनिक ५/६ घण्टासम्म मालपोत कार्यालयमा खोज्दा पनि भेटिँदैनन् ? यो सबै आश्चर्य लाग्दो विषय छ। एउटा कुरा के पनि निश्चित छ भने जबसम्म त्यो साझाबाटो व्यक्तिका नाममा रहिरहन्छ र जग्गामा पर्खाल नलगाई जग्गामा सवारीसहित सल्बलाइरहन्छन्। किनकि त्यहाँ निर्वाधरुपमा त्यस्ता सवारीहरु पार्किङ भइरहनेछन्। त्यसो हुनु भनेको सेक्युरिटी ल्याप्सेज पनि हो। व्यक्तिले पनि आफ्नो जिउधनको सुरक्षाको महसुस गर्न पाउनेछैनन्। कुनै दिन यदि दुर्घटना भएमा त्यसको जिम्मा कसले लिने ? के त्यतिबेला त्यसको जिम्मेवारी मालपोत कार्यालय डिल्लीबजारले लेला ? अथवा गोर्खा हस्पिटल तथा रिसर्च सेन्टरले लेला ? के त्यो इलाका जिल्ला प्रशासनको निगरानीमा छ ? वा प्रहरीको निगरानीमा ? तर्क जो सुकैको जेसुकै होस् तर त्यसको प्रत्यक्ष प्रभावित क्षेत्रमा हामीले आफ्नो सुरक्षाको जोखिम महसुस गरिरहेका छौं र सुरक्षाको प्रत्याभूति चाहन्छौं।

स्रोत : पूर्व रथी ऋषिकुमार पाण्डे

फरक प्रसङ्ग

वर्ष १७, अंक २५, २०७४ साउन १५ आइतबार

सम्झेका कुरा-६

२०३२ साल जेठ १९ गते राजा वीरेन्द्र सरकारको इच्छाअनुसार मलाई प्रमुख सैनिक सचिवालयमा सह सैनिक सर (वि.जि) दर्जाका लागि लागिबक्स्यो। त्यहाँ कार्यरत सह सैनिक आ.प्र.लेख (प्र.से) मोहन विक्रम शाहलाई सोही सचिवालयको स्वकीय सचिवमा नियुक्त गरिवक्सीयो। म सैनिक सचिवालयमा नियुक्त हुँदासाथ सरकारको इच्छा भएको तर काम हुन नसकेको काममा समेत मलाई लगाइबक्स्यो।

मेरो योग्यता, कर्तव्य परायणता, राष्ट्रियता तथा राजसंस्थाप्रतिको निष्पक्ष तथा निस्वार्थ भावना वीरेन्द्र सरकारलाई मात्र होइन महेन्द्र सरकारलाई समेत दरबारको बाहिनीमा काम गर्दा मन परेको थियो। त्यसैले मैले बधाई तथा प्रशंसा पाएको थिएँ। मलाई अन्य कामहरु मध्ये दरबारमा विदेशी राजदूतहरु ओहोदाको प्रमाण पत्र बुझाउन आउँदा म त्रिभुवन विमानस्थलमा दरबारका तर्फबाट रिसिभ गर्न जानुपर्थ्यो। यो क्रम २०३२ साल जेठदेखि २०४२ साल जेठ १९ सम्म (रथिमा बढुवा हुँदासम्म) चल्यो। यसरी मैले १० वर्षसम्म यो काम जिम्मेवारीका साथ निर्वाह गरे। राजदूतमात्र हैन परराष्ट्र मन्त्रालयका चिफ अफ प्रोटोउलहरुसँग पनि मेरो राम्रो सम्पर्क बनेको थियो। त्यसै सिलसिलामा मैले उनीहरुसँग परराष्ट्र नीति तथा कूटनीतिक सम्बन्धमा सिक्न पाएँ। त्यसमा मलाई अहिले पनि खुसीको अनुभव भइरहन्छ।

त्यसैगरी मैले नेपालमा लामो समयसम्म रेसिडेन्टल, अनेरसिडेन्टल राजदूतहरुसँग सम्पर्क गर्ने र स्वाागत तथा विदाई गर्ने अवसर समेत पाएँ। त्यतिबेला मेरा नामसमेत रेडियो नेपालबाट प्रसारित हुन्थ्यो। त्यसरी मलाई धेरैले चिन्ने मौका पाए। त्यतिबेला मेरो अमेरिकी राजदुत अययल गिष्कसँग निकै राम्रो सम्पर्क बनिसकेको थियो। अययलबाहेक पूर्वी जर्मनी पश्चिमी जर्मनी क्यानाडा, अस्ट्रेलिया, स्पेन, युगोस्लामिया, साउथकोरिया, नर्थ कोरिया, इजिटट, इजराइल, टर्कि, स्वीजरल्याण्ड, बंगलादेश, पाकिस्तान थाइल्याण्डलगायत थुप्रै देशसँग मेरो नजदिकको सद्भाव थियो। ति देशका कतिपय राजदूतसगँ त मेरो ठट्टासमेत चल्थ्यो। उनिहरुले आयोजना गर्ने हरेक कार्यक्रममा मलाई निम्ता समेत गर्दथे। म रिटायर्ड भएको कैयौं वर्षसम्म पछिसम्म पनि रेसिडेन्टल एम्बेसीहरुबाट उनीहरुका वार्षिक दिवसका अवसरमा आयोजना गरिने कार्यक्रममा मलाई निमन्त्रणा पठाउथे। नर्थ कोरियन राजदूत मलाई झम्सिखेलमा बेला बेलामा बोलाउँथे। नर्थ कोरियाका राजदूतसँग त मेरो ठट्टा नै चल्थ्यो। उनले मलाई नेपालमा कराँते सिकाउने प्रस्तावसमेत राखेका थिए। राजदूताहरुसँग आर्मीका कुराहरु साटा साट हुन्थ्यो। वर्माका एका अवकाश प्राप्त जर्नेलझैं पाकिस्तानका ब्रिगेडियार जनजुवा काठमाडौं आर्मीका अफिसरले बोक्ने छडि बोकेर हिँड्थे। उनी रिटायर्ड भएर नेपाबाट दुबईका लागि राजदूत नियुक्त भए। त्यसपछि आफ्नै देश फर्के। त्यतिबेला म प्रमुख सैनिक सचिव थिएँ। त्यो २०४२ सालको कुरा हो।

सरकारको विदेश सवारी हुँदा कराँचीमा रुक्ने कार्यक्रम बन्यो। त्यो सवारीमा म पनि थिएँ। त्यो बेला पाकिस्तानसँग नेपालको राम्रो सम्बन्ध थियो। त्यो बेला पाकिस्तानका राष्ट्रपति जनरल नियाउल हक कराँचीमै आएर राजा-रानीको स्वागत गरेका थिए। त्यति छोटो समयमा पनि उनले राजारानीको सम्मानमा राजा-रानीलगायत केही व्यक्तिहरुलाई चिया डिनरको व्यवस्था गरेका थिए। राजा र राष्ट्रपतिका बीच कुराकानी भइरहँदा राष्ट्रपतिले जनजुवालाई देखाउँदै भनेका थिए। मलाई यसले बटालियन डमाण्डर भएका बेलामा (जतिबेला म पनि आर्मड वटालियनको कमाण्डर थिएँ) माथिको कमाण्डरले समेत गरेको थियो। त्यो किन भने मेरो पल्टन भन्दा उसको पल्टन चुस्त थियो। त्यसैगरि अर्का अवकाश प्राप्त रथी सिन्हा (भारत) लाई मैले मेरो छोरीको विवाहमा २०४७ सालमा बोलाएको थिएँ। उनी आएर धेरै बेर बसेका थिए र कुराकानी गरेका थियौं। उनीसँग मेरो राम्रो हेलमेल थियो। उनको सैनिक जीवनको सुरुवातै गोर्खा पल्टनमा भएको थियो। त्यसैले उनले मलाई माया पनि गर्थे र भनेको मान्थे पनि। उनी भारतीय स्थल सेनाको कमाण्डर इन चिफको रोलक्रममै थिए तर भारतको राजनीति बाधक बन्यो। उनी अवकाश पाएपछि भारत सरकारले उनलाई अछायको गभर्नर जनरल बनायो।

यसैगरी वीरेन्द्र सरकारको अमेरिका भ्रमण (१९८३) का समयमा अययल गिष्क नेपालका लागि अमेरिकी राजदूत थिए। उनी पनि राजदूतका रुपमा अमेरिका गएका थिए। त्यतिबेला अमेरिकी स्टाफका रुपमा (२०४५-०४६ तिर) मिस्टर बोडे bodie थिए।

आर्मी हेडक्वार्टरमा भएको सुरक्षा समितिको एउटा ठूलो बैठकमा म पनि गएको थिएँ। त्यतिबेला तत्कालीन कमाण्डर-इन-चिफ जनरल सच्चितशमशेर राणा थिए। मिटिङको दौरानमा उनले भने कि-'आर्मीको मोरल डाउन भयो। किनकि एकजना गुरुङ थरका मेजरको पोखरामा पोस्टिङ भएको थियो। उनले पोखरा जानुअघि आफ्नो १० वर्षको छोरालाई यहाँको स्कुलको प्रिन्सिपललाई भेटी त्यो स्कुलमा भर्ना गरेछन्। ती मेजर करिब १० महिनाका लागि काठमाडौं आएछन् र छोराको पढाइ कस्तो रहेछ भनी स्कुलको प्रिन्सिपललाई भेट्न गएछन्। त्यतिबेला प्रिन्सिपलले भनेछ- तपाईंको छोरो त तपाईले भर्ना गरेको दिनदेखि आजसम्म स्कुल आएकै छैन। पछि मेजरले सबै कुरा बुझ्दा थाहा भएछ कि उनको छोरालाई ड्रस्स बेच्नेले दिनको १० रुपैयाँ र कफीसफीको प्रलोभनमा पारेर ठमेल जस्तो टुरिस्ट एरियामा ड्रग्सको ओसार पसारमा लगाएको रहेछ। यसका बारेमा प्रहरीलाई सबै थाहा भएर पनि सेनाको छोरो भएकाले कारबाही गर्दा पछि आफैं कारबाहीमा परिएला भन्ने डरले आँखा चिम्लेको रहेछ। अर्को कुरा त्यस्ता ड्रग्सका माफियाबाट उनीहरुले खर्च समेत उठाउँथे। त्यसपछि

मैले हरेक जिल्लामा ड्रग्सका बारेमा कडिकडाउ गरेको थिएँ। गाँजाको खेती गरेको ठाउँमा त आगो नै लगाइदिएको थिएँ। गाँजा खेतीमा त पुलिस र प्रमुख जिल्ला अधिकारीले भागबण्डा नै हुँदो रहेछ। मैले बुझ्दा उनीहरुले १ कठ्ठा जमिनमा गाँजा खेती गर्न दिएबापत प्रमुख जिल्ला अधिकारीले ३०० र डीएस पीले २०० पाउँदा रहेछन्। यस्तै किसिमले भारतमा निकासी गर्दा पनि प्रमुख जिल्ला अधिकारी, डीएसपी र भन्सार अधिकृतले पैसा असुल्दा रहेछन्। मैले त्यसपछि डीआईजी, एसपी, तथा अञ्चलाधीशलाई यसबारेमा सोधें। यस्ता केसमा उनीहरुले जम्मा ४ महिना कैद र ४००० रुपैयाँसम्म जरिवाना गरेर छाड्दा रहेछन्। त्यो ४००० पनि ड्रग्सका माफियाहरुले नै तिरिदिएर ४ महिनामै छुटाउँदा रहेछन्। मैले अञ्चलालाधीशलाई भनें- अदालतले ४ महिनामा छोड्ने कुरा आफ्नो ठाउँमा छ तर यसरी छुटेकाहरुलाई तपाईंले पुनः पक्राउ गरेर सुरक्षा कानुन लगाएर थुन्नुस। चौधरी थरका ती अञ्चलाधीश सरिफ थिए। उनले त्यसै गरे जो मैले भनें। यसरी अदालतले आफ्नो काम गर्दै गयो भने हामीले पनि आफ्नो काम गर्दै गयौं। त्यसबाट ड्रग्सका कारोबारीहरु आत्तिए। डराए उनीहरुलाई साथ दिँदै आएकाहरुले पनि त्यसबाट हात झिक्दै गए। ड्रग्सको व्यापारमा कमी आउँदै गयो। पछि इन्टरपोलले ड्रग्सका कारोबारीहरुको पूरा विवरण हामीलाई उपलब्ध गरायो। त्यसमा त प्र.से भरत गुरुङ, आईजीपी डीबी लामा, पुलिसका केही उच्चकोटीका अफिसर, केन्द्रमशेर राणा, जर्नेल नरशमशेर राणा खेलकुद परिषद्को सदस्य सचिव शाह तथा अरु धेरैका नाम थियो।

भरत गरुङ र डीबी लामाजस्ता भ्रष्टाचारीलाई अदातलले ठूलै सजाय दिएको थियो। डीबी लामालाई सैनिक अदालतले १० वर्ष जेल सजाय तोकेको थियो भने भरत गुरुङलाई ३३ वर्ष जेल सजाय तोकेको थियो। प्रहरी र सेना हेर्ने रन्जनराजलाई यस्ता तस्कर र ड्रग्सका कारोबारीबाट राम्रै पैसा आउँथ्यो। पछि डीबी लामाले आर्मीको अदालतमा दिएको बयानमा भनेको थियो- मैले भ्रष्टाचार गरेको रकम तथा समय समयमा कमाएको पैसाबाट शान्त कुमार मल्ललाई दिने गरेको थिएँ। पछि पनि उहाँको महाराजगञ्जको घर बनाउँदा १० लाख दिएको थिएँ। अदालतबाट यो रिपोर्ट आएपछि राजा वीरेन्द्र निकै रिसाइबक्सी शान्तकुमार मल्ललाई आफ्नो शान्ति पार्श्ववर्तीबाट हटाइबक्सेको थियो र दरबारबाट समेत आउट गरिबक्सेको थियो। त्यसपछि पुलिसको काम हेर्ने जिम्मेवारी तारा बहादुरलाई दिइबक्स्यो तर ताराबहादुरले पुलिसलाई त्यति कन्ट्रोल गर्न सकेनन्। पछि शेरबहादुर मल्ल जर्साबले मुमाबडामहारानी र बडामहारानीमा रोइकराई गरेपछि दरबारबाट निकालाबाट चाहिँ जोगाइदिएका थिए। शान्तकुमार रिटायर्ड भएपछि नेपाली सेनाबाट भनेजति अर्दली र पुलिसबाट समेत ड्राइभर अहिलेसम्म पाइरहेकै छन्। सशस्त्र प्रहरीबाट पनि अर्दली अहिलेसम्म पनि पाइरहेकै छन्। मलाई त मिनिमम अरुले पाए जति पनि दिएको छैन। पाएको पनि काम गर्ने अर्दली पाएको छु।

२०४४/४५ सालतिरको कुरा हो। म कहाँ एउटा प्रस्ताव आयो। नेपाल बैंक लिमिटेडसँग प्रतिस्पर्धाका लागि एउटा नयाँ बैंकको स्थापना गर्नुपर्छ भन्ने प्रस्ताव। त्यो प्रस्तावमा नबिल बैंकको ५१ प्रतिशत दुबईको एकजना भारतीय व्यापारीले राख्ने र ४९ प्रतिशत चाहिँ छाउनीको ठूलो नेपाली व्यापारी अमात्य परिवारले राख्ने प्रस्ताव थियो। सरकारको सवारी दुबईमा रहेका बखत मैले हाम्रा अन्य दुई प्रमुखहरु नारायण प्रसाद, रञ्जनराज र चिरञ्जीवी थापालाई समेत यस विषयमा बताएँ। उनीहरुले सरकारसमक्ष यो गर्नुपर्छ त्यो गर्नुपर्छ भनेर जोड दिए। त्यसपछि सरकारले मसँग ऋषि तिम्रो विचार के छ ? भनी सोधिबक्स्यो। सरकारलाई मैले बिन्ती चढाएँ सरकार सेवक कुनै अर्थशास्त्री त हैन तर सेवकको विचार त के छ भने सरकारको जय जयकार मनाउने जनता एक छाक खाई सुकुलमा सुती जीवन गुजारा चलाइरहेका छन् तर दुई नम्बर धन्दा गर्नेहरु करोडपति भइसके। पोडेले पनि दुईवटा सेफ्टीट्यांक सफा गर्‍यो भने कमाण्डर इन चिफको तलब जति कमाउँछन्। त्यसकारण सरकार यो नेपालीले पाउने सेयर चाहिँ ०५ प्रतिशतभन्दा बढी कसैले पाउनु हुन्न। मैले त्यति भन्दासाथ सबै प्रमुपखहरु त मै माथि ओइरिए। उनीहरुले भन्नथाले- सरकार उहाँले भनेझै सेयर वितरण गरियो भने त सेयर होल्डरहरु टुँडिखेलमा पनि अट्ने छैनन। मैले तुरुन्तै सरकारसामु बिन्ती गरें- सरकार ! अर्को टुँडिखेल नै बनाउनु परे पनि बनाउन सकिन्छ। सरकार मुसुमुसु हाँसीबक्स्यो र हुकुम भयो- ऋषिले भने अनुसार ०५ प्रतिशतले नै सेयर दिने व्यवस्था मिलाउनुहोस्। पछि उनीहरुले त्यो आदेशमा पनि जालझेल गरेर विभिन्न सरकारी संस्थालाई वितरण गरे दश प्रतिशत जनतालाई मात्र ०५ प्रतिशतले सेयर वितरण गरे। यो नियम पञ्चायती व्यवस्था कायम रहुन्जेल कायम रह्यो। त्यो बेला मैले ५००० मा किनेको १०० वटा सेयर अहिले ६००० वटा सेयरलाई उछिनिसक्यो। नबिल बैंकको सेयर अहिले ५०,०० भन्दा बढि भइसक्यो होला।

बहुदल आएपछि त केही प्रमोटरहरु मिलेर हिमालयन बैंक, इन्भेष्मेन्ट बैंकलगायत थुप्रै बैंक खोलेका छन्। १/२ करोडको लगानीमा खुलेको हिमालयन बैंकको एक अर्ब पुगिसक्यो होला। मैले व्यवस्था गरेको ०५ प्रतिशत पनि अहिले छैन होला। यसको निगरानी त राष्ट्र बैंकले गर्नुपर्ने हो। अहिले नेपालमा च्याउ उम्रेसरह बैंक खुलिरहेका छन् र त्यसैगरी लिक्विडेटसमेत भइरहेका छन्। गोर्खा डेभलपमेन्ट बैंक त्यसको उदाहरण हो। त्यसका अध्यक्ष बमजन त फरार नै छन् क्यारे। उनी गोर्खा आर्मीबाट रिटायर्ड व्यक्ति हुन्। क्षेत्रपाटीस्थित गोर्खा हस्पिटल पनि उनैको हो। उनले हजारौंसँग सेयर उठाएर त्यसलाई किनेका थिए। खासगरी उनले गोर्खाली अफिसरहरुलाई सेयर दिएका थिए। पछि त्यो सेयर फिर्ता लिई आफ्नै परिवारकी संगीतालाई दिए। गोर्खा हस्पिटल त एकदिन पनि चलेको हैन तर गोर्खा हस्पिटल तथा रिसर्च सेन्टरको साइनबोर्ड भने झुण्डिएकै छ।

स्रोत : ऋषिकुमार पाण्डेको डायरीबाट

फरक प्रसङ्ग

वर्ष १७, अंक २६, २०७४ साउन २२ आइतबार

सम्झेका कुरा-७

पानी आन्द्रे :- पछिल्लो समयतिर त राजा वीरेन्द्र एक्लो होइबक्सेको थियो। सबै आ-आफ्नै स्वार्थपूर्तिमा लिप्त थिए। त्यसैले उहाँले आफ्ना विश्वासपात्र प्रधानमन्त्री मरिचमानसिंहलाई भनि बक्सेको थियो- 'मैलेबाहेक कसैले भनेको नसुन्नु। कसैले भनको काम गर्नु पर्दैन। त्यसरी राजालाई खल्लो लागेको थियो। राजाका ती आफ्नै नजिकका भनाउँदाहरुले त उहाँलाई 'पानी आन्द्रे' भन्न थालिसकेका थिए। यसरी आफ्नै मान्छेले विश्वास गर्न छाडेपछि के गर्नु ? यात घर छाड्नु पर्‍यो, या त सुतेर बस्नुपर्‍यो।

बहुदल आएपछि सबै मिलेर प्रधानमन्त्री मरिचमानलाई न्याख, न्याख पार्दै भन्न थाले छन्- 'तपाईंले के गर्नुभयो' भनेर मरिचमानले जवाफ दिए छन्- 'मलाई कसैले सहयोगै गरेनन् त म के गरुँ'। उनले के गल्ती गरे भनें त्यो कसैले सहयोग नगरेको कुरालाई उनले राजा समक्ष पुर्‍याउनु पर्थ्यो। उनले भन्नु पर्थ्यो- 'सरकार ! मलाई कसैले सहयोगै गरेनन्, म के गरुँ ?

दरबारका चाचाचुहरु :- दरबारभित्र चाकरी, चाप्लुसी र चुक्ली लगाउनेहरुको कमी थिएन। त्यही चुक्लीको शिकार म पनि भएको छु। म सेवा निवृत्त भएको २ वर्षपछि म गणेशमान सिंहको निवास चाक्सीबारी गएको थिएँ, एउटा कार्यक्रममा। त्यो कुरालाई चुकुलखोरहरुले दरबारमा राजासमक्ष पुर्‍याइसकेछन् र राजाले पनि सुनिबक्सेछ र पछि त मलाई राजदरबारमा हुने कार्यक्रमहरुमा बोलाउन नै छाडे। वास्तै गर्न छाडे। गणेशमानलाई मैले एक छिमेकीका नाताले २०४७ साल वैशाखमा मेरो छोराको बिहेमा बोलाएको थिएँ र उहाँ आफ्ना सहयोगी पीएल सिंहका साथमा लठ्ठी ठेक्दै आएर १/२ घण्टा बस्नु पनि भएको थियो। उहाँलाई राम्रोसँग थाहा थियो कि म कस्ताको सन्तान हुँ। मेरा पुर्खा भोटु पाँडेले नरदेवीको मन्दिरका लागि १८६० तिर गुठी राखिदिनुभएको छ र ती गुठीहरु कहाँ कहाँ छन् र कति छन् भन्नेसमेत शिलालेखमा लेखी स्थापना गर्नुभएको छ। त्यो गुठीको भोगचलन हाल त्यहींकै ज्यापुहरुले गर्दै आएका छन्। भोटु पाण्डेको नरदेवीस्थित घर सात चोकको थियो। यी सबै कुरा गणेशमान सिंहलाई थाहा थियो। त्यसैले उहाँले मलाई मान्नुहुन्थ्यो।

गणेशमानजी १४/१५ वर्षको उमेरको छँदा मेरा बुबाले न्हैकन्तलाको घरमा कुस्तीबाजहरुलाई बोलाएर कुस्ती खेलाउने गर्नुहुन्थ्यो। गणेशमानजीले त्यो कुस्ती खेल चियाएर हेर्नुहुन्थ्यो। यो कुरा गणेशमानजीले म पछि रिटायर्ड भएपछि पनि बताउने गर्नुहुन्थ्यो। म गणेशमानजीलाई भेट्न उहाँको पार्टी कार्यालयमा पनि जाने गर्थें। उहाँ आफ्नो विशेष बैठक कोठामा ११ वजेतिर आउनुहुन्थ्यो। ब्रेकफास्ट पनि त्यहीं गर्नुहुन्थ्यो। त्यतिबेलामा उहाँले मलाई साथमै राख्नुहुन्थ्यो। अन्य कांग्रेसीले देख्दा जल्थे। रिस गर्थे।

देशमा जब बहुदल आयो तब म रिटायर्ड भए। म रिटायर्ड हुँनासाथ मेरो नुवाकोटस्थित गीता फलोधान, टिका भैरवको जग्गा, हेटौंडाको घर जग्गा, गल्फुटारको टाउन प्लानिङ एरियाका घर आदि भत्काउने, लुट्ने, बोट बिरुवा काट्ने, उखेल्ने जस्ता कामहरु हुन थाले। गुण्डागर्दी बढ्न थाल्यो। राष्ट्रसेवकहरुले दुःख पाउन थाले। जिल्लामा आफ्ना अनुकूलका व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीको नियुक्ति दिएर पठाउन थालियो। जुनबेला मन लाग्छ त्यहीबेला सरुवा गर्न थालियो। मेरो पालामा प्रमुख जिल्ला अधिकारीहरुलाई ३ वर्षसम्म एउटै जिल्लामा राख्ने नियम बनाइएको थियो। पछि गएर त्यो प्रचलन पनि हट्यो।

राजदरबारमा बस्दा मेरो जिम्मामा गृह मन्त्रालय र प्रहरी प्रशासन हेर्ने जिम्मेवारी थियो। मैले आर्मी हेडक्वार्टरबाट चिफ साहबबाट आउने नमिल्दा किसिमका सिफारिसलाई समेत काटिदिन्थें। त्यस्ता तीनवटा सिफारिसलाई काटिदिएको सम्झना अझैं ताजै छ। मेरो उद्देश्य थियो- 'सबैले समान न्याय पाउन भन्ने'। प्रहरी हेडक्वार्टरबाट पनि यस्ता नमिल्दा सिफारिस आउँदा मैले काटि दिन्थे। गृह मन्त्रालय पनि यस्ता नमिल्दा सिफारिस आउँदा मैले काटिदिन्थें। गृहमन्त्रालय पनि यस्ता नमिल्दा सिफारिस आउँदा मैले काटिदिन्थें। प्रधानसेनापति गरुढशमशेरका पालामा पनि त्यस्ता छलकपट कार्य भएका थिए। ती कुरा यस अघिका अङ्कमा प्रकाशित भइसकेका छन्।

प्रधानमन्त्रीलाई छाता ओढाउने प्रधान सेनापति:- गिरिजा प्रसाद कोइराला प्रधानमन्त्री भएका बेला एकपटक उनी त्रिभुवन विमानस्थलस्थित भीभीआईपी स्थल आउँदा 'न भूतो न भविष्यती' भनें झैं गरुढशमशेरले आफैंले छाता खोली प्रधानमन्त्रीलाई ओढाएका थिए। चाकरीको पनि हद हुन्छ। त्यो काम त अन्य पार्श्ववर्तीहरुले गर्ने हो। प्रधानमन्त्रीका लागि पनि आर्मीबाट अधिकृतको व्यवस्था गरिएकै हुन्छ। त्यो काम त तिनैको हो। गरुढशमशेरले त्यतिबेला यात आफ्नो ओहोदा बिर्से या त प्रधामन्त्री गिरिजाप्रसादलाई खुसी पार्न त्यसो गरे उनै जानुन्। गिरिजा प्रसादको चाकडी गर्ने क्रममा उनले सैनिक हस्पिटलको उत्तरतर्फको झण्डै ६ रोपनी जग्गासमेत राजालाई पनि थाहा नदिई वीर अस्पतालको ट्रमा सेन्टर निर्माणकालाई बुझाए। यस विषयमा पनि यसअघिका अङ्कमा बृहत्रुपमा प्रकाशित भइसकेको छ।

दरबारका धमिराहरु :- मैले नेपाली सेनामा जागिर खाएदेखि नै मेरो नेपालका ठूलठूला डिप्लोम्याट्सहरुसँग राम्रो सम्बन्ध थियो। ती मध्येका एक हुन् केशर बहादुर केसी एउटा खुंखार डिप्लोम्याट मात्र हैन देशको हेरिटेज, आर्कोलोजी जस्ता विषयमा समेत उनको भव्य ज्ञान थियो। उनको इटलीको Tucci विज्ञानसँग मिलेर नेपालमा यससम्बन्धी अनुसन्धान गरी केही

किताबसमेत प्रकाशित भएका छन्। चाइनाका लागि नेपालका राजदूतसमेत भएर उनले राम्रो नाम समेत कमाएका थिए। पछि बुढेसकालमा उनी राजदरबारका केही प्रमुख सचिवहरुको षड्यन्त्रमा पर्दा उनका लागि राजदरबारको ढोका सदाका लागि बन्द भयो। त्यसमा खासगरी रानीकै कारणले गर्दा त्यसो भएको थियो। राजालाई नचाहिँदा कुरा लगाएर उनको करियर नै ध्वस्त पारियो।

नेपालका केही उच्च दर्जाका डिप्लोम्याटहरु :- मैले बेलायत, अमेरिकाजस्ता देशमा तालिमका क्रममा त्यहाँका राजदूतहरुसँग पनि राम्रो सम्बन्ध कायम गरेको थिएँ र ज्ञान आर्जन गर्न सफल भएको थिएँ। बेलायत कोर्ष गर्दा तत्कालीन राजदूत कालीबाबु हुनुहुन्थ्यो। अमेरिकामा मैले कोर्ष गर्दा मैले आर्मीबाट रिटायर्ड जर्नेल पदम बहादुर खत्रीबाट पनि डिप्लोम्यासीका बारेमा धेरै सिक्ने मौका पाएँ। पछि राजाको अमेरिकाको राजकीय भ्रमणमा जतिबेला उहाँ परराष्ट्रमन्त्री नै हुनुहुन्थ्यो त्यो बेलामा पनि उहाँले उच्च दर्जाको डिप्लोम्यासी प्रदर्शन गर्नुभएको थियो। मैले त कतिसम्म अनुभव गरें भने स्वयं आर्मीबाट रिटायर्ड भएका र पहिलेदेखि नै राष्ट्रको सेक्युरिटीसम्बन्धी अनुभव बटुलेकाहरुमा समेत उहाँको जति ज्ञान थिएन। उहाँ त एक यस्तो डिप्लोम्याटले कि त्यस्तो डिप्लोम्याट त मैले अझैसम्म पनि अनुभव गर्न पाएको छैन।

मेरो जीवनमा यस्तै छाप छाड्न सफल हुनुभएका व्यक्तिहरुमा यदुनाथ खनाल, रणधिर सुब्बा तथा शैलेन्द्र कुमार उपाध्याय पनि पर्नुहुन्छ। त्यसैगरी मेरो परराष्ट्र सचिवहरुसँग पनि राम्रो सम्बन्ध थियो। ती सचिवहरुमा खासगरी जयप्रताप राणा, जगदीशशमशेर राणा तथा राजदूत भएर भारतीय नाकाबन्दीका समयमा उच्च नैतिकता प्रदर्शन गर्नुभएकी वृन्दा शाहसँग पनि मेरो राम्रो सम्पर्क थियो। उहाँ २०१२ सालतिर परराष्ट्र मन्त्रालयमा आउनुभएको थियो।

एकजना परराष्ट्र सचिव हुनुहुन्थ्यो, विश्व प्रधान। उहाँ सवारीमा जाँदा जहिले पनि मसँग भन्ने गर्नुहुन्थ्यो- 'भू.पू. प्रधानसेनापति किरणशमशेरको समयमा गरुढशमशेरलाई क्याडेटमा छानियो तर मलाई छानिएन। त्यस बारेमा मैले भनेको थिएँ- 'तपाई आर्मीमा आएको भए कि फिल्ड मार्सल हुनुहुन्थ्यो, कि कोर्ट मार्सलमा हुनुहुन्थ्यो'। उहाँ सचिव छँदा प्रोटोकलको काम गर्ने विश्वेश्वर प्रसाद रिमाललाई सवारीका समयमा पनि सबैका अगाडि हप्काउनुहुन्थ्यो। परराष्ट्र सम्बन्धी धेरै ज्ञान मैले पनि हासिल गर्न सकें। राजा वीरेन्द्रसित बाहिर सवारी हुँदा त्यहाँका राष्ट्र प्रमुखहरुसँगको मिटिङमा मलाई पनि नेपालका तर्फबाट राख्ने गरिन्थ्यो। सन् १९८७ मा चिनको अफिसियल भिजिटमा पनि मलाई तत्कालीन राजाले समावेश गरिबक्सेको थियो।

स्रोत : पूर्व जर्नेल ऋषिकुमार पाण्डेको डायरीबाट

फरक प्रसङ्ग

वर्ष १७, अंक २७, २०७४ साउन २९ आइतबार

सम्झेका कुरा-८

पुनामा कोर्ष गर्दा :- मैले सन् १९५६ देखि नेपाल आर्मीबाट पहिलो पटक CME पुनामा पन्धौं Yos Cource गरेको हुँ। कोर्षबाहेक अन्य तालिम पनि पुना बम्बैमा भयो। त्यो कोर्ष जनवरीदेखि जुनसम्म चलेको थियो। त्यतिबेला म तृतीय भएको थिएँ। त्यो कोर्ष गर्दैदेखि मेरो पर्सनालिटी देखेर कोर्ष गर्न गएका साथीहरुले मलाई जर्नेल, मार्सल आदिका नामले बोलाउँथे। कोर्ष गरेर फर्केपछि जुन १९५६ तिर राजा महेन्द्रको शुभराज्याभिषेक काम गर्ने अवसर पनि पाएँ र कोरोनेसन मेडल पनि पाएँ। त्यो मेडल नै मेरो सैनिक जीवनको प्रथम मेडल थियो।

फिल्ड कम्पनी (ई)मा पनि इण्डियन मिलिटरी मिसन बसेको थियो। त्यो कम्पनीमा पनि मैले सिकाउनमा मद्दत गरेको थिएँ। पहिलेपहिले त त्यहाँको कमाण्डिङ्ग अफिसर (O.C.) मेजर ऋषि विक्रम थिए। उनको समयमा पि.टी. ड्रिल इत्यादि गराइन्थ्यो। पल्टनको जे.सी.ओ. हवल्दार मेजरले त्यसको रिपोर्ट कमाण्डिङ अफिसरलाई नदिएर इण्डियन मिलिटरी मिसनको एक जना जम्दार लालमणिलाई दिन्थ्यो। एकपटक मभन्दा सिनियर अफिसर नभएका बेला म स्वयं पिटी, ड्रिलमा बसेको थिएँ। त्यतिखेर पनि त्यो हवल्दार मेजरले त्यो रिपोर्ट मलाई नदिएर आई.एम.ए.को जम्दारलाई नै लगेर दिएछ। मैले तुरुन्तै हाम्रो जमदारलाई बोलाएर भनें- 'त्यो रिपोर्ट तुरुन्तै फिर्ता ल्याएर मलाई बुझा। त्यसपछि त्यो रिपोर्ट मकहाँ आउन थाल्यो। हाम्रो पल्टनमा खटिएको मेजर लुथरले हामी अफिसरहरुलाई रोड एण्ड एडफिल बनाउने कोर्ष चलाएका थिए। त्यसको रिजल्ट ग्रेडिङका आधारमा हुन्थ्यो। त्यसमा मैले 'B ग्रेड पाएको थिएँ। त्यो बेला म लेफ्टीनेन्ट दर्जामा थिएँ भने हुमान सिंह बस्नेत क्याप्टेन थिए। अरुले ग्रेडिङमा 'C पाएका थिए। कोही कोही त फेल पनि भएका थिए। फेल हुनेमा लेफ्टीनेन्ट अम्बिका प्रसाद शर्मा पनि थिए। यो कोर्षमा हामीलाई इन्स्ट्रक्टरले एक-एक गरेर अन्तर्वार्ता लिएका थिए। शर्माको पालो आएपछि इन्स्ट्रक्टर लुथरले जो मेजर थिए- भनेका थिए- 'तैंले राम्रो गरिनस्। तँ फेल हुन्छस्। त्यसपछि त शर्माले रिसाउँदै के जवाफ दियो भने- 'I dont care for your Result:' त्यति भन्दै उनी बाहिर निस्के।

ऋषि विक्रमले तत्कालै शर्मालाई इन्जिनियर पल्टनबाट अन्य पल्टनमा पठाए। शर्मा चाहिँ तोरण शमशेरको पुजारीको छोरो रहेछ। तोरण शमशेर प्रधानसेनापति भएका बेलामा उसको ७ वर्षको सेवा अवधि समेत जोडेर इण्डियन स्टाफ कलेज गर्न

पठाएका थिए। ऋषि विक्रम त इण्डियन मिलिटरी मिसनका तर्फबाट परेड इत्यादिमा काम बिगारेमा प्रतिपरेड गर्न लगाउँथे ए त्यसमा स्वयं ऋषी विक्रमले पनि भाग लिन्थे। एक दिनको कुरा हो बेलुकाको रोलकलपछि सी.ई.ओ.को कटेजमा लालटिन बालेका समयमा गफगाफ गर्ने बेलामा ऋषि विक्रमले हामीलाई भनेका थिए- 'तपाईहरुलाई थाहा छ, म रानाटाइममा कसरी आर्मीको अफिसरमा छिर्न सफल भएँ भनेर' ?

बक्सिसमा लप्टन पद :- उनले भने- 'महाराज पद्म शमशेर टंगाल दरबारबाट बग्गीमा बसेर टुँडिखेलस्थित खरीको बोट आउने क्रममा मैले रातो टोपी लगाएर साइकलमा चढेर १३ ठाउँमा त्यो बग्गीमा बसेका पदम शमशेरलाई मुख देखाएको थिएँ। पछि पद्म शमशेर आफ्नो आठ पहरियालाई त्यो रातो टोपी लगाउने को रहेछ, खोजी गरी ल्याउनु भनेछन्। त्यसपछि आठ पहरियाले मलाई धुइपत्ताल खोजी गरी दरबारमा लगे। मसँग पद्म शमशेरले लामै सोध-पूछ, कुराकानी गरे र भने- 'ल तँ लप्टन भइस'। यसरी म नेपाली सेनामा लप्टन (अफिसर) भएको थिएँ।' राना कालमा लप्टनको पदवी यसरी पनि बक्सिसस्वरुप पाइन्थ्यो।

जनवरी १९५७ मा पहिलो डिग्री कोर्षका लागि कोटा आएको थियो। त्यो कोटाभित्र म पनि परें। यज्ञविक्रम राणा जो म भन्दा पनि सिनियर थिए। उनले पनि नेपाली सेनामा जागिर ऋषि विक्रम कै स्टाइलले प्राप्त गरेका थिए। आई.ए.मात्र. पास गरेका ऋषि विक्रम र यज्ञ विक्रमलाई निकै पढेका मान्छे भनिन्थ्यो। उनी र मैले १९५७ मा पुनामा सँगसँगै डिग्री कोर्ष गरेका थियौं। त्यो बेला हामी ११औं डिग्री कोर्षमा परेका थियौं। त्यो कोर्ष गर्दा हामीले डिग्री कोर्ष गर्दा जे गर्नु पर्थ्यो त्यही गरेका थियौं। त्यसै समयमा बिदाको समय पारेर हामी छुट्टी मनाउन बेंगलोर गएका थियौं। १० औं इन्जिनियरिङका साथीहरु पनि मेरै साथीहरु थिए। ११ औं इन्जिनियरिङमा खण्डुरीहरु थिए। त्यो बेला निकै धपेडी परी यज्ञ विक्रम र म हस्पिटलाइज्ड हुनुपर्दा हाम्रो धेरै क्लास छुटेको थियो।

रिभर डान्सको मजा :- त्यहाँ फेमस रिभर डान्स हुँदो रहेछ। : गबि मुला रिभर जो विस्तारै बग्दथ्यो। त्यसमा राफ्टहरु बनाएर, त्यसैमा ब्याण्ड स्ट्याण्ड, त्यसैमा नाचगान आदि हुन्थ्यो। त्यो युनिक डान्स साँझ ७ बजेदेखि सुरु भएर बिहान ७ बजेसम्म १२ घन्टा चल्दोरहेछ। यो १९५८ को कुरा हो। यो डान्समा सहभागिताका लागि मैले जर्नेल सिंह शमशेर र शाहज्यादी रमालाई समेत बोलाएको थिएँ। एक जनाले आफू बाहेक अन्य दुई जनालाई लैजान पाउने नियमानुसार मैले उहाँहरुलाई बोलाएको थिएँ। उहाँहरु पनि आउनुभएको थियो। रिभर डान्सको मनोरञ्जन चलिरहेका बेला करिब ८ बजेतिर मेरा साथीहरुले मलाई उक्साउँदै भनें- 'जर्नेल ! (म जर्नेल त थिइनँ तर सबैले जर्नेल नै भन्थे) हामी बाजी ठोक्छौं कि तिमी गएर सदन कमाण्ड लेफ्टिनेन्ट जर्नेल आई.एन. थापरकी छोरीलाई नाच्न लगायौ भने तिमीलाई मान्नेछौं। म कसैसँग पनि डराउँदिनथें। मैले भनें- ' किन नसक्नु। नचाएरै छाड्छु। म उठेर सरासर थापर र थापर पुत्री बसेको स्थानमा गएँ र अंग्रेजीमा भनें- 'Madam ! May I have the plasure of this dance ? उनले पनि त्यत्रो नाचको आनन्द लिन हिचकिचाइनन् र चुरुन्तै डान्सका लागि उठिन्। मेरो अनुरोधमा उनी उठेपछि उनका पिता थापरले मेरो शिरदेखि पाउसम्म हेरे र मेरो पर्सनालिटी देखेर उनी छक्क परे। केही पनि बोलेनन्।

डान्स सुरु भयो। डान्स एक मिनेट मात्रै के चलेको थियो- त्यो वर्ष अचानक घनघोर पानी पऱ्यो र रिभर डान्स बिथोल्यो। थापर कि छोरी मसँग नाच्न आएकीले उनलाई पानीबाट बचाउने जिम्मेवारी पनि मेरै हुने भएकाले मैले त्यहाँ निर्मित ब्याण्ड स्टाण्डमुनि लगेर भिज्नबाट जोगाएको थिएँ। उता थापर महोदय चाहिँ छोरीको खोजीमा हिँडेका रहेछन्। उनी आफ्नी छोरीको नाम लिंदै त्यही आइपुगेपछि मैले भनें 'Sir your daughter is here' भनेर उनको जिम्मा लगाएँ। छोरीले पनि मलाई धन्यवाद दिइन्। थापर साहवले पनि धन्यवाद दिए। त्यसपछि म सिंह शमशेर र शाहजादी बसेकोतिर गएँ र उहाँहरुलाई लगेर मोटरमा बसाली घरतिर पठाइदिएँ।

त्यत्रो अवसरलाई पानीले बिथोल्दा साह्रै नमजा लागे पनि हामीले CME मै गएर भव्य नाँच गऱ्यौं। त्यो सालको रिभर डान्सलाई हामीले साविकभैं बिहान ७ बजेसम्म चलाएका थियौं। त्यसको केही वर्षपछि मैले अखबारमा पढेको थिएँ कि पुनाका छुस्केहरुले राजनीतिज्ञहरुसँग उजुर गरेछन् कि त्यहाँका राफ्टहरुको व्यवस्थापन गर्न दुई-तीन महिना लाग्यो भनेर। त्यसबेला देखि रिभर डान्स नै क्यान्सिल गरिएछ।

१९५७ मा म रेलबाट बेंगलौर गएँ र कमाण्डर इन चिफ बबर शमशेरकहाँ गएँ। उनले मेरो बस्ने व्यवस्था ओममहलमा मिलाएका थिए। बबर शमशेर बिहानमा शुद्ध वातावरणमा प्रातःभ्रमण गर्नुहुन्थ्यो। बेंगलोरको आर्मी स्ट्याबलिसमेन्टका बारेमा मलाई राम्रो ज्ञान थियो। मैले मोहन शमशेरलाई पनि भेटेको थिएँ। उहाँ बाहिरै बस्नुहुन्थ्यो। मैले कृष्ण शमशेरलाई पनि भेटें। उहाँ चाहिँ आफ्ना भिनाजु बझांगी राजा जयपृथ्वी बहादुर सिंहकै घरमा बस्नुभएको थियो। उहाँले म र यज्ञ विक्रमलाई ट्याक्सीबाट मैंसुर घुम्ने व्यवस्था मिलाउनुभएको थियो। त्यतिखेरै हामीले वृन्दावन गार्डेन हेऱ्यौं। बाटामा पर्ने टिपु सुल्तानको क्षेत्र पनि हेर्ने अवसर

पायौं। त्यसपछि क्याप्टेन आदित्य शमशेर (जसले भर्खरै विवाह गरेका थिए) सँगै बेंगलोर घुम्यौं। त्यहाँको चल्ती स्थानमध्येको नन्दी हिल्स पनि हो। त्यो पनि घुम्यौं। त्यहाँको प्रोग्राम पनि हेर्‍यौं। हामीलाई चिया, नास्ता, खाना सबै बबर शमशेर तथा रानी साहेबबाटै व्यवस्था गरिएको थियो। त्यसबेलाको मन्त्रीका निजी सचिव खगेन्द्र बहादुर खत्री थिए। खगेन्द्र बहादुरको आफ्नै इतिहास छ। उनीसँग पनि मेरो राम्रै सम्पर्क थियो। त्यहाँको बसाइको क्षणमा मैले ब्रिटिस शासनकालीन आर्मी व्यारेक पनि अवलोकन गर्ने अवसर पाएँ। बेंगलोर म जम्मा जम्मी ५ पटक गएँ। त्यस्तो बेंगलोर अहिले औद्योगिक नगर भएर कहाँबाट कहाँ पुगिसक्यो। बेंगलोर त अहिले शैक्षिक हबकै रुपमा विकसित भइसकेको छ।

चिकित्सकको लापरवाही :- बेंगलोरबाट फर्केपछि हामी पुनः पुना आयौं जहाँ हामी इन्जिनियरिङ कोर्षका लागि गएका थियौं। यसरी हामीले ११औं इन्जिनियरिङ कोर्ष पनि पूरा गर्‍यौं। एक दिन हामी इण्डियन मिलिटरी हस्पिटलमा (जो भारतभरिको राम्रो र सबैभन्दा बढी विशेषज्ञ चिकित्सक भएको हस्पिटलमा गनिन्छ। गयौं जो पुनामै थियो। त्यसै अस्पतालमा हाम्रो ११औं कोर्षका खण्डुरी र मेरो शल्यक्रिया भएको थियो। मेरो नाकको हड्डी बढेकाले शल्यक्रिया गर्नुपरेको थियो भने खण्डुरीको चाहिँ टनसिलको शल्यक्रिया भएको थियो। अपरेसन गर्दा मलाई त धनले ठोकेझैं अनुभव भएको थियो। यसरी खण्डुरी र म त्यहाँ बसुन्जेल नजदिक भएका थियौं। खण्डुरीको त शल्यक्रिया गरेको तीन/चार दिनसम्म पनि घाँटी दुःखिरह्यो। उसको साथी पुना मेडिकल कलेज सेसेन हस्पिटलमा डाक्टरी पढ्दै थियो। उसैले खण्डुरीलाई ई.एन.टी हस्पिटलमा लगेर जँचायो। जाँचमा घाँटीमा केही टल्क्यो। के टल्क्यो भनेर जाँदा त टन्सिलको शल्यक्रिया गर्ने क्रममा सियो नै छाडेको रहेछ। त्यहाँ त्यो सियो निकाल्ने काम भयो। त्यो बेलादेखि खण्डुरीसँग मेरो राम्रो थियो। ऊ पछि मेनेजर जनरलबाट सेवा निवृत्त भएर राजनीतिमा लाग्यो। बी.जे.पी. पार्टीमा लागेर ऊ यातायातमन्त्री समेत भयो र पछि २ पटकसम्म उत्तराखण्डको मुख्यमन्त्री पनि भयो। मेरा ११औं कोर्षका साथीहरुमा के.के. मल्होत्राले पनि केही वर्षअगाडि आफ्नो ब्याचका साथीहरुलाई सोधखोज गरिरहन्थे र फोनसमेत गर्थे। अहिलेका हाम्रो नेताहरु भारतका आफ्ना साथीहरु कहाँ खोजी गर्दै गएर अवसरका लागि अनुरोध गर्ने गर्छन् तर म चाहिँ त्यसरी अवसरको खोजिमा कहिल्यै दौडिन।

छत्रपति शिवाजीका किल्ला अवलोकन :- पुनामा बस्दा १९६५ को युद्धका समयमा मैले धेरै जान्ने अवसर पाएँ। हामी त्यहाँ बस्दा छत्रपति शिवाजीका धेरै किल्ला हेर्ने अवसर पायौं। ब्रिटिशहरुले छाडेर गएका ब्यारेकहरु पनि हेर्‍यौं। म जस्तोसुकै काण्डर होस् भेट्न डराउँदिनथें। तालिमका क्रममा हामी बम्बैमा मरिन इन्जिनियरिङ पनि हेर्न गयौं। त्यसका लागी कोलावर भन्ने ठाउँमा जानुपर्थ्यो र रानी रत्नराज्यलक्ष्मीको जन्मदिनमा पनि मलाई बोलाइन्थ्यो। जबकि यज्ञविक्रमलाई बोलाइँदैनथ्यो। त्यही बेलामा मल्ल जर्नेलले राजा महेन्द्रसँग मेरो परिचय गराउने क्रममा महेन्द्रले मेरो पर्सनालिटी देखेर इण्डियन आर्मीको डि नेपाल आर्मीको भनेर सोधी बक्सेको थियो।

राजा महेन्द्रसँगको भेट :- महेन्द्र सरकारसँगको प्रथम भेटमै मौसुफ मप्रति यति इम्प्रेस्ड होइबक्सेको थियो कि खाना खाने बेलामा मल्ल जर्नेल म कहाँ दौडँदै आएर भने- 'तपाईंले खाना नखानु भएको भए खानुपर्‍यो रे। सरकारबाट हुकुम भएको छ। मैले भनें- 'म खाएर आएको छु'। त्यसपछि पुष्पराज काजीलाई भेट्नु भन्ने हुकुम भयो।

म पुनामा पढ्दा अमेडनगर आर्मडकोर्टको सेन्टरमा हामी कोर्षवालाहरुलाई पनि बोलाइएको थियो। त्यो बेला एउटा भव्य आर्मड इन्फेन्ट्री डेमोस्ट्रेसन देखाइएको थियो। त्यतिबेलासम्म नेपालका जर्नेलदेखि तलसम्मका कसैले पनि त्यस्तो डेमोन्स्ट्रेसन देखेको थिएन होला। मरुभूमि पनि सदन कमाण्डभित्रै पर्थ्यो। मरुभूमि मैले त्यहाँ छोड्ने केही हप्ता अगाडि जैसलमेरमा देख्न पाएँ। त्यतिबेला तत्कालीन जे.ओ.सी. सदन कमाण्डर मोतीसागर आएका थिए। उनीसँगै मरुभूमिका लागि थप हुने ब्रिगेड कमाण्डरहरु पनि आएका थिए। अन्य काण्डमा पनि मैले देखें कि जम्मुकश्मिरको फ्रन्ट लाइनमा एल.ओ.सी.का पल्टनहरुका हरेक ब्रिगेडमा ३ वटा बटालियन हुन्छन र हरेक ब्रिगेडमा एउटा गोर्खा बटालियन भएन भने ब्रिगेड कमाण्डरको निँद नै हराम हुँदोरेछ।

म जहाँ-जहाँ गएँ कप्तानमा गएँ। मेजरमा गएँ तर मेरो पर्सनालिटीले मलाई जर्नेलकै स्थान दिएको थिएँ। पछि त्यही जर्नेल पदबाटै म सेवा निवृत्त पनि भएँ।

स्रोतः ऋषिकुमार पाण्डेको डायरीबाट

फरक प्रसङ्ग

वर्ष १७, अंक २८, २०७४ भदौ ४ आइतबार

सम्झेका कुरा-९

सन् १९६१ मार्च २७ सोमबारका दिन प्रधानसेनापतिज्यूबाट मेजर पवनशमशेर, मेजर नृपशमशेर र क्याप्टन ऋषिकुमार पाण्डे (म)लाई जम्मुकश्मिर लाइन अफ कन्ट्रोलमा त्यहाँको २६ डिभिजन र २८ डिभिजनमा सङ्लग्न हुने गरी खटाइयो। भोलिपल्टै हामीहरु कान्तिराजपथ हुँदै आफ्नो गन्तव्यतर्फ लाग्यौं र अप्रिल १ मा पठानकोट पुग्यौं। हामीलाई त्यहाँ रिसिभ गर्नका लागि एक जना अफिसर एउटा जीप लिएर आएका थिए। त्यसैबाट हामीलाई जम्मुको १९ BDE मा लगियो र मेजर पवन शमशेर र नृपशमशेरलाई त्यही राखियो र मलाई चाहिं २१४ म्यारायनमा लगेर बस्ने बन्दोबस्त मिलाइयो। अप्रैल २ गते आइतवारमा हामीलाई त्यहाँबाट रजौरी लगियो। त्यहाँ पुग्दा १ बजेको थियो र घनघोर पानी परिरहेको थियो। त्यहाँ मैले G.O.S. लाई भेटें। त्यसपछि क्याप्टन इस्वेशिचलाई भेटें। त्यहाँका जनरल स्टाफ अफिसर मेजर जनरल गुप्ता थिए। हामीलाई त्यहींकै गेष्ट हाउसमा बस्ने बन्दोबस्त मिलाइयो। त्यहाँको चलनअनुसार बस्न आउने गेष्टहरुलाई उनीहरुको दर्जाअनुसारको कोठा दिइँदो रहेछ। त्यहाँको कर्मचारीले मेरो व्यक्तित्व देख्दा मेरो दर्जाको आँकलन नै गर्न सकेनछ। उसले दर्जा सोध्ने कुरा पनि भएन। मलाई उसले मेजर जनरल नै होलान् भन्ने ठानेछ र मेजर जनरलकै कोठामा लगेर राखेछ। भोलिपल्टै हामी त्यहाँबाट हिंडिहाल्यौं। पछि उसको हाकिमले क्याप्टेन दर्जाको मलाई मेंजर जनरलका लागि छुट्याइएको कोठामा राखेको थाहा पाएर त्यो कर्मचारीलाई राम्रैसँग गाली गरेछ।

भोलिपल्ट हामी बजारमा घुम्न गयौं। त्यहाँ मैले केही किताब किनें। ती किताबमध्ये एउटा किताबको नाम मलाई अझैसम्म पनि सम्झना छ। त्यो किताबको नाम मलाई अझैसम्म पनि सम्झना छ। त्यो किताव हो 'थिमैया अफ इण्डिया'। थिमैयालाई मैले कान्तिराजपथमा काम गर्दा चिनेको हुँदा त्यो किताव किनेको थिएँ।

जम्मु-कश्मिरमा मेरो अनुभव :- म काठमाडौंबाट जम्मु-कश्मिर पुग्दा त्यहाँ निकै जाडो थियो। हुरी-बतास पनि त्यत्तिकै चलेको थियो। बेलाबेलामा असिना पानी पनि पर्थ्यो। त्यहाँको मौसमका बारेमा भविष्यवाणी नै गर्न सकिँदैनथ्यो। त्यस्तो मौसममा पनि हामीले अहोरात्र काम गर्‍यौं। त्यसैबीच मलाई ब्रिगेडबाट सहारनकोर्टमा रिपोर्ट गर्नु भन्ने खबर आयो। म त्यहाँ पुगेपछि मेजर हरदेव सिंहसँग भेट भयो। उनी त्यहाँका ब्रिगेड अर्डिनेन्स अफिसर थिए। मलाई इन्जिनियरिङबारे राम्रो ज्ञान भएकाले त्यसैसँग सम्बन्ध कामको जिम्मेवारी दिइयो।

कश्मिरमा काम गरिरहेका बेला मलाई श्रीनगरको सौन्दर्य हेर्ने इच्छा जाग्यो र त्यहाँ जानका लागि दुट्टि मागे। मैले श्रीनगरको १९औं डिभिजनमा सरुवा पाऊँ भनेर निवेदन पनि दिएँ। ब्रिगेड इन्टेलिजेन्स अफिसलाई भेटेर सबै कुरा बताएँ पनि। उनले केही दिन पर्खिनुस् भने। आर्मी ग्रुप इन्जिनियरिङको अनुभवका लागि म पुञ्च पनि गएँ। त्यहाँ म निकै व्यस्त भएँ। कहिले पनि फुर्सतै भएन। बेला बेलामा म ब्रिगेड हेडक्वाटरमा गएर निर्देशनसमेत लिने गर्थें र अल्पाइनसम्बन्धी प्रवचनमा पनि सहभागी हुने गर्थें।

म कश्मिरमै छँदा २०१८ साल वैशाख १५ गते बम्बैमा कश्मिरका पूर्वराजा हरिसिंहको निधन भएको खबर पाएँ। उनी डा. कर्णसिंहका पिता हुन्। भारत स्वतन्त्र भएपछि सन् १९४७ मा हरिसिंहले आफ्नो स्वतन्त्रराज्य जम्मु-कश्मिरलाई भारतमा विलय गराएका थिए। त्यतिबेला हरिसिंहको निधनमा धेरै कश्मिरिहरु अत्यन्तै दुःखित भएको मैले देखें। कर्णसिंहले नेपालका शारदाशमशेरकी छोरी विवाह गरेकाले नेपाल र सिंह परिवारबीच राम्रै सम्बन्ध थियो।

सप्ताहान्तमा मैले रजौरी जाने अनुमति लिएँ। रजौरी गएर म मेजर बलदेव राजपालसँग डिभिजन इन्जिनियरिङको मेसमा बसें। त्यहाँ बस्दा मैले एउटा निकै रोचक प्रसङ्ग सुनें। साँझपख श्रीनगरको शहरमा घुमिरहेको एउटा परिपक्व जर्नेललाई एक जना सिपाहीले तास खेल्ने वेलामा सोधे छ- 'तपाई यहाँ के गर्नुहुन्छ' ? त्यो जर्नेलले जवाफ दिएछ- 'म प्रायः तास खेलेर समय बिताउँछु र फुर्सतका बेलामा डिभिजन हाँक्छु

पुन्चमा मेजर सेठसँग मेरो भेट भएको थियो। मेजर जनरल गुप्तासँग पनि भेट भयो। मेजर बी.आर. पाललाई ट्रान्सपोर्ट सेन्टर पोइन्टमा बिदा गरेर म पुन्च आएको थिएँ। जे.एस.ओ.-१ मा लेफिटनेन्ट कर्णेल गुप्ता हुनुहुन्थ्यो। उहाँ २१ कम्पनीको भ्रमणमा आउनुभएको थियो। नेपालबाट कश्मिर पुग्दा मलाई त्यहाँको पर्वतिय वातावरण र मनोरम सौन्दर्यले निकै मोहित तुल्यायो। देहरादुनमा पढेका मेरा पुराना मित्र दलजित सिंहको चिट्ठी बारम्बार पाइरहँदा एकप्रकारको सान्त्वना मिल्दथ्यो। जम्मु कश्मिरमा गोर्खाली सैनिकहरुको ब्रिगेड पनि थियो। मरहट्टा र सिख सैनिकहरु पनि थिए। मलाई अझै पनि सम्झना छ एक तिहाइ गोर्खा रेजिमेन्ट र राजपुताना विच भएको फुटबल खेलमा गोर्खालीहरुले ३-० ले विजय हासिल गरेका थिए। त्यसैगरी १८ सिख र गोर्खालीका विच भएको फुटवल खेलमा पनि गोर्खालीहरुले ५-१ ले जितेका थिए। सन् १९६१ को मे ८ तारिखमा विश्वकवि रविन्द्रनाथ टैगोरको दशवार्षिकी भारतभरी मनाइएको थियो। त्यतिबेला भारतका प्रधानसेनापति पीएन थापर थिए। कुनै बेला पुनामा म थापरकी छोरीसँग एउटा रिभर डान्समासँगै नाचेको थिएँ। ब्रिगेड मेजर कालरासँग पुन्च हेडक्वाटरमा हुँदा म ती पुराना कुराहरु सम्झिरहेको थिएँ।

जम्मु-कश्मिरमा बस्दा मैले एकदिन पनि राम्रोसंग आराम गर्ने फुर्सत पाइन। कृष्णघाटी रोडको रेकी गर्न म क्याप्टेन मिश्रसँग गएको थिएँ। म महारबटालियन हेडक्वार्टर पनि गएँ। त्यतिबेला त्यहाँको मौसम अत्यन्तै प्रतिकुल थियो। चिसोले कक्र्याउन लागेको थियो। म मण्डि भन्ने ठाउँमा पनि पुगें। त्यहाँ ओखर र मह सस्तोमा पाइन्थ्यो। मे १६ मा मैले मेरो

सरुवा श्रीनगरमा नहुने भएको खबर पाएँ। त्यो खबर सुन्दा मलाई दिक्क पनि लाग्यो। ९६९ वर्कशपबाट बारम्बार खबर आइरहन्थ्यो। मेरो सरुवा इन्जिनियरिङ डिभिजन रजौरीमै हुने निश्चित भयो। त्यहाँका प्रमुख लेफ्टिनेन्ट कर्णेल थिए। बेलाबेलामा दलजित सिंह र रविशमशेरको पत्र आइरहन्थ्यो जसले मलाई पुराना कुराको स्मरण गराउँथ्यो। पुन्चबाट रजौरी पुगेपछी मैले आफूलाई त्यहाँ अभ्यस्त गराउँदै गएँ। ब्रिगेडियर सिकन्दर सिंह र मेजर कालरासँग पनि पुनः भेट भयो। त्यहाँमा २५ डिभिजनमा गएर हाजिर भएँ र बिहानको खाना त्यहीँ खाएँ। लेफ्टिनेन्ट कर्णेल राव र डिभिजन कमाण्डर गुप्तासँग मेरो त्यहीँ भेट भयो। सेनाको फिल्ड पार्कमा सडक र पुल निर्माणका लागी राखिएका उपकरणहरु पनि मैले निरीक्षण गरें। ४५ फिल्डपार्कका वारेमा पनि मैले अध्ययन गरें। आफू स्वयं इन्जिनियरिङको विद्यार्थी भएका नाताले ती सबै उपरकणका बारेमा जानी राख्नु मेरो कर्तव्य पनि हो।

ब्यारेकमा विभिन्न किसिमका कलाकारहरु आइरहन्थे। राही कलाकार भनिने कलाकारहरुले अधिकृत र जवानहरुलाई विभिन्न गीतहरुबाट मनोरञ्जन गराउँथे। अमिता तलबार तथा कमलाकौरजस्ता कलाकारहरु सङ्गीतमा पोख्त थिए। अल इण्डिया रेडियोबाट प्रसारण हुने प्रसिद्ध गीतहरु उनीहरु राम्रोसँग गाउँथे। बेला बखतमा ती कलाकारहरुले ब्यारेकमा आएर गीत गाउँदा त्यहाँको वातावरणनै सांगीतिक बन्दथ्यो। कला, साहित्य र संगीतमा सैनिकहरु पनि रुचि राख्छन् भन्ने कुरा कतिपयलाई त थाहै हुँदैन तर सेनाभित्रै प्रतिभाशाली व्यक्तिहरु धेरै हुन्छन् र उनीहरु उच्च स्तरका श्रष्ठा पनि हुन्छन्। नेपाली सेनामा पनि साहित्यकार, कलाकार तथा लेखकहरु धेरै थिए र छन् पनि।

रजौरी पुगेपछि मैले त्यहाँको शहर घुमें। लेफ्टिनेन्ट क्षेत्री मेरा साथी थिए। उनैले नै मलाई शहर घुमाएका थिए। त्यो ठाउँमा तीनवटा गोर्खा पल्टन थिए। फाइभ-इलेभेन भनिने राई-लिम्बुको पल्टन पनि थियो। फुर्सतका समयमा हामी सिनेमा हेर्न जान्थ्यौं भने साँझपख मनोरञ्जन गर्ने गर्थ्यौं। प्रायः जसो आइतबार म आफ्नो घरमा चिठ्ठी-पत्र पठाउँथे। पुराना साथीहरु र काठमाडौंमा रहेका समकालीन तथा सेनाका उच्च पदस्थ अधिकारीहरुलाई पनि पत्राचार गर्थें। रजौरीबाट मैले तत्कालीन कर्णेल रविशमशेरलाई बारम्बार पत्र पठाइरहन्थें। उहाँ डीएमओका प्रमुख हुनुहुन्थ्यो।

रजौरीमा नयाँ बाटो बनिरहेको थियो। म बेलाबेलामा त्यसको निरीक्षण गर्न जान्थें। मलाई आज पनि सम्झना छ कि २०१८ साल जेठ १० गते बिहान डिभिजन इन्जिनियरिङका साथीहरुसँग म बाटो निरीक्षणका लागि गएको थिएँ। रजौरी, सुरनकोठी, थानामण्डी र बाफलियर हुँदै त्यो बाटो अगाडि बढ्थ्यो। पहाडी बाटो भए पनि त्यो अत्याधुनिक ढंगले निर्माण गरिएको थियो। कान्ति राजपथको निर्माणमा योगदान गरेको हुँदा मलाई पहाडी बाटो कसरी बनाउनुपर्छ भन्ने अनुभव थियो। त्यसैले रजौरीको सडक निर्माणलाई मैले सूक्ष्म दृष्टिले अध्ययन गरें।

जम्मु-कश्मिरमा बसेर पनि मैले त्यहाँको मुख्य शहर श्रीनगर देख्न पाएको थिइनँ। मैले श्रीनगर हेर्ने इच्छा गरेर दिएको निवेदन दिल्लीस्थित नेपाली दूतावास हुँदै काठमाडौंको सैनिक मुख्यालयमा पुगेको थियो। दश दिन कश्मिर घुम्ने इच्छा गरेर पठाइएको निवेदनबारे कुनै निधो आइपुगेको थिएन।

सन् १९६१ मे २५ मा ४५ फिल्डपार्क जाने टुंगो भएपछि मैले मेजर सेठ्ठी र सुरेशबाट ब्रिफिङ लिएँ। यत्तिकैमा मुस्लिमहरुको महान् चाड वकरइदको बिदा सुरु भयो। त्यो बिदामा म क्याप्टेन सुरेशसँग गाउँ घुम्न गएँ। फुर्सतको समयमा गाउँ-घर घुम्न गएर त्यहाँका स्थानीयसँग भेट्दा धेरै कुरा थाहा हुन्थ्यो। रजौरीमा एकजना नेपाली मूलका मेजर राई निकै रमाइलो स्वभावका थिए। उनीसँग गफ गर्दा त समय बितेको पत्तै हुँदैनथ्यो।

सैनिक जीवनमा भिजेपछि दिन, महिना र वर्ष जितेको पत्तै हुँदैन। हाम्रा दिनहरु पनि त्यसरी नै बित्दै गए। सेना र त्यसबाहिरका गतिविधिको सूक्ष्म अध्ययन गरेर आफूलाई सुसूचित गराउनु प्रत्येक सैनिकको कर्तव्य हुन्छ। हामी पनि सेनाका काम, कर्तव्य र अधिकारबारे सधैं सचेत रहन्थ्यौं। भारत र पाकिस्तानका बीचको सिज फायर लाइनमा पर्ने पोष्टहरु बारे गोप्य नामहरु राखिएको थियो। त्यस्ता पिकेटको सङ्केत नाम थियो- 'कुत्ता'। यस्ता नामहरु हामीले जान्नै पर्थ्यो।

४५ फिल्ड कम्पनी निरीक्षण गर्ने क्रममा हामी राति नौसेरामै बास बस्यौं भोलिपल्ट कम्पनीमै फर्कियौं। यसैबीचमा कम्पनी कमाण्डरले निरीक्षण गर्नुभयो। उहाँ निरीक्षणमा आउनुअगावै इन्जिनियरिङका उपकरणहरु पर्याप्त सरसफाइ गरिएको थियो।

हेडक्वाटरबाट गएपछि मैले थाहा पाएँ मलाई कश्मिर जान नेपाल सरकारबाट अनुमति मिलेन। त्यसपछि जेठ १८ गते म नौसेरातिर लागें। छुट्टिमा काठमाडौं जानुपर्ने भएकाले केही उपहारहरु लगिदिउँ भनेर मैले १ बोरा ओखर किनें। त्यसपछि कमाण्डरको गाडीबाट म ट्रान्जिट क्याम्प गएँ। मेरो काठमाडौं फर्किने समय ढिप्की सकेको थियो। ट्रान्जिट क्याम्पमा मैले पुराना साथीहरुलाई भेटें। सँगै पढेका बलवीर आहुजा, साहनी, पण्डित तथा मित्तलसँगै भेट भयो। मैले लेफ्टिनेन्ट कर्णेललाई भेटेर बिदा मागें। १९औं बिग्रेडका पवन र नृपशमशेरसँग पनि भेट भयो। तल जम्मु झरेपछि त्यहाँको शहर घुमेर राति त्यहीं आराम गरें कश्मिर सरकारले सञ्चालन गरेको पसलबाट ओखरको काठबाट बनेका सामान र सेफ्रोन किनें। मेजर एच सहनीसँगै म ट्रान्जिट क्याम्पबाट पठानकोट पुगें रजौरीबाट तल पठानकोटसम्म आउँदा निकै गर्मी भइसकेको थियो। त्यहाँका गाडीहरु प्रायः त्यहाँका सरदारहरुले चलाउँथे। त्रिभुवन राजपथमा गाडी चलाउने प्रितम सिंहहरु जम्मु कश्मिरबाटै आएका हुन् भन्ने कुरा मैले पछिमात्रै थाहा पाएको थिएँ।

सन् १९६१ को जुनको रातिमा म पठानपुरबाट लखनौतर्फ लागें। हजरतगञ्ज भन्ने ठाउँमा बास बसें। त्यहीबेला मैले त्यहाँको क्यापिटल सिनेमा हलमा ससुराल भन्ने सिनेमा हेरें।

रेल्वे स्टेशनको प्रतिक्षालयमा बसेर मैले त्यो रात कोट र बिहानै मुजफ्फरफुर हुँदै वीरगञ्ज पुगें। वीरगञ्जमा कनकशमशेर र मनोहर अधिकृत थिए। म उनीहरुको ब्यारेकमा बसें। जुन ५ तारिखमा भरोयल मिल बस चढेर काठमाडौं आइपुगें। कश्मिरको जाडो, लखनौको गर्मी र हावापानी परिवर्तनले मलाई रुघाखोकी लागिरहेको थियो। काठमाडौं आएर मैले पर्सिपल्ट तत्कालीन प्रधानसेनापति नीरशमशेर राणालाई भेटें। पुराना साथीहरुसँग पनि भेटघाट हुन थाल्यो।

मेरा मित्र तेजसिंह मल्लले सन् १९६१ को अप्रिल १० मा दार्जिलिङ्की गुरुङ युवतीसँग विवाह गरेको मैले थाहा पाएँ र उनकै घरमा गएर उनलाई बधाई दिएँ। यसैबीच २०१८ साल जेठ २९ गते राजा महेन्द्रको शुभजन्मोत्सव नेपाली सेना र सर्वसाधारणको तर्फबाट धुमधामसँग मनाइएको थियो। टुँडिखेलमा परेड र विभिन्न खेलको आयोजना गरिएको थियो। नेपाली सेनाले छुट्टै कार्यक्रमको आयोजना गरी राजाको शुभजन्मोत्सव मनाउँथ्यो। सोही बेलामा मेरो अप्रत्यासित ढंगले पदोन्नती भयो। म कप्तानबाट मेजर भएँ। नौ वर्षमा हुनुपर्ने पदोन्नति २ महिना अगावै हुँदा म निकै प्रसन्न भएको थिएँ। म भरतकेशर सिंहलगायत ८-९ जना साथीहरुको पदोन्नती भएको थियो। त्यसैल हामी सबै प्रसन्न थियौं। पदोन्नति हुनेहरुले प्रधानसेनापतिका सामु किरिज झिकेर सलाम गर्नुपर्थ्यो। यस्तो अवस्थामा होचो कद भएका अफिसरहरुलाई निकै गाह्रो पर्थ्यो। उनीहरुको किरिज लत्रिन्थ्यो। त्यसो हुँदा उनीहरुको साइजअनुसारकै किरिक बनाउन आदेश दिइएको थियो। पदोन्नति भएपछि मात्रै मैले थाहा पाएँ कि, 'मलाई कश्मिर घुम्ने स्वीकति किन दिइएन'।

पदोन्नति भएको खुशीमा साथीहरुसँग भोज गरियो। मलाई सैनिक मुख्यालयमा बिहानको ड्यूटी अफिसर बनाएर खटाइयो। यहीबेलामा अ.त. भनिने अराष्ट्रिय तत्वले विभिन्न ठाउँमा बम राखेछन्। म बम विशेषज्ञ पनि भएका नाताले मलाई त्यसबारेमा जाँचबुझ गर्न बोलाइयो। मजिस्ट्रेट कार्यालयमा गएर मैले बमका बारेमा जानकारी लिएँ। त्यसको रिपोर्ट घरमै बसेर तयार पारे र प्रधान सेनापतिको अनुमति लिएर गोप्य रिपोर्ट पठाएँ।

कश्मिरबाट फर्किएको केही दिन नबित्दै म जुनियर कम्पनी कमाण्डर कोर्षका लागि छानिएँ। त्यसका लागि प्रि-कोर्स गर्नुपर्थ्यो। त्यस्तो तालिम इण्डियन मिलिटरी एडभाइजरी ग्रुपमा हुन्थ्यो। कोर्षका लागि जुद्धशमशेरका मुख्य हजुरिया इन्द्रबहादुरका छोरा तुलाबहादुर कार्की पनि छानिएका थिए। उनी र म भारत जानुपर्ने भयो। जागिरमा व्यस्त रहनुपरे पनि हामीले कोर्सको तयारी गरिरहेका थियौं। यसैबीच ओ.सी. फिल्ड कम्पनीमा मेरो पुनः पोस्टिङ भयो। त्यही हप्ता मेरी श्रीमतीलाई प्रसूति व्यथा लागेर थापाथलीस्थित प्रसूतिगृहमा भर्ना गरिएको थियो भने कार्य व्यस्तताले मलाई भ्याइम्याई थियो।

स्रोत : पूर्व जर्नेल ऋषिकुमार पाण्डेको डायरीबाट

फरक प्रसङ्ग

वर्ष १७, अंक २९, २०७४ भदौ ११ आइतबार

सम्झेका कुरा-१०

२०२२ सालको दशै विदाको दिनमा मलाई आर्मी अफिसबाट (डि.एम.ओ अफिस) बोलाइयो। भारत-पाकिस्तान सिमानामा शान्ति स्थापनाका लागि मलाई ५ जना अधिकृतको नेतृत्व गर्दै खटाइएको छ भनियो। भैपरि भत्ताका रुपमा हामीलाई जे चाहिने हो बिदाका दिनमा पनि भारु दश हजार दिइयो। हामीहरु आश्विन महिनाको शनिबारका दिनमा प्रस्थान गऱ्यौ। दिल्लि पुग्दा अलि ढिलो भइसकेको थियो। हामीलाई दिल्लीको अशोका होटलमा बस्ने व्यवस्था मिलाइएको थियो। पत्रकारहरु त्यही आएर मसँग अन्तर्वार्ता लिन खोजेका थिए तर मैले- 'हामीहरु भर्खरै मात्र खटिएर आएका छौं। हामीहरु दुई देशको सिमानामा शान्ति स्थापनार्थ खटिएका हौं। त्यो भन्दा बढी भन्ने स्थितिमा म छैन भने'। भोलिपल्ट हामी दूतावासमा गयौं र यदुनाथ खनालज्यूलाई भेट्यौं। उहाँले हामीलाई आत्मियतापूर्वक स्वागत गर्नुभयो र ग्रुप फोटो पनि लियौं। १४ तारिक बिहीबार हामी बिहानै अमृतसर पुग्यौं र त्यसै दिन अमृतसरबाट बागा बोर्डर पार गरी यू.एन. लाहोर हेडक्वार्टर पुग्यौं। त्यसपछि हामीलाई आ-आफ्नो कार्यस्थलमा खटाउने काम भयो। हामी मध्ये चार जनालाई मरुमुमिय इलाकामा खटाइयो भने म र अर्को एक जनालाई कुनै पनि बन्दोबस्त नै नभएको स्थानमा खटाइयो। त्यो ठाउँ थियो जैसलभेर। त्यहाँ हामीले आफ्नो बन्दोबस्ती आफैं मिलाउनुपर्ने भयो। त्यसका लागि हामीलाई ११/११ डलर दिइएको थियो। अरु २ जनालाई पाकिस्तानको हेडक्वाटरमा बस्ने र खाने व्यवस्था मिलाइएको थियो। जहाँ गए पनि भाग्यमानी थिए धर्मपाल थापा। उनी अमृतसर हेडक्वार्टर मै बस्दथे।

डिसेम्बर १९ मा म अमृतसरमा पोस्टिङ भएँ। डिसेम्बर २० मा यु.एन चिफ अफिसर अमृतसर आउनुभयो र उहाँसँग मेरो भेट भयो। त्यसपछि म बेसिन भन्ने स्थान तिर गएँ। त्यहाँको काम सिध्याएर ४:३० बजेतिर म फर्के र ५४ औ ब्रिगेड गएँ। ३८औं ब्रिगेड पनि गएँ। त्यहाँका ब्रिगेड कमाण्डरलाई पनि भेटें। २१ तारिकमा मैले ५४औं ब्रिगेडका मेजर (जो मेरो १३औं कोर्ष (आइ एम.ए.) साथी पनि थिए) केनका साथ बंकरमा सुतेर रात बिताएँ। डिसेम्बर २२ मा मलाई फरवार्ड एरियामा रेकी गरेर रिपोर्ट दिनुपर्ने थियो। २३ तारिकमा रेकी गर्न जाँदा विकी विण्ड भन्ने ठाउँमा पुगेछु जुन ठाउँलाई प्याटोन प्याँकको कब्रिस्तान भन्दा पनि हुन्छ। त्यहाँ ५१ वटा कामै नलाग्ने पाकिस्तानी (trak) ट्याँकहरु थिए। बेलुका पख म केन सँगै अमृतसर गएर क्रिसमस डिनर पार्टीमा भाग लिएँ। डिसेम्बर २४ को बिहान म ५४ औं ब्रिगेडमा आएँ र त्यसको फरवार्ड एरियाका बारेमा जानकारी लिएँ।

अक्टुबरको १६, १७, २८ तारिक हामी जैसलमेरमै बसेका थियौं। १९ तारिकको विहानै ७:३० बजे मैले मेजर नागपालसिंहलाई वान्डामा भेटे। त्यहाँ पाकिस्तानको एउटा Saber Jet ले एउटा पेट्रोल प्याँकी ध्वस्त पारेको अवस्था थियो। त्यहाँबाट म १११ किलोमिटर परको Austar भन्ने ठाउँमा गएँ र त्यहि दिन लङ्वाला भन्ने ठाउँ पनि गएँ। त्यहाँ बमवारी भएको थियो। त्यसको निरीक्षण गरे। त्यहाँ मैले पाकिस्तानी मेजर सिद्धिकीलाई भेटें। क्या अजाम र लेफ्टीनेन्ट अफ्तारलाई भेटे। त्यसपछि २२ तरिक शुक्रबार म अस्टर गएँ। २४ तारिक यू.एन डे थियो। हामीलाई निम्तो थियो। स्वेथामले मलाई गएर रिपोर्ट गर्नु भनेका थिए। त्यहाँको कलेक्टर कोर्टमा ठूलो भेला थियो। मलाई कलेक्टर स्वयम्ले त्यो भेलामा बोल्नका लागि अनुरोध गर्नुभयो। मेरो पहिला अंग्रेजी मै बोल्ने विचार थियो तर त्यहाँ ठूलो भीड देखेर मैले हिन्दी मै प्रवचन दिएँ। त्यहाँ (जैसलमेंरमा) लडाइँ भएको थियो र त्यहि लडाइँले जैसलमेंरलाई चिनायो पनि । त्यसैले जैसलमेंरको भविष्य पनि उज्वल छ। बेलुका हामी यू.एन का अफिसरहरुलाई कलेक्टरले डिनरका लागि बोलाए। डिनरमा ड्रिंक्स पनि चल्यो। त्यो दिन जैसलमेंरका बासिन्दाले दिपावली गरे। २५ तारिखमा म जैसलमेंर मै बसे। २७ तारिकमा म रहिमगढ टनोड, किसनगढ, जारीवाला, कलाल हुँदै पाकिस्तानको सिन्ध हेडक्वार्टरको बोरिस क्लब गई सिनेमा हेरे। त्यहाँ कर्णेल मलिकलाई भेटे। २८ तारिक पनि म रहिमगढतिरै बसें। २९ तारिकमा मैले मेरो घरबाट पहिलोपटक आएको पत्र डिल्ली एक्सप्रेस मार्फत पाएँ। त्यो पत्र पाएपछि मलाई लाग्यो कि म त्यहाँ एक्लो छैन। ३० तारिख हामीहरु जैसलमेर बजार घुम्यौं र त्यहींका साथीहरुसँग फिल्म हेर्‍यौं। ३१ तारिख हामीहरु आभुटार गयौं। मेजर पुरन सिंहको अवस्था गम्भीर छ भन्ने सुन्यौं। १ नोभेम्बरको बिहान म शाह गार्ड गएँ र मैले मेजर पुरन सिंह र पटीलाई Widroll गर्नु भनें तर उनीहरुले मानेनन्। पाकिस्तानीहरु रहेको एउटा डिब्बामा गोलावारी गरे। त्यसबाट निकै क्षेति पुग्यो। त्यहाँबाट म आसुटार फर्किंदा म चढेको जीप माथि नै गोली चलाई एम्बुसमा पारे। त्यसपछि जीप पनि चलेन र मत्यो मरुभुमिमा थकित भएर हिँडेरै आसुटार आएँ।

नोभेम्वर २ देखि २४ तारिखसम्म हामीले धेरै ठाउँको इन्भेस्टी गेसन गर्‍यौं र भेटघाट पनि गर्‍यौं। २५ तारिखमा मैले यू.एन कमान्डिङ जनरललाई जैसलमेंर आएको समयमा भेटे र मैले सुन्दरीजल आर्सनल उहार दिएँ। सोही दिन उहाँसँगै हाम्रो यू.एन 'cribov' प्लेनबाट (बुक्करसँग) रैमियार खान गयौं र ठाउँठाउँ घुम्यौं। २७ तारिखमा हामीले पाकिस्तानी फिल्म 'HEER' हेर्‍यौं। हल निकै राम्रो र वातानुकुल थियो। २८ को विहान हामी कराँची गयौं र घुम्यौं, किनमेल गर्‍यौं। पाकिस्तानी कपडा किनेर त्यहाँ बस्दासम्म त्यही कपडा लगायौं। कराँचीबाटै मैले यू.एन अफिसमा गएर हाम्रो दूतावसमा फोन गरे। राजदूत उपेन्द्रबहादुर बस्नेतले मलाई डिनरमा बोलाउनुभयो। मैले फोनमा नेपाली बोलेको देखेर त्यहाँका मान्छेले मलाई तँ के भाषा बोलेको भनेर सोधे। उनीहरुले त मलाई पाकिस्तानी भन्ठानेका थिए। २९ तारिकमा कराँची घुमघाम गर्‍यौं। र त्यहाँको एउटा नामी फारुख होटेलमा खाना खायौं। खानापछि Dcimo भन्ने सिनेमा हलमा गएर 'Klomen' भन्ने सिनेमा हेर्‍यौं। बेलुका ढिलो गरी टोवी प्लेस पुग्यौं। ३० तारिखमा हामी टुरिस्टका रुपमा गुफामा रहेका शिवको दर्शननार्थ त्यो शिव मन्दिरमा गयौं। दर्शनपछि त्यहाँ पनि एउटा फिल्म हेर्‍यौं र कराँचीको समुद्रतिर घुम्न गयौं। त्यहाँ अर्बौंको लगानीमा भव्य रुपले बस्वैको मेरिन ड्राइभर जस्तै बन्दै थियो। डिसेम्बर ३ शुक्रबारको दिन पाकिस्तानले फेरि Shahe Walk मा हमला गरेछ र त्यहाँ बसेका करिब १५० जना जति भारतीय सेना मारिए र घाइते भएछन्। कोही कैद गरिएछन्। तीमध्ये ३ जना अधिकृत पनि परेछन्। यादव व्यास, तनेजा, मेंजर पुरन सिंह (जसलाई डेजर्ट फक्स भनिन्थ्यो) र डा. उषा शाही एम्बुसमा परेर मारिए। ओ.आई.सी एलटीसी स्वेथान जहिले पनि जैसलमेरबाट बाहिर जाँदा हेडक्वार्टरको जिम्मा मलाई नै दिइन्थ्यो। त्यस्तै एक दिन यू.एन.ओ म्याकडोनाल जैसलमेर आउनु भयो र एल.टी.सी स्वेथानको साथमा मलाई देख्नुभयो र म तर्फ फर्केर भन्नुभयो- ' ऋषि तपाई अहिलेसम्म यहि हुनुहुन्छ ? अहिलेसम्म पोस्टिङ भएको छैन ? डेजर्टमा आएका व्यक्तिहरुको सबैको पोस्टिङ भइसकेको थियो तर मेरो नभएको देखेर उनले सोधेका थिए। स्वेथानले के भने- 'उसको पोस्टिङ यहाँबाट यदि गरिन्छ भने मेरो पनि गरिदिनु भए हुन्छ'। म्याकडोनाल्डले कुरा बुझिहाले। हामी जैसलमेंरबाट लाहौर फर्किने भयौं। डिसेम्बर ९ मा ब्रिगेडियर बेनिय, ले.क. खडकोलले बेलुका ड्रिंक्स प्रोग्राम राखेका थिए। उहाँहरु र कलेक्टरका साथ ड्रिंक्स गर्ने काम भयो। १० तारिखमा स्वे थानले मलाई नै गएर सदर्न कमाण्डबाट आएका G.O.C ले.ज. Motp Sagar, मे.ज. रजवाडे र ब्रिगेडियर सिंगलेलाई भन्नु भयो -'म गएँ र भेटे र कुराकानी गरे। जैसलमेरमा नयाँ ब्रिगेड खडा हुने भयो। त्यो ब्रिगेडमा ४१४औं जी.आर ८ मद्रास, डोग्रा, Bt.25 Pounder 69 Regt 33rd आदि खडा हुने भए। त्यो दिन मैले आफ्नै ४१४औं जी.आर मा नेपाली खाना खाएँ। डिसेम्बर ११ मा मेरो पोस्टिङ अमृतसर हेडक्वाटरमा भयो भन्ने सुनें। मेरो सबै सामान प्याकिङ गरें र त्यहाँको हिसाबकिताब नयाँ आएको ब्रिगेड कमाण्डरलाई बुझाएँ र त्यही मैले फेयरवेल दिएँ। त्यहाँको ब्रिग्रडियरले पनि बेलुकाको खानाका लागि बोलायो र त्यही खाना खाएँ। १३ तारिख dcraboy plane बाट कराँची गएँ र त्यहिको सेन्ट्रल होटेलमा बसे। त्यहाँ पनि मैले एउटा फिल्म हेरे। १४ तारिख म बिहानै त्यही प्लेनबाटै कराँची छाडेर लाहोर गएँ। लाहोरमा म एम्बेसडर होटेलमा बसे। भोलिपल्ट म लाहोरबाट बिहानै अमृतसर हेडक्वार्टर आएँ र रिपोर्ट गरें।

फरक प्रसङ्ग

वर्ष १७, अंक ३०, २०७४ भदौ १८ आइतबार

सम्झेका कुरा-११

यस्तै किसिमले २७ तारिकबाट हाम्रो कम्पल्सरी टर्म अर्फ सुरु भयो। त्यस दिन म अमृतसर मै बसें र दिउँसोको खाना बिन्द्रा परिवारसँग बसेर खाइयो। त्यसपछि म गोल्डेन टेम्पल हेर्न गएँ र त्यहीँको नेपोली (Nepoli) रेस्टुरेन्टमा चिया पिएँ। २८ तारिक मैले पिएक्सबाट केही सामान किनें। २९ तारिकमा क्या, केनेथ सि वर्गसँग Kleastern कमाण्डोमा डिप्लोए भएको एरिया Jallumda, होसियारपुर, भक्रा, चण्डीगढ, जस्ता नयाँ आधुनिक सहर जो वेस्टर्न कमाण्डको हेडक्वार्टर पनि हो हेर्न गएँ। त्यहाँबाट लुधियाना भएर अमृतसर आएँ। ३० तारिकका दिन बिहान लाहोर आयौं। जीप म आफैंले हाँकेको थिएँ। करिब ३५० माइल जति मैले हाँकें, जीपको साइड खुला थियो। डिसेम्बरको समयका कारण चिसोले भेट्यो, जसका कारण दिउँसो बाहिर जान सकिएन। ३१ तारिख पनि त्यति सन्चो भएन, जसले गर्दा ग्राण्ड न्यू इयर्स डान्स मिस भयो। जनवरी-१ शनिबारका दिन म अमृतसरमै बसें। भोलीपल्ट अमृतसर घुमघाम गरियो र बेलुका त्यहाँका टप उद्योगपति मित्र मेहताकहाँ गएँ। त्यहाँ नायर परिवारलाई भेटी हामी सबै ककटेल पार्टीका लागि कृष्ण चन्द महाजनकहाँ गयौं। त्यहाँबाट डिनरका लागि नेपोली रेस्टुरेन्टमा गयौं। त्यसै दिनदेखि मेरो सी.टी.ओ. पनि सकियो। जनवरी ३ मा अमृतसरको ओ.आई.सी. (जो आयरल्याण्डको थियो) माइकल जे.ओ. डोनेलले मलाई ४ पटकसम्म अमृतसर एयरपोर्टमा पठाए। मैले पनि यू.एन.का तर्फबाट ब्रिगेडियर जनरल मुरेन जो (पाकिस्तानबाट आएका थिए) एयरपोर्टबाट ल्याएर मिटिङ एरियामा राखें। भारतबाट सो मिटिङमा ले.ज. कहरबक्स सिंह आएका थिए। त्यो मिटिङमा पनि म थिएँ। मिटिङ सिरियस किसिमले भयो। त्यसको समापनपछि चियापान भयो। त्यहाँ ले.ज. हरबक्स सिंह र ले.ज. वक्तियार राणाका बीच कुराकानी भयो। ती दुवैले ब्रिटिस इण्डियाका समयमा देहरादुनको आई.एम.ए.मा सँगसँगै पढेका रहेछन्। त्यसैले उनीहरुबीच ठट्टा पनि चल्यो। यू.एन.बाट हिन्दुस्तानी भाषा बुझ्ने म मात्रै थिएँ। उनीहरुका बीच पाकिस्तानबाट इण्डियामा आएर पल्टनमा गएका साथीहरुका बारेमा पनि चर्चा भएको थियो।

भारत-पाक लडाइँमा मैले के देखें भनें इण्डियाका ब्रिटिस समयका पुरानै रेजिमेन्टहरु एक आपसमा लडेका थिए। ६ तारिख म फेरि डोग्राहा इलाकामा गस्तीमा गएँ। ७ तारिख म लाहोर गएर त्यहाँको प्रसिद्ध मस्जिद पनि भिजिट गरें। ८ तारिक विदाको दिन भएकाले। १३औं र १४औं डिभिजन गएँ र साथीहरुसँग डिनर गरें। ९ तारिख ले.क. ओश्यार पी. पाराङ्गहोसलाई मैले अमृतसरमा भेटें र बधाई दिएँ। १० नोभेम्बरमा मैले डी.बी.एम. इण्डिया र पासरुर पाकिस्तान जाने बेलामा लडाइँको समयमा ढालेको रेल्वे पार गरें। म पहिलो अफिसर हुँला जसले त्यो पार गरें। त्यहाँ मैले क्या. योगेन्द्र बहादुर महतलाई भेटेर उनीसँगै सियालकोट गएँ। पठानकोट गएँ। बिहानपख त्यहाँ ब्रेकफास्ट खाँदा इण्डियन अफिसरहरुको मुख निन्याउरो देखें। बुझ्दा थाहा भयो- अघिल्लो दिन तासकन्द डिक्लरेसन गरेका भारतीय प्रधानमन्त्री लालबहादुर शास्त्री भोलिपल्ट बिहानै हृदयघात भई निधन भएको रहेछ। तासकन्द सम्झौता गराउनमा उनको ठूलो देन थियो। त्यसपछि मैले पठानकोट छोडें। पठानकोटबाट अमृतसर आएको मात्र थिएँ- मलाई सुकोल भन्ने ठाउँमा फायरिङका सम्बन्धमा बुझ्न जानु भन्ने खबर भयो। त्यसपछि म पुनः पठानकोटतिरै फर्किएँ। त्यहाँ गएर मैले त्यहाँका ८ जी.आर.को क्या. उदयसँग छलफल गरें। त्यही दिन मेरो पोस्टिङ ओ.आई.सी. वोपाराइमा भयो। बुधबार १२ तारिखमा मैले मेरो सबै लेनदेन क्लियर गरेर सामान प्याकिङ गरें। त्यहाँका सबै साथीभाइहरुसँग भेटघाट तथा बिदाइ लिएँ। त्यहाँबाट म हरिकेको गेष्टहाउसमा १२ बजे पुगें। १३ तारिखमा म क्या पेट्रिकटी मुलोनीलाई लिएर चौथो डिभिजन हेडक्वार्टर र ब्रिगेड हेडक्वार्टर गएँ। डिभिजन हेडक्वार्टरमा मैले चौथो माउन्टेन डिभिजन मेजर जनरल गुरुबक्स सिंहलाई २०/२५ मिनेट जति भेटेर मेरो तर्फबाट चिनो दिएँ। त्यसपछि त्यहाँका ब्रिगेड कमाण्डरलाई भेटें। ब्रिगेड कमाण्डर ब्रिगेडियर गुलाट हुनुहुन्थ्यो। उहाँ म आई.एम.ए.मा पढ्दा त्यहाँको बटालियन कमाण्डर हुनुहुन्थ्यो। उहाँले मलाई भन्नुभयो- 'तपाईंलाई म आई.एम.मा इन्स्टक्टर हुँदा मेरो स्टुडेन्टजस्तो लाग्छ। मैले उहाँसँग झूट बोल्दै भनें- 'त्यो आई.एम.ए.मा जाने मेरो दाजु हो।' त्यहाँबाट म फर्किंदा रात परिसकेको थियो। १४ तारिखमा ले. अब्दुल्लाही मोहम्मद बुगारीलाई खबर लिएर आउनका लागि पेट्रोलिङमा पठाइदिएँ। मेरो अफिसमा अर्डरको चाङ लागेको थियो। त्यो सबै पढिसक्दा म थकित भएँ। अर्को दिन लाहोरमा तासकन्द सम्झौताका विरुद्ध जुलुस निस्केको खबर पाएँ। त्यसैले भोलिपल्टै मैले क्या. पैट्रिक, टि. भ्याकभिटले क्या. जोन रिग्नोल्ड स्टान्ले डि सिल्भालाई गस्तीमा पठाएँ। क्या. भ्याकभिटका साथ म रेकिमा गएँ र त्यो रात त्यही फ्रन्ट लाइनमा डिनर गरेर सुतें।

जनवरी :- १६ तारिख आइतबार म क्या. भ्याकेभाइटलाई रेकी गर्नका लागि चनवाला, गंजल (Gajjal) जागी भन्ने ठाउँमा म रोटाहा गुरुद्वारा ७२ ब्रिगेड मेजर एक्स पुलिस गुप्तलाई लिएर भिजिट गरें र सोही रात मोंगा (Monga) भन्ने ठाउँमा

बिताएँ। १७ को सोमबार म टर्ड बटालिएन फोर्थ रेजिमेन्ट (गोर्खा रेजिमेन्ट) नाडला, बुर्की, III^{r} 4th गोर्खा रेजिमेन्ट हेडक्वार्टरमा जमान लो. कर्णेल (प्र.से.) देशराज मेजर पुरनसिंह थापा (प्रवासी गोर्खाली जसले मसँगै आई.एम.ए. १३औं कोर्ष गरेका थिए। संग बुर्कि गएँ। १८ गते मंगलबार म लाहोर हेडक्वार्टरमा गएँ र मैले खेम करणको कन्ट्रोल फरवार्ड लाइनका बारेमा जानकारी दिएँ। यू.एन. मिसनका सी.ओ. म्याकडोनाल्ड पनि भर्खरै बिदाबाट फर्केका थिए। उनलाई पनि भेटें। त्यहाँबाट राति १२ बजेतिर फिर्ता भएँ। १९ गते बुधबारका दिन मैले प्रहरी प्रमुखलाई डिब हेडक्वाटरमा गएर भेटें। १९ गते वुधवारका दिन मैले प्रहरी प्रमुखलाई डिब हेडक्वार्टरमा गएर भेटें। २० गते म हरिकेको हेडक्वार्टरमै बसें। कहाँकहाँ रिपोर्ट पठाउनुपर्ने हो पठाएँ। २० तारिखमा म्याकभिड, डिसुजा आदिलाई पेट्रोलिङमा पठाएँ। गोर्खा पल्टनको ले. कर्णेल बक्सीले एक जना डी.लाई लिएर आउनुभयो र मलाई टि.ए.वी. इन्जेक्सन दिन लगाउनु भयो। २३ तारिखको अपराह्नमा मैले मेरो क्वार्टर अगाडि लन्चमा अमृतसरका पुराना औद्योगिक घरानाका उद्योगपतिहरु (जसले मलाई बेलाबेलामा खाना खान बोलाउँथे) लाई बोलाएर लन्चको व्यवस्था गरें। २५ तारिखमा तासकन्द घोषणाबमोजिमको हाम्रो फिर्ता हुने क्रम सुरु भयो। बुधबार २६ तारेखमा म डिभिजन हेडक्वार्टरमा गएँ र त्यहाँका जी.ओ.सी. मेजर जनरल गुरुबक्सींह तथा उहाँका स्टाफहरुसँग फिर्ता जाने बारेमा राय परामर्श गरें। त्यो दिन भारतको रिपब्लिक डे पनि थियो। २७ तारिखमा मैले दुवै साइडका कमाण्डरसँग भेट गरी कुराकानी गरेर आ-आफ्नो फ्रन्टको फिर्ताका बारेमा जानकारी लिएँ। म त्यहाँबाट लाहोर फर्केर आफ्नो अनुभवको रिपोर्ट दिएँ। २८ गते शुक्रबार मेरो सी.टी.ओ. (कम्पल्सरी टर्च ओभर) सुरु भयो र लाहोरबाट प्लेनद्वारा रावलपिण्डी गएँ र यू.एन.को प्लेनबाट लाइन अफ कन्ट्रोलबाट श्रीनगरमा बिदाका लागि गएँ। श्रीनगर पुग्दा १२:३० बजेको थियो। त्यहाँ पुगेर म अन्य यू.एन.मा. गएका साथीहरुसँग किनमेलमा गएँ र त्यहाँको गेष्ट हाउसमा बास बस्यौं। शनिबार २९ तारिखमा हामीहरु पुनः किनमेल र साइट सिइङमा गयौं। त्यहाँको डाल लेक, नागिन लेक र सलिमा गार्डेन पनि गयौं। त्यो बेलाको मौसम निकै सफा थियो। आइतबार ३० तारिखमा हामीहरु टान मार्ग र गुलमार्गको ट्रिपमा गयौं। गुलमार्गमा हिउँ निकै भएकाले घोडाबाट गयौं। बेलुकीपख हामीहरु बारामुल्ला बोर्डर एरियातिर घुमेर साँझ श्रीनगरै फर्कियौं। त्यसपछि ३१ तारिखका दिन बिहान पनि बाँकी किनमेल सिध्यायौं र दिउँसो यू.एन.को प्लेनबाट रावलपिण्डी आयौं। रावलपिण्डीमा हामी २ घण्टा जति सहर घुम्यौं। त्यहाँबाट हामीहरु पेसावरतर्फ लाग्यौं। त्यहाँको प्रख्यात होटेलमध्येमा 'डिन होटल' पनि पर्दोरहेछ। त्यो रात त्यही होटलमा बसी भोलिपल्ट बिहान पेसावर घुमघाम गऱ्यौं। त्यहाँ काजु, किसमिस, पेस्ता, ओखरजस्ता मसलाको डंगुर लगाएर राखेको थियो। अन्य पहाडी फलफूलहरु पनि थिए। ती फलफूल १ सेरलाई १६ रुपैयाँ लिन्थे। त्यस्तो मसलालाई भारतमा ठीक दोब्बर ३२ रुपैयाँ लिन्थे। १ फरवरीका दिन बिहान म यू.एस.ए.को एयरवेशमा गएँ र त्यहाँको अफिसर मेसमा केहीबेर बसेर उनीहरुको एफेक्स पसलमा गएर अमेरिकन अफिसरहरुले सस्तोमा पाउने केही मालसामान किनें। त्यसपछि त्यही दिन म पेसावरबाट पी.आई.ए.को फ्लाइटबाट लाहोर आएँ र त्यो रात लाहोरमै बसें। २ तारिख बुधवार म लाहोरबाट ५४ ब्रिगेडमा गएर मेजर प्मल (केन)लाई लिएर मेंटाज, होण्डाज र नायर्सका विवाहमा सरिक भएँ। पञ्जाबीहरुको विवाह भव्य रुपमा पाँच दिनसम्म मनाइन्छ। ३ तारिख म अमृतसर मै नायरको भव्य विवाह पार्टीमा सामेल भएँ। दोस्रो दिन पनि मलाई आमन्त्रण गरिएको थियो।

हाँस र ढुकुरको सिकार :-

४ तारिखमा म अमृतसरबाट आफ्नो हेडक्वार्टर हरिके फर्कें। बाटामा पर्ने गोर्खा पल्टनका ले. कर्णेल बक्सिसँग खाना पनि खाने अनुकूल पऱ्यो। हरिके आएर म क्या ढिलोनसँग सतलज ब्यारेजको विशाल सरोवर हेर्न गएँ। त्यो सरोवरमा साइबेरीयाबाट जाडो छल्नका लागि हाँसहरु आउँदा रहेछन्। त्यसको सिकार पनि गरें र ७/८ वटा हाँस मारें। म बोटमा चढिरहेका बेला त्यो सरोवरको ठेकेदारले २/४ वटा बडेमानका माछा पनि दियो। खाने हामीहरु धेरै थिएनौं। क्याम्प फर्किंदा बेलुकी भइसकेको थियो। मैले एउटा रुखमा ढुक्कुर देखें। मसँग डबल ब्यारेलको बन्दुक थियो। मैले ढुक्कुरको सिकार गर्दा बन्दुकको छर्रा लागेर एकै पटक ११ वटा ढुक्कुर भुइँमा खस्दा मलाई खुसीभन्दा पनि साह्रै नमज्जा लाग्यो।

(स्रोत : पूर्वरथी ऋषिकुमार पाण्डेको डायरीबाट)

फरक प्रसङ्ग

वर्ष १७, अंक ३१, २०७४ भदौ २५ आइतबार

सम्झेका कुरा-१२

हाँस, दुक्कुर, माछा ल्याएर म बसेको ब्यारेकमा भव्य भोज भयो। ढिलोनले २/४ वटा दुक्कुर र हाँस लिए गए। शनिबार म हरिके मै बसें। बेलुकापख फराजपुर ५०औं प्यारा ब्रिगेडका ब्रिगेडियर गिलले उनीहरुको वार्षिकोत्सवमा बोलाए र म त्यसमा सामेल भएँ। ६ फरवरी आइतबारका दिन मैले मेरा अमृतसरका उद्योगपति साथीहरुलाई लन्चमा बोलाएँ। सबैजना आएका थिए। त्यो दिन बेलुका म पनि अमृतसर गएँ। बेलुका पख मेंटाफेमिलीसँग त्यहाँको नेपाली रेस्टुरेन्टमा खाना खाएँ। ७ तारिकमा यूएन चिफ अफिसर मेजर जनरल म्याकडोनाल्डले भिजिट गर्नुभयो। मैले उहाँलाई मेरो एरियाको सबै कुराको ब्रिफिङ गरें।

वहाँ मेरो ब्रिफिङबाट निकै खुशी भएर धन्यवाद दिँदै फिर्ता जानुभयो। ८ तारिखमा म हरिके हेडक्वार्टरमै व्यस्त भएँ। ९ तारिखका दिन म 'डिभ' हेडक्वार्टर गएँ। ६२ ब्रिगेड फस्ट बटालियन फिक्स जीआर गएँ र बुझ्नुपर्ने कुराहरुको जानकारी लिँदै हरिके नै फर्कें। हरिके फर्केपछि मैले एक ग्रुप ब्रिटिस टुरिस्टलाई मेरो क्वार्टरमा ल्याएर इन्टरट्रेन गराएँ। मैले १९६४ मा बेलायत बसेको सबै अनुभव उनीहरुलाई सेयर गरें। उनीहरुले- 'हामीले भन्दा बढी त तपाईंले नै हाम्रो देश देख्नुभएको रहेछ भन्ने प्रतिक्रिया व्यक्त गरे। १० फरवरीमा ३/४ गोर्खा लेफ्टिनेन्ट कर्णेल देशराज मकहाँ आउनुभयो र उहाँको पल्टनको तारन्तार भन्ने ठाउँमा हुन गइरहेको वार्षिकोत्सवको निम्तो दिएर जानुभयो। ११ तारिखका दिन मलाई ब्रिगेडियर कोचरले अनुरोध गर्नुभयो कि 'खेमकरणमा १५.३० मा मिटिङ छ। आउनुहोला।' उहाँले यो पनि कम्प्लेन गर्नुभयो कि मेरा काउन्टर पार्टले मलाई भेट्न नै खोजेनन्। मैले भने त्यसको व्यवस्था म गर्छु र भेट पनि गराइदिएँ। १२ तारेखमा त्यहीं नै बसियो। १४ तारेखमा म अमृतसर गएँ र त्यहाँका साथीहरुलाई भेटें र त्यहीं नै खाना खाएँ। १६ फरवरीमा एउटा स्पेसल मेसेज आयो कि ओ.आई.सी.लाई मेसेज नआउन्जेल वायर लेसमा स्टाण्ड टु बसीराख्नु। त्यो रात म ३ बजेसम्म बसें तर कुनै मेसेज आएन र क्या डिसुजा जो १० बजे नै सुतेको थियो उसलाई उठाएर तिमी अब ड्यूटी गर्नु। म थाकें। सुत्न जान्छु। कुनै मेसेज आयो भने तुरुन्तै उठाउनु। मसेज बिहान ५ बजेतिर आएछ र डिसुजाले मलाई उठाउन भनी गएछ। बिहानपख ब्रेकफास्टको समयमा डिसुजाले भन्यो- '५ बजेतिर म्यासेज आएको थियो'। मैले किन मलाई नउठाएको भनी रिसाएँ। उसले भन्यो- 'सरको सुतेको समय थियो। दाहिनेतिर ढल्केर सुत्नुभएको थियो। सरको सिरानीमुनि खुकुरी थियो र खुकुरीको बिँडमा सरको हात थियो। त्यो देखेर डरले मैले उठाउने आँटै गरिनँ। मैल २/४ वटा गिट्टीले हानें पनि तर सर उठ्नु भएन।' उसको कुरा सुन्दा मलाई रिस पनि उठ्यो र हाँसो पनि उठ्यो। भोलिपल्ट मैले के म्यासेज रहेछ भनी सम्पर्क गरेर टिपें। १८ तारिक हाम्रो प्रजातन्त्र दिवस थियो। मैले आफ्नै खल्तीको पैसा खर्च गरेर त्यो महान् दिवसको उत्सव मनाउनका लागि ९एह० पीएक्स २ घण्टाका लागि ओपेन गराएँ। त्यसमा जो-जो आएर जे-जे खाए पनि खुला थियो। पछि यूएन चिफ अफिसरले हामी नेपालीलाई पनि लाहौरमा बोलाएर डिनर दिनुभएको थियो। २० तारिकमा यूएन चिफ फरेजपुर आउनुभयो। म पनि त्यहाँ पुगेको थिएँ। फरेजपुरको चेक प्वाइन्टनिर बाटोको दुवैतिर पालहरु लगाइएको थियो। एकातिर पाकिस्तानी कैदी र अर्कोतिर इण्डियन कैदीहरुलाई राख्ने गरी ती पालहरु टाँगिएका थिए। चिफ सावले मलाई पनि राखेर विश्वासका साथ त्यसको जिम्मेवारी सुम्पिनुभयो। मैले सफलतापूर्वक त्यो जिम्मेवारी निभाएँ। २२ र २३ तारेखमा मैले एयर रेकी गरें। आ-आफ्नो साइडबाट हटे नहटेको रेकी गरी त्यसको रिपोर्ट हेडक्वार्टरमा पठाएँ।

२४ तारिखमा भारतीय र पाकिस्तानी यूएन प्रतिनिधिहरुसँग हामी बसेर सिमान्त क्षेत्रमा युद्धबिरामका लागि गरिएको एउटा डकुमेन्टमा हस्ताक्षर गरिएको एक कपी कागज मैले लिएँ र लाहोर हेडक्वार्टरमा तुरुन्तै पठाइदिएँ। २६ तारिखमा मैले आफ्नै खर्चमा हरिकेको अफिस अगाडिको चौरमा भव्य रात्री भोज दिएँ। त्यसमा यूएन चिफ म्याकडोनाल्ड लाहोरबाट मेरो निमन्त्रणामा आउनुभएको थियो। उहाँले मैले भनेको हार्नु सक्नुहुन्थेन। चौथो माउन्टेन डिभिजनका गुरुबक्स सिंह पनि आउनुभएको थियो। मैले त्यो भोजका लागि हाम्रो युनियमका लागि आएका विभिन्न देशका अधिकृतलाई पनि आमन्त्रण गरेको थिएँ। अन्य हाइरेंकका इण्डियन कमाण्डर, गोर्खा पल्टनका सीओहरुलाई पनि आमन्त्रण गरेको थिएँ। म जहाँ गए पनि आफ्नो राष्ट्रको इज्जत झल्काउने काम गर्थें। त्यहाँको गोर्खा पल्टनबाट नेपाल झल्किने किसिमका नाच, परेड, खुकुरी डान्स, मारुनी आदि प्रदर्शन गराएको थिएँ। एउटा नाच 'मारुनी अन परेड'मा लोग्नेमानिस नै स्वास्नी मान्छे बनेका हुन्छन्। जसबाट स्त्री-पुरुष छुट्याउनै गाह्रो पर्छ। यूएनबाट आएका र सिभिल रेप्रेजेन्टेटिभलाई मारुनी नाच्नेहरुले नै गएर उठाएर नचाउँथे। त्यसो गर्दा उनीहरुले मारुनीसँग नाच्दा मात्रै चिन्न सकेछन्। त्यो पनि हात समातेर नाच्ने क्रममा तिनका हातको कोमलताबाट मात्रै मार्च २७ तारिकबाट हाम्रो कम्पल्सरी टर्म अफ भयो। ओओआईसी. बोपाराईमा मैले मेरो जिम्मा रहेका सामान, गाडी, कागजपत्र सबै यूएन प्रतिनिधिको जिम्मा लगाएँ। मार्च १ तारिखमा हामीहरु (मेरो ग्रुप)ले यूएन वागन जो लाहोरबाट पठाइएको थियो, त्यसैबाट गयौं। जानुअगाडि मैले राखेका यूएन तथा सिभिलका साथीहरुले हामीलाई माला लगाएर बिदा गरे। त्यसपछि हामी लाहोर आयौं र त्यो दिन लाहोरको नामी होटेल ' एम्बेसडरमा' बस्यौं। ३ तारिखमा हामी नेपालीहरुलाई मेडिकल चेकअपमा पठाइयो। त्यहाँ क्या अम्बिकाप्रसाद शर्माले मकहाँ आएर भन्यो- 'पाकिस्तानमा मैले मेरो जनै कसरी देखाउँ। मलाई त डर लाग्यो। मैले भने- 'मैले त कहिल्यै पनि जनै छाडिनँ र

छाड्दैन पनि। तलाई डर लाग्छ भने जनै झिकेर कन्दनी बाँध। यूएनले मेडिकल चेकअप गराउनाको कारण के रहेछ भनेपछि कसैले मेरो स्वास्थ खराब भयो भनी पछि क्षतिपूर्ति नमागुन् भनेर रहेछ। ४ तारिखमा हामीले किनमेल गरेर बितायौं। ७ तारिखमा हामी नेपाली ग्रुपलाई यूएन चिफले युनियम मेडल प्रदान गर्नुभयो र धन्यवाद दिँदै बिदा गर्नुभयो। हामीलाई नेपाल आउन अमृतसरमा प्लेनबाट बिदाइ गरियो। पहिले त दिल्ली आउने र दिल्लीबाट डकोटा विमानबाट नेपाल पठाउने कुरा थियो तर मैले चिफसँग भनें- 'हामीलाई रेलबाटै पठाइयोस्'। मैले त्यो किन भनेको थिएँ भने- 'हामीसँग लगेज बढी थियो। विमानबाट जाँदा चार्ज धेरै लाग्थ्यो। त्यसरी हामी अमृतसर आएपछि साथीभाइ, आर्मी अफिसर सबैलाई भेट्यौं। उनीहरुले पनि हामीलाई राम्रोसँग बिदाइ गरे। हामीलाई अमृतसरबाट यूएनको वागेनरबाट पठाइयो। त्यसबेला हामीहरुले बाटामा पाकिस्तानी शरणार्थीहरु हँसिलो अनुहारका साथ फर्किंदै गरेको र हामीलाई हात हल्लाएको देख्न पायौं। हामीले पनि हात हल्लायौं। मलाई निकै आनन्द लाग्यो र विगतका दुःख कष्ट सबै भुलें। अमृतसरबाट जाने बेला पुराना साथीहरुले माला लगाएर बिदाइ गरेका थिए। हाम्रो ग्रुपलाई रेल्वेले एउटा कम्पाटमेन्ट नै दिएको थियो।

भारतको असजिलो रेलको बाटोमा भारतीयहरुले हाम्रो शिरको निलो टोपी देख्दा शान्ति मिसनमा खटिएका सैनिक भन्दै जताततै मद्दत र इज्जत दिए। ५/६ महिनाको छोटो अवधिमै त्यसरी शान्ति कायम गर्न सकेकोमा हामीप्रति सबै आभारी थिए। रेल भ्रमणका क्रममा हामी नेपालबाट गएका सबै सातै जना सँगसँगै बस्न पायौं। २० तारेक आइतवारका दिन हामीहरु कमाण्डर इन चिफ जर्नेल सुरेन्द्र बहादुर शाह कहाँ गयौं। चिफ साहबले हामीलाई बधाई दिँदै हाम्रो कामको प्रशंसासमेत गर्नुभयो। उहाँले मलाई भन्नुभयो- 'आर्मी हेडक्वार्टरमा आफ्नो अनुभवबारे लेक्चर दिनुस्'। मैले २ दिन लगाएर लेक्चर तयार पारी लेक्चर दिएँ। सबै दर्जाका सैनिकहरुले मेरो लेक्चर सुनेका थिए र सबै चकित भएका थिए। मैले सबैसँग प्रश्न सोध्नका लागि आह्वान गरें। जतिले प्रश्न गरे ती सबैको जवाफ पनि दिएँ। अन्त्यमा चिफ साबले मलाई धेरै-धेरै धन्यवाद दिनुभयो। त्यहाँ उपस्थित अधिकृतहरु त्यसपछिका दिनमा कैयौं शान्ति मिसनमा गए। त्यो प्रोसेस अझैसम्म चलेकै छ। मलाई त्यतिबेला जम्मा १० हजार भारु दिएको थियो। त्यो रकममध्ये जम्मा चार हजार बाँकी बचेको थियो। त्यो पैसा पनि मैले फिर्ता गरेको थिएँ। फिर्ता दिनुपर्ने बाध्यता त थिएन तर पनि फिर्ता गरें। २/३ सय डलरमा त्यो बेला राम्रै गाडी नै किन्न पाइन्थ्यो।

स्रोत : पूर्वरथी ऋषिकुमार पाण्डेको डायरीबाट

फरक प्रसङ्ग

वर्ष १७, अंक ३२, २०७४ असोज १ आइतबार

सम्झेका कुरा-१३

जेठ २१ गते २०३२ सालमा मेरो ऊक मा पोष्टिङ भयो। राजाको इच्छाबमोजिम म त्यहाँ पोष्टिङ भएपछि त्यहाँ रथी शेर ब. मल्ल, उपरथी दान गम्भीर सिंह रायमाझी हुनुहुन्थ्यो। म सहसचिव थिएँ। राजाले स्वयम् मेरो धेरै अनुभव भएकोले हरेक मिटिङ सचिवालयको मिटिङमा मलाई राख्ने गरेका थिए। मेरो सल्लाह पनि लिने गरेको थियो, जबकी अरु सचिवालयको प्रमुखहरु मात्र मिटिङमा समावेश गरिन्थ्यो । यतिसम्म होकि यो दरबारको नयाँ सचिवालय भर्खर मात्र बनेको थियो। राजा वीरेन्द्रलाई थाहा थियो कि मेरो क्यान्टीन क्षमता भएकोले म शा.र.वा.मा हुदाँ मलाई क्यान्टिन खोल्नका लागि चाहिने stain less भाँडाकुँडा चाहिनेजति सबै सामान दिएर शा.र.वा.को क्यान्टिन चलाउने सिस्टम राखिएको हो। त्यही क्यान्टिन मैले सचिवालयमा पनि सुरु गरें। सचिवालयको स्टाफहरुको लागि सबै किसिमका खानाहरु उपलब्ध हुन्थ्यो। जाँचबुझसम्बन्धी काम गर्न आएका विभिन्न सचिव सहसचिव इत्यादिहरु पनि दरबारभित्र आएर क्यान्टिनको सहुलियत किसिमको खाना खान मिल्थ्यो। दरबार गएपछि तुरुन्त मैले यी कामको अलवा आफ्ना लागि पाँऊ भन्ने कुरो थिएन। मैले पहिल्यै सरकारलाई बिन्ती चढाएको थिएँ कि ३ वर्षको लागि शा.र.वा. का अधिकृतदेखि तल्लो तहका दर्जालाई काम गरेबापत एक महिनाको तलब र शा.र.वा. को तक्मा पनि पाउने व्यवस्था सुरु भयो। तक्मा कमिटीबाट मिलाउनुपर्ने थियो। मैले त्यसको लागि मेरो बाहिनीमा बसेका सेनानी मन्सुरा विक्रमको मद्दत पनि लिएको थिएँ। राजा वीरेन्द्रले राजदरबार नियमावली खोलेका थिए। यही किसिमले विशेष गरी शा.र.वा. का. शै. प्र.(शैनिक प्रहरी) बस्ने अधिकृतदेखि फलोवससम्मले कति चोटी तक्मा पाए। शा.र.वा. ले पनि तक्मा थप्दै गयो।

शाही झण्डा

महेन्द्र सरकार विदेश गएका बेला त्यहाँको सरकारी कमएचारी कर्मचारीहरुले शाही भ्रमणमा गएका उच्च कर्मचारीहरुसित सोधे कि शाही झण्डालाई किन बाँदरबाट बोकाएको ? विदेशी कर्मचारीहरुको यस्तो प्रश्न सुनेर महेन्द्र सरकारसँग गएका उच्च कर्मचारीहरु लज्जित भए। वीरेन्द्र सरकारको पालामा पनि सरकार विदेश सवारी हुदाँ त्यहाँका कर्मचारीहरुले यही प्रश्न सोधीयो। यो कुरा वीरेन्द्र सरकारसमक्ष पुग्यो। यो प्रश्न सुनेर वीरेन्द्र सरकारलाई ठिक लागेन र वीरेन्द्र सरकारले झण्डासम्बन्धी काम मलाई बक्स्यो। मैले सिधै सरकारलाई जाहेरी गरे कि मलाई यो कामको मद्दतको लागि मलाई शेक्सन अफिसर निलविक्रम प्यासी (लिविक्रम राणा) को साथ मागे। निलविक्रम प्यासी (लिविक्रम राणा दरबारका जोकर थिए। महेन्द्र सरकारको पालामा सबैको

गुप्तचर गरेर कुरा पनि लगाउने गरिन्थ्यो। मेरो शेक्सन अफिसर जो मलाई झण्डा बनाउने कामको लागि सहयोगी हुनुहुन्थ्यो ति व्यक्ति एकजना नरेन्द्र राज पाण्डे र बाहिरका तिर्थ शाक्य अमर चित्रकार चार जनाको टोलीसहित मैले चार महिनासम्म सबै इतिहास कारहरु देखि लिएर जहाँ जहाँ जानुपर्ने बुझ्न गएँ। यहि बुझ्ने सिलसिलामा त्यस बेलाका इतिहासका धर्मको समेत ज्ञान भएका दुई व्यक्ति चुडा प्र. भट्टराई बाबुराम आचार्य (जो दुष्टविहिन थिए) सँग पनि मैले भेटे। कुन कुन कुरा बुझ्नुपर्ने, कहाँ कहाँ जानु पर्ने चार महिना लगाएर सबै बुझें। यी चित्रकारबाट कुन साइजको फोटो चाहिने मैले गरें। यही झण्डा बनाएकोबाट नै देखिन्छ। स्वयम् राजा वीरेन्द्रबाट राजदरबार पदाधिकारी समारोह प्रबन्धक इत्यादि सचिवालयका प्रमुखहरुलाई राखेर ग्रुपमा मैले सबै गरेर ल्याएको झण्डाको फोटोकपिमा Brifing दिनु पर्थ्यो। Brifing दिंदा त्यहाँ सबै प्रमुखले सोधेका प्रश्नको जवाफ मैले दिएँ। निजी प्रमुख सचिव नारायण प्रसादले सोध्नुभयो कि यो झण्डामा राखिएको सिंहको तस्विरमा सिंहको लिंग नै देखिएन ? मैले पनि उसलाई मुखभरीको जवाफ दिएँ। सिंहको लिंग नै किन हेर्नुपर्‍यो। सिंहको टाउको को जगरले नै छुट्याउन सकिन्छ भने। यो मेरो सचिव नारायण प्रसादले सोध्नुभएको प्रश्नको जवाफ थियो। यी कुरा सुनेर त्यहाँ भएका सबै प्रमुखलगायत हाँसे। तिर्थ शाक्य भन्ने मानिस साधारण किसिमका थिए। तिर्थ शाक्यलाई पनि मैले धेरै कुराहरु सिकाएँ। ऊ मुर्तिकार पनि थियो। उसको एक चोक झोसेमा घर थियो। म कहिलेकाहीँ उसकोमा जाने गरेको थिएँ। मैले इन्जिनियर कोर्ष गर्दा धातुको मोडलिङ पनि गरेको थिएँ। यी कुराहरु मैले तिर्थ शाक्यलाई पनि सिकाएँ। तिर्थ शाक्यको चारवटा छोरी र एक छोरा पनि थिए। तिर्थ शाक्यको छोरा र मेरो छोरा साथी थिए। यी दुवै जना गोदावरीमा सँगै पढेका हुन्। तिर्थका छोरा सिनियर क्लास लिएर अमेरिकामा बसेर धातुको सामानहरु बेच्ने गर्दछ। उसको एक छोरी अष्टलक्ष्मी शाक्य हुन्। उनी एमालेबाट मन्त्री पनि भएकी थिइन्। उनले एमालेको नेता अमृत बोहरासँग विवाह गरेकी छन्। उनीसँग जहिले पनि म सँग राम्रो कुरा हुने गरेको छ। म कुनै पार्टीमा नलागेका कारण मेरो भेट उनीसँग त्यति हुँदैन। मैले आजसम्म ऊसँग कुनै अनुरोध गरेको पनि छैन। अमर चित्रकार जसले राजदरबारका ठूला ठूला पेन्टिङ गरेका थिए। मकहाँ बोलाउँदा पनि। अमर चित्रकार मकहाँ आउँदा मैले मेरो पनि एउटा पेन्टिङ तपाईले गर्नुस् भनेको थिएँ। उहाँले भन्नुभयो हजुरको सानो पेन्टिङ बनाएर हुँदैन। large साइजभन्दा पनि ठूलो बनाउनुपर्छ। सोही किसिमको पेन्टिङ बनाउनलाई उतिबेलाको रु एक लाख उहाँलाई दिएँ। अहिले यो पेन्टिङ मेरो कान्छी छोरी विनिता बस्नेतको घरमा छ। मेरो अरु पनि थुप्रै

स. साना पेन्टिङ उहाँले बनाउनुभएको छ। यही सिलसिलामा पेन्टिङ शुरु भयो। राजाको झण्डा, रानीको झण्डा युवराज, अधिराजकुमार, अधिराजकुमारीहरु सबै डिजाइनहरु, घरमा लगाउने साइज, पानी जहाजमा लगाउने सबै किसिमका झण्डाको नक्सा बनाइएर राजदरबार नियमावलीमा समावेश गरियो। राजा वीरेन्द्रले यी काम गरे बापत मलाई र मेरो सम्पूर्ण टिमलाई धन्यवाद दिइक्स्यो।

राष्ट्रिय मूल नीति तर्जमा

२०३२ सालमा सरकारले राष्ट्रिय मूल निति २०३२ ल्याउने काम भयो। राष्ट्रिय मूल नीतिको दश वर्ष पछि फेरि २०४२ सालमा आयो। राष्ट्रिय मूल नीति जुन सरकारमा गयो। यसको विषयसूचीको र राष्ट्रिय मूल नीतिसम्बन्धी मलाई राजाले सोधी बक्स्यो। राष्ट्रिय मूल नीतिको धेरै जस्तो विषयसूची जो तल दिइएको छ। २०३२ सालको राष्ट्रिय मूल निति पनि मसँग थियो, एक जना media को मान्छेले, आएर पछि फर्काउने सर्तमा लगेका थिए। तर उनले फर्काएनन्। म उनको नाम खुलाउन चाहन्न। सबै मान्छेहरुको बीचमा मेरो अलि बढी सबै कुरामा ज्ञान थियो। म school पढ्दादेखि पुनामा ims डिग्री कोर्ष गर्दा, mumbai मा बस्दा marine इजिनियर कोर्ष गर्दा (एक महिनाको सबै पनि गरेकोले) मसँग सबैको पनि ज्ञान थियो। प्राकृतिक ज्ञान, कृषिसम्बन्धी ज्ञान भएकोले राजाले मलाई सोधी बक्सेको थियो, जुन राष्ट्रिय मूल नितिको विषय सूचीमा समावेश छ। मलाई राजाले सोधीबक्सेका कारण, सबैजसो कुरा मैले भनेका अनुसार मूल नीतिमा समावेश रह्यो। मेरो यी कुरामा ज्ञान भएकोले, दरबारका प्रमुख राजा स्वयम् ले नै मेरो सल्लाहबमोजिम नै गरिबक्स्यो।

(स्रोत : पूर्वरथी ऋषिकुमार पाण्डेको डायरीबाट)

फरक प्रसङ्ग
वर्ष १७, अंक ३३, २०७४ असोज ८ आइतबार

सम्झेका कुरा-१४

म राजदरबार जाँदा साथ मर्यादाक्रमको कुरा उठ्यो। म राजदरबार जाँदा मैले के देखें भने full कर्नेललाई second class मा राखिएको थियो। मैले यी कुरा सरकार समक्ष बिन्ती चढाएँ प्रहरीको आई.जी.पी त १७ वर्षमै पनि हुन्छन्। आर्मीमा full कर्नेल हुनलाई २८ वर्ष आर्मीमा काम गरेका पनि छन्। राजालाई मैले full कर्नेललाई first class मा राख्नुपर्‍यो भनेर बिन्ती चढाए। सरकारबाट त्यही नै हुकुम भयो। यी कुराहरु पहिलाका pms,ms हरुले नै गर्न सकेका थिएनन। पहिलेका ऊक रथी शेर ब मल्ल ति बाट ९ वर्षमा फुल कर्नेल बनेका थिए। उनी फुल कर्नेलबाट अर्को ९ वर्षमा रथीसम्म बन्न पुगेका थिए। मेरो आफ्नै premetion एक तहमा जानलाई (जस्तो कि सहायक रथीबाट उपरथी हुदा म जस्तो क्वालिफाइलाई) ९ वर्ष लाग्यो।

मैले त्यहाँ के देखे भने ऊकले आर्मी र जनसम्पर्क इत्यादि हर्ने गरेका रहेछन्। दरवारमा विभिन्न किसिमका सचिवालय थिए। प्रमुख सचिवालयका प्र.स रन्जन राज खनाल रिटायर्ड भएपछि प्र.स रेवती रमण खनाल हुनुहुन्थ्यो। उहाँले सबै संवैधानिक प्रमुखहरुको, कानुनसम्बन्धी, प्रधानन्यायाधीशदेखि सबै हर्ने गरेका थिए। निजी प्रमुख सचिवालयमा नारायण प्र. श्रेष्ठ हुनुहुन्थ्यो , उहाँले गृहलगायत वन गरी छ/साटवटा मन्त्रालय हेर्नुहुन्थ्यो। सह-सचिव चिरणशमशेर थापाले विभिन्न दशवटा मन्त्रालय हेर्ने गरेका थिए। जसमा सञ्चार (प्रेस) लगायत पर्दथ्यो। प्रमुखसचिव गेहेन्द्र मान सिंहले रानीको सचिवालय र स्वास्थ्यलगायत छवटा मन्त्रालय हेर्थे। दरबारको प्रत्येक मिटिङमा मलगायत, विभिन्न सचिवालयका प्रमुखकहरुलाई समावेश गरिन्थ्यो।

२०३४ साल जेठमा आजीवन रथी पाएका शेर ब. मल्ललाई घरमा नै बस्नु भन्ने राजाबाट आदेश आयो। सचिव उपरथी दान गम्भीर, शेर ब. मल्लको अफिसमा जानुभयो। म दान गम्भीरको अफिसमा बसें। त्यसबेला चाहिँ गृह मन्त्रालयअन्तर्गत सचिव र आईजीपी इत्यादि सबै निजी सचिवालयको नारायण प्रसाद श्रेष्ठबाट आयो र २०७३ जेठ ३१ मा दान गम्भीरको प्रमोशन रथीमा भयो र मेरो उपरथीमा प्रमोशन भयो। गृह मन्त्रालयको सचिवअन्तर्गत हुने प्रहरी पनि निजी सचिवालयबाट त्यसबेला जनसम्पर्कअन्तर्गत हामीकहाँ आयो। नारायण प्रसादले गृह हेर्दा उसको समयमा उसले बनाएको खड्ग जित बराल (आईजीपी) र दुर्लभ कुमार थापाको समयमा नारायण प्रसादले प्रहरीसँग मिलेर धेरै भ्रष्टाचार गरे। दुर्लभ कुमार थापाबाट उसले ललितपुरमा तीन-चार ठाउँमा भव्य घरहरु बनाएको अहिलेसम्म प्रमाण नै छ। पछि खड्गजित बरालसँग जुन पैसा खाने काम भयो। ऊ रिटायर्ड भएपछि नारायण प्रसाद परराष्ट्रसम्बन्धी पनि हेर्ने भएकाले नारायण प्रसादलाई बर्माको Ambassdor बनाएको थियो। दुर्लभ कुमार रिटायर्ड भएपछि उसले आफ्नो राम्रो बन्दोबस्त गऱ्यो। दान गम्भीरलाई मैले के मद्दत गरें भने अर्मीबाट पुलिस, गुह मन्त्रालयअन्तर्गत सीडीओ कार्यलय तथा सबै कार्यलयबाट फोटोसमेत राखिदिए। दुर्लभ कुमारपछि आईजीपी भएर आएका दिल ब लामा जसका बारेमा मैले अगाडि धेरै कुरा लेखिसकेको छु। यी सबै काम गर्दै जाँदा राजाले मेरो धेरै सुझाव लिइबक्स्थ्यो। मेरो सुझावअनुसार नै सरकारले काम गरिबक्सन्थ्यो। मैले सैनिक सचिव २०३२ देखि २०४२ साल (दश वर्ष) सम्म चलाएँ। म प्रमुख सैनिक सचिव नहुन्जेल मेरो काम थियो, Residental (non residental) Ambassador नेपाल आउँदा र उनीहरुको टर्म सकिएर बिदाइ हुँदा chif of protocal ले स्वागत गर्न तथा बिदाइ गर्न जानुपर्थ्यो। त्यसबेला t.v थिएन र कुन देशको आयो भनेर बुझ्न लगाई दरबारबाट चिन्ने काम भयो। म फौजी भएको हुनाले राजदूतहरुसँग राम्रो सम्पर्क थियो। राजदूतसँग बसेका मेरा विभिन्न फोटाहरु छँदै छन्।

२०४२ जेठ ३१ गते दान गम्भीर रायमाझी रिटायर्ड हुनुभयो र म प्रमुख सैनिक सचिव भएँ। त्यसपछि chif of protocal गर्ने कोही भएन। मैले प्र.से.स को पद समहालेपछि मैले आर्मी प्रहरीलगायतको काम हेर्न थाले। २०४२ पछि जताततै हुने भ्रष्टाचार कन्ट्रोल गरे। आफू मातहतका कार्यालयमा सबै हेरे। सोमदान (गणेश हिमाल) को शिशा खानीमा जाने मोटरबाटो बनाउने इन्जिनियरहरु झिकाइदिए। सो बाटो उपरथी सचिव शमशेर राणा क्वार्टर मार्टस जर्नेल भएकोमा उहाँलाई भनेर आर्मीको इन्जितियरहरु झिकाइदिए। भ्रष्टाचार गर्ने इन्जिनियर हरुलाई झिकिदिए। २०३७ सालको राजाको दिपायल सवारीमा बनाइदिएको काली बक्स पल्टन प्र.से कुमार ब. फुदुङको कमाण्डमा बनाउन लगाइदिए। जसबाट ३५०००००० (साढे तीन करोड) बच्न गयो । खासाको बाटो बिग्रेकोले Army को Eng Bn प्र. से कुल ब. खड्काले चार करोड निकासा भएको थियो। त्यसमध्ये काम सफल भएर बच्न गएको डेढ करोड र मैले राखेको साढे तीन करोडको चेक जम्मा गरी पाँच करोड रकम जम्मा भयो। कुल ब. खड्काले आफैं भ्रष्टाचार गरी एक करोड राख्यो। जम्मा बाटो सिध्याउनका लागि ५० देखि ६० लाख मात्र खर्च भएको थियो। यो कुरा मैले राजालाई बिन्ती गरें। बाँकी रकमबाट सरकारले बनाउन खोजेको हस्पिटललाई यो रकम लगाई बक्योस् भनी बिन्ती चढाउँदा राजाबाट हुकुम भयो। सोही समयमा आर्मीको अ-ल-अ स्वयं जनरल सचित शमशेर हुनुभएको थियो र त्यस बेलाको Army Hospital बनेको थियो। हस्पिटलमा सामान नभएपछि प्र.नि.स. को नारायण प्रसाद श्रेष्ठको विभागबाट France govt. बाट आएको रकम अर्च गर्न नसकेकोले रकमान्तर गरी हरहमेसा प्रयत्न गरी नारायण प्रसादले आफ्नो व्यापारी सुसुरा ईन्द्रभक्त श्रेष्ठलाई दिए। ईन्द्रभक्त श्रेष्ठको मलको व्यापार थियो। सोही कुरा मैले थाहा पाएर सबै सचिवालयका सचिवदेखि अन्य अरु मान्छे भएको मिटिङमा कुरा उठाएँ। France govt. बाट आएको पैसा इन्द्रभक्तलाई दिन खोजेको थियो। मैले राजालाई बिन्ती चढाएर राजाले १३ करोड को हस्पिटललाई चाहिने सामानहरु ल्याउन हुकुम भयो। यसरी मैले आर्मी हस्पिटलको सामान ल्याउन र हस्पिटल बनाउनका लागि राजासमक्ष आफ्नो बिन्ती बिसाएर बनेको थियो।

(स्रोत- पूर्वरथी ऋषिकुमार पाण्डेको डायरीबाट)



उपमन्यु गोत्रीय पाँडेवंशको कुलदेवतापूजा गतिविधि

ऐतिहासिक पृष्ठभूमि सहित

२०६५ फागु पूर्णिमा

बुलेटिन अङ्क १ March 11 2009 क्षेत्रपाटी ढल्को, काठमाण्डौ

प्रधान सम्पादक – अ.प्रा. रथी ऋषि कुमार पाण्डे
सह सम्पादक – प्रा. डा. गंगा कर्माचार्य (हाडा)

सम्पादक – स.प्रा.हरिप्रसाद पौडेल
विषेश सहयोगी – पु.अर्जुनराज पाण्डे
प्रकाशक – ऋषि कुमार पाण्डे एवं समस्त पाण्डे परिवार।

ॐ कुलायिनी घृतवती पुरन्धिः स्योने सीद सदनेपृथिव्याः।अभित्वारुद्राव्वसवोगृणन्त्विमाब्रह्मपीपिहि
शौभगाशिवनाध्वर्यूसादयतामिहत्वा ॥

गोरखा खोप्लाङ,छोप्राकमा कुलदेवता स्थापना गर्ने पाँडेहरुका मूल पुरुष
(मन्त्री गणेश पाँडे १५९६– १६६३)

सम्पादकीय

काजी कालु पाँडे
१७७०-१८१४

सर्वप्रथम म यहाँ उपस्थित सबैलाई १२ वर्षमा सम्पन्न हुनलागेको कुलदेवतापूजामा सहर्ष स्वागत गर्दै शुभकामना व्यक्त गर्न चाहन्छु । यस ऐतिहासिक पूजामा सबैका सामु हाम्रा पुर्खाको गाथा संस्मरण गर्न पाउँदा हर्षविभोर भएको छु। प्रस्तुत बुलेटिनले पाँडेवंशमा हरेक १२ वर्षमा गोरखाको खोप्लाङ्ग,भुसुण्डीखोलाको छेउमा मनाइने कुलदेवता पूजाका वारेमा सुसूचित गर्ने लक्ष्य राखेको छ । गणेश पाँडेका सन्ततिहरूले मिलेर मनाइने यस पाँडेहरूका कुलदेवतापूजाको आफ्नै विशेषता रहेको छ। कुलदेवता पूजाका वारेमा धैरै कुरा यहाँ स्पष्टपार्नु आवश्यक ठान्दै यो बुलेटिन प्रकाशन गर्न लागिएको हो। पाँडेवंशको इतिहास बुझ्न पाँडेवंशको कुलदेवता पूजागतिविधि पनि जान्नु आवश्यक हुन जान्छ । आगामी हाम्रा नयाँ पुस्तालाई आफ्नो कुलधर्म, कुलपरम्परा र गौरवमय इतिहासको बारेमा सुसूचित पारी उनीहरूलाई इतिहासको बारेमा सुसूचित पारी उनीहरूलाई पनि राष्ट्रभक्ति कुलधर्म परम्पराको समुचित विकासमा लगाउन यसले प्रेरणादायी भूमिका राख्नेछ । समयको चटारोले गर्दा छोटो समयमा तयार पारिएको यो बुलेटिनले सबै कुरा पूर्णतः समावेश गर्न नसक्ला,तथापि जे जति समय, श्रोत, साधन र सामग्रीका आधारमा अत्यन्त परिश्रमका साथ हाम्रो मानस पटलमा भएकाकुराहरू तथा सन्दर्भग्रन्थ सूचीमा उल्लेख भएका सामग्रीहरूको सहयोगको आधारमा तयार गरिएको यो वुलेटिनले पाँडेवंशमा गरिने कुलदेवतापूजाको बारेमा यथासंभव धैरै विषयहरू पस्रने छ । मूलतः कुलदेवतापूजा पुर्खाको मान सम्मानमा आफ्नो कुलधर्मलाई संस्मरण गर्दै आफ्नो कुलको अभिवृद्धि होस् भन्ने हेतुले गरिने पूजा हो । गौरवशाली पुर्खाहरूको स्मरण गर्दै नयाँ र पुराना पुस्तावाट धैरै कुराहरू गरिदै आएका छन् । "काजी कालु पाँडे ,काजी तुलाराम पाँडे स्मृति प्रतिष्ठान" स्थापना गरेर वि.सं. २०५९ मा त्यसका साधारण सभाको अवसरमा दहचोकमा काजी कालु पाँडेको प्रतिमा स्थापना गर्नुका साथै कुलदेवता स्थलमा वृक्षारोपण आदि धैरैकुराहरू सुधार गर्दै लैजाने प्रतिवद्धता जाहेर भएको हो । जस अनुसार अब कुलदेवता स्थलमा सुधार गर्दै लैजान वांकी नै छ ।

काजी तुलाराम पाँडे
१७७५-१८२५

पुर्खाको र कुलदेवताको समेत ज्ञान दिने उद्देश्यबाट सरदार भीमबहादुर क्षेत्रीबाट २०३४ सालमा लेखिएको राष्ट्रभक्तिको झलक नामक पुस्तकबाट धेरै कुराहरूको ज्ञान हुन्छ। पाँडेवंशको बारेमा ज्ञान दिलाउन पाँडेवंश वृक्षतालिका निर्माण भएको र त्यसको आधारमा धेरै लेख रचनाहरू पनि प्रकाशित भईसकेका छन् । साथै रथी श्री ऋषिकुमार पाण्डेद्वारा प्रेरित प्रा.डा. गंगा कर्माचार्य (हाडा)ले लेख्नुभएको "नेपालको इतिहासमा कपर्दार भोटु पाँडे "नामक पुस्तकबाट पनि धेरै कुरा ज्ञान गर्न सकिन्छ । पुर्खाको धरोहरको रुपमा रहेको अप्रकाशित लिखित धेरै सरकारी र गैरसरकारी दस्तावेजहरू व्यक्तिगत पुस्तकालयको घेराभित्र संकलित छन् । साथै पुर्खाले प्राप्तगरेका र प्रयोग गरेका भौतिक सामग्रीहरू पनि संकलन र संरक्षण गर्ने परम्परा पाँडेवंशहरूमा रहीआएको छ । पृथ्वीनारायण शाहले जसरी जीवनको अन्त्यतिर आफ्ना संपूर्ण संस्मरणहरूलाई भावीपुस्ताका लागि लिपिवद्ध गरी विद्वानहरूबाट प्रकाशित गराए ,त्यसरी नै जीवनका संपूर्ण पक्षहरूलाई आँफैले स्मरण गर्दै लिपिवद्ध गर्नु आवश्यक संझेर त्यस काममा लाग्ने गरेको छु । अनुसन्धानात्मक काममा लगाउन भोटु पाँडे स्मृति तथा अनुसन्धान प्रतिष्ठान खोल्ने कसरत पनि हामी मध्येबाट धेरै गरियो । पाँडेवंशबाट राष्ट्रको लागि आएको योगदानहरूको बारेमा लिपिवद्ध गरेर पुस्तकमा उतार्ने प्रयास स्वरुप निकट भविष्यमा प्रकाशित हुन लागेको " कर्णेल विष्णुकुमार पाँडे – पाँडेवंश हिजो र आज " शीर्षकको पुस्तकले पनि पुर्खाको वर्णन गर्नुका साथै कुलदेवता पूजाको बारेमा पनि वर्णन गर्ने नै छ । पुराना पुस्ताले जे जति गरे,अब नयाँ पुस्ताको काँधमा यो संस्कृति र परम्पराको जगेर्ना गर्ने जिम्मा आएको छ । उनीहरूको प्रयास र लगनमा आजसम्मको पाँडेवंशले प्राप्त गरेको मान सम्मान दिगो रहने छ भन्नेमा एकमत रहला ।

यातायातको सुगमताका कारण पनि यसपालिको कुलदेवतापूजामा जानुपर्छ भन्ने धेरैको सोच रहेको देखिन्छ । अहिले समय सापेक्ष परिस्थिति अनुसार नयाँ पुस्तालाई आफ्नो गौरवमय इतिहासको बारेमा पहिले इतिहासमा नकोरिएका केही सत्य तथ्य विषयवस्तुहरूलाई प्रकाश पारी त्यसको जानकारी गराउनु आवश्यक रहेको छ ,जसबाट नयाँपुस्ताले पनि आफ्नो परम्परा कुलधर्मलाई बचाउन सक्नेछन् भन्ने आशा लिई यो खोजमूलक बुलेटिन प्रकाशित गर्न लागिएको हो।

उपस्थित बन्धुहरू, अन्तमा यहाँहरूबाट पूजाकार्यकालमा भएको सर्वपक्षीय सहयोगको सह्राना गर्दै भविष्यमा अरु बढी सहयोगको अपेक्षा गर्दछु । श्री शिव शक्तिले हामी सबैको कल्याण गरुन् । यही मेरो शुभकामना छ ।कुलदेवताले नेपाल राष्ट्र र सम्पूर्ण नेपालीहरूको कल्याण गरुन् ।
जय कुलदेवता ! वीर पुर्खाहरू अमर रहुन् ।

शिवशक्तिभ्यां नमः

पाँडेवंशको कुलदेवता पूजा : एक अध्ययन

विभिन्न वर्ग र जातिले आफ्नो पुर्खा र संस्कृतिको पहिचानको खोजनीति गर्नेतिर चासो बढ्दैगएको सन्दर्भमा नेपालमा पाँडेवंशले आफ्नो पुर्खाको सम्मान गर्ने र धर्म संस्कृतिको विकासमा चासो देखाउने गरेको सर्वविदितै छ । कुलदेवता पूजा सबै वर्ग र समुदायमा आआफ्नै तरिकाबाट हुँदै आईरहेको छ, तर त्यो परम्परा मनाउने तरिका विधि र विशेषतामा फरक हुनु स्वभाविकै नै छ । परम्परा देखि कार्यान्वयन हुँदै आएको पूजाको विधि विधान लिखित अलिखित दुबै हुन सक्दछ ।अथवा पछि आएर त्यसलाई व्यवस्थित गर्ने क्रममा पूरा लिपिवद्ध गरेर भावी पुस्ताका लागि सरल बनाइदिने पनि गर्न सकिन्छ । यस्तै व्यवस्थित हुँदै गरेको पाँडेवंशको कुलदेवतापूजाको बारेमा केही प्राप्त सामग्रीहरूका आधारमा वर्णन गर्ने जमर्को गरिएको छ । प्रकाशित पुस्तक तथा अप्रकाशित सरकारी एवं गैरसरकारी सामाग्रीहरू सम्बन्धित पक्षका केही विशिष्ट व्यक्तित्वहरू र पुरोहितसंगको छलफलको आधारमा यो लेख तयार पारिएको छ । अप्रकाशित सामग्री मध्ये रथी श्री ऋषिकुमार पाण्डेको बाजे कर्णेल विष्णुकुमार पाँडेको डायरी तथा वहाँले प्रयोग गर्नुभएका रजिष्टरहरू मुख्य श्रोत हो ।जसको उद्देश्य पाँडेवंशको कुलदेवतापूजाका बारेमा सकेसम्म स्पष्ट धारणा राख्नु हो । करीव वि. स.१८१४ तिरबाटै काठमाण्डौ लाई वसोबासको मुख्य थलो बनाउने काजी तुलाराम पाँडे, गोरखा राज्यको राजदूत भएर आउने प्रथम व्यक्ति हुन् । क्रमशः अरु पाँडेहरू पनि गोरखा, नुवाकोट हुँदै काठमाण्डौमा आफ्नो बसोबासको थलो बनाएका पाँडेवंशले प्रत्येक १२ वर्षमा गोरखाको छोप्राक नजिकैको भसुण्डी खोलाको छेउ नजिक मनाउने यो कुलदेवतापूजाको आफ्नै विशेषता रहेको छ। उक्त पूजामा उपमन्यु गोत्रका संपूर्ण पाँडे परिवार जम्मा हुने परम्परा रही आएको छ । काठमाण्डौमा बसेको पूजासमितिको निर्णय विभिन्न माध्यमबाट गोरखामा पुगे पछि त्यहाँका संपूर्ण पाँडे बासिन्दा उक्त पूजामा सामेल हुने तयारीमा लाग्ने परम्परा रही आएको छ ।

त्यसबेला गोरखामा एक प्रकारको मेला लाग्ने हुन्छ । जुन पूजाको प्रसाद गोरखा भरिवाट जम्मा हुन आएका संपूर्ण उपस्थितलाई वितरण गरिन्छ । त्यसमा जातभातको कुरा हुँदैन । मादल बाजा गाजा बजाएर नाचगान गर्दै पूरै रात विताउने र ~~भोल्मिपल्ट~~ मासु च्यूराको भोज खाएर विदाहुने गर्दछन् । पूजाको विधिविधान कसरी कहाँबाट सुरु भयो भनेर बुझ्नको लागि यसको मूलथलो र मूलपुरुषको बारेमा जानकारी प्राप्त गर्नु आवश्यक ठान्दै त्यसको बारेमा केही जानकारी पनि यहाँ प्रस्तुत गरिन्छ ।

खोप्लाङमा कुलदेवता कसरी ल्याइयो ? यस सम्बन्धी जान्नै पर्ने इतिहास ।

गणेश पाँडेले गोरखामा प्रवेश गरेको बारेमा केही मतहरू रहेका छन् , तर यहाँ एउटै मतको बारेमा मात्र उल्लेख गरिन्छ । यस अनुसार पाँडेहरूको उद्गम स्थल कुमाउ नभई जुम्ला हो । जुम्ला नै जन्मथलो भएका विशिष्ट विद्वान इतिहासविद् योगी नरहरिनाथले म ऋषिकुमारलाई २०४०तिर बताए अनुसार हामी पाँडेहरू तत्कालीन समयको शक्तिशाली जुम्लाका राजाका प्रधानमन्त्रीका उत्तराधिकारीका रुपमा रहेका थियौं । पहाडी राज्यहरूमा जुम्ला शक्तिशाली राज्य थियो । त्यसको राजधानी हाट्सिन्जा थियो । यो रारा तालको दक्षिणभेकमा पर्दछ । पश्चिममा श्रीनगर देखि गंगा नदी सम्म र पूर्वमा मुकुन्द सेनको सीमाना सम्म यसको सीमा रहेको थियो । पाल्पाका राजा मुकुन्दसेन प्रथमले जुम्लामा पुगी त्यहाँका राजा संग उनले मन्त्री नै मागे, तर जुम्लाका राजाले मन्त्रीका छोरा या भाइलाई मुकुन्दसेनसंग पठाइदिए । अफ्नो छोरालाई मुकुन्दसेन संग पठाउँदा उनलेअरु दिने केहीभएन त्यसकारण कुलदेवता लिएर जा भनी कुलदेवता मात्रै दिई पठाएका थिए । गणेश पाँडे तिनै मन्त्रीका छोरा या नाति हुन् ।



वि.सं. २०३० सालमा कुलदेवतास्थलमा देखिएको जंगलको दृष्य र वासको लागि निर्मित गैयाछरु ।

मुकुन्दसेन पछि माणिक्यसेन पाल्पाका प्रशासक र पछि स्वतन्त्र राजा बनेका थिए । पाल्पाराज्य टुक्रने क्रममा चौबिसी राज्यमा परिणत हुँदा निराश भएर गणेश पाँडे पूर्वतिर लागे र गोरखाको छोप्राक

गाउँको वेलवासामा आएर बसेका थिए । संवत १५७५ देखि १६१० सम्म मुकुन्दसेन र त्यसपछि माणिक्यसेनको शासन भएकोले त्यही समय गणेश पाँडेले पाल्पा छोडी गोरखा आई बसेको कुरा इतिहास सम्मत छ । मल्लराजाहरूकै सामन्त शासक खड्काहरू पछि स्वतन्त्र शासक भएका थिए । खड्का राजाहरूसंग गणेश पाँडेको मतभेद भएपछि लमजुङका राजा नरहरि शाहका भाइद्रव्यशाहलाइ गोरखाको राजा बनाउने उद्योगमा उनी लागेका थिए ।

गणेश पाँडेले पाल्पाबाट कुलदेवतालई कसरी गोरखामा भित्राए भन्ने सम्वन्धमा एउटा कथा जोडिएको छ । भारतमा मुशलमान शासकहरूले आर्यधर्म नष्ट गर्न विभिन्न किसिमका अमानवीय प्रक्रिया चलाईरहेको अवस्थामा आफ्नो आर्यधर्म र संस्कृतिलाई बचाउन गणेश पाँडेले आफ्ना बन्धु वान्धव इष्टमित्रहरूलाई छोडी एउटा कुमाललाई आफ्ना सामान बोकाई कुलदेवताको झोला बोक्न भारती समेत लिई अनेकन कठिनाइको सामना गर्दै विश्राम गर्न गोरखाको खोप्लाङमा आई बसेका वेलामा थकानका कारण दिउसै निदाएछन् । सोही समयमा कुलदेवताले सपनामा तिमी यहीं बस ,म पनि यहीं स्थानमा वसुँला । प्रत्येक १२ वर्षमा फागु पूर्णिमाको दिन आएर तिमीले मेरो पूजा गर्नु भनी आदेश दिनुभएकोले त्यही ठाउँमा शिव, शक्ति , सूर्य, विष्णु र गणेश पाञ्चायन कुलदेवताको स्थापना गरे । सोही स्थानमा प्रत्येक १२ वर्षमा पूजाआजा हुँदै आएको छ । प्राकृतिक छटाले भरिएको उक्त मनोहर स्थलमा कुलदेवता लाई थन्को लगाई गणेश पाँडेले त्यसको उत्तर तर्फ अमिलिहिटी भन्ने स्थानमा घरजम गरी बसे । त्यसैको आसपासमा कुमाल र भारतीको लागि पनि स्थान जमाई दिए । त्यस स्थानमा उनले विस्तारै प्रभाव जमाए र द्रव्यशाह गोरखाको राजा भए पछि उनले अन्य शाह राजाहरूको तीनपुस्ता सम्म मन्त्री बनेर सेवा गर्ने अवसर पाए यसलाई पाँडेवंशमा कुलदेवताको वरदानका रुपमा लिने गरिएको छ । अन्त्यमा सल्यानको युद्धमा वीरगति प्राप्त गरे । रामशाहको पालामा मन्त्रीमण्डलको मूल आधार मानिएको ६थरघरमा पाँडेवंश पहिलो स्थानमा गनिन पुगे । त्यसवेला देखि पाँडेहरूको सेवाको कम शाहराजाहरूसंग जोडिन गयो । प्रत्येक शाहराजाहरूका पालामा विभिन्न सैनिक र प्रशासनका क्षेत्रमा कार्यरत पाँडेहरू नेपालको एकीकरणको समयमा प्रशासनको मुख्य आधार वन्न पुगे । काजी कालु पाँडे ,काजी वंशराज पाँडे, काजी दामोदर पाँडे, काजी तुलाराम पाँडे, काजी जगजीत पाँडे, काजी रणजीत पाँडे तथा कपर्दार भोटु पाँडे नेपालको एकीकरण कार्यमा मुख्यरुपले सक्रिय भएर लागेका थिए भने प्रशासन कार्यमा काजी बलभंजन पाँडे, जंगवीर,सिंहवीर आदि पाँडेहरू कार्यरत थिए ।


मन्त्री गणेश पाँडे

रणबहादुर शाहको बौलठ्ठीपनबाट दामोदर पाँडे र उनका सन्ततिहरूको वि.स.१८६० मा जुन विनाश भयो त्यस्तै कार्य बारम्बार दोहोरिएर नेपालको इतिहास कलङ्कित बनेको छ। इतिहासमा भएको त्यो घात प्रतिघातको घटनालाई पाँडेवंशले बिर्सेर पनि कहिल्यै बिर्सन सक्ने छैन। तथापि राष्ट्रसेवामा समर्पित गणेश पाँडेका सन्ततिहरूले देश र नरेशको सेवा गर्ने क्रमलाई टुट्न दिएको छैन। गणेश पाँडेसंग भारी बोकी गोरखा प्रवेश गरेका कुमाल र भारतीका सन्ततिहरू आज पनि गोरखाको खोप्लाङमा बसी आएको भन्ने कुरामा १०४ वर्षका कुमाल जीतबहादुर सही सलामत नै छन्। यिनीहरूले यस १२ वर्षे कुलदेवतापूजामा सरिक भएर मद्दत गर्ने परम्परा अझै कायमै छ।


माझमा वर्ष १०४ का जीतबहादुर कुमाल (स्थानीय बासिन्दा)

भारतमा मुशलमानहरूको आक्रमणबाट हिन्दुधर्मलाई जोगाई राख्न आफ्नो कुल देवतालाई साथमा बोकेर आउने वर्गजातिको धेरै उदाहरणहरू नेपालमा पाइन्छन्। सन्१३२५ मा मुशलमानी आक्रमणबाट बच्न सिम्रोनगढका राजा हरिसिंहदेवल उपत्यका प्रवेश गर्दा आफूद्वारा त्यहाँ स्थापित गरिएकी तुलजा भवानीलाई पनि साथै लिएर आएका थिए। भक्तपुरको दरबार क्षेत्रको मूलचोकमा स्थापित उक्त तुलजा भवानीको स्थापनाका बारेमा पनि त्यस्तै ऐतिहासिक कथा जोडिएको छ। उपत्यका विजय पछि पृथ्वीनारायण शाहले तुलजा भवानीको पूजा संबन्धी विधि विधानलाई यथावत रहन दिई प्रत्येक लालमोहरहरूमा श्री गोरखनाथ श्री तुलजा भवानी भनी उल्लेख गरेको पाइन्छ। आफ्नो उद्गमस्थल दक्षिणभारत महाराष्ट्र मान्ने हाडावंशका एक मूलपुरुषले धर्म र संस्कृतिको जगेर्ना गर्न मुशलमानहरूको आक्रमणबाट बच्न उपत्यका प्रवेश गर्दा साथमा बोकाएर ल्याएको कुलदेवतालाइ उनले भक्तपुरको दरबारमा स्थापना गरेका थिए। सोही क्षेत्र वरिपरि आफ्नो मूल बसोबासको थलो बनाएर हाडाहरूले नेवार संस्कृतिलाई अपनाएर धर्म र संस्कृतिको उत्थानमा धेरै योगदान पुराउँदै आएका छन्। कुलदेवतालाई साथमा ल्याएको वर्गले सम्बन्धित क्षेत्रबाट विभिन्न वर्ग र समुदाय माथि प्रभाव पार्न सकेको यो अर्को उदाहरणको रुपमा लिन सकिन्छ। गणेश पाँडेले विवाह गरेका दुई श्रीमतीहरू तर्फबाट जन्मेका सन्ततिहरूमा पहिलोका तर्फ पाण्डे ब्राह्मण भए र तिनीहरू धेरै जसो गोरखामा नै रहन गए। दोस्रो श्रीमती तर्फका क्षेत्री कहलाए र काठमाण्डौ आए र शाह दरबारमा सैनिक सेवा मै समर्पित भए।

यी दुवै थरिका सन्ततिहरु गणेश पाँडेका वंश हौं र दुवैले कुलदेवता पूजामा एकैसरी सरिक भएका पनि छौं । प्रत्येक १२ वर्षमा हामी दुवै खलकले आपसमा मिलेर कुलदेवतापूजा गर्दै आएको स्पष्ट नै छ । यसरी १२ वर्षमा एक पल्ट कुलदेवताको पूजा गर्ने प्रचलन काठमाण्डौमा अन्य वर्गमा रहेको देखिदैन । कम्तीमा एक वर्षमा एक पटक भए पनि सम्वन्धित पक्षले समूहगत अथवा व्यक्तिगत रुपमा भए पनि पूजा गर्ने चलन रहेको छ ।



वि.स. २०२९ मा ऋषिकुमार पाण्डे तथा ३० को कुलदेवता पूजामा श्रीमती गीतादेवीका साथ ।

पँडिवंशमा प्रचलित कथाको आधार लिने हो भने यो १२वर्षमा एक पटक कुलदेवताको पूजा गर्ने प्रचलन पँडिवंशमा गणेश पाँडिको समय देखि प्रचलनमा आएको हो। १२ वर्षमा धुमधाम रुपले मनाउने र अन्य बेला सामान्य किसिमले मात्र पूजा गर्ने परिपाटी रहेको छ। एकीकरण कार्य अथवा सैनिक क्रियाकलापमा लागीरहने पँडि परिवारलाई १२ वर्षको पूजामा पनि सामेल हुने संभावना नहुन पनि सक्दछ । पृथ्वीनारायण शाहको कार्यकालमा गोरखामै घरजम भएका कालु पँडि र तुलाराम पँडिले उक्तपूजामा के कस्तो तरिका अपनाए त्यसको प्रमाण प्राप्त छैन।

काठमाण्डौमा भएको राजनैतिक परिवर्तन पछि कालु पाँडिका सन्ततिहरूले उक्त पूजामा केही समय भाग लिन सक्ने संभावना थिएन । तर तुलाराम पाँडेका छोरा नातिहरूले संस्कृतिको उत्थानमा धेरै योगदान पुराउने गरेकोले कुलदेवताको पूजामा पनि सरिक भएको अनुमान गर्न सकिन्छ । शिव र शक्तिका प्रतीक पाँडेवंशको कुलदेवता भएकोले ती दुबैमा भोटु पाँडे र उनका सन्ततिहरूको अपार श्रद्धा र भक्तिभाव झल्कने प्रयासहरू भएका थिए । आपसमा मिलेर भनसुन गरेर मनाउने चलन भएको अवस्थामा पाँडेवंशको कुलदेवता पूजा सम्बन्धी कुरा लिपिवद्ध हुन सकेन । प्रमाणहरू धेरै कोत पर्वबाट नष्ट भएकोले वि.स. १९४० अघिका धेरै प्रमाणहरू ओझेलमा पर्न गएका छन् । त्यसपछिका प्राप्त प्रमाणहरूका आधारमा कुलदेवता पूजाको क्रमभंग नभएको स्पष्ट पार्न सकिन्छ । तर काठमाण्डौमा भएको राजनैतिक परिवर्तनको घटनाले कुलदेवताको पूजामा प्रभाव पर्न गएको थियो भन्न सकिन्छ । जुनसुकै परिस्थितिमा पनि कुलदेवता पूजाको समय १२ वर्षमा एक पटक हुने भएकोले त्यसमा भागलिनुपर्छ भन्ने मानसिकता पाँडे परिवारमा पहिले देखि रहीआएको देखिन्छ । काठमाण्डौबाट गोरखा जानु भनेको सरल काम थिएन ।

विं.स. २०३० सालमा प्रथम पटक कुल देवता पूजामा उपस्थित हुदै ऋषि कुमार पाण्डे (बीचमा)

यातायातको कठिनाई झेल्दै पनि यसलाई निरन्तरता दिने काम भयो । कुलदेवतालाई अन्य वर्गले जस्तै गोरखाबाट काठमाण्डौमा सार्ने कुरा कहिल्यै भएको छैन । गोरखामा गणेश पाँडेका सन्ततिहरूको बसोबास कायमै रहेकोले पनि त्यो कुरा उठाउनुपर्ने जरुरी देखिएन । कुलदेवतापूजामा त्यहाँबाट धेरै सहयोगको आशा काठमाण्डौका पाँडे परिवारले गर्न सकिन्छ । वि.सं.१९५५ को कर्णेल विष्णुकुमार पाँडेको ८ नं को बहिखाता पृ.८८ मा कुलदेवतापूजा लाई भनी रु.२५० छुट्याइएको उल्लेख छ । तर सो समय उहाँ आँफै गोरखा पुग्नुभयो अथवा अन्य मार्फत सो रकम कुलदेवतालाई पूजागर्न पठाउनु भयो भन्ने कुरा चाहि स्पष्ट छैन । वि.सं.१९७० ताका विष्णुकुमार पाँडेको निमित्त अत्यन्त व्यस्त समय थियो । ब्रीटेनको समर्थनमा नेपालले प्रथम विश्वयुद्धका लागि सेना रिकुटहरू जम्मा गर्नु पर्ने समय थियो । उनलाई श्री ३ चन्द्र समशेरले रोक्न खोजेका थिए , तर आफ्नो कुलधर्म ,कुलपरम्परा र संस्कृति प्रति अपार श्रद्धा भएका कारण र कडा स्वभावका भएकाले पनि उनले भनेका थिए "मेरो निमित्त कुलेवता प्रत्यक्ष छन् नगई हुदैन " भन्ने अडान लिए पछि त्यसो हो भने मेरो तर्फवाट पनिएउटा कालो बोको चढाई दिनु भनी जाने अनुमति दिएका थिए । यो पारिवारिक सूत्रबाट र पुजारी तथा त्यहाँका बुढा पुरानाबाट थाहा भएको कुरा हो ।

क. विष्णु कुमार पाँडे (पाँडे कर्णेल)

८

क.प. बेलायत कुमार पाण्डे

वि.सं. १९८१ सालमा विष्णुकुमार पाँडेको निधन भएको समय भएकोले, काठमाण्डौबाट गएका व्यक्ति हरूको नाम यकीन हुन सकेन । वि.सं. १९९२ सालमा क.प. बेलायतकुमार मुख्य व्यक्ति भएर काठमाण्डौबाट कुलदेवता पूजामा गोरखा पुगेका थिए र फर्कने क्रममा नुवाकोट भालु डाँडामा आफ्नो पुस्तौं देखि प्राप्त जग्गामा केही समय बसी फर्केका थिए । वि.सं. २००७ सालमा काठमाण्डौमा राणा विरोधी कार्य भईरहेको समयमा विष्णुकुमारको जहान हेमकुरीले जेठाजुका छोरा दरोगा तिलविक्रम पाँडेलाई कुलदेवता पूजामा मुख्य काम गर्न काठमाण्डौबाट गोरखा पठाउनु भएको थियो । त्यस्तै वि.सं. २०१८ सालमा काठमाण्डौमा राजनैतिक परिवर्तनले हलचल मचाएको समय थियो र म स्वयं (ऋषिकुमार पाँडे) पनि सैनिक पेशामा व्यस्त रहेको समय भएकोले मेरा दुई भतिजाहरु सुबिदार प्रेमबहादुर र ~~सुवर्ण~~ हेम जंग पाँडे काठमाण्डौका पाँडे परिवारको प्रतिनिधिका रुपमा गोरखाको कुलदेवताको पूजामा सरिक भए । वि.सं. २०३० सालमा म स्वयं र श्रीमती गीतादेवी सहित कुलदेवता पूजामा विशिष्ट व्यक्तिको रुपमा उपस्थित भएको थिएँ ।। त्यसबेला मेरा दाजुहरू सरदार भीमबहादुर पाँडे ,श्री सिद्धिराज पाँडे, श्री सुवर्ण जंग पाँडे आदि पनि काठमाण्डौबाट पूजामा सामेल हुनुभएको थियो ।

त्यस्तै प्रकारले वि.सं. २०४१ को कुलदेवता पूजामा श्रीमती गीतादेवी र छोरा विजयकुमार सहित उपस्थित भई हिन्दु वैदिक परम्परा अनुसार पहिले भन्दा भव्यरुपले पूजा अर्चना भएको स्मरण छ । साथै अन्य काठमाण्डौका दाजुभाइहरूको पनि उपस्थिति रहेको थियो ।



वि.सं.२०४१ सालको कुलदेवतापूजाको पृष्ठमा १.सरदार भीम बहादुर २.ऋषिकुमार ३. सुवर्ण जङ्ग पाँडे र ४. गीतादेवी पाण्डे ।

कुलदेवतास्थलको भूमिको सम्बन्धमा

गोरखा खोप्लाङ भुसुण्डीखोला पारिको जंगल इलाकामा अवस्थित पाँडेवंशको कुलदेवता, रुखमुनि पातले छोपेको अवस्थामा राखिएका हुन्छन् । पूजाको समयमा पुजारीले पातहरू निकालेर कुलदेवताहरूलाई निकाल्दछन् । त्यसबेला सम्म अघिल्लो १२ वर्ष पहिलेको पूजाका अक्षताहरू राम्रै अवस्थामा रहेका हुन्छन् । समथल नभएको जंगलटारको जग्गा भए पनि कुलदेवताको क्षेत्रफल निकै ठुलो छ । पटक पटक त्यस क्षेत्रको भूमि अतिक्रमण भएको थियो । वि.सं. १९७१ तिरको कुलदेवता पूजामा सरिक भएका विष्णुकुमार पाँडेले कुलदेवताको भूमि अतिक्रमणमा परेको थाहा पाएर रु.१६० तिरेर शाहु चामनारायणको हकदावी छुटाएर भूमिको स्वामित्व कुलदेवताकोमा रहने गरी फर्केका थिए । वि.सं. १९९५ को नापीबाट फेरी उक्त भूमि सार्वजनिक भनी दावी भयो । वि.सं. २०१२ मा चक्राजले उक्त भूमि हालको आवादी भनी आफ्नो स्वामित्वमा राखेर तिरो तिर्दै आए । वि.सं. २०१९मा पूजागर्ने वरपरका केही भूमि मात्र पुजारीकों नाममा नामसारी भयो । २०३० सालमा सरदार श्री भीमबहादुर पाँडे, श्री सुवर्ण जंग पाँडे ,श्री ऋषिकुमार पाण्डे, सिद्धिराज पाँडे सहित गएको टोलीले २८,३० रोपनी जग्गा बेचबिखन गर्न नपाउने गरी कुलदेवताको नाममा नामसारी गरी फर्केको थियो । वि.सं. २०३१/१/१७ मा भूमि प्रशासन कार्यालय काठमाण्डौबाट चार किल्ला छुट्याई जग्गा पास भएको पुर्जा प्राप्त छ । त्यस पछि पनि पटक पटक कुलदेवताको पूजामा उपस्थित भएर सबैले रेखदेख गरेका कारणले त्यसमाथि कसैको जोर चल्न सकेन । सुरक्षाको प्रबन्ध मिलाउन सके त्यहाँ प्रशस्त फलफूल, तरकारी खेती गर्नसक्ने संभाव्यता रहेको छ ।त्यस क्षेत्रमा २०३१ साल तिरबाट श्री ऋषिकुमारद्वारा वृक्षारोपण गर्न लगाई संरक्षणको लागि प्रशासनिक कारबाही पनि गरिएको थियो ।



वि.सं. २०५२ सालमा लिइएको कुलदेवतापूजा क्षेत्रको मनोरम दृष्य र टाँगिएका पालहरु ।

कुलदेवताका भाँडा कुँडा आदि सरसामान

कुलदेवताको भाँडा कुँडाको सूचीमा कर्णेल विष्णुकुमार पाँडेको नाम उल्लेख भएको पाइन्छ। कुलदेवता पूजाका सामग्रीहरूको बारेमा लिपिवद्ध नभए पनि वि.सं. १९९२ सालमा काठमाण्डौबाट खरिद भएको "कुलदेवताको पूजाको लागत" भन्ने शीर्षकको एउटा लिखित कागजात तयार भएर त्यसमा त्यस वर्षका पूजामा लागेका पूजाका सामान, देवतालाई चढाउने सामान, खानेकुरा, तरकारी मरमसला,लगाउने धोती गहना आदि समेतको सूची र त्यसको मूल्य उल्लेख भएको छ। त्यसपछि पनि केही कुराहरू लिपीवद्ध भयो होला। वि.सं.२०३०,४१ र ०५२ सालमा गरी ऋषिकुमार पाण्डे तथा परिवारको तर्फबाट चाँदीको आचमनी सिंहासन र त्रिशूल अर्पण गरिएको थियो। २०५२ सालमा धेरै मानिसहरूको कुलदेवता पूजामा जमघट भएको कुरा त्यसवेला खिचिएका फोटोहरुबाट स्पष्ट हुन्छ। हिन्दु वैदिक विधि विधान अनुसार भोटो ,धोतीमा सजिएका विशिष्ट व्यक्तिहरूको तस्वीर, टाँगिएका पालहरू, बलिका लागि ल्याइएका बोकाहरूको तस्वीरले त्यसबेलाको पूजा धेरै ठूलो जमातको बीचमा सम्पन्न भएको देखिन्छ। बोकालाई बली दिदा मार हान्ने चलन रहेको छ। जति धेरै बलि दिएता पनि त्यस ठाउँमा रगत छयाल्ल ब्याल्ल भएको देखिदैन। सम्पूर्ण उपस्थित वर्गको लागि बोलेर सम्बोधन गर्ने कुरा संभव नभएकोले होला लिखित रुपमा सम्बोधन गरिएको थियो। त्यसमा ४५० वर्षको पाँडेवंशको लामो इतिहास संभवत: ३५सौं पटकको कुलदेवताको पूजामा सामेल भएको कुरा उल्लेख छ। वि.सं. २०५२।११।२२को मिति दिएर कुलदेवताको विभिन्न सामानहरूको प्रकारको , गुणको शीर्षक दिएर सूची तयार गर्ने काम भयो। यस अधिका पूजामा सामेल भएर कुलदेवतालाई एक सामान या गर गहना चढाउने चलन अनुसार ,ढलोटंको ,पित्तलको, काँसको र चाँदीको समेत सामानमा दाताहरूको नाम उल्लेख भएको छ। जसबाट वि.सं.२०४१को कुलदेवता पूजामा उपस्थितको नामहरू पनि जाहेर भएको छ। वि.सं.२०४१को कुलदेवता पूजाको धेरै अनुभवहरू बटुलेर त्यसको आधारमा संपूर्ण नियम विनियमका कुराहरू भावी सन्ततिहरूका लागि लिपिबद्ध गर्नुपर्ने आवश्यकता संझेर सो काम गरिएको थियो।

कुलदेवता पूजा संचालन समितिको विधानमा के छ ?

जसको १ नं बुँदामा कुलदेवता पूजा संचालन समितिको विधान २०५२ भन्ने उल्लेख छ। बुँदा नं २ मा विधान तयार गर्नुको उद्देश्य उल्लेख छ। जस अनुसार परम्परा देखि वैदिक नियम अनुसार चली आएको कुलदेवता पूजामा संपूर्ण पाँडे परिवारलाई समेत र त्यसको नियम विधि बारे सु-सूचित गर्नुका साथै दैविक सम्पत्तिको संरक्षण गर्नु र पूजा स्थलको समेत विकास गर्नु हो। जसबाट पाँडेवंशावलीको पनि विकास गर्नु र अभिलेख तयार पार्ने काम गर्नु हो। 'बुँदा नं३ मा सदस्यता सम्बन्धी नियम तयार गरेर सबै उपमन्यु गोत्रका पाँडें परिवांरले कुलदेवता पूजामा भागलिन पाउने साधारण सदस्य सम्म बन्न पाउने कुरा उल्लेख छ। खास गरी नयाँ आउनेले काममा प्रवेश पाउन सक्ने छैनन्।

बुँदा नं४मा पूजाकार्यसमितिको गठन काम कर्तव्य र अधिकार लेखिएकोमा पूजा कार्यसमितिको गठनका प्रक्रिया सदस्यता २ वर्ष अवधि र देवस्थल र देवसंपत्तिको रक्षागर्ने मुख्यकाम ती पदाधिकारीहरूको हुन्छ। सम्पत्ति सबैको साझारुपमा रहन्छ र कसैले कुलदेवतालाई छुट्याई लाने परम्परा पनि नभएको र धर्म जात नमिल्नेबाट पैदाभएको सन्ततिले यस मण्डप र पूजास्थलमा प्रवेश नपाउने र बाहिरबाटै नमस्कार गर्नुपर्ने कडा नियम पनि बनेको छ। श्रीपंचमी सम्ममा पूजाकार्यसमितिले कर्ताको निर्धारण गर्नुपर्ने र वंशावली संकलन गर्नुपर्ने र त्यसलाई अर्को पूजामा सार्वजनिक गर्नुपर्ने प्रावधान पनि रहेको छ।

बुँदा नं ५ मा पुजारीको छनोट सम्बन्धी प्रक्रिया उल्लेख भएकोमा उपमन्युगोत्रका गणेश पाँडेका सन्ततिहरूबाट थकाली प्रथाको आधारमा चुनेर जेठो छोराले उत्तराधिकार प्रप्तगर्ने व्यवस्था छ। बुँदा नं ६मा कार्यसमितिको बैठक आवश्यकता अनुसार हरेक वर्षको फागुपूर्णिमाको दिन कुलको अभिवृद्धिको लागि पूजाकार्यसमितिले तोकेको ठाउँमा सम्पूर्ण पाँडेबन्धुहरू भेला भएर छलफल गर्ने र पूजाको दशौं वर्षमा फागुपूर्णिमाका दिन सम्पूर्ण साधारण सदस्यहरू भेला भई नयाँकार्यसमितिको गठन गर्ने नियम रहेको छ। बुँदा नं ७ मा तौमा कोषको व्यवस्था र त्यसको संचालन सम्बन्धी नियम उल्लेख छ। साधारण सदस्य शुल्क नयाँ प्रवेश गर्नेहरूको शुल्क र पूजा वर्षमा पूजामा सामेल हुने हरेक परिवारबाट तोकेको भन्दा न्यूनतममा नघटाई संकलन गरिएका रकम बैंक खाता खोली अध्यक्ष पुजारी र कोषाध्यक्षको संयुक्त हस्ताक्षरबाट मात्र निकाल्न सकिने गरिएको छ। बुँदा नं ८ मा पूजा सम्बन्धी नियमहरू छन्।

गुरु शुक्रास्त दोष र पूजाको पूर्वाङ्ग :-

प्रत्येक १२ वर्षको फागुपूर्णिमाको दिन गोरखा खोप्लाङको भुसुण्डीको कुलदेवता पूजामा उपमन्यु गोत्रका गणेश पाँडेहरूका सन्ततिहरू भेला भएर मनाउने गरिन्छ। शुक्र अस्त ,गुरु अस्त, ग्रहण तथा चैत्र फागुपूर्णिमा पर्न गएमा त्यस वर्ष कुलदेवता पूजा हुँदैन। त्यस्तो अवस्थामा एक वर्ष अघि वा पछि पूजागर्ने चलन छ। चतुर्दशीको दिन पूजा स्थल र यज्ञको लागि यज्ञ मण्डप विधिवत तयार गरिन्छ। ब्रतबन्ध गरेका गणेश पाँडेका ब्राह्मण तथा क्षेत्री दुबैले चतुर्दशीको दिन देखि जनै फेरी शुद्ध भएर एक छाक मात्र खानुपर्छ। भोलि कुलदेवता दर्शन गर्न भोटो, मर्दाना धोती या सेतो गन्जी लगाउनु पर्दछ। पुजारीले बाहेक अन्यले अक्षता चढाउन हुँदैन। ब्रतबन्ध नभएका र महिलाले दर्शन गर्न नपाउने प्रावधान पनि रहेको छ।

बलिदिने नियम :-

कुलदेवता पूजामा बलि दिनेमा पनि केही नियमहरू छन् । पूजामा सामेल भएका सम्पूर्ण बन्धुहरूले सगोलमा एउटा कालो निख्खर बोकाको बलिदिने चलन छ । प्रत्येक छुटभिन्न भएका परिवारले एक र प्रत्येक छोरा या छोरीले जेठो छोरा जन्मेको उपलक्ष्यमा एउटा बोका बलिदिने र जेठो छोराको प्रथम विवाहमा र भाकल स्वरुप पनि बोका बलिदिने चलन छ । बोका काट्ने समय पनि क्रम निर्धारण गरी काट्ने चलन छ । पाँडेहरु विषेश गरी शक्तिका उपासक भएकोले र राष्ट्र रक्षामा शूरवीर हुनु पर्ने भएकाले पनि शक्ति प्रप्तिका लागि पनि बलिको विधान रहेको हो ।

पूजासमय

वि.सं.२०५२मा श्रीमती गीतादेवीका साथमा र दायाँ तस्वीरको बीचमा सेतो गन्जीमा छोरा विजयकुमार पाण्डे

पुरोहित बाहेक छब्बीस जना ब्राह्मणहरूबाट यज्ञमण्डपमा विभिन्न वेद ,सप्तसती, रुद्री आदि पाठ गर्ने परम्परा रहेको छ । अभिषेकको समय सम्पूर्ण पाँडे परिवार भेला भई अभिषेक लिने गरिन्छ । पूजाका समय दमाई बोलाई पञ्चेबाजा हर्षोल्लासका साथ वजाइन्छ। त्यही समयमा लाख वत्ती पनि बालिन्छ । पूर्णिमाका दिन होम पाठ पूजा समाप्ती पछि पुजारीबाट टीका प्रसाद वितरण हुन्छ र कुलदेवताको अन्तीम दर्शन पनि गराइन्छ । त्यसपछि महा आरती गरी ठूलो भोज हुन्छ । त्यहाँबाट प्रसाद लगी अन्यत्र खान पाइदैन । जे जति प्रसाद हुन्छ त्यही स्थानमा समाप्त गर्नुपर्दछ । भनिन्छ जनैमा लागेको दाग पनि त्यहीं कै खोलामा धोएर फर्कनुपर्दछ ।

टाउके भोज

कुलदेवता पूजाको अर्को विशेषता भनेको टाउके भोज हो । बलि चढाएका बोकाका टाउकोहरू भोलिपल्ट प्रसादको रुपमा ग्रहण गर्ने र त्यसमा ज्येष्ठ प्रतिनिधिको उपस्थिति अनिवार्य भएकाले हालको पूजाको लेखाजोखा र भावी कार्यक्रमको पनि त्यसमा निर्धारण गर्ने गरिन्छ । अघिल्लो दिन भेटघाट गर्न फुर्सद नहुने भएकोले टाउके भोजका दिन आपसमा भलाकुसारी पनि हुन्छ । पूजामा उपस्थितहरूको परिचय गराउने काम पनि पूजाकार्यसमितिले गर्दछ । त्यसपछि कुलदेवताको स्थलको बारेमा गर्नुपर्ने कुराको छल फल पछि आफ्नो गन्तव्य तर्फ लाग्ने गरिन्छ । यसरी टाउके भोजको महत्व धेरै दृष्टिकोणबाट भएको मान्नुपर्दछ ।

वि.सं.२०४१ भन्दा वि.सं. २०५२ सालको कुलदेवता पूजामा भव्य उपस्थिति रहेको थियो । यातायातको व्यवस्थामा सुधार भएको कारणबाट मात्र यो संख्या वृद्धि भएको मान्नु हुँदैन । यसको कारण आफ्नो कुल परम्परा र पुर्खा प्रतिको श्रद्धाका कारण यो कुलदेवतापूजामा वृद्धि हुँदै गएको मान्नु पर्दछ । पुर्खाको मान सम्मान गर्ने खालका प्रयासहरू नयाँ पुस्ताबाट हुँदै आएको छ । वि.सं. २०५९/११/२४ मा"काजी कालु पाँडे ,काजी तुलाराम पाँडे स्मृति प्रतिष्ठान "स्थापना गरेर कुलदेवता स्थलको समेत सुधार गर्ने प्रतिवद्धता भएको थियो । पुर्खाको धरोहरको रुपमा रहेको कुलदेवतापूजा स्वधर्म परम्परा भएकाले पनि यस प्रति नयाँ पुस्ताको चासोमा वृद्धि हुँदै आएको छ । यो परम्परा नयाँ पुस्ताले पुरानो पुस्ताबाट सिकेर केहीगर्ने जाँगर चलाएको देखिन्छ । यसलाई प्रशंसनीय कुराको रुपमा लिनुपर्दछ ।

उपसंहार

सम्पूर्ण पाँडे परिवारलाई एक सूत्रमा बाँध्ने कडीको रुपमा कुलदेवतापूजालाई लिन सकिन्छ । पूजा हुने खबर थाहा पाए पछि संपूर्ण पाँडे परिवार देश भित्र र बाहिरबाट पनि पूजामा सामेल हुने प्रयास गर्दछन् । धर्म र संस्कृतिको माध्यमबाट कुलको वृद्धि गर्नु र पूर्खाको स्मरण गर्ने अवसरको रुपमा कुलदेवता पूजालाई लिइन्छ । वि.सं.२०५२ सालको पूजामा सम्पूर्ण कुराको लिपिबद्ध गरेर वंशावली समेत पेश गर्नुपर्ने नयाँ पुस्ताको निमित्त सरल र सहज तुल्याउने काम भयो । आफू सेवामा रहदा कुलदेवतापूजालाई मान्यताका साथ मनाउन श्री ऋषि कुमार पाण्डे ज्यू ले धेरै परिश्रम गर्नुभएको थाहा हुन्छ । कुलदेवताको जग्गा जमीनको स्वामित्व आफ्नै वंशमा हुने कार्य गर्नु, पूजामा सम्पूर्ण पाँडे परिवारलाई सामेल गराउने प्रयास गर्नु, पूजामा सबैकुराको व्यवस्था मिलाउनु, पालहरू टाँगेर पूजाको व्यवस्था मिलाउनु, गोरखाका सबैलाई पूजामा भेला गराई निमन्त्रणा गर्नु यी सबै काममा वहाँको ठूलो योगदान रहेको स्पष्ट हुन्छ । पुर्खाको बारेमा लेख्ने लेखाउने कुरामा वहाँ धेरै अग्रसर हुनुहुन्छ । आफूले धेरै पल्ट कुलदेवताको पूजामा सामेल भएर बटुलेका अनुभवहरूलाई लिपिबद्ध गरेर नयाँ पुस्तालाई दिन चाहनुहुन्छ । आफ्ना पुर्खाको बारेमा धेरै चासो र जिज्ञासा राख्ने

कुल र धर्म प्रति कडाइका साथ नियम पालना गराउने ,त्यस्तै गुणको विकास नयाँ पुस्तामा सार्ने प्रयास गर्ने, यस्ता महाँपुरुष इतिहासमा पनि विरलै पाइन्छन् । आफूबाट निर्माण गराइएको पाँडेवंश वृक्ष तालिकामा वहाँ अझ धेरै हाँगा विगाहरू फैलाउन चाहनुहुन्छ । लामो समय सम्म सेवारत रहेर आफुले प्राप्त गरेका सम्पूर्ण अनुभवहरूलाई भावी पुस्ताका लागि लिपिवद्ध गरेर छोड्ने कुरामा वहाँ धेरै प्रयासरत हुनुहुन्छ । पाँडेवंशको जीवन्त इतिहाको रुपमा वहाँलाई लिन सकिन्छ । यो लेखको माध्यमवाट पनि वहाँ नयाँ पुस्तालाई कुलदेवता पूजाको विकास र संवर्धनमा योगदान दिन घचघचाउन चाहनुहुन्छ ।

प्रा.डा. [illegible]

प्रमुख

त्रि.वि. इतिहास शिक्षा विभाग,
शिक्षा शास्त्र केन्द्रीय विभाग कीर्तिपुर ।

अन्ततो गत्वा...............

प्रधान सम्पादक

नेपालको इतिहासमा गौरवशाली भूमिका निर्वाह गरेको पाँडेवंशको इतिहासको गर्भमा रहेको कुलदेवतापूजाको बारेमा प्रकाश पार्नु आवश्यक ठानी आफ्नै घरमा रहेका मेरा बाजे कर्णेल विष्णुकुमार पाँडेको वहीखाताहरू र केही स्वयं संकलन गरेका इतिहास सम्वन्धी सामग्रीहरू तथा इतिहासविद् योगी नरहरि नाथ ज्यू संग मैले गरेका प्रत्यक्ष संवादको आधारमा र अन्य प्राप्त श्रोत सामग्रीहरूका आधारमा, त्यस्तै प्रकारले वुढा पुरानाहरूको भनाईका आधारमा तथा पुजारीहरूको भनाइका आधारमा एवं प्रचलित भनाइ र कथाहरूका आधारमा आश्रित रहेर यो खोजमूलक वुलेटिन प्रकाशित गरिएको हो ।यसबाट आफ्नो गौरवशाली इतिहासको संस्मरण गरी राष्ट्रसेवाको भावना हाम्रा नयाँ पुस्तामा जागोस भन्ने अभिप्रायले यो प्रयास गरिएको हो । अहिलेको परिप्रेक्षमा देश काल र परिस्थिति अनुसार यस कुलदेवता क्षेत्रलाई पनि आधुनिकीकरण गराउँदै जानुपर्ने आवश्यकता पनि महसूस भएको छ। यस क्षेत्रलाई कम्पाउण्ड गर्ने काम, बाटोघाटो निर्माण गर्ने कार्य तथा बगैंचा बनाउने र विभिन्न थरिका जडिवुटिहरूका बोटविरुवा लगाउने कार्य टट्कारो रुपमा देखिएको छ । यसो भएमा यो क्षेत्रको शोभा अझ बढी देखिने थियो ।

वि.स. २०४७ मा अवकाश प्राप्त

यस १२ वर्षे कुलदेवतापूजा महायज्ञमा जस्तो सुकै व्यस्त समयका बाबजूद पनि म र मेरा परिवार वि.सं.२०३० सालदेखि निरन्तर रुपमा उपस्थित हुँदै आउने सौभाग्य मिलेकोमा आफूलाई गौरवको अनुभूति भएको छ । अहिले सम्म यो ऐतिहासिक कुलधर्म र कुलपरम्पराको धरोहरको रुपमा रहेको कुलदेवतापूजा र यस क्षेत्रको संरक्षणमा विशेष गरी सरदार भीमबहादुर पाँडे, सुवर्ण जंग पाँडे , तुलाजंग पाँडे,यमबहादुर पाँडे ,केशरशहादुर पाँडे ,रुद्रबहादुर पाँडे ,विष्णु बहादुर पाँडे, लगायतका दाजुभाइ तथा पकनाजोलका दाजुभाइहरू एवं अन्य दाजुभाइहरू र वहाँका वंशज र गोरखाका पाँडे दाजुभाइहरू र भारती र कुमाल परिवारहरूको सत्प्रयास र श्रद्धाका कारण पनि यस परम्पराले अहिले सम्म निरन्तरता पाएको हो । यो गौरवमय ऐतिहासिक परम्परा बोकेको कुलदेवतापूजा परम्परालाई हाम्रा सन्ततिहरूले राम्रो संग बुझुन् र यस परम्परालाई युगौं युग सम्म यसैगरी चलाईरहून् भन्ने आशा पनि लिएको छु । आफ्नो गौरवमय इतिहास र कुलपरम्परा बुझी हाम्रा भावी सन्ततिहरुमा देशभक्तिको भावना जागृत होस र कुलधर्म कुलपरम्परालाई बुझुन् भन्ने अभिप्रायले यो प्रयास गरिएको हो । कुलदेवताको आशीर्वादले हाम्रा सन्ततिहरुले पनि राष्ट्रसेवामा आफूलाई समर्पित गरी पुर्खाको गौरवमय परम्परालाई सधैं यसै गरी युगौं युग सम्म चलाई रहून भन्ने प्रार्थना गर्दछु । नेपाल राष्ट्र र संपूर्ण नेपालीहरूको जय होस ।

अ.प्रा. रथी ऋषिकुमार पाण्डे
ढल्को ,क्षेत्रपाटी,काठमाण्डौ

सन्दर्भ ग्रन्थसूची

- भीमबहादुर पाँडे क्षेत्री, राष्ट्रभक्तिको झलक,काठमाण्डौ : रत्नपुस्तक भण्डार, वि सं. २०४१
- लीलाभक्त मुनंकर्मी, मध्यकालीन नेपाल, काठमाण्डौ : रत्नपुस्तक भण्डार,२०२५
- दिनेशराज पन्त, गोरखाको इतिहास, भाग२
- गंगा कर्माचार्य (हाडा), Centributious to nepales studies, vol.24,nov 2,july 2001
- गंगा कर्माचार्य (हाडा),नेपालको इतिहासमा कपर्दार भोटु पाँडे,काठमाण्डौ : नेपाल र एशियाली अनुसन्धान केन्द, त्रि.वि. कीर्तिपुर, २०५७
- बाबुराम आचार्य, अब यस्तो कहिल्यै नहोस् ,काठमाण्डौ : प्रा. श्रीकृष्ण आचार्य, २०६३
- हिरालाल सिंह डंगोल, दगू आदि निसें थौं तक, ज्यापू पौ,वर्ष २ अंक४, वि.सं.२०५९
- कर्णेल विष्णुकुमार पाँडेले प्रयोग गरेका रजिष्टरहरू
- कुलदेवताको जग्गा पास सम्वन्धी सरकारी पत्रहरू
- कुलदेवतापूजा सम्बन्धी नियम विनियमहरू भएका दस्तावेजहरू
- सम्बन्धित विशिष्ट व्यक्तिहरूका भनाइहरू

वि.सं. २०३० को तस्वीरको बीच भागमा १. सरदार भिम ब. पाँडे २. प्र.से. विष्णु ब. पाँडे ३. म.से. ऋषि कुमार पाण्डे तथा उपस्थित बन्धुहरु र गाउँले दर्शकहरु।

कुलदेवता पूजामा सरिक हुँदा लगाउनु पर्ने मर्दाना धोती र भोटोमा ऋषि कुमार पाण्डे।


गोरखा
N
गोरखा
संकेत चिन्ह
बस्ती
पुल
खोला
बजार
सडक
पक्की सडक
शाखा सडक
ईलाका
चेर्दि खोला
छेपेटार बजार
१२ किलो
दरौंदी खोला
मुसुने खोला
होम लगाउने ठाउं
कुल देवता रहने स्थल
बली दिने ठाउं
रबर उद्योग
पोखरा
आबु खैरेनी
मुग्लिन
काठमाण्डौं

काजी कालु पाँडे र कीर्तिपुरको पहिलो युद्ध

प्रा. डा. गंगा कर्माचार्य (हाडा)
शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर

समाज र राष्ट्रको निमित्त विभिन्न क्षेत्रबाट योगदान पुऱ्याउने विशिष्ट व्यक्तिहरुको खोजिनीति गरी कदर र स–सम्मान गर्ने लहर चलेको आजको परिप्रेक्ष्यमा, काजी कालु पाँडेले नेपालको एकीकरण अभियानमा पुऱ्याएको योगदानलाई पनि नेपालीहरुले बिर्सन सक्दैनन् । एकीकरण अभियान प्रारम्भ गर्नका लागि विशेष योग्यताले सम्पन्न कालु पाँडेलाई पृथ्वीनारायण शाहले जनमतको आधारमा काजी पदका लागि चुनेका थिए । जसको नेतृत्वमा गोरखाली फौजले सफलता हासिल गर्दै आइरहेकोमा, वि.सं. १८१४ जेष्ठ १९ गते भएको कीर्तिपुरको प्रथम युद्धमा उनले वीरगति प्राप्त गरेपछि गोरखाली पक्षले शानदार हारको सामना गर्नु परेको थियो । उनको राजभक्त र वीरतासँग जोडिएको उक्त युद्ध, कीर्तिपुरेहरुको वीरगाथाले ओतप्रोत छ । उनले दहचोकबाट शुरु गरेको उक्त युद्ध, दहचोककै डाँडामा गएर विसर्जन पनि हुन गयो । दहचोकमा उनको चिहान या समाधिस्थल भएको बारेमा पनि विद्वान्हरुको मतभिन्नता भएर केही प्रश्नहरु तेर्सिने गरेकाले त्यस सम्बन्धमा पनि चर्चा गर्न खोजिएको छ । आफ्नो दिव्यउपदेशमा पृथ्वीनारायण शाहले कालु पाँडेको संस्मरण धेरै पटक गरेका छन् । उनको मृत्युपछि पश्चातापको अग्नीमा जलेर उनले कालु पाँडेलाई बिर्सनै नसक्ने भयो ।

कालु पाँडेको परिचय

वद्धुसिद्धको नामबाट पनि परिचित भएका कालु पाँडेको जन्म संवत् १७७० ताका भएको थियो उनको न्वारानको नाम "वंशीधर" थियो ।[1] श्याम वर्णको भएकाले उनलाई घरमा 'कालु' नामले पुकार्ने गर्दथे । गोरखाका ६ थरघरमा पर्ने काजी भीमराज पाँडेका छोरा भएकाले दरबारबाट उनले राम्रो शिक्षादीक्षा पाएका थिए ।[2] पृथ्वीनारायण शाहले मायाले उनलाई 'काल्या" अथवा "कालु" नामले पुकार्ने गरेको कुरा पछिका वर्णनहरुबाट पुष्टि हुन्छ । उमेरले पृथ्वीनारायण शाहभन्दा ९ वर्षले जेठो भएपनि उनी उनका दौतरी पनि थिए ।[3] मकवानपुरमा युवराज दिग्वन्धन सेनसँग गोरखाली पक्षको मनमुटाव चल्दा, दुलहीले लगाएको गहना र अन्माउदा चढेको एकदन्ता हात्ति पनि गोरखालीको हुन्छ भनी माग गर्ने दलका अघिसरा कालु पाँडे थिए ।[4] ससुरालीको तितो अनुभव लिएर सिधै घर नफर्की पृथ्वीनारायण शाह नेपाल खाल्डोको दर्शन गर्न ६ थरघरका साथ चन्द्रगिरीको डाँडोमा पुगे । ससुरालीमा दिग्वन्धन सेनलाई युद्धको हाक दिएर आएको कुरा गुनेर बसेको बेला गोरखामा मामा उद्योत सेनसँग उनको भेट भयो । भेटको अवसरमा, दिग्वन्धन सेनसँग गरेको युद्धको हाक र मल्ल राजाहरुसँग पनि लड्ने निश्चय गरेको कुरा उनले मामा समक्ष जाहेर गरे । साथै कस्तो काम गरे, कुन जातकालाई सेनापति बनाएमा काम चाँडो फत्ते होला भन्ने उनले प्रश्न गरेपछि जवाफमा मामाले भनेको कुरालाई आत्मसात गरी चलाएको एकीकरण अभियानमा कालु पाँडेलाई प्रमुख व्यक्तिको रुपमा सामेल गरेका थिए ।[5]

लमजुङसँगको सन्धि (संवत् १७९७)

लम्जुङलाई आफ्नो पक्षमा पारेर मात्र विजय यात्रा अघि बढाउनु उचित हुन्छ भन्ने कुरा सोचेर पृथ्वीनारायण शाहले गोरखा र लमजुङको बीचमा चिठ्ठी पत्रको आदान प्रदान गरे । फलस्वरुप लमजुङका राजा रीपुमर्दन शाह मन्त्रीवर्गका साथ सभामा उपस्थित हुन चेपेघाट (गोरखा र लमजुङको दोसाँधमा परेको) मा आइपुगे । पृथ्वीनारायण शाह पनि नरभूपाल शाहको छाप लिएर चनाखो मानिसहरुका साथ चेपेघाटमा उपस्थित भए । गोरखाली दलको नेतृत्व कालु पाँडेले गरेका थिए । लमजुङको कास्कीसँग झगडा भएको र गोरखासँग मिलेर यस्को बल नबढोस् भन्नाखातिर लमजुङ सतर्क भयो र गोरखाको पनि नुवाकोट जित्ने अभिलापा भएकोले एकले अर्कोको मद्दत गर्ने कुरामा धर्म भाक्यो । लमजुङले चलाएको काजमा गोरखाले र गोरखाले चलाएको काजमा लमजुङले सरदार समेत मानिस पठाएर मद्दत गर्ने भयो । गोरखाले पूर्व सिन्धुसम्म जितोस् भन्ने विचार रहेको पनि लमजुङले व्यक्त गर्‍यो । सन्धिको अवसरमा कालु पाँडेले देखाएको तिक्ष्ण बुद्धिको निमित्त अत्यन्त खुसी भएर पृथ्वीनारायण शाहले आफ्नो उपदेशमा यसरी व्यक्त गरेका छन् “जे मेरो मनमा थियो, सब उही बोलेर त्यो कालुले बाँध्यो लम्जुङ साथ सन्धि बलियो तीखो निजी बुद्धिले । सो धा वन्धनवाट पार्ष्णिभयको (विपरित दिशाका राज्यको भय) शङ्का भयो क्यै कम, हामीलाई अगाडि वढ्न यसले केही दियो तत्क्षण ।”[६] सन्धि पछि आफ्ना छोरा वंशराज पाँडेको र लमजुङे राजाका छोरा वीर मर्दन शाहको बीचमा मितेरी लगाई कालु पाँडे गोरखामा फर्के ।[७] लमजुङ र गोरखाका राजाहरु समुख अरु कुरा गर्नु पर्दा प्राय: चेपे नदीको किनारमा आएर भेट गरेको उल्लेख पाइन्छ । यस सम्बन्धमा द्रव्य शाह र नरहरी शाहले उक्त स्थानमा भेट गरेको घटना इतिहासमा प्रसिद्ध छ । मल्ल राजाहरु पनि काठमाण्डौ र पाटनलाई छुट्याउने वाग्मती भएकोले टेकु दोभानमा आएर (तीनै शहरका) भेटघाट गर्ने गरेको कुराको उल्लेख ठ्यासफुमा पाइन्छ । लमजुङसँगको सन्धिमा पृथ्वीनारायण शाहले विशेष परिश्रम गर्नु परेन । कालु पाँडेले सबै चाँजोपाँजो मिलाई दिएकोले यसबाट पृथ्वीनारायण शाह ज्यादै प्रभावित भए । राष्ट्रिय र अन्तर्राष्ट्रिय दृष्टिले यो सन्धि पछि कालु पाँडेको प्रतिष्ठा निक्कै वढ्न गयो ।

कालु पाँडेको कजाई

एकीकरण कार्य शुभारम्भ गर्नुभन्दा पहिले पृथ्वीनारायण शाहलाई कजाई दिने काम पुरा गर्नु आवयक थियो । उक्त पदका लागि योग्य उम्मेदवार चयन गर्नु पर्ने भएकोले कसलाई चुनेमा पूर्व हान्ने काम फत्ते होला भन्ने कुरा उनको मनमा लागिरहेको थियो । राज्यको वन्दोवस्त गर्न राजालाई योग्य मन्त्री भएमा मात्र सजिलो हुने र उक्त पदका लागि योग्य व्यक्ति छान्दा निक्कै विचार पुर्‍याउनु पर्छ भन्ने कुरामा प्राचीन आचार्यहरुले विचार व्यक्त गरेका छन् । लमजुङसँगको सन्धि पछि आफू त:रिझिए, त्यस्तै जनतालाई पनि रिझाउने गुण कालु पाँडेमा छ छैन भनी उनले बुझ्ने चेष्टा गरे । मन्त्रीमा सो गुणको आवश्यकता हुन्छ भन्ने कुरा शास्त्रले पनि वताउने भएकोले उनले मानिसहरु दौडाएर यस सम्वन्धमा बुझ्दा दुनियाँदारीको मत पनि कालु पाँडेकै पक्षमा रहेको र चौवीसी वाईसीहरु पनि कालु पाँडेकै पक्षमा भएको ठहर भयो । कालु पाँडेलाई कजात्रि भएमा सन्धि सम्झौता वलियो हुनेछ भन्ने उनीहरुको सल्लाह थियो । शुरुमा पृथ्वीनारायण शाहको विराज वखेतीलाई मन्त्री वनाउने विचार भएता पनि पछि निष्पक्ष भएर बुझ्दा कालु पाँडेनै धेरै बुद्धि भएका र उनलाई नै मन्त्री बनाउनु पर्छ भन्ने धेरैको राय

भएकोले उनलाई मन्त्री पदका लागि चुन्नु परेको थियो ।[८] यस सम्बन्धमा उनले आफ्नी जेठी आमा समक्ष यसरी व्यक्त गरे "मैले नेपालको काम आट्या; कसलाई अख्तियारी गराया, मेरो काम फत्ते होला .... मगरका भरले पनि मेरो काम भएन, पन्थका भरले पनि मेरा काम भएन, म काशी जाँदाखेरको मिहनत देख्दा भीमराज पाँडेका छोरा कालु पाँडेलाई मुख्तियार गराया मेरो काम फत्ते होला भै लागिरहेछ, जो हुकुम ।" उनको यस्तो रायमा जेठी आमा चन्द्र प्रभावतीले पनि सही थपिन् । परम्परा अनुसार उनले पहिले आमाहरु, भाइ छोराहरुसित सल्लाह गरी पछि सबै थरघर भारी पंच समेत राखी कचहरी गराई कजाई लायकका व्यक्ति को होला भन्नेमा राय दिन लगाए । सबैले "कजाईको काम चलाउन सक्ने कालु पाँडे नै हो" भनेर आफ्नो राय व्यक्त गरे । घरमा मात्र होइन बाहिरबाट पनि समर्थन प्राप्त गर्न चाहने कालु पाँडेले यसबारेमा नेपाल पहाडका राजाहरुलाई समेत पत्र मार्फत जानकारी गराई राय माग्नु पर्ने सल्लाह पृथ्वीनारायण शाहलाई दिए । ती सबैले पनि कालु पाँडे कै पक्षमा मत दिए । पृथ्वीनारायण शाहले पनि कालु पाँडेलाई मन्त्री पदको निमित्त चुन्नुको कारणहरुमा उनी गणेश पाँडेको वंशमा पैदा भएका, नरभूपाल शाहको समयमा केही वर्ष काजी भएका भीमराज पाँडेका छोरा भएका, लमजुङसँगको सन्धिमा उनले कुटनैतिक योग्यता देखाई सकेका र बनारस यात्राको समयमा गोरखामा चन्द्रप्रभावती चौतरा महोद्दामकीर्ति शाह र रणरुद्र शाहहरुका साथमा रहेर प्रशासनिक दक्षता देखाइसकेका आदि नै थिए । कालु पाँडेले पनि कजाई दर्शन गर्नु भन्दा पहिले आफ्नोतर्फबाट गोरखाका थरघर भारा पंच र प्रजासँग राय मागे । सबैले उनलाई कजाई चलाउनु पर्ने कुरा सहमती प्रदान गरेपछि ढुक्क भएर कालु पाँडे शुभ साइतमा कजाई दर्शन गर्न तयार भए । त्यसबेला उनले राजालाई यस्ता तरहले विन्ति गरे– "हुकुम मान्छु कजाज्ञि दर्शन त म गर्छु, वृद्धि वर्ग त भयासम्म भरमगदुर गादिको सोभ्रो गर्न्यै छु. तदर्थ मेरा जियले मात्रै कजाज्ञि पाई हुदैन जहाँ सम्म हाम्रा सन्तानले गादिको सोभ्रो गरिज्यांलसम्म काज चलाउन सकिन ज्यालसम्म कजाज्ञिमान पाँडेले षानु भनि बन्देज गरीबक्सनुभये अब जवाफ आवस्" पृथ्वीनारायण शाहबाट पनि "काजगरी काजको कजाज्ञि चलाउन सकिंज्याल् धर्म सम्भि गादिको सोभ्रो गरिन्ज्याल तेरा संततिलाई कजाई नपोस्नु एस बातका साछि श्री गुरु (गोरखानाथ; श्री मनकामना)" भनी बन्देज गरी दिए ।[९] उक्त कबोल बमोजिम नै पृथ्वीनारायण शाहले बशराज पाँडेलाई योग्य भएपछि मन्त्री पदमा नियुक्त गरेको हुनु पर्दछ । सोही बमोजिम अहिले पनि पाँडे खानदानलाई "काजी" भनी सम्बोधन गर्ने चलन छँदैछ । यसबाट कालु पाँडेको दुरदर्शिता र बुद्धिमता स्पष्ट हुन्छ भने राजाले गरेको कबुल पुरा गरेको पनि स्पष्ट हुन्छ । प्रजाको सर्वसम्मतिबाट मुख्य मन्त्री चुनिएको यो घटना गोरखाको इतिहासमा पहिलो थियो । जनताले छानिएको काजी हुँ भन्ने अभिमान पनि उनमा हुने नै भयो ।

पाँडे बस्नेतको सम्बन्ध– चित्रादेवीको उमेर पुगेपछि उनको विवाहको चिन्ताले कालु पाँडेलाई सताएको थियो । बस्नेत खानदानमा, शिवराम सिंह बस्नेतका छोरा केहर सिंह बस्नेतको पनि विवाह योग्य उमेर भएकोले पृथ्वीनारायण शाहको संयोजकत्वमा दुवैको बीचमा विवाह सम्पन्न भयो । यस विवाह बन्धनबाट पाँडे र बस्नेतको बीचमा ठूलो मित्रता रहन गएर सैनिक अभियानको तयारीमा जुट्न कालु पाँडेलाई निक्कै सजिलो हुन गयो ।[१०]

चौवीसी बाईसीसँग सन्धि

लमजुङलाई आफ्नो पक्षमा राखेपछि पश्चिमका अन्य चौबीसी बाईसी राज्यहरुसँग पनि नयाँ सन्धि सम्झौता गर्नु पर्ने सुझाव कालु पाँडेले राजालाई दिए । त्यसपछि भाइ भारादार सकल थरघरको कचहरी गरी राजाको ईच्छा पुरा गर्न पश्चिमका सकल राजाहरुलाई चित्त बुझाउन सरसौगातका साथ मानिसहरु र वकीलहरु खटिए । नेपालको जीतपछि त्यसबाट प्राप्त धनदौलत आपसमा बाँडीचुडी खाने कुरा पनि ती वकीलहरुले गरे । तर चौबीसी बाईसी राजाहरुले गोरखालाई थाहै नदिई आपसमा सल्लाह गरी आफ्नो नेतृत्व शक्ति लमजुङलाई दिई राखेकोले ती सबै राज्यका वकीलहरु पनि लमजुङ गए । गोरखाका वकीलहरु लमजुङ पुगे पछि कालु पाँडे पनि लमजुङ पुगे । लमजुङमा लेनदेनको कुरा चलेपछि धर्मवन्देजको कागज गर्नुपर्ने कुरा उठ्यो । त्यसैले कालु पाँडेकै सल्लाह वमोजिम लमजुङे राजाले आफ्नाभाइ चौतरिया हस्ते पत्रलेखि कालु पाँडेका साथ गोरखा पठाए । कालु पाँडेकै सल्लाहअनुसार पृथ्वीनारायण शाहले नेपाल जितेपछि "लाख विस दिउला" भन्ने दोहोरो अर्थ लाग्ने करार पत्र लेखी ती चौतरिया हस्ते पठाए । अर्थात् गोरखालीले यस्को एक लाख बीस हजार अर्थ लगाए भने लमजुङेको अर्थमा बीसलाख हुन गयो । करार पत्रको अर्थ नै नलगाईकन चौतरिया पनि लमजुङ फर्के ।

चौबीसी बाईसीसँग यसरी सन्धि हुन सकेकोमा यो सफलताको श्रय पनि कालु पाँडेले पाए । पृथ्वीनारायण शाहले आशा गरेको भन्दा वढी सफलता पाएकोले कालु पाँडेको पिठ्युमा धाप दिएर स्यावासी दिए । नेपाल जितेको दिन सरह नै हर्ष मनाउनु पर्छ भनी हर्ष बढाई गरी उनले देवी देवताको पूजा गरेर भोजको आयोजना पनि गर्न लगाए । सन्धिपछि पनि चौबीसी बाईसीहरु धर्म वन्देजअनुसार चल्छ चल्दैन भनेर जाँच गर्न गोरखा प्रशासनले मानिसहरु खटाई राख्ने भयो ।[११]

नुवाकोट माथि दोश्रो आक्रमण र विजय

निर्धारित योजनाअनुसार कान्तिपुरको मूलद्वारको रुपमा रहेको र तिव्वतसँगको व्यापारिक मार्गको रुपमा रहेको नुवाकोट जित्नु गोरखालीको लागि आवश्यक थियो । जय प्रकाशमल्लको नियन्त्रणमा रहेको उक्त गढको सुरक्षाको अभिभारा जयन्त रानालाई सुम्पिएको थियो । नरभूपाल शाहको समयमा भएको नुवाकोटको हमला असफल भएपछि सेनापति महेश्वर पन्तको चुकुलीमा परेर (अर्का सेनापति) जयन्त राना खोसुवामा परेका थिए । त्यसपछि उनी जयप्रकाश मल्लको सेवामा प्रवेश गरेर नुवाकोटको उमराव बनेर वसेका थिए । गोरखाबाट अन्यत्र गएका मानिसलाई गोरखामा बोलाउनु पर्छ भन्ने कालु पाँडेको सल्लाहअनुसार पृथ्वीनारायण शाहले महेश्वर पन्त र वली पन्तलाई गोरखामा झिकाए । युद्धपूर्व जयन्त रानालाई पनि आफूतिर तान्ने प्रयास गरेकोमा–"जयप्रकाश मल्लको नून खाइसके अब गोरखालीको पक्षमा आउन सक्दिन" भन्ने जयन्त रानाको जवाफबाट पृथ्वीनारायण शाह रिसाएका थिए ।[१२] ज्योतिपी कुलानन्द ढकालले दिएको नुवाकोट हान्ने साइतलाई राजा र मन्त्री दुवैले गोप्य राखे । संवत् १८०१ मा १,००० सेना मध्येमा केही भाग आफ्ना साथमा राखेर बाँकी भागलाई पृथ्वीनारायण शाहले दुई दलमा विभाजित गरे । त्यसमा गेर्खुको वाटो भएर अघि बढ्ने सैनिक दलका दलमुखी कालु पाँडे थिए । यही दलमा १२ वर्षका चौत्तरा दलमर्दन शाह पनि सामले थिए । उक्त दल महामण्डपमा उक्ली दलमुखी भएर बसेका जयन्त रानाका छोरा शंखमणि रानाको दलमर्दन शाहबाट हत्या

भएपछि महामण्डप गोरखालीहरुको कब्जामा पर्न गयो । त्यहाँबाट गोरखालीहरुले ओढालो लागेर गढ फुटाउन विस्फोटक पदार्थ प्रयोग गरी नुवाकोट माथि सफल हमला गरे । केही समयको संघर्षपछि बढाँईका साथ पृथ्वीनारायण शाहले नुवाकोट दरवारमा प्रवेश गरे ।[१३]

वेलकोट कब्जा

नुवाकोटको दखल बलियो भएपछि गोरखालीलाई वेलकोट सर गर्नु आवश्यक थियो ! छोराको मृत्युपछि गोरखालीसँग मुकाविला गर्न जयन्त राना डटेर बसेका र थप सेनाको निमित्त उनी काठमाण्डौमा पत्राचार गर्दै थिए । नुवाकोटबाट भागेर आएका सबै जनताहरुलाई बटुलेर गोरखालीसँग बदला लिन जमेर बसेको उनको स्थितिबाट उत्तेजित भएर पृथ्वीनारायण शाह कसैलाई खवर नै नगरी सेना लिएर हमला गर्न अघिसरे । मल्ल सेनाले चाल पाएर माथिबाट वाणको वर्षा गर्न थाले । पृथ्वीनारायण शाहका सेनाहरु हत्पताई उनको पछि लागे । कालु पाँडेले पनि घोरघाटमा आई उनलाई भेट्टाए । 'हड्वडमा लडाई छेडी हाल्नु हुँदैन" भन्ने कालु पाँडेको भनाई माथि "तैले लडाई सिकाउलास् र म लडाई गरुँला" भन्ने उत्तर दिएर पृथ्वीनारायण शाहले आफ्नो पालकी अघि बढाए । उनी ठानाका नजिकमा पुग्दा वैरीका तर्फबाट खसेको वाण देख्दा पालकी उठाई फर्कने विचार गरेको (पृथ्वीनारायण शाहलाई) देख्दा कालु पाँडेले अघि सरेर युद्ध जारी राख्नु पर्ने, यसो नगरे वैरीको मनोवल बढ्ने कुरा सम्झाएर उनलाई युद्धमा सामिल गराए । गोरखाली फौजले जयन्त रानालाई पक्रेपछि युद्ध थामियो । घाइते सैनिकहरु तर्फ नजर फिजाएर जीतको अवरमा पनि पृथ्वीनारायण शाहले मलीन अनुहार गरेका देखेर कालु पाँडेले यसको कारण सोधे– सेनाध्वस्त भएकोमा आफ्नो भूल स्वीकार गर्दै उनले कालु पाँडेलाई "अवदेखि कटकका कुरामा विना तेरा सल्लाह गर्न्या छैन" भन्दै पिठमा थाप दिँदै जयन्त रानालाई साथमा लिएर नुवाकोटतर्फ प्रस्थान गरे ।[१४] मन्त्री वर्गसँग सरसल्लाह गरेर जयन्त रानाको जिउँदै छाला काढियो । यो विभत्स हत्याबाट मगर भारादारहरुको मानसिकतामा आधात पर्न गएकोले पछि उनीहरुको पुरानो पद प्रतिष्ठा गर्न पृथ्वीनारायण शाहले विराज थापालाई पुनः सेनापतिमा नियुक्त गरेका थिए ।[१५]

बेलकोट विजयपछि नुवाकोटलाई मुख्य मुकाम बनाएर गोरखालीहरुले पूर्वतिर बढ्ने योजनाको कार्यान्वयन यहीबाट गर्न थाले । यहाँबाट काम गर्न विशेप पाइक पर्ने भएकोले नुवाकोटलाई राजधानी घोपित गरेर पृथ्वीनारायण शाहले एकीकरणको कार्य यहीबाट गर्ने निर्णय गरे । मल्ल राजाहरुका दरवार पाँच तल्ले हुने भएकोले उनले नुवाकोटमा सात तल्ले दरवार निर्माण गर्न लगाएर युद्धका वेलामा यत्रतत्र लागेका भलामानिसहरुलाई सम्झाई बुझाई आदरसाथ नुवाकोटमा सामेल गराए । वि.सं. १८०२ देखि १८२४ सम्मका दस्तावेजहरुमा नुवाकोट नै गोरखालीहरुको मुकाम रहेको स्पष्ट हुन्छ । सबैको सल्लाह बमोजिम उनले ८/१० जना थरघरलाई गोरखामा पठाएर महारानी, भाइहरुलाई नुवाकोटमा झिकाउन पठाए । गोरखालीहरुले कान्तिपुर विजय पछि यसले राजधानी बन्ने सौभाग्य प्राप्त गरेता पनि नुवाकोटसँग पृथ्वीनारायण शाहको लगाव हटेको थिएन । उनले आफ्नो अन्तिम घडी नुवाकोटमै बिताउने विचार गरेर तादीको किनारमा रहेको शान्त रङ्गमहलमा उपदेशहरु दिए ।[१६] नुवाकोटलाई आफ्नो पुर्खाको थलो मान्ने पृथ्वीनारायण शाहका थरघरमा पाँडे वंशका वंशजहरु आज पनि आफूलाई "नुवाकोटे" अथवा आफ्नो घरलाई "नुवाकोट थर" भनाउनमा गौरव गर्नेहरु पनि छन् ।

नालदुम, महादेवपाखरी र लामीडाँडा माथि अधिकार

काठमाण्डौको लागि एकाएक युद्ध छेड्नु भन्दा पहिले नालदुमगढी माथि अधिकार गर्नु आवश्यक भएकोले वि.सं. १८०२ असोजतिर नालदुम र महादेवपोखरी कब्जा गर्न कालु पाँडे खटिए । उक्त क्षेत्रहरुका लागि मल्लसेना र गोरखाली सेनाका बीचमा युद्धहरु भए । वि.सं. १८०३ भाद्रमा विना रक्तपात वल्लतल्ल उक्त क्षेत्र गोरखालीले हासिल गर्न सके ।

चौवीसी बाइसीसँग काठमाण्डौको सम्वन्ध विच्छेद गराउन गोरखालीहरुका लागि लामिडाँडा माथि अधिकार हुनु आवश्यक थियो । त्यसबेला भक्तपुर गोरखालीको मित्र बनेर बसेको थियो । जयप्रकाश मल्ल शरणार्थी भएर बसेको समयमा काजी तौढिकको पनि गोरखाली समक्ष केही गर्ने हिम्मत थिएन । लमजुङसँग गोरखाको मित्रता कायमै थियो । वि.सं. १८०४ मा पाटन र तनहुँको बीचमा निक्कै सम्पर्क बढेपछि लामीडाँडाको केही भाग तनहुँले कब्जा गरी सकेको थियो । अब पर्खनु गोरखालीले उचित सम्झेन र लामीडाँडाको विषयमा कुरा मिलाउन पाटनको एक प्रतिनिधि मण्डल तनहुँ गएको थाहा पाएर कालु पाँडेले कूनीतिको खेल खेल्न शुरु गरे । तनहुँलाई लामीडाँडा माथिको दावी नछोड्नु भन्ने सल्लाह दिएर पाटनको तनहुँ गएको प्रतिनिधि मण्डललाई बाटैमा रोकी पाटनले गोरखासँग सम्बन्ध राख्नु उचित हुन्छ भन्ने कुरा सम्झाएर कालु पाँडेले पाटनलाई आफ्नो पक्षमा पार्ने प्रशाय गरे । लामीडाँडा माथि गोरखाली सेना प्रवेश गरेपछि मित्रताको दुहाई दिदै वि.सं. १८०४ श्रावण १४ (१९ अगष्ट १७४७) मा पाटनका राजा राज्यप्रकाश मल्लले 'जसो गरे पाटन राज्य रहन्छ त्यसै गर' भनी कालु पाँडेको नाममा पत्र लेख । वि.सं. १८०१ मा जयप्रकाश मल्लले नुवाकोट छोडि दिए जस्तै पाटनले पनि लामीडाँडा गोरखाको निमित्त छोडी दिनु पर्‍यो भन्ने कालु पाँडेको माग थियो । पाटनलाई आवश्यक परेको वेलामा काठपात काटेर लैजान पाउने शर्तमा विना युद्ध गोरखालीले लामीडाँडा माथि आफ्नो अधिकार जमाए । लामीडाँडाको सिरान घ्यौरालीमा एकठाना राखी कालु पाँडे नुवाकोटमा उपस्थित भए । तनहुँ पनि नचिढिउन् भनेर जोगीमारा उनकै अधिकारमा रहन दिए । नुवाकोट र लामीडाँडा गोरखामा मिलेपछि वि.सं. १८०४ सम्म राज्यको विस्तार दोब्बर भयो ।[15] त्रिशुली र महेश खोलाको दोभानदेखि दहचोकसम्म पसारिएको लामीडाँडा त्यसवेला सैनिक दृष्टिकोणबाट अत्यन्त महत्वपूर्ण मानिएको थियो ।

कालु पाँडेको पूर्वतिर बढ्ने उद्योग

काठमाण्डौको राजा जयप्रकाश मल्ल सत्ताच्यूत भएर रहेको वेला यहाँको नराम्रो स्थितिबाट फाईदा उठाउन सकिन्छ भन्ने कुरामा पृथ्वीनारायण शाह विश्वस्त थिए । तर वि.सं. १८०७ मा उनी पुन: सत्तामा आएपमछि उनले चौवीसीहरुसँग सम्पर्क राख्ने प्रयास गरेको कुरा गोरखालीहरुलाई चित्त बुझेन । वि.सं. १८११ मा उनले चिकुटी मास्केको नेतृत्वमा नालदुम र महादेव पोखरीमा हमला गर्न पठाएर उक्त प्रदेशहरु गोरखालीहरुबाट फुत्काएर लिए । यसबाट नुवाकोट देखि दुधकोशीसम्म फैलिएको गोरखा राज्य दुई फ्याक भयो । त्यसैले पनि कालु पाँडेलाई पूर्वतिर हान्न पठाउने पृथ्वीनारायण शाहले निश्चय गरे । तर गोरखाले पूर्वतिर बढ्ने अवसरमा लमजुङ भड्कने सम्भावना भएको कुरा कालु पाँडेले पृथ्वीनारायण शाहलाई सम्झाए । लमजुङको राय सल्लाह बेगर गोरखाले पूर्वतिर नबढ्ने कुरा गोरखा लमजुङको सम्झौताको एक शर्त थियो । गोरखाले पूर्वतिर हान्ने योजना बनाएको थाहा पाएर लमजुङे सरदार महिमन

खवास रिसाएर आफ्नो देश फर्कन बट्टारसम्म पुगे । त्यसपछि हडबडाएर पृथ्वीनारायण शाहले कालु पाँडेले दिएको सल्लाह बमोजिम केही समयका लागि रुद्र शाहीलाई कजाई दिई लमजुङको मुखमा वुझो लगाउन कालु पाँडेलाई महिमनका साथ लमजुङ पठाए । लमजुङलाई थामथुम पारी कालु पाँडे तुरुन्तै नुवाकोट फर्की आफ्नो पदन सम्हाल्न पुगे ।[१८]

चौवीसीहरुको असफल प्रयास

वि.सं.१८१२ मा कालु पाडे नुवाकोटमा गएको समय पारेर चौबिसी राज्यहरु (तनहुँ, लमजुङ, कास्की र पर्वत) ले एकगढ भएर सिह्रानचोक माथि कब्जा जमाए । यो खबर पाएर कालु पाँडे केही फौजका साथ रुद्र शाहीलाई लिएर गोरखातर्फ प्रस्थान गरे । वैशाख र जेष्ठ दुई महिना लडाईको तारतम्य मिलाएर उनीहरु वर्षायाम कुरेर वसे । झरीको समयमा मर्स्याङ्दी र चेपेखोला वढेपछि वैरीले रसदको अभाव महसुस गर्न थाले । यही समय पारेर कालु पाँडेले चौवीसीको जत्थालाई मात्र समाप्त पारेनन् वल्की युद्धको राम्रो नतिजा पर्खेर बसेका जयप्रकाश मल्ल र रणजीत मल्लका सपनासमेत चकनाचूर भएर नौं वर्षसम्म गोरखालीहरुका विरुद्धमा हतियार उठाउने उनीहरुले हिम्मत गर्न सकेनन् । चौबीसी फौजलाई चेपे पारीसम्म लखेटे पछि गोरखालीहरुले काठमाण्डौको सेरोफेरोतर्फ आफ्नो ध्यान केन्द्रित पार्ने मौका पाए ।

गोरखाको आर्थिक संकट हटाउनेमा कालु पाँडेको प्रयास

वि.सं. १८१२ तिर पृथ्वीनारायण शाहले आर्थिक संकट परेको महसुस गरी पाटनको खराव राजनैतिक स्थितिबाट लाभ उठाउने प्रयास गरे । पाटन ठकुराई भित्र पर्ने कीर्तिपुर र त्यसको सेरोफेरोका गाउँमा हमला गरी धन जम्मा गर्ने कामका लागि उनले कालु पाँडेलाई खटाए । दहचोकतिरवाट कीर्तिपुरसम्म कब्जा गर्न छोटो बाटो पर्दछ । तर उनी चितलाङको वाटो गरी फर्पिङमा उत्री वुंगमती र खोकना सर गर्दै पाटनतिर सोझिए । यसबाट ललितपुरदेखि दक्षिणपट्टिका गाउँहरुमा खलवली मच्चियो । त्यसवेला जयप्रकाश मल्ल पनि गोरखालीहरुसँग लड्ने तयारीमा थिएनन् । त्यसैले उनले एक पत्र लेखी त्यहाँबाट कालु पाँडेलाई हटाउने प्रयास गरे । पत्रमा उनले– "पाटन हान्न गयाका फौज नुवाकोट फिराया उप्रान्त र मितज्यूको एकै बोलचाल हुँजी पाटन भित्र कटक गर्नु छैन भादगाउँ भित्र कटक गर" भन्ने लेखेका थिए । जयप्रकाश मल्ल गोरखालीहरुसँग लत्रिएको यो पहिलो पटक थियो । ललितपुरका प्रमाणहरु भयभीत भएर हर्जानाका रुपमा गोरखालीहरुलाई धन दिन तयार भए । कालु पाँडे पनि हातमा परेको धन लिएर नुवाकोटमा हाजिर भए ।[१९] गतः १३ वर्षमा केवल धनका लागि मात्र गोरखालीले हमला चलाएको यो पहिलो पटक थियो । यसबाट गोरखाली अभियान आर्थिक संकटवाट गुज्रीरहेको थियो भन्ने कुरा स्पष्ट हुन्छ ।[२०]

कीर्तिपुर माथि आक्रमणको योजना

उपत्यकाको मेलमिलाप नीतिबाट मल्ल राजाहरुको शक्ति बढ्न लागेको देखेर पृथ्वीनारायण शाहले उपत्यकातिर बढ्ने काममा ढिलाई गर्न नहुने देखे । उनी दहचोकगढीको नजिकमा पर्ने ललितपुरको अधिनमा पर्ने कीर्तिपुर माथि छिट्टै आक्रमण गर्न चाहन्थे । कान्तिपुरका र पाटनका केही व्यापारीहरुलाई उनले गोरखामा बोलाई राजधानीमा भीमसेनको मूर्ति स्थापना गराएर व्यापार गर्न लगाए । मल्ल राजाहरुको हिन्दूधर्मप्रतिको विशेष लगावको

कारण वौद्धधर्मालम्वीहरु केही असन्तुष्ट थिए । तिनै व्यापारीहरु मार्फत् उनले ती बौद्ध धर्मालम्बीहरुलाई आश्वासन दिने काम गरे । तिनै व्यापारीहरु मार्फत प्राप्त सूचनाहरुका आधारमा गोरखामा कार्यक्रमहरु बन्दथे । रणजीत मल्लका माहिलो छोराको सहयोगबाट भक्तपुरमा भएका सबै गुप्त सूचना रामकृष्ण कुँवरलाई प्राप्त हुन्थ्यो । यसैगर कीर्तिपुरेहरुलाई हातमा लिने काममा सफलता प्राप्त नभएपछि उनले उपत्यका भित्र पस्ने मूलद्वारको रुपमा रहेको कीर्तिपुर माथि हमला गर्ने अठोट गर ।[२१]

भक्तपुरको दुधकोशीसम्मका छेउछाउ इलाकामा गोरखालीहरुले कब्जा जमाई सकेपछि र सिद्दानचोकको युद्धमा चौबीसीहरुलाई पनि हराई सकेपछि अव निकट भविष्यमानै काठमाण्डौमा गोरखाली आक्रमण हुन्छ भन्ने कुरामा जयप्रकाश मल्ल निश्चित भए । काठमाण्डौ उपत्यकाका खस मगरहरु पनि गोरखालीहरुसँग मिल्ने संभावना देखेर उनले काँगडाका नगरकोटी उस्तादहरु झिकाएर कान्तिपुरका नवयुवकहरुलाई सैनिक तालिम दिनु पर्ने आवश्यकता देखे । मुगल शासक जहांगीरको समयमा नगरकोट (काँगडा) मुगलहरुको हातमा परे पनि ती नगरकोटीहरुले मुगल शासकहरुलाई त्यहाँवाट धपाई ठकुरी राज्यको सथापना गरेका थिए । त्यसबेलादेखि नगरकोटीहरुको वहादुरीताको बयान डोटी, अछाम हुँदै काठमाण्डौसम्म पुगेको हुनाले तिनीहरुलाई काठमाण्डौमा झिकाउन जयप्रकाश मल्लले मानिस डौंडाए । वि.सं. १८१३ मा शिवरात्रीको मेलामा भीडसँगै कान्तिपुरमा उत्रिने गरी डेढसय जति नगरकोटीहरु पर्सागढीतिरबाट आइरहेका थिए । कालु पाँडेले फर्पिङबाट ललितपुरतिर बढ्ने उद्योग गर्दा तिनीहरु काठमाण्डौमा आइपुगेका थिएनन् । त्यसैले जयप्रकाश मल्लले कालु पाँडेसँग पाटनको मामनामा लत्रेर पत्र लेख्नु परेको थियो । काठमाण्डौमा आइपुगेपछि ती नगरकोटीहरुलाई उपत्यकाका तीनै शहरका मुख्य मुख्य गाउँहरुमा फिजाएर नवयुवकहरुलाई सैनिक तालिम दिन लगाए । भक्तपुर र पाटनका राजाहरुसँग गुहार मागेर जयप्रकाश मल्लले तीनैवटा देशको नेतृत्व आफुले सम्हाल्न तम्से "किर्तिपुर भन्याको नेपालको मुटु हो त्यो गोर्षालि ले लियो भन्या त हामीहरु तिनै राजाको राज्य गयो यस्लाई अघि हामिहरुले दहचोकमा उकलन् दिन्या होइन उवेला हामिले चुक्यँ आज फेरि किर्तिपुर लियो भंन्याता हामीहरु सबैलाई मान्यो तसर्थ हामि तिनै राजा भै किर्किपुरका गुहार गरि थाम्न्या जोग्य छ" भनी तीनै देशका राजाहरु कीर्तिपुरको मद्दत गर्नमा लागे ।[२२]

कीर्तिपुरको अवस्थिति

दहचोकबाट १$^{१}/_{२}$ घण्टाको हिडाईमा कीर्तिपुरको डाँडो पुगिन्छ । बल्खु खोला तरेर जङ्गल छिचोली गढको रुपमा रहेको त्यस वेलाको कीर्तिपुरलाई चारैतिरवाट पर्खालले घेरिएको थियो । लिच्छवि राजा शिवदेवको समयमा नै कीर्तिपुर शहरको रुपमा विकसित भइसकेको थियो । त्यसवेला कुनै पनि "पुर" हुनलाई सुरक्षाको दृष्टिले मजबूत वनजंगल, खाई पर्खाल आदिले घेरिएको गढको रुपमा विकसित भएको हुनु पर्दथ्यो । कीर्तिपुर सानो भए पनि साँस्कृतिक रुपले विकसित भएर धार्मिक र साँस्कृतिक दृष्टिले सो शहर आज पनि निक्कै प्रसिद्ध नै छ ।[२३] पश्चिम र दक्षिण दिशाबाट काठमाण्डौ आउँदा कीर्तिपुरको डाँडो टड्कारै देखिन्छ । पर्यटकीय आगन्तुकका लागि यो ठाउँ अति रमणीय देखिन्थ्यो भने कुनै लडाकुको लागि सबैभन्दा चुनौतीको रुपमा रहेको थियो । यो शहर प्रवेश गर्ने १२ वटा प्रवेशद्वारहरु रहेकोले दक्षिणपट्टिको

पर्खाल फोडी उक्लेर ढोका खोलेपछि मात्र यहाँ हमला गर्न संभव हुन्थ्यो । तर उक्त कार्यलाई गोरखालीले सजिलैसँग लिने गऱ्यो ।[२४]

कीर्तिपुर माथि आक्रमण चलाउन पृथ्वीनारायण शाहले आफ्ना मन्त्री वर्गसँग राय सल्लाह मागे । दहचोकका संरक्षक हरिवंश उपाध्यायले –'अहिले अभियान चलाउने उपयुक्त समय नभएको' राय व्यक्त गरे । उनको विचारमा मल्ल राजाहरु संगठित भएको समय भएकोले उनीहरुमा फुट नआएसम्म कीर्तिपुर माथि आक्रमण गर्नु संभव हुँदैन । ज्योतिपी कुलानन्द ढकालले पनि यस्तै विचार गरेर लडाईको साइत दिन इन्कार गरे । दहचोकमा गरिएको यो परामर्श लिने कार्यक्रममा कालु पाँडेले पनि यो समय आक्रमणको निमित्त उचित नभएको विचार यसरी व्यक्त गरे– "तिन शहर यक मुहदा भैरहेछ यसबेला किर्तिपुर हान्या फुट्न्या छैन" । तर यस माथि पृथ्वीनारायण शाह रिसाएर उल्टो कालु पाँडेको राष्ट्रभक्ति माथि शखा गरेर उल्टो सुल्टो भन्न थालेपछि कुनै पनि हालतमा युद्धमा जान कालु पाँडे तयार भए । बालकृष्ण जैसीबाट कीर्तिपुर आक्रमणको साइत तयार गर्न लगाएर कालु पाँडे युद्धका लागि खटाइए । युद्धबाट आफु सकुशल फर्कन नसक्ने कुरा देखिसकेका कालु पाँडेले छोराहरुको जिम्मेवारी राजालाई सुम्पिदिएर युद्ध क्षेत्रका लागि प्रस्थान गरे ।[२५]

युद्धको स्थिति

साइतअनुसार वि.सं. १८१४ जेष्ठ १९ गते (२८ मे १७५७) उज्यालो हुँदा नहुँदै खानपिन गरी कालु पाँडे १२०० जति सैनिकलाई साथमा लिएर दहचोक गढीबाट तल झरे । उक्त सैनिक दलका पछि स्वयम् पृथ्वीनारायण शाह पनि आफ्ना अंग रक्षकका साथ तल झरे । दहचोकमा गोरखाली सैनिक दल तयार भइरहेको खबर सुनेर तीनै शहरमा सैनिक तयारि हुन थाल्यो । कीर्तिपुर देखि उत्तर पश्चिमपट्टिको झंसीखेल चौरमा गोरखाली सैनिक दल जम्मा हुँदासम्ममा जयप्रकाश मल्लको नेतृत्व गरेको कान्तिपुरको सैनिक दल आइपुगे र दुवैतर्फबाट बाजा बजे । कान्तिपुरका सेनाहरु गोरखाली सैनिकहरुसँग युद्धमा लागिरहेको बेलामा मध्यान्हमा ललितपुरका सैनिकहरु र अपरान्हमा भक्तपुरका सैनिक दलले पनि युद्धमा सामेल भएर ढाड हान्नेमा लागे। मल्ल सेना संख्यामा गोरखालीहरुको भन्दा दोब्बर भए पनि योग्य सेनापति कालु पाँडेको नेतृत्वमा गोरखाली सेनाले ढपेता दिएरहेको थियो । कारण मल्ल सेनाले नगरकोटी उस्तादहरुबाट तीन महिना जति तालिम लिएको भए पनि कृयात्मक अभ्यास भने गर्न पाएका थिएनन् । यत्तिकैमा अचानक शत्रुपक्षबाट आएको काँडले कालु पाँडेको शिरमा प्रहार गरी उनलाई ढलाई दियो । ढलेका सेनापति माथि अरु वाण प्रहार गरी मृत्युमा परिणत गरिदिए । कालु पाँडेले वीरगति प्राप्त गरेपछि हतास भएका गोरखाली सेना तित्तर वित्तर भएर भाग्न थाले । पर बसेर युद्धको दृश्य हेरेर बसेका पृथ्वीनारायण शाहले जीतको कुनै आशा नदेखेर आफ्नो सेनालाई दहचोकमा फर्कने आदेश दिए ।[२६]

अर्को एक श्रोतअनुसार युद्ध चलिरहेको अवस्थामा काजी धनवन्तका छोरा वीरनरसिंहले कालु पाँडेको गर्दनमा खुँडा प्रहार गरी शिर चिनाली दिए । शीर विनाको उनको शरीर करिब ५० फिट जति दगुरे पछि ठक्कर लागेर अड्कियो । तैपनि उनको हातमा तरबार छँदै थियो । कीर्तिपुरको उत्तर पूर्वी फाँटमा (सुन्दरीघाट देखि पश्चिम, कीर्तिपुर डाँडादेखि उत्तर झ्याम्य र नारल फाँट) लडिएको यो युद्धले शहरभित्र कुनै खास असर गरेन । गोरखाली दलले दहचोकबाट

ओर्ल्हेर तिनथानाको बाटो हुँदै डानिगालबाट कीर्तिपुर ट्याङ्लाटारको उकालो चढ्न लागे । यो आक्रमणको खबर पाएर कीर्तिपुरेहरुले पनि काजी धनवन्तको नेतृत्वमा आफु आफुमा भएका सबै हातहतियार वोकी नरनारी समेतको यो दल सलह जस्तै गरी ट्याङ्लाटारतिर अघि बढे । विना घोषणाले युद्ध गर्न आएका गोरखालीहरुलाई युद्धको नियम तोडेको आरोप पनि लाग्यो ।[२७] तलतिर परेका गोरखलीहरु माथि कीर्तिपुरहरुले माथिबाट वाणको वर्षा गरे । माथितिर राखिएको ढुँगाको थुप्रोबाट तलतिर वैरीलाई हान्नमा केटाकेटी, वुढावुढी, स्वास्नी मानिसहरु सबै लागेका थिए । दुवैतिरबाट हानिएका ढुँगाहरु आपसमा जुद्धा त्यसबाट निस्केको आगोबाट वनमा डढेलो लाग्यो । यसबाट भागाभाग भएका मानिसहरु, शीरविना छटपटाइरहेका सेना, घाइते बीरहरु, मृत्तक सेनाका लासको थुप्रोले गर्दा रातको समय अत्यन्त भयपूर्ण भएर मसानजस्तो देखिन्थ्यो । युद्धमा आधाजति गोरखाली सेनाको नास भएपछि कीर्तिपुरको ढोका खुल्ला गर्न नसकेपछि तिनीहरु पछि हट्नु पऱ्यो । "सैन्यमा सर्दार भयाका अतिशूरा कालो पांडेकन कीर्तिपुऱ्याले कपटले मारिदियो" । कपटले गर्दा युद्धमा कालु पाँडेको मृत्यु भएको भन्ने छाप पृथ्वीनारायण शाहलाई लागेकोले यसको बदला उनले वि.सं. १८२२ चैत्र ३ मा बंशराज पाँडेको नेतृत्वमा कीर्तिपुर जितेपछि कीर्तिपुरेहरुको नाक काटी सम्पत्ति र विर्ताहरण गर्न लगाएर लिए ।[२८]

कालु पाँडेको मृत्युपछि कीर्तिपुरे फौजले लखेट्दा पृथ्वीनारायण शाह पनि ज्यान वचाउन मुस्किलमा परेका थिए । उनलाई एक पुट्वार जातिले वचाएपछि जयकृष्ण थापाको पिठ्युमा चढी उनी दहचोक पुग्न सफल भए । भोलिपल्ट जयप्रकाश मल्लले घाइते गोरखाली सैनिकहरुलाई लैजाने आदेश दिएकाले तिनीहरु दहचोक ल्याईपुऱ्याए । ती घाइते जवानहरुलाई देखेर पृथ्वीनारायण शाहले विव्हल भएर यसरी व्यक्त गरे– "काल्याले त भन्याथ्यो मेरा हट्ले लडाइ बिगाऱ्यो" । अव यहाँ वसी भलो हुँदैन भनी दहचोकको रक्षार्थ केही फौज राखी बाँकीका साथ उनी नुवाकोट पुगे । जयप्रकाश मल्लको सेनामा पनि आधाजति नष्ट भए । उनले कुनै लपेटा लिएनन् । उनले कालु पाँडेको शीर मात्र काटेर लगे । 'गोरखाका धेरै शूरवीरहरु मारी सके अव फेरी शीर उठाउने उनीहरुको के तागत होला' भनी घमण्ड गरेर जयप्रकाश मल्लले कान्तिपुरमा फर्की बढाँई गरे । उनले गल्तिले गोरखाली सेनालाई त्यसबेला लपेटा लिएनन् । उनले चाहेको भए गोरखाली सेनालाई नुवाकोटसम्म पनि धपाउन सक्दथे । तर धेरै कारणवश पनि उनले त्यसो नगरेको हुन सक्छ । मल्ल सेनाले गोरखाली सेनाको ढाल, तरवार, धुडा आदि कीर्तिपुरको वाघभैरवको देवालयमा टाँसी दिए । मन्दिरको माथिल्लो तल्लामा टाँसिएका हेलमेट, ढाल, जाली टुक्रा कालु पाँडेको थियो भन्ने विश्वास त्यहाँ गरिन्छ । त्यस्तै २५,३० वटा तरवारहरु त्यहाँ रहेकोमा तिनीहरु गोरखाली सैनिकहरुका हुन् भन्ने पनि जनविश्वास रहेको छ । मानिसहरुले मर्दा अथवा अन्य अवसरहरुमा ती सम्बन्धित व्यक्तिहरुका मालसामान मन्दिरहरुमा टाँस्ने गरेको (चलन रहेको) कुरा पनि तत्कालिन देवदेवीका मन्दिरमा टाँसेर राखेका मालसामानहरुवाट पुष्टि हुन्छ ।

कालु पांडेले युद्धमा वीरगति प्राप्त गरेपछि कीर्तिपुरेहरुको लखेटाइमा पर्दा पृथ्वीनारायण शाहको गर्दनमा समेत सेनाले खुँडा प्रहार गर्न लागेको थियो । सेनाले राजालाई मार्नु हुँदैन । राजालाई राजाले मात्र मार्नु हुन्छ । होइन भने यो धर्मको विपरित हुन्छ भनेकाले उनी वचेर दहचोक पुग्न सफल भएका थिए । काजी धनवन्तलाई अघि लगाएर बढेको लस्करले कीर्तिपुरको जयजयकार गर्दै ट्याङ्लाटारबाट कीर्तिपुर शहरतर्फ लागेको यो अवसरलाई कीर्तिपुरको इतिहासमा स्वर्णिम अवसर मानिन्छ । त्यस्तो महत्वपूर्ण युद्धको बारेमा भन्न सक्ने व्यक्तिहरु

कीर्तिपुरमा विद्यमान छैनन् । जवकि कान्तिपुर, भक्तपुरको युद्धको वर्णन गर्न सक्ने बुजुक व्यक्तिहरु थिए । कीर्तिपुरको निमित्त यो दुर्भाग्य र दुःखको कुरा हो । उपत्यकाका तीनैवटै राजाहरुको मेलमिलापको परिणाम स्वरुप गोरखालीहरुले युद्धमा हारको सामना गर्नु परेपनि वि.सं. १८१४ पौष २३ मा जयप्रकाश मल्लले पृथ्वीनारायण शाहसँग मेलमिलाप गरी सन्धि गर्न धर्मपत्र लेखिपठाए ।[२९]

कालु पाँडेको थुम्का

कीर्तिपुरको युद्धमा वीरगति प्राप्त गर्ने सैनिकहरुको लास जताततै थन्किएर त्यसबाट धेरै थुम्काहरु वनेका थिए । त्रिभुवन विश्वविद्यालयको तीनकुने बसस्टपवाट टड्कारो देखिने दक्षिणतिरको भाजंगलमा रहेको एक थुम्कोलाई स्थानीय वासिन्दाहरुले कालु पाँडेको थुम्को हो भनी विश्वास गरेको देखिन्छ । वैष्णवी माध्यमिक विद्यालयको परिसरमा रहेको उक्त थुम्को माथि एउटा लाम्चो आकारको ढुँगाको मन्दिर तेर्सिएको छ । गोरखालीहरुको कीर्तिपुर विजय पछि गोरखावाट कीर्तिपुरमा आई, स्थायी बसोवास गर्ने छामिछाने परिवारका साहिला खत्री र कर्ण वहादुर खत्री (जस्का सातपुस्ता देखि त्यही बसोबास गर्दै आएका छन्) हरु पनि उक्त थुम्को कालु पाँडेको हो भन्ने कुरा सुन्दै आएको बताउँछन् । कीर्तिपुरको पहिलो युद्धमा कीर्तिपुरेहरुले कडा शैलीमा गोरखाली आक्रमणको प्रतिकार गर्न सकेको र उक्त युद्धमा वीरगति प्राप्त गरेका सेनापति कालु पाँडेको महत्ववारे पृथ्वीनारायण शाहले आफ्ना उपदेशहरुमा लेख्न लगाएकोले पनि कालु पाँडेको थुम्को सम्वन्धित जनश्रुतिले आजसम्म त्यहाँ स्थान पाएको हुनपर्दछ । तर मल्ल शैलीमा निर्मित उक्त थुम्को माथिको मन्दिर र त्यसको बाँयातर्फ भित्तामा टाँसिएको अभिलेखमा उल्लेखित संवत् ८०७ र नेवारी लिपीसमेत प्रयोग भएकोले कालु पाँडेसँग यसले सम्वन्ध नराखेको स्पष्ट हुन्छ । कीर्तिपुरको युद्धहरुमा वीरगति प्राप्त गरेका सैनिकहरु गाडिएका थुम्काहरु केही दशक अगाडिसम्म त्रिभुवन विश्वविद्यालयको स्थापना अघिसम्म कीर्तिपुरमा थुप्रै थिए । लासको मुखमा वत्तिले दागवत्ति दिई उत्तर फर्काई गाड्ने चलन थियो । ती थुम्काहरु माथि निर्माण कार्य सम्पन्न भएर कुनै नष्ट भए, भने कुनै कुनै आजसम्म बाँकी नै छन् । कालु पाँडेको थुम्को भनिने चाहिँ बाटोको दोसाँधमा थियो । तर एक दशक अघि बाटो फराकिलो पार्दा उक्त थुम्को पनि सम्याई सकियो । बाँकी रहेका अन्य थुम्काहरुमा उत्खनन् कार्य गर्न सके साँचो कुरा केही पुष्टि हुन सक्ला ।[३०]

कीर्तिपुरको यो पहिलो युद्ध सिद्यानचोकको युद्ध जस्तै निर्णायक युद्ध थियो । यसमा धनजनको क्षतिको साथै योग्य कमाण्डर कालु पाँडेको समेत हत्या भएकाले यसको १७ वर्ष पछि मरण शैय्यामा छँदा पनि उनलाई सम्झेर पृथ्वीनारायण शाहले यस्ता भाव व्यक्त गरेका थिए– 'द्रव्यशाह गोरखाको राजा हुदा धेरै मेहनत गर्ने वाहुन गणेश पाँडेले रामशाहको पालामा पनि मन्त्री भएर सल्यानको लडाईमा बीरगति प्राप्त गरेका थिए । तिनै गणेश पाँडेको छैठौं पुस्तामा जन्मेका कालु पाँडे क्षत्री ज्यादै निडर थियो । सधैं खुशी भएर राजा र दुनियाँको हित गर्ने कालु पाँडेले साह्र्ससाथ लड्दै कीर्तिपुरको युद्धमा प्राण छाडे । भोटको मामलामा चीनले साथ दिएसम्म हामीले राजनीतिको दाउपेच खेल्नु पर्छ । त्यतातिरको कुरा कालु पाँडेका सन्तानले जानेका छन् । त्यसकारण हाम्रो उत्तरतिरको सन्धि आदि काम कालु पाँडेका सन्तानको जिम्मामा रहेस्' । युद्धमा जानु पूर्व कालु पाँडेले आफ्ना छोराहरुलाई राजाको जिम्मामा छोडेर गएकाले उनको मृत्यु पछि बंशराज पाँडे र दामोदर पाँडे पृथ्वीनारायण शाहको "मरवट" व्यवस्थाअनुरुप

दरवारकै शिक्षादिक्षामा हुर्के । वंशराज पाँडे योग्य भएपछि (२३ वर्पको उमेरमा) कालु पाँडेको मन्त्री पद (पाँच वर्पसम्म खाली राखिएको) सम्हाल्न लगाएर पृथ्वीनारायण शाहले उनले देशको निमित्त लगाएको गुणको वदला चुकाए । वंशराज पाँडेकै सक्रियतामा वि.सं. १८२२ चैत्र ३ मा तेश्रोपल्ट गोरखालीहरुले कीर्तिपुरमाथि रक्तपातहिन विजय गर्न सकेका थिए ।[३१]

कालु पाँडेको समाधिस्थल – दहचोक

कालु पाँडेले आफू पूर्वतिर वढ्नु भन्दा पहिले लतिलपुरको चौवीसीहरुसँग सम्पर्क राख्ने पश्चिमेली मूलद्वारको रुपमा रहेको दहचोक माथि कव्जा गर्नु अति आवश्यक देखेर वि.सं. १८११ मा आफ्ना तीनपुस्ते भाइ तुलाराम पाँडेको नेतृत्वमा उक्त क्षेत्र दखल गर्न पठाएका थिए । पहिले दहचोकको सेरोफेरा माथि कव्जा जमाएर तुलाराम पाँडेले गढीलाई नै गोरखालीहरुको नियन्त्रणमा पारेपछि हरिवंश उपाध्यायलाई गढीको संरक्षक वनाएर त्यहाँ वस्ति वसाउने काम पनि शुरु गरेका थिए ।[३२] यस विजयले कालु पाँडेलाई पूर्वतिर वढ्ने हौसला प्राप्त भएको थियो भने दहचोकसँग उनको भावनात्मक सम्वन्ध पनि रहन गएको कुरा पछि हुने वर्णनवाट स्पष्ट हुन्छ ।

दहचोकमा कालु पाँडेको समाधिस्थल छ भन्ने कुरामा स्थानीय जनताको विश्वास रहेको छ । २४०० मिटरको उचाइमा रहेको दहचोकको सवैभन्दा अग्लो थुम्कोलाई कालु पाँडेको समाधिस्थल मानिन्छ । कालु पाँडेको अन्तिम ईच्छाअनुसार गोरखा र कीर्तिपुर टड्कारै देख्न सकिने ठाउँमा उनको शीर गाडी समाधिस्थल वनाइएको थियो । स्थानीयवासीको भनाईसँग वंशावलीमा "जयप्रकाश मल्लले शीरमात्र काटी लग्या" भन्ने उल्लेखले मेल खाँदैन । हिन्दू संस्कार अनुसार टाउको गाड्ने होइन जलाउने गरिन्छ । जयप्रकाश मल्लले काटेर लगेको कालु पाँडेको शीरको प्रदर्शन कीर्तिपुरेहरुले शहर घुमाएर गरे र विजयले मात्तिएको उक्त भीडले प्रदर्शनका लागि वाघभैरवको मन्दिरमा उनको शीर झुण्ड्याई दिए भन्ने भनाई पनि कही कही रहेको छ । राजालाई जनताले काट्नु हुँदैन भन्ने सिद्धान्तमा अड्ने कीर्तिपुरेहरुले कालु पाँडेको शरिरको भाग एकै ठाउँमा राखी दाह संस्कार गर्न दिनु पर्ने थियो । प्राचीन मान्यताको विपरित जयप्रकाश मल्लले टाउको मात्र लगेर शरीर त्यसै छोडी दिए होलान् र ? हरुवा राजा जयप्रकाश मल्लको वदनाम गर्ने यो गोरखाली प्रयास पनि हुन सक्छ । कालु पाँडेको शरीरको वारेमा वंशावलीमा उल्लेख नभए पनि उनको शीर अथवा शरीरलाई अन्य घाइते सैनिकहरुका साथ दहचोक ल्याएको हुनुपर्छ । तेश्रो पल्टको प्रयासपछि, कीर्तिपुर विजयपछि वंशराज पाँडेले राजाको आदेश पाएर दहचोकमा उनको स्मृतिमा समाधिस्थल वनाएको पनि हुनुपर्छ । कारण दहचोकसँग कालु पाँडेको मात्र होइन पृथ्वीनारायण शाहको पनि भावनात्मक सम्वन्ध रहेको देखिन्छ । दहचोकलाई राजधानी बनाई त्यहाँ दरवार निर्माण गरी भाइभारादार थरघरका लागि पनि घर बनाई आफ्नो साथमा राख्ने उनको सपना थियो । आफ्नो दिव्यउपदेशमा उनले आफ्ना दुईवटा सपना पुरा नभएको कुराको जिकिर गरेका छन् । गोरखाका राजा रामशाह, नेपाल खाल्डोका राजा जयस्थिति मल्ल र कान्तिपुरका राजा महेन्द्र मल्लले व्यवस्था गरेजस्तै काल विचार गरी नयाँ व्यवस्था गरी प्रजाको हित गर्ने उनको अभिलापा थियो । त्यस्तै ठूलो राज्य चलाउन, लडाई पनि खेलिरहन धेरै मानिसहरु साथमा राख्नु पर्ने हुन्छ । ती मानिसहरुका निमित्त घर वनाउन आवादी जग्गा होइन वाँझो जग्गाको आवश्यकता थियो । सो उद्देश्यको लागि पृथ्वीनारायण शाहले दहचोकमा दरवार बनाई त्यसको चारैतिर छाँट पारेर घरहरु बनाई

त्यसमा छ थरका भारादारहरू, गुरुपुरोहित, भाइ भैयादहरू राख्ने जसबाट तिनीहरूले दुनियाँको घरमा आँखा लाउन छोडुन् भन्ने इच्छा गरेका थिए । उपत्यकाका तीन राम्रा शहरहरूमा कहिले काँही मात्र बस्ने र अरु बेला दहचोकलाई राजधानी बनाएर त्यही बसी सबै काम संचालन गर्ने उनको ईच्छा भए पनि सो पुरा हुन पाएन भनी उनले दिव्यउपदेशमा बोलेका छन् ।[३३] उनको सोही इच्छाको क्रममा आफ्ना प्रिय मन्त्री कालु पाँडेको समाधि त्यहीं राखेकोमा सान्दर्भिक नै देखिन्छ । कारण मृत्यु शैय्यामा समेत सम्झना गर्ने पृथ्वीनारायण शाहले कालु पाँडेको स्मृतिमा दहचोक (कीर्तिपुरको युद्धसँग धेरै सम्वन्धित) मा उनको समाधि स्थापना गर्नुमा कुनै असंगत देखिदैन ।

दहचोकको शीरमा रहेको कालु पाँडेको समाधिस्थल (२४०० मिटरको उचाईमा रहेको) बाट धेरै रमणीय हिमालहरूको दर्शन गर्न सकिने भएकोले उक्त स्थान अत्यन्त महत्वपूर्ण मानिन्छ । देवदेवीको मन्दिरसमेत भएको, मनोहर र प्राकृतिक छटाले भरिएको टापुको रुपमा अवस्थित उक्त क्षेत्रलाई आवासीय र पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सक्ने धेरै संभावना पनि देखिन्छ । दशौंताका यो समाधि स्थलमा स्थानीय वासिन्दाहरूबाट पूजाआजा गर्ने चलन आज पनि कायमै रहेको छ । यसबाट त्यहाँ कालु पाँडे सम्वन्धि केही कुरा अवश्य हुनुपर्ने विश्वास गरिन्छ । समाधिस्थलको दक्षिण पश्चिम छेउ स्थानीय किसानहरूबाट खेतीपातीको आली काट्ने क्रममा अतिक्रमण हुने गरेको छ । शाही सेनाको सानो टुकडी र दूरसंचारको Satellite टावरसमेत भएकोले यस स्थललाई ऐतिहासिक पार्कमा विकसित गरेर एउटा महोत्सव स्थलको रुपमा विर्कासत गर्दै लैजानु पर्ने आवश्यकता भएको छ । सरक्षणको अभावमा खस्कदै गएको सो समाधिस्थलको अवस्थाको अवलोकन गरेर २०५३ मार्ग २६ गते सम्वन्धित वंशका केही सचेतकहरुबाट तयार गरेको रिपोर्टमा आफ्नै शक्ति र श्रोतबाट भ्याएसम्म यसको सुधार गर्ने प्रतिवद्धता पनि जाहेर गरेको छ ।[३४] त्यहाँ थप जग्गाको व्यवस्था गरेर एउटा सुन्दर पार्कको निर्माण गर्ने कुरा पनि सुन्नमा आएको छ । दहचोकमा उनको समाधि रहेको कुराको बारेमा धेरै प्रश्नहरू तेर्सिने गरेकोले यो एउटा अनुसन्धानको विषय पनि बनेको छ । तर दहचोकमा कुनै प्रकारले सुधार गर्न सकिएमा पृथ्वीनारायण शाहको महान सपनाको केही अंश पुरा हुने थियो । यसमा सम्वन्धित निकायले ध्यान पुऱ्याउनु पर्ने आजको आवश्यकता भएको छ । कारण हाल पृथ्वीनारायण शाहको दिव्य उपदेशको प्रचार प्रसार गर्नु पर्ने कुरा सरकारी स्तरबाट उठेको छ ।

यसै सन्दर्भमा कालु पाँडेले नेपालको एकीकरणमा पुऱ्याएको योगदान माथि विचार गर्दै उनको सम्मान गर्नु पर्ने विचार जनस्तरबाट उठेको छ । "दहचोकमा कालु पाँडेको सालिक राखियोस्" शीर्षकको लेखमा– कालु पाँडेको सम्झना गराउने उनको चिहान दहचोकमा रहेको छ । तर विदेशीहरुले समेत सम्मान गर्ने कालु पाँडेको नाममा कुनै सालिक, गुठी संस्था छैन । उनको समाधिस्थल, दहचोकमा सालिक स्थापना गर्न सके पर्यटकीय क्षेत्रमा यसले महत्वपूर्ण टेवा दिन सक्थ्यो होला भन्ने उक्त लेखको सारांश रहेको छ ।[३५] हाल आएर पाँडे वंशका सचेतकहरुबाट आफ्ना गौरवशाली पुर्खारुको सम्झनामा धेरै कार्य भइरहेको कुरा प्रकाशमा आएको छ । दहचोकमा कालु पाँडेको समाधिस्थलको निर्माण गर्न १० आना जग्गाको वन्दोवस्त भइसकेको र बाँकी थप जग्गाको निमित्त पनि स्थानीय साँध सीमाका जग्गाधनीरुसँग कुरा भइरहेको छ । समाधिस्थलको नक्सा र लागतको इष्टमेट समेत भइसकेको छ । त्यस्तै पाँडे वंशको देवाली स्थल मानिने खोप्लाङ्गमा गणेश पाँडे, कुमाल र भारती (कुलदेवता बोकेर आउने) का प्रतिमा राख्ने, उक्त परिसरमा पाटी–पौवा, सत्तल र कम्पाउण्डवालको समेत निर्माण गरी

पानीको आवश्यक व्यवस्था गर्ने भएको छ । गोरखा–गोप्लांङ्गमा करिव २ रोपनी जग्गाको परिसरमा कालु पाँडेको अर्धकदको प्रतिमा स्थापना गर्ने काम श्री ५ को सरकार पुरातत्व विभागवाट हुन लागेकोमा स्थानीय जनता र पाँडे वंशवाट कालु पाँडेको पूर्णकदकै प्रतिमा राख्नु पर्ने कुराको पत्राचार सम्वन्धित विभागमा भइरहेको छ । कालु पाँडेको नामको हुलाक टिकटमा केही वर्ष पहिले टाँचा लागेको थियो भने धादिङ्ग जिल्लामा "कालुपाँडेमार्ग" को नामाकरण पनि सम्वन्धित विभागवाट गरिएको थियो । उपरोक्त सूचनाहरु "काजी कालु पाँडे, काजी तुलाराम पाँडे स्मृति प्रतिष्ठान" को २०५९–११–२४ मा वसेको प्रथम वार्षिक साधारण सभाबाट प्रकाशमा आएका हुन् । पाँडे वंशका अन्य पुरुषहरुको नाममा पनि धेरै कार्यहरु गर्दै लैजाने लक्ष्य रहेको कुरा पनि उक्त सभावाट स्पष्ट हुन आएको छ ।

टिप्पणी

१. पाँडे वंशावली, भू.पू. प्रमुख सैनिक सचिव, (अ.प्रा.) रथी ऋपिकुमार पाँडेको घर, ढल्कोवार, काठमाण्डौमा सुरक्षित छ ।

२. देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य (सं.), *श्री ५पृथ्वीनारायण शाहको उपदेश*, काठमाडौं: श्री दवार ललितपुर, जगदम्वा प्रकाशन, वि.सं. २०२४, पृ. १३७–१३८ ।

३. भीम वहादुर पाँडे क्षत्री, *राष्ट्र भक्तिको झलक*, काठमाडौं: रत्न पुस्तक भण्डार, वि.सं. २०३४, पृ. ११ ।

४. भण्डारी र अन्य (सं.), *पादटिप्पणी नं.* २, पृ. ११ ।

५. *ऐजन*, पृ. २३७–२३९ ।

६. *ऐजन*, पृ. ३६–३८ र वावुराम आचार्य, *श्री ५ पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी*, भाग १ राजदरवार: श्री ५ महाराजधिराजको प्रेस सचिवालय, वि.सं. २०२४, पृ. १३३–१३४ ।

७. *ऐजन* (भण्डारी र अन्य), पृ. ७०७ – ७०९ । ।

८. *ऐजन*, पृ. ३९–४२ ।

९. *ऐजन*, पृ. ७०४–७०८ ।

१०. *ऐजन*, पृ. ४३ ।

११. *ऐजन*, पृ. ७०९–७१५ ।

१२. *ऐजन*, पृ. ५७–५९ र ७१५ ।

१३. धनवज्र वज्राचार्य र टेकवहादुर श्रेष्ठ, *नुवाकोटको ऐतिहासिक रुपरेखा*, काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, त्रि.वि., कीर्तिपुर, वि.सं. २०३२, पृ. ६५–६६ ।

१४. भण्डारी र अन्य, *पादटिप्पणी* नं २, पृ. ७३६–७४० र ७३२–७३६ ।

१५. वि.के. रानामगर, *गोरखाका मगरहरु*, काठमाण्डौ: राजमैयाँ रानामगर, वत्तिस पुतली, वि.स. २०५४, पृ. ३९–४१ ।

१६. वज्राचार्य र श्रेष्ठ, *पादटिप्पणी नं.* १३, पृ. ७०, ७३ ।



२३. धनवज्र वज्राचार्य, *मल्लकालका अभिलेख*, काठमाण्डौ: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर, वि.सं. २०५६, पृ. ४८७।

२४. आचार्य, *पादटिप्पणी नं.* ६, भाग २, पृ. ३४१ र शुक्रसागर श्रेष्ठ, *कीर्तिपुरको साँस्कृतिक र पुरातात्विक इतिहास*, काठमाण्डौ: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर, वि.सं. २०५७, पृ. १४–१५।

२५. आचार्य, *पादटिप्पणी नं.* ६, पृ. ३४०, ३६२।

२६. *ऐजन*, पृ. ३४१–३४२।

२७. वासुपासा, *पादटिप्पणी नं. २१*, पृ. ३२–३४ र श्रेष्ठ, *पादटिप्पणी नं.* २४, पृ. १६।

२८. धनवज्र वज्राचार्य (सम्पा.), *त्रिरत्न सौन्दर्यगाथा*, काठमाण्डौ: नेपाल सस्कृत परिषद्, नेपाल, वि.सं. २०१९, पृ. १०८–१०९ र ११५–११६।

२९. आचार्य, *पादटिप्पणी नं.* ६, पृ. ३४१, ३४२ र ३६३ वासुपासा, *पादटिप्पणी नं. २१*, पृ. ३७ र २०५९ को शुरुमा x श्री शुकसागर श्रेष्ठले वहाँको कार्यालय ~~नेपाल सष्ट्रिय अभिलेखालयमा~~ x पुरातत्व ... सरकार पुरातत्व विभाग भेटको अवसरमा ~~दिनु~~ भएको अभिव्यक्ति।

३०. श्रेष्ठ, *पादटिप्पणी नं.* २४, पृ. १७ र लामिछाने परिवारको अभिव्यक्ति (२०५९)।

३१. भण्डारी र अन्य, *पादटिप्पणी नं.* २, पृ. १३७–१३९ र पाँडे क्षत्री, *पादटिप्पणी नं.* ६, पृ. ४७।

३२. आचार्य, *पादटिप्पणी नं.* ६ पृ. २९२–२९३।

३३. वासुपासा, *पादटिप्पणी नं. २१*, पृ. ३४, भण्डारी र अन्य *पादटिप्पणी नं.* २, पृ. २६२ – २६५–२६७ र २०५९–७ मा श्री तुलसीराम वैद्यले 'दहचोकमा कालु पाँडेको समाधि' बारेमा राख्नु भएको तर्क। → भाग ३।

३४. *ऐतिहासिक कालु पाँडे समाधिस्थल*, भ्रमण रिपोर्ट, ललितपुर: नुवाकोट घर, वि.सं. २०५६ र समाधिस्थलको चित्र।

३५. सुरक्षा मानन्धर, "दहचोकमा कालु पाँडेको सालिक राखियोस्", *गोरखापत्र* वि.सं. २०५८ माघ १२ गते शुक्रवार, पृ. ४।

१५

ङ. सुरक्षा निकायका व्यक्तित्व

ऋषिकुमार पाण्डे - काठमाडौँ


नेपालका
पाण्डे घरानाको इतिहास
History of Pandey Families Trends of Nepal
(पाण्डेकोश)
लेखन/सङ्कलन/सम्पादन -मधुसूदन पाण्डेय

यिनी बेलायतकुमार पाण्डेका छोरा हुन् । यिनको जन्म वि.सं. १९८८ मा न्हैकन्तला काठमाडौँमा भएको हो । प्रारम्भिक शिक्षा सिनियर क्याम्ब्रिज भिक्टोरिया स्कुल पूनाबाट सन् १९५१ मा पूरा गरेका यिनले स्नातक मिलेटरी इन्जिनियर्स कलेज पूनाबाट १९५४ मा गरेका हुन् । यिनी नेपाली सेनामा सन् १९५२ मा सेकेण्ड लेफ्टिनेन्ट पदबाट सेवाप्रवेश गरेका हुन् । नेपाली सेनामा रहँदा यिनले सडक तथा विमानस्थलसम्बन्धी तालिम, शाही अङ्गरक्षक कोर्स तालिम, योङ्ग अफिसर्स इन्जिनियरिङ्ग कोर्ष, जुनियर कमाण्ड कोर्ष, बम डिस्पोजल कोर्ष (बेलायत) जस्ता थुप्रै तालिमहरू लिएका छन् । यिनी नेपाली सेनामा लेफ्टिनेन्ट जनरल तथा सैनिक सचिव पदसम्म पुग्न सफल भए । यिनी नेपालतारा तेस्रो, महेन्द्र रत्नभूषण, विख्यात त्रिशक्तिपट्ट, प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु, क्रस अफ द अर्डर अफ मेरिट (जर्मनी), अर्डर अफ पिपुल्स आर्मी विथ सिल्भर स्टार (युगोस्लाभिया), कमाण्डर लेजन अफ मेरिट विथ स्टार एण्ड सोल्जर रेवियन, इजोवेलाला काटोलिका सेकेण्ड क्लास (स्पेन), कमाण्डर फस्ट क्लास अफ द अर्डर अफ द ह्वाइट रोज अफ फिन्ल्याण्ड, अर्डर अफ द फस्ट क्लास डिग्री अफ द अर्डर अफ द डेन व्रोभ (डेनमार्क) जस्ता स्वदेशी तथा विदेशी मानसम्मानबाट सम्मानित छन् । यिनले युनिफलमा नेपाली टोलीको नेतृत्व गर्ने अवसर समेत प्राप्त गरे । राजा वीरेन्द्रका साथमा विदेश भ्रमणमा हरारे र वेलग्रेडसमेत पुग्ने अवसर पाए । यिनी काठमाडौँ जेसिसका संस्थापक हुन् । नेपाल इन्जिनियर्स एसोसिएसनका संस्थापक सदस्य एवम् पूर्वउपाध्यक्ष हुन् । यिनले भारत, पाकिस्तान, बङ्गलादेश, थाइल्याण्ड, माल्दिभ्स, सिङ्गापुर, मलेसिया, ब्रुनाई, अस्ट्रेलिया, चेकोस्लोभाकिया, फिन्ल्याण्ड, डेनमार्क, ग्रीस, कुवेत, लेबनान, तान्जानिया, जाम्बिया, जिम्बाबे, इजिप्ट, जर्मनी, लक्जेम्वर्ग, अस्ट्रिया, बेल्जियम, मेक्सिको, संयुक्त अरब इमिरेट्स, केन्या, इरान, साइप्रस, ओमान, सेसेल्स, हङकङ, टर्की आदी मुलुकको भ्रमण गरेका छन् । यिनका पत्नी, २ छोरी र १ छोरा छन् । हाल यिनी ठमेल काठमाडौँमा बस्छन् ।

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

2012.

कर्णेल विष्णुकुमार पाँडे र तत्कालीन नेपाल

प्रा.डा. गंगा हाडा (कर्माचार्य)
शिक्षा शास्त्र केन्द्रीय विभाग, कीर्तिपुर

परिचय

नेपाल राज्यको निर्माणमा सहयोग गर्ने भारादारहरूमा पाँडे वंशको विशेष योगदान रहेको छ। प्रशासनिक क्षेत्रमा भन्दा धार्मिक र सांस्कृतिक कार्यमा हदैसम्म योगदान पुऱ्याएर तत्कालिन समाजमा धेरै प्रचारमा आएका कपर्दार भोटु पाँडेको वंशमा पर्ने कर्णेल विष्णुकुमार पाँडे, भोटु पाँडेको समय भन्दा करिव सय वर्षपछि नेपालको इतिहासमा देखा परे। वि.सं. १९०३ को कोतपर्वमा थुप्रै भारादारहरूको तहस नहस पछि विस्तारै राणा प्रशासनमा भारादारले पुनः प्रवेश पाउने क्रममा पाँडे वंशले पनि अवसर प्राप्त गऱ्यो। सरकारी दस्तावेजको आधारमा वि.सं. १९०४ देखि नै राणा प्रशासनमा पाँडे वंशले देश सेवा गर्ने अवसर प्राप्त गरेको थियो। राणा शासनमा कुँवर वंशले वाहेक अन्य वंशले प्रशासनको उच्च ओहदामा सेवा गर्ने अवसर प्राप्त हुँदैनथ्यो। त्यही परिधिमा रहेर पाँडे वंशले देश सेवाको वाटोमा अग्रसर भइरहे। वि.सं. १९५५ र १९५७ का सैनिक दस्तावेजहरूमा विष्णुकुमार पाण्डेको नाम कर्णेलको रूपमा देखापरेको छ।

कोतपर्वपछि देखा परेका पाँडे भारादारहरूमा एक तेजस्वी व्यक्तिको रूपमा कर्णेल विष्णुकुमार पाँडे पर्दछन्। जसको वहुप्रतिभावान व्यक्तित्ववाट राणा प्रधानमन्त्रीहरूलाई रिझाएर करिव चार दशक जति सैनिक क्षेत्रमा सेवा प्रदान गर्न सकेर टोल छिमेकमा समेत "पाँडे कर्णेल" को रूपमा चर्चित हुन पुगे। इतिहासमा देश र जनताको बारेमा वर्णन हुन्छ भने व्यक्ति विशेषको चर्चाको महत्व रहँदैन। तर त्यस्तो व्यक्तित्व, जसले इतिहासको करिव चार दशकसम्म सैनिक सेवाको अतिरिक्त विभिन्न क्षेत्रमा श्री ३ हरूले अह्राए-गराएका कामहरूमा इमान्दारीपूर्वक लागेर, चरित्रमा कुनै दाग विना आफूलाई उभ्याउन सफल हुन्छ भन्ने त्यस्ता व्यक्तिको बारेमा खोज तलास गर्नु इतिहासकारको कर्तव्य हुन्छ। विष्णुकुमार पाँडेको सेवाकाल श्री ३ रणोद्दीप सिंहको शासनको अन्ततिरवाट शुरु भएर श्री ३ चन्द्र शमशेरको शासनको करिव अन्ततिरसम्म पर्दछ। उनले प्रशासनको कममा आफूले तयार पार्न लगाएका थुप्रै रजिष्ट्रहरू र अन्य सरकारी र व्यक्तिगत दस्तावेज एवं कागजातहरू छाडेर गएका छन्, जसवाट तत्कालीन नेपालमा राणा शासनको धेरै पक्ष उजागरण गर्न सकिन्छ। खासगरी चन्द्र शमशेरको वायाँ हात भएर काम गर्ने (दीवान दाइ भनिने) विष्णुकुमार पाँडेको बारेमा वर्णन गर्न सके इतिहासको गर्भमा रहेका धेरै सत्यतथ्य घटनाहरूलाई प्रकाशमा ल्याउन सक्ने भएकोले इतिहासकारको ध्यान त्यतातिर आकृष्ट भएको हो। उनको बारेमा गरेको वर्णनवाट तत्कालीन नेपालको राणा शासनसम्वन्धी धेरै कुरा उजागर भएर नयाँ अध्याय थपिने छ।

विष्णुकुमार पाँडे काजी तुलाराम पाँडेबाट तेस्रो पुस्तामा पर्ने मे.क. ललितवंका नाति मे.क. गम्भीरध्वज पाँडेका कान्छा छोरा थिए । वि.सं. १९११ मा न्हैकन्तलाको पुर्ख्यौली घरमा जन्मेका उनको वाल्यकाल सोही घरमा वितेको थियो । उनका पिता गम्भीरध्वज पाँडेले सो घरमा अन्य हिस्साहरू पनि थपेर विशाल बनाए । पिता ललितबंबाट नरदेवीटोलको पुस्तैनी घरवाट छुटेर गम्भीरध्वजले न्हैकन्तलामा आइ घर बनाई बसेका थिए । उनले स्वामीमहाराज, विद्वान्वर्ग, गुरूपुरोहित र अतिथिहरू समेतलाई रहन बस्नका लागि स्थान बनाई दिएका थिए । उक्त घरलाई विष्णुकुमार पाँडेको पालामा आएर त्यसको मर्मत सम्भार गरी वातावरण रमणीय वनाउनका लागि भरमग्दुर कोसिस गरे । ठूलो चोक, बगैंचा निर्माण भएर घरको प्रवेशद्वारका दुवैतिर फैलैचाहरू थिए । उक्त फलैचाहरूमा वसेर उनले आगन्तुकहरूसँग गफसफ गर्दथे । राणा सभ्यतालाई नजिकवाट नियालेका विष्णुकुमार पाँडेले युरोपको भ्रमण पछि आफ्नो वंशको शान सौकत बढाउने काम पनि गरे । उनले इन्द्रचोकमा विशाल घर खरिद गरे पनि त्यसलाई व्यापारिक स्रोतको रूपमा मात्र प्रयोग गरेर बसोवासको थलो न्हैकन्तलाको घरलाई नै वनाए । उनले अन्तिम समय पनि त्यही घरमा विताएकोले सो घर पछि "पाँडे कर्णेलको घर" को नामवाट प्रसिद्ध हुन पुग्यो । उनको नाममा भएका लालमोहरहरूमा "असन न्हैकन्तला वस्ने विष्णुकुमार पाँडे क्षेत्री" भन्ने व्यहोरा उल्लेख भएवाट पनि सो कुरा पुष्टि हुन्छ ।[1] हाल सो घरले पुरानो पहिचान वताउन वाहिर सानो हिस्सा मात्र बाँकी राख्न सकेको छ । सो घरमा उनका छोरा वेलायतकुमार र नाति श्री ऋषिकुमार पाँडेज्यूले समेत धेरै समय विताउनु भएको थियो । "पाँडेचोक" नामले पुकारिने सो घरको स्थल हाल जे जस्तो अवस्थामा रहे पनि उक्त स्थान र घरसँग उनका वंशजहरूको भावात्मक सम्बन्ध जोडेर नै रहेको देखिन्छ ।[2]

दिनचर्या

पुस्तौंदेखि सैनिक सेवामा लाग्दै आएका पाँडेवंशका व्यक्तिहरूको दिनचर्या साधारण व्यक्तिकोमा भन्दा फरक हुनु स्वाभाविक नै हो । विष्णुकुमार पाँडेको दिनचर्याको चर्चा गर्दा पनि उनी दैनिक विहान ३ बजे उठेर खाली खुट्टा र केवल एउटा ग्राउन लगाएर कोशौ दगुर्ने गर्दथे । क्षेत्रपाटीवाट पशुपतिसम्म हिडेर नै जान्थे । वागमतीमा स्नान गरी काठको फलैचामा करिव ४५ मिनेट जति वसी, चण्डी पाठ गरेर गुहेश्वरीमा पुगेर भगवतीको दर्शनपछि पशुपति क्षेत्रमा निर्माणधीन मन्दिर, फलैचाहरूको निरीक्षण पश्चात सिंहदरवार पुगी त्यहाँवाट घर फर्कने गर्नु उनको दैनिकी नै थियो । उनी चण्डी पाठमा व्यस्त हुँदा उनका सइसले अरवी घोडा र लगाउने लुगा लिएर उनको प्रतीक्षामा वसेको हुन्थ्यो । रातको समयमा यसरी एक्लै जानु हुँदैन भन्नेहरू थिए । तर त्यसमा उनी निस्फिक्रीसँग "केही हुँदैन" भनेर जवाफ दिन्थे । तर एक दिन पशुपतिको वनकालीनिर पुग्दा चार जना चोरहरूले उनी माथि हमला गरे । ती चोरहरूलाई उनले दुवैतिरवाट दुई दुई जना गरी समातेर बीस तीस गजसम्म पुऱ्याएर पछारी दिएका थिए ।

पारिवारिक सूत्रबाट थाहा भए अनुसार चोरहरूले त्यसपछि कहिल्यै उनी माथि हमला गरेनन् । पशुपति गुहेश्वरीको दर्शन पछि उनी सिंहदरवार पुगेर सिधै श्री ३ चन्द्र शमशेरको खोपी अगाडि पुगेर "हरहर महादेव" भनी उनलाई व्यूँझाउने गरी बोलेर चन्दन प्रसाद दिई त्यहाँबाट अफिस पुगेर काम सम्हाल्ने गर्थे । त्यसपछि वीचमा खानाको लागि घरमा आउने गर्थे । शारीरिक तन्दुरुस्तीमा विशेष ख्याल राख्ने भएकोले अन्य पौष्टिक परिकारको साथै ढिँडो नभइनहुने खाना थियो । नथप्ने र नबोल्ने खाने वेलामा त्यस वेलाको संस्कार भएकोले सोही अनुसार उनी खाएर उठेपछि मात्र वोल्ने गर्थे । उनले भोजन गर्ने (एक हात) फराकिलो थालमा मख्खन र मासुको परिकार पनि हुन्थ्यो । विदेशी गाईको दूध नियमित सेवन गर्ने गर्दथे । व्यायामका सैाखिन विष्णुकुमार पाँडे व्यायाम पछि ठूलो परिणाममा मिश्रीको काँढा खाने गर्थे, त्यस्तै ठूलो करुवाबाट पानी खाने गर्थे । उनले प्रयोग गर्ने थाल, करुवा उनको परिवारमा आजसम्म पनि सुरक्षित अवस्थामा रहेका छन् ।

दिनहुँ विष्णुकुमार पाँडेले श्री ३ चन्द्र शमशेरसँग प्रत्यक्ष भेटघाट गर्ने भएकोले दुवैको दिनचर्यामा धेरै समानता थियो । चन्द्र शमशेरले पनि विहान ६, ७ वजेको वीचमा उठी धार्मिक कार्य- पूजाआजा सम्पन्न गरी, दान धर्मसमेत सकेपछि मात्र अफिसको कामको लागि तयार रहन्थे । आफू समक्ष आएका विन्तिपत्रहरूका वारेमा वुझ्न लगाएर अन्तिम रूप दिने गर्थे । १० वजेसम्म श्रोतावर्गहरू गइसकेपछि आफू निजी काम र आराममा लाग्थे । त्यसपछि महत्वपूर्ण निकाय या विभागका प्रमुखहरूसँग भेट गरी ३, ४ घण्टा खुल्ला आकाशमुनि चौरमा वसी जनताका मुद्दा मामिला सुन्नमा लाग्दथे । शनिवार उनी आफ्नै लागि राखेर अफिसको कुनै काम गर्दैनथे ।[३] संस्कृति परम्परा र धर्मप्रति धेरै लगाव भएको कारण विष्णुकुमार पाँडेसँग चन्द्र शमशेरको मन मिलेको हुनुपर्छ । पुस्तौंदेखिको नैतिक, धार्मिक संस्कारमा हुर्केका विष्णुकुमार पाँडेले पनि चन्द्र शमशेरको दिनचर्यामा प्रभाव पारेको हुनुपर्छ ।

तत्कालीन परम्परा अनुसार विष्णुकुमार पाँडेको विवाह सानै उमेरमा हेमकुमारी अधिकारीसँग भएको थियो । काठमाण्डौ महावौद्धमा वस्ने उनी लेख्न पढ्न सक्ने भएर धार्मिक प्रकृतिकी थिइन् । आफ्नै सिद्धान्तमा अडिग रहने हेमकुमारीको घर परिवारमा प्रभावशाली भूमिका रहेको थियो । घरमा मात्र होइन टोल छिमेकमा समेत उनी मिलनसारकी भनेर चिनिनु हुन्थ्यो । "कुशल गृहणीको रूपमा रहेर छिमेकीहरूलाई वेला वखतमा खान, नाच हेर्न निम्तो दिनुहुन्थ्यो" भन्ने छिमकी दुर्गा श्रेष्ठको भनाई रहेको छ ।[४] त्यस्तै दुर्गा श्रेष्ठकी भतिजी सुश्री जानकी श्रेष्ठले पनि आफ्नो परिवारमा विष्णुकुमार पाँडे र उनकी श्रीमती हेमकुमारीका वारेमा धेरै कुरा सुनेर आएको बताउनु भएको थियो । वि.सं. २०६१ सालमा र २०६४ मा समेत वहाँहरूकै निवासमा घेटघाट हुँदा धेरै कुरा पाँडे कर्णेलको वारेमा थाहा पाउने अवसर मिल्यो । हेमकुमारीको कोखबाट दुई छोरीहरू र पछि एक छोरा वेलायतकुमारको जन्म भएको थियो । विष्णुकुमारको असामयिक निधन र छोरा वेलायतकुमारको समेत अल्प आयुमा निधन भएपछि

हेमकुमारीको काँधमा परिवारको धेरै जिम्मेवारीहरू थुपरिन पुग्यो । ती सबै जिम्मेवारीहरूलाई उनले कसरी साहस र इमान्दारीताका साथ निभाएर परिवारको सुरक्षा कवचको रूपमा उभिन पुगेको कुराको वर्णन पछि आउँदैछ ।

शिकार सवारी र हात्तीसार सम्वन्धी कार्यभार

सरकारी दस्तावेजको आधारमा विष्णुकुमार पाँडेले वि.सं. १९४० देखि नै सरकारी अधिकृत सेवामा प्रवेश गरेर हात्तीसार सम्वन्धी कार्यभार सम्हाल्दै आएका थिए । उनी भन्दा पहिलेका पाँडे भारादारहरूले पनि काठमाण्डौमा र तराईमा रहेका विभिन्न हात्तीसारहरूको कार्यभार सम्हाल्ने गरेका थिए । राजा महाराजाहरूले हात्तीहरूलाई उच्चकोटीको सवारी साधनको रूपमा विभिन्न उद्देश्यले प्रयोगमा ल्याउने गरेका थिए । भौगोलिक असुविधा भएको हाम्रो जस्तो देशमा हात्तीको उपयोग धेरै दृष्टिकोणवाट हुने गरेको छ । युद्धमा प्रयोग गरिने हात्तीहरू शान्तिको समयमा मनोरञ्जनको रूपमा प्रयोग हुने गरेकोले प्रत्येक राणा प्रधानमन्त्रीहरूले शिकारको योजना बनाएर तिनीहरूलाई प्रयोगमा ल्याउने गरे । शिकारका भोगी जंगबहादुरको पालादेखि नेपालमा शिकार र सवारीको चलन चलिआएकोले हात्तीको प्रयोग पनि बढ्न थालेको थियो । शिकारको भव्यताको मूल्याङ्गन हात्तीहरूको अत्यधिक प्रयोगको आधारमा हुने गर्दथ्यो ।

हात्तीहरूको पालन पोषण, स्याहार संभारको काम नेपाल हात्तीसार र मधेसका हात्तीसार गरी दुई क्षेत्रवाट हुने गर्दथ्यो । प्रत्येक हात्तीसार पिच्छे मत्ता, ढोई र छावा गरी तीस चालीस हात्ती माहुते, पछुवा हुन्थे । एक हात्तीको लागि दरोगा १, पछुवा १, माउते २ गरी जम्मा ४ जना कर्मचारीलाई खटाइएको हुन्थ्यो । विष्णुकुमार पाँडेको कार्यकालमा दरोगा श्यामलाल, दरोगा मकु र वि.सं. १९७० सालको फाँटमा दरोगा तिलविक्रम पाँडेको नाम प्रकाशमा आएको छ । तिलविक्रम उनका दाजु कप्तान इन्द्रध्वज पाँडेका छोरा थिए । सहकाल हुँदा हात्तीहरूलाई सिधा दानाको राम्रो प्रवन्ध थियो । हात्तीहरूको खुराकको व्यवस्था, वर्ष भरिका लागि सीधा र तलव विनियोजन गर्ने र त्यससँग सम्वन्धित कर्मचारीहरूको समेत वर्षभरिका लागि सीधा र तलवको लेखाजोखा गर्ने कामको जिम्मेवारी उनले वोकेका थिए । हात्तीहरूलाई तालिम पनि दिइने गरिन्थ्यो । श्री ३ हरूलाई खुसी पार्न सक्ने हात्तीहरूले खुराक र सुविधा वढी पाउने गर्दथे । विष्णुकुमार पाँडेको लागतमा ती सवै कुरा उल्लेख भएको आधारमा हात्तीहरूको स्याहार संभार राम्ररी हुन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।

त्यसबेला राणा प्रधानमन्त्रीहरूको लागि शिकार र सवारी भन्ने कुरा साधारण थियो । सालिन्दा जाडोको समयमा दुई तीन महिना तराईमा बस्ने उद्देश्य राखी शिकारको व्यवस्था मिलाउने गर्दथ्यो । काठमाण्डौको जाडो छल्नुका साथै तराईका विभिन्न जिल्लाहरूमा पुगेर दौडाहाको माध्यमवाट त्यहाँको वस्तुस्थिति बुझ्न सकिने भएकोले प्रधानमन्त्रीहरूले तराईको शिकारमा विशेष जोड दिने गर्दथे । काठमाण्डौवाट श्री ३ हरूको सवारी वाहिर नचल्दासम्म

सरकारी कार्यालयहरूमा काम कुरा खाली सवारीको वारेमा मात्र हुने गर्दथ्यो । शिकारको भव्य तयारीका साथ काठमाण्डौवाट विदाई भएर भीमफेदीमा पुगेर मुकाम हुन्थ्यो । त्यहाँ दुई सशस्त्र पल्टन राखिएको हुन्थ्यो । सवारी साथ जंगीलाठ, हजुरिया, कर्णेल, हजुरिया कर्णेल, विभिन्न सरकारी कार्यालयका हाकिमहरू र शिकारीहरू पनि हुन्थे । चाकरीदारहरू सिंहदरवारदेखि भीमफेदीसम्म सवारीको पछि लागेर पुग्ने गर्दथे । श्री ३ का साथ पूरा परिवार, रानी, नानी, वैठके, छाते आदि पनि शिकारमा जाने गरेकोले धेरै थरिका क्याम्पहरूको व्यवस्था गर्नु पर्दथ्यो । क्याम्प फराकिलो बनाउन तराईका विभिन्न जिल्लामा रमणीय स्थानहरू छुट्याएर सदापर्ती राखिएका हुन्थे । प्रत्येक क्याम्पमा आठ दश दिनको मुकाम हुने गरेकोले सबै सुविधा मिलाउनु पर्दथ्यो । वस्ने खाने प्रवन्ध वडाहाकिमले मिलाउनु पर्दथ्यो । काठमाण्डौको राजधानी नै त्यहाँ सारेको जस्तो भान हुन्थ्यो जव तराईवासीहरू आफ्ना अनेक समस्याहरू लिएर प्रधानमन्त्रीलाई भेट्न आउँथे । प्रधानमन्त्रीसँग प्रत्यक्ष भेट हुने भएकोले तराईवासीहरू भरसक यो मौका गुमाउँदैनथे । त्यसवाट प्रधानमन्त्रीहरूको एकाधिकारको पनि परिचय पाउन सकिन्छ । त्यसवेला शिकार केवल पारिवारिक मात्र नभएर भारतका जंगीलाठ, विशिष्ठ पाहुनाहरूका लागि समेत त्यहाँ आयोजना गरिन्थ्यो । शिकारको स्तर र किसिम धेरै भए पनि शिकारको अर्थ वाघको शिकार भन्ने चलन थियो ।

संवत् १~~९~~८६३ (१९०७, फेव्रुअरी) मा प्रिन्स अफ वेल्स नेपालको तराईको जंगलमा आउने भन्ने तय भएपछि चन्द्र शमशेरले उको शिकारको व्यवस्था मिलाए । शिकारमा जानु पूर्व हात्तीहरूलाई गन्तव्य स्थानमा लग्न श्री ३ ले "खड्ग निशाना इस्तिहार" पढेर सुनाउनु पर्ने नियमअनुसार, चन्द्र शमशेरले गर्दा, विजुली प्रसाद नाम गरेका हात्ती डेग चलेन । त्यसपछि चन्द्र शमशेर रिसाएर उनको दानामा कटौती गर्न आदेश दिए । प्रिन्स चितवन पुग्नु अगावै चन्द्र शमशेर त्यहाँ पुगेर वाघको शिकारमा लागे । दुर्भाग्यवश वाघको झम्टाइवाट उनी हौदावाट खसेपछि अर्को दलले उद्धार गरेर उनको ज्यान वच्यो । जंगलमा हैजा फैलिएको कारणबाट प्रिन्सको शिकारको योजना पनि स्थगित भयो । शिकारको यो कुसाइतसँग विजुलीप्रसाद हात्तीले इस्तिहार पढेर सुनाउँदा डेग नचलेको प्रशंग जोडेर उक्त घटनालाई चन्द्र शमशेरले असुभको संकेत दिएको सम्झे । त्यसपछि विजुलीप्रसाद हात्तीलाई भेट्न हात्तीसार पुगेर उनको थप दाना र सुसारेको समेत व्यवस्था मिलाउने हुकुम गरेर फर्के । त्यसवाट चन्द्र शमशेरको धर्म र संस्कृतिमा (भविष्यवाणीमा) विश्वास भएको थाहा हुन्छ ।

सन् १९११ मा दिल्लामा आयोजना भएको दरवारमा भाग लिन जर्ज पंचम साम्राज्ञीका साथ भारत आए । त्यसवेला नेपाल सरकारको प्रतिनिधित्व गर्दै दिल्ली पुगेका चन्द्र शमशेरले सम्राट जर्ज पंचमलाई ठोरीको जंगलमा शिकार खेल्ने निम्तो दिएर फर्के । डिसेम्वर १९११ मा गरेको यो शिकारवाट दुवै देशको बीचमा राम्रो सम्बन्ध कायम भयो । सन् १९२१ को डिसेम्वरमा पनि जर्ज पंचम (पछि एडवर्ड अष्टम) चन्द्र शमशेरको निम्तोमा ठोरीको जंगलमा

गभरनर जनरल माउन्टवेटन र पर्सिभल ल्याण्डनका साथ शिकार खेल्न आए । दुवै पल्ट सम्राटले बाघ, चितुवा, भालु, गैंडा जस्ता ठूला जनावर र पन्छि आदिको शिकार गरेर निक्कै मजा लिएर फर्के । लण्डनको चिडियाघरमा राख्न प्रशस्त जिउँदा जनावर र पन्छीहरू संकलन गरेर पठाई दिए भने सम्राटबाट चन्द्र शमशेरले प्रशस्त हात हतियार, युद्ध सामग्रीहरू प्राप्त गरे । नेपाल अंग्रेज सम्बन्ध १९२३ को लागि यो आधारशिला वन्न गयो । यसरी विदेशी सम्वन्ध दरिलो बनाउन शिकारलाई माध्यम बनाउने गरे । उक्त समय उनले प्रशस्त हात्तीको प्रयोग (करिव ४००, ५०० सय) गरेर शिकारलाई उच्चस्तरीय बनाउने प्रयास गरेका थिए । ठोरीको जंगलमा शिकारको व्यवस्था मिलाउन विष्णुकुमार पाँडे चन्द्र शमशेरका साथ रहेका हुन्थे ।

चन्द्र शमशेरले विदेशीहरूलाई देखाउने हेतुले पनि सैनिक क्षेत्रमा केही सुधारका कदमहरू चालेका थिए । विष्णुकुमार पाँडे राजदल पल्टनमा कार्यरत थिए । पल्टनको सैनिक कामकाजका साथै श्री ३ को हजुरिया कर्णेलको रूपमा रहेर चन्द्र शमशेरले थालेका निर्माण सम्वन्धी काम र बैदेशिक र कूटनैतिक कामहरू समेत गर्नुपर्ने भएकोले उनी अत्यन्त व्यस्त रहन्थे । उनले थानकोटदेखि भीमफेदीसम्मको पुरानो बाटोलाई बढाउने, मर्मत गर्ने गरे । श्री ३ हरू बाहिर जाँदा बस्न सुविधाको लागि तत् स्थानहरूमा घरहरू वनाउने काममा समेत उनी लाग्दथे । चितलाङ्देखि मार्खुसम्मको गोरेटो बाटो उनकै समयमा फराकिलो भएको थियो । सोही वाटो मार्फत् पछि राणाहरूका मोटर बोकेर ल्याउन मद्दत मिलेको थियो । काठमाण्डौको र मधेसको हात्तीसारको काम मात्र नभएर ल्हासासम्म आवत जावत गर्ने हात्तीको रेखदेख गर्ने काम उनको मातहतमा थियो । ल्हासाबाट पनि हात्ती लिन आएका कर्मचारीहरूको खर्च नपुगेको रकम दिने, दाना ओसार पसार गर्ने गरेको कुरा विष्णुकुमार पाँडेको रजिष्ट्ररमा उल्लेख छ । माथि उल्लेख भएजस्तै त्यसवेला शिकारमा प्रयोग हुने हात्तीहरूका नाम मानिसका नाम जस्तै हुन्थे । विजुलीप्रसाद, रामप्रसाद, रामकली, सुन्दरकली आदि । शाहकालमा पनि शाही सदस्यहरूको नामबाट हात्तीहरूलाई पुकारिन्थ्यो । जस्तै वीरेन्द्र गज, दीपेन्द्र गज, ऐश्वर्य कली, ज्ञानेन्द्र गज, पारसगज आदि । वि.सं. २०४६ सालपछि दरवारबाट हात्तीको नाम आउने प्रचलन कम हुन गयो ।[५] तिनीहरूमा विजुलीप्रसाद पछिसम्म बाँचेर महत्व राखेको देखिन्छ ।

ल्हासावाट मालसामान ओसार पसार गरेको कामको सिलसिलामा विष्णुकुमार पाँडेका दाजु वकिल कप्तान इन्द्रध्वज पाँडेको नाम १९५७ को दस्तावेजमा देखापरेको छ । ल्हासा सम्वन्धी कारोवारमा विष्णुकुमार पाँडेलाई इन्द्रध्वज पाँडेले सघाएको देखिन्छ ।[६] राणाहरूको शिकार र सवारीको समयमा हौदाहरू, स्तर अनुसारका बनाइएका, प्रयोगमा ल्याउने गरिन्थ्यो । सवारीको लागि हौदा र हौदामा आवश्यक पर्ने सामान- डसना, डोरी आदि सामानहरू राख्नको लागि भीमफेदीमा ठूलो टीनको छाना भएको भवन विष्णुकुमारकै पालामा बनेको थियो । भीमफेदीको क्याम्पसमा सिकीमा झुण्ड्याएर राखिएका हौदाहरू श्रृंगार पटारपछि प्रयोगमा ल्याउने गरिन्थ्यो । त्यसवेला सवारीको मुकाम मानिएको भीमफेदीको हौदा स्टेशनमा आज पनि

त्यसरी नै राखिएका हौदाहरू देख्न सकिन्छ र विष्णुकुमारको योगदान भएको उक्त स्टेशनमा वहाँका वंशजहरूले भारतीय सीमा क्षेत्रमा केही वर्ष पहिले भ्रमण गर्ने क्रममा बास बस्ने गरेको कुरा पारिवारिक सुत्रबाट थाहा भएको हो । हौदा सहितको हात्तीमा सवार भएर छिर्न मिल्ने गरी उक्त भवनको ढोका विशाल बनाइएको थियो । हात्तीसार सम्वन्धी कामकाज पाँडे काजीहरूले नै सम्हाली आएको कुराको वर्णन इतिहासमा भए जस्तै तिव्वतको मामलामा पनि पाँडेहरू नै सरिक भइ आएको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको शिकार आयोजनामा प्रशस्त धनको खर्च हुने गर्थ्यो । धेरै जनशक्तिको समेत उपयोग त्यसवेला हुने गरेकोले विष्णुकुमार पाँडे अत्यन्त व्यस्त हुने गर्दथे । राणा प्रधानमन्त्रीहरूको हात्ती, घोडा जस्ता जन्तुहरूको सौख पूरा गर्न विष्णुकुमार पाँडे भारतको सोनपुरको वर्षेनी लाग्ने मेलामा सहभागी हुने गर्दथे । त्यहाँबाट खरिद गरिएका वस्तुहरूको मूल्यमा भएको डिस्काउण्ट समेत खुलाएर उनले रजिष्ट्रर तयार गरेका थिए । हिसाव किताबमा चुस्त र दुरुस्त पार्ने भएकोले दरवारमा सानोभन्दा सानो सामानको खरिद बिकीमा उनको हात रहेको देखिन्छ । शिकार र सवारीमा नै उनको सेवाको धेरै समय बितेको थियो । अन्तिम समय पनि उनी चितवनको सवारी क्याम्पमा शिकार र सवारीमा व्यस्त थिए । त्यहाँ विरामी भएर घर पुऱ्याएपछि केही दिनमै उनको देहान्त भयो ।

श्री ३ हरूको कलकत्ता सवारी

ब्रिटिश सरकारका भारतस्थित प्रतिनिधिहरूसँग नेपालका राणा प्रधानमन्त्रीहरूको भेटघाट कुनै न कुनै वहानामा भइरहने हुन्थ्यो । पत्रको आदान प्रदानकै कममा विशेष विषयको छलफल गर्न प्रधानमन्त्रीहरू कलकत्ता पुग्ने गर्दथे । सन् १८८५ मा प्रधानमन्त्री बनेका वीर शमशेरलाई प्रधानमन्त्रीको रूपमा मान्यता नदिन नेपाल स्थित रेसिडेन्ट गिडलस्टोनले तत्कालिन अंग्रेज भाइसराय लड डफरिनलाई पत्र लेखेका थिए । विदेश अंग्रेज सचिव एस.एम. डुरान्डले समेत समर्थन गरेकोले भायस राय डफरिनले नेपालमा घटेको घटना मन नपरेको कुरा पत्र मार्फत जाहेर गरे । तर तेस्रो बर्मा युद्ध (१८८५-६ ई.) ले गर्दा भारतलाई गोरखाली फौजको आवश्यकता परेकोले वीर शमशेरको प्रधानमन्त्रीको पक्षमा वकालत गरेर अंग्रेज कमाण्डर इनचीफ लर्ड रोवर्टसले भायसराय मार्फत जनवरी ३०, १८८६ मा स्वीकृति गराउन लगाए । वीर शमशेरको माग अनुसार रेसिडेन्ट गिडलस्टोन (Mr. Chjarls Giedlestone) लाई फिर्ता वेलायो । त्यसपछि नेपाल र अंग्रेज सरकारको वीचको सम्वन्ध सुमधुर हुन गयो ।

वीर शमशेरले पटक पटक कलकत्ताको भ्रमण गरेका थिए । फवररी १८८८ ई. मा भाइसराय लर्ड डफरिनसँग भेट गर्न भ्रमण गरेका थिए । त्यस बेला अंग्रेज भायसारायले नेपालका प्रधानमन्त्रीलाई धेरै सन्मान गरे । भ्रमणमा भएको छलफल पछि पदुई देशको वीचको सम्वन्ध निकै सुमधुर हुन गयो । भारतमा भाइसरायहरू परिवर्तन भएपछि दुई देशको सम्वन्धमा चिसो आउन नदिन वीर शमशेरले कलकत्ताको भ्रमण गर्ने गरेका थिए । त्यस अनुसार उनले

सन् १८९३, १८९६ र १८९९ मा कलकत्ताको अन्तिम पटक भ्रमण गरेका थिए । भ्रमणको उद्देश्य राजनैतिकका साथै धार्मिक पनि जोडिने भएकोले भ्रमण टोलीमा पल्टनका जवानदेखि दरवारका परिवारमा, वडा महारानी, रानी साहेवहरू, दरवारिया जनरलहरू दुलही मैयाँहरू, पण्डितहरू, बैठकेलगायत सामेल हुन्थे । भ्रमणमा जानेहरूले स्तरअनुसार पकेट मनीको रूपमा रकम बक्स पाउने गर्दथे । विष्णुकुमार पाँडेको हिसावसम्वन्धी रजिष्ट्ररमा उल्लेखभए अनुसार यो वक्सको लागि रकम पटक पटक गरी श्री ३ मा दाखिला भएको थियो । बक्सको रकम जनही रु. ८०००।– देखि १००।– सम्म हुने गरेको देखिन्छ । रजिष्ट्रर नं. ६ का पृष्ठ ५ देखिका अन्य पृष्ठहरूमा “श्री ३ को भ्रमणको निमित्त” भनी कौशीतोषाखानालगायतका विभिन्न स्थानवाट आएका रकम १५१,३९२।- को उल्लेख छ भने त्यसमा नपुगेर थप खर्च भएको रकमको पनि उल्लेख छ ।

उक्त भ्रमणको समयमा कलकत्तावाट विभिन्न कम्पनीहरूवाट विभिन्न किसिमका सामानहरू खरिद भएका थिए । ती सामानहरूमा घरायसी प्रयोगका सामानहरू, जनावरहरू, पंछीहरु र गहनालगायतका थिए । प्रत्येक भ्रमणमा गएका सदस्यहरूको नाममा ती सामानहरू प्याकिङ्ग भएर ल्याइएका थिए । साथमा लगेका पल्टनहरूलाई आवश्यक रसद किनेको सामानहरूको मूल्य उल्लेख भएवाट त्यस वेलाको बजार भाउको जानकारी पाउन सकिन्छ । वीर शमशेरको भ्रमणवाट राणा एवं अन्य परिवारहरूले पनि निक्कै फाइदा लिन सक्यो । नेपालमा उत्पादन नभएका विदेशी सामानहरू नेपालमा भित्रिन सक्यो । विदेशीहरूसँगको सम्पर्क नेपालीले अनुभव गर्न थाल्यो । अंग्रेजहरूप्रति भक्ति भाव देखाएर नेपालमा आफ्नो शासन टिकाउने र बेलायतको भ्रमणसमेत गर्ने उक्त भ्रमणको भित्री उद्देश्य रहेको भए पनि पछिल्लो उद्देश्य प्राप्तिमा भने वीर शमशेर सफल हुन सकेका थिएनन् ।

वीर शमशेरको भारत भ्रमणमा व्यस्त रहे जस्तै त्योभन्दा पनि वढी व्यस्त विष्णुकुमार पाँडे चन्द्र शमशेरको कलकत्ता सवारीमा हुनुपरेको थियो । ती पटक पटकको कलकत्ता सवारीहरूमा वि.सं. १९६० र १९६३ को सवारी नै उल्लेखनीय छन् । माघ ८ देखि २३ सम्म गरिएको १९६० को भ्रमणको लागि गरिएको खर्चलगायतको तयारी वीर शमशेरकै पालाको कलकत्ता सवारीकै जस्तो थियो । भ्रमणमा जाने सदस्यहरूको किसिम, रकमको जम्मा जिल्ला, स्थान, सरकारी कार्यालयहरूबाट विभिन्न व्यक्तिहरूले हस्ताक्षर गरेर ल्याएको, त्यसको पकेट मनिको रूपमा रु. २००००।– देखि १००।- सम्म वक्स दिने प्रथा, सबै कुरा वीरशमशेरको पालाकै जस्तै थियो । विष्णुकुमार पाँडेको रजिष्ट्रर नं. ४ मा त्यसको विस्तृत विवरण दिइएको छ । भ्रमणपछि मालसामान किनेकोमा यसपल्ट गरगहना, लत्ता कपडा, पर्दा, सेन्ट, जुत्ता, मरमसला, छालाको सन्दूस, मेकअपका सामान आदि पनि थिए । प्याकिङ्गपछि चलान गरेको सामानका वक्सहरू भित्रिने क्रममा सुनौलीदेखि वीरगन्जसम्मको खर्चको रकम भनी छुट्याइएको

छ । भ्रमणको समयमा श्री ३ बडामहारानीहरूले अनेक स्थानको दृश्यावलोकन गर्ने, नाचगान हेर्ने गरेर भरपुर मनोरञ्जन पनि लिने गर्थे ।

कलकत्ता भ्रमणको उद्देश्य धार्मिक पनि हुने गरेकोले श्री ३ चन्द्र शमशेर जम्मू स्टेशनमा वसन्त पंचमीक ।दिन वसन्त श्रवणका लागि भनी गुरु-पुरोहित, पण्डितलाई दिने दक्षिणाको रकमसमेत छुट्याइएको थियो । कलकत्तामा कालीमाईका पूजा गरेको र त्यसको लागि भनी दान दक्षिणा, बोका, पूजाका सामानहरू खरिद गरेको लागत विष्णुकुमार पाँडेको रजिष्ट्रमा उल्लेख छ । कलकत्तामा रहँदा धार्मिक प्रकृतिका चन्द्र शमशेरले नित्य पूजामा खर्च गर्ने गरेको रकमको समेत उल्लेख छ । भ्रमणका लागि जम्मा भएका रकममा मोहरू, भारु, असर्फी सबैको जम्मा गरी खर्च भएको रकम ४९४४८२।. ॥३ देखाइएको छ भने, केही रकम, असर्फी, नोट भनी वाँकी भएको उल्लेख पनि छ । लागत मूल्य सूचीमा डिस्काउण्टको समेत उल्लेख छ । यही वि.सं. १९६० को नाप नक्सामा वि.सं. १९६३ को अर्को भ्रमण पनि भएको थियो । तर खर्च भएको हिसावले पछिल्लो भ्रमण अझ भव्य थियो भन्न सकिन्छ । वि.सं. १९५९ मा चन्द्र शमशेरले दिल्लीको भ्रमण गरेका थिए । त्यसको नापनक्सा पनि यस्तै खालको थियो । त्यस समय मणिकर्णिका सवारी भएर श्री ३ ले इच्छा गरे जस्तो दान दक्षिणा, पूजाआजा गरेर प्रशस्त सामानहरू खरिद गरी मनोरञ्जनका साथ स्वदेश फर्केका थिए । यसरी सबै स्थानका आयआर्जन वटुलेर आफ्नो भ्रमणको लागि उपयोग गर्ने गरेको कुरा यसबाट स्पष्ट भएर देश र जनताको पक्षमा विकास हुने अवसर पाउँदैनथ्यो भन्ने कुरा स्पट हुन्छ । उनको यस्तै कार्यकलापवाट अन्य राणा प्रधानमन्त्रीहरू भन्दा उनी योग्य, प्रशासक, सुसंस्कृत, धार्मि र अंग्रेज़का भक्त थिए भन्न सकिन्छ । उनको धार्मिक कृयाकलाप भने विष्णुकुमार पाँडेको संग मिल्दोजुल्दो छ । यस्ता भ्रमणहरूबाट विष्णुकुमार पाँडेलाई व्यक्तिगत रूपबाट पनि फाइदा भएको थियो । यसै सवारीको माध्यमबाट भारतीय राजाहरू र उद्योगपतिहरूसँग उनको सम्पर्क रहन पुग्यो । यो सम्पर्कको फाइदा उनका छोरा नातिले समेत उपभोग गर्न पाए । उनका छोरा वेलायतकुमारले आफ्नो व्यवसाय र उपचारको कममा त्यहाँको मेलोमेसो आफ्नो पिताबाट प्राप्त गर्न सकेकोले एक साल जति त्यहाँ रहन पाए । परिवारसँग कलकत्तामा रहँदा उनले त्यहाँको आधुनिक अंग्रेजी शिक्षावाट प्रभावित भएर छोरा श्रषिकुमारलाई सानै उमेरमा दार्जलिङ्ग-खर्स्याङ्गको स्कूलमा दाखिला गरी दिए । जसको परिणाम उनीबाट मुलुकले करिब चालीस वर्ष जति दमदार सैनिक र प्रशासनिक सेवा प्राप्त गर्न सक्यो । यो राष्ट्रको निमित्त समर्पित हुने परम्परलाई विष्णुकुमारको छोरा, नाती र पनातीले समेत कायमै राख्न सकेको छ ।

चन्द्र शमशेरको बेलायत यात्रामा विष्णुकुमार पाँडेको सहभागिता

राणा प्रधानमन्त्रीले अंग्रेजहरूसँग नजिक हुन गरेको प्रयासहरूमा बेलायतयात्रालाई निकै प्राथमिकतामा राखेको देखिन्छ । वीर शमशेरले जंगबहादुरको देखासिकिमा बेलायत भ्रमणको

निमित्त पूरा तयारी गरेको भए पनि सो कार्यमा परिणत हुन पाएन । पटक पटकको प्रयासपछि सन् १९०७ मा श्री ३ चन्द्र शमशेर लर्ड मिन्टोसँग भेट्न कलकत्ता पुगे । त्यहाँ उनको राम्रो स्वागत भएपछि उनले आफ्नो बेलायत जाने इच्छालाई उनको सामुन्ने राखे । त्यसको अर्को वर्ष सन् १९०८ मा उनले निम्तो पाएर बेलायत जानको लागि पूरा तयारी गर्न लागे । भ्रमणबाट धेरै अनुभवहरू बटुल्न र यादगार बनाउन उनले विष्णुकुमार पाँडेसहितको २२ (२४) सदस्यीय भ्रमण टोली गठन गरे । अप्रिल १७, १९०८ मा बम्बई पुगेर त्यहाँबाट सन्मानका साथ सिटी अफ (City of Viena) नामक स्टिमरबाट बेलायतको लागि उक्त टोलीले प्रस्थान गर्‍यो । चन्द्र शमशेरलाई बेलायतमा मद्दत पुर्‍याउन अंग्रेज सरकारको तर्फबाट नेपाल स्थित अंग्रेज रेसिडेन्ट मेजर म्यानर स्मिथ र अन्य सहयोगी खटिएका थिए । पर्सिभल ल्याण्डन (Perceval Landon) पनि त्यसमा सामेल थिए । चन्द्र शमशेरले आफ्नो तर्फबाट १४ जना मात्र भ्रमण दलमा सामेल गराएका थिए । स्टिमर चढेदेखि विभिन्न पार्टी हलहरूमा पनि विष्णुकुमार चन्द्र शमशेरको नजिकमा रहेका थिए । जहाज समुद्रको किनारमा पुगेपछि उनले कछाड मात्र लगाएर समुद्रमा डुबुल्की मारे । त्यसको रहस्यबारे चन्द्र शमशेरले प्रश्न गर्दा विष्णुकुमार पाँडेले "सात समुद्रको पानीमा नुहाउने अवसर पाएकोमा त्यसको उपयोग गरेको हुँ" भन्ने जवाफ दिएका थिए । त्यसबेला पानी निक्कै चिसो थियो । त्यस्तो चीसो पानीमा हामफाल्ने साहसी नेपाली पर्यटक भनी ल्याण्डनले प्रशंसा गरेका थिए । जहाजमा रहँदा विष्णुकुमार पाँडेको क्रियाकलापाको सम्बन्धमा केही इतिहासकारले टिकाटिप्पणी गरेका छन् । अंग्रेजी नजान्ने भनी उपहास गरेर उनले गल्ती गरेको कुरा उल्लेख गरेको छ ।[७] त्यो केवल इतिहासकारको ठट्यौली पाराको जस्तो मात्र हो भन्ने पारिवारिक दावी छ । मे ८ मा बेलायतको राजधानी लण्डन पुगेर चन्द्र शमशेरले सम्राट एडवर्ड सप्तम र प्रधानमन्त्री हर्डवर्ट हेनरी एसक्वेथसँग भेट गरे । बेलायतमा अक्सफोर्ड विश्वविद्यालयको भ्रमण गर्दा उनलाई चान्सलर लर्ड कर्जनले "डाक्टर अफ सिभिल ल" को उपाधिबाट सन्मान गरे । उनले बेलायत सवारीको लागि भनेर तयारी पारिएको पोशाकमा विशेष ध्यान दिएको थियो । उनले त्यहाँ प्रयोग गरेको पोशाकको विशेषता बढाउन त्यसमा हिरा, सुनको जलप ठाउँ ठाउँमा लगाउन लगाएकोले निक्कै शोभा झल्केको थियो । त्यसको प्रयोगबाट सभामा उनी अन्य देशका राजा रजौटाहरूलाई चकित पार्न चाहन्थे । यूरोप यात्राको लागि चन्द्र शमशेरले गरेको तयारीका बारेमा र त्यहाँ उनले के कस्ता सामानहरू खरिद गरे भन्ने बारेमा ल्याण्डनले आफ्नो पुस्तक "नेपाल" (Nepal) मा विस्तृत रूपमा वर्णन गरेका छन् ।[८]

चन्द्र शमशेरको सम्मानार्थ वेन्डसर क्यासल (Wendsor Castle) पार्टीमा विष्णुकुमार पाँडे पनि सँगै रहेका थिए । प्रत्येक पटकको भेटघाटको अवसरमा चन्द्र शमशेरका साथ विष्णुकुमार पाँडे रहेको कुरा तत्कालीन फोटोहरूबाट स्पष्ट हुन्छ ।[९] बेलायत सरकारको तर्फबाट उनलाई सम्राट एडवर्ड सप्तमले Grand Cross of the Order of the Bath को पदवीबाट विभूषित गरे । खासगरी हिरै हिराले जडिएको उक्त विभूषण गोरखालीको सम्मान र प्रतीकको

रूपमा थियो । उनी जहाँ जहाँ गए त्यही मिडिया पुग्ने भएर उनको भ्रमणको निक्कै प्रचार प्रसार भयो । उनको भ्रमणको विषयलाई लिएर ७३वटा समाचार पत्रहरूले समाचार प्रकारशित गरे । गोरखालीहरू होचा-पुड्का हुन्छन् भन्ने धारणा रहेको बेलायतमा यसपल्टको भ्रमण टोलीमा विष्णुकुमार पाँडे जस्ता हट्टाकट्टा, मोटाघाटा व्यक्तिहरू भएकोमा बेलायतीहरु दंग परेका थिए । चन्द्र शमशेरको बेलायत यात्राको मुख्य उद्देश्य भनेको आफ्नो देशको अन्तर्राष्ट्रिय मर्यादा बढाउने विषयमा कुरा गर्नु थियो । त्यसपछि विना शर्त आधुनिक हातहतियार प्राप्त गर्नु र देश विकासको निमित्त कृषि, उद्योग र वैज्ञानिक उपकरण प्राप्त गर्नु थियो । तर उनले चाहे जति कुरा बेलायत सरकारसँग त्यस बेला गर्न पाएनन् । तैपनि नेपाल बेलायत सम्वन्धको दृष्टिकोणबाट यो भ्रमण ज्यादै महत्वपूर्ण मानिन्छ । चन्द्र शमशेर र उनको सरकारमा रहेका मुख्य अधिकारीहरूले बेलायतको दर्शन गरेर त्यहाँको विकास कार्यहरूलाई आँखाले देखेर त्यसको नक्कल नेपालमा पनि गराउने दृढताा मनमा बोकेर आएको हुनुपर्छ । बेलायति जनताको नाममा एउटा धन्यवाद ज्ञापनको पत्र छोडेर त्यहाँबाट भ्रमण दलले विदा लिए । फर्कने कममा भ्रमण दलले उत्तर फ्रान्सदेखि दक्षिण फ्रान्ससम्मको अनौपचारिक भ्रमण गरी दुई महिना पछि स्वदेश फर्केको थियो । राजा र सरकारको तर्फबाट काठमाण्डौ हनुमान ढोकामा उनको भ्रमण दलको भव्य स्वागत भयो । बेलायती सम्राटबाट प्राप्त पत्र चन्द्र शमशेरले त्यहाँ पढेर सुनाए । आफ्नो दललाई स्वागत गरेकोमा उनले राजा र जनतालाई धन्यवाद दिए ।

बेलायतबाट फर्केको खुशीयालीमा चन्द्र शमशेरले टुँडिखेलमा सबै वर्ग, जातजाति सामेल हुने गरी भोजको आयोजना गरे । यसको प्रवन्धको सम्पूर्ण जिम्मा विष्णुकुमार पाँडेलाई नै सुम्पेको थियो । वि.सं. १९६५ फागुन १९ गते रोज ३ मा भएको सो भोज पकाउने पल्टनिया ब्राह्मण ३७ जनालाई खुसीको अवसर भएकोले प्रमोशन गरी ठाउँ ठाउँमा पल्टनमा सार्ने काम पनि भयो । त्यसमध्ये १७ जनाले प्रमोशन नपाएकोमा तिनीहरूलाई जनही एक महिनाको तलव बराबरको रकम ५।– दिने हुकुम पनि श्री ३ चन्द्र शमशेरले दिए । त्यसको निमित्त छुट्टै रकम "कौषीतोषाखानाबाट कर्णेल विष्णुकुमार पाँडे क्षेत्रीले सहीछाप गरी ल्याएको मोरु ११०।- मध्ये रु. ८५।- खर्च गरी बाँकी मोरु. २५।- मुलुकी खानामा दाखिला गरेको" भन्ने उल्लेख उनको बहिखातामा परेको छ ।[१०] त्यसपछि पनि बेलायतका नयाँ सम्राट जर्ज पंचमको राज्याभिषेकको अवसर सन् १९११ मा दिल्लीमा दरबारले आयोजना गरेकोमा चन्द्र शमशेरले नेपालका श्री ५ को प्रतिनिधि भएर भाग लिन पुगे । त्यस अवसरमा सम्राटलाई ठोरीको जंगलमा शिकारको निमित्त निम्तो दिएर फर्केका थिए । उक्त शिकारको निमित्त प्रशस्त फौज र हात्तीहरूको परिचालन गरी शिकारलाई भव्य बनाउन उनले निक्कै कसरत गरे । उक्त कार्यमा प्रधानमन्त्रीलाई सघाउन विष्णुकुमार पाँडेले निक्कै मेहनत गरे । पहिलेको शिकारको आयोजना असफल भएकोमा यसपल्ट पूर्ण सफल हुनु पर्ने उनको धारणा रहेको थियो । यसरी बेलायत सवारी पछि कुनै न कुनै बहानामा चन्द्र शमशेरले बेलायतको समर्थन पाउने काममा लागि नै रहे । बेलायत यात्राको लागि विभिन्न सरकारी निकायबाट विष्णुकुमार पाँडेकै मार्फत् रकमहरू

जम्मा भएको थियो । उक्त सवारीको निमित्त उनले विभिन्न कम्पनीबाट मालसामान खरिद गरका थिए । यसपल्टको शिकारवाट वेलायत सम्राटबाट चन्द्र शमशेरले निक्कै मानसम्मान र प्रशस्त राइफल, गोलीगठ्ठाहरू पनि प्राप्त गर्न सफल भए ।

चन्द्र शमशेरको वेलायत सवारीवाट भ्रमण दलका अन्य सदस्यहरूलाई पनि निकै लाभ भएको थियो । त्यस मध्येमा विष्णुकुमार पाँडेको परिवारमा पनि निकै ठूलो प्रभाव पऱ्यो । वेलायत भ्रमणपछि उनलाई पुत्र लाभ भयो । भ्रमण दलका सदस्यहरूले त्यसताका जन्मेका सन्तानको नाम अगाडि वेलायत जोड्ने गरेकोले विषणु कुमारका छोराको नाम पनि बेलायत कुमार रहन गयो । दुई छोरीहरू जन्मेको लामो समयको अन्तरालपछि छोरा जन्मेकोमा चन्द्र शमशेर पनि ज्यादै खुसी भए । उक्त खुसीले गर्दा जन्मनासाथ बालकलाई चन्द्र शमशेरले अफिसरको पद (लप्टन) दिने इच्छा गरेको भए पनि, अरुको आँखा लाग्ने कुराको हिसाव गरेर विष्णुकुमारले "सुवेदारको पद भए पुग्छ" भनेका थिए । उक्त कुराको जानकारी पारिवारिक स्रोतवाट थाहा भएको हो । आफूले प्राप्त गर्न नसकेको अंग्रेजी शिक्षा छोराले प्राप्त गरोस् भन्ने प्रयास विष्णुकुमार पाँडेको रहेको थियो । बेलायतका सम्राटवाट विष्णुकुमार पाँडेलाई प्राप्त भएका सामानहरूमा चाँदीका सिग्रेट केश पनि रहेको थियो जसमा बेलायतका सम्राटबाट प्राप्त भएको भन्ने उल्लेख गरिएको छ । वेलायती सामान र वेलायती कार्यशैलीले उनको जीवनमा निक्कै प्रभाव पार्न सक्यो । वेलायत कुमारले अवकाश प्राप्त पछि भारतीय भूमिमा रहेर त्यहाँका व्यापारीक कम्पनीहरूसँग आवद्ध भई व्यवसाय गर्नुले पनि वेलायती सिग्रेटको प्रभाव नेपालमा निक्कै परेको थियो भन्न सकिन्छ ।

वेलायत भ्रमणबाट सुधारका अवधारणाहरू बोकेर स्वदेश फर्केका चन्द्र शमशेरले नेपालमा सामाजिक, शैक्षिक, कानूनी, आर्थिक र प्रशासनिक क्षेत्रमा गरेको सुधारमा वेलायती छाप परेको स्पष्ट छ । आफूलाई सुधारवादीको रूपमा अंग्रेज सामुन्ने उभ्याउन उनले शिक्षामा सुधार ल्याएर सामाजिक कुरीतिहरू हटाउने अद्वितीय प्रयास गरे । उनीहरूबाट सुविधाहरू प्राप्त गर्न, अनेक उपायबाट उनीहरूलाई खुशी पार्ने प्रयासलाई उनले जारी राखे । यो क्रमलाई सन् १९२३ सम्म पनि जारी राखी त्यसलाई उनले नेपाल-अंग्रेज मैत्री सन्धिमा परिणत गरे । वि.सं. १९८१ फाल्गुणमा विष्णुकुमारको मृत्यु नभएसम्म, चन्द्र शमशेरको हरेक कार्यकलापसँग उनी आवद्ध भइ नै रहे ।

भारतीय भूमिमा आवतजावत गर्ने भएकोले विष्णुकुमार पाँडे घर, कोठा, आँगन सजाउने धेरै सामानहरू संकलन गर्ने गरे । धेरै वेलायती सामानहरू लिलामीमा खरिद गरेर संकलन गरेका थिए । भारतीय राजाहरूबाट प्राप्त सामानहरू र अनेकन इतिहास र धार्मिक पक्षका पुस्तकहरू उनले संकलनमा राखेका थिए । उनले प्रशासनिक दृष्टिले प्रयोग गर्ने गरेका रजिष्ट्रहरू आज पनि उनको परिवारमा सही सलामत छन् । त्यस (संकलन) क्षेत्रमा उनको विचार पुग्नुमा पनि वेलायत यात्राको प्रभाव परेको मान्नुपर्छ ।

वेनिभोलेन्ट सोसाइटी

चन्द्र शमशेरले आर्थिक क्षेत्रमा एउटा महत्वपूर्ण कदम उठाएका थिए । राणा शासन कालमा भाइभारादारका जहान परिवारको आर्थिक अवस्था उकास्न उनले सरकारी स्तरबाट एउटा कोषको स्थापना गरे । वि.सं. १९७२ वैशाख १ गते स्थापना भएको उक्त कोषको “नाम वेनिभोलेन्ट सोसाइटी” रह्यो । भाइभारादारका जहान, छोरा बुहारीले दुःख नपाउन् भनी उनीहरूलाई महिना महिनामा भत्ता प्रदान गर्नु त्यसको उद्देश्य थियो । लगाउने, खाने केही छैन, आर्थिक अवस्था नराम्रो भनी दरखास्त राखेकोमा त्यसको ठीक हो होइन भनी कुनै अफिसरले सिफारिस गरेको आधारमा भत्ता पाउने व्यवस्था थियो । भत्ताको लागि त्यस्तै सिफारिस भएकाले मात्र सदस्य भएर पाउने व्यवस्था थियो । वेनिभोलेन्ट नामको उक्त अड्डाका प्रमुख विष्णुकुमार पाँडे भएकोले उनको मन्जुरीनामा पछि मात्र भत्ता दिने व्यवस्था मिलाइएको थियो । उक्त सोसाइटीमा सदस्य बन्न भाइभारादारका सन्तानको आर्थिक अवस्थाको जाँच गर्नु पर्ने थियो । त्यसैले वि.सं. १९०५ सालदेखिका भारभारादारहरूको नामावली तयार भएको विष्णुकुमार पाँडेको बहिखातामा उल्लेख छ । वि.सं. १९७२ मा पहिलो पटक वितरण गरिएको भत्तामा ४५ जना भारादारहरूका जहान परिावरको नाम परेको छ । भाइभारादार जवानको स्तर- पदको आधारमा रकम निर्धारण गरिएकोमा जहनी रु. ७५० देखि १५।- सम्म रहेको थियो । प्रत्येक वर्षको नामासीमा व्यक्तिको संख्यामा फरक फरक नामका साथै संख्यामा घटल बढल भएको देखिन्छ । सदस्य संख्यामा गुरु-पुरोहित, सिविल, मिलिटरी गरी तीन खण्डमा विभाजित भारादारका जहान परिवारमा, मेजरदेखि मीरसुब्बासम्मकाले मात्र पाउने गरेको थियो । सूचीमा सम्वन्धित जागिरदारका जहान र बुहारीले मात्र पाउने गरेको देखिन्छ । वि.सं. १९८१ को अन्तिम लिष्टमा जम्मा वितरण भएको एक महिनाको रकम ४७५।३५ थियो भने कसैले रु. २०।- सम्म महिनामा पाउने गरेको थियो । उक्त सूचीमा केही पाँडे परिवारका जहान परिवारको पनि नाम परेका छन् । त्यसमा रहेको कडा शर्त र कमाण्डर जस्ता अफिसरको सिफारिसमा चल्ने, सो दरखास्त राख्नेमा कमैको मात्र नाम परेको देखिन्छ । अर्थात् जरुरत वालाले पनि सो सुविधा नपाएको हुनुपर्छ । चन्द्र शमशेरले वेलायत यात्रापछि भाई भारादारका स्त्री वर्गको आर्थिक अवस्थालाई ध्यानमा राखी सो सुविधा दिएको हुनुपर्छ । कारण उनले प्रथम विश्वयुद्धमा भाग लिन पठाउन धेरै जवानहरूको संकलन गरेका थिए । उनका अन्य सराह्नीय कदमहरू जस्तै यसलाई पनि सकरात्मक कदमका रूपमा लिइन्छ जसमा विष्णुकुमारले पूरा साथ दिएका थिए । वेनिभोलेन्ट सोसाइटी अड्डा सम्वन्धी सवै अभिभारा बोकेका विष्णुकुमारको १९८१ मा निधन भएपछि अर्को सूची वन्यो वनेन प्रमाणको अभावमा यसै भन्न सकिँदैन । उनका रजिष्ट्रर नं. १ र २ बाट मात्र उक्त सोसाइटीको बारेमा जानकारी हुने भएको छ । चन्द्र शमशेरको यस अभियानलाई Perceval Landon ले समेत केही टिप्पणी गरेको पाईदैन । शुरुमा यसको आयस्रोत नेपालकै भए पनि पछि अन्यत्रबाट प्राप्त गर्ने आशा चन्द्र शमशेरले गरेको हुनुपर्छ । नेपाली जवानहरू प्रथम विश्वयुद्धमा भाग लिन अंग्रेजको सहायतार्थ भारत या अन्य मुलुकमा समेत

गइरहेको अवस्थामा चन्द्र शमशेरले सो कदम उठाएका थिए । सो सुविधा पाउने उच्च तहका भारादारका जहानका लागि भए पनि यसबाट विदेशी सेनामा जाने जवानका जहान परिवारलाई समेत प्रेरणा मिल्ने कुरा चन्द्र शमशेरले सोचेको हुनुपर्छ । विष्णुकुमार पाँडे त्यसताका अत्यन्त व्यस्त रहे पनि वेनिभोलेन्ट अड्डाको काम पनि आफैले सम्हालेका थिए ।

धार्मिक-सांस्कृतिक तथा सामाजिक क्रियाकलापमा सहभागिता

वि.सं. १९६१, १९६२ र १९६४ का धेरै सरकारी दस्तावेजहरूले विष्णुकुमार पाँडेका धार्मिक-सांस्कृतिक र सामाजिक कृयाकलापहरूका झलक प्रस्तुत गर्दछन् । वि.सं. १९६१ मा उनले चन्द्र शमशेरले अह्राए जस्तै धार्मिक मन्दिर, मठहरू सजाउने, मरमत संभार गर्ने, नयाँ निर्माणका कामहरू गरे । जसअनुसार मृगस्थली सत्तलको निर्माण, पशुपतिको पश्चिम ढोका, अमर कान्तेश्वरमन्दिर आदिको निर्माण कार्य भयो । पंचदेवल, चौघडा सत्तल, आर्यघाटदेखि गुह्येश्वरीसम्म सडक मर्मत गरी वनाउने जिम्मासमेत उनले पूरा गरे । वज्ररत्न र जीतप्रकाशेश्वरमा छाना सजेर बनाउने, श्रीगुह्येश्वरी पूर्वपट्टिका घाट भकारी र गौरीघाटका सत्तल, पुल टालटुल गरी बनाउने र श्रीरक्षेश्वरको पाटी, उत्तम भैरवको सत्तल, किरातेश्वरको सत्तल, विरूपाक्षको सत्तल जीर्णोद्वार गर्ने काम पनि भयो । त्यस्तै मुक्ति मण्डप, दक्षिणामूर्ति, गोरखनाथ धुनिघरको मरमत गरी बनाउने काम गरे । पशिुपतिमा श्रीगंगाजीको देवालय वनाउन कलकत्तावाट गंगामाईले श्री ३ चन्द्र शमशेरको नाममा कम्पनी रु. १००।- पठाएकोमा सो रकम पनि उनले "विष्णुकुमारलाई बुझाई दिनू" भन्ने हुकुम भएको थियो । वि.सं. १९६४ मा पशुपतितर्फ श्रीरामचन्द्र जिन्दा रानीको सत्तल, देवालय, गुह्येश्वरी घाटमा शिवालय बनाउन, लुमडीको जात्रा गर्ने मूर्ति (पुरानो चोरी भएकोले नयाँ सुनको मोलम्वा लगाएको) बनाई त्यसको प्रतिष्ठा पनि गराए । त्यस्तै दक्षिणकाली शेषनारायणका स्थानमा ठाउँ ठाउँमा मरमत संभार गर्ने काम पनि उनकै समयमा भयो ।

विशेष पर्वहरूमा साधुसन्तहरूलाई भण्डारा खुवाउने कामको जिम्मा पनि चन्द्र शमशेरले विष्णुकुमारलाई नै सुम्पेको थियो । वि.सं. १९६६ मा पशुपतिमा शिवरात्रीको मेलामा ठाउँ ठाउँबाट आएका साधु-सन्तहरूलाई भण्डारा खुवाउँदाको लगत प्राप्त भएको छ । सो अवसरमा भस्मेश्वर अखडाकालाई रु. ३९।३७ र मृगस्थलीमा श्री ३ महाराजका सत्तलमा बस्ने स्वामीहरूलाई रु. २४।२६ प्रदान गरिएको थियो । वि.सं. १९८१ भाद्र १९ गते लेखिएको लागतमा कालधारा, संकटा ज्वालामाईको मन्दिर मरमतको लागि ईटा झिकाएको भन्ने कुरा उल्लेख भएको छ । पुर्ख्यौली धर्म र संस्कारमा लागेका पाँडे वंशका भएकाले पनि चन्द्र शमशेरले त्यस क्षेत्रको कार्यमा विष्णुकुमार पाँडेलाई जिम्मा लगाएको हुनुपर्छ । विहानदेखिको दिनचर्या, संस्कारका काममा चन्द्र शमशेरलाई यिनले प्रभाव पारेको स्पष्ट देखिन्छ । त्यसमा उल्लेखित रकमको आधारमा तत्कालिन नेपालको बजार भाउसमेत जानकारी गर्न सकिन्छ ।

सरकारी कामकाजको अतिरिक्त विष्णुकुमार पाँडेको नीजि रजिष्ट्रमा उनले धार्मिक कामकाज गरेको कुराको उल्लेख छ । आफ्ना गौरवशाली पुर्खाहरू जस्तै विष्णुकुमार पाँडे पनि धार्मिक आचरणका थिए । नियमित पूजाको अतिरिक्त धार्मिक उत्सव, यज्ञ अनुष्ठान र विशेष चाडपर्वहरूमा ब्राह्मणहरूद्वारा विधिपूर्वक पूजाअर्चना गर्ने-गराउने गर्थे । आफ्नो घरको मूलढोका अगाडि रहेकी उग्रतारा माइका उनी भक्त थिए । बेला वखतमा उक्त देवीको भजनमा भेला हुने गर्थे । त्यसैले उनका छोरा वेलायतकुमारले भजन गराउन एउटा हार्विन बाबुको नाममा राखी दिएका थिए । मन्दिर अगाडि बनेको डवली निर्माणमा विष्णुकुमार पाँडेको योगदान रहेको छ । हात्तीसारवाट हात्ती ल्याएर उनले उक्त डवलीसम्म गराएका थिए । घोडेजात्राको दिन सो डवलीमा विभिन्न देवदेवीका मूर्तिहरू राखी मानिसहरूको भीड लाग्ने हुन्छ । घोडेजात्राको दिन नरदेवीमा मेला लागे जस्तै त्यहाँ पनि लाग्ने हुन्छ । सोही अवसरमा ती दुवै स्थानमा पाँडे वंशका भद्रभलादमीदेखि साधारण वर्गले पनि अवलोकन गर्ने चलन छँदैछ । विष्णुकुमार पाँडे पशुपतिका अनन्य भक्त थिए भने उनी देवीका पनि उत्तिकै भक्त थिए । उनका पूर्खा सरदार बलभञ्जन पाँडेले गोकर्णमा स्थापना गरेको वाणेश्वर महादेवको पूजाको निमित्त राखिएको गुठीको जिम्मा पनि उनीमाथि नै थियो । त्यस्तै उनका पूर्खा गजदल पाँडेका गुठीहरूको जिम्मा भने प्रेमवहादुर पाँडे, कोमल वहादुर पाँडे, त्यसपछि छत्रकुमारी पाँडेमा रहन गएको छ । काठमाण्डौ त्यौडको ज्वालामाई मन्दिर करवीर पाँडेले निर्माण गरेको भन्ने कुरा स्थानीयवासीले पनि मान्दै आएका छन् । मन्दिर भित्र दामोदर पाँडे दम्पत्तिको सालिक भएको ज्वालामाई मन्दिरको गुठीजग्गा के कति कहाँ छ ? खोजेर गुठी चलाउनु भन्ने अख्यिार वि.सं. १९६२ मा श्री ३ चन्द्र शमशेरले उनलाई दिएको थियो ।[11] तर त्यसका साथै पाँडेहरुका अन्य प्रमाणहरू समेत, पाँडेहरूको दोस्रो पटकको विनासपछि, नास भएको अनुमान गर्न सकिन्छ । सोही कारण ज्वालामाईको गुठी त्यसबेला संचालन हुन सकेन । उक्त मन्दिरको एक वाकस चाँदीको गहना उनको परिवारमा रहन गएकोमा पछि उनका नाति अवकाश प्राप्त रथी श्रीऋषिकुमार पाँडेज्यूले केही आफ्नो तर्फवाट पनि थप गरी गुठीलाई केही वर्ष पहिले वुझाई दिनुभयो ।

वि.सं. १९५५ मा उल्लेख भएको नीजि बहिखातामा विष्णुकुमार पाँडेले कुलदेवता पूजा गरेको कुराको उल्लेख छ । कुलदेवता पूजामा आफू जान नसके अन्य मार्फत भए पनि भेटी स्वरूप रकम पठाउने परम्परा थियो । वि.सं. १९७० ताका कुलदेवता पूजामा उनी जान चाहन्थे । प्रथम विश्वयुद्धताकाको समय अति व्यस्त हुने भएकोले चन्द्र शमशेरले उनलाई कुलदेवताको पूजामा जान रोक लगाएका थिए । तर १२ वर्षमा एक पटक मनाइने उक्त पूजामा नगई नहुने अडान राखेपछि चन्द्र शमशेरले उनलाई पेश्की रकमका साथै आफ्नो तर्फवाट समेत कुलदेवतालाई वोका चढाई दिनू भनी जाने आदेश दिएका थिए । उनको पूर्खा गणेश पाँडेले पाल्पावाट आफ्नो बसाई गोरखामा सार्ने क्रममा, कुलदेवता पनि साथमा कुमाल जातिलाई वोकाएर ल्याई गोरखाको छोप्राक गाउँको भुसुण्डीखोला छेउमा थन्काएर राखेका थिए । त्यस

ठाउँको एक पुरानो रुख मुनि पातले छोपेर राखेको कुलदेवतालाई १२ वर्षमा विधिविधान अनुसार खनेर निकाली पूजा गर्ने परम्परा रही आएको छ । अर्को पटक विष्णुकुमार पाँडे त्यहाँ उपस्थिति हुँदा कुलदेवताको जग्गा अरु कसैले दावी गरेको थाहा पाएर रु. १६०।- तिरी साहु चामनाराणको कब्जावाट जग्गा छुट्याएर कुलदेवताको स्वामित्वमा रहने गरी फर्केका थिए ।[12] कुल देवताप्रति भक्तिभाव गर्ने परम्परा उनले छोरा नातिमा पनि सारेको कारण दिनहुँ पनि उनको परिवारले कुल देवताको पूजा गर्ने गर्दछन् । पूर्खादेखि चलिआएको कुलदेवता पूजाको परम्परालाई पाँडे वंशमा नयाँ पिढीले अझ सजधजका साथ मनाउने गरेका छन् । विशेष तयारीका साथ १२ वर्षमा मनाउने उक्त कुलदेवता पूजामा पाँडे वंशका सम्पूर्ण परिवारले सुरुमा भाग लिने चेष्टा गर्दछन् । फागु पूर्णिमाका दिन मनाउने उक्त पूजाको दिन गोरखामा ठूलो मेला लाग्ने हुन्छ ।

राणा परिवरका निकटतम भएका कारण विष्णुकुमार पाँडेले विधिवत दशैं मनाउने गरेका थिए । वि.सं. १९६३ को "घरायसी सामानहरूको खर्चको लागत" शीर्षकमा दशैंको पूजामा चाहिने सामानहरू, त्यसको प्रकार, परिणाम र खर्चको समेत सूची तयार पारिएको छ । उक्त वर्षको लागतमा उनको ले.क.को दशैं किस्ता रु. २०३७।३७ जति रहेको देखाइएकोमा त्यसमध्ये दर्शनभेटमा रु. ६३।५० जति खर्च भएको र सलामी चढाएको कुराको पनि उल्लेख भएको छ । वि.सं. १९८० को एक लागतमा उनले बडा दशैंमा घरपरिवार र घरमा काम गर्ने अन्य सदस्यहरूलाई समेत लत्ता कपडा खरिद गरेको उल्लेख छ । उक्त लागतवाट तत्कालीन समाजको परम्पराका साथै कपडाको किसिम, त्यसको मूल्य मान्यता आदि कुराहरू पनि स्पष्ट हुन्छ । दशैं घरको विधिविधान अनुसार ब्राह्मणहरू राखी चण्डी, वेद, काली, सहश्रनाम, अर्द्धाङ्गी, लक्ष्मीनारायण, बगलामुखी स्तोत्र आदि पाठ गराई अखण्डदीप वाली पूजा गर्ने र नवरात्रीमा काठमाण्डौका सवै शक्तिपीठहरूमा पूजाअर्चना गरी एक छाक मात्र भोजन गरी मनाउने परम्परालाई उनका परिवारले आजसम्म कायमै राखेका छन् ।

विष्णुकुमार पाँडेले पछि आफ्नै आम्दानीबाट इन्द्रचोकमा एक भव्य व्यापारिक भवन किनेका थिए । इन्द्रचोक आकाश भैरव मन्दिरको अघिल्लो मोहडामा रहेको "वस्नेत घर" का चार लङ् थिए । त्यसमध्ये तीन लङ् वस्नेतहरूबाट पटक पटक गरी रु. ४०,०००।- मा किनी पछि लिलामीमा परेको सँगैको एक लङ् (थानाघर भनिने) सरकारी ऋण रु. २०,०००।- मा खरिद गरी चार लङ्को बनाए । वसन्तपुर नजिकै पाँडे, वस्नेत, मास्के जस्ता नेपालको काजीहरूको निवासमा पर्ने "वस्नेत घर" पछि "कर्णेल पाँडेघर" को रूपमा परिणत भएको थियो । त्यस क्षेत्रको नजिकै पछाडितर्फ हाल रञ्जना हल भएको स्थानमा पहिले काजी दामोदर पाँडेको विशाल दरवार पनि थियो । उक्त व्यापारिक घर किनेपछि त्यसलाई उनले व्यापारिक केन्द्रकै रूपमा राख्न दिए । घरमा वहाल तिरेर वस्नेहरूको सूचीबाट रु. ३।- देखि रु. ७५।- सम्म तिर्ने भएर महिनाको रु. ६०००।- सम्म वहाल उठ्ने गरेको उल्लेख छ । त्यसमा उनले

वसोवास गर्ने गरेनन् । तर छोरा वेलायत कुमारको विवाहको समयमा धेरै पाहुनाहरू राख्नु परेकोले वस्नेत घर निर टहराहरू बनाएका थिए । राणा परिवारको विवाह जस्ता उत्सवमा भोजभतेरको व्यवस्था गर्ने गरेका विष्णुकुमार पाँडेले छोराको विहेमा धेरै भव्यता प्रदर्शन गरे । छोरीहरूलाई पढाउने चलन नभएको त्यस समाजमा छोराले समेत धेरै पढ्नु पर्छ भन्ने मान्यता थिएन । राणा परिवारको ढाँचाकाँचामा हुर्केका वेलायत कुमारलाई सेनामा आवश्यक शिक्षा वाहेक अरु दिनु नपर्ने सोचेर होला धेरै पढाउनेतिर उनले ध्यान दिएनन् । गुरुकुलमा शिक्षा दिलाएर ल्याउँछु भन्नेहरूलाई पनि नमानेर बुढेसकालमा पाएको एक्लो छोरालाई उनी आफ्नै आँखाको अगाडि हुर्के, वढेको चाहन्थे । राणाका छोरासरह छोरालाई सुविधा दिएर हुर्काउनमा उनले कुनै कसर बाँकी राखेका थिएनन् ।

चन्द्र शमशेरले धेरै क्षेत्रको आर्थिक मामलामा समेत विष्णुकुमार पाँडेलाई विश्वासका साथ लगाएका थिए । अगाडिका पाँडेहरूलाई दीवान पदले सम्बोधन गर्ने गरिएकोले चन्द्र शमशेरले पनि विष्णुकुमारलाई "दीवान दाई" भनी सम्वोधन गर्दथे । सम्पूर्ण क्षेत्रको खर्चको लागत राख्दा राख्दै हिसाव किताबमा रु. ७०००।- (सात हजार) कुमारी चोकले फरक पर्न गएको देखाएपछि दरवान मार्फत् विष्णुकुमारलाई बोलाएर चन्द्र शमशेरले सोधपुछ गरे । नपुग रकम बुझाई दिन्छु भनी विष्णुकुमार सिंह दरवारको ढोकावाट निस्कन लाग्दा "भो पर्दैन गरेको ठट्टा पो त !" भन्ने प्रतिक्रिया चन्द्र शमशेरबाट निस्कियो । आठपहरिया बैठके आदिले कुरा लगाएको भरमा पनि त्यसबेला कारवाही हुने गर्थ्यो । तर अब चन्द्र शमशेरको प्रतिक्रिया आएदेखि उनलाई कुमारी चोक नलाग्ने भयो । आफ्नो अन्तिम समयतिर वि.सं. १९८१ मार्ग १४ गते शुक्रवार टुँडिखेल खरीको बोटनिर चन्द्र शमशेरले सार्वजनिक सभा गरेर करियाप्रथाको नराम्रो पक्षको बारेमा वर्णन गर्न लगाएर सर्वसाधारणलाई जानकारी दिएको समयसम्म उनी चन्द्र शमशेरका साथै वसी काम गरेका थिए । व्यापार या ठेक्का पट्टामा हिस्सेदार व्यक्तिको चूक खोज्न लगाएर पत्ता लागेपछि निजलाई पकेर अड्डासार धुनामा राखी सर्वश्वहरण गर्ने काम समेत चन्द्र शमशेरको खेल तमासा थियो । त्यस्तो राणा प्रधानमन्त्रीको नजिकमा बसेर, त्यति धेरै प्रशासनिक जिम्मेवारी वहन गरेर पनि उनले आफ्नो वंशको स्वच्छ चारित्रिक परम्परामा कहिल्यै आँच आउन दिएनन् ।

वि.सं. १८६० को हन्याकाण्डमा मारिएका दामोदर पाँडेका सन्तानहरूले वि.सं. १९०० अघि केही शिर उठाउन पाएर वापवैरी साध्ने काममा लागेको वेला वि.सं. १९०३ को राजनैतिक परिवर्तन पछि उक्त वंशको तहस नहस भएको थियो । कुँवर वंशको वर्चश्व भएको वेला अन्य वंशले दरवारमा उच्च पदन पाउने कुरा थिएन । साना साना पदको लागि दरवार छिर्ने क्रममा पाँडेवंशले पनि अवसर प्राप्त गर्न सक्यो । त्यसैको क्रममा करिव एक सय वर्षपछि प्रशासनमा पाडेवंशको भूमिका रहन गयो । त्यो भूमिका काजीको रूपमा नभए पनि शक्तिशाली श्री ३ चन्द्र शमशेरको वायाँ हात भएर काम गर्ने कर्णेल विष्णुकुमार पाडेको थियो । पाँडेवंशको

गुमेको शक्तिलाई पुनः स्थापना गर्नमा उनको ठूलो प्रयास रह्यो । आफ्नो पौरखबाट इन्द्रचोकमा वस्नेत घर खरिद गरेपछि र बेलायतबाट चन्द्र शमशेरसँग फर्केपछि विष्णुकुमारको सानसौकतमा ठूलो परिवर्तन आएको थियो । परिवार र वंशको प्रतिष्ठा बढाउन उनले देशी र विदेशी सामानहरू बटुलेर राणा परिवारको सान सौकतको निकटमा पुग्ने प्रयासमा लागि रहे । सन् १९१४ को प्रथम विश्वयुद्धमा आफू खुशी सेना तयार पारेर अंग्रेजको समर्थनमा सेना पठाउनु बाहेक विदेशीसँगको युद्धमा नेपाल लाग्नु परेको थिएन । प्रधानमन्त्रीको भारत भ्रमण, वेलायत भ्रमण, शिकार सवारीको सम्पूर्ण जिम्मेवारी, हात्तीसार सम्वन्धी कार्यभार, दरवारमा भातभान्सादेखि कोठा बैठकमा प्रयोग हुने सामानहरूको खरिद आदिमा उनको संलग्नता रहेको थियो । धार्मिक र सांस्कृतिक स्थलहरूको निर्माण, मरमत संभारमा उनले पूरापुर खर्चको लागत राख्ने गरेका थिए । उनका वहिखाताहरू सँधै चुस्त र दुरुस्त हुन्थे । चन्द्र शमशेरको विश्वासिलो व्यक्ति भएको कारण वेनिभोलेन्ट सोसाइटी अड्डाका उनी प्रमुख थिए । वि.सं. १९८१ फागुनमा उनको मृत्यु नभएसम्म चन्द्र शमशेरको सुधार कार्यमा प्रमुख भूमिका निभाउँदै गरे । चितवनको शिकार क्याम्पवाट उनको इच्छा अनुसार पशुपतिको सट्टा घर पुऱ्याइएका उनलाई जिब्रोमा पक्षघात भएको थियो । अनेक उपचार पछि पनि स्वस्थ्य लाभ भएन । त्यहाँ धेरै राणा उच्च अधिकारीहरु बिरामी हेर्न आउथे । न्हैकन्तला घरको आँगनमा तुलसीको मठनिर उनले वि.सं. १९८१ फागुन (शिवरात्री पर्व पछि) मा स्वर्गवास भए । उनको लासलाई कसैलाई छुन नदिई सती जान्छु भनी हठ गरी बसेकी हेमकुमारीलाई १६ वर्षका छोरा वेलायत कुमारले धेरै सम्झाए । सन् १९२० (वि.सं. १९७७) मा सती प्रथाको नेपालमा कडाइका साथ अन्त्य भइसकेको अवस्थामा त्यसो नगर्न धेरै सम्झाए । परिवारको रक्षा गर्न छोरा र नवजात नातिनी समेतलाई उनको खाँचो रहेको कुरा भनेपछि उनी सती जानवाट रोकिइन् । परिवारको उन्नति, प्रगतिमा उनी ढाल भएर वि.सं. २००६ सम्म समर्थ भइरहिन् । यसरी राष्ट्रिय अन्तर्राष्ट्रिय दृष्टिले महत्वपूर्ण मानिने चन्द्र शमशेरको शासनकालसँगै विष्णुकुमार पाँडेको योगदानका कुरा जोडिएका छन् । (इतिहासको गर्भमा रहेको विष्णुकुमार पाँडेको अध्ययन विना चन्द्र शमशेरको कार्यकालको पूरा जानकारी पाउन नसक्ने भएकोले हदैसम्म यसको अध्ययनको आवश्यकता देखिन्छ । आज पनि मुलुकलाई उनी जस्ता राष्ट्र सेवाक, कर्तव्यपरायण, सधैं आफ्नो इमान्दारीताको बाटोवाट विचलित नहुने, धर्म र संस्कृतिको लागि अघि बढ्ने, वंशको मर्यादालाई धेरै ख्याल राख्ने व्यक्तित्वको खाँचो रहेको छ । जसले आफ्नो सेवाकालमा धेरै क्षेत्रमा श्री ३ चन्द्र शमशेरलाई सघाउने गरे, उनको वारेमा पनि अध्ययन भएमा इतिहासमा नयाँ अध्यायहरू थपिने निश्चित छ ।)

पादटिप्पणी

१. सो घर पछि उनका जेठा दाजु कप्तान इन्द्रध्वज पाँडे र उनको नाममा दुई हिस्सामा परिणत हुन गयो । वि.सं. १९६३ पछि आफ्नो भागलाई उनले सजाउने गरेको थियो ।

२. वि.सं. २०६१ जेठमा पूर्व सैनिक सचिव तथा अवकाश प्राप्त रथी श्री ऋषिकुमार पाँडेज्यू सो पुरानो घरको आँगनमा पुगेर लेखिकासँग त्यस्तो भाव व्यक्त गर्नु भएको थियो ।
३. Perceval Landon, *Nepal*, Vo I + 2, Kathmandu: Ratna Pustak Bhandar, 1976, p. 993.
४. छिमेकी गौरीदाश श्रेष्ठका उनी अविवाहित सुपुत्री हुनुहुन्छ । गौरीदाश श्रेष्ठसँग विष्णुकुमार पाँडेको घरमा र अफिसमा घनिष्ठ सम्बन्ध रहेको थियो ।
५. *कान्तिपुर दैनिक*, "हात्ती मात्दा पोथीको प्रहार" र *गोरखापत्र*, "हात्तीका छावाको नाम फेरिन थाल्यो" वि.सं. २०६५, ४-१४, पृ. १२ ।
६. रजिष्ट्रर नं. ८ को पृ. ८० ।
७. पुरुषोत्तम शमशेर जवरा, *श्री ३ हरूको तथ्य वृत्तान्त*, भाग ३ (विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०५९, पृ.८८-८९, काठमाण्डौं ।
८. Perceval Landon, Nepal, Vol.2, New Delhi: Asian Educational Services, pp. 120-126.
९. उही ज.व.रा., पादटिप्पणी नं. ७, फोटो, पृ. ८६ ।
१०. वहीखाता नं. २, पृ. ४२-४३ ।
११. हेर्नुहोस् विष्णुकुमार पाँडेको संकलनमा रहेको मिति १९६२ भाद्र ८ गते रोज ४ उल्लेख भएको चन्द्र शमशेरले गरिदिएको षड्ग निशाना पत्र ।
१२. विशेष जानकारीको लागि हेर्नुहोस् उपमनयु गोत्रीय पाँडेवंशको कुलदेवता पूजा गतिविधि, "पाँडेवंशमा कुलदेवता पूजा: एक अध्ययन", ऋषिकुमार पाँडे एवं समस्त पाँडे परिवार, क्षेत्रपाटी, काठमाण्डौ: मार्च २००९ । यो भनाई पुजारी अर्जुन पाण्डेको हो, पृ. २४ ।

सन्दर्भग्रन्थ सूची

आचार्य, वावुराम. वि.सं २०५५. *अवयस्तो कहिर्ल्य नहोस्*, काठमाण्डौ: श्रीकृष्ण आचार्य ।

कर्माचार्य (हाडा), गंगा. वि.सं. २०५७. *नेपालको इतिहासमा कपर्दार भोटु पाँडे*, काठमाण्डौ: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर ।

नरहरिनाथ. वि.सं. २०५५. *इतिहास प्रकाशमा सन्धिपत्र संग्रह*, भाग १, रोल्पा नेपाल: वालाराम घर्तीमगर ।

पाँडे, भीमवहादुर. वि.सं. २०४१ *राष्ट्रभक्तिको झलक*, काठमाण्डौ: रत्नपुस्तक भण्डार ।

वज्राचार्य धनवज्र र श्रेष्ठ, टेवहादुर (सम्पा.) वि.सं. २०३७., *शाहकालका अभिलेख*, काठमाण्डौ: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.. कीर्तिपुर ।

आर्जु राणावाट कसरि आरजु देवा भइन

जुद्ध समसेर प्रम हुदा नेपाल छोडन केही अगाडी एक दिनको कुरो हो उहाका दुध वेच्न लेजाने

मान वहादुर ज्याफु थियो र एक दिन दुध; वेच्न जादा आफनो १७/१८ वर्षको छोरी साथमा लगेको थियो र जुद्ध समसेरले उसको छोरी देख्ना साथ ए मान वहादुर तेरो छोरीलाई पनि यहि छोड़ी जा भनेको मानवहादुरले छोरीलाई त्यहीं छोडीदिए र जुध्दसमसेरले भने तेरो महिना पुगेपछि पेटिकोट देखा भने (र त्यो ज्यापुनी चलाख हुदै महिनाँ नपुगेपछि उसले चाइ पेटिंकोटमा कुखुरा काटेर रगतलाई देखाउथि पछि एउटा छोरा जन्मायो र प्र म लाई आपत पर्यो र आफनो छोरा जर्नेल नारायण समसेरलाइ ए नारायण यो मेरो छोरा होइन तैलेनै यसको न्वारान गर भनेर लगाईदिए र यो वच्चाको नाम हो विनोद समसेर राणा र पछि प्र म जुद्ध नेपाल छोडेर भारतको देहरादुनमा गयो यस्तै किसमवाट नारायण समसेरले विनोद समसेरलाई पढाई लेखाई गरेर हुर्काए र पछि विनोद समसेरलाई रथि शेरवहादुर मल्लको छोरी प्रतिभा मल्ल पछि उमेरमै रा प्र प्रा नेपालवाट संसदमा समेत मनोयन यि दुइ जनाको छोरी हो आरजु प्रतिभा राणा रा प्र पा वाट शक्तिशाली नेता नै वनिन र आरजु पनि पछि समयमै शेर देख्दा गृहमन्त्री भएमो वेलामा विवाह गरिन र आरजु भनेको राजा विरेन्द्रको सिनियर शेरवहादुर देउवा पार्सवर्ती सन्त कुमार मल्लको भान्जी र यो कुरा सम्पुर्णले थाहा पाएको कुरा हो सवैले वुझ्छे ।

(दोस्रो)

सुजाता कोईराला गिराजप्रसाद प्र म भएको समयमा उहाले पनि सरकारको गृहमन्त्री पनि आफु निकट भएर आर एन एसी को लेउडा विमान केसवाट उडमइदिए उनले वोइड ७७३ दुईवटा जहाज पनि जर्मन कम्पनिलाई एकदम सस्तोमा वेचिदिए आफु पैसा कमाउनलाई यो सवै आम जानतालाई थाहा छ अकुत सम्पति भन्ने कुरा त

(तेस्रो)

हिसिला यमि पछि माओवादिको नेता पछि। प्रधानमन्त्री हुनुभो डा वावुराम भट्टराईसगं विवाह भो यो हिसिला यामि भनेको धर्मरत्न यामिका छोरी हो धर्मरत्न यामि भनेको भोटाहिटिको पुरानो किसिमको जुत्ता पसलको नोकरी गर्दथ्यो अव त्यो वेलामा राजदरवारको चाहिने जुत्ता सेम्पल वोकेर लैजाने काम गर्दथ्यो त्यसवेला प्रजातन्त्रको युग थियों नेपाली कांग्रेस र राजा त्रिभुवनको विचमा खवरहरु आदान प्रदान गराईदिन्थ्यो जुत्ता लैजाने मान्छेमाथि कसैले शंका पनि गर्दैन पछि प्रजातन्त्र आएपछि २००६ साल पछि त्रिभुवन राजाले र नेपाली काग्रेजको तर्फबाट धर्मरत्न यामिलाई भुरुडखेलमा एउता भव्य भारदारी घर र जग्गा सहित दिए र त्यसवाट पनि अनि चाहि पछि आफनो पति वावुराम भटराइ अर्थमन्त्री भएको वेलादेखि अकुत भ्रस्टाचार गरेर धनि व्यतिका प्रमाणित गरे

यि तिनजना भ्रष्ट धनि नारीहरु लेखेकामा यिनिहरुको

यस्तो चाहि रानि एश्येवले पनि सवै रुपैया कमाएको थियो हर किसिमवाट हत्याकान्ड पनि यस्को वाट भो खवौं रुपया पनि विभिन्न वैंकहरुका थियो विषेश गरी स्वईस वैंकमा थियो र हत्याकान्ड पनि यसै रुपमा आखां लगाईकन गरीएको हुनुपर्छ ।



श्री पशुपतिनाथका हाता इलाका ठाउं ठाउंका देवालय
पौवा पाटी घाट बाटो सडक समेत भत्के बिग्रेको
सजिसजाउंदा र नयां बनाउंदा खर्च भयाको
किताव्
तैनाथ कर्णेल. विस्नुकुमार पांडे क्षत्री

विषये सूची

नम्बर
मिति

आर्यघाटको पुलमा फलामको सत्तरिहाली बनाएको – १९६१ आषाढ १–माघ १३ गतेसम्म
पचदेवल चौघडा सत्तलमा कर्कटपाताको छानादलान
पर्खाल पाटि सजि बनाएको – १९६१ आषाढ १–माघ १३ गतेसम्म
आर्यघाटका पौवाका दलानमा बेरामी राख्ने फलैंचा
बनाएको – १९६१ ” ”
भस्मेश्वरघाट पारिको सडक बनाएको – ” ” ”
– शाहज्यादिका सत्तलमा कर्कटपाताको छाना – १९६१ आषाढ १–माघ १३ सम्म
– वछलेश्वरीनेर भत्केका पर्खाल मर्मत – ” ”
– पशुपति पश्चिमपट्टि देवल मर्मत – ” ”
– पशुपति भंडारका ढल बिग्रेको मर्मत – ” ”
६ – वासुकीस्थानको स्थाननेर सिंढी मर्मत – ” ”
७ – कैलाशजाने बाटो ऐ गणेश पुआ बनाएको – ” ”
” पशुपतिमंदिरका तेलिया ईंट र वत्ती बाल्ने बनाएको – ” ”
१९ – गुह्येश्वरीका बाहिर ढुङ्गे ठेलो राखेको – ” ”
२० – देउपाटन ठूलामहावर्तनेर बाटो, महादेवका बैठक, चौका निर्माण – ” ”
२१ – भस्मेश्वर पछाडी भत्केको पर्खाल बनाएको – ” ”
२२ – पशुपतिनाथका स्नानलाई पानी तताउन्या गुमौज बनाएको – ” ”
२३ – मृगस्थलीमा पिपलका चौतारा बनाएको ” ”
२४ – अलपत्र भएका महादेवका लिंगहरू पशुपति पूर्वपट्टि ठी सूर्यका देवलका चौका निर्माण
२५ – आर्यघाटदेखि गुह्येश्वरीसम्म सडकका दुवैतिर पर्खाल बनाएको – ”
२६ – चौसट्ठीजाने बाटोका पेटी सिंढि बिग्रेको मर्मत ”
२७ – गुह्येश्वरीका स्थानमा पाले सुत्ने पाटिका काठ छापी बनाएको ”
२८ – वछलादेवीका स्थानमा जात्रा गर्ने रथ समेत बनाएको



2

क्र.सं.	पेज	काम	मिति	
22	३०	जैमंगलापारि बाटो, पाटी बनाएको	१९६१ आषाढ१-माघ१३ सम	—
23	३१	श्री चन्द्रेश्वरका देवलमा बज्र लगाएको	" "	—
24	३२	श्री पशुपतिका ठाउँ ठाउँ सरसफाइ गर्दा	" "	—
25	३३	श्री कालिदेवताका बारो बनाएको	" "	—
26	३४	आर्यघाटपारि श्रीरामचन्द्रजीका पछाडी	" "	—
27	३५	पंचदेवल उत्तर पश्चिमका देवल बनाएको	" "	—
8	३६	श्री अम्बरकोटेश्वरका चौघडा सत्तलमा कर्कटपाताको छाना बनाएको	१९६१ माघ१४-६३ आश्विनसम्म	
	४०	श्रीमुक्तिमण्डपका छाना सजि बनाएको —	" "	
30	४१	श्री पशुपतिनाथका पश्चिमपट्टिका मूलढोका —	" "	—
31	४८	श्री पशुपतिनाथका पश्चिम पट्टिका जोरियाको उत्तर सत्तल बनाएको	" "	—
32	४९	श्री पशुपतिनाथका पश्चिम पट्टिका मूल ढोका जोरियाका दक्षिण सत्तल बनाएको —	" "	—
33	५४	श्री जगत्‌जंगेश्वरका सत्तल सजि बनाएको —	" "	—
	५६	श्री विश्वरूप चौघडा सत्तल सजि बनाएको —	" "	—
35	६३	श्री रत्नेश्वर पाटि —	" "	—
36	६५	श्री उन्मत्तभैरवका मन्दिर —	" "	—
37	६८	श्री किरांतेश्वर चौघडा सत्तल बनाएको —	" "	—
38	७२	श्री गुह्येश्वरी मुनी पूर्वपट्टिका घाट —	" "	—
39	७३	श्रीजीतजंगेश्वरका सत्तल टालटुल गरिबनाएको —	" "	—
40	७४	गौरीघाट४ शिवालयका सत्तल टालटुल गरेको —		
41	७५	श्री राम भन्डेश्वरका गुठीमा हरियाको बजेघर टालटुल गरेको —	१९६३ कार्तिक१-६४	
42	७६	श्री गोरखनाथ धुनिघर सजि बनाएको —	" "	
43	७८	श्री गोरखनाथ सत्तल टालटुल गरेको —	१९६४साल [illegible]	
44	८५	श्रीभस्मेश्वरका सत्तल —	"	

(पछाडी बाँकी अरु पेज ९७५ मा)



क्र.सं	पेज	काम	मिति
45	८२ –	गौरीघाट जाने बाटाको श्री भीमसेनथान सजि–	१९६४साल आषाढ ६ १–६५
46	८३ –	धोबिटोलका श्री गणेशज्यू देवल सजि बनाएको –	" "
47	८४ –	श्री काहिंला कमाण्डर इन चिफका मृगस्थली सत्तल सजिबनाएको –	" "
48	८६ –	श्री काहिंला कमाण्डर इन चिफका गौरीघाट चौघेरा सत्तल सजिबनाएको —	" "
49	८८ –	श्री ताम्रेश्वर महादेवका देवालय सजिबनाएको —	" "
50	९३ –	श्री भुंडेश्वरी नेराडा कारो बनाएको —	" "
51	९४ –	श्री दक्षिणमूर्तिका देवल सजिबनाएको —	" "
52	96 –	सिफल श्री भीमसेनथान सजिबनाएको —	" "

३३. क (त्ति) नघटाई दिनु येति पर्च गरि सेक बाँकी रह्याको गजदल पांडेले षानु भनि वंदे

३४. (ज बांधी) राष्यौं ----

(यो अभिलेख मटिहानी मठदेखि सोझै १ कोश जति पूर्वपट्टि नेपाल-भारत सिमाना नजीकै तुलस्याहीमा भोटु पाँडेले स्थापना गरेको नारायणमन्दिरको प्राङ्गणमा अवस्थित छ। यो अभिलेखको उतार मैले जनकपुर जलेश्वर मटिहानीका अभिलेख उतारेर ल्याउने प्रसङ्गमा जाँदा पाएको हुँ। यसको उतार लिँदा मेरा साथ जाने पुण्यप्रसाद घिमिरेले सहयोग गरेका थिए।)

(अभिलेखको शिरमा चन्द्र, सूर्य र माझमा नारायणको चित्र कोरिएको छ। अभिलेखको शिलामाथि ७१ से.मी., तल ३३ सेमी चौडाइ छ, १ मी. ९ से.मी. लामो छ। यही वेहोराको अर्को अभिलेख सोन्हखुट्टे पाटीमा पनि छ।)

४ तुलस्याहीका नारायण मन्दिरका घण्टाको गजदल पाँडेको अभिलेख

सम्वत् १८७५ साल माघ सुदि १५ रोज ४ का दिनमा तुलस्याहिका श्री ३ स्वामिनारायेण प्रिति गरि श्रीकपर्दार भोटु पांडेले चौविस धार्नी - का घण्टा चऱ्हायाको हो, विग्रि फुद्दा ७ धार्नि थपि (सं.) १८९३ साले मिति आषाढ सुदि ११ का दिन ३१ धार्निका घंट -श्रीगजदल पांडेले चऱ्हायाको हो ॥.॥

५ भोटु पाँडेको वंशवृक्ष

गणेश पाँडे (गोरखामा राज्य संस्थापक द्रव्य शाहका प्रमुख सहयोगी)

विष्णु पाण्डे

विरु पाँडे

वली पाँडे

विष्णुदास पाँडे

तुलाराम पाँडे (काठमाडौं विजयका दिन वैरीले छरेको वारुदमा सल्की तलेजुमा मृत्यु)

(सरस्वती)

जगजित पाँडे, रणजित पाँडे, व्रजवासी पाँडे, भोटु पाँडे (कान्छा)

(अन्नपूर्णा, यशोदा)

वलभञ्जन पाँडे गजदल पाँडे गरुडध्वज पाँडे



परिशिष्ट नं ५ पाँडे कर्णेलका धार्मिक तथा सामाजिक कामहरूको विवरण: उनकै हिसाब किताब रजिस्टर नं ५ बाट

श्री पशुपतिनाथका हाता स्लाका ठउं ठाउंका देवालय
पौवा पाटी घाट् वाटो स्डक् समेत् भत्के बिग्रेको
सजिसजाउंदा र नयां बनाउंदा खर्च भयाको
किताव्
तैनाथ कर्णेल. विस्नुकुमार पांडे क्षत्री

विषये सुची

नम्बर

मिति

आर्यघाटको पुलमा फ्लामको सत्तरिहाली बनाएको – १५६१ आषाढ१–माघ१३गतेसम्म
पचदेवल चौघडा सत्तलमा कर्कटपाताको छानादलान्
पर्वाल पाटि सजि बनाएको – १५६१ आषाढ१–माघ१३गतेसम्म
आर्यघाटका पौवाका दलानमा बेरामी राख्ने फलैंचा बनाएको – १५६१ ,, ,,
भस्मेश्वरघाट पारिको सडक बनाएको – ,, ,,
– शाहज्यादिका सत्तलमा कर्कटपाताको छाना – १५६१ आषाढ१–माघ१३सम्म
– वछलेश्वरीनेर भत्केका पर्वाल मर्मत – ,, ,,
– पशुपति पश्चिमपट्टि देवल मर्मत – ,, ,,
– पशुपति भंडारका ढल बिग्रेको मर्मत – ,, ,,
– वासुकीस्थानको स्थाननेर सिंडी मर्मत – ,, ,,
– कैलाशजाने बाटो से गणेश पुजाबनाएको – ,, ,,
पशुपतिमंदिरका तेलिया ईंट र बत्तीवाल्नेबनाएको – ,, ,,
५ – गुह्येश्वरीका बाहिर ढुंगे ठेलो राखेको – ,, ,,
१० – देउपाटन हलान्महावर्तनेर बाटो, महादेवका बैठक, चौका निर्माण – ,, ,,
११ – भस्मेश्वर पछाडी भत्केको पर्वाल बनाएको – ,, ,,
१२ – पशुपतिनाथका स्नानलाई पानी तताउन्या गुमेज बनाएको – ,, ,,
१३ – मृगस्थलीमा पिपल्का चौतारा बनाएको ,, ,,
१४ – अंलपत्र भएका महादेवका लिंगहरु पशुपति पूर्वपट्टि ठी सूर्यका देवल्का चौडा निर्माण ,,
१५ – आर्यघाटैरखि गुह्येश्वरी संम सडकका दुवैतिर पर्वाल बनाएको – ,,
१६ – चौसठ्ठीजाने बाटोका पेटी सिंढि बिग्रेको मर्मत ,,
१७ – गुह्येश्वरीका स्थानमा पाले सुत्ने पाटिका काठ छापी बनाएको ,,
१८ – वछलादेवीका स्थानमा जात्रा गर्ने खट समेत बनाएको ,,

116



परिशिष्ट नं ५ पाँडे कर्णेलका धार्मिक तथा सामाजिक कार्यहरूको विवरण : उनको रजिस्टर नं. ५ बाट

क्र.सं.	पेज	काम	मिति
22	३०	जैमंगलापारि बाटो, पाटी बनाएको	१९६१ आसाढ१–माघ१३ सम —
23	३१	श्री चन्द्रेश्वरका देवलमा बज्र लगाएको	" " —
24	३२	श्री पशुपतिका ठाउँ ठाउँ सरसफाइ गर्दा	" " —
25	३३	श्री कान्तिदेवताका बाटो बनाएको	" " —
26	३४	आर्यघाटपारि श्रीरामचन्द्रजीका पछाडी	" " —
27	३५	पंचदेवल उत्तर पश्चिमका देवल बनाएको	" " —
8	३७	श्री अम्बर कांटेश्वरका चौघडा सत्तलमा कर्कटपाताको छाना बनाएको	१९६१ माघ १४–६३ आश्विन ~~मसान्त~~
29	४०	श्रीमुक्तिमण्डपका छाना सजि बनाएको —	" "
30	४१	श्री पशुपतिनाथका पश्चिमपट्टिका मूलढोका —	" " —
31	४८	श्री पशुपतिनाथका पश्चिम पट्टिका जोरियाको उत्तर सत्तल बनाएको	" " —
32	४९	श्री पशुपतिनाथका पश्चिम पट्टिका मूल ढोकाजोरियाका दक्षिण सत्तल बनाएको —	" " —
33	५४	श्री जगत्जंगेश्वरका सत्तल सजि बनाएको —	" " —
34	५७	श्री विश्वरूप चौघडा सत्तल सजि बनाएको —	" " —
35	६२	श्री रत्नेश्वर पाटि —	" " —
36	६५	श्री उन्मत्त भैरवका मन्दिर —	" " —
37	६८	श्री किरातेश्वर चौघडा सत्तल बनाएको —	" " —
38	७२	श्री गुह्येश्वरी मुनी पूर्वपट्टिका घाट —	" " —
39	७३	श्री जीतजंगप्रकाशेश्वरका सत्तल टालटुल गरिबनाएको —	" " —
40	७४	गौरीघाट४ शिवालयका सत्तल टलटुल गरेको —	" "
41	७५	श्री राम भद्रेश्वरका गुठीमा दरियाको बजेघर टलटुल गरेको	१९६३ कार्तिक १–६४
42	७६	श्री गोरखनाथ धुनिघर सजि बनाएको —	" "
43	७८	श्री गोरखनाथ सत्तल टालटुल गरेको —	१९६४साल [illegible]
44	७९	श्रीभस्मेश्वरका सत्तल —	" "

(पछाडी बाँकी अरु पेज ९७९ मा)

117



परिशिष्ट नं. ५ पाँडे कर्णेलले गरेका धार्मिक तथा सामाजिक कार्यहरूको विवरण (रजिस्टर नं. ५ बाट)

179

क्र.सं.	पेज	काम	मिति
४५	८२ –	गौरीघाट जाने बाटको श्री भीमसेनथान सजि–१९९४ साल आषाढ	१–६४३
४६	८३ –	धौनिटोलका श्री गणेशका देवल सजि बनाएको–	" "
४७	८४ –	श्री कान्छिा कमाण्डर इन चिफका मृगस्थली सत्तल सजिवनाएको–	" " –
४८	८६ –	श्री कान्छिा कमाण्डर इन चिफका गौरीघाट चौघरा सत्तल सजिवनाएको —	" "
४९	८८ –	श्री गोकर्णेश्वर महादेवका देवालय सजिवनाएको —	" " –
५०	९३ –	श्री गुह्येश्वरी नेराडा बाटो बनाएको —	" " –
५१	९४ –	श्री दक्षिणमूर्तिका देवल सजिवनाएको —	" " –
५२	९६ —	सिफल श्री भीमसेनथान सजिवनाएको —	" "

. ०



धार्मिक कार्य

फाइल नं. ५ बाट (१ पेज)

श्री विश्वरूप कन्की मण्डपलाई लगत भै गयाको :–

कर्कट पाता ——

आसामी	३ फुरे	७ फुरे	८ फुरे	५ फुरे	जम्मा	३ फुरे फुरी
श्री विश्वरूप पद्मनाभ पाँडे	.	.	१५६	१५६	३१२	४४
श्री कन्की माडपके	४४	२२	.	.	६६	२२

किलाकाँटा

आसामी	गोलकिला		१॥ इन्ची पर्लेन कुली सफुट	लखदस्तु फुकीला	रौं वक्षी	टेसिल कीला
	४ इन्ची	३ इन्ची				
विश्वरूपके	५६११।ऽ॥	३६३११।ऽ	५२	१५६	१५६०	७८०
श्री कन्की माडपके	३५	२	१४	५६	८००	४००
६२ सात	८६१।ऽ॥	४६२।।ऽ	३६	२१२	२३६०	११८०

सो लगत भयाको माल सिहे दरबार जिन्सी अड्डाबाट पठायाको यस अड्डामा दाखिल भयाको कर्कट पाता किला कांटा बमोजिम तपसिल ——

आसामी कर्कटपाता

पौष १८।२ मा बलदुनी गद्दीखे फिर्ता

	३ फुरे	७ फुरे	८ फुरे	५ फुरे	१० फुरे	जम्मा	३ फुरे फुरी पाता
बाँकी	४४	.	.	.		४४	४८
पौष २१।५ मा	.		.	.	.	.	१९
पौष २२।६ मा		६	.	.	.	६	.
२५।३ मा		८	५६	१२		७६	.
२६ मा	.	.	१	७६	⇐	७७	.
२७।४ मा	.	८	८८	१८		१०४	.
३।८ मा	.	.	२१	६		२७०	.
	४४	२२	१५८	९५			

२२

कपर्दार भोटु पाँडे

भारत र चीन विशाल दुई राज्यका बीचमा रहेको सानो नेपालराज्य दुई ढुङ्गाको तरुल जस्तो छ। यसले आफ्नो परराष्ट्रनीति कुनै एकसँग विशेष संलग्न नभई सन्तुलन मिलाएर चलाउनुपर्छ र मात्रै आफ्नो सार्वभौमसत्ता जोगाइराख्न सक्दछ भन्ने सिद्धान्त दुई शय वर्षभन्दा पहिल्यै श्री ५ बडामहाराज पृथ्वीनारायण शाहबाट कायम गरिएको थियो। असंलग्नताको यो सिद्धान्त नेपालको लागि आज पनि झन् बढी उपयुक्त र उपादेय बनिरहेको छ। यी छिमेकी दुई देशसँग सम्बन्ध कहिल्यै पनि नबिग्रियोस् र आफ्नो देश असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै सार्वभौमसत्ता कायम गर्दै समृद्ध बनिरहोस् भन्ने उद्देश्यले आफूले थालेको एकीकरणको अभियानमा ज्यान दिएर लाग्ने भरपर्दा विश्वासिला भारदार कालु पाँडे र शिवराम सिंह बस्नेतका सन्तानलाई यी दुई ठूला देशका सन्धि विग्रहका कुरा हेर्ने काम सुम्पनू भन्ने उपदेश श्री ५ बडामहाराज पृथ्वीनारायण शाहबाट भएको थियो। त्यसै प्रसङ्गमा पृथ्वीनारायणबाट दरबारभित्रको भण्डारको रेखदेख गर्ने कपर्दारी काम कालु खड्काका सन्तानलाई नछुटाउनू पनि भनिएको थियो।

'कालु कवर्दारका सन्तानलाई कवर्दारी नछुटाउनू दखिनको घाहा शिवराम वस्न्यातका सन्तानलाई नछुटाउनू भोटको घाहा कालु पाँडेका सन्तानलाई नछुटाउनू[1]' पनि भनिएको थियो।

श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको यो उपदेश केही कालसम्म लागू रहे तापनि भीमसेन थापाको चकचकी चलेपछि पाँडे बस्नेत आदि छ थरी गोरखाली भारदारहरूको सन्तुलन मिलाई काम गर्ने परम्परा तोडियो र एकै वंशमा अधिकार कायम हुने प्रथाको श्रीगणेश भयो। बहादुर शाहको नायबी कालमा दरबारमा विश्वासिला र भरपर्दा भारदारमा पाँडेहरूकै चल्ती-फिर्ती थियो। कालु पाँडेका छोरा दामोदर पाँडे बहादुर शाहका अति विश्वस्त काजी थिए। भोट चीनतर्फको सन्धि विग्रहको काममा केही समयपछिसम्म पनि पाँडेहरूकै प्रमुखता देखिएको छ। श्री ५ बडामहाराज पृथ्वीनारायण शाहबाट कालु खड्काका सन्तानलाई कपर्दारी मान नछुटाउनू भनिएको थियो तापनि उनको शेखपछि कालु खड्का र उनका छोरा राघव सिंह खड्काले मात्र यो कपर्दारी मान पाएको देखिन्छ। वि.सं. १८४४ सम्म राघवसिंह खड्का कपर्दार थिए।[2] यसपछि बहादुर शाहले खड्का वंशबाट झिकी यो कपर्दारी खान्की पाँडे वंशकै विश्वासिला भारदार तुलाराम पाँडेका छोरा भोटु पाँडेलाई दिए। यसपछि धेरै कालसम्म भोटु पाँडे नै कपर्दार भई कामकाज चलाई आएका देखिन्छन्।

त्यस बेला राज्यका विशिष्ट विभागमा घा घरसार न्या कटक अर्थात् सन्धि विग्रह (लडाइँभिडाइँ) शान्ति सुव्यवस्था र न्यायनिसाफ पर्दथे। यी विभाग सम्हाल्ने काजी हुन्थे।

महारानी राजराजेश्वरीको प्रशंसा गरेका छन् ।[९] जीवित अवस्थामा राजकाजी दाउपेचले गर्दा पतिप्रेमवाट अलग्गिएर भोटेगाउँ हेलुम्बुमा निर्वासित भएकी लामा गुरु थापी माला घुमाई हरदम जप गरिरहेकी पतिको वधउप्रान्त पनि भारदारको पेचले राजसिंहासनमा बसेका वालक छोरा राजाको मुखसम्म हेर्न नपाई पतिको चितामा चढेकी महारानी राजराजेश्वरीप्रति सबैको सहानुभूति हुनु स्वाभाविकै थियो । यस सालिकका अभिलेखले यही सहानुभूतिका शब्दलाई सजीवता दिई प्रकट गरिरहेको छ ।

यसपछि यस सालिकको सुरक्षाका लागि भोटु पाँडेले लुभु सेराको १५० रोपनी अर्थात् ६०० मुरी माटाका ६ खेत गुठी पनि राखिदिए ।[१०] यस घटनावाट भोटु पाँडेको हृदय धर्ममा, राजारानीको भक्तिमा कति आकृष्ट भएको थियो भन्ने कुरा स्पष्ट हुन्छ । भोटु पाँडेले राखेको सो सालिकमा कुँदिएको श्लोकले उपर्युक्त कारुणिक कुरा नै व्यक्त गर्दछ । सो यस प्रकार छ –

वर्षे वन्हिरसैर्गजेन्द्रधरणीसंख्यामिते माधवे

मासे देवगुरौ षडाननतिथौ पक्षे सिते सत्वरं ।

साध्वी शंभुसरित्तटेरणवहादूरेण भर्त्रा समं

त्यक्त्वा देहमगात् गिरीशपदवीं श्रीराजराजेश्वरी ॥

सम्वत् १८६३ साल आश्विन शुदि १३ रोजमा यो सालिक श्रीकपर्दार भोटु पाँडेले बनाई चढायाको हो । सुभम् ।

वि.सं. १८६३ शुदि ६ विहीवारका दिन हडवडाउँदै वाग्मतीको किनारामा आई आपना स्वामी श्रीरणवहादुर शाहका साथमा सती गएर देह छाडी पतिव्रता महारानी राजराजेश्वरी देवी शिवपुरीमा प्राप्त भइन् ।

यो सालिक स्थापना गरेको महीना दिन नबित्दै कार्तिक शुदि पूर्णिमामा पुन: भोटु पाँडेले आफ्ना छोरा सहित भएर पशुपतिनाथको दक्षिण ढोकानेर रहेको धर्मशालाको जीर्णोद्धार गरी नयाँ बनाइदिए ।[११]

यी वाहेक धर्मात्मा दयालु कपर्दार भोटु पाँडेले आफ्नो जीवनको अन्तिम भागमा गरेका धार्मिक कार्यमा काठमाडौं शहरवाट स्वयम्भू जाने वाटोमा पर्ने विष्णुमतीका पुलको जीर्णोद्धार, पश्चिम पाहाडतिरवाट आउने वाटोमा पर्ने सोह्रखुट्टे पाटीमा धर्मशाला बनाएर त्यतापट्टिवाट आउने यात्रुको लागि सदावर्त र तुलस्याहीमा अर्को मन्दिर, सदावर्तको स्थापना, नरदेवी मन्दिरको जीर्णोद्धार, देवीको पूजाजात्रा, गुठीको प्रवन्ध आदि प्रमुख थिए ।

'वि.सं. १८४९ मा नेपाल-चीन युद्ध हुँदा यहाँ आएका प्रतिनिधि चीनियाँ र भोटे काजी थुनिएर रहेका थिए । युद्ध चम्कँदै गएका वेलामा रोकिएका आफ्ना मानिस छुटाउने उद्देश्यले टुङ्थ्वाङ्ले सलुक गर्ने प्रस्ताव गरी पत्र पठाए । यतावाट पनि नेपाल सरकारले सलुक गर्ने

ध्येयले चीनी भोटे काजी साथ लाएर काजी रणजित पाँडे, कपर्दार भोटु पाँडे, टक्सारी नरसिंह गुरुङ्ग, रामदास पन्त र बलभद्र खवासहरूलाई पठायो। त्यसपछि कुरा फेरेर चीनियाँ वजीर टुङ्थ्वाङ्ले रणजित पाँडे र बलभद्र खवासलाई मात्र यता पठाइदिए, अरूलाई उहीँ रोकिराखे। यस अवस्थामा थुनछेकमा परेका भोटु पाँडेले आफू विपद्बाट छुट्कारा पाउने आशयले होला, आफ्नो घर भएको ङट टोलनेरकी ङटेश्वरी नरदेवीको पूजा गर्ने, मन्दिरको जीर्णोद्धार गर्ने, गूठी राख्ने, जात्रा गर्ने, के-के भाकल गरेका थिए। छुटेर आएपछि त्यही भाकल पूरा गर्न उनले नरदेवी स्थानमा चाँदीका पूजा भाँडा चढाए, पछि फेरि मन्दिरको जीर्णोद्धार गरी छाना थपी सुवर्णले लेपित पनि गरे। देवीको बलि पूजा जात्रा आदि चलाउन धेरै खेत बारी गुठी राखी आफ्ना टोलेहरूलाई गुठियार नियुक्त गरेका थिए।[१२]

भोटु पाँडेले धर्मशाला धारा बनाउने, पोखरी खनाउने काम पनि गरेका थिए। आफूले बनाएको धारा पोखरीको लागि गुठी पनि राखेका थिए। श्री ५ गीर्वाणयुद्ध विक्रमलाई साधेर पाएको बिर्ता जग्गा ७ रोपनीमा पोखरी र १० रोपनी खेत गुठी राखी वि.सं. १८६४ मा अभिलेख स्थापना गरेका थिए।[१३]

भोटु पाँडेलें गाईवस्तुलाई चरनको लागि गौचर राखेको, गाई-गोरुलाई नून, गहुँ खुवाउन भनी जग्गा गूठी राखेको चर्चा हामीले माथि गर्‍यौं। यसअतिरिक्त पशुपतिका आसपासका जङ्गलका बाँदरलाई मकै खुवाउन भनेर पनि रानीवननेरको पाखो वारी र जग्गा गूठी राखेका थिए। त्यस जग्गावाट २१ मुरी १२ पाथी मकै आयस्ता आउँथ्यो। त्यस आयस्तावाट प्रतिदिन पशुपतिका बाँदरलाई ४ माना, गुह्येश्वरीका बाँदरलाई ३ माना र गोरखनाथका मृगस्थलीका बाँदरलाई १ मानाका दरले गुठियारमार्फत् बाँडिदिने व्यवस्था पनि बाँधिदिएका थिए।[१४]

यसरी भोटु पाँडेले घर पालुवा गाईवस्तु र बनैया बाँदरलाई मात्र सदावर्त लाएका थिएनन्, अपितु टाढा टाढाबाट पश्चिम पाहाडतिरबाट आउने यात्रुहरू र जोगीजंगमहरूको लागि बास बस्ने पाटी र भोजनको लागि सदावर्त लगाउने व्यवस्था पनि गरिदिएका थिए। यो एक धर्मशाला सदावर्त आफ्नो घरबास भएको नरदेवीको ङटटोल नजीकै पश्चिमतर्फबाट शहर पस्ने ढोकैनेर सोह्रखुट्टे पाटीमा थियो। अर्को धर्मशाला र सदावर्त महोत्तरी जिल्लामा मटिहानी मठनजीकै तुलस्याहीमा पनि थियो। तुलस्याहीमा त यिनले एउटा ठूलो लक्ष्मीनारायणको मन्दिर पनि बनाएका थिए। तुलस्याही भन्ने स्थान मटिहानीको एक कोश पूर्वपट्टि नेपाल-भारत सीमानेरैको ठूलो फाँटमा अवस्थित छ। लक्ष्मीनारायणको मन्दिर, धर्मशाला, बगैंचा, जलाशय आदिको निर्माण गरी आउने यात्री, जोगीजङ्गमहरूलाई सदावर्त लगाई भोजन गराई भोटु पाँडेले आफ्नो र आफ्ना बाबु बाजेको पुण्य बढाएका थिए। यसको लागि उनले महोत्तरीको यही तुलस्याहीको आसपासमा धेरै विघा जग्गा गुठी राखेका थिए। यही मधेश जग्गाको आयस्ताले काठमाडौंको र तुलस्याहीको लक्ष्मीनारायण स्थानको पुजाआजा, सदावर्त पनि चल्दथ्यो। दुवैतर्फको सदावर्त चलाई लक्ष्मीनारायणको पूजा गरेर पुजारीलाई खान्की दिएर बाँकी रहेको आयस्ता आफ्ना छोरा गजदल पाँडेले खानू भन्ने व्यहोरा उक्त शिलालेखमा लेखिएकोले उनका वंशजले अधिलेसम्म नै सो तुलस्याही मन्दिरको पूजा चलाई आयस्ताको उपभोग गर्दै आएका छन्। तुलस्याहीमा राखिएको एक ठूलो शिलालेख त्यहींका मन्दिरका घण्टाका अभिलेखले पनि भोटु पाँडेका कीर्तिलाई अमर गराइरहेछन्।[१५]

नगदी ढिकुटीको रेखदेख गर्ने खजान्ची (कोषाध्यक्ष) कहिन्थे भने जिन्सी मालताल भण्डारको कारोवार सह्माल्ने कपर्दार (महाकोषाध्यक्ष) भनिन्थे। वि.सं. १८५६ मा राखिएका विभिन्न ताम्रपत्रमा साक्षी वस्ने चौतरिया काजीहरूका हारमा कपर्दार भोटु पाँडे खजान्ची श्यामलाल उपाध्याय टक्सारी (स्वर्णरौप्यमुद्राधिकारस्थ) भीम खवास रहेका छन्।[३] यी तीनै पद नगद जिन्सी मालसामानको रेखदेख गर्ने राखनधरन गर्ने अधिकारीका हुन्। यिनको अधिकारको विभाजन गरिएको हुन्थ्यो। तिनमा हामीलाई चासो परेको कपर्दारी पदको अधिकार कति थियो भन्ने सम्वन्धमा मात्र यहाँ विचार गरिन्छ। कपर्दार कालु खड्काका छोरा राम्यवसिंह खड्का वि. सं. १८४४ मा कपर्दार थिए। पछि यो पद भोटु पाँडेले पाए।

पाडे

कपर्दारको अधिकार

दरवारका अधीन रहेका देशभरिका खेतको आम्दानी उठ्तीपुठ्ती वुझिलिने, हिटीचोक कोटभण्डार गोठ वारुदखाना सोरामहालमा परपजनी गर्ने, पारख दिने काम कपर्दारको हुन्थ्यो। मुलुकभरिका खेतको आम्दानी आयस्ता भण्डारमा दाखिला गरी दरवारका केटाकेटी र अरू गोठ खेतका गोठाला खेतालाहरूलाई सिधा सामल बाँड्ने, हिटीचोक कोटभण्डारवाट हिसावले खर्च गर्ने काम पनि कपर्दारले गर्दथे। दरवारवाट दिनुपर्ने अनाथ वालक अभ्यागतहरूलाई आफ्ना तजवीजले १ मुरीसम्म अन्न दिने अधिकार यिनको हुन्थ्यो, दरवार साधेर यसभन्दा वढी पनि दिन सक्तथे र धर्मकर्म पाठ पूजा होम आदि कार्यमा खर्च गर्नुपर्दा हिटीचोकमार्फत् दिन्थे, धार्मिक कार्य अट्काउन नहुने हुनाले आदेश विना पनि आफ्ना तजवीजले खर्च दिने अधिकार यिनको थियो। घीउखानीवाट र पराल वेचेर आएको आम्दानीले चाँदीका भाँडावर्तन वनाउने काम पनि कपर्दारले गर्दथे। वारुदखानामा काम गर्ने कामदारलाई रुजु काममा ल्याउने र यिनको पजनी गर्ने सोरा वारुद र गन्धकको जगेडा गर्ने काम पनि यिनले राम्ररी गर्नुपर्दथ्यो। मधेशका सोरा महालमा जतिसक्यो धेरै सोरा जम्मा गरी राख्ने काम पनि यिनै तदारुखताका साथ गर्दथे, गाई भैंसी भेडा वाखाका गोठको रेखदेख गर्ने ठूलठूला गोठलाई छुट्याई साना सानापार्ने, धेरै स-साना गोठलाई एकठ्ठा गरी ठूला पार्ने तीन वहर दिएर एक कोरली गाई साट्ने र ३ वर्ष उँभोका जति राँगा दरवार पठाउने काम पनि कपर्दारकै तजवीजले हुन्थ्यो। खेतमा दैवी परी वाली विमाख भएमा जाँचीवुझी वाली मिनाहा दिने कर्मी, सिकर्मी, लोहार, सुनार, चुनार, सुचीकार, ताम्रकार, धोवी, कुसुले आदि कामदारलाई काम लाउने, तनखा दिने, कामकाजमा रुजु राख्ने काम पनि कपर्दारकै थियो। यस वाहेक मुलुकभरिका सिसाखानीबाट दैदस्तुर र काछो (सिसाखानीमा लागेको कर) वापत आउने सिसा दरवार दाखिल गर्ने दरवार साधेर वेच्नुपर्ने जति वेच्ने काम पनि कपर्दारले नै गर्दथे। दरवारभित्र चाहिने जति पोसाकको र वाहिर सिरोपाउ दिन चाहिने जति पोसाकको कपडा सिलाउने छेकाउने सवै अधिकार कपर्दारकै थियो, दशैंमा र फागुमा बाँड्नुपर्ने कपडा पनि यिनै बाँड्दथे।[४] मुख्य गरेर कपडा पोसाकको प्रवन्ध गर्ने कपडा बाँड्ने हुनाले नै कपर्दार शव्द रूढ हुन आएको देखिन्छ।

भोटु पाँडेले उपर्युक्त अधिकारका साथ कपर्दारी खान्की पाएका थिए। यस पदमा रही यिनले बफादारीसाथ काम गरेका थिए र धेरै धर्म कृतिहरू पनि गरेका थिए। तिनमा हामीले

थाहा पाएजतिको मात्र यहाँ उल्लेख गरिन्छ। यसअतिरिक्त कति सन्धि विग्रहको काममा राजकाजमा पनि यिनी खटिन्थे। वि.सं. १८४९ को नेपाल-चीनयुद्ध हुँदा चीनियाँ सेनापति टुङ्थ्वाङसँग मेलमिलापका लागि रणजित पाँडे नरसिंह गुरुङ्गहरू साथ यी पनि खटिएर गएका थिए। कुरो नमिलुन्जेल यिनीहरू चीनियाँको शिविरमा रोकिएर रहे।[५] पछि वेत्रावतीको अन्तिम युद्धमा पराजय पाएपछि टुङ्थ्वाङ घा गर्न राजी भए। त्यस वेला चीनियाँ सेनापतिसँग तोयोफोयो मिलाउन सकेको श्रेय यिनी दुई भाइले पाएका थिए र यहाँ आएपछि श्री ५ बाट यिनले साढे चार-साढे चार हातका दुई हात्ती बकस पनि पाएका थिए।[६] दुई वर्षपछि नरसिंह गुरुङ्गले काजी मान पाएर वि.सं १८५२ मा चीन जाने प्रतिनिधिमण्डलको नेतृत्व पनि गरेका थिए। भोटु पाँडे भने एक टङ्गारसँग त्यसै पदमा बहाल रहे। वि.सं. १८७५ सम्म अनेकौं धर्मकृति गर्दै यिनी जीवित रहेका देखिन्छन्।

भोटु पाँडे भित्री कोट भण्डारको रेखदेख गर्ने धार्मिक कार्यको खर्चवर्च दिने पनि हुँदा र आफू पनि धार्मिक प्रकृतिकै हुँदा दरबारभित्रको प्रयोगमा ल्याइने र पूजाका भाँडावर्तनमा यिनको नाम अङ्कित गरिएको पनि पाइन्छ। विशेषगरेर गोरखा दरबारको दशैं घरको पूजाकोठामा चढाएका भाँडावर्तनमा यिनको नाम कुँदिएको देखिन्छ। जस्तै वि.सं. १८५० मा गोरखा दरबारमा थाल चढाए। वि.सं. १८५४ मा दशैंमा कन्या भोजनको लागि थाल र शुचिका लागि आवश्यक कोपरा पनि चढाएका थिए। वि.सं. १८५९ मा गोरखा दरबारमै दशैं घरमा राँगो काट्ने ठाउँमा नैवेद्य राख्ने थाली र त्यसै साल एक छडी पनि यिनले चढाएको देखिन्छ।[७]

वि.सं. १८५५ को जनैपूर्णिमाको भोलिपल्ट परेवाको दिन अर्थात् गाईजात्रामा आफैंले गूठी राखेको गौचरको नून थलामा गाईगोरुलाई गहुँ खुवाउन र नून चढाउन भनी भोटु पाँडेले सरकार साधी गूठी राखेका थिए।[८] त्यसै साल श्री ५ रणबहादुर शाहले गीर्वाणयुद्ध विक्रम शाहलाई गादी सुम्पँदा गराएको धर्मपत्रमा सही गर्ने भारदारमा यिनको पनि नाम पाइन्छ।

भोटु पाँडे धार्मिक प्रकृतिका मानिस त छँदै थिए, यसअतिरिक्त राजभक्त, देशभक्त पनि त्यत्तिकै थिए। वि.सं. १८६३ मा नेपालमा एक ठूलो अनिष्टकारी घटना घट्यो। रणबहादुर शाह आफ्नै भाइका हातबाट मारिए, यसै काण्डमा धेरै भारदारका साथ उनका दुवै भाइ पनि मारिए। हेलम्बुमा निर्वासित भएर दुःखी जीवन बिताइरहेकी महारानी राजराजेश्वरी पनि सती जान बाध्य भइन्। यस पर्वपछि नेपालमा राजपरिवार र अरू भारदारहरूको पनि शक्ति कमजोर हुँदै आयो, भीमसेन थापाको र उनका भाइबन्धुको भने शक्ति राम्ररी प्रतिष्ठापित भयो। रणबहादुर शाहका दुई भाइका र अरू भारदारहरूका अनिष्ट मृत्यु, महारानी राजराजेश्वरीको कारुणिक सतीगमनलाई पनि टुलुटुलु हेरिरहेका सम्पूर्ण रैती र भारदारहरूको हृदय पनि भित्रभित्रै रोइरहेको थियो। यस कारुणिक दृश्य देखिरहेका धर्मात्मा भोटु पाँडेको हृदय पनि राजारानीको भक्ति र शोकले द्रवीभूत भएको थियो। यसैको फलस्वरूप राजा-रानी परलोकवासी बनेको ६ महीना नबित्दै भोटु पाँडेले रणबहादुर शाहको सालिक बनाई पशुपतिनाथको दक्षिण ढोकानेर स्थापना गरी त्यसको पादपीठमा अभिलेख कुँदाई पतिव्रता



इतिहासको अपव्याख्या

सत्यसिंह खड्का

मसँगै कलेजमा पढेको एउटा साथी अहिले संविधानसभाको सदस्य भएको छ। केही दिन अघि उसले आफ्नो घरमा खाना खान बोलाएर मलाई दुई वटा पुस्तक दियो। एउटा पुस्तक थियो - पूर्व प्रहरी महानिरीक्षक डीवी लामाद्वारा लिखित 'संघर्षको लामो यात्रामा मेरो जीवनको उकाली ओरालीहरू' र अर्को थियो -देहरादून निवासी प्रतापसिंह थापा मगरद्वारा लिखित 'नेपालमा भ्रष्टाचारको सञ्जाल'। ती दुवै पुस्तक पढेपछि मलाई केही लेख्ने जाँगर चलेर आयो। डीवी लामाद्वारा लिखित पुस्तकमा आफ्नो मात्रै प्रशंसा गरेर केही इमानदार मानिसहरूको चरित्रहत्या गर्न खोजिएको पाएँ भने प्रतापसिंह थापाले आफ्नो पुस्तकमा डीवी लामा र भरत गुरुङले गरेका कुकृत्यहरूको पर्दाफास गरेको पाएँ।

नुवाकोटको खड्का वंशमा जन्मिएर एउटा प्रतिष्ठित परिवारको हैसियतमा मैले राजधानीमा बसेर कलेजस्तरको शिक्षा पाएँ भने देश र विदेशका विभिन्न भागको भ्रमण गर्ने अवसर समेत पाएँ। तसर्थ दुई चार अक्षर चिनेको राजनीतिककर्मी भएको नाताले नेपालको इतिहास बारे यो पंक्तिकारलाई सामान्य जानकारी छ। सोही जानकारीका आधारमा यो लेखमा म केही कुरा स्पष्ट गर्न चाहन्छु।

पाँच सय वर्षअघिदेखि नेपालको तत्कालिन राजसंस्था र राष्ट्रियताको संरक्षणमा योगदान गर्दै आएका तुलाराम पाँडे लगायतका विभूतिहरूले गरेको योगदानको पनि नेपालको इतिहासले सम्मान गरेको छ। त्यो बेलाका कमाण्डर र योद्धाहरूलाई बकस स्वरूप पृथ्वी नारायण शाहले विभिन्न ठाउँमा जग्गा जनिम दिएका थिए। वि.सं. १८०१ मा तत्कालिन भारदार तुलाराम पाँडेले पृथ्वीनारायण शाहबाट पाएको मायाँ, ममता स्वरूप प्रसस्त जग्गा जमिन नुवाकोटमा थियो। कोतपर्वमा काजी जंगबीर पाँडे पलायन भएपछि जंगबहादुर राणाले उनको सारा सम्पत्ति जफत गरेको कुरा इतिहाकार बाबुराम आचार्यले आफ्नो पुस्तकमा लेखेका छन्।

इतिहासकारहरूका अनुसार तुलाराम पाँडेसँग नुवाकोटमा आएका कामी, सार्की, दमाई लगायतका दलित परिवारका मानिसहरू त्यहाँ बोबास गर्न थालेका हुन्। हतियार बनाउने लगायतका विभिन्न प्रयोजनका लागि उनीहरूलाई त्यहाँ राखियो। सेनाको व्यवस्थित ब्यारेक नहुँदा तुलाराम पाँडे जस्ता कमाण्डरको घर नै त्योबेलाको सेनाको आश्रयस्थल हुने गर्दथ्यो। मेरा पूर्वजले बताए अनुसार जंगबिरका वंशज विष्णुकुमार र बेलायतकुमार पाँडेले सनदपत्र, खड्ग निसान, लालमोहर र तिरोतिरान लगायतका आधारबाट वंशजका हैसियतले तुलाराम पाँडेको हजारौं रोपनी जमिन पाए। कर्णेल विष्णु कुमार पाँडेका नाति र बेलायत कुमारका छोरा ऋषिकुमारका नाममा कालान्तरमा सो सम्पत्ति आयो। नुवाकोटको चतुरालीमा पर्ने मालुडाँडा क्षेत्रमा पाँडेहरूको झिंगटीको पाँचतले घर थियो भन्ने कुरा मेरा बाजेले भनेको म अहिलेसम्म सम्झन्छु। त्यहाँ घोडा दौडाउने ठूलो ठाउँ थियो। घर वरिपरि सयौं परिवार आश्रितहरू बसेका थिए। भारदारको परिवार भएकाले सहयोगी र नातागोता पनि छिमेकी भएर बस्नु स्वभाविक थियो। नुवाकोट दरबारपछिको सबै भन्दा ठूलो घर नुवाकोटमा त्यहि थियो।

२०४६ सालको राजनीतिक परिवर्तनपछि केही जाली फटाहा, शोषक र उग्र प्रवृत्तिका मानिसहरूले पाँडे परिवारको सम्पत्तिमा आँखा गाड्न थाले। त्यसबेला डीवी लामा र भरत गुरुङहरू लागू पदार्थ, सुनतस्करी, देहव्यापार लगायतका मुद्दामा जेलमा थिए। उनीहरूले जेलमा बसेका केही नेताहरूसँग मिलेमतो गरेर बाहिरका मानिसहरूलाई उकास्न थाले। जेलबाट छुटेपछि उनीहरूले नुवाकोटमा रहेको ऋषिकुमार पाँडेको जग्गा जमिनमा आँखा गाडेर स्थानीय मानिसहरूलाई भड्काउन थाले। वि.सं. २०३४ सालमा सो क्षेत्रको नापी र सर्वे हुँदा स्पष्ट रेखांकन गरिएको जग्गा जमिनमा तत्कालिन प्रहरी महानिरीक्षक डीवी लामाको प्रोत्साहनमा केही व्यक्तिले हक दाबी गर्न थाले। डीवी लामाले आफ्ना बाबुको पैतृक सम्पत्ति भन्दै ऋषिकुमार पाँडेको जमिनमा विभिन्न मानिसहरूलाई बसाएर पाँडेलाई दुःख दिएको मैले प्रत्यक्ष रूपमा देखें। गत अंकहरूमा रूपरेखामा प्रकाशित नरेन्द्र मगरको लेखमा समेत ती कुराहरू उल्लेख भएको पाइन्छ। यसका निम्ति म लेखका धन्यवाद दिन चाहन्छु।

भ्रष्टाचारको वृत्तान्त–५१



केही मानिसहरूले ऋषिकुमारको जग्गामा आफ्नो हक दावी गर्न थालेपछि मालपोत र प्रहरी लगायतका सुत्रले छानविन गर्दा सो जमिन ऋषिकुमारकै भन्ने ठहर भयो। त्यसपछि पनि डीवीका मानिसहरूले जमिन छाड्न मानेनन्। गणेश पण्डित जस्ता एमालेका नेता र स्थानीय केही कांग्रेस कार्यकर्ताले आफ्नो कार्यकर्तालाई उकासेर सयौं रोपनी जग्गामा वस्ति वसाउन थाले। डीवी लामा पक्षका मानिसहरूको प्रमाण वलियो नभएकाले उनीहरूले मुद्दा दिएपनि लगातार परित्याग गर्दै गए। अञ्चल र क्षेत्रीय अदालतहरूलेपनि उनीहरूलाई पराजित गऱ्यो। २०३९ सालमा सर्वोच्च अदालतले पनि ऋषिकुमार कै पक्षमा फैसला दियो। चतुरालीवाट रानीपौवा लगिने विजुलीको लाइन ढिकुरे हुँदै लगेर उनले त्यहाँ विजुली पुऱ्याउन समेत मद्दत गरे। पानीको अभाव भएको सो ठाउँमा पाँच किलोमिटर टाढावाट पानी ल्याएर उनले हरियाली झन वढाए। १२ सय रोपनी जग्गामा कृषि विभागको सिफारिसले ऋषिकुमारको जमिनलाई हदवन्दी मुक्त क्षेत्र घोषणा गरियो। वि.सं. २०४४ फागुन १० गतेको गजेटमा सो कुरा प्रकाशित भएको थियो। कैयन् उद्योगपतिहरूले पनि त्यस्तो सुविधा पाएका थिए।

मलाई थाहा छ, व्यक्तिगत उन्नतिमा आरिस गर्ने प्रवृत्ति भएका केही आठपहरिया र वैठके लगायतका'व्यक्तिले एउटा गिरोहलाई उकासेर पूर्व जर्नेल ऋषिकुमारलाई दुःख दिन थाले। घर कुर्न राखेका मानिसहरूलाई समेत उकासेपछि पाँडेलाई मानसिक यातना दिने काम भइरह्यो। पाँडेले तलव दिएर राखिएका वानियाँ परिवारका व्यक्तिहरू पनि उनको विरुद्ध उठ्न थाले। तत्कालिन गृहमन्त्रीलगायत विभिन्न तहमा यसवारे उजुरी गर्दा पनि प्रहरीले कुनै काम गरेन। किन भने प्रहरीमा डीवी लामा जस्ता व्यक्तिहरूको प्रभाव वाँकी नै थियो। अहिले पनि प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरीबाट १०/१२ जना अंग रक्षक र अर्दलीहरू राखेर वसिरहेका शान्तकुमार मल्ल जस्ता व्यक्तिले उकासेर डीवी लामा र भरत गुरुङको इशारामा ऋषिकुमारप्रति पूर्वाग्रह राखेर काम भइरहेको मैले अनुभव गरे। कृष्ण सिटौला, गिरिजाप्रसाद कोइराला, मैयादेवी श्रेष्ठ लगायतका कांग्रेसी नेताहरूलाई प्रभावित तुल्याएर केही व्यक्तिले अहिलेसम्म पनि ऋषिकुमारलाई मानसिक यातना दिइरहेको मैले पाएँ। नुवाकोटमा मात्र होइन, गल्फुटार, टिकाभैरवलगायतका ठाउँमा समेत ऋषिकुमारको सम्पत्ति माथि हमला हुन थाल्यो। घरहरू भत्काइए र वोटविरुवाहरू मास्न थालिए। प्रहरी प्रशासनले टुलुटुलु हेरिरह्यो। संयोगको कुरा भनौ अथवा प्रायोजित षडयन्त्र, टिकाभैरव र गल्फुटार दुवै ठाउँमा ऋषिकुमारलाई खड्का परिवारका सदस्यहरूले धेरै दुःख दिए। दुई किसिमका खड्काहरू वसोवास गर्ने टिकाभैरवमा केही चरित्रहीन व्यक्तिहरूले पाँडेलाई मानसिक यातना दिएको देखेपछि त्यहाँका सज्जन परिवारहरू निकै दुःखित भएका थिए।

नेपाली कांग्रेसका जगन्नाथ आचार्य भूमिसुधार मन्त्री भएपनि उनले नेपालको २०-२५ जनाको हजारौं विघा र हजारौं रोपनी जग्गा जफत गरे। चिया वगान वाहेक अन्य उद्योगहरूलाई दुरउत्साहित गर्न थालियो। सूर्यवहादुर थापाका भाइ हरेन्द्रवहादुर थापा लगायतको जग्गा जमिन समेत कव्जा गरियो। राजनीतिक पूर्वाग्रह राखेर दमकको हिमालय टि गार्डेनको १६० विघा जग्गा समेत कव्जा गरियो। सो जग्गा तत्कालिन अधिराजकुमार ज्ञानेन्द्रको थियो।

ऋषिले जग्गा फिर्ता पाउन पुनः मुद्दा दायर गरेपछि लामो प्रयासमा सो जग्गा फिर्ता भयो। तर स्थानीय मानिसहरूलाई उचालेर डीवी लामाको गिरोहले दुःख दिइरह्यो। डीवी लामा निकट रहेका आदित्यमान श्रेष्ठ जस्ता पत्रकारले आफ्नो पुस्तक 'ब्लिडिङ माउन्टेन अफ नेपाल' मा प्रायोजित प्रचार गरेर ऋषिकुमारलाई शोषक सामन्तका रूपमा चित्रण गर्न खोजेका छन्। डीवी लामा र भरत गुरुङले तत्कालिन भूमिसुधार मन्त्री वुद्धिमान तामाङलाई प्रयोग गरेर पुनः जग्गा रोक्का गर्न दवाव दिए। ऋषिको जग्गावाट हामीले पनि अंश पाउनुपर्छ भन्नेहरू पनि निस्किए। ऋषिको जमिन छेउमा मछेन्द्र थापा भन्ने व्यक्तिले काठ मिल खोलेर वातावरण विनास गर्दा पनि सरकारले कुनै कारवाही गरेन। प्रहरी प्रशासनले सुरक्षा नदिएपछि स्थानीय गाउँले समेत वद्मासीमा सामेल हुँदै गएर ऋषिकुमारको जग्गा र घरमाथि हमला गर्न थाले। त्यहाँ लुटपाट, चोरी-चकारी वढ्दै गयो। पुनरावेदनमा मुद्दा परेपनि पाँच वर्षसम्म न्यायधिशहरूले डीवी लामाको दवावमा फाइल थन्क्याएर ऋषिलाई मानसिक यातना दिइरहे।

वन नभएको ठाउँलाई वन क्षेत्र भनेर व्याख्या गर्ने र कृषि विभाग र कृषि मन्त्रालयले दिएको स्वीकृति विरुद्ध भूमिसुधार मन्त्रालयले उल्टो निर्णय गरेर दुःख दिने काम गऱ्यो। फलफूल उद्यान खोलेर नुवाकोटको वातावरण र स्थानीय गाउँलेको समेत फाइदाका लागि काम गरिरहेका पाँडेलाई विभिन्न पूर्वाग्रह राखेर सताउने काममा कैयन् व्यक्तिहरू संलग्न थिए।

नुवाकोटका विभिन्न गाउँहरू घुम्दा मैले अनेकौं प्रतिक्रिया पाएँ। सयौं वर्षदेखि नेपालका लागि समर्पित एउटा परिवारमाथि अन्याय पर्दा पनि राज्यले कुनै इन्साफ दिन नसकेकोमा इमानदार गाउँलेहरू दुःखी भएका थिए। कांग्रेस र एमालेका वद्मासहरूले पहिले जेसिकाएका थिए, माओवादीले कालान्तरमा त्यही गर्न थाल्यो।

मेरो घर काठमाडौंको गोगंवुमा पनि छ। पाँडे परिवारलाई म धेरै वर्षअघि देखि चिन्छु। काठमाडौंको गल्फुटारमा पनि



पाँडे परिवारको धुप्रै जग्गा जमिन थियो । खड्का र तामाङ लगायतका व्यक्तिले पाँडेको जग्गा जमिन कमाउथे । पहिलेपहिलेका मोहीहरू जग्गाको आम्दानी बुझाउन आउँथे । पछि झलकबहादुर खड्का लगायतका व्यक्तिहरूले वद्मासी गर्न थाले । अर्काको सम्पत्ति जवरजस्ती कब्जा गर्ने प्रवृत्ति वढ्दै गयो । ऋषिकुमारले अदालतको ढोका ढक्ढक्याएपछि सर्वोच्चले इन्साफ दियो ।

तत्कालिन ऐन कानुन अनुसार लगत कट्टा गरेर मोहियानी हकबाट हटाइएका व्यक्तिहरूले पुनः किचलो गर्न थाले । कृष्णप्रसाद घिमिरे जस्ता वरिष्ठ अधिवक्ताले ऋषिको मुद्दा हेरेपनि पटकपटक षडयन्त्र भइरह्यो । दरवारको एउटा गुटले दुःख दिइरह्यो । नगरविकासले गल्फुटारमा जग्गा अधिग्रहण गरेर आवास क्षेत्र वनाउँदा ऋषिकुमारको ३० रोपनी जमिन पनि त्यसमा पऱ्यो । अहिलेको मूल्यमा करोडौं पर्ने जग्गा अधिग्रहण गर्दा पनि ऋषिकुमारले सरकारलाई नै सहयोग गरेका थिए ।

२०१७ सालमा ऋषिकुमारकी मुमाले टिका भैरवमा किनेको जमिनमा पनि केही व्यक्तिहरूले किचलोगर्न थाले । एमालेका तत्कालिन सांसद मिठाराम वजगाई लगायतका व्यक्तिहरू मिलेर सो जग्गा अड्प्न थाले । ऋषिले पुनः अदालतको ढोका ढक्ढक्याए । धेरैले तारिख छाड्दै गएपछि अन्ततः अदालतले ऋषिका पक्षमा फैसला दियो । मुद्दा जितेर वकिल सहित आफ्नो जमिनमा जाँदा स्थानीय गाउँलेहरूले हमला गरे । मानसिक यातना खप्न नसकेपछि सो जमिन पनि उनले कौडीको मूल्यमा वेच्नु पऱ्यो ।

राजा वीरेन्द्रको अनन्य सहयोगी भएवापत पाँडेले दरवारबाट कुनै वकस पाएनन् । आफ्नै प्रशस्त सम्पत्ति भएकाले उनलाई लोभ पनि थिएन । हेटौंडा नगरपालिका क्षेत्रमा ऋषिले किनेको साँढे तीन विघा जमिन र भव्य घर पनि कौडीको भाउमा वेच्नु पऱ्यो । त्यहाँ लगाइएका रुखविरुवा, फलफूलका वोट मास्ने र घर भत्काउने काममा स्थानीय जाली फटाहाहरू लागेपछि ऋषिले सो ठाउँको जग्गा र घर वेचिदिए । गोरखामा आठ दश हजार रूपैयाँमा किनेको जग्गा जमिन पनि उनले भोगचलन गर्न पाएनन् । राजदरवारमा काम गर्ने मानिसको जग्गा जमिन भन्दै त्यहाँ पनि दुःख दिइरहे । रसुवाको पार्वतिकुण्ड नजिकै रहेको १०/१२ रोपनी जग्गा पनि उनले १०/१२ हजारमा किनेका थिए । त्रिशुली -सोमदान सडकमा पर्ने सो जग्गा जमिनमा एउटा सानो घर पनि थियो । ऋषिले नातिको नाममा राखिदिएको सो सम्पत्ति पनि भोग चलन गर्न पाएनन् । त्यस्तै पोखरामा रहेको घरजग्गा पनि उनले मानसिक यातनाका कारण सस्तोमा वेच्नु पऱ्यो ।

वि.सं.२००९ सालमा ऋषिले पाएको पैतृक सम्पत्तिबाट ४५ हजार रूपैयाँमा १४ रोपनी जमिन सहित क्षेत्रपाटीमा दरवार किनेका थिए । जुद्ध शमशेरकी नातिनीको सो दरवार सो क्षेत्रकै आकर्षणको केन्द्र थियो । त्यहाँ पनि छरछिमेकी मिलेर ऋषिलाई मानसिक याताना दिइरहे । ऋषिको निजी सम्पत्तिलाई सरकारी वाटो घोषणा गरियो । प्रेमकुमार श्रेष्ठ र वसुन्धरा श्रेष्ठ जस्ता व्यक्तिले ऋषिकुमारको सोझोपनबाट फाइदा उठाएर मुद्दा दिने र दुःख दिने काम गरिरहे । अदालतले ऋषिका पक्षमा फैसला दिएपनि त्यसको कार्यान्वयन गराउन नगरविकास, नगरपालिका, प्रहरी प्रशासन र अदालत आफै असफल भयो । गुण्डागर्दीको भरमा जे पनि गर्न सकिन्छ भन्ने मानसिकताका कारण यस्ता कैयन् मानिसहरूले मानसिक यातंना भोग्नु परिरहेको छ ।

विधिको शासन स्थापना हुन नसकेका कारण अराजकता वढ्दै गएको छ । यस्तो अवस्थामा विभिन्न जाली फटाहाहरूले फाइदा लिन खोज्नु स्वभाविक पनि हो । आफूलाई प्राकृतिक चिकित्सक भन्ने सूर्यवहादुर कार्की नामका व्यक्तिले समेत ऋषिकुमारलाई मानसिक यातना दिइरहेको उनका छिमेकीहरू वताउँछन् । झण्डै ८० वर्षको उमेर पुग्न लागेका सेवानिवृत्त ले.ज. ऋषिकुमार पाँडे आज मौनचित्कार गरेर वसेका छन् । राज्यले सम्मान गर्नुपर्ने व्यक्ति मानसिक पीडाले छट्पटाइरहेका छन् । यस्तो अवस्थामा समाजका जिम्मेवार व्यक्तिहरूको दायित्व के हो भन्नेकुरा प्रश्न चिन्हको घेरामा परेको छ ।

न्यायपालिकालाई स्वच्छ ढंगले अघि वढाउँछु भन्ने प्रतिज्ञा गरेर प्रधानन्यायधिश पदमा अनुपराज शर्मा आउनु भएको छ । अदालतको आदेश समेत कार्यान्वयन नहुने यो देशमा उहाँले ऋषिकुमार जस्ता व्यक्तिहरूलाई कसरी इन्साफ दिनुहुन्छ, हामी त्यो हेर्न आतुर छौं ।

□□□



मा. वामदेव गौतम
उपप्रधान तथा गृह मन्त्री

फोन: ४२०००६५
४२११२४८
४२११२२६
४२११२११
फ्याक्स : ९७७-१-४२११२३२

निजी सचिवालय
सिंहदरबार, काठमाडौं

च.नं.- ९८

मिति- २०७२/०३/०३

विषय- **निवेदन पठाइएको ।**

श्री जिल्ला प्रशासन कार्यालय,
विदुर, नुवाकोट ।

काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १७, क्षेत्रपाटी वस्ने ऋषिकुमार पाण्डेले दिएको निवेदन-१ संलग्न छ । विस्तृत व्यहोरा सोही फाइलबाट अवगत गर्नुभई-सम्बन्धित निकायहरुसँग समन्वय गरी निवेदन उपर एक महिना भित्र आवश्यक कारवाही हुन माननीय उपप्रधान तथा गृहमन्त्रीज्यूको निर्देशानुसार अनुरोध छ ।

२०७२।३।३

(गणेशबहादुर अधिकारी)
निजी सचिव



अवकास प्राप्त रथी ऋषिकुमार पाण्डेद्वारा संकलित/लिखित दस्तावेज पाना-१९४ को खामवन्दी फायल थान-१ (एक) ।

बुझाउने:

नामथर:

दर्जा:

कार्यालय:

द.ख.:

मिति: २०७१।०२।२५ गते ।

बुझ्ने:

कार्यालय नेपाल सरकार गृह मन्त्रालय

मिति: २०७१।०२।२५ गते



१. Short Curriculum Vitae.

२. गाईजात्राको कोसेली भ्रष्टाचारको वृत्तान्त

३. अवकाश प्राप्त सैनिक सचिव ऋपिकुमार पाण्डेको संस्मरण (राष्ट्रिय जनमञ्च पाक्षिक पत्रिका)

४. उमेश वहादुर मल्लले रथी ऋपिकुमार पाण्डे (अ.प्रा.) का लागि लेखेको लेख

५. २५/२६ सालमा गरिएको Demolition को Photo

६. उपरथी कुमार फुदुङ्ग (अ.प्रा.) ले ऋपिकुमार पाण्डेको बारेमा लेख्नु भएको लेख

७. वेत्रावतीबाट चीनसम्म बाटो बनाउंदाको अनुभव

८. १९८१ को श्री ५ विरेन्द्रको साथमा फ्रान्समा रहंदाको अनुभव

९. अमेरीकामा War College का Academic Report.

१०. UNIPOM को अनुभव

११. वेलायतको स्टाफ कलेजको कोर्श रिर्पोट

१२. नेपाली सेनाका अधिकृतहरुको २०४५ साल चैत्र ३० गते सम्मको सेवाको विवरण

१३. म.से.मा बढुवा हुंदाको विवरण

१४. वावा कृष्णदासले घर भाडा नदिएको लेख.

१५. राजावाट विभिन्न व्यक्तिहरुले वक्सीस पाएको विवरण

१६. कायरोबाट पठाईएको पोष्ट कार्ड

१७. ववर शम्सेरले दस्तखत गरेर दिएको फोटो

१८. इन्जिनियर कोर्शको फोटो

१९. पार्श्ववती तालिमको अनुभव

२०. इन्जिनिर्स कमाण्डको अनुभव

२१. युवराज गौतमको लेख

२२. सिंहदरवार र पशुपतिनाथका केही तथ्य

२३. अस्पताल वन्दाको वृतान्त

२४. Retirement को वेलाको वृतान्त

२५. पदम ठकुराठीका लेखहरु, भु.पु.प्रहरी महानिरिक्षक डि.वि. लामाले पाएको विन्ती पत्र

२६. २०४५ को भुइचालाको रिर्पोट

२७ राजकुमारी विशमविले दिनु भएको चिठ्ठी र रथी ऋपिकुमार पाण्डे (अ.प्रा.) लाई जग्गामा परेको दुखेसो

२८. डि.वि.लामा संगको अनुभव

२९. श्री ५ विरेन्द्र [illegible] [illegible] अनुभव

अति भयो !

पूर्व प्रहरी महानिरीक्षक एवम् वर्तमान सांसद श्री डी.वी.लामाको वेलावेलामा अन्तरवार्ता, कुराकानी मन्तव्य भावनाहरु विभिन्न पत्र पत्रिकाहरुमा पढन पाउँदा वहाँ दूधले धुएको पवित्रताको मुर्ति सत्यको साक्षात प्रतिरुप आदि आदिको एक मात्र टुक्रा अहिलेको कलियुगमा वाँकी रहेको भान पर्न आयो । अहिलेको पारदर्शी व्यवस्था-प्रजातन्त्रमा सर्वोकृष्ट भनिएको भनि राजनेताहरुवाट मान्यता प्राप्त व्यवस्थामा वहाँले यसै गरी सवैलाई गुमराह पारी पंचायती व्यवस्थामा झै आफ्नो दुनो अझपनि सोझ्याउन दत्त चित्त रहेको प्रस्ट झल्कन्छ । वहाँको तथाकथित पोल्त ओठे भक्ति -नाटकमा निपूर्णता र चटक पूर्ण निष्पक्षता र कलात्मक व्याख्याकार वाट प्रभावित भई सम्पूर्ण जीवन नै राजनैतिक गर्ने राजनेताहरु झुक्किनु भयो भने प्रजातंत्रको उपहास हुन्छ - जनआन्दोलनको अपमान हुनेछ रऔचित्यता रहने छैन - सत्यतथ्यको हत्या हुनेछ । हाम्रा राजनेताहरुले वहाँको पूर्व कृयाकलाप एवं षडयन्त्र तथा शहीदहरुको रगतलाई संझनु पर्‍यो । यसो भएन भने कालान्तरमा वहाँहरु पंगु वा नपुंसक कहलिने छन र भविष्यमा इतिहासले वहाँहरु कसैलाई पनि माफ गर्ने छैन । वहाँले व्यक्त गर्नु भएका वुँदागत प्रश्नहरुमा वहाँले एक एक गरी प्रतिउत्तर दिन सक्नु पर्‍यो । यसमा राष्ट्रिय वहस गरी कुकृत्यकारहरुको पर्दाफास गर्दा स्वच्छ व्यक्तिहरुको विकाश र राष्ट्रिय इज्जतमा भित्र र वाहिर नेपालको एउटा स्वच्छ छवि स्थापित गर्नु पर्‍यो ।

१. ३० वर्ष काल रात्री :—

वहाँले पंचायतकाललाई ३० वर्ष कालरात्रीको संज्ञा दिनु भयो । त्यो केही मात्रामा ठिकै भन्नु भएको हो । यदि त्यस्तो नभएको भए वहाँ जस्तो माध्यमिक विद्यालय सम्म नदेखेको व्यक्तिले पढे लेखेको जमातलाई हाक्न सक्ने नेतृत्व गर्न पाउने मौकानै पाउनु हुन्न थियो । सरस्वतीको भक्त माथि असुरको भक्तिदारले नियंत्रण र रजाईकै फल स्वरुप कर्तव्यपथमा लम्किरहेको. राम्रो परम्परालाई अगाडी वढाउन कटिवद्ध तथा स्वर्णिम इतिहास रचन लगनशील प्रहरी अधिकृत तथा जवानहरुको तेजोवध गरी प्रहरीमा एउटा ठूलो झटका दिनु भयो । पुनः राणाकालीन प्रहरी हुंन पुग्यो । नैतिकता रसातलमा गाडीयो -आपस-आपसमा विश्वासको संकट उत्पति भयो । आमाको गर्भवाट जन्मने ठाउँमा वावुका निघ्रा वाट जन्मनेहरुले कल्पना भन्दा निकै माथिको रजाई गरी दिवा स्वप्न पुरा गरेकै परिणती भन्नु अनुपयुक्त होला र ? त्यस्तै त्यस्तैलाई प्रशासनमा मुख्य सचिव, मंत्रीपरिषदमा टपरटुईयाँ वोल्न जान्नेलाई प्रधानमंत्री वनाई दियो भने प्रशासनको के हविगत होला तथा देशको उपहास नहोला र ? वहाँ प्रहरी प्रमुख भएर आएको पहिलो ७ महिना भित्र करीव ३० प्रतिशत प्रहरी अधिकृत तथा जवानहरुले विभिन्न कारणवाट राजीनामा दिएका थिए भने कतिलाई फरेवपूर्ण ढंगवाट अवकाश पनि दिइएको इतिहास छ - प्रमाण त्यस वेलाको कितावखानामा छँदैछ । संसारको कुनै पनि प्रहरी संगठनमा यत्रो विडम्वना पूर्ण काम भएको छैन । वहाँको यस्तो डण्डाले सरस्वतीलाई संचालन गर्ने प्रवृतिलाई, माथिको कडा हस्तक्षेप र निर्देशन पश्चात मात्र गलत मनोवृति रोकिएको थियो । त्यो काल प्रहरीको इतिहासमा आज सम्म कालो अवधि मान्नु पर्दछ ।

२. प्रहरीबाटै आत्महत्या ?

वहाँको कार्यकालमा प्रहरी अधिकृत तथा जवानहरुले आत्महत्या गर्ने लहर नै वनाए, कारण किन ? यो गर्भ को कुरा वुझ्ने आज सम्म प्रयास भएन । कुनै पनि मानिसले आफ्नो वहुमूल्य जीवन किन त्याग्नं ? त्यसै त्याग्दैनन्, त्यसको पछाडी ठूलो राज लुकेको हुन्छ । यस्तो राज उसैले वताउन सक्दछ जसले राजको विजारोपण गरेको हुन्छ । वहाँको कार्यकालमा अधिकांश प्रहरी अधिकृत तथा जवानहरुमा मानसिक - सामाजिक - आर्थिक र शारिरिक यातनाकै फलस्वरुप योग्य-लायक-ईमान्दार-वफादार- तालिमप्राप्त सिराहाको डि.एस.पी. गोपाल राज पाठक लगायत असइ. हे.क. र कन्सटेवलहरुले आ-आफ्नै कार्यालयमा कार्यालयकै हतियारले मारिनु वा झुण्डीनुको कारण के पर्‍यो ? वहाँले आफ्नो अहिलेको पदिय दायीत्व वहन गरी यस्को खुलस्त गर्नु पर्‍यो । जसवाट संसदीय प्रणालीको गरिमा वढाउन सहयोग गर्नु पर्‍यो । के वहाँ यसो गर्न सक्नु होला ?

३. मेरो फादरलाई मैले पक्रेर ल्याए :-

किन र के को लागी ? यसै वाट सवैलाई भ्रममा पारि जुनसुकै व्यवस्था आए पनि भजाएर खाने ? पंचायतमा पनि यसवाट वहाँले खुव भजाएर खानु भयो । २०२२ साल असोजमा दशैको वेला अष्टमीको रात्रिमा वहाँले तत्कालीन पूर्व आई.जी.पी.को वारेमा रक्सीमा उन्मत्त भई के-के फलाक्नु भएको थियो । वहाँलाई याद छ की ? वहाँ ट्राफिकमा इन्सपेक्टर हुनु हुन्थ्यो । त्यसवेला नयाँ प्रहरी व्यवस्था अनुरुप ८/९ डी.एस.पी. को ठाउँ खाली रहेको हुँदा वढुवामा नपर्ने भन्ने सुन्ना साथ आफुले गरेको विभिन्न कुरा गर्नु वहाँको विश्वसनीयतामा शंका गर्ने ठाउँ रहने र पढेलेखेको लाई प्राथमिकता दिने नीति अनुरुप वहाँले मौका नपाउने भान हुनासाथ यही कुरालाई दोहर्‍याई तेहर्‍याई फायदालिएको होईन र यस्तै प्रत्येक वढुवामा भ्रम पारिएको थिएन र ? फादरले कुन ठूलो अपराध गरेको थियो र ? वास्तवमा वहाँमा स्वार्थ लिप्सा थियो । वावु प्रति रिस साध्ने प्रतिसोधात्मक तुक्ष भावना थियो । यसवाट वहाँले एक तिर दुई शिकार गर्न नचुकेको मात्र हो । यसवाट वहाँ आफ्नै वावुको त हुन सक्नु भएन भने वहाँ अरु कसको हुन सक्नु हुन्छ ? छोराको धर्मलाई त वहाँले कर्तव्यपालन को आड लिई निभाउन सक्नु भएन-यसलाई भजाएर खाने एउटा हतियार वनाउनु भयो र अहिले पनि भजाउने प्रयत्नरतमा हुनु हुन्छ । त्यस्तै वहाँ न असल लोग्ने वन्न सक्नु भयो न असल वावु । किनकी धर्म पत्नी छँदा छँदै वहुपत्नी ल्याउनु र सन्तानहरुमाथि सौतेनी आमाको वोझ थप्नु । यस सम्वन्धमा वहाँले वहादुरी देखाउनु भन्दा यथार्थता र धर्मलाई निर्वाह गर्नु पर्ने जुन सुकै धर्म र समाजमा पनि होईन र ? वावु -आमा - स्वास्नी र सन्तान प्रतिको कर्तव्य कहाँ छ ?

४. राजालाई सिंहासनमा ल्याएर राख्ने व्यक्ति मध्येको म पनि एउटा हुँ :-

२००७ सालको कुरा उठाई कसैले तपाई नभने पनि आफै मपाईको ज्वलन्त उदाहरण प्रस्तुत गर्नु भयो । त्यसवेला झडप समाप्त भए पछि वहाँ वर्मावाट भरखर नेपाल झर्नु भएको थियो । त्यस वेला एक सिपाही मात्र हुनु हुन्थ्यो । वहाँले जस्तै सवैले अवश्य भन्न सक्नेछन् - यसमा कस्तो गर्व गर्न उचित हुन्छ ? वहाँले कुन कुन फ्रन्टमा लडनु भयो ? मातृका वावु प्रधान मंत्री रहनु हुँदा वहाँ अगुवा मोटर साइकल चालक सिपाही मात्र भई मातृकावावुको कृपावाट हे.क. र पूर्व आइ.जी.पी. गोपाल

शम्सेरको वडीगार्ड भएको हुँदा वहाँको निगाहवाट अ.स.इ, स.इ. भई यस्तै प्रकृयावाट वढुवा हुँदै जानु भएको होइन र ? के राजालाई सिंहासनमा विराजमान गराउने कर्तव्य निष्ठ कहलाउन रुचाउनेले आ-आफ्ना अग्रजहरु प्रति कस्तो कस्तो कार्य गर्नु भएको व्यवहार यादछ ?

५. तह नाघ्ने प्रवृत्ति :-

एउटा इन्सपेक्टरलाई गृहमन्त्रीले सोझै सम्पर्क गर्नु र गृहमन्त्रीवाट निर्देशन दिनु र वहाँले लिनु तथा आई जी.पी. लाई एकातिर पन्छयाउने प्रवृति वहाँको शुरुदेखिको जन्मसिद्ध वानी व्यहोरा रहेको यसैवाट वोध हुन्छ । वहाँ आफै चेन-अफ-कमाण्डको अनुशासन तोड्ने पोख्त रहेको यसै भनाईवाट प्रमाणित गर्दैन र ? यसै अनुरुप विभागको कुनै सिफारीस वेगरनै तत्कालीन प्रधान मन्त्री डा. तुलसी गिरीले विपेश प्रहरी विभागमा मेची अंचल एस.पी.वाट का.मु.डी. आई.जी.पी. मा ल्याएको होईन र ? डी.आई.जी.पी. को फुल्ली लगाउन मेरो अफिसमा कपडा वदली आई.जी.पी. कहाँ २०३२ सालमा गएको होइन र ? त्यसवेला वहाँको स्थिति कस्तो थियो याद होला वहाँलाई ? विपेश प्रहरी विभागवाट नेपाल प्रहरीमा पुनः आउन डी.डी. शर्मा काण्डमा पडयन्त्र मुलक ढंगवाट मध्यक्षेत्रको डी.आई.जी.पी. श्री पदम वहादुर मानन्धरलाई सेवावाट हटाई सो स्थानमा आउने र ल्याउने योजनाकारमा डा. गिरी लगायत को को थिए ? यस्तो अवस्थामा डा. तुलसी गिरी र दुराचारी समूहलाई नसंझेको देख्दा अलि पीडा उनिहरुलाई भएको होला । यस्तो तह नघाईमा वहाँ पोख्त हुनुहुन्छ र हुनुहुन्थ्यो । यो व्यवहार र ट्रीक वहाँले हरेक पदमा गर्नु भएन र ? तर वहाँको भाग्य ठूलो - सवैले मान्नु पर्दछ । तह नाघनेमा वहाँलाई महारथी प्राप्त छ ।

६. भिमसेन थापा जस्तै यातना दिइयो :-

वहाँले आफुलाई अमानवीय ढंगले यातना दिइयो भन्नु र आफुलाई भीमसेन थापा संग दाज्नु सरासर राष्ट्रिय विभूति प्रति घोर अपमान गर्ने धृष्टता गर्नु हो । आफुलाई चोट पुग्नासाथ अर्ध चेतन भई मौजमस्ती गरेको तुलनामा क्षत विक्षतको नाटक गर्नु कहाँ सम्म सुहाउने कुरा हो ? वहाँले आफ्नो पदको दुरुपयोग गरी आचरण विरुद्ध पत्रकार श्री देवेन्द्र गौतम, श्री पदम भक्त खरेल र साप्ताहिकमंचको कार्यालयमा आफ्ना मातहतका महिला प्रहरी पठाई तोडफोड र श्री पदम ठकुराठी र श्री वैकुण्ठ प्रधानलाई दिएको यातना संझना होला कि ? विभाग भित्र आफ्नो गुटमा नआउने, आफ्नो प्रसस्ती नगर्ने, कानून अनुरुप विभागलाई नै सर्वोपरी ठान्ने, आफ्नो अन्ध भक्त नहुने तथा विभागीय काममा लिप्त हुने प्रति आफ्नो व्यवहार संझनु भएको छ ? आफुलाई नै सम्पूर्ण विभाग ठान्ने प्रवृतिले नै वर्तमान प्रहरी नायव महानिरीक्षक श्री भूवन चन भट्ट, प्र.नी. श्री केशव खरेल र श्री वावुकृष्ण विष्ट (सो वेला वहाँको कृपाले अवकाश) पूर्व डी.एस.पी. श्री खड्ग प्रसाद गिरी, पूर्व प्र.नी. श्री पृथ्वीराज शम्सेर जवरा, पूर्व एस.एस.पी. श्री नरेन्द्र राज शर्मा र पूर्व प्र.नी, श्री प्रेमचन प्रधान लगायत धेरैलाई मानसिक र शारिरिक यातना दिएको संझना छ कि छैन ? श्री केशव खरेल र श्री वावु कृष्ण विष्टलाई शान्ति सुरक्षामा अनावश्यक थुनाएको यादै होला । तत्कालीन अंचलाधीश श्री विष्णु प्रताप शाह संग मिलोमतो गरी म लगायत माथिका सम्पूर्ण परिवारका वाल वच्चामा दहशत सृजना गरी लालावालाको पढाईमा समेत वज्रपात गरेको संझना छ की छैन ? यस वारे सवैका परिवारहरु संग वुझे प्रस्ट हुनेछ । मलाई नै के के अभियोग लगाई थुन्ने प्रपंच रचियो ? प्रसस्तको नोकरी खाएर नपुगी घर घरमा जासुस

राखी प्रहरी तैनाथ गर्नु वहाँको नैतिकता को परिचय दिएन र ? यस षडयन्त्रपूर्ण काममा श्री विष्णु प्रताप शाह पनि संलग्न भई नेपालीलाई नेपाली भई वाच्न नदिने तथा आफ्नो कार्यक्षेत्र भन्दा वाहिर राख्ने मतियार हुनु हुन थिएन भनि भन्न सक्नु हुन्छ ? मेरी श्रीमतीलाई २०३९ साल पुस १९ गते को राति फोन गरी, मेरो टाउको काटी २४ घण्टा भित्र पुगाई दिन्छु भन्नु हुने पनि वहाँनै होईन र ? भाडाका टट्टुहरु पठाई वाटो घाटोमा लालावालालाईत्रसित पारिराख्ने घृणित काम कसको थियो ? यत्रो यातना सहने कुनै पनि व्यक्तिले राष्ट्रिय विभूति संग आफुलाई तुलना गर्ने धृष्टता गरेन तर स्वअध्ययनी-इतिहासको ज्ञाता भन्ने भान पार्न खोज्नु वहाँको वुद्धिको पराकाष्टा होइन र ? के यस्तै घृणित स्तर हिन काम भिमसेन थापाले गर्नु भएको थियो ? वहाँकै यातनाको परिणाम स्वरुप पूर्व प्र.नी. श्री प्रेमचन प्रधान जसले २००७ सालको क्रान्तीमा विराटनगरको शसस्त्र आक्रमणमा अग्रणी भूमिका निभाए । उसको छोरा आज पागल भएको छ । वहाँ विराटनगरमा डी. आई.जी.पी. छँदा प्रेमचन संग रिस साध्न उ छुट्टीमा आएको अवस्थामा पक्री लगी रातको १२ वजे दुहवीको पुलमुनी राईफल तेर्साई मार्ने धम्की कै परिणाम स्वरुप प्रेमचनको छोरालाई सोही वेला देखि पागलपनले छोयो र पछि विचारा पागल नै भयो ।

७. राणाहरुले नै हुकुम गरेका थिए :-

वहाँले आफुमा शिक्षा नरहेको सकार्नु भयो । संस्कारमा पनि राणाहरुकै हुकुम अनुसार पीपा र दाउरा वोक्ने रहेको वताउनु भयो । दिक्षाको हकमा वहाँले २०२१ सालमा विशेष प्रहरी अधिकृतको पाँचौं समूहमा कनिकुथी उतिर्ण हुनु भएको भन्दा कुनै पनि उच्च स्तरीय तालिम नै गर्नु नभएको रिकर्ड नै छ । यदी होइन भने वहाँले प्रमाणहरु पत्रिका मार्फत पेश गर्नु सक्नु हुन्छ ? मानिसले एउटा व्यवहारीक मानिस कहलाउन शिक्षा, दिक्षा र संस्कार हुनुपर्नेमा वहाँमा यसको लेसमात्र नरहेको हुँदा वहाँले प्रहरी विभागलाई स्वेच्छाचारी ढंगवाट परिचालन गर्न अनुशासनको आडमा हिटलरी प्रवृत्तिको अँगिकार गरी सवैलाई भ्रममा पारी इदी अमीनको पदचिन्हमा चल्नु भएन भनि वहाँले भन्न सक्नु हुन्छ ? आई.जी.पी. को सिधा सम्पर्क राजा र राजदरवारमा छ भनि प्रधानमन्त्री, मन्त्रीहरु र सवै उच्च पदस्त अधिकारीहरुलाई उपेक्षा गरेको थिएन भनि वहाँ भन्न सक्नु हुन्छ ? प्रहरी विभागमा भ्रष्टचारलाई संस्थागत गरी अकुत सम्पती जोड्नु भएन र ? वहाँले यत्रो सम्पती कसरी र कुन आयश्रोत वाट जोडनु भयो ? २०२२ साल सम्म केही नहुनेको २०२२ साल मार्गमा सदर ट्राफिकमा का.मु.डी.एस.पी. भए पश्चात करोडौंको जाय जेथा सुनका पासाहरु जोडी नेपालको १०१ धनी मध्येमा २०४३ साल सम्ममा पुग्नु कुन सुनखानी फेला पार्नु भयो ? यसको जड के हो ? अर्थविदहरुलाई वताउने आँट गर्नु पर्‍यो । जसवाट अर्थविदहरुले पनि सोही वाटो अवलम्वन गरी नेपाल र नेपालीको उत्थान गर्ने दिशामा राष्ट्रिय नीति तर्जुमा गर्न सहयोग पुग्ने थियो ।

२०४४ साल आषाड १७ गते वुधवार वहाँको घर खानतलासीको वेलामा फेला परेको सामान तथा रकम भन्दा अहिले असंख्य गुणा आउने श्रोत के ?

……

राजालाई विष्णुको अवतार मान्ने तर राजाकै शासनकाललाई ३० वर्ष कालरात्री भन्नु ईश्वरको अपमान र राजा प्रति कुटील चाल होइन र ? २०४४ सालमा राजाकै कार्यकालमा भुतमा हुनै नसकेको भ्रष्टाचार अपरेशनलाई भविष्यको इतिहासले अंगाल्ने छ र सो ले विशिष्ट स्थान ओगटने छ । अहिले

त्यो भन्दा ठूलो अपरेशनको माग राष्ट्रको हरेक कुना काप्चा र तप्कावाट भई रहेको छ। भविष्यमा यदि भयो भने वहाँले के जवाफ दिने ? महालेखा परिक्षकको विभागको वार्पिक प्रतिवेदनलाई कागजी खोस्टा भन्ने वहाँको जस्तो प्रवृत्ति अहिले पनि कहाँ हराएको छ र !

८. ज्ञान र मेहनतले आई.जी.पी. सम्म पुऱ्याएको :-

आफ्नो सफलता मेहनत र अध्ययनशील नै हो तथा डी.आई.जी.पी. सम्म शिक्षक राखेर अध्ययन गर्दथें भन्नु भयो। वहाँको शिक्षक आफ्नै मातहतको तत्कालीन स.इ. श्री जीतवहादुर राई हुन, यसमा कुनै शङ्का छैन। उनले डी.आई.जी.पी. भए पछि पढाउने काम गरकै हुन्। यसमा आफ्ना मातहतकालाई शोषण गर्ने प्रवृतिको यथेष्ट भनक पाइन्छ। वहाँ डी.आई.जी.पी. पदमा पुग्न कस्को फेद समात्न पुग्नु भएको थियो त्यो अगाडीनै प्रप्ट भईसकेको छ। वहाँले मेहनत र अध्ययन भन्नु भयो। मेहनती दुई प्रकारको हुन्छ एउटा चाकरी गर्नमा पोख्त हुनु र दोश्रो स्वाकभिमान साथ मेहनती हुनु वहां अव कुनमा पर्नु हुन्छ पाठक वर्गले नै वुझ्नुस्। अध्ययनशील त सवंधा स्वाभिमानी नै हुन्छ त्यो वहां कति हुनुहुन्छ सवैले अनुमान गरौं। वहाँलाई आई.जी.पी. वनाउन षडयन्त्रमूलक रचना गर्ने रचनाकारहरुले वहाँवाट आफ्नो दुनो सोझ्याउन सकिने, स्वार्थ पुर्ति गर्न हरेक दवाव दिन सकिने सोची दरवार भित्र र वाहिरकाहरुले प्रसस्त कसरत गरकै हुन्/जसको जगर्चाही डा. तुलसी गिरीले हालेको कुरामाथि नै भनि सकेको छु। यदि यस्तो नहुँदो हो त पढेलेखेका दुई दुई डी.आई.जी.पी. लाई पन्छयाउनु पर्ने थिएन। ती दुवै डी.आई.जी.पी.हरुवाट दुराचारीले फाइदा लिन नसक्ने भएर नै राजा र अधिराजकुमार धिरेन्द्र सम्मुख Sugercoted tablet रुपी सुझाव पेश गरे। फल स्वरुप वहाँ आई.जी.पी. त हुनु भयो परिणाम राम्रो नआए पछि ती दुराचारीहरु र वहाँको जन्मसिद्ध वानी अनुसार "माछा देख्यो दुलोमा हात, भ्यागुता देख्यो पाखामा हात"भन्ने उखान चरितार्थ भएन र ?

९. राष्ट्रिय अनुसंधान विभाग यस्तो संस्था छैन :-

यो विभाग अति आवश्यक्ता महसुस गरी २०१६ सालतिर स्थापना गरेको लाग्दछ। यो संवेदनशील र आवश्यक अंगको वारेमा टिकाटिप्पणी गर्नु वहाँलाई नसुहाउने कुरा हो। यस्तो मर्यादित संस्थालाई साधन र श्रोत सम्पन्न वनाई यसको गरिमा अगाडी वढाउँदै लैजानु पर्ने हो। त्यंहाकाहरुलाई तथ्यपूर्ण र वहुमूल्य सुझाव दिई हौसला वढांउनु पर्नेमा सांसद जस्तो भईसकेर पनि पत्रिकामा प्रचारको रुपमा खारेज गर्नु पर्दछ भन्नु भयो। यो त उखान अनुसार "खोला तऱ्यो लौरो विर्स्यो " भयो। वहाँको यस्तो अभिव्यक्ति सो विभाग प्रतिको पूर्वाग्रही नजरीया मात्र हो। यदि यसलाई यस्तो स्थितिमा पुगाएको छ भने गृहमन्त्री लगायत सत्ताधारीले विचार गर्नु पऱ्यो। विचारमा विशाल परिवर्तन ल्याउनु पऱ्यो !

यसैमा वहाँले एउटा हरप मार्मिक भन्नु भयो "जनताको जीउ धनको सुरक्षा"। वहाँ प्रहरी प्रमुख भई सक्नु भएकोले प्रहरीको ५ वटा मुख्य कांम हुन्छ भन्ने ज्ञात हुनु पर्ने हो। ती हुन् (१) जनताको जीउ धनको सुरक्षा गर्नु (२) अपराधको रोकथाम र अनुसंधान (३) प्रचलित कानूनको पालना गर्नु गराउनु। (४) अपराधीलाई सम्मानित अदालत समक्ष पेश गर्नु र (५) असहाय र अशक्तहरुलाई मदत गर्नु। यसै भएरनै नेपाल प्रहरीमा आदर्शवाक्य "सत्य सेवा सुरक्षणम्" राखिएको हो। आफनो कार्यकालमा वा नोकरीको पुरा अवधिभरमा पनि यसलाई अक्षरस : मात्र होइन कति प्रतिशत पुरा गर्नु

भयों ? मेहनत, ईमान्दारी सेवा प्रतिको भावना राम्रो ज्ञान हासील गरेको आदि आदि ठुलठुला आदर्शका कुरा गर्नु भयो । के वहाँले प्रहरीको मुल मन्त्र, कर्तव्य थनुसार र आध्यात्मिक रुपले छवि वढाउने काम वहाँको कार्यकालमा काम भएको छ भनि छातीमा हात राखी भन्न सक्नु हुन्छ ?

(१०) जतिखेर मानिस आपतमा पर्छ त्यतिबेला पुरानो घर खोज्दछ एंव नेपाली कांग्रेस मेरो मातृ संस्था हो ।

उक्त कुरा आज वहाँ धरहराको टुप्पोमा वसी समस्त नेपालमा डंका पिट्न खोजी रहनु भएको छ । यो वहांको औसरवादीता को एउटा नमूना मात्र प्रस्तुत भएको वुझ्नु पर्दछ । यदि यस्तो होइन भने वहाँले कांग्रेस लगायत सवै पार्टी र प्रत्येक नेपालीलाई निम्नकुराको प्रस्ट र खुल्लस्त छलकपट वेगर जानकारी दिनुपर्‍यो ।

(१) नेपाली कांग्रेसमा समर्पित होनहार सपुत शहीद खगेन्द्र दाहाल, लीलानाथ दाहाल, ठगी राज दहाल र गोकर्ण वहादुर कार्की यी ४ जना के परिवन्दवाट कसको योजनाअनुसार तथा कसको नेतृत्वमा २०३१ साल असौज १३ गतेको राती नख्खुको फाँटमा शहीद हुन पुगे । अदालत वाट यीनिहरुलाई जेलको सजाय भएको तथा सोही अनुसार भोगी रहेका थिए । त्यस वेला तपाई वागमती अंचलको एस.पी हुनु हुन्थ्यो होइन र ?

२. कामरेड सूर्यनाथ रानालाई कसरी कहाँ र कसले गर्दा मर्नु पर्‍यो ? यसको नेतृत्वकार र योजनाकार को थियो ? त्यसवेला तपाई प्रहरी प्रमुख हुनु हुन्थ्यो ।

३. २०४२ सालमा काठमाडौंमा विभिन्न ठाउँमा वम पड्कियो । २०१६ सालमा कांग्रेसको मन्त्रीमण्डलमा स्वास्थ्य सहायक मंत्री रहेका नरेन्द्र झाका सुपुत्र कांग्रेसी भन्न रुचाउने डा. लक्ष्मी नारायण झा र सप्तरीको साकेत मिश्र लगायतलाई तपाई कै निर्देशन अनुसार काठमाडौं ल्याएर कहाँ गायव गर्नु भयो ? उनीहरु कसैको आजसम्म पत्ता छैन त्यस वेला तपाई प्रहरी प्रमुख हुन हुन्थ्यो ।

४. आफु प्रहरी प्रमुख हुनु भएको वेला कुन कुन कांग्रेस र अरुलाई झूटो प्रतिवेदन पार्न लगाई कस कसलाई के के सजाय दिलाउनु भयो वा अंगभंग गर्नु भयो ?

कांग्रेसी भए कै नाताले वा मानवताको नाताले आत्म आलोचना गरी प्रायश्चित स्वरुप अर्को जन्ममा सतकर्म गर्ने सती वीउको रुपमा अँगिकार गरी अनुराग र द्वेप नराखि भन्नु पर्‍यो ।

११. सतीको सराप परेको देशमा साँचो गरेका मान्छेको कहिल्यै भलो हुँदैन :-

वहाँ जेल जानु-६ वर्प जेल वसी वाहिर आउनु भएको पनि ठीक हो । अति गर्नु अत्याचार नगर्नु भन्नु भएको पनि शतप्रतिशत सही हो । वहाँले अतिमात्र होईन अत्याचार पनि गर्नु भएको कुरा वुंदा

वुंदामा प्रस्टयाई सकेको छु । वहाँले जस्तो वीउ रोप्नु भएको थियो त्यसैको परिणाम पनि भोग्नु भएको हो । कानून वनाउने प्रकृया अनुसार वनेकै कानूनको आधारमा वहाँ सजायको भागी हुनु भएको हो । कानूनी दाउ पेचवाट कानून व्यवसायीहरुले वहाँलाई छुटकारा दिलाएपनि भ्रष्टाचार गरेकोमा पाटन पुनरावेदन अदालतवाट वहाँलाई ५ वर्ष को सजाय र विगो भराउने र जरीवाना तथा वहाँकी कान्छी श्रीमतीलाई जेल सजाय र विगो र विगोवमोजिम जरीवाना गर्ने निर्णय भएको होइन र ? जेल सजाय पुगेकै हुनाले नै वहाँहरु छुटनु भएको हो । पुनरावेदन अदालतको निर्णय विरुद्धमा दुवै पक्ष सर्वोच्च अदालत गुहार्न पुगेको भन्न मिल्दैन र ? सतीको सराप अनुसार नै श्री ५ को सरकारले वहाँको मुद्दा नै फिर्ता लिएको फल स्वरुप वहाँलाई फायदा पुगेको हो । वहाँले शतप्रतिशत ठीक भनेकै हो । खराव काम गर्नेहरुको नै फलिफाप हुन्छ । जसको जीउँदो नमूना वहाँ खुद आफै हुनु हुन्छ । यसैको आधारमा वहाँ कुर्लनु एकदम ठीक हो । चुनावमा जीत त भयो तर कसरी ? जसरी जीते पनि जीत जीत नै हो त्यसैले वहाँले व्यक्त गर्नु भएको कथनमा वहाँ धन्यवादको पात्र हुनु हुन्छ ।

१२. गृह मन्त्री भएमा :-

वहाँलाई गृह मन्त्री वनाईयो भने २ ४महिनामा माओवादी समस्या समाधान हुन्छ । यस्तो सजिलो संग समाधान हुने समस्यामा यत्रो माथापच्ची किन ? कांग्रेसमा समर्पण रहेका वुद्धिजीवीहरुमा क्षमता नै रहेनछ त्यसैले वहाँले टिकट पाउनु भएको हो वल्ल वुभ्न मा आयो । मान्छे मारेर मान्छेको विचार मार्न सकिदैन यो कुरा वहाँ प्रहरी प्रमुख छँदा वुद्धि आएको भए कस्तो राम्रो हुने थियो । पंचायत कालमा आफू अवकास हुनु भन्दा अगाडी नै वहाँले एक हातमा अवकास पत्र अर्को हातमा वाणिज्यदूत वा राजदूतको वहाली पत्र लिन्छु भन्नु भयो । त्यसो भएन भने नुवाकोटवाट रा.पं.स. भई पैसाको जोडमा गृह मंत्री पक्का त्यसपछि प्रधान मन्त्री हुने सम्म वहाँले स्वघोषित योजना नवनाएको पनि कहाँ हो र ? वहाँले त नया जंग वहादुर कुँवर नै हुने परिकल्पना गर्नुपनि त भएको हो । यही सवको लागी वहाँले दाँया वाँया नहेरी अगाडी वढनु भएको भन्नुमा कुनै अनुचित होला र ? वहाँको सम्पतीको तुलनामा वहाँ भन्दा अगाडीका आई.जी.पी. हरुको पनि त हुनु पर्ने होइन र ? डी.आई.जी.पी. र आई.जी.पी .को तलव र भत्तामा वढीमा रु. १०००।- मासिकले मात्र फरक हुन्छ तर डी.आई.जी.पी.हरुको किन भएन ? मान्छे मारेर विचार नमर्ने अहिलेको वुभ्नेले पिस्कर छिन्ताङ्ग लगायतमा वुभेको भए कति राम्रो हुन्थ्यो । सदवुद्धि कँही जंगलमा चर्न वा दाउरा विछन गएको थियो कि ?

वहाँले केही महिना अगाडी आफ्नो र माओवादी संग भेटघाट भई रहन्छ भन्नु भएको थियो । यदि त्यो सत्यहो भने आफ्नै पार्टीको एकल सरकारलाई यथेष्ट सहयोग गरी समस्या समाधान गर्नमा सहयोग गर्नु पर्नेमा स्वार्थले लिप्त भई तीन महिनाको अवधि राखी गृहमन्त्री हुन एउटा षडयन्त्रको रचना गर्नु भएको त होइन र ? यसमा कांग्रेसका नेतृत्ववर्गले गम्भीरताका साथ लिनु पर्ने होइन र ?

१३. आफ्नो ३७ वर्षको केरियर :-

वहाँले ३७ वर्ष केरियर भन्नु भयो यथार्थमा यो हुँदै होईन २००७ साल देखी २०४३ साल जेष्ठ मसान्त सम्मलाई लिने हो भने पनि ३५ वर्ष ३ महिना हुन्छ । यस्तोमा पनि मिथ्या कुरागरी सवैलाई झुक्याउने चाल चल्नु कति उपयुक्त हुन्छ ?

प्रहरी क्षेत्रमा राम्रोज्ञान हासिल छ भन्नु भयो । वहाँको ज्ञान प्रहरी विरुद्धनै वहाँ प्रहरी भई के के कुन कुन षडयन्त्रपूर्ण कार्यमा पोख्त र ज्ञाता हुनु भयो ? उहाँको कार्यकालमा नयाँनयाँ तरीका को अपराधिक कृयाकलाप को सुत्रपात भएन ? ईलाममा भन्सार अधिकृत, भन्सार गार्डवाट कार्यालयकै टेवुलमा मारिनु, गुल्मी जिल्लामा सर्वप्रथम वैंक डकैती हुनु, डाँका द्वारा लुम्विनी अंचलको चौकीमा विहान आक्रमण हुनु, त्यहाँको हे.क. र क. मारिनु, पर्यटक अस्ट्रेलियन नागरिक सोही अंचलका महेन्द्र राजमार्गमा मारिनु जसवाट अन्तर्राष्ट्रिय क्षेत्रमा पर्यटन व्यवसायमा असर पर्नु, विराटनगरको कारागारमा तैनाथ प्रहरीले आफ्नो भाईलाई मार्नु, जनकपुर अंचल प्रहरी प्रमुख विरुद्ध नभएका कुरालाई नै भए पनि वढाइ चढाई आफ्नो क्षेत्र संग जोडिएको तततत ठाउँमा पर्चावाजी आफ्नै सक्रियतामा गराउनु, आफ्ना हाकिमहरु विरुद्ध संचार माध्यम वाट गलत सूचना प्रवाह गरी जनमानसमा घृणा र द्वेष सृजना गर्न प्रयत्नरत हुनु । वहाँलाई कसैले किन वलीको वोका वनाउने ? त्यो त वहाँले अरुलाई गाड्न खाल्डो खन्नु भएको थियो, तर वहाँ आफै पर्नु भयो । त्यो सवै इश्वरीय लीला मात्र हो । यही हो वहाँको अनुभव, यही हो वहाँको कार्यदक्षता नीति । यसमा कोही झुक्कीनु हुन्न र जालमा पर्नु हुन्न ।

आफ्नो ल्याकत, योग्यता र क्षमता भन्दा वढी अति महत्वाकांक्षीहरुको पतन वडो दयनीय पूर्ण ढंगवाट भएको इतिहास साक्षी छ । कसैले अरुलाई तर्साउन र डस्न लगाउन को लागि विषालु सर्पलाई घरमा दुलो वनाई पाल्छ भने त्यसले घरकैलाई डस्दैन भनि कसैले ठोकुवा गर्न सक्दैन : नीतिशास्त्र अनुसार अनपढ घनिष्ट मित्र भन्दा विद्वान शत्रु वेलामा धेरै उपयोगी हुन्छ । वांदरको हातमा तलवार दिएर आफ्नो रक्षा हुन्छ भनि सुत्नेले काल निम्ताउनु सरह हुन जान्छ । त्यसैले असल परिणाम प्राप्त गर्न असल काम गर्नु पर्दछ । असल वीउले मात्र असल उत्पादन दिन्छ । त्यो वहाँले वुझ्नु भएको भए नराम्रो संग पोखिनु पर्ने थिएन । संसारमा महत्वाकांक्षीको अन्त हिटलर, इदिअमीन, वोसाका, मुसलिनी आदि आदि रुपले हुन्छ ।

वहाँको भनाई पढन पाए पछि मलाई हिन्दी कहावत "सौ चुहा खाके विल्ली चली हज को" याद आयो । जो .... उसैको ठूलो स्वर जस्तो पनि लाग्यो । के सँधै "चोरले चौतारा र साधुलाई सुली" हुनवाट वचाउने आँट कसैमा नहोला र ? यस्तो भएन भने यो त अति नै भयो ।

म कसै संग पूर्वाग्रही छुईन एउटा सानो ऐनामात्र देखाएको छु । यसका सवुतहरु तत् तत स्थानहरुमा पाउन सकिन्छ । कँही डोरीनु पर्‍यो भने तैयार पनि छु ।

द्वारिका बहादुर श्रेष्ठ
विराटनगर-१२

म I.M.A डेरादुनमा Cadet (GC) भएर २००९ देखि २०११ सालसम्म पढ्दा हामीलाई सजाय दिंदा Indian Army Act 1950 थियो । र म अहिलेसम्म सम्झिन्छु कि Indian Army Act को Section 63 ले कुनै अरु Act ले सजाय दिन नसक्ने खण्डमा यो एउटा Section ले दिन सक्नेछ भन्ने छ । यसरी हाम्रो दुईवर्षको सिक्लाईमा हामीहरुलाई कानून सम्वन्धि पढाइन्थ्यो र सिकाइन्थ्यो । Exam पनि लिइन्थ्यो । हाम्रो कितावहरु Indian Army Act 1950 Manuel या Military law (करिव १०० पेजको) kings Regulation इत्यादि कानुनको कितावहरु अध्ययन गर्नु पर्दथ्यो । यसको अलावा British Army को Documentary films देखाउदथ्यो । जसले व्रिटिस आमाहरुले आफ्नो पल्टनहरुमा court of Enquary गर्दछ । Summary court वस्दा को को अफिसर कहाँ कहाँ वस्नी र अभियुक्त व्यक्तिलाई कसरी सङ्गीन जोडी सिपाहिले भित्र ल्याउछ र कस्तो प्रश्न सोध्ने भन्नेबारे पढाई हुन्थ्यो । Exam हुन्थ्यो र म Law सम्वन्धी धेरै ध्यान दिएर Result पनि राम्रो हासिल गरे । यस्तै किसिमले म पछि नेपाली सेनाको कप्तान भएको वेलामा (करिव १६ साल) तिरको कुरो हो । मलाई Army H.Q. मा P.S (org) मा कप्तान सिंह प्रताप शाहले मलाई बोलाई मद्दत माग्नु भयो । उहाँलाई Nepal Army मा पहिला Law लागु गर्नु पर्‍यो भनेर म उहाँलाई मद्दत गर्नको लागि देहरादुनवाट ल्याएको Indian Army Act ल्याएको थिए । म उहाँलाई सम्झाई दिए र किताव पनि छाडे । पछि Indian Army Act 1950 को हाम्रो सैनिक ऐन वन्यो । र पछि १ दिन कुनै विवाहमा मेरो तत्कालिन श्री प्रधान न्यायाधिश केदार नाथ उपाध्याय संग भेट भयो । उहाँले मलाई भन्नु भयो कि कानुन सम्वन्धि कुराकानी हुंदा उहाँले मैले पनि कानुन गर्दा पहिला ११/१२ साल तिर नै यो Manual या Military विध विषय लिई गरेको छु । पछि नेपालको आर्मिमा प्राथ विभाग (LawBranch) International Law गरेको हो । योग्य खरो सार सम्म पुगि म काम गरि रिटायर्ड हुनुभयो उहांपछि आर्मिका Law Branch को हेड भई काम गरि रिटायर्ड हुन मेजर जर्नल] B.L.Sharma र मेजर जर्नल अर्याल हुनुभको र हाल Legal Branch को Head हुनुहुन्छ उ र लिम्बु । र फिल्ड कम्पनीमा २०१९ साल तिनर FM अयुब खान पाकिस्तानको राष्ट्रपतिको राष्ट्रिय भवनमा आएको वेलामा स्वागतद्धार हो । तत्कालिन श्री ५ राजा महेन्द्रवाट स्वागत भएको थियो । दुवै राष्ट्राध्यक्षवाट फिल्ड मार्सलको आदान प्रदान गर्ने काम भयो । एसियाको र ठूलो राष्ट्रसंघमा यो visit ले प्राप्त गर्‍यौं र यो कायम अगाडी चस्मा लगाएको व्यक्ति तत्कालिन नेपालको पहिलो सर्वोच्च अदालतको प्रधान न्याधिश श्री हरिप्रसाद ज्यू हो । श्री ५ राजा महेन्द्रले उहांलाई दार्जिलिङ्गको High court बाट ल्याइ Nepal को कानुन व्यवस्था भारत ईत्यादी देशका High court मा परिणत गर्ने काम भयो । प्रधान न्यायाधिससंग म उमेरको धेरै

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

3

फरक भएतापनि म उहांलाई कर्साङ, दार्जिलिङमा पढ्दा मेरो अभिभावक ईन्जिनियर श्री पद्म सुन्दर मल्लको भिनाजु हुनुहुन्थ्यो । त्यसै समयदेखि उहाँ श्री हरिप्रसाद संग राम्रो चिनाजानि भयो । र उहाँ काठमाडौं आएपछि मेरो उहांको राम्रो आवतजावत थियो र एक दिनको कुरा हो श्री १००८ श्री स्वामी शिवपुरी वावाको मृगस्थली बनको आश्रममा बावासंग म अंग्रेजीमा कुराकानी गर्दै थिए । त्यतिकैमा प्रधान न्यायधिश (तत्कालिन) आउनु भयो र वावालाई दण्डवत गर्नु भयो । म वावा जी को मा जांदा उहांले मलाई इज्जत दिनु भयो । प्रधान न्यायाधिश हरिप्रसादलाई केही समयदेखि निद्रा पनि गोलमाल भएको थियो । उहांलाई एउटा केशको ठूलो चिन्ता थियो । उहांलाई विन्ती चढाउनु भयो । त्यो थियो "एउटा तराई तिरको ठूलो जमिन्दारको छोराले एक जनालाई गोली हानी मारिदिएछ ।

जमिनदार स्वयम बुढा भएको हुनाले के सम्झियो भने वरु म जेलमा जान तयार छु किनभने छोरा जवान थियो । उसले पैसा रखुवाएर छोराले होइन वाउले मार्‍यो भनेर टिप्पणी उठायो र सर्जमिन गरायो र हुंदा हुंदा अहिले सहि कुरालाई सर्वोच्च अदालतमा आयो । त्यो पनि प्रधान न्याधिशले हेर्ने भएकोले । अव त्यस वेलाको प्रधान न्यायाधिशकोमा आयो र वावुले मारेको छ छोराले होइन भनेर बनाउन खोजे स्वयम हरिप्रसाद एकजना भक्त र भित्रसम्म केश केलाउन र अन्याय नपरोस भनि हिसावले उहांलाई केहि दिन देखि चिन्ताले ग्रस्त गरेको हुनाले उहाँ श्री शिवपुरी बावा कहां हाजिर हुनुभयो । त्यसबेला म पनि शिवपुरी बावा कहा केही कुरा गर्दै थिए । मलाई श्री शिवपुरी वावा जी ले उहाँ कहाँ जस्तो सुकै ठूलो व्यक्ति आएतापनि मलाई विदा नगरी वरु सुनोस भनि वक्सिन्थ्यो श्री हरिप्रसाले वावा कहां आफूलाई चिन्ता परेको case वृतान्त किसिमले जाहेर गर्नुभयो । श्री पुरी वावा जी ले उहाँलाई यसै गर भनेर भन्नु किन हुन्थ्यो र तर उहांले महाभारतको समयको त्यो भन्दा पहिला पछि समयमा यस्तो कानुन सम्वन्धिको कुराहरु करिव १ घण्टासम्म सुनाउनु भयो । उहाले सवै कुरा वुझ्नु भयो र मनै हलुको गरि बावाकोवाट जानुभयो र सायद पछि त्यहाँ हासिल गरेको ज्ञानवाट उहाँ त्यो Case मा सहि निर्णय गर्नु भयो । यतिसम्मको श्री ५ राजा महेन्द्रले समेत प्रधान न्यायाधिशलाई कुनै केशमा आफ्नो बिचारवाट जिताउन वा हराउन आदेश दिनलाई राजा श्री ५ महेन्द्र हिच्कीचाई वक्सिन्थ्यो । किनभने हरिप्रसादले निश्पक्ष र सहि गर्नमा हुनुहुन्थ्यो । राजा महेन्द्र उहाँसंग एकदम खुसि होइवक्सिन्थ्यो र उहांको यहा घर जग्गा नभएको हुनाले उहाँलाई ललितपुरको झम्सिखेलमा एउटा घर भएको करिव पाँच रोपनी कम्पाउण्डमा बकसदिवक्सियो । जुन घरमा उहाँको जेठा छोरा श्री ५ को सरकारको सह-सचिवसम्म भई रिटायर भएर त्यहि घर जग्गामा बस्नु भएको छ । (उहां हुनुहुन्छ अग्निप्रसाद प्रधान) पछि हरिप्रसाद प्रधान राम्रो संग श्री ५ महेन्द्रबाट विदा लिई धार्मिक प्रविधिको



4

व्यक्ति भएकोले उहां आफ्नो सुन्तला इत्यादि विभिन्न किसिमको विरुवा लगाई तपोवन जस्तो स्थानमा आनन्न संग तपस्या गरे जस्तै गरि विताउनु भयो । त्यसपछि मेरो आहनम्मको जिवनमा अरु योग्य/अयोग्य प्रधान न्याशाधिश देखि सर्वोच्च अदालतको पुनरावेदन देखि मूख्य न्यायाधिश जिल्लाको न्यायाधिशहरु कैयौं संग मेरो भेट चिनाजानी पनि भयो तर प्रधान न्यायाधिश, भू.पु. प्रधान न्यायाधिश हरिप्रसाद जस्तो कोही देखेन । मेरो विशेष गरी मैले दिल देखि मानेको अति वरिष्ट वकालात गर्ने व्यक्तिहरुमा (१) श्री कृष्ण प्रसाद घिमिरे (२) श्री कृष्ण प्रसाद पन्त (३) श्री कृष्ण प्रसाद उपाध्याय र अहिलेको वरिष्टहरुमा (५) श्री हरिहर दहाल (६) श्री वालकृष्ण जी (७) श्री विश्वनाथ मैनाली (८) श्री योग्य मूर्ति यस्ता अरु धेरै नै न्याय मूर्तिहरु चिनाजानी भयो (९) एउटा सच्चा न्याधमूर्ति श्री गोपाल प्रसाद के.सी (सर्वोच्च अदालनको न्याधाधिश सम्म भएर रिटायर्ड हुनुभयो) उहांलेआफ्नो आफ्नो समयमा जोखिमपूर्ण ड्रगसको. ठूलो कारोवार गर्नेहरु महाराजगंजमा भव्य घरहरु बनाएर वस्ने भरत सहित उसको श्रीमती तथा खुंखार व्यक्तिहरु जस्तो कि २०० जना जतिलाई २० वर्ष जेल र घर जफत र २० लाख जरिवाना गरि भरत राई जस्तालाई सजाए दिइयो र करिव २०० जना जतिं खुंखार व्यक्तिहरुलाई जेलमा लैजान र जरिवाना गर्ने काम गरेको थियो । पछि वहुदल आएपछि कंग्रेश गृहमन्त्री (प्रवासी नेपाली) योग प्रसादले करिव त्यसवेलाको २ करोड खाई ति सवैको जेलवाट मुक्त गरियो । यस्तै केशहरु धेरै भए । म स्वयम पनि वहुदल आएपछि मेरो घरजग्गा लुट्नी सम्पत्ति लुट्नी दुःख दिने, माथि लेख अनुसार प्रधान न्यायाधिश पुनरावेदन न्यायाधिशहरुले उल्टो गरी फसाउने काम भएको जुन म माथि लेखेको छु । अहिले तत्कालै मलाई नवुझाइकन मेरो आफ्नो वाटो पनि वरिष्ट श्री कल्याण श्रेष्ठले मेरो बाटो सरकारी वाटो बनाइदिएर प्रेम श्रेष्ठ इत्यादी र यो जो पायो त्यसै ले भित्र पनि अन्य बाटोहरु भित्र ८४५/८४८ जनाएका वाटोपनि सवैले पार्किङ गरेको छन् । सो कुरा वाटोमा त पार्किङ गर्न पाइदैन त प्रहरी प्रशासन हेरेको छ । नगर विकास र म दरवारमा pms हुदा पनि पुरानो नारायणहिटी दरवारको इलाकामा कतिसम्म नियम बनेको थियो । त्यही नियम अहिले हेरे हुन्छ । प्रधानमन्त्री वावुराम हुंदा वाटो ठूलो बनायो । यहां भएको नियम नगर विकास गर्ने मन्त्री नगरपालिकाको प्रमुखले पनि र अर्यालले पनि हेऱ्यो । र अहिले फेरि १ महिना अगाडी म एउटा शेयर होल्डर, अरु पनि शेयर होल्डर भएको गिताफन उद्यानमा पहिले २०२४ साल देखिको कुरा मुद्दाहरु पऱ्यो त्यहाको केहि हुलियाहरु उनीहरु आफ्नो जग्गा नभएकोमा उनीहरु हाम्रो जग्गा भनेको थियो । हामीहरु मुद्दा जितेर गिताफन उद्यान भयो । पछि २०५१ सालमा फेरि जिल्लामा मुद्दा दिएर तत्कालिन आत्माराम कोइराला भन्ने थियो । वावु दाजुहरुले हारेको मुद्दा भाई नातेदारहरुले फेरि विउताएर आत्माराम कोइराला भन्ने न्यायाधिशले वावुले हारेको मुद्दा पनि यसले

Nepal Sanskrit University, Baidehi Campus, Kathmandu

जिताइ मुद्दा पुनरावेदनमा गयो । पुनरावेदनवाट फेरी मैले जित्ने गरी मुद्दा खारेज भयो त्यसपछि यि झगडियाहरुले सर्वोच्चमा गऱ्यो । र पाँचवर्षमा राम प्रसाद भन्ने थियो र १० वर्ष पछि पुनरावेदनमा पठाउने काम भयो । फेरी पुनरावेदनमा आयो र फेरी ५ वर्ष लाग्यो ।

सवै तर्फवाट गितफन उद्यानलाई पेल्न खोज्यो र आखिरी पुनरावेदनले फेरी बाबुहरुले हारेका मुद्दा छोराहरु र अन्यले पाउने गरेर जग्गा फैसला गऱ्यो । फैसला गर्नमा चाहि पुनरावेदन गर्नेमा एउटा हमाल भन्ने थियो । कुन आधारमा गऱ्यो र यो कुरामा मैले च्यालेन्ज नै गर्नु पर्ने हुन्छ । अबको न्यायाधिशहरु मैले पहिला हरिप्रसादको समयको पछि न्यायाधिशहरुपनि त्यस्तो सोच विचार गर्ने छैनन् । अहिले पनि अखवारमा म पढ्छु र टेलिभिजनमा हेर्देछु । संसदहरुको न्याय हेर्नें मात्र र खिचातानी भएको छ । सर्वोच्च न्यायाधिश भनेको पहिलेको जस्तै हुनु पर्यो । अहिले सम्म सर्वोच्च अदालत कुनै लभल गऱ्यो र कानून भनेको कसैको हस्तक्षेप हुँदैन अरु देशमा कानुनलाई हस्तक्षेप गर्ने कानून देशको प्रधानमन्त्री, राष्ट्रपति र कसैलाई बाँकी राखेनन् । पाकिस्तानमा देखिएको छ ।

6

न्यायाधिश

यी न्यायाधिशहरु मध्येमा मेरो एउटा न्याय् दिने व्यक्ति श्री मिन बहादुर थापा हो । मेरो क्षत्रपाटी दरवार किनेपछि मैले भुरुङ्गखेल तिर उहाँ र श्री नेत्र बहादुर थापाको पुरानो किसिमको तिनतले घर थियो । पछि समय वित्दै जांदा उहाँहरु दाजु भाईमा छुट्टिएर मिन वहादुर थापाजीले अहिलेको धोविचौरमा किनेको घर नै छ ।श्री नेत्र बहादुरले पकनाजोलमा घर किन्नु भएको थियो जुन उहांको छोरा जर्नेल रथि धर्मपाल हुनुहुन्छ । मिन बहादुर थापा दरवारको विशेष कानुन प्रमुख भएर वस्तु भएको थियो । म पनि दरवारको प्र.सै.सचिवालयमा काम गर्दा उहांसंग काम सम्वन्धि दरसकामी हुन्थ्यो । उहां दरवारको function मा जांदा एक थोपा पानी सम्म पनि खानु हने थिएन । आफू अफिसमा आउंदा आफूले पिउने पानी देखि खाजा समेत घरवाट लिएर आउनु हुन्थ्यो । pm भिमसेन थापाको अव यस्तो कहिले नहानेस भन्ने कितावमा वावुराम आचार्यले लेखेका छन् । भिमसेन थापाको पोलिसीमा नमिलेको हुनाले उहांले पनि सन्यास लिएको हो । पछि स्वयम रिटायर्ड भएपछि मिन बहादुर जी आफैले सन्यास लिई आफ्नै खर्चमा बनाएको ककनीमा रहेको घरमा वाकी जिवन त्यहाँ गयो । मैले मेरो यस्ता न्यायाधिशहरु अहिले यस्तै गरेर अहिलेको प्रधान न्यायाधिश कल्याण श्रेष्ठ आफू स्वयमले पनि मेरो आफ्नो निजीवाटो पनि सरकारी वाटोमा परिणत गराई दिनु भयो । (जुनवाटो पहिला सर्वोच्च अदालतले स्वयम मेरो वांटोलाई त्यस वाटोको छेउमा भइका घरहरुलाई केही सानो वाटो दिनु भन्ने भएपनि उक्त फैसला काटि दियो । उहांकै विरोधमा अहिले अवकाश हुने समयमा आरोप प्रत्यारोप व्यहोर्नु परेको छ । यस्ता केही नराम्रा खालका न्यायाधिशहरुलाई अव पूरुस प्रधान न्यायाधिशहरुले नसकेको कुरा महिला प्रधान न्यायाधिश शुसिला कार्की सिफारिस रहदै आएकोमा उहाँले राम्रो काम गर्नु हुन्छ भन्ने आशामा छौं ।

7

सिफारिसमा नाता र व्यक्तिगत सम्वन्ध हावी प्रधानन्यायाधीशबाटै भयंकर अन्याय

(२०७२ साल चैत्र २२ गते सोमबार 'साँघु'

काठमाडौं । सर्वोच्च अदालतमा लामो समयदेखि रिक्त एघार न्यायाधीश पदमा नियूक्तिका लागि हालै भएको सिफारिसप्रति पुनरावेदन अदालतहरुमा कार्यरत थुप्रे वहालवाला न्यायाधीशहरुले गम्भीर असन्तुष्टी व्यक्त गरेका छन् । लामो समय देखिको रिक्ततालाई पूर्ति गर्न चालिएको प्रधानन्यायाधीश कल्याण श्रेष्ठ र कानून मन्त्री अग्नी खरेलको कदम ठीक भएतापनि वरिष्ठ न्यायाधीशहरुलाई पन्छाउदै प्रधानन्यायाधीश कल्याण श्रेष्ठले आफू निकटका कनिष्ठ न्यायाधीशलाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेको भन्दै पीडित न्यायाधीशहरु आक्रोसित बनेका छन् । केही दिन अघि बसेको न्यायपरिषद्को वैठकले न्यायाधीश र वकिल समुहवाट गरी ११ जनाको नाम सर्वोच्च अदालतको न्यायाधीशका लागि सिफारिस गरृको थियो । संचार माध्यम विभिन्न् सभा सम्मेलन र कार्यक्रमहरुमा न्यायालयलाई राजनीतिवाट मुक्त राख्ने पारदर्शिता कार्यम गर्ने प्रक्रिया मिचेर कुनै काम गर्ने प्रधानन्याधीश श्रेष्ठ न्याधीश नियुक्तिको प्रक्रियामा व्यापक रुपमा दलीय राजनीतिवाट प्रभावित हुन परगेको भन्दै बहालवाटा न्याधीशहरु रुष्ट बनेको समाचार साँघुलाई प्राप्त भएको छ ।

२०७२ चैत्र ३० गतेवाट घर वस्ने प्रधानन्यायाधीश कल्याण श्रेष्ठले हिड्ने वेलामा न्यायिक क्षेत्रमा ठूलो अन्याय गर्दै रोलक्रममा दशौं नम्वरमा रहेका आफ्ना नातेदार विश्वम्भर प्रसाद श्रेष्ठलाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरिएको घटनाले सवैभन्दा वढी आलोचना निम्त्याएको हो । पुनरावेदन अदालत हेटौंडामा कार्यरत न्यायाधीश श्रेष्ठलाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गर्दा वरिष्ठ न्याधीशहरु वमकुमार श्रेष्ठ पुरुषोत्तम भण्डारी, तेजवहादुर के.सी वोधनाथ शर्मा लगायत माथि गमभीर अन्याय भएको हो । उनीहरु विश्वम्भरप्रसाद श्रेष्ठभन्दा वरिष्ठ न्यायाधीश हुन् र यदि विधि, प्रक्रिया वा वरिष्ठतालाई आधार मानेको भए विश्वम्भर श्रेष्ठ उनीहरुभन्दा पछि मात्र सर्वोच्चको न्याधीश हुन पाउने थिए । कार्यानुभव, क्षमता, इमान्दारिता अनुसार पनि पीडित न्यायाधीशहरु विश्वम्भर भन्दा कम मानिदैनन् ।

हुन त विश्वम्भरप्रसाद श्रेष्ठ आफ्नो रोलक्रम अनुसारै पनि सर्वोच्चमा नियूक्ति पाउने न्याधीश मध्यमा पर्छन । तर आफ्नो भाञ्जा समेत पर्ने उन लाई प्रधान न्यायाधीश श्रेष्ठले आफ्नै पालामा सर्वोच्चमा ल्याउने र लामो समय प्रधान न्यायाधीश बनाउने अप्रिय कदम चालेर आलोचनाको पात्र वन्दै घर वस्ने भएका छन् ।

प्रधान न्यायाधीश श्रेष्ठले यसरी नियम मिचेर भाञ्जालाई अगाडि नतानेको भए वरिष्ठहरुलाई पनि न्याय हुन्थ्यो किन कि उनीहरु सरासर सर्वोच्चमा आउन पाउंथे । तर अव अन्यायमा परेका न्यायाधीशहरु आफूभन्दा कनिष्टलाई वरिष्ठ मानेर सर्वोच्चमा आउने कुरा हुदैन किनभने यस अघि पनि आफूभन्दा कनिष्ठलाई सर्वोच्चमा सिफारिस गरिएकोमा अन्यायमा परेका न्याधीशहरुले राजीनामा गरेका घटना छन् । जस्तो कि आफूभन्दा जुनियरलाई नियूक्त गरिएकोमा विरोध जनाउदै यस अघि न्यायाधीश एकराज आचार्यले राजीनामा दिएका थिए । यस पटकको सिफारिसपछि अन्यायमा परेका न्यायाधीशहरुले राजीनामा त गरिसकेका छैनन् तर उनीहरु आफूभन्दा कनिष्ठलाई वरिष्ठ मानेर सर्वोच्चमा न्यायाधीश हुन आउने सम्भावना लगभग सकिएको एकजना पीडित न्यायाधीशिले साँघु समक्ष गुनासो व्यक्ति गरे ।

प्रधान न्यायाधीशको मनपरी कदमवाट आफूहरु जति मर्माहत भएपनि र जतिसुकै अमिलो मन वनाए पनि प्रधानन्यायाधीको कदम विरुद्ध जान नसक्ने हुनाले आफूहरु असन्तुष्टीको स्वर लुकाउन वाध्य भएको अन्यायमा परेका अर्का वहालवाला न्यायाधीले पनि साँघुसित गुनासो गरे ।

सर्वोच्च अदालतका लागि भएको न्याधीश नियूक्तिको सिफारिसले हाम्रो करियर, सपना र अधिकारमाथि गम्भीर प्रहार गरेको छ साँघुको सम्पर्कमा आएका वहालवाला न्यायाधीशले भने तर दुर्भाग्य हामीहरु न्याय दिनका लागि वोल्न सक्छौं तर आफै अन्यायमा पर्दा आफ्ना विरोधमा स्वरहरु वाहिर ल्याउन सक्दैनौं ।

दुइजना सदस्य रिक्त रहेको न्यायपरिषद्ले गरेको सिफारिस राजनीतिक पूर्वाग्रहवाट समेत प्रेरित गरेको आरोप छ । प्रधानन्यायाधीश श्रेष्ठले अदालतमा राजनीति घुस्न दिन्न भनेर कैयौं पटक भाषण गर्दै हिंडेपनि उनले राजनीतिक रुपमा प्रत्यक्ष संलग्न भएकालाएं सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेका हुन । जस्तो कि पहिलो संविधान सभामा नेकपा एमालेको कोटावाट मनोनित संविधान सभा सदस्य वन्न पुगेकी अधिवक्त समना प्रधान मल्ल र वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले नियूक्त गरेका महान्यायाधिवक्त हरिकृष्ण कार्कीलाई समेत सर्वोच्चको न्यायाधीशका रुपमा सिफारिस गरिएको छ ।

यो निर्णय एकतर्फ राजनैतिक रुपले विवादमा परेको छ भने अर्कोतर्फ न्यायसेवामा अधिकृत हुदै जिल्ला न्यायाधीश, पुनरावेदन अदालतको न्यायाधीश, सर्वोच्चको न्यायाधीश र प्रधानन्यायाधीश समेत हुनसक्ने सम्भावना रहेको न्यायसेवाका अधिकारीहरुकालागि ठूलो टाउको दुखाईको विषय वनेको छ । जस्तो कि सपना प्रधान मल्ल विक्रम सम्वत ३०८५ सालतिर प्रधानन्यायाधीश हुन बाटो खुला राख्ने गरी सर्वोच्चको न्यायाधीशमा सिफारिस गर्दा प्रधान न्यायाधीश हुन उमेर पुग्ने अवसर पर्खेर वसेका थुप्रै क्याडर न्यायाधीशहरु त्यो अवसरवाट वञ्चित हुने भएका छन् । प्रधानन्ययायाधीश श्रेष्ठसंग नजिकको साथीको सम्वन्ध वनाएकी सपना प्रधान मल्लको सिफारिसले सर्वोच्चमा न्यायाधीशको रुपमा पुग्ने र विस्तारै प्रधानन्यायाधीश समेत भेटाउने धैरै न्यायाधीश वाहिरिने छन् । मल्लको सिफारिसले त्यस्तो अवसर गुमाउने केही न्यायाधीशहरुमा तीलपसाद श्रेष्ठ, विनोद शमारु, कुमार चुंडाल, प्रकाश ढुंगाना पर्छन । यी सबै न्यायाधीशहरु रोलक्रममा विश्वम्भर श्रेष्ठपछि प्रधानन्यायाधीश हुनेमा पर्छन । तर अव मल्लको सर्वोच्च प्रवेशले उनीहरु प्रधानन्यायाधीश हुने अवसरवाट बञ्चित हुनेछन् ।

10

घर जाने वेलामा सम्माननीयको अनेक उपद्रो

२०७२ साल चैत्र २२ गते सोमवार 'साँघु'

काठमाडौं । हिड्ने वेलामा एक पछि अों वद्मासी गर्न थालेपछि प्रधानन्यायाधीश कल्याण श्रेष्ठका थप विवादास्पद र भित्री कुकृत्यहरु सार्वजनिक हुन थालेका छन् । भूकम्पवाट नराम्ररी प्रभावित सर्वोच्च अदालदको पुरानो भवन अहिले धमाधम मर्मत सम्भार भइरहेको छ । करोडौं रुपैयां सरकारी खर्चमा भइरहेको उक्त मर्मत सम्भारको काममा प्रधानन्यायाधीश श्रेयठले अस्वभाविक चासो देखाएको, हरेका दिन वेलुका कार्यालय समय सकिएपछि निवास फर्किनु अघि आर्थिक कारोवारको वारेमा गोप्य वैठक गर्न थालेको र मुद्दाहरुमा अनावश्यक हस्तक्षेप गरेको भन्दै उनलाई साथ दिँदै आएका सर्वोच्च अदालतकै एक न्यायाधीशले हालै उनको गुटवाट अलग गरेको सर्वोच्च अदालतको उच्च स्रोतवाट थाहा भएको छ ।

सर्वोच्च अदालत उच्च स्रोतका अनुसार आउंदो २०७२ चैत ३० गते मंगलवार सेवा नियुक्त हुन लागेका श्रेष्ठले जाने वेलामा आर्थिक हिसाव किताव र त्यससंग सम्वन्धित विषयमा अस्वाभाविक छलफल, वैठक र चासो देखाएका मात्र छैनन, आफ्ना पारिवारिक सदस्यलाई समेत तयसो गर्न छुट दिएको आरोप छ । उनले आफू निकट कर्मचारी र न्याधीशलाई वोलाएर आर्थिक विषयमा गोप्य वैठक गर्ने क्रमलाई तिव्रता दिएपछि उक्त कदमवाट वाक्कदिक्क भएर उनलाई साथ दिँदै आएका सर्वोच्चका न्यायाधीशि ओमप्रकाश मिश्र प्रधानन्यायाधीश श्रेष्ठको गुटवाट अगल भएको वताइन्छ । त्यसको पछिल्लो उदाहरण गत हप्ता संवैधानिक इजलासमा न्याधीशहरु वीच भएको विभाजन हो ।

प्रधान न्यायाधीश श्रेष्ठ जाने वेलामा खिलराज रेग्मीलाई व्यक्तिगत रुपमै उत्रेर उनले प्रधानन्यायाधीश हुंदाहुदै मन्त्रिपरिषद् अध्यक्ष हुनु हुदैन थियो भनेर नजिर स्थापित गर्ने र रेग्मीलाई जीवनभर दाग लाग्नेगरी आदेश जारी गरेर

जान चाहन्थे । तर पांच जना न्यायाधीश रहेको सवैधानीक इजलास यसरी विभाजित भयो कि तीन जना न्यायाधीशले प्रधानन्यायाधीको सायसंग विमती राख्दै खिलराज रेग्मीका विरुद्धमा परेको रिट नै खारेज गरिदिए । यसरी प्रधान न्यायाधीश श्रेष्ठसंग राय वझाउन हिम्मत गर्ने न्यायाधीशहरुमा गोपाल प्रसाद पराजुली, वैद्यनाथ उपाध्याय र ओमप्रकाश मिश्र रहेका छने । धेरैले पराजुली र उपाध्यायले प्रधानन्यायाधीश श्रेष्ठसंग राय वझाउन सक्ने अनुमान लगाएपनि मिश्रले समेत श्रेष्ठको साथ छोड्लान भनेर अनुमान

लगाएका थिएनन् । तर स्रोतका अनुसार न्यायाधीश मिश्र प्रधानन्यायाधीश श्रेष्ठको पछिल्ला गलत र विवादास्पद क्रियाकलाप जस्तै ठेक्का पट्टाका काम र आर्थिक विषयमा अनावश्यक चासो दिएको मुद्दा मामिलामा अनावश्यक हस्तक्षेप गर्ने गरेको , निवासमा राजनीतिक दलका नेता, आफू निकट कानूनविदका पत्रकार न्यायाधीश र वकिललाई बोलाएर कक्टेल रात्रीभोज दिने गरेको लगायतका विषयमा विमती जनाउदै श्रेष्ठको गुटबाट आफूलाई अगल गर्न वाध्य भएको स्रोतको दावी छ । रमाइलो पक्ष त के छ भने करीव नौ महिना पदमा वस्ता प्रधानन्यायाधीश श्रेष्ठले आफूले चासो लिएका झण्डै ९० प्रतिशत मुद्दाहरु सर्वोच्चका तीनजना न्यायाधीशको इजलासमा पार्दै आएका थिए । श्रेष्ठले न्यायाधीश जगदिश पौडेल, देवेन्द्र गोपाल श्रेष्ठ र ओमप्रकाश मिश्रको इजलासमा आफूले चासो राखेका मुद्दामा आफ्नो इच्छा अनुसारको आदेश गराउन सफल पनि हुँदै आएका थिए । तर अव न्यायाधीश मिश्र उनको गुटबाट अलग भएपछि श्रेष्ठसंग दुइजना मात्र न्याधीश बाँकी रहेको बताइन्छ । पछिल्लो समयमा न्याधीश मिश्रले साथ छोडेपछि र गत हप्ता संवैधानिक इजलासमा आफ्नो राय अल्पमतमा परेपछि प्रधान न्यायाधीश श्रेष्ठ कालोनीलो भएको र उनको होसहवास समेत उडेको भन्नै आजभोलि सर्वोच्चमा चर्चा हुने गरेको छ ।

आफूलाई ठूलो देखाउनज सार्वजनिक कार्यक्रमहरुमा निकै ठूला ठूला गफ गर्ने, आदर्शका गफ दिने तर आफू नेतृत्वमा हुंदा चाहि न्यायालयकै इतिहासमा कालो धव्वा लाग्ने खालका काम गरेको भन्दै न्यायालयका कर्मचारी, वकिल र न्यायाधीशहरु वीच श्रेष्ठको चर्को आलोलना हुने गरेको छ । प्रधानन्यायाधीश श्रेष्ठले कान्तिपुर पब्लिकेसन्सको हेर्दाहेर्दैकोमा रहेको अदालती अवहेलना सम्वन्धी मुद्दा समेत पहिलेदेखि उक्त मुद्दा हेर्दै आएका न्यायाधीशहरुवाट फुटाएको बताइन्छ । उक्त मुद्दा हेरिरहेका न्यायाधीशहरुवाट उक्त मुद्दालाई अलग गराएका हुन । हेर्दाहेर्दैमा रहेको मुद्दा फुटाउन नपाइने नियमावली रहेको कानुनविदहरु बताउंछन् । तर उक्त मुद्दा हेरिरहेका न्यायाधीशहरुवाट त्यसलाई अलग गराएर न्याधीश गोविन्द उपाध्यायलाई कान्तिपुरको मुद्दा हेर्ने जिम्मेवारी दिएपछि स्वयं न्यायाधीश उपाध्याय समेत परेको बताइन्छ । किनभने त्यसरी मुद्दा फुटाउनुलाई न्यायालयभित्र आपत्तिजनक रुपमा लिने गरिन्छ ।

प्रधान न्यायाधीश श्रेष्ठले गरेको अर्को गलत काम के हो भने उनले आफ्नो कार्यकालमा पुराना मुद्दालाई कहिल्यै प्राथमिकतामा राखेनन् र भनसुनका आधारमा आफ्नो इच्छा वमोजिमका मुद्दालाई मात्र प्राथमिकतामा राखेको आरोप पनि लागेको छ । श्रेष्ठले यसवीचमा अख्तियार दुरुपयोग अनुसन्धानले दायर गरेका अधिकांश मुद्दाहरुलाई हराईदिए । अख्तियारले दायस गरेका मुद्दा संधै आफ्नो वेन्चमा राखेर हेरे र भनसुनका आधारमा जसजसलाई खुसी पार्नु थियो उनीहरुलाई खुशी पार्ने र अख्तियारलाई हराउने गरी आदेश दिए । न्यायालय भित्र शुसासन कायम गर्ने, राजनीति भित्रिन नदिने भनेर आदर्शका गफ दिने उनले भ्रष्टाचारसंग सम्वन्धित मुद्दामा निष्पक्ष न्याय दिन सकेनन् । अख्तियारप्रति उनी पुरै पूर्वाग्रहश्र रुपमा प्रकट भएको ठहर पनि कानूनविदहरुको रहेको छ ।

सर्वोच्च अदालतको न्यायाधीश नियूक्तिमा बरिष्ठताक्रम मिचेर आफ्ना भाञ्जा र आफू निकटका वकिललाई मात्र सिफारिस गरेको भन्दै उनको चौतर्फी आलोचना भईरहको छ । नेपाल बार एशोसियसन परिसरमा आजभोलि ९० प्रतिशत वकिलहरुले कल्याण श्रेष्ठले यससम्म निच, न्यायालयकै बद्नाम हुनेगरी गलत निर्णय गर्लान भनेर कल्पनासम्म गरेका थिएनौं भन्दै उनको कटाक्ष गर्ने गर्छन ।



[३४ संख्या]

सीतापोखरीको जगजित् पाँडेहरूको अभिलेख

नुवाकोट सीतापोखरीसँगै एउटा पाटी रहेको छ । सो पाटीको भित्तामा रहेको शिलापत्रमा यो अभिलेख कुँदिएको छ । यहाँ विक्रमसंवत् १८३५ दिइएको छ । अभिलेख निकै अशुद्ध रूपमा कुँदिएको छ ।

'नुवाकोटको ऐतिहासिक रूपरेखा'को ३३ पृष्ठमा धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा यो अभिलेख प्रकाशित भएको छ ।

मूलपाठ

१. स्वस्ति श्रीशाके १७०० मासे १२ तिथौ ९ वा–
२. रे ५ नक्षत्रे १९ जोगे २५ कृष्णपक्षे लिखि–
३. तं स्यापितं शुभम्मस्तु इति सम्मत् १८
४. ३५।। श्रीशाके चार्कवारे सरपरकम–
५. लद्वंद्ववतवतु लांके श्रीसम्वत् व्रह्म–
६. नागे तदुपरितृतये पंचमां कावसा–
७. ने शुक्र मासे तपस्ये प्रभुरणवहादू–
८. रे सुपाले सुमंत्रेश्चवंश्येपूर्णं धर्मो जग–
९. जितरणजितशत्रुभंजन्भिरासीत् ।।
१०. रामपत्न्याः सरोभ्यासे सर्वालंकृतपट्टि–
११. का शूलगंगासमीपे च कर्तृणां शुभदा
१२. भवेत् ।।

तुलाराम पाँडेका थिनै गुणहरूले गर्दा उनका छोराहरूले पनि गोरखादरबारमा सहजै उच्च स्थान प्राप्त गरेथे । विशेष गरेर बहादुर शाहको हातमा शक्ति आएताका जगजित् पाँडेको अभ्युदय भयो ।[३] जगजित् पाँडेले पश्चिमविजयको सिलसिलामा उल्लेखनीय सेवा प्रदान गरेथे । रणजित् पाँडेको चाहिँ बहादुर शाहको पतनपछि बढी उन्नति भएको देखिएको छ ।[४]

पुगिसरी आएकाहरूले लोकको हित हुने धारा, पोखरा, पाटी आदि कीर्ति राखेर जाने प्रथा हाम्रो यहाँ लिच्छविकालदेखि नै प्रचलित थियो ।[५] त्यही लोकभावनाअनुसार जगजित् पाँडेहरूले पनि नुवाकोटमा सीताकुण्डअगाडि बटुवाहरूको लागि सुविधा होस् भनी पाटी बनाई यो अभिलेख कुँदन लाएका हुन् । उक्त पाटीको अवशेष अहिले पनि छ तापनि पहिलेको बढ्ता आकर्षक थियो भन्ने संकेत यस अभिलेखमा उल्लिखित "सर्वालंकृतपट्टिका" भन्ने पदले गर्छ । जे होस्; शाहकालका भारादारहरूमा प्रमुख स्थान पाएका जगजित् पाँडेहरूको कीर्तिको संझना यसले दिलाइरहेको छ ।

卐

---

[३] सं. धनवज्र र ज्ञानमणि नेपाल, 'जयरत्नाकर नाटक' पृ. ३१

[४] तल आउने वि.सं. १८५५,१८५६ का अभिलेखबाट उक्त कुरा थाहा पाइन्छ ।

[५] 'लिच्छविकालका अभिलेख' पृ. १७६–१८१,२०८–२१०



[६३ संख्या]

नुवाकोटको दामोदर पाँडेको अभिलेख

नुवाकोटको भैरवीस्थानमा रहेको एउटा घण्टामा यो अभिलेख कुँदिएको छ। यहाँ विक्रमसंवत् १८५८ दिइएको छ।

'प्राचीन नेपाल' संख्या १० को ४२ पृष्ठमा शङ्करमान राजवंशीद्वारा यो प्रकाशित भएको छ। 'नुवाकोटको ऐतिहासिक रूपरेखा'को सामग्रीखण्डको ४५ पृष्ठमा पनि यो छापिएको छ।

मूलपाठ

वर्षेऽष्टेन्द्रियनागभूपरिमिते १८५८ श्रीविक्रमीये रवौ
कर्कस्थे शुचिमासि भौमदिवसे शुक्ले चतुर्थ्यां तिथौ
पत्न्या साकमयोध्यया ससुतया श्रीभैरवीप्रीतये
घंटैषा सचिवेन रम्यनिनदा दामोदरेणार्पिता ॥ १ ॥
ज्येष्ठः श्रीकरवीरसंज्ञक उमापादारविन्दार्चको
(वि)ख्यातो रणजङ्ग इत्यभिधया तस्यानुजो वीर्यवान्
युद्धे शूरस्ततो रणदलः श्रीकीर्तिवर्म्मसंज्ञक–
तस्माच्छ्रीललितादिवर्म्म इति तत्पुत्रादिपुत्राः सदा ॥ २ ॥

अनुवाद

विक्रमसंवत् १८५८ आषाढ शुक्ल चतुर्थीमा, कर्कटराशिमा सूर्य बसेको बेलामा, पत्नी अयोध्यां र छोराहरूसहित काजी दामोदर पाँडेले श्रीभैरवीलाई प्रसन्न पार्न राम्रो आवाज

३२८

भएको यो घण्टा चढाए ।

पार्वतीको पाउको पूजा गर्न जेठा करवीर पाँडे उनका भाइ नाउँ चलेका बलिया रणजङ्ग पाँडे, अनि लडाइँमा शूरा रणदल पाँडे, श्रीकीर्तिबम, अनि ललितबम छन् ।

व्याख्या–

स्वामी महाराज रणबहादुर शाह काशी गएपछि यहाँको राजनीतिले अर्को मोड लियो । अंग्रेजहरू नेपालको राजकाजमा हात हाल्ने अवसर खोज्दै थिए । यसबाट उनीहरूलाई अवसर मिल्यो । उनीहरूले काशीमा स्वामी महाराज रणबहादुर शाहलाई आर्थिक सहायता दिई हात लिने प्रयास गर्न थाले ।[1] यता नेपाल सरकारले पनि अंग्रेजहरूसँग सम्पर्क राख्न थाल्यो । यसैको परिणामस्वरूप वि.सं. १८५८मा ईस्ट इन्डिया कम्पनीसँग नेपालसरकारको सन्धि भयो ।[2] यस नयाँ राजनीतिको सूत्रपात गर्नेहरूमा प्रमुख दामोदर पाँडे पनि थिए । स्वभावतः उनी दृढप्रकृतिका व्यक्ति थिए । उनी श्री ५ रणबहादुर शाहलाई काशीमै रोकिराख्ने पक्षमा थिए । यसो हुँदा यो बेला दामोदर पाँडेहरूका लागि परीक्षाको घडी थियो । यसै सिलसिलामा भैरवी प्रसन्न होऊन्; विघ्न बाधा हटून् भनी दामोदर पाँडेले यो घण्टा चढाएको देखिन्छ ।

यस अभिलेखमा दामोदर पाँडेकी जहान अयोध्या, उनका छोराहरूको पनि नामोल्लेख भएको छ । दामोदर पाँडेका छोरा रणजङ्ग पछि निकै प्रसिद्ध भएथे । अभिलेख सानो भए पनि तात्कालिक एक शक्तिशाली व्यक्तिको संझना दिलाउने हुनाले यसको केही उपयोगिता छ, भन्ने स्पष्ट छ ।

卐

---

१. चित्तरञ्जन नेपाली 'श्री ५ रणबहादुर शाह' पृ. १३८
२. 'नेपालको संक्षिप्त इतिहास' पृ. १५५
'श्री ५ रणबहादुर शाह' पृ. ६१

शा.म.फ. ४२

३२६

[१०५ संख्या]

नरदेवीको भोट्टु पाँडेको अभिलेख

काठमाडौं, नरदेवीको प्रसिद्ध मन्दिरको बायाँपट्टि रहेको शिलापत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ वि.सं. १८५९ दिइएको छ।

मूलपाठ

१. श्रीमत्महेशतनयं जगत्पूज्यपदाम्वुजम् ।। विघ्नांधकारमिहिरं वन्दे सिद्धिविनायकम् ।। श्रीशाके वेदरजनीकान्तागधरणीमितेः ।। पौषेपक्षे सि–

२. ते गौरितिथौ भानुजवासरे ।। श्रीदेव्यै राजतानेकपूजाभाण्डानि भक्तितः ।। क्षेत्राणि च नृपामात्यतुलारामस्य सूनुना: ।। श्रीभोट्टुना सुकृतिना सर्वलोकोपकारिणा

३. ।। समर्पितानि यत्नेन पालनीयानि सज्जनैः ।। अतः परन्वेशभाषाः ।। स्वस्ति श्रीसम्वत् १८४९ साल पौष वदि ३ शनिश्चरवारे तस दिन श्रीश्रीश्रीङट्टेश्वरी पृति गरि

४. धैवुंमा चिनियाको फौद आउदा घा गर्न मिलाईकन घर पुगदा चादिका थलिया १ चादिको चन्दमषोरि १ चादिको नैवेद्यपात्र १ सुरापात्र १ येति पुजाको भाडा थान ५ के तोला १६०

५. मासा ६ किर्तिपुरका गलसि षेत रोपनि सात ७ यि षेतको वालिले नित्य पुजा गर्नु. टोलको पाल लाक गुवाहाले वर्ष वर्ष दिन पालोसित पूजा गर्नु. औ वाग्मति डोल षेत रोप–

६. नि १८ सास्नाल रोपनि एक १ सालालषुचा रोपनि पौने दुई १।।। ति षेतको बालिले पिसाचतुर्दसिका रातभरि दीपमाला बालनु. उसै रातमा रागो येक १ काग्या भेडो येक १ दवलि–

७. मा बलिदान गऱ्यापछि आधा रागो देवताको षलकलाई दिनु आधा रागो र भेडा १ ले गुठीयारहरूले भोज षानु. तेति गऱ्यापछि रह्याकोले षागरि भेडा १ र पुजाको सराजाम् तु-

८. ल्याई वर्षवंधन वुसाधान गर्नु गरि तुलाराम पाडेको छोरो ङट्टटोलमा बस्न्या भोटू पाडे कपर्दारले चह्राशु. येस गुठिको गुठिहार ङटटोलका बालकृष्ण उदास भार्सि उदास भाजुमन उदा-

९. स तेस दानपत्रमा लेष्याबमोजीम् गुठिहारहरूले गुठि चलाउनु जसले लोभानि पापानि गर्ला ऊसलाई श्रीङटश्वरीको कुदृष्टि. जसले बनाउन गुठि चलाऊमा पसला, ऊसलाई श्रीङट्टेश्वरी-

१०. को सुद्रिष्टि होला, यो स्वदत्तपरदत्तां वा ये हरन्ति वसुंधरां ।। षष्टिवर्षसहश्राणि विष्टायां जायते क्रिमि ।। शुभम् ।। ।। श्रीजगदंम्बायै नमः ।। ।। श्रीपंचपंचाष्टविधुभिर्म्मिते विक्र-

११. मवत्सरे ।। नभस्यमावास्यातिथौ भार्गववासरे ।।१ कान्तिपुर्य्यां राजधान्यां पुण्यमर्त्यजनैर्युते ।। ङट्टाभिधस्थले रम्ये-– चायतनं शुभम् ।।२।। श्रीश्रीश्रीजगदंबायाः प्रितये स्वे-

१२. ष्टसिद्धये ।। भोटूपाडे विधानेन जगद्विख्यातकिर्तिना ।।३।। प्रासादोद्घाटनं देव्याः सौवर्णलिपितं हि यत्. ।। तस्य प्रतीष्ठावसरे रोपण्यः पंचसप्तत्तिः ।।४।। समर्पिता क्षैत्रसंख्या

१३. स्वेष्टसंसिद्धिहेतवे ।। अनेमत्र क्रियोगेन भूयाल्लोकद्वयसुपि ।।५।। अथ परन्देशभाषा ।। ।। स्वस्ति श्रीसम्वत् १८५५ साल मिति प्रथम श्रावण वदि ३० रोज ६ तस दिन श्रीश्रीश्रीङटे-

१४. श्वरिको देवलमाहा अघि दुई तला छाना भेरह्याको तीन तला छाना गरि उपल्लो तलामा छानामा सुवर्णको छाना गरि येस छतलाई गुठि गरि किर्तिपुर नगाभमाहा डोबु षे-

१५. त रोपनि पैंतालीस ४५ पांगाको अमालमा लसाबु रोपनि सोह्र १६ चोभारको अमला नावसिंडो षेत रोपनि पाच दफे बसीदो षेत रोपनि नौ ज्मा रोपनि पचहतर ७५ हलचोक-

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu



१६. का अम्वलमा घन्यादि रोपनि पन्द्रह १५ येति षत घन्याडिको बालिले वर्षवन्धन सुनको छानामा बुसाधन गर्नु जग्यहोम गर्नु महादीप बालनु रांगो एक १ भेडा एक १ वलिवा–

१७. न गर्नु श्री ईन्द्रजात्रामा आठ दिन ८ देवलमा दीपमाला बालनु दिनको तेल पाथि पाच ५ द्वादसीको दिनमा र पुर्णिमाको दिनमा मासादि नैवेद्य दान गर्नु दसैंको घ–

१८. टस्थापनादेषि नौ रातमा दिनको दिनको तेल पाथि ५ देवलमाहा दीपमाला गर्नु साग्यको दिन भेडा १ वलिदान गर्नु श्रौ पिसाचतुर्द्दसिको दिन देवलमहा आरतिको

१९. पुजामा भेडा येक १ वलिदान गर्नु आरति जाहा देवता लैजांछन् आषाडादेषी नचाउन्या डवलिमा नाच नचाउज्यालसम्म वालनु श्रौ नित्य रोज संज्यामा आह्लति जगाऊ–

२०. नु दिनको दुई दामको तेलले श्रीश्रीश्री कृष्णको कृतनमा चार दामको तेलले आरति बालनु किर्तन गर्न्याहरूलाई श्रीपचमिको दिन भोज षुवाउनके रुपैया सात ७ दि–

२१. नु येति विधि गर्नलाई श्रीगोर्षाको थुथारि पांडे पद तुलाराम पांडेको छोरा ङट्टटोल बस्ने श्रीकपर्दार भोट्टु पाडेले प्रीति गरि गुठि गरि चह्लागु येस गुठिको

२२. गुठिहार ङट्टटोलको लह्लसि ऊदास ङट्टटोलको भासि ऊदास ङट्टटोलको रामजु ऊदास ङट्टटोलको टुछेको ठाकु ऊदास ङट्टटोलको श्रीकृस्न ऊदास येति

२३. जना गुठिहारले वर्ष वर्षमा चिता गरि गुठि चलाउनु ॥ श्रीङट्टदेवीको धामि कालि कुमारि भैरव वाराहि जना ४ पुजाहार नायेक १ ववाहाटोजावछे

२४. का – – नेवा १ मदुटोल पिगननिको जसवंत तमोट्ट १ अमृतमुनि तमोट १ माहा देव लीनेको वेषासि कर्मि १ कमिलाछिट्टोलको धनवंत न–

२५. कर्मि १ एति जनालाई बुसाधानमा भोज षुवाऊनु ॥ सोदतं वा परदतं वा जो हरंति वसुंधरा षष्टिवर्षसहश्राणि विष्ठायां जायते कृमि ॥

३६८

२६. शुभम् ॥ ॥स्वस्ति श्रीसम्वत् १८५५ साल मिति फागुन वदि १४ रोज
५ श्रीङ्टेश्वरि देविको जात्रामाहा आषाडादेषि डबुलिसम्म डबु-
२७. लिदेषि आषाडासम्म वसालाय गरि लैजानु देवता जाहा जाहा लैजांछ
ताहा ताहा सबै ठाऊ तिनै सहरमा लैजादा ल्याऊन्या वसलाव ग-
२८. र्नु पर्छ भनि श्रीकपर्दार भोटू पाडेले वठूल षेत रोपनि वाह्र १२ गुटि गरि
चह्लाया येस षेतको वालिले पिसाचतुदसिका दिनमा वर्षप्रति
२९. देवलमा काग्या भेडा १ वलिदान गरि मासादि नैवेद्य राषि पुजा गर्नु पर्छ
वसलाय गर्न्या कपरा वर्षप्रति थ्यान १ गज हात १॥ लमाई हात वी-
३०. स २० को राषनुपर्छ तस्को गुठिहार पिन वझ जना ३ पोगा वझ जमा ६
सिस्याल बजाऊन्या जना २ वह्लचा बजाऊन्या जना १ गुठिहार जमा ज-
३१. ना १२ येति गुठिहारले गुठि चलाऊनपर्छ अपाडाको वाहिर चंदुवा तागन-
पर्छ विजमान तागनको सरजाम कासाको ह्लंक १ सि-
३२. धमु १ पितल्या झारि १ येति वस्तुको सम्भार गर्नु र वसालाय गर्नु पर्छ यो
गुठि जसले विगार्नु पसला तसलाई श्री ३ ङटेश्वरिदेवी
३३. का कुद्रिष्टि जसले यो गुठिको सभार गर्नु मा पसला तसलाई श्री ३ ङटेश्वरी-
को सुद्रिष्टि होला यस गुठिहारले गुठि नचलाया लह्ल-
३४. सि भासि ठाकु तुछेको श्रीकृष्णलांजु येति पाच जनाको सभाले विचार
गर्नु पर्छ ॥ द्वाफोल स्वंफोल १४ सिनु तियागु मा-
३५. ला दुई धानको लावा वसालाय गर्याको कपडा जस्को पालो छ सो लेषा
गरि लिनु जस्को पाला सकिछ सो लेषा गरि दिनु मास-
३६. नु छैन शुभम् ॥ ॥ श्रीमन्महेशतनयं जगत्पूज्यपदांवुजं विघ्नांधकारतिमिरं
वंदे सिद्धिविनायकं, चंद्रागदोयुग-
३७. मिते शकोर्जे पक्षे शुक्ले पूर्णचंद्रे कुजे च सुलुपुलुधोजातुर्य भक्त्या देव्यै समर्पित
मंगलाष्टौपताका च द्वायपंचो-
३८. परंगितं ॥ क्षेत्राणि च नृपामात्यतुलारामस्य सुनुना ॥ श्रीभोटुना सुकृतिना
सर्वलोकोपकारिणा समर्पितानि यत्ने-
३९. न पालनीयानि सज्जनैः ॥ अतः परं देशभाषा स्वस्ति श्रीसाके १७२४



सम्वत् १८५६ कार्तिकमासे शुक्लपक्षे पूर्णमास्यां ति-
४०. थौ मंगलवारसरे ॥ ॥ स्वस्ति श्रीसम्वत् १८५६ साल कार्तिक सुदि १५
मंगलवारका दिन श्रीश्रीश्रीङ्टेश्वरिलाई सुलु
४१. पुलु धोजा ४ र अष्टमंगल पताका २ को गुठि निमित्य इट्टटोल वस्त्या
कपर्दार भोटू पाडेले प्रिति गरि चह्राया तस
४२. निमित्य षेत किचडोल रोपनि २ तपाको रोपनि २॥। दफे तपाको रोपनी
१। ज्मा षेत रोप ६ येस षेतका ऊपजनीले सा-
४३. ल साल रुपैया र षजाना राषि तैस षजानाले वाह्र वर्षका देवताको वर्ष-
वन्धनका दिन सुलुपुलु धोजा ४ र अष्टमं-
४४. गल पताका २ फेर्नु सुलुपुलु धोजाके पंचरंगी कपरा चौ २ अष्टमंगल पताका
के सेतो सादा कोचीन मुसा
४५. -षानि पटुका येति फेरि ज्या बाकि रह्याकोले चैत्र वदि १४ का दिनमा
देवतालाई काग्या भेडा १ वलि चह्राई गुठिया-
४६. रहरुले भोज षानु देवता जाहा जाहा पाऊलागछ ताहा ताहा सुलुपुलु धोजा
र अष्टमंगल पताका गुठिया-
४६. रले लंजानु येस गुठीमा गुठीयार र अरु जो कोई पापात्मा लोभानि पापानि
गरि यो गुठ पंडीत गर्नमा पसला त-
४७. सलाई श्रीङटेश्वरीको कोप कुदिष्टि होला लेष्याबमोजीमका जो गर्नमा
पसला तसलाई श्रीश्रीश्रीङटेश्वरी-
४८. को सुदिष्ट होला यो गुठको गुठियार महालक्ष्मी १ विष्णुवि १ इन्द्रायनी
१ रुद्रायनी १ व्रह्मायनी १ गणेश १ सिघि-
४९. नी १ व्याघ्रिनी १ जस जसले धामि हुंछ; तसले यो गुठको गुठियार हुनुः ॥
स्वदत्तां परदत्ताम्वा जो हरेत वसुंध-
५०. राम् षष्टिवर्षसहस्राणि विष्ठायां जायते क्रिमि ॥ १ ॥

व्याख्या-

भोटु पांडेका केही अभिलेख माथि गइसकेका छन्; केही अभिलेख तल आउँदै छन् । ती अभिलेखबाट भोटु पांडेको गतिविधिमा निकै प्रकाश पर्छ । भोटु पांडेले तात्कालिक राजका-

३७०

जमा त्यति ठूलो ओहदा ओगट्न सकेका थिएनन् । अर्को शब्दमा भन्ने हो भने उनी तात्कालिक राजकाजको दाउपेचको होडबाजीमा संलग्न भएनन् । महाकोशाध्यक्ष, कपर्दार पदमै उनी सन्तुष्ट भई रहे तथा आफ्नो उत्तरदायित्व भने उनले ईमानदारीपूर्वक पूरा गरे । उनका विभिन्न कृतिबाट यही निष्कर्ष निस्कन्छ ।

नरदेवीस्थानको यस अभिलेखमा भोटु पाँडेमा "लोकोपकारी" भन्ने विशेषण जोडिएको छ । हुन पनि उनी लोकोपकारी व्यक्ति नै थिए । लोकको उपकारको लागि उनले पुल बनाउने, धारा बनाउने, सांस्कृतिक परम्पराको संरक्षणको लागि "गोष्ठी"को प्रबन्ध गर्ने आदि कार्य गरेथे । यस कुराका अनेक उदाहरण पाइन्छन् । नरदेवीको यस अभिलेखले पनि उक्त कुराको पुष्टि गर्छ ।

वि.सं. १८४९मा चीनिया फौज धैबुङसम्म आइपुग्दा उनीहरूले सन्धिको प्रस्ताव राखेथे । सन्धिको कुरा मिलाउन यताबाट जाने प्रतिनिधि-मण्डलमा यी भोटु पाँडे पनि थिए । त्यस बेला केही दिन भोटु पाँडे चीनिया फौजको छेकथुनमा परेथे ।[1] त्यस बेला भोटु पाँडेले नरदेवीस्थानका देवदेवीहरूको पूजा गर्ने संकल्प गरेका रहेछन् । त्यसै संकल्पअनुसार नरदेवीको मन्दिरको जीर्णोद्धार गरी जात्रा आदिको लागि गुठीहरूको प्रबन्ध गरी यो अभिलेख कुँदाउन लाएका हुन् । यस अभिलेखबाट उक्त देवदेवीबारे अध्ययन गर्न केही मद्दत पाइन्छ । यस कारण यो अभिलेख केही उपयोगी रहेको छ । कुँद्नेको असावधानीले गर्दा यस अभिलेखमा ठाउँ-ठाउँमा निकै अशुद्धि परेका छन् ।

卐

---

[1] 'ऐतिहासिक पत्र संग्रह' (पहिलो भाग), पृ. ५८–५९



[११६ संख्या]

पकनाजोलको भोटु पाँडेको अभिलेख

काठमाडौं, पकनाजोल, सोह्रखुट्टे पाटीको नजीक पश्चिमपट्टि रहेको शिलापत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ वि.सं. १८६२ दिइएको छ।

मूलपाठ

१. स्वस्ति श्रीगिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलिवि-
राजमान मानोन्नत श्रीमन्महाराजाधि-

२. राज श्रीश्रीश्रीमहाराजे गिर्वाणयुद्धविक्रमसाह वहादुर सम्सेरजङ्गदेवानाम्
सदा समरविजयिनाम् आ-

३. गे कपर्दार भोटू पाडेके तैले आफ्नु वावु वराज्यूका नाउमा पकनाजोलमा
धर्म्मसाला वनायाको सदावर्त राषना-

४. निमित्य जिल्लै मुहुत्तरि प्रगंन्ना कोराडिमध्ये माधौसाहिले कालावंजर
वसायाका एकसट्ठि सालमा कप-

५ र्दारि षानगिमा पर्याको मौजे वहेदागँह्र असलि दाषलि ससिमको मेडचंन्वी
मोफसलका अमली शुब्बा नैन-

६. स्रि डिठा शुवा गर्जसि फौजदार धर्म्मसि भडारि श्रीकृस्न चौभान. फौजदार
रमानन्द पां-

७. ध्या मौनसिफ माहर चौधरि गंगाराम चौधरी पेस्कार.लालसिवास मोहन-
दास ना-

४०५



८. यं व पैस्कार धर्मपतिदास नारायणदत्तदासका चौधरि लालदास रुजु चौधरि चूडाम–

९. णिदास कानुगोए तोतिरामदास जवार महंत वनमालिदास रघुनाथ राये जेठ रैयति प्रगन्ना

१०. महुतरि चौधरि नुघसेनदास हिर्दसिंदास पगन्ना षेसराहा कानुगोये लेषनारा–

११. यणदत्त प्रगन्ना महुतरि लाला वैजुलाल सिमानदार वाकिफकार पिथि राउतहरूले गु–

१२. न्यावमोजीम तस्को साध उत्तरका सिमाना कुटजमुनि सतवेधाका पछवारिका ह्ली–

१३. पर सिमरका गाछ छोटा तिस्का पश्चिम येकर सिपर पिदारका गाछ तिस्का

१४ उत्तर चारडेग पर किलाकोइला १ तिस्सौ पश्चिम धनहर त्वौरिका पश्चिम दक्षि–

१५. ण पारि दछिनेतासि छौटा तिस्का पछवारिकाधिपर किलाकोइला १ तिस्सौ प–

१६. श्चिम डकागाछनेर किलाकोइला १ तिस्सौ पश्चिम कुकुरघरि पोषरिका दछिण

१७. धुर पुर्व पश्चिमे धुरका पछवारि मुहडा पर किलाकोईला १ किलाकोईलासौ उत्तर उ–

१८. त्तरे दछिने धुर धुरका उत्तरवारि मुहडा पर किलाकोईला १ किलाकोइलासौ पश्चिम मुहधुर धुर

१९. … … … … भिदासौ पश्चिम सिमडका गाछ तिस्सौ पश्चिम दोद्रिका पछवा–

२०. … पर किलाको इला १ तिस्सौ पश्चिम सोझ दोधा द्रोदिकाधितक उत्तर भाघो

२१. साहिको जिरातिडोडिको उत्तरवोरि आरिनक तिस्सौ दछिण नयाभिडकपुर्वारिकाव किलाकोइला १

४०६



२२. किलाकोईलासौं पश्चिम वलहछिडिहका पुन डाँडाका पुर्वारिकफिपर कोई-
लाकिला १ किला-

२३. कोईलासौ उत्तर धाघरि दाषिल डाँडा तिस्का पुरवारि किलाकोईला १
तिस्सौं पश्चिम घाघरि

२४. दाषिल विगहि नदि पछवारिसिमान विगहि नदि दखिण दका सिमान
विगहि सिमानका

२५. दो मुहानसौं उत्तर तिस्सौ पुर्व जमुनी नदिसौ समिल सतवेघा वुढजमुनिका
दो मोहान न-

२६. कु तिस्सौ उत्तर पहिला किलाकोईला सतवेघा वुढजमनिका पछवारि कपषि-
पर छोटा सिम--

२७. रको गाछ तिस्का पश्चिम पिडारको गाछकावुत्तर चारडेग पर कोईला
किला तक हदमह हद येति

२८. सिमानाभित्रको जगाको तम्वापत्र मोहोर गरिवक्स्यौं यो जगाको उतपत्तले
सदावर्त्त चलावुनु यो स-

२९. दावर्त्त जो षंडित गर्नामा पस्ल हिंदु भया गाई मान्याको पाप मुसलमान भया
हराम षाया मान्याको पाप

३०. लागला, जस्ले यो जगा सदावर्त्त थामनामा पस्ला तसलाई षोपंचायन
देवताका शुद्रिष्टि होला. स्वदत्तां परदत्तां वा

३१. यो हरेच्च वसुंधराम् षष्ठिवर्षसहश्राणि विष्ठायां जायते क्रिमिः ईति
सम्वत् १८६२ साल मिति

३२. चैत्र शुदि १ रोज ६ शुभम् -- मोहोरमा मार्फत रह्याको मार्फत प्राण
साह मार्फत रणउद्योत

३३. साह मार्फत सेर वाहादुर साह मार्फत रणजित पाडे मार्फत भिमसेन थापा
मार्फत दलभंजन् पाडे मा-

३४. र्फत रणध्वज थापा मार्फत वाहादुर भंडारि मार्फत वालनरसि कवर मार्फत
नरसि मार्फत उदैगोरि

३५. शुभम् यस जगाको उत्पंनले पकनाजोलमा धर्म्मसालाको सदावर्त्त र

४०७



तुलस्याहिमा

३६. स्थापना गर्‍याको श्रीस्वामिनारायणका थानमा सदावर्त्त चलाई अरु देवताको नीत्ये नैमित्तिक पुजा-

३७. का सराजाम्म कत्ति नघटाई पूजा गर्नु . पुजाहारिको षानगी पनि सालिन्ता कत्ति नघटाई दिनु, यति षर्च

३८. गरि सेक बाकि रह्याको गजदल् पाडेले षानु भनि बंदेज बाधि राष्यौं।

व्याख्या–

कर्पवीर भोटु पाँडेका केही अभिलेख माथि गइसकेका छन्; केही तल आउँदै छन्। ती अभिलेखबाट भोटु पाँडे राजकाजभन्दा लोकको हित हुने सामाजिक काजले गर्दा वढी उल्लेखनीय छन् भन्ने निष्कर्ष सजिलैसँग निकाल्न सकिन्छ। उनका समानकालिक भारादारहरूमा सबभन्दा वढी कृति भोटु पाँडेकै पाइन्छन्। भोटु पाँडेका अनेक ती कृतिमध्ये एक कृतिको संकेत पकनाजोलको यस अभिलेखले दिलाइरहेको छ।

